नई प्रकाशन

# कीर्ति र आकृति

भगवती बस्नेत



# नइ प्रकाशन : कीर्ति र आकृति

(निबन्धसङ्ग्रह)

सौजन्य

नइ प्रकाशन

# कीर्ति र आकृति

भगवती बस्नेत

प्रकाशक : **नइ प्रकाशन**
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : nai.com.np
प्रकाशन सौजन्य : भूपालमानसिंह कार्की प्रज्ञापरिषद्
शुद्धाशुद्धि : लवप्रसाद भण्डारी
कम्प्युटर : आयुष्मान शाक्य
आवरण सज्जा : केके कर्माचार्य
प्रथम संस्करण : २०८० साल
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १७१
मोल : एक हजार रुपियाँ
© सुरक्षित, २०८० (2023)
ISBN:978-9937-786-05-8
A Collection of Memoirs about Nai Prakashan
Edited by Bhagawati Basnet

# जनरल भूपालमानसिंह कार्कीको सङ्क्षिप्त परिचय

जनरल भूपालमानसिंह कार्की पौरखी पुरुष थिए । जनरल मातृकाप्रसाद कोइरालाको भनाइमा 'जनरल कार्कीको मिहेनत, त्याग र तपस्याले उनी एउटा सामान्य खरदारबाट क्रमशः उठ्तै लप्टन, बडाहाकिम, काठमाडौँ उपत्याञ्चलको कमिस्नर, मन्त्री र राजसभा स्थायी समितिको सभापतिसम्मको आसनमा पुगे ।' त्यस बेलाको राजसभामा प्रधानमन्त्री र प्रधानन्यायाधीश पनि पदेन सदस्य हुन्थे । उनी आठ वर्षसम्म राजसभाको सम्माननीय सभापति भए । राजनीति उनको पेसा थिएन तर राजनीतिले उनलाई छाडेन । किनभने उनी इमानदार, शिष्ट र नैतिक थिए । कीर्तिनिधि विष्टले यिनलाई 'देशभक्त, इमानदार र विकासवादी इतिहास पुरुष' भनेरै लेखेका थिए ।



जनरल कार्की २०१४ सालमा डा.केआई सिंहको प्रधानमन्त्रीत्वमा गठित मन्त्रिपरिषद्मा मन्त्री भएका थिए । जनरल कार्की मन्त्री भएकै समयको कुरा हो; त्यसै फेरोमा महाकवि लक्ष्मीप्रसाद देवकोटा पनि शिक्षामन्त्री भएका थिए । त्यसै घडी देवकोटा र कार्की मिलेर कीर्तिपुरमा त्रिभुवन विश्वविद्यालय रहनुपर्छ भन्ने माग राखेका थिए । अनि त्यस ठाउँमा

कार्कीकै नेतृत्वमा झन्नै पाँच हजार रोपनी जग्गा अधिकरण भएको थियो । त्यसपछि कार्कीलाई राजा महेन्द्रले झनै काखी च्याप्न थाले । त्यसैले २०१५ सालमा पनि सुवर्णशमशेरको अध्यक्षतामा गठित मन्त्रिपरिषद्मा उनी फेरि मन्त्री भएका थिए ।

जनरल कार्की नेपाली परिवेशमा एउटा श्रद्धेय थिए । त्यसैले राजा त्रिभुवन, महेन्द्र र वीरेन्द्रले पनि उनलाई धेरै नजिक राखे । नेपालमा प्रजातन्त्र आउनेबित्तिकै मानार्थ सैनिक मानपदवी पाउने पनि उनी प्रथम नेपाली थिए । उनी जनरलसम्म पनि भए ।

बडाकप्तान हस्तवीरसिंह कार्कीका नाति, कप्तान केशरसिंह कार्की तथा खड्ककुमारी कार्कीका सुपुत्रका रूपमा जनरल भूपालमानसिंह कार्कीको जन्म १९६६ साल असोज ८ गते काठमाडौँमा भएको थियो । केशरसिंह, खड्ककुमारीका बाइस जना सन्तानमध्ये एक्काइस जना नै अल्पायु भए । उनी चौध वर्ष हुँदासम्म यीबाहेक यिनका सबै दिदीबहिनी र दाजुभाइको निधन भइसकेको थियो । त्यसपछि यिनको संरक्षण यिनकी कान्छी काकी भक्तकुमारी कार्कीबाट भएको थियो ।

जनरल कार्कीले कर्णेल शिवप्रतापशमशेर थापाको सहयोग, सद्भावना र माया पाए । थापाले नै सुरुमा यिनलाई जागिरमा टेकाए । भीमशमशेरको प्रधानमन्त्रीत्व कालमा थापाका निर्देशनमा कार्कीले भारत गएर नेपाली फर्काएर ल्याए । फर्केर आएका ती नेपालीले जङ्गल फाँडेर बसोबास गर्ने अवसर पाएका थिए ।

जनरल कार्कीले हिरण्य, हेमकुमारी, दुर्गाकुमारी, भूमासमेत चार जनासँग बिहे गरे । पत्नीहरूको क्रमश: निधन भएपछि उनी लगनगाँठो कस्तै जान्थे । साथै यिनका चार छोरी र चार जना छोरा जन्मे । यिनका जेठा छोरा जगतबन्धु कार्की समाजसेवामा लागे । जनरल कार्कीले स्थापना गरेको मेची क्याम्पसमा यिनले संस्थापनाकालमा प्रिन्सिपल हुनुका साथै नि:शुल्क चार वर्ष पढाएर छाडे । जनरल कार्कीले स्थापना गरेको झापाको पद्म पब्लिक

हाईस्कुलमा पनि जगतबन्धुले अवैतनिक सेवा गरे । माइला लोकबन्धु कार्की झापा जिल्ला पञ्चायतको सभापति भए । लोकबन्धुले चित्रकारितामा पनि आफूलाई डोऱ्याए । साइँला लोकमानसिंह कार्की नेपाल सरकारको सचिव, मुख्य सचिव र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त भए । उनी अख्तियार प्रमुख भएका बेला भ्रष्टाचारका विरुद्ध एउटा ठूलै जागरण आएको थियो । नेपालको राजनीति र प्रशासनको इतिहासमा त्यस प्रकारको कम्पन त्यसअघि कहिले पनि थिएन । जनरल कार्कीका कान्छा छोरा डा.बालमानसिंह कार्की बीपी कोइराला क्यान्सर अस्पतालका अध्यक्ष भए । साथै उनी किस्ट मेडिकल कलेजका पनि प्रिन्सिपल भए ।

जनरल कार्की राणाकालीन युगमा झापामा लप्टन भए । उनले त्यहाँ गाउँगाउँमा बाटो बनाए, पुलहरू पनि बनाए । एक वर्ष बस्ता उनले त्यहाँ चौवालिसवटा पुल बनाए । यिनले मेची र कोसीमा प्राथमिक, मिडिल र हाईस्कुलहरूको स्थापना गरे ।

जनरल कार्की सानैदेखि प्रजातन्त्रप्रेमी थिए । नेपालमा प्रजातन्त्र आएपछि नेपाली काङ्ग्रेस केन्द्रीय समितिले उनलाई झापा जिल्लाको काङ्ग्रेस सभापतिमा मनोनीत गरेको थियो । त्यसै बेला नेपाल सरकारले उनलाई पूर्वाञ्चल हेर्ने मोरङको बडाहाकिम नियुक्त गरेको थियो ।

जनरल कार्कीले आगलागीबाट ध्वस्त भएको दुहवीबजारको पुन: निर्माण गरे । यिनले मातृकाप्रसाद कोइराला र तोलाराम दुगडसँग मिलेर विराटनगरमा वीरेन्द्र सभागृह बनाए । विराटनगरको आदर्श विद्यालय स्थापना गर्न पनि उनकै पाश्र्व भूमिका थियो ।

जनरल कार्की आर्थिक रूपमा पनि अति सम्पन्न थिए । मेची र कोसी अञ्चलमा उनको पैत्रिक सम्पत्ति मात्र चार सय एक्काइस बिघा जग्गा थियो । साथै उनले पनि झन्नै त्यति नै जग्गा जोडेर उनी आठ सय बिघाका भूमालिक भए । उनले पूर्वाञ्चलका शिक्षण संस्थाहरूलाई जग्गा, पैसा दिएर अडिलो बनाए ।

जनरल कार्कीलाई मठमन्दिर, स्कुल, बाटोघाटो, पुल बनाउने साह्रै सौख थियो । उनी उपत्यकाञ्चलको कमिस्नर भएका बेला टीकाभैरवबाट हेटौँडा जाने बाटो उनैले खनाए । उनी पशुपति सुधार विकास समितिको सभापति पनि भए ।

जनरल कार्कीले भारतका विभिन्न मठमन्दिर र धर्मशालाहरूमा पनि आर्थिक सहयोग गरे । यिनैले करोडौँ रुपियाँ राशि खर्चेर विराटनगरमा अतिरुद्र याग नाउँको पुराण लगाए । त्यसभन्दाअघि पनि उनैले महारुद्र यज्ञसमेत गरेका थिए ।

जनरल कार्कीले एक करोड रुपियाँ राशिको भूपालमानसिंह कार्की प्रज्ञापरिषद्को स्थापना गरे । नइ प्रकाशनको स्थापनामा पनि यिनैको पार्श्व भूमिका थियो । साथै त्रिमूर्ति निकेतनको निर्माणमा समेत उनको पनि आर्थिक सहयोग थियो । नइ प्रकाशनले पनि आफ्ना संस्थापक कार्की र उनकी साइँली पत्नी दुर्गाकुमारीको स्मृतिमा 'नइ भूपालदुर्गा पुरस्कार'को स्थापना गरेको छ ।

जनरल कार्कीले दुई कृति लेखे, 'सवालजबाफ' र 'मेरो जीवनयात्रा' । उनको जीवनभरिको योगदानको कदरस्वरूप नेपाल राष्ट्रका विभिन्न साहित्यिक, सामाजिक, धार्मिक, शैक्षिक संस्थाहरूबाट उनलाई छुट्टाछुट्टै गरेर झन्नै पाँच सयवटा अभिनन्दनपत्र प्रदान गरिएको थियो । उनी ओमराम पट्ट, ज्योर्तिमय सुविख्यात त्रिशक्तिपट्ट, सुप्रसिद्ध गोरखादक्षिणबाहुलगायत देशविदेशका थुप्रै अलङ्कारबाट विभूषित थिए । उनले नेपालका चौध अञ्चल अनि एसिया, युरोप र अमेरिकाका विभिन्न भूभाग घुमे ।

नेपाली धरामा आफूलाई समाहित गरिरहेका अवस्थामा देशभक्त जनरल भूपालमानसिंह कार्की २०६० साल माघ १ गते काठमाडौँमा स्वर्गीय भए ।

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषासाहित्यको साधनाहेतु जन्मेको नइ प्रकाशन 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट निरन्तर विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र संस्कृतिलाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवं सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यस सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

नइ प्रकाशनले आफ्नो पच्चिस वर्षको यात्रालाई गौरवशाली ढङ्गबाट सम्पन्न गरेको छ । विगत पच्चिस वर्षदेखि नेपाली वाङ्मयको सेवामा नइ प्रकाशनले आफ्नो गच्छे अर्पेर काम गरेको प्रमाण बर्सेनि प्रकाशित 'नइ अभिलेख'ले नै पनि दर्साउने गर्छ । 'नइ प्रकाशन : कीर्ति र आकृति'नामक ग्रन्थले हाम्रो कार्यको रूपरेखालाई झन् घामजस्तै तेजस्वी बनाएको हामीले अनुभूत गरेका छौं ।

नइ प्रकाशनले वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशीको संयोजकत्वमा 'नइ रजत महोत्सव' गठन गरेको थियो । डा.जोशीकै जीवनकालमा नइले आफ्नो गौरवमय रजत महोत्सव मनाउन पाउनु अर्को एउटा सुखद उपलब्धि हो । डा.जोशीकै चाहनाका कारणले समेत नइ प्रकाशनले पच्चिसबर्से समयमा केकस्ता छाप छोड्न सक्यो भन्ने धारणा खापेर संस्मरणात्मक निबन्धात्मक ग्रन्थ प्रकाशन गर्ने निर्णय भयो । अत: देशदेशान्तरका नेपालीभाषी स्रष्टा या नइ प्रकाशनसँग सरोकार राखिरहेका व्यक्तिहरूसँग सामाजिक सञ्जालमार्फत यसबारे लेख, रचनाको हामीले आह्वान पनि गर्‍यौं । हाम्रो अनुरोध स्विकारी यस ग्रन्थका लागि लेख पठाउनुहुने सम्पूर्ण महानुभावहरूप्रति हामी कृतज्ञता ज्ञापन गर्दछौं ।

नेपाली भाषासाहित्यको सृजना र सङ्गठनमा भगवती बस्नेत परिचित नाउँ हो । कविता, गीत, गजल र कथा लेखनबाट बस्नेतको साहित्यमा पदार्पण भए तापनि बहुआयामिक सिर्जनामा उनको बाहुल्य रहेको पाइन्छ । भगवती बस्नेतकै पनि प्रस्तावनाका कारण उनकै सम्पादनमा 'नइ प्रकाशन : कीर्ति र आकृति'नामक ग्रन्थ प्रकाशनमा आएको हो । बस्नेतको नइ प्रकाशनप्रतिको समर्पणका कारणले नै यस कृतिको कुशल सम्पादन भएको छ ।

'नइ प्रकाशन : कीर्ति र आकृति'नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• *नइ प्रकाशन*

# विषयसूची


- **सम्पादकीय** • २३

१. **अणुराज जोशी**
न भूतो न भविष्यति • २९

२. **अप्सरा दाहाल**
धेरैको आशा केन्द्र • ३३

३. **अप्सरा पुडासैनी**
नि:स्वार्थी र उपकारी • ३८

४. **अमरकुमार प्रधान**
सुदीर्घ व्यवस्थापन • ४४

५. **डा.अम्बिका अर्याल**
देशको पहिचान • ५२

६. **अशेष मल्ल**
तपस्या र समर्पणको सत्कार्य • ५६

७. **आयुष्मान शाक्य 'सम्मान'**
चन्द्र र सूर्य • ६१

८. **इन्दिरा दीक्षित**
यश र कीर्ति • ७३

९. **उदय निरौला**
सबैभन्दा ठूलो संस्था • ७८

१०. **उपेन्द्र सुवेदी**
मूल्यवान् र त्रुटिविहीन • ८४

११. **प्रा.डा.उषा ठाकुर**
नेपाली भाषाको श्रीवृद्धि • ८९

१२. **प्रा.डा.ऋषिराम शर्मा**
वाङ्मयको पवित्र तीर्थ • ९५

१३. **ओमकुमारी बन्जारा रानाभाट**
राष्ट्रको एउटा पवित्र मन्दिर • १००

१४. **कमल रिजाल**
जनस्तरको प्रज्ञाप्रतिष्ठान • १०५

१५. **कल्पना खरेल**
जीवित राख्ने काम • ११०

१६. **कालीप्रसाद रिजाल**
गौरवमय इतिहास • ११५

१७. **किरण आचार्य**
जति विशाल र त्यति विशिष्ट • १२२

१८. **डा.कुसुमाकर शर्मा गौतम**
एउटा धरोहर प्रज्ञा • १२७

१९. **कृष्ण बजगाईं**
गरिमापूर्णको संस्था • १३३

२०. **केदार शाक्य**
वाङ्मयको ठूलो नक्षत्र • १३७

२१. **प्रा.केशव सुवेदी**
साहित्यिक आराधनाको एउटा पाटो • १४३

२२. **खगेन्द्र गिरी कोपिला**
भगवान्‌को वरदान • १४८

२३. **खगेन्द्रराज सिटौला**
बृहत् कार्यको ठोस इतिहास • १५४

२४. **गङ्गा कर्माचार्य पौडेल**
साहित्यका दूत • १५९

२५. **गङ्गा लिगल**
विशिष्ट सिँढी • १६४

२६. **गायत्रीकुमार चापागाईं**
चुनौतीको विषय • १६८

२७. **गायत्री श्रेष्ठ**
नेपालको गौरव • १७३

२८. **प्रा.डा.गार्गी शर्मा**
भक्तलाई ब्यूँझाउने शङ्खध्वनि • १७९

२९. **गीता खत्री**
अमूल्य निधि • १८६

३०. **गेहेन्द्रमान अमात्य**
हाम्रो उपलब्धि • १९१

३१. **गोपाल झा**
ऐतिहासिक धार्मिक यात्रा • १९८

३२. **गोविन्द गिरी प्रेरणा**
कर्मका थुङ्गाहरू • २०२

३३. **चित्रा पौडयाल**
सभ्यता निर्माणको बलियो जग • २०७

३४. **छविरमण सिलवाल**
धेरैका पूजनीय • २११

३५. **छवि वैरागी घिमिरे**
साहित्यको धन • २१६

३६. **डा.जगमान गुरुङ**
आफूलाई मिटाई अरूलाई दिने • २२२

३७. **डा.जयन्ती रूपाखेती पौडेल**
साहित्यको सुगन्धित फूल • २३२

३८. **जाकिर हुसैन (जैकी मोजाहु)**
साहित्यको अन्तर्राष्ट्रियकरण • २३७

३९. **ज्ञानु अधिकारी**
साहित्यमा पृथक् पहिचान • २४४

४०. **प्रा.डा.डिल्लीराज शर्मा**
समाजको एउटा नमुना संस्था • २४९

४१. **डीआर राई**
एउटा चमत्कार • २५४

४२. **तारानाथ दाहाल**
सभ्यताका साझा अभियन्ता • २५८

४३. **ताराप्रसाद चापागाईं**
प्रेरणाको मुख्य श्रोत • २६२

४४. **डा.तुलसी भट्टराई**
बहुआयामिक यात्रा • २६६

४५. **त्रिभुवनचन्द्र वाग्ले**
राष्ट्रिय दायित्व वहन • २७६

४६. **दीनानाथ शर्मा**
कर्मयोगीको सुन्दर फूलबारी • २८४

४७. **दीप्स शाह**
साधनाको पूजा अर्चना • २८९

४८. **दुर्गा पौडयाल**
गरिमाशाली र लोकप्रिय • २९३

४९. **दुर्गा वनवासी**
मेरो अनुवादयात्राको पथ • ३००

५०. **डा.देवीप्रसाद सुवेदी**
ऊर्जाशीलको सफलता • ३०७

५१. **धनकुटे कान्छा**
सक्षम र भरपर्दो चौतारी • ३११

५२. **नगेन्द्र न्यौपाने**
शिष्टाचारको ऐना • ३१६

५३. **नवराज पहाडी**
नेपाली साहित्यको राजमार्ग • ३२०

५४. **नारा जोशी**
भरोसाको धाम • ३२८

५५. **निर्मला कोइराला**
सरस्वतीको सुन्दर मन्दिर • ३३५

५६. **पवन आलोक**
गौरवमय निर्माण • ३३९

५७. **पार्वती शर्मा**
राष्ट्रको विशिष्ट सम्पत्ति • ३४३

५८. **पिङ्की गुरुङ**
तेस्रो लिङ्गीलाई माया • ३४८

५९. **पिमला न्यौपाने**
दूरदृष्टि नयनहरू • ३५६

६०. **प्रा.पुरुषोत्तम दाहाल**
एउटा पाठशाला • ३६०

६१. **प्रभा बराल**
अक्षरहरूको कीर्तिमान • ३६५

६२. **प्रमोद प्रधान**
नौलो र अविस्मरणीय • ३७०

६३. **प्रीति आत्रेय ज्ञवाली**
साधना र तपस्या • ३७७

६४. **प्रा.डा.प्रेम खत्री**
सम्मान र पुरस्कारको क्रान्ति • ३८३

६५. **प्रेमप्रकाश फलाहारी**
कर्म मर्दैन र कर्मले मर्नु हुँदैन • ३८८

६६. **प्रेममान डङ्गोल**
जीवन्त ऐतिहासिक दस्तावेज • ३९३

६७. **प्रेमविनोद नन्दन**
मैले पाएको पुरस्कार • ३९८

६८. **बालिका गिरी**
पक्षपातबाट कोसौँ टाढा • ४०३

६९. **बिन्दु अधिकारी ढकाल**
उत्कृष्टताको अर्को नाउँ • ४०९

७०. **भगवती बस्नेत**
सागरको मोती • ४१४

७१. **भद्रकुमारी घले**
प्रेरक र बहुमुखी आयाम • ४१९

७२. **भरत जङ्गम**
अमर रहोस्, अजर रहोस् • ४२३

७३. **भागीरथी श्रेष्ठ**
जे काम आँटचो गरेरै छाड्ने • ४२८

७४. **भानुप्रकाश जोशी**
मूल ढोकाबाटै स्वागत • ४३५

७५. **मञ्जुश्री गिरी**
कत्रो ठूलो पहुँच • ४४१

७६. **मदनदास श्रेष्ठ**
एउटा भाग्यमानी संस्था • ४४६

७७. **मधुसूदनप्रसाद घिमिरे**
इमानको छाता • ४५६

७८. **मन गहिरे**
स्तरीय, नियमित, सर्वमान्य • ४६०

७९. **प्रा.डा.महादेव अवस्थी**
गौरवमय उपलब्धि • ४६४

८०. **महेश सुवेदी**
उँचो र उँचो शब्दशिखर • ४६९

८१. **डा.महेश्वर शर्मा**
जीवन्त उदाहरण • ४७६

८२. **माधव वियोगी**
सफलताको शिखर • ४८२

८३. **मायादेवी शर्मा**
नेपाली साहित्यका पर्याय • ४९०

८४. **मोहन दुवाल**
साहित्यको आराधना • ४९३

८५. **प्रा.डा.मोहन लोहनी**
वाङ्मयमा अद्वितीय योगदान • ४९७

८६. **यमुना प्रधानाङ्ग 'मुना'**
अपत्यारिलो सम्मेलन • ५०४

८७. **यादव भट्टराई**
वाङ्मयको अर्को प्रज्ञाप्रतिष्ठान • ५०९

८८. **युवराज नयाँघरे**
इतिहासले सदर गर्ला • ५१६

८९. **रम्भा पौडेल**
पौरखले चुलियो • ५२१

९०. **डा.राजकिशोर सिंह**
समाजको ज्वलन्त उदाहरण • ५२५

९१. **राधिका दाहाल**
नेपाली स्वर्णमन्दिर • ५३०

९२. **प्रा.रामकुमार पाँडे**
विविधता र गहनताले उच्च • ५३५

९३. **रामनारायण देव**
राष्ट्रका लागि उदाहरण • ५३९

९४. **प्रा.डा.रामप्रसाद उप्रेती**
अद्‌भुत संस्थासँगको नाता • ५४४

९५. **डा.रामप्रसाद दाहाल**
भाषासाहित्यको चौकीदार • ५५२

९६. **रूपा न्यौपाने**
एउटा ठूलो सुकर्म • ५५९

९७. **प्रा.डा.लक्ष्मणप्रसाद गौतम**
अविराम र गतिशील यात्रा • ५६८

९८. **ललिता 'दोषी'**
सिङ्गै चौतारो • ५८०

९९. **लवप्रसाद भण्डारी**
अक्षरहरूसँग खेल्दा • ५९२

१००. **वासुदेव अधिकारी**
प्रशंसायोग्य तत्परता • ५९७

१०१. **प्रा.डा.वासुदेव त्रिपाठी**
उत्कृष्ट प्राज्ञिक प्रवर्द्धक संस्था • ६०८

१०२. **विजयरत्न तुलाधर**
अमृतवृक्ष • ६१४

१०३. **विजय हितान**
मन्दिरजस्तो संस्था • ६१८

१०४. **प्रा.डा.विजया पन्त**
स्वच्छ र निष्पक्ष • ६२२

१०५. **विमल गिरी**
नेपाली साहित्यको संसार • ६२६

१०६. **विश्वासदीप तिगेला**
उच्च र सम्मानित संस्था • ६३१

१०७. **प्रा.डा.वीणा पौड्याल**
संस्कृति बचाउने स्थान • ६३५

१०८. **डा.वीणा हाङ्गखिम**
अक्षुण्ण इतिहास • ६३९

१०९. **वैरागी काइँला**
बलियो र भरपर्दो प्राज्ञिक संस्था • ६४४

११०. **शर्मिला खड्का दाहाल**
अपूर्व र अद्भुत • ६४९

१११. **शशिकला मानन्धर**
त्यो धर्के बुट्टे झोला • ६५६

११२. **शान्ति अधिकारी**
चमत्कारी कार्य • ६६२

११३. **शान्तिकुमारी राई**
आफ्नो कामको वर्चस्व • ६६८

११४. **शान्ति शर्मा**
अनुपम कर्मले उठेको संस्था • ६७४

११५. **प्रा.शिवगोपाल रिसाल**
सत्य चरितार्थ • ६७८

११६. **डा.शैलेन्दुप्रकाश नेपाल**
दीर्घकालीन छाप • ६८२

११७. **शोभा काफ्ले खतिवडा**
दरिलो र बलियो लौरो • ६८७

११८. **डा.सत्यमोहन जोशी**
पाँच वर्ष ग्रेस पाएर म शताब्दी पुरुष भएँ • ६९१

११९. **सन्तु श्रेष्ठ**
ज्वलन्त उदाहरण • ७०३

१२०. **समिना खनाल पृथा**
असली सुन • ७०७

१२१. **सरस्वती श्रेष्ठ 'सरु'**
मनदेखि मनसम्मको साइनो • ७११

१२२. **सविता श्रेष्ठ 'बेहासी'**
हाम्रो राष्ट्रको सान • ७१५

१२३. **डा.साधना प्रतीक्षा**
घामजस्तै छर्लङ्ग • ७१८

१२४. **सामु उप्रेती**
नचिताएको प्राप्ति • ७२५

१२५. **प्रा.डा.सावित्री कक्षपती**
गर्बिलो पदचाप • ७२९

१२६. **प्रा.डा.सावित्री श्रेष्ठ**
साधना र पौरख • ७३६

१२७. **सीमा रोशी**
सोचाइमा नै परिवर्तन • ७४०

१२८. **सुनिता राई कन्दङ्वा**
परदेशीलाई सम्झिने संस्था • ७४५

१२९. **सुभद्रा भट्टराई**
लोभलाग्दो योगदान • ७४९

१३०. **प्रा.डा.सुमन ढकाल**
राष्ट्रिय गौरव मानौँ • ७५३

१३१. **सुरेन उप्रेती**
एउटा नयाँ क्षितिज • ७५८

१३२. **प्रा.डा.सुरेन्द्र केसी**
विश्वव्यापक संस्था • ७६२

१३३. **सुरेशजङ्ग शाह**
चेतनाको सुन्दर फूलबारी • ७६८

१३४. **सुशीला तामाङ**
ठूलालाई सम्मान, सानालाई माया • ७७४

१३५. **डा.हरिप्रसाद पोखरेल 'मानसाग्नि'**
हीरा खोज्ने जोडी • ७८०

१३६. **हरिप्रसाद बराल**
हाम्रो साझा चौतारी • ७८८

१३७. **हरिसिंह थापा**
उत्साहको लहर • ७९३

१३८. **हरिहर विरही**
ढुङ्गालाई शालिग्राम बनाउने ठाउँ • ७९७

१३९. **हिरण्यकुमारी पाठक**
साहित्यको ज्योति • ८०५

# सम्पादकीय

लामो समय नइसँगको मेरो सहकार्यले मलाई नइबारे धेरै नै ज्ञात भयो । नइप्रतिको मेरो अनुभवले मलाई यति भन्न मन लागेको छ– 'नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको साहित्यप्रतिको श्रद्धाभक्ति र भगवान्प्रतिको श्रद्धाभक्ति एकैकैँ लाग्यो ।' मन, वचन र कर्मले साहित्यप्रतिको यस्तो निष्ठा सायद बिरलैमा देख्न सकिन्छ । नइको साहित्यप्रतिको गहिरो संवेदना भएका कारणले नइ प्रकाशन जन्मेको पच्चिस वर्षकै अवधिमा शतककै प्रसिद्धि पाउन सकेको छ । नइ प्रकाशनको बृहत् र मर्यादित योगदानका कारणबाट यो संस्था नेपाली साहित्यको एउटा तीर्थस्थलका रूपमा परिणत भइसकेको छ ।

नइ प्रकाशनका संस्थापकद्वय नइ आफैँ पनि अब्बल दर्जाका साहित्यकार हुन् । उनीहरूले आफू मात्र साहित्यकार नभएर हजारौँहजार प्रतिभालाई साहित्यकार बन्नका लागि प्रेरित गरेका छन् । उनीहरूले नयाँ प्रतिभा हुन् या पुराना, सबै स्रष्टालाई एकै तवरले मान राख्ने गरेका छन् र सम्मान गरेका छन् । उनीहरूकै अवधारणामा नइ प्रकाशन र त्रिमूर्ति निकेतन सञ्चालित भएर यी संस्थाले सत्यम्, शिवम्, सुन्दरम्मा आफूलाई परिचित गराएका छन् । फेरि नइका काँधमा वानीरा फाउन्डेसन पनि आएको हुँदा त्यहाँबाट पनि गहकिला र चम्किला कार्यहरू हुँदै जानेछन् भनेर विश्वास गर्न सकिन्छ ।

नइले अग्रजलाई सम्मान, प्रतिभावान् व्यक्तिलाई प्रोत्साहन, पुरस्कार, मान, पदवी प्रदान गर्दै आएको छ । जसले गर्दा कला, साहित्य, संस्कृतिमा लागेकाहरूले आफ्नो कर्ममा दत्तचित्त भएर अगाडि बढ्ने हौसला प्राप्त गरेका छन् । नइ प्रकाशनले आफ्नो रजतवर्षसम्मको यात्रामा अनगिन्ती स्रष्टाका हितका लागि विविध कार्य गरिसकेको छ ।

नइ प्रकाशनले पच्चिसौँ वर्ष पार गरेर रजत महोत्सव मनाउँदा सयौँ व्यक्तिहरू सम्मानित भए, धेरैका जीवनी लेखिए र धेरैका कृति प्रकाशनमा आए । पच्चिस वर्षको यस यात्रामा नइ प्रकाशनप्रति शुभचिन्तकहरूको माया देखेर नइ प्रकाशन अनि नइले गरेका कार्यहरूको समीक्षा गर्न ममा इच्छा जागृत भयो । नइ प्रकाशनको पच्चिस वर्षको उपलक्ष्यमा यसबारे पुस्तक नै प्रकाशन गर्न पाए हुन्थ्यो भनेर मेरो मनले पनि मलाई आह्रायो । यति ठूलो पर्वमा एउटा ऐतिहासिक काम होस् भन्ने अभिप्रायबाट मेरो मन रोकिन मानेन । अनि यस विषयमा मैले नइसमक्ष प्रस्ताव राखेकी थिएँ । 'निकै राम्रो कुरा हो' भनेर मेरो प्रस्तावलाई मन पराएर नइले ठहर गरेको मैले सूचना पाएँ । यस विषयमा नइ प्रकाशनको बैठकमा पनि छलफल भएछ र पछि 'अबको पच्चिस वर्षमा को रहिन्छ को रहिँदैन ? नइले अहिलेसम्म गरिआएका क्रियाकलाप र स्रष्टामाथि नइ प्रकाशनको प्रभावको दस्तावेज सङ्कलन गर्नु उपयुक्त हुन्छ । तिमीले यसको तयारी सुरु गरे हुन्छ' भनेर यो काम गर्न नइबाट मैले विश्वास पाएँ । इजरायलमा हुँदा केही कृति सम्पादन गरेको अनुभव मसँग भएकाले पनि यो कार्य गर्न म अगाडि बढेँ ।

लेख, रचना सङ्कलन के कसरी गर्ने भन्ने विषयमा हाम्रो छलफल अगाडि बढ्यो । अग्रज साहित्यकारहरूमध्ये वैरागी काइँला, महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी, कालीप्रसाद रिजाल र डा.जगमान गुरुङलाई लेखरचनाको आह्वान गरेर नइ प्रकाशनको

कार्यालयबाट पत्राचार गर्‍यौँ । साथै बाँकी साहित्यकार, शुभचिन्तक र सर्वसाधरणका लागि तीन पटकजति सामाजिक सञ्जालमार्फत नइ प्रकाशनबाट सूचना सम्प्रेषण भयो । त्यसपछिका केही समयदेखि लेख, रचनाहरू प्राप्त हुन थाले र सोचेभन्दा धेरै लेख, रचना सङ्कलित भए । कविता र लेख एउटै पुस्तकमा राख्दा विधागत रूपमा त्यति मर्यादित नहुने भएकाले छुट्टाछुट्टै नै सङ्ग्रह प्रकाशन गर्ने नइ प्रकाशनले सोच बनायो । साथै यस कृतिको नाम 'नइ प्रकाशन : कीर्ति र आकृति' राख्नेसमेत निर्णय गरियो ।

नइ प्रकाशनबारे बौद्धिक वर्गका लेख, निबन्ध र कविताहरू पढ्दा नइ प्रकाशनले नेपाली वाङ्मयका क्षेत्रमा निकै गौरवमय कार्य गरेको अनुभूति मलाई पनि भयो । मैले अनुमान गरेको र सोचेको भन्दा उच्चकोटिका लेख, रचनाले म अवाक् भएँ र नइप्रति म झन् प्रेरित भएँ । नइप्रतिको सम्मान र श्रद्धाभावले जोकोहीलाई पनि प्रेरणा मिल्न सक्छ भन्ने तथ्य यी लेख, निबन्धहरूले दिइरहेका छन् । कसैको दबाब र प्रभावमा नपरी नइको कार्यप्रति देशका कुनाकन्दराबाट र विश्वका विभिन्न देशबाट स्वत:स्फूर्त रूपमा लेख, रचना प्राप्त हुँदा सम्पादकका नाताले म धेरै उत्साहित भएकी छु ।

'नइ प्रकाशन : कीर्ति र आकृति' कृतिका लागि लेख, रचना पठाउनुहुने सम्पूर्ण साहित्यकारहरूको नइ प्रकाशनप्रतिको सद्भाव र सौहार्दपूर्ण व्यवहार हाम्रा लागि सदा स्मरणीय र प्रेरक रहनेछ । आफ्नोबाहेक प्राय:ले अरूका प्रसङ्ग या मूल्याङ्कनका लागि एक अक्षर खर्चन पनि गाह्रो मान्ने हाम्रै समाजमा पनि नइप्रति खर्चिएका शब्दशब्द पढेर मैले के बुझेँ भनेँ– 'नइले गरेका कर्म शाश्वत रहेछन् । साथै असल कर्मको कदर गर्ने नेपाली समाज कृतज्ञ रहेछ र हाम्रो समाजमा गुनिला व्यक्तिहरू पनि रहेछन् भन्ने अनुभूतिले नइलाई आगामी दिनमा थप सेवामूखी हुन प्रेरित गरेको छ ।'

‘नइ प्रकाशन : कीर्ति र आकृति’नामक यस ग्रन्थमा प्रकाशित लेख, रचनाले केवल नइ प्रकाशनप्रति मात्र नभएर नेपाली साहित्यका सङ्घसंस्थाका लागि समेत कार्यगत मार्ग निर्देशन गरेको मैले पाएँ । त्यसैले यस ग्रन्थमा समाहित समग्र स्रष्टाका आवाज नइ प्रकाशन वा नइका लागि मात्र नभएर समस्त साहित्यिक जगत्का लागि नै हो भन्ने मैले अनुभूत गरेँ । नि:स्वार्थ रूपमा साहित्यको पूजा आराधना गर्ने संस्था नइ नइ प्रकाशन हो भन्ने तथ्य पनि यस ग्रन्थले प्रकाश पारेको छ ।

‘नइ प्रकाशन : कीर्ति र आकृति’नामक ग्रन्थ तयार गर्न प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूमा म हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यस्तो महत्त्वपूर्ण र ऐतिहासिक काम गर्न मलाई मौका दिने नइ प्रकाशनपरिवार र नइदम्पतीप्रति पनि म अनुगृहीत छु ।


**• भगवती बस्नेत**

नइ प्रकाशन : कीर्ति र आकृति

# न भूतो न भविष्यति

**अणुराज जोशी**

नइ प्रकाशनलाई सम्झनासाथ म मेरो बुबा शताब्दी पुरुष सत्यमोहन जोशीलाई सम्झने गर्छु । बुबाका लागि सधैँ चिन्तनशील रहने नइदम्पतीसँग 'वाङ्मय शताब्दी पुरुष' उपाधिको चिरस्मरणीय र ऐतिहासिक नाता छ । 'शताब्दी पुरुष' शब्दावली, 'त्रिमूर्ति निकेतन'सँग अन्योन्याश्रित रहेको छ भनेर त मैले पहिलेदेखि नै भन्दै र लेख्दै आएको पनि हुँ । त्रिमूर्ति निकेतन भन्नु र नइ प्रकाशन भन्नु वास्तवमा नाम मात्रै फरक भएका संस्था हुन् । यी दुवै संस्थाका संस्थापक र सञ्चालक नइदम्पती नै हुन् । मैले लेखेको पनि थिएँ– '... प्राय:जसो प्रसङ्गमा आइरहने शब्दावलीहरू त्रिमूर्ति, त्रिमूर्ति दिवस, नइ प्रकाशन, वाङ्मय युगदम्पती 'नइ' (युगपुरुष नरेन्द्रराज प्रसाई र युगनारी इन्दिरा प्रसाई) बारे पनि धेरै जना परिचित नै होलान् ।'



मैले नइ या नरेन्द्रराज प्रसाईबारे लेख्ने यस्तै भाव हुन्– 'भाग्यमानी भन्नुपर्छ स्वप्नद्रष्टा नरेन्द्रराज प्रसाई; यिनले शताब्दी पुरुषलाई कुन हदसम्म मान, सम्मान, इज्जत गर्ने मनसुबा गरेका थिए, तीमध्ये अधिकांश मनसुबा कसैलाई केही भन्नसम्म नपर्ने गरी

पूरा गरिदिए, एकपछि अर्को गरी ।' बुबाले प्राय:जसो नइको महानताबारे बेलिविस्तार लगाइरहनुहुन्थ्यो । बुबाले भन्नुभएको थियो– 'नइ नभए म बाँच्ने थिइनँ । नइले मेरो शरीरलाई पनि बचायो र कर्मलाई पनि बचायो । यस जुनीमा फेरि मलाई अब केही पनि चाहिँदैन । म वाङ्मय शताब्दी पुरुष भएँ, अब मलाई पुग्यो ।'

नइ जोडीकै कारण मेरा बुबा वाङ्मय शताब्दी पुरुष हुनुभयो । २०७१ मङ्सिर १५ गते नइकै नेतृत्व र अगुवाइमा त्रिमूर्ति निकेतनले उहाँलाई झन्नैझन्नै उहाँकै कदको उचाइबराबरको सप्तनागजडित ताम्रपत्रका साथमा पाँच लाख रुपियाँसमेत खामेर 'शताब्दी पुरुष' उपाधि प्रदान गरेको थियो । साथै नइकै पहलमा राज्यले २०७४ साल वैशाख २१ गते उहाँलाई 'वाङ्मय शताब्दी पुरुष' उपाधि प्रदान गरेको थियो ।

बुबा सय वर्ष पुग्नु पाँच वर्षपहिले नै 'त्रिमूर्ति निकेतन'ले सत्यमोहन जोशीको जीवनकालभरि प्रत्येक वर्ष वैशाख ३० गते 'सत्यमोहन जोशी शताब्दी महोत्सव'का रूपमा जन्मदिन मनाउने भनेर निर्णय गरेको थियो । नेपाली वाङ्मयको क्षेत्रमा यो विषय पनि ऐतिहासिक नै थियो । विश्वकै साहित्यक्षेत्रका कुनै पनि स्रष्टाको यसरी नियमित रूपमा जन्मोत्सव मनाएको रेकर्ड सायद छैन । त्रिमूर्ति निकेतन र नइ प्रकाशनले हरेक वर्षको बुबाको जन्मदिनमा विशेष महोत्सव मनाउँदै आयो । त्यसै बखत त्रिमूर्ति निकेतनले 'सत्यमोहन जोशी शताब्दी पदक'को पनि आविष्कार गऱ्यो । यस विषयमा त्रिमूर्ति अभिलेखमा लेखिएको छ– 'नेपाली वाङ्मयका शिखर व्यक्तित्व डा.सत्यमोहन जोशीको योगदानलाई मूल्याङ्कन गरी शताब्दी पुरुष उपाधि प्रदान गर्नुका साथै उनको व्यक्तित्व र कृतित्वको व्याख्या, विश्लेषण र समीक्षा देशदेशान्तर पुऱ्याउन कुशल भूमिका निर्वाह गर्ने तथा त्रिमूर्ति निकेतनबाट गठित 'सत्यमोहन जोशी शताब्दी महोत्सव'को गरिमामय उचाइ अभिवृद्धिका लागि

समेत विशिष्ट योगदान पुऱ्याउने विभिन्न व्यक्तिहरूलाई 'सत्यमोहन जोशी शताब्दी पदक' अर्पण गरिएको थियो ।' देशभित्र र विदेशमा बस्ने नेपालीलाई समेत गरी दुई सय पचासी जनालाई प्रशस्तिपत्रसहित उक्त पदक बुबाकै बाहुलीबाट प्रदान गरिएको तथ्य त्रिमूर्ति अभिलेखमा छापिएको छ ।

२०७६ साल वैशाख ३० गतेका दिन एउटा ऐतिहासिक दिन थियो । त्यसै दिन बुबा सय वर्षमा प्रवेश गर्नुभएको थियो । वर्षैभरि मनाइने गरी 'सत्यमोहन जोशी शताब्दी महोत्सव' त्यसै दिनदेखि सुरु भएको थियो । एकातिर नइ प्रकाशन र त्रिमूर्ति निकेतनले शताब्दी पुरुष सत्यमोहन जोशीलाई अविश्रान्त काँधमा बोकेर हिँडेको र अर्कातिर उहाँलाई जनस्तर तथा स्थानीय सरकारस्तरबाट धूमधामसँग अभिनन्दन गरिएको अविस्मरणीय समय काल थियो । बुबा सय वर्ष टेकेको दिन उहाँलाई बाजागाजासहितको अभूतपूर्व ऱ्यालीका साथ रथयात्रा गराई ललितपुर महानगरको परिक्रमा गराइएको थियो र साँझपख दीपावली गरिएको थियो । सोही दिन ललितपुर महानगरपालिकाभरि सार्वजनिक बिदा दिने घोषणा गरिएको थियो ।

मैले कतै लेखेको थिएँ– 'सबैभन्दा भाग्यमानी हुनुहुन्छ सत्यमोहन जोशी, उहाँले जस्तो मान, सम्मान कसैले नि पाएका छैनन् भनेको पनि सुनियो । ईर्ष्या गर्नेहरू नि होलान् तर बुबालाई धेरैले माया गरेको नै पाइयो ।'

राज्यको तर्फबाट सत्यमोहन जोशीको खासै मूल्याङ्कन भएको देखिँदैन । 'वाङमय शताब्दी पुरुष'बाहेक के नै पाउनुभयो र उहाँले । त्यो पनि राष्ट्रकवि माधवप्रसाद घिमिरेलाई 'राष्ट्रकवि' दिलाउने नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईजस्ता दूधको दूध, पानीको पानी देख्ने सफा हृदयका युगपुरुष र युगनारीका न्यायोचित पहलकदमी र अथक प्रयासहरूबाट मात्र सम्भव भएको हो । ललितपुर महानगरपालिकाले बुबाको जीवनकालभरि भनेर मोटरको व्यवस्था

गरिदिएको पनि त्रिमूर्ति निकेतनले प्रदान गरेको ‘शताब्दी पुरुष’ उपाधिकै उपज हो भन्ने कुरामा मलाई कुनै दुबिधा छैन ।

नरेन्द्रराज प्रसाईले लेखेर, बोलेर र नइले काम गरेर बुबालाई एक सय तीन वर्षसम्म बाँच्न हौसला र प्रेरणा दिएको थियो । नरेन्द्रराज प्रसाईले शताब्दी पुरुषबारे लेखेका दुईवटा जीवनीकृति (एउटा बृहत् अर्को लघु)को मैले अङ्ग्रेजी र नेपालभाषामा अनुवाद गरेको थिएँ । ती अनुवादित कृति नइबाटै प्रकाशित भए र ती सबै कृति बुबाकै बाहुलीबाट लोकार्पण भएका थिए । त्यसै क्रममा म सोच्ने गर्थें– ‘नइ भनेको यस युगको एउटा चेतना बिन्दु हो ।’

वाङ्मय शताब्दी पुरुषको उपाधि जोडिएकै कारण राज्यले बुबाको जीवनकालमा नै उहाँको मुहारअङ्कित दस रुपियाँको हुलाक टिकट र दुई हजार पाँच सय, एक हजार र एक सय रुपियाँका सिक्का निकालेको थियो । नेपाली परिवेशमा जनताको छोराका नाउँमा र जीवनकालमा नै यसरी सिक्का र टिकट प्रकाशन गरेको यो नै पहिलो पटक हो । यी सबै नइ युगदम्पतीकै सत्प्रयासका परिणामस्वरूप सम्भव भएका हुन् ।

नइ प्रकाशन र त्रिमूर्ति निकेतनजस्ता संस्था र नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईजस्तै कर्मशील व्यक्तित्व नेतृत्वदायी भूमिकामा रहनु भनेको स्रष्टाहरूको उन्नति र प्रगति हुनु हो । नइ प्रकाशन र त्रिमूर्ति निकेतन राष्ट्रले गौरव मान्नुपर्ने संस्था हुन् । यी दुवै संस्थाले नेपाल राष्ट्रभित्रका प्रतिभाहरूको मूल्याङ्कन गर्नुका साथै अन्तर्राष्ट्रिय सभासम्मेलनसमेत गरेर देशकै इज्जत बढाउने काम मात्र गरेका छैनन्, देशका कुनाकन्दराबाट मणि खोज्नेदेखि लिएर विदेशमा रहेका व्यक्तित्वहरूसमेतलाई ‘हाम्रो होइन राम्रो’का आधारमा सम्मान र पुरस्कृत गरेको तथ्य घामजस्तै छर्लङ्ग छ । त्यसैले नइ प्रकाशन एउटा आदर्श संस्था भएको छ । नइ प्रकाशनबारे बुबा भन्ने गर्नुहुन्थ्यो– ‘नइले गरेका काम न भूतो न भविष्यति ।’

# घेरैको आशा केन्द्र

## अप्सरा दाहाल

**बाटो अलमलिएको बटुवाले**
**गन्तव्य खोज्दै**
**केही बेर सुस्ताएर**
**अपार आनन्द र ऊर्जा थपी**
**फेरि यात्रा आरम्भ गर्दा उसले पाउँदछ**
**शीतल देउराली भएर उभिएको**
**नइको भरपर्दो सहारा ।**



मेरो मनमा दोधार र अलमलले होला दिमागले नसोचेजस्तो गरिरह्यो । मेरै कलमले पो चल्न नमानेको हो कि जस्तो भयो । एक दिन नइ प्रकाशनबाट सामाजिक सञ्जालमा राखिएको एउटा विज्ञप्तीमा मेरा आँखा दौडे– नइ प्रकाशनले पच्चिस वर्ष पूरा गरेको अवसरमा किताप निकालिने रहेछ । त्यो सूचना पढेर म खुसी भएँ तर मजस्तो पश्चिम सिक्किमको पल्लो छेउमा बस्ने एउटी साधारण नारीले नइ प्रकाशनजस्तो गरिमामय संस्थाका लागि के लेख्ने भन्नेमै मेरो धेरै दिनहरू बितिरहे । अनि मेरो मनले निर्णय गरेरै छाडचो– 'नइको भरपर्दो सहारा' मभित्रै छ । त्यसैले मैले नइमाथि मेरो हृदय फुकाउनु नै पर्छ ।

साहित्य सिर्जना कठिन कार्य हो, लेखकले आफ्नो पूर्ण क्षमता उपयोग गर्दै उसको रुचिअनुसारको सिर्जना गर्छ । तर उसले त्यो रचनामा भएका कमीकमजोरी सच्याउन एउटा भरपर्दो सम्पादक पाउन पनि गाह्रो हुन्छ । यति मात्र नभई प्रकाशन गराएर पाठकसमक्ष पुऱ्याउन प्रकाशनगृहसमेत पाउँदैन । आर्थिक रूपले आफैँ सक्षम नभए उसका लेखरचना त्यसै थन्किएर धूलो लागिरहेको अवस्था हुन्छ । यस्तै बखतमा मैले नइको आशीर्वाद पाएकी छु र नीति पाएकी छु– 'नानी ! तिमी केवल लेख । तिमी लेख्ने मात्र काम गर । त्यसपछि तिम्रा सामुन्ने धेरै थोक प्राप्ति हुन्छन् ।' त्यस्ता कैयौँ सल्लाहहरूमा म बग्दै जान थालेँ र त मैले लेख्न छाडिनँ, लेखिरहेँ–

**कहिले कविता भएर बगिदिन्छु**
**कहिले खोज बनेर हिँडिरहेको हुन्छु**
**अहोरात्र, अविरल समयको प्रवाह सँगै**
**साधकको सारथी सदैव नइ पाएकै हुन्छु ।**

नइ मेरो प्रिय नाम हो र साह्रै प्यारो लाग्छ मलाई नइ । म नइसँग धेरै परिचित थिएँ र पछाडि म खोटोजस्ती भई नइसँग टाँस्सिन नै पुगेछु । नइले पच्चिस वर्ष भुक्तान गर्न कति सङ्घर्ष गर्नु पऱ्यो म केवल साक्षी हुँदै बगिरहेँ । स्थापनाकालदेखि नै नइ प्रकाशनले साहित्यका विभिन्न विधाहरूमा रचना गर्ने लेखक, साहित्यकारहरूलाई प्रोत्साहन गर्ने, कृतिहरू प्रकाशित गर्ने, साथै अनेकौँ राष्ट्रिय अन्तर्राष्ट्रिय पुरस्कारको स्थापना गरी प्रदान गर्दै आएको घटना नै आश्चर्यको लाग्दै आयो । जसबाट लेखकको उत्साह र ऊर्जा थपिनुका साथै पुरस्कारबाट सम्मानित हुन पाउँदा लेखकलाई हौसलासमेत मिलेको प्रमाणित भएको दस्तावेजहरूसँग मेरो साउती हुँदै आयो ।

विगत पच्चिस वर्षदेखि नइ प्रकाशनले अनेकौँ खोजअनुसन्धान गरेर ओझेलमा परेका थुप्रै साहित्यकारलाई उनीहरूको कृतिसाथ चिनाएको

पनि ठहर हामीसँग छ । जसबाट साहित्यभण्डारमा प्रशस्तै कृतिहरू थपिएर नेपाली साहित्यजगत्ले नेपाली भाषालाई टेवा दिँदै ल्याएको महसुस हुँदै छ । ती कृतिकारलाई हामीले चिन्न र बुझ्न पाएका छौँ । यस कार्यका लागि नइ प्रकाशनले गरेको प्रयत्नलाई युगौँयुगसम्म सम्मानसाथ सम्झिरहनका लागि सुनौलो अक्षरमा लेखिने र ढुङ्गामा खोपिएर लेखिनेछ भन्ने मैले विश्वास गरेकी छु । त्यसैले मैले माथि नै मेरो मत जाहेर गरिसकेकी छु– 'नइसँग म खोटोजस्तो टाँसिएँ'–

**फाँटिलो मैदानको**
**पारिलो घाम भएर उभिएको छ नइ**
**सबैको आशाको किरण पनि नइ**
**सबैतिर नइ नै नइ !**
**सुतेका कलमहरूलाई जगाउने पनि नइ**
**स्रष्टाको जाँगर बनी हौस्याउने पनि नइ**
**कुनाकन्दराका प्रतिभा चिनाउने पनि नइ**
**भाषासाहित्यलाई गर्विलो बनाउने पनि नइ ।**

नेपाली साहित्यका लागि नइले के गरेन ? धेरै गरेको छ । त्यसमध्ये एउटा प्रसङ्गको गाँस मेरो भागमा परेको थियो । नइले केही वर्ष पहिले विश्वनारी नेपाली साहित्य सम्मेलनको आयोजना गरेको थियो । त्यस विराट् समारोहमा मैले पनि सहभागिता जनाउन पाएकी थिएँ । साथै त्यही तीनदिने अकल्पनीय सम्मेलनमा मैले पनि सम्मानित हुने गौरव प्राप्त गरेकी थिएँ । यसरी नै नइबाट आयोजित हरेक प्राय: सभासम्मेलनमा म नेपाल पुग्ने गर्थें । यस्ता गतिविधिहरूमा जोडिँदै जाँदा मेरो लेखनको कार्यमा धेरै नै उत्साह वृद्धि भएको मलाई अनुभूति हुन थाल्यो । यो कुरा म गर्वको साथ छातीमा हात राखेर भन्न चाहन्छु कि 'नइ मेरो आदर्श हो' । नइकै प्रेम पाएर थप अझै साहित्यिक क्षेत्रमा अघि बढेर समाजको सेवा गर्ने प्रयासमा छु । म अब झन् किन डगमगाउँदिनँ भने नइको साथ मेरो हृदयमा छ । म नइसँगै छु–

**आँधी हुरीको वेगसँग नडराई**
**पैतालामा आगो कुल्चिएर**
**होडबाजीको भूगोल हुँदै**
**पानापानामा सत्य बोकेर**
**साहित्यिक मनहरूलाई रसास्वादन गराउँदै**
**सिङ्गो इतिहास भएर उभिएको छ नइ**
**अनि**
**म पनि त्यहीं छेउमा छु ।**

नइ प्रकाशन हाम्रो आशा, भरोसा भयो । नइको आत्मीयता हाम्रो मनमनमा गाँसिएको छ । एक समयमा जब म काठमाडौँ साहित्यिक कार्यक्रममा पुग्छु, एयरपोर्टमा नै नइको दर्शन पाउँछु । 'कति सकेको नइले हरेकतिर शिष्टाचार राख्न' भन्ने कौतूहल जाग्छ मेरो मनमा । त्यतिले मात्र कहाँ रमाउँछ र नइ । आफ्नै मोटरमा राखेर नइले मेरो यात्रामा सुनपानी छरिदिएका हुन्छन् । आदरणीय नरेन्द्रराज प्रसाई र आदरणीय इन्दिरा प्रसाईसँगसँगै हुँइकिएर म पवित्र नइगृहमा पुगेकी हुन्छु । नइको न्यानो आतिथ्यतामा उहाँहरूकै गृहमा केही दिन बस्ने अवसर पाएकी हुन्छु मैले । अति नै सुन्दर गृह, फूल फुलेको भरिभराउ आहा ! आज पनि मेरो मन र आँखामा झलझल छ नइगृह । रापिलो भएर पनि कति शीतल छ नइगृह ! फेरि मेरो मन खोलिन्छ र म लेख्न पुग्छु–

**भुइँकुहिरो जसरी सुस्तरी पृथ्वीबाट उठेर**
**सगरमाथाको मुकुट छुँदै**
**साहित्यको दर्बिलो कलमलाई सचेत गराउँदै**
**सूर्यको सुनौलो किरण भइदियो नइ ।**

शब्दहरूको फूलबुट्टाले नइ प्रकाशनले गरेका अतुलनीय कामहरूको वर्णन गरेर साध्य छैन । हो, सत्य कुरा बोल्न कहिल्यै डराउनु हुँदैन, यतिचाहिँ भन्नै पर्छ– देशविदेशका कुनाकन्दरामा लुकेर बसेका प्रतिभाहरू हुन् अथवा अतीतका सर्जकहरू, जसले आफ्नो समयमा नेपाली भाषासाहित्यको उन्नतिप्रगतिका लागि योगदान

गरेर पनि जनसमक्ष नआई भौतिक देह त्याग गरे । तिनीहरूको समेत खोजखबर तथा अनुसन्धान गरेर कृतिसाथ जनसमक्ष ल्याउने काम नइ प्रकाशनले गर्दै आएको कुरा सत्य छ । जसबाट नेपाली भाषासाहित्यको भण्डारमा कृतिहरू थपिएका छन्, कृतिकारको परिचयसमेत सबैले पाउन सकेका छौँ । नइ प्रकाशनले कृति मात्र छापेन, हराएकालाई मात्र खोजेन । सम्मान पाएकाहरू मात्र बटुलेन, सम्मान हुन लायकलाई तिरस्कार गरेको सहेन र धेरै वानीरा गिरीहरूलाई पनि नइले बोकेको रहेछ । अनगिन्ती स्रष्टाहरूमध्ये माधवप्रसाद घिमिरेले पनि नइको अडेसो पाएका रहेछन् र सत्यमोहन जोशीलाई पनि नइले नै शिरमा बोकी हिँडेको रहेछ । भानुभक्त बोक्ने नइ, लक्ष्मीप्रसाद देवकोटा बोक्ने नइ, पारिजात बोक्ने पनि नइ । सबैतिर नइ नै नइ ! यस्तै धेरै कुराहरू रहेछन् र त नेपालका प्रधानमन्त्री सुशील कोइराला र उपप्रधानमन्त्री वामदेव गौतमको भाषण मैले सुनेकी थिएँ– 'सरकारले गर्नुपर्ने काम नइ प्रकाशनले गरिदिएको छ ।' धन्य नइ ! आफ्नो स्थापनाको पच्चिस वर्षको उत्सव मनायो नइ प्रकाशनले । अबका अनगिन्ती वर्षहरू सफलतासँगै गौरवशाली इतिहास बनाउन सक्षम बनोस्– हाम्रो नइ ! स्वदेशविदेश, गाउँगाउँ, बस्तीबस्तीका प्रतिभाहरूलाई हौसला प्रदान गरी आफ्नो छुट्टै परिचय दिँदै परम्परा र धर्म निर्वाह गर्न सफल बनोस् नइ । यही मेरो आशा र विश्वास रहेको छ, साथै अञ्जुलीभरि शुभकामनाका फूलहरू नइलाई अर्पण गर्दछु–

**बढ्नुपर्छ नइले सबैको माया पाएर**
**उठ्नुपर्छ नइले सबैलाई साथ लिएर**
**छुनुपर्छ नइले सधैँ सफलताको शिखर**
**अटल बस्नुपर्छ नइले भूगोलकै शिखर !**

# नि:स्वार्थी र उपकारी

## अप्सरा पुडासैनी

जुनसुकै संस्था, समूह र व्यक्तिलाई कुनै पनि प्रकारको भेदभाव नगरी र राजनीतिबाट सधैँ टाढा बसेर नइ प्रकाशनले काम गर्दै आएको छ । मैले नइ प्रकाशनको नाम २०६० सालअगाडिदेखि सुनेको र आकलझुक्कल पत्रपत्रिकामा नइ जोडीका लेख, रचना पढेकी थिएँ । तर पनि २०७१ साल जेठमा काठमाडौँमा सम्पन्न विश्वनारी नेपाली



साहित्य सम्मेलनका अवसरमा मैले नइ जोडीलाई प्रत्यक्ष देखेकी हुँ । नइले त्रिमूर्ति निकेतनको आयोजनामा गरेको त्यस विशाल सम्मेलनमा म बारा जिल्लाको प्रतिनिधित्व गर्दै सहभागी भएकी थिएँ । त्यसै भेटदेखि निरन्तर रूपमा नइसित म नजिकै बसिरहेकी छु । यस्ता कर्मवीरहरूसँग बाँचुन्जेल मैले नजिकै बसिरहने अभिलाषासमेत राखेकी छु । किनभने धनी, गरिब, हिमाल, पहाड, तराई, तेरो, मेरो, यो दल, त्यो दल, महिला, पुरुष कुनै पनि कुराको लेखाजोखा नै नगरी देशको समुन्नतिका लागि अगाडि बढ्नेहरूलाई समान रूपले नइले ऊर्जा थपिदिने काम गर्दो रहेछ । नइ जोडीसँग म मात्रै होइन अरू जोसुकै पनि नजिकै बस्न पाए हुन्थ्यो भन्न चाहन्छन् भन्ने मेरो आत्माले भन्ने गर्छ ।

कुनै एक दिनको बिहानै फेसबुक खोल्नेबित्तिकै नइ प्रकाशन पच्चिस वर्ष पुगेको उपलक्ष्यमा 'नइ रजत महोत्सव पदक' चार सय दस जनालाई समर्पण गरिने भएको जानकारी मैले पाएँ । फेसबुकमा भने तीन सय पचहत्तर जनाको मात्र नाम लेखिएको रहेछ । नाम पढ्दै गइरहेकी थिएँ म र मेरो नामको अक्षरमा पुगेर मेरा आँखा रोकिए । सुरुदेखि हेर्दै जाँदा आठौँ नम्बरमा मेरै नाम थर मिल्न गएकाले अलिकति मेरो मुटु चसक्क भयो । थोरै नजानिँदो किसिमले मेरा हातखुट्टा लुला भएर आए । खुसीले मलाई छटपटी लाग्यो र अझै म नामावली हेर्दै गएँ । प्राय: नाम सुनेकै र चिनेका पच्चिसतीस जना रहेछन् । मैले सबै नाम हेरेँ अनि कास्की पोखराका चित्रकार कृष्ण मरासिनीलाई मेसेन्जरमा कल गरेर बधाई दिएँ । तर मेरो नामचाहिँ हो वा होइन भन्ने शङ्कामा रहेछन् उनी । दिउँसो तीन बजेतिर काठमाडौँबाट यमुना प्रधानाङ्गले कल गरेर मलाई बधाई दिए पनि मलाई भने अझै विश्वास लागेको थिएन ।

यमुना प्रधानाङ्गसित म कुरा गर्दै थिएँ । त्यसै समयमा इन्दिरा प्रसाईले 'अप्सरा बहिनी तिमीलाई पनि नइ रजत महोत्सव पदक समर्पण गर्ने नइ प्रकाशनले निर्णय गरेको छ; तर समर्पण गरिने दिन, स्थान र मिति पछि जानकारी दिउँला है ?' भन्नुभयो । इन्दिरा प्रसाईको स्वर सुनेर म कति खुसी भएँ कति !

२०७९ साल साउन १ गते फेसबुक हेर्दा 'नइ रजत महोत्सव पदक' प्रदान गर्ने मिति, समय, स्थान सार्वजनिक भइसकेको मैले देखेँ । एक महिनाअगाडिको सूचनामा लेखिएका नामावलीबाट धेरैलाई हटाइएको रहेछ र जसमध्ये म पनि हट्ने सूचीमा परेकी रहेछु । 'किन, कसरी र कसले मेरो नाम हटायो होला ? यो प्रश्नको उत्तर मलाई कसले देला ?' भन्ठान्दै मन अमिलो पार्दै म बसेकी थिएँ । दिउँसो नै रात परेको मलाई महसुस भइरहेको थियो । बिहानको खाना खानुअगावै फेरि यमुना प्रधानाङ्गले कल गरेर मलाई भन्नुभयो–

‘बहिनी तपाईंलाई नइबाट फोन आयो ?’ मैले ‘छैन, मलाई त्यहाँबाट कल आएको छैन’ भनें । त्यसपछि यमुना प्रधानाङ्गले भन्नुभयो– ‘कारण यस्तो रहेछ, बर्खा याम भएकाले टाढा घर भएकालाई अहिले नबोलाउने रे ! म काठमाडौँ बस्ने भएकाले मलाई बोलाउनुभएको छ ।’ दिदीको बोली सुनेपछि मात्र मेरो मनको छटपटी र खुलदुली मेटिएको थियो, त्यसपछि मैले ढुक्कले सास फेरेँ । त्यसको भोलिपल्टै नरेन्द्रराज प्रसाईले ‘अहिले तिमी कता छौ, नानी ? आउँदो ७ गते नइको कार्यक्रममा सामेल हुन सक्छचौ ? यस्तो अविरल पानी परिरहेको छ, कसरी आउछचौ र ? बरु अर्को कुनै कामले पछि काठमाडौँ आएका बेला पदक लिए हुन्छ नि ! तिम्रो पदक तथा प्रशस्तिपत्र सुरक्षित रहिरहन्छ’ भन्नुभयो । साउन महिना भएकाले नरेन्द्रराज प्रसाईलाई मैले तुरुन्तै प्रश्नको उत्तर दिन सकिनँ र ‘भोलि बेलुकीसम्म निधो दिन्छु है दाजु’ भनें ।

भोलिपल्टदेखि घनघोर पानी पर्न थाल्यो । बाटोको अवस्था कस्तो होला ? भन्ठानेर नरेन्द्रराज प्रसाईलाई ‘सरिक हुन नसक्ने’ मैले खबर गरेँ । तर यो कार्यक्रम सकिएको एक हप्ताभित्रै म आफ्नो निजी कामले काठमाडौँ जानैपर्ने भयो र म साउनको १३ गते राजधानी उक्लिएँ । १४ गते काम सकेर मैले नरेन्द्रराज प्रसाईलाई कल गरेँ । ‘पहिलो पटक आउँदा तिमीले मलाई धेरै समय कुरायौ । अब पनि यस्तो नगर है, नानी ! भोलि ठीक एक बजे आऊ ल’ नरेन्द्रराज प्रसाईले भन्नुभयो । काठमाडौँमा एक जना साथी नभई हिँड्न नसक्ने म तराईवासीले तत्कालै यमुना प्रधानाङ्गलाई सम्पर्क गरेँ । उहाँ रत्नपार्कतिर जानुभएको रहेछ । उहाँले भन्नुभयो– ‘तपाईं नयाँ बानेश्वरबाट घट्टेकुलो आउनु, म यताबाट त्यहीँ आउँछु अनि जाउँला; हामी अनामनगर चोकको डीआर फोटो स्टुडियोमा भेटौँ है ?’ यमुना प्रधानाङ्ग र मेरो सल्लाह भएबमोजिम बानेश्वरबाट म अनामनगरतिर लागेँ । मभन्दा अगाडि नै यमुना प्रधानाङ्ग अनामनगर

चोकमा आइसक्नुभएको रहेछ । हामी दुईको भेट भएपछि हामीले हातको घडी हेऱ्यौँ, बाह्र बज्न पनि केही समय बाँकी रहेछ । भेट्ने समयलाई एक घण्टा पर्खनुपर्ने भएकाले के गर्ने भनेर हामीले एकछिन सल्लाह गऱ्यौँ । भद्रकुमारी घले सेवा सदन हेर्न जाने भनेर निचोड निक्लियो । मलाई पनि वर्षौंदेखि त्यहाँ जान मन लागेको थियो । हामी त्यहीँ गयौँ ।

भद्रकुमारी घले सेवा सदन लेखिएको ठाउँमा हामी पुग्यौँ । तीनतले घरको पहिलो तलामा हामी छिऱ्यौँ । ढोकाको छेउमा बसेर अतिथि लेखेको ब्याजको रिबन र कागज खोलेर मिलाउँदै रहिछिन् रश्मि रिमाल । उनलाई मैले राम्रोसँग चिनेकी थिएँ, तर मलाई उनले चिन्न सकिनन् । यमुना प्रधानाङ्गलाई भने कार्यक्रमतिर भेटघाट हुने गरेकाले तुरुन्तै रश्मिले चिनिहालिन् । तीन तलामा सजाएर राखेका सामानहरू तामा, पित्तल, ढलोट, सिलाबरगिलाबर सबै किसिमका गाग्री, खड्कुला, रक्सी बनाउने भाँडा, लोटा, अम्खरा, थाल, बटुकादेखि भद्रकुमारी घले विद्यार्थी हुँदा उनले बनाएका र आर्ट गरेका हिमाल, पहाड, रूखबुटचान, चराचुरुङ्गी, राजा, नेता, फलफूलदेखि अनेकौँ किसिमका लोभलाग्दा चित्र साथै हालसम्म पाएका आकर्षक सम्मानपत्र र पुरस्कार पनि हामीले हेर्न पायौँ । भद्रकुमारी घलेले रचना गरेका विभिन्न विधाका कृति पुस्तकालयमा सजाएर राखिएको रहेछ । साथै भद्रकुमारी घलेको नाममा खोलिएको दस कक्षासम्म पढाइ हुने स्कुल र त्यहीँ नजिकै रहेको वृद्धाश्रम, सहकारी पनि हामीले त्यसै दिन हेर्न भ्यायौँ । अनि रश्मि रिमालसित सेवा सदनका बारेमा मैले केही कुरा सोधेँ । उनले भनिन्– 'मलाई थाहा भएको जति जानकारी दिन पनि धेरै बेर लाग्छ । अब कुरा कहाँबाट कसरी सुरु गरौँ मैले । यो संस्था ठूलो भइसकेको छ । अस्पताल, ल्याब, फार्मेसी, फोटोकपी, राउटे प्रतिष्ठान, शिशु केन्द्र, अनुसन्धान केन्द्र, पुस्तकालय, योगा केन्द्र, क्याम्पस, पाहुना घरजस्तो

पचासभन्दा धेरै भइसकेको छ ।' रश्मि रिमालले हाम्रा लागि होटेलबाट चिया मगाइन् । 'चिया आज हामी खादैनौँ, खाने गरी र लामो समय बस्ने गरी अर्को पटक आउँछौँ' भन्दै हामी त्यहाँबाट हिँडचौँ ।

ठीक समयमा हामी नइ प्रकाशन पुग्यौँ । एक घण्टाजस्तो हामीले नइ जोडीसँग कुराकानी गऱ्यौँ । नइ रजत महोत्सव पदक र प्रशस्तिपत्रले नइ प्रकाशनका अध्यक्ष र सदस्यसचिवले मलाई सम्मान गर्नुभयो । यो बेला बाहिरको दृश्य भन्ने हो भने मेघ गर्जेर पानी परिरहेको थियो । कोठाभित्र नइ जोडीसित चियाको चुस्की लिँदै गफमा मस्त थियौँ हामी । त्यस बखत छाताले नथाम्ने पानी तीन घण्टासम्म परिरह्यो । यति लामो समयमा आफ्नो कामलाई थाती राखेर नइदम्पती हामीसँगै बस्नुभयो । राजदरबारदेखि नइ रजत महोत्सव पदक, नइ संस्थासम्बन्धी आदिआदि हामीलाई थाहा नभएको र हामी बाँचुन्जेल कुनै न कुनै ठाउँमा यी कुरा प्रयोग गर्न मिल्ने ज्ञान र शिक्षा नइ जोडीले हामीलाई दिनुभयो । त्यस दिन साँझ चार बजेसम्म हामी नइ प्रकाशनकै बैठकमा बस्यौँ । छुट्टिने बेलामा नइ जोडीले 'अप्सरा तिमीले अहिलेसम्म कति र कुनकुन पुरस्कार, पदक तथा सम्मान पायौँ' भनेर सोध्नुभयो । '२०७१ सालमा विश्वनारी नेपाली साहित्य पदक हजुरहरूको तर्फबाट नै मैले पाएको थिएँ । अहिले दोस्रोपल्ट नइ रजत पदक पाएँ र यसबाहेक अरू मैले पाएको छैन' भनें । नरेन्द्रराज प्रसाईले औँला गन्दै भन्नुभयो– 'हेर अप्सरा ! तिम्रो लेखाइमा धेरै दम छ, लेखिरहनु । एक दिन न एक दिन अरूको नजरमा पनि तिमी पुग्ने नै छौ । देशमा अहिले राजनीति हाबी भएकाले यस्तो हुन गएको हो । अहिलेको प्रज्ञाप्रतिष्ठानमा तिम्रा घुँडासम्मको उचाइमा नपुग्ने नारी पनि प्राज्ञ भएका छन् । यी सबै कुरा देख्दा मलाई काउकुती लागेर आउँछ तर सधैँ यस्तो नहोला । पुरस्कार पाइनँ भनेर चाहिँ आफ्नो कर्तव्यबाट पछाडि नहट है, नानी ? तिमीले लेखिरहनुपर्छ र एक दिन पूरै नेपाली साहित्यको

संसारमा परिचित हुनुपर्छ । तिम्रो निबन्धको म फ्यानै पनि हुँ ।' नरेन्द्रराज प्रसाईले मलाई यसरी सम्झाउँदा मेरा आँखा टम्मै भरिन थालेका थिए । यस्तै आशीर्वाद, सल्लाह, सुझाव र मायाको पोको बोकेर यमुना प्रधानाङ्ग र म नइ प्रकाशनबाट बिदा भयौँ ।


बाटामा यमुना प्रधानाङ्ग र म नइका विषयमा कुरा गर्दै गयौँ । नइ जोडी कस्ता जाँगरिला, प्रतिभालाई खोज्ने यी कस्ता सिपालु, नौनीजस्ता यी कस्ता नरम, सरकारी एकेडेमीलाई समेत जित्ने यिनले कस्तो काम गरेका, कसैसँग नडराउने यी कस्ता वीर, यी कस्ता नि:स्वार्थी र उपकारी, यी कस्तो मिलेका जोडी अनि त नइ प्रकाशन संसारभरि फैलिएको छ आदिआदि विषयमै हामीबीच कुराकानी भए ।

# सुदीर्घ व्यवस्थापन

## अमरकुमार प्रधान

पच्चिस वर्ष बित्दै छ, नइ प्रकाशन अर्थात् नरेन्द्र, नर+इन्द्र (राज प्रसाई) नर : मानिसको राजा (इन्द्र : देवगणको राजा) इ : इन्दिरा (अर्थात् लक्ष्मी) वैभवको भण्डार मानिन्छ ।

शेक्सपियरले कतै लेखेका छन्– 'नाममा के छ र ? गुलाफलाई गु भने पनि सौरभ (बास्ना) त गुलाफकै दिन्छ ।' तर पुर्बेली सिद्धान्त फरक छ । नाममा अर्थ छ, हुनुपर्दछ । त्यही भएर न्वारानको नामाकरण ज्योतिषीद्वारा सार्थक हुने गरी उच्चारित हुन्छ ।



यो परम्परा मानवसम्पदा र संस्कार अझ बढी सृष्टि चेतसँग गाँसिएको छ । परिस्थितिको कुन संयोगले नरेन्द्र र इन्दिरालाई एउटै हलोको जुवामा जोड्ने गरी त्यसको कथा ईश्वरले नै जोडिदिएको होला ।

नरेन्द्रराज प्रसाईले नइ प्रकाशनको मियो गाड्दा नगाड्दा पनि नेपाली साहित्यमा मोतीराम भट्टको अल्प कालको काम ककसले गरे फेहरिस्त दिएका छन्, जस्तो कि राणाकालमा व्यक्तिले व्यक्तिको जनसाधारणको सम्मान दिंदा त्यो कति सुपाच्य हुन्छ ?

लेखनाथ पौडयाललाई विस्तारै कविशिरोमणि भनियो । राममणि आदीले गोरखा भाषा प्रकाशिनी समिति हाँक्दा पद्यमा लेखनाथ पौडयाल, गद्यमा चक्रपाणि चालिसेलाई जोते । स्मरणीय छ, चालिसे शतवार्षिकीमा चालिसेको गद्यरचना रामायण, महाभारत र अरू गद्य पाठ्यपुस्तकको सिर्जनाका योगदानलाई कदर गरेर गद्यशिरोमणि उपाधि दिनुपर्ने आग्रहसाथ रचना मैले छपाएको छु ।

हुन त भानुभक्त आचार्यअगाडि पनि धेरै कवि भए तर भाषामा लालित्य मिलाएर, रामायणजस्तो संस्कृत काव्य नेपाली जनबोलीमा उतार्ने भानुभक्त आचार्यलाई 'आदिकवि' मानिदिए हुन्छ भनी श्री ३ जुद्धशमशेरको हुकुम प्रमाङ्गी गएर दार्जिलिङमा पनि सालिक उद्घाटन विधिवत भयो । नरेन्द्रराज प्रसाईले भानुभक्त आचार्यको नालीबेली केलाएका छन् । गोरखा भाषा प्रकाशिनी समितिलाई नेपाली भाषा प्रकाशिनी समिति भनियो । अर्कातिर नेपाली भाषा अनुवाद समिति पनि गठन भयो ।

यी सबको पृष्ठभूमिमा पर्यावलोकन 'भानुभक्त आचार्य'बारे धेरैले गरे, जस्तो कि हृदयचन्द्रसिंह प्रधान आदि स्रष्टा र सरकारले 'प्रजातन्त्र'पछि दरबार हाईस्कुललाई भानु माध्यमिक विद्यालय बनाई सानो अर्ध कदको प्रतिमा राखी भानु जयन्ती मनाउन थालियो । २०१४ सालमा राजा महेन्द्रको सक्रिय शासनमा स्थापित 'रोयल नेपाल एकेडेमी' कालान्तरमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान भई राजा महेन्द्रकै ढुकुटीबाट एक करोड रुपियाँ बक्साई अत्याधुनिक प्रेक्षालयसहितको भवन तयार भयो । यी सबैको साक्षी भावमा 'नरेन्द्र' भए । उनी जब इन्दिराको श्रीमान् बने, हरेक पुरुषको प्रगतिमा उसकी अर्धाङ्गिनीको हात हुन्छ भन्ने कहावत चरितार्थ भयो । नरेन्द्र खास गरी अन्वेषण, अनुसन्धान, सर्वेक्षण गर्दथे; मोतीरामले अरू कवि, गजलकारलाई प्रोत्साहित गरेझैँ इन्दिराचाहिँ स्पर्श पनि गर्दथिन् । स्वतन्त्र फुटकर कथा, उपन्यास, सिर्जना गरी छपाउँथिन् ।

अन्तर्राष्ट्रिय युवावर्षको उपलक्ष्यमा हाम्रो देशमा राष्ट्रिय युवा सेवा कोष गठन भयो । यो कोषले हरेक वर्ष मोती जयन्तीको दिन चालिस वर्ष ननाघेको नेपाली युवा प्रतिभालाई पुरस्कार दिने परिपाटी आरम्भ गऱ्यो । बूढा भएर मात्र मानसम्मान, पुरस्कार पाइने अवधारणा कम भयो ।

यही क्रममा २०४८ सालमा युवावर्ष मोती पुरस्कार नरेन्द्रराज प्रसाई र अर्का एक जना स्रष्टालाई सँगसँगै दिने घोषणा भयो । कुसेऔँसी आउन बाँकी थियो । म साहित्यको चौतारी स्तम्भमा दुवैलाई हार्दिक बधाई र शुभकामना कोर्दै थिएँ । त्यो बेला अफसेट प्रेस थिएन । मस्यौदालाई प्रधान सम्पादक र तेजलाई देखाई सर्वसम्मत हुन त हामीबीच खासै विवाद थिएन, न त हस्तक्षेप हुन्थ्यो । जुद्ध सडकअगाडि विकास प्रेस आएपछि सेन्सरका लागि अञ्चलाधीश कार्यालय पुऱ्याई स्वीकृत भएपछि सेन्सर पास चिठी प्रेसलाई बुझाई बजारमा आउँथ्यो । फाइदा के थियो भने अञ्चलाधीश कार्यालयमा बुझाइएका पुस्तक, पत्रिका दुईदुई प्रति अन्यथा भएको अवस्थामा बाहेक सीधै मदन पुरस्कार पुस्तकालय जाने व्यवस्था (कमल दीक्षितको प्रयास) थियो ।

मोती पुरस्कार नरेन्द्रराज प्रसाई र अर्का एक जना स्रष्टालाई प्रदान गरिएकोमा ती अर्का एक जनाले विज्ञप्ति निकाले– 'मण्डले चरित्रको (शब्द त याद भएन सारांश) तथा कथित साहित्यकारसँगको पुरस्कार मेरा लागि ग्राह्य हुँदैन अर्थात् मोती पुरस्कारको योग्यता स्वीकृत छ तर समकक्षी बेठीक भएकाले मचाहिँ लिन सक्दिनँ ।' चौतारीमा बधाई कसरी दिने राष्ट्रिय युवा सेवा कोषको परम्परा युवा कवि राष्ट्रिय विभूतिसँग जोडी आएको पुरस्कार यसअघि विवादित भएन (पछि पनि सायद भएन कि ?) । मैले सल्लाह गरी संस्था र व्यक्तिको योगदान यो पुरस्कार भागी हो, मण्डले चरित्र पुस्टयाइँ के हो ? भन्ने धारणा राखेँ ।

२०३६ सालअगाडि एक थरी मण्डले (पञ्च पोषक) थिए । जनमत सङ्ग्रहले समान हैसियत स्थापना गरिसकेको थियो । त्यसमाथि आफू चालिस वर्ष नाघिसकेको निरपेक्ष सम्पादक हुनाले दुवै स्रष्टा समान (उमेर लेखनसेवाले) थिए । पुरस्कार नलिने स्वतन्त्रता छ । जाँ पाल सार्त्र (फ्रान्सका ठूला दार्शनिक) ले नोबेल पुरस्कार नै अस्वीकार गरे । तर उनले कुनै अत्तो थापेका थिएनन् । स्रष्टा मण्डले वा अरू आरोपी प्रमाणित हुन सक्नुपर्दछ । दोस्रो विश्वयुद्धको मूल कारण तानाशाह हिटलरले आत्महत्या गरी युद्ध अन्त्य भएपछि अर्का नाजी फौज र समर्थकविरुद्ध मुद्दा चलाइयो । मानवताविरुद्ध निर्मम दमन ठहरिए ती पनि मृत्युदण्डका भागी बन्ने भयो । अमेरिकाका इज्रा पाउन्ड नाम चलेका कवि थिए तर आस्थाले हिटलरका समर्थक पाउन्डविरुद्ध ज्यान मुद्दा चल्ने भयो । एक जना वकिलले थाहा पाए, राम्रा कवि तर तत्कालका नाजी समर्थक । ती वकिलले इज्रा पाउन्डको तर्फबाट मुद्दा लडे, नाजी समर्थक वा विपक्ष केही भनेनन् यी त पागल कवि, पागलउपर कुनै पनि कानुनले मुद्दा चलाउन अनुमति दिँदै दिएन । इज्रा पाउन्ड बचे, उनको कवि प्रतिभा सम्मानित भयो ।

नरेन्द्रराज प्रसाईको मण्डले कवि के थियो ? राजामहाराजाको चाकडीमा रचना कोर्नु ! अपवादबाहेक कबिला युग मुखिया पनि थिए पछि राजा वा रानी हुन्थे । जसबाट निरपेक्ष बसेँ भन्नु आडम्बर मात्र हो । पृथ्वीनारायण शाहदेखि केलाऊँ, महेन्द्र (म.वी.वि.शाह) कवि, गीतकार थिए । उनका छोरा रवीन्द्र शाह पनि गीतकार, राजा वीरेन्द्र कलाकार, रानी ऐश्वर्य (चाँदनी शाह), राजा ज्ञानेन्द्र (जी शाह) प्रत्यक्ष वा परोक्ष नामले साहित्यका स्वनामधन्य थिए । तिनको स्तुति सबैले गरे वा गरेनन् त्यो मुल्याङ्कन इतिहासलाई छोडिदिनुपर्छ । राजाको पालामा कुलपति र सदस्यसचिव हुने, तलबभत्ता खाने कर्तव्य (अकर्तव्य गर्नु त कसले उक्सायो होला र ?) पूरा गर्ने अबचाहिँ सब 'क्रान्तिकारी' भई गणतन्त्रवादी कित्तामा उभिई अरू त पर थिए भनी

औँला तेर्स्याउँछन् । माधव घिमिरे राष्ट्रकवि थिए र राष्ट्रकवि नै भई बाँचेका थिए पनि । नोबेल पुरस्कारका लागि एक मात्र कृति उनको काव्य चयन राजाको निर्देशनमा भएको थिएन । त्यसो त अन्यथा नठानियोस्, राजा ज्ञानेन्द्रले उनलाई राष्ट्रकविको पगरी गुत्थ्याएकाले अमान्य हुने, दलिल लिने कुनै एक जना लेखकको लेखनप्रतिभा र कृति तथा कीर्ति आफ्नो ठाउँमा होला । तर सत्ताका लागि व्यापार बिक्री प्रवर्धन केन्द्रको प्रमुख भई दीपेन्द्रको सवारी चलाउने लेखकले राजाले दिएको राष्ट्रकवि (अमान्य) आशयको लेख 'समय' साप्ताहिकमा छपाए । 'गाउँछ गीत नेपाली ज्योतिको पङ्ख उचाली जय जय नेपाल' राष्ट्रिय झन्डाको गान गर्ने पछि पनि 'नेपाली हामी रहौँला कहाँ नेपाल नरहे, उचाइँ हाम्रो रहला कहाँ हिमाल नरहे' जस्तो कालजयी स्रष्टालाई तन्नेरी (द्वैमासिक)मा राष्ट्रकवि माधवप्रसाद घिमिरे विशेषाङ्क लोकार्पण भइसकेको थियो । जसमा मेरो पनि माधव घिमिरेको खण्डकाव्य : श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह परिलक्षित प्रवीणता प्रमाणपत्र तहमा स्वीकृत पाठ्यक्रममा पढाइने राष्ट्रनिर्माता कृतिको समीक्षा समावेश छ । २०६० सालमा माधव घिमिरेको जन्मोत्सवको अवसरमा प्रधानमन्त्री सूर्यबहादुर थापाको मन्त्रिपरिषद्ले राष्ट्रकवि भन्ने घोषणा गऱ्यो । कविशिरोमणि लेखनाथ पौडचाल पनि प्रजातन्त्रपछि राजा त्रिभुवनले औपचारिकता प्रदान गरी तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालासमेतले चारघोडे बग्गीमा नगर परिक्रमा (अभूतपूर्व) गराई पाँच हजार रुपियाँको थैली भेटी बक्स हुँदा लेखनाथ पौडचालले त्यो पुरस्कार राष्ट्रकै नाममा चढाए ।

युवावर्ष मोती पुरस्कारको सीमित रकम त्यसमाथि दुई जनाले बाँडेपछि त्यसै पनि कम भइहाल्यो तर सरकारी स्तर (कोषको अध्यक्ष भीमबहादुर अधिकारी र कोषाध्यक्ष मेरो आदरणीय दाइ (हाल स्वर्गीय) द्वारिकामान सिंह हुनुहुन्थ्यो । उहाँसँगको नाताले पुरस्कार सिफारिस गरिदिन (भनसुन) भनी मेरा साथीहरू पनि हरसाल

मकहाँ आउने गर्दथे तर मैले बुझिसकेको थिएँ, त्यहाँ स्वतन्त्र निर्णायक समिति छ, जसले पुरस्कारका लागि योग्य पात्रको चयन गर्दछ । युवा कोषको रकम तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले दिने पुरस्कारहरूको तुलनामा केही थिएन । तर सम्मान र पुरस्कारलाई भौतिकतामा गणना गर्ने होइन ।

नरेन्द्रराज प्रसाईले हालसम्म नब्बेवटा कृति छपाइसक्नुभएको छ । आठ सयभन्दा बढी स्वतन्त्र फुटकर रचनाहरू छन् । आफ्नो स्वतन्त्र व्यक्तित्व भएर चिनारी दिने इन्दिरा प्रसाईले पनि थुप्रै ग्रन्थ लेखी नेपाली साहित्यको श्रीभण्डार गरिसक्नुभएको छ ।

एकछिन माधव घिमिरेकै प्रसङ्गमा जोड्छु । मैले 'समय'का सम्पादक युवराज घिमिरेलाई 'जिम्मेवार सम्पादकले लेखनको गुणवत्ता हेर्नुपर्दछ, जे आयो त्यो छापे त सम्पादकको मानकता कहाँ रहन्छ ।' भनेको थिएँ । उनले विनम्रतापूर्वक 'हामी स्रष्टालाई केही दिन सक्दैनौँ तर एउटा नाम पनि दिन कन्जुस्याइँ गर्दछौँ । खण्डन पठाइदिनुहोस् म छाप्छु ।' तर 'समय' साप्ताहिक आकारको पृष्ठभूमिले मेरो प्रतिवाद छाप्न सम्भव नभएपछि 'गोरखापत्र'को शनिवासरीयमा पठाइदिएँ । प्रधान सम्पादक विजय चालिसे, कार्यकारी अध्यक्ष इन्दिरा प्रसाई हुनुहुन्थ्यो । पुछारमा घिमिरेकै कविता (गीत) उद्धहरण गरेको थिएँ, 'बाँसुरीलाई फुके पानी, फाले पनि निस्कने धुन त (कृष्ण भगवान्कै) सुरिलो नै हुन्छ ।'

'साङ्ग्रिला' पूर्णाङ्क २७ निस्केर २०५१/५२ सालतिर बन्द भयो । दुई सय अङ्क निकालेर राजा वीरेन्द्रको अन्तर्वार्ता छाप्ने 'रूपरेखा' (सम्पादक उत्तम कुँवर) मासिक बन्द होला भनी कसले सोचेको थियो ? उत्तम कुँवरको निधनपछि किशोर कुँवरले भरथेग गर्न खोज्नुभयो । बालमुकुन्ददेव पाण्डे (पछि 'गोरखापत्र'कै प्रधान सम्पादक) क्रमशः श्रीमती शान्ति कुँवरले नियमितता नदिएको होइन तर नियतिलाई मञ्जुर भएन ।

१९९१ सालको 'शारदा', ऋद्धिबहादुर मल्ल र साहित्यकारद्वय छोरा गोविन्दबहादुर मल्ल 'गोठाले' र प्राज्ञ विजय मल्लले पनि निरन्तरता दिन सकेनन् । बीचमा पछि 'धरती', 'प्रगति', 'इन्द्रेणी'जस्ता पत्रिका आए । निकाल्न पनि गाह्रो छ तर हुर्काउन झन् कठिन हुन्छ । नेपाली वाङ्मय साहित्यमा यही लागू भयो, भइरहेछ तर अत्यन्त सुखद प्रसङ्ग संवत् २०५२ माघ १५ गते 'नइ प्रकाशन'को विधिवत् स्थापना भयो । हेर्दा श्रीमान्श्रीमतीको नामको प्रथम अक्षरको योग पनि प्रस्टै बताएको छ । आफ्नो क्षमताअनुसार नेपाली भाषासाहित्य, कला, संस्कृति, ज्ञानविज्ञान, ललितकला, समाजसेवा, राष्ट्रिय चिन्तन, दर्शन, खेलकुदजस्ता राष्ट्रसँग जोडिएका एवं विविध क्षेत्रका स्रष्टा, प्रतिभाको खोजी, एवं तिनका अर्चनामा सतत अग्रसर हुने, त्यसका लागि अपेक्षित कार्यक्रम अटुट रूपमा क्रियाशील गर्ने लक्ष्यसहित 'नइ' सजग छ ।

अर्कातिर नरेन्द्रराज प्रसाईको योगदान कम छैन । ताप्लेजुङजस्तो सुदूर पूर्वउत्तर कुनामा जन्मेका प्रसाईले शिक्षा स्नातक गरे; जिन्दगी कुनै नोकरीमा नलागीकन स्वलेखन, भाषासाहित्य सेवामा समर्पण गरेका थिए । उनको लेखन विशेषत: जीवनीलेखनमा नै केन्द्रित रह्यो । यसै क्रममा राजादेखि रङ्कसम्म बिनाभेद नराखी आफ्नो अध्ययन अनुसन्धानबाट जस्तो देखे त्यस्तै लेखे ।

नइ प्रकाशनले नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको मात्र ग्रन्थ प्रकाशन गरेको छैन, स्थापनाकालदेखि अद्यावधि धेरै दुर्लभ कृति पनि छापिएका छन् ।

सञ्चारग्राममा स्थापित सालिक 'त्रिमूर्ति निकेतन' पनि नइ प्रकाशनको देन नै हो ।

नइले बर्सेनि 'नइ पुरस्कार'ले सम्मानित पनि गर्दछ । मेरै जिल्लाको नाटककार मनबहादुर मुखिया 'अनि देउराली रुन्छ' नाटक

लेखनको सफल प्रस्तुतिलाई पुरस्कृत गर्दा मेरो सार्थक उपस्थिति थियो । राष्ट्रकवि माधव घिमिरेदेखि, वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीदेखि सुप्रसिद्ध र देश देशान्तरमा योगदान दिने जसको लामो सूची छ । नइ पुरस्कारका लागि सुदीर्घ व्यवस्थापन भएको छ । नइ प्रकाशनले साढे दुई करोड रुपियाँ राशिको अक्षयकोष स्थापना गरेको छ ।

पच्चिस वर्ष छोटो पनि होइन र लामो पनि होइन । चौथाइ शताब्दी अविच्छिन्न रहनु एक दम्पतीको आपसी प्रेम र सद्भावको योग हो वा नइ प्रकाशनको उद्देश्य र बन्धनको प्रयोग हो, यसको व्याख्या नगरौँ । कामना गरौँ; यो जोडी सही सलामत रहोस्, सुदीर्घ रहोस्, सुयोग्य उत्तराधिकारीको रूपमा संस्थाको कोषाध्यक्षको जिम्मा लिन डा.कञ्चनजङ्घा प्रसाई अगि सरेका छन् । कालान्तरले नइको कीर्ति र कृतिलाई सम्झिदिए पुग्छ । 'नइ' मात्र ठाने नइको छोटो अर्थ नयाँ, नूतन, नवीन हुन्छ । 'नइ' पनि पुरानो नहोस्, सधैँ नयाँ सामर्थ्यसाथ रहेर स्वर्णवर्ष, हीरक महोत्सव र शताब्दी नै मनाओस् ।

# देशको पहिचान

## डा.अम्बिका अर्याल

'नइ प्रकाशन' नेपाली वाङ्मयलाई फुलाउने, फलाउने र फैलाउने प्रकाशन संस्था हो । नइ नेपाली भाषासाहित्यको क्षेत्रमा प्राज्ञिक उन्नयनको पाटो हो । नइ कलम समातेर उभिएका तर धरमराएका हातहरूलाई दरिलो तवरले उभ्याएर साहित्यिक यात्रामा अजरामर बनाउने प्रयत्न गर्ने संस्था हो । नइ नेपालभर रहेका हरेक लेखकलाई सकेसम्म सहभागी



गराई नेपाली वाङ्मयको इतिहासमा समान अवसर दिलाउन हरदम प्रयत्न गरिरहने जोडीको अग्राक्षरबाट निर्मित पहिचान हो; जुन नइ प्रकाशनलाई मात्र नभएर त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसनलाई जीवन्त बनाउन खटिरहेको छ ।

नइले विश्वनारी नेपाली साहित्य सम्मेलन जस्तो गरिमामय कार्यक्रमको आयोजना गरेर भाषासाहित्य, संस्कृतिलगायतका क्षेत्रमा विशेष योगदान पुऱ्याएका चर्चित व्यक्तित्वहरूलाई विभिन्न आभूषण, सम्मान तथा रथारोहणको कार्य गरेर नेपाली वाङ्मयको क्षेत्रलाई प्रज्वलित गर्ने कार्य मात्र गरेन; दूरदराजमा रहेर साहित्यकै क्षेत्रमा निरन्तर क्रियाशील रहेका, भविष्य नै यसमा समर्पित गरेका र गर्ने लक्ष्य बोकेका पुराना तथा नयाँ प्रतिभाको खोजी गऱ्यो ।

विश्वनारी नेपाली साहित्य सम्मेलनका लागि कम्तीमा एउटा पुस्तक प्रकाशन गरिसकेका साहित्यप्रेमीको खोजी गरिरहेको सन्दर्भमा म पनि नइको फोन कलमा पहिलो पटक जोडिन पुगेकी थिएँ । आदरणीय नरेन्द्रराज प्रसाईको कर्णप्रिय स्वर र पहिलो चिनजानमै चिरपरिचितलाई जस्तै गर्ने व्यवहारले म प्रभावित भएकी थिएँ । उहाँले सहज तरिकाले घरमै भेटघाटका लागि गरेको आह्वानमा असहज मान्दै गएका हामी जोडी (जीवन जीवन्तसहित)लाई नइको घरमा मिलेको पारिवारिक वातावरण र छोराछोरीलाई जैँ दिएको अर्ती उपदेशका साथै साहित्यका क्षेत्रमा अग्रसर हुन दिएको प्रेरणा आज पनि उस्तै ताजा बनिरहन्छ । उहाँहरूको लेखनमा देखिएको सक्रियता, नइ प्रकाशनले हालसम्म नेपाली वाङ्मयका क्षेत्रमा चालेका कदम तथा आगामी दिनका लागि समेत ठेलमठेल योजनाले पुष्ट बनेका ती दुईलाई देखिसकेपछि हामी दुईले पनि कतिपय कार्यप्रतिको लगनशीलता, धैर्य र निरन्तरताका प्रेरकका रूपमा नइलाई लिने गरेका छौँ ।

हिम्मत, लगनशीलता, सहनशीलता र सङ्घर्षले जस्तोसुकै असम्भव कार्यलाई सम्भव तुल्याउँछ । तर मानिस सामाजिक प्राणी हुँदाहुँदै पनि ठूलो समूहमा होचो र अग्लो, हुने र नहुने, सक्ने र नसक्ने, जान्ने र नजान्ने आदिका विभेद र खिचातानीले जतिसुकै हिम्मतिला र लगनशील ठहरिएकाले पनि कुनै काम सहजै फत्ते गर्न सकिरहेका हुँदैनन् । समूहमा काम गर्न उसै पनि कठिन छ । काम गरिहाले भने पनि जस लिने र दिनेबीचकै अर्को होडबाजी उस्तै हुन्छ । तर परिवारभन्दा पनि संस्थागत रूपमा उभिएका नइ जोडीका काममा भाँजो हाल्ने र खुट्टा तान्ने बाह्य तत्त्वको प्रभाव कति होला त्यो आफ्नो ठाउँमा होला, दुईको एकै लक्ष्य, एकै लय, एकै भूमिकामाथि कसैको कुदृष्टिको तागत चल्दैन ।

नइका दुईवटा कार्यक्रम २०७१ साल र २०७९ सालमा मलाई पनि उपस्थित हुने अवसर मिलेको थियो । साहित्य सम्मेलनसम्बन्धी यी कार्यक्रममा सहभागी सबैका अनुहार नइकै प्रशंसामा धपधप बलिरहेको अनुमान लगाउन सकिन्थ्यो । विभिन्न क्षेत्रका प्रतिभावान् सिर्जनशील व्यक्तित्वको क्षमता पहिचान गरी सम्मानित गर्ने नइको कार्यक्रमको शैली गज्जबको लाग्यो । नइमा न कुनै राजनैतिक द्वेष, न कुनै पार्टी तथा कार्यकर्ताको हालीमुहाली, न त नातावादकै गन्ध नै छ । निजी क्षेत्रबाट सञ्चालित भएर पनि सामाजिक बनेर कसैमा आफ्ना र परायको गन्धसमेत पर्न नदिई समभावले समेट्ने र सन्तुष्ट तुल्याउने नइको भव्य कार्यक्रमको सर्वत्र चर्चा चलिरहेको थियो । विगतदेखि वर्तमानसम्मका नइका कार्यको मूल्याङ्कन र त्यसको प्रशंसामै केन्द्रित स्रष्टाहरूका कुराकानीले साँच्चै नइको पदचापमा हिँड्ने प्रेरणा सबैलाई मिलिरहेको थियो ।

न कुनै नातासम्बन्ध, न कुनै चिनजान, पहिलो पटक भेटेको मान्छेलाई नइले कामको जिम्मा थमाइदिएपछि तिनकै उत्साहले मैले 'विश्वनारी सम्मेलनका कृति' शीर्षकको समालोचनात्मक पुस्तक तयार गरेकी थिएँ । नइले यसको प्रकाशन मात्र गरेन, मजस्ता भर्खर पखेटा फटफटाउँदै गरेका नेपाली वाङ्मयमा उदाउने तर्खरमा रहेका स्रष्टालाई ऊर्जा थप्ने काम गरेको थियो । त्रिमूर्ति निकेतनसँग जोडिएर कार्यपत्रको प्रस्तुति गर्ने मात्र होइन, मलाई 'त्रिमूर्ति पुरस्कार' तथा 'नइ रजत पदक' तथा सम्मान ग्रहण गर्ने सौभाग्यसमेत मिलेको थियो । यसबाट कुनै पनि कामको उचित मूल्याङ्कनकै भरमा पुरस्कृत हुने स्रष्टा कम छन्, हरेक पुरस्कारका पछाडि ठूलो राजनीति र नातावाद तथा लेनदेनको हिसाबकिताप लुकेको हुन्छ भन्ने भ्रमलाई नइकै कार्यले भने चिरेको मैले महसुस गरेकी थिएँ ।

जेहोस्, नेपाली वाङ्मयको क्षेत्रमा राष्ट्रिय स्तरबाट गरिनुपर्ने कार्यलाई निजी क्षेत्रले यसरी काँध थाप्नु अत्यन्त सराहनीय पक्ष हो ।

मान्छेले चाहे के गर्न सक्दैन र ? भन्ने दृष्टान्त बनेर सदा क्रियाशील बनिरहेका नइ जोडीजस्तै अरू निस्कने हो भने नेपाली भाषासाहित्यले जिउँदै मरेको अनुभूति गर्नुपर्ने थिएन । निराशाको बादललाई चिर्दै सुन्दर भविष्यको लयमा सदैव समर्पित यस जोडीको नइ प्रकाशन, त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसनको कदम झनै अनुकरणीय बनोस् । भावी पुस्तालाई सकारात्मक ऊर्जा दिँदै नेपाली भाषासाहित्यको उन्नयनमा यसले अझै फड्को मारोस् ।

हाम्रालाई भन्दा राम्रालाई समेटेर विभेदरहित एवं विशुद्ध तवरले भाषासाहित्यको हितमा धरमर नगरी यसै गरी सदैव नइ प्रकाशन अघि बढोस् । काखा र पाखाको नीतिलाई पर पन्छाएर ओझेलमा परेका प्रतिभालाई प्रोत्साहन गर्दै आगामी दिनमा पनि निरन्तर सक्रिय ढङ्गले नइ अघि बढ्न सकोस् । देशविकासका लागि पूर्वाधारको विकासलाई जति अनिवार्य मानिन्छ त्योभन्दा बढ्ता त्यस देशको भाषासाहित्य र संस्कृतिको विकास अपरिहार्य हुन्छ । देशको पहिचान नै यसमै अडेको हुन्छ भन्ने तथ्यलाई नभुली अग्रसर बनेका नइ प्रकाशनजस्ता संस्थाको संरक्षण र उन्नयनमा राज्यको नजर पनि पुगोस् ।

# तपस्या र समर्पणको सत्कार्य

**अशेष मल्ल**

सर्जक दुई प्रकारका हुँदा रहेछन् । एक थरीका सर्जक केवल सिर्जनामा रमाउँछन् । सिर्जना गर्छन् र आफ्ना सिर्जनामा हराउँछन् । आफ्नै सिर्जनामा सारा संसार देख्छन् । अर्का थरीका सर्जकलाई सिर्जना मात्र गरेर पुग्दैन । आफ्ना सिर्जनामा मात्र रमाउँदैनन् । तिनलाई अरू सर्जकको चिन्ताले पोलिरहन्छ । अरू सबै सर्जकहरूका



दु:खले चिमोटिरहन्छ । सर्जकका सम्मान र तिनका योगदानलाई जनजनमा पुऱ्याउन अहोरात्र लागिरहन्छन् । यस्ता सर्जक समाजमा थोरै हुन्छन् । नइ तिनै थोरैमध्ये एक हुन् । यी स्वयम्मा एउटा तपस्या हुन् ।

नेपाली साहित्यमा एक जना होनहार प्रतिभा, अब्बल सर्जक र स्वयम्मा सिङ्गो संस्था थिए मोतीराम भट्ट । तीस वर्षकै उमेरमा सामान्य मानिसले लगाउन नसक्ने गुन लगाएर गए । इतिहासमा सयौँ सर्जक जन्मिए । सयौँ सिर्जनाहरू छाडेर गए । अमर बने । त्यस्ता सर्जकको लहरमा मोतीराम केवल एउटा भिन्न पात्र हुन्, जो केवल आफ्नो सिर्जनामा मात्र रमाएनन् । उनलाई समग्र नेपाली साहित्यको उत्थान र संवर्धन गर्ने हुटहुटीले पोलिरह्यो । त्यसैले त त्यो सानै उमेरमा पनि राज्यले गर्न नसेकेको

काम गरेर गए, केकेचाहिँ गरेनन् । मोतीराम भट्ट नभइदिएका भए भानुभक्त आचार्य हुने थिएनन् । आफूले मात्र गजल लेखेर पुगेन उनलाई, एउटा जमातलाई नै जुरुक्क उठाए । यस्ता सर्जक कति जना नै हुन्छन् र साहित्यसमाजमा ?

मोतीराम भट्टको प्रसङ्ग सान्दर्भिक भयो अनि उठाउन मन लाग्यो । त्यस्तै उचाइ छोएको अनुभव हुन्छ यो समयमा नइ । अरु अर्को व्याप्ति; अर्को उचाइ ।

नइ आजको उचाइमा पुग्नुका अनेक सङ्घर्षका कथा हुन सक्छन् । त्यो नइलाई नै थाहा होला । कुनै दिन नइ दुई व्यक्तिको सयुंक्त नाम थियो । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई– दुई सर्जक । यो सर्जक जोडीलाई पनि केवल आफ्नो सिर्जनाले मात्र पुगेन । त्यसैले एउटा अभियान सुरु गरे । त्यो अभियानले यति व्याप्ति लियो, नइ व्यक्तिमा मात्र सीमित भएन । न कुनै नाममा मात्रै सीमित रह्यो । न कुनै नाम, न विशेषण । भविष्यमा पनाति पुस्ताले नइको अर्थ खोज्न थाल्दा कुनै शब्दकोशमा भेट्ने छैनन् । तिनले खोज्नुपर्छ इतिहासको ठेलीमा नइको अर्थ । त्यो इतिहास जसको निर्माण स्वयम् नइको तपस्याले गरिसकेको छ । अब नयाँ शब्दको निर्माण हुन पुगेको छ । शब्दकोशले समावेश गर्नैपर्ने त्यो नयाँ शब्दको नाम हो– नइ ।

नइ कुनै दिन नरेन्द्रराज प्रसाई थिए होलान् । इन्दिरा प्रसाई थिए होलान् । अब त्यो नाम ठूलो संस्थामा परिवर्तन भइसकेको छ । नइ व्यक्तिभन्दा माथि उठिसकेको छ । प्रकाशनको सीमाबाट उठेर विशाल वृक्षमा परिणत भइसकेको छ । व्यक्तिका दृष्टिले हेर्दा नरेन्द्र एक जना सर्जक, इन्दिरा पनि सर्जक । अरु भन्ने हो भने नइको इ अर्थात् इन्दिरा मेरो सहपाठी । तीस सालतिर हामी विराटनगरको महेन्द्र मोरङ्ग क्याम्पसमा सँगै पढ्थ्यौँ । हामी केही युवा साहित्यकारहरू मिलेर युवा साहित्यिक परिवार नामको जमात निर्माण गरेका थियौँ ।

त्यो बेलाकी इन्दिरा साहित्यको पुजारी त थिइन् नै ! सिर्जनशील प्रतिभा त थिइन् नै ! म देख्थेँ, इन्दिरा एउटी व्यक्तिमा मात्र सीमित थिइनन् । हामी उनका मित्रहरूभन्दा अलि भिन्न । अलि सेवाभावको मिश्रण । अरूको दु:ख देख्न नसक्ने । 'खोज्छन् सुख भनी सुख त्यो कहाँ छ, आफू मिटाई अरूलाई दिनु जहाँ छ ।' पङ्क्ति इन्दिराकै लागि लेखिएजस्तो । त्यो बेला उनको घर पाञ्चाली । मानौँ, कुनै धर्मशाला जस्तो । बिहानदेखि बेलुकासम्म भान्सा खुला । आदर्श घर, आदर्श मातापिता । इन्दिराको युवा ऊर्जा, समाज परिवर्तनका लागि समर्पण भाव अनि साहित्यका अनुरागी । सायद यिनै गुणले गर्दा हुन सक्छ हाम्रो मित्रतामा रहेको गाढापन । राजनीतिमा पनि उनको रुचि थियो । स्वतन्त्रताको पक्षधर । आँखामा देख्थेँ समाज परिवर्तनको ज्वाला । निडरपन, स्पष्ट वक्ता, सत्यको पक्षमा अटल, पिताजस्तैँ आदर्शवान् र आमाजस्तैँ सिर्जनशील । एउटा निकटको मित्र भएको कारण मैले नजिकबाट देखेको इन्दिराको विगत । उनको गुण वा विशेषता । नइका दुई सारथिमध्ये एक इका यिनै विशेषताले पनि अहम् भूमिका खेलेको हुनुपर्छ भन्ने मेरो अनुमान ।

नइका अर्का सारथि न अर्थात् नरेन्द्रराजसँगको विगतसँग म परिचित छैन । झापा विद्रोहका एक सहयोद्धा रहेको कुरा नपढेको होइन । काठमाडौँमा मेरो परिचय र चिनजान हुँदा उनी राजभक्त । विचारले म उनीभन्दा विपरीत । पञ्चायतको त्यो कालखण्डमा त्यही विपरीत विचारले गर्दा हामीबीच केही द्वन्द्वको सिर्जना नभएको होइन । युवा जोस हामी दुवैमा थियो नै ! स्वतन्त्रताका लागि मेरो यात्रा अलग थियो नै । विचारले भिन्न भएपछिको त्यो कटुता हुनु सायद स्वाभाविक पनि थियो । कालान्तरमा मैले देखेँ; उनको साहित्य र भाषाप्रतिको लगन, स्नेह भाव र ऊर्जा प्रवाह । उनको त्यो साहित्यिक यात्रामा कतै पनि राजनैतिक गन्ध देखिनँ । पूर्वाग्रह देखिनँ । निडर व्यक्तित्व । लोभ लालच र महत्त्वाकाङ्क्षाबाट टाढा,

सर्जकहरूप्रति भेदभावबिनाको सेवाभावले क्रमश प्रभावित हुँदै गएँ । यद्यपि राजनैतिक विचारका दृष्टिले अहिले पनि हामीबीच समानता छैन होला । तर नेपाली साहित्य, भाषा र समग्र सिर्जनाप्रतिको उनको लगाव, श्रम, ऊर्जा र समर्पण अचम्मलाग्दो छ । यी दुवैको त्यो ऊर्जा र समर्पण भावको कारण नइ आज यो उचाइमा छ ।

बारम्बार मनमा एउटा प्रश्न उठिरहन्छ । नइ नभइदिएको भए ? हुन्थे त यी... । त्रिमुर्ति निकेतनको परिकल्पना । लेखनाथ पौडयाल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाको रहरलाग्दा र गौरवमय सालिक । भावी पुस्ताका लागि एउटा अमर कृति ।

सत्यमोहन जोशी जनजनमा, नेपालीहरूका मनमनमा 'शताब्दी पुरुषको प्रेमिल विशेषण भएर रहन्थे कि रहन्नथे ।

कवि माधव घिमिरे राष्ट्रकविका उपाधिले सम्मानित हुन्थे ?

वानिरा गिरी प्रतिष्ठानको परिकल्पना पनि अधुरै रहने थियो सायद ।

अरुणा लामाको त्यो भव्य समारोह र अभिनन्दन नै कहाँ हुन्थ्यो होला ! कसले सम्झने उनलाई ?

अनेक अक्षयकोषको स्थापना । अनेक गौरवमय पुरस्कारको स्थापना । सयौँ सर्जकहरूको सम्मान । सयौँ पुस्तकहरूको प्रकाशन । अरू थुप्रै... !

कैयौँ महान् नेपाली लेखक, सर्जक र प्रतिभाहरूलाई नेपाली समाजले बिर्सिसकेको अवस्था छ । आफ्नो समयका त्यस्ता कैयौँ प्रतिभाहरूलाई न राज्यले सम्झन्छ, न जनजनको स्मृतिमा नै ती बाँच्न सके । स्कुल क्याम्पसका पाठ्यक्रमका पानाहरूमा पनि अट्न नसकेका त्यस्ता सर्जकहरू अब पुस्तकालयका थोत्रा दराजमा मात्र सीमित हुँदै छन् । नइले त्यस्ता कैयौँ महान् स्रष्टाहरूलाई जनजनको

स्मृतिमा रहिरहने कार्य गरेको छ । माधव घिमिरे र सत्यमोहन जोशीले पनि अरू लेखकहरूकै नियति भोग्नुपर्थ्यो होला । जसरी विजय मल्ल, गोविन्द मल्ल 'गोठाले', दौलतविक्रम विष्ट, भूपी शेरचन, धर्मराज थापा आदिआदिलाई बिर्सिसके जनमानसले । नेपाली साहित्यकारहरूको विडम्बना नै भन्नुपर्छ समाजका लागि कैयौँ अमर कृति दिए पनि ती केवल साहित्यको सीमित घेरामा नै रहन्छन् । सायद सत्यमोहन जोशी मात्र त्यस्ता साहित्यकार होलान् जो सारा नेपालीहरूको मनमनमा जीवित भएर गए । शताब्दी पुरुषको उपाधिले विभूषित नभइदिएका भए उनी पनि अन्य साहित्यकारहरूकै लहरमा क्रमश: बिर्सँदै जाने पात्र हुन्थे होलान् । नइको यो गुन बिर्सिनसक्नुको छ ।

पच्चिस वर्षको यात्रामा नइ व्यक्तिबाट उठेर एउटा सिङ्गो र बृहत् प्राज्ञिक संस्थामा परिणत भइसकेको छ । यसको व्याप्तिलाई हेर्दा जनस्तरको एकेडेमीको दर्जामा पुगेको अनुभव हुन्छ । मान्छेको जिन्दगीमा पच्चिस वर्ष भनेको थोरै होइन । पारिवारिक दायित्व, सामाजिक कर्म आदिले एउटा जिन्दगी एक पलमा बितेको थाहै हुँदैन । अधिकांश मानिसले गर्ने यही हो । थोरै मानिसहरू मात्र समाजका लागि आफ्ना अमूल्य समय समर्पण गर्छन् । त्यस्तै औँलामा गनिने नामहरूकै लहरमा नलिई नहुने नाम हो– नइ ।

जबजब नइगृहमा जान्छु; देख्छु, त्यो सिङ्गो घरले एउटा अमर इतिहास निर्माण गर्दै छ । भावी पुस्ताले त्यो घरको इँटाइँटामा कुँदेको पाउनेछन् तपस्या, समर्पण, सङ्घर्ष र कैयौँ कठोर कर्महरूको नालीबेली । इन्दिरा र नरेन्द्रका सत्कर्म, सत्सङ्ग र निष्काम कर्मका अनेकअनेक अभिलेखहरू पाउनेछन् त्यो घरका इँटाइँटामा ।

कृष्णले भनेका निष्काम कर्मका असल पात्रहरू ।
कर्मण्य वाधिकारस्ते मा फलेशु कदाचन...
मैले अनुभव गरेको नइको सत्कर्म !

# चन्द्र र सूर्य

## आयुष्मान शाक्य 'सम्मान'

नरेन्द्रराज प्रसाईलाई मैले चिनेको साझा प्रकाशनबाट हो । २०४४ सालतिर त्यस बखतको सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को मुखपत्र 'उपकार' पत्रिका छपाउन उहाँ साझा प्रकाशनमा आउनुहुन्थ्यो । त्यसै बेलादेखि नै उहाँ अत्यन्त रमाइलो र ख्यालठट्टा गर्नुहुन्थ्यो । उहाँ साझाको बाहिरी मूल ढोकामा पस्नुभएको हामी भित्र बसेर काम गरिरहेकाहरूले चाल पाउँथ्यौँ । किनकि उहाँ बाहिरबाटै सबैसँग हाँसठट्टा गर्दै, ठूलठूलो स्वरले सबैसँग हाई, हलो गर्दै आउनुहुन्थ्यो । सानो पदका कर्मचारीसँग पनि उहाँले साथीभाइको व्यवहार देखाउनुहुन्थ्यो । उहाँ साझामा आउनुहुँदा हामी कर्मचारीहरूलाई रमाइलो लाग्थ्यो र उहाँको काम खुसी मानेर समयमा नै सिद्ध्याइदिन्थ्यौँ । त्यतिखेर उहाँ स्वयम्ले लेख्नुभएका कृतिहरू 'मेरो प्यारो कन्चनजङ्घा', 'ज्ञानज्योति' अरू नाम त बिर्सिएँ, यसरी धेरै कृतिहरू साझा प्रकाशनमा छपाउनुभएको थियो । उहाँलाई चुरोट खाने मान्छे पटक्कै मन पर्दैनथ्यो । कोहीकोही हाम्रा साथीहरू चुरोट खाने बानी भएकाहरूलाई उहाँ चुरोट नखान सम्झाउनुहुन्थ्यो र कतिलाई चुरोट छुटाउनुभएको पनि मलाई थाहा छ ।



त्यतिखेर म साझा प्रकाशनमा कम्पोजिटरका रूपमा काम गर्थें । मेरा बुबा दानमान शाक्य बाइन्डिङमा काम गर्नुहुन्थ्यो । एक दिन नरेन्द्रराज प्रसाई साझा प्रकाशनका छापाखाना प्रमुख प्रबन्धकुमार शाक्यसहित बाइन्डिङ शाखामा आउनुभयो । ठाउँठाउँमा च्यातिन थालेको कलेजी रङको कभर भएको डायरी छापाखाना प्रमुखले मेरा बुबालाई दिनुभयो । नरेन्द्रराज प्रसाईलाई नमस्कार गर्न म उहाँका छेउमा जाँदा उहाँले मलाई भन्नुभयो– 'रानीको डायरी मकाइसकेको रहेछ र बनाउन ल्याएको नि, भाइ !' मेरो बुबाले पानापाना मिलाएर डायरी सम्याउन थाल्नुभयो । मैले हेरिरहेको थिएँ, डायरीका प्रत्येक पानामा कविता, गीत, लेख केके लेखिएको रहेछ । पुच्छारतिर ऐरालदे शाह लेखिएको हो कि जस्तो लाग्छ मलाई र ती अक्षर कलात्मक पाराका थिए । रानीको डायरी नबनाइन्जेल उहाँ मेरो बुबाबाट एक फुट पर बस्नु भएन र आँखा झिमिक्क पनि नगरी त्यहीँ छेउमा उभिइरहनुभएको थियो । डायरी नयाँ पारेर नरेन्द्रराज प्रसाई साझाबाट जानुभयो । त्यसपछि हामी कर्मचारीहरूले उहाँको तारिफ गरिरह्यौँ र उहाँको बफादारिताको मैले त सधैँ नै तारिफ गरिरहेँ ।

नरेन्द्रराज प्रसाई मेरो काममा सन्तुष्ट हुनुहुन्थ्यो र मलाई तारिफ गरेर फुर्क्याउनु पनि हुन्थ्यो । २०५१ सालमा कम्प्युटरको काम सिकेर कम्प्युटर शाखामा म सरुवा भएँ । त्यसपछि कम्प्युटरबाट उहाँका कृतिहरू टाइप तथा सेटिङ म नै गरिदिन्थेँ । मेरो काम गराई उहाँलाई साह्रै मन पर्दथ्यो । समय बित्दै जाँदा उहाँसँग मेरो घनिष्ठता बढ्दै गयो । पछि नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई दुई जना मिलेर नइ प्रकाशनको स्थापना गर्नुभएको थियो । त्यसपछि मैले पार्ट टाइमको रूपमा नइ प्रकाशनमा काम गर्न थालेँ । नइ प्रकाशनमा सम्पूर्ण कृतिहरू कम्प्युटर टाइप गरी डिजाइन गर्न थालेँ । नइ प्रकाशनमा काम गर्दै जाँदा कामदार होइन, नइपरिवारको म एउटा

सदस्यजस्तै हुन पुगेँ । मलाई नइले भाइ बनाएर अति नै माया दिनुभयो । नइले कृति छपाउँदा व्याकरण शुद्धिका साथै सुन्दरतामा पनि अति ध्यान दिने गरेको मलाई पनि साह्रै मन पर्थ्यो । एउटै लेखलाई पनि दस चोटि करेक्सन गरी सुन्दर किसिमले पेज सेटिङ गराउने नइको काम मेरा लागि पनि गुरु हुन थाल्यो । नइलाई अरूले पेज सेटिङ गरेको मन पर्दैनथ्यो । त्यसैले अरूले सेटिङ गरिसकेको नइ प्रकाशनका काम पनि मलाई फेरि एक चोटि दोहोऱ्याएर सेटिङ गराउने चलन थियो ।

नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईको सामीप्यमा रहेर राष्ट्रकै गौरवमय संस्था नइ प्रकाशनमा आबद्ध रही त्यस संस्थाबाट प्रकाशित हुने कृतिको कम्प्युटर टङ्कनको काम गर्न पाउनु मेरा लागि ठूलो सौभाग्यको अवसर हो । यसमा मैले आफूलाई भाग्यमानी ठानेको छु ।

नरेन्द्रराज प्रसाईको हातमा लेख्ने कागज र कलम कहिल्यै खाली हुँदैन, उहाँ सधैँ लेखेरै बसिरहने गर्नुहुन्थ्यो । उहाँले लेखी सिद्ध्याउनासाथ मलाई टाइप गर्न दिनुहुन्थ्यो, म तुरुन्तै टाइप गरेर उहाँलाई दिइहाल्थेँ । त्यतिखेर नइ प्रकाशनमा मुठाका मुठा कलमहरू किनेर राखेको हुन्थ्यो । घरैभरि, कोठैभरि, टेबुलटेबुलमा छताछुल्ल कलमहरू छरिइरहेका हुन्थे । जतिसुकै महँगो भए पनि राम्ररी नसरेका कलमलाई नरेन्द्रराज प्रसाईले भाँचेर तुरुन्तै फालिदिइहाल्नुहुन्थ्यो । नरेन्द्रराज प्रसाईको कलम पारखीको विषयलाई लिएर प्रा.डा.रामप्रसाद उप्रेतीले 'थोत्रा कलम' शीर्षक राखेर एउटा कृति नै निकाल्नुभएको थियो र त्यस कृतिको टाइप र सेटिङ मैले नै गरेको थिएँ ।

नरेन्द्रराज प्रसाई आफू मात्र लेख्ने होइन, अरूलाई पनि लेख्न प्रेरणा दिइराख्नुहुन्थ्यो । लेखिएका लेख, रचनाहरू छापि पनि दिनुहुन्थ्यो । लेख, रचना मात्र नभएर सिङ्गो कृति नै लेखाएर नइ प्रकाशनबाट छापिदिएर थुप्रै नव साहित्यकारहरू जन्मिएका छन् ।

मलाई पनि लेख्नुपर्छ भनी हौसला दिएर लेखाउनुहुन्थ्यो । उहाँले दिनुभएको हौसलाका कारण फाट्टफुट्ट कविताहरू मैले पनि लेख्न थालेँ । नइ प्रकाशनबाट प्रकाशित 'भानुमोती'मा मेरा दुईवटा कविताहरू दुई चोटि छापिएका थिए ।

नरेन्द्रराज प्रसाईले मात्र होइन इन्दिरा प्रसाईले पनि नव लेखकहरूलाई कलम चलाउनमा उत्तिकै प्रेरणा दिने गरेको मलाई थाहा छ । एक चोटि एक जना नवलेखकलाई 'लेखनमा निरन्तरता दिनुपर्छ, जसले निरन्तरता दिन्छ ऊ नै सफल बन्छ' भनेर 'कछुवा र खरायो'को उदाहरण दिएर उहाँले भन्नुभएको कुरा मैले अझै बिर्सिएको छैन । मैले एउटा बौद्ध ज्ञानसम्बन्धी लेख लेखी टाइप गरेर इन्दिरा प्रसाईलाई पढ्न दिएको थिएँ । उहाँले त्यो लेख पढेर 'अति नै राम्रो छ, फेरिफेरि पनि लेख्ने गर्नू' भनेर मलाई हौसला दिनुभएको थियो । त्यसपछि मैले बौद्ध दर्शनसम्बन्धी ज्ञानका लेखहरू लेख्न थालेँ । ती लेखहरूलाई सङ्ग्रह गरेर 'धम्मजीवन' नामको २०७८ सालमा मैले एउटा पुस्तक पनि छपाएँ ।

नइ प्रकाशनमा काम गर्दै जाने क्रममा मैले पनि विभिन्न पदक तथा सम्मान पाएको थिएँ– १. तत्कालीन युवराजाधिराज दीपेन्द्रवीरविक्रम शाहको तीसौँ शुभजन्मोत्सव स्मृतिचिह्न (२०५७), २. अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन स्मृतिचिह्न (२०६६), ३. महाकवि देवकोटा शताब्दी स्वर्णपदक (२०६७), ४. त्रिमूर्ति सेवा पदक तथा नगद पुरस्कार (दुई पटक : २०७१ र २०७२), ५. आदिकवि भानुभक्त स्वर्णपदक (नेपाल सरकारबाट २०७१), ६. सत्यमोहन जोशी शताब्दी पदक (२०७३) र ७. नइ रजत महोत्सव पदक (२०७८) ।

•

नरेन्द्रराज प्रसाई त्यतिकै बसिरहँदा पनि नयाँनयाँ योजना सोचिरहने र आफूले सोचेको योजनाबारे इन्दिरा प्रसाईलाई सुनाउने

गर्नुहुन्थ्यो । इन्दिरा प्रसाईले त्यसबारे सल्लाह सुझाव दिने गर्नुहुन्थ्यो । त्यसपछि नइबाट ती योजनाहरू कार्यान्वयन गरेरै देखाउने काम हुने गर्थ्यो । त्यसैले त कसैले नसोचेका, नगरेका अत्यन्तै ठूलठूला कामहरू पनि नइबाट हुने गरेका हुन् ।

नइको कम्प्युटर कोठा निकै चिसो भएकाले जाडोमा काम गर्न मलाई निकै गाह्रो भइराखेको थियो । मैले नरेन्द्रराज प्रसाईलाई भनेको थिएँ– 'चिसोले गर्दा काम गर्न गाह्रो भइराखेको छ । एउटा सानो हिटरको व्यवस्था गरिदिनुस् न !' लगत्तै उहाँले 'हेर भाइ ! अहिले हाम्रो संस्थासँग रकम अभाव छ । हामी ठूलो योजनामा लागिराखेका छौँ । हाम्रो योजना सफल नभएसम्म हामीले फजुल खर्च गर्नु हुँदैन । पछि व्यवस्था होला नि ! पख न पछि म तिम्रो माग पुऱ्याइदिइहाल्छु नि, पहिला मलाई त्रिमूर्ति त बनाउन देऊ पासा !' भनेर भन्नुभयो । नइ जोडी त्यति बेला सञ्चारग्राममा त्रिमूर्ति स्थापना गर्न भ्याईनभ्याई कुदाकुदमा रहेको मैले देखिरहेकै थिएँ । त्रिमूर्ति निकेतन स्थापनाका लागि नइले अति दुःख गरेको, कष्ट सहेको, निकै दौडधुप गरेको मलाई थाहा छ ।

नइदम्पतीले थालनी गरेको काम पूरा नभएसम्म उहाँहरू आनन्दसँग बस्नुहुन्न । जतिखेर पनि त्यही कामको बारे चिन्तन गरिरहनुहुन्थ्यो । त्यतिखेर उहाँहरूलाई भोक पनि लाग्दैन, तिर्खा पनि लाग्दैन, निद्रा पनि लाग्दैन । नरेन्द्रराज प्रसाई पिसाप पनि रोकीरोकी आफ्नो लक्ष्यको काममा निरन्तर लागिरहनुहुन्छ । उहाँ काम गरेर कहिल्यै थाक्नु भएन । काम गर्न र गराउनमा उहाँ अति नै जिद्दी हुनुहुन्छ । अडान लिएर काम थालेपछि बीचमा छोड्ने बानी उहाँमा छैन, मलाई पनि काम नसकी कम्प्युटर बन्द गर्ने अधिकार थिएन । जतिसुकै ठूलाठूला असम्भवजस्तो देखिने कामलाई पनि आँट गरेर उहाँले सफल पार्नुहुन्थ्यो । 'तपाईं त राति पनि सूर्यलाई उदाउन लगाउन प्रयास गर्ने मान्छे' भनेर कहिलेकाहीँ म

भन्ने गर्थें र उहाँ हाँस्नुहुन्थ्यो । उहाँले पनि 'मलाई साहित्यकार बनाएकै तिमीले हो नि ! तिमीले यसरी टाइप नगरिदिने हो भने मलाई यसरी लेख्न पनि त जाँगर चल्दैन थियो नि, मेरो भाइ' भनेर मलाई फुर्क्याउनुहुन्थ्यो । कहिलेकाहीँ नइदम्पती नै कम्प्युटर कक्षमा आएर भन्नुहुन्थ्यो– 'आयुष्मान भाइले हामीलाई लेखक बनाउन धेरै परिश्रम गरेका छन् र नइ प्रकाशनको इज्जत बढाउने काम पनि आयुष्मान भाइबाट धेरै भएको छ ।' हुन पनि बडा निष्ठापूर्वक म नइ प्रकाशनको काम गरिरहेकै हुन्छु । कामको चाप भएका बेला या सभासमारोह र सम्मेलनहरू भएका बखत प्राय: दैनिक पन्ध्र घण्टासम्म पनि मैले नइमा काम गर्ने गरेको छु । काम गरेअनुसार नइबाट मैले प्रशस्तै माया र इज्जत पनि पाएको छु । नइ प्रकाशनमा आएका ठूलाबडासँग पनि चिनाउँदै नइले भन्ने गर्नुहुन्थ्यो– 'आयुष्मान शाक्य भनेका यिनै हुन्, यी नइलाई चारैतिर पुऱ्याउने अर्को बैशाखी हुन् ।'

नरेन्द्रराज प्रसाईको जीवनको लक्ष्य भनेकै साहित्य र स्रष्टा उत्थानको काम हो । त्यसैले उहाँ यसै कामका लागि समर्पित भएर दिनरात नभनी भोकप्यास बिर्सेर लागिराखेको मलाई थाहा छ । आफ्नो काममा ऊर्कोफर्को गरेको, काम गरेर थाकेको मैले कहिल्यै देखिनँ । कृषिकर्ममा निरन्तर लागिरहने, कहिल्यै नथाक्ने र काम गर्न सक्नेलाई 'ज्यापू' (ज्या याय् फु) अर्थात् काम गर्न सक्ने भनेर सम्बोधन गर्छन् तर वाङ्मयको क्षेत्रमा अनवरत समर्पित रही नेपाली भाषा, साहित्यसेवाको काममा निरन्तर रूपमा लागिपर्न सक्ने, काम गरेर कहिल्यै नथाक्ने, नेपाली वाङ्मय कर्मवीरपुरुष नरेन्द्रराज प्रसाईलाई के शब्दको उपाधि दिएर विभूषित गर्दा उपयुक्त हुन्छ, त्यो शब्द शब्दकोशमै नभेटिएला जस्तो लाग्छ । त्यसैले होला उहाँले अरू स्रष्टाहरूलाई विभिन्न उपाधि दिएर विभूषित गर्दै जाने तर अरूले अहिलेसम्म उहाँलाई कुनै पनि उपयुक्त उपाधि प्रदान गरी विभूषित गर्न पाएको छैन । हुन त अनौपचारिक रूपमा

उहाँलाई धेरै काम गर्न सक्ने भएकाले 'बाघ मान्छे', 'भूत पुरुष' आदिको उपमा दिएर सम्बोधन गरिएको लेख यदाकदा मैले टाइप गर्न पाएको थिएँ । तर औपचारिक रूपमा कतै, कुनै संस्था वा व्यक्तिद्वारा उहाँलाई सम्मानित उपाधिले विभूषित गरेको छैन । हुन त आकाशमा उदाउने सूर्य र चन्द्रलाई अरू कुनै नामको उपमा दिएर विभूषित गरिराख्नु पर्दैन । तिनीहरूले गरिराखेको काम नै तिनीहरूको परिचय हो र सम्पूर्ण प्राणीजगत्को पूज्य नक्षत्र हो । त्यसरी नै नइ नेपाली साहित्याकाशमा बेजोडको साहित्यिक नक्षत्र बनेर उदाएको छ ।

नइले नेपाली साहित्यलाई ज्योति प्रदान गरेको छ, न्यानो माया दिएको छ, शीतल छाया दिएको छ, साहित्यलाई ऊर्जा प्रदान गरिराखेको छ । नइ वाङ्मय क्षेत्रको सूर्य र चन्द्र भई स्वयम् सम्मानित छ । नइले आफ्नो काम गरेर आफ्नो परिचय दिइराखेको छ । नइले गरेका कामबाट नै स्वयम् सम्मानित भइराखेको छ । त्यसलाई अरू कसैले सम्मान उपाधि दिइराख्नुपर्छ भन्ने नलागेकाले नै उहाँहरूलाई अहिलेसम्म कसैले पनि कुनै उपाधि नदिएको होला ।

यसै प्रसङ्गमा नइबाट पनि साहित्यिक सङ्घसंस्थाबाट पुरस्कार नथाप्नेबारे छापामा आएको एउटा विज्ञप्ति मैले पढेको थिएँ– 'देशदेशान्तरमा नेपाली भाषासाहित्यको श्रीवृद्धिहेतु गठित कुनै पनि सङ्घसंस्थाबाट हामीले पुरस्कार तथा सम्मान ग्रहण नगर्ने निर्णय गरेका छौँ । केही सङ्घसंस्थाहरूबाट स्रष्टाहरू सम्मान या पुरस्कार या अभिनन्दन लेनदेनमा समाहित भएको समेत पनि देखिएकाले विविध दोषबाट जोगिने र नइ प्रकाशन, त्रिमूर्ति निकेतन तथा वानीरा फाउन्डेसनलाई आरोपप्रत्यारोपबाट जोगाउने अभिप्रायले समेत हामी यो निर्णयमा पुगेका हौँ । हामी नइले मन, वचन र कर्मले खाईनखाई स्थापना गरेका संस्थाउपर कसैले हिलो छयाप्न नपाऊन्, राजनीतिक रङ दल्न नपाऊन् र खोँचे थापेर लाञ्छना लगाउन नसकून् भन्ने हाम्रो चाहना हो । यी अनेक दोषबाट अलग्गिएर

संस्थाको मर्यादा जोगाउनु हामीले हाम्रो प्रमुख कर्तव्य ठानेको बेहोरा पनि सृजनशील, बौद्धिक र प्राज्ञिक समाजसमक्ष पेस गरेका छौँ ।'

नइले फलको आशा गर्दैन र आफ्नो कर्मलाई मात्र विश्वास गर्छ । यसको काम नै विचित्र ढङ्गका हुन्छन् र सबै काम सयकडा सय सफल भएका हुन्छन् । नइका कामको प्रतिबिम्ब हेर्न नइद्वारा आयोजित सभासम्मेलन हेरे पुग्छ । नइद्वारा आयोजना गरिने कुनै पनि कार्यक्रममा आमन्त्रित पाहुनाहरू सिट नपाएला कि भनी निर्धारित समयमा नै उपस्थित भइसक्छन् । जसले गर्दा कार्यक्रम सुरु हुनुअगावै आमन्त्रित पाहुनाहरूले सभाहल खचाखच भरिइसकेको हुन्छ । नइले प्राय: सबै कार्यक्रमहरू निर्धारित समयमा नै सुरु गरेर निर्धारित समयमा नै टुङ्ग्याउने गर्छ । नइले सानातिनादेखि ठूलठूला कार्यक्रम मात्र होइन अन्तर्राष्ट्रिय स्तरसम्मको कार्यक्रम सफलताका साथ सम्पन्न गरिसकेको छ । नइद्वारा आयोजित यस्ता कुनै पनि कार्यक्रमहरूमा नरेन्द्रराज प्रसाई आफू गजधम्म परेर मञ्चासीन भएको मैले कहिल्यै देखिनँ; यो उहाँको महानता हो । बरु उहाँ आफू पाहुनाहरूको रेखदेख गर्ने, सिट नपाएकाहरूलाई सिट मिलाइदिने, पानी पुऱ्याइदिने, अशक्त छन् भने तिनको सजिलोका लागि हरतरहका प्रयास गर्ने, आफूलाई सिट पाए सिटमा बस्ने नभए उभिएरै समय कटाउनुहुन्छ । उहाँ कार्यक्रम अवधिभर पाहुनाहरूको माझमाझमा घुलमुलिइरहनु भएको देखिन्छ ।

नइगृह एउटा साहित्यिक मन्दिर त हो नै ! नइ साहित्य मन्दिरमा ठाउँठाउँमा पुस्तकहरू सजाइराखेका साथै नइ पुस्तकालयको लागि छुट्टै एउटा कक्ष पनि बनाइएको छ । नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाई अर्थात् नइलाई सधैँ साहित्यको नशा लागिरहेको म पाउथेँ । साथै उहाँहरू समयको महत्त्व बुझ्ने व्यक्तित्व र समयलाई ख्यालमा राखी समयलाई खूब सदुपयोग गर्ने स्रष्टाहरू हुनुहुन्छ । उहाँहरूले जाडोमा घाम ताप्ता र गर्मीमा शीतल छायामा बस्दा पनि

केही न केही लेखिराख्ने वा पढिराख्ने गर्ने बानी भएको मैले देखेको छु । उहाँहरूले केही पनि नगरी त्यतिकै समय खेर फालेको मैले कहिल्यै देखेको छैन । प्राय: नेपालीहरूको बानी 'नेपाली समय' भनेर समयलाई त्यति वास्ता गर्दैनन् । त्यस्ता व्यक्तिलाई शिक्षा दिन हो कि आफूहरू समयप्रति सजग हुन हो नइ साहित्यमन्दिरको हरेक भित्ताभित्तामा समयसूचक यन्त्र घडी टाँगिएका छन् । नइका चारैवटा साना ठूला बैठक कोठाहरू, पूजा कोठा, सुत्ने कोठा, भान्छा कोठामा मात्र नभएर सबै शौचालय या बाथरुमहरूको भित्ताभित्तामा समेत घडीले ठाउँ पाएका छन् । जसले गर्दा नइ साहित्यमन्दिरले साहित्य अनुष्ठान मात्र नभएर समयको महत्त्वको पनि प्रदर्शनी गरिराखेको मेले पाएको छु । यसै प्रसङ्गमा नरेन्द्रराज प्रसाईले मलाई भन्नुहुन्छ– 'हेर पासा ! समय फर्केर आउँदैन र समयले पर्खँदैन । त्यसैले मचहिँ पूजा गर्दा पनि, नुहाउँदा पनि, खाँदा पनि, सुत्दा र उठ्ता पनि सकेसम्म घडीकै समयअनुसारै चल्छु । म सधैँ राति नौदस बजे नै सुतिसक्छु र सातदेखि आठ घण्टासम्म सुत्छु तर दिउँसोचाहिँ सुत्दिनँ ।'

माथि आकाशमा सूर्य, चन्द्र छेक्नका लागि बादल लागेजस्तै नइलाई पनि कहिलेकाहीँ बादल लाग्ने गर्छ । तर नइको तेजको अगाडि क्षणभरमै विलीन हुन बाध्य हुन्छ । नइलाई गालीगलौज गर्नेहरू पनि छन् । यसबारे नरेन्द्रराज प्रसाई भन्नुहुन्थ्यो– 'नइलाई गरेको गालीगलौज नइका लागि मलजल हो । जति बढी गालीगलौज आयो उति नै बढी नइ सप्रन्छ ।' कुकुरले भुक्दैमा हात्तीले गति नरोकेझैँ नइका विरोधीले जतिसुकै विरोध गरे पनि नइले आफ्नो गन्तव्यमा लम्कन जानेको छ ।

यी त भए साहित्य र स्रष्टा उत्थान गर्नका लागि नइले आफ्नो पूरै जीवन समर्पण गरिराखेका कुरा । व्यावहारिक पक्षमा नरेन्द्रराज प्रसाई अत्यन्तै कोमल हृदयको व्यक्ति हुनुहुन्छ । अरूको दु:ख

सुन्नासाथ उहाँको आँखा रसाइहाल्छन् । भावुक बनेर उहाँ आफूले सकेको सहयोग र सल्लाह दिनुहुन्छ । कहिलेकाहीँ उहाँले आफ्नो दु:ख पनि मलाई सुनाउनुहुन्थ्यो । उहाँ हाँसीहाँसी रुन र रोईरोई हाँस्न सक्ने व्यक्ति हुनुहुन्छ । यस्तै प्रसङ्ग राखेर उहाँले एउटा गीत पनि रच्नुभएको छ । हुन त उहाँले रच्नुभएका प्राय: गीतहरू विरह र दु:खले भरिएका छन् । आफूले रचेको गीत रेडियोबाट बज्दा उहाँका आँखा रसाएका मैले देखेको छु र उहाँ रोएको पनि मैले देखेको छु । उहाँ गीत लेख्ता मुटुबाटै लेख्नुहुन्थ्यो सायद । अहिलेचाहिँ उहाँले गीतलेखनलाई अलिकति विश्राम दिएर जीवनी र निबन्ध विधातिर आफ्नो कलमको मसी बढी खर्चिराखेको जस्तो मलाई लाग्छ ।

नरेन्द्रराज प्रसाई आमा भागीरथा प्रसाईको अत्यन्तै ठूलो भक्त हुनुहुन्थ्यो । आमाको सेवा गर्ने नइदम्पतीजस्ता मान्छे मैले अरू देखेको पनि थिइनँ । म कम्प्युटरमा बसेका बेला मेरा कोठामा आमा भागीरथा प्रसाई आइरहनुहुन्थ्यो । आमा कम्प्युटर कोठामा पसेर 'ए पाटनर !' भनेर मलाई भन्नुहुन्थ्यो । त्यहाँ आफ्नो छोरालाई देखिएन भने 'खोइ मेरो छोरा ?' भनेर मलाई सोध्नुहुन्थ्यो । म 'बाहिर जानुभएको छ आमा !' भनेर जबाफ दिन्थेँ । त्यसपछि उहाँ आफ्ना छोरा र बुहारीलाई प्रशंसा गरेर कुरा गर्न थाल्नुहुन्थ्यो । उहाँले मसँग आफ्नी बुहारीको बयान गरिरहनुहुन्थ्यो । 'यस घरको सबै व्यवहार मेरी बुहारीले धानेकी छिन्, प्रोफेसर भएर पनि सानी हुन जानेकी छिन् मेरी बुहारीले' भन्नुहुन्थ्यो । 'इन्दिरा मेरी बुहारी होइन, आमा हो' भन्नुहुन्थ्यो । नइ प्रकाशनप्रति पनि आमालाई गर्व थियो । नइको लोगो देखाएर 'यहाँ मेरी बुहारीको नाम छ नि' भन्नुहुन्थ्यो । नइ प्रकाशनमा आउनेहरूले आमालाई पनि भेट गर्थे । नइगृहमा मान्छे आउँदा 'मेरा छोराबुहारीका इष्टमित्र आए' भनेर आमा खुसी हुनुहुन्थ्यो । उहाँले मेरो दु:खसुख र घरपरिवारप्रति पनि चासो राखिरहनुहुन्थ्यो ।

इन्दिरा प्रसाईकी आमा दुर्गादेवी नेपाल घरीघरी काठमाडौँ आउनुहुन्थ्यो । आएका बेला पाँचसात महिना उहाँ नइगृहमा नै बस्नुहुन्थ्यो । इन्दिरा प्रसाई बिहानको क्याम्पस पढाउन गएका बेला उहाँकी आमाले नै बिहानको भात पकाउनुहुन्थ्यो । भान्सामा अरू सबै तिहुन, तरकारी पकाउने त सुमित्रा चौधरी थिइन् । तर पनि सम्धिनीले नै सम्धिनीलाई भात पकाएर, पस्केर खुवाएको मैले सुनेको थिइनँ । आमा दुर्गादिवी नेपालले खाना खान बोलाएपछि दङ्ग परेर आमा भागीरथा प्रसाई खाना खानका लागि भान्सा कोठामा जानुहुन्थ्यो । नरेन्द्रराज प्रसाईले पनि आफ्नी सासूलाई धूमधाम सम्मान र स्नेह गर्नुहुन्थ्यो ।

नइ प्रकाशनको कुरा गरेर म कहिले पनि थाक्तिनँ । नइसँग मैले झन्नै सत्ताइस वर्ष बिताएको छु । नइगृहमा हरेक बिहान नौ बजेतिर श्यामदास वैष्णव आउनुहुन्थ्यो । उहाँको दैनिक बिहानको खाजा नइगृहमा नै हुने गर्थ्यो । इन्दिरा प्रसाईले श्यामदास वैष्णवका लागि खाजा लिएर आउनुहुन्थ्यो । श्यामदास वैष्णव भन्नुहुन्थ्यो– 'इन्दिराजस्तो मान्छे मैले कतै देखिनँ ।' श्यामदास वैष्णवले गोजीमा भिरेको कलम नरेन्द्रराज प्रसाईले फुत्त निकाल्नुहुन्थ्यो र 'यस कलमको दाम कति पर्‍यो, श्याम दाइ ?' भन्नुहुन्थ्यो । श्यामदास वैष्णवले 'पचास रुपियाँ परेको हो' भनेपछि दामभन्दा पच्चिस रुपियाँजति बढी दिएर नरेन्द्रराज प्रसाईले कलम लिनुहुन्थ्यो । त्यति बेला श्यामदास वैष्णवले मलाई भन्नुहुन्थ्यो– 'पच्चिस रुपियाँ नाफा कमाइएछ, अब मलाई तीन दिन चुरोट खान पुग्ने भयो ।' श्यामदास वैष्णव फेरि भोलिपल्ट नयाँ कलम भिरेर नइगृह आउनुहुन्थ्यो । तर हरेक महिनामा एक चोटि मात्र नरेन्द्रराज प्रसाईले श्यामदास वैष्णवको कलम किन्ने गरेको मलाई थाहा छ । नरेन्द्रराज प्रसाईले श्यामदास वैष्णवबाट जम्मा बीसपच्चिसवटाजति कलम किन्नुभयो होला जस्तो लाग्छ मलाई ।

नरेन्द्रराज प्रसाईको व्यवहार मलाई अचम्मै लाग्थ्यो । उहाँ प्राय: कम्प्युटर कोठामा बसेर लेखापढी गर्नुहुन्थ्यो । नइगृहमा जो आए पनि प्राय: कम्प्युटर कोठामा नै मान्छे पस्थे । कुरा गर्दै जाँदा नरेन्द्रराज प्रसाईको नयाँ मान्छेलाई प्राय: एउटै प्रश्न हुन्थ्यो– 'तपाईं काङ्ग्रेस कि कम्युनिस्ट ?' मान्छेले सही उत्तर नदिउन्जेल उहाँले च्याखच्याखती पार्नुहुन्थो र सही उत्तर पाउने गर्नुहुन्थ्यो । त्यसपछि ती मान्छेसँग साहित्य र राजनीति जोडेर कुराकानी गरिरहनुहुन्थ्यो । ती आगन्तुक प्रतिभाशाली अथवा योग्य छन् भने फेरि भेट्ने मिति र समय तयार गर्नुहुन्थ्यो र अयोग्य भएको थाहा पाउनुभयो भने 'फेरि भेटौँला है भाइ ! (या बहिनी !)' भनेर पठाउनुहुन्थ्यो । नइगृहमा आएका नयाँ पुराना जुनसुकै पाहुनालाई प्राय: चाउचाउ या चिया बिस्कुट या कुनै प्रकारको खाजा नखुवाई पठाउने चलन थिएन । एक दिन भूपालमानसिंह कार्कीले भन्नुभएको थियो– 'यी छोराछोरीको आयस्ता पनि देख्तिनँ र यहाँबाट नखाई कोही हिँडेका पनि मलाई थाहा छैन ।' म भन्थेँ– 'मनै रहेछ सबै थोक ।' भूपालमानसिंह कार्की, कीर्तिनिधि विष्ट, सत्यमोहन जोशी, मोदनाथ प्रश्रित, रामबाबु प्रसाई, जगदीशशमशेर राणा, श्यामदास वैष्णव, घटराज भट्टराई, ईश्वरवल्लभ, राजेन्द्र सुवेदी, रामप्रसाद पोखरेल, इन्दिरा श्रेष्ठ आदि नइगृहमा बराबर आइरहनुहुन्थ्यो । वीरेन्द्रबहादुर शाह (लव राजा) त बिहान आउनुभयो भने बिहानबेलुकाको खाना नइगृहमा खाएर राति मात्र फर्कनुहुन्थ्यो । म पनि धेरै काम परेका बेला नइगृहमा नै खाने गर्थें ।

नइ प्रकाशनसँग मेरो भौतिक र आध्यात्मिक साइनो गाँसिएको छ । नइसँग मेरो गहिरो प्रेम र श्रद्धा रहेको छ । यस धर्तीमा युगौँयुगसम्म पनि नइ उदाइराखोस् । नइ नेपाली साहित्याकाशमा जाज्वल्यमान भइराखोस् । नइले स्रष्टालाई न्यानो पना दिइराखोस् । नइ नै नइ भएर संसारमा नइ प्रकाशन गुन्जिराखोस् ।

# यश र कीर्ति

## इन्दिरा दीक्षित

बाल्यकाल या भनौँ, किशोरावस्थातिर टेलिभिजन सर्वसुलभ थिएन तर रेडियो भने खूब सुनिन्थ्यो । अरुणा लामाको मीठो स्वरमा नरेन्द्रराज प्रसाईको रचनासँगसँगै मलाई गाउन खुबै मज्जा लाग्थ्यो । पछिपछि अरू धेरै कलाकारले नरेन्द्रराज प्रसाईको रचना गाएको सुनिन्थ्यो । बिस्तारै रेडियो विस्थापित भएर टेलिभिजनले ठाउँ ओगट्न थाल्यो र रेडियो सुनिन छोडे पनि ती सुरिला गीतहरू अझै मेरो दिमागले बिर्सन सकेको छैन ।



जब म स्कुलमा पढ्न जान थालेँ, स्कुले जीवनदेखि नै पाठ्यपुस्तकभन्दा बाहिरको कथा, कहानी, उपन्यास आदितिरै मेरो ध्यान जान्थ्यो । कितापहरू पढ्दै जाँदा मलाई पनि लाग्थ्यो– 'म पनि यस्तै लेख्न सक्छु होला ?' म कहिलेकाहीँ कलम र कापी बोकेर लेख्न बस्थेँ, मनमा लागेका कुराहरू मजाले लेख्थेँ, पढेर हेर्थें र मनमनै भन्थेँ– 'अरूले लेखेको र मैले लेखेकोमा के कमी भयो र ? म पनि लेख्न सक्छु !' तर मेरा घरमा कोही लेखक थिएनन्, मैले लेखेको देख्यो भने मलाई के भन्लान् ? आफ्नो पाठ पढ्न छोडेर चाहिँदो नचाहिँदो लेखेर बस्छे भनेर गाली गर्लान् कि ? किशोरावस्थाको

चञ्चले बेला अनि उति बेलाको अनुशासित जीवन, डरैडरले लेखेका कुराहरू म लुकाएर नै राख्थेँ ।

समयले कोल्टे फेऱ्यो । मैले पनि जीवनका हरेक खुड्किला पार गर्दै गएँ, सन्तानको तहवह गरिसक्दा मेरो आधा उमेर बितेको मलाई पत्तो भएन । उनीहरू आआफ्नो बाटो लागेपछि बल्ल मैले आफ्नो चाहना पूरा गर्ने मौका पाएँ र लेख्न थालेँ ।

२०७४ सालतिरको कुरा हो, पहिलो पुस्तक कथासङ्ग्रह हातमा बोकेर म नइनिवासतिर लागेँ । बाटोभरि मेरो मन कचरमचर हुँदै थियो । 'त्यति धेरै पुस्तक लेख्ने दम्पतीले मेरो जाबो एउटा पुस्तकलाई कुन रूपमा हेर्नुहोला ?' अनेकन् कुरा खेल्दाखेल्दै म नइद्वार ढकढक्याउन पुगेँ ।

द्वार खोल्न आएका व्यक्तिले मेरो सोधीखोजीपश्चात् मलाई तीन तल्लामाथिको बैठकमा पुऱ्याए । मलाई देख्नेबित्तिकै नइका एक खम्बा अर्थात नरेन्द्रराज प्रसाईले हात जोड्दै भन्नुभयो– 'ओहो ! आइपुग्नुभयो ? ल आउनुस् यतै बसुँ । ए नानी ! चिया ल्याऊ त !'

परबाट लम्किँदै आउनुभएकी नइकी अर्का खम्बा इन्दिरा प्रसाईले हँसिलो मुद्रामा भन्नुभयो– 'एँ, आइपुग्नुभयो ? कस्तो छोरीजस्तै अनुहार ठ्याक्कै आमाछोरी उस्तै, छोरी त यता आइरहन्थिन् तर तपाईं भने भर्खर आउनुभयो !'

मेरी छोरी सुदिक्षा र नइकी छोरी अनुकृतिका सहपाठी भएकाले उनीहरू यताउता गरिरहेका हुन्थे; तर म भने के निहुँले भेट्ने हो र ? तर नइगृह गएपिच्छे एक झोला पुस्तक कोसेली ल्याउँदै छोरीले मलाई भन्थिन्– 'ल मामू ! यो अनुकृतिकाको ममीडचाडीले हजुरलाई पढ्न पठाइसेको, पढिस्यो है !'

नइगृहमा कति मान्छे आउँछन्, जान्छन्; तर दसबाह्र वर्षअगाडि यदाकदा भेटिने किशोरीलाई पनि नबिर्सने अर्थात् उनका गृहमा

आएका प्रत्येक मान्छे याद भइरहने नइको बानी रहेको मैले पाएँ । अझ पहिलोपल्ट भेटेकालाई पनि सधैँ परिचित जस्तो अपनत्व भावना दर्साउने उहाँहरूको सद्‌गुण छर्लङ्ग देखियो । मेरा अगाडि श्रद्धेय व्यक्तिहरू विनयी भावमा हात जोडेर उभिनुभएको थियो, सोचेभन्दा फरक र सरल बनेका दम्पती देखेर त्यति बेला म दङ्ग परेकी थिएँ । केही बेरको भलाकुसारीपछि दुवै जनाले आश्वासन दिँदै मसित भन्नुभयो– 'अब त तपाईं पनि लेखक बन्नुभयो बधाई छ; तर यतिमै अड्किने होइन नि ! अरू पनि लेख्दै गर्नुहोला, तपाईंलाई हाम्रो सहयोग चाहिएमा हामी सधैँ तयार छौँ, हाम्रो नइ प्रकाशनले स्रष्टाको सधैँ सम्मान गर्छ, आउँदै गर्नुहोला है ।'

शास्त्रीय नियमअनुसार घर या कार्यालयमा आएकालाई विमुख नपठाउने गृहस्थको कर्तव्य एउटा संस्था नइ प्रकाशनले पनि बोकेको मैले पाएँ । अरू प्रायः संस्थाले लेखकलाई यतिको खातिरदारी र आतिथ्य दिएको मलाई थाहा छैन । चिया र नास्तापछि नइ प्रकाशनका संस्थापकद्वयसँग बसेर तस्बिर खिचियो । फर्कन लाग्दा 'यता आउनुस्' भन्दै भुइँ तल्लामा रहेको पुस्तकालयतिर मलाई लगियो । त्यति धेरै पुस्तकहरू पहिलोपल्ट देख्दै थिएँ र आश्चर्य लागेर पुस्तकहरूका खात हेर्दै थिएँ म । एकैछिनमा मेरा अगाडि एउटा बडेमाको झोलाभरि पुस्तक आइपुग्यो । त्यसै बेला नरेन्द्रराज प्रसाईले मेरा हातमा नइ प्रकाशन लेखिएको झोला राख्तै भन्नुभयो– 'यो उपहार पनि ग्रहण गर्नु है नानी ! पढ्न मन लागे पढे पनि हुन्छ ।' त्यसपछि इन्दिरा प्रसाईले भन्नुभयो– 'लेख्न नछोड्नु है बहिनी ! लेखक भएकै नाताले नै त हाम्रो भेट भयो ।'

मेरी छोरीमार्फत पहिलादेखि नै नइ कृतिमाला पढ्न थालेको मैले त्यस दिन भने आफ्नै हातले पुस्तक लिने मौका पाएकी थिएँ । मनमनै दङ्ग परेर झोला बोकेर म नइ प्रकाशनबाट निस्किएकी थिएँ ।

त्यसपछिका दिनहरूमा म पनि साहित्य क्षेत्रमा सक्रिय हुन थालेँ । नइकै आशिर्वचनले होला विगत पाँच वर्षमा मैले चारवटा पुस्तक लेखी प्रकाशित गरेँ । साहित्यतिर लागेकालाई अति माया गर्ने दम्पतीको बानीबेहोराले गर्दा म नइसँग नजिकिन पुगेँ । समुद्रको छेउमा बसेर क्षितिज नाप्नु जस्तो नइको विस्तृत कार्य मेरो दिमागले कति बुझोस् र ? जति बुझ्यो त्यति न हो र पनि मैले धेरै बुझेँ ।

मैले देख्दा नइको कार्यक्षेत्र विशाल छ । सतहमा हेर्दा नेपाली वाङ्मयजगत्को श्रीवृद्धि गर्ने जस्तो पवित्र उद्देश्य बोकेर नइदम्पतीको नामको पहिलो अक्षर न र इ मिलाएर नइ प्रकाशनको स्थापना गरिएको हो । नइ प्रकाशनको उद्देश्य प्रतिभावान् व्यक्तित्वको खोजी गरेर उनको कदर गर्ने देखिन्छ । नइका धेरैजसो कार्यक्रममा मैले पनि आमन्त्रित पाहुना बनेर अवलोकन गर्ने मौका पाएकी छु । नइका कार्यक्रम पनि कति भव्य लाग्ने र त्यहाँ उपस्थितहरू पनि कति उच्च तहका साहित्यकार भेटिने, मलाई आश्चर्य लाग्छ ।

नेपाली उखान 'तँ आँट्, म पुऱ्याउँछु' भनेझैँ नइको उद्देश्य र लगन देखेर ईश्वरलाई पनि साथ दिन कर लागेको हुनुपर्छ र त सरकारले समेत गर्न नसकेको या भनौँ, नगरेको काम नइ प्रकाशनले गरेर देखाइरहने गर्छ । नइको कार्य देख्ने र सुन्ने धेरैलाई यसले अचम्म पारेको छ । खचिखचाउ भएको ठूलो हलको कुनामा बसेर हेर्दै गर्दा मेरो मनले पनि सोच्न थाल्छ– 'कति महान् जोडी ! नेपाली साहित्यसंसारमा नइ प्रकाशनको कति ठूलो मर्यादा !'

नरेन्द्र र इन्दिरा नाम दुई र शरीर दुई तर उनीहरूका मन, मुटु, वचन र कर्म एकआपसमा एकाकार भएर मिलेको देखिन्छ । एकको परिकल्पनामा अर्कोले आहुति दिनु भनेको साधारण कुरा हुँदै होइन । दिनचर्या चलाउँदा अझ जीवन भोग्दै जाँदा घाम, पानी, वर्षा, हुरी भनेझैँ नइमा अनेकौँ मोडहरू आए होलान् ! बाधा व्यवधानलाई पन्छाएर अथवा साथै लिएर पनि विगत सत्ताइस वर्षदेखि अनवरत

रूपमा नेपाली वाङ्मयजगत्को सेवासुसार गर्दै आउनु भनेको साधारण कुरा हो र ? साहित्य क्षेत्रमा सेवा गर्न जन्मिएका दुई मुटु, एक प्राण भएका नइदम्पतीलाई नियालेर हेर्ने हो भने नइले आफ्नो सर्वस्व जीवन यसैमा समर्पित गरेको देखिन्छ ।


नइ दुवैले वर्तमान तथा भावी पिँढीका लागि अनगिन्ती पुस्तक पनि लेखेका छन् । साहित्य क्षेत्रमा तन, मन, वचन, कर्म र धनले समेत सेवा गर्दै आफ्ना सम्पूर्ण जीवन साहित्य सेवाकै लागि आहुति दिने महान् व्यक्तित्व अन्यत्र कतै पनि देखिन्न होला, मैले त देखेको र सुनेको पनि छैन ।

नइको सान्निध्यमा बस्न पाउँदा मलाई खुसी लाग्छ । उनको कार्यकुशलता, क्षमता र लगनशीलता देखेर दङ्ग पर्दै मलाई यति नै भन्न मन लाग्छ– 'नइ र नइ प्रकाशनको उत्तरोत्तर प्रगति होस् ! ईश्वरले नइ र नइ प्रकाशनलाई सधैँ टेवा दिइरहून् ! देशविदेश फैलिएको नइ र नइ प्रकाशनको कार्य अझै धेरै फैलियोस् ! नइ र नइ प्रकाशनको चौतर्फी यश र कीर्ति फैलियोस् !'

# सबैभन्दा ठूलो संस्था

## उदय निरौला

नइ प्रकाशन नेपाली साहित्यको सबैभन्दा ठूलो संस्था हो । साहित्य मात्र नभएर पछिल्लो चरणमा कला, संस्कृति, खेलकुदलगायत सिर्जनशील र कर्मठ अनेकन् कार्यसमेतलाई समेटेर नइ प्रकाशन परिचालित भएको देखिन्छ । नइ प्रकाशन व्यक्तिगत प्रयासबाट बनेको निजी संस्था भएर पनि सरकारी प्रज्ञाप्रतिष्ठानभन्दा धेरै ठूलो देखिन थालेको छ । विविध क्षेत्रका प्रतिभाले गरेको कर्मका आधारमा बिनामोलाहिजा मूल्याङ्कन गरी पुरस्कृत र सम्मान गरिने नइ प्रकाशन एउटा निष्पक्ष संस्था मानिन्छ ।



नइ प्रकाशनले नेपाली वाङ्मयको उत्थानमा योगदान पुऱ्याउने पुराना साहित्यकारदेखि नयाँ पुस्तासमेतलाई समेट्दै आएको छ । साहित्य, संस्कृति, कला, सङ्गीत, खेलकुदलगायत राष्ट्रको नाम राख्ने अन्य विविध क्षेत्रका प्रतिभालाई कुनै दलसँग साइनो नगाँसी नइले सम्मान गर्दै आएको छ । नेपालको पुरानो र नाउँ चलेको पुरस्कार गुठीका तुलनामा पनि नइ प्रकाशन धेरै अगाडि बढिसकेको छ । नइ प्रकाशनको कामका अगाडि जतिसुकै पुराना भए तापनि अरू साहित्यिक संस्था फिका देखिन थालिसकेका छन् । त्यस्तै 'पुरानो

साहित्यिक गुठीले नइजस्तो भरपर्दा र दूरदृष्टि भएको ठूलो संस्था जन्माउन प्रेरणा प्रदान गरेको हुनुपर्छ सायद, भन्न पनि म पछि पर्दिनँ ।

बृहत् क्षेत्रलाई समेटेको नइजस्ता संस्थाहरू अरूअरू पनि आउन् तर पनि नइकै तुलनामा पुग्न तिनलाई धेरै कठिन हुन्छ । किनभने आफ्ना सबै कामहरू छोडेर यस्तो बेनाफाको संस्था मान्छेले हत्तपत्त चलाउन सक्दैनन् । स्थापनाकालदेखि नै निरन्तर आफ्नो कार्यमा अगाडि बढ्दै आएको नइ प्रकाशनमा साहित्यकार नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले इमानदारीपूर्ण मिहेनत गरिरहनुभएको छ । नेपालजस्तो ठाउँमा नइदम्पतीको सत्प्रयास देख्दा यस्ता समाजसेवी मानिसहरूको परमात्माको अनुकम्पा नभई पृथ्वीमा जन्म हुँदैन जस्तो मलाई लाग्दछ । आफूलाई म के कामका लागि धर्तीमा आएँ भन्ने कतै न कतै ज्ञात नभई यसरी साधनारत रहेर काम गर्न कठिन हुन्छ । लक्ष्यलाई निरन्तरता दिएर लगातार सेवामा जुटिरहन जन्म लिएका एक प्रतिशत मानिस पनि संसारमा हुन्नन् जस्तो लाग्छ मलाई । वास्तवमै महान् आत्मा नभई यस्तो कार्य गर्न कसैले सक्तैनन् पनि । यो मेरो मनको मात्र कुरा होइन, यस विषयमा आध्यात्मिक महापुरुषहरू, गीता र अनेकन् शास्त्रीय प्रमाणहरू छन् । महाभारतकालका व्यास भनेजस्तै आधुनिक समयका नइ जोडी अहिलेको समाजमा व्यासकै पर्याय होइनन् भन्न सक्ने ठाउँ छैन । साथै दुवै जना लेखक र साहित्यकार हुनाले विद्वता, नि:स्वार्थ प्रेम, अन्तर्मनको मनोभाव र करुणालाई समेत उनीहरूले अभिव्यक्त गरिरहेका हुन्छन् । आत्मभावको तत्त्वको सघनता नभए मानिस पूर्णत: सामाजिक र सामूहिक कार्य सञ्चालन गर्न स्थिर भएर रहन सक्दैन । नइदम्पतीचाहिँ स्थिर भएर आफ्ना सत्मार्गमा उभिएको एउटा नमुना जोडी मानिन्छन् ।

नेपालमा २०४६ सालमा बहुदलीय व्यवस्था आएदेखि धेरै जना मानिस भ्रष्टाचारमा लिप्त हुँदै आएका देखिन्छन् । राष्ट्रको धन

विदेश पुऱ्याउनेदेखि राम्ररी सञ्चालित उद्योगधन्दाहरू बेच्नेसम्मका शासकहरू पनि नेपालमा जन्मेका थिए भने आफ्नो धर्म, कला, संस्कृति, भाषालाई क्षतविच्छेद गर्नका निम्ति शासकहरू पछि परेका थिएनन् भन्ने दृष्टान्त हामीसँग उदाहरण नै छन् ।

यति सानो चिटिक्क परेको मुलुकलाई राम्रो व्यवस्थापन गर्न नसक्ने नेताहरूको कुरा गरी साध्य छैन । जता पनि अपुग र जता पनि नैराश्य भएको देख्नुपरेको तथ्य नेता र शासकहरूकै कामको परिणामले हो । यहाँका शासकवर्गका लागि नइ प्रकाशन संस्था नैतिकता र सिस्टम बसाउने सन्दर्भमा एउटा उदाहरणको रूपमा देखिन्छ । नइबाट नेता र शासकहरूले पाठ सिक्ने हो भने नेपाली कला, साहित्य र संस्कृतिका सरकारी अखडाहरू यति साह्रो दूषित र गह्नाउने हुने थिएनन् ।

नइ प्रकाशन कुनै विदेशी संस्थाको आर्थिक सहयोगले चलेको संस्था होइन । नइ कुनै पनि मुलुकको एजेन्ट वा जासुसी संस्था नभएर विशुद्ध राष्ट्रवादी, देशभक्त र त्यस्तै मानिसहरूको सहयोगको लागि बनेको स्वाभिमानी संस्था हो । त्यसैले यो संस्थाको कार्य महान् भयो र यो संस्था नै लोकप्रिय बन्यो । यो संस्थामा कुनै घुन र पुतली नलागी सधैँभरि चलिरहोस् भन्ने अपेक्षा धेरैले राखेका छन् ।

नइ प्रकाशन शान्त छ तर चुपचाप छैन । यसले कामैकाम गरिरहेकैले यो संस्थाप्रति सकारात्मक भावना भएका नेपालीको मन गाँसिन पुगेको छ । आजको नेपालमा साहित्य, कला, संस्कृति, समाजसेवा र खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाले मन बिसाउने ठाउँ नइ प्रकाशन भएको छ । नइ देशको विविध क्षेत्रप्रति बफादार भएर आफ्नो उद्देश्यमा अटल देखिन्छ । नइ जोडी भनेका न यिनले अरूको ईर्ष्या गर्छन् न अरूले तीतो पोखेकोमा स्पष्टीकरण दिएर नै हिँड्छन् । यो जोडी भनेको हात्ती हो लम्किरहन्छ र कोही कतै जतिसुकै भुके पनि यिनीहरूलाई न तिनले तर्साउन सक्छन्, न

टोक्न सक्छन् । आज नइ यति विशाल हैसियतमा उभिएको किन छ भने यसले धेरै काम गरिसकेको छ । त्यसैले यो जोडी आत्तिने र मात्तिने हैसियतबाट धेरै टाढा पुगिसकेको छ ।

मैले व्यक्तिगत रूपमा साहित्यकार नरेन्द्रराज प्रसाईलाई २०४५ सालमा चिनेको हुँ तर साहित्यकार इन्दिरा प्रसाईलाई त्योभन्दा अघि २०३७ सालदेखि चिनेको हुँ । त्यतिखेर विराटनगर क्याम्पसको जेठ महिनाको गन्जागोलका दिन उहाँलाई मैले पहिलो चोटि देखेको र चिनेको हुँ । पछि साहित्यकार राधेश्याम लेकाली र कवि मधु पोखरेलमार्फत २०३८ सालमा उहाँसँग मेरो अरू चिनजान बढेको थियो । साथै २०५० सालमा नेपाल साहित्य गुठीले थालेको साहित्यिक यात्राको क्रममा उहाँकै सहयोगमा हामीले विराटनगरमा गोष्ठी गरेका थियौँ र बेलुका नाचगानको कार्यक्रम गरेर उहाँले हामीहरूलाई खाना खुवाएर सत्कार गरेको म बिर्सन सक्दिनँ । पछिल्लो अवस्थामा मैले प्रतिभा पुरस्कार पाउँदा विराटनगरको वीरेन्द्र सभागृहमा हाम्रो भेट भएको म सम्झन्छु ।

इन्दिरा प्रसाई मसँग त्यसै बखत भन्नुहुन्थ्यो– 'मलाई साहित्य, संस्कृति, कलाका क्षेत्रमा धेरै काम गर्ने मन छ र सायद म गर्छु पनि होला ।' पछि २०५२ सालमा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई मिलेर नइ प्रकाशननामक संस्था खोलेको समाचार मैले छापामा पढेको थिएँ । अहिले यतिन्जेलमा यो संस्थाले कतिलाई साहित्यतिरको लेखनमा, कतिलाई कलाको क्षेत्रमा अथवा जो जे गरिरहेको छ त्यो मान्छे त्यही क्षेत्रमा समर्पित भएर लागोस् भन्ने प्रेरणा प्रदान गर्दै आएको छ । मलाई लाग्छ मानवधर्ममुताबिक इमानदार बनेर एकै क्षेत्रमा लागिरहँदा मान्छेले आफ्नो लक्ष्य उच्चतम रूपमा हासिल गर्न सक्छ भन्ने प्रेरणादायी कार्यहरू नइ संस्थाले गरेर देखाइरहेको छ ।

कथाकार, उपन्यासकार कवि र पत्रकार इन्दिरा प्रसाईले सेलिब्रेटी बनेर व्यक्तिगत ग्ल्यामर आर्जन गर्न चाहेको भए सायद

अनेकौँ फिलिम बन्थे होला । उहाँको मुम्बईसम्मको सफर हुने थियो होला तर उहाँले त्यस प्रकारको बाटो रोज्नु भएन र उहाँमा राष्ट्रसेवाको एक व्यापक क्षेत्र अँगाल्ने भावना आयो । सुखसयल र भौतिकवादी दुनियाँसँग अलि भिन्न बन्ने उहाँको सोचलाई एक जना अति मिहेनती साहित्यकार नरेन्द्रराज प्रसाईको ऊर्जासमेत प्राप्त भयो । त्यसैले नइ प्रकाशनको स्थापना भएको हो भन्न सक्छु म ।

विराटनगरमै हो, कुनै एक प्रसङ्गमा इन्दिरा प्रसाईले मलाई भनेको अर्को कुरा पनि म सम्झन्छु– 'नेपाली साहित्यको कुनै एउटा कुनामा तपाईं हाम्रो नाम पनि लेखिएला तर यति गरेर केही हुँदैन । तसर्थ ठूलो काम गर्ने मेरो इच्छा छ ।' उहाँले त्यस बखत भनेको कुरा आखिर पुऱ्याएरै छाड्नुभयो । अब त नइ प्रकाशनको इतिहास महाभारतझैँ लेखिनेछ । नेपालका केहीकेही राजा, केही जना प्रधानमन्त्रीहरूबाहेक इतिहासमा चर्चित कुनै या कसैको नाम सकारात्मक ढङ्गबाट नआउला । भविष्य पुराणमा पनि एकदुई भारतवर्षका राजाको नाम छ, एकदुई अङ्ग्रेजको नाम छ, एकदुई बादशाहहरूको नाम छ । त्यसै गरेर लेखनमा, वेदव्यासपछि साहित्यतिर कवि कालिदास, तुलसीदासलगायत रवीन्द्रनाथ ठाकुरसम्मको सुनाम छ तर अरू कति कवि पाँच हजार वर्षको कालखण्डमा जन्मिए होलान्, तिनले लेखे होलान् तर तिनीहरूको नाम प्रायः जनजीवनमा कन्ठाग्र छैन । नइ नेपाली माटोमा सधैँभरि बाँच्ने र रहने नाम बन्यो, त्यसैले मैले भनेको हुँ– यो जोडी अमर छ । तसर्थ इन्दिरा प्रसाईको अठोट पुगेको, इच्छाशक्ति वा शङ्कल्पशक्ति बेजोड भएको म महसुस गर्छु । यो संस्था नइ जोडीको अनुपस्थितिको अवस्थामा चल्ने चलाउने विधान मात्र कायम भए कालजयी भएर नइ प्रकाशन रहन्छ र रहनेछ भन्ने ठान्छु म । यो मेरो निजी सोच हो र मैले संस्था जसरी चलेको छ, जसरी चलाइन्छ त्यसको एक निष्पक्ष दर्शक बनेर लेखेको छु । व्यक्तिगत

स्वार्थ वा म केही पाउँछु भन्ने अपेक्षाका साथ मैले यो लेखेको होइन । राम्रो कामको उचित सराहना गर्ने यो मेरो निर्भीक सोचाइको उपज मात्र हो ।

अनेक सम्मानलगायत योगदान दिने स्रष्टाहरूलाई विविध प्रकारका पुरस्कार नइ प्रकाशनमा रहेका छन् । यस्तै यस संस्थाबाट कति लोभलाग्दा पुस्तकहरू प्रकाशन भएका छन् । तसर्थ भोलिका दिनमा नेपालमा मात्र नभएर विश्वमै नइ प्रकाशनको मूल्याङ्कन हुनेछ । साथै इतिहासमा अनेकन् प्रलय, उथलपुथल र युग परिवर्तन भए पनि नइको नाम सुरक्षित रहनेछ । व्यासको नाम रहेजस्तो युग परिवर्तनपछिको इतिहासमा पनि नइको नाम रहन्छ भन्न सकिने धेरै आधारहरू नइले खडा गरिसकेको छ । जोसुकै पनि नि:स्वार्थ रहेसम्म र जसले पनि असल कार्य गरेसम्म यस्तो अपेक्षा राख्न सकिन्छ, जो हाम्रा वैदिक साहित्य, पौराणिक साहित्य एवं उपनिषद्कालीन साहित्यले दर्साएको छ । अविरल बगिरहेको नदी अब क्रमिक रूपमा समुद्र बनेर नइको नाम युगयुगान्तर यस भूखण्डमा कुद्नेछ भन्नेमा हामी ढुक्क रहे हुन्छ भन्ने मेरो निष्कर्ष छ ।

# मूल्यवान् र त्रुटिविहीन
## उपेन्द्र सुवेदी

२०६४ साल भदौ महिनाको कुरा हो । एक दिन बेलुकी प्रा.डा.राजाराम सुवेदीले मलाई फोन गर्नुभयो । हामीहरूका माऊ हालखबरका कुरा भए । त्यसपछि उहाँले 'भाषासम्पादनको काम गर्न सकिन्छ कि सकिँदैन ?' भनेर मलाई सोध्नुभयो । मैले विगतमा गरेका केही कामहरू सम्झिएँ र सोही कुरा बताएर आफू त्यसमा सक्षम रहेको कुरा व्यक्त गरेँ । फलस्वरूप उहाँले नरेन्द्रराज प्रसाईको मोबाइल नम्बर दिनुभयो र फोन सम्पर्क गरेर भोलिपल्ट नै भेट गर्नका लागि सुझाउनुभयो ।



भर्खर नेपाली विषयमा स्नातकोत्तर सकेर म जागिर खोजिरहेको थिएँ । हुन त मैले एउटा सामान्य स्कुलमा पढाउन सुरु गरेको केही दिन मात्र भएको अवस्था थियो । त्यसैले यो अवसर मलाई ढुङ्गो खोज्दा देउता मिलेजस्तो भयो ।

भोलिपल्ट बिहानै प्रा.डा.राजाराम सुवेदीले दिनुभएको नम्बरमा सम्पर्क गरेर बाटोको सामान्य जानकारी लिएर म लागेँ घट्टेकुलोतर्फ । त्यहाँ गएपछि घर पत्ता लगाउन खासै गाह्रो परेन किनभने त्यहाँ नइसँग अपरिचित कोही थिएन ।

नरेन्द्रराज प्रसाईसँग भेट भयो र उहाँले मैले गरेका कामका बारेमा सोध्नुभयो । भाषासम्पादनसम्बन्धी केही समस्याबारे पनि सोध्नुभयो । मैले पोखरा, चिसाखोला वेद विद्याश्रममा रहँदा त्यहाँका स्मारिकालगायत प्रकाशन गरेको र क्याम्पसमा प्रकाशन हुने विभिन्न साहित्यिक पत्रिकाको भाषासम्पादन गरेको बेहोरा जाहेर गरेँ । यसपछि उहाँले मलाई नरपति शर्मा पोखरेलका कृतिहरू भाषासम्पादनका लागि दिनुभयो । साझा प्रकाशनले अवलम्बन गरेको भाषालाई नइले अवलम्बन गर्ने गरेको जानकारी पनि उहाँबाट मैले पाएँ । उहाँले त्यसै समयमा भन्नुभएको थियो– 'गल्ती एउटा पनि हुनुहुँदैन ।' यही मूल मन्त्रका साथ मैले भाषासम्पादन कार्य गर्दै गएँ ।

जानीनजानी मेरो भाषासम्पादन यात्राको सुरुवात पोखरा, चिसाखोला वेद विद्याश्रमबाट भएको थियो । आफूले नेपाली पढेको अनि स्मारिका आदि निकाल्दा संयोजकलगायत भूमिका निर्वाह गर्ने क्रममा बाध्यतावश नै मैले भाषासम्पादन कार्य सुरु गरेको थिएँ । स्नातक स्तरमा शोधकार्य गर्दा गुरु रामुप्रसाद सुवेदीको निर्देशन पाएँ । यसले मेरो भाषासम्पादन कार्यमा थप बल प्रदान गऱ्यो । उहाँको निर्देशन र सल्लाहबाट तथा उहाँले आफूले भाषासम्पादन गरेका नमुनासमेत देखाएबाट मैले भाषासम्पादन गर्दा गरेका आफ्ना गल्तीलाई महसुस गर्ने मौका पाएँ । यसरी अगाडि बढेको मेरो भाषासम्पादन यात्रामा नइ प्रकाशनले परिपक्व बनायो । सायद नइसँग मेरो सम्पर्क नभएको भए मेरो भाषासम्पादन कार्य यति अगाडि बढ्न सक्ने थिएन । यति मात्र होइन कुनै पनि पुस्तक प्रकाशनका लागि अपनाउनुपर्ने सावधानीबारे नइदम्पतीको विचारले मलाई धेरै कुरा सिकायो, मलाई सबल बनायो ।

एउटा भन्नैपर्ने र मेरो मनमा गडेको मुख्य कुरा के हो भने– भाषासम्पादनका लागि जति पटक प्रिन्ट निकाल्न परे पनि नइ प्रकाशनमा खर्चको कुनै लेखाजोखा नै हुँदैन । यसको एउटै उद्देश्य हो–

भाषिक शुद्धता । सामान्यतया पेज सेटिङ गर्नुअगाडि नै तीन पटक प्रुफ हेरेपछि मात्र किताप सेटिङमा पुग्छ भने त्यसपछि पनि त्यसमा भएका कमी कमजोरीहरू खोजिन्छ । कतिपय अवस्थामा एक जनाले मात्र भाषासम्पादन गर्दा त्रुटिहरू बाँकी नै रहन सक्छन् र रहने पनि गर्छन् । यसका लागि पनि नइ प्रकाशनले वैकल्पिक व्यवस्था गरेको हुन्छ । एउटाले हेरेको प्रुफ अर्कालाई पनि देखाइन्छ र बाँकी रहेका त्रुटिलाई पनि निमूर्ल पारिन्छ । 'नइ प्रकाशनबाट प्रकाशित पुस्तकमा एउटा कमा र विरामको पनि त्रुटि देखिँदैन' भन्ने कुरा मैले राजेश्वर देवकोटाबाट सुनिसकेको थिएँ । त्यसैले म भाषासम्पादनमा सधैँ सजग भइरहें ।

यसले गर्दा मलाई भने फाइदा नै भएको थियो । आफूले गर्ने गरेको गल्ती महसुस भई आफूलाई सबल बनाउन मद्दत मिलेको थियो । कहिलेकाहीँ काम गर्दै जाँदा नरेन्द्रराज प्रसाईबाट मैले गाली पनि खाएको थिएँ तर यसको समाधान पनि त्यही पाउँथेँ । इन्दिरा प्रसाई त्यस समयमा मेरा लागि मलमपट्टी बनेर उपस्थित हुनुहुन्थ्यो । यसबाट म निराश हुनुभन्दा बढी प्रेरणा पाउँथेँ । नरेन्द्रराज प्रसाईले पनि सहानुभूतिका शब्द राखेर पुन: मन प्रफुल्लित गराउनुहुन्थ्यो ।

नइ प्रकाशनको अर्को अनुकरणीय लागेको कुरा थियो, म प्राय: नइगृहमा पुग्दा टेबलमा कुनै न कुनै पुस्तकको आवरण पृष्ठ तयारी गरेर राखेको हुन्थ्यो र पुग्नेहरूको आँखा एक पटक त्यस आवरण पृष्ठमा पुग्थे । त्यसमा केही त्रुटि वा यसमा केही थपघट गर्नुपर्ने भएमा नइबाट सुझाव पनि लिइन्थ्यो । सबैबाट पारित भएपछि मात्र यसलाई छाप्ने प्रयोजनका लागि प्रेसमा पठाइन्थ्यो । यसले गर्दा नइ प्रकाशनका पुस्तकहरूको गुणस्तर बढ्न जान्थ्यो । यसरी पुस्तकलाई मूल्यवान् र त्रुटिविहीन बनाउने नइको यो तरिकाले मलाई निकै प्रभावित बनाइरह्यो ।

नइ प्रकाशनले साहित्यको जगेर्ना गर्ने काम मात्र गरेन भाषाको जर्गेना पनि गऱ्यो । भाषाका सन्दर्भमा बजारमा निकै उतारचढावहरू आए, विभिन्न व्यक्तिका विभिन्न मतमतान्तर आए । एक वर्ष

बजारमा गएका पाठचपुस्तकहरू अर्को वर्ष गलत साबित हुने अवस्था पनि आयो तर नइ प्रकाशन यसबाट विचलित भएन। भाषासम्बन्धमा जुन विधिविधान यसले सुरुदेखि मान्दै आएको थियो त्यसैमा अडिग भइरह्यो र आजसम्म पनि रहिरहेको छ। यसले गर्दा भाषागत सबलता नइ प्रकाशनमा पाइन्छ।

नइसँगकै सम्बन्धबाट निकै अग्रजहरूसँग मेरो चिनजान तथा सम्पर्क भयो। अग्रज तथा वरिष्ठ व्यक्तित्वहरूसँग कसरी भेट गर्ने, कसरी सम्पर्क बढाउने भन्ने समस्या हुन्थ्यो तर नइको सम्पर्कले मलाई यो सहज भएको थियो।

नइकै सान्निध्यमा रहेर मैले देवकोटा शताब्दीका अवसरमा आयोजित अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा सहभागी हुने अवसर पाएँ। यो मेरा लागि अहोभाग्य थियो। यसबाट देवकोटाका हरेक पाटाको अध्ययन गर्ने मलाई अवसर मिल्यो। यस बेला प्रकाशित सबै पुस्तकहरू प्रकाशन हुनुभन्दा अगाडि नै दोहोऱ्याईतेहेऱ्याई मलाई पढ्ने अवसर मिल्यो। यस्तै भानुभक्त आचार्यको द्विशतवार्षिकी समारोह, विश्वनारी नेपाली साहित्य सम्मेलन, सत्यमोहन जोशी शताब्दी महोत्सव आदि ऐतिहासिक कार्यक्रममा आफूलाई विभिन्न सक्रिय भूमिकामा सहभागी गराउने अवसर पनि मलाई मिल्यो। यसले गर्दा देशविदेशका नेपाली भाषासाहित्यप्रेमीसँगको सान्निध्यता पनि मैले प्राप्त गरें। म आफू निष्क्रिय भएर रहँदा पनि बेलाबेलामा ऊकऊककाएर नेपाली भाषासाहित्यका विभिन्न कार्यक्रममा सरिक गराउने कार्य नइबाट भएको छ। नइले नेपाली भाषासाहित्य तथा कलाको संवर्धनका लागि लेखन, प्रकाशन, आर्थिक, सामाजिक, प्रशासनिक आदि सहयोग विभिन्न व्यक्तित्वबाट जुटाउँदै आएको छ। अरू व्यक्तिहरू व्यक्तिगत स्वार्थ, धनसम्पत्ति, पदप्रतिष्ठाका लागि माग्ने गर्छन् तर उहाँहरू नेपाली भाषासाहित्यको श्रीवृद्धिका लागि माग्नुहुन्छ। उहाँहरूलाई व्यक्तिगत सहयोग गर्ने भन्दा

भाषासाहित्यमा सेवा गर्ने मानिस भेट्दा निकै खुसी हुनुहुन्छ; त्यो जानपहिचानको होस् वा चिन्दै नचिनेको होस् । भाषासाहित्यमा लागेर सेवा गर्नेलाई संसारको जुनसुकै कुनामा होस् उहाँहरू खोजेर ल्याइहाल्नुहुन्छ । नइको एउटा विशेषता के छ भने कुनै मानिस सम्पर्कमा आउनेबित्तिकै उसको क्षमता, सीप आदि हेरेर उसलाई नेपाली भाषासाहित्यको श्रीवृद्धिमा लाग्नका लागि उत्प्रेरणा दिनुहुन्छ ।

समयको व्यवस्थापनमा नइ प्रकाशन सधैँ सचेत रहेको हुन्छ । नइ प्रकाशनका कार्यक्रमहरू समयमा सुरु हुन्छन् र समयमै सकिन्छन् । कार्यक्रममा वक्ताहरूको समय व्यवस्थापनको जिम्मा पनि मैले पाएको छु । तोकिएको समयभन्दा बढी बोल्न थाल्दा मैले घन्टी बजाउँथेँ र लगत्तै माइकको लाइन पनि काटिन्थ्यो । कतिपय वरिष्ठ व्यक्तित्वको वक्तव्य हुँदै गर्दा पनि मैले घन्टी बजाउनुपरेको थियो । पछिल्लो समयमा आएर भने घन्टी बजाउनुपर्ने अवस्था पनि आएन किनभने सबैले समयको ख्याल गरेर बोल्न थाल्थे, घन्टी बज्नै दिँदैनथे । यसै घटनाबाट नरेन्द्रराज प्रसाईले मलाई 'घन्टी गुरु' नामले पनि बेलाबेलामा सम्बोधन गर्नुहुन्थ्यो ।

व्यक्तिगत स्वार्थ, पुरस्कार या पदप्रतिष्ठाका लागि जो नइ प्रकाशनमा पुग्छ त्यो लामो समय यस प्रकाशनको सान्निध्यमा रहन नसकेको र भाषासाहित्यमा सेवा गर्नेहरू भने निरन्तर यसको छत्रछहारीमा रहिरहेको महसुस मैले गरेको छु । जेजस्तो भए पनि भाषासाहित्यको श्रीवृद्धिका लागि भजन गाउन नछाड्ने संस्थाको रूपमा मैले नइलाई चिनेको छु ।

नइ प्रकाशनको पच्चिस वर्षको यात्रामा झन्डै आधा समय आफू पनि समावेश हुन पाएकोमा नइकै शब्द सापटी लिँदै गौरवीबोध भएको महसुस गरेको छु । नेपाली भाषासाहित्यको जगेर्ना, संवर्धन गर्नका लागि नै भगवान्ले यस धर्तीमा उहाँहरूलाई पठाएको अनुभव मैले गरेको छु ।

# नेपाली भाषाको श्रीवृद्धि

## प्रा.डा.उषा ठाकुर

नइ प्रकाशनको स्थापना नेपाली साहित्यको गौरव र उपलब्धि हो किनभने यो संस्था गैरराजनीतिक छ, शुद्ध सामाजिक छ । कतै ढलपल नगरी, कुनै राजनीतिक सिद्धान्तमा नझुकी विशुद्ध रूपमा विद्वान्‌विदुषी र नयाँ प्रतिभाहरूको खोजी गरेर, देशदेशान्तरसम्म आफ्नो पहुँच पुऱ्याउन सकेको नइ प्रकाशनका हरेक गतिविधिहरूसँग मेरो गहिरो संलग्नता छ । झन्नै पच्चिस वर्षदेखि म यस संस्थामा धेरै नजिकिएर अवलोकन गरिरहेकी छु । यो संस्था स्थापनाकालदेखि नै नेपाली वाङ्मयको श्रीवृद्धिका लागि समर्पित रहँदै आएको छ । यस संस्थाको गतिविधि हेरेर मलाई यस्तो लाग्छ– नइ प्रकाशनको दाँजोमा काम गर्ने संस्था मैले देख्न सकिरहेकी छैन ।



नइ प्रकाशनले नेपाली वाङ्मयका लागि चौतर्फी रूपमा काम गरेको छ । यसको कामको लेखाजोखा गरेर साध्य नै छैन । यसका कामहरूमध्ये एउटा उदाहरण दिँदा म त्रिमूर्ति निकेतनलाई पनि सम्झन पुग्छु । नइकै संयोजनमा घटराज भट्टराई, नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको परिकल्पना, सक्रियता र समर्पणमा त्रिमूर्ति

निकेतनको स्थापना र निर्माण भएको थियो । नइकै जोडबल र समर्पणले सञ्चारग्राममा त्रिमूर्ति विराजमान गराइयो । नइले निष्ठापूर्वक नेपाली भाषा र साहित्यका क्षेत्रमा अन्य धेरै विशिष्ट कीर्तिमान कायम गर्दै आएको छ ।

देवकोटा शताब्दी महोत्सव र त्यसैसँग जोडिएर अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन, विश्वनारी नेपाली साहित्य सम्मेलन, भानुभक्त द्विशतवार्षिकी र सत्यमोहन जोशी शताब्दी महोत्सवजस्ता विशिष्ट कार्यहरू गरेर पनि नइले देशदेशान्तरमा आफ्नो यथेष्ट परिचय पुऱ्याइसकेको छ । नइकै सक्रिय सहभागिता र समर्पणका कारण वानीरा फाउन्डेसनले पनि मूर्त रूप लिएको छ । नइले गरेका यस्ता विशिष्ट योगदान हाम्रो साहित्यका गौरव हुन् ।

नेपाली भाषासाहित्य, कला र संस्कृतिको संरक्षण, संवर्धन र उत्तरोत्तर विकासका लागि अविश्रान्त रूपले समर्पित भएर नइबाट जुन प्राज्ञिक कार्यहरू भइरहेका छन्, ती कामहरू सरकारी स्तरबाट हुन सकेको छैन । नइबाट सुचारु रूपमा, अनवरत रूपले साहित्यको क्षेत्रमा जुन अविस्मरणीय, अनुकरणीय, अद्वितीय, प्रशंसनीय ठोस कार्यहरू भइरहेको छ, त्यसको प्रत्यक्ष वा परोक्ष ढङ्गले सम्पूर्ण साहित्यिक व्यक्तिहरूले मुक्त कण्ठले प्रशंसा गरिरहेका छन् ।

नेपालभित्रका स्रष्टा या प्रतिभा मात्र नभएर र नेपालबाहिरका नेपाली मात्र पनि नभएर नेपाली भाषासाहित्य र नेपाललाई माया र नेपाली जनजीवन र अन्य किसिमले समृद्धि प्रदान गर्ने विदेशी नागरिकहरूलाई समेत नइ प्रकाशनले विविध पुरस्कारहरू प्रदान गर्दै आएको छ । नेपालमा यति धेरै राशिका यति धेरै पुरस्कार प्रदान गर्ने संस्था नइ प्रकाशन मात्र हो । योग्य पात्रहरू चुन्ने अभावमा धेरै

पुरस्कार र ठूलो नगद राशि प्रदान गर्दैमा मात्र पनि कुनै संस्थाको गरिमा बढ्दैन; नइले चाहिँ अविच्छिन्न रूपमा नै सुयोग्य पात्रका हातमा पुरस्कार, उपाधि र पदकहरू पुऱ्याएर कीर्तिमान कायम गरेको छ ।

नइ प्रकाशनको संयोजनमा स्थापित अर्को प्राज्ञिक संस्था त्रिमूर्ति निकेतनबाट नेपाली साहित्यका त्रिमूर्तिका नाममा पुरस्कारहरू स्थापना गरी बालकृष्ण सम पुरस्कार, लक्ष्मीप्रसाद देवकोटा पुरस्कार र लेखनाथ पौडचाल पुरस्कार जनही एकएक लाख प्रदान गरिँदै आएको छ ।

त्रिमूर्ति निकेतनबाट डा.मोदनाथ प्रश्रितको अध्यक्षतामा महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म शताब्दी महोत्सव विविध महत्त्वपूर्ण कार्यक्रमहरूका साथ २०६५ सालको लक्ष्मीपूजादेखि २०६६ साल चैतसम्म सम्पन्न भयो । साथै महोत्सवद्वारा आयोजना गरिएको अन्तिम कार्यक्रमको रूपमा प्राज्ञ सत्यमोहन जोशीको संयोजकत्वमा पाँचदिने (२०६६ चैत ५ देखि ९ गतेसम्म) अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन भएको थियो । यस सम्मेलनमा विश्वका तेह्र राष्ट्रका स्थानीय मूलका स्रष्टाहरूको प्रत्यक्ष सहभागिता थियो । यो विराट् सम्मेलन हरेक दृष्टिले महत्त्वपूर्ण र ऐतिहासिक बन्न पुग्यो । नेपाली साहित्यलाई विश्वव्यापी बनाउने दिशामा यस सम्मेलनले अतुलनीय योगदान प्रदान गरेको छ ।

त्रिमूर्ति निकेतनको आयोजनामा प्रा.डा.गार्गी शर्माको अध्यक्षतामा विश्वनारी नेपाली साहित्य सम्मेलन २०७१ जेठ १५–१७ मा तीनदिने सम्मेलन भव्य रूपमा सम्पन्न भयो । यस महासम्मेलनमा पाँच महादेशका बीस राष्ट्रका र नेपालका एकहत्तर जिल्लाका नेपाली नारीस्रष्टाहरूको सक्रिय सहभागिता थियो । यसै महत्त्वपूर्ण,

ऐतिहासिक सम्मेलनमा वरिष्ठ नेपाली नारी साहित्य स्रष्टा डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्वनारी रत्न'को उपाधि र पाँच लाख रुपियाँ प्रदान गरियो भने विभिन्न नेपाली नारी साहित्यकारलाई विश्वनारी नेपाली साहित्य सम्मान, त्रिमूर्ति पुरस्कार र विश्वनारी नेपाली साहित्य पदक प्रदानसमेत गरिएको थियो । यस सम्मेलनको अवसरमा चौधभन्दा बढी सम्बन्धित महत्त्वपूर्ण ग्रन्थहरूको प्रकाशन भयो ।

त्यस्तै त्रिमूर्ति निकेतनबाट प्रा.डा.उषा ठाकुरको संयोजकत्वमा नेपाली साहित्यका महारथी डा.सत्यमोहन जोशीको शताब्दी महोत्सव २०७१ वैशाख ३० गतेदेखि २०७७ वैशाख ३० गतेसम्म भव्यतापूर्वक मनाइयो ।

वरिष्ठ संस्कृतिविद्, नेपाली लोकसाहित्यका अध्येता, नेपाली भाषाको विशिष्ट साहित्यकार तथा नेपालभाषाका महान् साहित्य स्रष्टा नेपाली भाषासाहित्यको गरिमा र महिमा विश्वभरिमा पुऱ्याउने अविश्रान्त साधक डा.सत्यमोहन जोशीलाई २०७१ मङ्सिर १५ गते उपप्रधानमन्त्री वामदेव गौतम, मन्त्री नरहरि आचार्य र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीद्वारा संयुक्त रूपमा 'शताब्दी पुरुषको उपाधि' र पाँच लाख रुपियाँ सगौरव समर्पण गरियो । यस महोत्सवको अवसरमा यस महोत्सवमा विशिष्ट योगदान पुऱ्याएबापत दुई सय पचासी जना व्यक्तिहरूलाई वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशीकै बाहुलीबाट 'सत्यमोहन जोशी शताब्दी पदक' अर्पण गरिएको थियो ।

नइको परिकल्पना र सक्रिय प्रबन्धसमेतको विशेष सहयोग लिई बृहत् स्तरमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २०७१ सालमा भानुभक्त द्विशतवार्षिकी

समारोहको परिचालन गरेको थियो । नेपाल राष्ट्रका चौध अञ्चल र विश्वका पच्चिस राष्ट्रमा समेत सम्बन्धित समारोह समितिको गठन गरेर मनाइएको यस भानु द्विशतवार्षिकीका कार्यक्रम नेपाली साहित्यका सन्दर्भमा अहिलेसम्मको सबैभन्दा ठूलो संस्थागत सञ्जाल परिचालित भएको कार्यक्रम स्पष्ट रूपमा देखिन्छ । यस्तो कार्यक्रम गरेर नइले धेरै ठूलो जस पाएको थियो ।

पुस्तक प्रकाशनको दृष्टिले पनि नइ प्रकाशन तथा त्रिमूर्ति निकेतनबाट प्रकाशित कृतिहरू स्तरीय र महत्त्वपूर्ण छन् । परिमाणको दृष्टिले पनि र गुणात्मकताको दृष्टिले यी प्रकाशित ग्रन्थहरू बहुमूल्य छन् । साथै चार सिडी र भिसिडी पनि प्रकाशन भएका छन् । नइ मोबाइल फोन कोश पनि महत्त्वपूर्ण रहेको छ ।

नइ प्रकाशनले नइ रजत महोत्सव (२०५२–२०७७) एक वर्षसम्म मनाएको थियो । नइ प्रकाशनले नइ रजत महोत्सवका अवसरमा एक लाख रुपियाँ राशिको नइ रजत वर्ष शोध पुरस्कारको स्थापना गरेको छ ।

नइ रजत महोत्सवका अवसरमा २०७८ असोज २३ गते प्रा.डा.वासुदेव त्रिपाठीलाई 'महासमालोचक'को उपाधि र पाँच लाख रुपियाँ राशिका साथ नइ रजत महोत्सव पुरस्कारले विभूषित गरिएको थियो । साथै नइ प्रकाशनको प्रतिष्ठा र गरिमाको अभिवृद्धिका लागि विशिष्ट योगदान पुऱ्याएबापत देशदेशान्तरका चार सय दस महानुभावहरूलाई नइ रजत महोत्सव पदक अर्पण गरियो ।

राजनीति निरपेक्ष भएर नेपाली वाङ्मयको प्रवर्धनमा अविश्रान्त साधनारत नइ प्रकाशनको निरन्तर र बहुआयामिक कार्यहरूले विश्व नेपाली साहित्यमा स्पष्ट र प्रेरक भूमिका खेलिरहेको

छ । नेपाली भाषासाहित्यको श्रीवृद्धिमा समर्पित नइ प्रकाशनको ऊर्जाशील कार्य खोज र अनुसन्धानमा समेत आधारित छन् । तटस्थ र नि:स्वार्थ रूपमा खोजीखोजी देशदेशान्तरका प्रतिभा र विद्वान्को सम्मान गरी नइले आफ्नो विशिष्ट कोटिको जाज्वल्यमान रूप र पहिचान देखाउँदै आएको छ । हिमालजस्तो उचाइ, पृथ्वीजस्तो गहिराइ र आकाशजस्तो सुदूरव्यापीय नइको सोच अझ प्रखर, व्यापक, प्रगाढ र मङ्गलकारी हुन्छ भन्ने कुरामा म पूर्ण विश्वस्त छु ।

# वाङ्मयको पवित्र तीर्थ

**प्रा.डा.ऋषिराम शर्मा**

**'यो देशमा म यौटा**
**मानिस खोजिरे'छु ।'**

प्रसिद्ध गायक शिशिर योगीको सुमधुर स्वर, गुरुगहन विचार र हृदयस्पर्शी भावले ओतप्रोत भएको यो मर्मस्पशी गीत नसुन्ने बिरलै नेपाली होलान् । तीन करोड मानिसको बसोबास रहेको यस देश नेपालमा यो गीतको बोलले 'यौटा मानिस !' खोज्न भौँतारिनुको के अर्थ होला ? यस गीतभित्र लुकेको भावले भन्दो हो ! भीडभन्दा बेग्लै, निजी स्वार्थका केन्द्रको वरिपरि परिभ्रमण गर्नेभन्दा छुट्टै र मुलुकलाई केन्द्रमा राखेर सोच्ने मानिसको यहाँ अनिकाल छ र ऊ देशमा सहकाल ल्याउने त्यही मान्छे खोजिरहेछ !



तर आज मलाई साहित्य सिर्जना, साहित्यिक कृतिको प्रकाशन, विशिष्ट साहित्य साधकहरूका नाममा विराट् संस्थाहरूको स्थापना एवं साहित्य र वाङ्मय सर्जकलाई सम्मान र सयौँ पुरस्कार प्रदानजस्ता अर्गानिक वाङ्मयिक खेतीपातीका माध्यमबाट नेपाली वाङ्मयजगत्मा सहकाल ल्याउन 'नइ प्रकाशन'ले निर्वाह गरेको भूमिका देखेर यही गीतको प्यारोडी

गुनगुनाउन मन लागिरहेछ । नइ प्रकाशनका यी जोडी प्रकृति र पुरुषमध्ये प्रकृतिको प्रतिभा र पुरुषको साधना एवं लगाव देखेर मलाई यही गीतको लयमा झुम्न मन लागिरहेछ ।

**'यो देशमा म दुइटा**
**मानिस देखिरे'छु ।'**

नइ प्रकाशन अर्थात् नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई; यी दुई जोडीले निरन्तर सिर्जना गरेका रचना र मुलुकका मोफसलमा लुकेका र राज्यका निकायले नदेखेका तर साधनारत विविध विधाका सर्जकहरूलाई निरन्तर र निरपेक्ष भावले सम्मान गर्ने र पुरस्कार प्रदान गर्ने शैली देखेर म विस्मित छु । नरेन्द्र र इन्दिरा दुई व्यक्तिबाट विराट् संस्थाका रूपमा अर्थात् 'नइ'मा अनुवाद हुँदै गरेको युगलको यो संस्थाले पच्चिस वर्षको सफल यात्रा गरेकामा यसलाई शुभकामना र उत्तरोत्तर प्रगतिका पुष्पगुच्छा अर्पण गर्न मैले मेरो धर्म सम्झेको छु र यो संस्था यही रफ्तारमा यात्रारत रहोस् भन्ने शुभेच्छासमेत व्यक्त गर्दछु ।

हो, मैले अँगालेको राजनीतिक विचार र 'नइ'का अभियन्ता नरेन्द्रले लिएको राजनीतिक विचार पृथक छ । म गणतन्त्रको छहारीमा र सुखी नेपाली समृद्ध नेपालका अभियन्ताको नेतृत्वमा यो देशवासीमा सुख फुल्छ र मुलुकमा समृद्धि फल्छ भन्ने विचारको पक्षपोषक हुँ । नइका 'न' अर्थात् नरेन्द्रराज प्रसाईको यो मुलुकको मौलिकता राजासहितको प्रजातन्त्रमा मुस्कुराउँछ भन्ने विचार छ र हाकाहाकी उद्घोष पनि छ । वैचारिक दृष्टिले नरेन्द्र र म (हामी) एउटै देशरूपी नदीका दुई किनारा हौँ । तर जब मुलुकको आत्माका रूपमा रहेको साहित्य, संस्कृति र राष्ट्रियताको सागरमा मुलुक समाहित हुने कुरो आउँछ, हाम्रा दुई किनारा पनि त्यसैमा समाहित हुँदा रहेछन् । अर्थात् यसो भनौँ, हाम्रा हृदयभित्र अङ्कित देशप्रतिको मायाको मानचित्र भने करिबकरिब उस्तैउस्तै भएको आभास हुँदो रहेछ ।

मलाई यस्तो लाग्छ– नइ प्रकाशनलाई नइले नेपाली वाङ्मयको पवित्र तीर्थ बनाएका छन् अर्थात् यसो भनूँ, यो साहित्यका साधकहरूको एउटा पावन धाम हो । चर्चित थुप्रै गणतन्त्रवादी होऊन् वा प्रसिद्ध लोकतन्त्रवादीहरू होऊन् अथवा राजतन्त्रवादी होऊन् ती सबै साहित्य साधनाको मन्त्र पाठ गर्दै नइ प्रकाशनको गङ्गामा स्नान गरिरहेको मैले देखेको छु । त्यसैले नइ प्रकाशन यस्तो साहित्यिक तीर्थ हो जहाँ राजनैतिक रूपमा जुनसुकै विचारका भए पनि वाङ्मय साधनाको फूल लिएर आउनेलाई यसले बिछट्टै माया गर्छ भन्ने कुरा यहाँ पाइला टेक्ने साहित्य साधकहरूले अनुभूत गरेको पाइन्छ ।

गाउँगाउँ र दूरदराजमा रहेका र राजधानीको नजरले नदेखेका वा हेर्न नखोजेका प्रतिभालाई पुरस्कृत गरेर नइले गरेको योगदान एकातिर छँदै छ भने अर्कातिर प्रतिभाशाली तर आफ्ना रचना प्रकाशन गर्न नसकेका र प्रतिभा भएर पनि त्यसलाई प्रकाशनमा ल्याउन नसकेका प्रतिभाहरूलाई प्रस्फुटन गराउन नइ प्रकाशनले अहम् भूमिका निर्वाह गरेको मैले देखेको छु । यस प्रकाशनबाट प्रकाशित पुस्तकहरूको सूची हेर्दा त्यसको झल्को सहजै देख्न सकिन्छ र म यसै लेखबाट के पनि आह्वान र सूचित गर्न चाहन्छु भने राजधानीको राज्यसत्ताको आडमा साहित्यिक सत्तामा चढेर भत्ता खानेहरूको नजरमा नपरेका र साँच्चि कोही साधकहरू छन् भने यो संस्थाको सम्पर्कमा आएमा त्यस्ता प्रतिभाहरूले नइ प्रकाशनको फूलबारीमा फुल्ने र आफ्नो प्रतिभापुष्पको सुवास छर्ने अवसर पाउनेछन् ।

नइका नरेन्द्रको अनौपचारिक बोली औपचारिक व्यक्तित्व र वास्तविक व्यवहारमा विचित्रको विरोधाभास सौन्दर्य र गजबको विपर्यास वैचित्र्य छ । बेलाबेला यिनका मुखबाट तित्राको जस्तो आवाज सुनिँदो होला तर पनि मन, मुटुबाटै अनन्य र आत्मीय मित्रको व्यवहार देखाउने नरेन्द्र एउटा खुला किताप हुन् । झ्वाट्ट

हेर्दा र सुन्दा यिनको व्यवहार हाडेओखरजस्तो साह्रो लाग्न सक्छ तर यिनको मन नौनीभन्दा कमलो छ । मनमा धारिलो छुरा र मुखमा सुरिलो कुरा भएका एउटै विचार समूहका मित्रभन्दा कता हो कता अग्ला लाग्छन् नरेन्द्र । पोलिटिक्स गर्दिनँ भन्दै आफ्नै प्रकारको पोलिटिक्स गर्ने र विभिन्न विपरीत कित्ताका पोलिटिसियनसँग पनि गाढा मित्रता राख्ने मात्र होइन ती विपरीत ध्रुवका व्यक्तिलाई समेत एउटै मञ्चमा प्रस्तुत गर्ने अद्भुत क्षमता भएका नइका नरेन्द्रको व्यवहार साह्रै सरल भएर पनि निकै वैचित्र्ययुक्त देखिन्छ । नइका नरेन्द्रका बोली र व्यवहारमा देखिने यो विरोधाभास सौन्दर्य भनौँ वा विपर्यास लालित्य आफैँमा विच्छित्तियुक्त र चमत्कारिकसमेत छ ।

नइका नरेन्द्र गजबका गीतकार हुन् र उनी समकालीन जीवनीलेखनका एक आइकनसमेत हुन्, उनको जीवनीलेखन यात्राको यो वेग रोकिएन र थामिएन भने कुनै दिन यिनका आँगनमा जीवनीसम्राट्को उपाधि टुप्लिकिए आश्चर्य नमान्दा हुन्छ । उनले लेखेका जीवनी पढ्दा यस्तो लाग्छ, ती साहित्यकारहरू जीवितै छन् र हामी तिनीसँग साक्षात् बात मारिरहेका छौँ । उनको देवकोटाको जीवनी होस् वा पारिजातको अथवा नेपाली कलासम्राट् लैनसिंह बाङ्गदेलको बायोग्राफी होस्, उनले हरेक साहित्यकार र कलाकारको जीवनी लेखेका मात्र होइनन् त्यसमा प्राण पनि भरेका छन् । यता नइकी इन्दिरा सिर्जना प्रतिभाकी धनी छन् । उनका रचनामा नारीवादी विचारको प्रवाह छ । कविता, कथा, निबन्ध, उपन्यास र विभिन्न लेख लेख्ने उनका रचनामा समाजजीवनका समसामयिक विडम्बनाको अभिव्यक्ति र सामाजिक एवं राजनीतिक विकृतिप्रतिको आक्रोश पनि छ । यत्रो संस्थाको सारथि भएर पनि उनमा देखिने सादगीपन र भद्रताले फलेको वृक्षको हाँगोलाई समेत बिर्साएको आभास हुन्छ ।

नइ प्रकाशनका प्रकाशन र नइले गरेका योगदान यसका निकै उल्लेख्य र चिरस्मरणीय विषय हुन् । यिनले नेपाली साहित्यका शिखर व्यक्तित्व देवकोटा, सम र लेखनाथका पूर्ण कदका सालिक ठडयाउँदै एयरपोर्टस्थित सूचना विभागको प्राङ्गणमा त्रिमूर्ति निकेतननामक संस्थाको स्थापना गरे । राष्ट्रकवि माधव घिमिरेको राष्ट्रकविको सम्मानमा होस् वा सत्यमोहन जोशीलाई शताब्दी पुरुषका रूपमा सर्वप्रथम घोषणा गर्दा होस् साहित्य र वाङ्मयका प्रतिको उनको योगदान कसले पो बिर्सन सक्छ र ? यता एकातिर 'नारीचुली'नामक कृतिमार्फत ललितत्रिपुरसुन्दरीदेखि सीता पाण्डेसम्मका तमाम नेपालका नारी साहित्यकारहरूको कोश नै उनले तयार पारे भने अर्कातिर देशका गायक र गीतकारहरूका जीवनीको अमूल्य ग्रन्थ 'नेपाली सङ्गीतका शिखर'नामक कृति पनि रचना गरे । राष्ट्रवादका धरोहर रोहित मात्र होइन, जनसंस्कृति र सामाजिक जागरणका शिखर व्यक्तित्व मोदनाथ प्रश्रितको जीवनीमा पनि यिनी वाचाल छन् । पुस्तकाकारबाहेक नइको कलमले रचना गरेका कृतिहरूको सङ्ख्या असङ्ख्य नै छ ।

आज नइ प्रकाशन आफ्नो पच्चिसबर्से तन्नेरी वयको ऊर्जा र जाँगरका साथ यात्रारत छ । कैयौँ पाका र प्रौढ प्रकाशन संस्था र सर्जकहरूका संस्थाहरूलाई निकै पछि पार्दै योगदानको म्याराथुन दौडमा नइ प्रकाशन निकै अगि पुगिसकेको छ । स्वर्णजयन्ती र हीरकजयन्ती मनाएका कतिपय संस्था यसका अगाडि लिलिपुट देखिन थालेका छन् । साहित्य र वाङ्मयलाई नै आफ्नो साध्य बनाएको यस नइ प्रकाशनको विमानका पाइलटद्वय 'नइ' अर्थात् नरेन्द्र र इन्दिराको कुशल क्षमताका साथ नेपाली वाङ्मयका आकाशमा वाङ्मयिक विमान आज निरन्तर उडान भरिरहेको छ । म यस प्रकाशनको रजत वर्षका उपलक्ष्यमा यस प्रकाशनप्रति हृदयदेखि नै शुभकामना अर्पण गर्दछु ।

# राष्ट्रको एउटा पवित्र मन्दिर

## ओमकुमारी बन्जारा रानाभाट

नइ प्रकाशनको नाम मैले पहिलेदेखि नै सुनेकी थिएँ । तर मैले 'नइ' लाई पहिलो पटक त्यसै दिन देखेकी थिएँ, जुन दिन भद्रकुमारी घलेको जन्मदिन मनाउँदा हामी सँगसँगै थियौँ ।



त्यस दिन नरेन्द्रराज प्रसाईले भद्रकुमारी घलेको गोडामा आफ्नै हातले मोजा लगाइदिनुभएको थियो । भद्रकुमारी घलेले लगाएको मोजा खोलेर उहाँले नयाँ मोजा लगाइदिँदा म छक्क परेकी थिएँ । किनभने यस प्रकारको जन्मदिन मनाइएको यसअघि मैले देखेको थिइनँ । भद्रकुमारी घलेले नरेन्द्रराज प्रसाईकी आमा भागीरथा प्रसाईलाई बाँचुन्जेल आफ्नै हातले हरेक महिना मोजा लगाइदिने, चाडबाड आएपछि आमालाई नयाँनयाँ लुगाकपडा लगाइदिने गर्नुहुँदो रहेछ । नरेन्द्रराज प्रसाईकी आमा स्वर्गीय भएपछि नरेन्द्रराज प्रसाईले पनि भद्रकुमारी घलेलाई आफ्नी आमालाई जस्तै श्रद्धा गर्दै आउनुभएको रहेछ र भद्रकुमारी घलेको हरेक वर्षको जन्मदिनमा यसै गरी मोजा लगाइदिँदै आउनुभएको रहेछ ।

भद्रकुमारी घलेको जन्मदिनका दिन भद्रकुमारी घलेका घरभरि साहित्यकारहरूको भीड लागेको थियो । त्यस भीडमा नरेन्द्रराज

प्रसाई र इन्दिरा प्रसाई भद्रकुमारी घलेको छेउ आइपुग्नुभयो । सबै जनाको दृष्टि नइ जोडीमाथि नै परेको थियो । नइ जोडीलाई देखेपछि भद्रकुमारी घलेको अनुहार पनि एक्कासि उज्यालो भएको थियो । त्यसै बेला भद्रकुमारी घलेले अलिक ठूलै स्वरमा आफ्ना सहयोगीहरूले सुन्ने गरी भन्नुभएको थियो– 'ए नइ जोडी आउनुभयो । उहाँहरूलाई बस्ने कुर्सी मिलाओ ।'

नरेन्द्रराज प्रसाई कुर्सीमा बस्नु भएन । उहाँले भद्रकुमारी घलेलाई माल्यार्पण गर्नुभयो र उहाँ घले बसेको कुर्सीमुनि भुइँमा थ्याच्च बस्नुभयो । त्यसपछि भद्रकुमारी घलेका गोडा आफ्नै काखमा राखेर उहाँले घलेलाई नयाँ मोजा लगाइदिनुभयो । त्यो दृश्यले म रोमाञ्चित भएकी थिएँ । इन्दिरा प्रसाईले थालभरि फलफूल उपहार दिँदै निहुरिएर भद्रकुमारी घलेका हात ढोग्नुभयो । त्यस बेला त्यस घटनाले नइको सदाचारी मन मैले नजिकबाट बुझ्न पाएकी थिएँ ।

मायालु नइ जोडीलाई मैले पहिलो चोटि भद्रकुमारी घलेका घरमा भेटेकी भए तापनि उहाँहरूको बारेमा मैले प्रशस्तै सुनेकी भने थिएँ । मैले उहाँहरूले लेखेका किताप पनि पढेकी थिएँ । त्यस समय नइसँग नजिक हुने अवसर जुराइदिने रश्मि रिमाल र प्रकाश समिरलाई म विशेष धन्यवाद दिन चाहन्छु ।

भद्रकुमारी घलेका घरमा साक्षात्कार भएपछि म नइसँग नजिक हुन चाहन्थेँ र बिस्तारैबिस्तारै नइसँग नजिक हुन थालेँ । नइले मलाई साहित्यमा हौसला थपिरहनुभयो । इन्दिरा प्रसाई र नरेन्द्रराज प्रसाईबाट मैले साहित्यिक अभिभावकत्व प्राप्त गर्दै जान थालेँ । मेरो पहिलो कवितासङ्ग्रह 'रूपवासन्ती'मा इन्दिरा प्रसाईकै भूमिका मैले प्राप्त गर्न सकेँ । यस पुस्तकको नामाकरण इन्दिरा प्रसाईको छनौट हो र आवरणसज्जा नरेन्द्रराज प्रसाईको परिकल्पना हो । साथै मेरो अनुरोधमा यो प्रथम कृति नइ प्रकाशनबाटै प्रकाशित भयो । नइको मप्रतिको यस सत्कार्यप्रति म ऋणी हुन पुगेँ ।

'रूपवासन्ती' कवितासङ्ग्रह नइ प्रकाशनबाट छापिनु मेरो साहित्यिक जीवनको पहिलो खुट्किलो थियो । मेरो पहिलो कितापले मलाई यसरी यति छिट्टै चर्चित बनाउँछ भन्ने सोचेकै पनि थिइनँ मैले । मेरो 'रूपवासन्ती' पढ्दै नपढी नाम र कभर हेरेकै आधारमा कति राम्रो कसले बनाएको हो भनेर धेरैले मलाई सोधिरहन्छन् । जसको हातमा 'रूपवासन्ती' पऱ्यो उसले भनिहाल्छ– 'कति राम्रो नाम र कति राम्रो कभर ! कसले बनाएको हो ?'

नइ प्रकाशनमा पाइला टेकेपछि अरूका नजरमा समेत म साहित्यकारमा दरिन थालेँ । मजस्ता धेरै स्रष्टा नइले जन्माएको हुनुपर्छ । नरेन्द्रराज प्रसाई मलाई बराबर भनिरहनुहुन्थ्यो– 'मसँग सङ्गत गर्नेले लेख्नै पर्छ र त्यस्ता व्यक्तिसँग नै मेरो घनिष्ठता बढेको मलाई मन पर्छ । मसँग सम्बन्ध भएका जोसुकैको पनि एउटा दिगो उपलब्धि होस्, मलाई त्यही मन पर्छ ।' इन्दिरा प्रसाईले पनि मेरो 'रूपवासन्ती' कवितासङ्ग्रहलाई टुकुटुकु हिँड्ने बनाइदिनुभयो र त्यसैले म सकुशल पाठकका आँखामा पुग्न सक्ने भएँ । मेरो अनुभवमा नइ प्रकाशन नेपाल राष्ट्रमा नेपाली साहित्य रोप्ने र फुलाउने आँगन भएको सरस्वतीको पवित्र मन्दिर हो ।

नइलाई ईश्वरले अलौकिक शक्ति भरेर वाङ्मयको श्रीवृद्धिका लागि यो धरामा पठाएको हुनुपर्छ । साहित्याकाशका उज्यालो अटल नक्षत्र नइ प्रकाशन तडकभडकदेखि टाढा छ र सिर्जना गर्ने, गराउने, अरूको सम्मान गर्ने र उपाधि प्रदान गर्ने मार्गमा अग्रसर छ । नइ प्रकाशन र त्रिमूर्ति निकेतनको स्थापना गर्ने नइको नि:स्वार्थ सुकर्मसँग हामी सबै जानकार छौँ । लुकेर बसेका प्रतिभालाई समेत खोजीखोजी सार्वजनिक गर्ने नइ जोडीको हृदय नै विशाल छ भनेर धेरैले प्रशंसा गरेको मैले सुनेकी छु ।

नइले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका कार्यक्रम गरिरहेको हुन्छ र नइका हरेक कार्यक्रम अब्बल हुन्छन्, विशेष हुन्छन्, उत्कृष्ट र

भव्य हुन्छन् । नइका कार्यक्रम पूर्वनियोजित समयमै सुरु हुन्छ र समयमै समापन हुन्छ । प्रत्येक कार्यक्रममा साहित्यका महान् व्यक्तित्व प्रमुख अतिथिको रूपमा नइले भित्र्याउँछ । राजनीतिक नेताहरू नइका कार्यक्रमका प्रमुख अतिथि हुन पाउँदैनन् तर उनीहरू दर्शकदीर्घाका हकदार हुन भने पाउँछन् ।

नइदम्पती संस्थापक र सञ्चालक भएको नइ प्रकाशन, त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसनका प्राय: कार्यक्रम मैले हेर्ने मौका पाएकी छु । ती संस्थाहरूका कार्यक्रमको रूपरेखा नै लोभलाग्दा र स्मरण गर्नलायकका हुन्छन् । ती तीनैवटा संस्थाको कार्यक्रम प्रस्तुति शालीन र विशिष्ट किसिमका हुने गरेको मैले देखेकी छु । त्यहाँको कार्यक्रमको व्यवस्थापन हेर्ने र सिक्नलायकका हुन्छन् । त्यहाँका कार्यक्रममा उपस्थित हुने व्यक्तिले जहाँ पायो त्यहीँ बस्न पाइँदैन । हरेक व्यक्तिलाई उसको ओहोदाको आधारमा बस्ने सिट छुट्ट्याइएको हुन्छ । जो पायो त्यही मान्छेले कार्यक्रममा जान चाहेर पनि भित्र पस्न पाउँदैन र कोही झुक्किएर छिरिहाल्यो भने नइका स्वयम्सेवकले त्यस्ता व्यक्तिलाई सम्झाईबुझाई गरेर हलबाट बाहिर निकाल्ने गरिन्छ र निम्ता दिएकालाई सिट पुगेन भने कुर्सी ल्याएर बसाउने गरिँदो रहेछ । हरेक कुरामा अनुशासन चाहिन्छ नइलाई । निष्पक्ष भएर काम गर्ने नइलाई को रिसाओस् को खुसाओस्को कुनै कुराको चासो देखिँदैन । त्यसैले त सफल भएको छ नइ ।

साहित्यको समृद्धिमा अहोरात्र खट्न सक्ने नइको शरीर केले बनेको हो भनेझैँ लाग्छ मलाई । नइदम्पती अति नै खट्न सक्छन् । नइको मुटु पत्थरले बनेको छ जस्तो लाग्छ मलाई । जोकोही यिनको मनमुटुनजिक गएर आफ्ना माग चाहेर पनि राख्ने हिम्मत हुँदैन । राखेको खण्डमा उचित उत्तर दिएर बिदाइ गर्छन् नइ । नइ बाहिर देख्दा बाघ देखिए पनि भित्र रुईले बनेको मुटु छ यिनीहरूसँग । दया, माया, करुणाको खानी हो नइ । मनकारी मन छ नइसँग ।

विभिन्न किसिमका लोभलाग्दा पुरस्कार बाँड्छ नइ । अरूले झैँ आफ्ना भाइभारदार, नेता, कार्यकर्ता, पार्टी, राजनीतिक सिद्धान्त केही हेर्दैन नइ । सम्मान र पुरस्कार मागेर दिँदैन नइले । पुरस्कार मागेर नइको कालो सूचीमा पर्न पनि चाहँदैनन् कोही किनभने पुरस्कार माग्नेलाई नइले कालो सूचीमा राख्ने गरेको छ । अरूको देखासिकी र नक्कल पनि गर्दैन नइ । नइको आफ्नै बाटो छ र त्यो बाटो पनि नइ आफैँले बनाएको छ ।


नइले कामको आधारमा को साँच्चैको स्रष्टा छ ? त्यस्ता महान् व्यक्तिहरूलाई खोजीखोजी अर्चना गर्छ । नइले नवप्रतिभा र बालप्रतिभाको पनि विशेष हौसला बढाउँदै आएको छ । त्यसैले म भन्छु– 'नइको एकता, सहिष्णुता, बौद्धिकता मापन गर्न सकिँदैन ।'

'नइ' भनेको पति र पत्नी मिलेर बनेको जोडी हो र दुवै जना साहित्यकार हुनुहुन्छ । नेपालमा साहित्यकारका नामबाट खोलिएका र यसरी चलेका संस्था कुनै छन् भने मलाई थाहा छैन । त्यसमाथि पनि साहित्यिक दम्पतीका नामबाट साहित्यिक संस्था स्थापना भएको पनि मैले सुनेकी छैन । त्यसैले पनि नइ प्रकाशनप्रति मान्छेको सम्मोहन बढेको हुनुपर्छ भन्ने मलाई लागेको छ । विचित्र रूपमा नै काम र नामले नइ प्रकाशन धेरै माथि पुगेको संस्था भयो । साहित्यकार जोडीको पवित्र मन्दिर नइ प्रकाशन धेरैको आस्था, मोह, विश्वास र भरोसाको केन्द्र बनेको म देखिरहेकी छु । यस्ता संस्थाको नजिक भएर मैले पनि धेरै कुरा जानेकी छु र बुझेकी छु । आफ्नो सम्मान र गरिमा कहीँ, कतै नखोजी साहित्य उत्थानका लागि अहोरात्र खट्ने नइ जोडीको आदर्शले म र मजस्ता धेरै नइप्रति नतमस्तक छौँ । नइ प्रकाशनले आफ्नो उद्देश्यमा जरा गाडेको हुँदा यो संस्था नेपाली धर्तीको एउटा खँदिलो अस्तित्व बन्न पुगेको छ ।

# जनस्तरको प्रज्ञाप्रतिष्ठान

**कमल रिजाल**

नइ प्रकाशनलाई निजी क्षेत्रको प्रज्ञाप्रतिष्ठानको रूपमा लिन सकिने प्रशस्त आधार छन् । सरकारी प्रज्ञाप्रतिष्ठानले गर्दै आएका प्राय: सबै काम यसैले गर्दै आएको छ । अफ्र साँच्चै भन्ने हो भने सरकारी प्रज्ञाप्रतिष्ठानले गर्न नसकेका वा नचाहेका कतिपय काममा समेत यसले आफ्नो पहुँच पुर्‍याइसकेको छ । एउटै संस्थाबाट वाङ्मय क्षेत्रमा यति धेरै र यति ठूलो काम गर्ने संस्था नेपालको परिप्रेक्ष्यमा नइ प्रकाशन नै हो । लर्तरो लगन र प्रयासले पक्कै यस्तो पुनीत कार्य सम्भव हुँदैन ।



नइ प्रकाशन विशुद्ध सेवामूलक साहित्यिक संस्था हो । नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय काम गर्ने व्यक्तिको खोज गर्ने संस्था हो– नइ प्रकाशन । नेपाली भाषा र साहित्यको अध्ययन, अनुसन्धान गर्ने, गराउने, नेपाली भाषालगायत अन्य भाषामा लेखिएका कृतिहरू प्रकाशन गर्ने काममा नइ चुकेको छैन । कहिलेकाहीँ त जेहेनदार विद्यार्थीहरूलाई छात्रवृत्तिसमेत यस संस्थाले प्रदान गरेको देखिन्छ । नइ प्रकाशनद्वारा साहित्य, सङ्गीत, कला आदि नेपाली वाङ्मयसेवीलाई पुरस्कार प्रदान गर्ने काम पनि गरेको देखिएकै छ साथै देशविदेशका विशिष्ट प्रतिभाहरू

खोज गरी नियमित रूपमा नइले सम्मान तथा पुरस्कृत गर्दै आएको छ । विगत दुई वर्षअघि नै रजत महोत्सव मनाइसकेको नइ हाल पक्का जवान भइसकेको छ । अनवरत नेपाली वाङ्मय क्षेत्रको र वाङ्मयसेवीको पूजा गर्दै आएको यस संस्थाको अक्षयकोष नै साढे दुई करोड राशिको भइसकेको छ । संस्थाले यसैको ब्याजबाट बर्सेनि विभिन्न विधाका विशिष्ट प्रतिभालाई सम्मान गरी पुरस्कृत गर्दै आएको छ । यसअनुसार हालसम्म संस्थाबाट देशविदेशका सयौँ व्यक्ति सम्मानित तथा पुरस्कृत भइसकेका छन् । यसबाहेक त्यस्तै विशिष्ट व्यक्तित्वलाई यदाकदा मोटै राशिको पुरस्कार प्रदान गरी सम्मान गर्दै आएको दृष्टान्त पनि छ । गत वर्ष मात्र महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीलाई सम्मानपत्रसहित पाँच लाख रुपियाँ राशिले पुरस्कृत गरेको थियो । यसबाहेक बर्सेनि विभिन्न स्रष्टाका पुस्तक प्रकाशन गर्ने काममा समेत नइले चासो दिँदै आएको छ ।

वाङ्मयका क्षेत्रमा यति बिघ्न काम गर्ने संस्था नइ प्रकाशनबाहेक अरू भेटिँदैन । यसमा नइदम्पतीको योगदानलाई बिर्सन मिल्दैन । उनीहरूको विशेष चासो र खटाइकै कारण यो सम्भव भएको हो । यसको अर्थ उनीहरूको मात्र योगदान छ भन्ने पनि होइन । संस्थालाई यहाँसम्म पुऱ्याउन अन्य विभिन्न विद्वान्विदुषीहरूको पनि उत्तिकै सहयोग, सद्भाव र योगदान रहेको छ । तथापि संस्था स्थापना नै नइको नामबाट भएकाले नइको योगदान स्वाभाविक रूपमा बढी रहेको स्वतः अनुमान लगाउन सकिन्छ । उनीहरूले जुन उद्देश्य र ऊर्जाले संस्था स्थापना गरेका थिए, पछिल्ला दिनहरूमा त्यो घटेको छैन बरु बढ्दै गएको छ । विगत सत्ताइस वर्षको अवधिमा नइ प्रकाशनबाट सम्पन्न भएका गतिविधि नै यसको प्रमाण हो ।

साहित्यिक संस्था खडा गरी त्यसलाई सत्ताइस वर्षसम्म निरन्तरता दिनु यसै पनि चानचुने काम होइन । त्यसमाथि संस्थालाई निरन्तर प्रगतिको पथमा डोऱ्याउँदै जान सक्नु भनेको फलामको

चिउरा चपाउनुभन्दा पक्कै कम होइन । नइ प्रकाशनको लगनशीलता र इमानदारीकै कारण यो सम्भव भएको हो भन्नै पर्छ । संस्था चलाउन आर्थिक अवस्था जति दह्रो हुनुपर्छ त्योभन्दा बढी इमानदारिता चाहिन्छ । नइ प्रकाशनले यो दुवै पाएको छ, जसको जस नइ प्रकाशनका सञ्चालक विशेष गरी नइलाई दिनैपर्छ । संस्थाको उद्देश्य र इमानदारीकै कारण अक्षयकोषमा रकम जम्मा गर्ने दाताहरू पनि बढ्दै गएका हुन् ।

आर्थिक अवस्थाको कुरा गर्दा सबैभन्दा पहिले पारदर्शिताको कुरा आउँछ । हिसाबकिताप पारदर्शी हुन सकेन भने संस्था चल्दैन । सहयोगी दाताहरू लगानी गर्न हिचकिचाउँछन् । यसैका कारण कतिपय संस्था धराशयी हुने गरेको उदाहरण खोजीपसे प्रशस्तै पाउन सकिन्छ तर नइमा त्यस्तो छैन । दाताले जुन उद्देश्यले अक्षय कोषमा रकम जम्मा गरेका हुन्छन् सोही उद्देश्यमा इमानदारीपूर्वक लगानी हुँदै आएको छ । यसबाट संस्थालाई निरन्तरता दिएर संस्थाको गरिमा बढाउन मात्र सकिएको छैन थप लगानीका वातावरणसमेत बन्दै गएको छ । नइ प्रकाशनले स्थापनाकालमा जुन उद्देश्य लिएको थियो त्यसमा कत्ति तलमाथि हुन दिएको छैन । नइले सितिमिति विषय उठान गर्दैन । गहन अध्ययन, अनुसन्धान, चिन्तन, मनन तथा सोचविचार गरेर मात्र उठाउँछ र उठाइसकेपछि झरी, बादल केही नभनी भूतले जस्तै लागेर काम पूरा गरेरै छाड्ने गरेको इतिहास छ ।

उदाहरणका लागि कविवर माधवप्रसाद घिमिरेलाई राष्ट्रकविको उपाधि दिलाउन भएको प्रयासलाई नै लिन सकिन्छ । यस काममा संस्थाले खास गरी नइदम्पतीले कम्ती पापड बेल्नुपरेको थिएन । तैपनि आफूले सुरु गरेको कामलाई किनारा लगाएरै छाडे । यसको प्रशंसा स्वयम् माधवप्रसाद घिमिरेबाटै पटकपटक भएको थियो । सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुषको

उपाधि दिलाउने कार्यमा पनि त्यस्तै ठूलो प्रयास गरेका छन् उनीहरूले । तैपनि कत्ति हार नखाई निरन्तर लागिरहेकै कारण यसलाई पनि पूरा गर्न सकेका हुन् । नइले साहित्य विशारदद्वय डा.वानीरा गिरी र प्रा.डा.वासुदेव त्रिपाठीलाई पाँचपाँच लाख रुपियाँ राशिसहित नेपाली साहित्यका विश्वनारी रत्न र महासमालोचकको उपाधि प्रदान गरेको छ । चाहे राष्ट्रकविलाई होस् र चाहे शताब्दी पुरुषलाई होस् विविध किसिमले पुरस्कार या उपाधि प्रदान गरिँदा जनही पाँच लाख रुपियाँ राशि घटाइएको सुनिएको छैन । पाँच लाख राशिसहित पुरस्कार पाउँदा राष्ट्रकविले त भन्नु पनि भएको थियो– 'नइकै कारणले मैले पाँच लाख रुपियाँ राशिको पुरस्कार पाएँ । मैले मेरो जीवनमा एकमुस्ट यति धेरै रकम पाएको पनि यो नै पहिलो चोटि हो । मैले बैङ्कबाट पैसा साटेर ल्याएर पनि गनैं र त्यतिखेर खुसीले मेरो छाती रसाएको थियो ।' त्यसै गरेर शताब्दी पुरुषले भन्नुभएको थियो– 'नइले मलाई बचायो, नइ भएरै म बाँचैं । मैले यति ठूलो उपाधि पाएँ, अब मलाई जीवनमा केही चाहिएन, पुग्यो ।'

देशका प्रतिभा पहिचान गरी उनीहरूको सम्मान गर्ने काममा राज्यसत्ताले नै ध्यान दिनुपर्ने हो तर भागबन्डाको भारीले राज्यसत्ता यति बढी थलिएको छ कि उसको दिमागमा यस्ता कुराका विचारबीज टुसाउनै पाउँदैन । जब बीज प्रकटीकरणै हुन पाएको छैन भने उसमा बीज विस्तारको नियम लागू हुने कुरै आउँदैन । प्रकृतिको नियम के भने पहिले बीज प्रकटीकरण हुन्छ र त्यसपछि बीज विस्तारको नियम लागू भई व्यापक स्वरूप धारण गर्छ तर जहाँ बीज प्रकटीकरण नै भएको छैन, त्यहाँ बीज विस्तारको नियम खोज्नु भनेको मरुभूमिको पानीबाहेक केही होइन । प्रतिभा खोजी र सम्मानको क्षेत्रमा राज्यसत्ताको अवस्था पनि त्यस्तै हो । मुलुकमा प्राज्ञ हुन पनि कुनै दलको झोला बोक्नैपर्छ । दलको झोला बोकेपछि उसले झोला बोकेको

दलको पालो आएको बेला जो भए पनि प्राज्ञ बन्ने अवसर पाउँछ, विशेषज्ञ बन्ने अवसर पाउँछ । विश्वविद्यालयको उपकुलपति बन्छ, शिक्षाध्यक्ष बन्छ, रजिस्टार बन्छ । दलको झोला बोक्न नचाहने हो भने उसका बारेमा राज्यसत्ता चुइँक्क बोल्नसम्म चाहँदैन । यस्ता विचारका खडेरी बोक्नेसित के नै आशा गर्न सकिन्छ र ! धन्य नइजस्ता केही संस्था जन्मेका छन् र मुलुकी प्रतिभाको सम्मान हुन पाएको छ ।

यसबाहेक नइ प्रकाशनले प्राचीन साहित्यिक प्रतिभाहरूलाई समेत खोज गरी उनीहरूका योगदानलाई बाहिर ल्याउने काममा समेत उत्तिकै चासो दिँदै आएको छ, जसले गर्दा कतिपय आधुनिक पाठकले थाहा नपाएका र कतिपय अर्कै अर्थमा प्रयोग हुँदै आएको कुराको समेत जानकारी पाउँदै आएका छन् । प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी र उनले गरेका काम आदि केही उदाहरण हुन् । हालसम्म नेपाली पाठकले सुन्धारा तथा धरहरा निर्माण भीमसेन थापाले गरेका हुन् भन्ने पढ्दै र सुन्दै आएका थिए तर नइको खोजकै कारण ती काम उनै प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीबाट भएको जानकारी पाएका छन् । यी केही उदाहरण हुन् । यस्ता धेरै काम नइबाट भएको छ, हुँदै आएको छ ।

नि:सन्देह नइ प्रकाशनबाट जेजति काम भएका छन्, कम्तीमा एउटा संस्थाबाट हुने वा एउटा संस्थाले गर्न सक्नेभन्दा बढी नै भएको छ । यहीअनुरूप अन्य व्यक्ति वा संस्था पनि जाग्नुपर्ने देखिन्छ । इच्छाशक्ति भए गर्न सकिँदो रहेछ भन्ने नजिर नइ प्रकाशनले बसाइसकेको छ । उसले देखाएको बाटो अनुसरण मात्र गर्ने हो भने पनि धेरै गर्न सकिने अवस्था छ । यसरी उदाहरणीय काम गरेर सबैलाई मार्गदर्शन गर्न सक्ने नइ प्रकाशन सरस्वतीको मन्दिर बनेको छ ।

# जीवित राख्ने काम

## कल्पना खरेल

**परिचय**

नेपाली वाङ्मयका क्षेत्रमा बृहत् उच्चस्तरको काम गर्ने संस्था हो नइ प्रकाशन तथा त्रिमूर्ति निकेतन । गरे के हुँदैन भन्ने ज्वलन्त उदारण हो वरिष्ठ साहित्यकारद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई । समाजसेवा गर्न विशाल हृदय हुनुपर्छ । जसको



विशाल हृदयमा सिङ्गो समाजका पात्रहरू अटाउन सक्छन् । जहाँ विशाल हृदयमा उदारपन आउँछ, त्यहाँ नै समाजसेवी जन्मन्छन् । मानिसलाई कर्मले सुपरिचय दिन्छ । कस्तो किसिमको मानिस बन्ने भन्ने सोच कर्मले निर्धारित गर्छ । त्यस्तै ओजस्वी, तेजस्वी नइदम्पतीको पृथक् परिचय छ । उहाँहरूको पवित्र महान् कार्यको बयान र व्याख्या गर्न म असमर्थ छु । हीरालाई चम्काइरहनु पर्दैन, हीराले आफ्नु गुण आफैँ देखाइरहेको हुन्छ ! त्यस्तै नइ प्रकाशनको जुन आफ्नो कर्म आफैँ बोलिरहेछ । नइको विशाल र उदार हृदयले उदाहरणीय कार्य भइरहेको छ । नइको सत्कर्मले कलियुगको मानव इतिहासलाई डोऱ्याइरहेको छ ।

जतातते उदारहीन र मानवता बिर्सिएका समयमा नइको नि:स्वार्थ कार्यले सिङ्गो समाज र राष्ट्रिय, अन्तर्राष्ट्रिय जगत्ले लाभ लिइरहेको छ । जस्तै संसार उज्यालो बनाउन एकै सूर्य काफी छ, त्यस्तै नइ प्रकाशनको योगदानले समाजलाई उज्यालो प्रकाश छरिरहेको छ । समाजका हरेक चौतर्फी गतिविधि नियाल्ने जिम्मेवारी नइले लिएको छ । राष्ट्र र समाजले असल राजनेता गुमाइरहेको बेलामा नइजस्तो समाजसेवी जन्मिनुले हाम्रो धर्म, संस्कृति, कला, भाषासाहित्य टिकेको छ । जुन देशलाई समाप्त पार्नु छ भने पहिला त्यो देशको भाषासाहित्य, संस्कृति समाप्त गरे स्वत: त्यो देश समाप्त हुन्छ । त्यस्तै हाम्रो भाषासाहित्य, धर्म, संस्कृतिको अस्तित्वमाथि ऱ्हटारो हानिरहँदा नइ प्रकाशनले संरक्षण गर्नेसमेत महान् कार्य गरिरहेको छ ।

नि:स्वार्थ सेवाभावले ओतप्रोत छ नइ प्रकाशन भनेर शब्दले प्रमाणित गर्न आवश्यक ठान्दिनँ । जुन नइ प्रकाशनको कर्म आफैँ बोलिरहेको छ । कुनै पनि राजनीतिको रङ्गभेद नभएको निष्पक्ष संस्था हो नइ प्रकाशन । नइ प्रकाशन आफैँ गरिमामय छ । नइको आफ्नै रङ्ग छ, आफ्नै ढङ्ग छ, आफ्नै मौलिकता छ, आफ्नै विशेषता छ । जब स्रष्टा र द्रष्टाहरू जन्मिन्छन् । त्यसको व्यवस्थापन गर्ने कार्य संस्थाले गर्दछ । त्यसकै ज्वलन्त उदाहरण हो नइ प्रकाशन र त्रिमूर्ति निकेतन । देश र विदेशमा भाषासाहित्यका निमित्त अनेकौँ संस्थाहरू उम्रिरहँदा उज्ज्वल नक्षत्र सदा क्रियाशील सगरमाथाजस्तो उचाइ बनाएको पृथक् संस्था हो– नइ प्रकाशन र त्रिमूर्ति निकेतन !

**इतिहास**

नइ प्रकाशनको इतिहासलाई पल्टाएर हेर्दा राष्ट्रिय अन्तर्राष्ट्रिय जगत्मा उल्लेख्य समावेशीको आधारमा काम गरिरहेको स्पष्ट देखिन्छ । भाषासाहित्य, कला, संस्कृति मात्र नभएर विविध पाटालाई नइले समेटेको छ । नइले बहुभाषी, बहुजाति, बहुसंस्कृतिलाई सम्मान र संरक्षण गरेको देखिन्छ । नइबाट कोही काखा र कोही पाखा भएका

छैनन् । नइको सबै स्रष्टा र द्रष्टामा समानता छ । भाषासाहित्य, संस्कृति र प्रविधि क्षेत्रको स्रष्टा र द्रष्टाहरू सम्मानित पुरस्कृत हुन्छन् । डायस्पोराको क्षेत्रमा पनि यस संस्थाले प्रभावकारी कार्य गर्दै आएको देखिन्छ । नइले बहुसङ्ख्यामा नेपाली विभूतिहरूको सम्मान गर्दै आएको छ । अति सूक्ष्म दूरदृष्टिले समाजमा मर्यादित कर्म गरेका समाज र राष्ट्रको सत्कर्मशील सेवकहरूको सही मूल्याङ्कन र खोजी गर्ने काम नइले गरिरहेको छ । प्रतिभाशाली हस्तीहरूलाई, राज्यलाई घचघच्याउँदै उत्कृष्ट परिचयको दर्जा दिने नइको उल्लेखनीय भूमिका छ । समाजको महान् हस्तीहरू दिवङ्गत भइसके र जसले समाजलाई प्रशस्त कृति अर्थात् योगदान दिएर गए, उनीहरूलाई जीवित बनाउन नइ प्रकाशन लागिपरिरहेको छ ।

**पुरस्कृत**

सम्मान, पुरस्कारले हौसला दिन्छ । जसले मानिसलाई अझै राम्रो काम गर्न उत्प्रेरित गर्छ । जसले राम्रो कर्म गर्छ । अहिलेसम्म जति सम्मानित, पुरस्कृत हुनुहुन्छ; उहाँहरू समाजको हिरोहरू नै हुनुहुन्छ । विविध क्षेत्रबाट समाजलाई योगदान दिने विशिष्ट महान् व्यक्तित्वहरू पुरस्कृत हुन सफल हुनुहुन्छ । धेरैजसो नइबाट पुरस्कृत व्यक्तित्वहरूसँग म पनि परिचित छु । लाग्छ, अझै केही हाम्रो समाजमा कर्मशील व्यक्तित्वहरू बेनाममा काम गरिरहनुभएको छ । जसले कर्ममा मात्र विश्वास गर्छ । जुन व्यक्तित्व दूरदराज राजधानीदेखि बेखबर छन् । जसलाई कर्मसँग मात्र सरोकार छ । त्यस्ता व्यक्तित्वहरूलाई नइले टुकी बालेर खोजिरहेको छ । त्यस्ता छुटेका, लुकेका कर्मशील व्यक्तित्वहरूलाई नइले सम्बोधन गर्ने गर्छ ।

**सूक्ष्म दृष्टि**

नइको दुई जोडी आँखाले तीन करोडभन्दा धेरै मानिसलाई नियाल्न खोजेको देखिन्छ । अब्बलदेखि सबलसम्म नइ प्रकाशनले जोड्न सफल छ । जस्तै राजनीति, समाजसेवी, अल्पसङ्ख्यामा

परेका तेस्रो लिङ्गी, बालबालिका, गैरनेपाली, अन्तर्राष्ट्रिय जगत्को ख्यातिप्राप्त व्यक्तित्वहरू नइ प्रकाशनले समेटेको छ ।

**नइसँग साक्षात्कार**

लामो समयसम्म प्रवासको बसाइले गर्दा नइ प्रकाशनसँग अनभिज्ञ रहनु मेरो कमजोरी थियो । प्रवासमा रहँदाको साधनाले डायस्पोरामा आधारित असङ्ख्य कथा, कविता, लेख, रचना एवं 'लभ इन जेरुसलेम', 'समलिङ्गी' र 'रानीतलाउ' उपन्यास तथा 'रागिनी' कथासङ्ग्रह, 'क्षितिजपारिका शब्दहरू' गीतिसङ्ग्रहजस्ता कृतिहरू पनि मैले जन्माएँ तर म आफैँ भूमिगतजस्तो भएँ । म पनि कर्ममा विश्वास गर्ने मान्छे नै हुँ । कुनै राजनीतिका रङ्गले नछोएको र कमै मानिसको सम्पर्कमा बस्ने अन्तर्मुखी स्वभावकै कारणले म नइसँग लामो समयसम्म अपरिचित नै रहेँ । जब म नइ प्रकाशन पुगेँ, त्यहाँ मैले साहित्यको अर्को संसार देखेँ । नइ संसार वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध रहेछ । नातावाद र कृपावादमा आशीर्वाद दिने परिपाटीलाई अन्त्य गर्दै प्रतिभा र कर्मको सही मूल्याङ्कन गर्ने जिम्मा नइले लिएको रहेछ । हराएका र छोपिन लागेका पुराना स्रष्टाहरूको समेत खोजी गरेर तिनको अस्तित्वलाई जीवित राख्ने काम नइले गर्दै आएको रहेछ ।

मैले नइ प्रकाशनको बारेमा पढेपछि उच्चस्तरको साहित्यिक संस्थामा पुग्ने मलाई हुटहुटी चलेको थियो । 'नइ बुलु शर्मा पुरस्कार'ले सम्मानित शिक्षाविद् तथा साहित्यकार किरण आचार्यसँग मैले भनेँ– 'दिदी, म नइसँग भेट्न चाहन्छु ।' किरण आचार्यले मलाई भन्नुभयो– 'हुन्छ म भेट गराउँछु ।' किरण आचार्यले नइसँग मेरो भेट गराइदिनुभयो । नइसँग पहिलो भेट कार्यक्रममा भएकाले खासै हाम्रो कुराकानी भएन । नइसँग मेरो दोस्रो भेट नइगृहमा भयो । जब नइगृहमा म प्रवेश गरेँ मलाई शीतलताको आभास भयो । नइगृहमा सरस्वतीको बास रहेको मैले महसुस गरेँ । त्यहाँ पुगेपछि मलाई अलौकिक

आनन्दको आभास भयो । साहित्य र स्रष्टामा म ईश्वरको रूप देख्छु । त्यसैअनुरूप नइनिवास साहित्यिक मन्दिर हो । नरेन्द्रराज प्रसाईको सरल व्यक्तित्वले झनै मेरो मन छोयो । नरेन्द्रराज प्रसाईसँग गफिँदै गर्दा उहाँले सोध्नुभयो– 'नानी ! तिमी कति वर्षकी भयौ ?' मैले उहाँलाई उत्तर दिँदै भनेँ– 'दाजु म पचास वर्षकी भएँ !' उहाँले भन्नुभयो– 'अझै तिमीले जीवन बुझ्न बाँकी नै छ ! मान्छेले पचास वर्षमा खास जीवन बुझेकै हुँदैन ।' उहाँको अनुभव शाश्वत सत्य छ । जीवन र जगत् जति भोग्दै गयो उति बुझिने कुरा हो ! जति अनुभव गऱ्यो उति मानिस पाको हुन्छ । पुस्तक मात्र पढेर संसार बुझ्न सकिँदैन । तसर्थ जीवन र जगत्लाई नियाल्न अनुभवरूपी तेस्रो नेत्र खुल्नुपर्छ । भरपूर अनुभव र ज्ञानको भण्डार नरेन्द्रराज प्रसाईको भनाइले मेरो मनै छोयो ! आउँदा दिन र समयहरूले मलाई पनि केही पाठ सिकाउनेछ भन्नेमा विश्वस्त छु ।


इन्दिरा प्रसाई स्पष्ट वक्ता हुनुहुँदो रहेछ । उहाँको स्वभावले म नतमस्तक भएँ । लामो समयदेखि साहित्यजगत्लाई आकाशजस्तो छहारी दिनुहुने नइदम्पती साहित्यजगत्को विश्वासिलो खम्बा नै हुनुहुन्छ । उहाँहरूको बृहत् कार्यले मेरो शिर झुक्यो ।

नेपाली भावना बोकेका स्वदेशी र विदेशीहरूको खोजी गरेर निःस्वार्थ रूपमा मान, सम्मान, पुरस्कार र उपाधि दिने एक मात्र वाङ्मयिक संस्था हो– नइ प्रकाशन । प्रतिभाशाली स्रष्टालाई प्रेरणा अर्थात् हौसला दिने काम नइले गर्दै आएको छ । नयाँ साहित्यकारहरूलाई स्थापित गर्ने काम नइले गर्दै आएको छ । राज्यले बेवास्ता गरेको साहित्यिक गतिविधिको व्यवस्थापनको काम नइले गरिरहेको छ । असङ्ख्य महत्त्वपूर्ण कर्म गरेर नइ रजत पाइलाबाट अघिअघि हिँडिरहेको छ ।

# गौरवमय इतिहास

## कालीप्रसाद रिजाल

नइ प्रकाशन आफ्नो स्थापनाकालदेखि निरन्तर सक्रिय रहेर नेपाली वाङ्मय, साहित्य तथा कलाको क्षेत्रमा ऐतिहासिक योगदान गर्दै आएको एक विशिष्ट पृष्ठभूमि भएको संस्था हो । नइ प्रकाशनले आफ्नो स्थापनाको गौरवमय पच्चिस वर्ष पूरा गरेको अवसरमा म सर्वप्रथम त समस्त लेखक, कवि र पाठकहरूको तर्फबाट हार्दिक बधाई अर्पण गर्दछु । साहित्य, कला र वाङ्मयको क्षेत्रमा बितेका समयमा धेरै सङ्घसंस्थाहरू स्थापित हुँदै आएका छन् । तर समयको अन्तरालसितै तीमध्ये कतिपय संस्थाहरू बीचमै बन्द भएको कटु सत्य हाम्रो अगाडि छ । नेपालजस्तो विकासोन्मुख देशमा संस्था स्थापना गर्नेभन्दा पनि संस्थालाई निरन्तरताका साथ स्थायित्व दिने काम चुनौतीको रूपमा रहँदै आएको छ ।



तर अपवादको रूपमा नइ प्रकाशनले आफ्नो विशिष्टता र फरक कार्यशैलीका साथ साहित्यिक प्रकाशन एवं विविध प्रकारका गतिविधिहरूलाई निर्बाध रूपमा निरन्तरता दिँदै आएको छ । यसका लागि म नइ प्रकाशनका पदाधिकारी र कार्यकर्ताहरूलाई हृदयदेखि मुरीमुरी बधाई र धन्यवाद दिन चाहन्छु ।

नरेन्द्रराज प्रसाईलाई म नजिकबाट चिन्दछु । नइ प्रकाशनको स्थापनाकालदेखि आजसम्म नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईले गरेको मिहेनत, लगनशीलता र कस्तै समस्या कठिनाइ पर्दा पनि रत्तीभर विचलित नभई आफ्नो उद्देश्य प्राप्तिका लागि गरेका सङ्घर्षका लागि म सलाम गर्दछु ।

सामाजिक कामको सिलसिलामा म नरेन्द्रराज प्रसाईको झापास्थित घरमा पनि पुगेको छु । नरेन्द्र भाइकी आमाको हातले पकाएको खाना खाने सौभाग्य पनि मलाई प्राप्त भएको छ । एउटा साधारण ग्रामीण भेकको घरमा जन्मेर आफ्नो मिहेनत, कर्मठता र निरन्तरको अथक प्रयासकै कारण नरेन्द्रले आज राष्ट्रिय स्तरमा आफूलाई सुपरिचित उच्च व्यक्तित्व बनाउन सफल भएको उनको उदाहरण सबैका लागि प्रेरणादायी हुन सक्छ । ताप्लेजुङ र झापाको एउटा ग्रामीण परिवेशमा हुर्केर बढेर आज यहाँसम्म आइपुग्दा नरेन्द्रले कति हन्डर र उतारचढावको सामना गर्नुपरेको होला त्यो सहजै अनुमान गर्न सकिन्छ । तर उच्च उद्देश्यका साथ दृढ इच्छाशक्ति अथक परिश्रम र अठोटका साथ आफ्नो लक्ष्य र उद्देश्यको पथमा कटिबद्ध भएर लागेकै कारण नरेन्द्रले साहित्य, कला, वाङ्मयका साथै समाजसेवाको क्षेत्रमा पनि विशिष्ट कीर्तिमान कायम गर्न सफल भएको विषय सबैका लागि प्रेरणादायी हुन सक्छ । जीवनसाथीका रूपमा इन्दिरा प्रसाईको साथ पाएपछि उनको गतिविधि र कार्यक्रमले थप प्रगति गर्दै गएको यथार्थलाई पनि यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

नइ प्रकाशनले साहित्य, कला र वाङ्मयको क्षेत्रमा विभिन्न महत्त्वपूर्ण कार्यहरू सञ्चालन गर्दै आएको सर्वविदित छ । विभिन्न कृतिहरूको प्रकाशन, उल्लेखनीय व्यक्तिहरूको योगदान र कृतिहरूको सम्बन्धमा अध्ययन, खोज, अनुसन्धान, विद्वत्वृत्ति एवं छात्रवृत्तिको व्यवस्था, देशदेशान्तरका भाषासाहित्यसेवीहरूका सम्मानदेखि लिएर सम्मेलन, गोष्ठी, विचारविमर्शका विविध र व्यापक कार्य पनि नइले

नै गर्दै आएको छ । यसका साथै नइले विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका स्रष्टाहरूलाई विशेष रूपमा पुरस्कृत पनि गर्दै आएको छ । साहित्यक्षेत्रमा विशेष योगदान गर्ने देशमा पहिलोपल्ट तीन जना अमर साहित्यकार लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण समको पूर्ण कदका सालिक एकै ठाउँमा स्थापना गरी त्रिमूर्ति निकेतन निर्माण गर्ने ऐतिहासिक काम पनि नइकै संयोजनबाट भएको हो । वास्तवमा सरकारी क्षेत्रबाट हुनुपर्ने र गरिनुपर्ने काम पनि नइ प्रकाशनले सफलताका साथ पूरा गरेर प्रेरणादायक उदाहरण नै प्रस्तुत गरेको छ ।

यसभन्दा पहिले पनि साहित्य, कला र वाङ्मयको क्षेत्रमा प्रयास नभएका होइनन् । केही न केही काम भएकै हो । तर त्यस्तो कामको सुरुआत गर्ने कर्मठ व्यक्तिहरूको अवसानपछि ती कार्य अधुरै रहने या बन्द हुने गरेको कटु यथार्थ हाम्रा सामु रहँदै आएको छ । तर नइ प्रकाशनले सुरु गरेका योजना एवं कार्यहरूको विशेषता के छ भने स्थापनाकै समयमा नइ प्रकाशनले त्यस्ता आयोजना र कार्यहरूको निरन्तरता र स्थायित्वका लागि आवश्यक पर्ने आर्थिक एवं प्रशासनिक व्यवस्थापनको व्यवस्था गर्ने गर्दछ । फलस्वरूप नइ प्रकाशनले सुरु गरेका कार्यक्रम कुनै पनि कारणबाट बीचैमा रोकिने सम्भावना रहँदैन । कार्यक्रमको स्थापनाकालमै यसको स्थायित्व र निरन्तरताको समुचित व्यवस्था भएको कारण यो सम्भव भएको हो ।

नरेन्द्रराज प्रसाईको विशेषताको अर्को पाटो उनको सहृदयता, सेवाभाव र परोपकारी गतिविधि पनि हो । मेरो व्यक्तिगत जीवनमा पनि प्रसाईले अविस्मरणीय गुन लगाएको कुरालाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुनेछ । झन्डै तीन दशकपहिलेको कुरा हो । भयो के भने– म एकाएक कम्मर दुख्ने रोगका कारण हिँडडुल गर्न असमर्थ भएर ओछ्यान परेको थिएँ । त्यतिखेर दुईचार पाइला हिँड्नेबित्तिकै

बस्नुपर्ने अवस्थामा म पुगेको थिएँ । नियमित रूपमा बिहानबेलुका हिँडेर सक्रिय जीवन बिताइरहेको मान्छे एकाएक दिनभरि ओछ्यानमा पल्टिएर निष्क्रिय जीवन बिताउन म विवश भएँ । एकाएक मेरो जीवनमा अँध्यारो छाएर आएको थियो । तलमाथि गर्न नसक्ने भएपछि दिनभरि ओछ्यानमा पल्टेर सुतीसुती पत्रपत्रिका एवं पुस्तक पढेर दिन काट्नुपर्ने मेरो नियति भयो । घरेलु उपचार, मालिस र सेकतापले केही सुधार नभएपछि मेरो शेष जीवन यसै गरी ओछ्यानमा लम्पसार परेर बित्ने भयो भन्ने निष्कर्षमा म पुगेको थिएँ । त्यस बेला मैले सकीनसकी हिँड्ने प्रयास नगरेको होइन । तर दुईचार पाइला चाल्न नपाउँदै म आफूलाई टेको लगाउने ठाउँ खोज्न पुग्थेँ । आखिर आँगनमा ओछ्यान लगाएर म सुकेको मुढोजस्तै पल्टिएर दिन काट्न विवश थिएँ । यसैबीच म आँगनमा पल्टिएर बसेको बेला भाइ नरेन्द्रराज प्रसाईको फोन आयो । ‘उहाँ तलमाथि गर्न सक्नुहुन्न, केही भन्नुपर्ने भए म भन्दिन्छु’ भनेर अजिताले नरेन्द्र भाइलाई भन्नेबित्तिकै नरेन्द्र भाइले ‘म आउँछु’ भनेर फोन राखिदिए । त्यस बेला कर्डलेसको चलन आइसकेको थिएन ।

केही समयपछि नरेन्द्र एक जना अपरिचित व्यक्तिलाई साथमा लिएर म पल्टिएको ठाउँमा आइपुगे । साथमा लिएर आएका व्यक्ति ताराबहादुर बस्नेत रहेछन् । ताराबहादुर भाइले भारतबाट अकुप्रेसर उपचार पद्दतिको तालिम लिएका रहेछन् । काठमाडौँमा नै बिहे गरेका ताराबहादुरको जीवन कष्टसाध्य रूपमा बितिरहेको रहेछ । सुई घोपेर उपचार गर्ने अकुपन्चर विधिजस्तै अकुप्रेसर विधिमा औँलाले दुखेको ठाउँमा थिचेर उपचार गरिँदो रहेछ । तर यो विधि नयाँ भएको र उनलाई कसैले नचिन्ने भएको कारण ताराबहादुर भाइ निकै कष्टकर जीवन बिताउन बाध्य भएका रहेछन् । बेरोजगार ताराबहादुरलाई आर्थिक अवस्था कमजोर भएका कारण परिवार धान्न मुस्किल परिरहेको कुरा सहजै अनुमान लगाउन सकिन्थ्यो ।

ताराबहादुर भाइले मेरो पुट्ठामा औँलाले थिचेर उपचार सुरु गरे । केही क्षण मेरो स्नायुको अध्ययन गरेर भने– 'दाइ ! म पूराको पूरा यस्तै हुन्छ भन्न त सक्दिनँ । तर उनान्सय प्रतिशत तपाईंको उपचार सफल हुने कुरामा म विश्वस्त छु ।' उनको यस कुराले मलाई ठूलो उत्साह प्राप्त भयो र मलाई नयाँ जीवनको सुखद आभास भयो ।

भोलिपल्ट ताराबहादुर भाइले यथासमय मेरो निवासमा आएर उपचार सुरु गरे । झन्डै एक घण्टा यसरी दैनिक उपचार गर्नुपर्दो रहेछ । यही उपचारको क्रममा ताराबहादुर भाइले सङ्कोच मानीमानी आफ्नो समस्या मेरा सामुन्ने राखे । आउन, जानसमेत गर्दा प्रत्येक दिन झन्डै तीन घण्टा खर्च हुने भएकाले झन्डै तीन जनाको उपचार समय प्रत्येक दिन खर्च हुने समस्या पनि बताए । उनको वासस्थान टेकुमा रहेको थाहा पाएपछि 'प्रत्येक दिन म नै आउँछु' भनेर उनलाई मैले सुनाएँ । यस प्रकार एक महिनाको दैनिक उपचारबाट म निकै स्वस्थ भएँ । यसैबीच दिल्लीमा भइरहेको साहित्य सम्मेलनमा मैले जानुपर्ने भयो । त्यहाँ डनलपको ओछ्यानमा सुत्नुपरेकाले मेरो समस्या बल्झेला जस्तो भयो । तर काठमाडौँ आएर फेरि उपचार गराएपछि मलाई ठीक भयो । यसपछि ताराबहादुरले मलाई दैनिक गर्नुपर्ने केही व्यायामका साथै बीचमा समस्या देखा पऱ्यो भने गर्नुपर्ने उपाय पनि बताइदिए । त्यस बेलादेखि आजसम्म म असी वर्ष पार गरेको व्यक्ति दिनहुँ बिहानबेलुका हिँडडुल गर्न सक्ने भएको छु । यो ताराबहादुर बस्नेतको अकुप्रेसर उपचार पद्धतिको कारण सम्भव भएको हो । अनि यो सबै तारतम्य मिलाएर मलाई स्वस्थ जीवन प्रदान गर्ने श्रेय भाइ नरेन्द्रराज प्रसाईकै हो ।

नरेन्द्र भाइसित मैले विभिन्न क्षेत्रमा सहकार्य गर्ने अवसर पाएको छु । उनी बाहिर साधारण देखिए पनि आफ्नो काममा असाधारण परिश्रम गर्ने दृढ इच्छाशक्ति भएको मैले अनुभव गरेको

छ । महत्त्वपूर्ण कुरा के भने उनी सदासर्वदा दु:ख, समस्या र कठिनाइमा परेको व्यक्तिलाई हरप्रकारको सहयोग प्रदान गर्न सदा तत्पर रहन्छन् । उनले धेरै जनालाई समस्या र आपद्विपद् परेको बेला सहयोग गर्दै आएका छन् । कति वृद्धहरूले आफ्नै छोराछोरीले नगरेको सेवाशुश्रूषा नरेन्द्रराज प्रसाईबाट पाएको उद्गार व्यक्त गरेको मैले सुनेको छु । दृढ इच्छाशक्ति, सेवाभाव र कमलो मनका नरेन्द्रराज प्रसाईको काममा इन्दिरा प्रसाईको विशेष योगदान रहँदै आएको छ । यिनीहरूलाई सेवाभावले समर्पित भएका युगल जोडी भन्न सकिन्छ । दुवै जनाको मन, वचन र कर्म एकै प्रकारको भएकै कारण नइ प्रकाशनले ख्याति आर्जन गरेको हो ।

नरेन्द्रराज प्रसाईको एउटा अर्को प्रसङ्ग पनि मेरो मनमा रहेको छ । त्यो के हो भने उनले प्रसिद्ध समालोचक तथा साहित्यकार डा.तारानाथ शर्मालाई पनि बिर्सिनसक्नु गुन लगाएका थिए । तिनताका डा.तारानाथ शर्मा आर्थिक कठिनाइको सामना गरिरहेका थिए । उनको स्वास्थ्य पनि कमजोर हुँदै गइरहेको थियो । त्यसमाथि उनका दुई छोराहरूलाई गतिलो स्कुलमा पढाउन पनि उनलाई कठिनाइ भइरहेको थियो । त्यस समय नरेन्द्रराज प्रसाई रानी ऐश्वर्यको विश्वासपात्रको रूपमा निकै नजिक भएर काम गरिरहेका थिए । नरेन्द्र भाइले एक दिन रानीलाई सविस्तार बिन्ती चढाएर तारानाथ शर्माका छोराहरूलाई पढाउने सम्पूर्ण खर्च राजदरबारबाट बेहोरिदिने व्यवस्था गराइदिएका थिए । त्यसपछि शर्माका दुवै छोराले साँगाको दीपेन्द्र प्रहरी माध्यमिक विद्यालयमै बसेर पढ्न थालेका थिए । त्यति मात्र होइन तारानाथ शर्माको घर बनाउँदा लागेको ऋण तिर्नका लागि पनि नरेन्द्रले रानीलाई भनेको हुँदा रानी ऐश्वर्यले तारानाथ शर्मालाई आर्थिक सहयोग पनि प्रदान भएको साक्षी म पनि छु । त्यस बखत रानी सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष र म तत्कालीक श्री ५ को सरकारबाट खटाइएर परिषद्को सदस्यसचिव

हुन पुगेको थिएँ । रानी ऐश्वर्य र नरेन्द्रराज प्रसाईको हाकाहाकी कुरा हुने गरेको मैले त्यसै बखत देखेको र सुनेको थिएँ । त्यतिखेर नरेन्द्रराज प्रसाई एकातिर रानीका मनोनीत सदस्य थिए भने अर्कातिर परिषद्को सूचना तथा प्रसारको प्रमुख पनि उनी नै थिए । नरेन्द्र भाइलाई मैले चिनेदेखि नै निर्भीक देख्तै आएँ र उनको मन कमलो भएका कारण उनले धेरैको उद्धार गरेको पनि मैले सुनेको थिएँ र देखेको थिएँ ।

नरेन्द्र र इन्दिरा जोडिएर नै नइ प्रकाशनले थोरै समयमा माथिको बादल छुन सकेको हो । नइले नेपालको पत्रकारिता, पुस्तक प्रकाशनका साथै वाङ्मय र साहित्यको क्षेत्रमा विगत पच्चिस वर्षमा उल्लेखनीय योगदान गरेको गौरवमय इतिहास रहेको छ । विशेष उल्लेखनीय कुरा के छ भने भविष्यमा पनि प्रकाशनका अतिरिक्त नइ प्रकाशनले गर्दै आएका गतिविधिलाई अक्षुण्ण रूपमा निरन्तरता प्रदान गर्ने सन्दर्भमा आवश्यक व्यवस्था पनि सुनिश्चित गरिएको छ । नइ प्रकाशन एउटा प्रेरणादायक संस्था हो । यसका कामकारवाही र योगदानले अन्य व्यक्तिहरूलाई पनि प्रेरणा प्रदान गरिरहनेछ ।

# जति विशाल र त्यति विशिष्ट

## किरण आचार्य

नइ प्रकाशन आफैँमा नौलो र आफ्नै तरिकाको संस्था हो भन्ने मेरो बुझाइ छ । नइको नाम पहिले सुन्दा मलाई छिमेकी देश भारतको कुनै संस्था हो कि भन्ने भान परेको थियो । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईलाई पहिलोपल्ट उहाँहरूको निवास काठमाडौँमा मैले भेटेकी थिएँ । त्यसभन्दा अघि यो संस्थाबारे मलाई केही जानकारी



थिएन । तर नइगृहमा पुगेपछि मैले नइको अर्थ राम्ररी बुझेँ । अनि मलाई नइ संस्था साह्रै मन पर्न थाल्यो । त्यसपछि मैले बल्ल बुझेँ यसका उद्देश्य र कार्यहरूबारे । म जतिजति यो संस्थाबारे बुझ्दै छु, मलाई त्यतित्यति श्रद्धेय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईप्रति श्रद्धा बढ्दै जान्छ र स्नेहले मेरो हृदय भरिएर आउँछ । मलाई आश्चर्य लाग्छ केवल दुई जना पतिपत्नी नेपालमा साहित्यको जगेर्ना गर्न, उन्नयन गर्न र सर्जकहरूलाई संरक्षण गर्न कति लागिपरेका रहेछन् । यस कामका लागि सरकारी संस्थाहरू नभएका होइनन् तर ती संस्थाहरूले साहित्य र कलाको क्षेत्रमा के कति योगदान पुऱ्याए, त्यो कुरा मलाई थाहा छैन । आखिर सरकारले साहित्य, कला आदिबारेका संस्था स्थापना त गरेकै छ तर तिनले

काम भने केके गरे त ? तर जे भए पनि व्यक्तिगत रूपमा यसरी संस्था खोल्न र सरकारी प्रज्ञाप्रतिष्ठानभन्दा राम्रो गरी चलाउन सकिने रहेछ । सञ्चालक इमानदार भएमा जस्तोसुकै चुनौतीको पनि सामना गर्न र व्यवस्थित गर्न सकिन्छ भन्ने कुरा नइ प्रकाशनले प्रमाणित गरेको छ ।

त्यस बेला नेपालगन्जमा साहित्यकारहरू निकै कम थिए र त्यसमा पनि महिला साहित्यकार त झन् कुरै नगरौँ । त्यतिखेर महिला साहित्यकार म एउटी मात्र थिएँ भन्दा अतिशयोक्ति नहोला । किनभने नर्वदा खनालले एकदुईवटा मुक्तक लेखेको सम्झना छ तर उहाँ साहित्यमा सक्रिय भएको मैले कहिल्यै पाइनँ । हो उहाँ एक सक्रिय सामाजिक अभियन्ता हुनुहुन्थ्यो र राजनीतिमा पनि उहाँको निकै झुकाव थियो । सायद त्यस बेला नइजस्ता झकझक्याउने अभियन्ताहरू भइदिएका भए उहाँले साहित्यलाई पनि छाड्नु हुँदैनथ्यो भन्ने अहिले म सोच्ने गर्दछु ।

पेसाको दृष्टिकोणले म शिक्षक हुँ । शिक्षाको क्षेत्रमा पनि मैले सक्दो केही गर्ने प्रयत्न गरेकी थिएँ, जसका लागि नेपालगन्जमा रहेका धेरै सङ्घसंस्थाले मलाई सम्मान र पुरस्कार दिए तर राष्ट्रपति पुरस्कार भने दलविशेषका व्यक्तिहरूलाई दिइयो, जसले शिक्षा क्षेत्रमा कुनै खासै योगदान दिएका थिएनन् । यस्ताखाले काम भएपछि जसलाई पनि खिन्न नै लाग्छ । काठमाडौँमा पुरस्कार र सम्मान गर्ने कार्यक्रम प्रशस्त हुने गर्छन् तर ती पनि सबै उपत्यकानिवासी या दलका मान्छेले मात्र पाउने गर्छन् । हाम्रो यहाँ एउटा भनाइ छ– 'अन्धा बांटे रेवडी घरे घराना खाए ।' यो कथन ती पुरस्कारका प्रकृतिसित ठ्याक्कै मिल्छ । खै किन हो, काठमाडौँनिवासीले उपत्यकाबाहिर नेपाल नै होइन जस्तो ठान्छन् । उनीहरू केवल उपत्यकाभित्र मात्र सीमित भएको मैले पाएकी छु । त्यसैले मजस्ता अरूले पनि काठमाडौँबाट पुरस्कार पाइन्छ भनेर बिस्तारै आशा मारे

हुने अवस्था छ । किनभने जसका कोही छैनन् र जो पार्टीको कार्यकर्ता भएन उसले पुरस्कारको आशा गर्ने कुरै थिएन । यस्तै कुरा मनमा खेलाएर म बसिरहेकी थिएँ । यस्तै चालचलन देख्ता र सुन्दा नरमाइलो पनि लाग्छ । एक दिन म यसैबारे घोत्लिएर दिक्क परेर बसेकी थिएँ, त्यसै बखत काठमाडौँबाट नरेन्द्रराज प्रसाईको फोन आयो । नरेन्द्रराज प्रसाईको फोन आउँदा म खुसी भएँ र फोन उठाएँ । औपचारिकतापश्चात् उहाँले मलाई भन्नुभयो– 'नानी ! तिमीलाई नइ प्रकाशनले साहित्य र शिक्षामा समर्पित भएबापत 'नइ बुलु शर्मा पुरस्कार'बाट पुरस्कृत गरेको छ । त्यस दिनको त्यस फोनले मलाई अपार हर्ष दियो, मेरा आँखाबाट खुसीका आँसु झरे । नढाँटी भन्नुपर्दा म खुसीले उफ्रिएँ, मैले खुसीमा पुरस्कार प्रदान गरिने मितिसमेत राम्ररी ख्याल गरिनछु । त्यसैले पुरस्कार प्रदान गरिने समयभन्दा एक महिनाअघि नै म पुरस्कार थाप्न राजधानी गएँ र नरेन्द्रराज प्रसाईलाई सम्पर्क गरेँ । उहाँले मलाई 'एक महिनापछि पो हो त नानी' भनेपछि म लज्जित भएँ । अनि म भोलिपल्टै नेपालगन्ज फर्किएँ र एक महिनापछाडि फेरि राजधानी गएँ । एउटा विशाल र विशिष्ट समारोहका माझ मैले पुरस्कार थापेँ । यसरी काठमाडौँबाट बाहिर, कुनाकाप्चामा समेत प्रतिभाको खोजी गर्ने र सम्मान गर्ने संस्था यदि कुनै छ भने त्यो नइ प्रकाशन नै रहेछ । त्यस दिन मैले सबैलाई नियालेँ, हेरेँ र 'नइ अभिलेख'मा छापिएका सबै पुरस्कृतको सङ्क्षिप्त परिचय पढेँ । त्यस दिन पुरस्कृत हुनेहरूलाई राजनीतिक कारणले पुरस्कार दिइएको कुनै पनि मैले भेटिनँ र म नइको कार्यशैलीबाट छक्क परिरहेँ । त्यसपछि त झन् नइ प्रकाशनप्रति मलाई कति हो कति श्रद्धा पलायो ।

रोल्पाकी गायत्री घर्तीमगरको कथा पनि केही यस्तै छ । उहाँको कलम छन्दकविता लेखनमा चल्छ साथै आख्यानमा पनि चल्छ; उहाँ उत्कृष्ट सर्जक हुनुहुन्छ । उहाँ रोल्पा र राप्ती अञ्चलमा

मात्र प्रकाशित हुनुहुन्थ्यो तर उहाँको प्रतिभाको पनि पत्तो लगाएर उहाँलाई पनि हौसला प्रदान गर्न नइले पुरस्कृत गरेको छ । त्यति मात्र होइन, उहाँको आफ्नो जिन्दगीमा आधारित 'एक भूल'नामक एउटा संस्मरण पनि नइ प्रकाशनले नै प्रकाशन गरिदिएको छ । नइका यस्ता कैयौँ उदाहरणहरू छन् ।

नइ प्रकाशनले अनेक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तित्वहरूको जीवनी लेखेर सम्मान गरेको छ र तिनीहरूको योगदानलाई पनि प्रकाशित गरेको छ । विभिन्न विधा या राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका धेरै महानुभावहरूलाई नइले पुरस्कृत र सम्मानित गर्दै आएको छ जुन काम नेपालको इतिहासमा भएकै थिएन ।

पुस्तक प्रकाशन गर्नु आफैँमा ठूलो कुरा हो । दाम कमाउने र दाममा किताप बेच्ने नेपालमा प्रकाशन धेरै छन् तर कसैले यस्तो सत्कार्य, सेवामूलक या नाफा नकमाउने र बहुआयामिक कार्य गरेको मलाई जानकारी छैन । नइ प्रकाशनले अरू कसैले नगरेको कार्य गर्नु आफैँमा अत्यन्त सराहनीय पक्ष हो तर त्योभन्दा बढी महत्त्वपूर्ण कुरो सर्जकहरूको खोजी गर्नु, उनीहरूको बारेमा र उनीहरूको योगदानको बारेमा जानकारी जुटाएर जनसमक्ष ल्याउनु अझ बढी महत्त्वपूर्ण पाटो हो । नइले कतिपय ओझेलमा परेका साहित्यकारहरूलाई कपासको थुप्रोबाट सियो खोजेर ल्याएको जस्तै पेचिलो कार्य गरेको छ, जुन सबैभन्दा ठूलो र महत्त्वपूर्ण पाटो हो । उनीहरूबारे सबैलाई जानकारी दिएर उनीहरूमा ऊर्जा थप्नुका साथै पुरस्कृत गर्नु पनि यो संस्थाको अति सराहनीय पाटो हो । स्रष्टाहरूलाई सम्मानित गर्न र ऊर्जावान् बनाउन विभिन्न दाताहरू उभिएका छन् । तीसवटा पुरस्कार स्थापना गरेर तिनलाई न्यायिक र समृद्ध तरिकाले चलाउनु ठट्टा छ र ? जुन काम नइ प्रकाशनले संसारभरि छरिएर रहेका प्रतिभालाई हरेक वर्ष भेला पारेर विशाल समारोहका माझ प्रदान गर्ने गर्छ ।


नेपालमा एउटा संस्कृतिको विकास भएको छ त्यो हो– आफ्नो राजनीति पार्टीको झन्डा बोक्नेलाई मात्र प्रोत्साहन दिने र आफ्ना नातागोता भित्रकालाई मात्र पद, प्रतिष्ठा, सम्मान, पदक वा पुरस्कृत गर्ने । तर नइ प्रकाशनले आजसम्म यस्तो केही काम गरेको पाइएको छैन र राजनीति र आफन्तीभन्दा धेरै पर रहेर सबैको योगदानको कदर गर्दै समान रूपले प्रतिभाको कदर गर्दै आएको छ । अनि त नेपालमा अझै आशा गर्ने ठाउँ रहेछ भन्ने लाग्छ, बरबादै भयो भनेर आशा मारिहाल्ने अवस्था छैन ।

नेपाली भाषा र साहित्यमा पुरुष साहित्यकारबारे त धेरै अध्ययन भएका छन् । उनीहरूबारे लगभग सबैलाई जानकारी छ तर नारीस्रष्टाबारे खोज अनुसन्धान गर्ने कुरा आजसम्म त्यति देखिएको थिएन । नइ प्रकाशनका संस्थापक नरेन्द्रराज प्रसाई नै एक जना हुनुहुन्छ जसले ओझेलमा परेका नारीस्रष्टाहरूबारे व्यापक खोज र अनुसन्धान गरी प्रकाशित गरिदिनुभएको छ; त्यस्ता नारी हुन्– ललितत्रिपुरसुन्दरी, अम्बालिकादेवी, चन्द्रकान्तादेवी, पवनकुमारीदेवी, प्रेमराजेश्वरी थापा, मायादेवी सुब्बा, पुण्यरश्मि, माधुरी भट्टराई, बुलु शर्मादेखि नयाँ पिँढी या हाम्रै पुस्ताकी गायत्री घर्तीमगरसम्मलाई नइले बाहिर ल्याएको छ । त्यसैले म फेरि भन्न चाहन्छु– 'स्वयम् नेपाल सरकार र यस्ता कार्यका लागि निर्मित संस्थाहरूले नगरेको हो वा गर्न नसकेको कार्य पनि नइ जोडीले गरिरहेका छन् । यस तथ्यलाई सरकार या सरकारद्वारा सञ्चालित प्रज्ञाप्रतिष्ठाहरूले मनन गरे या यस बाटोलाई पछ्याए राष्ट्रका लागि धेरै उपलब्धि हुने थियो भन्ने मलाई लागेको छ ।

# एउटा धरोहर प्रज्ञा

## डा.कुसुमाकर शर्मा गौतम

मान्छेले जन्म लिनु एउटा संयोग हो भने जन्मेपछि घट्ने घटनाहरू पनि संयोग नै हुन् । यसैले हाम्रो जीवन संयोग नै संयोगको एउटा गठबन्धन हो । यस्तै संयोगको एउटा ज्वलन्त उदाहरण नरेन्द्रराज प्रसाईसँगको मेरो चिनारी पनि हो ।



कुरो अलि पुरानो हो– २०२९ साल मङ्सिरतिरको । मेरो हातको उपचार सकिएपछि वीर अस्पतालबाट बुबा भुवनेश्वर उपाध्यायले मलाई आफू बस्ने डेरामा ल्याउनुभएको थियो । बुबाको डेरा बागबजारबाट डिल्लीबजार सुरु हुनेबित्तिकैको उत्तरपूर्वी कुनामा रहेको उज्ज्वलबहादुर शाहीको महलमा थियो । उज्ज्वलबहादुर शाहीको पुर्ख्यौली घर रुकुमकोट भएकाले बुबा पनि रुकुमबाटै माननीय (सांसद)मा निर्वाचित हुनुभएकाले उहाँलाई त्यहाँ डेरा गरी बस्न सहजै जस्तो थियो ।

पाँच तलाको शाही महलको भुइँ तलामा बुबाको डेरा थियो । म भर्खर रुकुमबाट काठमाडौँ आएको बालकलाई सहरिया रहनसहनका बारे त्यति थाहा थिएन । त्यस बेलाको मेरो अज्ञानताका कारण

मलाई त्यो महलका कुनै पनि तलामा जान छुट थियो । सानै भए पनि म फ्युज भएका बल्ब फेरिदिने, स्विच जाँचिदिने गर्थें, त्यसैले सबै तलामा बस्नेहरूले म गएको मन पराउने गर्थे । म सानैदेखि जिज्ञाशु र चञ्चले स्वभावको थिएँ । एकै ठाउँमा एकछिन बस्न नसक्ने भएर पनि म महलका सबै तला, कोठा चहारिरहन्थें ।

उज्ज्वलबहादुर शाहीका जेठा छोरा मोहनबहादुर शाही राजा महेन्द्रकी कान्छी छोरी अधिराजकुमारी शोभा शाहीसँगको विवाहपश्चात् कमलादीमा बस्दथे । त्यस महलमा माहिला छोरा गोपाल, कान्छा छोरा प्रकाश र छोरीहरू शान्ति, रीता र लता बस्दथे । उमेरले उनीहरू सबै मभन्दा ठूला थिए । त्यसैले म हरसमय साथीको खोजीमा हुन्थें ।

एक दिन साँझ बुबाले हामी बसेको कोठाको ठीक एक तलामाथिको कोठामा मलाई लानु भयो । ढोका एक नौजवानले खोले । ती नौजवानले बुबाप्रति आदरभाव प्रकट गरे । बुबाले मलाई देखाउँदै भन्नुभयो– 'आवश्यक कामले म बाहिर जानुपर्ने भयो । नफर्किंदासम्म यो मेरो छोरोलाई यहीं छोडिदिन्छु । यो बच्चो अलि छुकछुके छ है, बाबू !' अनि बुबाले मतिर फर्किंदै भन्नुभयो– 'बाबूलाई दुःख नदिनू नि !'

केही समयमा नै फेरि म ती नौजवानका कोठामा पुगें, उनी केही गर्दै थिए । मलाई 'बस भाइ' भनेर उनी आफ्नो काम गर्न थाले । चुलबुले म, खाटमा बसेर मज्जाले खुट्टा हल्लाउन थालें । खुट्टा हल्लाउँदा खाटमा बिछ्याइएको दरीले खरखरको आवाज निकाल्यो । उनको काममा बाधा पऱ्यो र उनले घुरेर मलाई हेरे । उनका हेराइले मलाई डर लाग्यो । उनी मेरो नजिक आएर बसे, मेरो हात आफ्नो हातमा सुमसुम्याउँदै मेरो नाम सोधे । मैले आफ्नो नाम बताएपछि उनले 'तिमीलाई मेरो नाम थाहा छ ?' भन्दै आफ्नो नाम भने– 'मेरो नाम नरेन्द्रराज प्रसाई हो ।' त्यति मात्र कहाँ हो र ? 'आजदेखि म

तिमीलाई दीपेन्द्र भनेर बोलाउँछु है !' भनेर उनले मेरो नामाकरण गरिदिए । त्यस बेला राजा वीरेन्द्रको छोरा भर्खरै जन्मेका थिए र उनको नाउँ दीपेन्द्र नरेन्द्रराज प्रसाईलाई मन परेको रहेछ ।

नरेन्द्रराज प्रसाईको त्यो आत्मीयताले म झन् उनीसँग नजिक भएँ । त्यसपछि उनको ढोका खुल्लै देख्नेबित्तिकै म उनको कोठामा पुगिहाल्थेँ ।

गोपालबहादुर शाहीलाई गोपाल राजा भनेर बोलाइन्थ्यो । एक दिन दिउँसो गोपाल राजाबाट मलाई पनि कौसीमा बोलाइयो । त्यहाँ शाही परिवारका अन्य सदस्यहरूको पनि उपस्थिति थियो । तर म पुगेका बेला त्यहाँ सबै चुपचाप थिए र गोपाल राजा मात्रै बोलिरहेका थिए । उनको बोलीमा उत्तेजना थियो । म उनका छेउ पुग्नासाथै उनले मलाई सोधे– 'हाम्रो घरबाट पैसा चोरी भयो । तिमीले थाहा पाएका छौ ?' उनीहरूको कोठाचोटामा मेरो निर्बाध आवागमन हुने भएकाले शङ्काको घेरामा म पर्नु कुनै अनौठो कुरा भएन । मैले 'मलाई थाहा छैन' भनेँ । शान्ति महारानीले 'महलबाहिर गएर पिपलमेट खाएका छौ ?' भनेर सोधिन् । 'बुबाले पैसा दिएको बेलामा मात्रै खाएको छु ।' मैले उत्तर दिएँ । अनि पुरानो कुरा सम्झेर फेरि मैले भनेँ– 'अस्ति नै बाबुचा (त्यहीँ काम गर्ने मालीको छोरा)सँग बजार गएको बेला बाबुचाले चिउरा र अण्डा किनेर मलाई पनि खुवाएको थियो ।'

मैले बाबुचाको कुरा गर्नेबित्तिकै गोपाल राजाले माली र उसको छोरालाई कौसीमा बोलाए । माली र बाबुचा कौसीमा आए । गोपाल राजाको रौद्र रूप देखेर बाबुचा डरायो तर उसले पैसा चोरेको होइन भन्यो । मभन्दा दुईचार वर्ष जेठो बाबुचामाथि भौतिक कारबाही हुन सक्ने वातावरण तयार हुँदै थियो । मलाई कुट्ने भए भन्ने आशङ्काले बाबुचा रुन थाल्यो । त्यति बेला म पनि धेरै डराएको थिएँ । कौसीमा भएको होहल्ला र रुवाइ भुइँ

तल्लासम्म पुगेछ । हस्याङफस्याङ गर्दै त्यहाँ नरेन्द्रराज प्रसाई आइपुगे ।

'यो के गर्न आँटेको गोपाल राजा ? यो केटो त सानै छ । यति सानो बच्चालाई एक पटकलाई माफ दिनुपर्छ । यसलाई कुट्ता यसको शरीरमा हानी भयो भने के हुन्छ ?' भन्दै नरेन्द्रराज प्रसाईले बाबुचालाई आफ्नो अँगालोभित्र लुकाए । सायद गोपाल राजाले पनि बच्चालाई 'अबदेखि यसो नगरोस्' भन्ने मनसायले डर देखाउन खोजेको हुनुपर्छ । जे भए पनि गोपाल राजाको रौद्र रूप शान्त हुँदै गयो । पातला ज्यानका नरेन्द्रराज प्रसाईले त्यसरी गोपाल राजाको सामना गरी स्थिति सामान्य बनाएपछि उनीप्रति मेरो श्रद्धा झनै बढ्यो । कहाँ राजदरबारसँग नाता जोडिएका गोपाल राजा, कहाँ भाडामा बस्ने झापाबाट अएका नरेन्द्रराज प्रसाई ! उनको त्यो साहस देखेर म झन् प्रभावित भएको थिएँ । बाबुचाले खर्च गरिसकेको बाहेक बाँकी पैसा फिर्ता गर्ने र महलमा प्रवेश निषेधको निर्णय गराएर नरेन्द्रराज प्रसाईले बाबुचा र उसका बालाई त्यहाँबाट लगे । त्यसपछि बाबुचालाई मैले कहिल्यै भेटिनँ ।

पुसमा बुबा र म रुकुमकोट फर्कियौँ । नरेन्द्रराज प्रसाई जाडोको बिदामा झापा गएका थिए र हिँड्ने बेलामा उनीसँग मेरो भेट भएन । त्यसपछि पनि उनीसँग मेरो कहिल्यै भेट हुन सकेन । म मेरो आफ्नो जीवनयात्रामा अघि बढेँ । उनी आफ्नो जीवनयात्रामा लागे । म इन्जिनियर पढ्न भारत गएँ । पढेर आएपछि खानेपानीमा काम गर्दा डाँडाकाँडा, भीरपाखा घुम्दाघुम्दै मेरो दिनचर्या बित्यो । त्यसपछि म परदेशतिर लागेँ । डिल्लीबजारको भेटपछि नरेन्द्रराज प्रसाई र मेरो भौतिक रूपमा भेट नै भएन । तर उनीसँग साहित्यमार्फत मेरो सधैँ भेट भएको छ भन्नुपर्छ । म क्यानडामा इन्जिनियरिङ विषयको काममा छु तापनि सामाजिक सञ्जालमार्फत हाम्रो नियमित भेट भइरहन्छ ।

२०५३ सालदेखि म नेपालबाहिर छु । संयोग नै भन्नु पऱ्यो, त्यसको एक वर्षअघि मात्र नरेन्द्रराज प्रसाईको समेत नाम जोडिएर नइ प्रकाशनको स्थापना भएको रहेछ । यो कुरा मैले अलि पछि मात्र थाहा पाएँ । ढिलो गरेर थाहा पाउनु पनि मेरो सौभाग्य थियो । किनभने नइ संस्था प्रकाशक मात्रै नभएर नेपाली साहित्यको उन्नयनका लागि एउटा धरोहर संस्था बनेर खडा भइसकेको थियो । मैले आफूले सानैमा चिनेका नरेन्द्रराज प्रसाई उति बेलै हकी, निडर, निष्पक्ष र स्पष्ट वक्ता थिए । आफ्नो अठोटमा डटिरहने भएकाले यस्तो सम्मानित संस्था नरेन्द्रराज प्रसाईले स्थापना गर्न सकेका हुन् भन्ने मलाई लाग्यो । साथै इन्दिरा प्रसाईको निर्भीकता र कुशलता टाढै बसेर पनि म हेरिरहेको हुन्छु । दुवै जनाको भावनामा एकता भएकै कारण नइ प्रकाशन सफल छ । वास्तवमा यी दुवैको मिलन नेपाली वाङ्मयका निम्ति अहोभाग्य हो ।

आफ्नो विषयमा दक्ष व्यक्ति वा समूहले कुनै संस्था सञ्चालन गरे भने त्यो बलियो आधार स्तम्भमा स्थापित हुन्छ । साथै त्यस संस्थाको उत्तरोत्तर प्रगति अनिवार्य हुन्छ । बिल गेट्स कम्प्युटर प्रोग्रामिङमा दक्ष थिए र उनको माइक्रोसफ्ट (अफिस) संसारभर हरव्यक्तिका घरमा छ । यस्तै उदाहरण स्टिभ जब्स, मार्क जुकरबर्ग, ज्याकमा जस्ताहरूको लिन सकिन्छ । त्यस्तै दुई जना सिद्धहस्त साहित्यकारहरू नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले स्थापना गरेको नइ प्रकाशन सही र अग्रगामी पथमा छ । एकातिर उनीहरू दुवै जना आफैँ अग्रणी साहित्यकार हुन्, जसले नेपाली साहित्य र साहित्यकारहरूको मर्म बुझेको छ । अर्कातिर उनीहरूको नि:स्वार्थ भावले केवल नेपाली साहित्यको श्रीवृद्धिका लागि नइ प्रकाशनको स्थापना भएको हो । त्यसैले सरकारी कोषबाट सञ्चालित वाङ्मयिक संस्थाहरूलाई समेत नइ प्रकाशनबाट बिर्साउने काम भइरहेको छ ।

नइ प्रकाशन स्थापनाको उद्देश्य साहित्य सामाग्रीहरू प्रकाशन र वितरण गर्न मात्र नभएर नेपाली साहित्यको उन्नयन र नेपाली साहित्यकारहरूको पहिचान दिलाउने रहेको छ । यस मानेमा नइको तुलना नेपाल प्रज्ञाप्रतिष्ठानसँग गर्दा अत्योक्ति नहोला । प्रज्ञाप्रतिष्ठानले जुन रूपमा काम गर्नुपर्थ्यो त्यो रूपमा उसले काम नगरेकाले साहित्यकारहरूको यसप्रति असन्तुष्टि छ । यस्तो अवस्थामा व्यक्तिगत रूपमा स्थापित नइले निष्पक्ष भएर साहित्यकारहरूलाई राहत, इज्जत, पहिचान दिलाएको छ । काम गरेर नइले नेपाली साहित्यकारहरूमा आशा र भरोसा दिलाएको छ । जुन कुरा आफैँमा एउटा महत्वपूर्ण कमाइ हो नइका लागि ।

नइ प्रकाशनले स्वदेशमा होस् वा विदेशमा होस्, खोजीखोजी साहित्यकार र अरू प्रतिभाहरूलाई सम्मान दिने कार्य गरेको छ । नइका एकपछि अर्को कामले विश्वसञ्जालमा रहेका नेपाली साहित्यकारहरूमा आशा पलाएको छ । यो आफैँमा एउटा चुनौतीपूर्ण कार्य हो र नइले बिनापक्षपात साहित्यकारहरूको छनौट गर्ने गरेकाले यो भरपर्दो प्राज्ञिक थलो बन्न सकेको हो ।

धरातलीय दृष्टिमा म यतिखेर नेपालभन्दा धेरै टाढा सात समुद्रपारि छु । भौतिक रूपमा टाढा भए पनि नइ प्रकाशनका हरेक गतिविधिसँग मेरो भावना जोडिएको छ । जतिजति नइको काम देख्छु त्यतित्यति म गौरवान्वित हुने गर्छु । नइ प्रकाशनको उन्नतिमा नै हामी साहित्यकारहरूको भविष्य अडेको छ भन्ने लाग्छ मलाई ।

# गरिमापूर्णको संस्था

## कृष्ण बजगाईं

नइ प्रकाशन जन्मनुअघि नै मैले नइलाई चिनेको हुँ । हुन त नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको साहित्यिक कर्म र लेखनका बारेमा धेरै पहिलेदेखि नै म परिचित थिएँ । तर नइ संस्थाको स्थापना भएको पाँच वर्ष नपुग्दै म बिदेसिएको थिएँ । विदेशमा आफ्नो मातृभूमिसँग जोड्ने तत्त्वहरू परिवार, आफन्त, धर्म, संस्कृति र साहित्य हुने रहेछ भन्ने पनि मैले बुझ्न थालेँ । यदि ती तत्त्वहरू नहुँदा हुन् त मानिसले आफ्नो मातृभूमि बिर्सन्छ पनि सायद । म बिदेसिएँ तर मेरा मानसपटलबाट नेपाली संस्कृति बिदेसिएन । मेरो भाषा, मेरो संस्कृति, मेरो साहित्य र मेरो आनीबानी सबैसबै मसँगै गाँसिएर विदेशमा नै आए । यी यावत् कुराले मेरो भावनामा लुकामारी गरिरहेका हुन्छन् ।



नेपालमा प्रचलित साहित्यिक सङ्घसंस्थाका बारे मेरो मनमस्तिष्कबाट अवलोकन भइ नै रहन्थ्यो । म भौतिक रूपबाट टाढा भए तापनि मनबाट नेपाली साहित्यको गतिविधिसँग धेरै नजिक थिएँ । एउटा लेखक भएका कारण मेरो भावना यदाकदा नइ प्रकाशनको काम हेर्न पनि घुम्ने गर्छ । त्यसैले मैले मेरा अरू

कतिपय साहित्यका प्रसङ्ग सम्झँदा नइलाई पनि मैले सम्झिरहेको हुन्छु । नेपाली वाङ्मयको श्रीवृद्धिका लागि नइले गरेको साहित्यिक कामलाई पनि म नियालिरहेकै हुन्छु । निजी क्षेत्रको वाङ्मयको संस्थाले पनि कति काम गर्न सकेको भनेर मलाई नइप्रति गौरव पनि लाग्ने गर्छ । त्यसैले निरपेक्ष रहेर मलाई भन्न मन लागेको छ– स्थापना भएदेखि आजसम्म उही गतिमा र उही लयमा विविध स्तरीय कार्यक्रम सम्पन्न गर्नु नइको विशेष खुबी हो । यस्तो कार्य जोकोहीबाट हुन त्यति सम्भव नहोला पनि भन्ने मलाई लाग्छ । नि:स्वार्थ भावनाले मात्र यस्तो काम सम्भव हुन्छ । नेपाली साहित्यको सेवा गर्ने महान् उद्देश्य बोकेर मात्र पूरा हुन्छ । त्यसैले मेरा मनमा नइ प्रकाशन बराबर आइरहेको हुनुपर्छ ।

परदेश पुगेका नेपालीहरू अलिक स्वतन्त्र हुन्छन् । स्वतन्त्र कुन अर्थमा हुन्छन् भने घरदेशमा रहँदा हामी नेपालीहरू कतै न कतै राजनीतिमा संलग्न हुन्छौँ नै; यो अहिलेको नेपालको बाध्यता भयो । नेपालमा बसेको अवस्थामा साहित्य वा राजनीतिको गुट र उपगुटमा बाँधिन स्रष्टाहरू बाध्य नै पारिन्छन् । वास्तवमा नै नेपालमा बसेपछि एउटा न एउटा दलबलमा नफसी उपाय नै हुँदैन । २०४६ सालको प्रजातन्त्रपश्चात् वातावरण यस्तो निमार्ण गरिएको छ कि स्वतन्त्र भएर समाजमा सही रूपमा अडिएर काम गर्न नै स्रष्टाहरूलाई कठिन छ । त्यहाँ बसेपछि दलका नेतृत्वको इसारामा कालोलाई पनि सेतै भन्नुपर्ने हुन्छ । नेपालमा सत्य बोलेर सही ठाउँमा कोही नपुग्ने भएको हुँदा पार्टीको इसाराबाट बाहिर निस्कन नै कठिन हुन्छ । अब म त विदेशमा नै छु, त्यसैले निर्धक्क बोल्न सक्छु । विदेशमा बस्ने एक स्वतन्त्र नागरिक भएर म फेरि भन्छु– ‘नइको साहित्यिक कर्म उत्कृष्ट छ ।’

नइ प्रकाशनले गरेको कर्म साहित्यमा मात्र सीमित छैन । नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन,

खेलकुदलगायत अन्य विविध क्षेत्रमा नइ फैलिएको छ । नइले चारैतिरबाट स्रष्टा वा प्रतिभाको निरन्तर खोजी गरिरहेको छ । विविध क्षेत्रका ओजस्वी प्रतिभाको खोजी गरेर कसैको जीवनी लेख्नुपर्छ कि, कसैको संस्मरण लेख्नुपर्छ कि, कसैलाई सम्बन्धित ठाउँको आँखामा पार्नुपर्छ कि, कसैको किताप छापिदिनुपर्छ कि या कसैलाई पुरस्कारले सम्मातिन गर्नुपर्छ; यी सबै कुरा नइले बुझेको छ । यस्तो प्रकारको नइको विहङ्गम दृष्टिपूर्णको कार्य घरदेशमा मात्र सीमित रहेन । विदेशमा बसेका प्रतिभालाई खोजी गरेर नइ प्रकाशनले यथोचित सम्मान प्रदान गर्दै आएको छ । यी पच्चिस वर्षका यस्तै प्रभावशाली कामहरूले गर्दा नइ प्रकाशन अन्तर्राष्ट्रिय संस्था भइसकेको छ । पच्चिसै वर्षमा पनि आफ्नो सानदार कार्य गराइले हाम्रो नजरमा नइ बूढो या पाको देखिएको छ ।

नइ प्रकाशनका विदेशमा पनि शाखा छन, प्रतिनिधि र दूत भएर विदेशमा बस्ने नेपालीहरूले साहित्यको काम गरिरहेका छन् । नइ प्रकाशनले विदेशमा रहेका नेपाली साहित्यको पनि राम्ररी अध्ययन गरेको छ । त्यसैले यस संस्थाबाट विदेशमा रहेका प्रतिभाको राम्रो पहिचान हुने गरेको छ । विदेशमा बस्ने नेपालीलाई मात्र नभएर विदेशी मूलका नागरिकलाई समेत विभिन्न समयमा नइ प्रकाशनले सम्मान दिएको छ । नइले देशविदेशमा रहेका साहित्यिक प्रतिभाका पुस्तक पनि प्रकाशन गरेर लेखकलाई टेक्ने धरातल बनाइदिएको छ । तर विडम्बनाको कुरा विदेशमा स्थापना भएका नेपाली भाषासाहित्यको सेवा गर्ने साहित्यिक संस्थाहरू चाकरी बजाउन पछि परेका देखिएनन् । उदाहरणका लागि विदेशमा सञ्चालित नेपाली साहित्यिक संस्था नेपालबाट व्यक्तिगत लाभ लिन अनेक जुक्तिमा लागेका देखिन्छन् । त्यसैले उनीहरूले आफू रहेको परदेशमा स्थापना गरेका पुरस्कार र सम्मान घरदेशमा नै खन्याउने गरेका छन् । परदेशको व्यस्त समयमा साहित्य कर्ममा

लागेका राम्रा स्रष्टाहरूलाई तिनले चाहिँ राम्रैसँग उपेक्षा गरेका छन् । विदेशमा रहेका ती संस्थाहरूले नइबाट अनुकरणीय कार्य गर्न सिके हुने थियो । उनीहरूले नइलाई आदर्श मानेर काम गरे भने उनीहरू पनि विवादरहित हुने थिए ।

जे होस्, नेपालमा एउटा गरिमापूर्णको संस्था छ र परदेशका नेपालीहरूले सम्झिरहने संस्था नइ प्रकाशन भएको रहेछ । यो तथ्य सबै परदेशी नेपालीहरूले बुझेका छन् भन्ने मेरो ठम्याइ रहेको छ । अर्को कुरा– साहित्य व्यापार होइन भन्ने पाठ सबैले नइबाट सिक्न जरुरी छ । यदि स्वच्छ तरिकाले साहित्यको सेवा भएको छ भने जुनसुकै संस्थाको पनि नइ प्रकाशनको जस्तै गौरवमय इतिहास निमार्ण हुनेछ ।

# वाङ्मयको ठूलो नक्षत्र

## केदार शाक्य

नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले आफ्नो नामको एकएक अक्षर मिलाएर प्रकाशन गृहको नाम नइ प्रकाशन राखे । उनीहरूले संस्था खोलेको पनि पच्चिस वर्ष नाघिसकेछ । उनीहरू आफैँ साहित्य सिर्जना गर्छन्, अरूका जीवनी लेख्छन्, पुस्तक छाप्छन् । उनीहरूले छापेका पुस्तक लेखक, साहित्यकारहरूलाई उपहार दिन्छन् । नेपाली भाषासाहित्य र वाङ्मय सिर्जना उनीहरूको प्रिय विषय हो ।



नइको लेखाइ सुन्दर छ, भाषाशैली सरल छ, सलल बग्छ । उनीहरू कुनै अप्ठेरो किसिमको भाषा लेख्तैनन् र शैली सजिलै देखाउँछन् । उनीहरूको साहित्य साधना राम्रो छ । उनीहरूको लेखनकला, भाषाशैलीलाई प्रायः सबै उच्चकोटिका वाङ्मय साधकहरूलगायत लेखकहरूले मन पराउँछन् । उनीहरूको कार्यशैलीका कारणले पहिलापहिला उनीहरूको कुरा काट्ने मानिसहरू पनि अहिले उनीहरूकै प्रशंसा गर्छन् ।

नइ जोडी आफैँ अनेक कृतिको रचना गर्छन् । उनीहरूले नइ प्रकाशन गृहलाई उच्चकोटिको वाङ्मय गृह बनाएका छन् ।

उनीहरू अक्षरसँग मीत लगाउँछन् । उनीहरू सामाजिक जीवनमा ख्याति आर्जन गरेका विशिष्ट व्यक्तिहरू भेट्छन्, कोष स्थापना गर्न आग्रह गर्छन् । उनीहरूको बोलीमा जादु छ । सफल उद्योगी, सफल व्यापारी व्यवसायीहरूलाई आत्मकथा लेख्नसमेत उनीहरू अभिप्रेरित गर्छन् । सबैभन्दा ठूलो कुरा उनीहरू अक्षरको खेती गर्छन् ।

लेखनवृत्ति र प्रकाशनगृहलाई जीवनको मूल उद्देश्य बनाउने अठोट नइले गरेका छन् । पच्चिसबर्से कार्यअवधिमा उनीहरूले धेरै विशिष्ट मान्छे आफ्नो बनाए । यसबीचमा कति शत्रु र मित्र पनि कमाए । ती शत्रु र मित्रुको पनि उनीहरूलाई बढी अनुभव छ । यस्ता एकाध घटना या प्रसङ्ग पनि सार्वजनिक भएका छन् । मन पर्ने अर्थात् राम्रा लेखक साहित्यकारहरूलाई उनीहरू प्रशंसा गरेर आकाशमाथि पुऱ्याउँछन् । तर बेइमान लेखक, साहित्यकार र उनीहरू नजिक पुगेका फटाहाको उछितो काढ्दै उनीहरूलाई पाताल पनि पुऱ्याउन अघि सर्छन् । सायद यो उनीहरूको विशेषता हो । उदाहरणका लागि मदन पुरस्कार विजेता साहित्यकार जगदीशशमशेर राणाले नरेन्द्रराज प्रसाईले लेखेको कृति ‘नारीचुली’ अङ्ग्रेजी भाषामा अनुवाद गरेछन् । तिनै राणाले म आफू नै यस कृतिको लेखक हुँ भनेर अङ्ग्रेजीमा सो अनुवाद प्रकाशित गरेछन् । त्यसपछि प्रसाईले राणालाई साह्रै नमीठो भाषा प्रयोग गरेर सार्वजनिक रूपमा नै गाली गरे । यो पनि उनको विशेषता नै हो । यस्तो साह्रो र खरो भाषा प्रयोग गरेर सार्वजनिक गाली गरेको हतपती पाइँदैन । फेरि प्रसाईले कपी राइटमा मुद्धा हालेको थाहा पाएपछि काठमाडौँ आएर पनि राणा रातारात भारत फिरे भन्ने गाइँगुइँ सुनिएको थियो । प्रसाईबाट डराएरै होला सायद केही समयपछि राणाको निधन भयो भन्ने यदाकदा हल्ला पनि सुनियो ।

नइ जोडीले नेपालका एक सफल व्यापार व्यवसायी तथा समाजसेवी सुरबहादुर श्रेष्ठलाई नइ प्रकाशनको कोषाध्यक्ष बनाएका थिए । त्यतिखेर यिनीहरूले एकअर्कालाई खूब मद्धत गरे, गुन लगाए । यिनीहरूको मिल्तीमा मानिसहरूले आहारिस पनि गरे तर उनीहरू त्यस्ता आहारिसेलाई बेवास्ता गर्दै निरन्तर अगाडि बढिरहे । श्रेष्ठले नइ प्रकाशनबाट कृति प्रकाशन गरेबाहेक नेपालका अरू साहित्यकारहरूका पनि कृति प्रकाशनमा सहयोग गरे । उनलाई नइलगायत धेरैले दानवीर सुरबहादुर श्रेष्ठ भन्ने गरेका छन् । नेपालमा राजसंस्था रहेको बेला यस्तो कार्य गर्नेलाई उच्चस्तरीय रूपमा हेर्ने गरिन्थ्यो । त्यसैले श्रेष्ठले गोरखादक्षिणबाहु तक्मा पाए । पछिल्लो कालखण्डमा पनि श्रेष्ठ नइ प्रकाशनका शक्तिशालीमध्येकै अर्को शक्तिशाली सदस्यकै रूपमा रहेका छन् ।

नइ प्रकाशनको कामको चर्चा चारैतिर पुग्न थाल्यो । नइलाई अझै उकास्नेहेतुले राजनीतिज्ञ बीपी कोइरालाका नजिकका पात्रसमेत रहेका रामबाबु प्रसाईले नइ प्रकाशनका लागि हीरै फोरे (एक करोड रुपियाँजतिको कोष खडा गरिदिए) र धेरै पल्ट प्रधानमन्त्री भएर पनि स्वच्छ छवि (मिस्टर क्लिन)मा नाम कमाएका कीर्तिनिधि विष्टले पनि तीस लाख रुपियाँ नइ प्रकाशनको कोषमा जम्मा गरिदिए । अरू पनि धेरै दानवीर नइ प्रकाशनमा पुगे । अहिले नइ प्रकाशनको अक्षयकोष साढे दुई करोड रुपियाँ पुगेको देखिन्छ । फलस्वरूप नइ प्रकाशनले आफ्नो रजत वर्षलाई गौरवमय बनाइसकेको छ ।

साहित्यकार नरेन्द्रराज प्रसाई मिहेनती छन् । उनी अलि कडा मिजासका छन्, मनकारी पनि छन् । उनी मनमा लागेको कुरा लुकाउँदैनन् । यसको पनि म एउटा उदाहरण दिन्छु– एक पटक 'नेपाली बृहत् शब्दसागर कोश'का लेखक वसन्तकुमार नेपाललाई देवकोटा काव्य पुरस्कारले पुरस्कृत गरिएको थियो ।

पुरस्कृत लेखकले पाएको पाँच हजार रुपियाँ संस्थाकै कोषमा राख्न नेपालले भाषणकै क्रममा उद्घोष गरे र त्यो रकम उनले त्यहीँ छेउको टेबुलमा राखिदिए । तर त्यही बेला नरेन्द्रराज प्रसाई उठेर कोशकार लेखकको नजिक गए । उनले बोल्दाबोल्दै तुरुन्तै रकम उनैलाई फिर्ता दिए । कोशकार नेपालले कुन मनसायले पुरस्कृत गर्ने संस्थालाई नै त्यो रकम फिर्ता दिए, त्यहाँ खुलेन । पुरस्कार रकम कम भएर वा नइ प्रकाशनलाई उनीहरूको राम्रो काम देखेर प्रशंसा गर्दै दिएका हुन् बुझ्न सकिएन तर नेपाल बोल्दाबोल्दै प्रसाईले नेपालको माइक समाएर बोले– 'पैसा थोरै भएर नलिनु भएको हो ? यति पैसामा तपाईंको आँखा नलागेको हो ? हामीले तपाईंलाई एक करोड रुपियाँ समर्पण गरेको भए फिर्ता गर्नुहुने थियो त ? तपाईं महाकवि देवकोटाका नाउँको प्रसाद ग्रहण गर्न आउनुभएको हो या पैसा लिन आउनुभएको हो ? कृपया यो पाँच हजार रुपियाँ ग्रहण गर्नुहोस् र हामीलाई पनि सन्तोष दिलाउनुहोस् ।' अनि कोशकार नेपालले पुरस्कारको रकम लिएर आफ्नो खल्तीमा राखे । हामीलाई त्यो दृश्य हेर्दा र सुन्दा रमाइलो लागेको थियो ।

प्रसङ्गवश जनकवि दुर्गालाल श्रेष्ठलाई पनि कुनै अर्को एक संस्थाले उहाँको काव्यकृति रचना अब्बल देखेर प्रशंसामा सम्मानस्वरूप एक रुपियाँ पुरस्कार दिएको थियो । उहाँले त्यो सम्मान पुरस्कार रकम खुसीसाथ लिनुभएको सम्झना छ । त्यस बेला त्यो एक रुपियाँ पुरस्कार समाचार बनेको थियो । सम्मानस्वरूप लेखक, साहित्यकार र कविलाई प्रदान गरिएको पुरस्कार रकम राशिभन्दा पनि त्यस्ता संस्थाले सर्जकलाई दिएको सम्मान ठूलो हो भन्ने लाग्छ मलाई । आजकल पुरस्कार रकमको राशिले पनि निकै ठूलो मानसम्मानको उपाधि बुझाउने गरेको पाइन्छ ।

इन्दिरा प्रसाई मेधावी छन् । नइलाई सफल प्रकाशनगृह बनाउन उनीहरूको मिहेनत परिश्रमलाई स्वदेश तथा विदेशका थुप्रै लेखक, साहित्यकारहरूलाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग गरेका छन् । भारतका नेपाली भाषी लेखक, साहित्यकारहरूलाई बोलाएर नइले सार्वजनिक सम्मान गरेका छन्; पुरस्कृत गरेका छन् । नइको सक्रियता निरन्तर बढिरहेको हामी देखिरहेका छौँ ।

नरेन्द्रराज प्रसाई नारीको कदर गर्ने कार्यमा अगाडि देखिन्छन् । उनले 'नारीचुली' किताप नै लेखेका छन् । इन्दिरा प्रसाई अध्यक्ष रहेको नइ प्रकाशन र त्रिमूर्ति निकेतनमा उनी सदस्यसचिव छन् । कविशिरोमणि लेखनाथ पौडयाल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको प्रतिमा निर्माणको सिलसिलामा युगकवि सिद्धिचरण श्रेष्ठ पनि समावेश भए चौमूर्ति हुने प्रसङ्ग नइसमक्ष मैले उठाएको थिएँ । तर 'श्रेष्ठका छोराले यसमा रुचि नदेखाएको हो या हामीलाई नपत्याएको के हो बुझिएन' भनेर नइले मलाई भनेका थिए ।

नइ प्रकाशनको सञ्चालनलाई नयाँ दिशा दिने कार्यमा नइ जोडी दुवै जनाको बराबरी हात छ । इन्दिरा प्रसाईलाई गोरखापत्र संस्थानको कार्यकारी अध्यक्ष रहँदाको अनुभव केही बढी होला भन्ने मेरो अनुमान छ । इन्दिरा प्रसाई अध्यक्ष भएका समय म पनि 'गोरखापत्र'को सम्पादक थिएँ । (त्यसो त पछि म लुम्बिनी बौद्ध विश्वविद्यालयको प्रथम रजिस्टार पनि भएँ) मेरो अनुभवमा उनको काम गर्ने शैली 'गोरखापत्र'को इतिहासमा नै गौरवमय थियो । यद्यपि उनी त्यहाँको कार्यकारी अध्यक्ष हुनुभन्दा अगाडि नै नइ प्रकाशन सुरु भइसकेको थियो ।

नइ प्रकाशनले गरेको आफ्नै राम्रो कामले देशविदेशमा लोकप्रिय बनिरहेको छ । दु:खसुख जे भए पनि उनीहरूले भोगेका छन् । निजी क्षेत्रबाट भएको उनीहरूको मिहेनत र परिश्रम नै

देशका लागि उनीहरूको लगानी हो भन्ने लाग्छ । विगतमा नेपाली भाषासाहित्यमा संस्थागत प्रकाशनगृह थिए र अझै छन् । तिनीहरूको सफलता वा असफलता जगजाहेर छ । व्यक्तिव्यक्ति मिलेर संस्था बन्छ । संस्थाको उन्नति र प्रगति पनि व्यक्तिको लगनशीलता इमानदारितामा निर्भर रहन्छ । नइका कामले नइ जोडी नै अहिले बेग्लाबेग्लै संस्था बनिसकेको अनुभव मलाई हुन्छ । नइ प्रकाशन बनेपछि उनीहरूले नेपाली भाषासाहित्य र वाङ्मयको उन्नतिमा कति हो कति योगदान दिए । व्यक्तिविशेषको प्रशंसाभन्दा कामको सही मूल्याङ्कन हुनुपर्छ र नेपाली साहित्यमा नइ जोडीको सही मुल्याङ्कन हुँदै जानेछ ।

# साहित्यिक आराधनाको एउटा पाटो

## प्रा.केशव सुवेदी

नइ प्रकाशन नेपाली साहित्यका चिरपरिचित स्रष्टा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको सद्भाव र सत्प्रयासबाट स्थापित संस्था हो । आफ्नो सिर्जनकर्मलाई अगि बढाउने मात्र होइन, अरूका सिर्जनालाई समेत पाठकसम्म पुऱ्याउने सङ्कल्पका साथ स्थापित नइ प्रकाशन केवल प्रकाशन कार्यमा मात्र होइन यसले नेपाली वाङ्मयसेवाका विविध क्षेत्रमा प्रशंसनीय कार्यहरू गर्दै आएको छ । नेपाली भाषासाहित्यका विशिष्ट साधकहरूका बारेमा अध्ययन र अनुसन्धान गराउने, नेपालका विभिन्न भाषाका साहित्यिक कृतिको प्रकाशन गर्ने, जेहेनदार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरी उनीहरूका निम्ति शैक्षिक अवसर जुटाइदिने, नेपाली भाषासाहित्यविषयक गोष्ठी, सभा, सम्मेलनहरूको आयोजना गर्ने, देशदेशान्तरका स्रष्टा र साधकहरूलाई सम्मान र पुरस्कार समर्पण गर्ने, प्रतिभा सङ्ग्रहालयको निर्माण एवं उनीहरूका प्रतिमा स्थापना गर्ने, पुस्तकालय सञ्चालन एवं पत्रिका प्रकाशन गर्नेलगायतका पवित्र उद्देश्यहरू राखेर स्थापना गरिएको यस संस्थाले यी विविध उद्देश्यहरूको परिपूर्तिका लागि



महत्त्वपूर्ण कार्यहरू गर्दै आएको छ र समग्रमा भन्नुपर्दा नइले विगत पच्चिस वर्षमा साहित्यसिर्जना र वाङ्मयसेवाको अनुपम उदाहरण प्रस्तुत गर्दै आएको छ । नइका उपर्युक्त विविध योगदानमध्ये यो आलेख नइका प्रकाशनसम्बन्धी योगदानको चर्चामा मात्र केन्द्रित रहेको छ ।

२०७९ साल नइ प्रकाशनको रजत वर्ष ! हेर्दाहेर्दै नइ प्रकाशनको थालनी भएको पनि पच्चिस वर्ष बितिसकेछ । नेपालमा विभिन्न उद्देश्यहरू राखेर संस्थाहरू त महिनैपिच्छे खुल्छन् तर ती जुन उत्साहका साथ खुल्छन्, त्यसभन्दा बढी निराशाका साथ समाप्त पनि हुन्छन् । संस्था जन्माउँदा साह्रै मन मिलेकाहरू त्यो हुर्कन र बढ्न नपाउँदै तिनका मन फाट्न थाल्छन् । त्यसैले हाम्रो समाजमा धेरै जना मिलेर बनाएका अधिकांश संस्थाहरू अनेक वैयक्तिक स्वार्थका महामारीमा परेर समाप्त हुँदै आएका छन् । अरू त अरू, शासन र सत्तास्वार्थका निम्ति खुलेका दलहरूसमेत लामो समयसम्म आपसमा मिलेर एक ठाउँमा बस्न सक्तैनन् । त्यसैले सामूहिक प्रयासमा संस्थाको निर्माण गरिसकेपछि त्यसलाई दीर्घ जीवन प्रदान गर्ने मामिलामा हामी असहिष्णु छौँ । त्यति मात्र होइन, जसले संस्थाको निर्माण र प्रवर्धन गर्ने जिम्मा लियो उही संस्था कब्जा गर्न प्रवृत्त हुन्छ । मिलेर खोलेका संस्थाहरूलाई बलियो बनाउने होइन, तिनका ढाडमा टेकेर व्यक्तिले आफूलाई बलियो बनाउने प्रवृत्ति र संस्कारका कारण हामीकहाँ व्यक्तिहरू त बने तर संस्थाहरू बनेनन् । यसरी संस्थाभन्दा व्यक्ति बन्ने प्रयत्नबाट हामी र हाम्रो समाज दिनानुदिन कमजोर बन्दै गइरहेको छ ।

नेपाली समाजमा विकसित हुँदै आएको यसखालको प्रवृत्तिका बीचमा नाफा कमाउने प्रकाशन व्यवसायका रूपमा होइन, वाङ्मयका विविध विधाका पुस्तकहरूको प्रकाशन गर्ने र पढ्नमा रुचि राख्नेहरूलाई बेलाबेला झोलाको समेत बन्दोबस्त गरेर पुस्तकहरू

प्रदान गर्ने संस्थाका रूपमा नइ प्रकाशन विगत पच्चिस वर्षदेखि नेपाली प्रकाशनका क्षेत्रमा क्रियाशील छ । हामी झोलामा पुस्तक बोकेर घर आउनेहरू यो वा त्यो पुस्तक नपाएको गुनासो गर्छौं तर नइ प्रकाशनले पुस्तक प्रकाशनका क्रममा गर्दै आएका अन्त:सङ्घर्षहरूबाट हामी अनभिज्ञ नै छौँ । बितेका पच्चिस वर्षका अन्तरालमा नइलाई अरू संस्थालाई लाग्ने खालको स्वार्थसाधनको रोग लागेन । प्रकाशनजस्तो पाइलापाइलामा खर्चपर्चको जोरजाम गर्नुपर्ने व्यवसाय भए पनि कमाइकजाइ, त्यसको बाँडफाँड, त्यसमा पनि ठगठाग र ठूलो भागको चाहना राख्ने परिस्थिति नइमा थिएन । अन्यथा नइ प्रकाशन पनि दुनियाँदारीबाट अल्पायुमै अलप हुन्थ्यो । नइ प्रकाशन कमाउधन्दाबाट टाढै रह्यो । त्यसैले नइ प्रकाशन पाठकहरूको हृदयदेखिको माया र आशीर्वादसहित पच्चिस वसन्तको तरुण यात्रामा निरन्तर गतिशील छ । नरेन्द्र र इन्दिराले जुन सङ्कल्पका साथ नइ प्रकाशनको शुभारम्भ गरेका थिए; त्यसलाई मूर्त रूप दिन उनीहरूले त्यही जोस, त्यही उमङ्ग र त्यही हिम्मतका साथ यसलाई जीवन्त यात्रामा हिँडाइरहेका छन् । यो सबै नेपाली वाङ्मयको आराधनामा समर्पित नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको साहसपूर्ण प्रतिबद्धताकै परिणति हो ।

नइ प्रकाशनको स्थापनापछिका विगत पच्चिस वर्षमा यसले प्रकाशनका क्षेत्रमा केकस्तो योगदान पुऱ्यायो भन्ने कुराको लेखाजोखा गर्ने उपयुक्त बेला यही हो र विगतका योगदानप्रति गौरव गर्दै भविष्यको सुखद यात्रा र उज्ज्वल गन्तव्यको निर्धारण गर्ने बेला पनि यही हो । नइद्वारा प्रकाशित कृतिहरूको सूचीतर्फ दृष्टि दिँदा यसले हालसम्म पौने दुई सयजति पुस्तकहरू प्रकाशित गरिसकेको देखिन्छ । यद्यपि पच्चिस वर्षका अन्तरालमा प्रकाशित पुस्तकहरूको यो सङ्ख्या सानै देखिएला तापनि यति पुस्तकहरू छाप्नका निम्ति लाग्ने लगानीको स्रोत जुटाउन त्यति सजिलो छैन । नइले आफ्नो वैयक्तिक जिन्दगीका

रहरहरू, मनोकामनाहरू यसैमा मिसाएकाले मात्र ज्ञान सम्प्रसारको यो सेवा आराधना सम्भव भएको हो ।

नइबाट आजसम्म प्रकाशित कृतिहरूलाई वर्गीकरण गरेर हेर्दा यसका योगदानका विविधतालाई अऊ वस्तुगत रूपमा निरूपण गर्न सकिन्छ । भाषिक दृष्टिले यस प्रकाशनले नेपाली, अङ्ग्रेजी, संस्कृत र हिन्दी भाषाका कृतिहरू प्रकाशित गरेको देखिन्छ । तीमध्ये अधिकांश नेपाली भाषाका कृतिहरू छन् भने केही अङ्ग्रेजी र संस्कृतका पनि छन् । हिन्दी भाषामा चाहिँ एउटै मात्र कृति प्रकाशित छ । यसै गरी नइले मौलिक तथा अनूदित दुवै प्रकृतिका कृतिहरू प्रकाशित गरेको छ भने सङ्ख्यात्मक दृष्टिले चाहिँ नइबाट मौलिक कृतिहरू नै बढी छापिएका छन् ।

नइबाट प्रकाशित कृतिलाई सिर्जना र अनुसन्धानका दृष्टिले हेर्दा सङ्ख्यात्मक रूपमा सिर्जनात्मक कृतिहरूकै बाहुल्य देखिन्छ । नेपाली साहित्यका सबैजसो विधाका पुराना र नयाँ दुवै पुस्ताका सिर्जनात्मक कृतिहरू नइबाट प्रकाशित छन् । अनुसन्धानात्मक कृतिहरूको सङ्ख्या तुलनात्मक रूपमा सानै भए पनि ऐतिहासिक मूल्य र गुणस्तरका दृष्टिले नइबाट महत्त्वपूर्ण विशद अनुसन्धानात्मक ग्रन्थहरू प्रकाशनमा आएका छन् । यसरी सिर्जनात्मक र अनुसन्धानात्मक दुवै थरी कृतिहरूको प्रकाशन गरेर नइ प्रकाशनले नेपाली वाङ्मयलाई थप समृद्ध बनाएको छ ।

प्रकाशनको विस्तार त छँदै छ, त्यसबाहेक गुणस्तरीय प्रकाशनमा समेत नइ प्रकाशनको विशेष जोड रहेको देखिन्छ । यहाँबाट छापिएका सबै पुस्तकहरू अत्यन्त आकर्षक पनि छन् । पुस्तकभित्र सामग्रीको रखाइ मात्र होइन, तिनका बाहिरी साजसज्जासमेत अत्यन्त चित्ताकर्षक छन् । त्यसै कारण नइबाट छापिएका पुस्तकहरूका गेटअप हेर्दैमा पढूँपढूँ लाग्ने खालका हुन्छन् । अक्षर थुपार्दैमा राम्रा लेख या पुस्तक नबनेजस्तै टाइप गरिएका

सामग्री थुपार्दैमा राम्रा पुस्तक बन्दैनन् । नइ प्रकाशन सिँगारपटार र साजसज्जाका साथ पुस्तक छाप्न क्रियाशील छ । त्यसैले पाठकहरू रुचिपूर्वक नइका पुस्तकहरू पढ्छन् र नपढ्नेहरूले पनि आफ्ना बुक र्‍याकमा नइका कृतिहरू सजाउँछन् । यसै गरी नइले आफ्ना प्रकाशनको भाषिक स्तरीयतामा पनि त्यतिकै ध्यान दिँदै आएको छ । यिनै विविध विशेषता, प्रतिबद्धता र लगानीका कारणबाट आज नइ प्रकाशन नेपाली सृजनशील समाजसमक्ष परिचित र प्रतिष्ठितसमेत बन्न पुगेको छ ।

नइ प्रकाशन तरुण वयमा आइपुग्यो तर यसका संस्थापक नरेन्द्र र इन्दिरा जिन्दगीका उत्तरार्द्ध यात्रामा छन् । अन्नपानीको शरीर थकाइ लाग्छ, विश्राम गर्न मन लाग्छ । सधैँ उही र उस्तै प्रकृतिको काम, स्रोत र साधन जुटाउनुपर्ने उत्तरदायित्व, कहिलेकाहीँ उनीहरूलाई दिक्क पनि लाग्दो हो । त्यसमाथि बेलाबखत राजनीतिक आग्रहपूर्वक गरिने घोचपेचका पीडाहरू पनि मनका अन्तरकुन्तरमा होलान् ! त्यसो त राजनीतिको अर्को कुनाबाट प्रतिवाद गर्न नरेन्द्र र इन्दिरा पनि कम छैनन् । जे होस्, यस प्रसङ्गमा मेरो एउटै मात्र अनुनय र अनुरोध के छ भने आफूभन्दा भिन्न मत राख्नेहरूका प्रति घृणा र तिरस्कारको आगो फुक्नुभन्दा आआफ्ना विचार र आस्थालाई यथावत् राखेर एकअर्काका सिर्जनात्मक कर्महरूलाई मानसम्मान गर्न सक्यौँ भने नेपाली भाषासाहित्यका क्षेत्रमा सबैले गच्छेअनुसार गरेका यावत् कर्महरूलाई वर्तमानले सम्मान गर्थ्यो र भविष्यले तिनका प्रति गौरव गर्थ्यो । तर विडम्बना ! नेपाली चेतनाको धरातल त्यो उचाइसम्म उक्लन अझै कति समय लाग्ने हो !

नइका स्वर्णकालसम्म हामीमध्ये कतिपय रहौँला, नरहौँला ! तर नरेन्द्र र इन्दिराले सुरु गरेको यो वाङ्मयसेवा र आराधना निरन्तर जारी रहोस् र यसका निम्ति नइलाई स्वस्थ, सफल एवं सिर्जनशील दीर्घजीवनको हार्दिक शुभकामना !

# भगवान्को वरदान
## खगेन्द्र गिरी कोपिला

**शैलेशैले न माणिक्यं चन्दनम् न वनेवने**
**साधवो न हि सर्वत्र मौक्तिकम् न गजेगजे ।**

पर्वतैपिच्छे मणिमाणिक्य पाइँदैनन्, वनैपिच्छे चन्दन पाइँदैनन् । सबै ठाउँमा सज्जन भेटिन्नन्, सबै हात्तीमा मोती हुँदैन । भूगोलका कुनैकुनै ठाउँ मात्रै हुन्छन् यस्ता भाग्यमानी जहाँ यी सबै कुरा पाइन्छन् । साहित्यको सन्दर्भसँग यस उक्तिलाई जोडेर हेर्दा यी सबै कुरा पाइने जोडी हो– नइ । नइ अर्थात् नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई ।



भगवान्ले कसैलाई प्रतिभा दिएको हुन्छ त कसैलाई विद्या दिएको हुन्छ । कसैलाई ज्ञान दिएको हुन्छ त कसैलाई ऊर्जा दिएको हुन्छ । कोही सिर्जनात्मक कलामा निपुण हन्छन् भने कोही सामाजिक सम्बन्धमा दक्ष हुन्छन् । कोही सिर्जनामा सिद्धहस्त हुन्छन् त कोही समीक्षामा पारङ्गत हुन्छन् । कोही भानुभक्त बनेर उदाउँछन् त कोही मोतीराम बनेर अवतरित हुन्छन् । कोही आफैँ अँध्यारोमा चम्किन्छन् त कोही अरूलाई चम्काउनपट्टि लाग्छन् । कोही आफैँ चिनिन्छन् त कोही अरूलाई चिनाउनपट्टि लाग्छन् । नइ अर्थात्

नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको जोडीसित भने यी सबै कुरा छन् । यो जोडी सबै कुरामा पारङ्गत छ, सबै कुरामा निपुण छ । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको जोडीले लेखेका, सिर्जना गरेका, सम्पादन गरेका र प्रकाशन गरेका साहित्यिक पुस्तकहरू अनगिन्ती भइसकेका छन् । तिनीहरूको सूची बनाउन उहाँहरूलाई पनि एकछिन गन्दै सम्झिनुपर्ने स्थिति भइसकेको छ । तैपनि नइको यात्रामा कुनै थकान देखिन्न । यसरी निरन्तरको सिर्जना कर्मले खार्दै, निखार्दै र तिखार्दै ल्याएको जोडी हो– नइ ।

साहित्य मूलत: आफ्नो अन्तर्मनको भावलाई प्रकट गर्ने कला हो । कुनै व्यक्तिले आफ्नो अन्तर्मनको भावलाई कलात्मक ढङ्गले अक्षरको माध्यमबाट पोख्यो भने त्यो साहित्य हुन्छ । त्यही साहित्यलाई पाठकको आँखासम्म पुग्ने वातावरण बनाइदिने व्यक्तिको पनि त्यति नै महत्त्व हुन्छ, जति त्यो भाव पोख्ने मान्छेको महत्त्व हुन्छ । मैले नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईलाई सबैभन्दा पहिले चिनेको विभिन्न व्यक्तिका छरिएर रहेका साहित्यिक उत्पादनहरूलाई पाठकको हातसम्म पुग्ने वातावरण बनाइदिने सद्भावीको रूपमा हो । समयको यस कालखण्डमा अरूका लागि यति उपकार गरिदिने व्यक्ति नेपाली साहित्यमा बिरलै भेटिएलान् । समयको यस कालखण्डमा त कोही अर्को छ होला जस्तो पनि लाग्दैन मलाई ।

मलाई अचम्म लाग्थ्यो, मेरा हातमा पुग्ने प्राय: प्रत्येक पुस्तकमा या त प्रकाशक, या त सम्पादक, या त संयोजक, या त सङ्कलक, या त समीक्षकको ठाउँमा नइ जोडीकै नाम हुन्थ्यो । नइ हुन त पतिपत्नीको संयुक्त नाम हो । तर यसको परिधि एउटा संस्था वा प्रतिष्ठानभन्दा पनि बढी भइसकेको छ । नइ प्रकाशनले सरकारी निकायले गर्ने कामभन्दा पनि ठूलाठूला काम गरेको छ, गरिरहेको छ । व्यापारिक प्रयोजनले स्थापना भएका पुस्तक प्रकाशनगृह त धेरै छन् तर विशुद्ध सेवाभावले स्थापना भएको साहित्यलाई टेवा दिने

संस्था नइ प्रकाशनभन्दा अर्को कोही छैन । नइ केवल एउटा प्रकाशनगृह मात्र होइन । नइ केवल साहित्यको संस्था मात्र होइन । नइलाई त्यति मात्रै भन्यो भने अन्याय हुन्छ । यो त एउटा यस्तो संस्था हो जसले साहित्यकारहरूलाई शीतल छहारी पनि दिन्छ र मञ्च पनि दिन्छ । नइको स्थिति सबैका भावना र विरह पोख्ने चौतारोजस्तो भएको छ । सबैलाई भेट गराउने धर्मशाला जस्तो पनि भएको छ । यो नवप्रतिभाहरूका लागि साहित्यको पाठशाला हो भने साहित्यमा रमाएकाहरूका लागि पुस्तकालय पनि हो ।

विचार, भेग, भाषा, सम्प्रदाय, जाति, रङ्ग र लिङ्गको घेरोभन्दा माथि उठेर काम गर्छ नइले । यो नै नइको विशेषता हो र विशिष्टता पनि हो । विचार र बानी मिलाएर बनेका झुन्डझुन्डमा विभक्त नेपाली समाजमा सबैलाई समेटेर केही गर्नु त्यति सजिलो छैन । केही गर्न खोज्नेहरू पनि विचार र बानीको झुन्डको घेरोभन्दा पर जान सक्दैनन् । तर नइ जोडी भने सबैलाई समेट्न दक्ष छ । समेट्ने मात्र होइन; सबैलाई आआफ्नै सोपानमा फल्ने, फुल्ने अवसर दिन्छ । साहित्यलाई जापानी फूलबारीजस्तै विविधतामय बनाउनमा छुट्टै योगदान दिएको छ नइले ।

मैले सुनेको छु, नइ जोडी राजावादी हुनुहुन्छ भनेर । गणतन्त्रप्रति उहाँको विमति छ भन्ने कुरा नरेन्द्रराज प्रसाईका अभिव्यक्तिबाट थाहा पाउने गरेको छु । हुन त यता नेपालगन्जमा पनि मान्छेहरू मलाई राजावादी भन्दछन् । गणतन्त्रप्रति मेरो विमति पनि उहाँहरूको जस्तै हो । नइजोडी सबै विचारका मानिससँग घुलमिल हुन, सहकार्य गर्न र समेट्न सक्नुहुन्छ । त्यस्तो कला र उदारता मसित छैन तर नइजोडीले राजतन्त्रमा आस्था राखे पनि गणतान्त्रिक मान्छेलाई घृणा गर्नुहुन्न । आफूलाई सताउने र दुत्कार्ने तन्त्रलाई पनि घृणा नगर्ने र सबैप्रति उदार व्यवहार गर्ने नइ जोडीको बानी देखेर म छक्क पर्छु । कसरी र कुन तत्त्वले यति उदार हुन सक्नुभयो होला उहाँहरू ?

मलाई आश्चर्य लाग्छ, नइ जोडीको सम्बन्ध घोरगणतन्त्रवादीहरूसँग पनि उत्तिकै प्रगाढ र प्रेमिल छ जति राजावादीहरूसँग छ । उहाँहरूले यस्तो उदारता र सबैसँग घुलमिल हुन सक्ने गुण कहाँबाट सिक्नुभएको होला । मलाई पनि त्यही पाठशालामा भर्ना भएर ती गुणहरू सिकेर आउने रहर छ । तर यस्ता गुणहरू कतैबाट सिकेर आउने कुरा हैनन् । यी त मानवका नैसर्गिक गुण हुन् । जन्मैदेखि विकास भएका स्वभाव हुन् । मान्छे उदार वा अनुदार हुने भनेको उसैको प्राकृतिक गुणले हो ।

साहित्यमा केही गरौँ भने यहाँ खुट्टा तान्ने र कुरा काट्ने चलन छ । नइ जोडीका पनि कुरा काट्नेहरू नभएका हैनन् । तर खुट्टा तान्ने र कुरा काट्नेहरूले नइ जोडीको केही बिगार्न सकेका छैनन् र सक्दैनन् पनि । 'कुकुर भुकिरहन्छ, हात्ती लम्किरहन्छ' भन्ने उखान चरितार्थ छ नइ जोडीमा । वास्तवमा आफू केही गर्न नसक्नेले नै केही गर्नेकै कुरा काट्ने हुन् । नइ जोडीको निरन्तरको सक्रियता, उदारमना र सबैलाई समेट्ने चरित्र नै उहाँको उत्तर हो र उहाँको परिचय हो ।

मैले सुनेको थिएँ– २०४८ सालको 'युवावर्ष मोती पुरस्कार' नरेन्द्रराज प्रसाई र अर्का एक जना साहित्यकारलाई संयुक्त रूपमा दिइँदा ती साहित्यकारले 'मलाई नरेन्द्रराज प्रसाईजस्तो राजावादीसँग किन संयुक्त रूपमा पुरस्कार दिएको ? म लिन्न' भनेर बहिष्कार गरेका थिए रे ! मानवसमाज र साहित्यको संसारमा नहुनुपर्ने र नसुहाउने त्यस्तो सङ्कुचित व्यवहार अर्का व्यक्तिले देखाउँदा पनि नरेन्द्रराज प्रसाईले भने त्यो पुरस्कार सहर्ष स्वीकार गर्नुभएको थियो । आफूप्रति घृणाको व्यवहार गर्ने अर्को साहित्यकारप्रति उहाँले कहिल्यै पनि कुनै प्रकारको घृणाको व्यवहार प्रकट गरेको देखिएन । यो घटनामा कसैकसैले त ती अपमानजनक व्यवहार देखाउने ती साहित्यकारलाई निकै बहादुरी गऱ्यौ भनेर हाईहाई र प्रशंसा पनि

गरेका थिए । मेरो दृष्टिमा भने नरेन्द्रराज प्रसाई झन् अग्लो देखिनुभएको थियो । आफूप्रति कसैले गरेको घृणाको व्यवहारलाई वास्ता नगरेर बस्न र पचाउन सानो मन भएको मान्छेले सक्दैन । म पनि राजावादी भएको कारणले नइ जोडीप्रति केही अपनत्वको भाव होला तर उहाँलाई मैले हृदयदेखि नै सम्मान गर्नु भनेको उहाँका यस्तै उदार व्यवहार हुन् । साढे तीन दशकपछि अहिले यी दुवै पुरस्कृतहरूलाई दाँजेर हेर्दा नरेन्द्रराज प्रसाईले नेपाली साहित्यका लागि पुऱ्याएको योगदानको अगाडि ती अर्का ईर्ष्यालु साहित्यकारको योगदान रौँबरावर पनि देखिएको छैन । घृणा र आरिस गर्नेहरू मरीचजस्तै सुक्दै जान्छन् र उदारहरू झाँगिँदै जान्छन् भन्ने कुराको यो सटिक उदाहरण हो ।

कुरा काट्नेहरूले भन्छन्, नइले साहित्यको नाममा सरकारी रकमको दोहन गर्छ । धनीमानीहरूबाट पैसा लिएर आफ्नो नाम चम्काउँछ । वास्तवमा यी आरोपहरू कुनै सडक चौराहामा उभिएर चिच्च्याउने व्यक्तिको कुरामा ध्यान नदिएजस्तै गरी सुनेर पनि नसुनेजस्तै गर्नुपर्ने फाल्तु कुरा हुन् । आफूले केही गर्न नसक्ने तर केही गर्ने मान्छेलाई हतोत्साहित पार्ने चरित्रको द्योतक हो यस्तो प्रवृत्ति । नेपाली साहित्यको उन्नयनका निम्ति नइले गरेका कार्यहरू ती कुरा काट्नेहरूले गरेका भन्दा धेरै महान् र उल्लेखनीय छन् । साहित्यको क्षेत्र अनुत्पादक भएको स्थितिमा साहित्यलाई टेवा पुऱ्याउने गरी विभिन्न क्षेत्रबाट सहयोग जुटाउनु आफैँमा एउटा महान् कार्य हो । विभिन्न धनाढ्य परिवारलाई साहित्यको संवर्धनका निम्ति सहयोग गर्न अभिप्रेरित गर्नु नइ जोडीको उल्लेखनीय कार्य हो । त्रिमूर्ति निकेतनजस्तो साहित्यको तीर्थस्थलको निर्माण र वानीरा फाउन्डेसनजस्तो काव्यशालाको स्थापनामा नइले दिएको योगदान नै पर्याप्त छ नइको योगदानलाई अनुभव गर्नका निम्ति ।

नइ जोडीले मान्छेलाई चिन्छन् । मान्छेको प्रतिभाको उद्बोधन गर्न यो जोडी सक्षम छ । सम्मान दिनेलाई यथोचित सम्मान दिन पनि

जानेको छ यस जोडीले । मैले सुनेको छु, माधवप्रसाद घिमिरेलाई राष्ट्रकवि घोषित गराउन र सत्यमोहन जोशीलाई शताब्दी पुरुष भनाउनमा पनि नइ जोडीकै योगदान छ, अग्रसरता छ । आफैँलाई मात्र अघि सार्ने र आफ्नै मात्र पक्षपोषण गर्ने यस युगमा अरूलाई शिखरमा पुऱ्याउन र आफूलाई ओझेलमा पारेर अरूलाई अमर बनाउन त ठूलै छाती चाहिन्छ । नइको मन मात्र होइन छाती पनि ठूलै छ ।

आजको प्रदर्शनमुखी र स्वप्रशंसामा लिप्त हुने युगमा नइ जोडीबाट धेरै कुरा सिक्न सकिन्छ । मैले आजसम्म नइजोडीसँग प्रत्यक्ष रूपमा साक्षात्कार गर्ने अवसर पाएको त छैन । तर सुनेको, पढेको र बुझेको आधारमा म उहाँहरूको प्रशंसक हुँ । अप्रत्यक्ष रूपमै भए पनि म उहाँहरूबाट प्रेरणा लिइरहन्छु । प्रतिकूल परिस्थितिमा पनि कसरी उभिने त्यो नइबाट सिकेको छु मैले । काँडैकाँडाको माझ उभिएर पनि कसरी हाँस्ने ? त्यो पनि मैले नइबाट प्रेरणा लिएको छु । एकलव्यले वनमा बसेर द्रोणाचार्यलाई मौन गुरु मान्दै शिक्षा लिएजस्तो म पनि नेपालगन्जमा बसेर नइ जोडीबाट हाँस्ने र बाँच्ने प्रेरणा लिइरहेको छु ।

समयको यो कालखण्ड निकै जटिल छ । निकै त्रासदीपूर्ण र चुनौती नै चुनौतीले भरिएको छ । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईजस्ता साहित्यमा विचारभन्दा हृदयलाई फुलाउन खोज्ने सद्भावीहरू हुँदैन थिए भने यो संसारजस्तै साहित्यको संसार पनि कति निरस हुन्थ्यो होला ! साहित्यलाई मीठो र हराभरा बनाउने भनेकै नइजस्तै सद्भावी व्यक्ति र संस्थाले हो । मान्छेलाई निराश र हतोत्साहित पार्ने अहिलेको समय कस्तो छ भनेर त एक जना उर्दू कविले लेखेकै छन्–


**चश्मदीद अन्धा बना, बहरा सुने दलील**
**झूठोंका है दबदबा, सच्चे हुए जलील**

'प्रत्यक्षदर्शी नेत्रहीन बन्यो र कान नसुन्नेले तर्क सुन्न थाल्यो । झूटाहरूकै दबदबा भयो, सत्यवादीहरू अपमानित भए ।'

# बृहत् कार्यको ठोस इतिहास

**खगेन्द्रराज सिटौला**

नइ भन्नेबित्तिकै नेपाली साहित्यमा रुचि राख्ने सबैलाई के थाहा छ भने यो नेपाली साहित्यको एउटा विश्वासिलो थलो हो । नइ प्रकाशनको गतिविधि हेर्दै जाँदा के देखिँदै छ भने नेपाली वाङ्मयको यो एउटा तीर्थस्थल हो । आफ्नो नाम र कामलाई सार्थक बनाउन मात्र होइन; साहित्य, सिर्जना, स्रष्टा, दाता, पाठक



र सञ्चारसमेतलाई एकै ठाउँमा जोडेर नेपाली वाङ्मयलाई नयाँ उचाइमा लाने सार्थक संस्थाको कल्पना, स्थापना, सञ्चालन र विकास गर्नका निम्ति नइ प्रकाशन स्थापना भएको हो भनेर सजिलै बुझ्न सकिन्छ । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई दुवै स्थापित र प्रतिष्ठित साहित्यकारका नाममा स्थापित नइ प्रकाशन गैरराजनीतिक संस्था हो । तर नेपालमा अरू जति साहित्यिक संस्था छन् ती प्राय: राजनीतिमा मुछिएका छन् । त्यसो हुनाले तिनीहरूको काम पनि 'काम कुरा एकातिर कुम्लो बोकी ठिमीतिर' भएको हो । त्यसैले पनि नइको पल्ला भारी भएको हो किनभने नइ आफ्नो उद्देश्यविपरीत कहिले कतै चटपटाएन ।

नइ प्रकाशनले किताप प्रकाशित गर्छ, अनेक लेखकलाई संस्थासँग जोड्छ, अनेक मनकारी दाता खोजेर धर्म, संस्कृति, कला, साहित्य, विज्ञान, समाजसेवा आदि सेवामा लाग्नेहरूका लागि पुरस्कार स्थापना गर्छ । नइले राजनीतिक भागबन्डा वा विविध किसिमका कोटाबाट नभई योग्यताबाट निष्पक्ष मूल्याङ्कन गर्छ, छनोट गर्छ र देशी र विदेशीलाई वार्षिक पुरस्कृत गर्छ । यस्ता कार्यक्रम नइले पच्चिसौँ वर्षदेखि गर्दै आइरहेको छ । नइले भव्य, व्यवस्थित, अनुशासित र मर्यादित समारोह गर्ने गर्छ । सभासमारोह, कार्यक्रम कसरी चलाउने र पुरस्कार, सम्मान, उपाधि र पदकहरू ककसलाई, केकसरी र किन प्रदान गरिन्छ भन्ने कुरा नइ धेरैका लागि विश्वविद्यालय बनेको छ । नइले समयको कसरी सदुपयोग गर्नुपर्छ भनेर आफ्ना समारोहहरूले सबैलाई पाठ सिकाइरहेको हुन्छ । नइले चलाएका कार्यक्रममा उपस्थितमध्ये कसैले पटचार र दिक्क मान्नु पर्दैन । नइ जोडी मिलेर एक घण्टाको कार्यक्रम गरे पनि र आठआठघण्टे पाँचदिने सम्मेलन गरे पनि नइका हरेक कार्यक्रममा प्रत्येक सहभागीले आफ्नो उपस्थितिलाई गौरव मान्ने गरेका हुन्छन् । नइका निम्तारुहरू प्राय: हरेक सभासम्मेलनमा उच्चकोटिको जलपान या भोजन गरी नि:शुल्कस्वरूप झोलाझोलामा पुस्तक उपहार लिएर फर्कन्छन् । यदि कोही नइको कार्यक्रममा विगत पच्चिस वर्षदेखि नियमित सहभागी भएको छ भने उसको घरमा एउटा सानो नइ पुस्तकालय बनिसकेको छ । काम गरेर नै नइ प्रकाशन एउटा गरिमाले अग्लिएको संस्था भएको हो । नइ हाम्रो नेपाल राष्ट्रकै अचम्म र आश्चर्यको बडेमाको प्राज्ञिक संस्था हो । राष्ट्रकवि माधव घिमिरेले नइ संस्था र नइदम्पतीलाई 'चमत्कारी' संज्ञा दिएका थिए । वास्तवमा नइ चमत्कार नै हो ।

यसका संस्थापकद्वयले नै पनि गहकिला साहित्यका सिर्जना गरिरहेका हुन्छन् । नइका संस्थापक नरेन्द्रराज प्रसाईलाई अब्बल

कोटिका साहित्यकार मानिन्छ भने विशेष गरी नेपाली जीवनी साहित्यलेखनका जीवनीसम्राट् भनिन्छ । नेपाली जीवनी साहित्य सिर्जनामा नरेन्द्रराज प्रसाईले जति गुणस्तरीय तथा सङ्ख्यामा पनि कसैले कृति लेखेका छैनन् । धेरै राष्ट्रिय महत्त्वका व्यक्तित्वका जीवनी लेखेर उनी प्रसिद्धिको शिखर पुगेका छन् । लेखक नरेन्द्रराज प्रसाई र संस्था नइ प्रकाशनको नेपाली साहित्यका लागि ठूलै उपहार भएको छ । राजनीतिक रूपमा नरेन्द्रराज प्रसाई राजतन्त्र पक्षधर भए पनि साहित्यमा उनी सबै पक्षधरका बराबरी देखिन्छन् । नइले स्थापित गरेको राजनीति मुक्त साहित्यको यो तथ्य आदर्श पनि हो । नइमा राजनीति, भनसुन र पक्षपातको कुनै गुञ्जायस छैन ।

नइका अर्का संस्थापक इन्दिरा प्रसाई आफैँमा बहुक्षमताकी स्तरीय स्थापित साहित्यकार हुन् । साहित्यका सबै क्षेत्रमा इन्दिरा प्रसाईका स्तरीय कृतिहरूले नेपाली वाङ्मयलाई धनी बनाएका छन् । साहित्यमा सिद्धहस्त मानिएकी इन्दिरा प्रसाई र नइ संस्था नेपाली साहित्यका लागि ठूलै सम्पत्ति हुन पुगेका छन् ।

नइले धेरै हराएका, पछि परेका र विविध प्रपञ्चबाट दबाइएका प्रतिभालाई सम्मानका साथ देखिने ठाउँ र उच्च स्थानमा उभ्याएको छ । नइले नेपाली साहित्यका लागि ऐतिहासिक महत्त्वका धेरै पुस्तक प्रकाशित गरेर नेपाली साहित्यलाई ठूलै गुन लगाएको छ । नइ अरूलाई स्थापित गरेर आफू स्थापित भएको संस्था हो । त्यसरी नै नइ अरूलाई सम्मान गरेर सम्मानित भएको संस्था हो । विगत पच्चिस वर्षमा नइ प्रकाशनले देशविदेशका धेरै लेखक, साहित्यकार, कलाकार आदिलाई विभिन्न नाममा राखिएका पुरस्कारबाट सम्मानित गरेको छ । कुनै पनि संस्थालाई एउटा या दुइटा पुरस्कार प्रदान गर्दा महाभारत हुन सक्छ, तिनीहरूमाथि थेग्नै नसकिने खालका विवाद पनि आएका हुन्छन् तर नइले हरसाल कम्तीमा पनि दुई दर्जन पुरस्कार प्रदान गरेका अवस्थामा पनि कहिले विवादको लेशमा

देखिएन, बरु दिनप्रतिदिन सम्मानित दृष्टिबाट उठेको छ । नइ प्रकाशनको रजत वर्षका अवसरमा नइका पदक, उपाधि र पुरस्कार गरेर झन्नै पाँच सय जनालाई प्रदान गरिएको थियो । एक जनालाई उपाधि, उपस्थित प्राय: सबैका छातीमा पदक, चार दर्जनका हातमा नगदसहितको पुरस्कार बोकेको देख्ने आँखा मेरा पनि थिए । एउटै समारोहमा तीन वर्षका बालकलाई पाँच हजार रुपियाँको 'चिचिला पुरस्कार'देखि पच्चिस हजार, पचास हजार र लाखलाख रुपियाँका व्यक्तिअनुसारका पुरस्कारका साथै एक जना प्राज्ञलाई महासमालोचकको उपाधिसहित पाँच लाख रुपियाँ प्रदान गरिएको घटना नेपालमा कहिल्यै भएकै थिएन र यस्तो काम अन्त कतैबाट हुन्छ भन्ने पनि छैन । त्यसैले शताब्दी पुरुष सत्यमोहन जोशीले नइ प्रकाशनको समारोहमा 'नइका काम न भुतो न भविष्यति' भनेका थिए । एक सय तीन वर्षीय जोशीले भाग लिएको औपचारिक समारोह पनि सायद त्यही अन्तिम थियो ।

नइले धेरैभन्दा धेरैको विश्वास जितेको छ । विश्वास जितेर नै विश्व नेपाली साहित्यमा नइको उपस्थिति रहेको छ । अनेक व्यक्तिले विश्वास गरेको निजी क्षेत्रको संस्था एउटै नइ प्रकाशन मात्रै हो । नइले यो क्षेत्रमा विश्वास मात्रै जितेको छैन, इतिहास पनि रचेको छ । एउटै संस्थाबाट यति धेरै पुरस्कार र कोषको संयोजन नइबाहेक कुनै पनि संस्थाले गरेकै छैनन् । यो पच्चिस वर्षमा नइले जति पुरस्कार प्रदान गरेको छ, ती कुनैमा एउटा पनि विवाद नहुनु नइको आफैँमा निष्पक्षताको इतिहास हो । दूधको दूध र पानीको पानी छुट्टयाएर नइले सधैँ आफ्नो यात्रा जारी राखेको छ । नइ प्रकाशन, त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसनभित्र नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई मात्र छैनन्, यसभित्र नेपाली वाङ्मयको नयाँ र प्रेरक इतिहास छ । साथै यो इतिहास नेपाली संसारमा श्रद्धाका साथ सधैँ रहिरहनेछ ।

कविशिरोमणि लेखनाथ पौडयाल, नाटयसम्राट् बालकृष्ण सम तथा महाकवि लक्ष्मीप्रसाद देवकोटाका सम्मान र स्मृतिमा त्रिमूर्ति सालिक खडा गरेर इतिहास रच्न नइले राज्यबाट स्थापित वाङ्मयिक संस्थालाई जितेको छ । यस्ता किसिमको कार्यका लागि नइको जति प्रशंसा गरे पनि थोरै हुन्छ । नइ नभए न राष्ट्रकवि बन्थे, न शताब्दी पुरुष हुन्थे । वानीरा गिरीको साहित्यिक मर्यादा बचाउने तथा वासुदेव त्रिपाठीको सिर्जनात्मक उचाइ मापन गर्ने हत्केला केवल नइसँग मात्रै छ । सबैप्रति बराबरी न्याय गरेर नइ नेपाली साहित्यका लागि तीर्थ भएको छ । नइ श्रद्धालु दानवीरहरूका लागि भेटी चढाउने मन्दिर भएको छ । ब्रह्मले देखेको निर्णय गरेर नइले नइ मन्दिरबाट नियमित रूपमा प्रसाद वितरण गरिरहेको छ ।

# साहित्यका दूत

## गङ्गा कर्माचार्य पौडेल

साहित्यिक यात्राको उकाली ओरालीमा आज म कहाँनेर छु भनेर किटान गर्न नसकुँला । तर पनि हिँड्दाहिँड्दैको गन्तव्यविहीन मेरा पाइलाहरू मोडिएर अर्कै बाटोतिर लाग्दा एउटा ठूलो दलदलमा परेर त्यसमै फसिरहेकी थिएँ । त्यहाँबाट उम्किन चाहन्थेँ तर कसरी ? नफस्नु फसिसकेपछि त्यति सजिलो कहाँ थियो र कसैको दरिलो सहयोगबिना बाहिर निस्कन । त्यही बेला नइ जोडीले मेरो हात चपक्क समातेर तानी दलदलबाट बाहिर निकालेको गुन बिर्सेकी छैन र यो गुन म कहिल्यै बिर्सने पनि छैन ।



कुरा २०६३ साल जेठ २ गतेको हो । हामी बूढाबूढी चित्रकला प्रदर्शनी हेर्न आर्ट काउन्सिल बबरमहल पुगेका थियौँ । त्यहाँ नइ प्रकाशनको आयोजनामा नरेन्द्रराज प्रसाईले लेखेको 'नारीचुली' पुस्तकको विमोचन समारोह पनि रहेछ । त्यस दिन त्यहीँ हाम्रो परिचय भयो नइ जोडीसँग । नेपाली भाषासाहित्यमा कलम चलाएर एउटा मात्र कृति प्रकाशन गरेका सबै नारी साहित्यकारलाई समेटिएको थियो 'नारीचुली'मा तर २०३३ सालमा 'गङ्गाका केही छालहरू' शीर्षकको कवितासङ्ग्रह

प्रकाशित गरिसकेकी मेरो नाम पुस्तकमा पाइनँ । मैले उहाँहरूसँग तत्कालै गुनासो गरेँ । उहाँहरूलाई थाहा नहुनाले छुट्न गएको र आगामी कार्यक्रममा निम्ता गर्ने, तुरुन्त प्रकाशित हुन लागेको नारी साहित्यकार परिचयकोशमा मलाई समेट्ने आश्वासन दिनुभयो ।

घर गएपछि मैले बडो गम्भीर भएर सोचेँ– 'देशविदेशका कुनाकाप्चा जहाँ बसेका भए पनि नेपाली भाषासाहित्यमा कलम चलाउने नारीहरूलाई नइले खोजीखोजी पुस्तकमा समेटेको रहेछ । मचाहिँ यहीँ काठमाडौँमै भएर पनि साहित्यिक फाँटबाट लापत्ता भएकोमा भित्रभित्रै पिरोलिन थालेँ । नइले पनि भेट्टाउन नसक्ने गरी कता हराएकी थिइस् ?' भनेर आफूले आफैँलाई बारम्बार प्रश्न गरेँ ।

नइ जोडीसँग भेट भएपछि उहाँहरू एक दिन मेरै घरैमा आउनुभयो । अर्को दिन म मेरो श्रीमान्सँगै नइनिवास गएकी थिएँ । नरेन्द्रराज प्रसाईले आफ्नी ममतामयी आमासँग हाम्रो परिचय गराउनुभयो । आमालाई देख्दा मलाई मेरो आमाको झझल्को लाग्यो । पातलो जीउडाल, अलि भित्र गडेका चम्किला आँखा, मीठो बोलीबचन, स्नेहपूर्ण व्यवहार पाएर म पुलकित भएँ । उहाँका लागि हामी पहिलो पटक देखेको नौलो मान्छे भए पनि नौलो जस्तो मान्नु भएन । पहिलेदेखि चिनजान भएको मान्छेसँग जस्तो भलाकुसारी गर्नुभयो । उहाँले पहाडमा छँदाको आफ्नो कथाव्यथा हामीलाई सुनाउनुभयो । आमाको त्यो सङ्घर्षको कथाबाट मलाई पनि थप प्रेरणा मिल्यो । जीवनमा मिहेनत, परिश्रम, इमानदारिता सबैभन्दा ठूलो कुरो रहेछ भन्ने शिक्षा पाएँ । त्यसपछि म आमाबाट निकै प्रभावित भएकी थिएँ । इन्दिरा प्रसाईले त झन् आफ्नै हातले बनाएको मीठो चिया खुवाउनुहुँदा विनम्रता, शालीनता र आत्मीयताको नमुना लागेको थियो मलाई । त्यो बेलादेखि नइ जोडीसँग एक प्रकारको आत्मीय

नाता जोडिएको अनुभूत भयो मलाई । किनभने उमेरले म नइ जोडीभन्दा जेठी भए पनि साहित्यिक अध्ययन, लेखन, ज्ञान, बुद्धि, मान, प्रतिष्ठाले म उहाँहरूभन्दा धेरै गुणा कान्छी भएको महसुस गरेँ । मजस्तो अतिथि उहाँको निवासमा कति आउँछन् कति । त्यसैले नइ जोडी साहित्यलेखनमा मात्र नभई जीवन जिउने कलामा पनि उतिकै अब्बल भएको पाएँ । आखिर 'फलेको हाँगो नझुकेको कहाँ छ र ?' नइ प्रकाशनका साहित्यका थुप्रै पुस्तकहरू अध्ययनका लागि हामीले निःशुल्क पायौँ । त्यसपछिका दिनमा नइ प्रकाशनले आयोजना गरेका हरेक कार्यक्रममा निम्ता आउन थाल्यो ।

नइ प्रकाशनको साहित्यिक कार्यक्रममा जाँदा त्यहाँ धेरै साहित्यकारहरूसँग परिचयको अवसर मिल्यो । त्यसले गर्दा ममा नयाँ ऊर्जा थपिँदै गयो र लेखनमा पनि सक्रियता बढ्दै गयो । अझ २०७१ साल जेठ १५ गते विश्वनारी नेपाली साहित्य सम्मेलनका बेला मलाई पनि पदक र प्रशस्तिपत्र प्रदान गरिँदा म अत्यन्तै हर्षित भएकी थिएँ । तापनि मेरो मनमा लाग्यो मैले नेपाली भाषासाहित्यमा योगदान पुऱ्याएर यो सम्मान दिइएको होइन किनभने मैले साहित्यमा त्यस्तो उल्लेखनीय कार्य गरेको छैन । यो त 'अब कलम बिसाउन पाउनुहुन्न है गङ्गा दिदी ! लेख्नू, खुब लेख्नू । साहित्यका राम्राराम्रा कृर्तिहरू प्रकाशित गर्नू र नेपाली भाषासाहित्यको समृद्धिमा योगदान पुऱ्याउनू' भनेर प्रदान गरिएको हो भन्ने लाग्यो मलाई । त्यसै गरी त्रिमूर्ति निकेतनको संयोजकत्वमा नेपाल संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट २०७१ असार २९ गते भानुभक्त स्वर्णपदक, २०७३ मङ्सिर १ गते सत्यमोहन जोशी पदक प्रदान गरिँदा मैले नेपाली भाषासाहित्यमा अझ केही गर्नुपर्छ भन्ने लाग्यो र खूब मिहेनत गर्न थालेँ । साहित्यिक कार्यक्रममा नछुटाई सहभागी हुने, लेखनको साथसाथै साहित्यिक पत्रकारितामा पनि सक्रिय हुन थालेँ ।

नइ प्रकाशनबाट नेपाली भाषासाहित्यको क्षेत्रमा भएका कार्यको कुनै लेखाजोखा छैन । स्थापनाकालदेखि पच्चिसौँ वर्ष अर्थात् रजत महोत्सवसम्म मनाउँदा अहिलेसम्म कसैले नगरेका काम नइले नै गरेको पाइएको छ । अहिलेका मानिसहरूमा आफैँ खाऊँ, आफैँ लाऊँ, आफू मात्रै अगाडि बढौँ भन्ने स्वार्थी भावना हाबी भएको यो वर्तमान अवस्थामा नइ प्रकाशन र नइ जोडी भने अरूलाई माथि उठाउने, रातदिन साहित्यमा खटेर काम गर्ने, स्रष्टाहरूलाई पुरस्कृत गरेर उनीहरूको मनोबल बढाउने कार्य गरिरहेको पाइएको छ । नइलाई त मोतीराम भनूँ कि ? नेपाली भाषासाहित्यको उन्नयनकर्ता भनूँ कि ? भगवान्ले नै नेपाली भाषासाहित्यको सेवा गर्न खटाएका दूत भनूँ ? कुनै खास उपयुक्त शब्द पाइरहेकी छैन मैले यति बेला । यस्तो सुकर्ममा नइ जोडीको मन सदा लागिरहोस् । नइ जोडीको हात कहिल्यै नथाकोस् हार्दिक शुभकामना !

२०७९ साल साउन ५ गते नइ प्रकाशनको पच्चिसौँ वार्षिक उत्सव अर्थात् नइ रजत महोत्सव । मन यसैयसै फुरफुर भइरहको थियो । केही दिनअगाडि नै इन्दिरा प्रसाईले फोन गरेर निम्ता गर्नुभएदेखि नै यस दिनको प्रतीक्षामा थिएँ म । सोही दिन ‘कपन बानेश्वर’ राष्ट्रिय साप्ताहिकको पनि कार्यक्रम भएकाले त्यहाँ आफ्नो भूमिका छिटोछिटो सकेर म कार्यक्रमस्थल आम्रपाली बैङ्क्वेट, भाटभटेनीमा पुगेँ । ढोकैमा नइ जोडीको हातबाट नइ रजत महोत्सव पदक र प्रशस्तिपत्रबाट विभूषित हुन पाउँदा गौरवान्वित भएकी थिएँ । त्यस स्वर्णिम पलमा नेपाली भाषासाहित्यप्रति आफूमाथि अझै जिम्मेवारी थपिएको महसुस भयो भने नइ जोडीप्रति ऋणी भएको अनुभूति भयो किनभने नइ प्रकाशनका लागि मैले कुनै ठोस कार्य गर्न सकेकी छैन, न त नइ जोडीका लागि मैले केही गर्न सकेकी छु । मैले त नइबाट लिएकी मात्र छु, दिएकी छैन । मेरा लागि

उहाँहरूले धेरै गर्नुभयो । यदि नइ जोडीले मलाई साहित्यलेखनमा प्रेरित नगरेको भए म अहिले पनि गृहस्थी दलदलबाट बाहिर निस्कन सकेकी हुने थिइनँ । आज मलाई नइ रजत महोत्सव पदक योग्य ठहर गरी विभूषितसमेत गरिएकोमा कर्मवीर नइ जोडीप्रति हार्दिक आभार व्यक्त गर्नुको साथै नइको सदा कुशल, मङ्गल चाहन्छु । नइ प्रकाशनको जय होस् ।

# विशिष्ट सिँढी

## गङ्गा लिगल

नइ प्रकाशन एउटा यस्तो मूल मन्त्रपूर्ण संस्था या थलो बन्न पुगेको छ जसले विश्व व्यापकतालाई आफूभित्र ओगट्न सफल भएको छ । नहुनु पनि कसरी र ! दिन के, रात के, नइ जोडी यसैमा तल्लीन छन्; साहित्यको गरिमा बोकेर संसारसमक्ष चकाचौध पार्न । यसलाई



भनिन्छ सफलताको महत्त्वपूर्ण कडी । जन्मदेखिको बल र बुद्धिलाई आफूभित्र प्रवेश गराएर निरन्तर, अविच्छिन्न छहराको लहराझैँ समर्पित हुनु भनेको एउटा दैवी शक्तिलाई आफूभित्रबाट उजागर गर्नु हो र यो सानो कुरो होइन । नइ जोडीले नेपाली वाङ्मयको श्रीवृद्धिका लागि गरेको यो योगदान अवर्णनीय, अविस्मरणीय र ज्वलन्त उदाहरण बन्न पुगेको छ ।

नइ प्रकाशननामक सांस्कृतिक संस्थाको स्थापना गरिएको प्रशस्ति हामीले प्राप्त गरेका छौँ । जसले प्रत्येक मानवहृदयलाई प्रगतिको प्रज्वल आभास दिन छोडेको छैन । नइले इतिहासको व्यापकतालाई प्रशस्त र खुल्ला रूपमा प्रस्टचाएको छ ।

नइलाई साझा चौतारीको रूप दिइएको छ । नेपाली परिवेशमा भाषाको अर्चना गर्ने भाषासेवीहरूले अनन्त हृदयाकाशबाट नइलाई

अर्चना गरेको तथ्यबाट हामी सबै जानिफकार छौँ । नइले ज्ञानको प्रबल ज्योतिपुञ्जको दियो सल्काउने ऐतिहासिक काम गरेको छ । प्रबल र प्रत्यक्षदर्शीको रूपमा आफूलाई दर्साउनु भनेको आकाशको फललाई टिप्न सक्ने व्यापकता, स्वच्छन्दता, सौहार्दता, स्नेह र सम्पूर्णमा यी अवर्णनीय कुराहरूको जल सेचन गर्न अग्रसर, अग्रणी भूमिका निभाउन खोज्नु हो । समुद्रलाई स्थिर गराई आफूले मापन गर्न सक्ने खुबीको मसमेत प्रत्यक्षदर्शी बनैं भन्नुमा केही अत्युक्ति नहोला ।

हामी भाषासेवी र लेखक, साहित्यकारहरू नइको छत्रछायामा रमेर बस्न पाउनु हाम्रो भाग्य होइन र ? नइ आफ्नै पथमा अनन्य कृत्य बोकेर झलमल्ल छ । ज्ञानको वृद्धि गराउने जागरण लिएर अग्रसर भएका नइलाई हामी कुन कुरा र कुन भाषामा कृतज्ञता दिन र अभिषेक गर्न सक्छौँ ? नइ प्रकाशनको कार्यले आज हामी कैयौँ स्रष्टाका मनमा नयाँ आशा र जागरण पलाएको छ ।

नइ प्रकाशनको कार्यढाँचाबाट म आफैँ पनि अत्यन्त उत्साहित बनेकी छु । यसरी सबैको हृदयमा रहेको सुषुप्त भावनालाई जागरण दिने क्षमता सायद सरस्वती माताले नै दिएकी हुन् नइलाई । यो गैरराजनैतिक संस्थाको पच्चिस वर्षको गतिविधि हेर्दा विविध हस्तक्षेप, कुकर्म, कुभावनाको नइ विपरीत छ । राग, द्वेष, ईर्ष्याजस्ता नकारात्मक सोच भावनाहरू कोसौँकोस टाढा रहेर निष्कलङ्क, निष्कपट, निर्जल भावना बोकेर सौहार्दतालाई स्नेह, त्याग, बलिदानजस्ता विशुद्ध भावनालाई आफूभित्र प्रवेश गराई जनसमक्ष उदात्त भई पस्कन सदा तत्पर छ नइ । यसको हामी प्रत्यक्षदर्शी छौँ । यसमा विशुद्ध भाषाप्रेम, सांस्कृतिक, सामाजिक मूल्य र उच्च मान्यता मात्र मैले देखेकी छु । त्यसैले नइ प्रकाशन विश्वमै एक उदाहरणीय नेपाली संस्था बन्न पुगेको छ । एउटा आदर्शमय संस्थाको रूपमा यसले अग्रणी भूमिका निभाइरहेको छ । कार्य

गराइमा सफल भई नेपाल राष्ट्रको निधिको रूपमा नइ प्रकाशन स्थापित भएको छ ।

नइ प्रकाशनले आफूलाई 'वसुधैव कुटुम्बकम्'मा समाहित गरेर विश्व नै सामूहिक परिवार हो भन्ने मान्यता दिने क्षमता बोकेको छ । यो संस्था शुद्ध नेपाली मौलिक चिन्तनबाट जन्मेको हुँदा जनभावनामा छिट्टै उत्तीर्ण भएको पनि हो । यस्तो निर्जल, उदात्त, स्वच्छ हृदयबाट उब्जेको संस्थाले सदा व्यापकता र सार्थकता प्राप्त गर्न सक्छ ।

प्रतिभाशाली व्यक्तित्वहरूमा आफ्नो उदारता पोखेर नइले अनुकरणीय काम गरेको छ । संसारमा नि:स्वार्थ रूपमा काम गर्ने मान्छे र संस्था कमै पाइन्छन् । खास गरेर अहिलेको नेपालमा प्राय: कमिसनबिना कुनै पनि काम हुन्छ भन्नु मूर्खता हुन जान्छ । तर चाकरी, चापलुसी, सोर्सफोर्स, कमिसनबाट नइ टाढा छ । यो भनेको नइको अर्को मुख्य विशेषता पनि हो । यसैमा नइ आनन्दानुभूतिमा हिँडेको पाइन्छ । नइको हृदय सक्षम ढुकढुकीको क्यानभास हो । यो भावना छताछुल्ल पारेर विश्वभरि पोख्न चाहन्छ नइ । त्यसैले नइको प्रत्येक आवाज आज ब्रह्म ज्ञानजस्तै भएको छ । जसको हृदयाकाशमा आनन्दको ब्रह्म, ब्रह्मते परमात्मनलाई छर्लङ्ग पारेकै हुन्छ ।

'जननी जन्म भूमिश्च स्वर्गादपी गरियसी'लाई नइले शिरमा बोकेको छ, अन्तरहृदयमा राखेको छ । आज देशको स्थिति नाजुक भएको अवस्थामा नइले सागरजस्ता भावना उचालेर देश जनता अनि भाषालाई दिलोज्यानले सेवा गरिरहेको छ ।

नइ प्रकाशनले बाल, वृद्ध, नारी, पुरुष र तेस्रो लिङ्गीसमेतलाई समेटेको छ । सायद संसारमा नै तेस्रो लिङ्गीलाई पुरस्कार दिने देश पनि नेपाल नै पहिलो होला । तेस्रो लिङ्गी प्रतिभाले 'नइ रामलक्ष्मी

पुरस्कार’ पाउँदा मैले यो कुरा नइ प्रकाशनकै समारोहमा सुनेकी थिएँ । म आफैँ चकित छु, ईश्वरले नइलाई कति गुण र भएभरका स्वच्छन्दताको रस दिएर पठाएको रहेछ । प्रतिभाको लेखाजोखा गरेर समानताको रूपमा मूल्याङ्कन गर्न प्राय: कसैले सक्तैनन् । तर नइले समानताको हकमा साक्षात् कर्म गर्दै आएको हामीले देख्तै आएका छौँ । नइ भनेको सत्यम्, शिवम्, सुन्दरम् हो । यो सत्य तथ्य नै नइको विश्व परिवेशमा उक्लने विशिष्ट सिँढी हो । जसमा रमण गर्दा लुकेका, छिपेका बहुमुखी प्रतिभाहरूले पनि यथायोग्य स्थान पाउनेछन् । यस्तो अति उदार, उदाहरणीय भावना बोकेको संस्था नइ प्रकाशनको यो उच्च उदारताबाट म नतमस्तक छु ।

# चुनौतीको विषय

## गायत्रीकुमार चापागाईं

**नइको शाब्दिक सन्दर्भ**

नइ प्रकाशनको नाम सुन्दा पहिले मलाई यो कुनै भारतीय पुस्तक प्रकाशनको नाम हो कि भन्ने लाग्दथ्यो । यस्तो हुनाको प्रमुख कारण हो हिन्दीसँग सम्बन्धित नइ शब्द । खोजी गर्दै जाँदा नइको अर्थ रहेछ– नरेन्द्रराज प्रसाईको नामको पहिलो अक्षर 'न' र इन्दिरा



प्रसाईको नामको पहिलो अक्षर 'इ' । यी दुवै अक्षरको योगबाट न्वारान गरिएको यो शब्द नै अहिले नेपाली वाङ्मय अर्थात् नेपाली भाषासाहित्यको मात्र नभएर नेपाली कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुद आदि विशिष्ट साधक तथा स्रष्टाहरूको खोजी गरी तिनीहरूको अर्चनामा समर्पित हुने एउटा सांस्कृतिक गैरराजनैतिक संस्थाका रूपमा स्थापित हुन पुगेको गौरवपूर्ण इतिहास बनाएको संस्था हो । त्यसो त नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाई दम्पती नै साहित्यिक सर्जकका रूपमा पनि चिनिएकै सर्जकहरू हुनुहुन्छ । जसले साधनामा आफ्ना जीवनका धेरै वर्ष बिताएर आफूले भोगेको अनुभव र अनुभूतिहरूलाई साहित्यका विविध विधाहरूमा अभिव्यक्त गरेर कालजयी कृतिहरू पस्कन्छ ऊ

नै पछिसम्म सम्मानयोग्य व्यक्तित्व हुन्छ । लेखन सिर्जनासँगै सम्मानको कुरा जोडिएर आउनु स्वागतयोग्य कुरा हो ।

**प्रकाशनको सन्दर्भ**

प्रकाशन भन्ने शब्दले पत्रपत्रिका, पुस्तक प्रकाशित गर्ने संस्था हो भन्ने सामान्य अर्थ लाग्दछ । नइ प्रकाशन यसरी सङ्कुचित अर्थमा खुम्चिएको छैन । यसले गर्दै आएका क्रियाकलापलाई हेर्दा यसको क्षेत्र व्यापक विस्तार भएको देखिन्छ । नेपाली तथा विदेशी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको छवि उच्च बनाएका ख्यातिप्राप्त विद्वान्का साथसाथै ओझेलमा परेका व्यक्तित्वको खोजी गरी तिनीहरूलाई उजेल्ने, सम्मानित गर्ने अर्थात् प्रकाशमा ल्याउने अर्थमा नइलाई लिन सकिन्छ । अर्को कुरा विविध ग्रन्थावलीहरूको प्रकाशन गरेर यस संस्थाले आफ्नो नामको सार्थकतालाई समेत पुष्टि गरिसकेकै छ ।

**संस्थागत सन्दर्भ**

२०५२ साल माघ १५ गते स्थापना भएको यो संस्थाले पच्चिस वर्षको पूर्ण वयस्क उमेर पूरा गरिसकेको छ । लहड भनौँ या रहरमा खुलेका कतिपय संस्थाहरू बीचैमा हराएका वा अलमलिएका छन् । कतिपय गैरसरकारी संस्थाहरू त विदेशी दाताहरूको सहयोगको लोभ र लालचामा खोलिएका पनि छन् । ती झर्ला र खाउँलाको मनस्थिति बोकेर बसेका छन् । धेरैजसो अहिलेको मान्छेको प्रवृत्ति छिट्टै कमाएर धनी हुने वा चाँडै नाम कमाएर ख्याति आर्जन गर्नेतिर केन्द्रित भएको देखिन्छ । संस्था खोल्न त गाह्रो छैन तर त्यसमा काम गर्नेहरूको त्यागपूर्ण समर्पणको भावना भएका संस्थाहरू भने न्यून नै छन् । नि:स्वार्थ सेवाभावले सांस्कृतिक तथा साहित्यिक क्षेत्रमा कर्मठ भएर लाग्ने, जन्मभूमिको महत्त्वलाई बुझेर राष्ट्रसेवामा लागि नै रहने दृढ सङ्कल्प गर्नेहरूले नै इतिहास बनाउने हो । त्यसमाथि दाताहरूको विश्वास जित्नु र

सहयोग निरन्तर जारी रहनु अनि साझा चौतारी बन्न सक्नु नइका विशेषताहरू हुन् ।

**त्रिमूर्ति निकेतनको सन्दर्भ**

राजधानीको मुटु मानिने पाशुपतक्षेत्र त्यसको निकटमै रहेको एयरपोर्ट जाने बाटो, सरकारको सञ्चार तथा प्रसारण विभागसँगैको प्रेस काउन्सिल पुग्दा छुट्टै प्रकारको विशिष्ट अनुभूति हुन्छ । त्यो हो नेपाली भाषासाहित्य तथा वाङ्मयजगत्का ख्यातिप्राप्त साधकहरूको पूर्ण कदको सालिक एकै ठाउँमा रहनु । नेपाली काव्य साहित्यमा परिष्कारवादी धारालाई भित्र्याउने कविशिरोमणि लेखनाथ पौडचाल, नाटचक्षेत्रका सम्राट् मानिने बालकृष्ण सम र नेपाली काव्यजगत्मा पाश्चात्य स्वच्छन्दतावादी तथा प्रगतिवादी धारालाई भित्र्याउने महाकवि लक्ष्मीप्रसाद देवकोटा नै हुन् । यी तीन महारथी महापुरुषहरूको सङ्गमस्थल बनाउने कार्यको सोच राखेर श्रीगणेश गर्ने श्रेय नइकै हो । आफ्नो संस्थाको दसबर्से उमेरमै नइले २०६१ साल भदौ ११ गते अनावरण गरेर यी सालिकहरू सार्वजनिक गरेर आफ्ना पूर्वजहरूप्रतिको सम्मानलाई पूर्णता दिएको छ । जसले अग्रजहरूको सम्मान गर्दछ, ऊ आफैँ पनि सम्मानित हुन्छ । यी सालिकहरूको अगाडि पुग्दा कुन सर्जक नतमस्तक नहोला ? अझ यिनीहरूकै कृति तथा स्मृतिमा खोलिएको पुस्तकालय अर्थात् त्रिमूर्ति निकेतन ज्ञानको भण्डारका रूपमा उभिएको भान हुन्छ । यस्तो परिकल्पना गरेर त्यसको पूर्ण सफलताको काम नइले कसरी गर्न सके ? यो अन्य साहित्यिक तथा सांस्कृतिक संस्थाहरूले पनि सोच्ने कुरा हो ।

**पुरस्कार र सम्मानको सन्दर्भ**

नइ प्रकाशनको पुरस्कारको सूची हेर्दा नै छक्क पर्ने खालको देखिन्छ । तीसवटा विविध क्षेत्रको पहिचान र परिकल्पना गरेर ती पुरस्कारको स्थापना, व्यवस्थापन र नियमित सञ्चालन गर्नु कम

चुनौतीपूर्ण कार्य होइन । संस्थाको विश्वास जितेर सम्झौता गर्ने ती धन र मन दुवै भएका मनकारी व्यक्तिहरू पनि धन्य छन्; जसले साहित्यिक, सांस्कृतिक चेतना जगाउन लाखौँ रुपियाँको अक्षय कोष स्थापना गरिदिएर संस्थालाई क्रियाशील हुन गुन लगाएका छन् । यो गुनले राष्ट्रलाई नै चेतनाको दियो बाल्न मद्दत गरेको छ । अहिले कतिपय साझा सहकारी संस्थाहरूले आफ्ना उपभोक्ताहरूले खुन पसिना बगाएर भविष्यका निम्ति सञ्चय गरेको रकम हिनामिना गरेर सञ्चालकहरू नै भागेको सुनिन्छ । यो मामलामा केही साहित्यिक संस्थाहरू पनि बदनाम भएका छन् र बन्द पनि भएका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाललाई चिनाउने विदेशी वा स्वदेशीहरूको खोजी गर्नु, तिनीहरूलाई लाखौँ रुपियाँले सम्मान र पुरस्कृत गर्नु कम चुनौतीको विषय होइन । केन्द्रका मात्र होइन नइले मोफसलका तथा विदेशमा रहेका स्रष्टा, सर्जक तथा सांस्कृतिक कर्मीहरूलाई सम्झिरहेकै छन् । निजी क्षेत्रबाट यति धेरै राशिका यति धेरै पुरस्कार प्रदान गर्ने अन्य संस्थाहरू सक्षम भएजस्तो मलाई लाग्दैन । संस्थागत पुरस्कारहरू कतिपय त लेनदेनको व्यापारीजस्ता सट्टापट्टामा बिकेका छन् भन्ने आरोप पनि सुनिन्छ । नइ यो आरोपबाट मुक्त छ । आफ्नो साखलाई जोगाउन यसले सकिरहोस् ।

**अन्य फुटकर सन्दर्भ**

राष्ट्रिय, अन्तर्राष्ट्रिय सम्मेलन गर्ने; राष्ट्रका ख्यातिप्राप्त र सम्माननीय साहित्यकारहरूलाई उपाधि दिने; दिलाउनेदेखि साहित्यकार कोश, टेलिफोन कोशजस्ता प्रचारप्रसारका क्षेत्रमा समेत नइले गरेका कार्य र देखाएको रुचि प्रशंसनीय छ । निजी क्षेत्रबाट जुन कार्य नइले गरिरहेको छ त्यसबाट सरकारी क्षेत्र पनि झस्किएको हुनुपर्छ । सरकार स्वयम् यस्ता संस्थाहरूसँग साझा कार्यक्रम लिएर आएको पनि थियो । जस्तै– सरकारले भानुभक्त आचार्यको द्विशतवार्षिकी महोत्सव मनाउनका लागि एक करोड रुपियाँ

छुट्टचाएको थियो । नइ प्रकाशन र त्रिमूर्ति निकेतनकै सल्लाह र व्यवस्थापनमा सरकारले केन्द्र, चौध अञ्चल र पच्चिसवटा राष्ट्रमा भव्यताका साथ भानुभक्त आचार्यको द्विशतवार्षिकी महोत्सव मनाएको थियो । नेपाली भाषा र साहित्यका क्षेत्रमा सरकारले गरेको सबैभन्दा महत्त्वपूर्ण काम पनि त्यही नै थियो किनभने त्यस महोत्सवको हर्ताकर्ता नै नइ थिए । नइ प्रकाशन र त्रिमूर्ति निकेतनजस्ता संस्थासँग अझै लालायित भएर सरकारले पछिल्ला दिनहरूमा पनि साझा कार्यक्रमहरू लिएर आउन सक्तछ । यस्तो अवसर आउनु भनेको संस्थाकै क्रियाकलापले सरकार बाध्य हुनु हो ।

**रजत जयन्तीको सन्दर्भ**

पच्चिस वर्षलाई रजत जयन्ती वर्ष मान्ने हाम्रो सांस्कृतिक मान्यता हो । पच्चिस वर्ष भनेको पूर्ण वयस्क उमेर हो । बाल्यकाल पूरा गरेर यौवनावस्थाको टिन एजमा कतिपय युवाहरू बाटो बिराएर बिग्रन्छन् पनि । हुने बिरुवाको चिल्लो पात भनेझैँ नइ प्रकाशन आफ्नो सुमार्गबाट विचलित छैन र हुने पनि छैन । सुरुमा नइ प्रकाशन नेपाली भाषासाहित्य अर्थात् वाङ्मयमा समर्पित साझा चौतारी बन्ने धुनमा अगाडि बढेको देखिए पनि अहिले कला, संस्कृति, ज्ञानविज्ञान, खेलकुद, चिकित्साजस्ता दर्जनौँ विविध क्षेत्रमा हात हालेर आफ्ना सार्थक क्रियाकलापहरूलाई उजागर गर्दै आएको छ । अर्को पचास वर्षीय स्वर्णजयन्तीसम्ममा यो संस्था अरु व्यापक विस्तार हुन सकोस्, मेरो यही हार्दिक मङ्गलमय शुभकामना छ । वसुधैव कुटुम्बकम्‌को हाम्रो सांस्कृतिक महत्त्वलाई बोकेर हिँडेको यो संस्थाको निरन्तर प्रगति र उन्नतिको पनि हृदयदेखिकै शुभकामना ! रजत जयन्तीको पच्चिसबर्से उमेरको धारणा र सम्झनाले यति अक्षर लेख्ने सुअवसर मिलेकोमा आफैँलाई धन्य सम्झेको छु ।

# नेपालको गौरव

**गायत्री श्रेष्ठ**

सर्वप्रथम त मलाई ‘नइ’ भन्ने नाम सुन्दा नै अचम्म लागेको थियो । यो कस्तो नाम होला ? नइ हिन्दी शब्द हो वा नेपाली हो ? आखिर नइ केचाहिँ हो भनेर म अन्योलमा परेकी थिएँ । पछि फेरि दुवै भाइबहिनीको नाम सम्झेँ र यसो अर्थ्याउँदा दुवैको नामको अघिल्लो अक्षरको संयोजनबाट ‘नइ’ संस्थाको नाम राखिएको रहेछ भन्ने लाग्यो । यो कुरा थाहा पाएपछि भने मलाई असाध्यै आनन्द आयो । दुवैको एकअर्काप्रतिको समझदारी देखेर म खुबै रमाएँ ।



नेपालमा धेरै संस्थाहरू खुले अनि बन्द भए र अझै खुलिरहेका छन् र फेरि बन्द भइरहेका पनि छन् । तर नइ प्रकाशन स्थापना भएर आजका दिनसम्म नेपाली साहित्यलाई दिएको योगदानको बयान गरेर साध्य छैन । यो मेरो कुनै प्रशंसा होइन, केवल नइको कामको मैले सम्झना मात्र गरेकी हुँ ।

नइ प्रकाशनको उद्देश्य नै पवित्र रूपमा भाषासाहित्यको उत्थान र खोजी गरी हरेक विधाका प्रतिभाको मूल्याङ्कन गर्ने

रहेको छ । यसैअनुसार कार्यान्वयन पनि भइरहेको कुरा निर्विवाद छ । नइदम्पतीसँग मेरो परिचय 'विश्व नेपाली नारी साहित्य सम्मेलन'को आयोजना गर्ने क्रममा २०६९ सालदेखि भएको हो । नइले मलाई विश्वास गरेर नारायणी अञ्चलको अध्यक्षाको रूपमा लिएका थिए । त्यस बेला म आफैँ आश्चर्यमा परेकी थिएँ । जे होस् मलाई सुम्पेको काममा मैले आफ्नो उत्तरदायित्व पूरा गरेँ जस्तो लाग्छ । सायद त्यही विश्वासले आजसम्म हाम्रो सम्बन्ध झनै सौहार्दपूर्ण रहेको पनि छ ।

नइ प्रकाशनले साहित्योत्थानका लागि गरेको कार्यको लेखाजोखा गरेर साध्य छैन जस्तो मलाई लाग्छ । नइ अहोरात्र विभिन्न क्षेत्रका विविध प्रकारका प्रतिभाहरू खोज गर्न त्यत्तिकै लागिपरेको देखिन्छ । त्यसैले नइबाट विभिन्न विधाका प्रतिभाहरूको सही मूल्याङ्कन पनि हुँदै आएको देखिन्छ । नइले आफ्नो उच्च कार्य गरेर समाजबाट विश्वास जितेको छ । नरेन्द्रराज प्रसाई खोजमूलक कामका अतिरिक्त जीवनी, निबन्ध, गीतिकविता आदि लेखनमा सिद्धहस्त देखिन्छन् भने इन्दिरा प्रसाई कविता, कथा, उपन्यास, समीक्षा आदि विभिन्न विधामा कलम चलाउन सिद्धहस्त मानिन्छिन् । दुवै जनाले साहित्यलाई जीवनको अभिन्न अङ्ग ठानी त्यसैको सेवामा समर्पित भएका छन् ।

नइद्वारा लिखित र प्रकाशित कृतिहरू धेरै नै महत्त्वपूर्णका मानिन्छन् । नइ जोडीले आफ्ना किताप जुन स्तरमा प्रकाशित गर्छन् नइ प्रकाशनबाट अरू स्रष्टाका पनि त्यही स्तरका छापिएका हुन्छन् । नइ व्यापारिक संस्था नभएको हुँदा नइका कृतिहरू बजारमा उति पाइँदैनन् । तर पनि नइ प्रकाशनका कृतिहरू महँगा नभएर सामान्य मूल्यका रहने गरेका छन् । तर नइका प्राय: सबै कृति मूल्यवान् हुन्छन् । प्रकाशनका दृष्टिले नेपालमा सायद यस्तो हैसियतका संस्था अरू छैनन् भने पनि हुन्छ ।

नइ प्रकाशनको उद्देश्य अत्यन्त पवित्र देखिन्छ । आफ्ना उद्देश्यमा नइ कहीँ, कतै चुकेको देखिएन । त्यसबाहेक पनि नइले अनगिन्ती कामहरू गरिरहेकै छ । खास गरेर नइले त्रिमूर्ति र त्रिमूर्ति निकेतनको स्थापना गरेर एउटा ऐतिहासिक काम गरेको छ । ती साहित्यसाधकहरूप्रति गरिएको सम्मानको प्रशंसा जोकोहीले पनि गरिरहेकै हुन्छन् किनभने यस्तो प्रकारको काम नेपालमा भएकै पनि थिएन । त्यस्तै गरी नइले महिला साहित्यसाधकहरूलाई पनि त्यत्तिकै सम्मान गरेको कुरालाई विश्वनारी नेपाली साहित्य सम्मेलन ज्वलन्त उदाहरण हो । साथै साहित्यसाधक वानीरा गिरीलाई नेपाली साहित्यका विश्वनारी रत्नको उपाधिले सम्मानित गरी गिरीको रथयात्रासमेत गरेको उदाहरण हाम्रो अगाडि नै छ ।

नइ प्रकाशन नेपालको गौरव मान्नलायकको संस्थाका रूपमा रहेको छ । विभिन्न क्षेत्रका प्रतिभालाई पुरस्कृत गर्नका लागि हरप्रयास गरेर आर्थिक कोष खडा गरी पुरस्कार प्रदान गरिने कार्य पनि गरी आएको छ । केवल स्वदेशको प्रतिभाको मात्र मूल्याङ्कन नगरी स्वदेश तथा विदेशका नारी एवं पुरुष प्रतिभाहरूको मूल्याङ्कन गरी नइ प्रकाशनले पुरस्कृत गर्ने गरेको छ । नइले विभिन्न क्षेत्रका स्रष्टाहरूको खोजी गरेर उनीहरूको मूल्याङ्कन गरी पुरस्कृत गर्नुका साथै विभिन्न साहित्यिक कृतिहरू प्रकाशन गर्नु पनि यसको महत्त्वपूर्ण कार्य रहेको देखिन्छ । नेपाली भाषासाहित्यप्रतिको मोहबाट नै समर्पित रही नइदम्पतीबाट प्रत्यक्ष वा परोक्ष रूपमा राष्ट्रनिर्माणको विकास कार्यमा आफ्नो हैसियतअनुसारको योगदान हुँदै आएको कुरा उल्लेखनीय छ ।

नइले सधैँ अरूलाई उकास्ने काम गरिरह्यो । त्यही पवित्र उद्देश्यलाई आत्मसात् गरी सबैको विश्वास जितेर नइले काम गरिरह्यो । त्यसैले विभिन्न उदारमना दाताहरूबाट अक्षयकोष स्थापना गरिदिएका छन् । स्थापित अक्षयकोषको राम्रो सदुपयोग गरी नइले

आफ्नो योजना सार्थक पार्दै आइरहेको छ । नइ प्रकाशनबाट प्रदान हुने पुरस्कारका माध्यमबाट विभिन्न क्षेत्रका विभिन्न प्रतिभाहरूलाई अत्युच्च प्रेरणा र प्रोत्साहन हुन्छ भन्ने कुरा नइले राम्रोसँग बुझेका छन् । त्यसैले नै अग्रज साहित्यकारहरूको सम्मान एवं नवोदित साहित्यकारहरूलाई प्रोत्साहन भन्ने नाराजस्तै नै नइले काम गरेका छन् ।

नइ प्रकाशनले अनुभव सँगालेकै भरले अर्को एउटा ठूलो गौरवपूर्ण कार्यक्रमको उद्घोष गऱ्यो । नइ जन्मेकै दस वर्षमा नइद्वारा त्यत्रो ठूलो कार्यक्रमको उद्घोष गर्नु ठट्टा थिएन । पूर्वको पानी त्यो पनि आठराईको पानी खाएका मान्छे साह्रै कडा हुँदा रहेछन् । 'जङ्गेले बोलेपछि बोल्योबोल्यो' भनेझैँ २०७१ सालमा विश्वनारी नेपाली साहित्य सम्मेलन गर्ने नइमार्फत त्रिमूर्ति निकेतनले घोषणा गऱ्यो । पाँचै महादेशका नारीहरूलाई नेपाली साहित्यका दूत बनाएर नइले त्यहाँको साहित्यिक गतिविधिको जानकारी लिइएको पाइयो । यो कार्यक्रमको बारेमा आत्मा साक्षी राखेर भन्ने हो भने 'न भूतो न भविष्यती' नै थियो । नइले यस्तो कार्यक्रम गर्ने जमर्को मात्र होइन गरेरै देखाइदियो । त्यसअघि र त्यसपछि आजसम्म पनि कुनै संस्थाले यस्तो कार्यक्रम गरेको देखिएको छैन । हरेक अञ्चलका नारी साहित्यकारहरूलाई पहिल्याएर उसले आफ्नो ठाउँका लागि गरेको योगदानको कदर गरेर हरेक अञ्चलमा अध्यक्ष मनोनयन गरी उनीहरूले गर्नुपर्ने जिम्मेवारी नइले दिएका थिए । त्यसमध्ये म स्वयम् पनि नारायणी अञ्चलको प्रमुख परेकी थिएँ । जसको उल्लेख 'विश्वनारी नेपाली साहित्यको रेखाङ्कन' भन्ने नइको कृतिमा देख्न सकिन्छ । नेपालमा साहित्यिक संस्थाहरू पर्याप्त छन् तर तिनले ठोस काम भने गरेको देखिँदैन । त्यस्ता संस्थाहरूले आफ्नै ठाउँमा सीमित दायरामा मात्र काम गरेको देखिन्छ । तर 'विश्वनारी नेपाली साहित्य सम्मेलन' वास्तवमै

एउटा कुम्भमेलाजस्तै थियो । त्यहाँ देखियो नारीहरू साहित्यमा कति अगाडि बढिसकेका रहेछन् भनेर ।

विश्वनारी नेपाली साहित्य सम्मेलनले नारी साहित्यकारहरूलाई वास्तवमै ठूलो ऊर्जा थप्ने काम गरेको थियो । नारीहरू आफ्नो सम्पूर्ण उत्तरदायित्व वहन गरेर पनि साहित्यको सेवा गर्न पछि परेका छैनन् । नारी छोरी, बुहारी, आमा, सासू आदिको भूमिका निर्वाह गरेर पनि गृहणी, समाजसेवी, न्यायाधीश, सभामुखदेखि राष्ट्रपतिसम्म बनेर आफ्नो काममा सफल भएका थुप्रै उदाहरण छन् । अवसर पाउनुपर्छ नारीहरू पनि हरेक काम गर्न सक्षम छन् भन्ने कुरामा सन्देह छैन । त्यसैले परापूर्वकालदेखि नै नारी र पुरुषहरू एक रथका दुई पाङ्ग्रा हुन् भनिएको छ । नेपोलियन बोनापार्टले भनेका छन्– 'मलाई एउटी असल आमा देऊ, म एउटा असल राष्ट्र दिन्छु ।'

भनिन्छ नि ! पुरुष शिक्षित भए आफू मात्र शिक्षित हुन्छन् तर नारी शिक्षित भए परिवारै शिक्षित हुन्छ । पौराणिक कालमा पनि विदुषी नारीहरू थिए । उनीहरू शास्त्रार्थमा कुनै विद्वान् पुरुषहरूभन्दा कम थिएनन् । त्यति बेला न त जातीय विभेद थियो, न त नारी र पुरुषमा भेदभाव थियो । त्यसैले नारीहरू विद्वान् पुरुषहरूसँग शास्त्रार्थ गर्न पछि पर्दैनथे । नारीलाई राम्रो मान्यता दिइन्थ्यो र भनिन्छ पनि– 'जहाँ नारीको पूजा हुन्छ, त्यहाँ देवताको बास हुन्छ ।' अहिलेको यो परम्परा भने विकृत परम्परा हुन थालिसकेको छ । पहिले कामका आधारमा नारी र पुरुष विभाजन गरिएको थियो, पछि त्यसैलाई गलत प्रयोग गरी जातीय भेदभाव गर्न थालियो । पछिपछि त नारीले संस्कृत भाषा बोल्नु हुँदैन, उनीहरूले त ग्राम्य प्राकृतिक भाषा बोल्नुपर्छ भन्ने पनि गरियो । निश्चित वर्गका स्वार्थले गर्दा यो सबै विकृति आएको हो । वर्तमान परिप्रेक्ष्यमा नारी र पुरुष दुवैले एकै प्रकारको काम गर्न सक्दछन् । शिक्षामा पनि नारीहरू कम छैनन् ।

त्यसैले नइको नजरमा हरेक क्षेत्रमा नारीहरू पनि कम छैनन् भनी मूल्याङ्कन गरेको देखिन्छ ।

नइ प्रकाशनले प्रतिभाको मूल्याङ्कन गर्दा एक पक्षलाई मात्र समेटेको देखिँदैन, यसले थाहा पाएसम्म र भेटेसम्म हरेक पक्षलाई समेटेको देखिन्छ । नि:स्वार्थपूर्वक भन्नुपर्दा नइको नजरमा सबै प्रतिभा समान देखिन्छन् किनभने नइ नि:स्वार्थ रूपमा पुण्य कर्ममा जुटेको संस्था हो । म एउटा साहित्यको विद्यार्थीको नाताले भन्छु– 'यदि कोही, कसैले कुनै पनि प्रतिभाशाली व्यक्तिको भलो चाहने रहर गर्छ भने उसले नइलाई गुरु थापे हुन्छ ।'

# भक्तलाई ब्यूँझाउने शङ्खध्वनि

**प्रा.डा.गार्गी शर्मा**

नइ प्रकाशनको नामै नसुन्ने नेपाली साहित्यसंसारमा कोही पनि हुने छैनन् । नइ प्रकाशनको लोगो अर्थात् प्रतीक चिह्न देख्ने अथवा सम्झनेबित्तिकै नेपाली भाषीको हृदयमा अनायास एउटा मधुर ध्वनि झङ्कृत हुन्छ । अथवा साहित्य, कला र संस्कृति ब्यूँझाउने सुमधुर शङ्खध्वनि सुनिन्छ । भाषासाहित्य र साहित्यकारको सेवा देवी सरस्वतीको सेवा हो, राष्ट्रको सेवा हो । विश्वभरि फिँजिएका नेपाली भाषासाहित्यका भक्तलाई ब्यूँझाउने र अझ सशक्त बनाउने शङ्खध्वनि नइ प्रकाशनले आफ्नो प्रतीक या लोगो छानेको छ । सोहीअनुरूप विश्वका धेरै भागमा यसको ध्वनि झङ्कृत भएको पनि छ । नइ प्रकाशन नेपाली भाषासाहित्यको मन्दिर हो र यो यस्तो मन्दिर हो जहाँ साहित्यकार अथवा कलाकारले पूजा गर्नु पर्दैन बरु उनीहरू आफैँ पुजिन्छन्, सम्मानित हुन्छन्, पुरस्कृत हुन्छन् । साहित्यको गोरेटोमा हिँड्दाहिँड्दै छलिएका र सुस्ताएकाहरूलाई पनि यसै मन्दिरमा बज्ने शङ्ख ध्वनिले बाटो देखाइदिने गर्छ । सधैँसधैँ साहित्यको सुमधुर ध्वनि घन्काइरहन्छ नइको शङ्खले । साहित्य, कला र संस्कृतिमा लागेका



चिचिलाहरू, नवप्रतिभाहरूदेखि वरिष्ठ प्रतिभाहरू यहाँ पुजिन्छन्, आशीर्वाद पाउँछन् ।

साँच्चै नै यो मन्दिर र यसको आशीर्वादको प्राप्ति सबैका लागि खुला छ । यहाँ कुनै जातजाति, धर्मलिङ्गको विभेद छैन । यहाँ पस्न कुनै राजनीति र नेताको झोले बन्नु पर्दैन, न कुनै पार्टीको सदस्य बन्नुपर्छ, न त झोले । त्यति मात्र हैन, यहाँ राष्ट्रियताको तगारो पनि छैन । यहाँ प्रवेश हुनका लागि मात्र नेपाली भाषालाई माया गर्ने हुनुपर्छ । नेपाली भाषासाहित्यसेवी जताजता या जुनजुन देशमा छन् त्यहाँत्यहाँका प्रतिभालाई पनि खोजीखोजी सम्मान गरिन्छ, तिनको सिर्जना र सिर्जनशील चेतना अभिवृद्धिमा पाइन लगाइन्छ । यसैले म भन्दै छु– नइमा राजनैतिक भूगोलको कुनै धर्सा कोरिँदैन ।

नइ प्रकाशनले स्थापनाको पच्चिस वर्षभित्रै नेपालका कतिपय पुराना साहित्यिक संस्थालाई धेरै पछाडि पारेको छ । अरू त के कुरा नइ प्रकाशनभन्दा अठतिस वर्ष पहिला जन्मेको नेपाल प्रज्ञाप्रतिष्ठानले समेत गर्न नसकेका कतिपय कामहरू नइले गरेर सबैलाई चकित बनाएको छ । नइ प्रकाशनको नाम सुनेर यसका सदस्यहरूलाई भेट्न देशविदेशबाट मानिसहरू यहीँ आइपुग्छन् ।

संसारभरि जहाँजहाँ नेपाली छन् तिनलाई घचघच्याउन नइभित्र अनेक योजना बनेका हुन्छन्, नइको मङ्गलमय ध्वनिले तिनलाई उठाउँछ । उनीहरू नइको सम्मान पाएर र पाउन लालायित हुन्छन् तर त्यो प्राप्तिको बाटो अरू केही हुँदैन मात्र साहित्यसेवा, नेपाली भाषाको सेवा, नेपाली जनजीवन र संस्कृतिको सेवाबाट मात्र हुन्छ । नइ प्रकाशनलाई थाहा छ, कसैको मानसम्मान गर्नुको अर्थ तिनको प्रतिभालाई ऊर्जा भर्नु हो, शारीरिक र मानसिक रूपमा स्वस्थ बनाउनु हो । उदाहरणका लागि वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीलाई नै अगाडि सार्न सकिन्छ । सुरुमा

शताब्दी महोत्सव मनाइएपछि या सुरु गरेकै एक महिनापछि उनी बिरामी भएर थला परे तर नइकै बलबुता र अभियानले उनको राम्रो उपचार भयो । नइको आग्रह भएपछि उनको उपचारका लागि सरकार नै लाग्यो । निको भएर उनी घर गए र भने– 'यदि नइले मलाई पाँच वर्ष ग्रेस दिएर शताब्दी पुरुष नबनाएको भए म बाँच्ने थिइनँ ।

अरूले पन्साएका अब्बल प्रतिभालाई नइले अबिरपाती लगाएर मन्दिर बनाइदिन्छ । यसको अर्को उदाहरणका लागि डा.वानीरा गिरीलाई प्रदान गरिएको विश्वनारी नेपाली साहित्य रत्नको उपाधि नै हो । यो उच्चस्तरको सम्मान प्राप्त गरेपछि डा.वानीरा गिरी तृप्त हुँदै त्यति बेला उनले प्रस्तुत गरेको अभिव्यक्ति झलझली सम्झिन्छौँ । त्यस बेला उनले भनेकी थिइन्– 'मलाई अरू केही चाहिन्न, यति नै यथेष्ट छ ।' यही सम्मानद्वारा उनले विश्व विजयी भएको अनुभूति गरेकी थिइन् ।

कुनै पनि मूर्धन्य साहित्यकारको विशेष मानसम्मान गर्न नइ प्रकाशन सधैँ अग्रणी स्थानमा छ । नेपाल प्रज्ञाप्रतिष्ठानले कल्पना पनि गर्न नसकेको काम नइले गरेको छ । माधवप्रसाद घिमिरेलाई राष्ट्रकविको रूपमा राष्ट्रबाटै उपाधि प्रदान गराउने काम नइ प्रकाशनबाट नै भएको थियो । राष्ट्रकवि माधव घिमिरेले आफ्नो जीवनको उत्तरार्धमा भनेका थिए– 'नइले नगरेको भए मलाई राष्ट्रकवि कसले बनाउँथ्यो ?'

यसरी नै सम्मान गर्न मात्र होइन मूर्धन्य कविहरूको शताब्दी वर्ष मनाउन पनि नइ प्रकाशनको स्थान अग्रणी छ । महाकवि देवकोटाको शतवार्षिकी डेढ वर्षसम्म नइको खुट्टा टेकेर त्रिमूर्ति निकेतनले मनाएको थियो । यस्तै नइ प्रकाशनको पच्चिस वर्षभित्रको अति उल्लेखनीय कार्यमध्ये विश्वनारी नेपाली साहित्य सम्मेलन युगान्तकारी सम्मेलन थियो । नेपालका बहत्तर जिल्ला अनि विश्वका

पाँच महादेशका अठार राष्ट्रका नारीले भाग लिन पाएको त्यो बृहत् नारी सम्मेलन थियो र न भूतो न भविष्यको उदाहरणीय महोत्सव पनि । विभिन्न बाध्यतावश बिदेसिन पुगेका र नेपालभित्रैका पनि सरस्वती माताका वरद सन्तान नारीहरूको प्रतिभालाई ऊर्जा भर्ने काम यस उत्सवले खूब गऱ्यो । लेखेर पनि कृति प्रकाशन गर्न आँट नगरेकाहरू अथवा लेख्ने सीप भएर पनि विभिन्न कारणले रोकिएका नारीहरू नइ प्रकाशनको यही शङ्खघोषले जुरमुराएर आफ्ना कृतिहरू प्रकाशन गरेर भाग लिन आइपुगे । विभिन्न जिल्ला तथा राष्ट्रमा साहित्यिक दूतहरू अग्रस्थानमा आएर आफ्नो कार्यपत्र पेस गर्न पाए । यसको मूल समितिको अध्यक्ष म बन्न पाएँ, यो मेरो अहोभाग्य थियो । यही सम्मेलनमा डा.वानीरा गिरीलाई प्रधानमन्त्री सुशील कोइरालाबाट विश्वनारी रत्नबाट सम्मान गरेर नेपाली सेनाको रथमा सहर घुमाइएको थियो । साथै डा.वानीरा गिरीको उचाइबराबरको सप्तमुखी नागको कलाकृति ताम्रपत्र सम्मानका साथ पाँच लाख रुपियाँ प्रदान गरिएको थियो । यति मात्र होइन नेपाली भाषासाहित्यका विभिन्न विधाका कृतिहरू पनि यसै संस्थाबाट प्रकाशन गरिएको देखेर अचम्मित नहुने कोही छैनन् ।

नइ प्रकाशनले नै जन्माएको अर्को सन्तान हो– त्रिमूर्ति निकेतन । हाम्रो देशमा साहित्यकारको यस्तो पूर्ण कदको प्रतिमा नेपाल प्रज्ञाप्रतिष्ठानले पनि आदिकवि भानुभक्त आचार्यको बाहेक अरू कसैको राख्न सकेको छैन । नेपाली भाषा र साहित्यमार्फत राष्ट्रको गौरवमय इतिहासको संरक्षण, संवर्धन र विस्तार गर्न नइ सधैँ जागरूक छ । व्यक्तिगत स्वार्थबाट टाढा रहने नइले आफ्नै घरका चोटाकोठासमेत पनि नइ प्रकाशनलाई सुम्पेर आफ्नै गाँस कटाएको हामीले देखेकै हो । साहित्यको श्री बढाउन अहोरात्र जुट्ने र काममा लागेपछि आफ्नो स्वास्थ्यको समेत ख्याल नगर्ने नइदम्पतीबाहेक मैले त अरू कोही स्रष्टा देखेकी छैन । सबैलाई

समान प्रकारको माया र शिष्टाचार गर्ने नइ प्रकाशनको मन्दिरभित्र प्रवेश गर्न चाहनेहरूका लागि सधैँ ढोका खुला हुन्छ । देशविदेशबाट आएका पाहुनाहरूले नइगृहमा पुगेपछि हृदयबाटै स्वागत पाउँछन् । मन विशाल भएपछि जहाँ पनि जो पनि अटाउने रहेछन् भन्ने पाठ नइगृहमा पुगेपछि सिक्न सकिन्छ । त्यस ठाउँबाट मुख जुठो नलगाई नयाँ आगन्तुक हुन् या पुराना दौँतरी कसैले नइको ढोकाबाहिर खुट्टा राखेको मलाई थाहा छैन । खास गरेर भाषाप्रेमी, साहित्यप्रेमी नइको स्वागतद्वार खुला देखेर मन्त्रमुग्ध हुन्छन् ।

नेपाल प्रज्ञाप्रतिष्ठानको स्थापना २०१४ सालमा भएर पनि आजसम्म उक्त प्रतिष्ठानको आँगनमा कुनै पनि नारीस्रष्टाको मूर्ति स्थापना भएको पाइएको छैन । नेपाली साहित्यमा आजसम्म के कुनै नारीको योगदान छैन र ? कमसेकम नेपाली भाषासाहित्यकी आदि नारीकवि ललितत्रिपुरसुन्दरीको प्रतिमा स्थापना गरेको भए नारी साहित्यको इतिहास गौरवमय बन्ने थियो । नेपाल प्रज्ञाप्रतिष्ठानको आँगनमा नारी शून्य त छँदै छ तर कसो भएर भवनको एउटा हलको नामाकरणचाहिँ पारिजात कक्ष रहेछ । सायद त्यो पनि राजनीतिक कारण या भागबन्डाकै कामले हुन गयो, जे भए पनि त्यो काम धन्य हो । प्रज्ञाप्रतिष्ठानको यो कन्जुस्याइँलाई मेटाउने प्रयास नइ प्रकाशनले गर्दै छ । त्रिमूर्ति (लेखनाथ पौडचाल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा) निकेतनमा जस्तै त्रिनारी रत्न (प्रेमराजेश्वरी थापा, गोमा र पारिजात)को पूर्ण कदको मूर्ति तयार भइसकेको छ र राम्रो स्थानको खोजीमा लागिपरेको छ– नइ ।

सालसालै बीसपच्चिस लाखको पुरस्कार प्रदान गर्न सुयोग्य पात्र खोज्नु, विभिन्न लेखकहरूको पुस्तक प्रकाशन गर्नु, सङ्कटमा परेका साहित्यकारहरूलाई आफूले सक्दो आर्थिक सहयोग गर्नु, सामान्य कुरो होइन । अब प्रश्न उठ्न सक्छ, यतिका कामका लागि आर्थिक समायोजन कसरी हुन्छ ? यसको एउटै तथ्य छ नइको

इमानदारिता र लगनशीलता । यस्तै एउटा कार्यक्रममा हामी दुईचार जनाको बीच सामान्य गफ भएको बेला रामबाबु प्रसाईले भन्नुभएको म सधैँ सम्झन्छु– 'नइको आजसम्मको काम र लगनशीलता देखेर यिनीहरूले साहित्यको नाममा पाएको अक्षयकोषको रकम हिनामिना गर्दैनन् भन्ने कुरामा म विश्वस्त भएको छु । त्यसैले मैले विभिन्न पुरस्कारका लागि पचासी लाख रुपियाँ हस्तान्तरण गरेको हुँ ।' त्यस्तै विश्वास पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्टले पनि गरे । अनि यसरी नै एकदुई गर्दै दाताहरू थपिँदै गए । नइको यति विशाल कार्यक्षमता देखेर कतिपय लोभिन्छन् र थुक निल्छन् । नइले पहिले नै एउटा महत्त्वपूर्ण विषयबारे सबैलाई सचेत गराइसकेको छ– 'यहाँ भनसुन गरेर कहिल्यै कसैले केही पाउने छैनन् । उनीहरूको खुबी र क्षमता हामी आफैँ अध्ययन गर्दछौँ । सुयोग्य पात्रहरू हाम्रो पुरस्कार, पदक, सम्मान र उपाधिबाट कहिल्यै ओझेल पर्दैनन् र पर्ने छैनन् ।'

नइ प्रकाशनको आफ्नै नीतिनियम छन् । कुनै कार्यक्रममा आफूले निमन्त्रणा दिइएका व्यक्तिबाहेक अरूलाई प्रवेश छैन, कार्यक्रम ठीक समयमा सुरु गर्न र समापन गर्न पनि निकै प्रयास गरिएको हुन्छ, कार्यक्रम भइरहेको बेलामा हलभित्र खुसुरफुसुर गर्नेलाई सधैँ सतर्क गराइएको हुन्छ । नइ प्रकाशनबाट प्रकाशित भएको पुस्तक लोकार्पण समारोहमा चार सय आऊन् कि पाँच सय जना निम्तारु आऊन्, आउनेजति सबैले किताप सित्तै पाउँछन्, त्यहाँ कतै बिक्रीवितरणमा राखिन्न ।

अब अन्त्यमा नइको अर्को एउटा अति महत्त्वपूर्ण विशेषता के छ भने उनीहरूको बारेमा कसैले केही भनिहाले भने पनि सुन्छन्, केही वर्ष बोलचाल बन्द हुन सक्छ तर उक्त व्यक्ति नेपाली भाषासाहित्यको वरद सन्तान छ भने तिनले गरेको अप्रिय टिप्पणी सबै बिर्सेर उनलाई नै सम्मान गर्दछन्, पुरस्कृत गर्दछन्, उपाधि दिन्छन् । यसको ज्वलन्त उदाहरण विश्वनारी रत्न उपाधिले विभूषित

वानीरा गिरी पनि हुन् । यसरी नइसँग सम्बन्धको कटुतापछि पनि नइबाटै ती सम्मान पाउने प्रतिभा हर्षले आँसु पुछ्तै समारोहमा उपस्थित भएर पुरस्कार ग्रहण गर्छन् । नइलाई लाग्छ, व्यक्तिको कुभावना केही समयलाई केही कारणले हुन सक्छ तर त्यस्ता अवगुणलाई बिर्सनुपर्छ र उसको प्रतिभा र सुकार्यलाई सम्मान गरिनुपर्छ । नइभित्र यस्ता उदाहरण धेरै पाइन्छन् । अन्ततः नइको मुख्य उद्देश्य भनेकै नेपाली भाषासाहित्यको संरक्षण र संवर्द्धन गर्नु हो ।

‘जहाँ नपहुँचे रवि उहाँ पहुँचे नइ प्रकाशनको छवि ।’

# अमूल्य निधि

## गीता खत्री

नेपाली भाषासाहित्यको इतिहासमा नइ प्रकाशनले किशोरावस्था बिताएर एउटा लक्का जवानमा आफूलाई उभ्याइसकेको छ । पच्चिसौँ वसन्त पार गरी नइ परिपक्व व्यक्तिले जस्तै जवानीको ऊर्जासहित नयाँ जोस, जाँगर तथा गति लिएर अगाडि बढिरहेको छ । आफ्नो सत्कार्यका कारण यस संस्थाले राष्ट्रिय र अन्तर्राष्ट्रिय गरिमा प्राप्त गरिसकेको अवस्था छ ।



सन् २०११–१२ देखि नै नइ प्रकाशनसँग मेरो संलग्नता रहिआएको छ । नेपाली भाषासाहित्यको श्रीवृद्धि तथा उन्नयनका निमित्त नइ प्रकाशनले पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको छ । पच्चिस वर्षको अवधिमा नइ प्रकाशनले महत्त्वपूर्ण पुस्तकहरू प्रकाशन गरिसकेको छ । नइ प्रकाशनको अर्को विशेषता के छ भने प्रकाशित कृतिहरू नेपालभरि तथा अन्तर्राष्ट्रिय जगत्मा प्राय: नि:शुल्क उपलब्ध गराउँदै आएको छ । तर नइ प्रकाशनको सन्दर्भमा प्रकाशनको अर्थ किताप प्रकाशन गर्ने संस्था मात्र होइन । नइ प्रकाशनको अर्थचाहिँ 'बाहिर प्रकाशमा नआएको या आउन नसकेको कुनै पनि मान्छे, कृति या कुरालाई

प्रकाशमा ल्याउने हो' भन्ने मैले बुझेको विषय हो । त्यसैले नइ बहुआयामिक संस्थाका रूपमा नेपाली भाषा बोलिने संसारभरि प्रख्यात छ ।

निजी स्तरबाट नेपाली भाषासाहित्यको संवर्धन तथा विकासका लागि नइ प्रकाशनको उचाइ धेरै माथि रहेको छ । स्वदेश होस् या विदेश होस् नेपाली समाजमा पच्चिस वर्षको अवधिमा यतिको चर्चित र कामले प्रसिद्धि पाएको मैले अर्को संस्था देखेकी थिइनँ । साढे दुई दर्जन पुरस्कारको भारी नइका थाप्लोमा रहेको सर्वविदितै छ । तर त्यति गह्रुङ्गो भारी पनि नइले सहज र मौलिक ढङ्गबाट नबिसाई हिँडिरहेको हामीले देखिरहेका छौँ । आफ्नो अविरल यात्राकै कारण नइ प्रकाशनले एउटा गौरवशाली इतिहासको पृष्ठमा आफूलाई उभ्याइसकेको छ । यस संस्थालाई न दलको कुरा मान्नुपर्ने बाध्यता छ र न नातापातालाई रिझाउनुपर्ने यसले दायित्त्व बोकेको छ ।

लोभानीपापानीदेखि धेरै टाढा बसेर स्वतन्त्र रूपले नइ प्रकाशन नेपाली भाषाको सेवामा अहोरात्र लागिरहेको छ । जसले गर्दा यो संस्था प्रिय पात्रका रूपमा धेरैको मनमा प्रवेश भइसकेको छ । अझ भन्ने हो भने नइ प्रकाशन जुनसुकै क्षेत्रका प्राय: प्रतिभाका लागि वरदान र छहारीसमेत बनेको छ । बिनापक्षपात योग्यताको मूल्याङ्कन गर्ने र योग्य प्रतिभालाई काँधमा बोक्ने नइ एउटा विश्वासिलो संस्था मात्र नभएर आधुनिक युगकै मोतीराम कहलिएको छ । राष्ट्रकवि माधव घिमिरे, शताब्दी पुरुष सत्यमोहन जोशी र नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरीले आआफ्ना शैलीमा खुद मलाई भन्नुभएको थियो– 'नइ भनेका चमत्कारी हुन्, नइले फलाम छोए सुन बन्छ, नइ नभए हाम्रो मूल्याङ्कन कसले गरिदिन्थ्यो ?' हो सत्य हो, उहाँहरू तीनै जनालाई सरकार र सरकार प्रमुखबाट उपाधि दिलाउने विशिष्ट कार्य नइबाट नै भएको थियो । त्यति मात्र नभएर हरक्षेत्रका स्रष्टा बचाउने काम नइले नै गरेको छ । जीवनको

उत्तरार्धमा कोइलीदेवी असहाय र असुरक्षित हुँदा उहाँलाई बचाउने र संरक्षण दिने काम नइबाटै भएको थियो । त्यसै कालखण्डमा नइ प्रकाशनले कोइलीदेवीको सिङ्गो जीवनी पुस्तकसमेत प्रकाशनमा ल्यायो र 'नइ कोइलीदेवी पुरस्कार'को स्थापना पनि गरिदियो । नइ प्रकाशनले नातिकाजीको सेवा गरेन कि, तारादेवीको सेवा गरेन कि या अरुणा लामाको सेवा गरेन ? सेवाका अतिरिक्त यी तीनै जनाको सम्मानमा उनीहरू जिउँदो छँदै उनीहरूका बारेमा एउटाएउटा कृति नइबाटै सम्पादित र प्रकाशित भयो । स्रष्टासँग नइ नै नइ मात्र पुग्नको अर्थ के हो ? त्यसैले नइ हाम्रो आस्था र विश्वासमा चुलिएको संस्था भएको हो ।

नइ प्रकाशनका हरेक कामका लागि यस संस्थामा राखिएको अक्षयकोषको ब्याजबाट काम हुने गर्छ । विभिन्न दाताहरूको विश्वास पाएर नइले चाँडोभन्दा चाँडो आफ्नो संस्थालाई सबल बनाएको हो । हुन त व्यक्तिगत रूपमा स्थापना भएको संस्थालाई यस रूपमा उभ्याउनु भनेको सिङ्गो सगरमाथा उठाउनुजत्तिकै कठिन कार्य पनि हो । तर नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईबाट यति ठूलो काम सजिलैसँग सम्पन्न भएर अगाडि बढिरहेको छ । यसको कारण के हो भने नइदम्पतीमा निष्ठा र जाँगर प्रचुर मात्रामा रहेको छ । संस्थाको विधानबाट अलिकति पनि पर नसरी त्यसैलाई गीता मानेर सही कर्म गरेपछि जस्तोसुकै काम पनि हुँदो रहेछ भन्ने उदाहरण मैले देखेको यही नइ नै हो ।

नइ प्रकाशनले नेपाली भाषासाहित्यलाई मात्रै उन्नत र उर्बरा बनाउने प्रयास गरेको देखिएको छैन । यसले त समाजको विविध पाटोमा संलग्न व्यक्तिहरूको पहिचान गर्नुका अतिरिक्त विविध माध्यमबाट नेपाली समाजको कल्याणका लागि नइ दिनरात खटिइरहेको मैले देखिरहेकी छु । नइ प्रकाशन नेपालभित्र मात्र सीमित नरहेर नेपालभन्दा बाहिर पनि पुगेको छ । देशबाहिर बसेर नेपाल र

नेपालीको भलो चिताउने व्यक्तिहरूको समेत पहिचान गरी नइले उनीहरूको कार्यको प्रशंसा गर्दै विविध तरिकाले सम्मान र पुरस्कृत गर्दै आएको छ ।

नेपाली कला संस्कृतिको विकास, समाजसेवाका लागि हौसला, विज्ञानको चमत्कारपूर्ण खोजी कार्य, खेलकुदजगत्को विकास आदि विविध क्षेत्रमा योगदान पुऱ्याउने उत्कृष्ट व्यक्तित्वहरूको छनोट गरी उनीहरूको हौसला, जोस र जाँगर बढाउनका निमित्त नइ प्रकाशनले हरप्रयास गरिरहेको छ । देशविदेशका प्रतिभाहरूलाई पुरस्कृत गर्नेदेखि उनीहरूलाई बाटो देखाउने कामसमेत नइ प्रकाशनले गर्दै आइरहेको छ । तीन वर्षका बालबालिकादेखि एक सय तीन वर्षका शताब्दी पुरुषलाई समेत नइले आफ्ना काँधमा बोक्न छाडेको देखिएन । उत्कृष्ट प्रतिभाको क्षमता तथा कार्यको पहिचान गरी उनीहरूलाई समाजसामु चिनाउँदै आउने पनि नइ प्रकाशन भएको छ ।

नेपाल र नेपालीको गौरव नेपाली साहित्यका त्रिमूर्तिको पूर्ण कदको सालिक एकै ठाउँमा उभ्याएर त्रिमूर्ति निकेतनको स्थापना गरेर नइले स्तुत्य काम गरेको छ । साथै नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका आजीवन प्राज्ञले खाइआएको भत्ता गणतान्त्रिक सरकारले हटाउँदा ती अमर प्राज्ञहरू शताब्दी पुरुष सत्यमोहन जोशी, श्यामदास वैष्णव, ईश्वरवल्लभ, कृष्णाचन्द्रसिंह प्रधानलगायतलाई आजीवन प्राज्ञको भत्ता नेपाल मजदुर किसान पार्टीको मद्दतद्वारा दिलाएर पनि नइले धेरै पुण्य काम गरिसकेकै थियो । अरूले नगरेका र गर्न नसकेका यस्ता विशेष काम गरेर नइ धेरैको धन्यवादको पात्र बनिसकेकै थियो । सरकारसमक्ष यस्ता महत्त्वपूर्ण र आवश्यक कुरामा जोड गरेर, पहल गरेर र धाएर पास गराउनु सानो कुरा नै होइन । तर अरूले नसोचेको काम पनि नइले खराखर गरेर देखाइदिने गरेको छ ।

विनाशकारी भूकम्पले होस् वा बाढीपहिरोले होस्, देशमा धनजनको क्षति भएका बेलामा नइ प्रकाशनले आफ्नो क्षमताले भ्याएसम्म सहयोग गर्दै आएको छ । यसका संस्थापक नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईले यति ठूलो काम गरेर नेपालको इतिहासमा गौरवशाली व्यक्तिको रूपमा आफूहरूलाई उभ्याइसक्नुभएको छ । नइको योगदानलाई नेपाल र नेपालीले युगयुगसम्म उच्च सम्मानको रूपमा सम्झिरहनेछन् । यस्ता व्यक्तित्वहरूको नजिक बसेर काम गर्न पाउँदा र नइको बहिनी हुन पाउँदा म आफूलाई गर्बिलो महसुस गर्दछु ।

# हाम्रो उपलब्धि

**गेहेन्द्रमान अमात्य**

नइ प्रकाशनले नइ रजत महोत्सव (२०५२–२०७७) वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशीको संयोजकत्वमा भव्य रूपमा मनाएको थियो । विगत पच्चिस वर्षमा नइ प्रकाशनले गरेको कामको सही मूल्याङ्कन गर्ने हो भने नइ प्रकाशनलाई नेपालकै सर्वश्रेष्ठ वाङ्मयको सामाजिक संस्थाको रूपमा मान्नुपर्ने हुन्छ । नेपालको सामाजिक वाङ्मय संस्थाको इतिहास हेर्ने हो भने १९७० सालमा राणा शासनकालमा गोरखा भाषा प्रकाशिनि समितिनामक सरकारी स्वामित्वको प्रकाशन संस्था स्थापना भएको हो । पछि यही समिति १९८९ सालमा नेपाली भाषा प्रकाशिनी समिति भएको हो । नेपालमा १९७० सालदेखि पुस्तकहरू प्रकाशित भएका थिए । हाल नेपाली भाषा प्रकाशिनी समितिको काम साझा प्रकाशनबाट भइरहेको देखिन्छ । नेपालमा अन्य निजी क्षेत्रको प्रकाशन संस्थाहरू भए पनि नइ प्रकाशनको दाँजोमा कुनै पनि प्रकाशन समितिहरू देखिँदैन । फेरि नइ प्रकाशनमा मात्र अल्झेको संस्था पनि होइन । यस संस्थाले नेपाल सरकारबाट गठित विभिन्न वाङ्मयिक संस्थालाई समेत उछिनेर आफ्नो गरिमा स्थापित गरेको छ ।



नइ प्रकाशनले साझा प्रकाशन र अन्य प्रकाशन संस्थाहरूले जस्तो पुस्तक प्रकाशित गर्ने काम मात्र नगरी नइमार्फत विशालविशाल अन्तर्राष्ट्रिय सभासम्मेलनहरू पनि हुँदै आएका छन् । अरू स्वनामधन्य पुरस्कार गुठी र नेपाल प्रज्ञाप्रतिष्ठान आदिले गरेको भन्दा व्यापक र प्रभावकारी रूपमा देश तथा विदेशबाट विशिष्ट प्रतिभालाई छानीछानी चयन गरी कला, साहित्य, सङ्गीत र अन्य विविध क्षेत्रमा विशिष्ट योगदान गर्दै राष्ट्रको यश र गरिमा बढाउने साधकहरूलाई पुरस्कृत गर्ने काम भव्य रूपमा भइरहेको छ ।

मेरो दृष्टिकोणमा यसरी पच्चिस वर्षसम्म भव्य रूपमा, अनवरत रूपमा नइ प्रकाशनले गरिरहेको काममा नइ प्रकाशनलाई आर्थिक सहयोग गर्ने दाताहरूकै ठूलो अहम् भूमिका रहेको देखिन्छ । जसरी महाभारतको युद्धमा पाण्डव पक्षले गरेको सफलतामा भगवान् श्रीकृष्णको अहम् भूमिका रहेको थियो । त्यसै गरी नइ प्रकाशनले गरेको प्रगति, आश्चर्यजनक गतिविधिमा खनूप्रुदे रामबाबु प्रसाई र पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्ट आदिजस्ता दाताहरूको सहयोगको अहम् भूमिका रहिआएको देखिन्छ । महान् दाताहरू रामबाबु प्रसाई र कीर्तिनिधि विष्ट बितिसक्नुभएको छ । उहाँहरूकै सहयोगको रकमबाट नइ प्रकाशनले चमत्कारी रूपमा गतिविधि गर्दै आइरहेको देख्दा आकाशमा उदाइरहेको सूर्यले माथिबाट पृथ्वीमा आफ्नो प्रकाश र ताप दिइरहेको जस्तो मलाई लागेको छ ।

नइ प्रकाशनले गरेका कामहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण र ऐतिहासिक काम साहित्यको क्षेत्रबाट राष्ट्रलाई विशिष्ट योगदान पुऱ्याउने कवि माधवप्रसाद घिमिरेलाई राष्ट्रकविको उपाधि जीवित छँदैमा सरकारी स्तरबाट दिलाएको र यसै गरी संस्कृतिविद् र भाषासेवी सत्यमोहन जोशीलाई पनि सरकारबाटै वाङ्मय शताब्दी पुरुषको उपाधि दिलाउनु हो । सरकारी स्तरबाट होस् वा नइ प्रकाशनजस्तो निजी क्षेत्रबाट होस्, राष्ट्रको अत्यन्त प्रतिभाशाली

व्यक्तिहरूलाई जीवित छँदैमा आफ्नै आँखाअगाडि पाउनुपर्नेजति सम्पूर्ण सम्मान दिलाउनुपर्ने देखिन्छ । मरणोपरान्त उहाँहरूको नाममा स्मृतिसभा गर्नु र अन्य महोत्सव गर्नुभन्दा जीवित छँदैमा गर्नु प्रभावकारी हुने देखिन्छ ।

त्रिमूर्ति निकेतनले २०७१ साल मङ्सिर १५ गते संस्कृतिविद् सत्यमोहन जोशीलाई उहाँ पन्चान्नब्बे वर्षको हुँदा नै थप पाँच वर्ष उमेर थपेर पाँच लाख रुपियाँ राशिसहित 'शताब्दी पुरुष'को उपाधि घोषणा गरेको थियो । त्यसपछि धेरै संस्थाहरूले उहाँलाई पुरस्कारका राशिहरू बर्साउन थालेका थिए । साथै विभिन्न सङ्घसंस्थाहरूले उहाँकै प्रमुख आतिथ्यमा कार्यक्रमहरू सञ्चालन गर्न थालेका थिए । सभासमारोहहरूमा जान उहाँलाई भ्याईनभ्याई हुन्थ्यो । नइ प्रकाशन र त्रिमूर्ति निकेतनका प्राय: सबैजसो कार्यक्रमहरूमा शताब्दी पुरुष सत्यमोहन जोशी नै प्रमुख अतिथिको रूपमा रहनुहुन्थ्यो । शताब्दी पुरुष सत्यमोहन जोशीको निवासस्थानमा उहाँलाई भेट्न जाने मानिसहरूलाई उहाँ सधैँ नइ प्रकाशनको तारिफ गर्नुहुन्थ्यो । नइको कार्यक्रम तथा अन्य सभासमारोह र कार्यक्रमहरूमा मन्तव्य दिने क्रममा 'नइ प्रकाशनले सरकारी स्वामित्वको करोडौँ रुपियाँको अनुदानबाट सञ्चालित नेपाल ललितकला प्रज्ञाप्रतिष्ठान, नेपाल प्रज्ञाप्रतिष्ठान र नेपाल सङ्गीत नाटच प्रज्ञाप्रतिष्ठानले भन्दा प्रभावकारी रूपमा कार्यक्रमहरू गरेको, पुरस्कारहरू समर्पण गरेको, पुस्तकहरू प्रकाशित गरेको छ' भन्ने कुरा वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीले उल्लेख गर्दै आउनुभएको हामी धेरैले प्रत्यक्ष सुन्दै आएका थियौँ । वास्तवमा शताब्दी पुरुष जोशीले भन्नुभएको कुरा सत्य र यथार्थ पनि हो । किनभने नइ प्रकाशनको टक्करमा अहिले कुनै पनि वाङ्मयका संस्था छँदा पनि छैनन् भने पनि हुन्छ ।

सत्यमोहन जोशीको जीवनकालमा नै त्रिमूर्ति निकेतनले २०७१ साल मङ्सिर १५ गते पन्चान्नब्बे वर्षकै उमेरमा सय वर्षमा

गर्नुपर्ने शताब्दी पुरुष भनेर सम्मान गरेको, 'शताब्दी पुरुष सत्यमोहन जोशी' शीर्षकको पुस्तक प्रकाशित गरेको, नेपाल सरकारको मन्त्रिपरिषद्को बैठकबाटै शताब्दी पुरुषको बारेमा छलफल भई वाङ्मय थपेर वाङ्मय शताब्दी पुरुषको उपाधि प्रदान गर्ने नइकै पहलमा निर्णय गराई राजपत्रमा समेत उल्लेख गरिएको थियो । यसैको आधारमा नेपाल सरकार, हुलाक सेवा विभागले हुलाक टिकट प्रकाशित गरेको, नेपाल सरकार टक्सार कार्यालयले नेपाली सिक्का निष्कासन गरेका थिए । यी सबै उपलब्धि एकपछि अर्को पाउँदै गरेकोमा त्रिमूर्ति निकेतन र नइ प्रकाशन र खास गरी नइ प्रकाशनका संस्थापकद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको योगदान अतुलनीय भएको वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीले भनिरहनुहुन्थ्यो । हुन पनि नइ प्रकाशनका संस्थापकद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले नै सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुषको उपाधि दिलाएर उहाँको प्रतिष्ठा थप्दै जाने काम गरेका थिए । नइ प्रकाशनको अभिभावकको रूपमा वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशीलाई नइहरूले मान्यता दिएका थिए । यसरी वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको जीवनकालमा नेपाली समाजबाट सम्मानमाथि सम्मान थप्दै लैजाने काम नइ प्रकाशनका संस्थापकद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको रहेको देखिन्छ ।

नइ प्रकाशनले विगत पच्चिस वर्षदेखि चमत्कारी र प्रभावकारी रूपमा नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदको विकासका लागि नियमित रूपमा कार्यक्रमहरू गर्दै आइरहेको छ । यो सबै नइको स्थापना गर्न र सञ्चालन गर्न आर्थिक सहयोग जुटाउन आकर्षित पार्न सक्ने क्षमता भएका संस्थापकद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको कुशल नेतृत्व र सक्षम साधनाको फल हो भन्ने मलाई लागेको छ । उहाँहरू दुवै जना उस्तैउस्तै

मौलिक लेखक, साहित्यकार, प्रखर संयोजक, प्रखर उत्प्रेरक, प्रखर वक्ता, परिपोषक भएको हुनाले एकपछि अर्को नयाँ कार्यक्रमहरूको आयोजना हुने गरेको देखिन्छ ।

नइले पुस्तक प्रकाशित गर्ने, पुरस्कार समर्पण गर्ने र अन्तर्राष्ट्रिय सभासम्मेलनहरूको काममा मात्र आफूलाई सीमित नराखी अन्य ठूला तथा भव्य कामहरू पनि गर्ने गरेको छ । नइको अर्को महत्त्वपूर्ण पाटो भनेको २०६१ सालमा त्रिमूर्तिको पूर्ण कदको ढलौटको प्रतिमा सञ्चारग्राममा प्रतिस्थापन गराउनु हो ।

सरसर्ती भन्नुपर्दा नइले २०५९ सालमा बालकृष्ण सम शताब्दी महोत्सवको सानदार आयोजना गरेको थियो । अर्को वर्ष अर्थात् २०६० सालमा कवि माधवप्रसाद घिमिरेलाई राष्ट्रकविको उपाधि प्रदान गराइएको थियो । नइद्वारै २०६५ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटा शताब्दी महोत्सवको आयोजना भएको थियो । २०६६ सालमा अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलनको आयोजना भएको थियो । नइबाट २०७१ सालमा विश्वनारी नेपाली साहित्य सम्मेलनको आयोजना भएको थियो । २०७१ सालमा भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह भएको थियो । २०७१ सालमा नै डा.वानीरा गिरीलाई नेपाली साहित्यका विश्वनारी रत्न उपाधि प्रदान गरी रथमा राखेर नगर परिक्रमा गराइएको थियो । २०७४ सालमा संस्कृतिविद् सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुषको उपाधि प्रदान गराइएको थियो । यस्तै २०७७ सालमा प्रा.डा.वासुदेव त्रिपाठीलाई महासमालोचकको उपाधि प्रदान गराइएको थियो ।

नइले पच्चिस वर्षभित्र विभिन्न विषयको पुस्तक प्रकाशित गरिसकेको छ र विभिन्न पुरस्कार प्रदान गरिसकेको छ । यसको अतिरिक्त लक्ष्मीप्रसाद देवकोटा शताब्दी स्वर्णपदक, सत्यमोहन जोशी शताब्दी पदक र नइ रजत महोत्सव पदक सयौँले पाइसकेका छन् ।

नइ प्रकाशनसँग मेरो संलग्नता र मलाई प्राप्त भएको उपलब्धिहरूको बारेमा उल्लेख गर्नुपर्दा नइ प्रकाशनका संस्थापकद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईसँगको व्यक्तिगत सम्पर्क र कला र साहित्यको क्षेत्रमा मेरो संलग्नता नै हो । म श्री ५ को सरकार प्रचार विभागको प्रकाशन शाखामा काम गरेको समयमा २०४० सालदेखि नरेन्द्रराज प्रसाईसँग मेरो भेटघाट भइरहने गर्दथ्यो । सूचना विभागको निर्देशकहरू प्राय: साहित्यकार नै हुन्थे, जस्तो कि बालकृष्ण सम, नारायणप्रसाद बाँस्कोटा, भीमनिधि तिवारी, कालीप्रसाद रिजाल र परशु प्रधान उहाँहरूमध्येलाई भेट्न नरेन्द्रराज प्रसाई सूचना विभागमा आइरहनुहुन्थ्यो । सूचना विभागको राजदरबारको संवाद सचिवलायसँग सम्पर्क भइरहने गर्दथ्यो । म.वी.वि.शाहको कवितासङ्ग्रह 'उसैको लागि' र 'चाँदनी शाह : आफ्नै आकाश, आफ्नै परिवेश'नामक पुस्तक आदिको सिलसिलामा नरेन्द्रराज प्रसाई सूचना विभागमा आइरहनुहुन्थ्यो । त्यसपछि २०५८ सालमा नरेन्द्रराज प्रसाईले लेख्नुभएको 'बाङ्देलको जीवनयात्रा' र The Glory of Nepal (A Biography of Lain Singh Bangdel) पुस्तकमा रहेको मेरो बाङ्देलसँग भएको सम्बन्धको विषयमा कुराकानी भएको थियो । त्यसपछि २०६१ सालमा नाफामा मेरो छब्बिसौँ एकल कला प्रदर्शनीको उद्घाटन हुँदा र समीक्षा तथा समापन समारोह हुँदा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई उपस्थित हुनुहुन्थ्यो । मेरो कलाबाट प्रभावित भई इन्दिरा प्रसाईले 'अन्नपूर्ण पोस्ट'मा 'स्पेक्ट्रमको मञ्चबाट गेहेन्द्रमान'नामक लेख प्रकाशित गरिदिनुभएको थियो । पटकपटक भेट भइरहने क्रममा २०७१ सालमा मेरो भीमरथारोहणको निमन्त्रणामा र मेरो श्रीमतीको स्वर्गारोहण हुँदा समवेदनापत्र दिन उहाँहरू दुवै जना मेरा घरमा आउनुभएको थियो ।

२०६१ सालमा 'त्रिमूर्ति गाथा' पुस्तकमा 'महान् बन्यो' भन्ने मेरो लेख, २०७४ मा 'अविश्रान्त साधक घटराज भट्टराई'नामक

पुस्तकमा 'फुलेपछि ऋर्नैपर्ने'नामक मेरो लेख, २०७४ मै 'शताब्दी पुरुष गाथा'नामक पुस्तकमा 'नेपालकै रत्न'नामक मेरो लेख प्रकाशित भएको थियो ।


मैले २०६५ सालमा लक्ष्मीप्रसाद देवकोटाको मुहार चित्रकला प्रदर्शनीमा भाग लिन पाएको छु । २०६७ सालमा कुलपति वैरागी काइँलाबाट 'महाकवि देवकोटा शताब्दी स्वर्णपदक', २०७३ सालमा वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीबाट 'सत्यमोहन जोशी शताब्दी पदक', २०७६ सालमा शताब्दी पुरुष सत्यमोहन जोशीबाट एक लाख रुपियाँ राशिसहित 'नइ यउजा पुरस्कार' पाएको छु । साथै २०७९ साल साउन ७ गते नइ प्रकाशनका अध्यक्ष इन्दिरा प्रसाईबाट मैले 'नइ रजत महोत्सव पदक' पाएको छु ।

पुरस्कार र पदकका साथै मैले त्रिमूर्ति निकेतनको मानार्थ सदस्यता र कविशिरोमणि लेखनाथ काव्य सभाको सभासद् हुन पनि पाएको छु । यसरी मैले पाउनुपर्ने सबै नइबाट पाइसकेकाले मैले आफूलाई भाग्यमानी र गौरवान्वित ठानेको छु ।

# ऐतिहासिक धार्मिक यात्रा

**गोपाल झा**

नइ प्रकाशन नेपाली माटोको उपज हो । झट्ट हेर्दा साहित्यिक संस्था भनेर चिन्नुपर्ने नइ प्रकाशनले अर्थ बोकेको छ किनभने यसका संस्थापकद्वय साहित्यकार हुन् । साथसाथै नइबाट प्राय: धेरै साहित्यिक कामहरू सञ्चालन हुँदै आए । संसारभरिका प्राय: दुई दर्जनभन्दा बढी देशमा नइले आफ्नो सम्पर्क केन्द्रका रूपमा



साहित्यिक दूतहरू खडा गरेको छ । त्यसैले यो संस्था देशमा जति प्रख्यात छ विदेशमा पनि यसको महिमा कम छैन । आफ्नो उद्देश्यमा पास भएर नइ साहित्यको मेरुदण्डका रूपमा देखा परिरहेको हो । धेरैका मुखबाट सुनिन्छ नइको जोडा प्राज्ञिक संस्था उभिएका देखिएनन् । यसको निरन्तर सञ्चालनका साथै स्वच्छ र निष्ठापूर्णको कार्यबाट नइ संस्था धेरैको आस्था र विश्वासभित्र परेको हो भन्ने मलाई लागेको छ । तर नइले आजसम्म गरेका कामहरू नियाल्दा यसको काम कुराहरू केवल साहित्यमा मात्रै केन्द्रित देखिँदैन । नइ जनहितका लागि अगाडि बढिरहेको सांस्कृतिक संस्था पनि हो भन्न म रुचाउँछु । यस संस्थाले धेरै सामाजिक काम गरेका उदाहरणहरू छन् । यसै

सन्दर्भमा काशीमा नइबाट सम्पादन भएका एउटा विशिष्ट कुरा पनि मलाई यहाँ अघि सार्न मन लागेको छ ।

हामी प्राय: प्रत्येक नेपाली जीवनमा एक पटक काशीको यात्रा गर्न चाहन्छौँ । यो परम्परा प्राचीन कालदेखि अद्यावधिक चलिरहेको छ । काशी प्राचीनकालदेखि नै शिक्षादीक्षाको केन्द्र रहेकाले प्रत्येक धर्म, सम्प्रदायका अनुयायीहरूले यहाँबाट शिक्षादीक्षा ग्रहण गरी आआफ्नो धर्म, सम्प्रदायबारे प्रचारप्रसार गर्ने अवसर पाएका छन् । तसर्थ सनातन धर्मावलम्बीहरूका लागि मात्र नभई मानव मात्रका लागि पनि काशी पवित्र एवं पुण्य भूमि हो ।

काठमाडौँमा श्रीपशुपतिनाथ मन्दिरजस्तै काशीमा श्रीकाशी विश्वनाथ मन्दिर प्रसिद्ध छ । यस मन्दिरमा चढाएको जल, फूल, बेलपत्र आदि ललिताघाटमा विसर्जन गरिन्छ । ललिताघाट परापूर्व कालदेखि नै नेपालीघाटको नामले प्रसिद्ध थियो भने कालान्तरमा राजराजेश्वरीघाट र ललिताघाटको नामले प्रसिद्ध भयो । पछि राजराजेश्वरीघाट पनि ललिताघाटमै परिणत हुन पुग्यो । प्रमाणस्वरूप बनारस हिन्दु विश्वविद्यालय (BHU)को सङ्ग्रहालयमा प्रदर्शनीमा राखिएको तैलचित्र नै हो । त्यस चित्रमा राजराजेश्वरीघाट र ललिताघाट प्रस्तुत गरिएको छ । तर काशी नरेश डा.विभूतिनारायण सिंहले नेपालका राजा वीरेन्द्रलाई लेखेको पत्रमा नेपालीघाट लेखेकाले यो नेपालीघाट नै हो भन्न सकिन्छ ।

ललिताघाटको प्रसङ्ग आएपछि नइ जोडीको पनि चिरस्मरणीय र ऐतिहासिक तथ्य जोडिनु आवश्यक देखिन्छ । त्यो कुरा के हो भने– नइ प्रकाशनका संस्थापक (नरेन्द्रराज प्रसाई र श्रीमती इन्दिरा प्रसाई)को काशीयात्राको प्रमुख उद्देश्य ललितत्रिपुरसुन्दरीद्वारा स्थापित कीर्तिहरूको अन्वेषण गर्नु रहेको थियो । छोरी अनुकृतिकासहित नइ जोडी २०७२ साल चैत १७ गते बनारसको ललिताघाट पुगनुभएको थियो । उहाँहरूको ललिताघाटको अवलोकनले त्यस क्षेत्रमा नै एउटा

नयाँ वस्तुस्थिति खडा गरिदिएको थियो । जुन काम चाहेर पनि हामी कसैबाट सम्पादन हुन सकेको थिएन । नइका कारणले हराएका सम्पदा भेटिए, यो हाम्रा लागि धेरै ठूलो उपलब्धि हो । नइले गर्दा नै लुटिएका र हराएका रणमुक्तेश्वर मन्दिरका ती केही प्राचीन सम्पदा ललिताघाट क्षेत्रले आफ्नो अधीनमा राखेर संरक्षण गर्न पाएको छ । त्यसैले त्यस ठाउँमा नइ सधैँ अजर, अमर रहने कुरा मलाई निवेदन गर्न मन लागेको तथ्य हो ।

नइ ललिताघाट बसाइको क्रममा मन्दिरपरिसरमा गुलाब यादवले लुटेर लुकाइएका मन्दिरका सम्पदाहरूको खोजमा लाग्नुभएको थियो । केही दिनको अविरल प्रयासका कारण मन्दिरहरूको गर्भगृहको फोटो खिच्न नइ सफल हुनुभयो । यसबारे नरेन्द्रराज प्रसाईले लेख्नुभएको 'प्रथम नारी स्रष्टा ललितत्रिपुरसुन्दरी'नामको पुस्तकको तेस्रो संस्करणमा प्रकाशनमा आएको छ । त्यस किताबको 'ललितत्रिपुरसुन्दरीको काशीमा कीर्तिस्तम्भ' भन्ने शीर्षकमा सत्यतथ्यसहित पूर्ण जानकारी र ती फोटोहरू प्रकाशित भएका छन् । यिनै फोटोहरूको आधारमा कब्जा गरेर बसेको गुलाब यादवलाई त्यहाँबाट हटाउन सफलता प्राप्त भएको हो । दुई सय वर्षको इतिहास नै मौन रहेको विषयवस्तु र प्राप्त दस्तावेजहरूसमेत प्रसाईले यस संस्करणमा प्रकाशित गरेर ललिताघाट र यस घाटमा रहेका सम्पदाहरू नेपाल सरकारको हो भनेर भविष्यका लागि प्रमाण देखाइदिनुभएको छ । यस अर्थमा नइको त्यो यात्रा ऐतिहासिक भएको मानिन्छ ।

'फूलको बास्ना डाँडावारि, कीर्तिको बास्ना डाँडापारि' भन्ने एउटा उखान छ । अर्थात् नेपाली भाषासाहित्य, कला, संस्कृति, ज्ञानविज्ञान, खेलकुल, समाजसेवाजस्ता वाङ्मयका क्षेत्रमा काम गर्न नेपाल सरकारद्वारा स्थापित संस्थाहरू देशभित्र मात्र सीमित छन् भने नइ प्रकाशन संसारभरि फैलिएको छ । समयको एउटा विशेष

परिस्थितिले दुई प्रतिभालाई जोडिदियो र साहित्यको विकास गर्ने नइ प्रकाशन जन्म्यो । नरेन्द्र र इन्दिराको जोडाका कारण एक सबल संस्थाको स्थापना भयो र अन्तर्राष्ट्रिय स्तरको साहित्यिक संस्था सञ्चालनमा नइ प्रकाशन प्रखर र क्रियाशील भयो ।

नेपाली साहित्यसंसारमा नइले स्थापित गरेका केही विशिष्ट विषयमध्ये राज्यले कविवर माधव घिमिरेलाई दिएको राष्ट्रकविको उपाधि हो । नइले एक दशकसम्मको प्रयास गरेर नै घिमिरेलाई राष्ट्रकवि दिलाएको थियो । सम्माननीय प्रधानमन्त्री सुशील कोइरालामार्फत डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्वनारी रत्न'को उपाधि नइले नै समर्पण गराएको थियो । त्यसै गरी नेपाली वाङ्मयका विशिष्ट व्यक्तित्व डा.सत्यमोहन जोशीलाई नइकै पहलमा राज्यले 'वाङ्मय शताब्दी पुरुष' उपाधि प्रदान गऱ्यो । नइले भाषासाहित्यको मात्र सेवा गरेको छैन, नइले गैरराजनीतिक चिन्तन र दूरदृष्टि राखेर अमर प्राज्ञहरूको संरक्षणका लागि अहोरात्र काम गरिरहेको छ । नइद्वारा प्रकाशन भएको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'को तेस्रो संस्करणले वाराणसीको नेपालीघाट र त्यहाँ रहेका मन्दिर, धर्मशालालाई विश्वस्तरमा प्रचारप्रसार गरेको छ भने नेपाल सरकारसँग आफ्नो स्वामित्वबारे कुनै प्रमाण नरहेको अवस्थामा नइले हराएका मन्दिर देखाएर सञ्जीवनीको काम गरेको छ । वास्तवमा यस्तै अनेक राम्रा काम नइले गर्दै आएको छ, जहाँ हाम्रा आँखा पुगेका छैनन् । किनभने ललिताघाटसँग सम्बन्धित नभएको भए मेरा आँखा पनि यो ऐतिहासिक तथ्यसम्म पुग्न सक्तैन थियो । त्यसैले पनि नइ प्रकाशनको यश र श्रीवृद्धि भइरहेको मैले ठहर गरेको छु ।

# कर्मका थुङ्गाहरू

**गोविन्द गिरी प्रेरणा**

नेपाली साहित्यमा नइ भनेपछि नचिन्ने सायद कमै होलान् भन्छु म । नइको नाम नइ पुरस्कारसँग जोडिएको छ । संस्थागत गतिविधिमा जोडिएको छ । स्मृतिग्रन्थहरूमा जोडिएको छ । अभिनन्दन



ग्रन्थहरूमा जोडिएको छ । यी सबै कामको तारिफसँग जोडिएको छ । आलोचना, तीव्र आलोचनासँग जोडिएको छ । त्यसैले नेपाली साहित्यमा नइको नाम सर्वत्र छाएको छ । यो नामले ढपक्कै ढाकेको छ ।

र नइ भनेको एक जोडीको नाम हो । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नामबाट नै नइ बनेको हो । तर अब यो नाम दुई व्यक्तिको नाम मात्र नभएर नेपाली साहित्यमा एक बिम्बको रूपमा देखिएको छ । प्रतीकको रूपमा देखिएको छ । एक किंवदन्तीको रूप लिँदै गरेको रूपमा देखिएको छ ।

कहिलेकाहीँ कुनै वस्तु वा संस्थाले यस्तो अर्थ बोक्न थाल्दछ, जुन प्रारम्भिक र सोझो रूपमा त्यो हुँदैन । त्यसको व्याप्ति विस्तृत हुन्छ । दृष्टान्तको रूपमा लिऊँ, 'साझा पुरस्कार ।' साझा प्रकाशन हाल अप्ठ्यारो समयबाट गुज्रिरहेको छ तर सारसौँदो अवस्थामा

साझा प्रकाशनको गरिमामयपन 'साझा पुरस्कार'सँग जोडिएको थियो । साझा पुरस्कार भनेको साझा प्रकाशनले वर्षभरि प्रकाशन गरेका पुस्तकहरूमध्ये एउटा कृतिले पाउने सामान्य पुरस्कार थियो । यो कुनै ठूलो पुरस्कारै थिएन । तर यसको प्रतिष्ठा ठूलै पुरस्कारका रूपमा स्थापित भयो जनमानसमा ।

अर्को दृष्टान्त, साहित्यिक पत्रकार सङ्घ । यो संस्था भानुका सम्पादक भवानी घिमिरेको सुझबुझ र अगुवाइमा उनकै अध्यक्षतामा तीसको दशकको पूर्वार्धमा स्थापना भएको थियो । तर त्यति बेला साहित्यिक पत्रकारहरू कम भएका र सक्रिय साहित्यकारहरूको संलग्नता अपरिहार्य महसुस गरेर उनले साहित्यिक पत्रकारहरूको साथसाथै साहित्यकारहरूलाई पनि संस्थामा समावेश गरे । पछि त यो साहित्यिक पत्रकारहरूको संस्थाभन्दा पनि साहित्यकारहरूको संस्थाझैँ भयो । नाम साहित्यिक पत्रकार सङ्घ भए पनि ।

मलाई लाग्छ नइ प्रकाशनले पनि यसरी नै अर्थ व्याप्ति पाएको छ । नाम नइ प्रकाशन भए पनि यसले एउटा गम्भीर साहित्यिक संस्थाले गर्ने काम गरिरहेको छ ।

नइ प्रकाशन एउटा प्रकाशन संस्था पनि हो । नामै नइ प्रकाशन भएपछि प्रकाशन नगर्ने कुरै भएन । तर यो प्रकाशन, व्यावसायिक प्रकाशन होइन । व्यावसायिकता यो प्रकाशनको मूलभूत उद्देश्य होइन । समय परिस्थितिअनुसार आवश्यक र जरुरी पुस्तकहरू यसले प्रकाशन गर्दछ र प्रायः नइ प्रकाशनका पुस्तकहरू नइ प्रकाशनका विविध समारोहमा नि:शुल्क वितरण गर्ने परिपाटी नै छ जतिसुकै मूल्यको र जत्रोसुकै ठूलो ग्रन्थ नै किन नहोस् ।

नइ प्रकाशनले साहित्य प्रकाशन र गतिविधि मात्र होइन नइ पुरस्कारको स्थापना गरेर बर्सेनि वाङ्मयका विविध क्षेत्रका प्रतिभालाई पुरस्कृत गर्ने गरेको छ । यस्तो पुरस्कारको सङ्ख्या तीस पुगेको छ ।

कुनै एउटा निजी संस्थाले यतिविधि पुरस्कार स्थापना र वितरण कल्पनातीत लाग्छ । राज्यले पनि गर्न नसकेको काम नइ प्रकाशनले गरेको छ ।

विदेशमा बसेर पनि नेपाली भाषासाहित्यमा योगदान पुऱ्याएबापत भनी 'नइ गणेशदुर्गा अन्तर्राष्ट्रिय पुरस्कार' दिनेबारेको मलाई पनि सन् २०१८ मा नइ प्रकाशनबाट जानकारी पठाइएको थियो । संस्थाले पुरस्कृत हुने सम्बन्धितलाई पूर्वजानकारी दिने र अनुमोदन आएपछि मात्र पुरस्कारको घोषणा गरिने प्रक्रिया मलाई राम्रो लाग्यो । मैले पुरस्कार पाएपछि नइ प्रकाशनसँग पुरस्कृत हुनुको नातासमेत जोडियो । यो बेग्लै कुरा हो । नइ प्रकाशनबाट मेरा कुनै कृति प्रकाशन भएको छैन । मैले आग्रह पनि गरेको छैन र नइबाट मलाई अनुरोध पनि आएको छैन ।

म झन्डै दुई दशकदेखि अमेरिकालाई कर्मभूमि बनाएर बसेको छु, अतः यस अवधिका कतिपय गतिविधिको म साक्षी नभए पनि सञ्चारको माध्यमबाट र नेपाल निरन्तर आइरहँदा सबैजसो गतिविधिको जानकार भने अवश्य छु । यस्तो संस्थाको पच्चिस वर्ष, अर्थात् रजत वर्ष अक्षरसेवीहरूले हर्षबढाइँ गर्ने वर्ष हो भन्ठान्दछु । नइको स्वर्णवर्ष पनि हेर्न पाइयोस् ।

नइ प्रकाशनले प्रदान गर्ने पुरस्कारको रकम पूरा पाइँदैन । कतिले आधा रकमको चेक मात्र पाउँछन् । कतिले रित्तो खाम पाउँछन् जस्ता मैले पनि अनेकन् हल्ला सुनेको थिएँ । आफूले नइको कुनै पुरस्कार पाएको थिइनँ । कसरी पाइन्छ थाहा पनि थिएन । अतः ती हल्लाहरू साँचो हुन् कि फगत हल्ला हुन्, त्यो जान्ने कुनै उपाय थिएन । तर जब मैले 'नइ गणेशदुर्गा अन्तर्राष्ट्रिय पुरस्कार' पाएँ, मेरो खुलदुली खाममा थियो । पैसा पाउन आतुर भएर होइन, कति रकम छ त्यो खामभित्र, त्यो जान्नका लागि म आतुर थिएँ । नइ प्रकाशनको सेतो खामभित्र पूरै एक लाख रुपियाँको चेक थियो । त्यो

चेक मैले बैङ्कमा डिपोजिट गरेँ । खातामा पूरै एक लाख जम्मा भयो । अनि मलाई भूपी शेरचनको कविता याद आयो– 'यो हल्लै हल्लाको देश हो ।'

नइका पुरस्कारहरूले लिङ्गभेद गरेको पाइन्न, जातिभेद गरेको पाइन्न, राजनीतिक भेद गरेको पाइन्न, क्षेत्रीय भेद गरेको पाइन्न । राजनीतिमा नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाई प्रस्टै छन् । उनीहरू राजावादी हुन् । तर नइ प्रकाशनको आँगनमा नारायणमान बिजुक्छे अटाएका छन् । मोदनाथ प्रश्रित अटाएका छन् । मोहन वैद्य 'किरण' अटाएका छन् । वैरागी काइँला अटाएका छन् । यो नइको उदात्त उदारता हो । म आफैँ कुनै राजनैतिक दलवादी होइन, स्वतन्त्र प्रजातान्त्रिक विचार हो मेरो । यो पक्ष नइको तारिफयोग्य हो । नइ प्रकाशनभित्र राजनीति हुँदैन, त्यहाँ कुनै राजनीति गर्न मिल्दैन । नइले नइ प्रकाशनलाई गैरराजनीतिक क्षेत्र बनाएको छ ।

नइ, प्रकाशन नामले नइ प्रकाशन भए पनि साहित्यिक गतिविधि सञ्चालन, पुरस्कारको स्थापना र सञ्चालन एवं वितरण तथा पुस्तक प्रकाशन, मूलभूत रूपमा यी तीन पक्षमा काम गरिरहेको छ । तर सबभन्दा बलियो पक्ष र चासोको पक्ष भने पुरस्कार देखिएको छ । यो पुरस्कारको पक्षमा चासो हुनुको कारण पुरस्कारको आकाङ्क्षीका कारण, पुरस्कारको रकमका कारण, पुरस्कारले दिने सन्तुष्टि र प्रतिष्ठा वृद्धिको कारण हो । यस्तै गतिविधिका कारण नै नइ प्रकाशन निरन्तर जीवन्त देखिँदै आएको छ ।

मेरो सोचलाई स्वनामधन्यहरूले पनि यसरी लालमोहर लगाएको देखेपछि म आफैँ आफ्नो सोचप्रति पुनः सन्तुष्ट भएँ । नइका बारे वैरागी काइँलाले भनेका छन्– 'स्थापनाकालदेखि नै यो प्राज्ञिक संस्था वाङ्मयका प्रायः हरेक फाँटमा समर्पित भएर निष्पक्ष र जागरूक रूपमा अग्रसर भएको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पहुँच पुऱ्याएर नइ प्रकाशनले नेपाल राष्ट्रकै प्रतिष्ठा बढाउनसमेत महत्त्वपूर्ण

भूमिका खेलेको छ ।' त्यसै गरी कालीप्रसाद रिजालले भनेका छन्– 'सरकारी क्षेत्रबाट हुनुपर्ने र गरिनुपर्ने काम पनि नइ प्रकाशनले सफलताका साथ पूरा गरेर प्रेरणादायक उदाहरण प्रस्तुत गरेको छ ।' नइबारे यस्ता भनाइ अनेकानेक छन् । दृष्टान्तहरू अनेकानेक छन् ।

पच्चिस वर्ष त्यसै पुगेको होइन नइ संस्था, कामले हो । साहित्यिक कामले हो । वाङ्मयिक कामले हो । नथाकेर हो र निरन्तरता दिएर हो । आऊन् अनेकन् यस्ता पच्चिस वर्षहरू । ढकमक्क फुलून् साहित्यको बगैँचामा कर्मका थुङ्गाहरू । फैलियोस् मगमगाहट सर्वत्र ।

# सभ्यता निर्माणको बलियो जग

**चित्रा पौडयाल**

नेपाली भाषासाहित्य, कला, सङ्गीत, शिक्षा आदिको संरक्षण र विकास गर्दै आएको एउटा प्रमुख संस्थाको नाम हो– नइ प्रकाशन । नेपाली समाजमा काम गर्न कति गाह्रो हुन्छ तर पनि अविश्रान्त रूपमा नइले आफ्नो गन्तव्यलाई एकनासले अघि बढाइरहेको छ । वाङ्मयको क्षेत्र नइको प्रमुख कार्य भए तापनि राष्ट्रको बहुआयामिक विधाको गहन रूपमा जिम्मेवारी लिएर नइले अनुकरणीय कर्तव्य निभाइरहेको पाइन्छ ।



दीर्घकालीन उच्च लक्ष्य लिएर दृढ सङ्कल्पकै कारणले नइ प्रकाशनले आज नेपालमा मात्र नभएर विश्वभरि नेपाली स्रष्टाका घरघरमा चर्चा पाएको छ, सम्मान पाएको छ । नइले त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसनको समेत बलियो जग हालेको छ । ती संस्थाहरूको कार्य सञ्चालन यति राम्ररी भएको छ कि ती तथ्यले गर्दा हाम्रै शिर पनि उँचो भएको मैले महसुस गरेकी छु । साहित्यमा निष्ठा र निष्पक्षता राख्नुपर्छ र त्यसको पालना विवेकपूर्ण ढङ्गले गर्नुपर्छ भन्ने मान्यता नइको छ र नै यस संस्थाप्रति जनविश्वास बढेको हो । नइ प्रकाशनको कार्य

गराइले गर्दा यो संस्था नेपालले नै गौरव मान्ने साहित्यिक थलो भएको हो ।

कर्ममा प्रेम भएपछि कस्ता नयाँनयाँ खोज र अनुसन्धानमूलक कार्य गर्न सकिन्छ भन्ने ज्वलन्त उदाहरण नइ प्रकाशनले दिएको छ । नेपाली वाङ्मयजगत्मा स्रष्टा र सृजनाको गरिमा बढाउने व्यक्तिगत स्तरमा एक विशिष्ट साहित्यिक संस्थाले अभिभावकको भूमिका यसरी निभाउन सक्नु चानचुने कुरा होइन । अथक प्रयास, सभ्यता निर्माणको चेतनाको कारणले स्रष्टाहरू आज नइप्रति प्रेरित भएका छन् । विभिन्न पुरस्कारहरू र सम्मान मात्र होइन प्रकाशनसमेत गरिदिने वैशिष्टचले गर्दा नइ प्रकाशन सदासर्वदा स्रष्टाहरूका हृदयमा सम्मानित भएको छ ।

नइ प्रकाशन नै यस्तो संस्था हो जसले एकै दिनमा पाँच सय जनालाई पुरस्कार, सम्मान र पदकबाट विभूषित गर्न सक्छ, दर्जनौँ कृति लोकार्पण गर्न सक्छ र खानपानसहित कितापका झोला हातहातमा सुम्पेर ससम्मान बिदा दिन सक्छ । नइका कार्यक्रममा गएपछि दर्शक या निम्तारुलाई चाँडै घर फर्कन मन नलाग्ने कारण नइको आत्मीय व्यवहार नै हो । नइ अघि सरेपछिका दिनबाट अन्य प्राय: साहित्यिक संस्थाहरूको चहलपहलबारेको चर्चा पनि नइले नै हात पारिसकेको छ ।

ठूलठूला सम्मेलनहरू गर्न सफल नइ संस्थाले राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रिय जगत्मा समेत आफ्नो छुट्टै उचाइ निर्माण गरिसकेको छ । कुनै पनि देशको संस्कृति जति फराकिलो हुन्छ र त्यो देश त्यति सम्पन्न हुन्छ र त्यो देश त्यति सभ्यताको शिखरमा पुग्दछ । वास्तवमा विकास भन्नु पनि मानवीय चेतनाको विकास नै हुन जान्छ । भाषा र संस्कृतिको जर्गेना नगर्ने हो भने समाज निष्प्राण बन्न पुग्दछ । आर्थिक, सामाजिक र राजनैतिक विकास पनि मान्छेबाटै गरिने हुँदा संस्कारयुक्त व्यवस्थापन जीवनपद्धति बन्नुपर्दछ । यस्ता

गम्भीर मूल्य र मान्यताहरू काव्य, दर्शन, कला, सङ्गीत आदिले नै राष्ट्र उकास्ने गरेको हुन्छ । आज नइले यो दूरदर्शिता राखेर उच्च किसिमको काम गरेबाट नेपाल प्रज्ञाप्रतिष्ठान नै फिक्का हुन पुगेको सर्वत्र चर्चा छ । नइले आफ्ना कामहरूलाई यति माथि उठाएको छ कि धेरैलाई यसले उछिनिरहेको छ । व्यक्तिगत स्तरमा कुनै लाभको मनसाय नराखी राष्ट्रको साहित्यको विकास र संवर्धनको जग बलियो बनाउन अहोरात्र दक्ष व्यवस्थापकीय शिल्पले द्रुत गतिमा हिँडेका कारण नइ प्रकाशन प्रेरक भूमिकामा रहेको छ । यो नइको मात्र भाग्य होइन हाम्रो पनि भाग्य र उपलब्धि हो ।

नइ प्रकाशन हामी स्रष्टाका लागि उत्प्रेरणाको स्रोत बन्न पुगेको छ भन्दा गौरव लागेर आउँछ । आजको नेपालको साहित्यिक अवस्थादेखि हामीलाई धेरै दुःख लागेको छ । जतासुकै राजनीति नै हाबी छ र जुनसुकै ठाउँमा राजनीति छताछुल्ल छ । राजनीतिक रङ्गले जतासुकै कुरूप बनाइरहेको देशको छवि हेर्दा रुन मन लाग्छ । साहित्य र कलाजस्तो पवित्र ठाउँमा पनि राजनीति हुने भएपछि बोल्ने ठाउँ केही रह्यो त ? तर नइ प्रकाशनभित्र पसेपछि साहित्यकै संसारमा पसेको अनुभव हुन्छ । बिनाराजनीति साहित्य र स्रष्टाप्रति दृढ सङ्कल्पित विशुद्ध संस्था हो– नइ प्रकाशन । यहाँभित्र राजनीतिक दुर्गन्ध छैन; नातावाद, कृपावाद, चाकडीवादजस्ता विकृतिहरू यहाँ वर्जित छन् । रिस, राग, झगडा, भागबन्डा, तेरो, मेरो आदिबाट अलग्ग रहन सफल बनेको छ– नइ ।

नइ प्रकाशनको आफ्नो छुट्टै उठान र गन्तव्य छ । कुनै पनि संस्थाको उद्देश्य हासिल गर्न अहम् भूमिका नेतृत्वको हन्छ नै । जब सोच पवित्र र आकाशजस्तै विशाल हुन्छ नि तब बहुजन हितायको भावलाई चरित्रार्थ गर्न सकिन्छ, यसको एक मात्र ज्वलन्त उदाहरण बन्न पुगेको छ– नइ प्रकाशन । नेतृत्व शैलीमा हुनुपर्ने सरलता, दक्षता, निरन्तरता, सूक्ष्म अध्ययनशीलता, विशेष क्षमता, समतामूलक

व्यवहार, शिष्टाचार, सहभागिता, व्यवस्थापन, कडा, नरमजस्ता विशिष्ट गुणहरूले नइ सुशोभित छ । नइदम्पतीको नेतृत्व हेरेर सबै नेपाली स्रष्टाले गर्व गर्नुपर्छ । अरूले के गरे भन्दा पनि आफूले आफ्नु विषयवस्तुको अनुभव र ज्ञानबाट के गर्न सकिन्छ भन्ने कुरा नइबाट सिक्नु जरुरी छ । नेपाली भाषासाहित्यका क्षेत्रमा मूल सन्देश दिन सक्षम छ– नइ प्रकाशन ।


अर्को उल्लेख गर्न भुल्न नहुने कुरा नइले लेखेका र प्रकाशित गरेका विविध विधाका पुस्तकहरू धेरै परिश्रम र खोज गरिएका छन्; आश्चर्य लाग्छ, त्यो विषयवस्तुको छनौट हेर्दा । ऐतिहासिक, अनुसन्धानमूलक यस्ता ग्रन्थहरू राष्ट्रका सम्पत्ति हुन् जुन नइले सञ्चित गरेर उदाहरण प्रस्तुत गरेको छ । नेपाली भाषा र साहित्यको अध्ययनको महाविद्यालयको उचाइ प्राप्त गरिसकेको यो संस्थाले सही मान्छे, सही ठाउँमा, सही काम भन्ने कथनसँग ठ्याक्कै मिलेको छ नइको काम । त्यसैले हो हाम्रो आस्था र विश्वास दिगो भएर टिकेको छ यस संस्थामा । हामी सबैको कर्तव्य पनि हो यसको गरिमा उच्च राख्नु ।

नइ प्रकाशन मात्र यस्तो संस्था हो; यसले न कोहीसँग प्रतिस्पर्धा गर्नु छ, न देखासिकी गर्नु छ । पारदर्शी र निष्पक्ष ढङ्गले स्रष्टा र सृजनाको गुणात्मक विकास गर्ने ध्येयमा यो संस्था परिचालित देखिन्छ । म गर्वका साथ भन्छु कि नेपाली भाषा र साहित्यको उन्नयनमा आज नइ प्रकाशन नभएको भए यस क्षेत्रमा ठूलो भ्वाङ देखा पर्ने थियो र जहाँ स्रष्टाहरूले स्वत:स्फूर्त भएर कलम चलाउने प्रेरणादायी आधार पुरिँदै जाने थियो । धन्य छौँ हामी आज आदर्श संस्था नइ पाएर । त्याग र निष्ठाले आकासिएको नइले नेपाली आकाशमा सुन्दर छवि बनाएको स्पष्ट छ । नइका कर्मका सुवासहरू विश्वभरि फैलिइरहेकै छन् र अझै सशक्त भएर जाऊन् भन्ने हामीले कामना गरिरहेकै छौँ ।

# धेरैका पूजनीय

## छविरमण सिलवाल

आफ्नै पौरखले सामर्थ्यवान् हुनु पनि एउटा सौभाग्य नै ठान्छु म । नरेन्द्रराज प्रसाई पनि आफ्नै पौरखले पौरखी बनेका युगपुरुष हुनुहुन्छ । उहाँलाई सरस्वतीको वरदान प्राप्त छ र उहाँको साहित्यप्रतिको सद्भाव अनि साहित्यकारलाई गर्ने व्यवहार असाध्य मन पर्छ मलाई । अक्षरहरूको साइनोलाई उहाँ असाध्यै माया गर्नुहुन्छ । आफ्नो विचारमा एकदम अडिग, स्वार्थी र नि:स्वार्थी मान्छे टाढैबाट चिन्न सक्नु उहाँको विलक्षण प्रतिभाको रूपमा लिन सकिन्छ । उहाँ स्वार्थी मान्छेहरूको पछाडि कहिल्यै फर्केको मलाई थाहा छैन, बरु त्यस्ता मान्छेहरूलाई पनि सहयोग गरेको प्रशस्तै उदाहरणहरू छन्, जो उहाँको आत्मकथाको कितापमार्फत हामीले चाँडै पढ्न पाउने नै छौँ ।



मैले उहाँलाई चिन्नु पनि एउटा साहित्यिक नाता नै हो । मेरो पनि साहित्यमा सानैदेखि रुचि थियो । तर गाउँमा साहित्यिक पत्रपत्रिका कसले ल्याइदिन्थ्यो र ? एसएलसी दिएर सहर पसेपछि भने म फुक्काफाल भइहालेँ । बेरोजगार एउटा व्यक्तिले पहिले त हातमुख जोड्न तम्सिँदो रहेछ । त्यसपछिका चुनौती थिए, बाबुको दु:खमा

मलम लगाउने । त्यस बेला मेरो भविष्य भनेकै मेरा बुबा हुनुहुन्थ्यो । दैनिकी कष्टकर भएको बखतमा, कोठाभाडा तिर्नु, केही खर्च जोहो गरेर बाबुका दुःखमा सामेल हुनु, सम्झँदा अहिले पनि झसङ्ग हुन्छु । तापनि यी सबैको व्यवस्थापन गर्नेका लागि सानो जागिर खोज्दै जाँदा भेटियो । गोजीमा केही पैसा भएपछि आफ्नो अम्मलचाहिँ साहित्य बन्यो ।

बानेश्वर बस्दा मिलनचोकको बाटो ओहोरदोहोर गर्दा प्रतिभा समूहको अफिस देख्थेँ । एक दिन एउटा कार्यक्रम चलिरहेको थियो, उभिएरै मैले चाख मानेर सुनेँ । पछि त्यहीँबाट कृष्णप्रसाद पराजुलीलाई सम्मान गर्न लागेको बेलामा उहाँसँगै गएको थिएँ । त्यसपछिका दिनमा प्रतिभा समूह मेरो साहित्यिक मुकाम बन्यो । रवीन्द्र लामा, रमेश सागर, गगनदीप सर्व, कविरराज तण्डुकारसँग मेरो निकटता बढ्यो । उहाँहरूले केही काम गर्नका लागि मलाई जिम्मेवारी दिनुभयो र मैले सहस्र स्वीकार गरेँ । साहित्यमा लागेका ती सुरुवाती दिनहरू मेरा लागि निकै महत्त्वपूर्ण क्षण भएको म सम्झन्छु ।

यति भूमिका बाँध्नुका कारण प्रतिभा समूहमार्फत मैले थुप्रै मूर्धन्य स्रष्टाहरूसँग भेट्ने अवसर पाएको थिएँ भन्न खोजेको हुँ । युगपुरुष नरेन्द्रराज प्रसाईसँग पहिलो चोटि भेट्ने अवसर मैले प्रतिभा समूहमार्फत नै पाएको थिएँ । उहाँलाई प्रतिभा समूहद्वारा सम्मान गर्न लागेको थियो । यसै सिलसिलामा नइनिवासमा पहिलो पटक पुगेको थिएँ म, साथमा थिए गगनदीप सर्व, रवीन्द्र लामा र रमेश सागर । ढोकाको घन्टी बजाएपछि उहाँले माथिबाट पुलुक्क हेर्नुभयो । हामीलाई देख्नेबित्तिकै उहाँले 'किन आयौ केटाहो ? को हौ तिमीहरू !' भनेर भन्नुभयो । 'हामी प्रतिभा समूहबाट आएको हजुरसँग फोनमा कुरा भएको थियो नि' भने रवीन्द्रले । 'ए ल पख है, म तल आएँ' भन्दै तल आएर उहाँले हामीलाई भित्र लिएर जानुभयो ।

पाहुनाहरूको सम्मान त्यस बेला र अहिलेमा कति पनि फरक भएको छैन नइनिवासमा । तुरुन्तै चिया आयो, साथमा बिस्कुट पनि

आयो । चिया र बिस्कुटसँगै हामी गएको उद्देश्य नरेन्द्रराज प्रसाईलाई रवीन्द्र भन्दै थिए– 'तपाईंलाई यस वर्षको प्रतिभा सम्मानबाट सम्मानित गर्नका लागि चिठी र हामी साथीसहित आएका छौँ ।' तर हाम्रा कुरामा उहाँ टसको मस हुनु भएन । उहाँले भन्नुभयो– 'म कुनै पनि पुरस्कार र सम्मान लिँदै लिन्न ।' त्यसपछि हामीले त बोल्ने कुरै भएन । अवस्था गम्भीर बन्दै थियो । गुलियो चिया र बिस्कुटको स्वाद हाम्रा लागि फिक्का बन्दै थियो । केही समयपछि उहाँले भन्नुभयो–'मभन्दा उच्चस्तरका साहित्यकारको नाम म दिन्छु, तपाईंहरू उनीहरूलाई सम्मान गर्नुस् तर म त कुनै हालतमा पनि सम्मान लिन्न ।' मेरो मनले त्यस बेला भन्दै थियो– 'अर्को मान्छेलाई नै दिए पनि हुने नि, लिन्न भन्नेलाई किन जबरजस्ती गरेका होलान् । मेरो मनभन्दा पनि रवीन्द्र जब्बर नै थिए र भने– 'हाम्रो यहाँ इज्जतको कुरा छ, यदि तपाईंले पुरस्कार लिनु भएन भने म यहीँ मरिदिन्छु ।' हामी छक्क पर्‍यौँ । किन यसो भन्दै छन् रवीन्द्र । अन्ततः नरेन्द्रराज प्रसाई गल्नुभयो र भन्नुभयो– 'मेरो उद्देश्य तपाईंलाई मार्नु होइन, म तपाईंहरूको सम्मान ग्रहण गर्छु । तर जोसुकैका हातबाट चाहिँ म सम्मान थाप्तिनँ है, भाइहो ! मन्त्रीखन्त्री या झन्डावाल, डण्डावालबाट त म लिँदै लिन्न ।' नरेन्द्रराज प्रसाईका कुरा हामीलाई मन पर्‍यो । उहाँकै इच्छाअनुसार ईश्वरवल्लभलाई प्रमुख अतिथि बनाउने हाम्रो निष्कर्ष भयो । हामी सबैको कुरा मिल्यो र हामी सबै जना खुसी भयौँ । त्यसपछि 'लु भाइहरूलाई अर्को कप पनि चिया थपौँ', भनेर नरेन्द्रराज प्रसाईले पुनः चिया अर्डर गनुभयो । दोस्रो कप चिया खाएर हामी चार भाइ बानेश्वरतिर लाग्यौँ । पछिल्लो कप चिया भने निकै स्वादिलो लाग्यो हामीलाई ।

सम्मानित कार्यक्रममा नरेन्द्रराज प्रसाई ठीक समयमा आउनुभएको थियो । त्यस बेला उहाँले गरेको भाषण मैले पहिलोपल्ट सुनेको थिएँ । त्यस बेला मलाई लाग्यो– 'यो मान्छे पक्कै ठूलै विद्वान्

नै हुनुपर्छ ।' साहित्यप्रतिको आस्था र अक्षरहरूमाथिको विश्वासका साथ उहाँको भाषण सुनेपछि रवीन्द्रले योग्य पात्र चयन गरेका रहेछन् भन्ने मलाई लाग्यो ।

त्यस बेला मैले पनि केही फाट्टफुट्ट रूपमा लेखेका कविताहरू पत्रपत्रिकामा प्रकाशित भइरहेका थिए । मलाई पनि आफू चर्चित हुने रहर नरेन्द्रराज प्रसाईकै भाषण सुनेर भएको हो । त्यसपछिका दिनहरूमा उहाँसँग सम्पर्क बढ्दै गएको छ, दाजुभाइको प्रिय नाता गाढा बनेको छ । उहाँका हरेक कार्यहरूले एउटा युगको निर्माण गरिरहेका छन् । अक्षरकर्म गर्नेहरूलाई उहाँको माया र सद्भाव लोभलाग्दो नै देखिन्छ । अक्षरहरूसँग खेल्ने बानी परेपछि साँच्चै जीवन सफल हुँदो रहेछ । यो मेरो पनि भोगाइ हो । हामीले सिक्ने भनेकै यस्तै ज्ञानी व्यक्तिहरूबाट नै हो । उहाँको साहित्य या अक्षर कर्मको बारेमा लेखिरहँदा एउटा उपन्यास अथवा महाकाव्यले पनि नभ्याउन सक्छ । त्यस कारण केही शब्दमा कसरी भन्न सकिन्छ र ? पछिल्लो समयमा नरेन्द्रराज प्रसाई नइ भएपछि झनै सशक्त हुनुभएको छ । आफ्नो विचारमा अडिग रहन सक्ने सामर्थ्य नरेन्द्रराज प्रसाईमा छ । यस्ता व्यक्तिहरू युगमा कमै जन्मने गर्छन् । उहाँलाई नरेन्द्रराज प्रसाईभन्दा पनि नइ भनेर साहित्यजगत्ले चिनेको छ ।

एउटा राज्यले गर्न नसक्ने काम नइ एक्लैले गरिरहेको छ । सर्जकहरूलाई सम्मान दिनका लागि राष्ट्रलाई समेत नइले घचघच्याउने गर्छ । स्रष्टालाई राष्ट्रकवि, वाङ्मय शताब्दी पुरुष तथा नेपाली साहित्यका विश्वनारी रत्नद्वारा विभूषित गराउनेदेखि महासमालोचकको उपाधि प्रदान गर्ने कार्य नइबाट नै भएको छ । नइ प्रकाशनकै प्रत्यक्ष या अप्रत्यक्ष कारण संसारभरि साहित्यको व्यापक र बृहत् सञ्जालको स्थापना भइरहेको छ ।

नरेन्द्रराज प्रसाईसँग नजिकिँदै गर्दा धेरैपल्ट म नइ प्रकाशन पुगेँ । प्राय: साहित्यिक साथीहरू नै हुन्थे । साहित्यकारहरूलाई

उहाँले धेरै सहयोग गर्नुभएको छ । पुस्तक छाप्नु, पुरस्कार दिनु त यी सामान्य कुराहरू नै हुन् । छानादेखि नानासम्मको सहयोग गर्न सक्नु त्यो महानता नै हो उहाँको । सरकारको तलबभत्ता खाएर साहित्यको सेवा गर्नेहरूले आफ्नै भुँडी भरेको हामीले देखिरहेका छौँ । त्यसैले आफ्नै छाक कटाएर सर्जकलाई सहयोग गर्नु यो नइको महानता नै मान्छु म । राज्यले नसोचेको काम नइ परिकल्पना गरेरै गरिरहेको छ । नइजस्ता व्यक्तित्व युगमा बिरलै जन्मन्छन् । अहिले हामीले देखिरहेका छौँ, भोगिरहेका छौँ, सरकारी मान, पदवी र पुरस्कारको हालत पनि । तर नइ प्रकाशनको त्यो सम्मान पुरस्कारको गरिमा उच्चस्तरको छ । अनि नइजस्ता व्यक्तिहरू युगपुरुष नभएर को हुन्छन् त ?

'कुनै निश्चित समयका सीमाभित्र महान् व्यक्तित्व स्थापित गर्न सफल भएको व्यक्ति, युगनायक ।' युगपुरुषको व्याख्या यसरी भएको छ शब्दकोशमा । नरेन्द्रराज प्रसाईलाई शताब्दी पुरुष सत्यमोहन जोशीले नै युगपुरुष भन्नुभएको थियो । उहाँलाई त्यतिकै युगपुरुष भनेको होइन । उहाँ एउटा युगको निर्माण गर्न सफल हुनुभएको छ । नेपाली साहित्यमा सिङ्गो राज्यले गर्न नसक्ने काम उहाँ र उहाँकी पत्नी इन्दिरा प्रसाई भएर गरिरहनुभएको छ । यस जोडीबाट साहित्यका विविध विधाहरूमा लाखौँका सम्मानित पुरस्कारहरू स्थापना भएका छन् । यी सबै कार्यहरूको हामी द्रष्टाको रूपमा रहेका छौँ । अर्को कुरा नरेन्द्रराज प्रसाई आफ्ना विचारमा अडिग रहेर आफ्ना कार्य सम्पादन गर्नुहुन्छ । उहाँको कार्यको अर्को पूर्ण रूप नै हो– इन्दिरा प्रसाई । उहाँहरूको नइ जोडी नेपाली साहित्यमा युगौँयुगसम्म चम्किरहने तारा हुन्, जो टाढैबाट स्पष्ट देखिने उज्ज्वल नक्षत्र, जो सबैका लागि सधैँ पूजनीय भएर रहिरहन्छन् ।

# साहित्यको धन

## छवि वैरागी घिमिरे

नेपाली भाषासाहित्य, कला, संस्कृतिको श्रीवृद्धिका लागि आफ्नो स्वार्थभन्दा माथि उठेर अनवरत कार्य गरिरहनका लागि नइ प्रकाशनको स्थापना भएको रहेछ भन्ने मैले राम्रोसित थाहा पाउन थालेको छु । समय र परिस्थितिका कारण भनौँ अर्थात् नइगृहमा पुग्ने साइत नजुरेको हो, म आजसम्म नइसित साक्षात्कार हुन सकेको छैन र कुनै पनि सञ्चारका माध्यामबाट पनि एकआपसमा



हाम्रो बोलचाल भएको पनि छैन । तर हामी सामाजिक सञ्जालमा आबद्ध रहेका छौँ । अहिलेको युग प्रविधिमय छ । हामीले गरेका दैनिक सामाजिक क्रियाकलाप सञ्जालबाट हेर्न र पढ्न पाइरहेका छौँ । यसैले मैले नइ प्रकाशनलाई धेरै नजिकबाट नियालिरहेको छु ।

नेपाली भाषासाहित्य, कला, संस्कृतिका लागि दिनरात खटेर नइदम्पती र नइ प्रकाशनले जैँ योगदान या काम गर्न सायदै जोसुकैले हिम्मत गर्ने कुरा होइन । हिजोआज नेपाली साहित्य क्षेत्रमा राजनीतिले ठूलो घर बनाएर बसेको छ । साहित्यलाई अगाडि सारेर गरिने साहित्यिक गतिविधि, नेपाली मानक भाषाको दोहन, सम्बन्धित निकायको

ध्यानाकर्षणमा कमी, पुरस्कार, सम्मान या पदजस्ता महत्त्वपूर्ण विषयमा भागबण्डा, लेनदेन, आलोपालो र आदानप्रदानले गर्दा सच्चा साधक गुमनाम हुनुपर्ने अवस्थाको सिर्जना भएको छ । तर म हरसमय र हरेक वर्ष नइ प्रकाशनले गरेका यी विषयका काम र निर्णयलाई नियालिरहेको छु, जहाँ कुनै खोट लगाउनुपर्ने कार्य गरेको मैले भेट्नै सकिनँ । मलाई लाग्छ, नेपालमा स्वच्छ र सच्चा प्रतिभाको मूल्याङ्कन गर्ने एउटा मात्र संस्था छ र त्यो हो– नइ प्रकाशन । मानिसका आआफ्ना दृष्टिकोण हुन्छन् तर मेरो ब्रह्मले यसै तथ्यलाई सत्य हो भनेर मान्यता दिएको छ ।

आज विश्व विज्ञानप्रविधिको पछि दौडिरहेको छ । तर हाम्रो मुलुकको भौगोलिक बनावटअनुसार सबै ठाउँमा र सबैमा प्रविधिको ज्ञान अझैसम्म पुग्न सकेको छैन । एउटा प्रतिभा विकसित सहरमा मात्र हुन्छ र बसोबास गर्छ भन्ने पनि छैन । यस विषयलाई नइले खोजेर भए पनि प्रतिभाको पहिचान गराउन र ऊसँग भएको अन्तर्निहित कला बाहिर ल्याउन मद्दत गरेको यथार्थ सर्वविदितै छ । जसको उदाहरण त्रिमूर्ति निकेतनमा त्रिमूर्तिको सालिक निर्माणका साथै राष्ट्रकवि माधवप्रसाद घिमिरे र शताब्दी पुरुष सत्यमोहन जोशीको शिखर छुने गरेर सम्मान गरेको तथ्यबाट पनि बुझ्न सकिन्छ । अर्को मुख्य उद्देश्य स्रष्टा जिउँदै हुँदा सम्मान गर्नुपर्छ भन्ने कुरा नइको रहेको यसबाट प्रस्ट बुझ्न सकिन्छ ।

आज नेपाली वाङ्मयका क्षेत्रमा आफ्नो स्वार्थभन्दा माथि उठेर जीवन नै वाङ्मयलाई समर्पित गर्ने नइदम्पतीलाई कुनै शुभकामना दिँदा र वन्दना गर्दा पनि फितलो हुन्छ जस्तो लाग्छ । किनकि आज प्रकाशनहरू सेवामूलकभन्दा पनि आयमूलकमा बढी जोड दिइरहेका छन् । अझ भनौँ, कति संस्थाहरू दलका भातृसङ्गठनजस्तै छन् । मैले सुनेको र बुझेको नइ प्रकाशन नेपाली वाङ्मयप्रेमीहरूको विशुद्ध सामाजिक मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्ने साझा

चौतारी हो । त्यसैले नइ प्रकाशन वसुधैव कुटुम्बकम्को सिद्धान्तमा आधारित छ भन्नु गलत नहोला । नेपाल र नेपालीलाई राजनीतिक वितण्डाले थिलथिलो पारेर विखण्डनतर्फ होमिएको अवस्थामा नइ प्रकाशनले नेपाली सांस्कृतिक महिमा जोगाउँदै भाइचाराको सम्बन्धलाई सदैव शिरोपर गर्दै आएको छ । यसरी परिचालित सार्वजनिक कार्यले देशविकासको महान् अभियानमा समेत आफ्ना ठाउँबाट टेवा पुऱ्याएको छ साथै स्रष्टाहरूलाई उत्साह र प्रोत्साहन प्रदान गर्न सक्नु चानचुने कुरा होइन । त्यसैले मलाई हरेक समय आत्माभित्रबाट भन्न मन लाग्छ– 'साहित्यको धन : नइ प्रकाशन ।'

पठनसंस्कृतिको विकासमा नइ प्रकाशनको अहम् भूमिका रहेको छ । त्यसैले नइदम्पती धेरैका धन्यवादका पात्र हुनुहुन्छ भन्ने सुनेको छु र नइ प्रकाशनले प्रकाशित गरेका पुस्तक पढेर म आफू पनि त्यस कुरामा विश्वस्त भएको छु । हिजोआज अखबार बिरलै पाइन्छन् र पढिन्छन् । पहिला जस्तो पुस्तक पसलमा, चोकचोकमा अखबार पढ्न पाइँदैन । मेरो बिहानको जति नै व्यस्त समय भए पनि अखबार नपढी नसक्ने बानी बसेर होला हिजोआज पनि म बिहानको कर्म सकेर चोकतर्फ निस्कन्छु । केही सालअगाडि खबरपत्रिका बेच्ने व्यवसायीहरू बिहान उज्यालो हुँदा घरमा अखबार लिएर आउने गर्थे तर हिजोआज आम्दानी कम भएर हो कि अनलाइन व्यवसाय फस्टाएर हो अखबार नै छपाइन छोडे । समाचारपत्रका अधिकांश मिडियाहरूले अनलाइन संस्करण मात्र प्रकाशन गर्न थालेका छन् ।

प्रविधिका कारणले देश र समाजमा परिवर्तन भएर होला सञ्चारका माध्यमहरू अनलाइन भएर देखा परेका छन् । त्यही भएर होला अखबार छाप्न र पढ्न छोडिँदै गएको छ । हुन त वर्तमान अवस्थामा हरेक मानिसका हातहातमा मोबाइल, घरघरमा कम्प्युटर, टेलिभिजनजस्ता अनलाइन तथा डिजिटल उपकरण छन् ।

अनि मान्छेले अखबार पढ्नुको सास्ती किन खेप्थे र जति नै मिहेनती मानिसले पनि हिजोआज छापामाध्यमका सामग्रीहरू पढ्न जाँगर चलाउँदैन । तर नइका 'हिमवत्खण्ड' र 'राजधर्म'जस्ता दुर्लभ कृतिहरू भेटेपछि नपढी या सङ्ग्रह नगरी धरै छैन भन्ने लाग्छ । किनभने नइका यस्ता ओजस्वी कृति बजारमा पाइँदैनन् । कारण के हो भने नइका बहुमूल्य सांस्कृतिक कृतिहरूमा मूल्य राखिएको हुँदैन । के यस्तो काम नेपाल प्रज्ञाप्रतिष्ठानले गरेर देखाउन सक्छ ?

छापामाध्यमका सामग्री, पुस्तकहरू हिजोको घटना, देश र समाजको दस्तावेज हुन् र भोलिका लागि आजको घटना देश, समाजको स्थितिको प्रमाणित दस्तावेज हुन सक्छन् । आज हामीलाई हाम्रो अतीतको देश र समाजको बारेमा जान्न मन लागे पहिलाका पत्रपत्रिकाहरू हेरेमा थाहा हुन्छ । त्यसै गरी हिजोआजका पत्रपत्रिका केही वर्षपछि पढेमा आजको स्थिति जान्न पाइन्छ । जसले हाम्रो ज्ञान र चेतनाको परिधिलाई फराकिलो बनाउन सहयोग गर्छ । यस्ता सामग्रीहरूको अध्ययनबाट हामीले हाम्रै स्मृतिमा आफ्नो इतिहास र क्रमविकासका चरणहरू सुरक्षित राख्न पनि सक्छौँ । तर अनलाइन माध्यमबाट छिटो छरितो समाचार मात्र हेरेर हाम्रो ज्ञानको परिधि फराकिलो बन्न सक्दैन । वर्तमान समयको यो सुविधाले कतै हाम्रो विगत, वर्तमान र भविष्यको अध्ययनशीलतामा प्रभाव पारिरहेको छ कि ! यी तिनै समय परिस्थितिलाई मध्यनजर गर्दै नइ प्रकाशनले नेपाली भाषासाहित्य, कला, संस्कृतिको संस्थागत क्षेत्र मात्र होइन यस क्षेत्रका अग्रज, समकालीन, अनुज स्रष्टा, सर्जकहरूलाई प्रोत्साहन गरिरहेको र विज्ञानप्रविधिको उपयोग गर्दै नेपाली पठनसंस्कृतिको विकासका लागि अहोरात्र कार्य गरिरहेको प्रकाशनका रूपमा बुझेको छु ।

परिवर्तन यस युगको आवश्यकता नै हो । अहिले विश्वका हरेक मानिसहरू आफूलाई आधुनिकतामा परिणत गर्न खोज्छन् र

विकसित भएको महसुस पनि गर्दछन् । परिवर्तनशील समाज र विकसित चेतनाका कारण नै देशले अग्रगामी छलाङ मार्न सक्छ । परिवर्तनशील समाज र बढ्दो प्राविधिक सुविधाले गर्दा हामीले वास्तविक धरातल हराएको थाहै पाएका छैनौँ । हामी हतार गरेर परिवर्तन हुन खोज्छौँ । जस्तै अहिले सामाजिक सञ्जालमा देखिएको साहित्यकार जसोतसो भइहाल्न पाए हुने थियो भन्ने सोच, चर्चा अर्थात् भाइरल भन्ने शब्द हाबी भएको प्रस्ट देखिन्छ । हरेक मान्छेसँग भएको अन्तर्निहित कलालाई बाहिर ल्याउन, देखाउन सामाजिक सञ्जालले मद्दत त गरेको होला तर त्यो लेखकसित विधागत ज्ञान, क्षमता, भाषा व्याकरणको कति ज्ञान छ भन्ने कुरा आउँछ त्यस विषयमा नइ प्रकाशनबाट प्रकाशित हुने पुस्तकहरूमा नेपाली भाषा व्याकरण शुद्ध हुने पनि मैले सुनेको र बुझेको छु ।

हाम्रो पूर्वीय सभ्यता मानवसभ्यतामध्ये पहिलो भए पनि अहिले पश्चिमा देश र समाज हामीभन्दा धेरै विकसित भएका छन् । हामी विकासका नाममा मौलिकता विनाश गर्छौं । उनीहरू आफ्नो मौलिकतालाई टिकाएर त्यसैको विकास गर्नतर्फ लाग्छन् । आज युरोप देश र त्यहाँको समाजलाई हेरौँ, हामीभन्दा दशकौँ अगाडि छन् । प्रविधिलाई उनीहरूले पहिला आत्मसात् गरेर प्राविधिक क्रान्ति ल्याउन सफल भए तर पनि अझै उनीहरूले पुस्तक पढ्न छोडेका छैनन् । नेपालमा आउने पर्यटकहरू जो युरोपेली छन्, तिनीहरूलाई बिहानको चिया पिउँदै गर्दा होस् वा कतै यात्रा गर्दा होस्, शान्त भएर पुस्तक अध्ययन गरिरहेका देख्न सकिन्छ । तर हामी यात्रामा भएका बेला सकेसम्म होहल्ला गर्छौं । चाहिने नचाहिने विषय निकालेर कसैको आलोचना गर्नमा व्यस्त हुन्छौँ । त्यति मात्र होइन, आफ्नै बढाइँचढाइँ गर्न व्यस्त रहन्छौँ । हामीले अरूभन्दा आफूलाई उत्कृष्ट साबित गर्न ठूलो स्वरमा बोल्छौँ, लाग्छ कुनै यातायातभित्र सयौँको भीडभाड छ र केही विषयमा वादविवाद चल्दै


छ । यो अवस्थामा हामीलाई यदि कुनै विकसित देशको नागरिकले देख्यो भने सभ्य र चेतनशील हुने मौका नपाएजस्तो सोच्छ होला । यस्ता जटिल प्रश्न र व्यवहारबाट उन्मुक्ति पाउने उपाय भनेको सम्बन्धित विषयको अध्ययन नै हो । यसमा नेपाली भाषासाहित्य र संस्कृतिबाट संस्कार सिकेर मात्रै अज्ञानको जालो हटाउन सकिन्छ र यस विषयमा नइ प्रकाशनले नेपाली भाषासाहित्यको एउटा युग सम्हालेको छ भन्न म रुचाउँदछु ।

नइ प्रकाशनका उत्कृष्ट कार्य नेपाली वाङ्मयले प्राप्त गरिरहेकै छ । नेपालका कुनाकन्दरामा रहेका गुमनाम प्रतिभाहरूलाई सही बाटो देखाउने कार्य, सहयोग, हौसला, प्रोत्साहनजस्ता अमूल्य स्रोतको परिचालनमा नइका पाइलाहरू अझै बढ्दै जानेछ भन्ने कुरामा म पूर्ण विश्वस्त छु ।

# आफूलाई मिटाई अरूलाई दिने

**डा.जगमान गुरुङ**

अखिल विश्वबह्माण्डमा शान्ति व्यापक हुनुपर्ने हो । अहिले हामीलाई शान्ति चाहिएको छ । शान्ति कसरी आउँछ ? शान्ति कसरी स्थापना हुन्छ ? तथा शान्ति कसरी सर्वव्यापक हुन्छ ? भन्ने सन्दर्भमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले भनेका छन्– 'शान्ति कहाँ छ ? आफूलाई मिटाई अरूलाई दिनु जहाँ छ ।'



अहिले राम्रो पद, प्रतिष्ठा, सुविधा, धन, ऐश्वर्य आफैँलाई चाहिने मानसिकतामा हामी धेरै लागेका छौँ । फेरि अर्को कुरा अहिले अर्काको पुस्तक चोरेर आफू विद्वान् हुने, अर्कोको थेसिस सारेर विद्यावारिधि गर्ने चलन चलेको पनि सुनिन्छ । आफ्नो ज्ञान, बुद्धिले अरूलाई कसरी ठूलो बनाउने भन्ने नियति प्रायः पाइँदैन । भानुभक्त आचार्यलाई हामी आदिकवि मान्दछौँ । उनी आफैँ कवित्व गुण भएका सक्षम व्यक्ति थिए तर उनलाई आदिकवि भनेर चिनाउने काम मोतीराम भट्टबाट भएको हो । मोतीराम नभएका भए भानुभक्तलाई कसैले पनि चिन्न पाउने थिएनन् र उनका कृति पनि पाण्डुलिपिमै हराएर जान्थे ।

भानुभक्त र मोतीरामको प्रसङ्गमा नइ प्रकाशनको कुरा अगाडि आउँछ । नइ नभए धेरै भानुभक्तहरूले छोपिएरै अथवा अलप भएरै पनि रहनुपर्ने हुन्थ्यो । नइका कामले सरकार तथा सम्बन्धित प्रज्ञाप्रतिष्ठान र विश्वविद्यालयलाई पनि सघाउ भएको छ । नेपालमा धेरै विश्वविद्यालयहरू छन् र प्रज्ञाप्रतिष्ठानहरू पनि छन् । यी सबै सरकारी अनुदानबाट चलेका छन् तर नइ प्रकाशन सरकारी अनुदानबाट चलेको संस्था भने होइन । जनस्तरबाट उठेको यस संस्थाको बनोट र कार्य गराई नै फराकिलो छ, अनुकरणीय छ र प्रेरक छ । वास्तवमा नइ त देवकोटाको 'आफूलाई मिटाई अरूलाई दिनु जहाँ छ' भन्ने आदर्श वाक्यको पदमार्गमा हिँड्ने संस्था हो । यसले आफ्नो व्यक्तिगत सुख, हक, अधिकार, पारिवारिक सुविधाको कुरा नभईकन सदैव सामाजिक कार्यमा समर्पित भएर योग्य व्यक्तिलाई प्रकाश पार्ने अनि अरूलाई महत्त्व दिने तथा सही सूचना प्रकाशन गर्ने गर्दछ ।

थुप्रै मान्छेले आदिकवि भानुभक्त आचार्यका जीवनी लेखेका छन् । तर त्यसमा कुनै न कुनै कुरामा मतभेद पाइन्छ । तीमध्ये कुन कुरा आधिकारिक वा प्रामाणिक हो थाहा पाइँदैन । यसै सन्दर्भमा नरेन्द्रराज प्रसाईले यी सबै मतभेद र विवादको अन्त्य गर्दै 'भानुभक्त आचार्यको जीवनवृत्त'नामक एउटा आधिकारिक जीवनीकृति निकाले जुनबाट नयाँनयाँ तथ्यहरू समाजसामु आउन सके । अहिले नेपालमा तथा अन्तर्राष्ट्रिय क्षेत्रमा भानुभक्तका सालिक तथा चित्रहरू पाइन्छन् । यी सबैमा भानुभक्तले उत्तरीय वस्त्र दाहिने काँधमा चढाएर बायाँतिर फेरो छोडेको देखाइएको छ । भानुभक्त आचार्य ब्राह्मण हुन् । बाहुनले जनै लगाउँदा बायाँ काँधमा राखेर दायाँतिर फेरो छोड्ने गर्छन्, यसै गरी उत्तरीय वस्त्र पनि लगाउनुपर्ने चलन छ । श्राद्ध आदि पितृकर्म गर्दा मात्र अपसव्य अर्थात् दाहिने काँधमा जनै वा उत्तरीय वस्त्र राख्ने चलन छ । यसअनुसार भानुभक्तको उत्तरीय

वस्त्र बायाँ काँधमा हुनुपर्ने हो । नरेन्द्रराज प्रसाईले लेखेको जीवनीमा भानुभक्तले बायाँ काँधमा उत्तरीय वस्त्र लगाएको तस्बिर राखिएको छ । यो त एउटा उदाहरण मात्र हो; यस पुस्तक अध्ययन गरेपछि यस्तै अन्य प्रामाणिक कुराहरू फेला पर्छन् । यस विषयमा अहिलेसम्म प्रज्ञाप्रतिष्ठान, विश्वविद्यालयहरूको दृष्टि नपुगेको तथा स्नातकोत्तर एवं विद्यावारिधि उपाधि प्राप्त गर्नेहरूले पनि खोजी गर्न नसकेको कामलाई नइ प्रकाशनले अगाडि बढाएको छ । यसरी नइबाट भानुभक्तको आधिकारिक जीवनवृत जनतामाझ आउन सकेको छ ।

राष्ट्रकवि माधव घिमिरेको सम्मानमा नइबाट 'राष्ट्रकवि माधव घिमिरेको सय वर्ष'नामक पुस्तक प्रकाशित भयो । राष्ट्रकविको उपाधि पनि नइकै आविष्कार हो र नइकै पहलमा राज्यले उनलाई 'राष्ट्रकवि' भन्ने उपाधि प्रदान गरेको थियो । प्रसिद्ध हुनका लागि ठेलीका ठेली किताप लेखिराख्नु पर्दैन । यसमा उल्लेखित सारगर्भित विचार तथा भनाइले नै उसलाई चर्चाको शिखरमा पुऱ्याउँछ । घिमिरेको 'नेपाली हामी रहौँला कहाँ नेपालै नरहे' तथा 'यो राज्य बाँडी खाने वस्तु होइन' भन्ने जस्ता आदर्श वचनबाट नै घिमिरेलाई राष्ट्रकवि मानिएको हो ।

इतिहासलाई हेर्दा राजा जीवित रहँदा नै उनको तस्बिर हुलाक टिकटमा छापिएको पाइन्छ । तर अरूको भने मरणोपरान्त मात्र हुलाक टिकटमा तस्बिर छापिन्थ्यो । तर वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी जीवित रहँदा नै उनको तस्बिर हुलाक टिकटमा छापियो । यसको श्रेय पनि नइ प्रकाशनमा नै जान्छ । यति मात्र होइन, जोशीले नेपाली वाङ्मय क्षेत्रमा पुऱ्याएको अतुलनीय योगदानको कदर गर्दै नइले जोशीलाई 'शताब्दी पुरुष' उपाधिले सम्मान गऱ्यो । नइले दिएको यो सम्मानलाई पछि नेपाल सरकारले पनि सदर गऱ्यो । यस्तै राजामहाराजाहरूको नाउँबाट उनैको तस्बिर राखेर मुद्रा छापिने चलन पाइन्छ । भारतमा पनि मुसलमान बादशाह हुँदा

उनै बादशाह, पछि अङ्ग्रेज बादशाह हुँदा उनैको र अहिले महात्मा गान्धीको तस्बिर राखेर नोट छापिन्छ । तर जोशी जीवित छँदै जनताको छोराको नामबाट मुद्रा छापियो । यो काम पनि नइ प्रकाशनकै विशेष पहलमा सम्पन्न भयो । यसरी नेपालको इतिहास, धर्म, दर्शन, संस्कृति, कला, वास्तुकला आदि क्षेत्रमा गरेको योगदानको सही मूल्याङ्कन गैरसरकारी संस्था नइ प्रकाशनले गर्‍यो । नेपाल सरकार या प्रज्ञाप्रतिष्ठानहरू, विश्वविद्यालयहरू, संस्कृति मन्त्रालय आदि यस प्रकारका काम गर्नबाट वञ्चित रहे । उनीहरूको ध्यान यसमा पुग्नै सकेन । मोतीराम भट्टले भानुभक्त आचार्यलाई अमर बनाएजस्तै नइले सत्यमोहन जोशीलाई महान् बनाइदिए ।

हामी अझै यदाकदा जातीय द्वन्द्व देख्छौँ । नेवारहरूले कतिपय अवस्थामा राज्यले आफूलाई पछाडि पारेको र पहाडी क्षत्री, बाहुनले थिचोमिचोको अवस्था भएको गुनासो गरेको पाइन्छ । तर यहाँ जोशी एक नेवार हुन् र सत्यमोहन जोशीलाई सत्यमोहन जोशी बनाउने पहाडी बाहुन हुन् । यो सन्दर्भलाई विचार गर्दा नइमा जातीय सद्भाव, सामाजिक सहिष्णुता, सहअस्तित्व अनि शान्तिको भावना रहेको पाइन्छ । राष्ट्रिय अखण्डता तथा राज्यको सुदृढीकरण आजको आवश्यकता हो । यसलाई मूल मन्त्र बनाउँदै नइ अगाडि बढेको छ । शताब्दी पुरुष दिवङ्गत भएपछि एउटा अन्तर्वार्ताका क्रममा मैले भनेको पनि थिएँ– 'सत्यमोहन जोशी आफैँमा एक सक्षम व्यक्ति हो तर पनि सत्यमोहन जोशीलाई सत्यमोहन जोशी बनाउने नइ नै हो ।'

नेपालका राजाहरू, रानीहरू जनताको थिचोमिचो गर्ने विलासिताको जीवन बिताउने गर्छन् भन्ने मानसिकता प्राय: सबैमा पाइन्छ तर सबै शासक तथा रानी त्यस्ता हुँदैनन् । श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका नाति रणबहादुर शाहकी कान्छी श्रीमती ललितत्रिपुरसुन्दरी पनि तिनैमध्येकी एक थिइन् ।

स्वामी महाराज रणबहादुर शाह बनारसबाट फर्केपछि भीमसेन थापासमेतको सहयोगले शाहको एक जना थापा क्षत्रीकी छोरीसँग विवाह भएको थियो । उनी निकै सुन्दरी भएकाले रणबहादुर शाहले उनको सुन्दरताको प्रशंसा गर्दै त्रिपुर अर्थात् स्वर्ग, मर्त्य तथा पातालमा उनको जस्तो लालित्य सुन्दरी कोही पनि छैनन् भनेर उनको नयाँ नाम राखे 'ललितत्रिपुरसुन्दरी' । यसपछि उनी यही नामले प्रख्यात भइन् । पछि राजा रणबहादुर शाहको हत्या भएपछि सबै रानी सती गए तर उनलाई सती जान नदिई राजा गीर्वाणको राजमाताका रूपमा रहन दिइयो । उनैले रणबहादुर शाहको आत्माको मुक्तिका लागि त्रिपुरेश्वर मन्दिर बनाउन लगाएकी थिइन् । उनै राजमाताले महाभारतको शान्तिपर्वको 'राजधर्म'लाई नेपालीमा अनुवाद गरिन् । यस विषयमा धेरै मानिसलाई अत्तोपत्तो भएन । तर नरेन्द्रराज प्रसाईले आफ्नो खोजीमा यसलाई फेला पारेर नइ प्रकाशनबाट प्रकाशमा ल्याउने काम गरे । रानीलाई प्रथम नारीस्रष्टाका रूपमा सम्मान गर्दै उनको जीवनी र फोटो पनि नइबाटै प्रकाशनमा आयो । यसभन्दाअघि ललितत्रिपुरसुन्दरीको फोटो कतै पाइँदैन थियो । यस विषयले राजारानी सामन्ती तथा विलासी जीवन बिताउने मात्र होइन, निकै राम्रा र अनुकरणीय काम गर्ने पनि हुन्छन् भन्ने प्रमाणित हुन्छ ।

नइ नभए 'राजधर्म'का स्रष्टा ललितत्रिपुरसुन्दरी हुन् भन्ने कुरा त्यति चर्चामा आउने थिएन । राजधर्मभित्रकी स्रष्टालाई लुकाएर राखिएको थियो । अथवा कुनै तरिकाले 'राजधर्म'का स्रष्टालाई एउटा अँध्यारो कुनामा मात्र थन्क्याउने काम भएको थियो । नरेन्द्रराज प्रसाईले हरेक प्रमाण जुटाएर 'राजधर्म'का स्रष्टा ललितत्रिपुरसुन्दरी नै हुन् भनेर हिम्मत गरेर समाजका सामु राखिदिए । त्यसपछि ललितत्रिपुरसुन्दरी र उनको 'राजधर्म' वास्तविक चर्चाको शिखरमा पुगेको पाइन्छ । नइ प्रकाशनबाट यस्ता अरू पनि काम भइरहेका देखिन्छन् ।

'राजधर्म'मा राजाको कर्तव्य तथा धर्म के हो ? कसरी राज्य चलाउनुपर्छ भन्ने कुराको व्याख्या गरिएको छ । यो त राजालाई मात्र नभई राज्यको काम गर्ने नेताहरूलगायत सबैले पढ्नुपर्ने पुस्तक हो । यसरी नइले राजसंस्थामा भएका राम्रा कामहरूका बारेमा जनतालाई सुसूचित गर्ने काम पनि गरेको छ । जनतालाई सुसूचित गराउनु राज्यको कर्तव्य हो तर यस्तो अत्यन्तै आवश्यकीय र विशिष्ट काम एउटा गैरसरकारी संस्थाले नै गरिरहेको छ ।

नइले राजमाताको मात्र चरित्रको बखान गर्दैन, जनताकी छोरी डा.वानीरा गिरीको पनि चर्चा गरेको छ । प्रधानमन्त्री सुशील कोइरालामार्फत नइले डा.गिरीलाई 'नेपाली साहित्यका विश्वनारी रत्न' को उपाधि नै दियो । साथै उनको जीवनी पनि नइमार्फतै प्रकाशनमा आयो । कोइलीदेवी, तारादेवी, अरुणा लामा, पारिजात, सहाना प्रधानजस्ता विशिष्ट नारीलाई पनि नइले नै बोकेर हिँडेको देखियो । यसरी सबै क्षेत्र र वर्गको चर्चा गरेर सबैबीच सन्तुलनमा रहेर नइ प्रकाशनले काम गरिरहेको पाइन्छ ।

नेपालमा पुरस्कार दिने धेरै सङ्घसंस्थाहरू छन् । नेपाल राष्ट्रमा नइ प्रकाशनले सबैभन्दा ठूलो राशिसहित पाँच लाख रुपियाँको साथ उपाधि, सम्मान या पुरस्कार प्रदान गरेको देखियो । अन्य पुरस्कारको सङ्ख्या हेर्दा यति धेरै विधामा र वर्गका व्यक्तिलाई पुरस्कार दिने गैरसरकारी संस्था नइ नै मात्र एउटा हो । त्यति मात्र होइन, आफू पनि लेखनमा अहोरात्र खट्ने अरूलाई पनि लेखनमा सघाउने उत्प्रेरणा दिने काम गरेर नेपाली वाङ्मयको श्रीवृद्धि गराउने काम नइबाट भएको छ । नइ प्रकाशनबाट प्रकाशित हुने पुस्तकहरू प्राय: नि:शुल्क रूपमा वितरण हुने हुनाले पुस्तकहरू अध्ययनशील व्यक्तिको पहुँचमा पुग्न सकेका छन् ।

म एउटा कुनामा बसेर चिन्तनमनन गर्ने गर्छु र यसलाई विभिन्न लेख वा कुनै माध्यमबाट जनमानसमा ल्याउने गर्छु । म

मञ्चमा गएर भाषण गर्ने गर्दिनँ । म धेरै जनासँग सम्पर्कका लागि विभिन्न ठाउँमा जाने पनि गर्दिनँ । मेरा लेखहरू तथा अन्तर्वार्ताका माध्यमबाट मेरा चिन्तनहरूलाई बुझेर नइले मेरो मूल्याङ्कन गरेर मलाई २०७३ सालमा 'नइ भूपालदुर्गा पुरस्कार' प्रदान गऱ्यो । त्योभन्दा अघि न मैले नइ देखेको थिएँ न हामीबीच बोलचालै भएको थियो । कताकता म गाउँमा बसेको बेला नरेन्द्रराज प्रसाईको एक्कासि फोन आयो– 'हजुरलाई हाम्रो संस्थाबाट सम्मान गर्ने निर्णय भएको छ । यसमा हामीले हजुरको मञ्जुरी चाहेका छौँ ।' नइको कस्तो शालीन व्यवहार ! कुरै सुन्दा म अचम्ममा परेको थिएँ । त्यसपछिको सन्दर्भबाट मैले नइलाई नजिकबाट चिन्ने मौका पनि पाएँ ।

सञ्चारग्राममा त्रिमूर्ति निकेतनको स्थापना भएको छ । कविशिरोमणि लेखनाथ पौडयाल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाका पूर्ण कदको सुनौलो मूर्ति स्थापना गरेर नेपाली साहित्यका त्रिमूर्तिलाई सबैसामु चिनाउने काम नइबाट नै भएको छ । त्रिमूर्ति निकेतनको समिति निर्माणमा पनि निष्पक्षता पाइन्छ । नइ र त्रिमूर्तिमा प्रज्ञाप्रतिष्ठानहरूमा जस्तो भागबण्डामा पद बाँडिँदैन । यसमा यो पक्षको यो दलको नभनी मरिमेटेर काम गर्ने कर्ताहरू र विद्वान्हरूको मात्र सँगालो रहेको पाइन्छ ।

अहिले क्रान्तिकारी साहित्यको रचनाको धेरै चर्चा भएको पाइन्छ, भक्ति साहित्यका बारेमा धेरै चासो राखेको पाइँदैन । तर वास्तवमा हेर्ने हो भने मानिसलाई भक्ति साहित्य नभई नहुने कुरा हो । भक्ति साहित्य नभईकन मान्छेको मनोभावना जित्न सकिँदैन । भक्ति साहित्य पनि आदर्शवाद, यथार्थवाद र आदर्शोन्मुख यथार्थवाद गरी तीन किसिमको पाइन्छ । आदर्शवादले नराम्रोलाई पनि राम्रो बनाएर प्रस्तुत गर्छ । यथार्थवादले राम्रो नराम्रो केही नहेरी यथार्थ घटेको घटनालाई जस्ताको तस्तै प्रस्तुत गर्छ, यसको असर पछि के होला ? कस्तो सन्देश जाला भन्नेतिर हेर्दैन । अनि आदर्शोन्मुखले

भने पूर्ण यथार्थ होस् तर त्यो आदर्शमय होस् भन्ने मान्यता राख्दछ । यसबाट व्यक्तिले प्रेरणा लिन सकोस् भन्ने भावना राख्दछ । यथार्थ र आदर्शलाई सन्तुलन गरी समाज, व्यक्ति र राष्ट्र आदि आदर्शवादी होऊन् भन्ने चाहना राख्दछ । अहिले राष्ट्रलाई यसको आवश्यक छ । यसैको उदाहरण हो 'हिमवत्खण्ड' । नेपालको महत्त्व चिनाउनका लागि यसको रचना भएको हो । यसका साथै पशुपति पुराण, नेपाल महात्म्य पनि रचना भएको पाइन्छ । 'हिमवत्खण्ड'लाई योगी नरहरिनाथले यसअगाडि नै नेपालीमा अनुवादसहित प्रकाशनमा ल्याएका थिए । यसलाई अहिले नइ प्रकाशनले अग्र पृष्ठमा नै योगी नरहरिनाथको नाम पनि राखेर नेपाली भाषामा मात्र जस्ताको तस्तै प्रकाशन गरेर नि:शुल्क वितरण पनि गरेको छ । यस्तै श्रीस्वस्थानी व्रतकथा पहिले संस्कृतमा रचना भएको थियो पछि यो नेवारीमा अनि नेपालीमा अनुवाद भयो । नेपाली समाजमा प्रचलित यो व्रतकथाको सकारात्मक पक्षको उजागर गर्दै यसको सारभूत तथ्य समाजका हरेकले बुझून् र सबैमा राम्रो सन्देश जाओस् भन्ने उद्देश्यले डा.कञ्चनजङ्घा प्रसाईबाट सम्पादित 'श्रीस्वस्थानी व्रतकथा'लाई नइ प्रकाशनले प्रकाशन गरेको छ । यसमा स्रोता, पाठक तथा भक्तजनमा नराम्रो सन्देश पुऱ्याउने शब्द तथा वाक्यलाई परिमार्जन गरिएको छ । नइ प्रकाशनले आदर्शोन्मुख यथार्थवादको सिद्धान्त भएको 'श्रीस्वस्थानी व्रतकथा' प्रकाशन गरेर यसबाट समाजमा राम्रो सन्देश दिने काम गरेको छ ।

यसरी हेर्दा नइ नभएको भए महाकविको उद्गार तथा मोतीराम भट्टको आदर्श चरितार्थ हुने थिएन । यो वर्तमान नेपालको युगबोध हो । यसबाट प्राज्ञिक वर्ग राजनैतिक वर्गले बुझ्नुपर्छ, यसैमा हातेमालो गरी नेपाली साहित्यको श्रीवृद्धिमा लाग्नुपर्छ ।

नेपालमा कम्युनिस्ट आन्दोलनको धेरै चर्चा छ । यस आन्दोलनमा योगदान दिने कति योद्धाहरूको नाम त्यसै हराएर गएको पनि छ ।

नरेन्द्रराज प्रसाईबाट लेखिएको 'झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी' जीवनीको कृति प्रकाशनमा आयो । शिवाकोटीको भौतिक चोला समाप्त भए पनि यस कृतिले उनलाई मर्न दिएन, मोतीराम भट्टले भानुभक्त आचार्यलाई अमर बनाएजस्तै गरी अमर बनायो । प्रसाई आफैँ झापा विद्रोहका एउटा सशक्त कारक भएकाले शिवाकोटीको चरित्रलाई निखारेर जीवनी लेख्न सफल भए । त्यस बेलाको विद्रोहको समयमा विद्रोहका लागि नेताहरूले वातावरण र योजना बनाउँथे । बिरालोको म्याउँ गर्ने मुख कसले समाउने भनेजस्तो त्यो योजना पूरा गर्न एउटा सुरो व्यक्ति अगाडि सर्नुपर्थ्यो । त्यतिखेर प्रसाई उर्ल्लंदो किशोर बैँसमा थिए र उनी बाघको मुखमा परे पनि नडराउने खालको र कुनै काम गर्न नहिचकिचाउने निर्भीक व्यक्ति थिए । त्यस बखत उनी जस्तोसुकै अवस्थामा पनि अगाडि सरेर काम गर्न सक्थे । यसै बेहोराले झापा विद्रोह जन्म्यो भनिन्छ । उनैले त्यस विद्रोहका नायक शिवप्रसाद शिवाकोटीलाई धेरै कोणबाट प्रकाश पारे । यसरी राजनीतिमा योगदान गर्ने व्यक्तिको चर्चा गर्न पनि नरेन्द्रराज प्रसाई चुकेका छैनन् ।

सबैलाई थाहा भएकै कुरा हो– 'नरेन्द्रराज प्रसाई सुरुमा वामपन्थी विचारधारालाई अँगालेर राजनीतिमा लागेका थिए । पछि उनले यस विचारधारालाई छोडेर महेन्द्रवादतिर लागे । राष्ट्रवादको मूल चुरो अर्थात् राष्ट्रवादको आधार भनेको राजतन्त्र हो भनेर उनी यसैमा ढल्केका थिए । अहिले पनि उनको चिन्तन राजतन्त्रतिर छ, तर उनी अन्धो राजभक्त भने होइनन् । उनी राजतन्त्रका प्रखर हिमायती हुन्, देशभक्त हुन् । वामपन्थी या माओवादी नेताहरूका गुरु मोहन वैद्य 'किरण'ले अहिले नेपालमा रहेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सकार्न सकेका छैनन् र सरकार र यसका गतिविधिमा प्रवेश हुनु त कता हो कता चुनावमा समेत सरिक भएका छैनन् । क्रान्ति सफल भएको छैन भनी उनी राजनीतिकै अभ्यास गर्दै छन् ।

तर उनले 'राजा ज्ञानेन्द्रले चारवटा सर्तलाई मानेमा उनलाई हामी राजा मान्दछौँ' भनेका छन् । यसरी बल्ल आएर उनी ऋल्याँस्स बिउँझिएझैँ भएका छन् । तर उनीभन्दा धेरै वर्षअगाडि नरेन्द्रराज प्रसाई बिउँझिएका रहेछन् र वामपन्थी विचारधारालाई त्यागी राजतन्त्रलाई स्विकारिसकेका रहेछन् । यस बेहोराले नेपाली राजनीतिको विश्लेषक तथा दूरद्रष्टा राजनीतिज्ञका रूपमा पनि नरेन्द्रराज प्रसाईलाई चिनाउँछ । वर्तमान अवस्थामा नेपाललाई प्रसाईजस्ता दूरद्रष्टा र हिम्मतिला व्यक्तित्वको आवश्यकता छ । अनि बल्ल त्यसपछि सबैलाई समेटेर नेपाल अग्रगमनतिर जान सक्छ भन्ने मलाई लाग्दछ ।

नरेन्द्र र इन्दिराको नेतृत्वमा सञ्चालित नइले यहाँ पनि 'आफूलाई मिटाई अरूलाई दिनु जहाँ छ'को मूल मन्त्रका साथ नेपाली भूमिबाट जे कार्य गरेको छ त्यो कार्यबाट नेपालका विश्वविद्यालयहरू, प्रज्ञाप्रतिष्ठानहरू तथा प्राज्ञिक वर्गले प्रेरणा लिन सक्छन् भन्ने मेरो अभिमत छ ।

# साहित्यको सुगन्धित फूल

**डा.जयन्ती रूपाखेती पौडेल**

नइ प्रकाशन हामीमध्ये अधिकांशले मानेको एउटा विशुद्ध गैरराजनीतिक संस्था हो । यस संस्थाले राजनीति जान्दैन र नेपाली भाषासाहित्यलाई मात्र जान्दछ । नइले नेपाली संस्कृति, नेपाली पन र नेपाली भावनाको कदर गर्न मात्र जानेको छ । नइको वास्तविक अर्थ के हो भने– यो नेपाली अर्गानिक वाङ्मयको उर्वरा खेती हो– 'नइ' । नेपाली भाषा र साहित्यका फाँटमा राजनीति नगरी निष्पक्ष काम गर्ने जेजति संस्था देखा परेका छन्, यस्तो काम गर्ने नइबाहेक अरू संस्था छैनन् भनेर म भन्दिनँ तर तिनलाई लालटिन बालेर खोज्नुपर्ने अवस्था छ ।



नइ प्रकाशनका संस्थापक इन्दिरा प्रसाईको नाम मैले पहिल्यैदेखि सुनेको भए पनि उहाँसँग मेरो साक्षात्कार हुने मौका भने २०५६ सालपछिबाट अर्थात् पशुपति बहुमुखी क्याम्पसमा प्राध्यापन गर्ने समयमा मात्र भएको थियो । पद्मकन्या बहुमुखी क्याम्पसमा प्राध्यापनकै क्रममा २०५५ सालमा मैले इन्दिरा प्रसाईको नाम सुनेकी थिएँ । त्यतिखेर म बिहान पढाउँथैँ र पार्ट टाइम टिचर भएकाले आफ्नो कक्षा सकिएपछि घर गइहाल्थैँ; त्यसैले इन्दिरा

प्रसाईसँग भेटघाट गर्ने मौका मिलेको थिएन । जब म पशुपति बहुमुखी क्याम्पसमा प्राध्यापन गर्न थालेँ, उहाँलाई पनि देख्न थालेँ । उहाँ पनि त्यहाँ प्राध्यापन गर्नुहुँदो रहेछ ।

हामी महिला प्राध्यापकहरू मिलेर चिया पिउन जाने र महिला प्राध्यापकहरूको जन्मदिन मनाउने गर्थ्यौं । यसै क्रममा मेरो चिनापर्ची इन्दिरा प्रसाईसँग भएको थियो । उहाँ अत्यन्त फरासिलो, निर्भीक, सहयोगी र नारीवादी लेखक हुनुहुँदो रहेछ । नारीमाथि हुने अन्याय, अत्याचार र विभेदको बारेमा खुलेर आवाज निकाल्ने उहाँ कुनै महिला साथीलाई आइपरेको पारिवारिक र सामाजिक समस्याको समाधानमा पनि सक्रिय भूमिका खेल्नुहुँदो रहेछ । यसरी उहाँसँगको मेरो सम्बन्ध नजिकिँदै गयो ।

मैले नइ प्रकाशन संस्थाको अवलोकन गर्ने मौका पनि पाएको थिएँ । एक पटक इन्दिरा प्रसाईले उहाँको घरको पूजामा बोलाएको अवसरमा मात्र मैले नइगृहको पूर्ण रूपमा अवलोकन गरेकी थिएँ । मैले यसअघि नरेन्द्रराज प्रसाईको नाम सुने पनि उहाँसँग भेट्ने मौका पाएकी थिइनँ । म नइ प्रकाशन गएको बखत मैले नरेन्द्रराज प्रसाई र उहाँहरूकी छोरी अनुकृतिका प्रसाईलाई चिन्ने मौका पाएकी थिएँ ।

नइ प्रकाशन एउटा निजी संस्था भएर पनि यसले बर्सेनि स्वदेश तथा विदेशका साहित्यकार, कलाकार, गायक, समाजसेवी आदि विभिन्न व्यक्तित्वहरूलाई सम्मान तथा पुरस्कारले विभूषित गर्दै आएको छ । यस संस्थाले एक पटकको कार्यक्रममा करिब लाखौँलाख रुपियाँ राशिका पुरस्कार दिन सक्नु चानचुने कुरा होइन । नइ प्रकाशनका बारेमा सुरुमा मैले यी सबै कुराहरू बुझेकी थिइनँ तर इन्दिरा प्रसाईले प्रत्येक वर्ष हुने कार्यक्रममा मलाई पनि आमन्त्रण गर्नुहुन्थ्यो । म पनि नइका प्राय: कार्यक्रममा सहभागी हुन्थेँ । ती कार्यक्रममा मलाई सबैभन्दा मन परेको कुरा त्यहाँ समयको पालना

हुन्थ्यो । नइका कार्यक्रम ठीक समयमा सञ्चालन हुने र चाहे सानाठूला जोकोही नै होस् तर बोल्ने समय सकिएपछि घन्टी बजाइने र त्यसपछि तीस सेकेन्डजतिमा माइकको लाइन छुटाइदिने गरिन्थ्यो । जसले गर्दा वक्तालाई आवश्यक भन्दा अनावश्यक कुरा बोल्ने समय हुँदैनथ्यो ।

नइ प्रकाशनले प्रत्येक वर्ष भव्य कार्यक्रम गर्छ र नइबाट भर्खरै प्रकाशित पुस्तकहरू झोलाभरि उपहार प्रदान गरिने गरिन्छ । राम्राराम्रा पुस्तक बोकेर घर पुग्दा पनि मलाई अथाह रमाइलो बोध हुने गर्थ्यो । अरू पनि धेरैका पुस्तक लोकार्पण गर्ने कार्यक्रममा किताप बेच्ने चलन देखिरहेका मेरा यी आँखाले कार्यक्रम पनि ठूलो गर्ने, निम्तापत्रमा लेखेअनुसार ठीक समयमा कार्यक्रम सुरु गरेर ठीक समयमा अन्त्य गर्ने, खानापिनाको पनि राम्ररो बन्दोबस्त गर्ने र झोलाभरि पनि किताप दिएर ससम्मान बिदा गर्ने नेपालमा एउटै संस्था नइ प्रकाशन मैले देख्तै आएकी छु ।

नइ प्रकाशनकी संस्थापक इन्दिरा प्रसाई एउटी उच्चस्तरीय साहित्यकार हुनुहुन्छ । उहाँ अरूलाई पनि लेख्न प्रोत्साहन दिइरहनुहुन्छ । उहाँले व्यक्तिगत रूपमा मलाई पनि प्रशस्त हौसला प्रदान गर्नुभएको छ । मलाई लेखनकार्यमा लाग्न उहाँले बारम्बार घचघच्याउनुहुन्थ्यो, समय छैन भन्यो भने समय त आफूले निकाल्ने हो, तपाईंहरूजस्तो व्यक्तिले जागिरमा मात्र बस्ने होइन, आफ्नो नाम राख्ने काम पनि गर्नुपर्छ भन्ने इन्दिरा प्रसाईको प्रेरणादायी वाक्यले गर्दा नै मैले आफ्नो विद्यावारिधिको पढाइलाई पूर्णता दिन सकेकी थिएँ । अभिभावकसरह बनेर सधैँभरि मलाई अगाडि बढ्न प्रेरणा दिने इन्दिरा प्रसाईको गुन मैले कहिले तिर्न सक्दिनँ जस्तो लाग्छ । सकारात्मक सोच लिएर सधैँ अगाडि बढ्ने इन्दिरा प्रसाईको प्रेरणाले गर्दा नै म पनि एउटा समालोचनात्मक कृति र एउटा व्याकरण गरेर दुईवटा पुस्तक लेख्न सफल भएकी छु । सबै मान्छेप्रति समान

दृष्टिकोण राख्ने र सही कार्यको प्रशंसा र गलत कार्यको खुलेर विरोध गर्ने इन्दिरा प्रसाईको निश्छल र निडर सेवाभावको चरित्रबाट मैले प्रेरणा लिएकी छु । अहिले हामी दुवै पशुपति क्याम्पसमा आबद्ध छैनौँ तापनि इन्दिरा प्रसाईसँग पहिलेको जस्तो सधैँ भेटघाट नभए पनि उहाँले मप्रति देखाउँदै आउनुभएको सदाशयताप्रति म आभारी छु । मेरो पिएचडी सकिएपछि म इन्दिरा प्रसाईको घरमा भेट्न गएकी थिएँ, त्यस बखत उहाँले मलाई दिनुभएको अभिभावकत्वका सम्मानलाई म जीवनभरि भुल्ने छैन र त्यस दिन इन्दिरा प्रसाईले मलाई ओढाइदिनुभएको ढाकाको खास्टोलाई मैले जीवनभरि चिनोको रूपमा सुरक्षित राख्नेछु ।

नइ प्रकाशनका महत्त्वपूर्ण कार्यहरूले गर्दा नै आज नइ नेपालभरि मात्र होइन देशबाहिर पनि उत्तिकै सम्मानित छ । नेपालका कतिपय साहित्यिक संस्थाहरू अरूको अगाडि हात पसारेर आफ्नो नाम चम्काउन सफल छन् भने नइ एउटा यस्तो पवित्र सागर हो जहाँ डुबुल्की मार्न पाउँदा व्यक्तिहरू आफूलाई सौभाग्यशाली ठान्दछन् । विशुद्ध सेवाको भावले सञ्चालित नइ प्रकाशन एउटा मात्र यस्तो साहित्यिक संस्था हो जसले साहित्यकारहरूको कदर जीवितमा नै गर्न सकेको छ । मरेपछि मात्र कुनै व्यक्तिको गुणगान गाउने अनि जीवित छँदा उसलाई ढुङ्गासरह फ्याँक्ने हामी नेपालीको चलनमा नइले एउटा चमत्कारी कार्य गरेको छ जसले गर्दा समाजसेवाको क्षेत्रदेखि कलाकारिता, साहित्य हरेक क्षेत्रका महान् व्यक्तित्वले नइबाट सम्मानित हुन पाएका छन् ।

विशुद्ध सामाजिक सेवाको भावनाले सञ्चालित नइ प्रकाशन एउटा महासागर हो, जहाँ साहित्यका अनुरागीहरू डुबुल्की मारेर आफूलाई आह्लादित बनाउँछन् । त्यति मात्र होइन, नइ प्रकाशनले विपद्मा परेका नेपालीहरूलाई सहयोग पनि गरेको छ । २०७२ सालको महाभूकम्पमा परेकाहरूको उद्धार र राहत वितरण गर्ने

काम पनि नइ प्रकाशनले गरेको छ । यसका संस्थापक नइ पनि आफ्नो गाँस काटेर अरूको सेवा गर्दै हिँडेको धेरैले देखेकै हुन् । नइको जस्तो उदार हृदय अनि सहयोगको भावना अन्य सर्जकहरूको पनि भए नेपाली साहित्य झन् कति सुन्दर देखिन्थ्यो होला ।

आजका दिनमा आएर पनि कहिलेकहिले मेरा मनमा कुरा खेल्न थाल्छ– 'नइ प्रकाशनजस्तो संस्थाको स्थापना लक्ष्मीप्रसाद देवकोटाको समयमा हुँदो हो त देवकोटाले पनि जीवित अवस्थामा नै सम्मानित र विभूषित हुने अवसर पाउँथे होला । सायद देवकोटाजस्ता साहित्यकारलाई नइले आफ्ना काँधबाट भुइँमा ओराल्ने पनि थिएन होला । अहिले फेरि म भन्छु– 'नइ छ र आज नेपाली साहित्य चौतर्फी छ । नइका दैलोमा पुगेपछि नेपाली भाषासाहित्य झनै चहकिलो देखिन्छ किनभने नइ प्रकाशन नेपाली भाषासाहित्यको मन्दिर हो । जहाँ साहित्यका सुगन्धित फूल फुलिरहन्छन् ।'

# साहित्यको अन्तर्राष्ट्रियकरण

## जाकिर हुसैन (जैकी मोजाहु)

म त साहित्य लेख्न छाड्दै पो थिएँ । मलाई पढ्न पनि कहिलेकाहीँ एकदुई पृष्ठबाहेक मनै नलाग्ने अवस्था थियो । सक्रिय राजनीतिले मेरा साहित्यलाई त खाएकै थियो क्यार !

अनामनगरतिर बरालिएका बेला नरेन्द्रराज प्रसाईले मेसेञ्जरमा पठाउनुभएको मोबाइल नम्बरमा मैले फोन लगाएँ र भनें– 'दाइ घरमा आऊँ ?'



'भाइ ! जाकिर भाइ, लौलौ स्वागत छ भाइ आउनुस् !' गल्लीको बाटो सोध्दै नइ प्रकाशन पुगें ।

आँगनमा साना आकारका बैठक कोठा देखें यस पटक । साना आकारका सफा, टिटेबुल, साँघुरो बैठक कक्ष तर साहित्यिक छटाले सुसज्जित कक्ष देखिन्थ्यो त्यो । एकातिर सिसाका स्लाइड ढोका, बाँकी तीनतिरका भित्ताहरूमा सम्मानपत्र र तक्माहरू लहरै भित्ताभरि नै झुन्डिएका देखिन्थे । त्यो सानो कक्षले जोसुकै आगन्तुकलाई चुम्बकझैँ आफूतिर तान्न सक्दथ्यो । मलाई पनि तान्यो । त्यहाँ प्रवेश गर्नासाथ सोचमा साहित्य, कल्पनामा

साहित्य, लवजमा साहित्य र दृष्टिकोणमा साहित्य प्रस्फुटन हुने रहेछ ।

लामो समयको अन्तरालपछि मात्र नरेन्द्रराज प्रसाईसित मेरो भेट भएको थियो । त्यो भेट पनि मेरा लागि निकै आत्मीय भेट थियो । सुरुमा हामी थोरै राजनीति गफियौँ । उहाँ राजावादी र म गणतन्त्रवादी अनि उहाँ हिन्दू अधिराज्यवादी र म धर्मनिरपेक्ष सङ्घीयतावादी परेँ तर हामीमाझ कुनै बाधाबन्धन थिएन । बरु उहाँले त प्रचण्डसँगको आफ्नो मित्रता पो सुनाउनुभयो साथै पम्फा भुसालले साहित्य पढ्नुहुँदो रहेछ भन्ने पो उहाँले बताउनुभयो । अझ त्यो दिन उहाँ त नइ पुस्तकालयमा दिनानाथ शर्माका पुस्तक एकै ठाउँ राखेर पो मिलाउँदै हुनुहुँदो रहेछ । उहाँ निकै प्रफुल्ल भएर भट्टचाइरहनुभएको थियो– 'प्रचण्डले मधुपर्कमा अन्तर्वार्ता दिँदा मेरो नाम पनि लिनुभएको थियो ।' सबैका अस्तित्वलाई सहजै स्वीकार गर्ने उहाँका आदर्श लोभलाग्दो छ ।

हामीले कुराकानीलाई जारी राख्दा पटकपटक इन्दिरा प्रसाई आउनुभयो र थारै कुरा गरेर जानुभयो फेरि आउनुभयो । नरेन्द्रराज प्रसाई हामीलाई प्रफुल्लित पार्दै इन्दिरा प्रसाईलाई जिस्क्याउन पनि भ्याइराख्नुभएको थियो । यी धेरै प्रसङ्ग जोडिन जाँदा खुबै रमाइलो थियो त्यस बेलाको त्यो हाम्रो भेटघाट ।

केही बेरमा नरेन्द्रराज प्रसाईकी बहिनी तारा प्रसाई शर्मा आउनुभयो । उहाँसँग केही पाकी उमेरकी एक जना पूर्व लेक्चरर पनि हुनुहुन्थ्यो । मैले उहाँको नाम स्मरण गर्न सकिनँ । त्यस समय नरेन्द्रराज प्रसाईले बडा व्यावहारिक ढङ्गले हामी सबैलाई एकअर्कासँग घुलमिल गराउनका लागि परिचय गराउन पनि ढिला गर्नु भएन । परिचय र त्यसपछि केही बेरका भलाकुसारीपछि लेक्चरर महिलाले आफ्ना सानासाना आकारका चारपाँचवटा कृति नरेन्द्रराज प्रसाईलाई दिँदै फोटोहरू खिचाउनुभयो ।

नरेन्द्रराज प्रसाईले परिवारभित्रका र विभिन्न साहित्यकारहरूका बारेमा निकै गहकिला कुराहरू गरिरहनुभएको थियो । इन्दिरा प्रसाईका लागि त्यो दिन हामी चार जना विशिष्ट पाहुना पो ठहरिएका रहेछौँ । म मन्त्री भएका बेला मेरा निजी सचिव रहेका ज्याउल भाइ पनि मसँग हुनुहुन्थ्यो । इन्दिरा प्रसाईले निकै मीठो खाजा बनाएर आफ्नै हातले पस्केर हामीलाई दिनुभयो ।

नइगृहमा हामी करिब तीन घण्टा बस्यौँ । त्यस अन्तरालमा लगातार जीवन, जगत् र साहित्यकै कुराहरू हामीमाऽ भइरहे । पटकपटक नरेन्द्रराज प्रसाईले मलाई हौस्याउने काम पनि गरिरहनुभयो । त्यस समय हामी चारै जना पनि नइको प्रशंसा गर्न चुकेका थिएनौँ ।

मैले नेपाली भाषाका क्षेत्रमा अराजकता हाबी भएर भाषाको सत्यानाश भएको विषयवस्तु राखेको थिएँ । नरेन्द्रराज प्रसाईले पनि त्रिभुवन विश्वविद्यालय र प्रज्ञाप्रतिष्ठानबीचका भाषिक तानातानले भाषामाथि प्रहार भएकामा चिन्ता व्यक्त गर्नुभयो ।

नरेन्द्र र इन्दिरा या नइका दैनिकी अनुमान लगाउन पटक्कै समय लागेन मलाई । उहाँहरू नेपाली भाषासाहित्यको संरक्षण, संवर्धन र जगेर्नामा जीवन समर्पण गरेका एक महान् जोडी हुनुहुन्छ । मलाई यस्तो अनुभूति भएको छ कि उहाँहरू बाँच्नका लागि जुन श्वास फेर्नुहुन्छ नि, ती प्रत्येक श्वासमा पनि नेपाली भाषा र साहित्य लुकेका हुनुपर्छ । नरेन्द्रराज प्रसाईले श्वास लिँदा इन्दिरा प्रसाईले विसर्जन गरेको साहित्यलाई लिएको जस्तो र इन्दिरा प्रसाईले श्वास लिँदा नरेन्द्रराज प्रसाईले विसर्जन गरेको भाषालाई ग्रहण गरेको जस्तो मलाई लाग्छ । नइ आफैँमा जीवन्त पुस्तकालय हुँदै हो । नइगृहभित्र भौतिक रूपमा जुन पुस्तकालय छ आफैँमा प्रदर्शनयोग्य महान् सङ्ग्रहालय हो ।

इन्दिरा प्रसाईकी पचासी वर्षीय आमा दुर्गादेवी नेपालसँगका दर्शनभेटले त्यस दिनको नइगृहको मेरो अवलोकनले झन् साहित्यमय बनाएको थियो । त्यस उमेरमा पनि आमाका मुहारमा रहेका चार्मिङ र सुन्दरता अनुपम नमुना लाग्यो । सासूसँग साहित्यमय जिस्काइमा रम्नुहुँदो रहेछ नरेन्द्रराज प्रसाई ।

'आमा ! 'द मुन' भन्ने अङ्ग्रेजी कविता जाकिर भाइलाई सुनाइसियोस् न !' भनी पटकपटकका नरेन्द्रराज प्रसाईका आग्रहपछि आमाले हात हल्लाईहल्लाई लय मिलाएर आफूले पचहत्तर वर्षअघि कण्ठ गरेको अङ्ग्रेजी रचना सुनाउनुभयो । अस्वस्थ धेरै नै अस्वस्थ भए तापनि त्यस दिन आमाले हामीलाई दुईवटा अङ्ग्रेजी कविता सुनाउनुभयो । पछिल्लो कविताको शीर्षक थियो– 'द काउ ।' साथै उहाँले दुईवटा किताप लेख्नुभएको पनि भन्नुभयो र अर्को किताप 'बगेको खोला' इन्दिरा प्रसाईलाई लेखाउँदै छु पनि भन्नुभयो ।

पुस्तकालय अवलोकन गराएर नरेन्द्रराज प्रसाईले हामी सबैलाई फेरि बाहिरको त्यही कक्षमा ल्याउनुभयो । हामी बात मार्दै नै थियौँ । त्यसै समय नरेन्द्रराज प्रसाईका आँखा एउटा जुत्तामाथि पऱ्यो । जुत्ता ती लेक्चरर महिलाका थिए । जुत्ताभित्रका पाता (तलुवामाथिको पैतालामा नै टाँसिने पातालो तलुवा) बाहिर निस्केका रहेछन् । नरेन्द्रराज प्रसाईले त्यसलाई जुत्ताभित्र पारेर दुरुस्त गर्नुभयो । उहाँको यो सादगी बानी र यस कोटिको सदाचार र मानवता देखेर त्यस दिन म तीनछक्क परेको थिएँ ।

वास्तवमा नरेन्द्रराज प्रसाई जति सादा हुनुहुन्छ त्यति नै सरल हुनुहुन्छ, इन्दिरा प्रसाई पनि त्यस्तै हुनुहुन्छ । त्यो भएर नइ नै एउटा सरल रेखामा निरन्तर हिँडिरहेको छ, कहिल्यै नपुगिने गन्तव्यतिर र कहिल्यै नपुग्ने चुलीतिर । सगरमाथा उक्लिन सकिएला तर नइ यात्राको शिखर चुम्न सक्नुहुन्न । कहिल्यै नटुङ्गिने यात्रा नै त हो

नइको यात्रा । यात्रा गर्दै जाँदा जहिले पनि नवीन कुरा सामुन्ने आइहाल्ने एउटा यस्तो विशालकाय क्षेत्र जसमा कहिल्यै विश्रामको नामनिसान छैन भाषिक यात्रा, साहित्यिक यात्रा । साथै मानवीय संवेदनाका कोणबाट भन्ने हो भने या आत्मसन्तुष्टिको कहिल्यै तिर्खा नमेट्ने यात्रा न हो एउटा मृगतृष्णा नै हो; विशाल मिरेज नइ । मैले मेरा भावना र अनुभूतिहरू लेखेँ । मलाई दुईवटा कुरामा सामान्य छलफल गर्न मन लागेको छ ।

**पहिलो– वास्तविक नइ के हो** ?

प्रा.डा.प्रेम खत्रीको एउटा लेखोटबाट मैले एउटा टुक्रा उद्धृत गर्ने अनुमति चाहेँ । उहाँ लेख्नुहुन्छ– 'नइ एउटा ठूलो प्रज्ञाप्रतिष्ठान हो, जहाँ दुई कुलपति छन् तर ती अन्यत्रजस्तो लड्ने र झगड्ने गरेका सुनिएन । न भत्ता, न चिल्ला गाडी, न दलसित नाता, न परिषद्, न सहयोगी हातहरूको चिन्ता, न अपारदर्शिताको आरोप प्रत्यारोप छ यिनलाई । यो ऐतिहासिक जोडी सानो घरभित्र बसेर पनि कुदिरहेछ । रेसमा कसैले उछिन्ला भनेर हैन, यस जोडीले समयलाई उछिन्न खोजिरहेछन् ।'

हो, बिनाप्रतिस्पर्धाका रेसकै नाम हो– 'नइ' । प्रतिस्पर्धा छ भने आफैँसित छ, आफैँले आफैँलाई परिस्कृत गर्दै लैजाने प्रतिस्पर्धा छ । मैले नइलाई यसरी नै बुझेको छु । अनवरत खटाइ नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको जीवनको उद्देश्य बनेको छ । यो केका लागि हो सबैलाई थाहै छ । साहित्यका क्षेत्रमा अरू पनि असङ्ख्य लागेका छन् । सबैका छन् आआफ्नै विशेषता र विशिष्टता । नइका विशेषता र विशिष्टतामा घोत्लिने हो भने छर्लङ्ग देखिन्छ नेपाली भाषासाहित्यको संरक्षण एवं विकास र यसका साधकहरूको पहिचान, संरक्षण, संवर्धनका साथै नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रियकरण गर्नु नै नइ र नइ प्रकाशनको सर्वोत्कृष्ट र अति विशिष्ट साधना हो ।

**दोस्रो– नइबाट माजाहुको खोजी**

२०६५–०६६ सालतिर नइले त्रिमूर्ति निकेतनबाट डा.मोदनाथ प्रश्रितको अध्यक्षता र शताब्दी पुरुष डा.सत्यमोहन जोशीको संयोजकत्वमा महाकवि लक्ष्मीप्रसाद देवकोटा शताब्दी महोत्सव र प्रथम अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलनको आयोजना गरेको थियो । नइले दुबईका कामदार बजारमा हराइरहेको मोहम्मद जाकिर हुसैन (जैकी मोजाहु)लाई उत्खनन गरेर निकालिदिए । साहित्यिक क्षेत्रको जाकिर हुसैन नइको खोज नै हो भन्छु म । नइकै खोजले युएईका साहित्यिक रमझममा कविता र गजल गुनगुनाइरहेको माजाहुलाई एउटा अकल्पनीय गृहकार्य सुम्पिदियो– 'युएईमा नेपाली भाषा हिजो, आज र भोलि'विषयक शोधमूलक कार्यपत्र तयार पार्न मलाई अह्रायो । युएईमा त्यो अत्यन्त कठिन शोधको विषय थियो । त्यसका लागि धेरै नै अध्ययन, अनुसन्धान गर्नै पर्थ्यो त्यो कार्यपत्र लेखनका लागि । नइले दुबईमा उत्खनन गरेका माजाहुले युएईमा नेपाली भाषासाहित्य खोज्न थाल्यो, खोतल्न थाल्यो । अनि माजाहुको अध्ययन र अनुसन्धानले युएईमा प्रकाश थाम्सुँङ, समदर्शी काइँला, आदिले सरवर, दलवीरसिंह बराइली घायल, चन्द्र तामाङ, शान्तराम थापामगर, पिएस लिम्बू, शेषनारायण झा, ऋषिकेष धनकुटे कान्छो, लक्ष्मण सापकोटा, लोक सुवेदी, हस्ती, जेपी सापकोटा, दामोदर नेपाल, वसन्तमोहन अधिकारीजस्ता कैयौँ अनमोल साहित्य रत्नहरूको खोजी गऱ्यो । त्यहाँको साहित्य साधना र खोज आफैँमा अनुपम थियो । माजाहुले युएईका मरुभूमिलाई नेपाली साहित्यको उर्वरा भूमि बनाउने कैयौँ साधकहरू र साधक साहित्यिक संस्थाहरू पहिल्यायो । हो, त्यही बेला आख्यानपुरुष ध्रुवचन्द्र गौतम, जीवा लामिछाने, रमण घिमिरेजस्ता साधकहरूको दुबई भ्रमण भएको थियो । नइको स्वामित्वमा गइसकेको त्यो कार्यपत्रमाथि गहन टिप्पणी गर्नुभयो उहाँहरू तीनै जनाले । साथै रमण घिमिरेले कान्तिपुर प्रकाशनको 'नेपाल' पाक्षिकमा त्यस कार्यपत्रमा आधारित लामो लेख नै लेख्न भ्याउनुभयो । हो, यहीँबाट सुरु भयो– नइ र माजाहुको सहयात्रा ।

२००३ सन्मा युएईमा नेपाली समाजद्वारा आयोजित कविता वाचन प्रतियोगितामा प्रथम पुरस्कार पाएको जैकी माजाहु २०६५ सालमा त्रिमूर्ति निकेतनबाट महाकवि देवकोटा शताब्दी सम्मानद्वारा विभूषित भयो । त्यसपछि २०७८ सालमा नइ रजत महोत्सव पदकबाट पनि सम्मानित भयो ।

माथि मैले छलफल गर्दै थिएँ नइका विशेषता र विशिष्टताका बारेमा । नइले स्रष्टालाई विश्वभर यसरी नै चिनाउँछ, सबै गोलार्द्धमा नेपाली भाषा र साहित्यको उत्खनन र पहिचान गर्दछ । भाषासाहित्यका साधकहरूको खोजी र मूल्याङ्कन अनि सम्मान गर्दछ । यसरी नइले नेपाली भाषासाहित्यलाई अन्तर्राष्ट्रियकरण गर्दछ । वास्तवमा नइ यस्तो प्रज्ञाप्रतिष्ठान वा निराला साहित्यिक मन्दिर हो जहाँ मुर्झाएका फूलजस्ता प्रतिभाहरू फक्रन थाल्छन्, फुल्न थाल्छन् । नइले प्रतिभाहरूको पहिचान गर्छन्, तिनलाई कालजयी बनाउँछन्, तिनका कृतिहरूलाई अमर तुल्याउँछन् । यसलाई म अतुलनीय र अद्वितीय साहित्यिक दस्तावेजीकरणको संज्ञा दिन मन पराउँछु ।

# साहित्यमा पृथक् पहिचान

## ज्ञानु अधिकारी

नइ प्रकाशनले पच्चिस वर्षको आयु पूरा गरिरहँदा मैले देखेको र महसुस गरेको नइको उमेर भने जम्मा एक दशकको मात्र रहेको छ । मैले प्रत्यक्ष रूपमा साक्षात्कार गरेको यस एक दशकको अविधिमा नइ प्रकाशनले जेजस्ता ऐतिहासिक काम गऱ्यो र जेजति कृतिहरू प्रकाशन गऱ्यो, तिनै कामहरू नै नइ प्रकाशनसँग नजिकिनु र जोडिनुका कारण थिए ।



म नइ प्रकाशनबाट प्रभावित हुनुका खास केही कारण छन् । ती कारणमध्ये पहिलो त यसको नाम नै हो । कुनै पनि साहित्यिक सङ्घसंस्था र प्रकाशनगृहहरूको यस किसिमको नाम मैले यसअघि कहिल्यै सुनेकी थिइनँ । 'न' अर्थात् नरेन्द्र र 'इ' अर्थात् इन्दिरा । श्रीमान् र श्रीमतीका नामको पहिलो अक्षर जोडेर बनेको शब्दबाट साहित्यिक संस्था या प्रकाशनको नाम भएको थाहा पाउँदा मेरो मनमा एक प्रकारको सुखद अनुभूति सञ्चार भएको थियो । यस किसिमको सहअस्तित्व, समझदारी र साझा भावना सार्वजनिक रूपमा आउनु कति प्रिय कुरा थियो । त्यसैले पनि मलाई यो नाम जति प्रिय लाग्छ, त्यति नै

सम्मानित पनि लाग्छ । म आज पनि जब नइ नाम वा यसको लोगो देख्छु, मेरो आँखामा दुवै स्रष्टाको उज्यालो अनुहारको बिम्ब आइहाल्छ । यसरी मलाई नामबाट नै नइ प्रकाशनले पहिलो पटक प्रभावित बनायो ।

नइ प्रकाशनको नाम सुनिसकेको केही महिनापछि नइगृहमा जाने र यसका संस्थापकहरूलाई पहिलो पटक भेट्ने मलाई अवसर प्राप्त भयो । त्यो भेटमा जुन कृति उहाँहरू अर्थात् नइले मलाई उपहार भनेर दिनुभयो, त्यस कृति हातमा पर्नेबित्तिकै म यस प्रकाशनबाट दोस्रो पटक प्रभावित भएँ । २०७८ फागुनको २७ मा हस्ताक्षरसहित दिनुभएको 'नारीचुली'नामक त्यो कृति मैले उपहार पाएँ भनेर म प्रभावित भएकी होइन, म त यस प्रकारको कृति पहिलो पटक देखेर र यस कृतिको प्रकाशन नइ प्रकाशनले गरेको थाहा पाएर प्रभावित भएकी थिएँ । किनभने, नेपाली साहित्यमा यसभन्दा अघि यति सम्मानका साथ, हार्डकभरको यति सुन्दर आवरण भएको कृतिमा स्रष्टाहरूको चित्राकृतिका साथ नारीस्रष्टाबारे तयार पारिएको कृति पढ्ने अवसर मैले प्राप्त गरेको थिइनँ । सिर्जना, समालोचनामा मात्र नभएर जीवनीमा पनि पुरुष स्रष्टाकै बारेमा मात्र पढ्न र पढाउन बाध्य भएकी मैले यो कृति पाएर गर्वबोध भएको महसुस गरेकी थिएँ । २०१७ सालभन्दा अगाडि जन्मिएका बाउन्न जना नेपाली नारीस्रष्टाको जीवनी मात्र लेखिएको छैन यस कृतिमा भूमिकाकार आदरणीय ईश्वरवल्लभले भन्नुभएझैँ 'प्रथम नारीस्रष्टाको उल्लेख मात्र नगरी दरिलो प्रमाण र पुष्टिका साथ रानी ललितत्रिपुरसुन्दरीको उपस्थिति प्रत्याभूत गरेर उनी नै नेपाली साहित्यकी प्रथम हस्ताक्षर हुनुको यथार्थबोधसमेत कृतिले प्रस्तुत गरेको छ ।' यसरी ललितत्रिपुरसुन्दरी, योगमाया, अम्बालिकादेवी हुँदै पारिजात, प्रेमा शाह, उषा शेरचन, सीता पाण्डेसम्म बाउन्न जना नारीस्रष्टाको जीवनीका साथै नेपाल र भारतमा जन्मेका अन्य

नारीस्रष्टाको परिचय पढिसकेपछि जीवनीकार र नइ प्रकाशनप्रति अझ धेरै सम्मान बढेको थियो ।

नइको संयोजनमा त्रिमूर्ति निकेतनबाट भएको विश्वनारी नेपाली साहित्य सम्मेलन जस्तो बृहत् साहित्य सम्मेलनको आयोजनाबाट म नइसँग तेस्रो पटक प्रभावित भएकी हुँ । यसअघि नै नइ प्रकाशनको संयोजनमा घटराज भट्टराई, नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको परिकल्पना, सक्रियता र समर्पणमा त्रिमूर्ति निकेतनको स्थापना र निर्माण भएको थियो । नेपाली भाषासाहित्यका विभूतित्रय कविशिरोमणि लेखनाथ पौडचाल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको सम्मानमा २०६१ सालमा त्रिमूर्ति निकेतनको स्थापना भएको कुरा मैले सुनेकी मात्र थिएँ प्रत्यक्षदर्शी थिइनँ । तर त्यही त्रिमूर्ति निकेतनले २०६९ सालमा घोषणा गरेको विश्वनारी नेपाली साहित्य सम्मेलनको कार्यक्रममा भने सहभागी हुने अवसर पाएँ र नइसँग अझ राम्ररी परिचित हुने अवसर प्राप्त गरेँ । इतिहासको गर्भमा विलीन भएका नारीस्रष्टा र तिनका सृजनालाई अगाडि ल्याउने, सृजनामा समर्पित कम्तीमा एउटा पुस्तक प्रकाशनमा आएका नारीस्रष्टालाई नेपाली साहित्यको इतिहासमा समाहित गर्ने, स्वदेश तथा विदेशमा छरिएर रहेका नेपाली नारीस्रष्टाका सृजनात्मक योगदानको खोज र अध्ययन गर्ने, विश्वभरिका नेपाली नारीस्रष्टाहरूको व्यवस्थित इतिहास तयार पार्ने र नेपाली नारी साहित्यकारका स्तरीय कृतिहरूलाई अङ्ग्रेजी भाषामा अनुवाद गरी विश्वसाहित्यमा पुऱ्याउनेजस्ता उद्देश्य लिएर आयोजना गरिएको विश्वनारी नेपाली साहित्य सम्मेलनजस्तो ऐतिहासिक भेला काठमाडौँमा गरिएको थियो र सो ऐतिहासिक सम्मेलनमा नेपाल र नेपालबाहिरबाट आउनुभएका साहित्यकारहरूको भव्य जमघटमा म पनि सामेल भएर आफ्नो काम सम्पन्न गर्ने अवसर पाएकी थिएँ ।

नइ प्रकाशनको संयोजन र त्रिमूर्ति निकेतनको आयोजनामा भएको विश्वनारी नेपाली साहित्य सम्मेलनको अवसरमा जुन प्रकारले वरिष्ठ साहित्यकार तथा नेपाली साहित्यमा विद्यावारिधि गर्ने पहिलो नारी वानीरा गिरीलाई पाँच लाख रुपियाँको नगद राशिसहित 'नेपाली साहित्यका विश्वनारी रत्न'को सम्मान प्रदान गरेर जुन प्रशंसनीय कार्य गर्‍यो, यस कार्यबाट फेरि अर्को पटक प्रभावित भएँ म । नारीस्रष्टाको सम्मानका लागि सधैँ उदासीन रहने नेपालका साहित्यिक संस्थाहरूलाई ठूलो हाँक थियो यो । यति ठूलो सम्मानसहित उहाँलाई तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाबाट रथारोहण गराइएर नगरपरिक्रमा गराइरहँदा त्यहाँ वानीरा गिरी मात्र होइन नेपालका सम्पूर्ण नारीस्रष्टाको सम्मान भइरहेको अनुभूति गरेथेँ मैले ।

यस्तै प्रभावित पार्ने नइको अर्को कार्य थियो, नेपालका विशिष्ट संस्कृतिविद् तथा साहित्यकार सत्यमोहन जोशीलाई 'शताब्दी पुरुष' उपाधिको घोषणा गरी पाँच लाख रुपियाँको नगद राशिसहितको भव्य कार्यक्रम सम्पन्न गर्नु । यस्तैयस्तै ऐतिहासिक र गम्भीर प्रकृतिका कामहरूले नै नइ प्रकाशन नेपाली साहित्यमा पृथक् छ । नइका अन्य प्रशस्त कामहरूमध्ये म स्वयम् प्रत्यक्षतः जोडिएको र हृदयबाट नै प्रभावित भएका कामहरू हुन् यी । साहित्यका लागि दिनरात, झरीबादल, हिउँदबर्खा नभनी अहोरात्र खट्ने नइ र नइ प्रकाशनबारे अध्ययन, अनुसन्धान र मूल्याङ्कन भविष्यमा भइ नै रहनेछन् । यो त मात्र एउटा अनुभूतिको अभिव्यक्ति मात्र हो ।

नइ प्रकाशनका नइको स्पष्टवादिता, वैचारिक निष्ठा र साहित्यप्रतिको समर्पण पनि म प्रभावित भएको अर्को पक्ष हो । चाहे राजनीतिमा होस् या साहित्यमा आफ्ना व्यक्तिगत स्वार्थका लागि र अवसर प्राप्तिका लागि रङ फेरिरहने र बोली बदलिरहने मानिसहरूको यहाँ केही कमी छैन । जताजता अवसर पाइन्छ, त्यतैत्यतै आफ्नो नैतिकतालाई नै धरापमा पारेर जानेहरू पनि यही समाजमा प्रशस्त

देख्न पाइन्छ तर नइ एउटा त्यस्तो उदाहरण हो; जो आफ्नो सिद्धान्त, मूल्य र मान्यताका लागि कसैसँग सम्झौता गर्दैन । आफ्नो स्पष्ट राजनीतिक अडानमा अडिएर अन्य विचारधाराका विद्वान्हरूसँग साहित्यिक समन्वय र सहकार्य गर्न सक्नु नइको अद्भुत कला हो । आज नइ प्रकाशनले साढे दुई दशकको अवधि पार गरिसक्दा पनि जुन उद्देश्यका साथ यसको स्थापना भएको थियो, ती उद्देश्यहरू पूरा गर्दै आज पनि उत्तिकै सक्रिय रहन सक्नुमा नइको यही गुण र सकारात्मक पक्षले काम गरेको हो भन्न सकिन्छ । यसरी नेपाली साहित्यमा एउटा पृथक् पहिचान र दृढ स्वाभिमानका साथ सक्रिय यात्रा गरिरहेको नइ प्रकाशनलाई आगामी सफलताका लागि हृदयत: शुभकामना !

# समाजको एउटा नमुना संस्था

**प्रा.डा.डिल्लीराज शर्मा**

त्रिभुवन विश्वविद्यालयअन्तर्गत व्यवस्थापन केन्द्रीय विभागबाट स्नातकोत्तर (MBA) उत्तीर्ण गरिसकेपछि २०५२ साल भदौदेखि पद्मकन्या बहुमुखी क्याम्पसमा शिक्षण पेसासँगै मेरो जागिरे जीवन सुरुवात भएको थियो । अध्ययन समाप्तिसँगै कीर्तिपुरस्थित कान्ति छात्रवासबाट निस्किएपछि केही समय म डिल्लीबजार र मैतीदेवीतिर डेरामा बस्न थालेँ । पछि वैवाहिक जीवनको सुरुवातसँगै सिंहदरबारको उत्तरपट्टि घट्टेकुलोमा डेरा सरियो । करिब छ वर्षसम्म डेरा बस्दा यो ठाउँ र यहाँको समुदाय मलाई प्रिय लाग्न थाल्यो । यसै सन्दर्भमा स्थानीय साधुराम सापकोटाको घट्टेकुलो जनपथमार्गमा रहेको घडेरी २०५७ साल चैतमा मलाई किन्ने अवसर प्राप्त भयो । उक्त जग्गामा २०५९ सालमा घर निर्माण गरिसकेपछि मेरो बसाइ काठमाडौँ महानगरपालिका २९ वडास्थित जनपथमार्गमा भयो ।



मैले सुरुमा जग्गा किन्दा म र मेरा मित्र डा.राजकिशोर सिंह सँगसँगै भएको हुँदा हामी दुवैलाई यताउति सम्पर्क बढाउन केही सहज भयो । यस टोलमा आउँदा मसँग पूर्वपरिचित समाजसेवी

महेन्द्रनाथ राईलाई मैले छिमेकीका रूपमा पाएँ । त्यति बेला मैले घर निर्माण गर्ने सन्दर्भमा मलाई टोलवासीबाट राम्रो सहयोग प्राप्त भएको थियो । यसै क्रममा एक दिन छिमेकी नरेन्द्रराज प्रसाई मेरो घरको बाहिरी ढोकामा आउनुभयो । त्यस दिन हामीमाझ सामान्य भलाकुसारी तथा परिचय भयो । परिचयका क्रममा नै म उहाँसँग प्रभावित भएँ । मैले नाम सुनेको तर परिचय गर्न नपाएको साहित्यकार नरेन्द्रराज प्रसाईसँग छिमेकी भएकोमा मलाई खुसी लाग्यो ।

हाम्रो टोलमा पहिलेदेखि गठन गरी सक्रिय मेलमिलाप उपभोक्ता समितिमा म पनि सम्मिलित भएँ र प्रत्येक महिना टोलवासीहरूसँग भेटघाट र उठबसको अवसर मलाई पनि प्राप्त भइरह्यो । बिस्तारै टोलका प्राय: सबै टोलवासीहरूसँग मेरो पनि उठबस बढ्दै गयो । उपभोक्ता समितिको बैठक बस्ने क्रममा नरेन्द्रराज प्रसाई र उहाँकी धर्मपत्नी इन्दिरा प्रसाईद्वारा स्थापित नइ प्रकाशनको घरमा हाम्रो अघोषित कार्यालय रहन थाल्यो । यसै क्रममा साहित्यकार इन्दिरा प्रसाईसँग पनि मेरो राम्रो परिचय भयो एवं हाम्रो पारिवारिक सम्बन्ध विस्तार पनि हुन थाल्यो । नरेन्द्रराज प्रसाईलाई अत्यन्त आदर एवं अभिवावक स्वीकार गरी दाजु र इन्दिरा प्रसाईलाई भाउजुको संज्ञा दिई त्यसैअनुसार मैले उहाँहरूलाई सम्बोधन गर्न थालेँ ।

टोलवासी भएको नाताले नइ प्रकाशनका अत्यन्त महत्त्वपूर्ण कृतिहरू हामीले पढ्ने अवसर प्राप्त गर्‍यौँ । नइका कतिपय कृतिहरू मैले अहिले बेफुर्सदको कारण पूरै अध्ययन गर्ने अवसर प्राप्त नभएको हुँदा पछि पढ्ने प्रतिबद्धतासहित मेरो पुस्तकालयमा सुरक्षित राखेको छु । यो टोलमा बस्ने सन्दर्भमा बाटो विस्तार, फोहोर एवं ढल व्यवस्थापन तथा सार्वजनिक जग्गा व्यवस्थित गर्ने सन्दर्भमा हामीले सञ्चालन गरेको अभियानमा नइबाट हामीलाई ठूलो सहयोग एवं साथ रहेको कारण पनि हामीलाई उहाँहरूसँग झन् निकट हुने अवसर प्राप्त भयो ।

नइ प्रकाशनमा विभिन्न समाजसेवी तथा साहित्यमा अभिरुचि राख्नुहुने महानुभावहरूबाट अक्षयकोष प्राप्त भएका छन् र तिनैको ब्याजबाट सुन्दर ढङ्गले संस्था परिचालित छ । म एउटा छिमेकी भएर पनि नइ प्रकाशनको गतिविधिमाथि मेरो दृष्टि पुगिरहनु पनि स्वाभाविकै हो । नइले विभिन्न विधामा स्वदेश तथा विदेशमा रही नेपाली साहित्य, कला संस्कृतिलगायत विभिन्न क्षेत्रमा योगदान पुऱ्याउनुहुने महानुभावहरूलाई प्रत्येक वर्ष निष्पक्ष एवं पारदर्शी रूपमा पुरस्कार प्रदान गरी प्रतिभाहरूलाई उत्पेरित गर्ने अहम् भूमिका खेलेको छ । आफूले गरेको कर्मले नइ प्रकाशनको सम्मान र मर्यादा दिनानुदिन बढिरहेको छ । आफ्नै आँखाअगाडि एउटा सांस्कृतिक संस्थाले बृहत् उचाइ प्राप्त गरेको सन्दर्भ आनन्ददायकको हुँदो रहेछ । यही संस्था हाम्रो टोलमा रहेको कारण संयोगवश हामीलाई पनि विभिन्न साहित्यकार तथा विविध विधाका बुद्धिजीवीसँग यदाकदा भेटघाटको अवसर प्राप्त हुने गर्छ ।

मुलुकमा नइ प्रकाशन र नइजस्तै सामाजिक सङ्घसंस्था तथा सञ्चालकहरू स्थापना एवं सञ्चालनमा रहने हो भने समाज तथा देशको साख अभिवृद्धिमा धेरै मद्दत मिल्नेछ । नइले सुरु गरेको अभियान हाम्रो समाजको एउटा नमुना हो । नइ प्रकाशन नेपाली साहित्य या सांस्कृतिक जगत्को एउटा ओजपूर्णको वृक्ष बनेको छ । यस संस्थाले अन्तर्राष्ट्रिय क्षेत्रमा समेत नेपालको पहिचान पुऱ्याएको छ । मलाई के लाग्छ भने– नइ जोडी इतिहासको नै दुर्लभ जोडी हो । जसले एउटै छानामुनि बसेर नेपाली साहित्यमा धेरै ठूलो गुन लगाएको छ । यसै सन्दर्भमा धेरै पटक मैले नरेन्द्रराज प्रसाईलाई भन्ने गरेको छु– 'तपाईं र इन्दिरा भाउजुको योगदान र नइ प्रकाशनबारे भविष्यमा अनुसन्धान एवं विद्यावारिधि गर्न धेरै शोधार्थी आउनेछन् ।'

नरेन्द्रराज प्रसाई केटाकेटी, युवा तथा वृद्धवृद्धाहरू सबैसँग रमाउन र व्यवहार गर्न अत्यन्त सिपालु एवं सरल हुनुहुन्छ । मेरो

छोरा सौभाग्य शर्मा सानो छँदा उहाँको घरको गेटमा रहेको पत्र मञ्जुषा देखेर उहाँको निवासलाई हुलाक कार्यालय र उहाँलाई हुलाकी (पोस्टम्यान) भन्ने गर्थ्यो । नरेन्द्रराज प्रसाईले प्रत्येक महिना मेरो छोरा सौभाग्य र छोरी साम्भवी शर्मालाई उपयोगी 'मुना'लगायतका बाल पाठ्यसामाग्रीहरू मेरो घरमा पठाउने गर्नुहुन्थ्यो । तिनै पाठ्यसामाग्री अध्ययन गर्ने बानीको कारण मेरा छोराछोरीको पाठ्यक्रमको अलावा अन्य क्षेत्रमा पनि अभिरुचि बढ्नुका साथै ज्ञानको मात्रा बढेको हामी दम्पतीलाई अनुभूति भएको थियो । मेरा छोराछोरी नइसँग असाध्यै प्रभावित छन् र हामीहरूलाई एउटै परिवारको अनुभूति छ । म र मेरो परिवार दाजुभाउजुसँग भेटघाट हुँदा उहाँहरूले व्यक्तिगत तथा पारिवारिक कुराहरू चासोपूर्वक सोध्ने तथा शुभकामना गर्ने हुँदा हामीलाई बारम्बार उहाँहरूबाट कर्मक्षेत्रमा लाग्न उत्प्रेरणा प्राप्त हुन्छ । अत: पारिवारिक रूपमा कुरा गर्दा त नइ मेरो परिवारका लागि अभिभावक मात्र होइन शुभचिन्तक र मैले आदर्श मान्ने व्यक्तित्वहरू नै हुनुहुन्छ ।

हामी आआफ्नै काममा रमाउने बानी परेकाले होला सायद हामीमाझ खासै नियमित संवाद हुँदैन । खास गरी नइ प्रकाशनको बार्दली र मेरो घरको बार्दलीबाट सामान्य अभिवादनलगायत छोटो संवाद सम्भव हुने हुँदा हाम्रो सधैँ भेटघाट भएजस्तै हुन्छ । उहाँहरू दुवै जना चिसो या गर्मीका बेला घाम वा शीतलमा बसेर आफ्नो साहित्यिक कार्यमा तल्लीन भइरहेको म मेरै घरको बरण्डाबाट देखिरहेको हुन्छु । उहाँहरूको लगनशीलताबाट जोसुकैलाई पनि केही कर्म गर्नुपर्छ भन्ने उत्प्रेरणा प्राप्त हुनु स्वाभाविकै हो र नइका कामबाट म पनि प्रेरित छु ।

नइ प्रकाशन टोलको मेलमिलाप उपभोक्ता समितिका बैठकहरूमा बस्दा तथा यदाकदा भेटघाटमा नरेन्द्रराज प्रसाईसँग राजनैतिक कुराकानीको पनि अवसर प्राप्त हुन्छ । नरेन्द्रराज प्रसाई

सुरुमा वामपन्थी विचारबाट प्रभावित रहे पनि पछिल्लो समयमा आएर देशमा राजतन्त्र रहनुपर्छ भन्ने मान्यतामा अडिग हुनुहुन्छ तर उहाँहरूमा कुनै किसिमको राजनैतिक आग्रह पूर्वाग्रह भेटिँदैन । नइगृहमा विभिन्न विचार र राजनीतिमा आस्था राख्ने साहित्यकार एवं राजनेताहरूको आगमन भइरहने गरेको मैले देख्तै आएको छु । साथै नइ प्रकाशनबाट देशविदेशका प्रतिभाहरूलाई गर्ने सम्मानलाई हेर्दा लाग्छ मुलुकमा कुनै एउटा निष्पक्ष संस्थाको उदाहरण दिनका लागि नइ प्रकाशन काफी छ । नइले नइ प्रकाशनभित्र राजनीतिको कुनै पनि किसिमको रङ पोतेको पाइँदैन । त्यसैले यो संस्थामा धेरै स्रष्टाको लोभ र मोह बढेको पनि हो जस्तो मलाई लाग्दछ ।

राजनीतिकै सन्दर्भमा कहिलेकाहीँ हामी गणतन्त्रवादी र राजतन्त्रवादीका बीच दोहोरी एवं ठट्टामजाक पनि हुने गर्छ । नरेन्द्रराज प्रसाई सिद्धान्तका बज्र नै हुनुहुन्छ । आनीबानी तथा गहन परिचय नभइसकेकाका लागि उहाँ केही बिझाउने काँडाजस्तै लागे पनि उहाँको बानी तथा सफा मन बुझिसकेपछि उहाँ वास्तवमा नौनी घ्यूजस्तै कमल र सफा हृदयको व्यक्ति हो भन्ने लाग्छ ।

नइ प्रकाशनले पच्चिस वर्षको दौरानमा निश्चय पनि विभिन्न उकालीओराली, दु:खकष्ट, प्रशंसा तथा आलोचना सहँदै यो अवस्थामा आइपुगेको छ । आगोमा गालेको सुन चम्केझैँ नइ प्रकाशन पनि नेपाली साहित्यसंसारमा क्रमिक रूपमा चम्किरहेको देख्न पाइएको छ । नइ संस्थालाई यहाँसम्म पुऱ्याउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा मद्दत पुऱ्याउनुहुने सम्पूर्ण महानुभावको नि:स्वार्थ कदमले आज नेपाली साहित्यको इतिहासमा सग्लो रूपमा नइ प्रकाशन उभिएको देखिएको छ । यस संस्थाले झनै बढी लोकप्रियता एवं नेपाली समाजमा अब्बल रूपमा स्थापित साहित्यिक संस्थाको रूपमा पहिचान बनाउन सकोस् भन्ने मेरो हृदयान्तरको चाहना छ ।

# एउटा चमत्कार

## डीआर राई

यस सांसारिक रङ्गमञ्चमा प्रादुर्भाव भएका सारा जीवहरूको निश्चित समय पुगेपछि क्रमश: एकपछि अर्को विलीन हुनु सृष्टिको घटनाक्रम वा प्रकृतिको नियमभित्र पर्दछ । मानवजाति पनि त्यै सीमारेखाभित्र अटाएको एक प्रजाति हो, जो आफ्नो चेतनामार्फत केही न केही गरेर बाँचेका हुन्छन् । यसै क्रममा विभिन्न एषणा



बोकेर हिँडिरहेका मध्ये कति सफल होलान् त कति असफल पनि हुन्छन् । तर सफल हुनेहरूले यो जगत् र आउने पुस्तालाई उज्यालो छरेर गएका दृष्टान्तहरू पनि छन् ।

जहाँ निरन्तरता, इमानदारिता र लगनशीलताको राम्रो संयोजन हुन्छ, त्यहाँ सफलताले बास गरेको हुन्छ । जसबाट प्राप्त हुने परिणामले एक प्रकारको छुट्टै पहिचान बनाउँदै इतिहास रच्ने काम गर्दछ । त्यसको ज्वलन्त उदाहरण हो, नेपाली साहित्यजगत्मा कलकलाउँदो, हलहलाउँदो पच्चिस वर्ष पार गरेको एउटा वृक्ष । जुन वृक्ष तपाईं हामीमाझ मस्त जवानीका रङहरू फिजाएर लहलहराइरहेको देख्छौँ । जसको शीतल छहारी र सुगन्धित बास्नाले जोकोहीलाई लट्ठ पार्ने वृक्षको नाम नै

हो नइ प्रकाशन अर्थात नइ वृक्ष, जसको विशाल छातीमा नेपाली साहित्यका अनेक विधाहरू हुर्कन, मौलाउन, फुल्न र फल्न पाएका छन् । त्यस्ता नयाँ, पुराना, विश्वविख्यात र ओझेलमा परेका स्रस्टाहरूलाई नइ वृक्षको शीतल छहारीले संरक्षण, प्रवर्द्धन र सम्मान गर्ने काम गर्दै आएको छ । त्यो नेपाली भाषासाहित्यका लागि ठूलो उपलब्धि हो ।

हुन त नइ जोडी आफैँमा सशक्त साहित्यकार तथा कुशल व्यवस्थापक र सञ्चालक पनि हुन् । जसले सञ्चालन गरेको सङ्घसंस्था वा कार्यक्रम आफैँमा सम्मानित, सभ्य, भव्य र अनुशासित हुने गरेको मैले प्रत्यक्ष देख्दै आएको छु । त्यस्ता कार्यक्रममा उच्च ओहदाका विद्वान्विदुषीहरूको बाक्लो उपस्थितिले नइको परिचयलाई छर्लङ्ग पार्ने गर्दछ र त्यसलाई मुल्याङ्कन गर्ने एउटा आधारशिला पनि मान्न सकिन्छ । जसको हरेक स्तरीय कार्यक्रममा जान पाउँदा मलाई पनि गौरवको महसुस हुन्छ भने फर्केर आउँदा केही न केही नयाँ कुराहरूको जानकारी र ओजपूर्ण पुस्तकहरू लिएर फर्किंदा सही ठाउँमा समय खर्चेछु भन्ने आभास हुन्छ ।

इतिहासको कुनै कालखण्डमा होस् या कुनै न कुनै रूपले भाषासाहित्य, कला, संस्कृति, समाजसेवामा लागेका देखि राष्ट्रिय विभूतिहरूको खोजमूलक अभिलेख राख्ने काम मात्र होइन त्यस्ता प्रतिभालाई प्रोत्साहन गरेर नेपाली वाङ्मयको श्रीवृद्धिमा अतुलनीय योगदान पुऱ्याउँदै आएको छ नइ प्रकाशनले । यतिसम्म कि राष्ट्रिय अन्तर्राष्ट्रियदेखि गाउँबस्तीको दूरदराजसम्म, साक्षरदेखि प्रकाण्ड विद्वान्सम्मको जीवनशैलीलाई खोतलेर अलिकति पनि झिँजो नमानी लेख्ने गरेको पाइन्छ । नइ आफैँमा विख्यात लेखक हुन् भने नइ प्रकाशन ख्याति कमाएको प्रकाशनगृह पनि हो । साक्षर मात्र किन नहोस् तर विलक्षण प्रतिभा भएका र समाज र देशलाई योगदान पुऱ्याएकालाई खोजीखोजी बाहिर ल्याउन आफ्नो सत् धर्म ठान्ने

नइले चिताएपछि पूरा गरेरै देखाएको पाइन्छ । एउटा प्रसङ्गमा– 'राजकवि कि राष्ट्रकवि' भन्ने चर्चा चलिरहेको बेला लामो समयको सङ्घर्षपछि कविवर माधवप्रसाद घिमिरेले 'राष्ट्रकवि'को उपाधि पाउनुभयो । उक्त उपाधिबाट सम्मानित भएपछि उहाँले भन्नुभएको थियो रे– 'यो नइ भनेको एउटा चमत्कार हो ।' हुन पनि हो, वास्तवमै नइले चिताएको कुराहरू पूरा गर्दै आएको देख्दा चमत्कारै लाग्छ मलाई पनि ।

शताब्दी पुरुष, राष्ट्रकवि, नेपाली साहित्यका विश्वनारी रत्न हुँदै महासमालोचकजस्ता उपाधिहरूको कल्पना, जन्म र न्वारन गर्ने नइलाई मैले पच्चिसछब्बिस वर्षअघि टुसाएदेखि नै देख्दै र चिन्दै आएको हुँ । यसरी नयाँ नाम र उपाधिको सिर्जना गर्ने मेलोमा नइले अहम् भूमिका खेलेको देखिन्छ । यस्ता अनेकौँ विशेषताहरूबाट स्थापित नइले आफ्नो भन्दा पनि अरूको शिर उँचो पार्ने काम गर्दै आएको छ ।

म भुइँमान्छे, अनामनगरमा सानो फोटो स्टुडियो चलाएर बसेको थिएँ । एउटै सेरोफेरोको नइ र मेरो बसाइ, त्यसै पनि नजिकिँदै गयौँ होला सायद हामी । त्यतिखेर अहिले जस्तो प्रविधिको विकास भएको थिएन, त्यसैले नइको चिठी, पुस्तक, पत्रपत्रिका, पार्सलहरू सबै डीआर फोटो स्टुडियोमा भण्डारण हुन्थ्यो । पछिबाट नइले फोटो स्टुडियोलाई डीआर चोक, अनामनगर भनी ठेगाना दिनुभएछ जतातते । चिठीपत्रको खाममा सोही नाम लेखेको ठेगानामा पत्रहरू आउँदा म पनि दङ्ग पर्थें, अझै पनि बेलाबेला नइको चिठीपत्र र सामाग्रीहरू डीआर फोटो स्टुडियोमा नै आउने गरेको छ । हुन त अरूको पनि चिठी सरसमानहरू आउँथ्यो तर नइको अचाक्ली धेरै आउने गर्थ्यो ।

लेखन र प्रकाशनको क्षेत्रमा नइ आफ्नो अडानबाट कहिल्यै विचलित भएको देखिन्न, नइले आफ्नै लय समाएको छ । जीवनी


लेख्नुमा कुनै जातपात, दल फेरबदल या कसैको उक्साहट र चापलुसीबाट टाढा रहेर नइ जोडीले आफ्नो निष्ठा र इमानको सीमाभित्र कलम चलाएको देखिन्छ । नइले लेखेका र नइ प्रकाशनले छापेका धेरै पुस्तकहरू शक्तिशाली छन् र ती ग्रन्थहरू चर्चामा पनि छन् । केही ऐतिहासिक ग्रन्थलगायत सयौँ पुस्तकहरू प्रकाशन गरेर नेपाली साहित्यलाई धनी बनाउने काम नइ प्रकाशनबाट भएको छ । नइ प्रकाशनले व्यापारिक ढङ्गबाट कहिले किताप छापेन, नेपाली भाषा र साहित्यको सेवा गर्नका लागि मात्र नइका कृति जनसमक्ष आएका मैले जानेको छु । नइ जोडीले नइ प्रकाशन मात्र बोकेको देखिएन, त्रिमूति निकेतन र वानीरा फाउन्डेसनको भारी पनि बोकेर हिँडिरहेको छ । राष्ट्रकवि माधव घिमिरेले भनेझैँ 'नइ चमत्कारी' नै हो ।

रजत वर्ष पार गर्दै गर्दा यो वृक्षले कति उकाली, कति ओराली र कठिनाइहरू पार गर्नु पऱ्यो होला । अहिले धपक्क फुलेर फक्रिएको रूपबाट चुहिन लागेको रस देख्दा ऱ्याल काढ्नेहरू पनि होलान् । तर रोपेपछि हुर्काउन, बढाउन नइले कति परिश्रम गरे होलान्, कति हेरचाह र गोडमेल गरे होलान् । त्यो दुई अक्षरलाई मात्र थाहा होला । नइको राम्रोसँग लेखाजोखा नगरी सतहीमा मुल्याङ्कन गरियो भने नइ वृक्षको अपमान हुनेछ । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले पच्चिस वर्षअघि जन्माएको नइ वृक्ष नेपाली साहित्यको दरिलो खम्बा भएर उभिएको देख्दा मलाई गर्व लाग्छ । किनभने त्यस समयदेखि अहिलेसम्म नै नइ मेरै आँखाअगाडि मैले देखिरहेको छु ।

# सभ्यताका साझा अभियन्ता

## तारानाथ दाहाल

कुनै मानिस वा संस्थाको बारेमा सुनिएको, पढिएको वा हल्ला, चर्चाको रूपमा कुनै अवधारणा बनाउनु गलत हुन्छ भन्ने उदाहरणका रूपमा मैले नइलाई लिएको छु । खासमा २०६० सालअगाडि नरेन्द्रराज प्रसाईलाई जसरी मैले अप्रत्यक्ष रूपमा चिनेको थिएँ, उहाँलाई प्रत्यक्ष भेटेपछि उहाँबारेको मेरो धारणामा शतप्रतिशत परिवर्तन आयो ।



म नेपाल पत्रकार महासङ्घको सभापति हुँदा सञ्चारग्राम क्षेत्रमा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई त्रिमूर्ति निकेतन स्थापनाको प्रस्ताव लिएर आउनुभयो र सहयोगको अनुरोध गर्नुभयो । त्यसअगाडि उहाँहरूलाई मैले चिनेको साहित्यजगत्का व्यक्तिहरूको टिप्पणीका आधारमा राजनीतिको पक्षधरताका आँखाबाट बुझ्थेँ भने त्यो भेटपछि उहाँसँग व्यवहार गर्ने मौका मिल्यो, अनि म उहाँलाई जे जसरी सोच्थेँ, त्यो सोच गलत रहेको निष्कर्षमा म पुगेको थिएँ । त्यसपछिका बीस वर्ष उहाँहरूसँग म निरन्तर सम्पर्कमा छु र उहाँहरूको कर्मको नजिकबाट मैले साक्षात्कार गर्ने अवसर पाइरहेको छु ।

मेरो बुझाइमा नइ एउटा त्यस्तो संस्था वा अभियान हो, जसले नेपाली भाषासाहित्य, संस्कृति र सभ्यताको श्रीवृद्धिमा पूरै समर्पणका साथ निरन्तर काम गरिरहेको छ । त्यसैले मैले नइलाई नेपाली सभ्यताको पुनर्जागरणका साधकको रूपमा लिएको छु ।

त्रिमूर्ति स्थापनाको सङ्घर्षको कथा आफैँमा एक उदाहरणीय उपलब्धि हो । नेपाली भाषासाहित्य र संस्कृतिका तीन महान् आधुनिक नायकहरू लेखनाथ पौडयाल, लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण समको सालिक एकै स्थानमा राख्ने र त्यसलाई एक साहित्यिक धामको रूपमा विकास गर्ने नइको स्तुत्य प्रयासमा सानो सहयोगीका रूपमा आफूलाई जोड्न पाएकोमा म आफूलाई धन्य सम्झन्छु । आज हरेक नेपालीभाषीले पशुपतिनाथको मन्दिर र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको बीचमा यो धाम पाएका छन् । यो त नइ प्रकाशनको पहलमा भएका अनेक काममध्ये एक सफल उदाहरण मात्र हो, यस्ता थुप्रै सत् कार्यको लामो लहर छोडिरहेको छ, नइले नेपाली समाजका लागि ।

त्रिमूर्ति निकेतनको स्थापनाको सन्दर्भमा उल्लेख गर्नैपर्ने एउटा जानकारी छ– यो हो नइको सुशासनप्रतिको कठोर समर्पण । सरकारी काम भए त्यति बेला पनि झन्नै एक करोड रुपियाँ लाग्ने सो परियोजना सफल पार्न उहाँहरूले पन्ध्र लाख पनि खर्च गर्नु भएन । त्यति बेला एउटा पूर्ण कदको मूर्ति बनाउन नै दसपन्ध्र लाख रुपियाँजति खर्च लाग्ने उदाहरण हामीले सुनेका थियौँ, तर त्रिमूर्तिको धाममा तीनवटा आकर्षक पूर्ण कदका मूर्ति जम्मा आठ लाख तथा त्यसलाई स्थापना गर्ने त्रिमूर्ति भवन संरचना आदि समेत लगभग साढे छ लाख रुपियाँमा तयार भएको थियो । २०६१ सालको कुरा हो– त्रिमूर्ति निकेतनको सदस्यको हैसियतले अडिट रिपोर्टमा हस्ताक्षर गर्ने बेला हामी सबै आश्चर्यचकित थियौँ । तीनवटा मूर्ति बनाउन तीसचालिस लाख र त्रिमूर्ति निकेतनको भवन बनाउन बीसपच्चिस

लाख लाग्ने हाम्रो मामुली अनुमान थियो । तर हाम्रो अनुमानले (पैँतालिसपचास लाख रुपियाँ) धोका खाएको थियो । समाजसेवीहरूबाट यस्ता कामलाई कमाउने र चन्दा उठाउने मौकाका रूपमा प्रयोग गरेका अनेकौँ उदाहरण हाम्रा सामु छँदै छन् । चन्दा र सहयोग उठाउन त नइ पनि सक्ने नै समूह हो । तर कुनै पनि काम कम खर्चमा गर्ने, सकेसम्म सबैलाई योगदानका लागि उत्प्रेरित गर्ने र हरेक काम पारदर्शी रूपमा गर्ने नइदम्पतीको शैलीबाट म त्यति बेला प्रभावित भएँ । सामाजिक कामलाई आफ्नो निजी कामभन्दा पनि बढी महत्त्व दिएर सम्पादन गर्नुपर्दछ र समर्पित भावनाबाट थालिएको काम फत्ते गर्न जुनसुकै बाधासँग सामना गर्न पनि तयार हुनुपर्दछ भन्ने कुरा पनि नइबाट सिक्न सकिन्छ ।

दुई दशक लामो या नइको नेपाली भाषा र सभ्यताप्रतिको समर्पण र त्यसका लागि समाजका सबै पक्षहरूलाई कुनै आग्रहले नहेरी उत्प्रेरित गराउने शैली अचम्मलाग्दो छ । त्यसैले पनि नइ सबै नेपाली साहित्यकार या नेपालीभाषीका साझा अभियन्ता बन्न पुग्नुभएको छ । त्यो अभियान कुनै जात, धर्म, वाद, समूह र स्वार्थको घेराभन्दा माथि छ । दल, गुट, जात, समूह आदिका चरम राजनीतिको फोहोरी आँखाले नइलाई रोक्न, छेक्न सक्दो रहेनछ भन्ने अनुभूति मैले सँगालेको छु ।

नइका लागि नेपाली भाषासाहित्य र संस्कृतिको खुला नीलो आकाश छ । यो आकाशमा कसैलाई विभेद छैन । सभ्यताको सेवा एउटा समर्पणको अभियान बनेको छ । त्यसैले म यसबारे चर्चा गर्ने गर्दछु कि कसैका बारेमा खास धारणा बनाउनुअगाडि ऊसँग प्रत्यक्ष व्यवहार गर्नुपर्दछ, अनि सत्कर्म सफल पार्नका लागि नि:सङ्कोच सबैसँग सहयोगको हात फैलायो भने त्यो जुटाउन सकिन्छ भन्ने पनि मैले नइबाट सिकेको छु । धेरै दानवीरहरूलाई साहित्यको सेवाका लागि मन खोलेर दान गराउन सक्नुभएको छ उहाँहरूले । यसरी

छलकपट नगरी विश्वास आर्जन गर्न सक्नु नइको ठूलो पुँजी हो । सुशासनयुक्त कार्यशैलीको कारणले नै यस्तो विश्वास कमाउन उहाँहरू सफल हुनुभएको छ ।

त्रिमूर्ति निकेतन अहिले मेरा लागि पनि नेपाली साहित्यसँग जोडिने माध्यम बनेको छ । खासमा मेरा लागि यो संस्था राज्यको प्रज्ञाप्रतिष्ठानभन्दा हजारौँ गुणा महत्त्वको छ । गैरसरकारी क्षेत्रबाट भाषासाहित्य र संस्कृतिको प्रवर्धनका लागि गरिएको सबैभन्दा ठूलो अभियान हो यो । कुनै पुर्ख्यौली सम्पत्ति वा नवधनाढ्यहरूको सौखका लागि पुरस्कार बाँडेर ठालु देखिने संस्था पनि यो होइन । यसले महाकवि देवकोटा, कविशिरोमणि पौड्याल र नाटचसम्राट् समलाई आमनेपाली समाजको बीचमा चिनाइराख्न र उहाँहरूको कृतिलाई बचाइराख्न मात्र योगदान दिएको छैन, नेपाली साहित्य क्षेत्रमा विद्यमान चर्को गुटवाद र राजनीतिक वादका सीमाहरू भन्दा पर रहेर एउटा खुला चौरका रूपमा नइ प्रकाशन र त्रिमूर्ति निकेतनले लोकप्रियता हासिल गरेको छ । यस्तो पुण्य साझा थलोका रूपमा साहित्यिक संस्थाको प्रभाव फैलाउन सक्नुमा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको उदार र लचिलो व्यक्तित्व तथा समर्पणभाव नै मुख्य कारण हो । खास गरी नेपाली साहित्यिक समाजका अनेक गल्ली, चोक, कुना र कप्चेरामा चलिरहने कुण्ठाग्रस्त टीकाटिप्पणीको पूरै बेवास्ता गरेर नेपाली भाषाको सभ्यताको श्रीवृद्धिको एक मात्र लक्ष्यमा समर्पण हुन सक्नु चानचुने अठोट होइन । नइको यो अठोटले अनन्त निरन्तरता पाइरहोस् भन्ने मेरो शुभकामना रहेको छ ।

# प्रेरणाको मुख्य श्रोत

## ताराप्रसाद चापागाई

म सानैदेखि गीत, सङ्गीत र साहित्यमा रुचि राख्थेँ । मैले खास गरेर २०६१ सालदेखि सामान्य कलम चलाउँदै साहित्य लेख्न सुरु गरेको थिएँ । तर २०७७ सालमा नइ प्रकाशनमा जोडिएपछि मैले विशेष हौसला र प्रेरणा पाएको हुँ । 'वसुदैव कुटुम्बकम्'को सिद्धान्तलाई आत्मसात् गर्दै अघि बढेको नइ प्रकाशनले साहित्यलेखनमा रुचि राख्ने म र मजस्तै हजारौँ अग्रजदेखि अनुजसम्मलाई हौसला र प्रेरणा प्रदान गर्ने गरेको छ ।



मलाई साहित्य मन पर्छ । म विदेशमा भास्सिएपछि मेरो प्रमुख साथी साहित्य रचना नै हुन थाल्यो । म कविता र गीतलेखनमा लागेँ, लघु कथालेखनमा लागेँ । मैले लामालामा कविता पनि लेखेँ र छोटाछोटा कविता पनि लेखेँ । हालको व्यस्त समयमा मानिसलाई लामा कविताहरू लेख्ने र पढ्ने समय अभाव हुने पनि मैले अनुभूत गरेँ । मुख्यत: त्यही कारण जोडेर यस विषयमा मैले केही खोज पनि गरेँ । समयसापेक्ष रूपमा नेपाली भाषासाहित्यमा प्रयोगवादी दुई हरफको टुक्का कवितालेखनको सुरुवात २०७७ साल साउन २५ गतेबाट मैले नै गरेको थिएँ ।

दुई हरफमा नै अक्षर सङ्ख्या बराबर गरेर अन्त्यानुप्रास मिलाउने तर शब्दानुप्रास र एकाक्षरी अन्त्यानुप्रास भने प्रयोग नगरिने टुक्का कविताको मुख्य नियम रहेको छ । पहिलो हरफमा विषयवस्तुको उठान र दोस्रो हरफमा त्यसको विस्तार गर्दै समापन गरी दुई हरफमा पूर्ण अर्थ दिने, चोटिलो लेखनशैली हुनुपर्ने यसको मुख्य विशेषता रहेको छ । टुक्का कविता छन्द र स्वच्छन्द दुवै शैलीमा लेख्ने गरिन्छ ।

मैले सुरु गरेपछि संसारभरि छरिएर रहेका हजारौँ नेपालीभाषी सर्जकहरू तथा नेपाल, भारत र भुटानमा रहेका स्थानीय सर्जकहरूले समेत टुक्का कविता लेख्दै आएका छन् । टुक्का कविताको विभिन्न भाषामा पनि विस्तार भइसकेको छ । सुरुवाती चरणमा 'दुई लाइनमा कविता नै बन्न सक्दैन, तैँले नेपाली भाषासाहित्यमा विकृति भित्र्याउँदै छस्' भन्नेजस्ता अनेकौँ आरोपप्रत्यारोपहरू मैले खप्नुपरेको थियो ।

नइ प्रकाशनमा जब म पुगेँ र नइसमक्ष दुई लाइनको कवितालेखनको प्रारम्भ गरेको र सोसम्बन्धमा आएका विभिन्न सकारात्मक र नकारात्मक टिप्पणीहरूबारेमा कुरा राखेँ । त्यसपछि मैले नइबाट सल्लाह र सुझावका साथै हौसला, प्रेरणा र आशीर्वाद पाएँ । फलस्वरूप लेखन प्रारम्भ भएको छोटो समयमा नै टुक्का कविता धेरै साहित्यकार तथा पाठकहरूको मनमा बस्न सफल भएको छ ।

नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाई टुक्का कविता प्रवर्धनका मार्गनिर्देशक हुनुहुन्छ । नइ प्रकाशनसँग जोडिनुभन्दाअघि 'नइ प्रकाशन नेपालकै महँगो प्रकाशनमध्ये एक हो । उनीहरूले आवश्यकताभन्दा धेरै पैसा लिन्छन्' भन्ने कुराहरू मैले सुनेको थिएँ । यस्ता कुरा सुनेरै पनि नइ प्रकाशनको स्तरीयताको फ्यान भएका कारण म नइसँगै जोडिन पुगेँ । परदेशमा बसेका कारण पुस्तक प्रकाशनको दायित्व र सीपमा मैले त्यति ध्यान दिन सकेको थिइनँ र मैले लेखेको मेरो

टुक्का कविता नइ प्रकाशनमा पठाएको थिएँ । नइबाट धेरै मिहेनत गरेर मेरो कृतिको उत्कृष्ट सम्पादनसमेत गरी मैले लेखेको टुक्का कविताको ऐतिहासिक प्रथम पुस्तक 'टुक्का' प्रकाशनमा आयो । मैले सोचेभन्दा स्तरीय र अनुमान गरेको भन्दा ज्यादै कम लागतमा मेरो 'टुक्का' पुस्तक तयार भएको थियो । त्यसपछि मैले सुनेका कुराहरू सबै हल्ला मात्र रहेछन् भन्ने थाहा पाएँ । ती सबै राम्रो काम र सेवा गर्ने व्यक्तिको खुट्टा तान्नेहरूका फोस्रो गफ हँकाइ मात्र रहेछ भन्ने कुरामा प्रस्ट भएँ ।

नइको प्रेरणा र आशीर्वादस्वरूप २०७७ साल फागुन ७ गते स्थापना भएको 'नइ साहित्य मञ्च युएई'को संस्थापक हुने सुनौलो अवसर मलाई प्राप्त भयो । नइ साहित्य मञ्च युएईमा हालसम्म विश्वका विभिन्न मुलुकहरूबाट नेपालीभाषी साहित्य सर्जक तथा पाठकहरू जोडिएका छन् । उक्त मञ्चबाट नेपाली भाषासाहित्यका विविध विधाका सिर्जनाहरू प्रकाशन तथा प्रचारप्रसार गर्नुको साथै वैदेशिक रोजगारीको सिलसिलामा युएईमा रहेका स्रष्टाहरूलाई नेपाललगायत विश्वका विभिन्न स्थानहरूमा विद्युतीय माध्यमबाट जोड्ने प्लेटफर्मको रूपमा काम गरिरहको छ । नइ प्रकाशनको युएईका लागि साहित्यिक दूतको रूपमा नियुक्ति पाएर कार्य गरिरहेको मैले साहित्यसेवा गरेबापत पहिलो पटक नइ रजत महोत्सव पदकबाट पुरस्कृत हुने अवसर प्राप्त गरेको थिएँ । जुन मेरो जीवनको पहिलो पुरस्कार थियो । हरेक वर्ष साहित्य, समाजसेवाजस्ता कार्य गर्ने सयौँ व्यक्तिहरूलाई पुरस्कृत गर्दै सरकारले समेत गर्न नसकेको कामहरू नइ प्रकाशनले गर्दै आएको छ । यस्तो संस्थामा जोडिएर सक्रिय भूमिका निभाउँदै साहित्यसेवाको कार्यहरू गर्न पाउँदा मैले आफूलाई गौरवान्वित ठानेको छु । नइ प्रकाशनले प्रदान गरेको हौसला, प्रेरणा र अवसरका कारण मलाई थप ऊर्जा मिलेको छ । हामी सबैको प्रेरणाको मुख्य स्रोत नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाई र नइ

प्रकाशनको जति नै गुणगान गाए पनि मेरा लागि कम नै हुन्छ । किनभने नेपाली साहित्यसंसारमा 'टुक्का'मार्फत म बलियो खुट्टा टेक्ने अवस्थामा रूपान्तरित भइसकेको छु ।

मजस्ता टाढा र धेरै पर बसेका नेपाली भाषा र साहित्यलाई छातीमा टाँसेर हिँड्ने अपरिचित मान्छेका शिरमा समेत नइ प्रकाशनले आशीर्वाद र स्नेहका पाती लगाइदिएको छ । स्वार्थैस्वार्थको डङ्गुर थुप्रिएको नेपालमा कसैको उद्दार हुने काममा कसैलाई चासो र पर्बाह हुने अहिले सपनाकै अवस्था छ । यस्तो समयमा नइदम्पती भने अर्काकै हित र अरूकै मर्यादा बढाउनका लागि तत्पर भएको देख्दा आश्चर्य लाग्नु स्वाभाविकै होइन र ? मेरो मन र कर्मले अब आइन्दा नइको मन र कर्मको अनुयायी हुने रहर गरेको छ । तर हेरौँ, नइको आदर्शको त्यो उचाइलाई म कतिको छुन सकौँला !

# बहुआयामिक यात्रा

## डा.तुलसी भट्टराई

नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई नाउँ गरेका यी दुई व्यक्तित्वलाई संयुक्त रूपमा 'नइ'बाट चिनिन्छ । यहाँ प्रस्तुत मेरो विषयवस्तु नै 'नइ' अर्थात् 'नइ प्रकाशन' र यस संस्थाका माध्यमबाट नेपाली वाङ्मयमा पु¥याएको योगदानका बारेमा केही उल्लेख गर्नु रहेको छ ।



ताप्लेजुङ, हाङपाङका धनाढ्य जयप्रसाद प्रसाई र भागीरथा प्रसाईका छोरा नरेन्द्रराज प्रसाई र विराटनगरका प्राध्यापक गणेशप्रसाद शर्मा र दुर्गादेवी नेपालकी छोरी इन्दिरा प्रसाईको संयोजन अर्थात् राजनीतिक शब्दावली पयुजनपछि जन्मिएको जोडीको नाउँ हो– 'नइ' । साहित्य सृजनाका दृष्टिले दुवैलाई को ठूलो र को सानो भनेर तुलना गर्न मिल्दैन । दुवैको आआफ्ना क्षेत्रमा छुट्टाछुट्टै पहिचान छ । छोटकरीमा भन्ने हो भने– न+इ=नइ दुवै समान छन् ।

साहित्यका सबै विधामा कलम चलाउने नरेन्द्रका कृति एउटा डोकामा पनि नअट्ने भइसकेका छन् । उनी विशेष गरी संस्मरणात्मक लेखन र जीवनीलेखनमा सिद्धहस्त मानिन्छन् । उनी गीतलेखनमा

पनि प्रसिद्ध छन् । उनी मानसम्मानले परिपूर्ण छन् र स्वयम् सम्मानित पनि हुन् ।

इन्दिरा प्रसाईका कृति पनि आधा डोकोभन्दा माथि नै छन् । कविता, कथा, उपन्यास, निबन्ध, आदिमध्ये उनको परिचय आख्यानक्षेत्रमा सशक्त छ । यिनी मानसम्मानपूर्ण भएकी छिन् । यसरी नरेन्द्र र इन्दिराको व्यक्तित्व साहित्यिक रूपमा छुट्टाछुट्टै छ । लेखनमा यिनीहरू परस्पर संयोजन हुन सक्तैनन् । लेखन नितान्त छुट्टै विषय हो । यिनीहरू दुवै जना आआफ्नो साहित्यक्षेत्रका आआफैँ अगुवा र आआफैँ ठूला छन् ।

जब 'नइ'को प्रसङ्ग 'नइ प्रकाशन' र यसका गतिविधिको सन्दर्भबारे चर्चा गरिन्छ– त्यति बेला 'न' र 'इ'लाई छुट्टयाउन सकिँदैन । 'नइ' अर्द्धनारीश्वरका रूपमा, दूध र पानीजस्तै घुलन भएको देखिन्छ । नेपाली साहित्यमा यो जोडी अचम्मको मानिन्छ, काम गराई र लेखनमा एवं सिर्जना र संस्थागत हिसाबमा उनीहरू बराबरी अग्रसर छन् ।

नइ जोडी गठन भएपछि नेपाली साहित्यमा झन् यिनीहरू चम्किन थालेका देखिन्छन् । यिनीहरूको परिकल्पना र व्यवस्थापनमा नइ प्रकाशन त स्थापित भइ नै हाल्यो । नइकै सक्रियतामा सीताराम प्रज्ञाप्रतिष्ठान र भूपालमानसिंह प्रज्ञापरिषद्का पुरस्कारहरूको पनि स्थापना, व्यवस्थापन र वितरण हुन थालेका थिए । संस्थागत कामबारेको त्यो पनि नइको अनुभव नै थियो भन्नुपर्छ । तथापि ती संस्थाका बारे नेपाली साहित्यको इतिहास मौन नहुन सक्छ ।

नइदम्पतीले महाकवि लक्ष्मीप्रसाद देवकोटा, नाटचसम्राट् बालकृष्ण सम र कविशिरोमणि लेखनाथ पौडचालका नामबाट छुट्टाछुट्टै संस्था खोलेर कार्यक्रमहरू सञ्चालन गर्न थाल्यो । साथै यी तीनैवटालाई मिलाएर त्रिमूर्ति निकेतनको स्थापना पनि नइबाट

भयो । अनि त्रिमूर्तिका छछफुटे तीनवटा पूर्ण कदका मूर्ति स्थापना गरेर अर्को कीर्तिमान बढायो 'नइ'ले ।

सञ्चारग्रामको मूल सडकबाट टड्कारै देखिने गरी उभिएका यी तीन– सम, पौडयाल र देवकोटालाई सबै यात्री र बटुवाहरूले नतमस्तक अभिवादन गर्न पाएका छन् । 'त्रिमूर्ति निकेतन'का नामबाट प्रसिद्धि पाएको यो स्थान र यस प्रकारका मूर्तिहरू नेपालकै उदाहरणीय र एक मात्र हुन् । यस्तो परिकल्पना गरेर व्यवस्थापन गर्ने नइ जोडीका प्रशंसामा धेरैले धेरै कुरा लेखेका छन् र यस जोडीभित्र घटराज भट्टराईसमेत प्राय: सधैँ सामेल थिए भन्ने कुरा पनि बिर्सन मिल्दैन । त्रिमूर्ति र नइ तथा घटराजबारे बुद्धिजीवीहरूले लेखिएका लेखहरू प्राध्यापक ठाकुर पराजुलीको सम्पादनमा २०६२ सालमा 'त्रिमूर्ति गाथा'नामक ग्रन्थ प्रकाशित भएको छ ।

नेपालको परिप्रेक्ष्यमा मूर्ति स्थापना गर्ने पनि छन् र धेरैले मूर्तिलाई लावारिस छोडिदिने गरेका पनि छन् । तर 'नइ'द्वारा स्थापित यी त्रिमूर्ति सधैँ सफा र चम्किला देखिन्छन् । नइ भनेको राम्रो व्यवस्थापक पनि हो भन्ने जानकारी ती मूर्तिहरूले दिइरहेका छन् ।

नइ प्रकाशन विशुद्ध रूपमा सेवामुखी संस्था हो । यस संस्थाबाट नाफा लिने काम हुँदैन । साथै यो एउटा गैरराजनैतिक सामाजिक संस्था पनि हो । नेपाली वाङ्मय र अन्य विविध क्षेत्रका प्रतिभाका पुस्तक प्रकाशन गर्नेदेखि सम्मान, उपाधि, पदक, पुरस्कार दिनेसम्मको काममा यो संस्थाले नाउँ कमाएको छ ।

'नइ'ले जेजति काम कुराहरूको घोषणा गर्ने गरेको छ त्यति नै काम गरेर आफूलाई विश्वासिलो पात्रका रूपमा पनि खडा गरिसकेको छ । तसर्थ नइको अरू कुराबारे सोधीखोजी गर्नुपर्ने आवश्यकता पनि छैन । नइ प्रकाशनको क्रियाकलाप हेर्दा सेवामुखी

साहित्य र संस्कृतिमुखी संस्थाका रूपमा संस्थालाई विकसित गर्दै आएको छ ।

नइ प्रकाशनले आफ्ना कार्यक्रम र योजनाहरू अघि बढाएपछि खनूप्रुदे रामबाबु प्रसाई, कीर्तिनिधि विष्टलगायत एक दर्जनभन्दा बढी व्यक्तिहरूले नइदम्पतीलाई विश्वास गरेर पुरस्कारका लागि नइ प्रकाशनको अक्षयकोषमा रकम जम्मा गरिदिएका छन् । नइ प्रकाशनका कार्यक्रमहरू यति व्यापक भइसकेका छन् कि यति बेला नेपालमा सञ्चालित पुरस्कार दिने संस्थाहरूमध्ये नइ अग्रस्थानमा पुगेको छ । जसले प्रत्येक वर्ष दुई दर्जनभन्दा बढी पुरस्कार र सम्मान प्रदान गर्दै आएको छ । जुन पुरस्कारहरू पाँच हजारदेखि पाँच लाख रुपियाँसम्मका रहेका छन् । साथै नइ प्रकाशनले अन्तर्राष्ट्रिय पुरस्कार पनि दिने गरेको छ । नेपालका लागि काम गर्ने नेपाली मूलका विदेशी र विदेशी मूलका विदेशीलाई नियमित रूपमा यस संस्थाले नइ अन्तर्राष्ट्रिय पुरस्कार दिइरहेको छ ।

माधव घिमिरे, नातिकाजी, तारादेवी, अरनिकोजस्ता स्रष्टा साधकका नाममा पनि पटके वा फुटकर पुरस्कार राखेर अर्को महत्त्वपूर्ण कार्य गरेको छ 'नइ'ले । यसै गरी नइको अर्को विशेष कार्यका रूपमा कलाकार अरनिकोको सालिक हर्मिताज, बौद्धमा स्थापना भएको छ । सायद नेपालमा अरनिकोको सालिक त्यही पहिला होला ।

कविवर माधव घिमिरेलाई 'राष्ट्रकवि' उपाधि दिलाउन नइदम्पतीको नै प्रमुख भूमिका रहेको छ । नइले २०५० सालको हाराहारीदेखि माधव घिमिरेलाई राष्ट्रकवि भन्दै आएको थियो र पछि यो प्रस्तावसमेत सरकारसमक्ष लगेको थियो । सरकारबाट त्यही प्रस्ताव स्विकारेर घिमिरेलाई 'राष्ट्रकवि' उपाधि प्राप्त भएको हो । साथै नइले डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्वनारी

रत्न'को उपाधिद्वारा विभूषित गराएको छ । त्यसै गरी नइले नै संस्कृतिविद् सत्यमोहन जोशीलाई पन्चान्नब्बे वर्ष प्रवेशकै अवसरमा 'शताब्दी पुरुष' उपाधिको घोषणा गरेको थियो । जुन सफलीभूत पनि भयो । प्राध्यापक डा.वासुदेव त्रिपाठीलाई 'महासमालोचक' उपाधि प्रदान गरेको छ 'नइ'ले नै । यी उपाधि प्राप्तकर्ताले जनही पाँचपाँच लाख रुपियाँसमेत प्राप्त गरेका थिए । नइबाट प्रदत्त उपाधि नेपाली समाजले न्यायोचित र सान्दर्भिक मानेको छ ।

त्रिमूर्ति निकेतनबाट नइले डेढ वर्षसम्म महाकवि देवकोटा शताब्दी महोत्सव मनाएको थियो । त्यही अवसरमा नइले अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन गरेर पाँच दिनसम्म काठमाडौँलाई वाङ्मयमय बनाएको कुरा धेरैले आज पनि चर्चा गर्ने गर्छन् । नेपाल सरकारबाट गठित आदिकवि भानुभक्त आचार्यको दुई सयौँ जन्मशताब्दी पनि नइकै योजनामा भव्यताका साथ सम्पन्न भएको थियो । नइकै पहल र सक्रियतामा नेपाल सरकारले भानुभक्त दिवसलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याएर पच्चिस देशमा यो जन्मशताब्दी मनाउन सरकार सफल भएको थियो । भानुभक्त र देवकोटा दुवै विभूतिको शताब्दी समारोह उल्लेखनीय रूपमा मनाएर सम्बन्धित निकायले जस कमाएका थिए भने नइले यसमा आफ्नो कार्यकुशलता र उदारता देखाएको थियो । अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन पनि योभन्दाअघि भएकै थिएन । त्यस सम्मेलनमा नेपाल, भारत, चीन, जापान, बेलायत, रूस, अमेरिका आदि गरेर तेह्र मुलुकले भाग लिएका थिए । यस सम्मेलनपछि नइको उचाइ अऊ चुलिएको थियो ।

प्रकाशन पनि ज्यादै राम्रो छ नइको । कागज, कभर, छपाइ र बाइन्डिङ आदिका दृष्टिले नइका कृति प्रकाशन धेरै स्तरीय हुन्छन् । नइ प्रकाशनद्वारा प्रकाशित दर्जनौँ कृतिहरू सङ्ग्रहणीय छन्, पठनीय र उदाहरणीय छन् ।

नइ प्रकाशनका पुरस्कारहरूले बहुआयामिक यात्रा गरेको देखिन्छ । जातधर्म, सम्प्रदाय, राजनीति वाद, पक्षविपक्ष सबैलाई नइ प्रकाशनले जोडेको छ । विगतमा निकै 'म हुँ' भन्नेहरू र नइका विपक्षमा बोल्नेहरू पनि पछिल्ला दिनमा नइ डोरीभित्र उनिएका छन् । नइको एउटा विशेषता नै के छ भने– नइले सबैलाई एक ठाउँ जोडेर लैजाने गरेको छ । नइ प्रकाशन नेपाली वाङ्मयको एउटा अभिन्न अङ्ग बनिसकेको छ । 'नइ' भन्नु सर्वत्र देशभित्र र बाहिर चर्चित छ, प्रसिद्ध छ, विश्वासिलो छ । नइ प्रकाशनले अरू सङ्घसंस्थाले नगरेका वा गर्न नजानेका नयाँनयाँ काम गर्न अग्रसर हुँदै आएको छ र यसलाई पूर्ण रूपमा सफलता पनि मिलेको छ । 'नइ'ले अरूले गर्दै आएका काम दोहोऱ्याएर गर्दैन । त्यसैले 'नइ'को आफ्नो काममा पूर्ण मौलिकता देखिन्छ ।

'नइ'को 'न' नरेन्द्रराज प्रसाईसँग २०३९ सालदेखि मेरो प्रत्यक्ष सम्पर्क चिनजान हुँदै आएको हो । नरेन्द्र र मेरो पुर्ख्यौली हाङपाङ, नेसुम र चाँगेवरिपरि नजिकै हो । हाम्रा हजुरबा पं.श्रीलाल भट्टराई पं.शिवनिधि भट्टराई र नरेन्द्रराज प्रसाईका बुबा जयप्रसाद प्रसाई, हजुरबुबा नरध्वज प्रसाईका बीचमा राम्रो सम्बन्ध थियो । नरेन्द्र भाइ र मेरा बीचको सम्बन्ध एक प्रकार पुर्ख्यौली जोडाइ हो ।

२०४२ सालदेखि म काठमाडौँमा स्थायी रूपले बस्न थालेँ । त्यसै वर्षको फागुनतिर नरेन्द्रराज प्रसाईसँग मेरो भेट भएको थियो । २०३६ सालपछिका समयमा पनि नरेन्द्रसँग एकदुई पटक मेरो भेट भएको मलाई सम्झना छ । त्यसपछि एकआपसमा हाम्रो सीधा कुराकानी हुन थाले पनि राम्रोसँग सम्पर्क भने २०४२ सालपछि भएको हो ।

२०४४ सालतिरको कुरा हो– एक पटकको हाम्रो भेटमा नरेन्द्रले मसँग केही प्रस्ताव लिएर आएका थिए । त्यस समय नरेन्द्र

रानी ऐश्वर्यका विश्वासपात्र थिए र रानीले खोलेको सामाजिक सेवा मन्दिरमा उनी हर्ताकर्ताजस्तै थिए । त्यसै कालखण्डमा उनी मेरो डेरा मैतीदेवी चोकमा आएका थिए र उनले आफ्नो कुरा मलाई भनेका थिए– 'मेरा दाजुहरू सीके प्रसाई र रामबाबु प्रसाईले तुलसी भट्टराईलाई धेरै ठूलो आर्थिक सङ्कट परेको छ । त्यो सङ्कट तिमीबाट समाधान हुन्छ भन्ने विश्वास लागेको छ । उनी नेपाली र संस्कृत भाषाका पनि विद्वान् हुन् । लौन भाइ तिम्रा कुरा त बिक्छन् नि ! उनलाई कतै राम्रो ठाउँमा अल्झाइदेऊ न ! भनेका आधारमा मैले रानीसँग तपाईंको कुरा गरेँ र रानीलाई बक्साएर म यहाँ आएँ । भोलि नियुक्तिपत्र लिन मेरो अफिस आउनुहोस्; तपाईंलाई बधाई छ; गुरु दाइ !'

नरेन्द्र भाइले बडा उत्साहित भएर मैले गर्नुपर्ने कामको योजना पनि मलाई बताइरहेका थिए । उनको खुसीमा म भनेँ अकमक्क भएर उनको अनुहार हेरिरहेको थिएँ र त्यहीँ छेउमा मेरी पत्नी सुधा थिइन्, उनले हामी दुवैको अनुहार हेरिरहेकी थिइन् । नरेन्द्र भाइले मप्रति सद्भावना राखेका कुरामा मैले खुसी नजनाउने कुरै थिएन । उनको व्यवहारप्रति म गद्गद पनि थिएँ । तर उनको त्यो प्रस्तावमा म सहमतचाहिँ हुन सकिनँ । म बीपी कोइरालाको नीति र विचारअनुसार राजनीतिमा सक्रिय थिएँ । पञ्चायती निरङ्कुशतन्त्र फालेर प्रजातन्त्र स्थापनाको आन्दोलनमा म लागेको हुँदा नरेन्द्र भाइको प्रस्तावमा असहमत भएको थिएँ ।

'भाइ नरेन्द्र ! यति राम्रो प्रस्ताव ल्याउनुभएकोमा तपाईंलाई धन्यवाद छ; तर तपाईंको र मेरो राजनीतिक वैचारिक यात्रा फरकफरक भएकाले आआफ्नै ठाउँमा बस्नु राम्रो हुन्छ । म जहाँ जस्तो छु, त्यहीँ रहन चाहन्छु । दुक्खसुक्ख भनेका आआफ्ना व्यक्तिगत समस्या हुन् ।'

मेरो कुरा सुनेर नरेन्द्र भाइले आफूसँगै आएका अच्युतरमण अधिकारीलाई भनेका थिए– 'कुरा बुझियो, रानीको हुकुम प्रमाङ्गीमा

पनि काम नगर्ने भनेपछि यी कालो काङ्ग्रेस नै हुन् भन्ने बुझियो र यी यस जुनीमा सुध्रिँदैनन्, यी सुध्रेछन् भने म कान काट्छु, जाऊँ !' यसरी त्यस दिन रिसाउँदै खाँदै गरेको चियासमेत छोडेर हिँडेका नरेन्द्र भाइसँग केही दिन मेरो बोलचाल भएन ।

त्यसपछि हाम्रो भेट दाइ सीके प्रसाईका घरमा भयो । त्यस पल्टको भेटमा हामीले वैचारिक रूपमा आआफ्नो बाटो स्वतन्त्र रूपमा हिँडे पनि पारिवारिक, सामाजिक रूपमा सम्बन्ध नबिगार्ने भन्ने कुरा गऱ्यौँ । अनि भने हामी दाजुभाइका बीचको सामाजिक सद्भाव बनिरह्यो, सदैव बनिरहेकै छ ।

इन्दिरा बहिनीसँग २०३६ सालपछिका विराटनगरमा हुने साहित्यिक कार्यक्रमहरूमा भेट हुने गर्थ्यो । अलि घमन्डीजस्तो लाग्ने इन्दिरासँग मेरो घनिष्ठताचाहिँ 'नइ'को संयोजनपछि मात्र भएको हो ।

न+इ=नइ दुवै सामान्य मान्छेभन्दा केही फरक छन् । अरूका कुरामा त्यति चासो नराख्ने, एकोहोरो आफ्नो काम गर्न नछोड्ने । पहिलो पटक भेट्ने जोकोहीले पनि 'नइ'लाई बढेचढेका ठान्लान् । तर क्रमश: सम्पर्क बढ्दै गएपछि नइलाई खुला मनका र स्पष्ट वक्ताका रूपमा देख्तै जान थाल्छन् ।

नरेन्द्रमा एउटा छुट्टै आफ्नै पन छ । उनको आफ्नो एकोहोरो लक्ष्य छ । उनी जे कुरामा लाग्छन्, कतै नबरालिई थालेको काम पूरै गरेर छाड्छन् । उनले राजनीतिक क्षेत्रका पुरानानयाँ सबै खाले, सबै पार्टीका नेताहरूसँग सम्पर्क सम्बन्ध बनाएका छन् । उनी एक प्रकार राजनीतिपरक सांस्कृतिक सहचारी दूत हुन् । उनीसँग सबै दलका नेता कार्यकर्ताले सम्बन्ध राख्ने गर्छन् । तर उनी कुनै पनि दलका पक्षमा लागेको देखिँदैन ।

यज्ञनिधि दाहाल पञ्चायती समयमा नरेन्द्रराज प्रसाईद्वारा नियुक्ति पाएर केही समय नरेन्द्र भाइकै कारिन्दा पनि थिए । तर

बहुदल आएपछि नरेन्द्रको विरोधमा दाहाल उग्रै रूपमा लागेछन् । त्यसपछि यिनीहरू एकले अर्काको मुख हेर्न चाहेका थिएनन् । पछि दाहाल किड्नी रोगबाट ग्रस्त भए र त्यसै कालखण्डमा 'यज्ञनिधि बचाऔँ' भन्ने सूत्रका साथ आर्थिक सङ्कलन गर्ने अभियानमा पनि लागेको थिएँ म । त्यही सिलसिलामा म नइगृह पनि पुगेँ । दाहालको नाम सुन्नासाथ नरेन्द्र भाइ बम्किए, उनको नामै सुन्न चाहेनन् । करिब पाँचछ मिनेट एकोहोरोसँग दाहालको विषयमा बोले नरेन्द्र, मौन बसेर मैले चुपचाप सुनिरहेँ ।

'ठिकै छ भाइ ! अहिले म जान्छु' भनेर म ढोकानेर पुगेपछि नरेन्द्र भाइले मेरो पाखुरा तान्दै भने– 'मेरो दाइ मेरा घरमा आउनुभयो, खाली हात पठाउँदिनँ । हाम्रो संस्थाको कोषबाट केही रकम दिन्छु ।' अनि भाइले दाहाल बचाउका लागि मलाई पच्चिस हजार रुपियाँको 'चेक' त्यसै बेला दिएका थिए । यस्तो विचित्र स्वभावका छन् नरेन्द्र । उग्र र नरमको सम्मिश्रण हुन् उनी तर मन खुलस्त भएका र कमलो मनका मानिस हुन् उनी !

नरेन्द्रराज र मेराबीच राजनीतिक वैचारिक चर्चा हुँदैनन् । तर हाम्रो मन मिल्छ । पारिवारिक, सामाजिक प्रसङ्गमा हाम्रा कुराकानी भइरहेकै हुन्छन् ।

'नइ'का बारेमा यी केही चर्चा भए । गुलियो पनि धेरै खाए तीतो हुन्छ, प्रसङ्गसँगै 'नइ'बारेमा यतिमै बिट मार्नु राम्रो हुनेछ ।


विश्वकवि रवीन्द्र ठाकुरले भनेका छन्– 'ए कर्मशील मानिस ! तिमी आफ्नो गन्तव्य पथमा हिँडिरहु, हिँडिरहु । कसैले साथ दिन्छ भनेर नपर्ख, एक्लै भए पनि लक्ष्य नत्यागी हिँडिरहु ।' तर पनि 'नइ'का धेरैधेरै सहयोगी, पथसहयात्री छन् । आफ्नो गन्तव्यमा लम्किरहन सक्ने क्षमता छ नइमा । नइदम्पतीमा दृढ अठोट र जाँगर छ । नइ प्रकाशनले अनुकरणीय कामहरू गरेर नै रजत

महोत्सव मनाएको हो । निश्चय पनि नइ प्रकाशनको स्वर्ण, हीरक, शतक महोत्सव समारोहमा सहभागी बन्ने अवसर सबैले पाउनेछन् । मैले पनि यसको 'स्वर्ण महोत्सव' मा भाग लिने अवसर पाउनेछु भन्ने मलाई विश्वास छ । 'नइ प्रकाशन' आफ्ना विशिष्ट कार्यक्रम, प्रकाशन र अन्य गतिविधिहरू निरन्तर निर्वाध रूपमा अगाडि बढाउन सफल र सक्षम भइरहेको छ र अझै भइरहनेछ । नइ प्रकाशन अनुसन्धानात्मक कार्यहरूका साथै प्राज्ञिक विमर्श र भेला आयोजना गर्न सदासर्वदा सक्रिय रहिरहनेछ ।

# राष्ट्रिय दायित्व वहन

## त्रिभुवनचन्द्र वाग्ले

नइ प्रकाशनको रजत महोत्सवका अवसरमा 'नइ प्रकाशनका पच्चीस वर्ष'नामक ग्रन्थ प्रकाशित हुने भएकाले केही लेख्ने प्रयास गरेको छु । यस्तो अवस्थामा लेख्न गाह्रो हुँदो रहेछ । नइ प्रकाशनका बारेमा प्रशंसा गरेर लेख्यौँ, प्राप्तिका लागि 'जारी विज्ञप्ति' भनिएला । जस्तो देख्यो त्यस्तै लेख्यो भने प्रशंसा हुन



पुग्ला । आफ्ना विचारसहित लेख्ने व्यक्ति सर्जक हुन सक्छ तर घटनाको व्याख्या मात्र गर्ने व्यक्ति सर्जक होइन लेखक मात्र हुन सक्छ । यसर्थ पत्रकार सर्जक हुन सक्दैन भन्ने आममान्यता छ र पत्रकारितालाई सिर्जनशील लेखनमा गणना गरिँदैन पनि । मैले नइ प्रकाशनका बारेमा लेख्दा सर्जक हुने बाटो छाडेँ, किनभने त्यसमा विचारको पुट राख्नुपर्छ । त्यस्तो पुटलाई पुरस्कार प्राप्तिको पृष्ठभूमि भन्न सकिएला । पत्रकारितामा समाचार लेख्ने सन्दर्भमा एउटा भनाइ प्रसिद्ध छ– 'राइट फर एक्सप्रेसन, नट फर इम्प्रेसन ।' मैले प्रभाव पार्नका लागि होइन घटनाको विवरण वा व्याख्या मात्र गर्ने बाटोलाई सहज देखेँ र लेखेँ ।

सबै प्रकारका नइ पुरस्कारबारे बजारमा वैशाखजेठतिर खास गरी पुरस्कार वितरणपछि निकै चर्चा हुने गर्छ । यी चर्चा स्वतन्त्र कानले सुन्दा एउटा मजा हुन्छ । हामीले यी पुरस्कार वितरणपछि जे जति सुन्छौँ, पुरस्कारका संस्थापन तथा प्रदाताले यस्तो टिप्पणी सुन्न पाउनु हुन्न । यता नयाँसडक पीपलबोटतिर गरिएका तीता टिप्पणी नइ प्रकाशनको कार्यालय वा नइनिवाससम्म पुग्दा चास्नीमा डुबाएको जेरीजस्तो स्वादिष्ठ हुन पुग्छन् होला । म आफूचाहिँ नइ मात्र होइन, अन्य पुरस्कार कसलाई दिइयो भनेर व्यक्ति वा कृतिको मूल्याङ्कन गर्दिनँ । त्यो मेरो चासो र सरोकार होइन । सरकारसम्बद्ध हामी नेपालीले तिरेको कर र राजस्वबाट निर्मित पुरस्कारबारे त प्रश्न उठाउनुको औचित्य छैन भने व्यक्तिगत प्रयासमा छाक र गाँस कटाएर जसले पुरस्कार राखेको छ, उसले देखेको औचित्यको आधारमा पुरस्कार प्रदान गर्नु स्वाभाविक हुन्छ । यस्तो औचित्य बजारले जे देख्यो त्यही पुरस्कार प्रदाताले पनि देख्नुपर्छ भन्ने हुँदैन । त्यसो हो भने बजार वा बजारमा टिप्पणीको खेती गर्नेले सबैको औचित्य परीक्षण गरी पुरस्कार प्रदान गर्न कोश स्थापना गरे राम्रै हुन्छ । यस्ता पुरस्कार सार्वजनिक महत्त्वका हुन्छन् तर कसलाई दिने भन्ने औचित्य प्रदाताले देख्ने हो, बजारले होइन । त्यसो भएपछि नइ पुरस्कार कसलाई दिइयो, कसलाई दिइएन वा यसलाई दिनुपर्छ भन्ने आग्रहबाट मुक्त भइन्छ; हुनैपर्छ ।

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि (२०५२ साल माघ १५ गते) नइ प्रकाशनको स्थापना हुँदा संस्थाले छोटै अवधिमा तीसवटा विविध क्षेत्र र समूहका पुरस्कार प्रदान गर्ने हैसियत बनाउँला भन्ने सायद कमैले सोचेका थिए । आज मुलुकको सबैभन्दा धेरै पुरस्कार प्रदान गर्ने संस्थाका रूपमा नइ प्रकाशनको उभार भएको छ । यो संस्था र यसले प्रदान गर्ने पुरस्कारका केही भिन्न विशेषता छन् त्यो केलाउनु मेरो प्रमुख उद्देश्य हुनेछ ।

पहिलो सन्दर्भ त नइ प्रकाशन दुई साहित्यकार व्यक्तित्व (नरेन्द्र, इन्दिरा) को नामको पहिलो अक्षरको संयोजनबाट बनेको छ । यसको सन्देश श्रीमान् र श्रीमतीले स्थापना गरेको संस्था मात्र भन्ने हुँदैन । यसलाई समावेशी, सहअस्तित्व, लैङ्गिक समानता र उदार सांस्कृतिक मूल्य, मान्यताका दृष्टिले हेर्न सकिन्छ; हेर्नुपर्छ । नेपाली शब्दकोशमा नयाँ नामवाची शब्द बन्न सक्छ 'नइ' । यो नामका अक्षरका योग वा संयोग मात्र पनि होइन, सृष्टिको शाश्वत स्वीकारोक्ति पनि हो । योग नभई कहाँ कुन सृष्टि भएको छ ? कहाँ कुन सिर्जना भएको छ ? तसर्थ नइ शब्द साहित्य वा संस्कृतिमा नयाँ प्रयोग हो । सफल अभ्यास पनि हो ।

त्यस्तै पुरस्कारका नाम हेर्दा पनि अनौठो लाग्छ । यस्ता पनि नाम हुन्छन् र भन्ने हुन्छ तर पुरस्कारदाताको सम्मान र त्यस्तो सम्मानको पहिचानलाई चिरस्थायी गर्न यी नामहरू वैज्ञानिक छन् । मानवशास्त्रलाई हेर्ने हो भने मानव, स्थान वा सम्पदाको नामाकरणको लामो इतिहास, अभ्यास र प्रवृत्ति भेटिन्छ तर नइ प्रकाशनले संस्था र पुरस्कारको नामलाई वैज्ञानिक र न्यायपूर्ण बनाएको छ । 'नइ देरुनीख' अन्तर्राष्ट्रिय पुरस्कारमा 'नइ' पुरस्कारको संरक्षक संस्था हो । पुरस्कारका लागि स्रोत उपलब्ध गराउनुहुने उदारमना खनूप्रुदे 'रामबाबू' का पिता, माता र श्रीमतीको नामका पहिला अक्षर मिलाएर पुरस्कारको नाम राखिएको छ । यो सम्मानको शृङ्खला हो । पुरस्कार प्राप्त गर्ने जोकोहीले पुरस्कारका संस्थापक खनूप्रुदेका बुबा देवीप्रसाद प्रसाई, आमा रुद्रकुमारी प्रसाई, पत्नी नीलम प्रसाईका बारेमा सामान्य जानकारी राख्नु शोभनीय हुनेछ । खनूप्रुदेलाई पुरस्कारको रकम दान गर्न सक्ने गरी सक्षम बनाउन उहाँका माता, पिता र श्रीमतीको पनि विशिष्ट योगदान रहेको सत्य नामाकरणले स्वीकार गरेको छ । 'रामबाबू' हुनुमा परिवारका अन्य सदस्य, पारिवारिक पृष्ठभूमि, आर्थिक अवस्था आदिको पनि अहम् स्थान र

योगदान रह्‌यो भन्ने न्याय यहाँ गरिएको छ । यसरी परिवारप्रति अनुगृहीत हुने परम्परा आफैँमा रचनात्मक र सिर्जनशील कार्य हो । यस प्रक्रियाले नयाँ शब्द मात्र निर्माण गरेको छैन, नइले यस्ता नाम र नाममा जोडिने यशको स्वामित्व वितरणमा वैकल्पिक चिन्तन अघि सारेको छ ।

नइ प्रकाशनले नेपाली सांस्कृतिक मूल्य, मान्यता र पहिचानको श्रीवृद्धि गर्दै राष्ट्रनिर्माणको महान् अभियानलाई सार्थक बनाउने काम गरेको छ । भविष्यमा पुरस्कार प्रदान गरिने क्षेत्र (भूगोल) विधा (विषय) र पात्र (व्यक्तित्व) हरू वृद्धि हुँदै जानेछन् तर आजैको मूल्याङ्कन मात्र गर्ने हो भने पनि नइका पुरस्कारले बहुक्षेत्र (विषय र भूगोल) समेटेको देखिन्छ । मूलतः पुरस्कार राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका विशिष्ट प्रतिभा तथा योगदानकर्तालाई दिइन्छ । पुरस्कारको कभरेज विश्वव्यापी छ ।

यौनिक तथा अल्पसङ्ख्यक प्रतिभालाई पुरस्कृत गर्नु नइ प्रकाशनको स्तुत्य कार्य हो । एउटा स्वतन्त्र संस्था, त्यो पनि बढी मात्रामा वाङ्मयमा पुरस्कार प्रदान गर्ने संस्थाले समाजको नयाँ र जल्दोबल्दो विषय (यौनिक तथा अल्पसङ्ख्यक) मा पुरस्कार प्रदान गर्नु नेपालका लागि उदाहरण भएको छ । समानता र समावेशीको नारा दिनुहुने अभियन्ताहरूले यस कार्यलाई उच्च महत्त्व दिनुपर्छ । यसै गरी नइ पुरस्कार बालप्रतिभासमेतलाई लक्षित गरिएको छ । शिशुदेखि पन्ध्र वर्ष उमेरसम्मका नौ जना प्रतिभालाई बर्सेनि पुरस्कार दिइन्छ, जसले प्रतिभाशाली व्यक्तित्व विकासमा जरैबाट योगदान दिनेछ ।

नइ प्रकाशनलाई धेरैले विश्वसनीय संस्था मानेका कारण यसमार्फत प्रदान गर्ने गरी विभिन्न व्यक्तिले पुरस्कार स्थापना गरेका छन् । पछिल्लो समय परिवारका अग्रज वा सदस्यको नाममा पुरस्कार राख्न रुचि देखाइएको छ तर विदेशबाट लाखौँ रुपियाँबराबरको

डलर खेती गर्ने गैरसरकारी संस्था र नखाईनखाई आफ्ना परिवारका सदस्यका नाममा पुरस्कार राख्ने परोपकारी संस्था दुवैलाई संस्था दर्ता ऐन, २०३४ एउटै व्यवहार गरिन्छ । डलर कमाउने संस्था र पुरस्कार वितरण गर्ने परोपकारी संस्थालाई एउटै व्यवहार गर्नु शोभनीय हुँदैन । साथै कतिपय व्यक्तिले संस्था स्थापना, बैठक, साधारण सभा, लेखापरीक्षण, स्थानीय तहको सिफारिस, भ्याट, प्यान, करचुक्ता प्रमाणपत्र, संस्था नवीकरणजस्ता झन्झटमा पर्नुको सट्टा विश्वसनीय संस्थामा अक्षयकोष स्थापना गरेर पुरस्कार दिने सुकार्य गर्दै आएका छन् । यति हुँदाहुँदै पनि संस्था दर्ता ऐन र सरकारका सम्पूर्ण नीतिमा बाँधिएर नइ प्रकाशन परिचालन भएको छ । यसै कारण नइ प्रकाशन नेपालकै ठूलो र विश्वसनीय संस्था बनेको छ ।

**विदेश पुग्दै नेपाल**

नइले प्रदान गर्ने अन्तर्राष्ट्रिय पुरस्कारका कारण नइ, पुरस्कार प्रदाता, पुरस्कारका संस्थापक मात्र होइन नेपाल पनि विदेश पुगेको छ । हालसम्म पाकिस्तानी, बेलायती, अमेरिकी, फ्रेन्च, जर्मन, रूस, इजरायल र भारतका विशिष्ट व्यक्तिले पाएका नइ पुरस्कारबाट तत्तत् देश र क्षेत्रमा नेपाल पुगेको छ । नेपालको राष्ट्रियता अभिवृद्धि, ती देशका नागरिकलाई नेपाल र नेपालीप्रति सकारात्मक बन्न, नेपालबारे अध्ययन गर्न यी पुरस्कार परिणाममुखी देखिएका छन् । हो, नइले प्रदान गर्ने यस्ता पुरस्कार पाउन योग्य धेरै राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतिभा र सर्जक हुन सक्छन् अथवा दिनुपर्ने सबैलाई दिइएको छैन होला । अथवा दिनुपर्ने एउटा, अर्कोलाई पुरस्कार दिइएको पनि हुन सक्छ तर विदेशी वा गोरखामूलका नेपालीले पाएका यस्ता पुरस्कारसँगै जोडिएर नेपाल र नेपाली ती देश तथा ती देशका सर्जकका परिवारसम्म पुगेका छन् । यस्तो कार्यमा कमीकमजोरी हुन सक्छ, काम गर्नेले नै कमीकमजोरी वा गल्ती

गर्छ तर राष्ट्रले गर्नुपर्ने यस्ता काम निजी क्षेत्रले गरेकाले नइको उच्च मूल्याङ्कन हुनैपर्छ ।

**आरोप पनि**

नइ प्रकाशन एउटा व्यावसायिक संस्था देखिन्छ तर यो आयमूलक संस्था नभएर सेवामूलक भएको छ । यसले विभिन्न स्रष्टाका विभिन्न वजनदार, चर्चित कृति प्रकाशन गर्दै आएको तर प्रकाशित कृतिका भन्दा पुरस्कारका कारण यो संस्था चर्चित छ । पुरस्कार प्रदानमा सदस्यसचिव नरेन्द्रराज प्रसाईलाई 'अल इन अल' देख्नेहरू प्रशस्त छन् । उहाँ र प्रसाईपरिवारले चाहेका मानिसलाई नै पुरस्कार दिइन्छ भन्ने आरोप वा गुनासो सुन्न पाइन्छ । प्रकाशन संस्था वा यसका पदाधिकारी खास गरी सदस्यसचिव प्रसाईले यस्ता आरोप वा गुनासाको उत्तर दिनुहुनेछ र दिँदै आउनु पनि भएको छ । यस्ता पुरस्कार प्रदान गरिनुमा निश्चित मापदण्ड बन्नुपर्छ भन्नु स्वाभाविक हो तर हालसम्म कुनै मापदण्ड, आधार, मूल्याङ्कनबिना यी पुरस्कार प्रदान गरिन्छ भन्नु सत्यप्रतिको अन्याय हुनेछ । नइजस्ता संस्थाले मुलुकभर आफ्ना कार्यालय वा सम्पर्क व्यक्ति राख्न सक्ने अवस्था नहुने भएकाले स्थानीय तहमा रहेका कतिपय प्रतिभाबारे संस्थाले पूर्ण जानकारी नपाउन सक्छ, त्यस्तो जानकारी माग्ने वा दिने एउटा विधि बनाउन सकिन्छ अथवा संस्थाले विभिन्न व्यक्तिमार्फत जिल्लाजिल्लाका विशिष्ट स्रष्टा वा प्रतिभाको खोजी गर्न सक्छ । पुरस्कार दिनुपर्ने दस जना हुन सक्छन् र एक जनालाई दिइन्छ, कम्तीमा पनि एक जना पुरस्कृत गर्नुपर्ने व्यक्ति नै पुरस्कृत भए भनेर फराकिलो मन पनि गर्नुपर्छ । अर्कातिर राज्यको साधन, स्रोतबाट बनेका सम्मान, पुरस्कार, विभूषण वितरणमा त राष्ट्रिय मापदण्ड तथा दृष्टिकोणको अभाव रहेको अवस्थामा नइ पुरस्कारले कम्तीमा पनि सार्वजनिक जबाफदेहितालाई आत्मसात् गरेर पुरस्कार

वितरण गर्दै आएको देखिन्छ । कुनै एक व्यक्ति वा कृतिबारे सबैको समान बुझाइ नहुन सक्छ । प्राकृतिक विज्ञानमा जस्तो सामाजिक विज्ञानका प्रक्रियामा एकरूपता नहुनु सामाजिक विज्ञानको सीमा भएकाले आफैँले चाहेजस्ता निर्णय अरूले पनि गर्नुपर्छ भन्ने मानसिकताबाट मुक्त हुनैपर्छ । छोटकरीमा भन्ने हो भने निजी स्तरका गुठी वा कोषबाट प्रदान गरिने पुरस्कारमा उनीहरूको निर्णायक भूमिकालाई गौण बनाउने कल्पना कामयाबी हुँदैन तर पुरस्कार वा सम्मान वितरण गर्ने पक्षले कुनै अमुक पात्र वा कृतिलाई उत्कृष्ट भनिरहँदा बजारमा ऊप्रति आममूल्याङ्कन के छ भन्ने बिर्सनु हुँदैन । यसको छोटो उत्तर के हो भने, निजी संस्थाले दिने पुरस्कार वा सम्मानमा उनीहरूको सार्वभौमिकता स्विकार्नै पर्छ तर निजी क्षेत्र पनि कुनै कृति वा व्यक्तिलाई सर्वोत्कृष्ट भन्ने आधारको परीक्षामा सामेल हुनैपर्छ । यस सन्दर्भमा यति त भन्नुपर्छ, नइ पुरस्कार प्रदान गरिनुमा सानातिना कमजोरी भएका होलान् तर यति धेरै स्रष्टा तथा प्रतिभालाई सम्मान गरेर नइले राष्ट्रले गर्नुपर्ने काम गरेको छ भन्न कन्जुस्याइँ गर्नु हुँदैन । थप भनौँ, चन्द्रमामा दाग छ तर दागभन्दा चन्द्रमा धेरै उज्यालो हुन्छ भन्ने सत्य बिर्सनु हुँदैन । काम गर्नेले गल्ती गर्छ । काम नगर्नेले गल्ती गर्दैन । पुरस्कार स्थापना र वितरण नगर्नेले पुरस्कार वितरणमा कुनै विवादास्पद कार्य गर्दैं र विवादमा पनि पर्दैन । बेलायतमा भनिन्छ नि– 'दि किङ डज् नट क्यान रङ' (The king does not can wrong) किनकि त्यहाँका राजाले कामै गर्दैनन् ।


आफूले पुरस्कार नपाएसम्म आलोचना गर्ने र पाएपछि उचित मूल्याङ्कन गरिएछ भन्ने प्रवृत्ति समाजमा नभएको होइन । पुरस्कारले मुलतः तीनवटा काम गर्छ; एक प्राप्त गर्ने व्यक्तिलाई आर्थिक सहयोग, उसको योगदानको सम्मान र आगामी पुस्तालाई योगदानको सम्मान हुन्छ भन्ने प्रेरणा । नेपालमै पनि केही विशिष्ट चर्चित

सर्जक वा उनीहरूका कृति औपचारिक रूपमा पुरस्कृत भएका छैनन् तर जनस्तरमा उनीहरू कालजयी छन् । पुरस्कारले कृति र सर्जकलाई दीर्घजीवी र पाठकमैत्री बनाउन सक्दैन । यहाँ अमेरिकी चलचित्र नायक, निर्देशक तथा निर्माता डेन्जल वासिङटनले भनेको भनाइ स्मरणयोग्य छ– Man gives the award but God gives you the reward । सर्जकका लागि पाठक नै निर्णायक हुने भएकाले नगदी, भौतिक पुरस्कार र सम्मानभन्दा पाठकले सर्जकको लेखनशक्तिलाई गर्ने स्मरणले ऊ दीर्घजीवी हुन्छ ।

# कर्मयोगीको सुन्दर फूलबारी

## दीनानाथ शर्मा

नेपाली भाषासाहित्य, कला, संस्कृतिको उन्नयनका लागि अविच्छिन्न समर्पित समकालीन युगको प्रतिनिधि संस्थाको धरोहर हो– नइ प्रकाशन । एक थान दम्पतीको त्याग, समर्पण र निष्ठाको गर्भबाट जन्मेको नइ प्रकाशनले चढ्दो जवानीका सत्ताइस वसन्त पूरा गरिसकेको छ । यस अवधिमा राज्यका तर्फबाट करोडौँ खर्च गरेर स्थापना भएका प्राज्ञिक संस्थालाई चुनौती दिँदै राष्ट्रको गौरव उँचा राख्न नइ प्रकाशनले महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ ।



परै बसेर पनि मैले नइको अध्ययन गरिरहेको थिएँ । विगत सत्ताइस वर्षदेखिको लेखाजोखा गर्ने हो भने नइको निजी स्वार्थ र व्यक्तिगत जीवन देखिँदैन । त्यसैले पनि सामाजिक सेवाको अतुलनीय बिम्ब बन्न सफल भएको रहेछ नइ प्रकाशन । देशभित्र र संसारभरि छरिएर रहेका भाषासाहित्य, कला, संस्कृतिको सेवामा समर्पित स्रष्टाको निष्पक्ष मूल्याङ्कनका अतिरिक्त छानीछानी कृतिहरू प्रकाशित गर्नेलगायतका नइको पुनीत योगदानबाट म प्रभावित हुँदै आएको छु । प्रतिभाहरूको गच्छेअनुसार मूल्याङ्कन गरी

तिनको सम्मान गर्ने या तिनलाई उजागर गर्ने परम्परा बसाएर नइले स्वच्छ र पारदर्शी काम गर्दै आएको छ । नइमा जति अभिलेखित भएर प्रतिभाहरू जनसमक्ष देखा परे तीमध्ये योग्य र सक्षम व्यक्ति नै सम्मानित हुँदै आएका छन् । आस्था र आग्रहको सङ्कीर्ण पर्खालबाट माथि उठ्न सफल छ– नइ प्रकाशन । नेपाली वाङ्मयमा स्वच्छ, निष्पक्ष र निष्कलङ्क छवि नइ प्रकाशनको पहिचान बनेको छ ।

सत् र चित् अर्थात् सत्य र ज्ञानको सङ्गम हो नइ भन्दा अत्युक्ति नहोला । 'वसुवैध कुटुम्बकम्'को आदर्शलाई मार्गदर्शनको रूपमा आत्मसात् गर्दै राष्ट्रको गौरव उँचो राख्न नइले गरेको प्रयत्न अतुलनीय छ । नइका लागि नेपाली भाषासाहित्य प्यारो छ । त्यसैले नेपाली वाङ्मयको क्षेत्रमा योगदान पुऱ्याउने जोकोही पनि नइको नजरमा सम्मानित र स्तुत्य हुने गर्छ । नइको जोडीले

**'कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन**
**मा कर्मफलहेतुभूर्मा ते सङ्गोस्त्वकर्मणि ।'**

अर्थात् कर्म गर फलको आशा नगर भन्ने नीतिवचनलाई जीवनदर्शन बनाएर खटेको मैले देखेको छु । अहोरात्र अक्षरसित खेलेर नइले नेपाली वाङ्मयको फूलबारीमा बहुरङ्गी फूल फुलाएका छन् । यिनले नेपाली साहित्यको भण्डार समृद्धिका लागि पुऱ्याएको योगदानको इतिहासले मूल्याङ्कन गर्नेछ । पद, प्रशंसा र पुरस्कारको दौडमा छैन– नइ । नक्कली फुलीभित्र चाकरी गर्ने प्रवृत्तिको विपक्षमा उभिँदै आएको छ– नइ । नइ आफू पनि चाकरी जान्दैन र अरू स्रष्टालाई पनि यस मार्गमा हिँडेको ऊ मन पराउँदैन । नइका लागि इमानदारीपूर्वकको सिर्जनात्मक काम मात्रै प्रिय हुन्छ; साथै त्यो काम नेपाली भाषासाहित्यमा नै केन्द्रित भएको हुनुपर्छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृतिको क्षेत्रमा मात्रै होइन; विज्ञान, प्रविधि, सङ्गीत, नाटच, खेलकुद र सामाजिक सेवाको

क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउँदै आएका प्रतिभालाई खोजीखोजी छातीमा टाँस्तै आएको छ– नइ । नइले नेपाली समाजमा गरेका यी यावत् कामलाई हामीले बिर्सन मिल्दैन । नेपाली वाङ्मयको धरामा नइ भनेको यस्तो बिम्ब बनिसकेको छ, इतिहासको अध्येता र अनुसन्धानकर्ताले पनि नइलाई घोक्नुपर्ने भएको छ । त्रिमूर्ति निकेतनजस्तो विशिष्ट प्राज्ञिक संस्थाको संयोजक र संस्थापक पनि नइ नै हो । यसरी त्रिमूर्तिजस्तो संस्थाको स्थापना गरेर नेपाली वाङ्मयका मूर्धन्य स्रष्टालाई उच्च सम्मान गर्नसमेत नइ पछि परेन ।

नेपाली भाषासाहित्य र विशेष गरी सांस्कृतिक इतिहासका अध्येता, अन्वेषक, अनुसन्धानकर्ता तथा संस्कृतिविद् डा.सत्यमोहन जोशीको अतुलनीय योगदानलाई वाङ्मय शताब्दी पुरुषको उपाधि राज्यको तर्फबाट दिलाउन नइले खेलेको भूमिकामा साक्षी बन्ने अवसर मलाई पनि मिलेको थियो । नइसँगसँगै लागेर यस कामलाई सार्थक पार्न म पनि हिँडेको थिएँ । डा.माधवप्रसाद घिमिरेलाई राज्यस्तरबाटै राष्ट्रकविको उपाधि दिलाउन नइ पछि परेको थिएन भन्ने मलाई थाहै थियो । भानुभक्त आचार्य, लक्ष्मीप्रसाद देवकोटा, पारिजात आदि स्रष्टाको आफ्नै मौलिक शैलीमा जीवनी लेखी प्रकाशित गरेर नयाँनयाँ तथ्यहरूको उद्घाटन गरेको छ नइले । अध्ययन, अनुसन्धानका लागि नइ एक खुला पुस्तकालय भएको छ । झापा विद्रोहका कमाण्डर शिवप्रसाद शिवाकोटीको जीवनी लेखेर र त्यसको प्रकाशनसमेत नइले गरेको छ । झापा विद्रोहको हराइसकेको र धेरैले थाहा नपाएको इतिवृत्त जनसमक्ष पुऱ्याएर एउटा न्याय गरेको छ नइले ।

अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन र विश्वनारी नेपाली भाषासाहित्य सम्मेलनजस्ता कार्यक्रमहरू नइबाट नै आयोजना भए र सफलतापूर्वक सम्पन्न भए । नेपाली साहित्य र

संस्कृतिलाई विश्वसामु परिचित गराउन विविध कृति अङ्ग्रेजी भाषामा अनुवाद गरेर विश्व बजारमा पुऱ्याउन पनि नइ अग्रसर देखिन्छ ।

स्रष्टा कवि, कलाकार युगका उपज र इतिहासका निधि हुन् भन्ने कुरा नइले बुझेको छ । तिनीहरू सबैले बिनाआग्रह पूर्वाग्रह समान इज्जत र सम्मान पाउनुपर्छ भन्ने नइको मान्यता रहेको देखिन्छ । राज्यले समकालीन राजनीतिक आग्रहबाट माथि उठेर प्रतिभाको उच्च सम्मान र कदर गर्नुपर्ने हो तर त्यो देखिएन । नेपाली वाङ्मयको श्रीवृद्धिका लागि विशिष्ट योगदान पुऱ्याउँदै आएको नइजस्तै योगदान पुऱ्याउने विशेष संस्थालाई राज्यले उचित कदर गरेमा राष्ट्रकै साहित्य, कला र संस्कृतिको नै फलिफाप हुन्थ्यो नै ! तर राज्यबाट करोडौँको लगानीमा स्थापना भएका प्राज्ञिक संस्थाहरू भने उचित र सन्तुलित किसिमले राष्ट्रिय आवश्यकता पूरा गर्न नै चुकेका छन् जस्तो लाग्छ । नइ भने उदाहरणीय भएर नि:स्वार्थ रूपमा वाङ्मयको सेवामा समर्पित हुँदै आइरहेको छ । अन्तत: बोझिला र जोकोहीले कल्पना गर्न नसक्ने विविध कार्यहरू सफलतापूर्वक सम्पन्न गरेर राज्यका मै हुँ भन्ने प्राज्ञिक संस्थालाई नै नइले चुनौतीसमेत दिएको छ ।

राष्ट्रसेवा र राष्ट्र गौरवको पुनीत कार्यमा आस्थाको आधारमा भेदभाव हुनु हुँदैन । 'सयौँ फूल फुल्न देऊ, सयौँ विचार चलखेल गर्न देऊ' भन्ने सोचले 'वादेवादे जायते तत्त्वबोध' भन्ने हाम्रो मौलिक आदर्शलाई नइले आत्मसात् गरेको छ । यो आधुनिक लोकतन्त्रको सुन्दरता पनि हो र यस तथ्यलाई नइले आत्मसात् गरेको छ । किनभने नइको छाती चौडा छ; त्यसैले त्यहाँभित्र सबै अटाउन सम्भव छ । नइको हराभरा फाँटमा नेपाली वाङ्मयको हजारौँ फूल फुल्नेछन् र हजारौँ स्रष्टाहरू उदाउँदै, मौलाउँदै र सम्मानित हुँदै जानेछन् ।

नइदम्पती कर्मयोगी हुन्, यो जोडी काम गरेर थाकेको कसैले देखेका छैनन् । यी दम्पती वाङ्मय विकासको पुनीत कर्ममा अविश्रान्त अगाडि बढिरहेका छन् । त्यसैले म भन्छु– 'कर्मयोगीको सुन्दर फुलबारी हो– नइ । श्रमिक, माहुरी र भँवराहरूको जीवनचर्या बन्नेछ सधैँ– नइ । यी सबै कुराको निष्कर्षमा उभिएको छ– नइ प्रकाशन । बिनाराजनीति, बिनाभेदभाव र बिनासङ्कीर्णताले हुर्केको नेपाली साहित्यको एउटा बलियो चौतारी हो– नइ प्रकाशन ।'

# साधनाको पूजा अर्चना

**दीप्स शाह**

नेपाली साहित्यको श्रीवृद्धिका लागि अहोरात्र खटिइरहेको साहित्यको सच्चा सेवक संस्था नइ प्रकाशन नै मानिन्छ । आफ्नो रजत महोत्सव पार गरिसकेको यस संस्थासँगको मेरो निकटता र सम्बन्धको सुरुवाती मलाई साझा गर्न मन लागेको छ ।



साहित्यलेखनमा थोरै उपस्थिति जनाइरहेकी मलाई नइ प्रकाशनबारे केही थाहा थिएन । उसो त हल्लाको आँधीदेखि पर लेख्नकै लागि मात्रै लेख्न रुचाउने म चुपचाप नै साहित्यसँग लुकामारी खेल्न रुचाउने मान्छे हुँ । सायद यस्तै केही कारण हुँदो हो नइ प्रकाशनजस्तो गरिमामय संस्थाबारे म बेखबर रहिरहनुपर्ने । तर वैदेशिक रोजगारीको सिलसिलामा इजरायलमा रहँदा २०६७ सालमा मेरो दोस्रो काव्यसङ्ग्रह 'आगो'को प्रकाशन नै नइ प्रकाशनसँग मेरो सम्बन्धको सेतु बन्यो । मेरो कवितासङ्ग्रह प्रकाशन भएपछि घरदेश र परदेशमा रहनुभएका नेपाली कविताप्रेमीहरूमाझ 'आगो'ले राम्रै चर्चा र माया पाइरहेको थियो । अचानक एक दिन मेरो इमेलमा एउटा सन्देश आयो– सोही वर्ष प्रवासबाटै प्रकाशित गीतीसङ्ग्रह 'तप्किएर अँजुलीमा' (साहित्यकार

उमा सुवेदीकृत) सँग साझेदारी गर्दै 'आगो'ले 'नइ गणेशदुर्गा पुरस्कार' पायो भनेर। उक्त पुरस्कार नेपालबाहिर रहेर नेपाली भाषामा प्रकाशन गरिने कृतिमध्येबाट छानेर प्रत्येक वर्ष दिइने पुरस्कार रहेछ। हुन त सर्जकलाई आफ्ना सिर्जना सबै प्रिय लाग्छन् नै। म जान्दिनँ मेरो उक्त पुस्तक उत्कृष्ट थियो कि थिएन। तर त्यो खबर मेरा लागि अप्रत्यासित र अपत्यारिलो खुसीचाहिँ थियो किनकि म केही समयदेखि प्रवासमा थिएँ र अहिलेको जस्तो इन्टरनेट र सामाजिक सञ्जालको यति सुलभ पहुँच पनि थिएन। म खासै साहित्यिक दिग्गज मानिएका व्यक्ति र संस्थाहरूबारे जानकार पनि थिइनँ। पुरस्कार र सम्मानको लबिङ, भनसुनसँग पनि म बेखबर थिएँ। त्यस्तो अवस्थामा कुनै मान्यगन्य साहित्यिक संस्थाले मजस्तो हल्लाभन्दा पर बसेर चुपचाप लेखन गर्ने मान्छेलाई सम्झिन्छ या मेरा सिर्जनाहरू तिनीहरूबाट पढिन्छन् र सम्मानित हुन्छन् भन्ने मैले सोचेकै थिइनँ। अझ जुन संस्थाबारे पूर्णत अन्जान थिएँ, आफूले नामै नसुनेको संस्थाले आफ्नो कृतिलाई पुरस्कृत गरेको खबरले मैले अचम्म त हुनु नै थियो, म हर्षित पनि भएँ। त्यसरी कुनै निकटता, चिनजान या थाहा पत्तै नभएको सन्दर्भमा पनि कुनै कृति या सिर्जनाबारे पनि मूल्याङ्कन गरिँदो रहेछ भन्ने सोचेरै पनि उस बखत म अत्यन्तै पुलकित भएको थिएँ। त्यसरी कुनै बेखबर कृति खोजेर पढेर पुरस्कृत गर्ने संस्था या व्यक्ति को रहेछन् भनेर मैले खोजी गर्न थालेँ।

नइ प्रकाशनका अथक अभियन्ताद्वय हुनुहुँदो रहेछ नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई। त्यसपछिका समयमा नइ प्रकाशन र नइ जोडीसँग साहित्यिक मात्रै नभएर पारिवारिकजस्तो आत्मियताको आफ्नोपन गाँसिन पुग्यो र आजपर्यन्त नइको प्रेरणा र माया मैले महसुस गरिरहेकी छु। भलै प्रत्यक्ष र क्रियाशील रूपमा संस्थासँग मेरो आबद्धता छैन। हुन त यति लेखिसक्दा कसैलाई लाग्ला, ए

आफूलाई पुरस्कार दिएको भएर पो गुणगान गाएको भन्ने पनि । यहाँनेर म आफ्नो इमानदारिता प्रस्टयाउन पनि चाहन्छु– पुरस्कार, माया, सम्मान र आफ्नोपन कसलाई निको नलाग्ला र ? हो म पनि यी सबैखाले मानवीय स्वभावबाट टाढा छैन । तर नेपाली समाजमा के सुनिन्छ भने पुरस्कार र सम्मान किनबेच हुन्छ । यसका लागि लबिङ र भनसुन, जी हजुरी र खुसामद गर्नुपर्छ भनेर । कति हदसम्म यो आरोप सत्य पनि होला । तर जुन समय, अवस्था र अपरिचितताको त्यान्द्रो टेकेरै उक्त सम्मान र पुरस्कार मेरो नवीनतम पुस्तकसम्म आइपुग्यो त्यसले उक्त आरोप र भनाइहरूप्रतिका धेरै भ्रम चिरिदियो । त्यही कारणले नै नइ प्रकाशनप्रतिको मेरो सम्मान ह्वात्तै चुलियो । यसको अर्थ यो पनि किमार्थ होइन कि त्यस समयको सबैभन्दा बलवान् र हकदार पुस्तक मेरै थियो । मेरो अन्तर्हृदयको सम्मान त पुरस्कार र सम्मानको प्रक्रिया र निष्पक्षताप्रतिको थियो र आजपर्यन्त छ । सत्य त यो पनि हो कि संसारका बडेबडे स्थापित र ख्यातिप्राप्त भनिएका पुरस्कार सम्मानहरू पनि विवादरहित छैनन् र यस्सो सम्भव पनि नहोला । एक त सिर्जनामा निहित बहुल ध्वन्यात्मकतालाई फरक पाठकीयताको कसीले फरकफरक स्वाद र कोटिमा राखेर हेर्ला । अर्को कुरा मान्छेको स्वभावै हो मेरो र हाम्रोले पाए सही नत्र गलत भयो । कोही न कसैको कसैसँग, कुनै सिर्जना या विधासँग, मिजास र व्यहोरासँग नजिक या मिठासपन मिल्न या नमिल्न सक्छ । जति नै निरपेक्ष रहन खोजे पनि कहीँ त मानवीय स्वभाव प्रकट हुन्छ नै ! जसले कसैप्रति वा कुनै निर्णयप्रति सम्मति या विमती त उत्पन्न गराउँछ नै !

कसैले आफ्नो जिन्दगी जिउनुको उद्देश्य नै नेपाली वाङ्मय, कला, संस्कृतिको उत्थान र श्रीवृद्धिकै लागि समर्पण गरिदिन्छ र भाषासाहित्य नै कल्पेर निदाउँछ र बिउँझिन्छ भने यो वा त्यो कमजोरी वा छिद्र खोजेर विरोधको पहाड उठाइरहनुपर्छ भन्ने मलाई

चाहिँ लाग्दैन । पक्कै पनि जोकोहीले आफ्नो संस्कृति र साहित्यको यो हदसम्मको सेवा र पूजा गर्नु त्यो पनि कोही कसैलाई अन्याय र गलत नगरीकन यसले कसैलाई घाटा त पुग्दैन नै ! बरु केही न केही सकारात्मकता थपिदिन्छ भन्ने मलाई लाग्छ । भनूँ भने हरेक वर्ष सानादेखि सम्मानित अग्रजसम्म, यो वा त्यो क्षेत्र र समुदायदेखि हरेक वर्ग, जात, धर्म र लिङ्ग अनि राष्ट्रियदेखि अन्तर्राष्ट्रिय समुदायका विविध क्षेत्रका प्रतिभा र अभियन्ताहरूलाई खोजेर सम्मान र हौसला दिनलाई अठोटले मात्रै पनि पुग्दैन । यस्तो काम गर्न विराट् हृदय र उतिकै फराकिलो सोच पनि चाहिन्छ । यसका लागि नइ प्रकाशन र यसका अभियन्ताद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईलाई म कोटिकोटि प्रणाम भन्न चाहन्छु । नइ प्रकाशनले यसरी नै भाषासाहित्यको सेवा र स्वर्ण महोत्सव गर्दै अरू धेरै उत्सवहरू मनाउन सकोस् । नइले यसरी नै सदासर्वदा साधनाको पूजा अर्चना गरिरहोस् । सके तन, मन र धनले मैले पनि यस्तो सत्कार्यमा हातेमालो गर्न सकूँ र नसके कमसेकम हृदयबाटै आभार प्रकट गर्दै सत्कामना गरिरहूँ ।

# गरिमाशाली र लोकप्रिय

## दुर्गा पौड्याल

नइ प्रकाशनसँग मेरो पहिलो परिचय २०७१ सालमा भएको थियो । त्यतिखेर नइको संयोजनमा त्रिमूर्ति निकेतनले आयोजना गरेको विश्वनारी नेपाली साहित्य सम्मेलनमा भाग लिन म काठमाडौँ गएकी थिएँ । त्यति बेला विश्वमा छरिएर रहेका नेपाली महिला साहित्यकार (जसले विदेशमा बसेर पनि नेपाली भाषा र साहित्यको उन्नयनमा महत्त्वपूर्ण योगदान पुराएका थिए)लगायत देशभित्रका साहित्यकार महिलाहरूको भव्य उपस्थिति थियो । सम्मेलन हुनुपूर्व त्रिमूर्ति निकेतन, विश्वनारी नेपाली साहित्य सम्मेलनको नामले हरेक जिल्ला, अञ्चलमा नारी साहित्यकारहरूका कमिटी बनेका थिए । कमिटीले आआफ्ना जिल्ला, अञ्चलमा साहित्यिक कार्यक्रम गरिरहेको थियो । त्यही कमिटीले सम्मेलनमा भाग लिन जान योग्य महिला सदस्य छानेको थियो । हरेक जिल्लाका अध्यक्षहरूले कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम पनि थियो । सोहीअनुसार जिल्लामा नेतृत्व गरेका महिलाहरू कार्यपत्र तयारीसाथ राजधानी पुगेका थिए त्यो बेला । सम्मेलनमा जाने नारी साहित्यकारको कमसेकम एउटा कृति प्रकाशित भएकै हुनुपर्थ्यो । त्यस टोलीमा मैले पनि सहभागी हुने मौका पाएकी थिएँ ।



सम्मेलनको पहिलो दिन त्रिमूर्ति निकेतनको प्राङ्गणमा महिला साहित्यकारहरूको भव्य उपस्थिति थियो । आफ्ना कृति जम्मा गर्ने र परिचयात्मक कार्यक्रमको साथै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्ने कार्यक्रम रहेको थियो भने त्यसै समयमा कार्यक्रम हुने स्थानको सूचना पनि दिइएको थियो । त्यसका अतिरिक्त त्यस दिन कविता, गीत, गजल सुन्ने र सुनाउने कार्यक्रम भएको थियो । त्यस दिनको कार्यक्रम त्रिमूर्ति निकेतन (जहाँ कविशिरोमणि लेखनाथ पौडचाल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाका पूर्ण कदका मूर्तिहरू उभिएका छन्) सञ्चारग्राममा भएकै कारण हामी सबै जनामा खुसी छाएको थियो । अनि भोलिपल्टदेखिको सम्मेलन भने आम्रपाली ब्याङ्क्वेट, भाटभटेनीमा भएको थियो । त्यति बेलै राजधानीमा धेरै साथीहरूसँग मेरो चिनजान र परिचय भएको थियो ।

त्रिमूर्ति निकेतन स्थापनामा नइकै ठूलो योगदान रहेको मैले त्यो बेला थाहा पाएकी थिएँ । यो कुराको विस्तृत संस्मरणात्मक लेख मैले सम्मेलनबाट फर्केपछि लेखेर नइ प्रकाशनको इमेलमा पठाएकी थिएँ । डा.रजनी ढकाल र तर्कना शर्माको सम्पादनमा २०७२ सालमा 'विश्वनारीका तीन दिन' नामको एउटा ठूलो ग्रन्थै छापिएको छ । त्यस ग्रन्थको पृष्ठ १७१ देखि १८६ पृष्ठसम्म 'यस्तो कहिल्यै भएको थिएन' शीर्षकमा मेरो लेख छापिएको छ । वास्तवमा त्यही विशिष्ट र विशेष सम्मेलनबाट नै मैले नइको परिचय पाइसकेकी थिएँ । त्यस्तो ठूलो सम्मेलन मैले देख्नु त परै जाओस्, सुनेकी पनि थिइनँ ।

नइ प्रकाशनमा फेरि दोहोऱ्याएर मेरो सम्पर्क पनि भएन । तर अकल्पनीय रूपमा नइबाट म पुरस्कृत भएको जानकारी पाएँ । पुरस्कृत हुने कुराले म रमाएकै थिएँ । केही दिनपछि रेडियो, टेलिभिजन, पत्रपत्रिका र मेरा शुभचिन्तकहरूबाट मैले पचास हजार रुपियाँ राशिसहित 'नइ बुलु शर्मा पुरस्कार' पाउने जानकारी पाएँ ।

२०७८ साल असोज २० गते घटस्थापनाका दिन म नइ प्रकाशनबाट पुरस्कृत भएकी थिएँ । पुरस्कार पाउँदा जो पनि खुसी हुन्छन्, म पनि अत्यन्त खुसी थिएँ । मैले पाएका पुरस्कारमा यो सबैभन्दा ठूलो पुरस्कार थियो । यस पटकको कार्यक्रममा नेपाली भाषासाहित्य, कला, संस्कृति, राष्ट्रियता, समाजसेवा, ज्ञानविज्ञान, चिन्तनमनन, खेलकुदलगायत विभिन्न विधा र क्षेत्रमा योगदान पुराएका व्यक्तित्वहरूलाई नइ प्रकाशनबाट पुरस्कार प्रदान भएको थियो ।

म पुरस्कृत हुने वर्ष नइ प्रकाशनको रजतजयन्तीको वर्ष पनि परेको रहेछ । त्यसैले कोभिडका कारण पुरस्कार प्रदान गर्न रोकिएको रहेछ । त्यसैले २०७६ र २०७७ सालमा घोषणा गरिएका पुरस्कार २०७८ सालमा नइको रजतजयन्तीसमेत भनेर असोज २० गते प्रदान गरिने सूचना भएको थियो । सोहीअनुसार म त्यहाँ गएकी थिएँ । रूपन्देहीबाट पुरस्कार पाउनेमा म र आदरणीय दाजु जङ्गबहादुर शाह थियौँ । हामी दुवै दुई नगरपालिकामा बस्ने भए पनि ठाउँको हिसाबले नजिकैका र पहिलेदेखिकै चिनजान भएका व्यक्ति थियौँ र एउटै जिल्ला रूपन्देहीका थियौँ ।

पुरस्कारको कार्यक्रम यो पटक पनि आम्रपाली ब्याङ्क्वेटमै राखिएको थियो । पुरस्कृत हुने व्यक्तिसँग एक जना साथी पनि सँगै लैजान पाइने भनिएकाले मसँग पति मदनलाल पौडचाल हुनुहुन्थ्यो र जङ्गबहादुर दाइसँग रामचन्द्र श्रेष्ठ साथै जानुभएको थियो । त्यस बेला खानपानको व्यवस्था पनि त्यहीँ थियो ।

हामी कार्यक्रम सुरु नहुँदै आम्रपाली ब्याङ्क्वेट हलमा पुगेका थियौँ । हलभित्र प्रवेश गर्दा नै नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईसँग मेरो भेट भयो । त्यस बेला भलाकुसारी आदरभावको आदानप्रदान भयो । मलाई नइसँग नजिकबाट चिन्ने मौका त्यहीँ प्राप्त भयो । उहाँहरू दुवै जना अति सरल र विद्वान् व्यक्तित्व भएको विश्वनारी सम्मेलनकै बेला मैले चाल पाएकी थिएँ ।

पुरस्कार घोषणाको कुरा हो– एक दिन नरेन्द्रराज प्रसाईले मेसेन्जरमा मलाई कल गर्नुभयो । उहाँले मेरो कामको पाटो र राजनैतिक पाटोबारे जानकारी लिन खोज्नुभयो । मैले नरेन्द्रराज प्रसाईलाई भनेकी थिएँ– 'म एउटी शिक्षिका हुँ र त्यसबाट पनि मैले अवकाश लिइसकेकी छु । मैले कहिल्यै सक्रिय राजनीति गरिनँ र पति राजनीति गर्ने हुनाले राजनीतिदेखि अछुतो र टाढा पनि म रहिनँ । देशका ठूला नेताहरूको आश्रयस्थल देशको अप्ठचारो परिस्थितिमा मेरै घरआँगन रहन्थ्यो । मैले सकेको मद्दत गरेकी हुन्थेँ । आफू शिक्षक भएकाले शिक्षक आन्दोलनमा भने म सक्रिय नै भएर लागेँ ।' पछि मदनलाल पौडचालसँग पनि फोनमा सहाना प्रधानको बारेमा नरेन्द्रराज प्रसाईको कुरा भयो । उहाँले सहाना प्रधानको जीवनी लेख्दै हुनुहुँदो रहेछ । पछि थाहा भयो, उहाँले थुप्रै व्यक्तिहरूको जीवनी लेखिसक्नुभएको रहेछ । उहाँ नेपाली साहित्यको सिद्धहस्त लेखक हुनुहुँदो रहेछ ।

कुरा अर्कैतिर मोडिएछ । म पुरस्कारको प्रसङ्ग लेख्तै थिएँ । २०७८ साल असोज २० गतेको नइ पुरस्कार प्रदान गरिने समारोहको वातावरण निकै रमाइलो र उत्साहजनक थियो । त्यस दिनको प्रमुख अतिथि एक सय दुई वर्षीय 'शताब्दी पुरुष सत्यमोहन जोशी हुनुहुन्थ्यो । त्यो कुरा सूचनामार्फत मैले पहिले नै थाहा पाएकी थिएँ । तर कार्यक्रम सुरु हुने बेलासम्म पनि उहाँ कार्यक्रम स्थलमा आइसक्नुभएको थिएन । त्यतिन्जेलसम्ममा सभाकक्ष खचाखच भएर निम्तारुहरूको उभिने क्रम रहेको थियो । मैले सुनेकी थिएँ– काठमाडौँमा अरूतिरका साहित्यिक कार्यक्रमहरूमा निम्तारुहरू नआएर हल खाली नै हुने गर्छ तर नइका कार्यक्रममा नबोलाएकाहरू पनि आइदिनाले धेरैले उभिनुपरेको हुन्छ । विश्वनारी नेपाली साहित्य सम्मेलनमा पनि सिट नपुगेर धेरै महिलाले उभिनुपरेको थियो ।

'शताब्दी पुरुष सत्यमोहन जोशीजस्तो व्यक्तित्वको हातबाट पुरस्कार ग्रहण गर्न पाइने र उहाँलाई नजिकबाट देख्न र उहाँका

कुरा सुन्न पाइने भएको हुँदा म निकै उत्साहित थिएँ । तर त्यहाँ एकाएक माइकबाट नइ प्रकाशनका सदस्यसचिव नरेन्द्रराज प्रसाईले उद्घोष गर्नुभयो– 'आजका प्रमुख अतिथि श्रद्धेय डा.सत्यमोहन जोशीज्यू अस्वस्थ्यका कारण यस समारोहमा उपस्थित हुन नसक्ने बेहोरा जानकारी गराउँदछु ।' कारण के रहेछ भने– शताब्दी पुरुष चारपाँच दिनदेखि एक सय तीन ज्वरो आएर सुत्नुभएको रहेछ । 'बुबा बिरामी हुनुभएकाले कार्यक्रममा आउन सक्नुहुन्न' भनेर उहाँको जेठा छोरा खबर लिएर कार्यक्रम स्थलमा आउनुभयो । त्यो सुनेपछि नइ प्रकाशनमा खलबल र निरासा छाउनु स्वाभाविकै हो । त्यहाँको वातावरण त्यस्तै केही नमीठै देखियो । नइको समारोहमा जाने मन भएपछि उहाँले बिहानै सात बजे दुई गोली सिटामोल खानुभएछ र पनि ज्वरो थामिएनछ । फेरि दिउँसो एक बजे उहाँले तीन गोली सिटामोल खानुभएछ । संयोग भनौँ वा नइको उद्देश्य, हाम्रो चाहना, हाम्रो भाग्य भनौँ, पछि ज्वरो केही कम भएछ । शताब्दी पुरुषकी जेठी छोरीले शताब्दी घरबाट नरेन्द्रराज प्रसाईलाई फोन गर्नुभएछ– 'बा आउन लाग्नुभएको छ । बाले भन्नुभयो– म नइको समारोहमा जान्छु, मैले धोका दिन मिल्दैन । बरु त्यहीँ गएर नै मर्छु' भन्ने खबर गर्नुभएछ । उहाँ आउने थाहा भएपछि हामी सबैलाई उत्साह आएको थियो । त्यहाँ उपस्थित सबैका अनुहार उज्याला भए । केही बेरपछि शताब्दी पुरुष सत्यमोहन जोशी अरूको सहारामा हलमा प्रवेश गर्नुभयो । तालीको गडगडाहटसहित सबै उठेर उहाँको स्वागत भयो । बिरामी प्रमुख अतिथिलाई मञ्चमा लगेर राखियो ।

प्रमुख अतिथि सत्यमोहन जोशीको प्रवेशसँगै नइ प्रकाशनका सदस्यसचिव नरेन्द्रराज प्रसाईले कार्यक्रममा उपस्थित सबैलाई स्वागत गर्दै उद्घोषण सुरु गर्नुभयो । नइ प्रकाशनको उद्देश्य, रजत महोत्सव, कोभिडका कारण गत वर्ष रोकिएको पुरस्कार पनि एकै पटक प्रदान गर्नुपरेको जानकारी दिनुभयो । नइ प्रकाशनले देशविदेशमा रहेका सबै

क्षेत्रका विभिन्न विधाका व्यक्तित्वहरूलाई पुरस्कृत गर्दै आएको कुरा बताउनुभयो । साथै उहाँले त्रिमूर्ति निकेतन, नइ प्रकाशनको जन्मबारे पनि बताउनुभयो । नइ प्रकाशनको जन्मदेखि यसलाई अहिलेको अवस्थासम्म ल्याइपुऱ्याउँदाका कठिनाइ, मिहेनत, अरूले गरेको साथ र सहयोग सबै जानकारी गराउनुभयो । साथै उहाँले नइ प्रकाशनमा अक्षयकोष राख्ने दाताहरूको नामावली पनि पढेर सुनाउनुभयो । अक्षयकोषमा रकम राख्नेहरूमा पचासी लाखदेखि पचास हजारसम्म राख्ने दाताहरू रहेछन् । यसरी सबैभन्दा धेरै अक्षयकोषमा रकम राख्ने समाजसेवी, राजनीतिज्ञ खनूप्रुदे रामबाबु प्रसाईबाट पचासी लाखको अक्षयकोष र पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्टबाट तीस लाख रुपियाँको अक्षय कोष राखिएको रहेछ । सबै दाताहरूले आआफ्ना बाआमा, छोराछोरी, पत्नी, पति वा दुवै जोडीको नाममा अक्षयकोष राखेका रहेछन् । त्यही अक्षयकोषको ब्याजबाट हरेक वर्ष विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई पुरस्कार दिइँदो रहेछ । यसरी हेर्दा पनि नइ प्रकाशन आर्थिक हिसाबले देशकै सबैभन्दा ठूलो सबल र सक्षम संस्था बन्न पुगेको पाइयो ।

नइले गरेको योगदान वास्तवमै अतुलनीय छ । यसले पछि परेका गाउँठाउँबाट बिनापूर्वाग्रह, साहित्य, कला, संस्कृति, शिक्षा, स्वास्थ्य, समाजसेवामा योगदान पुऱ्याएका व्यक्तिहरूलगायत तेस्रो लिङ्गी, शारीरिक अपाङ्गता भएका व्यक्तिसमेतलाई समेटेर उनीहरूले समाजमा गरेको योगदानलाई निष्पक्ष मूल्याङ्कन गरी पुरस्कृत गर्ने रहेछ । पुरस्कृत हुने व्यक्तित्वमा हामीले थाहा नपाएका र थाहा पाउनुपर्ने व्यक्तित्व राष्ट्रिय झन्डाका निर्माता इन्जिनियर शङ्करनाथ रिमालदेखि आमा फिलिमका पटकथाकार एवं 'उदय' पत्रिकाका सम्पादक (बनारसवासी) दुर्गाप्रसाद श्रेष्ठसम्म पनि हुनुहुन्थ्यो । नइकै कारण त्यस दिन उहाँहरूलाई नजिकबाट देख्न, सुन्न र चिन्न पाइयो ।

जहाँसम्म पुरस्कार पाउने कुरा छ, योगदानको कदर कुनै न कुनै बेला हुँदो रहेछ । मैल कतै सुनेकी थिएँ नेपालका खास गरेर प्राय: साहित्यिक सङ्घसंस्थाले स्थापना गरेका पुरस्कार पाउनका लागि साहित्यकार, लेखकहरू सङ्घसंस्था वा संस्थासँग नजिक भएका मानिससित भनसुनका लागि धाउँछन् र मात्रै पुरस्कार पाउँछन् । त्यो पनि सबै सत्य नहोला । जहाँसम्म म पुरस्कृत भएको कुरा छ, मेरो न त नइगृहसँग पहिला चिनजान थियो, न त नइगृहले मलाई चिन्थ्यो र न त मेरो भनसुन गर्ने कुनै ठाउँ नै थियो । यति हुँदाहुँदै पनि पुरस्कृत हुनेमा म पश्चिमबाट परेछु । पुरस्कार घोषणा हुँदा मलाई आश्चर्य पनि लाग्यो । मैले मनमनै विचार गरेँ– म कसरी पुरस्कृत हुनेमा परेँ ? एक्कासि ठूलै राशिको पुरस्कारमा मेरो नाम घोषणा भएको सुनेपछि म आश्चर्यमा नपर्ने कुरै आएन । यो पुरस्कारले मेरो लेखन जीवनमा ऊर्जाको सञ्चार गरेको छ ।

पुरस्कारको कार्यक्रम सकिएर हलबाट बाहिर निस्कने क्रममा त्यहीँ नै टेलिभिजन पत्रकारले सोधेका थिए– 'पुरस्कृत हुँदा र पुरस्कार पाउँदा कस्तो लाग्यो ?'

मैले भनेँ– पुरस्कृत हुँदा, पुरस्कार पाउँदा सबैलाई खुसी लाग्छ, मलाई पनि खुसी लाग्यो । नचिताएको ठाउँबाट यति सम्मानित पुरस्कार पाउँदा म निकै खुसी भएकी छु ।'

नइ प्रकाशनले सरकारको निकाय या नेपाल प्रज्ञाप्रतिष्ठानलगायत नेपालका नाउँ चलेका पुराना संस्थाले भन्दा ठूलो काम गरेको मैले पाएँ । साहित्यका सबै क्षेत्रदेखि अन्य धेरै विधालगायत समाजलाई हरेक किसिमले सहयोग पुऱ्याउने व्यक्तित्वहरूलाई कुनाकाप्चाबाट समेत निष्पक्ष छानबिन गरेर पुरस्कृत गर्ने संस्था सायद नइ प्रकाशन नै मात्र होला भन्ने लाग्यो मलाई । यहाँ न कुनै दलको सिफारिस चाहियो, न कुनै भनसुन गर्नुपर्ने, न कुनै फारम भर्नुपर्ने र न कुनै रकम बाँडचुँड नै गर्नुपर्ने ! यी सबै कारणले नइ प्रकाशन गरिमाशाली र लोकप्रिय बनेको हो भन्ने मलाई लागेको छ ।

# मेरो अनुवादयात्राको पथ

## दुर्गा वनवासी

वैशाख १२, २०७२ सालको भूकम्पपछि काठमाडौँ छाडेर फर्किनेको लस्करमा म पनि थिएँ । कति सधैँका लागि घर गए तर म केही समयपछि फर्किएँ । कुनै जागिर या व्यवसायहीन अवस्थाकी मलाई परिवार, आफन्त र शुभचिन्तकहरूबाट काठमाडौँ नफर्किने



सुझाव मिल्नु स्वाभाविक थियो । काठमाडौँ प्रवेश गरेको २०५९ सालदेखि २०७२ सालसम्मको काठमाडौँ बसाइमा केही विद्यालयहरूमा शिक्षणको र अन्य केही कामहरूका तीतामीठा अनुभूतिहरू बटुलेकी थिएँ । बीचबीचमा काम छोड्नु, बेरोजगार हुनु अनि फेरि बायोडाटा, अन्तर्वार्ता, नयाँ जागिर, पुन: बेरोजगारी । यसरी नै दिनहरू बितिरहेका थिए ।

यतिका वर्ष काठमाडौँ बसेर रित्तो फर्किने मन थिएन र भरिने सम्भावना पनि थिएन । त्यसो त मेरा केही आफन्त र साथीभाइहरू काठमाडौँमा राम्रै जमेका थिए र मलाई राम्रो रोजगारी दिलाउन सक्ने हैसियत भएका थिए । आत्मसम्मान धरौटी राख्न नसक्ने मेरो स्वभावसँग राम्ररी परिचित उनीहरू मलाई जागिर लगाइदिने खतरा मोल्न सक्तैनथे । सबै बुझेकी मैले भोकै बस्न मन्जुर गरेँ तर

सिफारिस गरी माग्न जान सकिनँ । जे गरे पनि आफ्नै क्षमताले गरूँ भन्ने मेरो चाहना थियो । कति आफन्तले त समस्या मभित्रै रहेको भन्नसमेत भ्याए; किनभने कुनै जागिरमा म लामो समयसम्म टिक्न सक्तैनथेँ । केही विद्यालयमा प्रशासनिक जिम्मेवारीसमेत मैले वहन गरेकी थिएँ तर आर्थिक रूपले निर्बल ती विद्यालयहरूमा मेरो पद मात्र ठूलो थियो, पैसा थिएन । ती स्कुलहरूको उत्थानका लागि मध्यरातसम्म खटेको सम्झँदा मलाई खुसी र दुःख दुवै लाग्छ । खुसी यस अर्थमा लाग्छ कि म मिहेनती र अनुभवी हुँदै थिएँ, दुःख लाग्नुको कारणचाहिँ मेरो त्यो कर्मठता र इमानको उचित मूल्याङ्कन त कहिल्यै भएन, बरु उल्टो भयो ।

काठमाडौँ बसाइको उपलब्धि मेरो रोकिएको पढाइ सुचारु भएको थियो र मैले धेरै अनुभव बटुलेकी थिएँ । आर्थिक उन्नतिलाई मात्र उपलब्धि ठान्ने मानवीय प्रवृत्तिको सिकार म पनि थिएँ नै । महँगो सहरमा सानो जागिरले बाँच्नु र बँचाउनु नै ठूलो कुरा थियो, केही प्रगति नगरेको र नकमाएको जस्ता आरोपहरू पनि मैले पचाउँदै जान थालेकी थिएँ ।

'तेरो जत्तिको प्रतिभा भएको भए म कहाँ पुगिसक्थेँ' जस्ता टिप्पणी पनि आउँथे तर आफ्नै मनबाट रुरेर भौतिक प्रगतिको शिखर छुनु थिएन मलाई । निजी विद्यालयहरूपिच्छेका फरक योग्यताहरू जस्तो स्मार्टनेस, कन्फिडेन्स, फ्रेसनेस कहीँ अङ्ग्रेजी पृष्ठभूमि, कतै उमेरको हदबन्दी, कहीँचाहिँ नातावाद, कृपावाद, चापलुसी आदि नपुगेर थुप्रै पटक फेल भएकी थिएँ म । कुनै ठाउँमा चाहिँ चाहिनेभन्दा बढी योग्यता र अनुभव भएको भनेर पनि फिर्ता पठाइन्थेँ म । बल्लतल्ल कतै जागिर मिलिहाले पनि धमिलो वातावरणमा आफू धमिलिन नसक्नु र उनीहरूलाई सङ्ल्याउन पनि नसक्नुको विवशतामा आफैँ पलायन हुनु नै मलाई हितकर लाग्थ्यो ।

काठमाडौँ पस्नुपूर्वको दसबर्से शिक्षण अनुभव यता पनि शिक्षण र सम्पादनमा काम लाग्यो । आफैँ पनि अलेलि लेख्ने भएकाले केही पत्रपत्रिकाहरूको सम्पादन पनि गरेँ तर कमाइ भने शून्य थियो । कहिलेकाहीँ साग तरकारी किन्नेसम्मको कमाइ हुन्थ्यो । कामभन्दा नाम बिक्ने जमानामा सम्पादन म गर्थें तर नाम अर्कैको हुन्थ्यो । भाषासम्पादनभन्दा माथिको पोस्टमा म कहिल्यै पुगिनँ । यसबीच केही यस्ता महान् व्यक्तित्वहरू पनि भेटिए जो काम लगाउने बेलामा महभन्दा गुलिया र घिउभन्दा चिल्ला अनि पैसा दिने बेलामा ? भो, कुरै नगरौँ ! अरू त अरू साहित्यजस्तो पवित्र क्षेत्र पनि नराम्ररी प्रदूषित भएको रहेछ ।

जीवनको लगभग मध्यभागमा बाटो हराएको थियो । अलि सङ्कोची स्वभावका कारण भएको क्षमता पनि म देखाउन सक्तैनथेँ । तर यहाँ त नभएको पनि देखाएर खानुपर्दो रहेछ । सकभर विदेशी संस्थाहरूबाट प्राप्त कागजी अनुमति (लाइसेन्स) बिक्ने यस समयमा सबैतिरबाट असफल थिएँ म ।

त्रिमूर्ति निकेतनद्वारा आयोजित डा.वानीरा गिरीको रथारोहण समारोहमा साहित्यकार रश्मि रिमालमार्फत म पनि कार्यक्रममा पुगेँ । इन्दिरा दिदीसँग छोटो भेट भए तापनि त्यस बेला मेरो कुरा हुन पाएको थिएन ।

नइको नम्बर पाएकी थिएँ, एक दिन फोन गरेँ । उहाँहरूले बोलाउनुभयो । नइगृहमा मैले प्रथम पटक पाइला टेकेकी थिएँ । इन्दिरा प्रसाईसँग छोटो भेट भइसकेको र फोन गर्दा पनि थोरै कुरा भएकाले अलि आँट आएको थियो । नरेन्द्रराज प्रसाईसँग चाहिँ पहिलोपल्ट भेट्दै थिएँ । नरेन्द्रराज प्रसाई धेरै फरासिलो हुनुहुँदो रहेछ । नभेट्नु, भेटिसकेपछि मैले मेरा कुरा राख्नु नै थियो । नरेन्द्रराज प्रसाईको सरल स्वभावका कारणले मेरो थोरै

हिम्मत बढ्यो र सम्पादन, अनुवादका क्षेत्रमा काम गर्न मन लागेको कुरा भनेँ । नरेन्द्रराज प्रसाईले नइ प्रकाशनमा पहिल्यै सम्पादक भएकाले ठाउँ नभएको जस्तो कुरा गर्नुभयो । नरेन्द्रराज प्रसाईका कुरा सुनेर म निराश भएँ । मनको भाव अनुहारमा झल्केथ्यो सायद, नरेन्द्रराज प्रसाईले केही बेर मेरो अनुहार पढेपछि फेरि भन्नुभयो– 'नानी, तिमी चिन्ता नगर । तिम्रो अङ्ग्रेजी राम्रो छ भने म काम दिन्छु तर पहिला तिम्रो अङ्ग्रेजी कस्तो छ, म बुझ्छु । केही समय लाग्न सक्छ तर अङ्ग्रेजी राम्रो छ भने अनुवादको काम म तिमीलाई पनि दिन्छु ।' केही पुस्तकहरूका उपहार र सान्त्वनाका दुई शब्द लिएर म नइगृहबाट फर्किएकी थिएँ ।

नभन्दै तीनचार दिनपछि नरेन्द्रराज प्रसाईले फोन गरेर इमेल ठेगाना माग्नुभयो र छसात पानाको महाकवि देवकोटासम्बन्धी एउटा लेख पठाइदिनुभयो । मैले पनि अनुवाद गरेर पठाएँ । अनुकृतिका प्रसाईले केही सुझावसहित मेरो त्यो अनुवादलाई उचित ठहऱ्याउनुभयो । त्यसपछि पनि अङ्ग्रेजीका केही जानिफकारहरूलाई देखाउनुभएपछि नइको परीक्षा पास गरी नइ प्रकाशनमा खाता खोल्न सफल भएँ म । यसै बेला नइले कुनै ठूलो पुस्तकीय जिम्मेवारी सुम्पिनुअगावै शब्दार्थ प्रकाशनबाट आदरणीय विनय शर्मा नेपालले मलाई ऐतिहासिक उपन्यासकार एसपी आशाको आत्मपरक शैलीमा लेखिएको 'बुद्धु' उपन्यासको अङ्ग्रेजी अनुवाद गर्ने गहन जिम्मेवारी दिनुभएको थियो । लगत्तै नइबाट पनि केही सस्याना लेखहरू र केही पछि इन्दिरा प्रसाईको विज्ञान कथासङ्ग्रह 'मेरो कथा नलेखिदिनू'को अङ्ग्रेजी अनुवादको अभिभारा मैले पाएँ ।

नइले मलाई साझा प्रकाशन पनि पुऱ्याउनुभयो । त्यहाँको अङ्ग्रेजी विभाग हेर्नलाई अङ्ग्रेजीमै पिएचडी गरेको र कम्तीमा

छसातवटा कितापहरू अङ्ग्रेजीमा छापिएको हुनुपर्ने भनेर त्यहाँ जागिर खान नमिल्ने साझा प्रकाशनका अध्यक्षबाट बताइयो । स्थायी जागिर नभए पनि कितापहरूचाहिँ अनुवादका लागि दिने आश्वासनसहित म फिर्ता पठाइएँ तर कितापहरू पनि पाइएन र म फेरि गइनँ पनि । नेपाल प्रज्ञाप्रतिष्ठानमा पनि नइले पहल गर्नुभएको थियो तर त्यहाँ सबै कितापको अनुवाद शुल्क एउटै भन्ने जानकारी पाएपछि मन मरेर आयो ।

नरेन्द्रराज प्रसाई मेरो कामको खुला मनले तारिफ गर्नुहुन्थ्यो र गर्नुहुन्छ । तर कसैलाई छिटो विश्वास गरिहाल्नु उचित पनि होइन यस बेला । इन्दिरा प्रसाईचाहिँ पहिला निकै विचार गर्नुहुँदो रहेछ ।

एउटी सङ्कोची र बाटो हराएकी मेरा लागि प्रस्ट बाटो कोरिदिएर नइ प्रकाशनले मलाई अनुवादक बनाएको छ । नइ प्रकाशनका कृतिहरूमध्येका पुस्तक अङ्ग्रेजी भाषामा अनुवाद गरेर मैले आफ्नो परिचय दिन सकेकी छु । नइजस्तो प्रतिष्ठित संस्थासँग जोडिएर काम गर्न पाउनु मेरा लागि सुनौलो अवसर नै हो । मान्छे भगवान् होइन, कमजोरी सबैमा हुन्छन् । नइका बारेमा मैले पनि सकारात्मक, नकारात्मक दुवै किसिमका कुराहरू सुनेकी थिएँ तर सुनेकै भरमा कसैप्रति धारणा बनाउनु गलत नै हो । सुन्नु र चिन्नुमा धेरै अन्तर हुन्छ । मेरो व्यक्तिगत देखाइमा त असली हीराका पारखी हुनुहुन्छ नइ । त्यसैले नइ प्रकाशन नेपालको सर्वोत्कृष्ट प्राज्ञिक थलो हुन पुग्यो । नइ संस्थाका बारे नै पनि मैले तीतामीठा कुरा सुन्दै आएकी छु । एक प्रकारका मान्छे नइ प्रकाशनको गुणको खुलेरै तारिफ गर्ने र अर्का थरीका मान्छे लुकेर या कानकानमा पुगेर विरोध गर्ने र भड्काउने मैले भेटेकी छु । तर ती विरोध गर्नेहरूबारे बुझ्दा तिनीहरू नइका कालो सूचीमा

परिसकेका या पुरस्कार नपाएर रन्थनिएका या किताप छाप्न पुग्दा असफल भएका या नइबाट पैसा हात पार्न नसकेका या त आफूले सिन्को भाँच्न नसकेकाहरू नै नइप्रति रिस र डाहाले छटपटाउने गरेको मैले ठम्याएकी छु । यसरी विरोध गरेपछि दैलो नै लगाएर नइ चुपचाप बस्छ भन्ने तिनीहरूले ठानेका हुन्छन् कि के हो ? यसरी कुहिनोले पहाड भत्काउन खोज्नेहरूप्रति मलाई दया लागेर आउँछ ।


आफैँले झन्नै नब्बेवटाजति कृतिलेखन र सम्पादन गरिसक्नुभएका नरेन्द्रराज प्रसाई र साडे चार दर्जन पुस्तक लेखन तथा सम्पादन गरिसक्नुभएकी इन्दिरा प्रसाई साहित्यसेवामा समर्पित सच्चा साधक हुनुहुन्छ । वार्षिक रूपमा सालाखाला पन्ध्रबीस लाख रुपियाँको पुरस्कार राशि प्रदान गर्ने नइ प्रकाशन तथा हरेक वर्ष तीन जना स्रष्टालाई तीन लाख रुपियाँको पुरस्कार प्रदान गर्ने त्रिमूर्ति निकेतनले कुनै पनि सरकारी सङ्घसंस्थाले गर्न नसकेको कर्म गरेर देखाएका छन् । यी दुवै संस्थाको परिकल्पनाकार, संस्थापक र व्यवस्थापक नै नइ जोडी हुनुहुन्छ । बिनाकुनै राजनीतिक पूर्वाग्रह देश, विदेश र कुनाकन्दरामा ओझेल परेका मोतीहरूलाई चम्काउने कार्य आफैँमा स्तुत्य छ, सराहनीय छ । यीबाहेक राष्ट्रकवि माधव घिमिरे, वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी, नेपाली साहित्यका विश्वनारी रत्न वानीरा गिरी, महासमालोचक वासुदेव त्रिपाठीजस्ता उपाधिहरू नइकै पहल र संलग्नतामा सम्भव भएको कुरा त सर्वविदितै छ । नेपाली साहित्यको तपोभूमि नइ प्रकाशनको रजत वर्षको पावन अवसरमा अविच्छिन्न र अविचलित सुकर्महरूको सदिच्छा राख्दै श्रद्धेय नइ अग्रजलगायत सम्पूर्ण नइ प्रकाशन परिवारप्रति म गौरव मान्छु । किनभने नइ प्रकाशन नेपाल राष्ट्रभित्र मात्र केन्द्रित छैन । यो संस्था नेपाली भाषासाहित्य जताजता छ ती सबै देशहरूमा नै यो संस्था प्रचलित

छ । साथै विभिन्न देशका प्रतिभाहरूसमेतलाई नइ प्रकाशनले कदर र सम्मान गरेको छ । त्यसो त नइ प्रकाशनले तीसवटा पुरस्कारमध्ये विदेशमा बस्ने नेपालीलाई एक लाख रुपियाँ राशि, नेपाली मूलका विदेशी नागरिकलाई दुई लाख रुपियाँ राशि र विदेशी मूलका नागरिकलाई तीन लाख रुपियाँ राशिको पुरस्कार हरसाल प्रदान गर्दै आएको छ । सरकार र सरकारी निकायले गर्नुपर्ने काम नै नइ प्रकाशनले गर्दै आएको सत्यतथ्य धेरैले सकारेको कुरा हुँदै हो ।

# ऊर्जाशीलको सफलता

## डा.देवीप्रसाद सुवेदी

नइ प्रकाशनको स्थापना हुँदा यस संस्थालाई नेपालमा सञ्चालित अन्य कतिपय व्यावसायिक नाफामूलक संस्थाकै पङ्क्तिमा राखेर हेर्नेहरूको सङ्ख्या कम थिएन । त्यस अवस्थामा नइ प्रकाशनले आफूलाई नेपाल राष्ट्र, राष्ट्रियता र नेपाली भाषासाहित्यको सेवी संस्थाका रूपमा अगाडि सा¥यो । हेर्दाहेर्दै सानो शिशु प्रकाशनले विराट् स्वरूप लियो । अहिले आएर यस संस्थाको मूल्याङ्कन सामान्य रूपले गर्नेहरूका आँखा यसको विराट् स्वरूपले तिरमिराएका छन् । नइ प्रकाशनले स्थापनाकालमा राखेका उद्देश्यअनुरूपका कार्यहरू धमाधम सम्पन्न हुँदै गएका छन् । ती कार्यहरूको सम्पादननिम्ति जुट्दै गएका अक्षयकोषहरूको राशिलाई हेर्दा विशुद्ध मनोभावनासहितको सङ्कल्प लिएर कुनै पनि शुभकार्यमा संलग्न हुने हो भने निजी स्तरमा पनि महान् कार्यहरूको सम्पादन हुन सक्ने पाठ नेपालका सरकारी एवं गैरसरकारी संस्थाहरूले नइ प्रकाशनबाट सिक्नुपर्ने स्पष्ट देखिन्छ । यसनिम्ति नइ प्रकाशन नेपालको नमुना बन्न पुगेको छ ।



नइ प्रकाशनको अवधारणा र यसको बीजारोपणदेखि आजसम्मको अवस्थामा यसको संरक्षण र संवर्धनका निम्ति मनसा, वाचा, कर्मणा समर्पित नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईकै अहोरात्र प्रयत्नकै प्रतिफल यो संस्था यति गतिशील बन्न सकेको हो । कला, साहित्य, शिक्षा, संस्कृतिजस्ता राष्ट्रका मुटु मानिएका पक्षहरूलाई नेपाली राष्ट्रियताका निम्ति सबल र सुदृढ बनाउने नइको सत्प्रयासलाई नेपाली बौद्धिक समुदायले उचित मूल्याङ्कन गरेको छ । नेपाली वाङ्मयसेवी यस संस्थाले भाषासाहित्य, कला र संस्कृतिका क्षेत्रमा सरकारी वा निजी स्तरमा स्थापित एवं सञ्चालित कुनै पनि संस्थासँग बिनाविद्वेषभावले आफ्नो क्षमताको प्रवर्धन गर्दै जाने सफलता प्राप्त गर्नु सुखद विषय बनेको छ ।

स्थापनाकालदेखि यताका वर्षहरूमा नइले नेपाली वाङ्मयका विशिष्ट व्यक्तित्वदेखि सिकारु सर्जक प्रतिभासम्मलाई पुरस्कृत, सम्मानित र प्रोत्साहित गर्दै आएको छ । पुरस्कार सम्मानका लागि व्यक्तित्वको चयनमा निष्पक्षता यसको एउटा विशिष्ट पक्ष हो भने त्यसप्रति अक्षयकोषका संस्थापकहरूको सन्तुष्टि अर्को थप महत्त्वको विषय हो । यी दुवै पक्षको सन्तुलन र समन्वय मिलाउने कार्यले नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको छवि नेपाली वाङ्मयमा प्रज्ज्वल बन्दै गएको छ ।

विगतका वर्षहरूमा नइद्वारा सञ्चालित विशेष धनराशिका सीताराम प्रज्ञापुरस्कार र भूपालमानसिंह कार्की प्रज्ञापुरस्कारजस्ता पुरस्कारहरूले निरन्तरता नपाउनुको अन्तर्कथा र व्यथालाई आफूभित्र समाहित गरेर नरेन्द्र र इन्दिराले त्यसभन्दा यताका दिनहरूमा नेपाली वाङ्मयप्रति निष्ठावान् व्यक्तित्वहरू खनूप्रुदे (रामबाबु प्रसाई), कीर्तिनिधि विष्टलगायतका शुभचिन्तकहरूको सद्भाव आर्जन गरेर आफूलाई अझ बढी गतिशील बनाउन गरेको प्रयत्नको यो पछिल्लो पाटो झन् विशेष प्रशंसनीय बन्न पुगेको छ । यसले 'न हि

कल्याणकृत् कश्चित् दुर्गतिं तात गच्छति' उक्ति चरितार्थ भएको अनुभव नेपाली बौद्धिक जगत्ले गरेको छ ।

नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईसँगको मेरो चिनाजानी नइ प्रकाशनको स्थापनाकालभन्दा पुरानो छ । यस अवधिबीचको मेरो अनुभव यी दुई प्रतिभाका बीचको नितान्त सन्तुलित सहकार्यले नै नइ प्रकाशनलाई आजको अवस्थासम्म आउन सम्भव भएको हो भन्ने रहेको छ । यी दुई प्रतिभाका बीच कतिपय कुरामा विपरीतधर्मिता हुँदाहुँदै पनि परिणाममा दुवैका बीचको सहकार्य नेपाली भाषासाहित्यको संवर्धनका निम्ति अनुकूल भइदियो । नरेन्द्र बोलीबचन र व्यवहारमा केही अनौपचारिक लाग्छन् । उनलाई खस्रो र टर्रो अनुभूति गर्नेहरू निकटवर्ती बन्दै जाँदा उनको निश्छल र स्वच्छ व्यवहारले क्रमश: आत्मीयतामा बाँधिन्छन् । इन्दिरा वाक्पटु र व्यवहारकुशल छिन् । नेपाली वाङ्मयमा यस प्रकारको संस्थागत रूपमा कार्यसम्पादन गर्ने युगल अहिलेसम्म मैले देखे, भेटेको छैन ।

नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको सहकार्य नइ प्रकाशनमा मात्र सीमित नरही त्रिमूर्ति निकेतनसम्म थप विस्तारित बनेको छ । नामले भिन्न भए पनि काममा नइ प्रकाशन र त्रिमूर्ति निकेतन परस्परका सम्बन्धित मात्र नभएर परिपूरक पनि लाग्छन् । समष्टिमा दुवै संस्थाको उद्देश्य नेपाली वाङ्मयको सेवा र समृद्धि हो । नेपाली साहित्यका तीन सर्वोच्च शिखर लेखनाथ पौडयाल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाका तीन सर्वाङ्ग प्रतिमूर्ति उभ्याएर नेपाली भाषासाहित्यको अर्चना आराधनाका लागि मन्दिरको निर्माण गर्ने नइको सत्प्रयास पनि एक उदाहरण नै बनेको हो । त्यस मन्दिरमा 'समको सुखान्त नाटचकारिता' शीर्षकको विद्यावारिधि शोधप्रबन्ध ग्रन्थद्वारा अर्चना गर्न पाउँदा मैले आफूलाई सन्तोष र गर्वको अनुभूति भएको र बालकृष्ण समजस्ता श्रद्धेय महान् स्रष्टाको नाममा स्थापित पुरस्कार र सम्मान त्रिमूर्ति निकेतनबाट पाउँदा गौरवानुभूति गरेको थिएँ ।

त्रिमूर्ति निकेतन नेपाली कलासाहित्यका अरू विशिष्ट साधकहरूको प्रतिमा स्थापनामा र ती प्रतिमासँग सम्बन्धित साधक, स्रष्टाहरूलाई सम्मानित गर्ने भूमिकामा अग्रणी बनेको छ । साहित्यमा त्रिनारी रत्नको अवधारणा र महान् कलाकार अरनिकोको प्रतिमाका साथै वानीरा गिरीको स्मृतिमा 'वानीरा फाउन्डेसन'को स्थापनाको सक्रिय भूमिकामा पनि नरेन्द्र र इन्दिराकै अग्रगामिता रहेको छ ।

नइ प्रकाशन र त्रिमूर्ति निकेतनको चर्चा गर्दा नेपाली वाङ्मयसेवी नरेन्द्र र इन्दिराका स्रष्टा र सम्पादक व्यक्तित्वको उल्लेख गर्नु प्रासङ्गिक हुन्छ । नरेन्द्र नेपाली निबन्धरचना र जीवनीलेखनका क्षेत्रमा अग्रणी प्रतिभा हुन् । उनी सम्पादन र गीतिरचनाका निम्ति त्यतिकै चर्चित छन् । नरेन्द्रले नछोएको साहित्यिक विधा आख्यान (कथा, उपन्यास)मा इन्दिराको अग्रगामिता उल्लेख्य छ र उनी निबन्ध, खण्डकाव्य, समीक्षाजस्ता विधागत रचनामा पनि त्यतिकै भावुक र खरो किसिमले उत्रिएकी प्रतिभा हुन् । म उनलाई र उनको सिर्जनालाई 'नारी' शब्दको विशेषणले जोड्नु अनुचित सम्झन्छु । उनी मात्र साहित्यिक प्रखर व्यक्तित्व हुन्, कतिपय अर्थमा पुरुषभन्दा अब्बल लेखनी भएकी स्रष्टा हुन् ।

नेपाली वाङ्मयजगत्मा संस्थागत स्थापना र व्यवस्थापनका अतिरिक्त साहित्यिक सिर्जना सम्पादनमा अहोरात्र प्रयत्नशील एवं ऊर्जाशील नइ युगल अरू गतिशील र फलदायी बन्न सकून् !

# सक्षम र भरपर्दो चौतारी

## धनकुटे कान्छा

'नइ रजत महोत्सव भएपछि यसको लेखाजोखासमेत गरिएको एउटा बृहत् ग्रन्थ प्रकाशित हुँदै छ र त्यस ग्रन्थका लागि केही लेख्नुहोस् है भाइ ।' युवराज नयाँघरे दाजुले मलाई सुझाउनुभयो । तर त्यसबारे सन्दर्भसामग्री आफूसँग नभएकाले म अलमलिएको थिएँ । फेरि उहाँले 'सामाजिक सञ्जालहरूबाट प्राप्त सामग्रीका आधारमा लेख्नुहोस् न' भन्नुभयो ।



कसैको बारे वा कुनै संस्थाका बारेमा नजिकबाट नभेटी र नबुझी लेख्नु बढो गाह्रो कुरा हो । त्यस्तोमा म त्यति लेख्न रुचाउँदिनँ पनि । साथै नइलाई बुझ्नका लागि भेटिरहन र निकटता भइरहन पनि आवश्यक छ जस्तो मलाई लागेन । किनभने नइ जे हो त्यो सार्वजनिक छ ।

फेरि जे हो त्यो लेख्न त्यति अप्ठचारो विषय पनि रहेन । देशमा सरकारले चलाएका संस्थाहरूभन्दा दर्बिलो रूपमा वाङ्मयको उत्थानका निम्ति नइको भूमिका उदाहरणीय छ । नइदम्पती आफू पनि स्रष्टा, द्रष्टा भएकाले र मन, वचन र कर्मले समर्पित भएकाले नइ एउटा मानक संस्थाका रूपमा स्थापित छ । नइ प्रकाशन नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको

परिकल्पनाद्वारा स्थापित र सञ्चालित भाषासाहित्य, कला, संस्कृति तथा राष्ट्र र राष्ट्रियता प्रवर्धनका लागि स्थापना भएको संस्था हो । यो कुरा मैले लामो समयदेखि पर बसेर नै बुझ्दै आएको छु ।

नइ प्रकाशन र यस संस्थाको साखका लागि नइदम्पतीको सोच, श्रम, समय, पुँजी र सिर्जनशीलताको भगीरथ लगानी भएको मैले देख्तै र सुन्दै आएको छु । नइ, नइ प्रकाशनका परिवार र त्यस वरिपरिका मनकारी र दानवीरकै कारण र प्रयासले यो संस्था अहिले मुलुककै गौरव र इज्जतको धरोहर भएको छ ।

नइ प्रकाशनले कमाएको ख्याति लोभलाग्दो छ । मूर्धन्य स्रष्टाहरूबाट पाएको साथ, सहयोग, प्रशस्तिका साथै देशविदेशबाट सर्जकहरूले देखाएको सदाशयता र आकर्षणबाट यो संस्थाको गरिमा अझ बढेको छ र यसको योगदानको आलोकले दिनप्रतिदिन आकर्षण दिइरहेको देख्न सकिन्छ । हो– साहित्य, कला, संस्कृतिको जगेर्ना र उत्थान गर्नका लागि समर्पण र रहरले मात्र पुग्दैन । त्यसका लागि त्याग नै चाहिन्छ र समुद्रझैँ निश्चल बगिरहन सक्नुपर्दछ । यसको ज्वलन्त उदाहरण नै नइ प्रकाशन हो ।

कुनै समय आफूलाई क्रान्तिकारी ठान्नेहरूले नइलाई राष्ट्रवादी र राजावादी भनेर आलोचना पनि गर्थे । तर हिजोका तिनै आलोचकहरू आज नइका प्रशंसक बन्नु र नइमार्फत प्रकाशनमा आउनु यो नइको अविश्रान्त कर्मको कमाइ हो । वास्तवमा नइ पहिले जहाँ थियो, अहिले पनि त्यहीँ नै छ । तर धेरै मान्छेलाई नइलाई चिन्न समय लागेको मात्र हो । कोही त चिन्नै नखोजेर नइ पखालेर हिँडेका पनि देखिन्छन् । सायद 'मुन्डमुन्ड बुद्धि, कुन्डकुन्ड पानी' भन्ने उखानको चरितार्थ पनि यही होला । कोहीकोहीले त नइको काम हेरेर नइको मूल्याङ्कन गरेको बुझिन्छ । साथै तिनै मान्छेबाट यसको नाउँमाथि टिप्पणी गरेको पनि सुनिन्छ । कतिसम्म भने नइ प्रकाशनलाई अझै पनि भन्नेहरू छन्– नइ किन हिन्दी शब्द राखेको

होला; नयाँ प्रकाशन भने त भइगयो नि !' नइप्रति केहीको सोच अझै यस्तै पनि छ । त्यसैले नइ नबुझी नइबारे नाना थरीका वादविवाद पनि सुन्नुपरेको हुन्छ ।

सरकारी स्तरबाट खुलेका प्रज्ञाप्रतिष्ठानहरूबाट हुन नसकेका या गर्न नसकिएका कामहरू नइ प्रकाशनबाट भइरहनु एक किसिमले सम्बन्धित संस्थाहरूलाई चुनौती वा हाँक पनि हो । त्यसैले हामी भन्न सक्छौँ– 'नइ आफैँमा सक्षम र भरपर्दो संस्था भएर राज्यले गर्ने काम पनि गरिरहेको छ ।'

राजधानीमा म त्यति लामो समय बसेको छैन । छोटो बसाइमा म बसैमा हिँड्थेँ । बसको झ्यालबाट नै मैले त्रिमूर्ति निकेतन वा देवकोटा, सम र पौडयालका पूर्ण कदका मूर्ति देखेको छु । यसका परिकल्पनाकार, संस्थापक र व्यवस्थापक नै नइ हुन् भन्ने पढेको छु ।

मूर्धन्य स्रष्टाको नामबाट हुलाक टिकट प्रकाशन गर्न सरकारलाई दबाब र सुझाव दिने कार्यमा नइलाई सधैँ अगाडि देखेको छु । नेपाल सरकारबाट माधव घिमिरेलाई राष्ट्रकवि र सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुषको उपाधि दिने कार्यमा नइ जोडीको नै योगदान छ । वाङ्मय शताब्दी पुरुषको मुहारअङ्कित नेपाल राष्ट्र बैङ्कले मुद्रा निष्कासन गर्नुको पछाडि नइ नै जोडिएको छ । यदि नइ नभए या नइले कदम नचालेको भए कोही वाङ्मय शताब्दी पुरुष हुन सक्थे र ?

नइले बोकेपछि नै चारैतिरबाट सत्यमोहन जोशीलाई बोक्न थालिएको सत्य कतै लुकेको छैन । यसै प्रसङ्गमा शताब्दी पुरुषको भाषण मैले युटचुबमा पनि सुनेको छु– 'नइ नभए म बाँच्ने अवस्थामा पनि थिइनँ । नइले शताब्दी पुरुष बनाएपछि सरकारले पनि औषधोपचार गरेर मलाई बचाउने काम गऱ्यो । नइले मलाई छोएपछि चारैतिरबाट मलाई सम्झन थालियो ।' त्यसै गरेर माधव घिमिरेबाट

नइप्रति कृतज्ञता ज्ञापन गरेको 'राष्ट्रकविको सय वर्ष' भन्ने कितापमा प्रा.राजेन्द्र सुवेदीको लेख मैले पढेको थिएँ– 'पहिलादेखि नै म भन्दै आएको छु– नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईबाट नेपाली साहित्य र स्रष्टाका निम्ति चमत्कारी कार्य हुँदै आइरहेको छ । मेरा लागि 'राष्ट्रकवि' नै किटेर सरकारसामु प्रस्तावित गरेको नइले नै हो । नइदम्पती कुनै काममा लागिसकेपछि त्यसलाई परिणाममा नपुऱ्याई छाड्दैनन् भन्ने उदाहरण त जगजाहेरै छँदै छ । राष्ट्रिय भावनाले रचिएको सिर्जना लेख्ने घिमिरे मात्र हुन् भनेर प्रसाईदम्पती एक पटक मात्र होइन पटकपटक 'राष्ट्रकवि' नै दिनुपर्छ भनेर जोड गरेर लागेका थिए र नै म 'राष्ट्रकवि' भएँ ।'

नरेन्द्रराज प्रसाई गीतिलेखन, जीवनीलेखन इतिहास, समालोचना, समीक्षा तथा खोज अनुसन्धानमा पोख्त हुनुहुन्छ । उहाँले नेपाली साहित्यका मूर्धन्य व्यक्तिव्यक्तित्वको अरूले नलेखेका र नदेखेका जीवनका पाटाहरूलाई समेत साङ्गोपाङ्गो खोज गरेर लेख्नुभएको छ ।

खरो, निर्भीक तथा इमानदार लेखनधर्मिता नरेन्द्रराज प्रसाईको परिचय हो । नेपाली भाषासाहित्य, कला, संस्कृतिको क्षेत्रमा अमर व्यक्तित्वको सम्पूर्णताको खोज गरेर प्रकाशन गर्न वर्षौं समय, श्रम, सोच, चिन्तन र पुँजीको लगानी गर्नु वाङ्मयप्रतिको त्यागलाई पुष्टि गर्ने आधार हुँदै हुन् । आफू लेख्ने र आफूलाई प्रकाश गर्ने सर्जक जोकोही हुन सक्छ । आफू लेखक र साहित्यकार हुनुमा जति गर्व हुन्छ तर अरूलाई प्रकाश गर्ने उहाँ स्वयम् एउटा दर्बिलो संस्था हुनुहुन्छ ।

इन्दिरा प्रसाई एक स्थापित कथाकार, उपन्यासकार, कवि स्रष्टा व्यक्तित्व हुनुहुन्छ । नइदम्पती नै नेपाली साहित्यका सुपरिचित र स्थापित स्रष्टा भएकाले पनि नइ प्रकाशनले वाङ्मयका क्षेत्रमा यो आकार र लोकमत जित्न सफल भएको हो । सिर्जनधर्मिता र मन

दुवै मिलेर नै नइ प्रकाशनको संस्था सरकारले स्थापना गरेको वाङ्मयका संस्थाभन्दा कतिपय कुराले अब्बल देखिन पुगेको छ । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई स्वयम्मा स्रष्टा, द्रष्टा हुनाले पनि यो नइ प्रकाशनको गरिमा मानक रूपमा दरिन पुगेको हो ।

नइले देश र विदेशभरिका पुराना र नयाँ स्रष्टाहरूलाई खोजीखोजी प्रोत्साहन गर्ने परम्परा बसाएको छ । स्रष्टाहरू देशका निधि हुन् भन्ने सरकारले गर्न नसकेका प्रोत्साहनका कार्यक्रमलाई सम्मानित र उदाहरणीय रूपमा निरन्तरता दिनु नइको स्तुत्य कार्य हो । नइ प्रकाशनका बारेमा पत्रपत्रिका तथा सामाजिक सञ्जालहरूमा लामो समयदेखि मैले पढ्दै र बुझ्दै आएको हुँ । तर म नइको दैलोमा पुग्न सकेको छैन् । अर्थात् नइसँग मेरो प्रत्यक्ष साक्षात्कार हुन सकेको छैन तर सामाजिक सञ्जालमार्फत हामी एकअर्कासित जोडिएका छौँ । हतारोको जिन्दगी र राजधानीबाहिर टाढाको बसाइले नइसँग भेट्न नसकेकोमा समय र समयको नियतिप्रति गुनासो छ; तर पनि सामाजिक सञ्जालमार्फत मनले भने नइसँग भेटेकै जस्तो मानिरहेकै छु ।

# शिष्टाचारको ऐना

## नगेन्द्र न्यौपाने

नइसँग मेरो सम्बन्ध पुरानो होइन । सामान्यतया: सम्बन्धित हुन र चिनजानका लागि कि त एउटै भेकको बासिन्दा हुनुपर्छ कि नातागोता नै हुनुपर्छ । नइ जोडी पूर्व नेपालको व्यक्ति, म मध्य नेपाल, गोरखाको मान्छे परेँ । त्यस कारण हामीबीच चिनजान हुने सन्दर्भ पनि त्यति थिएन । साथै राजनीति, आर्थिक, सामाजिक र सरकारी कारोबारबाट पनि हामीहरू नजिक हुन सकेका थिएनौँ ।



नइ जोडीसँग मेरो सम्बन्ध जुराइदियो एउटा साहित्यिक परिवेशले । उहाँहरू नेपाली भाषासाहित्य र कलामा समर्पित व्यक्ति हुनुहुन्छ भन्ने मलाई थाहा थियो । उहाँहरूको दिनचर्या लेखक र कलाकारसँग बित्छ भन्ने पनि मलाई जानकारी थियो । म पनि त्यही सम्बन्धित भएको हुँदा मलाई नइबारे थाहा नहुने पनि प्रश्न थिएन । यसै गरी हामीहरूबीच चिनजान भएको लगभग दस वर्षजति भयो । यसमा एउटा लेखकीय संयोग पनि जोडिएको छ ।

२०६८ सालको कुरो हो, मेरो 'दरबार बाहिरकी महारानी' किताप प्रकाशकले नइ प्रकाशनमा पनि दर्ता गरेका रहेछन् । त्यो

दर्ता गर्नुको कारण पुरस्कारका लागि रहेछ । तर मैले यो कुरो पुरस्कार पाइसकेपछि मात्र पत्रिकामार्फत थाहा पाएको थिएँ । विदेशमा रहेर पनि सृजनात्मक कामका लागि यो उपन्यासले २०६९ सालको 'नइ गणेशदुर्गा पुरस्कार' प्राप्त गरेको रहेछ । यो पुरस्कार मैले पाउने भएपछि मैले खुसी व्यक्त गरेँ । तर दुर्भाग्य के भइदियो भने नइ प्रकाशनले आयोजना गरेको पुरस्कार प्रदान गरिने कार्यक्रममा म सामेल हुन सक्ने स्थिति भएन । पहिलो कुरो विदेशको ठाउँ, दोस्रो त्यति टाढा जानुपर्ने र अमेरिकाबाट हत्तपत्त गइहाल्ने र आइहाल्ने त्यस समय मैले मौका पनि पाउन सकिनँ । तर त्यसको अर्को वर्ष म नेपाल गएँ । त्यसै मौकामा मैले नइदम्पतीलाई भेट्न जान समय मिलाएँ र उहाँहरूले मलाई दिउँसोको समय दिनुभएको थियो ।

काठमाडौँ सहरको सुन्दर टोलहरूमध्येको घट्टेकुलो पनि एक रहेछ । सुरुदेखि नै मलाई यो टोल अति मोहक लाग्ने गर्थ्यो । साँघुरो सडक भए पनि शान्त वातावरण त्यस ठाउँको विशेषता मानिन्छ । नरेन्द्रराज प्रसाईले बताउनुभएअनुसार नै म अनामनगरबाट भित्र पसेँ । पहिला घट्टेकुलोमा प्रायः सानातिना घरहरू मात्र थिए । पछि त त्यहाँ अग्लाअग्ला घरहरू बनिसकेका रहेछन् । तर त्यो ठाउँ सफा र सुरक्षित वातावरण नै रहेको मैले पाएँ ।

घट्टेकुलोभित्र म पसेँ, नइको घर पत्ता लगाउन मलाई खासै अप्ठ्यारो परेन पनि । म सरासर नइको घरभित्र पसेँ । आँगनदेखि नै कितापहरूको चाङ देखेपछि लाग्थ्यो– 'यस्तो पो सभ्यता र यस्तो पो पुरुषार्थ ! यस्तो व्यक्तिसँग पो हिमचिम बढाउन मजा आउँछ ।' नेपाली भाषासाहित्यप्रति नइले देखाएको समर्पणप्रति मेरो उत्साह बढ्नु स्वाभाविक नै भयो । धेरै साहित्यकार र स्रष्टासँग मेरो सरसङ्गत थियो र छ पनि । म उहाँहरूसँग आउने जाने

गरिरहेकै पनि हुन्छु । मैले यस्ता साहित्यकार पनि भेटेको छु, जो विभिन्न ब्रान्डका रक्सी पिएको फोटो राखेर आफू अगाडि बढ्न चाहन्छन् । मैले यस्ता स्रष्टाहरू पनि भेटेको छु, जो आफ्नो रचना आफैँ विलाप गर्दै हिँड्छन् । तर जब मेरो नजर नइ भवनको भित्ता र दराजमा परे तब मैले थाहा पाएँ– 'नइ आफैँ ज्ञानको भण्डार हुन् भने दोस्रो व्यक्तिको ज्ञानको भण्डार पनि बाहिर ल्याउन नइ तयार छन् ।' नइ आफूहरू मात्र परिचित हुन चाहना नराख्ने तथ्य नइका घरमा पसेपछि मेरो मनको डायरीले लेखिसकेको थियो । नइसँग एकैछिन बसेपछि मलाई लाग्यो– 'बुद्धिजीवी र पढेलेखेको व्यक्तिको सम्मान गर्ने कला त नइसित सिक्नुपर्ने रहेछ । नइबाट समाजलाई शिष्टाचार कसरी गर्नुपर्ने हुन्छ भन्ने ऐना देखाइँदो रहेछ ।'

पछिपछि पनि म नइबारे चासो राख्तै जान थालेँ । नइ प्रकाशन भनेको इतिहासलाई जीवन्त राख्न चाहने संस्था भन्ने पनि मैले चाल पाउँदै जान थालेँ । हरेक घटनालाई सम्झनलायक बनाउने नइको खुबी रहेछ । एकातिर म छुटेको पुरस्कार लिन नेपाल गएको थिएँ । अर्कातिर नइ गणेशदुर्गा पुरस्कार लिन म नइकै निवासमा पुगेको थिएँ । मैले सोचेको थिएँ, पुरस्कार लिनेदिने कार्य सामान्य रूपमा नै हुन्छ । कुनै रमझमबिना नै टुङ्गिन्छ तर नइ प्रकाशनले त मेरा लागि विशेष एउटा कार्यक्रमको आयोजना नै गरेको रहेछ । मैले पुरस्कार पाएको फोटो खिच्ने क्यामेरा र मेचसमेत घरको छतमा तयार भइसकेको रहेछ । मलाई पुरस्कार प्रदान गर्न प्रमुख अतिथिका रूपमा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा.उषा ठाकुर आउनुभएको रहेछ । म नइनिवास पुग्दा अन्य सहयात्रीहरू आउने क्रम पनि जारी नै थियो । मैले त्यसै समयमा नरेन्द्रराज प्रसाईलाई सोधिहालेँ– 'किन त यस्तो कार्यक्रमको आयोजना नै गर्नुभयो नि ?' उहाँले केही गम्भीर भएर मलाई उत्तर

दिनुभएको थियो– 'तपाईं विदेशमा बसेर नेपाली साहित्यको उन्नयनका लागि लागिरहनुभएको छ । अनि नेपालमा तपाईंलाई सायद धेरैले चिन्दैनन् जस्तो हामीलाई लाग्यो । नेपालमा पनि तपाईंलाई अझ बढी परिचित गराइदिनु पनि हाम्रो कर्तव्य हो ।' उहाँको उत्तरले मलाई भावुक बनायो, म खुसी भएँ । त्यो कार्यक्रम सकिएपछि कतिले मलाई चिन्ने मौका पाए र कतिको नजरमा म साहित्यकार भनेर पनि देखिएँ । तर नइसँगको मेरो औपचारिक परिचय त्यही कार्यक्रमबाट सुरु भएको थियो ।

# नेपाली साहित्यको राजमार्ग

**नवराज पहाडी**

आजको एक्काइसौँ शताब्दीमा पनि नेपालमा सत्ता हाँक्नेहरूको दिल दिमाग साहित्य भनेको अनुत्पादक विषयवस्तु हो भन्ने चिन्तनबाट ग्रस्त रहेको पाइन्छ । विकास भनेको केवल भौतिक निर्माण मात्र हो, जहाँको बजेटमा लामो हात गर्न र भ्रष्टाचारमा डुब्नसमेत सहज हुन्छ भन्ने मान्यतालाई मात्र मान्ने प्रचलन प्रतिदिन बढ्दो छ ।



साहित्यलाई धेरैले समाजको दर्पण हो भन्ने गर्दछन् तर यो पङ्क्तिकारलाई भने साहित्य (वाङ्मय) मानिस एवं समाजलाई सभ्य, सुसंस्कृत, इमानदार एवं अनुशासित बनाउने मूल कडी हो भन्ने लाग्छ । यस्तो विषयवस्तुको पक्षपोषण या विकासका लागि संस्थागत रूपमा समग्र वाङ्मयको श्रीवृद्धिको दीर्घकालीन सोच, चिन्तन एवं योजनाका साथ 'नइ प्रकाशन' (नइ)को जन्म हुनु आफैँमा गर्वको विषय थियो, छ र भोलिका दिनमा थप सिद्ध हुँदै जानेछ । जुन कार्यको नेतृत्व नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईदम्पतीबाट स्थापनाकालदेखि हुँदै आएको हो, हुँदै छ र यो संस्थाले रजत महोत्सवजस्तो महान् पर्व मनाइसकेको पनि छ ।

त्यसो त यो बीचमा पनि नइजस्ता धेरै संस्थाहरू मुलुकमा नजन्मिएका होइनन् । तर ती कति अस्तित्वमा छन् ? र घोषित उद्देश्यअनुरूप सार्थक काम गर्न सफल छन् ? भन्ने मूल प्रश्न हो । त्यस्ता कति संस्थाले वार्षिकोत्सव नै मनाउँदैनन् भने अधिकांशले दुईतीन, पाँचसात वर्ष नकाट्दै मृत्युवरण गरिसकेका हुन्छन् । नेपालमा सरकारी संरक्षण नपाएर पनि पच्चिस वर्ष नाघ्ने क्षमता राख्ने साहित्यिक संस्था बिरलै भेटिन्छन् । यस अर्थमा नइ प्रकाशन नेपाली वाङ्मयप्रेमीका लागि गर्व गर्नलायकको अभिभावक संस्था हुन गएको छ । जसलाई 'नेपाली भाषासाहित्यको राजमार्ग'को संज्ञा दिँदा पनि कम हुन्छ ।

उमेर त धेरैले खान्छन् नै ! मान्छेहरू पनि प्राय: उमेर खाएरै मर्ने धेरै देखिन्छन् तर तिनमा मरेपछि पनि बाँचेका कति हुन्छन् ? त्यस्तै, साहित्यिक संस्था पनि धेरैले त पच्चिस वर्षको उमेर नै देख्न सक्दैनन् । कतिले देखे पनि नइ प्रकाशनको जस्तो सार्थक जीवन जिउने क्षमता राख्दैनन् । यस अर्थमा पनि नइ प्रकाशन नेपाली वाङ्मयको महाअभियान हो । जसरी 'राजमार्ग'बाट देशदेशावरको विचरण आफ्नो क्षमताअनुसार गर्न सकिन्छ, त्यसरी नै नइबाट नेपाली साहित्य, कला, संस्कृतिका अतिरिक्त चौतर्फी दिशामा विचरण गर्न सकिन्छ ।

नइका बारेमा यो पङ्क्तिकारले लमजुङमै छँदा सुन्ने र पढ्ने मौका पाएको हो तर साक्षात्कार गर्ने मौका भने सशस्त्र द्वन्द्वकालमा विस्थापित भएर काठमाडौँमा बस्दा मात्र मिलेको हो । त्यो बेलामा नइ प्रकाशनका कार्यक्रममा म बिरलै छुट्थेँ । नइका कार्यक्रम वा कार्यालयमा पुगेपछि केही न केही समाचार पाइन्छ भन्ने लोभले पनि मलाई तानेर त्यहाँ पुऱ्याउँथ्यो । समयसमयमा नइको कार्यालयमै गएर नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको आशीर्वाद लिने र उहाँहरूका कार्ययोजनाका बारेमा जानकारी लिने अवसरको उपयोग मैले पनि

गरेँ । नइको कार्यालयमा पुगेर उहाँहरूको साहित्यसँगै राष्ट्रियताप्रतिको चिन्तन, लगाव अनि क्रियाशीलताका साथ आत्मीयताको स्पर्श तथा संस्थाका गतिविधिसँग परिचित हुन पाउँदा नयाँ ऊर्जाको सञ्चार यो पङ्क्तिकारलाई हुने गर्दथ्यो, गर्छ । पछि म फेरि लमजुङ फर्किएँ तर पनि उहाँहरूको आशीर्वाद र सामीप्यताबाट टाढा भएँ, गएको अनुभूति भएको छैन ।

संस्कृतिविद् सत्यमोहन जोशीलाई शताब्दी पुरुष घोषणा कार्यक्रममा यो पङ्क्तिकारलाई पनि सम्झिएर जोशीका नाउँमा स्थापित 'सत्यमोहन जोशी शताब्दी महोत्सव– २०७३' पदकका लागि मलाई पनि योग्य ठान्दिनु भएर सम्मान दिनुभएपछि त त्यो साइनो मसँग झनै प्रगाढ भएर रहेको छ ।

पेसाले पत्रकार हुनुका साथमा साहित्य, संस्कृतिकर्मी पनि भएका नाताले मैले नइ प्रकाशनसँगै त्रिमूर्ति निकेतनलाई पनि नजिकबाट नियाल्ने मौका पाएँ । यो बीचमा साहित्यकार ललिता दोषीसँग पनि मेरो चिनापर्ची भयो । उहाँबाट पनि ती संस्थाका गतिविधिहरू जान्न मलाई थप सहज हुन गयो ।

अध्ययनको क्रममा नइ मुलुकको दोस्रो नेपाल प्रज्ञाप्रतिष्ठानको उचाइ चुम्न सफल भएको यो पङ्क्तिकारले ठम्यायो । नेपाली साहित्यको श्रीवृद्धिका लागि यस्तो दीर्घकालीन चिन्तन, सोच र योजना बनाएर अघि बढ्नुहुने नइ प्रकाशनको जन्मदाता नइदम्पतीको प्रशंसा गर्ने शब्द नै यो पङ्क्तिकारले शब्दकोशमा पाउन सकेको छैन ।

अर्को गर्व लाग्ने विषय के पनि छ भने 'नइ'लाई 'नइ'को रूपमा विकास गर्नमा अन्य केही मनकारी दानवीर महानुभावहरूको पनि उत्तिकै योगदान रहेको पाइन्छ । उहाँहरू पनि नइदम्पतीजत्तिकै पूज्य हुनुहुन्छ । नइमा आजका दिनमा कुल दुई करोड पचास लाख रुपियाँको अक्षयकोष खडा भएको छ । यो कार्य कम दुरूह र पूज्य

छैन । यस अर्थमा पनि नइ प्रकाशन साच्चिकै नेपाली भाषासाहित्य, कला, संस्कृतिको राजमार्ग बन्न सफल भएको हो भन्ने मलाई लाग्छ ।

नइ प्रकाशनमा अक्षयकोष निर्माण गर्नका लागि दानवीर तथा प्रजातन्त्रवादी नेता खनूप्रुदे 'रामबाबू' प्रसाईले आफू जीवित छँदै पचासी लाख रुपियाँ प्रदान गरेर नेपाली वाङ्मयलाई ठूलो गुन लगाउनुभएको छ । उहाँको यस्तो अतिभन्दा अति प्रशंसनीय कार्यको यो देशका अन्य नेताहरूले पनि अनुसरण गरिदिएको भए आज नेपाली भाषासाहित्य तथा संस्कृतिको स्थान सगरमाथाजस्तै धेरै उँचो हुने थियो । त्यसमा नेताहरूले समेत गर्वित हुने मौका पाउने थिए । तर दुर्भाग्य भनौँ, त्यसका लागि अझै धेरै दिन पर्खिनुपर्ने स्थिति छ । यसै गरी राष्ट्रवादी राजनेता एवं पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्टबाट तीस लाख रुपियाँ र अन्य दानवीरहरूबाट दानस्वरूप प्राप्त रकमबाट नइ प्रकाशनमा अक्षयकोषको स्थापना भएको छ ।

यसरी अक्षयकोषमा यतिका धेरै रकम जुटाउने वातावरण तयार गर्नका लागि पनि सानो लगन, योजना र मिहेनतले पुग्दैन । अन्यथा, यस्तो दुरूह कार्य अन्यले पनि गर्ने थिए सायद ! किनकि, यति बेला नइले जे गरिरहेको छ, उसको कार्यबाट नलोभिने कोही छैन अनि ईर्ष्याले भुतुक्क हुने पनि उत्तिकै भेटिन्छन् । त्यसलाई कोही व्यक्त गर्दछन्, कोही गर्दैनन्, त्यो फरक विषय हो । कसैले कसैको डाह वा आलोचना गरिरहँदा उसको भन्दा राम्रो काम गरेपछि मात्र गर्नुपर्छ वा त्यस्तो काम गरी प्रतिष्ठा तथा हैसियतवाला बनेको मान्छेलाई मात्र कुरा काट्ने अधिकार छ र रहन्छ भन्ने यो पङ्क्तिकारको धारणा छ । उपलब्धिका नाउँमा आफू भने ढलेको सिन्को उठाएर दुईवटा बनाउन नसक्नेहरूले गर्ने आलोचनाले काम गर्नेहरूको रौँ पनि हल्लिन्न भन्ने यो पङ्क्तिकारको ठम्याइँ छ । किनकि, बजारमा हात्ती सवार हुँदा भुक्ने कुकुर दर्जनौँ देखिन्छन् तर भुक्नेहरू कसैको पर्बाह नगरी हात्ती आफ्नो गन्तव्यतर्फ लम्किरहन्छ । त्यसरी नै

नेपालको साहित्यिक फाँटमा नइको यात्रा पनि जारी रहेको देखिन्छ र रहनेछ । हुन त आलोचकहरूको आलोचना प्रगतिका लागि पाइला चल्ने भऱ्याङका खुड्किला बन्छन् भन्ने पनि लोकोक्ति छ । जो नइको दैनिकीमा पनि प्रतिबिम्बित भएको पाइन्छ ।

हामी नेपालीहरूको परम्परागत संस्कारमा पनि केही खराबी रहेको हो कि भन्ने पनि लाग्छ । सायद हामीले सानोमा 'राम्रो म' भनेर पढ्यौँ, त्यस्तै सिकाइयो, अझै सिकाइँदै छ र आफूबाहेक दोस्रोलाई राम्रो देख्नै सक्दैनौँ हामी । यदि अर्कालाई राम्रै देखिहाल्यौँ भने पनि आत्माले देखेको वा अनुभूति गरेको विषय मुखले सभ्य र सुसंस्कृत शब्दमा व्यक्त नै गर्दैनौँ । आआफ्ना घरमै पनि प्राय: सबैका श्रीमतीले निकै कष्ट उठाइरहेका हुन्छन् घरपरिवारलाई सफा, सभ्य एवं सुसंस्कृत बनाउनका लागि तर उनले घरलाई स्वर्गसमान बनाउन राम्रो गरेको बारेमा तारिफ गर्ने हामी कति जना लोग्नेमान्छे छौँ होला ? या भनौँ, रातबेरात खटेर घरपरिवार चलाउनुका साथै परिवारको इज्जत र गरिमा बढाउन कमाउने लोग्नेले गरेको दु:खलाई अनुभूति गरेर लोग्नेप्रति कृतज्ञ हुने, आभार व्यक्त गर्ने कति जना श्रीमती छन् हाम्रो समाजमा ? अनुभूति गर्ने सायद धेरै होलान् तर त्यसलाई शब्दमा त्यो भावना व्यक्त गर्ने बानी अर्थात् संस्कार संस्कृति नै बस्न सकेन हाम्रो समाजमा । सायद यही कारण हुन सक्छ मानिसले नइबाट भए गरेका कार्यमा जेजति प्रशस्ति बोल्नु, लेख्नुपर्ने हो त्यो गरेको पाइँदैन ।

हाम्रो देशमा राजनीतिक परिवर्तन त छोटो समयमा पनि धेरै भयो । २००३ सालपछिकै अवधि मात्र हेर्ने हो भने पनि करिब पचहत्तर वर्षमै राणा शासनबाट प्रजातान्त्रिक काल, पञ्चायतकाल त्यसपछिको बहुदलकाल, सशस्त्र द्वन्द्वकाल त्यसले निम्त्याएको सङ्कटकाल र राजाको प्रत्यक्ष शासनकाल अनि हालको धर्मनिरपेक्षतासहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक काल ।

तर सभ्यता र संस्कारतर्फ हेर्ने हो भने हिजोभन्दा आज र आजभन्दा भोलिका दिनमा झन्झन् गरिबीपना बढ्दो छ नेपालका सर्वसाधारणको आर्थिक स्थितिजस्तै । मुलुकमा सुशासन, इमानदारिता, अनुशासन तथा कर्तव्य पालनाको प्रत्याभूति हुन नसक्दा भए गरेका परिवर्तनहरू सबै सम्भ्रान्त वर्गका लागि मात्र रहेछ भन्ने भान हुन थालेको छ । नेपालको साहित्यिक र सांस्कृतिक आन्दोलन पनि त्यस्तो प्रवृत्तिबाट अछुतो छैन । तर यस्तो अन्योलपूर्ण स्थितिमा पनि नइ प्रकाशनले आफ्नो भिन्न पहिचान दिन सफल छ । जो नइदम्पतीकै कुशल नेतृत्व क्षमताले सम्भव भएको हो ।

नेपालमा बहुदलीय प्रजातन्त्र आएपछि पनि असल संस्कार संस्कृति, नैतिक मूल्यमान्यताको अभिवृद्धि होला भन्ने आशा र विश्वास मृगतृष्णामा परिणत हुँदै छ र मुलुकको अवस्था प्रतिदिन खस्कँदो छ । त्योबाहेक हिजोआज कुनै एक राजनीतिक दलको पुच्छर समात्ने काम गरेन भने मानिसले आफ्नो प्रतिभा देखाउने वा कुनै राम्रो काम गरेमा पनि पुरस्कार, सम्मान पाउने सम्भावना शून्य हुँदै गएको छ । त्यस स्थितिलाई नइले चुनौती दिँदै फरक मार्ग अपनाएको छ र व्यवहारमै त्यसको प्रयोग गरिआएको छ ।

मुलुकको यस्तो दयनीय वातावरणको श्रीगणेश या बीजारोपण २०५१ सालमा नै भएको हो । त्यही विषवृक्षको फलले आजको नेपालको सर्वत्र क्षेत्र विषमय बनिरहेको छ । त्यो विकृतिको सिकार नेपाली भाषासाहित्य, संस्कृति पनि हुँदै आएको छ । राजनीतिक दलहरूले आफ्नो कार्यकर्ताहरूलाई बाहेक अन्यलाई राम्रो मान्छे देख्नै नसक्ने स्थिति बन्दै र बढ्दै गएको छ । साहित्यमा लाग्नेहरू तथा आफूलाई महान् राष्ट्रवादी भन्ठान्नेहरूले समेत पश्चिमाहरूको भाषा, संस्कृति या पोसाकको समेत नक्कल गरेर ‘म ठूलो मान्छे भएँ’ भन्ने ठान्ने प्रवृत्तिको विकास हुन आएको छ नेपाली समाजमा । हामी नेपाली भएर पनि आफ्नो अर्थात् नेपालपन अर्थात् भाषा,

संस्कृति तथा पोसाकमा रमाउँदै आत्मगौरव बोध गर्न सकेका छैनौँ । प्रस्ट शब्दमा भन्नुपर्दा घाँटीमा टाई नामको पासो नकस्दासम्म अनि कुनै सिर्जनामा आधा अङ्ग्रेजी भाषा मिसाएर लेखेन भने आजका मान्छेले आफूलाई ठूलो सामाजिक, साहित्यिक वा राजनीतिक व्यक्ति भएको नठान्ने गरिबीपूर्ण सोच र चिन्तनबाट ग्रस्त छौँ हामी । यस्ता गलत सोच वा प्रवृत्तिबाट नेपाली समाजलाई जोगाउनका लागि पनि साहित्य र लोकसंस्कृतिको उत्थान अपरिहार्य छ । जुन कार्य नइबाट हुँदै आएको छ ।

राजमार्ग मुलुकको विकासको मेरुदण्ड भएजस्तै नइ पनि नेपाली साहित्यको मेरुदण्डको रूपमा क्रियाशील रहँदै आएको पाउँदा आफ्ना निजी वा राष्ट्रिय दुःखको सागरमा डुब्दा पनि मलाई हर्षको अनुभूति हुने गरेको छ ।

प्रकृतिले सृष्टिकालदेखि नै बत्तीमुनि अँध्यारो हुने परम्परा बसाएको छ । नइ राजमार्ग हुँदाहुँदै पनि यसको कार्यशैलीमा पनि कहिलेकाहीँ कमजोरी खड्किएझैँ प्रतीत हुन्छ । सहरबजार र सुविधायुक्त स्थलमा जस्तो दूरदराजका क्षेत्रमा काम गर्न सहज पक्कै हुँदैन । नइको नजर यस प्रकारका त्यस्ता दूरदराजका क्षेत्रमा भने अलिक पुग्न नसकेको हो कि ? भन्ने यदाकदा खड्किने गरेको अनुभूति हुन्छ । अन्यथा, अन्य कमी कमजोरी केही देखिँदैन ।

त्रिमूर्ति निकेतनको स्थापना, कविवर माधव घिमिरेलाई ‘राष्ट्रकवि’, संस्कृतिविद् सत्यमोहन जोशीलाई ‘शताब्दी पुरुष’ घोषणा गर्ने कार्यमा नइको विशेष भूमिका रहेको बिर्सन मिल्दैन । यो कार्य हेर्दा वाङ्मयका क्षेत्रमा नइको योगदान पछि छ भन्न अप्ठेरो छ तर मौलिक लोकसंस्कृति प्रवर्धनका लागि गरेका काममा थप ध्यान दिनुपर्ने देखिन्छ । नेपाली पन बचाउने भनेकै मौलिक संस्कृतिले हो, यति बेला पश्चिमा शैलीको सांस्कृतिक विषाक्तताले नेपालको समस्त क्षेत्र विषाक्त भएको छ र त्यसलाई बचाउने चुनौती

अभियन्ताहरूका बीचमा सगरमाथाझैँ खडा भएको छ । त्यो चुनौती नइका लागि पनि हो भन्ने यो पङ्क्तिकारको बुझाइ छ ।

सिद्धार्थ गौतम जसले आफ्नो तपस्याका बलले बुद्धत्व प्राप्त गरेर 'बुद्ध' नाममा सिद्धि प्राप्त गरी संसारलाई शान्तिको मार्गमा हिँड्न उत्प्रेरित गरी 'भगवान'को उपमामा समेत चिनिने गरिएको छ, बुद्धको पनि कमजोरी खोज्ने हो भने पाइन्छ । बाल अधिकार र महिला अधिकारका दृष्टिले हेर्ने हो भने सिद्धार्थ गौतमले नाबालक सुपुत्र र तरुनी स्वास्नीलाई दरबारमा एक्लै छाडेर हिँड्नु पक्कै शोभनीय विषय मान्न सकिँदैन तर त्यो बुद्धले प्राप्त गरेको ज्ञानका सामु गौण बनेको छ । त्यस्तै, त्यस्ता केही त्रुटि नइसँग भएको भए पनि ती क्षमाशील छन् । धार्मिक क्षेत्रमा बुद्धको जुन गरिमा, इज्जत अनि सम्मान छ; नेपाली साहित्यिक फाँटमा नइको पनि उही स्थान छ र राजमार्गका रूपमा यो पृथ्वी अनि यहाँ मानवसमाज रहँदासम्म विश्वभर फैलिरहनेछ निरन्तर, निरन्तर र निरन्तर !

# भरोसाको धाम

## नारा जोशी

मेरो रेडियो सुन्ने बानी थियो । पढ्न नपाएका विषयहरू पनि रेडियोबाट सुन्न सकिन्थ्यो । जब मलाई पुस्तकसँग नजिक हुने समय जुऱ्यो तबदेखि रेडियो मेरो साथी बन्यो । बरु वर्तमानमा रेडियोको स्थान मोबाइल, टिभी आदि सञ्चार माध्यमहरूले लिन पुगेको छ । त्यति बेला रेडियोको माध्यमबाट नयाँनयाँ विषयवस्तुको



जानकारी प्राप्त हुने हुँदा आफू काम गरिरहँदा पनि रेडियोको आवाज घन्किरहन्थ्यो । त्यति बेला यो हाम्रो समयको दिनचर्या थियो ।

जाडोको मौसम थियो । भान्सामा काम गर्दा बिहानको समय रेडियो कान्तिपुरबाट हेम सुवेदीको मीठो आवाजमा मैले अम्बालिकादेवीको जीवनी सुन्ने मौका पाएँ । २०६६ साल मङ्सिर २३ गते आइतबार मेरो मनमा एक प्रकारको उत्साह जाग्यो, नारीको यस्तो महिमा सुनेर । यो वाचन सिद्धिएपछि सुवेदीले नै यो 'नारीचुली' पुस्तकबाट सम्प्रेषण गरिएको हो; नारीचुलीका लेखक नरेन्द्रराज प्रसाई, प्रकाशक नइ प्रकाशन, पोस्ट बक्स नम्बर र फोन नम्बर भनी सक्दा भ्याउँदा मैले पनि टिपिसकेकी थिएँ । अनि नारीचुलीका

विषयमा मेरो मनमा खुलदुली चलिरह्यो । मलाई यो पुस्तक पढ्ने हुटीहुटी जाग्यो । अनि रेडियो कान्तिपुरको बिहानका कार्यक्रम छुटाउन मन लागेन र मैले निरन्तर सुन्ने गरेँ ।

एक दिन मेरी छोरी ज्योतिसँग 'नारीचुली' पढ्न मन थियो भन्ने जिज्ञासा राख्दा उनले भनिन्– 'ल त्यो कति ठूलो विषय हो र हजुर ठेगाना दिनुहोस्, म ल्याइदिन्छु ।' ज्योतिका सकारात्मक कुरा सुनेपछि मलाई साह्रै खुसी लाग्यो । मैले उपरोक्त ठेगाना पठाएँ । उसले केही दिनमा त्यो ५३५ पृष्ठको 'नारीचुली' अमूल्य ग्रन्थका साथै अन्य पाँचछवटा पुस्तक उपहारस्वरूप नइ प्रकाशन काठमाडौँबाट प्राप्त गरेर महेन्द्रनगरमा मलाई पठाइदिइन् । नारीचुलीसँग अन्य पुस्तक पनि पाउँदा म पुलकित भएँ । यो पुस्तकमा बाउन्न जना नारीस्रष्टाको तस्बिरसहित विस्तृत जीवनी प्रकाशन गरिएको थियो भने २०१७ सालसम्म जन्मिएका एक सय सत्र जना नारीस्रष्टाको र एक कृति प्रकाशन गरेका नारीलाई समावेश गरिएको रहेछ । यसरी नै भारतमा जन्मिएर नेपाली भाषाको श्रीवृद्धिमा सँगै जुटेका एक मात्र कृति प्रकाशन गर्ने सत्ताइस जना स्रष्टासँग जन्ममिति र जन्मस्थान नखुलेका नेपाली भाषासाहित्यको क्षेत्रमा कलम चलाएका सत्र जना कृतिकार र कृतिको नाम उल्लेख गरिएको 'नारीचुली'मा मैले भेटेँ । यो ग्रन्थ दुई सय जना नारी स्रष्टाको इतिहास बोकेको अमूल्य एवं अतुलनीय ग्रन्थका रूपमा प्रस्तुत गरिएको मैले पाएँ । 'नारीचुली' नारीस्रष्टाको अद्वितीय अभिलेख रहेछ । यो कृतिलाई जसले अध्ययन गर्ने अवसर पाएको छ, उसले यसको ओज एवं गरिमालाई बुझ्नेछ ।

लेखक नरेन्द्रराज प्रसाईका अन्य थुप्रै कृतिहरू प्रकाशन भइसकेका छन् । सबै कृतिहरू जीवनी एवं आत्मवृत्तान्त नै छन् जस्तो मेरो बुझाइ छ । तर अरू सबै कृतिहरू एकातिर र नारीचुली अर्कातिर हुँदा नारीचुलीकै उचाइ बढी हुन्छ जस्तो मेरो अल्पबुद्धिको

बुझाइ रहेको छ । यस ग्रन्थमा लेखकको मिहेनत, अनुसन्धान, खोज समयको महत्त्वपूर्ण स्थान छ । संवत् १८५० मा जन्मिएकी ललितत्रिपुरसुन्दरीदेखि २०१६ सालमा जन्मिएकी सीता पाण्डेसम्मलाई समेट्न सक्नु भनेको चानचुने कुरा होइन । यो साधारण लेखकको मस्तिष्कको परिकल्पना नै होइन भन्ने मलाई लागेको छ । यो नारीस्रष्टाहरूको उच्च सम्मान एवं मर्यादित मूल्याङ्कनलाई वर्तमानले पनि नमन गरेको छ । यो कृतिबाट भविष्यका पाठक पनि नतमस्तक हुनेछन् । यो कलमवीरको अदम्य साहस, निरन्तर खोजी गरिरहने बानी एवं सधैँ नारीस्रष्टाको चिन्तन गर्ने महत्त्वपूर्ण इच्छाशक्तिको प्रतिफलस्वरूप प्रकाशित भएको ग्रन्थ हो ।

२०५२ सालमा स्थापना भएको नइ प्रकाशनले वर्तमान समयसम्म आइपुग्दा यस्तै धेरै महत्त्वपूर्ण पुस्तक प्रकाशन गर्नुका साथै लुकेर हराइरहेको नेपाली साहित्यका अनुरागी एवं स्रष्टाहरूलाई एक छातामुनि आबद्ध गरेको विषय नेपाली भाषासाहित्यका अध्येतामाझ घामजत्तिको छर्लङ्ग छ । अझ नारी हस्ताक्षरको हकमा त नइको अविस्मरणीय योगदान छ । 'नारीचुली'ले जति नारी गरिमालाई उच्च स्थानमा पुऱ्याएको छ त्यत्तिकै २०७१ साल जेठ १५, १६ र १७ गते नेपालको राजधानी काठमाडौँमा सम्पन्न 'विश्वनारी नेपाली साहित्य सम्मेलन' ले गरेको छ । यस सम्मेलनको अध्यक्षता प्रा.डा.गार्गी शर्माले गर्नुभएको थियो । यो कार्यक्रममा नेपालका चौध अञ्चलका प्राय: सम्पूर्ण जिल्लाको प्रतिनिधित्व थियो । नेपालबाहिरका भारत, म्यान्मा, चीन, भियतनाम, जापान, इजरायल, फ्रान्स, जर्मनी, बेलायत, अमेरिका, क्यानडा, अस्ट्रेलिया, अफ्रिका आदि देशमा रहेका नारीस्रष्टाहरू पनि उपस्थित थिए । यो भव्य एवं सभ्य कार्यक्रममा डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्वनारी रत्न'को उपाधि प्रदान गरिएको थियो । साथै डा.गिरीको

रथारोहण गरी सभाहलमा प्रवेश गराउँदा नरेन्द्रराज प्रसाईले आफ्नो पिठ्यूँमा बोकी सम्मान स्थलमा पुऱ्याउँदाको दृश्य एकदम उल्लासमय भएको थियो । झन्नै पाँच सय जनाजति साहित्यकार नारीको उपस्थितिमा करतल ध्वनिले हल गुञ्जायमान भएको थियो । त्यति बेलाको हलको दृश्य साक्षात् नारीरत्नको उपस्थितिमा साँच्चिकै सरस्वतीको साक्षात्कारको अनुभूति थियो । त्यो पल प्रत्येक उपस्थित साहित्यसाधकका लागि जीवनको पहिलो एवं अद्‌भुत दृश्य थियो । त्यो समय नेपाल राष्ट्रकै गरिमालाई स्वर्णिम अक्षरमा अङ्कित गरेको समय हो जस्तो मभित्र अनुभूति रहेको छ । त्यो विशाल कार्यक्रम नारीका लागि नेपालमा प्रथम पटक नइले गरेको विषय इतिहासमा सुवर्ण अक्षरमा अङ्कित भएको छ । त्यो नारीको सुनौलो अवसर थियो । त्यो कार्यक्रम सफल बनाउन प्रत्यक्ष, अप्रत्यक्ष सयौँ हातहरू थिए होलान् तर यसको योजना बनाई चौध अञ्चलका प्राय: सबै जिल्लालाई समावेश गरी नारी स्रष्टाहरूको जुन महाकुम्भ मेला सम्पन्न भएको थियो यो बिलकुल नयाँ र नौलो एवं चुनौतीपूर्णको थियो । जुन कार्य राज्यले पनि गर्न सकेको थिएन । त्यो कार्य नइले गरेर राज्यलाई नै चुनौती दिएको या पाठ पढाएको थियो ।

नइ जोडीको अनौठो संयोग नेपाली भाषासाहित्यको क्षेत्रमा विशेष कार्य गर्नका लागि ईश्वरले नै बनाएर पठाएको हुनुपर्छ । साहित्य क्षेत्रमा महान् विभूतिहरूको जन्म हुन्छ तर अधिकांश जन्म आफ्ना लागि मात्र सीमित रहन्छ । आफैँलाई, आफ्नो विषयलाई र आफ्नो क्षमतालाई प्रस्फुटन गरेर आफ्नो इतिहास रचेर अनेकन् उच्च सम्मान प्राप्त गर्न धेरै सफल भएका छन् । तर नइ यस्तो साझा छहारी बन्यो, जसले हरेक विधामा काम गर्ने व्यक्तिहरूको खोज अनुसन्धान गरेर सत्यतथ्य बुझ्ने व्यक्तिसँग सम्पर्क राखेर मूल्याङ्कन गरी सम्मान गर्ने, कृति प्रकाशन गर्ने, पुरस्कृत गर्ने,

सरकारसँग समन्वय गरी व्यक्तित्वको उचाइअनुसारको उपाधि प्रदान गर्नेजस्ता गौरवपूर्ण कार्य गरिरहेको हुनाले नइ नेपाल राष्ट्रको विशिष्ट संस्था हो । जुन संस्थाका बारेमा जति नै लेखे पनि थोरै हुनेछ भन्ने मेरो बुझाइ रहेको छ ।

नइले नेपालका मूर्धन्य साहित्यकारहरूलाई सरकारसँग गुहार मागेर उपाधि प्रदान गरेको छ । माधव घिमिरेले एउटा टेलिभिजनलाई भन्नुभएको थियो– 'नइ नभए म कसरी राष्ट्रकवि हुन्थेँ ।' सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुषको सरकारी उपाधि दिलाउने पनि नइ नै हो । डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्वनारी रत्न'को उपाधि, प्रा.डा.वासुदेव त्रिपाठीलाई 'महासमालोचक'को उपाधिजस्ता वन्दनीय एवं स्तुत्य कार्यका लागि नइलाई जति नै सराहना गरे पनि सूर्यको अगाडि बत्तीझैँ हुनेछ । नेपाली भाषासाहित्यको विविध महान् कार्य सरकारले गर्नुपर्ने ठाउँमा नइले गरेको छ । त्यसैले नइ प्रकाशन एउटा सबल, सशक्त एवं स्रष्टाहरूको एक धाम हो । नइ प्रकाशन नेपाली भाषासाहित्यको इतिहासमा सगरमाथा हो जुन स्वच्छ छ । नइ अविचल र निरन्तर छ, उसको विश्राम कहिले छैन र भविष्यमा पनि यसको विश्राम हुनेवाला छैन । नइको सम्पर्क र सम्बन्धमा रहेका साहित्यप्रेमी, साहित्यानुरागी एवं साहित्यका पाठक मात्र पनि केही गरूँ भन्ने उत्कट चाहनाले आफ्नो कलमलाई निरन्तरता दिनमा सक्षम बन्ने रहेछन् । नइको कार्यसूची बनाउँदा त ग्रन्थ नै तयार हुन्छ तर छोड्नै नसकिने कार्य भनेको नइबाटै निर्मित त्रिमूर्ति निकेतन हो । साथै त्रिनारी रत्नको पनि नइले सालिक निर्माण गरिसकेको छ । नेपाली भाषासाहित्यका विभूतित्रय कविशिरोमणि लेखनाथ पौड्याल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको सम्मानमा त्रिमूर्ति निकेतनको स्थापना भएको हो भने त्रिनारी रत्नभित्र प्रेमराजेश्वरी, गोमा तथा पारिजात पर्दछन् ।

नइ प्रकाशनबाट स्तुत्य कार्यहरू भएका छन्, भइरहन्छन् र भविष्यमा पनि हुँदै गर्नेछन् । म दार्चुलाजस्तो दुर्गम स्थलमा २०१३ जेठ २ गते जन्मिएको नारीले कञ्चनपुरलाई कर्मस्थल बनाई पेसाबाट अवकाश जीवनमा २०७८ सालको 'नइ बुलु शर्मा पुरस्कार'द्वारा पुरस्कृत भएँ । यो प्रसङ्ग पाठकवर्गमा सहर्ष अवगत गराउन पाउँदा मेरो मन हलुङ्गो भएको मैले महसुस गरेकी छु । सम्पूर्ण नेपालका नारीझैँ मेरो पनि जीवनका उकालीओराली अवश्य नै छन् । यति हुँदाहुँदै पनि दार्चुलाको जन्मथलो, कञ्चनपुरको कर्मथलो, काठमाडौँस्थित नइका चर्मचक्षुले अध्यारोमा बत्ती बाली जुन नारीस्रष्टा खोज्ने काम गरिएको छ यसका लागि म हार्दिक आभार व्यक्त गर्छु । यो उच्चकोटिको भाषासाहित्य कार्यक्रममा सुदूरपश्चिम क्षेत्रबाट सहभागी हुन पाएकोमा मैले आफूलाई धन्य ठानेकी छु । नइ बुलु शर्मा पुरस्कारका साथै 'नइ रजत महोत्सव पदक' (२०५२–२०७७)बाट समेत म विभूषित भएकी छु । नइको दिव्यदृष्टि भनेको यो पनि एउटा उदाहरण हो, नइले गरेका विविध कार्यहरूमा सघाउने प्रायः सबैलाई 'नइ रजत महोत्सव पदक' प्रदान गरिएको रहेछ । 'विश्वनारी नेपाली साहित्य सम्मेलन'को महाकाली अञ्चलको संयोजक भएकी नाताले मलाई पनि उक्त पदक प्रदान गरिएको रहेछ ।

यहाँनेर मेरो विषयलाई पनि म उल्लेख गर्न चाहन्छु । म दुई पटक क्यान्सरजस्तो भयानक रोगसँग सामना गरेर मृत्युलाई नजिकै पर्खेर बसिरहेकी थिएँ । आफ्नो लेख, रचनामार्फत मेरो दुक्खकष्टलाई मैले सम्प्रेषण गरेकी थिएँ । मेरो वेदनामा नइको दिव्यदृष्टि पुग्न गएको मैले चाल पाएँ । मेरो लेख पढेर नइबाट मैले धेरै सान्त्वना र प्रेरणा पाइरहेँ । मैले लेखेको 'जीवन एक संस्मरण'मा व्यक्तिगत जीवन, रोग, उपचार गर्ने क्रममा भोगेको कठिनाइ; स्वजनको सहयोग, औषधि र आशीर्वादजस्ता मर्मस्पर्शी भावनाले नइको मनलाई

चसस्क छोएको मैले पाएँ । त्यसैले नइ भनेको 'नइ' नै रहेछ भन्ने मलाई लाग्यो । नइले 'नारीचुली' त्यसै प्रकाशनमा ल्याएको होइन रहेछ भन्ने उदाहरण धेरै छन् । नारी जातिलाई न्यानो मायाको घेरामा राख्न सक्ने खुबी कसैमा छ भने त्यो खुबी मैले नइभित्र नै पाएकी छु । मलाई झैँ धेरै नारीलाई नइ प्रकाशनले स्नेह गरेको मेरो बुझाइको शब्दकोशमा रहेको छ ।

# सरस्वतीको सुन्दर मन्दिर

## निर्मला कोइराला

कुनै पनि संस्था खोल्नु भनेको अक्षर आराधना गर्नु हो र अर्को अर्थमा भन्नुपर्दा सरस्वतीको उपासना हो । यो उपासना गर्छु भनेर मात्र हुँदैन । चैतन्य मन वा अन्तर्हृदयले अर्थपूर्ण रूपमा घचघच्याउनुपर्दछ । त्यसमा मन, वचन र कर्मको समर्पण भाव चाहिन्छ । यस्ता सम्पूर्ण कुराले परिपूर्ण भएपछि मात्र आँटेको कार्यमा प्राप्ति हात पर्दछ । यस्तो अभिप्रेरणाले नेपालमा खोलिएका प्रकाशन संस्था त धेरै छन् । तर विशुद्ध सरस्वतीको उपासना गर्ने आशयले खोलिएको एउटा महत्त्वपूर्ण साहित्यिक संस्था हो– नइ प्रकाशन ।



नइ प्रकाशन नेपाली साहित्यको क्षेत्रमा निरन्तर रूपमा साधनारत रहँदै आएको निजी तवरमा खोलिएको सामाजिक संस्था हो । धेरैजसो संस्थाहरूको ध्येय सेवाका साथसाथै आर्थिक उपार्जन गर्ने पनि रहेको हुन्छ । तर नइ यी सबै स्वार्थभन्दा माथि उठेर विशुद्ध अक्षर आराधनाको चिन्तन गर्दछ । नइ सरस्वतीको मन्दिर हो भने नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको साहित्यिक जोडी नै नइ मन्दिरका पुजारी हुन् । यस जोडीले गरेको कार्य नेपाली साहित्यका क्षेत्रमा अनुपम छ । यस

जोडीले यस मन्दिरमा रहेर वर्षौंदेखि निष्ठापूर्वक अक्षर आराधना गरिरहेका छन् ।

व्यक्तिको आफ्नो निजी जीवन हुन्छ, त्यसमा पत्रैपत्र भएर थोपरिएको व्यवहार हुन्छ, जीवनका उकालीओरालीका समस्याहरूको निकै गह्रुँगो भारी हुन्छ । त्यो भारी मात्रै बोकेर हिँड्न पनि मान्छेलाई हम्मेहम्मे पर्दछ । तर यो साहित्यिक जोडी गृहस्थीको भारीसँगसँगै अहोरात्र साहित्य सेवामा समर्पित भएर लागेको छ; यसको श्रीवृद्धिमा आफ्नो सम्पूर्ण समय खर्चेको छ; आफ्ना खुसीहरू रित्याएको छ; वैयक्तिक चाहनाहरू समर्पण गरेको छ र यसै क्रममा यो जोडीले चुनौतीका ठूलठूला पहाडहरू पनि छिचोलेको छ । नइले इतिहासको गर्तमा त्यसै बिलाएर जान सक्ने तर महान् प्रतिभाहरूको खोजी गरेको छ । प्रतिभाहरूको खोजी मात्र गरेन; ती प्रतिभाहरूमा चमक लगाएर टलक्क टल्काउने कामसमेत गरेको छ ।

मान्छेको प्रवृत्ति आफू अगाडि बढ्ने र आफ्नो मात्र परिचय स्थापित गर्ने हुन्छ । तर नइले आफू नेपथ्यमा बसेर अरूलाई मञ्चमा उभ्याएको छ र विश्वसामु परिचित गराएको छ । नेपालका ऐतिहासिक व्यक्तित्व हुन् वा राजनीतिक व्यक्तित्व हुन्; लोकजीवनमा भिजेका हुन् कि खेल तथा कला साधनामा लागेका हुन्; तिनीहरूलाई सबैसमक्ष नइ प्रकाशनले प्रस्तुत गरेको छ । यसरी नेपाली जनजीवनका विविध क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका तर चर्चामा आउन नसकेका धेरै प्रतिभाहरूको उत्खनन गरी ती प्रतिभाहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन नइले गरेको सुकर्मको मुक्तकण्ठले प्रशंसा गर्नै पर्दछ ।

नेपाली साहित्यको माध्यमिक कालमा मोतीराम भट्टले जसरी भानुभक्त आचार्यका किरणहरूलाई प्रदीप्त पारेका थिए त्यसै गरी नइले आधुनिक कालमा आएर थुप्रै प्रतिभाहरूलाई चम्काउने काम गरेको छ । यस पुनीत कार्यमा नइले राजनीतिको कुनै वाद हेरेन,

कुनै लिङ्ग छुट्टचाएन, कुनै जातीय तथा धार्मिक पक्षलाई नियालेन, मात्रै व्यक्तिको योगदानलाई तौलियो, राष्ट्रलाई दिएको सेवा र प्रेरणाको पाटोलाई जोख्यो र सबैसामु उसको जाज्वल्यमान व्यक्तित्वलाई प्रस्तुत गरिदियो । मुलुकको शीर्ष स्थानमा रहेर सेवा पुऱ्याएका तर राज्य पक्षबाट मूल्याङ्कन भएका वा नभएका धेरै उज्याला नक्षत्रहरूलाई नइले पहिचान दियो । नइले चम्काएका यस्ता भाग्यमानी व्यक्तित्वहरू धेरै छन् । यसै सन्दर्भमा नेपाली भूमिमा विशेष स्थान ओगट्ने ललितत्रिपुरसुन्दरीको साहित्यिक र राजकीय व्यक्तित्वदेखि योगमाया, पारिजात हुँदै वानीरा गिरी र प्रेमा शाहसम्मलाई समेत समेटेको छ । सेतुराम, मेलवादेवी, कोइलीदेवी हुन् वा इन्द्रबहादुर राई र ईश्वरवल्लभ अथवा कीर्तिनिधि विष्ट, गणेशमान सिंह तथा सहाना प्रधान नै हुन् या योगी नरहरिनाथ वा भिक्षु अमृतानन्द अथवा जोसुकै किन नहुन्, न र इ मिलेर सबैलाई यथायोग्य स्थान दिएका छन् । यस्ता व्यक्तित्वहरूको पहिचान गरी उनीहरूलाई सत्य र साँचो रूपमा जनसमक्ष देखाउने सत्कार्यले नइ आफू पनि उज्यालिएको छ । आकाशजस्तो छाती लिएर सबैप्रति न्याय गर्न सक्नु नै नइको महत्त्वपूर्ण विशेषता हो ।

सत्यमोहन जोशी तथा माधव घिमिरेको योगदानको नइले विशेष मूल्याङ्कन गरेको छ । हुन त सत्यमोहन जोशी, माधव घिमिरेजस्ता व्यक्तित्वहरू आफैँमा एउटा संस्था हुन् । तर उनीहरूलाई 'शताब्दी पुरुष' तथा 'राष्ट्रकवि'जस्ता उपाधि प्रयोग गर्न नइले सुरुवात गरेको हो । नइले उनीहरूलाई दिएको यो विशिष्ट सम्मानलाई राज्यले पनि स्वीकार गरेको छ ।

लेखन र प्रकाशनमा पूर्ण समय समर्पण गर्ने नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईले आजीवन सयौँको सङ्ख्यामा गहकिला पुस्तकहरू लेखेर नेपाली साहित्यलाई समृद्ध तुल्याएका छन् । साहित्यका विविध विधामा कलम चलाउने यो जोडी नि:स्वार्थ रूपमा सदैव समर्पित

छ । खारिएको लेखनशैली, जीवनका विविध पाटा र पक्षको उत्खनन, जीवनका अन्तरकुन्तरका सूक्ष्मतम् विषयवस्तुको उठान, अनुसन्धानात्मक तथा विश्लेषणात्मक प्रस्तुतिजस्ता विशिष्ट गुणहरू यो जोडीको लेखनको वैशिष्टच हो ।

नइ राष्ट्रभक्ति र देशप्रेमको अनौठो नमुना हो । यसले धेरै प्राज्ञिक व्यक्तित्वहरूलाई एकै थलोमा उभ्याएको छ । नेपाली वाङ्मयजगत्मा एउटा छुट्टै पहिचान बोकेर उभिएको नइ प्रकाशन साहित्यप्रेमी सबैलाई समेट्ने साझा प्लेटफर्मको रूपमा स्थापित भएको छ । नइले विशेष गरेर साहित्यको प्रवर्धनका लागि आफ्नो संस्थालाई मात्र हेरेन, त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसनलाई पनि आफूसँगसँगै उठाएको छ ।

यसरी नेपाली साहित्याकाशमा फराकिलो मन र मुटु लिएर देदीप्यमान भइरहेका नइको सान्निध्यमा म पनि कसरीकसरी आइपुगें । त्यसपछि मैले थाहा पाएँ– नइमा अपनत्वको भाव छ; वर्षौंदेखिको परिचित जस्तो लाग्ने निकटता छ; अनुजलाई प्रोत्साहन र अग्रजप्रति सम्मानजनक व्यवहार छ । यसरी नेपाली साहित्यलाई उन्नत बनाउन प्रयत्नरत नइले आफ्नो रजत महोत्सव पनि उल्लेखनीय रूपमा नै मनाएको छ । यसै खुसीयालीमा नइ प्रकाशन नेपाली साहित्याकाशमा ध्रुवतारा बनेर चम्किरहोस् भन्ने मेरो अनन्त शुभकामनासहित सरस्वतीका मन्दिरमा जलपाती चढाएकी छु ।

# गौरवमय निर्माण

## पवन आलोक

नेपाली भाषासाहित्य या वाङ्मयकै प्रवर्धनमा विगत पच्चिस वर्षभन्दा बढी समयदेखि नइ प्रकाशन निरन्तर लागिपरेको तथ्य सर्वविदितै छ । साहित्यमा चाख राख्नेहरू धेरैभन्दा धेरै जना नइबारे जानकार छन् । विशेष गरेर नेपाली भाषासाहित्यमा गहिरो अभिरुचि राख्ने धेरैलाई नइ प्रकाशनका सम्पूर्ण योगदानहरूबारे झनै राम्ररी थाहा हुनुपर्छ । निजी क्षेत्रमा स्थापित नइ प्रकाशनले सरकारी निकायका रूपमा स्थापित विभिन्न प्रज्ञाप्रतिष्ठानहरूका कतिपय कामलाई पनि उछिन्ने गरी काम गरेको हामीले देखिरहेका छौँ । एउटा निजी संस्थाले यति धेरै काम गर्न सक्नु चानचुने कुरा होइन, त्यो पनि आजको नेपालमा । त्यत्तिका धेरै पुरस्कार र सम्मानहरूको स्थापना गर्नु, व्यवस्थापन गर्नु, यतिका धेरै



कृतिहरूको प्रकाशन गर्न सक्नु, त्रिमूर्ति निकेतनको स्थापना र संरक्षण गर्नु र वानीरा फाउन्डेसनको स्थापनापछि त्यसको परिचालन गर्नु सानोतिनो बुताले भ्याउने कुरा पनि होइन । त्यसै गरेर नेपाल सरकारले आयोजना गरेको आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी समारोहको मुख्य जिम्मा नै नइलाई प्रदान गरिएको थियो । त्यति ठूलो

धनराशिमा एक वर्षभित्रै देशविदेशसम्म उक्त समारोह सफलतापूर्वक सम्पन्न गर्नु चानचुने काम थिएन । साथै नइको गुरुत्तर भूमिकामा विभिन्न अन्तर्राष्ट्रिय स्तरका साहित्य सम्मेलनहरूको आयोजना गर्नु आफैँमा अत्यन्तै महत्त्वपूर्ण कामहरू मानिन्छन् ।

नेपाली भाषासाहित्य र वाङ्मयको श्रीवृद्धि, समग्र विकास र प्रवर्धन यस क्षेत्रमा योगदान दिएका स्वदेश र विदेशका प्रतिभाहरूको पहिचान गरी तिनीहरूलाई यथोचित पुरस्कृत र सम्मानित गर्नेलगायतका कार्यहरू गरी नइले आफ्नो कर्तव्य गरेर आफ्ना उद्देश्यहरू सार्थक पारेको तथ्य नेपाली साहित्यको परिवेशमा टड्कारो देखिएको छ । कतै आम्दानी या व्यापारिक हिसाबमा नहिँडेको नइ प्रकाशनले आफूलाई विशुद्ध सेवामुखी र नाफारहित संस्थाका रूपमा प्रस्तुत गरेका कारणले अरू संस्थाहरू या संस्था चलाउनेहरू पनि यस संस्थाप्रति प्रेरित हुनु स्वाभाविकै हो ।

नइ प्रकाशनले नेपाली वाङ्मयमा ज्यादै महत्त्वपूर्ण कामहरू गर्दै आएको सर्वविदितै छ । नइको विविध र विशिष्ट कामहरू देखेर र हेरेर नै पनि कसैकसैले भित्रभित्रै यसको घोर आलोचना गर्ने गरेको पनि सुनिन्छ । आफू काम पनि गर्न नसक्ने अरूले गरेको पनि देख्न नचाहने प्रवृति नेपालमा पुरानै रोग हो । नइको काममा आरिस गरेर यसमाथि खोट लाउने किन हो कुन्नि ! मैले बुझ्न नसक्ने विषय भएको छ । नेपाली भाषासाहित्यलाई मास्ने प्रवृत्ति बढिरहेको समयमा भाषासाहित्यलाई काँधमा बोकेर हिँडेको संस्था या व्यक्तिमाथि गालीगलौच, ईर्ष्या र डाहले प्रहार गर्नेहरूप्रति मलाई दया लागेर आउँछ । हुन त हाम्रो समाजमा यसखाले प्रवृत्ति भएका मान्छेहरू छ्यापछ्याप्ती भेटिने गर्छन् । तर साहित्यवृत्तमा हुने गरेका यस्ता नकारात्मक टिप्पणीले नइको कुनै पनि कामकारबाहीमा एकरत्ति पनि प्रभाव परेको देखिँदैन । बरु त्यस्ता नकारात्मक टिप्पणीलाई ऊर्जाको रूपमा लिएर नइले झन्झन् आफ्ना महत्त्वपूर्ण कामहरू गर्दै

आएको अवस्था छ । 'काग कराउँदै गर्छ, पिना सुक्दै जान्छ' भनेझैँ नइ प्रकाशन र यसका सञ्चालकहरू निरन्तर आफ्नो उद्देश्यमा हिँडिरहेका देखिन्छन् । जस्तोसुकै विरोध र बाधाबाट पनि नइ विचलित भएको मैले देखेको छैन र सुनेको पनि छैन ।

राष्ट्रकवि माधवप्रसाद घिमिरेले नइ प्रकाशनलाई 'नेपाली आकाशको एक आलोक' किनभने ? उनले नइबाट 'नेपाली भाषासाहित्यका निम्ति चमत्कारी कार्य हुँदै आइरहेको छ' किन लेखे ? साहित्यका महर्षिबाट नइलाई यति सम्मान र विश्वास गर्नु र समाजका नाममा त के आफ्नै परिवारका लागि समेत एउटा सिन्को भाँच्न कप्टचाइँ गर्नेहरूबाट नइको टीकाटिप्पणीमा दिन फाल्नुको उद्देश्य के होला ? वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीले 'सरकारले बनाएका प्रज्ञाप्रतिष्ठानलाई समेत उछिनेर नइले नै साहित्यिक र सांस्कृतिक काम गरिरहेको छ' भनेको कुराको धेरै अर्थ लाग्दैन र ? नेपालका यस्ता विशिष्ट र सर्वमान्य स्रष्टाहरूबाट व्यक्त यस प्रकारका धारणाहरूबाट पनि नइबारे थप अरू कुरा भनिरहनु जरुरी देखिन्छ र ?

उल्लेखनीय राशिसहितका तीसभन्दा बढी पुरस्कार र सम्मानबाट देशभित्रका र विदेशी विद्वान्विदुषीहरूलाई सम्मानित गरेर नइ प्रकाशनले नेपाल राष्ट्रमा नै एउटा उदाहरणीय काम गर्दै आएको छ । लुकीलुकी विरोध गर्नेबाहेक यस पच्चिस वर्षसम्म नइ प्रकाशनले गरेको कामलाई कसैले औपचारिक रूपमा औँला ठडयाउन सकेको देखिएन । निष्पक्ष भएर प्रतिभाको योगदानलाई कदर गर्दै उपयुक्त स्रष्टाको पहिचान गरेर तिनलाई खोजीखोजी पुरस्कृत गर्ने नइको नीति र परम्परा रहिआएको छ । हामीकहाँ कतिपय व्यक्ति र संस्थाले पुरस्कार सम्मान प्राप्त गर्न भनसुन गर्नुपर्ने, चाकडी गर्नुपर्ने, एकआपसमा पुरस्कार, सम्मान र खादाको साटासाट गर्नुपर्ने, लेनदेन गर्ने, आफ्नो गुट र राजनैतिक आस्थाका आधारमा पुरस्कृत गर्ने, रित्तो खाम दिनेजस्ता अनेकौँ विकृतिहरू व्याप्त हुने गरेको

सर्वत्र सुनिन्छ । यस्तो स्थितिमा नइको निष्पक्ष र अरू सबैले छर्लङ्गै देखिने कार्य अत्यन्तै प्रशंसनीय छ ।

नइ पदाधिकारीहरूसँग सामान्य चिनजानबाहेक व्यक्तिगत रूपमा मेरो खासै घनिष्ठता छैन । तर पनि आदिकवि भानुभक्त द्विशतवार्षिकी समारोह तथा सत्यमोहन जोशी शताब्दी महोत्सवमा प्रशस्तिपत्र र पदक मलाई पनि नइमार्फत अर्पण भएको म सम्झन्छु । प्रशस्तिपत्र र पदक पाउने ती नामावलीहरूमा मेरो पनि नाम देखेर सुरुमा म आफैँ छक्क परेको थिएँ । ती पदक मेरा नाममा घोषणा हुँदा मलाई विश्वास भइरहेको थिएन किनभने यसका निम्ति मैले कतै कुनै भनसुन गरेको पनि थिइनँ । त्यसो त कुनै पुरस्कार सम्मान मलाई दिनुस् भनेर कसैलाई मैले आजसम्म भनेको पनि छैन, भन्दिनँ पनि र यस्तो कुरा भन्न मेरो व्यक्तिगत चरित्रले दिँदा पनि दिँदैन । तर मलाई लाग्छ– मैले पनि भानुभक्त द्विशतवार्षिकी समारोहमा खटेर काम गरेको हुँदा तथा सत्यमोहन जोशीबारे उहाँको व्यक्तित्व र कृतित्वमाथि पनि ध्यान दिएको हुँदा र मैले पनि विगत पाँच दशकभन्दा बढी समय आफूले सकेको साहित्यसेवा गरेको हुँदा नै नइले मलाई सम्झेको होला ।

नइले गरेका थुप्रै कामहरू छन् र जुन कामहरू सम्झेर पनि साध्य छैन । त्यसैले कहिलेकाहीँ म सोच्ने गर्छु– ‘दुई जनाबाट कसरी यतिका धेरै काम सम्भव भएका होलान् ।’ नइ प्रकाशनमा कर्मचारी पनि छन् जस्तो मलाई लाग्दैन । नइलाई सघाउने केही सशक्त र कर्मठ स्रष्टाहरूको समूह छ र त्यस समूहले जेजति काम गरेको छ, ती साँच्चि नै अभिनन्दनीय कामहरू हुन् । नेपाली धर्तीमा काम गरेर नइले आफ्नो छुट्टै गौरवमय इतिहास निर्माण गरेको छ र नइले नेपाली साहित्यलाई ठूलो गुन लगाएको छ । हाम्रो साहित्याकाशमा प्रस्टै देखिने गरेर यसले विशिष्ट किसिमको अलग पहिचान बनाएको छ । त्यसैले नइबाट हामी सबैले धेरै कुरा सिक्नु जरुरी पनि छ ।

# राष्ट्रको विशिष्ट सम्पति

## पार्वती शर्मा

नइ प्रकाशनमा पुगेर नइ जोडीसँगै बसेर हामीले खाना खाएका थियौँ । त्यही सिलसिलामा नइसँग मेरो परिचय भएको थियो । २०५२ सालको कुरा हो– त्यतिखेर नइगृहमा खाना खाने मेरा श्रीमान् डिल्लीराम निर्भीक र म मात्र थियौँ । नइगृहमा हामी पुगेको केही दिनअघि मात्र नइ प्रकाशनको स्थापना भएको भन्ने मैले मेरा श्रीमान्बाटै सुनेकी थिएँ ।



नइ प्रकाशनको मैले सुरुदेखि अध्ययन गरिरहें । नइदम्पती दुवै सरल, शालीन, स्वाभिमानी, मिहेनती, पौरखी, स्वच्छ छवि भएका हुनुहुन्छ । विभिन्न बाधा र अड्चनसँग सङ्घर्ष गर्दै नइलाई मलजल, परिश्रम, सेवा तथा समस्त ऊर्जा लगाएर आज नइ प्रकाशनलाई झाँगिएको अवस्थामा पुऱ्याउनु नइबाट ठूलो योगदान भएको महसुस गरेकी छु ।

नइ प्रकाशनबारेमा मैले अध्ययन गर्ने क्रममा सुरुसुरुको नइको जीवनशैली मर्मस्पर्शी तथा सङ्घर्षपूर्ण भएको मैले मेरै श्रीमान्बाट सुनेकी थिएँ । सङ्घर्ष नै सफलताको सिँढी हो भन्ने ज्वलन्त उदाहरण आज मेरा आँखामा नइ बसेको मैले महसुस गरेकी छु ।

नइ प्रकाशनले पैसा, मान, सम्मानभन्दा राष्ट्रियतालाई उच्च स्थानमा राख्दै आएको छ । जुनसुकै पार्टीका भए पनि देशका सच्चा नागरिकको सम्मान गर्ने नइको परिपाटी छ । नइ प्रकाशनले सकारात्मक सोचलाई लिएर नेपाली भाषासाहित्यलाई अगाडि बढाइरहेको छ । साहित्य, संस्कृति र कलाका पुजारीहरूको सम्मान गर्नका लागि नइ प्रकाशन पछाडि फर्केको छैन र यस कार्यमा यो संस्था सधैँ अगाडि नै देखिएको छ ।

आफ्नो माटोको भाषासाहित्य, कला आदिको रक्षा; सेवा गर्दागर्दै उमेरले अथवा कारणवश अशक्त भएकाहरूलाई सम्बन्धित ठाउँमा गएर स्रष्टाहरूसँग देशको हितका लागि वार्तालाप गरेर सम्मानपूर्वक सहयोग, सद्भावना, आश्वासन र प्रोत्साहन दिने तथा अरूबाट पनि आशीर्वाद लिन रुचाउने नइको अर्को सकारात्मक कार्य भएको पनि मैले बुझेकी छु ।

मानिसहरूले आरोपप्रत्यारोप लगाएर नइको बाटोमा आएर उछिन्न खोजे पनि त्यसको प्रतिशोध गर्ने स्वभाव नइमा नभएको अनुभव मैले गरेकी छु । प्रेम, दया, सेवा, आत्मीयता, पवित्र मनको दौलतले मानिसलाई उचाइमा लगेर बास गराउँछ । जसले गर्दा सुख, शान्तिको अनुभव गराउँछ भन्ने कुरामा नइलाई मैले विश्वस्त भएको देखेकी छु ।

नेपाली भाषा, कला, संस्कृति, साहित्य, समाजसेवाजस्ता मूल्यवान् दौलतले भरिपूर्ण हुनु नै स्वर्णिम आनन्दको जीवन हो भन्नलाई अत्युक्ति नहोला । विभिन्न स्रष्टाहरू तथा जागरूक पौरखी नइदम्पतीद्वय राष्ट्रको विशिष्ट सम्पत्ति हुन् । सप्तरङ्गी कलाले रङ्गाएको विभिन्न पुस्तकरूपी फूलबारीको बगैँचाको बीचमा बसेर लेख्न, पढ्न, अध्ययन गर्न नइ रुचाउँछन् ।

पित्तल र सुन मिसाएर बनेको गहनालाई सुनारले लोहारको प्रयोगबाट सुन छुट्टयाएजस्तै नेपाली वाङ्मयमा दूधको दूध र

पानीको पानी छुट्टयाउने संस्था नइ प्रकाशन भएको छ । भव्य, सभ्य, स्वर्णिम र इमान नइको कार्यशैली हो । जुनसुकै विचारधारा भए पनि फरक नपर्ने तर स्वच्छ छविलाई नइले प्रेमको लेप लगाइदिन्छन् । नइ पिछडिएका, पुरिएका र हराउन थालेका प्रतिभालाई बोकेर हिँड्ने राँको हो । मेरा श्रीमान् डिल्लीराम निर्भीक भन्नुहुन्थ्यो– 'नइ प्रकाशन झुल्केपछि नेपाली साहित्यमा नयाँ जागरण आएको छ ।'

नइले भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, नेपाल आमालाई माया गर्ने पुजारीहरूलाई देशविदेशमा खोजीखोजी उनीहरूको कलालाई मूल्याङ्कन गर्दै आएको छ । त्यति मात्र होइन, जुनसुकै दलका भए पनि स्वच्छ छवि भएका आफ्नो मातृभूमिलाई माया गर्ने, लुकेर बसेका प्रतिभाहरूलाई पनि नइले समाजका अघि उजागर गर्दै आएको छ ।

नइ स्वच्छ छाया, शीतलता, प्रकाश, सकारात्मक सोचको रसपान गराउने चौतारीको बिम्ब भएर नेपाली आँगनमा खडा भएको छ । फूट, बेथिती, भ्रष्टाचारको खेती मौलाउन दिनु हुँदैन भनेर पनि खास गरेर नइ जोडीले घोर विरोध गर्दै आउनुभएको छ । भ्रष्टहरूको अनैतिक दबाबबाट पीडित भएका चेतनशील नागरिकहरूले मुक्ति पाउनुपर्छ भन्ने पक्षमा यस जोडीले आफ्नै अडान लिएको देखिन्छ । राष्ट्रलाई सुरक्षित, प्रगतिशील बनाउनु आमनेपाली जनताको कर्तव्य हो भन्ने कुरा नइदम्पती जनमानसमा जानकारी गराउन पनि चुकेको देखिँदैन ।

नइ प्रकाशन र नइ जोडीको बारेमा जे लेखेकी छु; मैले देखेको, सुनेको र अनुभवको आधारमा हो । देशमा लागेको धमिराबाट बचाउनसमेत नइ जोडी लागिपरेका छन् । नइ प्रकाशन जे कुरामा पनि शुद्ध चाहन्छ । उदाहरणका रूपमा भन्नुपर्दा पहिलेपहिलेका 'श्रीस्वस्थानी व्रतकथा'को पुस्तकका अशुद्धपनलाई शुद्ध गरेर

प्रकाशन गर्ने काम पनि नइ प्रकाशनले गरेको देखिन्छ । नइले चिन्तनमनन गरेर नयाँनयाँ सकारात्मक सोच र विचारहरूलाई जन्माएकै कारणले जनमानसबाट विश्वास पाएको छ, कमाएको छ ।

पीडितहरूको वकालत गर्दै न्याय पाउनुपर्छ भन्ने आशय पनि नइको छ । भाषा, कला, साहित्य, समाजसेवा आदि विभिन्न कलाका व्यक्तित्वहरूलाई सम्मान र पुरस्कारको व्यवस्था पनि नइले गर्दै आएको छ । नइ प्रकाशनले नेपाली साहित्यको वृद्धिमा जुन योगदान दिइरहेको छ त्यो प्रशंसनीय छ । जुन कार्य सरकारबाट स्थापित प्रज्ञाप्रतिष्ठानहरूले गर्न हिम्मतै गरेको देखिँदैन ।

नइ देशको क्षति, विनाशका लागि चिन्तित रहँदै आएको छ । नइले प्रकाशन गरेको पुस्तकहरू देशभित्र मात्र होइन विदेशबाट आउने, जाने नेपाली दाजुभाइ, दिदीबहिनीहरूले अध्ययन गर्नुको साथसाथै विदेशतिर जाँदा पुस्तक लिएर पनि जान्छन् र अरूले पनि पुस्तक अध्ययन गरेर चिन्तनमनन गर्छन् ।

यो दुई अक्षरको नइ जोडीले स्रष्टाहरूको भाषासाहित्य, कला, संस्कृतिलाई माला बनाएर सुरक्षित संरक्षण गर्दै आएको छ ।

नइले राष्ट्र, राष्ट्रियतालाई संरक्षण गर्नका लागि बिगुल फुक्दै आएको छ । त्यसरी नै भानुभक्त आचार्य, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, पारिजात आदि जस्ता महान् लेखन पौरखीहरूको कृतिलाई जीवन्त राख्न प्रयासरत रहेको देखिन्छ नइ ।

नइ नेपाली साहित्यका अनवरत, अग्रणी संस्था पनि हो । असल सर्जकका लागि हरेक क्षेत्रको बारेमा नकारात्मक सोचको अन्त्य गरेर सकारात्मक सोचलाई ग्रहण गर्ने आस्थाको थलो पनि हो नइ । आफ्नो देशमा मात्र नभएर नेपालबाहिर पनि साहित्यिक कार्यहरूको बाटो नइले फराकिलो बनाएको छ ।

नइले शैक्षिक क्षेत्रमा अध्ययन तथा अरू उत्कृष्ट कार्य गर्ने शिशुदेखि पन्ध्र वर्षसम्मको बालबालिकाहरूलाई पुरस्कारको व्यवस्था गर्दै आएको छ । कस्ताकस्ता व्यक्तित्वहरू तथा बालबालिकाहरूले राष्ट्रलाई योगदान पुऱ्याउने हिसाबले कार्य गरे भन्ने लेखाजोखा त नइले जनमानसमा पस्कँदै आएको छ । साथै एक सय वर्षका राष्ट्रकवि माधव घिमिरे, शताब्दी पुरुष सत्यमोहन जोशीलाई पनि जे गर्नुपर्दथ्यो नइले नै गरेर नेपाली समाजलाई देखाइदिएको छ । त्यस्तै त्रिमूर्ति निकेतन नइ प्रकाशनको अजर काम हो । कति हो कति नइका कामहरू ! निजी क्षेत्रको संस्थाले यतिविधि काम गरेको छ भन्नु पत्याइनसक्नुको कुरा हो तर नइ प्रकाशनले एकएक गर्दै ती कामहरू गरिरहेको छ । ती काम हामी देखिरहेका छौँ ।

# तेस्रो लिङ्गीलाई माया

## पिङ्की गुरुङ

प्रकाशनको रजत महोत्सवपछि यस संस्थालाई नजिकबाट चिन्नेहरूको धारणा समेटेर नइले ग्रन्थ प्रकाशन गर्ने निर्णय गरेको रहेछ । अत: यस ग्रन्थमा प्रकाशनका लागि सामाजिक सञ्जालमा लेख, रचनाको माग गरेको मैले सूचना पढेँ । त्यस सूचनाले मलाई



हठात् रूपमा मेरो जुनीको पूर्वस्मृतिमा पुऱ्यायो । त्यतिखेर म आफ्नो जीवन सम्झेर फेरि झल्याँस्स भएकी थिएँ र मेरो मन नइ प्रकाशनतिरै डोरिएको थियो । नइ प्रकाशनजस्तो विशिष्ट साहित्यिक संस्थाबाट मलाई 'नइ रामलक्ष्मी पुरस्कार'ले सम्मान गरेपछि तेस्रो लिङ्गी भई मैले राष्ट्र र समाजका लागि राम्रो काम गरेकी रहेछु भनेर गर्व लाग्यो ।

'नइ रामलक्ष्मी पुरस्कार' केवल समाजमा उल्लेखनीय काम गर्ने तेस्रो लिङ्गीलाई मात्र प्रदान गरिन्छ । नेपालमा तेस्रो लिङ्गीलाई पुरस्कार दिने संस्था नइ प्रकाशन मात्र नै हो । नइ प्रकाशनले तेस्रो लिङ्गीलाई सम्मान गरेपछि मलाई लाग्यो– 'हामी पनि यस समाजका बराबरी मान्छे रहेछौँ ।' मैले त्यतिखेर डा.रामप्रसाद उप्रेतीलाई मनमनै कृतज्ञता ज्ञापन गरेँ जसले यो पुरस्कार सञ्चालनका लागि

कोषको स्थापना गरेका थिए । डा.उप्रेती र निजकी अर्धाङ्गिनी लक्ष्मी उप्रेतीका नामबाट 'नइ रामलक्ष्मी पुस्कार' प्रदान गरिन्छ । यो पुरस्कार प्रदान गरिने हरेक कार्यक्रममा जान म छुटेकी थिइनँ र मैले पुरस्कार पाएपछि पनि म नइका कार्यक्रमहरूमा प्राय: जाने गरेकी छु । यो पुरस्कार अहिलेसम्म हामी नौ जनाले पाइसकेका छौँ । पाठकहरूलाई लाग्ला म कसरी तेस्रो लिङ्गी भएँ र कसरी नइको नजरमा पुगेँ ? यसका बारेमा मेरो रामकहानी बताउन म अनुमति माग्दछु–

म २०३५ साल पुस ५ गते लमजुङको बिचौर गाउँको भुमलीचोक भन्ने ठाउँमा ओमबहादुर गुरुङ र शान्तामाया गुरुङको कोखबाट जन्मेकी थिएँ । मेरो जन्मपश्चात् ममाथिको दस वर्ष ठूलो दाइ र तीन वर्षको माहिलो दाइ एकै वर्षमा गाउँमै बित्नुभयो । त्यस घटनापछि मेरा बुबाले पुत्रवियोग सहन नसकेर म र ममाथिको दिदी र आमालाई लिएर २०३६ सालको असार महिनातिर एकसरो लुगामा काठमाडौँ आउनुभएको थियो । त्यति बेला बुबा नेपाली सेनामा जागिरे हुनुहुन्थ्यो ।

हरेक मानिसको शरीरको जन्मसँगसँगै उसको आत्माको पनि जन्म भएको हुन्छ । तर समाज र परिवारले केवल शरीरको जन्मलाई मात्र देख्ने गर्छ र शारीरिक अङ्गका आधारमा मात्र पहिचान दिने गर्छ । त्यस्तै म पनि जन्मेँ तर मेरो बालक शरीरसँग मैले लिएर आएको आत्मालाई न कसैले देख्न सके, न कसैले चिन्न सके ।

परिवारले बालकअनुसारको पहिरन र व्यवहार गर्न सिकाउँछ, मलाई पनि त्यही सिकाए । त्यस्तै लिङ्गबमोजिमको भाषा र शब्द प्रयोग गर्न सिकाउँछ र त मलाई पनि त्यही सिकाउन थाले । घरबाट कुनै पनि केटीमाथि लागू हुने शब्द मलाई प्रयोग गर्दैन थिए । घरका मान्छेको व्यवहारले मलाई अचम्म लाग्थ्यो । 'अरू केटीलाई नानी

भन्छन्, मलाई किन बाबू भनिरहेका छन्' भन्ने मलाई लागिरहने गर्थ्यो । घर, छिमेकका अरू छोरीहरूले घाँगर, चोली र जामाहरू लगाउँथे; मलाई किन पाइन्ट र सर्ट दिन्थे ? तर मेरा बुबाआमाले शिशुकालदेखि नै मलाई केटाको पहिरन लगाएर हुर्काएको हुँदा त्यही लगाउनुपर्ने हुन्थ्यो । लुगा र पहिरन त बालकको लगाइदिए तर मेरो मन या आत्मा बालिकाको हुँदा मेरो हाउभाउ, बोलीचाली, व्यवहार बालिकाको नै थियो ।

म सानै उमेरको हुँदा मेरो लैङ्गिक प्रस्तुतीकरणमा परिवार र समाजले त्यति चासो राखेको थिएन । जब म नौदस वर्षको हुँदै गएँ त्यसपछि मेरो जैविक लिङ्गअनुरूपको लैङगिक प्रस्तुतीकरण फरक देखिन थालेको थियो । त्यति बेलासम्म पनि म के हुँ र को हुँ भनेर मलाई थाहा थिएन । अरू बालकजस्तै निर्बाध र स्वतन्त्र रूपमा मलाई पनि खेल्न र हाँस्न मन लाग्थ्यो । तर जब म बोल्थेँ तब मानिसहरू हाँस्ने गर्थे; जब म हिँड्थेँ तब अरूले मलाई जिस्काउँथे । मेरो हरेक लवाइ, हिँडाइ, बोलाइ र खेलाइमा अरूले मजाक बनाउँथे र मलाई फरक व्यवहार गर्थे ।

मेरा हरेक प्राकृतिक व्यवहार, मनोभावना, अनुभूति र प्रस्तुतिहरूलाई आफ्नै साथीभाइहरूले उपहास गर्थे । मैले बोल्ने तरिका, हाँस्ने हँसाइ, हिँडने हिँडाइ, बोलेका बेलाको मुखाकृति मेरा हरेक प्राकृतिक अधिकारमा आफ्नैआफ्नाले अङ्कुश लगाउने गर्थे । त्यसपछि मात्र मलाई अनुभूत भयो कि 'म अरूभन्दा फरक रहेछु ।' मेरो प्रकृतिमाथि र मेरो आत्मसम्मानमा भएको त्यो दुर्व्यवहारपूर्णको हमलाले मेरो बालमनोविज्ञान र आत्मामा ठूलो चोट पुगेको थियो । त्यसैले उन्नाइसबीस वर्षसम्म आफैँलाई दबाएर र आफैँलाई मारेर मैले बाँच्नुपरेको थियो । समाज र परिवारमा पुरुष नै देखिएर बाँच्नुपर्ने ममा बाध्यता भयो । आफू भिन्न लिङ्ग भएका कारण जसोतसो साथी पाउन पनि गाह्रो हुन्थ्यो । मलाई देखेपछि मेरा

पहिलाका साथीहरू पनि मभन्दा परपर सर्न थालेका हुन्थे । त्यति बेला मलाई मान्छेसँग देखा पर्न नै असाध्यै गाह्रो हुन्थ्यो ।

मेरो शरीर र आत्माबीच सधैँ झगडा हुने गर्‍यो । म किन र कसरी यस्तो भएँ भनेर हरेक रात सोच्ने गर्थें, तर सधैँ अनुत्तरित हुन्थेँ । पीडादायी दिन गन्दै जाँदा मैले कक्षा दस पनि पास गरेँ साथै एसएलसी पास गरेपछि मलाई घरबाट बिहेको दबाब आउन थाल्यो । म सानो हुँदादेखि नै मेरी फुपूको छोरीसँग मेरो बिहे हुने कुरा भइसकेको रहेछ तर मलाई बिहे गर्ने मन थिएन । बिहेका प्रसङ्गमा ममाथि धेरै दबाबहरू थपिँदै गए । ती कुराहरूले म मानसिक रूपमा विक्षिप्त हुन थालेँ । 'बरु म लामा बन्छु तर बिहेचाहिँ गर्दिनँ' भन्ने मभित्र सोचहरू आउन थाले । त्यसै सिलसिलामा म म्हैपी र बौद्धको गुम्बा चहार्न थालेँ र त्यहाँका दुईचार जना लामालाई 'लामा बन्न के गर्नुपर्छ' भनेर सोधेको थिएँ । तर लामाहरू र गुम्बाका सरोकारवालासँग मेरो चिनजान नभएको हुँदा म यसबारे मौन हुन बाध्य भएँ ।

मेरा मनमा चिन्ता बढ्दै जान थाल्यो । हरेक रात मलाई छटपटी हुन थाल्यो र मेरो निद्रा पनि हराउन थाल्यो । मलाई डर लाग्ने, मुटु ढुकढुक हुने र आत्तिने समस्याले गाँज्न थाल्यो । मलाई कहिले पेट कटकटी खाने, कहिले टाउको रिङयाउने, कहिले बेहोस हुने र कहिले के, कहिले के हुन थाल्यो । म उपचारका लागि अस्पताल गएँ र सारा जाँच गराएँ तर मभित्र रोग केही देखिएन । अस्पताल जाँदा मलाई मानसिक विभागमा पठाइन्थ्यो र त्यहाँ निद्रा लाग्ने दवाई दिन्थे । एक हप्तासम्म मैले ती गोली पनि खाएँ र अरू मानिसहरूले 'यस्ता गोटी सधैँ खानु हुँदैन बानी पर्छ' भन्ने कुरा गरेपछि खान छाडेको थिएँ ।

पछिपछि मलाई अस्पताल जान गाह्रो हुन थाल्यो । त्यसपछि म जयनेपाल हलनजिकको जोराई गर्ने शिविरमा गएँ र त्यहाँको आध्यात्मिक शैलीको जोराई सेकाईबाट मलाई केही लाभ हुँदै गयो ।

त्यहाँ भेटिएको एक जना दाइले विपश्यना ध्यानशिविरमा बस्नु भन्ने मलाई सल्लाह दिनुभयो । उहाँले नै कान्तिपथको ज्योतीभवनबाट फारम ल्याएर भरिदिनुभयो । अनि म उहाँकै सिफारिस लिएर दस दिनको ध्यानशिविरमा बसेँ । त्यहाँ आफ्नो मनलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने ध्यान विधिको अभ्यास र गोयान्काको प्रवचन सुनेर मेरो मनमा सकारात्मक ऊर्जा उत्पन्न हुन थाल्यो । त्यसपछि बल्ल मेरो मनमा केही न केही भए पनि आत्मविश्वास जाग्न थाल्यो । तर पनि मेरा मनभित्र उब्जिएका अनुत्तरित प्रश्नहरू धेरै थिए । अझै आफैँलाई चिन्न र समाजलाई चिनाउन मैले सकिनँ ।

रत्नराज्यलक्ष्मी क्याम्पसमा म आइए पढ्न थालेँ । त्यस क्याम्पसमा मैले सङ्गीत विषय लिएर दीपक जङ्गमसँग पढन थालेँ । क्याम्पस पढिरहेको समयमा एक पटक म फेरि बेहोस भएँ । त्यतिखेर मेरो बुबा ग्रिन्डलेज बैङ्कमा जागिरे हुनुहुन्थ्यो । त्यहाँका कर्मचारीहरूको र परिवारको मेडिकल सुविधा रङ्गशालानजिकको ब्लुक्रस अस्पतालबाट दिइन्थ्यो । त्यहाँबाट ईईजी गरेको रिपोर्ट लिएर घर फर्कँदै गर्दा म रत्नपार्क छिर्न पुगेँ । त्यस समय हामी गङ्गबु बस्ने गर्थ्यौँ । यो २०५५ सालको घटना हो । त्यति बेलाको रत्नपार्कको प्रस्थानले मेरो जीवनले एउटा ठूलो मोड लियो । त्यसपछि नै मैले आफ्नो वास्तविक संसार देखेँ, आफ्नै समाज भेटेँ र त्यहीँ नै मैले मेरो जीवन पाएँ ।

सुरुमा म आफूजस्तै साथी भेट्दा डराएको थिएँ । घर गएर सुत्ने बेलामा मैले सोचेँ– 'के म उनीहरूजस्तै हुँ ?' फेरि मेरो अर्को मनले भन्थ्यो– 'होइन त, होइन, समाजमा चिनिएका हिँजडाजस्तो म होइन ।' तर खोइ अनायासै मेरो लगाव रत्नपार्कतिर बढ्दै जान थाल्यो । हरेक दिन म रत्नराज्यलक्ष्मी क्याम्पसबाट घर फर्कंदा रत्नपार्कतिरै जान थालेँ । बिस्तारै त्यहीँका साथीभाइसँग मेरो सङ्गत बढ्दै जान थाल्यो । तिनीहरूसँग मैले पनि आफ्नो भावना साटासाट

गर्दै मनको बह पोख्दै जान थालें । हामी सबैको व्यथा एउटै र सबैको कथा उस्तै अनि मन, इच्छा, आकर्षण र प्रकृति पनि एकै देखिन थाल्यो । उनीहरूको मलाई माया लाग्न थाल्यो र नयाँनयाँ साथीसँगको भेटघाट उस्तै रमाइलो र उत्तिकै प्यारो लाग्न थाल्यो । अझै पनि त्यति बेला रत्नपार्कभित्र आफ्ना साथीभाइसँग गरेका रमाइलो क्षणहरू, वाइसिएल र पुलिसले गरेका दुर्व्यवहार र राजनीतिक नेताहरूले गरेका अपशब्दहरूको मलाई याद आउने गर्छ ।

२०५६ सालमा सुनीलबाबु पन्तसहित हामीले हाम्रो समुदायको रक्षा, हकहित र अधिकारका लागि हामी सात जना मिलेर 'नीलहिरा समाज'को स्थापना गऱ्यौँ । त्यसपछि चाहिँ हामीले आफ्ना अधिकारका अभियानहरू चलाउँदै आइरहेको छौँ । सडकबाट सुरुवात भएको यो अभियानले संविधानसम्म हाम्रो अधिकारलाई अक्षरश: लेखाउन हामी सफल भएका छौँ । यो सफलता त्यत्तिकै आएको होइन, त्यत्तिकै जुरेको होइन; यसको पछाडि हाम्रा समर्थकहरूको धेरै ठूलो भूमिका जोडिएको छ । जसमध्ये नइ प्रकाशन, नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको पनि यसमा ठूलो योगदान छ ।

मानव समुदायभित्र रहेका यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूमध्ये विविध क्षेत्रमा ठोस योगदान पुऱ्याउने व्यक्तिहरूलाई पुरस्कृत गर्ने कुनै संस्था छ भने नेपालको इतिहासमा त्यो केवल नइ प्रकाशन मात्र हो । मेरो जीवनमा तेस्रो लिङ्गी भएकोमा त्यस दिन मलाई गौरवको अनुभूति भयो जुन दिन म नइ प्रकाशनको मञ्चमा 'नइ रामलक्ष्मी पुरस्कार' लिएर उभिएको थिएँ । नइबाट पुरस्कृत भएपछि मेरो मनोबल र आत्माशक्तिलाई थप तागत प्राप्त भएको छ । यस्तै प्रेरणाहरूले नै समुदायसँग नजिक रहेर सेवाभावले म हरदम समर्पित भएको छु ।

आखिर हामीलाई प्रकृतिले त अव्यवस्था या गडबडी गरेकै हो र समाजले पनि उपेक्षित गर्दै आएको थियो । हामीजस्ता अप्ठ्यारामा

रहेकालाई नइ प्रकाशनले यिनीहरू पनि हाम्रै समाजका अङ्ग हुन् र यिनीहरूको पनि यस समाजको हरक्षेत्रमा समान हैसियत हुनुपर्छ भनेर हामीलाई उच्च मनोबल दिएको छ ।

नइ प्रकाशनले हाम्रा लागि गर्नुसम्म गरेको छ । तर हालसम्म कुनै पनि राजनीतिक दलहरूले आफ्नो विधान या घोषणापत्रमा हाम्रो मुद्दालाई समेटेका छैनन् । सरकारको प्रणाली र सरंचनाभित्र हामीलाई पुऱ्याउन राजनीतिक दलहरूसँग हाम्रो समावेशिताको मुद्दा उठाएर हामी सशक्त रूपमा हिँडिरहेका छौँ । यस प्रकारका मुद्दाहरू उठाउन हामी सक्षम हुनुको पछाडि धेरै कारणहरू छन् र जसमध्ये नइ प्रकाशनले तेस्रो लिङ्गीलाई नियमित रूपमा प्रदान गर्ने गरेको 'नइ रामलक्ष्मी पुरस्कार' पनि एक हो ।

नइ प्रकाशनले हामीलाई पुरस्कारले मात्र सम्मान गरेको छैन, विभिन्न समयमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग पनि गर्दै आइरहेको छ । उदाहरणका लागि– कोरानाको समयमा महिनौँ दिनको लकडाउन भोगिरहेका बेला हाम्रो समुदायका एक सय पचास जना साथीहरूलाई राहत दिन पनि नइ पछि परेनन् । विभिन्न टेलिभिजनमा समेत हामीलाई समस्या राख्ने मौका दिई थप अरू राहत जुटाउन नइले गरेको सहयोग हामी भुल्न सक्दैनौँ; जसबाट देशभरिका तेस्रो लिङ्गी समुदायका साथीहरूलाई राहत जुट्न सहज भएको थियो ।

प्रकृतिले मेरो शरीरलाई पुरुष बनाइदियो र मेरो मानसिकतालाई नारी बनाइदियो । प्रकृतिले मेरो जनेन्द्रियमा पुरुषीय लिङ्ग उमारिदिए पनि मेरो आत्मा वा मानसिकतामा स्त्रीलिङ्गीय भावना जागृत छ । विचार, भावना वा आत्माका अघि भौतिक इन्द्रियले जित्न नसक्ने रहेछ । त्यसैले मलाई पनि मेरो आत्मामा रहेको स्त्री लिङ्गले नै जितेको छ । यस कारण प्रकृतिद्वारा पुरुषका रूपमा यस पृथ्वीमा पठाइएकी भए पनि आत्माको वशमा परेर मेले आफूलाई स्त्रीकै रूपमा परिचालन गर्दा स्वाभाविक ठहर गरेको छु । यही पुरुषको

लिङ्ग र नारीको चेतना बोकेर जिन्दगीमा बाँच्तै जाँदा मैले एउटा निष्कर्ष निकालेको छु– 'मैले चिनेको म नै हुँ र मलाई जितेको पनि म नै हुँ ।' मेरा जीवनमा जेजति फलामे भाला रोपिए तापनि मैले हार्न जानिनँ । मैले आफूलाई जितेर नै यहाँसम्म ल्याइपुऱ्याएको छु । मलाई आफू तेस्रो लिङ्गी भएकोमा झन् गर्व लाग्न थालेको छ । वास्तवमा तेस्रो लिङ्गी भएकै कारण म तेस्रो लिङ्गी समुदायभित्र रहेका यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक जातिको हक, हित र सेवाका लागि स्थापित नीलहिरा समाजको अध्यक्षका रूपमा कार्यरत छु । मेरो जुनीलाई म समाजहितकै लागि समर्पण गर्नेछु भनेर मैले प्रतिज्ञा गरेकी छु ।

जति बेला नेपालमा तेस्रो लिङ्गी समुदायलाई अवहेलना गरिन्थ्यो तर समाजमा यो समुदायलाई सम्मानित बनाउने नइ प्रकाशनको अभियानले हाम्रो जागरणलाई उच्च प्रवाह गरिदियो, उत्साहले भरिदियो । नइदम्पती र डा.रामप्रसाद उप्रेतीजस्ता परोपकारी र समाजका चिन्तक नजन्मिएका भए 'नइ रामलक्ष्मी पुरस्कार' पनि जन्मने थिएन ।

नरेन्द्रराज प्रसाई तेस्रो लिङ्गी समुदायप्रति धेरै चिन्तित भएको मैले अनुभूत गरेकी छु । उहाँले हामीमाथि प्राय: खोजखबरी गरिरहनुभएकै हुन्छ । उहाँले हाम्रो सुख र दु:ख सोधिरहनुहुन्छ । सधैँ मलाई माया गर्ने नरेन्द्रराज प्रसाई र नइ प्रकाशनप्रति मेरो पनि त्यति नै सद्भावना भइरहेकै हुन्छ । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको स्नेहमा म पनि फक्रिरहेको महसुस गर्ने गर्छु ।

# दूरदृष्टि नयनहरु

**पिमला न्यौपाने**

नइका नयनहरूमा साहित्यलाई हेर्ने दूरदृष्टि रहेछ र नेपाली साहित्यप्रतिको लगाव रहेको भेटिन्छ । सोही दृष्टिले साहित्यका तमाम कोपिलाहरूदेखि लिएर रङ्गीन फूलहरू र यसअन्तर्गतका उपलब्धिहरूलाई सजाइराख्ने तथा जोगाइराख्ने आकर्षक बगैँचा



सृजना गरिएको रहेछ । उक्त बगैँचामा प्रवेश गर्न लालायित मेरो मन र मस्तिष्कलाई बेलायतनिवासी प्रसिद्ध नेपाली साहित्यकार कृष्ण बजगाईंको नियात्रासङ्ग्रह 'दाइबुचु'ले ठूलै गुन लगाएको छ । त्यसैले म यो नियात्रालाई नइगृह प्रवेशको टिकटको रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पुस्तकको रूपमा स्मरण गर्दै सुखद अनुभूति गर्छु ।

आवरणमा देखेको नइ प्रकाशनको बगैँचाभन्दा नइगृहभित्र प्रवेशपश्चात्को मेरो अनुभव झनै भिन्न रहेको छ । किनभने बाहिर मैले देखेको बगैँचा त भित्री नइको एक अंश मात्र रहेछ । आफू रहेकै स्थानबाट नजरहरू घुमाई हेर्दा नइमा त मैले नेपाली साहित्यको विश्वविद्यालय नै खडा भएको देखेँ । जति बेला म त्यहाँ प्रथम पटक प्रवेश गर्दै थिएँ, नेपाली साहित्यको महिमा

बोकेको उक्त विश्वविद्यालयरूपी नइको पुस्तकालयमा प्रवेशपश्चात् घण्टौँसम्म म हराएर रमाएकी थिएँ ।

व्यक्तिको व्यक्तिगत लगानीमा सिर्जेको नइको साहित्यिक आश्रयस्थल जहाँ कसैलाई पनि साहित्यिक उन्नयनका तवरले रोक्ने, छेक्ने र विभेद गर्ने भन्ने कुराको झिनो दृश्य पनि देखिँदैन । अर्को अर्थमा सबै साहित्यप्रेमी पुजारीहरूलाई साहित्यिक पूजाआजा, प्रार्थना, विवेचना, विमर्श र दर्शन गर्नका लागि हार्दिकतासहित नइको ढोका खुला रहेछ । त्यसैले नइलाई मैले साहित्यको सुन्दर मन्दिर देखेँ र पवित्रताले घेरिएको अनवरत सेरोफेरो पाएँ ।

पञ्चायतकालदेखि नै देशको राजनैतिक उथलपुथलमा भिजेका, डुबेका र पछिपछिको राजनीतिक व्यवस्थाप्रति विद्रोहसमेत गरेका नइको परिचय राजनैतिक हिसाबले हेर्न चाहेको भए अहिलेसम्मको नेपालको राजनैतिक धरातलमा अग्रपङ्क्तिमा देखिएका राजनैतिक नेतृत्वभन्दा कैयौँ गुणा उत्कृष्ट नै हुने थियो होला भन्ने लाग्छ । तथापि उक्त राजनीतिको जोडघटाउमा नलागी सम्पूर्ण मन, मस्तिष्क तथा आत्माहरूले महसुस गर्न सक्ने गरी नइको जोडबलले स्थापित गरिएको नइ प्रकाशनको साहित्यिक धरोहर अझै विशेष लाग्दछ । अनि यो अर्थमा गर्व पनि लाग्दछ कि संसारका कुनै पनि आँखाहरूले हेर्दा संस्थागत रूपमा सबल र सर्वव्यापी नइ सधैँ अमर रहन्छ ।

बाहिरी आवरण हेर्दा नै नइ सधैँका बहादुर देखिन्छन् । त्यही बहादुरीले गर्दा नै त यति धेरै सार्वजनिक आश्रयस्थलहरूले वास्तविक परिचयलाई सही तवरले सम्हाल्न तथा जोगाउन नसकिरहेको नेपालको परिवेशमा अहोरात्र खटेका नइले नइलाई साँचो अर्थमा सुन्दर, जीवित र गरिमामय साहित्यिक संस्थाका रूपमा सबैको रोजाइमा पार्न सफल भएका छन् । अन्याय, अत्याचार तथा कुरीति चिर्नका लागि कडा रूपमा प्रतिवाद गर्ने नइ कठोर रहेनछन् ।

नइका नयनलाई सूक्ष्म रूपमा अवलोकन गर्दा यति धेरै देवत्व झल्कने रहेछ कि नइको कोमलताकै कारण नइलाई सबैले कर्मस्थल र धर्मस्थल बनाएछन् । यस अर्थमा नइ साहित्यको एउटा सेतु हो ।

कर्म त साँच्चिकै जीवनमा खुसी प्राप्त गर्ने प्रमुख स्रोत नै रहेछ । नइको कर्मबाट मलाई ठूलो हौसला मिलेको छ । मजस्तो भर्खर जन्मिँदै गरेको साहित्यको नवप्रतिभालाई नइको कर्मले उतैतर्फ निर्देशित र आकर्षित गरेको छ । नइले कोरेको स्पष्ट मार्गलाई देख्दा प्रफुल्लित हुन्छु । अनि निर्धक्क हुँदै विचारहरू अग्रपङ्क्तिमा तैनाथ हुन थालेका छन् । यिनै सशक्त विचारहरूले मनोवाद गर्दै छन् कि नइको प्रेरणाले मलाई मेरो साहित्यिक यात्रामा अलमलिने र रोकिनुपर्ने कुनै पनि क्षण आउने छैन । यसमा म स्वयम् पनि एउटा इँटा थप्नुपर्छ र सो कार्य गर्न सक्छु भन्ने आत्मविश्वास छ । नइको साहित्यिक यात्रा नेपाली साहित्यको इतिहासमै नवीन तौरतरिका अवलम्बन गर्ने संस्थाका साथै नइ उत्तिकै सफलता प्राप्तिसहित अनवरत रूपमा खट्न सदा तमतयार रहेको क्रियाशील संस्था हो । यसले साहित्यप्रेमीहरूको मात्र आस्थाको केन्द्रबिन्दु हैन कि राष्ट्रको नै ठूलो गौरव बढाएको छ ।

बालबालिकाको पौरख तथा स्तरवृद्धिमा नइले गरेको लगानीले साँच्चै नै मानवजीवनको पूर्वावस्थामै आशाका सुनौला किरणहरू देखाउने अभियान रचेको जस्तो लाग्छ । यसमा नइले संस्कार, संस्कृति तथा सभ्यताको बीजारोपण गर्न पछि परेको देखिँदैन । त्यति मात्र होइन जीवनको उत्तरावस्थामा एक्लिएका अशक्त बाबुआमाप्रति सन्तानले गर्ने स्पर्श, स्नेह, श्रद्धा तथा सम्मानसँगै कर्म र धर्म निभाउने महत्त्वपूर्ण सन्देश नइले साहित्यमार्फत साक्षात् रूपमा नै दिएको कुरामा कुनै द्विविधा छैन । नइले इतिहास भुलेको छैन । यसबाहेक इतिहासको सत्यतथ्य उजागर गरी सम्भार गरी संरक्षित राखेको छ । यसको साक्षात् साक्षी एक म पनि रहेर नियालिरहेको

ताजा अनुभव हो । यस अर्थमा नइ निष्पक्ष न्यायको पक्षमा बोल्ने, उभिने र रमाउने अथक न्यायप्रेमी र ऐतिहासिक संस्था हो ।

नइका नयनहरू सदाबहार रहेछन्; जुन कहिले नथाक्ने, नआत्तिने र नरोकिने रहेछन् । ती नयनहरूमा कुनै पनि हलचल आएकै छैन जसको कारण नइले बनाएको दृष्टिभरको उत्कृष्ट छविले हो या नइले गर्नुपर्ने धेरै कामहरू बाँकी नै छन् भनी ती नयनहरूले मीठामीठा सपनाहरू देख्दै, योजना बुन्दै छन् । मलाई यसमा ठूलै जिज्ञासा छ । तथापि समय र परिवेशलाई नियाल्दै गर्दा म यो निचोडमा पुगेको छु कि नइका ती शालीन नयनहरू अझै पनि नेपाली साहित्यको उन्नयन र श्रीवृद्धिका लागि नै तल्लीन छन् । त्यसैले नइका ती सुन्दर नयनहरूलाई मेरो उच्च श्रद्धा तथा सम्मान छ ।

# एउटा पाठशाला

## प्रा.पुरुषोत्तम दाहाल

भाषासाहित्य, कला र संस्कृति कुनै पनि राष्ट्रका स्पन्दन हुन् र ती चिरस्थायी हुनेछन् । प्रत्येक पुस्ताले, प्रत्येक व्यक्तिले संरक्षण गर्ने सोच बनाएन भने त्यो देशको आकार रहे पनि प्राणहीन शरीरजस्तो हुनेछ । कतिपयले भनेको सुनिन्छ, राजनीतिको मौलोमा बसेकाहरू र स्वयम् भाषासाहित्य, कला, संस्कृतिका साधकहरूबाट समेत कला,



भाषासाहित्य राष्ट्रका गहना हुन् । म यो कथनसँग पूर्ण असहमत छु । स्पन्दनलाई गहनासँग तुलना कसरी गर्न मिल्छ ? गहना, आभूषण बाहिरी शरीरको सुन्दरताका लागि साजसज्जा मात्र हुन् । स्पन्दन समग्र शरीर सञ्चालनको पहिलो र अन्तिम सर्त हो । स्पन्दनहीन शरीर माटोमा मिल्ने मुर्दा हो । स्पन्दनहीन देश पनि मुर्दासमान हुन्छ । युगौंदेखि भाषासाहित्य, कला, संस्कृति सम्पदाको निर्माण गर्दै, सुरक्षा गर्दै, विकास गर्दै हाम्रा पूर्वजहरूले धरोहरका रूपमा हामीसम्म ल्याइदिएका छन् । हाम्रो अर्थात् वर्तमान पुस्ताको जिम्मेदारी हो अर्को पुस्तालाई यी धरोहरको हस्तान्तरण । हस्तान्तरणको यही कर्ममा निष्ठाका साथ लागेको जोडी हो नइ । नइ अर्थात् नरेन्द्रराज र इन्दिरा अथवा नइ प्रकाशन ।

मैले नरेन्द्रराज प्रसाईलाई चिनेको साढे चार दशक व्यतीत भएको छ । नरेन्द्र मभन्दा उमेरले केही वर्ष जेठो भए पनि उनी मलाई दाजु भनेर पहिलेदेखि नै सम्बोधित गर्छन् र उनले यही शब्द प्रयोग गरिसकेकाले अब अभ्यस्त भइयो । कतिपय विषयवस्तु र प्रसङ्गसँग हामीबीच सहमति नहुन सक्छ । तर यतिखेर जसरी नेपाली भाषासाहित्य, कला, संस्कृति, इतिहास, अनुसन्धान आदि क्षेत्रमा नरेन्द्र र इन्दिराले निष्ठापूर्वक परिश्रम गरेका छन्, त्यस योगदानको मुक्तकण्ठले प्रशंसा नगरी नहुने भएको छ । राजधानीको असाध्य कठोर वास्तविकतासँग जुध्दै आदरणीय घटराज भट्टराई र मित्र जीवनचन्द्र कोइरालाको यस्तै साधना कार्यको म जहिले पनि प्रशंसक हुँ र रहेको छु । ती दुवै कर्मको समवेत कर्म नरेन्द्र इन्दिराको नइले पूरा गरिरहेको छ । अरू साधकहरू पनि हुनुहुन्छ । अनेक पुस्तकालयहरू छन्, पुरस्कारका गुठी र प्रतिष्ठानहरू छन् । उनीहरूको समेत सम्मान गर्नै पर्दछ । ती असल कर्म गर्ने सबैको सम्मान गर्दै अहिले म नइकै सन्दर्भमा जोडिएको छु ।

व्यक्तिगत रूपमा राजनीतिको माहोल छ । नरेन्द्र राजनीतिको खेलमा सहभागी नभएका होइनन् । पछिल्लो चरणमा राजसंस्थाको पक्षधर हुन् उनी । सदा आफ्नो कुरा छाती खोलेर भन्न सक्ने साहस छ उनमा । तर नेपाली साहित्यसाधनाका सन्दर्भमा, नेपाली भाषाभाषिका, कला, संस्कृतिको प्रवर्धनमा अनि समग्र राष्ट्रियताको संरक्षणका सन्दर्भमा नइ प्रकाशनले कुनै राजनीतिक रङ्गमा डुबुल्की मारेको छैन, देखिँदैन । जुनसुकै सिद्धान्त र विचारका प्रतिभा भए पनि नइ प्रकाशनले अनगिन्ती साहित्यकार, स्रष्टा, इतिहास अनुसन्धाता, कलाकर्मी सबैसबैको समान सम्मानमा आफूलाई निरन्तर समर्पित गरेको छ । यही कर्म र सिर्जनाले नरेन्द्र इन्दिरालाई संयुक्त रूपमा नइ बनाएको छ र भविष्यमा समेत नइले यस भावनालाई जीवन्त राख्नेछन् । अहिले जस्तै निरन्तर रहेमा भविष्यका पुस्ताका

लागि साहित्यको एउटा पाठशाला हुनेछ नइ पुस्तकालय र नइ प्रकाशन संस्था ।

नइ प्रकाशनमा म जम्मा दुई पटक मात्रै पुगेको छु । केही वर्षपहिले कुनै काममा र पछिल्लो पटक इन्दिरा प्रसाईकी ममतामयी माता, लेखिका दुर्गादेवी नेपालसँग संवाद गर्ने प्रसङ्गमा म नइगृह पुगेको हुँ । मेरो पहिलो कवितासङ्ग्रह 'साँध'को एउटा कविता जुन विभेद, जातीय छुवाछुतविरुद्ध सशक्त प्रहार थियो र सामाजिक रूपान्तरणका लागि आग्रहको चेतले भरिएको थियो, त्यस कवितामाथि इन्दिरा प्रसाईको बेजोड समीक्षा मैले उनकै कृति 'प्रिय नरेन्द्र' (२०६१) मा पढ्न पाएको थिएँ । मेरो उद्देश्य त्यो सशक्त कलमका लागि धन्यवाद दिनु थियो त्यस बेला नइगृह पुग्नु । इन्दिरा आफैँमा एक सशक्त हस्ताक्षर हुन् नेपाली साहित्यक्षेत्रमा । यो पटक आमाको अनुभवका केही पाटाहरूबारे चर्चा प्रसङ्ग थियो ।

नइ प्रकाशनमा हरेक दिन देशका विशिष्ट साहित्यकार, लेखक, कलाकार, संस्कृतिकर्मी, सम्पदा संरक्षक, पत्रकारहरूको दोहोरी चलिरहेको देखिन्छ र सुनिन्छ । त्यो दोहोरी आवतजावतको मूल आकर्षण नइ प्रकाशनका विविध काम र नइ पुस्तकालय हो । नइ पुस्तकालयमा हजारौँको सङ्ख्यामा भाषासाहित्यका कृतिहरू मिलाएर राखिएको रहेछ । अनुसन्धान र अध्ययनका लागि सदा सहयोगी छ पुस्तकालय व्यवस्थापन । आफ्नो निजी निवासमा यसरी विशाल पुस्तकालयको आफैँमा महत्त्वपूर्ण रहेको छ ।

'अर्को कुरा नइले राष्ट्रकवि माधव घिमिरे, शताब्दी पुरुष सत्यमोहन जोशीहरूको सम्मानमा धेरै योगदान दिएको छ । पशुपनिाथबाट वाग्मतीको पुल तर्दै गर्दा सञ्चारग्राम पुग्नुपहिले कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा र नाटचसम्राट् बालकृष्ण समको स्मारकले नइको योगदानलाई शब्द प्रदान गरिरहेको छ ।

मन र धन भएका अनि आफ्ना पुर्खा र आफ्नो नाम समाजमा दीर्घकालसम्म राख्न चाहने अनेक विशिष्ट सज्जनहरूको योगदानमा अनेक सम्मान पुरस्कार नइ प्रकाशनमा स्थापित छन् । नइका 'न' अर्थात् नरेन्द्रराज प्रसाई कट्टर राजसंस्थावादी भए पनि गणतन्त्रका पक्षधर र साम्यवादी आन्दोलनका सङ्घर्षशील अनेक व्यक्तित्वहरूबारे नइले गरेको कृति प्रकाशन, लेखन आफैँमा आश्चर्यलाग्दो छ । प्रजातान्त्रिक खेमाका खनूप्रुदे रामबाबु प्रसाई, प्रकाशमान सिंह, नरहरि आचार्य, पुरुषोत्तम बस्नेत, हरिहर विरही आदिदेखि साम्यवादी आन्दोलनमा स्थापित मोहनचन्द्र अधिकारी, माधवकुमार नेपाल, पुष्पकमल दाहाल 'प्रचण्ड', मोदनाथ प्रश्रित, नारायणमान बिजुक्छे, मोहन वैद्य 'किरण'लगायत अनेक व्यक्तिहरू नइभित्र समेटिएका छन् । नेपाली भाषाकी आदिकवयित्री ललितत्रिपुरसुन्दरीको कृति 'राजधर्म' र योगी नरहरिनाथको 'हिमवत्खण्ड' दुवै चर्चित कृति सार्वजनिक गरेर नेपाली राजनीति, सिङ्गो नेपाल र भाषासाहित्यलाई नइ प्रकाशनले नबिर्सने गुन लगाएको छ । त्यसो त आदिकवि भानुभक्त आचार्य, महाकवि लक्ष्मीप्रसाद देवकोटा, पारिजात, वानीरा गिरी आदिको जीवनीकृति प्रकाशनलाई पनि नइको प्रशंसनीय काम मानिन्छ ।

मेरो पत्रकारिता सन्दर्भमा मैले नरेन्द्रराज प्रसाईको प्रसङ्ग उल्लेख गरेको छु । २०४८ साल असारतिरको घटनाका सन्दर्भमा जुन बेला बहुदलीय पद्धतिको पुनर्स्थापनापछि भर्खर निर्वाचित प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला हुनुहुन्थ्यो र कर्मचारी आन्दोलन उत्कर्षमा थियो । मलाई केही जानकारीका लागि निर्दलीय पञ्चायतका अन्तिम प्रधानमन्त्री मरीचमान सिंहसँग भेट्नु जरुरी थियो । नरेन्द्रको सहयोग भयो त्यस बेला त्यो भेटका लागि । लामो छ त्यो प्रसङ्ग, कुनै दिन लेख्न पनि सकिएला ।

नेपालमा अहिले बुद्धिजीवीहरूको अवस्था आश्चर्यलाग्दो छ । नेपालमा कि काङ्ग्रेस छन्, कि कम्युष्टि छन्, कि राजाका समर्थक,

कि कुनै जातिविशेष र क्षेत्रविशेषको आधारमा मानिसहरूको पृथक परिचय स्थापित छ । परिचयका आधारमा सेवा, सल्लाह, सुझाव दिने वा कर्म गर्ने जमात छ हाम्रो । स्वतन्त्र, निष्पक्ष भन्नु शब्दमा सीमित भएको अवस्था छ । एकातिर राजसंस्थावादी हुनु र अर्कातिर जुनसुकै विचारका हुन् वा दलमा आबद्ध हुन्; साहित्यकार, राजनीतिकर्मी उनीहरूको सिर्जनालाई प्रकाशन, संरक्षण, प्रवर्धन गर्नु आफैँमा विरोधाभासपूर्ण लाग्छ । तर नइले यस्तै विरोधाभास काम गरिरहेको छ सफलतापूर्वक । यथार्थमा नइको दृष्टिकोणमा पहिलो– राष्ट्रको स्वतन्त्र सार्वभौमसत्ता हो र त्यसलाई बचाउन राजसंस्था आवश्यक छ भन्ने देखिन्छ । दोस्रो हो– बडामहाराजाधिराज पृथ्वीनारायण शाहको नेतृत्वमा आरम्भ एकीकरण र जङ्गबहादुर राणाले फिर्ता गरेको भूमिको ऐतिहासिकतालाई नेपालीहरूले बिर्सनु हुँदैन । अहिले पितापुर्खा बिर्सनेहरूको विशाल पङ्क्ति विद्यमान छ नेपालमा । तेस्रो– नइले देश जोड्ने तीन महत्त्वपूर्ण पक्षको वकालत गरिरहेको देखिन्छ; राजसंस्था, सनातन धर्म र नेपाली भाषा । यी तीन पक्षले हिमाल, पहाड, तराई पूर्वपश्चिम जोड्ने काम गरेको हुनाले आज पनि यिनको आवश्यकता छ भन्ने नइको मान्यता छ । अर्थात् विशुद्ध राष्ट्रिय चिन्तन नइभित्र रहेको छ । यो चिन्तनसँग सहमत वा असहमत अरूका आआफ्नै धारणाहरू छन् र यसमा विवाद हुन सक्छ । तर नइले आफ्नो मान्यतासँग मेल हुने वा नहुने समान रूपमा साहित्यको अनवरत पक्षपोषण गरिरहेको छ । नइले कुनै राजनीतिक दलको पक्षपोषण गरेको सुनिँदैन । नइका विचार दृष्टिकोणका आधारमा उसले काम गरेको नदेखिएको हुनाले यो संस्था पूर्णतः गैरराजनीतिक, गैरदलीय, स्वतन्त्र र निष्पक्ष रहेको पुष्टि हुन्छ । नइको यो स्वतन्त्र र निष्पक्ष छविले निरन्तरता पाइरहेको छ र सधैँ पाइरहोस् भन्ने मेरो कामना रहेको छ ।

# अक्षरहरूको कीर्तिमान

**प्रभा बराल**

'फूलको बास्ना वरिपरि, मान्छेको बास्ना डाँडापारि' भन्ने उखान हुँदै श्रवणीय लाग्छ मलाई । राम्रो कार्यले मानिसहरूको मन मस्तिष्कमा निकटवर्ती प्रभाव त छोड्छ नै, दूरवर्ती भूगोलमा समेत कम्पन ल्याउँछ । हो, सत्कर्मको कम्पन । सकारात्मक तरङ्गहरूको कम्पन । इतिहास घटनाहरूको दस्तावेज हो । राजनैतिक, ऐतिहासिक, सामाजिक, भौगोलिक अनेक विषयका आफ्नै इतिहास छन् । तीमध्ये नेपाली साहित्यको इतिहासमा पनि नइ प्रकाशनको योगदान सर्वथा भिन्न र उचाइमा रहेको छ । यसको महसुस हामी भाषासाहित्यसेवीले सजिलै गर्न सक्छौँ । नइका गतिविधि र नेपाली साहित्यका क्षेत्रमा यसको योगदानबारे मनग्गे चर्चा भने अपर्याप्त नै छ ।



२०५२ सालबाट आरम्भ भएको नइ प्रकाशन २०७९ सालसम्म आइपुग्दा एक सय साठीभन्दा बढी पुस्तक प्रकाशन गर्ने प्रकाशनगृह भइसकेको छ । वरिष्ठदेखि कनिष्ठसम्मका स्रष्टालाई स्थान दिई विभिन्न विधाका पुस्तक प्रकाशन गर्न सफल यो प्रकाशनगृहले पुस्तक प्रकाशनसँगै साहित्यका क्षेत्रमा निकै महत्त्वपूर्ण कार्यसमेत

गरेको छ । राष्ट्रकविको उपाधिका लागि सरकारसँग गरेको पहल, त्रिमूर्ति निकेतनको निर्माण, अरनिकोको सालिक निर्माण, प्राज्ञको आजीवन सदस्यता पुनरबहाली, भानुभक्त आचार्यको द्विशतवार्षिकी, नेपाली साहित्यका विश्वनारी रत्नको उपाधि र रथारोहण, वाङ्मय शताब्दी पुरुषको उपाधि, महासमालोचकको उपाधि, स्रष्टाहरूलाई विभिन्न सम्मान, पुरस्कार र अभिनन्दनका अनेक शृङ्खला विगतका क्रियाकलाप हुन् । यिनको निरन्तरता पछिल्ला दिनमा पनि अवश्य हुनेछन् । यसका लागि नइ प्रकाशन र यसका सम्पूर्ण पदाधिकारीहरूप्रति मेरो नमन र हृदयतः शुभकामना छ ।

यो सन्दर्भसँगसँगै नइ प्रकाशनका परिकल्पनाकार र साहित्यका साधकबारेको मेरो पूर्व चिनारी कस्तो थियो भन्ने बारेमा केही लेख्न उत्साही भएँ । अवश्य पनि यो प्रसङ्ग पठनीय नै हुनेछ ।

साहित्यिक पत्रपत्रिकामा छापिने लेख, रचनाहरूबाट मैले नइदम्पतीलाई चिन्दै आइरहेकी थिएँ । इन्दिरा प्रसाई नेपाली साहित्य जगत्की सशक्त महिला हस्ताक्षर हुन् । 'गोरखापत्र'की कार्यकारी अध्यक्ष, प्राध्यापक व्यक्तित्व र करिब चार दर्जनभन्दा बढी प्रकाशित पुस्तकले उनको साहित्यिक कदको मूल्याङ्कन हुन्छ । उनको उपन्यास, कथा, कविताका पुस्तकहरू र समसामयिक लेख 'मधुपर्क'लगायत अन्य साहित्यिक पत्रपत्रिकामा नियमित पढ्दै आइरहेकी थिएँ । उनको 'ए समुद्र'नामक लामो कविता पढेपछि त झन् विदेश जाँदा समुद्र देख्नेबित्तिकै उनलाई सम्झिन थालेकी थिएँ ।

नरेन्द्रराज प्रसाईका बारेमा पनि उत्तिकै जानकार थिएँ । उनका जीवनीलेखन, गीत, निबन्ध र सम्पादनका पुस्तकसँग पाठकीय नाता छँदै थियो । पोहोर डोल्पा जाँदा जनकलाल शर्माको 'कौतुकमय डोल्पो' पुस्तकसँगै उनले डोल्पा भ्रमणका बारेमा लेखेको 'ठाँगे उक्लेपछि' नियात्रासङ्ग्रह सम्झेकी थिएँ । २०३५ सालमा गाडी र गाडी नपाउने ठाउँमा हिँडेरै नेपालगञ्ज, सुर्खेत, दैलेख, जुम्ला हुँदै

डोल्पा गएको निकै रोचक नियात्रा पनि मेरो स्मृतिपटलमा नाचिरहेको छ अहिले पनि ।

लेखकीय संसारबाट चिनेको यो नामसँग भावनात्मक रूपमा यति परिचित थिएँ कि भौतिक रूपमा लेखकसँग भेट्न हतारो नै लागेको थिएन । यसै क्रममा त्रिमूर्ति निकेतनले २०७१ साल जेठ १५, १६, १७ गते 'विश्वनारी नेपाली साहित्य सम्मेलन' आयोजना हुने भन्ने सूचना सामाजिक सञ्जालबाट प्राप्त गरेँ ।

विश्वका बीसवटा मुलुकमा बसोबास गरिरहेका नेपाली नारीस्रष्टाहरूले कार्यपत्र प्रस्तुत गर्ने समाचार सुनेँ । त्यसका अतिरिक्त चौध अञ्चलका नारीस्रष्टाहरूको उपस्थिति रहने, दर्जनभन्दा बढी साहित्यिक कृतिको विमोचन हुने ऐतिहासिक कार्यक्रमबारे पनि सुनेँ । म राजधानीमै बसोबास गर्थें । कार्यक्रमबाट निम्तो पनि पाएँ । यति हुँदाहुँदै पनि अत्यन्त जरुरी काम परेकाले तीनै दिन कार्यक्रममा उपस्थित हुन सकिनँ । कार्यक्रमबारे विभिन्न प्रस्तुतिहरू सामाजिक सञ्जालबाट नियालिरहेकी थिएँ । सबैभन्दा महत्त्वपूर्ण कुरा 'नेपाली साहित्यका विश्वनारी रत्न'को उपाधिबाट डा.वानिरा गिरी विभूषित भएकी थिइन् । उनको रथारोहण भएको थियो । 'कारागार', 'निर्बन्ध', 'शब्दातीत शान्तनु'जस्ता उत्कृष्ट उपन्यास लेख्ने वरिष्ठ साहित्यकार राष्ट्रको सम्मानबाट ओझेल परेकी थिइन् । हुन त उनले आफ्ना कृतिबाट पाठकको माया र सम्मान प्रशस्त पाएकी थिइन् । यस्ता विराट् प्रतिभालाई सरकारले उच्च मूल्याङ्कन गर्नुपर्ने थियो । उनको विद्वताको कदरमा राज्यपक्षबाट कमी गरिएको महसुस हामी सबैलाई भइरहेको थियो । नेपाली साहित्यमा पहिलो पटक विद्यावारिधि गरेर अर्को इतिहास रचेकी उनीमाथि नइ प्रकाशनले यति ठूलो सम्मान अर्पण गर्दा हर्षले गद्गद बनेकी थिएँ म । राजधानीमै बसेर पनि यति ठूलो कार्यक्रममा सहभागिता जनाउन नपाउँदाको ग्लानिबोधले

उस्तै थिचिएकी थिएँ । निकै भव्य रहेको यस कार्यक्रमको प्रशंसा पछि निकै समयसम्म पनि सुनिरहेँ मैले ।

२०७२ सालको असार महिनामा म विवेक सिर्जनशील प्रकाशनको कार्यालय डिल्लीबजारमा थिएँ । समालोचक प्रमोद प्रधान पनि सँगै हुनुहुन्थ्यो । उहाँ नइ प्रकाशनगृह घट्टेकुलो जाने तरखरमा हुनुहुन्थ्यो । जेठ महिनाको कार्यक्रममा नइ प्रकाशनले 'विश्वनारी साहित्यकार परिचय कोश' पनि प्रकाशन गरेको थियो । त्यस पुस्तकमा म पनि अटाएकी थिएँ । उक्त पुस्तक लिन जान मलाई पनि आवश्यक थियो । प्रमोद प्रधानसँगै म पनि जान तम्सिएँ ।

डिल्लीबजारको चौतारोबाट पूर्वतिरको गल्ली हुँदै हामी नइ प्रकाशनगृहमा पुग्यौँ । यो नइदम्पतीको निवासस्थान पनि थियो । म त्यति बेला नाम चलेका राष्ट्रिय दैनिकहरूमा अखबारीलेखन पनि गर्थें । 'बहिनीलाई पत्रिकामा मैले पढेको छु है !' भनी नरेन्दराज प्रसाईले भन्दा म खुसीले मुस्कुराएँ ।

केही हप्ताअघि मात्र सकिएको विश्वनारी सम्मेलनबारे कुरा भए । यति गहन कार्यक्रम सम्पन्न गर्नुभएकोमा हृदयदेखि नै बधाई टक्र्याएँ । यति सुन्दर कार्यक्रमका बारेमा व्यापक रूपमा पत्रपत्रिकामा समाचारहरू आउन पर्ने हो, अलि कम आएका हुन् कि भनेर आफ्नो जिज्ञासा उहाँहरूसमक्ष राखेँ ।

इन्दिरा प्रसाईलाई मेरो कुराले झन् मर्माहत बनाएछ । 'त्यही त बहिनी, हाम्रो देशका कतिपय पत्रकार हुन् कि पत्रुकार कुन्नि ! हाम्रो यो कार्यक्रमलाई ओझेलमा पार्न खोज्दै छन् । हाम्रो भलो नचाहनेका कुरा सुनेर हामी निराश भएका छैनौँ, केही पाइएला भनेर गरेका पनि होइनौँ । तर पनि पत्रकारिताको मर्यादामा रहनेले यो समाचार त समेट्नै पर्छ, त्यसमा ए बी सी जो भए पनि । हामी आफ्नो निष्काम कर्मयोग गरिरहेका छौँ, गरिरहनेछौँ ।' उनले अत्यन्त

भावुक हुँदै भनिन् । उनको आवाजमा साहित्यप्रतिको असीम माया, निष्ठा र प्रेमको ओज झङ्कृत भइरहेको थियो ।


नइ प्रकाशनको पुस्तकालय देखेर म झन् छक्क परेँ । यति पवित्र परिसरमा आफ्ना पाइला राख्न पाउँदा म आफैँलाई धन्य महसुस गरेँ । हजारौँ पुस्तकका चाङहरू र्‍याकमा सजिएका थिए । पुस्तकालयको आडैमा एउटा कोठा पाहुनाका लागि छुट्ट्याइएको रहेछ । 'राजधानीबाहिरका र देशबाहिरका कुनै पनि साहित्यकार नइ प्रकाशनलाई माया गरेर आउँछन् भने हामी सम्मानसाथ उनीहरूलाई आतिथ्य प्रदान गराउँछौँ ।' नइदम्पतीले यति भन्दा मेरो अनुहारहरूभरि लालीगुराँसका थुँगाहरू रातै भएको मैले अनुभूत गरेँ । साहित्यलाई माया गरेर यसरी मरिमेट्ने हाम्रो देशमा कति जना होलान् भनेर मैले मनमनै गमेँ । सरकारको नुन खाएर साहित्यसेवा गर्नेहरूले पनि यतिको सद्भाव राख्न सकेका छैनन । व्यक्तिगत स्तरबाट यसरी खटिनु, साहित्यसेवा गर्नु चानचुने कुरा हो र भन्ने मलाई लाग्यो । 'म कुनै दिन, दिनभर बस्ने गरेर यो पुस्तकालयमा आउँछु है ?' किताबप्रतिको मेरो अथाह भोकलाई तत्क्षण शान्त बनाउन मैले यसो भनेँ ।

'बहिनीलाई हरपल स्वागत छ' कति मीठो वाक्य थियो त्यो । मैले यसो भनेको पनि सात वर्ष भएछ, म उक्त पुस्तकालयमा जान पाएकी रहेनछु । बरु यो बीचमा मैले पनि करिब दुई हजारभन्दा माथि साहित्यका पुस्तक सङ्कलन गरेर आफ्नै घरको एउटा कोठामा सानो पुस्तकालय निर्माण गर्न पुगेँ । यो प्रेरणा र हौसलाको अलिकति हिस्सेदार नइ प्रकाशन पनि हुन सक्छ । फुर्सद हुनासाथ आजभोलि म यही किताबी संसारमा रमाउँछु । यही अध्ययन कोठामा बसेर नइ प्रकाशनबारे यो लेख लेख्न पाउँदा प्रसन्न बनेकी छु । आगामी दिनमा यो संस्थाले अझ धेरै उन्नति गरोस् । अक्षरहरूका माध्यमबाट साहित्यमा नयाँनयाँ कीर्तिमान हासिल गरोस् । साहित्यिक व्योममा नइ प्रकाशन जूनताराझैँ चम्किरहोस्, अनन्तअनन्त शुभकामना !

# नौलो र अविस्मरणीय

## प्रमोद प्रधान

नइ प्रकाशनले स्थापनाको पच्चिसौँ वर्ष भव्य र सभ्य रूपमा मनाइसकेको छ । कुनै पनि संस्थाका लागि पच्चिस वर्ष छोटो समय होइन तर अत्यन्त लामो पनि होइन । तथापि, 'हुने बिरुवाको चिल्लो पात' संस्थाहरूले यस अवधिमा व्यक्तिले देख्ने गरी, समाजले थाहा पाउने गरी र राष्ट्रले अनुभूत गर्न सक्ने गरी



थुप्रै काम गर्न सक्छन् । मलाई लाग्छ, यसैको ठोस, सार्थक र महत्त्वपूर्ण एउटा उदाहरण हो– नइ प्रकाशन । नइ प्रकाशनले गरेका योगदानहरू भाषासाहित्य, कला, संस्कृतिलगायत विभिन्न क्षेत्रका विविध फाँटमा यसरी फैलिएका छन्; तिनलाई नसम्झेसम्म नइबारे मैले लेखेका कुराहरू अपूरा हुन्छन् भन्ने मलाई लागिरहेको छ । त्यसैले नइ प्रकाशनको कुरा गर्दा नइसँग जोडिएका नामहरू नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको चर्चा स्वभावत: हुन्छ, हुनै पर्छ ।

**इसँग 'पिता पुस्ता'देखिको सम्बन्ध**

सबैभन्दा पहिले म नइको 'इ'सँग जोडिएका प्रसङ्गहरू उल्लेख गर्न चाहन्छु । 'इ' अर्थात् इन्दिरा प्रसाई ! इन्दिरा प्रसाईसँग मेरो

परिचयको उमेर करिब पचास वर्ष हुन लागेको छ । तर दुई परिवारबीचको सम्बन्ध भने 'पिता पुस्ता'मा नै गाँसिएको हो । मेरो बुबा डिगमप्रसाद प्रधान र इन्दिरा प्रसाईका पिता गणेशप्रसाद शर्माबीचको सम्बन्धको निरन्तरता नै हो हामीबीचको सम्बन्ध । त्यसलाई भाषासाहित्यसँगको हामी दुवैको आबद्धताले अझ प्रगाढ बनाएको छ । मेरो 'चिना' पनि आदरणीय गणेशप्रसाद शर्माले नै बनाउनुभएको हो भन्दा मलाई गर्व महसुस हुन्छ । उहाँ 'प्राज्ञिक व्यक्तित्व' हुनुहुन्थ्यो र उहाँको व्यक्तित्वका केही छिटाहरू मैले पनि प्राप्त गरेँ कि भन्ने लाग्छ मलाई । हामी विराटनगरको महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसमा पढिरहेका बेला गणेश सर 'दाह्री सर'को नामले विख्यात हुनुहुन्थ्यो । पछि नयाँ शिक्षा योजना लागू भएपछि विराटनगरबाट सरुवा गरिएपछि उहाँले राजीनामा दिनुभयो र त्यसपछि वकालत हुँदै जग्गा किनबेचको कारोबारमा जम्नुभयो ।

क्याम्पसमा अध्ययनरत रहेको बेला हामीले अनौपचारिक रूपमा युवा साहित्यिक परिवारमा सङ्गठित भएर साहित्यिक यात्रामा लाग्ने सामूहिक अठोट गर्‍यौँ, जसमा अन्य धेरै साथीहरू पनि थिए । त्यस बेला क्याम्पसछेउमा रहेको इन्दिरा प्रसाईको घरमा कैयौँ पटक हामी भेला भएर साहित्यिक रचना वाचन र छलफल गरेको अहिले पनि म सम्झन्छु । कैयौँ कविगोष्ठीहरूमा सँगै रचना पाठ गरेको मलाई झलझली याद आउँछ । हाम्रो त्यो विगतले के कुरा स्पष्ट पार्छ भने इन्दिरा प्रसाई कुनै लहडले साहित्यमा लाग्नुभएको होइन । नेपाली भाषासाहित्यप्रतिको असीम प्रेमले उहाँलाई यस क्षेत्रमा डोर्‍याएको हो ।

### 'न' र म

'नइ'मा रहेको पहिलो अक्षर अर्थात् नरेन्द्रराज प्रसाई ! नरेन्द्रराज प्रसाईसँग मेरो परिचय कहिले भयो भन्ने कुरा म भन्न सक्दिनँ, सम्झना छैन । लेखकका रूपमा भने धेरै अघि नै परिचय भएको हो । विशेष गरी गीत, निबन्ध र जीवनीका माध्यमबाट उहाँले सुरुदेखि

नै आफूलाई सिर्जनाका क्षेत्रमा प्रस्तुत गरिरहनुभएको थियो । तिनै गीत, निबन्ध र जीवनीका माध्यमबाट लेखक नरेन्द्रराज प्रसाईलाई मैले चिन्ने अवसर पाएको थिएँ । मलाई लाग्छ, हामीबीच भेटघाट भएको पनि साढे तीन दशक नाघिसकेको छ । यस अवधिमा नेपाली भाषासाहित्यप्रतिको उहाँको योगदान र समर्पण लेखनका अतिरिक्त विभिन्न क्षेत्रमा देखिइसकेको छ, त्यसैको प्रतिफल नइ प्रकाशन पनि एउटा हो । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले संस्थागत रूपमा नेपाली वाङ्मयका क्षेत्रमा दिँदै आएको योगदानलाई म 'ऐतिहासिक' भन्न रुचाउँछु ।

**कृति प्रकाशनका माध्यमबाट योगदान**

**क) विशिष्ट प्रकाशनको शृङ्खला**

नइ प्रकाशनका माध्यमबाट भएका योगदानहरूको चर्चा गर्दा सबैभन्दा पहिले यसले प्रकाशन गरेका पुस्तकहरूका बारेमा नै केही भन्नै पर्छ । कुरा के हो भने– नइले प्रकाशन गरेका कृति विशिष्ट कोटिका हुन्छन् र नइबाट कृति प्रकाशित हुन थालेपछि अरू प्रकाशन गृहहरूका किताप छपाइका स्तरमा पनि सुधार आउन थालेको देखिन्छ । नइ प्रकाशनले प्रकाशित गरेका कृतिहरूको स्तरीयता र विशिष्टताले स्वयम् नइको परिचयलाई प्रमाणित गर्दछ ।

**ख) नयाँ पुस्तालाई प्रोत्साहन**

साहित्यमा अग्रज पुस्तालाई सम्मान गर्नु जति आवश्यक छ, नयाँ पुस्तालाई प्रोत्साहन दिएर अघि बढाउनु पनि उत्तिकै आवश्यक हुन्छ । यो तथ्यलाई नइ प्रकाशनले आफ्नो मार्गदर्शनको रूपमा लिएको देखिन्छ । नयाँ पुस्ताका धेरै लेखकका कृतिहरू पनि नइ प्रकाशनबाट प्रकाशित भएका छन् । साहित्यमा टुकुटुकु हिँड्ने धेरै नयाँ स्रष्टालाई नइ प्रकाशनले स्थापित गरेका धेरै उदाहरणहरू छन् ।

### ग) ऐतिहासिक महत्त्वका कृतिहरू

पछिल्लो समयमा नेपाली भाषासाहित्यका ऐतिहासिक कृतिहरू बजारमा पाइन छाडेको छ । एकातिर प्रकाशन संस्थाहरू अत्यन्त व्यावसायिक भएका छन् भने अर्कातिर साहित्यको बजारको अवस्था सन्तोषजनक छैन । त्यसैले ऐतिहासिक महत्त्वका कृतिहरू पुन: प्रकाशन हुन छाडेको अवस्थामा नइ प्रकाशनले ललितत्रिपुरसुन्दरीकृत 'राजधर्म', योगी नरहरिनाथको 'हिमवत्खण्ड' (हिमालयको पौराणिक इतिहास) पुन: प्रकाशन गरेर नेपाली भाषासाहित्यलाई बिर्सिनसक्नु गुन लगाएको छ । यस प्रकारका अन्य विविध कृतिहरू प्रकाशित गरेर नइ प्रकाशनले आफ्नो पहिचानलाई झन् बलियो बनाएको छ ।

## अग्रजहरूप्रतिको सम्मान

### क) विशिष्ट साहित्यकारहरूको प्रतिमा स्थापना

नइ प्रकाशन र यसमार्फत गरिएका कामहरूले एउटा नयाँ सन्देश दिन्छ, त्यो हो अग्रजहरूप्रतिको सम्मान ! वास्तवमै, जबसम्म हामी हाम्रा पुर्खाका गौरव र इतिहासलाई सम्झिन्नौँ, पढ्दैनौँ, हामीले भविष्यमा गर्नुपर्ने कामबारे हामी अन्योलमा हुन्छौँ । अग्रज पुस्तालाई सम्मान गर्ने यस्तो गुण सबैमा हुँदैन । मुखले गर्नु र त्यसलाई व्यवहारमै उतार्नु फरक कुरा हुन् । नइले भने व्यवहार र कामबाट नै यसलाई प्रमाणित गरेर देखाएको छ । नइ प्रकाशनसँग घाँटी जोडिएको त्रिमूर्ति निकेतनमार्फत सञ्चारग्राममा स्थापित कविशिरोमणि लेखनाथ पौडयाल, नाटयसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाका प्रतिमा स्थापना यसको सबैभन्दा सुन्दर उहाहरण हो । सँगसँगै तीन जनाको नाममा छुट्टाछुट्टै संस्था या समिति र लाखलाख रुपियाँ राशिका तीनवटा पुरस्कार स्थापना गरी उनीहरूलाई नियमित सम्झनु सानो कुरा होइन ।

**ख) विशिष्ट व्यक्तिहरूलाई उपाधि प्रदान**

अग्रजहरूप्रतिको सम्मानको अर्को उदाहरण, विशिष्ट कवि माधव घिमिरेलाई 'राष्ट्रकवि' र विशिष्ट संस्कृतिविद् सत्यमोहन जोशीलाई 'वाङ्मय शताब्दी पुरुष'को उपाधि राज्यबाट प्रदान गर्नका लागि गरिएको विशिष्ट र महतम प्रयास पनि हो । नइकै प्रयासकै फलस्वरूप दुई विशिष्ट साधक स्रष्टा ती उपाधिबाट विभूषित हुनुभयो । यसै गरी विशिष्ट कवयित्री डा.वानीरा गिरीलाई 'विश्वनारी रत्न' र वरिष्ठ समालोचक प्रा.डा.वासुदेव त्रिपाठीलाई 'महासमालोचक' उपाधिबाट सम्मान गरेर पनि नइले आफूलाई अरूभन्दा फरक देखाएको छ र सम्मान गर्नुपर्ने व्यक्तिहरू राज्यबाट उपेक्षित भए पनि उनीहरूलाई निजी क्षेत्रबाट पनि सम्मान गरेर त्यसको क्षतिपूर्ति गर्न सकिन्छ भन्ने सन्देश दिएको छ ।

**ग) व्यक्तिसम्बद्ध कृति प्रकाशन**

नइ प्रकाशनले प्रकाशित गरेका पुस्तकहरूको सूची हेर्ने हो भने एउटा तथ्य स्पष्ट हुन्छ, त्यो के हो भने धेरैले नसम्झिएका विशिष्ट स्रष्टाहरूका बारेमा कृतिको प्रकाशन । नेपाली साङ्गीतिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरू सेतुराम, नातिकाजी, कोइलीदेवी र तारादेवीका बारेमा होस् वा माधव घिमिरे, सत्यमोहन जोशी, ईश्वरवल्लभ, प्रेमा शाह, घटराज भट्टराईजस्ता साहित्यकारहरूबारेमा होस्, आफैँले लेखेर अनि अरूहरूलाई लेखाएर ग्रन्थ प्रकाशन गर्नु चानचुने कुरा होइन ।

अहिले त कतिपय साहित्यकारहरूले आफ्नै बारेमा लेखाउने, चर्चापरिचर्चा कार्यक्रमको आयोजना गर्ने र भाषासाहित्यलाई सम्मान र पुरस्कार विनिमयको साधन बनाउने कुत्सित कार्यमा लागिरहेको अवस्थामा भानुभक्त आचार्य र लक्ष्मीप्रसाद

देवकोटासम्बद्ध थुप्रै कृतिहरूको प्रकाशन गरेर नइ प्रकाशनले दिएको योगदान कसले बिर्सन सक्छ र ? आदिकवि भानुभक्त आचार्य र उनका रचनाबारे लेखिएका विविध कृतिहरूले आदिकविप्रतिको नइको समर्पणलाई स्पष्ट पार्छ । त्यसै गरेर देवकोटासम्बद्ध विभिन्न कृतिहरू प्रकाशित गरेर पनि नइले विशिष्ट काम गरेको छ ।

**अनेक पुरस्कार : सबैलाई सम्मान**

नइ प्रकाशन नै एउटा त्यस्तो संस्था हो; जसले स्थापना गरेका पुरस्कारले सबै उमेरसमूह, सबै वर्ग, सबै विधालाई समेटेको छ । यसले स्थापना गरेका पुरस्कारहरूको सङ्ख्या तीस पुगेको छ । यी पुरस्कारहरू भाषा र साहित्यमा मात्र केन्द्रित नभएर विभिन्न क्षेत्रसम्म विस्तारित छन् । विषयगत आधारमा हेर्दा धर्म, संस्कृति, राष्ट्रवादी चिन्तन, गीतसङ्गीत, सम्पादन, खोजसम्म विस्तारित नइ प्रकाशनका पुरस्कारहरूले भूगोलका दृष्टिले अन्तर्राष्ट्रिय व्यक्तितत्व, राष्ट्रिय व्यक्तितत्व र मोफसलका व्यक्तितत्वसम्मलाई समेटेको छ । यस्तै महिला, अन्धअपाङ्ग र तेस्रो लिङ्गीसम्मलाई पुरस्कारमा समेट्नु नइको दूरदृष्टिको परिचायक हो भन्ने मलाई लाग्छ । पेसागत क्षेत्रमा योगदान गर्नेहरूलाई पनि नइ प्रकाशनले बिर्सेको छैन । यसका अतिरिक्त बालबालिकाकेन्द्रित थुप्रै पुरस्कारका माध्यमबाट बालप्रतिभाहरूलाई आआफ्ना क्षेत्रमा अघि बढ्न उत्प्रेरित गर्ने कार्य पनि नइ प्रकाशनले गर्दै आएको छ । यसले साहित्य, चित्रकला, सङ्गीत, नृत्य, खेलकुद क्षेत्रसम्मलाई समेटेको छ भने अझ कम उमेरका कोपिला र चिचिला प्रतिभाहरूलाई पनि विभिन्न पुरस्कार दिने गरेको छ । यसबाहेक बहुआयामिक पुरस्कारका नाम दिइने पुरस्कार पनि उत्तिकै छन् । यसैले नइ प्रकाशन सबै विधा, सबै भूगोल र सबै उमेरसमूहलाई सम्मान गर्न कटिबद्ध छ भन्ने सन्देश दिन्छ ।

नइ प्रकाशनका बारेमा अरू धेरै लेख्न सकिन्छ । नइ प्रकाशनमार्फत भएका कामहरू सबै हाम्रा आँखाअगाडि छर्लङ्ग छन् । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको व्यक्तित्वको एउटा महत्त्वपूर्ण पाटो स्रष्टा व्यक्तित्व हो भने अर्को व्यक्तित्व संस्थामार्फत गर्दै आएको विभिन्न गतिविधिहरू हुन् । दिनरात नभनी यसरी खट्नु पक्कै सजिलो छैन । तर भाषासाहित्य अरू भनौँ, वाङ्मयप्रतिको श्रद्धाले यी सब सम्भव भएका हुन् । यो श्रद्धा विकसित र विस्तारित भइरहेको छ र अझै होस् पनि ।

# साधना र तपस्या

**प्रीति आत्रेय ज्ञवाली**

सामान्यतया नइको शाब्दिक अर्थ हिन्दीमा 'नयाँ' भन्ने हुन्छ । तर नइ प्रकाशनको हकमा भने नइको शाब्दिक अर्थ हो, एक साहित्यिक जोडी, जसको पहिलो अक्षर न र इ जोडिई नइ बन्छ । नइभित्रका साहित्यिक जोडी नरेन्द्र र इन्दिरा नामको पहिलो अक्षरबाट बनेको हो, जसले साहित्यिक जोडीका रूपमा उदाएर एउटा सिङ्गो नयाँ संस्थाको उत्पत्ति भयो । जसको नाम नइ प्रकाशन भनेर राखियो । मैले थाहा पाएअनुसार आजसम्म नेपालमा कुनै साहित्यिक जोडीले आफ्नै नामको अक्षर जोडी बनाएर यति लामो समयसम्म चलाएको कुनै संस्था छैन । आफ्नै एकल प्रयासमा आफ्नै अनवरत साहित्य साधनामा समर्पित रहँदै विशुद्ध साहित्यिक प्रकाशन गर्ने पहिलो नेपाली गैरराजनीतिक संस्था हो– नइ प्रकाशन ।



नइ के हो ? यसको प्रणेता को हो ? भन्ने कुरा मैले हाम्रा प्रात:स्मरणीय बुबा प्रा.डा.विष्णुराज आत्रेय 'लाटोसाथी'बाट थाहा पाएकी हुँ । बुबाको मुखबाट नै मैले नइ प्रकाशन र नइका साहित्यिक जोडीलाई चिनें । बुबा आफैँ पनि एक प्राज्ञ एवं साहित्यकार भएको

हुँदा साहित्यप्रति बढी लगाव त छँदै थियो । साथै साहित्यिक क्षेत्रमा भएका र हुन गइरहेका हरेक क्रियाकलापबारे बुबालाई सबै ज्ञात थियो । नइका विभिन्न कार्यक्रमहरूमा बुबाका निमित्त निमन्त्रणाहरू आउँथे । प्राय:जसो नइका संस्थापक आफैँ निमन्त्रणा दिन आउनुहुन्थ्यो भने कहिले फेरि अरू कार्यक्रमहरूमा भेट भएका बेला निमन्त्रणा मिल्दथ्यो । म पनि साहित्यमा रुचि राख्ने हुँदा कहिलेकाहीँ बुबासित साथ लाग्दा रसियन कल्चर सेन्टर, कमलपोखरीमा भएका नइका केही कार्यक्रमहरूमा गएकी छु ।

कलम चलाउँदै गर्दा यो पङ्क्तिकारलाई बाइस वर्षअघिको कुराको सिंहावलोकन भयो । एक दिनको कुरा हो, म घरमै थिएँ । हामी बाबुछोरी हाम्रो घरको बैठक कोठामा थियौँ । त्यही बेला घरको ढोकामा घन्टी बज्यो । ढोका खोल्दा नइका न अर्थात् नरेन्द्रराज प्रसाई हाम्रो घरमा आउनुभएको रहेछ । त्यति बेला उहाँ आफ्नी छोरी अनुकृतिकाको सम्पादनमा नइबाट प्रकाशन हुन लागेको ‘कवचमन्त्र’ को सामग्री खोज्ने सिलसिलामा बुबासित विचार विमर्श गर्न आउनुभएको रहेछ । गौशाला राम मन्दिरको हनुमान् मूर्तिको तलको सङ्गमरमरको लामो सेतो प्रस्तरमा बुबाको नेपालीमा रूपान्तरित हनुमान् चालिसा नरेन्द्रराज प्रसाईले पढ्नुभएछ र सोधखोज गर्दै त्यहाँ आउनुभएको रहेछ । बुबाले घरनजिकैको पशुपति जाने ओरालोनजिकको शिव मन्दिरको बाहिर भित्तामा पनि आफूले रूपान्तरण गरेको नेपाली हनुमान् चालिसा लेखिएको अवगत गराउनुभयो । अनि आफ्ना विविध ठाउँका र घरमै अवस्थित हनुमान्को मूर्तिको चित्रसहितको आफ्नो रूपान्तरण गरेको हनुमान् चालिसा पुस्तक, जसमा हनुमान् चालिसा, हनुमानाष्टक, सीताराम भजन र आरती रहेको पनि नरेन्द्रराज प्रसाईले देखाउनुभयो । अर्को दिन नरेन्द्रराज प्रसाईका छोराछोरी कञ्चनजङ्घा प्रसाई र अनुकृतिका प्रसाईलाई नेपालीमा रूपान्तरित हनुमान् चालिसाको प्रति बुबाले दिएर

पठाउनुभएको मलाई सम्झना छ । त्यसपछि त्यो हनुमान् चालिसा 'कवचमन्त्र'मा प्रकाशित भयो । यसका विभिन्न संस्करणहरू प्रकाशित छन् । यो पङ्क्तिकारसित पनि नइको र बुबाको चिनोको रूपमा २०६४ सालमा प्रकाशित कवचमन्त्र सुरक्षित छ ।

त्यो बेलाको भेट नै नइका संस्थापक नरेन्द्रराज प्रसाईसितको मेरो प्रथम औपचारिक भेट थियो । जहाँ उहाँ आफ्नो धार्मिक आस्था बोकेकी कान्छी छोरी अनुकृतिका प्रसाईको चाहनापूर्तिका निम्ति आफैँ खटिनुभएको थियो ।

त्यस दिन कुराकानीका क्रममा मेरा बुबा प्रा.डा.विष्णुराज आत्रेयले नरेन्द्रराज प्रसाईलाई मेरो परिचय गराउँदै भन्नुभयो– 'यिनी मेरी कान्छी छोरी प्रीति हुन् । यिनी वाल्मीकि क्याम्पसमा फलित ज्योतिष विषय लिएर पढ्दै छिन्' । अनि उहाँले 'ओहो ! कति राम्रो र खुसीको कुरा ल मेरो पनि चिना बनाउनुपर्‍यो' भन्नुभयो । उहाँकै अनुरोधमा मैले उहाँको कुण्डली बनाएँ र उहाँलाई खबर गरेँ । केही समयपछि हाम्रा घरमा उहाँ र उहाँकी श्रीमती इन्दिरा प्रसाईसित मेरो भेटघाट भयो । आफ्नो संस्थाप्रति निष्ठावान् र समर्पित यस्तो व्यक्ति मैले आजसम्म भेटेकी छैन । मान्छेहरू जहिले पनि आफ्नो चिना या कुण्डलीको फलादेश गर्दा आफ्नो आर्थिक स्थिति, प्रेम, दाम्पत्य, जागिर, अभिभावकसितको सम्बन्ध, उन्नति, विदेश यात्रा, सन्तति, प्रमोसन, स्वास्थ्य आदिका बारेमा सोध्छन् । तर उहाँले त सुरुमै मलाई 'मेरो नइ प्रकाशनको भविष्य कस्तो छ ?' भनेर सोध्नुभयो । कुराकानीका क्रममा मैले त्यति बेला भनेकी थिएँ– 'नइको भविष्य राम्रो छ, उज्ज्वल छ । हजुरले चिन्ता गर्नु पर्दैन ।' नभन्दै नइ प्रकाशनले कसैसँग दाँज्न नसकिने ख्याति आर्जन गरेर पच्चिस वर्ष पूरा गरिसकेको छ । पुस्तक प्रकाशन, पुरस्कार, सम्मान, साहित्यका विभिन्न गतिविधिमा सक्रिय रहँदै सफलतापूर्वक रजत वर्ष मनाइसकेको छ । आफूले भविष्य हेरेको व्यक्ति र संस्थाको उन्नति र प्रगति

भएको देख्न पाउँदा मलाई गौरवानुभूतिको बोध भएको छ । मैले हेरेका प्रतिष्ठित कुण्डलीहरूमध्ये नरेन्द्रराज प्रसाईको कुण्डली अग्रपङ्क्तिमा पर्दछ । नइ प्रकाशनको ज्योतिषीय विश्लेषक भएको र आफ्नो कुराले रङ्ग ल्याएको देख्न पाउँदा मलाई खुसी र रमाइलो लागेको छ ।

धेरै वर्षपछि मैले नइ जोडीलाई नै नइले रजत वर्ष मनाइसकेको र 'नइ प्रकाशनका पच्चिस वर्ष'नामक पुस्तक निकाल्न लागेको थाहा पाएर बधाई एवं शुभकामनाका सन्देशहरू म्यासेन्जरमा पठाएँ । नरेन्द्रराज प्रसाईले मेरो सन्देश देख्नेबित्तिकै प्रत्युत्तरमा फोन गर्नुभयो र प्रसन्नचित्तले मसँग कुरा गर्नुभयो– 'ओहो खुसी लाग्यो, छोरी ! तिमीले त मेरो चिना हेरेकी थियौ र नइको भविष्य पनि भनेकी थियौ; तिमीले भनेका कुरा मलाई सबै सम्झना छ । तिमीले नइलाई सम्झेकीमा मलाई खुसी लाग्यो । तिमीले पनि नइ रजत ग्रन्थका लागि आफ्नो संस्मरण लेख्ता राम्रो होला भन्ने मलाई लाग्यो; नानी !'

म्यासेन्जरमा कुरा गर्दै गर्दा नरेन्द्रराज प्रसाईले बुबालाई सम्झँदै बुबाको कुरा गर्नुभयो । बुबाले नइबाट प्रकाशित 'ईश्वर बराल कृति र कीर्ति', 'मेरो चित्रकारिता : मोदनाथ प्रश्रित'जस्ता विभिन्न थुप्रै पुस्तकमा लेख एवं संस्मरण लेखेको कुरा सम्झिनुभयो । त्यसै गरी २०५६ सालमा यादव खरेल निर्देशित ऐतिहासिक चलचित्र 'आदिकवि भानुभक्त' मा नइ जोडी (नरेन्द्रराज प्रसाई–इन्दिरा प्रसाई) र आत्रेय जोडी (विष्णुराज आत्रेय–आर्या आत्रेय), कान्छो छोरा अलङ्कार आत्रेयसहित सहकर्मीका रूपमा चलचित्रमा अभिनय गरेको दृश्य र स्वराङ्कन गरेका कुराहरू सम्झिनुभयो । मैले पनि त्यसै चलचित्रमा वसन्तपुरमा छायाङ्कन गरेको भानुभक्तको 'चपला अबलाहरू एक सुरमा' गीतमा आफूले सखीसँग वरिपरि हिँडेको दृश्य छ भनेर सम्झिएँ ।

मैले विगतका सम्झनाहरूलाई सिंहावलोकन गर्दै संस्मरणको रूपमा यति कुरा लेख्न भ्याएँ ।

नइले साहित्यिक क्षेत्रमा गरेको योगदानको चर्चा नेपाल राष्ट्रमा मात्र नभएर अन्तर्राष्ट्रिय क्षेत्रमा पनि फैलिएको छ । नइसँग जोडिएर विभिन्न व्यक्तित्वको नाममा विविध राशिसहितका भिन्नभिन्न विधाका क्षेत्रमा पुरस्कार पनि प्रदान गर्दै आएको कुरा त सर्वविदितै छ । साहित्यमा समर्पित व्यक्तित्वको मान राख्नु, सम्झिनु, नइको विशेषता हो । सानादेखि ठूलासम्मका सबै उमेरसमूहका साहित्यिक व्यक्तित्वलाई पुरस्कार दिइने कुराले नै यो कुराको पुष्टि गर्दछ ।

नइले कामका आधारमा विविध साहित्यकारहरूलाई उपाधि पनि प्रदान गर्दै आएको छ । रजत वर्ष पुगेको उपलक्ष्यमा नइ प्रकाशनले साहित्यकार प्रा.डा.वासुदेव त्रिपाठीलाई 'महासमालोचक'को उपाधि प्रदान गरेको छ । यसै गरी यसभन्दा अघिल्ला वर्षहरूमा कवि माधवप्रसाद घिमिरेलाई 'राष्ट्रकवि', वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्वनारी रत्न'को उपाधि, संस्कृतिविद् सत्यमोहन जोशीलाई 'वाङ्मय शताब्दी पुरुष'को उपाधि प्रदान गरेको थियो । पच्चिस वर्ष पुगेको उपलक्ष्यमा नइ प्रकाशनको प्रतिष्ठा, गरिमा र महिमाको उचाइ अभिवृद्धिका लागि विशिष्ट योगदान पुऱ्याएबापत विभिन्न व्यक्तित्वहरूलाई प्रदान गरिएको 'नइ रजत महोत्सव पदक' हाम्री समादरणीय ठूली दिदी प्रा.डा.अलका आत्रेय चुडालले पनि पाउनुभएको छ । यी नइले गरेका विशिष्ट कामअन्तर्गत पर्दछन् । यस पच्चिस वर्षमा नइले धेरै कार्यहरू गरेका छन् । सबै कुरा यहाँ एउटै लेखमा लेखेर भन्न गाह्रो हुन्छ, एउटा पुस्तक नै तयार हुन्छ । मैले त केवल यहाँ केही कुरा राख्ने प्रयास मात्र गरेकी हुँ ।

अन्त्यमा, नइ प्रकाशन एक विशिष्ट र विशुद्ध साहित्यिक संस्था हो । जसलाई नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले नङ र मासुझैँ भई हरेक कुरामा होस्टे र हैँसे गर्दै एकअर्कालाई अनवरत

साथ दिएर चलाएको ज्वलन्त प्रमाण हो । नइका न मात्र वा इ मात्रको एक्लो प्रयासले यो कार्यले पाउने उचाइ यति साह्रो पाउन त्यति सहज र सम्भव पनि थिएन । नइले आफूभन्दा पनि आफ्नो संस्था र साहित्यप्रति गरेको एक साधना हो, तपस्या हो, जसले आज पच्चिस वर्ष पूरा गरिसकेर अझ अगाडि बढिरहेको छ । नइका बाटाहरू कहिल्यै रोकिने र मोडिने छैनन् । यो अनवरत यात्रा अगाडि बढि नै रहनेछ । अब भने नइलाई साथ दिन नइका उत्तराधिकारी कञ्चनजङ्घा प्रसाई पनि कञ्चनजङ्घाझैँ अटल भएर आफ्नो कामको साथसाथै पितामाताको साहित्यिक उडानलाई थप उचाइ दिन आफ्नो काँध थाप्दै अघि सरेका छन् । साथै अनुकृतिकाको पनि यस संस्थामा त्यतिकै लगाव रहेको हामीले टाढैबाट देख्तै आइरहेकै छौँ । त्यसैले उनको काँधले पनि यस संस्थामा अर्को टेवा पुग्ने नै छ । आशा छ, नइले अवश्य पनि पच्चिसबर्से अनुभवबाट सिक्दै, खारिँदै र माझिँदै अझ सशक्त रूपमा तटस्थ भएर क्रियाशील रहँदै पचास वर्ष पुगेर स्वर्णवर्ष पनि अझ बढी धूमधामले मनाउन पाओस । नइको भविष्य अझै समुन्नत र समुज्ज्वल बनोस् । नइले विश्वमा नेपाललाई चिनाउने काम गरोस् । यति भन्दै नइलाई अनुष्टुप् छन्दमा कवितामय शुभकामना भन्दै आफ्नो लेखनीलाई यहीँ विराम दिन चाहेँ–

**'नरेन्द्र, इन्दिरा'को यो नइ भव्य प्रकाशन**
**दुई मिली बनेका छन् साहित्य सभ्य दर्पण ।**
**चुलियोस् अझ उँचाइ देश प्रदेश विश्वमा**
**कीर्ति नेपालको राखून् 'प्रीति'को शुभकामना ।**

# सम्मान र पुरस्कारको क्रान्ति

**प्रा.डा.प्रेम खत्री**

**पहिचान**

एउटा नितान्त फरक किसिमको क्रान्तिको छोटो चर्चा गर्ने जमर्को मेरो यस लेखको छ ।

समग्र जीवनमा चेतनशील मानिसले पहिचानको युद्ध भेलेको छ । जङ्गल, खोला, नदी, पाखा, ओडार, प्रकृतिका सबै सजिला, अप्ठेरा अवस्था र समयमा मानिसले आफूलाई अन्य सबै प्रतिस्पर्धी जीवभन्दा फरक छु, सक्षम छु त्यसैले मेरो यात्रा लामो छ भन्ने जानेर वा नजानेर पनि मानिसले आफ्नो पहिचानको युद्ध लडेको छ र जितेको पनि छ । उसले करोडौँदेखि दसौँ लाख वर्षपहिलेसम्मको युद्ध लगभग व्यवस्थित खेती अर्थात् करिब दस हजार वर्षअघि समाप्त भएको एकतर्फी घोषणा गऱ्यो । सघन खेतीबाट अतिरिक्त आय भएपछि मानिसले कला, वस्तुकला, आस्था, ज्ञान, शिक्षा, सीप, ब्रह्माण्डप्रकृति अन्तर्सम्बन्ध र द्वन्द्वका स्वरूप र चरणको विकास गऱ्यो ।



मानिसले एउटा युद्ध त सक्यो तर एक फरक क्रान्तिको थालनी गऱ्यो । त्यो क्रान्ति वा परिवर्तन मानिसको पहिचान थियो ।

त्यो आज पनि छ । पहिचानका लागि हुने सङ्घर्ष मूलत: मनोवैज्ञानिक मूलको हो, तसर्थ यो एउटा सतत क्रान्तिको स्वरूप हो । यो हिजोको आदिम युगको मानिसले झैँ वर्तमान युगको विवेकशील, विचारवान् भनिने मानिस पनि क्रान्ति झेलिरहेछ ।

यो हिजो वा विगतको इतिहाससित यस ग्रन्थको विषयवस्तु रहेको नइको कैरनमा पनि लागू हुने कुरा भयो ।

यसैले शीर्षकमै भनियो– कृति प्रकाशन, सम्मान र पुरस्कारका क्षेत्रमा नइले पनि क्रान्ति गरेको छ र त्यो एक सफल क्रान्ति हो । नइ जोडीले गर्दा त्यो सम्भव भएको छ । यो जोडी हो, बिजोड होइन, यो बेजोड हो प्रस्तुति र ख्यातिमा !

म मूलत: अनुसन्धाता हुँ प्राध्यापकभन्दा पनि मेरो चरन र खेती दुवै त्यता छ । त्यो सानो घरतिरको जेथाबाट भोजपुर, धरान, विराटनगर भई काठमाडौँ पुग्दा पनि त्यत्ति फस्टाएन । त्रिभुवन विश्वविद्यालयको संस्कृति भन्ने विभागमा खुम्चियो । एनजिओ आदिका ठूला गह्रामा पुगेर । त्यो सानो परिधिबाट निवृत्त भएपछि खेती एक्लो तर प्रवृत्त चरणमा छ । यहाँबाट उभिएर म भनूँ– नेपालमा नइझैँ जोडी मिलेर खेतीमा फस्टाएका कति जोडी किसान होलान् ? ती उत्पादनसित जोडिएका रथी र नेपालको अर्थतन्त्रका सारथि हुन् । ती छन् तसर्थ हामी भोका छैनौँ ।

कति जोडी नइहरू व्यवसायमा उत्कृष्ट होलान्, तिनका उत्पादन हाम्रा भाषा, हात, खुट्टा, घाँटी, नाडी र शरीरभरि छन् । सबै ऋतुहरूमा हामी ठीकठाक हिँड्छौँ ।

कति जोडीले राजनीतिलाई सेवा गर्ने ठाउँ बनाउनुभएको छ । कार्यकर्ता उमार्नु र थुपार्नुभएको छ । कहिले बन्दुक, कहिले विचार, कहिले मुड्की, कहिले फ्यात्त पेट लिएर पनि इतिहास बनाउनुभएको छ । कहिले जगत्लाई रुवाउनुभयो, कहिले हँसाउनुहुन्छ । सोझै

हँसाउन नसक्दा जात्रापर्वहरूमा प्रोक्सी कलाकारमार्फत हँसाउनुहुन्छ । नेपालीले दिल खोलेर हाँस्न जात्रा नै पर्खिनुपर्छ । त्यस दिन उनीहरूलाई ३६४ दिनमा कठिन दिन बिर्सन मद्दत पुग्छ । भलै त्यो डेढ घण्टा नै किन नहोस् । क्रान्तिलाई मैले वा हामीले एक उचाइमा पुऱ्यायौँ भन्ने तिनको उद्घोष अर्थहीन रहेछ भन्ने थाहा पाएर ती मुसुक्क हाँसेजस्तो गर्दै निस्कन्छन् । अब भने म अधैर्य भएर, उभिएर हैन उफ्रिएर भनूँ– 'नेपालमा बाहिर राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आदि विविध क्षेत्रमा जेसुकै घटित हुँदै गरोस्, नेपाल बन्द होस् वा खुला, एकेडेमीहरू बनून् वा बिग्रियून्, लेखक निरीह भई प्रकाशनको जाँतोमा पिसिऊन् वा प्रकाशकहरू कमाउयन्त्र जडान गरेर कृति उत्पादन गरिरहून्, सरकार र सयौँको सङ्ख्यामा रहेका तथाकथित 'पुरस्कार र सम्मान' प्रदायक संस्थाहरू 'प्रतिभाहन्ट'मा लागिरहून् ।'

सबै झन्झटबाट मुक्त, निस्पृह, जिरो गुनासो वा टिप्पणी साढे दुई दर्जनको विविध पुरस्कार, सम्मान र अलि गह्रुङ्गै खामलाई फ्रेमसित लेपस्याएर सम्मान गर्ने नइजस्तो अर्को जोडी कतै छ नेपालमा ? अथवा, नइ प्रकाशनजस्तो अर्को संस्था नेपालभित्रै कसैले देखेको छ त ?

एक्लै नले चार कोरीभन्दा धेरै कृति लेखिसक्यो । त्यसमा इको इँटा थप्दा र यो जोडी बाँकी एकाध दशक सक्रिय नै रहने शुभलक्षण देखिँदा यसले पुस्तक शताब्दी कटाउने देखिएकाले यस्तो जोडी कतै छ नेपालमा ? यो गिनिज वर्ल्ड रेकर्डतिर लम्केको आभास हुँदैन र ? मलाई यो आभास भइरहेछ ।

नइ प्रकाशन एउटा ठूलो प्रज्ञाप्रतिष्ठान हो, जहाँ दुई जना कुलपति छन् तर ती अन्यत्रजस्तो लड्ने र झगड्ने गरेको सुनिएन । न भत्ता, न चिल्ला गाडी, न दलसित नाता, न परिषद्, न सहयोगी हातहरूको चिन्ता, न अपारदर्शिताको आरोपप्रत्यारोप छ यिनलाई । यो ऐतिहासिक जोडी घरभित्र बसेर पनि कुदिरहेछ । रेसमा कसैले

उछिन्ला भन्ने चिन्ताले हैन, यस जोडीले समयलाई उछिन्न खोजिरहेछ । रुघाखोकीको मौसम छ, कोभिड पनि टाढा छैन । मनमा अलि उमेरजन्य त्रासको भाव पनि छ । तसर्थ म अब फरक शैलीमा त्रिभुवन विश्वविद्यालयको उभिएर बोल्ने प्राध्यापकबाट पदोन्नति भई, गाउँका मुढामा बसेर सबै बालबालिकाका माझमा चङ्ख भएर वा अलि उड्दै पनि गरेका काइँला पण्डित गुरुको शैलीमा नइलाई प्रश्न गर्छु–

ए नानीहो !

यहाँ त नेता, उद्योगी, व्यापारी, प्रशासक, हाकिम अर्थात् अलि फस्टाएको धन्दामा पुरानो राजतन्त्रात्मक शैलीमा 'राजकुमार' हुर्काउने, ती एकादेशका राजकुमार लठुवा भए पनि तानेर, यसो मौका छोपेर पदीय दाउमा थाप्ने खतरा प्रवृत्ति यदाकदा देखा पर्ने गरेको छ । यो प्रतिक्रान्तिको कुलक्षण हुर्किरहेछ ।

यसमा तम्रो खबर के छ ? यो नइ विश्वलाई भोलिका दिनमा ध्याप्पै काँध हाल्ने पात्र, भित्र बसेर तालिम लिँदै छ के ?

नइको यात्रामा यात्रीको सङ्ख्या बढिरहेछ । यो जहाज वराहक्षेत्रमाथिको किरातीहरूले जातीय उद्गमको प्रतीक मानेको खुवालुङ्ग हुँदै कुदने ओलीय जहाजमा नठोक्कियोस्, नइका शुभचिन्तकको चाहना, सरोकार र चिन्ता यही हो ।

यसतर्फ तम्रो ध्यान छ के ?

हामी सबैळैँ–

म– अर्थात् यस विनीत लेखकको पनि सरोकारको कुरा हो यो ।

सतत शुभकामना नइलाई !

त्यस भाइलाई जससित निकै पछि भेट भयो तर ती बहिनी जसले उहिले मेरो इतिहास विषयको इन्टरमिडियटको परीक्षा आउँदै

गर्दाका केही प्रभातहरूमा आदरणीय गणेशप्रसाद नेपाल, उहाँका आदरणीय बुबाको एक इसारामा आमालाई सघाउँदै, चियाको सानो कप बोकी हामीलाई दलानमा वितरण गरेको स्मृति ताजा छ, तिनलाई सतत आशीर्वाद !

अनि यस कृतिका समस्त पाठक, परिचित अपरिचित, देखे सुनेका सबै नइका फ्यानहरूमा सतत नमन !


नइको राष्ट्र राष्ट्रियता प्रेमको सराहना गर्दै माता, सर्वज्ञाता सरस्वतीमा नमन ! नइ कोषलाई सदा भरिभराउ गर्ने माता लक्ष्मीमा सतत नमन !

सर्वज्ञ, मर्मज्ञ पाठकजनमा हार्दिक साधुवाद ! नइको लेखन, प्रकाशन, पुरस्कार सम्मान क्रान्तिलाई सफलताको शुभकामना !

# कर्म मर्दैन र कर्मले मर्नु हुँदैन

**प्रेमप्रकाश फलाहारी**

मैले पहिलोपल्ट काष्ठमण्डप टेकेको पचास वसन्त हुँदै छ । योगी नरहरिनाथ, स्वामी प्रपन्नाचार्य, पूर्णप्रकाश नेपाल 'यात्री', आचार्य खेमराज केशवशरण, वसन्तकुमार शर्माजस्ता दर्जनौँ विद्वत्जनहरूसँग मेरो क्रमश: भेटघाट र चिनजान हुँदै गयो । यही क्रममा राजधानीतर्फको मेरो यात्रा अगाडि बढ्दै गएको थियो । विस्तारमा नेपाल मण्डलै खाली पाउ तीनपल्ट पदार्पण गर्ने मलाई सौभाग्य पनि मिल्यो ।



झापाको धुलावारीमा पुस्तकालय खोल्न पनि म सफल नै भएँ । तर डा.स्वामी प्रपन्नाचार्यको नजरमा त्रिफला राष्ट्रिय पुस्तकालय देखेर 'यो अद्भुत के हो ?' भन्ने शब्दमाथि भएको संवाद उनी गएर पनि म जीवनभर भुल्न सक्तिनँ ।

त्रिफला राष्ट्रिय पुस्तकालयलाई पुस्तक सङ्ग्रह गर्ने क्रममा म एक हिउँद खालीखुट्टै काठमाडौँ पुगेको थिएँ । अनामनगरकै मुखमा रहेको घट्टेकलोमा म पुगेँ । त्यहाँ एक जना लेखकले मलाई दुईवटा जीर्ण पुस्तक दिँदै भन्नुभयो– 'पुस्तक चिनेर मात्र सङ्ग्रह गर्नु ?' त्यस बेला म आलो नै थिएँ । उहाँका कुरा सुनेर 'खै कसरी पुस्तक

चिन्ने होला' भन्ने लाग्थ्यो । अनामनगरमा नइ प्रकाशन छ र त्यहाँ राम्राराम्रा नयाँ पुस्तकहरू नि:शुल्क पाइन्छन् भन्ने मैले सुन्दै आएको थिएँ । कहाँ होला त्यो ठाउँ भनेर मैले धेरै खोजेँ पनि । खोजीनिती गर्दै म एक दिन नइ प्रकाशन टोलतिर टुप्लुक्क पुगेँ । साइनबोर्डले नै बतायो र म नइको गेटबाट भित्रिएँ ।

नइ प्रकाशन पुगेपछि नइको 'न'सँग मेरो भेट भयो र मैले मेरो काम र नाउँ बताएँ । परिचय गरिसकेपछि उहाँले पहिलो भेटमै बढो श्रद्धापूर्वक मलाई सम्मान र माया दिनुभयो । साथै उहाँले नइ प्रकाशनबाट छापिएका र अरू ठाउँबाट नइमा दुई या दुईभन्दा बढी प्राप्त भएका पुस्तक दान दिन तत्परता पनि जनाउनुभयो । उहाँले मलाई पुस्तक बोक्ने साधन सोध्नुभयो । मैले भनेँ– 'त्यस्तो साधन त मसँग छैन तर म स्वयम् एक क्विन्टलसम्मको भारी त नाम्लो लगाएर नै बोक्न सक्छु नि' भनेँ । उहाँले मेरा कुरा नपत्याएर 'होइन होला' भन्नुभयो । 'हो सर ! म बोक्न सक्छु' मैले भनेको थिएँ ।

नरेन्द्रराज प्रसाईले उहाँको कामदार भाइलाई बोलाएर भन्नुभयो– 'बाबाजीले बोक्न सकेजति पुस्तक कार्टुनमा भरेर देऊ त भाइ ।' त्यसपछि एउटा बडेमाको कार्टुन मेरा अघि आयो । एक जना भाइले घरभित्र पसेर चारैतिर र्‍याक, दराज, आलमारीहरूबाट नयाँनयाँ, मोटामोटा हार्ड कभर भएका सफा र सुकिला अनि चिल्ला र सुन्दर पुस्तकहरूले त्यो कार्टुन भरिदिए । त्यो भारीलाई कार्टुनमा राखेर टेप लगाइयो त्यसपछि नरेन्द्रराज प्रसाईले 'लु बाबाजी ! बोक्नु' भन्नुभयो ।

त्यो दिन मेरो बिर्सिनसक्नुको दिन थियो । त्यो दिन त्रिफला राष्ट्रिय पुस्तकालयलाई साँच्चैको राष्ट्रिय स्तरकै पुस्तकालय बनाउने दिनको शुभारम्भ भएको दिन रहेछ भन्ने कुरा म अहिले सोच्तै छु । किनभने मैले त्योभन्दा अघि यति राम्रा र यति धेरै पुस्तकहरू कहीँ, कतैबाट पाएको थिएन । त्यस दिन नइ प्रकाशनले त्रिफलालाई अनुदान दिएका पुस्तक र विभिन्न पत्रिकाहरूको त्यो भारीलाई मैले

आफ्नो कम्मरमा बाँधेको खाँडीको पटुका खोलेर नाम्लो बनाएर लगाएँ । त्यसपछि दुवै घुँडा र हातका पञ्जाले टेकेर बलपूर्वक बिस्तारै म उठेँ; अनि 'लु धन्यवाद है सर !' भन्दै म हिडेँ । 'बाबाजी ! फेरिफेरि पनि आउँदै गर्नु है !' भनेर श्रद्धापूर्वक उहाँले मलाई बिदा गर्नुभयो । त्यो दिन नै मेरा लागि अत्यन्तै अविस्मरणीय भएर रहेको छ । यसरी पछिल्ला दिनहरूमा काठमाडौँ पुग्दा म नइ प्रकाशन जान थालेँ र त्यहाँ जति गए पनि त्यति नै मैले सम्मान र माया पाएँ । बिस्तारै हामी बाबाजी र सरबाट दाजुभाइमा रहन थाल्यौँ ।

म जब नइ प्रकाशनमा जान्थेँ, नरेन्द्रराज प्रसाईले मलाई घरको तलामाथि लिएर जानुहुन्थ्यो र माथि लगेर कामदारलाई भन्नुहुन्थ्यो– 'गुरु दाइ भोकै छन्, केही फलफूल र दूध ल्याऊ न ! त्यस घरमा मैले गएपिच्छे तातो दूध खाएको हुन्थेँ । इन्दिरा प्रसाई पनि उस्तै विद्वान् लाग्छ मलाई । उहाँका पुस्तक पढन सुरु गरेपछि रोकिन मनै लाग्दैनथ्यो । उहाँहरूकी वृद्ध आमा भागीरथा प्रसाईसँग म आशीर्वाद लिन्थेँ र 'म झापाको भनेपछि खुसी भएर आमाले अह्राउनुहुन्थ्यो– 'ल है घरमा बाबाजी आउनुभएको छ । कहिलेदेखिका भोकै हुनुहुन्छ होला; खानेकुरा केके खानुहुन्छ सोधेर बनाओ ।'

नइदम्पतीको पौरख वर्णन गर्ने सामर्थ्य ममा छैन । कहिले देवकोटा शताब्दी मनाएको छ, कहिले देशविदेशका विशिष्टविशिष्ट स्रष्टा सर्जकहरूलाई काष्ठमण्डप नगरीमा आमन्त्रण गरेर विराट् कार्यक्रमहरूबीच भव्यभव्य साहित्य भेला गरेको छ । कहिले सम्मान पुरस्कार दिइएका हुन्छन् । ती सभा र समारोहहरूका विषयमा म कसरी वर्णन गरेर बताऊँ र कसरी व्याख्याविश्लेषण गरौँ ? नेपालको राजधानीमा ठूलठूला कार्यक्रम जति हुन्छन् ती सबै नइकै आयोजनामा भएको पाइन्छ । नइले अरूबाट सम्मान प्रायः लिएको भने देखिँदैन तर दिएको भने हरदम देख्न पाइन्छ । पुस्तक अनुदान, पुस्तक प्रकाशन, मानसम्मान, पुरस्कार, उपाधि प्रदान गर्नका साथै

विद्यार्थी, रोगी, वृद्ध र अनाथहरूको सेवा गर्न नइ सधैँ अग्रसर भएकै देखिन्छ ।

नरेन्द्रराज प्रसाई होस् या इन्दिरा प्रसाई, दुवै जनाको लेखन उस्तै बेजोड र शक्तिशाली हुन्छ । नइका कृतिमा खोजमूलक अनि यथार्थपरक घटना कति हो कति पाइन्छन् । साँच्चै तुलना गर्ने नै हो भने पारिवारिक अवस्थाबाट उठेर नेपाल प्रज्ञाप्रतिष्ठानले गर्न नसकेका कामहरू नेपालमा नइले नै गरेको देखिन्छ ।

सहयोगी मन नै नइको एउटा ठुलो विशेषता हो । मैले पुस्तकको भारी बोकेर हिँडेको नइले देखेका छन् । यसरी नै देशदेशावरबाट पुस्तकका भारी ओसारिन्थ्यो र झापाको धुलाबारीमा पूर्वराज्यमन्त्री प्रकाशचन्द्र मुखियाले चलाएको शारदा शिशु सदनअगाडिको खुल्ला चौरमा बिस्कुन सुकाएझैँ गरेर त्रिफला पुस्तकालय मैले सुरुवात गरेको थिएँ । त्यो बेला दाताराम शर्मालाई ल्याएर बर्काले छोपेका पुस्तक खोलेर पुस्तकालय उद्घाटन गरेको समयमा मेरा भुइँमा खुट्टा थिएनन् । तर अहिले आएर म सम्झन्छु, एक दिन गणेशबहादुर प्रसाईले मलाई भन्नुभएको थियो– 'तिमीहरूजस्ता मानिसले पुस्तकालय चलाउन सक्दैनौँ । पुस्तकालय चलाउन तपस्या चाहिन्छ ।' अर्कै बसाइमा सोही कुरा भवानी घिमिरेले पनि मसँग दोहोऱ्याउनुभएको थियो तर म कहिल्यै विचलित भइनँ । नइले जसरी भोकतिर्खा छोडेर काम गरेर अन्तर्राष्ट्रिय स्तरमा नाम कमाए, मैले एकएक गरेर शिला खोजेर भेला पारेको तथा भारी भोकेर ठाउँठाउँबाट ल्याएको पुस्तकको थुप्रो पनि अहिले राष्ट्रिय स्तरको भएको धेरैले भनिरहेका छन् ।

नइ प्रकाशन आफ्नै घरमा बसाएर पनि त्यो संस्थासँग टक्कर लिन सक्ने खास गरेर साहित्यका संस्था देखिएनन् र नइ प्रकाशन आज संसारप्रसिद्ध भएको देखिन्छ । मैले पनि आफ्नै घरआँगनमा आफैँ घुम्ती बनाएर त्रिफला पुस्तकालय चलाउन थालेको थिएँ र

वर्षौंसम्म कोठा भाडा गरेर पनि पुस्तकालय चलाइयो । त्यो बेलाका कहालीलाग्दा दिनहरू सम्झँदा अहिले मलाई कताकता सपनाझैँ लाग्छ । स्रोत जुटाएर मैले पुस्तकालय भवन पनि बनाएँ । नइ प्रकाशनबाट नाम्लो लगाएर बोकेको किताबको भारी ल्याएसरि अनेक दु:खकष्ट गरेर एउटाएउटा किताप सङ्ग्रह गरिएका पुस्तक तथा आर्थिक सहयोग भेला पारेर किनेका पुस्तकले आज यो पुस्तकालय प्रदेश नम्बर एककै ठुलो पुस्तकालय कहलिएको छ । सही मूल्याङ्कन गर्ने हो भने जमिन, भवन र विभिन्न उपकरण र पुस्तकहरू, मन्दिर, सालिकहरू र पुरस्कारहरू दस करोडभन्दा कमको सम्पत्ति जोडिएको छैन । मैले जीवनमा कर्म गरेँ तर फलको आशा कहिले राखिनँ र यसै कारणले पनि नइबाट म प्रेरित छु । नइले कर्म मात्र गरिरहेको मैले देखेको छु । नइको पाहुनाहरूप्रतिको खातिरदारीदेखि सहयोगी हातको मैले तारिफ गर्न छोडिनँ । कर्म मर्दैन र कर्मले मर्नु हुँदैन भन्ने कुरा मैले आफैँबाट पनि बुझेँ र नइबाट पनि बुझेको छु ।

# जीवन्त ऐतिहासिक दस्तावेज

**प्रेममान डङ्गोल**

नइ प्रकाशनको नाम सुन्नेबित्तिकै यो संस्था त एउटा जीवन्त ऐतिहासिक दस्तावेज हो भन्ने लागिहाल्छ । यस संस्थाको स्थापना भएपछिका समयको लेखाजोखा गर्ने हो भने यसले जोकोहीले चिताउनै नसक्ने र नचिताएका धेरै काम गरिसकेको देखिन्छ । यस संस्थाले वर्षभरि नै रजत महोत्सवका विभिन्न कार्यक्रमहरू गरी मनाएको विविध कार्यक्रम हेर्ने मलाई पनि अवसर जुरेको थियो । सोही अवसरमा विभिन्न विधामा चर्चित स्रष्टाहरूलाई विविध थरी विषयगतबमोजिम सम्मान र पदक प्रदान गरिएको पनि हेर्न पाइएको थियो । इन्दिरा प्रसाई र नरेन्द्रराज प्रसाईको अथक प्रयासबाट सफलतापूर्वक निरन्तरता पाइरहेको नइ प्रकाशनले विभिन्न स्रष्टाहरूलाई गरेको सम्मान र उहाँहरूको जीवनीसमेत प्रकाशन गरी नयाँ उत्साह, उमङ्ग र जोस, जाँगर थपिदिएको छ भने उहाँहरूको ऊर्जालाई अझ बढी प्रज्ज्वलित पार्दै आइरहेको छ ।



नइ प्रकाशनले जीवित स्रष्टाहरूलाई मात्र सम्मान गरेको छैन; स्वर्गीय भइसकेका कैयौँ स्रष्टा, साहित्यकार, संस्कृतिविद्, गायक, सङ्गीतकार, चित्रकारलगायतका विविध विधाका कलाकारहरूलाई

समेत सम्मान गर्न चुकेको छैन । देशका विभिन्न कुनाकाप्चामा लुकीछिपी बसेका तर राष्ट्रले समेत वास्ता नगरेका विभिन्न प्रतिभाहरूको पनि खोजीखोजी सम्मान गरेर इतिहास रच्ने काम गरेको छ नइ प्रकाशनले । उदाहरणका लागि मेरा बुबा कृष्णमान डङ्गोलबारे २०५९ सालमा 'नेपाली सङ्गीतका शिखर'नामका कृतिमा नरेन्द्रराज प्रसाईले लेखेको एउटा अनुच्छेद यस्तो छ– 'सङ्गीतको एउटा सागर सरलतापूर्वक बगिरहन्छ । सङ्गीत स्वयम्मा नरम, मीठो र मनमोहक हुन्छ अनि यसका साधक पनि त्यस्तै हुन्छन् भन्ने प्रमाण खोज्न नेपाली सङ्गीतसाधकसँग सङ्गत गर्नै पर्छ । नेपाली गायन तथा सङ्गीतको राजमार्गको एउटा अर्को बलियो हस्तीको नाउँ कृष्णमान पनि मानिए । उनी जति मिलनसार थिए, त्यति सादा थिए र जति राम्रा सङ्गीत उत्पादन गर्थे त्यसरी नै स्वर फुकाएर गाउन पनि सक्षम थिए । उनका गीत मेलोडीले ओतप्रोत थिए । अथवा सङ्गीत र स्वरमा चाहिने सारतत्त्व उनको कलामा आबद्ध भए । त्यसैले उनी सङ्गीतजगत्का एउटा नबिर्सने नाउँ बने । त्यो नाउँ नै उनको योगदानको प्रतिबिम्ब भयो ।'

एकातिर नरेन्द्रराज प्रसाईका कलमले मान्छेको जीवनलाई सर्लक्कै उभ्याइदिन्छ भने अर्कातिर नइ प्रकाशनले त्यस्ता साधकको जय मनाउने काम गरिरहन्छ । राष्ट्रले समेत उचित सम्मान गर्न नसकेका वा नगरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत विख्यात कविशिरोमणि लेखनाथ पौडयाल, नाटचसम्राट् बालकृष्ण सम तथा महाकवि लक्ष्मीप्रसाद देवकोटाको उच्च सम्मानका साथ त्रिमूर्ति निकेतन स्थापना गरी उहाँहरूको पूर्ण कदको सालिक निर्माण गरेर काठमाडौँको सञ्चारग्राम, तिलगङ्गामा ठडयाउनु चानचुने काम थिएन । एउटा अत्यन्तै महत्त्वपूर्ण अतुलनीय ऐतिहासिक काम थियो त्यो । यसरी नेपाल सरकारले समेत गर्न नसकेको वा नगरेको अतुलनीय काम गरेर नइ प्रकाशन चम्किरहेको छ, झलमल प्रकाश दिँदै यस धरामा । यसरी नै नारी स्रष्टाहरूको पनि सालिक बनाई

सम्मान गर्ने तरखरमा छ नइ । यस्ता ऐतिहासिक कार्यमा सधैँ पूर्ण सफलता मिलोस् मङ्गलमय शुभकामना छ मेरो ।

त्रिमूर्तिमध्ये एक मूर्ति महाकवि लक्ष्मीप्रसाद देवकोटालाई मैले अन्तिम अवस्थामा देख्ने अवसर पाएको थिएँ । मेरो स्मृतिमा आएको कुरा हो यो । त्यति बेला म पद्मोदय हाईस्कुलमा पढ्थेँ । स्कुलमा पुग्नेबित्तिकै सबै विद्यार्थीहरूलाई प्राङ्गणमा उभ्याएर लक्ष्मीप्रसाद देवकोटारचित सरस्वती वन्दना गराइन्थ्यो– 'सरस्वतीका कुमार हामी सरस्वतीको वन्दना गर्छौं' भन्ने प्रार्थना । २०१६ सालको कुरा हो– अचानक हामी विद्यार्थीहरूलाई पशुपतिमा लाने कुरा भयो मध्यान्तरमा या हाफ टाइममा । हामी विद्यार्थीहरूलाई के थाहा महाकवि देवकोटालाई आर्यघाटमा राखेको कुरा । हामी त खुसी भयौँ पशुपतिमा घुम्न जान पाएर । त्यति बेला अहिलेजस्तो गाडी चल्दैनथ्यो । जहाँ जान पनि हिँडेरै जानुपर्थ्यो । यस्तो अवस्थामा हामी स्कुलका विद्यार्थीहरू पशुपतिमा घुम्न जान पाएर धेरै खुसी भयौँ, रमाएर लाम लागेर हिँडेर गयौँ । पशुपति आर्यघाटमा पुगेपछि मात्र थाहा भयो, महाकवि लक्ष्मीप्रसाद देवकोटालाई पशुपतिको पूर्वतर्फ रहेको घाटघरमा राखेको रहेछ । अन्तिम दर्शनका लागि हामी सबैलाई लाम लगाएरै पालैपालो एकएक जनाले महाकविको दर्शन गर्‍यौँ । म त्यति बेला भर्खर एघार वर्षको थिएँ । महाकविको अगाडि पुग्दा मलाई कस्तोकस्तो लाग्यो; दुब्लो, पातलो अनुहार त्यसमा पनि शिरमाथि बरफ राखेको थियो । ज्यादै नरमाइलो लाग्यो, मर्न लागेको महाकवि देवकोटालाई देख्दा । उहाँको सग्लो जीवनी नइ प्रकाशनले नै बाहिर ल्याइदियो । नरेन्द्रराज प्रसाईले 'देवकोटाको जीवनशैली' (२०६६) लेख्नुअघि झन्नै तेह्र जनाले देवकोटाबारे विद्यावारिधि गरिसकेका थिए रे ! तर कसैले पनि प्रसाईले जस्तो खिपेर देवकोटालाई प्रकाश पार्न नसकेको तथ्य देवकोटाका गणेश श्यामदास वैष्णव, सहयोगी हरि श्रेष्ठ र सहायक कञ्चन पुडासैनीले बोलेका र लेखेका छन् । नइ के हो भन्ने कुरा यसै कृतिले पनि प्रस्ट पार्छ भन्ने मलाई लाग्दछ ।

त्रिमूर्तिमध्ये अर्को मूर्ति नाटचसम्राट् बालकृष्ण सम त मेरा गुरुवर नै हुनुहुन्थ्यो । २०२२ सालदेखि २०२४ सालसम्म नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा त्रिवर्षीय योजनामा सम्मिलित हुने मैले मौका पाएको थिएँ । श्री ५ महेन्दबाट आफ्नो निजी आर्थिक स्रोतबाट सञ्चालित प्रज्ञाप्रतिष्ठानमा सङ्गीत, गायन, वाद्यवादन, नाटकलगायत विभिन्न विधामा तालिम दिने गरिएको थियो । त्यति बेला जसले जे सिके पनि हुन्थ्यो । मैले नाटकमा भाग लिँदा त्यति बेलाका मेरा समकक्षी सुभद्रा अधिकारी, वसुन्धरा भुसाल, सिद्धान्तराम जोशी तथा मदनदास श्रेष्ठलगायत थिए । बालकृष्ण समले हामीलाई नाटक सिकाउनुहुन्थ्यो । उहाँले नै हामीलाई नाटक मञ्चन गराउने अवसरमा मेकअप सिँगार गरिदिनुहुन्थ्यो । मैले उहाँसँग तीन वर्षसम्म नाटक सिक्दै गर्दा 'अमित वासना', 'पृथ्वीनारायण शाह'जस्ता नाटकमा भाग लिने मौका पाएको थिएँ । हामी कहिले नाटक मञ्चन गर्न धुलिखेलसम्म पुग्थ्यौँ भने कहिले राष्ट्रिय नाचघरमा पनि नाटक मञ्चन गर्थ्यौं । त्यो युग बेग्लै थियो ।

नाटचसम्राट् बालकृष्ण समसँग एउटा ठूलो प्रतिभा थियो, त्यो हो नवरसको प्रदर्शन । उहाँले आफ्नै पूरै अनुहार, हात र शरीरको हावभावबाट नवरस पूरै प्रकट हुने गरी अभिनय गर्नुहुन्थ्यो । उहाँले हामीलाई पनि त्यो नवरस सिकाउनुभएको थियो । तर हामी कसैले पनि त्यो नवरसको हावभाव सिक्न सकेनौँ तर सिद्धान्तराम जोशीले भने अस्सी प्रतिशतै हुबहु उतार्न सफल हुनुभएको थियो र विभिन्न ठाउँमा उहाँले प्रदर्शन पनि गर्नुभएको थियो ।

नइ प्रकाशनका सन्दर्भमा आज म विगतका कुरा सम्झिरहेको छु । नइ प्रकाशनका संस्थापकमध्ये एक नरेन्द्रराज प्रसाईसँग २०२८ सालदेखि मेरो सम्बन्ध गाँसिएको थियो, त्यति बेला म राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डलको सभापति थिएँ र म नै मण्डलको प्रथम सभापति पनि हुँ । नरेन्द्रराज प्रसाई भने काठमाडौँ उपत्यका अन्तरहाईस्कुल विद्याथी समितिको सचिव र अर्को वर्ष अर्थात् २०३० सालमा सोही समितिको अध्यक्ष भए । काम गर्दै जाँदा हामी दुवैलाई शङ्का लाग्न

थाल्यो– 'राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल नेपाल गुप्तचर विभागबाट अघोषित रूपमा सञ्चालनमा रहेको हुन सक्छ' भनेर । हाम्रो शङ्का सही रहेछ, हो रहेछ, गुप्तचर विभागका वागमती प्रमुख विष्णुराज पन्तमार्फत विद्यार्थी मण्डल र उपत्यका अन्तरहाईस्कुल विद्याथी समितिमा कोष उपलब्ध हुँदो रहेछ । विद्यार्थी किनेर आफ्नो कब्जामा राख्ने क्रम भइरहेको हामीलाई प्रस्ट थाहा हुन थाल्यो । अनि हामी दुवैले आआफ्नो प्रमुख पदसहित उक्त संस्थासँगको संलग्नता त्याग्ने निर्णय गऱ्यौँ । 'राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल सोझै पुलिसद्वारा सञ्चालित छ' भनेर २०३० साल भदौ २७ गते हामी दुवै जनाले लिखित वक्तव्यमार्फत राजीनामा दिएका थियौँ । जुन बेहोरा त्यस बेला काङ्ग्रेसी सिद्धान्त बोकेको 'नवीन खबर' दैनिकमा पनि छापिएको थियो । मैले त्यसै बेलादेखि नरेन्द्रराज प्रसाईको हिम्मत र स्वाभिमान पढ्दै आएको हुँ । गाउँबाट आएर दसौँ कक्षा पढ्दै गरेको एउटा ठिटाले पैसाको लोभ नगरेर संस्था छोड्नु भनेको मेरा लागि आश्चर्य नै थियो । त्यसै बेला मैले नरेन्द्रको भविष्य राम्रो देखेको थिएँ । नइ प्रकाशन र त्रिमूर्ति निकेतनको भव्य आकार देख्ता नरेन्द्रको विगत पचास वर्षअघिको छवि मेरा आँखामा नाच्ने गर्दछ ।

नइले नेपाली वाङ्मयका लागि जति काम गरेको छ, ढङ्ग पुऱ्याएर गरेको त्यस प्रकारको त्यति नै बृहत् काम इतिहासमा कुनै पनि गैरसरकारी साहित्यिक संस्थाले गरेजस्तो मलाई लाग्दैन । महेन्द्रकालीन युगको समाप्तिपछि साहित्यकार र कलाकार ओझेल पर्दै गएको सर्वविदितै छ । जब नइ प्रकाशन झुल्क्यो त्यसपछि वाङ्मयको क्षेत्र झाँगिन थाल्यो । हराएका धेरै पुराना साहित्यकार र कलाकारहरूलाई पनि गर्तबाट क्रेनले तानेर बाहिर ल्याउने स्तुत्य काम गरेको छ नइले । सरकारी धनबाट चलेका प्राज्ञिक संस्थाका प्रमुखहरू आफ्ना मालिक रिझाउनेहेतु कार्यकर्तालाई पोस्न र सम्मान गर्न बेफुर्सदिला देखिएको अवस्थामा छन् । यता प्रतिभाको कदर र सम्मान गर्ने कार्यमा नइ पछि परेको देखिएन ।

# मैले पाएको पुरस्कार

## प्रेमविनोद नन्दन

**मरी मरी बाँच्छन् कविहरू**
**रोई रोई हाँस्छन् कविहरू**



**नीरव अँध्यारो रातमा पनि**
**मिर्मिरे बिहानी बास्छन् कविहरू**

**समयलाई मुट्ठीभित्र राखेर**
**स्वच्छन्दमा नाच्छन् कविहरू**

**बाँचेको क्षण लोकलाई अर्पेर**
**भविष्यलाई साँच्छन् कविहरू**

**जीवन र जगत्लाई आफ्नै ठानेर**
**जन्म र मृत्युलाई गाँस्छन् कविहरू ।**

२०७८ साल पुस महिनाको अन्ततिरबाट मेरो स्वास्थ्यको कारणले भरतपुरको नारायणी समुदायिक अस्पतालमा म भर्ना हुन पुगेँ । उपचारको क्रममा कहिले क्याबिन र कहिले आइसियु (सघन उपचारकक्ष) हुँदै २०७९ सालको जेठसम्म थोरै समय घर बस्ने र धेरैजसो अस्पतालमा नै रहनुपर्ने दयनीय अवस्थामा म पुगेँ । मेरो अवस्थाबाट म आफैँ विचलित हुन पुगेको थिएँ । मेरो शरीर मैले निको हुने लक्षण देखिनँ । मलाई जाँच्ने डाक्टरहरूले यो बुढेसकालको

रोग हो, सक्दो उपाय लगाउने हो, नभए भगवान् भरोसा भन्न थालेका थिए ।

कोरोना महामारीको उग्र हावा व्याप्त समय भएकाले मलाई दुई पल्टसम्म स्वास्थ्य स्थिति जाँच गर्न पठाइयो तर दुवै पटक नेगेटिभ नै रिपोर्ट आयो । यसबाट कोरोनाले डसिहाल्छ कि भन्ने डरचाहिँ मनमा हुँदो रहेछ तर खकारको रिपोर्टबाट डाक्टरले मलाई क्षयरोग (टिबी) भएको पत्ता लगाए ।

क्षयरोगको औषधि छ महिनासम्म लगातार खानुपर्ने रहेछ । तर मेरो अवस्था त्यो औषधिको गोली निल्न सक्ने अवस्था थिएन । तर औषधि अनिवार्य खानैपर्ने भएकाले त्यसलाई खलमा पिनेर पानी मिसाई झोल बनाएर नाकबाट पाइप लगाएर खुवाउने गरे । यस औषधिले छ महिनासम्म साह्रै गाह्रो भयो । यो औषधि एक दिन मात्र छुटे पनि फेरि सुरुदेखि नै छ महिना खानुपर्ने नियम रहेछ ।

नाकमा पाइप, पिसाब नलीमा पाइप, भोकनिद्रा शून्य भइदिएकाले शारीरिक र मानसिक दुवै अवस्थाबाट म अब उठ्दिनँ कि जस्तो मलाई लागिरह्यो । आफैँलाई यो जिन्दगी अत्यास लाग्दै थियो । आफ्ना साहित्यिक र नाता, सम्बन्ध, मित्रहरू जोजो मलाई भेट्न आउनुहुन्थ्यो; त्यस बखत म बोल्न पनि असमर्थ थिएँ । तर उहाँहरूबाट जेजस्तो सहानुभूति प्राप्त हुन्थ्यो त्यसबाट केही शान्तिको अनुभूति हुन्थ्यो ।

अस्पतालको लामो बसाइपछि डाक्टरहरूले पनि अब घरै लगे हुन्छ, अस्पतालबाट गर्नुपर्ने उपचार भएकै हो, अरू औषधि घरमा लगेर ख्वाए हुन्छ भन्ने सल्लाह दिएपछि वैशाखको सुरुतिर मलाई घरमा ल्याइयो । तर घरमा आएपछि मलाई छातीमा असह्य पीडा हुन थाल्यो, साह्रै सकस भयो, म आत्तिन थालेँ । खानमा रुचि शून्य भयो, सास फेर्नै गाह्रो भइरहेकाले छोराछोरीहरूलाई 'मेरो नजिकै

बस, मलाई छाडेर नजाऊ' भनिरहेँ । तर काठमाडौँ र पोखराबाट आएका छोराबुहारी र छोरी बैङ्क कर्मचारी भएकाले र दसबाह्र दिन भइसकेकाले 'नगई हुँदैन बरु फेरि आउँला' भन्दै थिए । मैले हात जोडेर छोरा र बुहारीसँग अनुनय गरिरहेँ तर प्लेनको टिकट ल्याइसकेकाले 'फेरि आउँला अहिले त जानै पर्छ' भनेर आआफ्नै गन्तव्यतिर लागे । घरमा कान्छा छोराबुहारी, माहिली छोरी र श्रीमती त साथै थिए । तर सबै मेरो यो अवस्थामा कतै नजाओस् भन्ने सोच्तथेँ ।

२०७९ साल जेठ २० गते मैले क्षयरोगको औषधि खाएको छ महिना पूरा भएको थियो । त्यसपछि बिस्तारै मैले स्वास्थ्यमा सुधारको अनुभव गर्न थालेको थिएँ । अब त बाँचिएला कि भन्ने मलाई आशा जाग्न थालिसकेको थियो । तर म ओछ्यानबाट भुइँसम्म पनि ओर्लन सकेको थिइनँ । यसै अवस्थामा नइ प्रकाशनबाट नरेन्द्रराज प्रसाईको फोन आयो । उहाँले मलाई भन्नुभयो– 'प्रेम दाइ ! हजुर अस्वस्थ हुनुहुन्छ भन्ने मैले थाहा पाएँ तर पनि यस वर्षको 'नइ कोइलीदेवी पुरस्कार' हजुरलाई नै समर्पण गर्ने नइ प्रकाशनले निर्णय गरेको छ । असारमध्यतिर पुरस्कार समर्पण कार्यक्रम हुने भएकाले काठमाडौँ आउन सकिन्छ कि सकिँदैन ?' मैले मेरो स्वास्थ्यको स्थिति उहाँलाई कनीकुथी गर्दै अवगत गराएँ– 'म ओछ्यानमा नै थला परेर बसेको छु भाइ ! चितवनबाट काठमाडौँ पुग्ने त मेरो जीवनको सपना नै होला जस्तो पो लाग्न थालेको छ । त्यसैले कार्यक्रममा म उपस्थिति हुन सक्तिनँ भाइ !' मेरो नाजुक अवस्था बुझेर नरेन्द्र भाइले भन्नुभयो– 'दाजुले पुरस्कार ग्रहण गर्न यहाँ आउनु पर्दैन । दाजुकै घरमा पुरस्कार आउँछ । मलाई हजुरको बैङ्क खाता नम्बर पठाइदिनु पऱ्यो; पैसाचाहिँ म आजै पठाइहाल्छु । त्यसपछि मैले नरेन्द्र भाइलाई मेरो बैङ्कको खाता नम्बर पठाइदिएँ । बैङ्क खाता नम्बर पठाएपछि त्यसै दिन मैले पुरस्कारको राशि एक लाख रुपियाँ पाएँ । नइ प्रकाशनको

आत्मीयता देखेर खुसीले मेरा आँखा रसाए । पुरस्कार समर्पण समारोह हुनु एक महिनाअघि नै मैले पैसा पाएँ भने कार्यक्रम भएको अर्को महिना उक्त पुरस्कारबापतको ताम्रपत्र र मेडल पाएँ । त्यसपछि मलाई लाग्यो– 'नइ प्रकाशन कसरी यति प्रिय र सबैको पतेरो भएको रहेछ ? वास्तवमा नइ प्रकाशनले पुरस्कार मात्र प्रदान गर्दो रहेनछ, स्रष्टाको पीरमार्का र चिन्ता पनि बुझ्दो रहेछ । यस्तो प्रकारको मानवीय संवेदना भएको नेपालमा अर्को पनि कुनै संस्था छ ?' हो पनि पहिलादेखि नै म नइप्रति प्रभावित थिएँ तर नइ कोइलीदेवी पुरस्कार पाएपछि मेरो मन नइसँगै झनै गाँसिन पुग्यो र यो संस्था त स्रष्टाको मन्दिरै रहेछ भन्ने मलाई लाग्यो । त्यो पुरस्कार पाएपछि मेरो आत्मबल पनि धूमधामले बढ्न थाल्यो, अहिले मेरो स्वास्थ्यमा धेरै नै सुधार भइसकेको छ ।

मैले नइ कोइलीदेवी पुरस्कार प्राप्त गरेपछि मभित्र एक प्रकारको ऊर्जा थपिएको मलाई भान हुन थाल्यो । त्यसपछि मैले नइ प्रकाशनपरिवारलाई हार्दिक आभार प्रकट गरिरहें । पुरस्कारसँगै सम्मानपत्र ग्रहण गर्न कार्यक्रमको दिन काठमाडौँ पुग्नुपर्नेमा अशक्तताकै कारण नइले मेरो विषयमा धेरै चाख राखिदियो । मलाई नइले अत्यन्तै सम्मानपूर्वक व्यवहार गरिदिनाले मैले अर्को पनि पुरस्कार पाएको महसुस गरेँ । साथै नइले मेरो बयान गरेको कुरा मेरा मित्र भानुप्रकाश जोशीले मलाई फोनबाट सुनाइरहनुहुन्थ्यो । साथै मलाई मेरा मित्र जोशीले नै ती सम्मानपत्र, पदक र लोगो काठमाडौँबाट लिएर चितवन आउनुभयो । जोशीले मलाई ठूलो गुन लगाउनुभयो । जोशीका हातबाट मैले ताम्रपत्र र पदक पाएर म एकछिन टोलाइरहेँ र भानुप्रकाश जोशीलाई भनेँ– 'नइ प्रकाशन कस्तो गुणवान् संस्था, अहिलेको जमानामा यस्ता हितकारी संस्था पनि रहेछन् ।' भानुले पनि मेरो कुरामा होमा हो मिलाएर भन्नुभयो– 'नइले अरूको भलाइ गरेर जितेको छ र प्रेमविनोद नन्दन दाइलाई

नइले प्रदान गरेको यो उच्च सम्मान पनि हो ।' त्यसपछि खुसी थाम्न नसकेर मैले नरेन्द्रराज प्रसाईलाई फेरि फोन गरेँ र नइदम्पतीलगायत नइ प्रकाशनका सम्बन्धित सबै महानुभावहरूमा हार्दिक कृतज्ञता ज्ञापन गरेँ । वास्तवमा यस्तो किसिमको सम्मान न मैले कहिले सुनेको थिएँ, न देखेकै थिएँ; यस किसिमले मैले 'नइ कोइलीदेवी पुरस्कार' छयासीबर्से उमेरमा पाएर म त छक्क परिरहेको छु ।

नइ दुवै साहित्यसाधक त हुँदै हुन् । सँगसँगै नेपाली भाषासाहित्य, सङ्गीत, कलाका क्षेत्रमा समर्पित स्रष्टा तथा मनीषीहरूको यथायोग्य सम्मान तथा पुरस्कार अर्पणको ज्वलन्त परम्परा नइले नै स्थापित गरिसकेको छ । यस्तो निस्पृह व्यक्तित्व साहित्यजगत्मै पनि दुर्लभ छ । सारस्वत अनुष्ठानको पुजारी यी दुई प्रतिभाको योगदानको मूल्याङ्कन कसले गर्ने ?

# पक्षपातबाट कोसौँ टाढा

## बालिका गिरी

मैले 'दोभान' पत्रिका प्रकाशन गर्न सुरु गरेको २०५६ सालदेखि हो । २०५७ सालको अन्ततिर फागुनको महिना थियो । एक दिन मेरा श्रीमान् युवराज कार्कीले 'तिमी साहित्यिक क्षेत्रमा हिँड्न खोज्दै छौ, म तिमीलाई एक जना राम्रो साहित्यकारसँग भेटाइदिन्छु, हिँड जाऔँ' भन्दै अघि लाग्नुभयो, म पनि को के केही नसोधी 'हुन्छ जाऔँ' भनेर खुरुखुरु हिँडेँ ।



त्यति बेला हामी अनामनगरको सिंहदरबारको हालको पूर्वी गेटतिर डेरामा बस्थ्यौँ । अनामनगरचोकदेखि घट्टेकुलो जाने बाटोबाट दाहिनेतिर मोडिएर अलिक भित्र पसेपछि मेरा श्रीमान्ले एउटा पसलमा सोध्नुभयो । म अलिक पर भएकाले कसको नाम सोध्नुभयो भन्ने बुझिनँ । पसलका साहूजीले देखाइदिएको घरमा हामी पस्यौँ । म त्यति बेला तीनछक परेँ– जति बेला नइ प्रकाशनका संरक्षक नरेन्द्रराज प्रसाई हामीलाई स्वागत गर्न बाहिर आउनुभयो । मैले उहाँको नाम सुनेकी थिएँ र एकतर्फी मात्र चिन्दथेँ । उहाँ पुरानो कम्युनिस्ट भन्ने पनि मलाई थाहा थियो । उहाँले मलाई चाहिँ चिन्नु भएन । पहिलो भेटको असहजतालाई

सहज बनाउँदै श्रीमान्ले मेरो परिचय दिँदै 'यी मेरी श्रीमती बालिका गिरी, यिनले 'दोभान' साहित्यिक पत्रिका प्रकाशन गर्न सुरु गरेकी छिन् । यहाँले पनि सकारात्मक सहयोग गर्दिनुपर्‍यो' भन्नुभयो ।

त्यसपछि नरेन्द्रराज प्रसाईले हँसिलो अनुहार पार्दै भन्नुभयो– 'अत्यन्तै राम्रो काम, तर नेपालमा खुराफातीहरू पनि धेरै छन्, खुट्टा तान्नेहरू पनि कम छैनन् । राम्रो काम गर्न खोज्नेमाथि चौतर्फी प्रहार हुन्छ । साहस नटुटाउनु, सफल भइन्छ, म पनि सकेको सेवा गर्छु' भनेर अडिला शब्दहरूले मलाई आड, भरोसा र साहस दिनुभयो । मीठो चिया खुवाएर 'आउँदै गर्नु है !' भन्दै अत्यन्त हार्दिकताका साथ हामीलाई सुमधुर बिदा गर्नुभयो ।

२०५८ साल फिरेसँगै देशमा भयावह दरबार हत्याकाण्ड भयो । राजा वीरेन्द्र, रानी ऐश्वर्यलगायत दरबारका धेरै सदस्यहरूको हत्या भयो, देश शोकमा डुब्यो । त्यति नै बेला मेरी आमाको पनि मृत्यु भयो, सहनै नसक्ने पीडामा परेकी म असारको तेस्रो हप्तातिर पत्रिकाको नयाँ अङ्क लिएर नइगृह गएँ । यो पटक नइ प्रकाशनका अध्यक्ष इन्दिरा प्रसाईसँग पनि भेट भयो । मातृवियोगले छटपटिएकी मैले उहाँलाई ठ्याक्कै मेरी आमाजस्तै देखेँ । उहाँलाई मैले एकटकले हेरिरहेँ । चम्किला आँखा, फुर्तिलो शरीर, स्पष्ट र मीठो बोलीवचन, मातृत्वभाव छचल्काउँदै, अपनत्वको व्यवहार देखाउँदै, मुस्कुराउँदै कुरा गर्ने र आफूलाई लागेका कुराहरूमा फटाफट प्रश्न गर्ने र उपर्युक्त उत्तरको खोजी गर्ने उहाँको यस्तो व्यवहार मलाई अत्यन्तै मन पर्‍यो ।

मलाई दिनका लागि इन्दिरा प्रसाई नइ प्रकाशनका केही पुस्तक लिएर कोठाबाट निस्कनुभयो । अनि मैले नरेन्द्रराज प्रसाईसँग भनेँ– 'इन्दिरा म्याडम त ठ्याक्कै मेरी आमाजस्तै, मलाई त आमा... भनेर बोलाउन मन लाग्यो' भनेँ । त्यसै बेला चिया आयो, हामी तीन जनाले मीठो चिया खायौँ । नरेन्द्रराज प्रसाईले मेरो कुराको केही

प्रतिक्रिया दिनु भएन । केही पुस्तकहरू दिनुभयो र म निस्कैं, निस्कँदै गर्दा गेटमा आएर 'आउँदै गर्नु ल, कमरेड !' भन्नुभयो । मैले 'हवस् कमरेड !' भन्दै बिदा भएँ ।

भोलिपल्ट बिहान नौ बजेतिर टेलिफोनको घन्टी बज्यो, मैले नम्बर चिनेँ । फोन उठाउँदै मैले यताबाट 'हजुर कमरेड ! नमस्कार' भनेँ । उताबाट 'नमस्कार कमरेड छोरी !' भन्ने उत्तर आयो । ती शब्दले म झसङ्ग भएँ । एकछिन म केही नबोली बसेँ, छक्क पर्दै । उहाँले फेरि भन्नुभयो– 'हिजो तिमीले भनेका कुरा मैले तिम्री आमालाई सबै सुनाएँ । तिम्री आमाले तिमीलाई छोरी बनाउन खुसीसाथ तयार भइन् नि, लौ तिम्री आमासँग कुरा गर' भन्दै इन्दिरा प्रसाईलाई फोन दिनुभयो । जब इन्दिरा प्रसाईको 'छोरी...' भन्ने शब्द सुनेँ, म त एकछिन शून्यतामा हराएँ । धेरै बेरसम्म म अक्क न बक्क परेँ । मैले हर्षले बरबरी आँसु थाम्नै सकिनँ । इन्दिरा प्रसाईले मलाई यति धेरै माया बर्साउनुभयो म शब्दमा व्यक्त गर्न सक्दिनँ, मेरी आमा स्वर्गबाट फर्केर आएजस्तो लाग्यो । इन्दिरा प्रसाईले यति धेरै मायालु शब्दले कुरा गर्नुभयो कि 'अबदेखि तिमीले आफूलाई टुहुरी नठान, आजबाट तिमी हाम्री छोरी, हामी तिम्रा बुबाआमा हैं छोरी !' इन्दिरा प्रसाईले यस्तो भनिरहँदा म भक्कानिएर 'हवस् आमा !' सम्म पनि भन्न सकिरहेको थिइनँ । मेरा आँखाबाट बलिन्द्र धारा आँसु झरिरहेका थिए ।

त्यो दिनदेखि आजसम्म नइदम्पती मेरा बाबाआमा र म उहाँकी छोरी भएको आज एक्काइस वर्ष पुगेछ । आफैँले जन्माएका तीनतीनवटा छोरीहरू भएकी आमाले अर्की छोरीलाई उस्तै मातृत्व बाँड्न सक्नु मेरी इन्दिरा आमाको महानता हो । चाडबाडमा छोरी भनेर बोलाउने र 'के खान्छेऊ ?' भनेर सोध्ने, यो नाना, चाचा छोरीलाई भनेर मायाले दिने बच्चालाई जस्तै गर्नुहुन्छ ।

मेरी इन्दिरा आमा साहित्यको मूल हुन् भने ममताकी विशाल मुहान हुन् । हजारौँ छोराछोरीहरूकी प्रेरणाकी स्रोत, महान् हृदय

भएकी दयाकी खानी यस्ती आमा हजुरलाई कोटीकोटी नमन ! मेरा प्रियजनहरूले स्थापना गरेको नइ प्रकाशनमा पनि म प्राय: पुगिरहेकी हुन्छु । नइ संस्थामा पुगेपछि मलाई साहित्यको स्वर्णमन्दिरमा पुगेको भान हुन थाल्छ ।

नइ प्रकाशनले मुलुकको प्रज्ञाप्रतिष्ठान भएर अहोरात्र काम गरिरहेको देखिन्छ । नेपाली भाषासाहित्यको श्रीवृद्धिका लागि चारै कोणबाट यसले जुन काम गरेको छ, त्यो काम चानचुने र लरतरो भावनाबाट हुन सक्दैन । नइबाट यति ठूलाठूला काम भएका छन् कि 'न भूतो न भविष्यती !' नइको नि:स्वार्थ पन, नेपाली साहित्यप्रतिको अगाध प्रेम, समर्पण, दक्षता, अनुभव र विशाल मनका कारणले मात्र यो सम्भव भएको हो । पक्षपातबाट कोसौँ टाढा रहेर सत्यतालाई शिरमा बोकेपछि मात्र यति ठूलो काम गर्न सकिन्छ भन्ने दृष्टान्त नइले दिएको छ ।

नइको आह्वानमा त्रिमूर्ति निकेतनले आयोजना गरेको पाँच महादेश, बीस राष्ट्र र नेपालका चौध अञ्चलका नेपाली नारीस्रष्टाहरूको प्रत्यक्ष सहभागितामा सम्पन्न 'विश्वनारी नेपाली साहित्य सम्मेलन'मा मेरो पनि प्रत्यक्ष सहभागिता थियो । यसै मञ्चमा संसारभरि छरिएर रहेका नेपाली नारीस्रष्टाहरूले एकै ठाउँमा भेला भएर सम्मानित हुने अवसर प्राप्त गरेका थिए । त्यसै मञ्चमा विश्वनारी नेपाली साहित्य पदक प्राप्त गर्ने म पनि एउटी भाग्यमानी नारी थिएँ ।

नेपाल सरकारले नइको प्रत्यक्ष अगुवाइमा राखेर 'भानुभक्त आचार्य द्विशतवार्षिक समारोह समिति'को आयोजना गऱ्यो । नइ गाँसिएकै कारण त्यो समिति नै अद्वितीय थियो । त्यहाँबाट धेरै राम्राराम्रा कार्यक्रम तर्जुमा भए । तीमध्ये उत्कृष्ट पन्ध्रवटा साहित्यिक पत्रिकालाई पचास हजारदेखि तीस हजार राशिसहित पुरस्कृत गरिने कार्यक्रम पनि थियो । त्यस अवसरमा 'क' वर्गमा पन्ध्रवटा

साहित्यिक पत्रिकामा भानु विषयमा विशेषाङ्क निकाल्न सफल भए । तिनलाई मूल्याङ्कन गरी स्वर्णपदक र प्रशस्तिपत्र प्रदान गरिएको थियो । मेरो 'दोभान' पत्रिका पनि उत्कृष्ट भयो र सम्पादक, प्रकाशकमा मेरो नै नाम अगाडि आयो । त्यसैले त्यस दिन मैले दुईवटा भानुभक्त स्वर्णपदक र दुईवटा प्रशस्तिपत्र पाएँ । साहित्यिक पत्रिका प्रकाशन गर्दाका सयौँ पीडाहरू बिर्सिने आनन्दको त्यो समय मैले कहिल्यै बिर्सेको छैन ।

नइको नेतृत्वमा प्रा.डा.उषा ठाकुरको संयोजकत्वमा 'सत्यमोहन जोशी शताब्दी महोत्सव' गठन भएको थियो । वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशीलाई आफ्नो जन्मभूमिमा उच्च तहको अभिनन्दन, पुरस्कार, मानसम्मान गरी उक्त अवसरमा पनि सयौँ साहित्यप्रेमीहरूलाई 'सत्यमोहन जोशी शताब्दी पदक' र प्रमाणपत्र प्रदान गरिएको थियो । त्यस अवसरले मलाई पनि फूलपाती लगाइदिएको थियो ।

नइले कसैलाई काखा र कसैलाई पाखा गर्न जान्दैन; नइले कुनै विचार, जात, धर्म, वर्ग र समुदायलाई विभेदको नजरले हेर्दैन, नइले मात्र प्रतिभा र क्षमताको कदर गर्दछ । देशका कुनाकन्दरामा रहेका पछाडि परेका प्रतिभाहरू हुन् या अन्तर्राष्ट्रिय स्तरका नेपालका बारेमा विशाल काम गरेका व्यक्तित्व किन नहुन्, सबैलाई खोजीखोजी सम्मान र प्रोत्साहन गर्ने प्रज्ञाप्रतिष्ठान नइ हो ।

नइ स्वयम् सादा जीवन र उच्च विचारका धनी हुनुहुन्छ । उहाँहरूलाई आफ्नो व्यक्तिगत कुनै स्वार्थ छैन । उहाँहरूलाई कुनै तामझाम र रवाफ छैन । सधैँ सादगी बनेर एकतमास रूपमा साहित्यको सेवामा समर्पित उहाँहरूको व्यक्तिगत जीवन भन्ने नै मैले देखेको छैन । उहाँहरू हरपल नइको सागरमै डुबुल्की मारिरहेको देख्छु । नेपालमा यदाकदा कुनैकुनै संस्थाहरूले पुरस्कारको पनि लेनदेन गर्दछन् भनिन्छ र पुरस्कारमा प्राप्त नगदमा पनि हेराफेरि

गरिन्छ भन्ने सुनिन्छ । तर नइले त कसलाई पुरस्कार दिइयो भन्नेसम्म पनि चासो राख्दैन र नइ केवल पद्धतिले मात्र काम गर्दछ ।

न राज्यको दुई पैसा मिलाएको छ; न अरू संस्थाहरूले जस्तो स्रष्टा, सर्जकहरूसँग हात फैलाएको छ; आफ्नो उत्कृष्ट व्यवस्थापनबाट यति ठूलो संस्था यति राम्रो व्यवस्थापन र कुनै तडकभडकबिना सरल तरिकाले सञ्चालन गर्नु भनेको नइको खम्बा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको अथक, अटल प्रयासले मात्र सम्भव भएको हो ।

नइले दु:खसुखका उकालीओराली गरेको म पनि कहिलेकाहीँ साक्षी भएकी छु । केहीकेही नइका शत्रुहरूले नइलाई खोइरो खन्न बदनाम गर्न खोज्ने नगरेका होइनन् तर नरेन्द्रराज प्रसाईले यस्ता कुरालाई ‘मेरा दुस्मन मेरा मल हुन्, मल हाल्दा बिरुवा झन् हल्किन्छ’ भन्ने आदर्शबाट अघि बढ्दै जानुभयो । त्यसैको फल आज नइ यो रूपमा खडा भएको छ ।

# उत्कृष्टताको अर्को नाउँ

## बिन्दु अधिकारी ढकाल

नइ प्रकाशनबारे धेरै पहिला नै सुनेका थिएँ र पत्रपत्रिकामा पढेका पनि थिएँ । तर त्यो समय खुदलाई भने रचना छपाउनुपर्छ भन्ने ज्ञान नै थिएन । हो, हैन भने लेख्दै च्यात्दै किन गर्थें ? मसीको सत्यानाश सफेद कापीका पाना टुक्रैटुक्रा किन पार्थें ? एकान्तमा बसेर कसैलाई नदेखाई, एउटा अक्षर कसैलाई नसुनाई फालिदिन्थें । त्यो बेला साथीसर्कलमा छलफलको कुरा त परै जाओस्, आफ्नै वातावरणवरपर छोराछोरीबीच भेदभावका कुरा, परिवारभित्रै पनि हेलाँ, होचोका कुरा यो दिल कति दुख्थ्यो ? अनि, मुटु कति पोल्थ्यो ?



यसै सन्दर्भमा मैले कतै पढेको एउटा कुराको आज मलाई सम्झना आयो– 'हुन लेखेको कुरा जसरी पनि हुन्छ, नहुन लेखेको कुरा जति टाउको भित्तामा जोते पनि हुँदैन । 'बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई खुर्पाको बिँड' ।

आँखा चिम्लेर स्वर्ग देखिँदैन । अमूर्त चिन्तन गरेर स्वर्ग भेटिँदैन । यहाँ ईश्वरीय शक्ति र स्वरूप मनुष्यभित्रको सत्यम्, शिवम् र सुन्दरम्मा रहन्छ । मानिस स्वयम् ईश्वरीय प्रतिरूप हो । आफैँले

आफैँलाई नियाल्न र अनुभूत गर्न सक्यो भने प्रत्येक मानिसमा ईश्वरको प्रतिबिम्ब छ । त्यस कारण ईश्वर खोज्न आँखा चिम्लेर शून्यताको आकाश चढ्नु पर्दैन । स्वर्ग र नर्क भन्ने पनि यसै धर्तीमा छन् ।

कल्पनाको स्वर्गमा कहिल्यै पुगिँदैन । कर्म गर्ने हो भने पृथ्वीमै स्वर्गको प्राप्ति हुन सक्छ । मानिसले मानिसप्रतिको दायित्व निर्वाह गर्न सकेमा ईश्वरप्रतिको दायित्व पनि पूरा गर्न सकिन्छ । यी उल्लेख हरफहरूको प्रतिबिम्बमा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई हुनुहुन्छ । उहाँहरूबाट मैले पाएको मायाममता, हौसला अनि आशीर्वादलाई विशेष किसिमले सम्झिने जमर्को त गरेँ तर हेरौँ कति सक्छु कति सक्दिनँ ।

कुनै कथाजस्तै लाग्छ, मेरो बुबा अक्सिजन कवि बालकृष्ण अधिकारी 'धनकुटे'कै पालामा अर्थात् उहाँ जीवित हुँदै नइ जोडीसँग भेट्ने इच्छा थियो । तीव्र त्यो चाहनामा तुसारापात अवसरै जुरेन । तैपनि बुबाले जो अराईसिकाई गर्नुभयो । त्यसैले एक दिन नइगृह जाने मलाई पनि अवसर मिल्यो । त्यो संयोग जुराउने पनि उही समय नै थियो, सायद । मेरो जन्मस्थान धनकुटा । इन्दिरा प्रसाईसँग पनि 'साइनो पर्छ छोरी' भनेर बुबाले भन्नुभएको थियो । यस कारण पनि उहाँले भेट्न चाहनु स्वाभाविक कुरा थियो । तर जुन काम दैवलाई मञ्जुर भएन ।

म त्यस दिन नइगृह जाँदा नरेन्द्रराज प्रसाईसँग मात्र भेट भयो । इन्दिरा प्रसाई कामविशेषले बाहिर कतै हुनुहुन्थ्यो । साथमा मैले मेरी देउरानी रञ्जना उप्रेती ढकाललाई पनि लिएर गएकी थिएँ । उनको माइतीघर नइगृहछेउछाउ उही घट्टेकुलो एरिया, हामी दुवैलाई सँगसँगै देख्दा 'आज नि बिन्दु छोरी, साउँसँगै ब्याज आएको अनुभव भयो ।' नरेन्द्रराज प्रसाईले खुसी हुँदै सो कुरा व्यक्त गर्नुभएको थियो । त्यो दिन नरेन्द्रराज प्रसाईसँग गफिँदा समय बितेको हामीलाई पत्तै भएन ।

त्यतिखेर साहित्यमा म भर्खर बामे सर्दै गरेकी थिएँ । त्यहाँ मैले आफ्नो परिचय दिएँ । तर त्यस दिन नइगृहबाट मलाई नयाँ साहित्यकारको जस्तो व्यवहार गरिएन । मानौँ, नइका लागि म पनि पाको स्रष्टा भइसकेकी थिएँ । सुरुकै दिन अथवा चिनजान भइरहेकै समयमा त्यहाँबाट प्राप्त आत्मीय व्यवहार म एउटी नवीन स्रष्टाका लागि धेरै महत्त्वको थियो । त्यस दिन नरेन्द्रराज प्रसाईले 'अध्ययन गर है नानी, लेख्ने मानिसले दैनिक केही घण्टा पढ्नु पनि पर्छ' भन्दै मेरा हातमा एक झोला किताप उपहार थमाइदिनुभयो । त्यस दिनको त्यो उदारताको दृश्य अझै मेरा आँखामा आउने गर्छ । 'तिमीहरू दिदीबहिनीलाई छुट्टयाएको जस्तो नहोस्, यहाँ जेजस्ता किताप छन्, दुवै छोरीले आलोपालो मिलेर पढ है' भनेको झन्डै एक दशकअघिको त्यो संवाद आज पनि मेरो मानस पटलमा उतिकै गुञ्जायमान भइरहेको छ ।

अघिका दिन पत्रपत्रिकामा नइ प्रकाशनबारे उल्लेख भएर आएका सामाचार नछुटाई पढ्ने र सुन्ने बानी छन्, चिनजानपछिका दिनमा चासो नहुने कुरै भएन । नइगृहप्रति हृदयबाट उब्जेको सद्भावलाई अक्षरमा जति नै कोरे पनि वाक्य पूरा हुँदैन । सायद त्यो क्षमता मसँग छैन ।

प्रविधिको विकासले सामाजिक सञ्जाल फेसबुकबाट पनि देखिन्छ नइलाई । उहाँहरूको सक्रियताले पछिल्ला दिनमा झन्झन् उचाइ लिइरहेको यथार्थलाई नकार्न सकिँदैन । साहित्य लेखनकै क्रममा नरेन्द्रराज प्रसाईसँग बेलाबलामा फोनवार्ता पनि हुन्छ । मेरा रचनाहरूमा नरेन्द्रराज प्रसाईको कमेन्ट देखेपछि एक किसिमको ऊर्जा प्राप्त हुन्छ मलाई । अनि आँट गरेर सोध्न मन लाग्छ– 'मेरो लेखाइ कस्तो छ अङ्कल ? सुधार्ने ठाउँ औँल्याइदिनुहुन्थ्यो कि ?' उही कमेन्ट बक्समा ढिलो नगरी उत्तर आउँछ– 'यसरी नै अघि बढ्ने हो नानी, छोरी ! तिमीलाई शुभकामना छ । अनि आशीर्वाद पनि छ, लेख्न नछाड ।'

चाहेर पनि पछिल्ला दिनमा नइगृह पुग्न पाएको छैन । तथापि नरेन्द्रराज प्रसाईले निम्त्याउनुभएका साहित्यिक कार्यक्रममा भने प्राय: म छुट्दिनँ । शताब्दी पुरुष सत्यमोहन जोशीको निवासमा 'श्रीस्वस्थानी व्रतकथा' सार्वजनिक गर्ने दिनको कार्यक्रममा इन्दिरा प्रसाईसँग भएको प्रत्यक्ष भेटले म ज्यादै रमाएकी थिएँ ।

मैले आफूलाई त्यस दिन पनि भाग्यमानी ठानेँ, जुन दिन फेसबुक म्यासेन्जरमा नरेन्द्रराज प्रसाईले लेखी पठाउनुभएको म्यासेज 'बधाई छ छोरी ! ज्वाइँलाई बढुवाको बधाई, छोरीलाई पदकको बधाई !' पढेँ र पनि पहिला त विश्वासै लागेन । नइको लोगो अङ्कित सामग्रीमा औँला दाबेर पढ्न मन लाग्यो र खोलेर हेरेँ । मोबाइलको स्क्रिनलाई हातको चोर औँलाले ठेल्दै गएँ । अलि तल पुगेपछि आफ्नो नाम देख्दा खुसीको सीमा रहेन । त्यसपछि छोरा विप्लवलाई देखाएँ, एकैछिन नियालेर बाबूले भन्यो– 'ओहो पदक पो, ल बधाई छ मामु !' अनि छोरी ऋषिकाले पनि सोही प्रकारले मलाई बधाई दिइन् ।

नेपाल प्रहरीमा कार्यरत श्रीमान् भीमप्रसाद ढकाल पदीय दायित्वको सिलसिलामा घरमा नहुनाले उहाँलाई सुनाउन एकैछिन धैर्य गर्नुको विकल्प थिएन । किनकि नरेन्द्रराज प्रसाईले बधाई लेख्नाको कारण पनि प्रस्टै थियो, भर्खर केही घण्टाअघि मात्र डिआइजी बढुवा सिफारिसमा उहाँको नाम परेको हुनाले फरक दैनिकी अरू कुरा हुन र गर्न पाएको थिएन । उहाँ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा जिम्मेवारीमा हुनुहुन्थ्यो । जब नइ पदकबारे जानकारी पाउनुभयो, साहित्यिक लेखनको दुनियाँमा उत्तरोत्तर प्रगतिको कामनासहित बधाई नदिने कुरै भएन । त्यसपछि मभित्र थप खुसीको वर्षा भयो ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र

तिनीहरूको संरक्षणमा नइ प्रकाशनले आफूलाई समर्पित गरेको कुरा जगजाहेर छ र यो यथार्थ घामजत्तिकै छर्लङ्ग पनि ।

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि नइ प्रकाशनको स्थापना भएको जानकारी नइ अभिलेखमार्फत अवगत भयो । जीवनमा नइ प्रकाशनले जुन सत्कर्मपूर्ण कार्यहरू गर्दै आइरहेको छ, यसका हाँगाबिँगा र फल यसरी नै जन्मजन्मान्तर यस धर्तीमा जीवित रहन सकून् भनेर कामनासँगै हरघडी प्राथना पनि गर्दछु । संस्थाले रजत महोत्सव मनाउने सुअवसरमा चार सय दस जनालाई जुन किसिमले आतिथ्यता ग्रहण गराइयो, त्यो भव्य समारोह हेर्दा लाग्थ्यो, उत्कृष्टताको अर्को नाउँ छ भने केवल नइ प्रकाशन नै हो ।

अन्त्यमा, मैले नइ जोडीका हातबाट जब ‘नइ रजत महोत्सव पदक’ ग्रहण गरेँ, कुनै शिखर चुमेसरहको खुसी मलाई महसुस भयो ।

# सागरको मोती

## भगवती बस्नेत

नइसँगको मेरो चिनजान एक दशक नाघिसकेको छ । मैले एकपल्ट नभेटी र नदेखी जीवनमा विश्वास गरेको व्यक्ति कोही हुनुहुन्छ भने ती व्यक्तिहरू नइ हुन् । म प्रवासको बसाइमा आफ्नै पीडामा थिएँ । कामको अलावा मैले अन्य कामहरूमा पनि आफूलाई व्यस्त राख्न थालेँ । घरपरिवारको याद भुलाउन, प्रवासको अत्यास



मेटाउन आफूलाई व्यस्त गराउने साधन भनेको सिर्जना गर्नु, ब्लग लेख्नु, संसारभरिका साहित्यकारहरूको सिर्जनाहरूलाई आफ्नो ब्लगमा पोस्ट गर्नु अनि विभिन्न साहित्यिक सांस्कृतिक सङ्घसंस्थामा आबद्ध भएर त्यसमा व्यस्त रहनु मेरो दैनिकी थियो । धेरैका सिर्जनाहरू इमेलमार्फत मलाई प्राप्त हुन्थे । ब्लगमा पोस्ट गरेपछि ब्लगको लिङ्क म फेसबुक र ट्विटरमा सेयर गर्थें । त्यसले गर्दा ब्लग हेर्नेको सङ्ख्या निकै हुने गर्थ्यो ।

इजरायलमा रहेर कर्म गरिरहेकी कवि दीप्स शाहसँग नरेन्द्रराज प्रसाईको सम्बन्ध रहेछ र दीप्स शाहमार्फत नरेन्द्रराज प्रसाईले मेरो ब्लग हेर्नुभएछ । एक दिन मेरो पनि ब्लगको निकै प्रशंसा गरेर

नरेन्द्रराज प्रसाईले पठाउनुभएको इमेल मैले पाएँ । कवि दीप्स शाहसँगको मेरो सामीप्यताले नइका बारेमा धेरै कुरा जान्ने, बुझ्ने अवसर मैले पनि पाएकी थिएँ । दीप्स शाह र म अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज संस्थामा आबद्ध भएर काम गर्ने भएकाले धेरै कुराहरू आदानप्रदान हुन्थे । नेपालमा बसेर सरकारले गर्न नसकेका कामहरू नइले गरिरहनुभएको थियो । त्यसैले नइसँग जोडिन पाएर मैले निकै गौरवान्वित महसुस गरें । साहित्य, सिर्जना अनि विभिन्न साहित्यिक, सांस्कृतिक सङ्घसंस्था, त्यहाँ हुने कार्यक्रमहरूका बारेमा त्यति बेला नरेन्द्रराज प्रसाईसँग मेरो कुराकानी भइरहन्थ्यो ।

२०७१ सालमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नइको सहकार्यमा आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समिति गठन भयो । देशभित्र र देशबाहिर यसका शाखाहरू बने । म इजरायलका लागि नेपाल सरकारको पर्यटन दूत पनि थिए । त्यसै बखत मलाई आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समिति इजरायलको अध्यक्षाको प्रस्ताव नइमार्फत आयो । उक्त प्रस्ताव मैले सहर्ष स्वीकार गरें । नइले मलाई विश्वास गरेकोमा आफ्नो क्षमताप्रति मलाई निकै गर्व पनि लाग्यो ।

नेपाल सरकारबाट गठित आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समितिमा रहेर हामीले थुप्रै कामहरू गऱ्यौं । नइको यस कार्यको संसारभरिबाट प्रशंसा भयो । साहित्यको जुन काम गर्दा पनि कुनै स्वार्थ नराखी साहित्यको उन्नयनका लागि आफ्नो तन, मन र धनले समर्पित हुने नइको कर्मबाट म अझ प्रभावित भएँ । 'म त हिँड्छु मेरै बाटो खुट्टा तान्दै गर' भन्ने गीतले उहाँहरू आफ्नो कार्यमा अडिग भएर अगाडि बढिरहनुभएको मैले पाएँ । काम गरेपछि गाली र ताली पाउनु स्वाभाविक नै हो । तर कसैमाथि कुनै आग्रह पूर्वाग्रह नराखी आफ्नो कर्ममा अविरल लागिरहनु सहज कुरा हुँदै होइन । अन्य कुरामा जे भए पनि साहित्यमा कहिल्यै कसैलाई

भेदभाव नगर्ने, हाम्रालाई नभएर राम्रालाई प्रोत्साहन गर्ने नइको कार्यप्रति म नतमस्तक हुन्थेँ । नरेन्द्रराज प्रसाईसँग सम्पर्क भएको करिब आठ वर्षपछि म नेपाल आएकी थिएँ ।

नेपाल आएपछि नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईलाई भेट्न म नइगृहमा पुगेँ । नइले प्रथम भेटमा मलाई प्रवासमा हुँदा गरेको भन्दा बढी माया गर्नुभएको मैले आभास पाएँ । नइगृह पुग्दा मलाई साहित्यको मन्दिरमा पुगेको भान भयो । मेरो आगमनमा मलाई स्वागत गर्न घण्टौँ एयरपोर्टमा कुरेर प्लेन ढिलो भएपछि उहाँहरू फर्कनुभएको कुराले मभित्र झनै आत्मीयता थपियो ।

नेपालमा आएपछि नइले मेरो शिरैमा हात राखिदिनुभयो । साहित्याकाशमा मैले मेरो अभिभावक भेटेको महसुस गरेँ । हुन त म प्रवासमा गएपछि मात्र साहित्यकार भएको होइन । म नेपालमा हुँदादेखि नै लेख्ने गर्दथे । तर निकै वर्ष प्रवासमा बसेर नेपाल आएपछि निकै अलमल्लमा परेको बेला मलाई नइले नै बाटो देखाएको हो । उहाँहरूले मलाई नइ प्रकाशन, त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसनमा पनि जोडिने अवसर दिनुभयो ।

मलाई नइको छत्रछायामा देखेर रिस र डाहा गर्नेहरूको कमी थिएन । तर मैले कसले के भन्छ भन्ने कुरामा चासो देखाइनँ, देखाउँदिनँ पनि । कतिले त मलाई भने– 'नइको पछि लाग्यौ भने तिमीलाई कसैले वास्ता गर्दैन, कसैले पत्याउँदैन र लिँदैन । तिमी किन उनीहरूको पछि लागेकी, हामीसँग आऊ । तिमीलाई हामी साथ दिन्छौँ र सहयोग गर्छौं ।' नइसँग लागेकी भनेर कतिले उनीहरूको कार्यक्रमहरूमा मलाई बोलाउन पनि चाहेनन् । वास्तवमा इजरायलबाट नेपालमा आएपछि मैले थाहा पाएँ– साहित्यमा पनि कति गुट र उपगुट हुने रहेछ । तर नइ शान्त आकाश हो भन्ने म जान्दै गएँ । राम्रा प्रतिभा भनेपछि मरिमेट्ने नइको सीप रहेछ । उहाँहरूले सधैँ सुनलाई सुन, पित्तललाई पित्तल र हीरालाई हीरा नै भनेर मलाई चिनाउँदै जानुभयो ।

मलाई न कुनै गुटमा लाग्नु थियो न उपगुटमा नै । म आफ्नै लयमा हिँड्ने मान्छे हुँ । मेरो ब्रह्मले जे सही देख्छ म त्यही गर्छु । मलाई जुन कार्यक्रममा निमन्त्रणा आए पनि समयले भ्याएसम्म जाने गर्छु । हिजोआज त मलाई सबैले माया पनि गर्नुहुन्छ । म पनि साहित्यकारलाई आफ्नो परिवारका सदस्यजस्तै ठान्ने गर्छु । म एक साहित्यानुरागी साहित्यलाई माया गर्ने मान्छे, साहित्य साधना गरिरहेकी छु । साहित्यका महारथिहरूसँगको सामीप्यमा काम गरिरहेकी छु । मैले पनि राम्रो नराम्रो छुटचाउन सक्छु जस्तो मलाई लाग्छ ।

सच्चा साहित्यकारले निडर र निष्पक्ष भएर साहित्य लेख्ने गर्छन् । कहिलेकाहीँ सोच्छु, हाम्रो समाज किन यति साँघुरिएको होला । वास्तवमा समाज साँघुरिएको होइन, मान्छेको सोच र मानसिकता साँघुरिएको हो । यसरी साँघुरिएको मान्छेको सोच र मानसिकतालाई रूपान्तरण गर्न समय पक्कै लाग्छ । कतिपय लेखकहरूले लेखेरै समाजको रूपान्तरण गर्नेछु भनेर लेखिरहेकै छन् । आशा गरौँ, हामीले एक न एक दिन हाम्रो समाज रूपान्तरण गर्नेछौँ । जीवनमा भेटेका प्रत्येक मान्छेहरूसँग म केही न केही सिकिरहेकी हुन्छु ।

जबदेखि नइसँग मेरो सामीप्यता र सहकार्य भयो तबदेखि साहित्यमा लागेका सबै लेखक सर्जकहरूलाई नइले समान व्यवहार गरिरहेको पाएको छु । नइले मलाई कहिल्यै 'त्यो कार्यक्रममा जाऊ त्यहाँ नजाऊ, त्योसँग बोल योसँग नबोल' भन्नु भएन । साथै छेपारोले रङ फेरेको झैँ कहिले कुन रूप, कहिले कुन रूपमा मैले नइलाई कहिल्यै देखेको छैन । नइ सुकी जाने खहरे होइन, निरन्तर बगिरहने शान्त समुद्र हो । यसमा मोती खोज्नेले मोती भेट्टाउँछ, सिर्जनशील हुन चाहनेले साहित्याकाशमा उड्न पाउँछ र अलमलिएकाले बाटो भेट्टाउँछ । नइ पुगेपछि निराश हुनेले ऊर्जा पाउँछन्, जीवन बुझ्न चाहनेहरूले जीवन बुझ्न पाउँछन् र जसले


जे लिन चाहन्छ त्यो लिन पाउँछन् । जसरी सागरमा जसले जत्रो भाँडो लिएर जान्छ उति नै पानी भर्न पाउँछ ।

नइ प्रकाशनले व्यक्तिगत तवरबाट विभिन्न दाताहरूबाट दानदातव्य सङ्कलन गरी बालकदेखि वृद्धसम्म र देशदेखि परदेशसम्मका प्रतिभाको वर्षौंदेखि कदर गर्दै विविध विधाका सर्जक, कलाकार, समाजसेवी, बुद्धिजीवीलाई पुरस्कार, मान, उपाधि, पदक आदि दिएर उनीहरूको हौसला बढाइरहेको छ । पाइलापाइलामा स्वार्थ बोकेको यस समाजमा यसरी नि:स्वार्थ भावले काम गर्ने व्यक्ति बिरलै भेटिन्छन् । समाजमा एउटा उदाहरण बनेर साधा जीवन उच्च विचार राख्ने नइलाई सकारात्मक व्यक्तिहरूले प्रशंसा गरेको मैले सुनेकी छु । नइले यस धर्तीमा आफू रहँदा र नरहँदा पनि आफूलाई अमर राख्ने काम गरिरहनुभएको छ । मैले नइ र उहाँहरूको कार्यको मुल्याङ्कन कसरी पो गर्न सकूँला र मैले त उहाँहरूको छहारीमा बस्न पाएकी छु । उहाँहरूले विश्वास गर्नुभएकाले त्यही विश्वासलाई अविश्वास हुन नदिने कोसिस गर्दै उहाँहरूले दिनुभएको कार्यलाई इमानदारितापूर्वक सम्पन्न गर्ने प्रयत्न गरिरहेकी छु । उहाँहरूसँग जोडिएर काम गर्न पाउँदा मैले आफूलाई पनि भाग्यमानी ठानेकी छु । नइ प्रकाशनले अनेक दुक्ख, हन्डर खाँदै; थुप्रै आरोहअवरोहलाई पार गर्दै यहाँसम्म आएको छ । अहिले त नइ प्रकाशनले संसारमा जहाँजहाँ नेपाली भाषा बोलिन्छ त्यहाँत्यहाँ आफ्नो वर्चस्व स्थापित गरिसकेको छ ।

# प्रेरक र बहुमुखी आयाम

## भद्रकुमारी घले

नइ प्रकाशनका संस्थापक नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईबाट नेपाली साहित्यको इतिहासमा अलग आयामको स्थापना गरी प्रेरणादायी कार्य गर्दै आएको पाइन्छ । त्रिमूर्ति निकेतनको स्थापना गरेकै कारण पनि उनीहरू नेपाली साहित्य इतिहासमा ऐतिहासिक पात्र भएका छन् । त्यसभन्दा पनि अलग काम साहित्यजगत्का व्यक्तित्वहरूका लागि उनीहरूले धेरैधेरै अपूर्व कार्यहरू गरेका छन् । काम गरेर नइ आज साहित्यका क्षेत्रमा युगपुरुष र युगनारीका रूपमा स्थापित भएका छन् । नेपाली साहित्यजगत्मा उनीहरूसित मुकाबिला गरेर काम गर्न सक्ने इतिहासमै कुनै पात्र देखिएनन् ।



नेपाली साहित्य, कला, संस्कृति र समाजसेवा आदिमा नइदम्पतीले कसैले नगरेको कामहरू गर्दै आएको हामी सबैले देखेकै सत्य हो । यदि नइ नभए राष्ट्रकवि माधव घिमिरे र वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीसमेत हाम्रा समाजमा अरूहरू साहित्यकारसरि त्यतिकै थन्केर जान सक्थे । महाकवि लक्ष्मीप्रसाद देवकोटा बाँचेका भए आजको नेपालले उनलाई समेत श्यामदास वैष्णवकै हालतमा पुऱ्याइदिन्थ्यो । देवकोटाले गणेश मानेका वैष्णव

स्वर्गीय भएको सम्म सरकारले पत्ता पाएन । त्यसै गरी नारायणगोपाल बाँचेका भए आज उनी मीरा राणाजतिको गन्तीमा पनि हुँदैन थिए । नेपालमा यस्ता साहित्यकार र कलाकारहरूलाई यस बेला बाँच्न र आफ्नो पहिचान देखाउन साह्रै अप्ठचारो भएको अवस्था हामीले देखिरहेकै छौँ । नत्र भने नेपालले वानीरा गिरीहरूजस्ताको पनि केही न केही त कदर गर्नुपर्थ्यो । साहित्यकी महारथी गिरीलाई पनि नइले जुरुक्कै बोकेर सिंहासनमा राखेको इतिहास हाम्रा आँखाले देखेकै हो । डा.वानीरा गिरीकै कुरा गर्ने हो भने गिरीको रथारोहण कार्यक्रम साह्रै नै भव्य र सभ्य थियो । नेपालमा महिलाहरूका लागि त्यतिको ठूलो कार्यक्रम भएको मैले सुनेको पनि थिइनँ । उनी त्यही कार्यक्रमकै लागि नै बाँचेजस्तो भइन् । त्यसपछि उनी विस्मृतिकी बिरामी भइन् र स्वर्गवास पनि भइन् ।

नइको पहल नभए विश्वनारी नेपाली साहित्य सम्मेलन र महाकवि देवकोटाको शताब्दी महोत्सव हुने थिएनन् भने पनि हुन्छ । महाकवि देवकोटा शताब्दी महोत्सवको मोदनाथ प्रश्रित अध्यक्ष र म नै उपाध्यक्ष थिएँ । त्यतिखेर एक वर्षले नभ्याएर अरू छ महिना थपेर काम गर्नुपरेको थियो । नेपालमा त्योभन्दाअघि कुनै पनि व्यक्ति या विभूतिको त्यति ठूलो जन्म शताब्दी मनाएको थिएन । देवकोटा शताब्दीको अन्त्यमा पाँचदिने अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन भएको थियो । त्यस सम्मेलनको संयोजकमा नइले सत्यमोहन जोशीको नाम प्रस्ताव गरेको थियो । त्यसैले त्यस सम्मेलनले पनि 'न भूतो न भविष्यति' भन्ने देखाइदियो । कुन मान्छेलाई कुन काम र कुन हैसियत दिनुपर्छ भन्ने कुरा नइदम्पतीलाई थाहा छ ।

नइले गरेका जुनसुकै कार्यक्रम पनि उच्च स्तरका र सोचेको भन्दा पनि विशाल हुन्छन् । नेपालमा त्यसरी ठूला कार्यक्रम हुने अरू संस्था छैनन् । नेपाल प्रज्ञाप्रतिष्ठान त राजनीतिक अखडा भइहाल्यो । त्यसैले साहित्यका नाममा स्वार्थ नराखी प्रज्ञाप्रतिष्ठानले एउटा माखो

मार्ने कुरा पनि आएन र यदि माखो मारिहाल्यो भने पनि आफ्नो राजनीतिक स्वार्थ साँधेर नै मार्ने गर्छ । तर नइले साहित्यका नाममा राजनीति पनि हेर्दैन, राजनीति पनि गर्दैन, आफन्त पनि चेप्दैन, कमिसन पनि खाँदैन । खास गरेर सरकारी प्राज्ञिक संस्थाले नइसँग सिक्नु धेरै छ भन्ने मलाई लागेको छ । अहिलेको नेपालमा जो शक्तिमा आयो उसैका मान्छे, उसैको ठाउँ, उसैको पद, उसैको निर्णय हुने भयो र सबैसबै भद्रगोलै भएको स्थिति छ । तर पनि आजको बिग्रेको अवस्थामा पनि आशा र भरोसाको एउटा शक्तिशाली थलो नइ रहेको छ र साहित्य र कलाका फाँटमा हामीहरूले चित्त बुझाउने ठाउँ पाएका छौँ ।

नइदम्पतीले इमानदारमा नाम चलाएका छन् र त्यही भएर उनीहरूले धेरैको विश्वास जितेर नेपाली साहित्य र संस्कृतिमा योगदान दिइरहेका छन् । कीर्तिनिधि विष्टजस्ता राजनेता र भूपालमानसिंह कार्कीजस्ता स्वनामधन्यले समेत नइलाई दाहिने बनाएर नइकै सल्लाहमा काम गरेको मैले देखेकी हुँ । नइ प्रकाशनको अक्षयकोषमा विष्टले तीस लाख रुपियाँ राखिदिनाले सारा बुद्धिजीवीहरू चकित परेका थिए । साथै खनूप्रुदे रामबाबु प्रसाईसमेतले पनि पुगनपुग एक करोड रुपियाँ नइ ट्रस्टमा राखिदिएका थिए । जुन रामबाबुलाई धेरैले कन्जुस भन्थे तर तिनैले पनि मौकामा हीरा फोरेको पनि सबैले देख्नै पर्‍यो ।

नइले भोकतिर्खै भएर पनि पुरुष त्रिमूर्ति उभ्याइसके । म भद्रकुमारी घलेले समेत महिला त्रिमूर्ति प्रेमराजेश्वरी, गोमा र पारिजातको पूर्ण कदको सालिकसहितको त्रिनारी रत्न स्मारक निर्माणका लागि तीन लाख रुपियाँ अर्पेकी छु । तर ठाउँ नपाएर नइले आजसम्म महिला त्रिमूर्ति उभ्याउन सकेका छैनन् र ती सालिक नइ प्रकाशनका आँगनमा ठडिएका छन् ।

नरेन्द्रराज प्रसाई जुन दलका भए तापनि र निर्दल भए तापनि उनले साहित्य, संस्कृति र समाजसेवाको काममा राजनीति मिसाएका

छैनन् । उनले हात हालेको काम जसो गरेर पनि फत्ते गर्ने गरेको पाइन्छ । अरू धेरैले पनि भन्ने गर्छन् 'यो नइ जोडी काम गर्न कति सिपालु छन्' भनेर र नइ जोडी कामका लागि साह्रै कुशल भएको कुरा कतै छिपेको छैन । नरेन्द्रराज प्रसाई राजा वीरेन्द्र र रानी ऐश्वर्यका पालादेखिमा साह्रै खटिएर साहित्य र समाजसेवामा काम गर्ने व्यक्ति भनेर मैले चिन्दै, जान्दै आएकी हुँ । उनलाई रानीले साह्रै विश्वास गर्थिन् भन्ने त्यस बखत सर्वत्र हल्लै थियो । उनी सफल साहित्यकारका साथसाथै समाजसेवाका लागि त्याग गर्ने योग्य व्यक्ति हुन् भन्ने कुराचाहिँ मैले बुझेकी छु ।

म नइगृहमा प्राय: हरेक महिना पुग्ने गर्थें । नरेन्द्रराज प्रसाईकी आमाका खुट्टाबाट मोजा खोलेर मेरै हातले उहाँको गोडामा म नयाँ मोजा लगाइदिने गर्थें । उहाँले श्लोक भनेर मलाई आशीर्वाद दिनुहुन्थ्यो । उहाँको शेषपछि नइले पनि हरेक वर्ष मेरो जन्मदिनमा मलाई शुभकामना दिन छाडेनन् । नरेन्द्रले त्यस बखत मेरा खुट्टाबाट मोजा खोलेर मलाई आमा भन्दै मेरा गोडामा नयाँ मोजा लगाइदिने गरेका छन् ।

नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले नेपाली साहित्यजगत्मा अपूर्व काम गरिसकेका छन् र जुन काम इतिहासमा अरू कसैले गरेर देखाउन सकेका छैनन् । यसरी आफ्नै कर्मले साहित्यजगत्मा उचाइ चढेका श्रीमान् र श्रीमतीले आफ्नो नाम अजर पारेका छन् र यी दम्पतीको नाम इतिहासमा कुनै हालतमा पनि मर्नेवाला छैन । नइजस्तो बहुमुखी आयाम लिएर राष्ट्रसेवा गर्ने, समाजसेवा गर्ने, मानवसेवा गर्ने नेपाली र नेपालीलाई बुझी काम गर्ने व्यक्तित्व पाउन साह्रै गाह्रो छ । त्यसैले यी दम्पती नेपाली साहित्यको दिगो र प्रेरणदायी इतिहासका गौरवमय पात्र भइसकेका छन् । यिनीहरूले गर्दा नै साहित्यजगत्को इतिहासको पाना नै अर्कै सुन्दर इतिहासमा रूपान्तर भइसकेको छ ।

# अमर रहोस्, अजर रहोस्

**भरत जङ्गम**

नइ अर्थात् नरेन्द्रराज प्रसाई र इन्दिरा नेपाल प्रसाई दुवै जना मेरा मित्र हुन् । दुवैले मलाई भिन्दाभिन्दै शब्दले सम्बोधन गर्ने गर्छन् । नरेन्द्र भाइले भिनाजु भन्छन् भने इन्दिरा बहिनीले दाजु भनी आदरभावीले सम्बोधन गर्छिन् । नरेन्द्रबाबूलाई मैले बीसको दशकको अन्ततिर चिनेको हुँ– उनी विद्यार्थी नै थिए र मेरो माइलो सालो सुरेन्द्र केसीको अनन्य मित्र हुन् । मित्रवत् व्यवहारले नरेन्द्रबाबूले सुरेन्द्रलाई सम्बोधन गर्दा 'काले' भन्ने गर्छन् । ठेट गाउँको प्रिय शब्द डिल्लीबजारमा प्रयोग गर्दा हामी सुन्नेलाई पाच्य हुँदैनथ्यो । ताप्लेजुङको हाङपाङबाट झापा हुँदै काठमाडौँमा आइपुगेका किशोरले गाउँको बोली संस्कृतिसँगसँगै बोकेर आउनु स्वाभाविक पनि हो । नरेन्द्रबाबूको बोलीले तिखो प्रहार



गर्ने, चित्तले स्वीकार नगरेको कुरालाई बनावटी बोली पनि बोल्न नसक्ने र मनमा रहेको वा उब्जिएको विचार सर्लक्क भन्ने र सुनाउने उनको बानी लेखनमा पनि प्रयोग हुने गरेका छन् । त्यसैले उनीसँग धेरै मान्छे जुट्छन्, चिढिन्छन् र जुट्छन् । उनको सबैभन्दा राम्रो पक्ष भनेको आदर गर्ने हरेक व्यक्तिलाई आदरभाव र आदरयुक्त

शब्दले सम्बोधन गर्छन् । यही उनको खुबी हो साथै उनको सफलताको मूल रहस्य पनि यही नै हो ।

इन्दिरा बहिनीलाई मैले चिनेको पनि तीन दशकजति भइसक्यो । खरो र स्पष्ट बोल्न रुचाउने उनी पहिलो भेटमा नै आफ्नो प्रभाव अर्कोमा बाँड्न समर्थ छिन् । नरेन्द्रबाबूको स्वभाव र इन्दिरा बहिनीको स्वभावमा फरक अनुभव गरिए पनि दुवैको सत्व्यवहारको कारणले दुवैको व्यक्तित्वले कुनै पनि मित्रहरूको मनमस्तिष्कमा अटल स्थान ओगट्न पुगेको मैले महसुस गरेको छु ।

नरेन्द्रबाबूले गुरुदेवीको नामले पुकारिने इन्दिरा बहिनीमा देवीय शक्ति विद्यमान छ भन्नेमा मलगायत धेरै साथीहरूले विश्वास गर्छन् । शिव र शक्ति भन्नुमा शक्ति र शिवको एकाङ्गिक रूप नै 'नइ' हो । नइ नै अब विश्वव्यापक बनिसकेको छ ।

नेपाली भाषा र संस्कृतिको जगेर्ना गर्नुपर्छ भन्ने नइको भावना जाग्यो होला र त्यसै चिन्तनले प्रेमको प्रतीकका रूपमा नइ प्रकाशनको स्थापना भयो होला । बिस्तारै नइ सार्वजनिक या देशभरि र त्यसपछि देशबाहिरसम्म प्रेमपूर्वक कायम रहन गयो । कालान्तरमा 'नइ' भन्ने शब्द नेपाली वाङ्मयको श्रीवृद्धिका लागि उपलब्धिमूलक भएर अकबरी सुनजस्तै चम्किदियो । अविरल र गतिशील भएर नइ प्रकाशन धेरै अगाडि पुगेपछि यस संस्थाका बारेमा धेरैले धेरै कुरा बोल्न थाले, लेख्न थाले र कसैको जोडदारको ताली र कसैको सुन्नै नसकिने गाली पनि आउन थाल्यो । तर जजसले जेजे भने पनि नेपाली साहित्यमा नइलाई जितेर काम गर्न सक्ने न संस्था देखा पऱ्यो न मान्छे देखा परे । महेन्द्रकालीन नेपाल एकेडेमी या नेपाल राजकीय प्रज्ञातिष्ठानपछि नइ प्रकाशन कसैसँग दाँज्न नसकिने प्राज्ञिक संस्थाका रूपमा स्थापित भयो । स्थापनापछि नइ प्रकाशन दिन दुई गुना र रात चार गुनाका दरले अगाडि लम्क्यो र त्यही हेरेर राष्ट्रकवि माधव घिमिरेले 'नइबाट नेपाली भाषासाहित्यका निम्ति

चमत्कारी कार्य हुँदै आइरहेको छ' भनेका थिए र शताब्दी पुरुष सत्यमोहन जोशीले 'सरकारले बनाएका प्रज्ञाप्रतिष्ठानलाई समेत उछिनेर नइले नै सांस्कृतिक र साहित्यिक काम गरिरहेको छ' भनेका थिए । त्यसै गरी मोदनाथ प्रश्रितले पनि भनेका छन्– 'इन्दिरा र नरेन्द्रमा रहेको सङ्गठन गर्न सक्ने अभूतपूर्व क्षमताबाट म साह्रै प्रभावित भएको छु । उनीहरूमा नेपाली साहित्यलाई अमरत्व राख्ने कार्यमा सधैँ तत्पर रहने मात्र नभएर ज्यानै दिएर लागिपर्ने अचम्मको क्षमता देखेर म आश्चर्यचकित भएको छु । उनीहरूको कामसँग मान्छे त के भूत पनि डराउँछ भन्ने मलाई लाग्दछ ।'

स्थापनाकालदेखि नै नेपाली साहित्य, भाषा र संस्कृतिको उन्नयनका लागि आफ्ना अनेकानेक कार्यक्रमहरूलाई निरन्तरता दिँदै आएको नइ प्रकाशनले नेपाली समाज र नेपाल राष्ट्रमा विशेष प्रतिष्ठा आर्जन गर्न समर्थ भएको छ । यस्तो उद्देश्य बोकेको संस्था नेपालमा नभएको होइन, राजा महेन्द्रको समयमा यस्ता संस्थाहरू राष्ट्रको कोषको लगानीमा खुलेका हुन् तर बहुदलीय व्यवस्था प्रारम्भ भएपछि ती सबै संस्थाहरू कामका नरहेर नाम मात्रका रहन पुगेका देखिन्छन् । उदाहरणका लागि उल्लेख गर्न चाहन्छु– नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान हाल नेपाल प्रज्ञाप्रतिष्ठान; नेपाल ललितकला संस्था हाल नेपाल ललितकला प्रज्ञाप्रतिष्ठान; सांस्कृतिक संस्थान; जनक शिक्षा सामग्री केन्द्र; साझा प्रकाशन (नेपाल भाषा प्रकाशिनी समितिबाट प्रारम्भ भएको) आदि ।

राजनीतिक दलका नेताहरू गैरजिम्मेवार भएका कारण यी माथि उल्लिखित सबै संस्था र निकायहरू भाषासाहित्य, कला र संस्कृतिको विकासभन्दा बढी पार्टीका कार्यकर्ताका लागि लाभदायी साबित हुन पुगे । परिणाम नेपाल राष्ट्र, नेपाली समाज र नेपाली जनताले केही प्राप्त गर्न सकेनन् । यसैबीच २०५२ सालमा जन्मिएको नइ प्रकाशनले यस क्षेत्रमा शङ्खघोष गर्दै ती राष्ट्रको कोषबाट

सञ्चालित गर्ने संस्था र निकायलाई बेकम्मा साबित गरिदिएको देखिन्छ । त्यसैले म घरीघरी भन्ने गर्छु– 'धन्य हो नइ प्रकाशन ! नइ अमर रहोस्, अजर रहोस् ।'

राम्रो काम गर्ने व्यक्ति वा संस्थालाई सबैको सहयोग जुट्छ भन्ने भनाइलाई नइ प्रकाशनले चरितार्थ गरेको छ । नइको कार्यसम्पादन प्रभावकारी रूपमा सञ्चालन हुन सकोस् भन्ने उद्देश्यका साथ पन्ध्र जनाजति दानवीर व्यक्तिहरूले लाखौँलाख रुपियाँ नइ कोषमा समर्पण गरेका छन् । त्यस अक्षयकोषको ब्याज आम्दानीबाट प्रत्येक वर्ष राष्ट्र, समाज र साहित्य, संस्कृतिका साधक एवं सेवकहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरी राष्ट्रको कोषबाट सञ्चालित सरकारी तथा गैरसरकारी संस्थाहरूले गर्न नसकेको कार्यहरू अघि बढिरहेका छन् । यसै सिलसिलामा मैले पनि २०७४ सालको 'नइ कीर्तिनिधि पुरस्कार' र २०७८ सालमा 'नइ रजत महोत्सव पदक' प्राप्त गरेकोमा आफूलाई सौभाग्यशाली सम्झेको छु ।

नइको विशेष कार्यअन्तर्गत राष्ट्रिय जीवनमा विविध कार्य गर्ने व्यक्तिहरूलाई उनीहरूको सेवा र लगानीको मूल्याङ्कन गरी विभिन्न व्यक्तिहरूलाई विभिन्न उपाधि दिएर कसैले गर्न नसक्ने कार्य गरेको छ । नइबाट माधवप्रसाद घिमिरेलाई 'राष्ट्रकवि'को उपाधि, डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्वनारी रत्न'को उपाधि, सत्यमोहन जोशीलाई 'वाङ्मय शताब्दी पुरुष'को उपाधि र प्रा.डा.वासुदेव त्रिपाठीलाई 'महासमालोचक'को उपाधिको परिकल्पना गरियो र त्यसको साकार रूपमा परिणतसमेत भयो । सरकारले गर्नुपर्ने र अरूले गर्न नसकेका कार्यहरू नइ प्रकाशनबाट सम्पन्न हुने गरेकामा हामी वाङ्मय साधक अति नै हर्षित छौँ । साथै त्रिमूर्ति निकेतनको स्थापना गरी नेपाली वाङ्मयक्षेत्रका तीन नक्षत्रलाई एक स्थानमा पङ्क्तिबद्ध बनाई सालिक स्थापना गरेर नइले चमत्कारिक कार्य गरेर सरकारी प्रज्ञाप्रतिष्ठानहरूलाई हाँक दिन पुगेको छ ।

नेपाली साहित्य, सङ्गीत, कलाको विकासका लागि राजा महेन्द्रले थालनी गरेको कार्य करिब आधा शताब्दी रोकिएको थियो । राजा महेन्द्रले नेपाली समाजमा रहेका विशेष व्यक्तिहरूलाई विशेष उपाधि प्रदान गरेर त्यस क्षेत्रको विकासमा योगदान पुऱ्याएका थिए । राजा वीरेन्द्रको समयमा यस्ता उपाधिहरू दिने प्रचलन बन्द नै भयो । तर यो बन्द ढोकालाई नइले खुला गरेर राजा महेन्द्रको सदिच्छालाई पूरा गरेको छ ।

नइ प्रकाशनलाई देशभित्र र देशबाहिर लोकप्रिय बनाउन अथक कार्य गर्ने नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईलाई नेपालको सरकारमा बसेका कुनै पनि व्यक्तिले चिन्न सकेको जस्तो मलाई लागेन । नरेन्द्रबाबूले मलाई एक पटक भनेका थिए– 'यदि सरकारले दस करोड रुपियाँ नइ प्रकाशनलाई दियो भने हामी त्यो पैसा सीधै अक्षयकोषमा राख्छौँ र नेपाल प्रज्ञाप्रतिष्ठानहरूले गर्नुपर्ने सम्पूर्ण काम हामी नै गर्छौं र तिनीहरूले गरेको कामभन्दा सय प्रतिशत राम्रो पनि गर्ने थियौँ ।' नेपाली वाङ्मयलाई जगेर्ना गर्नुपर्ने दायित्व बोकेका निकायहरूले वार्षिक पचासौँ करोड खर्च गरेर पनि जस लिन सकेको देखिँदैन । कमिसन खोर र कार्यकर्ता भर्ती गराएर लाभ लिएका गैरजिम्मेवार व्यक्तिमा कर्तव्यबोध र सत्कर्मप्रतिको मोह नभएको देख्दा दु:ख लाग्छ । तर सुखानुभूति दिन नइ संस्थाहरू पनि जन्मँदा रहेछन् भन्न पाउँदा विशेष खुसी लागेको छ ।

# जे काम आँट्यो गरेरै छाड्ने

**भागीरथी श्रेष्ठ**

**(नेपाली साहित्य नारीरत्न)**

नइ प्रकाशन साहित्यको मन्दिर हो । नइगृहका कोठाका दराजहरूमा व्यवस्थित रूपमा सजाइएका हजारौँ कितापहरू सरस्वती माता हुन् । यही निवासमा रहेर अहोरात्र अध्ययन, चिन्तन, मनन, लेखन गरी साहित्यको अनुष्ठान गर्न समर्पित इमानदार साधक र पुजारी हुन्– नइदम्पती । नेपाली भाषासाहित्य र साहित्यकारहरूलाई माया र आदर गर्ने साथै उनीहरूको साहित्यिक योगदानलाई कदर गर्ने नइदम्पती अहिलेको समयका मोतीराम भट्ट हुन् । नइगृहको वातावरणबाटै उनीहरू दुवै जोडी अविराम साहित्यको सेवामा समर्पित भएका देखिन्छन् । नइ जोडी हरेक कामका लागि जब्बर मानिन्छन् र यस जोडीले जे काम आँट्यो गरेरै छाड्ने गरेका धेरै उदाहरणहरू पनि छन् । त्यसैले नेपाली वाङ्मयमा नइ प्रकाशनको अस्तित्व ठोसपूर्ण र खँदिलो रहेको छ ।



साहित्यमा मात्र होइन सामाजिक, शैक्षिक, खेलकुद, कला क्षेत्रका साथै नृत्य र गायनमा समाजमा आफ्नो योगदानले पहिचान

बनाएका व्यक्तित्वहरूलाई थप प्रेरणा प्रदान गर्न नइदम्पती चुक्दैनन् । विविध क्षेत्रमा योगदान गर्ने बच्चादेखि वृद्धसम्मका व्यक्तिहरूलाई पुरस्कृत गरेर उनीहरूलाई थप हौसला प्राप्त भएको छ । यी सबैको बारेमा नइले हरेक वर्ष आयोजना गर्ने गरेका सम्मान कार्यक्रमबाट सबैलाई विदित भएको कुरालाई मैले प्रस्ट पारिरहनु पर्दैन ।

जीवन त नदीजस्तै हो, जसको प्रवाह सधैँ सरल र सीधा कहाँ हुन सक्छ र ? नइदम्पतीको जीवनप्रवाहमा पनि यही सिद्धान्त लागू हुन्छ । नदी जसरी अनेकौँ ढुङ्गा र पहरोहरूका अवरोधहरू पार गरेर गन्तव्यतिर वेग हान्छ त्यसै गरी नइदम्पतीका जीवनमा पनि आफ्नो जीवन नदीमा नकारात्मक र अपमानरूपी ढुङ्गाहरूले छेक्न र हान्न खोजे पनि ती सबै अवरोधहरूलाई आफ्नो साहित्यसेवाको बलियो खम्बाले धकेलेर किनारा लगाउँदै यो जोडी आफ्नो यात्रामा निरन्तर लागिरहेको छ । त्यसैले उनीहरूले गरेको साहित्यिक कर्मको सराहना नगरी रहन सक्दिनँ । उनीहरूको व्यक्तिगत जीवनका तीतामीठा घटनाहरूलाई उनीहरूकै असल कर्मको आकाशले छोपिएको छ ।

खरो स्पष्ट र आत्मीय मायालु व्यवहारले अरूको विश्वास आफूतिर ल्याउन सक्ने शक्ति नइमा विद्यमान छ । यही शक्तिका कारण उनीहरू साहित्यबाहेक अन्य क्षेत्रमा लागेका व्यक्तिहरूलाई पनि साहित्यमा समर्पित गराउन सफल भएका छन् । यही क्षमता भएका कारण थुप्रै पुरस्कार स्थापनालगायतका कार्य गर्न नइदम्पती सफल भएका छन् । थुप्रै दाताहरूको मन जित्न सफल यी दम्पतीले दाताहरूबाट प्राप्त सहयोगको अक्षयकोष स्थापना गरेका छन् । यही अक्षयकोषका कारणले नइ प्रकाशनले थुप्रै पुरस्कारहरू प्रदान गर्न सकेको छ र यहाँबाट थुप्रै पुस्तकहरू प्रकाशन पनि भएका छन् ।

मानिसका थुप्रै कमजोरीहरू हुन्छन् । स्वाभाविक रूपले हरेक व्यक्तिका समाजमा शत्रु, मित्र तथा समर्थक र विरोधी सबै हुन्छन्;

यसमा दुई मत छैन । मानिसमा सकारात्मक तथा नकारात्मक दुवै पाटो हुन्छ । जुनसुकै कुरा पनि सकारात्मक दृष्टिले हेर्दा राम्रो तथा नकारात्मक दृष्टिले हेर्दा नराम्रो लाग्छ । यसमा पनि मात्रात्मक रूपले पनि असर पार्छ । राम्रा कामहरूले मान्छेको व्यक्तित्व चम्किन्छ । मानिसका कमजोरीलाई मानिसले सकेसम्म उदाङ्ग पार्न खोज्छ । तर मान्छेले गरेका राम्रा कार्यलाई हेर्नुपर्दछ । वास्तवमा नइले गरेका राम्रा कार्यहरूले गर्दा उनीहरूका विरोधीले उनीहरूलाई ओझेलमा पार्न सकेका छैनन् ।

नइदम्पतीसँग मेरो परिचय भएको करिबकरिब चालिस वर्षजति भएको होला । इन्दिरा प्रसाईलाई मैले मर्दानी बहिनी भन्न मन पराउँछु । उनको निडरता, आत्मविश्वास र विद्वतालाई मैले छामेकी छु । सशक्त कवि, कथाकार, उपन्यासकार इन्दिरा बहुमुखी प्रतिभाले सम्पन्न छिन् । धेरै वर्षअगाडि विराटनगरमा साहित्यिक गोष्ठीमा जाँदा उनीसँग मेरो भेट भएको थियो । त्यहाँ उनले मलाई आफ्नै घरमा राखेकी थिइन् र म त्यहाँ चारपाँच दिन नै बसेकी थिएँ । त्यति बेलादेखिको इन्दिरा प्रसाईको व्यवहार मप्रति आज पनि उत्तिकै स्नेहपूर्ण रहेको छ ।

इन्दिरा प्रसाईलाई पहिलो भेटमा विराटनगरमा देख्दा कुनै तडकभडक नभएकी साधारण पहिरनमा रहेकी थिइन् । उनको व्यवहार हेर्दा मैले उनलाई सिद्धान्तनिष्ठ पाएकी थिएँ । उनको बुबालाई क्यान्सर रोगले निकै सताएको थियो । उनले आफ्नो बुबालाई क्यान्सरबाट मुक्त गराउन मनकामना भाकेर तीन महिनासम्म हनुमान् भगवानको व्रत बसेकी थिइन् । यो व्रतको पूरा अवधिमा उनी पूरै ब्रह्मचर्यमा रहेकी थिइन् । उनी यसबाट विचलित भइनन् । यसबाट उनी दृढ सङ्कल्प शक्ति भएकी व्यक्तिका रूपमा चिनिन्छिन् । उनको लेखनशैली पनि नारीसुलभ कोमल, नरम नभई बौद्धिक र खरो भएको अनुभूति हुन्छ ।

नरेन्द्रराज प्रसाईसँगको मेरो सम्बन्ध उनले सम्पादन गरेको 'चाँदनी शाह : आफ्नै आकाश, आफ्नै परिवेश' र 'उपकार'बाट भएको थियो । मैले चाँदनी शाहबारे पनि लेखेँ र 'उपकार'मा 'मैमत्तेपन' शीर्षकको बालकथा प्रकाशित भयो । 'उपकार'चाहिँ सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्‌बाट प्रकाशित हुन्थ्यो । त्यस परिषद्‌का अध्यक्ष रानी ऐश्वर्य थिइन् भने नरेन्द्रराज प्रसाई रानीका विश्वासपात्र ! नरेन्द्रराज प्रसाईकै सम्पादनमा प्रकाशित 'अरुणा लामा : कथा र व्यथा'मा अरुणा लामाका बारेमा मेरो लेख प्रकाशित भएको थियो । नरेन्द्रराज प्रसाई जे काममा लागे त्यो काम पार लगाएरै छाड्ने प्रवृत्तिका मान्छे हुन् । उनीमा सहन पनि सक्ने, भिड्न पनि सक्ने, लड्न पनि सक्ने, गाली पनि गर्न सक्ने, नरम भएर बोल्न पनि सक्ने, मान्छेलाई आफूतिर आकर्षण गर्न सक्ने, जनशक्तिलाई ठीक ठाउँमा परिचालन गर्न सक्ने, काममा ध्यान तथा ज्यान दिने, दृढ निश्चयकर्ता, अत्यन्त मिहेनती आफ्नो कर्ममा इमानदारजस्ता स्वभाव विद्यमान् छन् । उनका यी सबै क्षमतासँग म राम्ररी परिचित छु । साथै नरेन्द्रराज प्रसाईसँगको मेरो सम्बन्ध आजसम्म पनि उत्तिकै स्नेहपूर्ण र आत्मीय रहिआएको छ ।

प्रथम नारी साहित्यकार ललितत्रिपुरसुन्दरीदेखि अहिलेसम्मका नारीसाहित्यकारको जीवनी समेटेर नरेन्द्रराज प्रसाईले लेखेको 'नारीचुली' नइ प्रकाशनबाटै प्रकाशित छ । नारी साहित्यकारहरूको सम्मानमा नारीचुली तयार गरेर उनले प्रशंसनीय काम गरेका छन् । यस कृतिमा मेरो पनि जीवनी समेटिएको छ । गहन अध्ययन अनुसन्धान गरी तयार गरेको यो ऐतिहासिक पुस्तकले नेपाली साहित्यमा महत्त्वपूर्ण भूमिका राख्दछ भन्ने मलाई लागेको छ । यसरी नेपाली साहित्यका हरेक क्षेत्रमा उनले अतुलनीय योगदान दिएका छन् । नरेन्द्रराज प्रसाईका त्यस प्रकारका कामलाई हामीले कहिल्यै बिर्सन सक्दैनौँ ।

नरेन्द्रराज प्रसाईकी आमाको नाउँ भागीरथा हुनाले नरेन्द्र भाइले मलाई बारम्बार 'मेरी आमाजस्ती' भन्दा मलाई निकै रमाइलो लाग्छ । यसले हामीबीचको सम्बन्धलाई अऴ नजिक ल्याउँछ । यसले नरेन्द्रप्रतिको मेरो ममत्वलाई पनि जगाउँछ । हुन पनि आमालाई जस्तै आदर गर्छन् उनले मलाई ।

नरेन्द्रराज प्रसाईको आत्मीय व्यवहारले कतिपय पुरस्कार नै नलिने भनेर बसेका व्यक्ति पनि केही अपवादबाहेक नइको आग्रहलाई नाइँ भन्न नसकेका उदाहरण पाइन्छन् । नेपाली साहित्यका प्रतिभालाई बिनाभेदभाव, बिनाचाकडी, बिनाभनसुन सही मूल्याङ्कन गरेर नइले पुरस्कृत र सम्मानित गरिरहेका हुन्छन् । केही कोठे विरोधका आवाज कताकता सुने पनि आजसम्म नइ प्रकाशन विवादको घेराभित्र परेको मलाई थाहा छैन । साहित्यको विधामा मात्र होइन समाजका विविध विषयमा पनि राष्ट्रको सम्मान बढाएर आफ्नो पहिचान बनाएका प्रतिभालाई खोजीखोजी छानीछानी पुरस्कृत गरेर नइ संस्थाले आफ्नो गरिमालाई उचाइमा पुऱ्याएको छ । यति मात्र नभई समाजका दिग्गज व्यक्तित्व, असल नेता, आध्यात्मिक व्यक्तित्व, चिन्तक, दार्शनिकहरूका जीवनी लेख्दै र छाप्दै गरेर उनीहरूको सम्मान तथा प्रोत्साहन मात्र होइन अन्य सर्वसाधारणहरूलाई नइले प्रेरणा पनि प्रदान गरेका छन् ।

नइ जोडीले होस्टेमा हैँसे गरेर नइ प्रकाशनलाई ऴन्ऴन् बलशाली र प्रतिष्ठापूर्ण बनाएका छन् । राष्ट्रिय मात्र नभएर अन्तर्राष्ट्रिय पुरस्कार पनि स्थापना गरेर विदेशमा बस्ने नेपाली साहित्यकारहरूलाई पनि पुरस्कृत र सम्मान गर्ने परम्परा पनि नइ संस्थामा रहिआएको छ । दिवङ्गत विशिष्ट साहित्यिक साधक र साधिकाहरूको सम्मानमा नइ जोडीले थुप्रै काम गरेका छन् । यसको सफल उदाहरण त्रिमूर्ति निकेतन पनि हो । महाकवि लक्ष्मीप्रसाद देवकोटा, नाटचसम्राट् बालकृष्ण सम र कविशिरोमणि लेखनाथ पौडचालको सालिक स्थापना

गरेर नइले ऐतिहासिक काम गरेका छन् । यसलाई साहित्यिक जगत्मा निकै सराहनीय काम मानिन्छ । यस्तै त्रिनारी रत्न अर्थात् प्रेमराजेश्वरी, गोमा र पारिजातको सालिक पनि तयार भई स्थापनाको प्रयासमा नइ जोडी लागिपरेका छन् । नइले विभूतिहरूको हुलाक टिकट प्रकाशनका लागि समेत पनि पहल गरी सफलता प्राप्त गरिरहेकै छ ।

त्रिमूर्ति निकेतनबाट नारी साहित्यकारहरूलाई सम्मान गर्दै विशिष्ट नारीस्रष्टा डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्वनारी रत्न' उपाधिले विभूषित गर्नुका साथै साहित्यमा निरन्तर लेखिरहने आफ्नो विधामा पहिचान बनाएका नेपाली नारीस्रष्टाहरूलाई 'विश्वनारी नेपाली साहित्य सम्मान'बाट विभूषित गरेर सही र प्रशंसनीय कार्य गरेको सबैलाई विदितै छ । साथै नेपाली साहित्यका नारीरत्नको उपाधिले विभूषित हुन पाउनेमा म पनि एक हुँ ।

'शताब्दी पुरुष सत्यमोहन जोशी बिरामी हुँदा औषधि उपचारका लागि अथक मिहेनत गरेर यसका लागि नइले नै पहल गरी सरकारबाट पूर्ण व्यवस्था गराएको सबैलाई जगजाहेर भएकै कुरा हो । नइले जुन निकायसँग अनुरोध गर्छ काम पूरा गरेरै छाडेका धेरै उदाहरणहरू पनि छन् ।

नइको सोच दीर्घकालीन हुन्छ भन्ने कुरा पनि 'शताब्दी पुरुष सत्यमोहन जोशी विषयको घटनाबाट प्रमाणित हुन्छ । नइले सय वर्ष पुग्नुभन्दा पाँच वर्षअगाडि नै पाँच नम्बर ग्रेस दिएर जोशीलाई 'शताब्दी पुरुष उपाधि दिएका थिए र त्यस उपाधिसँगै पाँच लाख रुपियाँ राशि उहाँको साहित्यिक योगदानका लागि प्रदान गरिएको थियो । सौभाग्यवश नइको सोचलाई सार्थक पार्न जोशीले पनि सय वर्षभन्दा बढी बाँचेर नइको वचनलाई सिद्ध गराएका थिए । जोशीका लागि 'शताब्दी पुरुष उपाधि आशीर्वादका रूपमा प्राप्त भएको थियो । त्यसपछि सत्यमोहन जोशीले जहाँ जुन कार्यक्रममा भाषण गर्दा पनि

'नइदम्पतीले गर्दा नै म बाँचेको हुँ । उनीहरूले नै मलाई नयाँ जीवन दिए ।' भनेर उनीहरूप्रति कृतज्ञताको भाव उद्गार गर्थे । नइका लागि शताब्दी पुरुषबाट प्रदान गरिएको त्यो भनाइ पनि एउटा पुरस्कार र आशीर्वचन हो ।

अचम्म र अनौठो हँसाउने किस्साको जस्तो स्वभाव भएका दिग्गज काङ्ग्रेसी नेता झापाका रामबाबु प्रसाईबारे धेरैबाट मैले धेरै कुराहरू सुनेर म हाँस्ने गर्थें । उनै रामबाबुले नइ प्रकाशनको कार्यक्रममा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको प्रशंसा गर्दै उद्घोष गरेका थिए– 'नइदम्पतीले साहित्यका लागि इमानदारीपूर्वक राम्रो काम गर्न सक्छन् भन्ने मलाई पूर्ण विश्वास भएर नइ प्रकाशनको अक्षयकोषमा मैले पुगनपुग एक करोड रुपियाँ राखिदिएको छु ।' यसरी नइले यस्ता दानी व्यक्तिको विश्वास आफूतिर प्राप्त गर्न सफल भएको देख्दा अचम्म लागेर आउँछ । यस्तो जटिल स्वभाव भएका प्रसिद्ध राजनीतिज्ञ समाजसेवीको सकारात्मक टिप्पणी र संस्थाप्रतिको विश्वास र गरिमाले नइको उन्नतिलाई हर्लक्क बढाएको छ ।

यसरी अनवरत रूपमा सबै समय नै साहित्यको सेवामा खटिएर अगाडि बढेको नइदम्पती प्रशंसाका पात्र भएका छन् । यसरी नै नइको साहित्यिक यात्रा झन्झन् उन्नति हुँदै जानेछ भन्ने मैले बलियो विश्वास पालेकी छु । नइ प्रकाशन अनवरत बगिरहोस् । नइले आँटेको काम समयमै पूरा होस् । पच्चिसौँ वर्ष पार गरेको यो सुखद अवसरमा नइ संस्था र नइदम्पतीलाई मेरो अनन्त माया र शुभकामना छ ।

# मूल ढोकाबाटै स्वागत

## भानुप्रकाश जोशी

म चितवनको माटोमा हुर्केबढेको मान्छे हुँ । बाबुको पेसा सुरुमा खाद्यान्न व्यापार थियो । २०२४ सालदेखि पुस्तक पसले हुँदै नेपाल बैङ्क लिमिटेडको जागिरसँगै छापाखाना पनि सञ्चालन गरेँ मैले ।



स्कुलमा अध्ययन गर्दादेखि नै मेरो साहित्यमा रुचि थियो । पछि पुस्तक पसले भएपछि त विभिन्न विधाका नेपाली, हिन्दी, अङ्ग्रेजी पुस्तक, पत्रिकाहरू पढ्ने अनुकूल मिल्यो । त्यसै वातावरणले गर्दा मेरो साहित्यमा रुचि बढ्यो र साहित्यकारहरूसँग सम्बन्ध सम्पर्क बढ्यो । 'काव्य परिक्रमा' नामाकरण गरेर मैले घरघरमा साहित्यगोष्ठीहरू पनि सञ्चालन गरेँ । यसमा साथ दिनुहुने प्रमुख व्यक्तित्वमा गीतकार प्रेमविनोद नन्दन र कवि गोविन्दराज विनोदी पर्दछन् ।

चितवन हुँदादेखि नै मैले नइ प्रकाशनबाट छापिएका अनि नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईका लेखरचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा पढ्ने गर्दथेँ र उनीहरूका लेखरचना मलाई निकै रुचिकर लाग्दथ्यो । किनभने दुवैको शैलीमा खरोपन र स्पष्ट

अभिव्यक्ति पाउँदथें र मलाई उनीहरूका कृतिहरू पढ्न निकै मज्जा आउँदथ्यो ।

नइ प्रकाशनबारे साहित्यकारका चर्चा र पत्रिकाहरूबाट अरू जानकारी थाहा पाउथें । प्रकाशकले त पुस्तक मात्र प्रकाशन गर्दछ भन्ने मलाई थाहा थियो । तर यो नइ प्रकाशनले त पुरस्कारको पनि स्थापना गऱ्यो, अचम्म लाग्यो र निकै खुसी पनि लाग्यो । यी दुई मन परेका स्रष्टा जोडीले थालेको कामको महत्त्वबारे मलाई अझै धेरै जानकारी हुन थाल्यो । म पनि त्यस बेलामा समाजसेवामा विभिन्न संस्थाहरूमा जिल्लास्तरीय नेतृत्वमा सक्रिय थिएँ ।

२०६० सालमा काठमाडौँ सरुवा भएर आएपछि नइ जोडीसँग मेरो प्रत्यक्ष भेटघाट हुन थाल्यो । नइ प्रकाशनले आयोजना गर्ने हरेक कार्यक्रममा सहभागी हुने मौका पाइरहें । नइदम्पतीको व्यवहार आत्मीय र नजिक नाताको हो कि जस्तो अनुभूति गर्दछु ।

नइ प्रकाशन र त्रिमूर्ति निकेतनका सबै कार्यक्रमहरू ठूलठूला हलमा भव्यताका साथ सम्पन्न भएको अनुभव छ मलाई । कार्यक्रममा उपस्थित हुन जाँदा नरेन्द्र र इन्दिराले मूल ढोकामै बसी हँसिलो मुहार लिएर स्वागत गरेको देख्दा हर्षले मेरो मन गद्‌गद हुन्थ्यो ।

साहित्य क्षेत्रमा नइले बोलेका काम कुरा पार लागेरै जान्छन् भन्ने कुरा मैले सुन्दै आएको हुँ । यसको उदाहरणका लागि नइकै सोचबाट जन्मेको राष्ट्रकवि र शताब्दी पुरुषको उपाधिलाई राज्यले लालमोहर लगाइदियो ।

नइ प्रकाशनकै कारण भानुभक्तको दुई शताब्दी महोत्सवलाई राज्यले विश्वव्यापक बनाएको थियो । यस्ता सोच र कार्यहरू गर्ने थलो नेपाल प्रज्ञाप्रतिष्ठान हो र सरकारी हकदार संस्था पनि त्यही नै हो । तर राज्यलाई नइको विश्वास कति ठूलो रहेछ ? यसको अर्थ के हो भने नइले कहिले हाम्रो भनेन र राम्रालाई मात्र समेटेर

हिँडिरह्यो । राजनीतिक दलबाट बनेका सरकार र सरकारले गठन गरेका प्रज्ञातिष्ठानहरूको स्वच्छता भएको भए र त्यस्ता विशाल काम गर्न उनीहरूसँग तागत भएको भए सरकारले गर्ने साहित्यिक काम नइको काँधमा पुग्दैन थियो भन्ने लाग्दछ ।

आफ्नो सोच र धारणालाई कतै नमोडी आफ्नो उद्देश्यअनुरूप नियमित काम गर्ने नेपालमा अरू पनि संस्था होलान् तर ठीक नीतिमै बसेर काम गर्ने संस्था मैले देख्न पाएको छैन । आफ्नो घोषणपत्रमा लेखिएका कुरा अक्षरश: पालन गरेर काम गर्ने संस्था भनेर म नइ प्रकाशनलाई नै धेरै मात्रामा चिन्दछु । किनभने नइ प्रकाशनसँग मेरो धेरै नजिकको सम्बन्ध रहेको छ । ससानादेखि ठूलाठूला प्रतिभा खोज्नेदेखि नेपाल सरकारलाई घचघच्याउने काममा लागिपरेका नइदम्पतीलाई अपार शक्ति मिलोस् भनी म कामना पनि गरिरहेको हुन्छु ।

नइ प्रकाशनले संयोजन गरेर त्रिमूर्ति निकेतनको निर्माण सम्पन्न गरेको हो । यो निकेतनको आफ्नै अस्तित्व छ र त्यहीअनुसार यसले बृहत् कार्य गर्दै आइरहेको छ र यसको सञ्चालन पनि नइले नै गरेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलनजिकै चक्रपथ भएर आवतजावत गर्ने जोकोही स्वदेशीविदेशीले देखिने स्थानमा भव्य रूपमा तीन जना साहित्यका विभूति कविशिरोमणि लेखनाथ पौडयाल, नाटयसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाका सालिक २०६१ सालमा स्थापना गरिएको थियो । यस कामले नेपालको गौरव विश्वसामु पुऱ्याएको छ ।

उत्तरी छिमेकी देश चीनको राजधानीमा रहेको 'श्वेत चैत्य'का निर्माता तथा नेपालका राष्ट्रिय विभूति अरनिकोको सालिक निर्माणमा नइकै सौजन्यता देखिन्छ । नेपालमा अरनिकोको सालिक त्यही पहिलो हो भनिन्छ । उक्त सालिक नेपाली कलाक्षेत्रका विशिष्ट साधक मनुजबाबु मिश्रको घरपरिसर बौद्ध हर्मिताजमा स्थापित

भएको छ । नइ प्रकाशनले २०६२ सालमा सत्यमोहन जोशीबाट यसको उदघाटन गराएको थियो ।

सत्यमोहन जोशीको प्रसङ्गमा बोल्नुपर्दा नइले साह्रै मानेका उनी एक जना राष्ट्रिय व्यक्तित्व थिए । बिरामी हुँदा छोराछोरीले जतिकै नइले रेखदेख गरेको मैले यही आँखाले देखेको छु । सत्यमोहन जोशीसँग मेरो त्यति साह्रो सम्बन्ध थिएन । २०७२ साल वैशाखको पहिलो साताको एक बिहान म नइगृह गएको थिएँ । नरेन्द्रराज प्रसाईले लेखेको 'शताब्दी पुरुष सत्यमोहन जोशी' जीवनीकृति भर्खर प्रेसबाट आइपुगेको रहेछ र नरेन्द्रलाई तुरुन्तै शताब्दी पुरुषका हातमा त्यो किताप राखिहाल्ने मन रहेछ । त्यसैले जीवनीको पहिलो प्रति मलाई पुऱ्याइदिने अनुरोध भयो । नरेन्द्रको आग्रहमा म सरासर शताब्दी पुरुषका घर पाटनको बखुम्बहालमा पुगेँ र किताप दिएँ । मैले भनेँ– 'यो किताप आजै प्रेसबाट आएको रहेछ, नरेन्द्र आउन ठीक परेका रहेछन् तर घरमा पाहुना आएर उनी आउन सकेनन् र म आएँ ।' किताप खोलेर हेर्दा शताब्दी पुरुष अत्यन्तै खुसी भएको मैले पाएँ । त्यस दिन उनीसँग बसेर मैले फोटो खिचेँ । त्यसपछि म उनका घरमा बराबर जान थालेँ । नरेन्द्रले मलाई त्यसरी प्रेमको भारी नबोकाएको भए सायद शताब्दी पुरुषसँग मेरो प्रत्यक्ष चिनजान हुँदैनथ्यो होला । मलाई लाग्छ नइलाई छोएपछि सुन फल्छ; नइगृह पुगेपछि सानो ठूलो केही न केही लाभै हुन्छ भन्ने मलाई लाग्छ ।

नइ प्रकाशनको काम कति पक्का हुन्छ भन्ने कुरा हाम्रो चितवनका कवि प्रेमविनोद नन्दनले प्राप्त गरेको 'नइ कोइलीदेवी पुरस्कार'ले स्पष्ट पार्छ । नन्दन दाइको बायोडाटा नरेन्द्रराज प्रसाईसँगै थियो । धेरै वर्षअघिदेखि उहाँहरूबीच पत्राचार पनि हुँदो रहेछ । एक दिन फोन गरेर नरेन्द्रले मलाई भने– 'यस वर्षका लागि प्रेमविनोद नन्दनलाई 'नइ कोइलीदेवी पुरस्कार'ले सम्मान गर्ने संस्थाको मनसाय रहेको छ । उहाँको अहिलेसम्मको पूर्ण परिचय ल्याइदिनु पऱ्यो ।' मैले

खुसी हुँदै उनलाई जबाफ फर्काएको थिएँ– 'मैले चारपाँच वर्षअघिदेखि नन्दन दाइको नाम लिएथेँ, बल्ल घाम लागेछ ।' त्यसै समय नरेन्द्रले उत्तर दिएका थिए– 'कसैको कुरा मात्र सुनेर काम गर्न थाल्यो भने पुरस्कारको हालत के हुन्छ ? पुरस्कार माग्ने होइन प्रतिभाका हातमा ससम्मान पुऱ्याइने हो । सही प्रतिभाले सही समयमा पुरस्कार पाउनुपर्छ भन्ने मेरो मान्यता हो ।' नइले पुरस्कार प्रदान गर्दा पनि कुनै भनसुन नचलेको, पूर्वाग्रह नराखेको र सही व्यक्तित्वले मात्र पाएको साक्षी म पनि एक हुँ ।

नइले पुरस्कार प्रदान गर्ने समाचार पाएपछि नन्दन दाइले फोनमा 'म आउन सक्तिनँ, केही महिनादेखि थला परेर ओछ्यानमै सुतेको छु र उठ्न सकेको पनि छैन' भनेछन् । अनि त्यसै दिन नइले पुरस्कारबापतको रकम एक लाख रुपियाँ नन्दन दाइका खातामा खसाइदिएको थियो र ताम्रपत्र र पदकचाहिँ मैले चितवन पुऱ्याइदिएको थिएँ । यसरी पुरस्कार प्रदान गर्ने मितिभन्दा एकडेढ महिनाअघि पुरस्कृत व्यक्तिले रकम पाउँछ भन्ने मैले कतै सुनेको पनि थिइनँ । बरु पुरस्कार बाँडिसक्तानसक्तै आयोजकहरू आफ्नो कमिसन माग्न पुरस्कृतका घरमा धाउँछन् भन्ने मैले सुन्दै आएको थिएँ । तर नइले नन्दन दाइसँग गरेको व्यवहारबाट नइ मेरा लागि झनै श्रद्धेय भएको छ ।

नइले धेरै काम गरिसकेको छ । ती बृहत् कार्यहरू गर्ने शक्ति नइलाई कसरी प्राप्त होला भनेर निकै सोचेँ । अन्तमा म के निष्कर्षमा पुगेँ भने 'यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः ।' यही वैदिक सूक्तिलाई नइले चरितार्थ पारेको हुँदा यति विधि कार्यहरू पनि सुगमताका साथ सम्पन्न भएका छन् ।

नइ प्रकाशन, त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसन तीनै संस्थामा नरेन्द्रराज प्रसाई आफू अध्यक्ष बनेका छैनन्, इन्दिरा प्रसाई अध्यक्ष छिन् र यी तीनवटै संस्थामा नरेन्द्र आफू सदस्यसचिव भई

काम गर्न गर्वबोध गर्दछन् । त्यसो त इन्दिरा पनि निकै कठोर परिश्रम गरी खट्न सक्ने मेधावी नारी हुन् । नेपाली साहित्य र व्यवस्थापन विषयमा धारा प्रवाह बोल्न सक्ने र गर्न सक्ने क्षमता मैले उनीभित्र पनि देखेको छु ।

नारीलाई उच्च स्थानमा राखेर नरेन्द्रराज प्रसाईले यति विधि काम गरेका छन् कि सुन्दा र नइको इतिहास केलाउँदा आफैँलाई गर्व लागेर आउने गर्छ । नइको काम विचित्रै छ, रकमकलमको हरहिसाब राख्नु, कार्यक्रम आयोजना गर्नु, पुरस्कृतहरू बोलाएर एकदम राम्रो व्यवस्थापन गर्नु, पाहुनाहरूको हेरविचार गर्नु चानेचुने कुरा होइन । यस्ता काम फलामको चिउरा चपाउनु जतिकै गाह्रो हो तर नइ जोडीले उपरोक्त सबै चाँजोपाँजो हाँसीहाँसी पूरा गरेको मैले देखेको छु ।

ललितपुर महानगरपालिका वडा नम्बर ४ मा रहेको सामाजिक संस्था 'बागडोल विकास समाजसेवा'द्वारा सञ्चालित 'बागडोल सामुदायिक पुस्तकालय'का लागि नइ प्रकाशनका अधिकांश पुस्तकहरू म सचिव हुँदा पाएको थिएँ । म पूर्वसचिव भइसकेपछि पनि नइका कृतिहरू पाउँदै आइरहेको थिएँ ।

अन्त्यमा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको अथक परिश्रम र योगदानको उच्च कदर गर्दै नेपाली साहित्यको इतिहासमा उनीहरूको नाम स्वर्णाक्षरले लेखिनुपर्छ भनी कामना गर्दछु र लेखिनेछ भन्ने आशा र विश्वास गर्दछु ।

# कत्रो ठूलो पहुँच

**मञ्जुश्री गिरी**

लक्ष्मीपूजाको दिन थियो, बिहान नगरपरिक्रमामा जानुपर्ने थियो र म गएर आएँ । त्यसरी विशेष पर्व, उत्सव र कार्यक्रमहरूमा खेलाडीले चाहिँ अनिवार्य उपस्थित हुनै पर्थ्यो । त्यसै दिनको बेलुका देवकोटा पुस्तकालयमा कविता वाचन कार्यक्रम थियो । म घरमा काम सघाएर निस्कन लागेकी थिएँ । त्यसै बेला मलाई मेरी आमाले भन्नुभयो– 'आजको दिन अरू दिनभन्दा छिटो जान्छ, काम धेरै हुन्छ, नगए हुँदैन ?' त्यस दिन भने आमाको वचन सुनेर मलाई दिक्क लागेको थियो । हो त, जतिखेर पनि काम, काम । काम भनेपछि आफ्नै मनमा कस्तो दिक्क लागेर आउने रहेछ । म पनि उठेदेखि बसेको कहाँ हुन्थेँ र ? सानो मान्छेले काम गरिरहँदा अझै धेरै गरिँदो रहेछ । आजभोलि मलाई मेरा बितेका ती दिनको याद आउने गर्छ ।



म कार्यक्रम स्थलमा पुग्दा काव्यगोष्ठी सुरु हुन लागेको थियो । अगाडि दुई जिउकी कुर्तासुरुवाल लगाएकी शालीन र भद्र महिला बसेकी थिइन्, उनी राम्रा कविता लेख्ने इन्दिरा प्रसाई थिइन् । त्यहीँ छेउमा कथाकार धेरै चिम्टी लगाएको कपाल ऊट्ट

हेर्दा रत्नराज्य रानीजस्ती लाग्थ्यो मलाई, उनी देवकुमारी थापा रहिछिन् ।

कविताको रमझम बेग्लै निक्कै छुट्टै लाग्थ्यो मलाई । पुरुष कविहरूभन्दा पनि सम्झन मन परेको कुरा यहाँ महिलाकै प्रसङ्ग राख्न चाहेँ मैले । 'मम्मी ! हजुरले बिहान नगएको भए हुने भन्दा मलाई कस्तो नराम्रो लाग्यो ।' मैले बेलुका घरमा मेरी आमालाई भनेँ । 'तँलाई अरू दिन नजा भनेको छ ?' मेरी आमाले भन्नुभएको थियो । 'होइन, इन्दिरा प्रसाई र देवकुमारी थापाजस्ता लेखकको घरमा सेल पकाउँदैनन् त ? लक्ष्मीपूजामा उनीहरू केही गर्दैनन् ? उनीहरू पनि आएका थिए त !' मैले मेरी आमालाई जबाफ फर्काएकी थिएँ । धेरै बेरपछि आमाले के सोच्नुभयो कुन्नि ! उहाँले भन्नुभयो– 'मान्छेमा लगाव हुन्छ, एक किसिमको नशा रहेछ साहित्य । जाऊँजाऊँ लाग्ने, लेखौँलेखौँ लाग्ने, पढ्न मन लाग्ने, त्यो सबैमा हुँदैन । उनीहरू पनि काम गर्छन् । सबै काम सकेर अथवा भरे यति काम गर्छु । एकछिन त्यहाँ पनि पुग्ने भनेर समय मिलाउँछन् ।' आमाले भनेको यो कुराले मेरो मनलाई घेरिरह्यो ।

धेरै वर्षपछि कान्तिपुर एफएमका प्रस्तोता हेम सुवेदीको आवाजमा देवकोटा महोत्सवको बारेमा सूचना सुनेँ मैले, साथै मीठो साहित्यिक प्रस्तुति पनि सुनेँ । त्यो सुनेर मलाई पनि कविता पठाउन मन भयो । त्रिमूर्ति निकेतनले देवकोटा शताब्दी महोत्सवको आयोजना गरेको रहेछ । त्यस महोत्सवले कविता प्रतियोगिता पनि राखेको रहेछ । इन्दिरा प्रसाईलाई भेटेको झन्डै बीस वर्षपछि प्रतियोगितामा मैले कविता पठाएकी थिएँ । मेरो कविता उत्कृष्ट दसभित्र परेको रहेछ । जब म देवकोटा शताब्दी काव्य पुरस्कार लिन काठमाडौँ जाने दिन आयो । त्यसै बखत मेरो छोराको अनुहारमा पिलो आएको थियो र नजिकै तिहार पनि आएको थियो । त्यति बेला पनि मैले सम्झिएँ 'साहित्य नशा हो', भन्नुहुन्थ्यो मम्मीले । 'तिमी राजधानी

जाऊ र पुरस्कार थाप, यहाँ हामी छौँ' भन्ने परिवारको मैले सल्लाह र सहमति पाएँ । त्यस बेला मेरो मनमा किसिमकिसिमका कुरा खेलिरह्यो । म समारोह स्थल पुगेँ तर त्यहाँ इन्दिरा प्रसाई देख्दा मलाई त सपनाकी राजकुमारी भेटेँझैँ लाग्यो । तर मलाई उहाँले चिनेकै थिएन । तर मेरो भित्री मनमा गाडिएको एउटै कुरा थियो, इन्दिरा प्रसाईलाई म त चिन्छु नि ! मैले चिनेको मान्छे उनी नै हुन् । उनी मेरै साहित्य फुलाउनका लागि पनि जन्मेको मान्छे हो । बाल्यकालदेखि मेरो मस्तिष्कमा बसेको मान्छे यिनै हुन् । धेरै पहिलादेखि मैले उनैका कविता सुनेकी थिएँ । पछि मैले उनलाई आख्यानमा पनि भेटेको हो । जे होस्, मलाई मन पर्ने लेखक उनै हुन् । मैले पाँचपाँच हजार रुपियाँ खर्चेर धेरै ठाउँमा कविता अर्थात् एउटा कविता सुनाउन गएको पनि मलाई याद छ । तर नइ जोडीले आयोजना गरेको देवकोटा शताब्दी महोत्सवमा त मैले ताम्रपत्रका साथ दस हजार नगद र देवकोटा महोत्सव काव्य पुरस्कार पनि पाएँ । त्यही समारोहमा पुग्दा नइ प्रकाशनबारे मैले धेरै कुरा सुनेँ । नइ प्रकाशनले कति बिघ्न काम गरेको रहेछ । त्यहाँ अरूका मुखमुखमा पनि नइ नै नइ मात्र झुन्डिएको थियो ।

नइकै संयोजनमा विश्वनारी नेपाली साहित्य सम्मेलनको आयोजना भएको रहेछ । त्यस सम्मेलनमा मोरङ जिल्लाबाट मैले पनि भाग लिन पाएकी थिएँ । मैले मेरो जीवनमा तीन दिनसम्म चल्ने नेपालमा त्यत्रो ठूलो सम्मेलन देखेको पनि थिइनँ । त्यसै सम्मेलनमा मेरो कवितासङ्ग्रहको लोकार्पण भयो र मलाई साह्रै धेरै गर्व लाग्यो । एउटा देशले गर्नुपर्ने कार्य दुई प्राणी मिलेर भव्य रूपमा आयोजना गर्नु, देशविदेशबाट पाहुना त्यति धेरै भेला गर्नु, देशका धेरैभन्दा धेरै नारीस्रष्टा भएको आजसम्म यतिको भव्य कार्यक्रम मलाई लाग्छ, नेपाल सरकार या सरकारी मातहतका प्रज्ञाप्रतिष्ठानहरूले गरेकै छैन । त्यहाँ पनि साहित्यको नशा अर्थात्

लगाव नै भेट्टाएँ मैले त । त्यस सम्मेलनमा इन्दिरा प्रसाईको खटाइमा मलाई लाग्थ्यो, त्यतिखेर अठचालिस घण्टाको एक दिन भए पनि उनलाई कमै हुन्थ्यो ।

नरेन्द्रराज प्रसाई मैले देखेको मान्छे नै होइनन्, उनी कति कडा र कति नरम ! मैले देखेकी इन्दिरा प्रसाई पनि त्यस्तै कडा र त्यस्तै नरम ! यी जोडीले कति जानेका ! नइ साहित्यका लागि जन्मिएको जोडी हो । न र इ जोडी नबाँधिएका भए नइ प्रकाशनको स्थापना हुने थियो र ? यदि नइ प्रकाशन नभए नेपालमा साहित्यको यस्तो गरिमा कुन संस्थाबाट सम्भव थियो र ? यतिका ठूलठूलो काम गर्न कति खट्नुपर्छ ? नइले जैँ गरेका यति बिघ्न साहित्यका काम नेपालमा कहिले भएको कसैले सुनेका र देखेका छौँ र ? आफ्नो धेरै समय खर्चेका नइको साहित्यमा लगन र समर्पण छ । त्रिमूर्ति निकेतन नइबाटै स्थापित भयो । यो संस्था बनाउनका लागि नइको कति धेरै त्याग होला ? साहित्य, कला र संस्कृतिका लागि देशले केही गर्न नसकेको अवस्थामा नइले नै डा.वानीरा गिरीलाई पाँच लाख रुपियाँ राशिसहित 'नेपाली साहित्यको विश्वनारी रत्न'को उपाधि प्रदान गरी रथारोहण गराएको मैले सशरीर आफैँले देख्न पाएँ । प्रधानमन्त्री सुशील कोइराला र उपप्रधानमन्त्री वामदेव गौतमका संयुक्त हस्ताक्षरबाट उपाधि प्रदान गरिएपछि डा.वानीरा गिरीलाई प्रधानमन्त्री र उपप्रधानमन्त्रीले नै मिलेर रथ चढाएको र बाजागाजासहित रथमा राखेर डा.वानीरा गिरीलाई सहर घुमाउन लाँदाको दृश्य हेरेर मेरा आँखाबाट तरक्क, तरक्क आँसु झरेका थिए ।

'रचना लेखेर च्यात्ने धेरै छन्, तिमीले आफ्ना कृर्ति छाप्नुपर्छ' भनेर मलाई देवकोटा शताब्दी काव्य पुरस्कार पाएका बेला नइकै मार्गदर्शन थियो । इन्दिरा प्रसाईले भनेको मलाई याद छ– 'एउटी नारी, छोरी, आमा, स्वास्नी, नोकर, मालिक मात्र होइन स्रष्टा ईश्वर पनि हो ।' नइले धेरै स्रष्टालाई लेख्नुपर्छ, किताप छाप्नु भनेर ईश्वर

बनाएको मैले सुनेकी छु । 'हामीलाई सधैँ चिनाउने हाम्रो नाम भनेको हामीले लेख्ने पुस्तक नै हाम्रो जिन्दगीको ऐना हो' भनेर प्रेरणा दिने नइका वचन मैले सधैँ मेरा शिरैमा सिउँरिँदै आएकी छु । त्यसैले अब म चौथो पुस्तककी लेखिकाको हैसियतमा समेत उभिएकी छु ।


राज्यले नसम्झेका धेरै विद्वान्, लेखकहरूलाई ठूलठूलो धनराशिका पुरस्कार नइ प्रकाशनबाट प्रदान गरेको देख्दा र सुन्दा छुट्टै आनन्द आउने रहेछ । बालकदेखि वृद्धसम्मको प्रतिभाको कदर गर्ने एक मात्र थलो नइ प्रकाशन भयो । त्यसैले नइ प्रकाशन हाम्रो साहित्यको मन्दिर हो । मैले यति लेखिरहँदा मैले कसैलाई फुक्र्याएको वा तारिफ गरेको छैन र यसमा मेरो कुनै स्वार्थ लुकेको पनि छैन, मात्र मैले देखेको कुरा लेखेकी हुँ । देशमा ठूला लेखक धेरै छन् तर धेरैले आफ्ना लागि या आफ्नै आत्मसन्तुष्टिका लागि मात्र प्रायः लेख्छन्, तर साहित्यमा लागेर आफूलाई समर्पण गर्ने नइ जोडीको जोडा जति खोजे पनि भेटिँदैन, तब त नइ प्रकाशन पच्चिसै वर्षमा विश्वव्यापक भएको छ ।

# एउटा भाग्यमानी संस्था

## मदनदास श्रेष्ठ

**(नाटचभूषण)**

आफू जुन क्षेत्रमा लाग्यो त्यही क्षेत्रसँग सम्बिन्धित व्यक्तिसँग सङ्गत हुनु कुनै नौलो कुरा होइन । मलाई पनि साहित्यमा रुचि थियो । त्यतिखेर नरेन्द्रराज प्रसाई पनि फाट्टफुट्ट लेख्ने गर्थे । खास गरेर उनीसँग करिब पाँच दशकअघि मेरो चिनजानचाहिँ भएको थियो ।



पछिपछि नरेन्द्रको जोडी भएपछि इन्दिरा प्रसाईसँग पनि मेरो सङ्गत हुन थाल्यो ।

साहित्य क्षेत्रमा विशेष चासो दिने नइ जोडीलाई पहिलेदेखि नै मैले निकै नजिकबाट हेरेको थिएँ । यही सिलसिलामा साहित्यिक क्षेत्र, साहित्यकार, नवोदित साहित्यकार तथा कलाकारहरूलाई प्रोत्साहित गर्ने किसिमको एउटा संस्था सुरु गर्ने जमर्को गरी उनीहरूले नइ प्रकाशनको स्थापना गरे । मेरो सौभाग्य नै भनौँ नइको संस्थापक सदस्यका रूपमा भित्रिने अवसर मैले पाएँ र आजपर्यन्त यस सम्मानलाई ग्रहण गरिरहेको छु । यसले हामीबीचको निकटतालाई अझ नजिक्याउने काम गरेको छ ।

नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले काम गर्ने शैली अलि भिन्नै छ । नइदम्पतीको सोच र त्यागबाट नै नइ प्रकाशनले नेपाली

माटोमा जरा गाडेको छ । वास्तवमै साहित्यिक क्षेत्रमा काम गर्ने तथा साहित्य लेख्ने सर्जकहरूलाई यथेष्ट प्रोत्साहन गर्ने काम सरकारले नै पनि गर्न सकेको छैन र अन्य क्षेत्रबाट भएको प्रयास पनि नगण्य नै छ । त्यति मात्र नभई साहित्यकार तथा कलाकारहरूलाई जीविकोपार्जनका लागि पनि निकै कठिन अवस्था छ । सामाजिक व्यवहारमा पनि यस्तै समस्याहरू देखिन्छन् । कहीँ, कतै विवाहको कुरा चलाउनुपर्‍यो भने जागिर भएको, अफिसमा काम गर्ने वा व्यापारी भयो भने खुसीसाथ सम्बन्ध गाँस्न राजी हुने तर 'साहित्य लेख्छन्, कवि हुन् या कलाकार या संस्कृतिविद् नै हुन्' भन्यो भने 'त्यस्ताले के छोरी पाल्ला र ?' भन्ने शङ्का गरी सम्बन्ध गाँस्नबाट टाढिने अवस्था छ । साहित्यकार र कलाकारको यस्तो समस्याबाट मुक्ति दिलाउन र सामाजिक प्रतिष्ठा बढाउने काममा नइ प्रकाशनको विशेष योगदान रहेको छ ।

केही मात्रामा भए पनि राज्यको कोषबाट विभिन्न साहित्य, कला, सङ्गीतको श्रीवृद्धि गर्नका लागि संस्थाहरू नखुलेका होइनन् । सरकारी कोषबाट तीनतीनवटा प्रज्ञाप्रतिष्ठानलगायतले कार्य गरेका पनि छन् तर तिनीहरूबाट जुन रूपमा काम हुनुपर्थ्यो, त्यो हुन सकेको छैन । यसको मुख्य कारण विभिन्न दलगत, गुट, उपगुटहरू पैदा भएर सोहीबमोजिम जेका लागि पनि आफ्ना वा नजिकका मान्छेहरू खोजिनुले नै हो । खास गरेर २०४६ सालपछिका दिनहरूमा नि:स्वार्थ रूपमा साहित्य, कला तथा संस्कृतितर्फ लाग्ने व्यक्तिको खोजी गर्ने, उनीहरूको जीवन सरल बनाउने कुनै संस्था भेटिएन । यही अभाव पूर्ति गर्न नइ प्रकाशन अगाडि बढेको मैले पाएँ र म यसैमा समर्पित भएर लागिरहेकै छु ।

नइले गरेको अद्वितीय काम भनेको अन्तर्राष्ट्रिय जगत्लाई नै सम्बोधन गरेर देशविदेशका नेपाली भाषासाहित्यसेवीहरूलाई भेला गरेर देवकोटा शताब्दी महोत्सवको अवसर पारेर निमूर्ति निकेतनबाट

अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन गराउनु हो । यो कठिन कामका बारेमा राज्यले सोच्न तथा आँट्न पनि नसकेको अवस्थामा नइमार्फत नै पाँचदिने सम्मेलन सम्पन्न भयो । त्यस सम्मेलनमा पाहुनाहरूलाई स्वागतसत्कार गरी राम्रैसँग बस्ने, खाने व्यवस्थासमेत गरेर ऐतिहासिक काम सम्पन्न भएको थियो । त्यति बेला अतिथि सत्कारको प्रमुख दायित्वका साथ मैले पनि सेवा गर्ने मौका पाएको थिएँ ।

अरूको दृष्टिमा हेर्दा नइ प्रकाशन एउटा सानो संस्था लाग्ला तर यसमा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईजस्ता हस्तीको सफल नेतृत्व छ र यिनीहरूकै कामले नै यसलाई निकै ठूलो संस्थाका रूपमा चिनाएका छन् । उनीहरूले आफ्नो पूरै समय यसलाई दिएका छन् साथै यिनीहरू साहित्य, कलाको संवृद्धि र उत्थानमा चिन्तित देखिन्छन् । यिनीहरूको चिन्तन मात्र नभएर व्यावहारिक रूपबाट नै साहित्यकार, कलाकारको रक्षार्थमा यिनीहरू ढालजस्तो भएर निस्किएका छन् । शताब्दी पुरुष सत्यमोहन जोशी एक सय तीन वर्षसम्म बाँच्नुको एउटा अर्को रहस्य नइदम्पती नै पनि हुन् । जोशीले धेरै पटक धेरै ठाउँमा भनेका थिए– 'नइले मेरो शरीरलाई पनि बचायो र कर्मलाई पनि बचायो ।'

धर्तीले राष्ट्रकवि, नेपाली साहित्यका विश्वनारी रत्न, शताब्दी पुरुष र महासमालोचक जन्मायो तर यिनलाई चिनाउने काम नइबाट सम्पन्न भयो । पछिल्लो समयमा सत्यमोहन जोशीलाई शताब्दी पुरुषको रूपमा चिनाउनु नै नइको अर्को राम्रो उदाहरण हो । जोशीलाई यसरी सम्मान गर्दा कतिपयले 'आफू बाहुन भएर नेवारको प्रचार गऱ्यो, नेवारलाई च्यापेर हिँड्यो' भनेर निकै हल्ला पनि फिँजियो । तर निःस्वार्थ रूपमा जोशीले दिएको योगदान साहित्य, कला, संस्कृतिप्रतिको उनको इमानदारिता र मेचीदेखि महाकालीसम्मको लोकसंस्कृतिको विकासमा लागि मरिमेटेका व्यक्तित्वका अगाडि यो

हल्ला अन्ततः सामान्य हल्लाका रूपमा मात्र चित्रित हुन पुग्यो र बिलाएरै पनि गयो ।

साहित्यिक क्षेत्रका व्यक्तिको जीवनी लेखेर उनीहरूको व्यक्तित्वको परिचर्चा गरेर साहित्यसेवीको सम्मान गर्नु नइको अर्को महत्त्वपूर्ण काम हो । नइले साहित्यिक योद्धाहरूको कदर गर्दै यिनीहरूका कृति प्रकाशन र यिनीहरूका बारेमा जीवनी लेखेर आममानिसका अगाडि प्रकाश पार्ने कार्य गर्दै आएको छ । यति मात्र नभई विदेशमा रहेर नेपाली साहित्यको श्रीवृद्धिमा लागेका व्यक्तिलाई खोजी गरी उनीहरूलाई प्रेरणा दिने काम पनि नइले गरिरहेको छ । नइ प्रकाशनमा सम्मानजनक कोषको व्यवस्था पनि भएको छ । नेपाली भाषासाहित्यको सेवा गर्ने विदेशमा रहेका नेपाली र विदेशी नागरिकलाई नेपालमा ल्याएर सम्मान गर्ने नइको काम नै महत्त्वपूर्णको मानिन्छ । यसबाट नेपाली भाषासाहित्यको परिचर्चा विदेशमा पनि राम्रै तवरले हुन पुगेको छ ।

नेपाली साहित्यका त्रिमूर्तिहरू महाकवि लक्ष्मीप्रसाद देवकोटा, नाटचसम्राट् बालकृष्ण सम तथा कविशिरोमणि लेखनाथ पौड्यालका सालिकलाई सिनामङ्गलमा रहेको सञ्चारग्राममा स्थापना गरेर नेपाली साहित्यका हस्तीहरूलाई सबैसामु चिनाउने काम पनि नइबाट नै भएको छ । यसलाई ‘त्रिमूर्ति निकेतन’ नामबाट संस्थागत गरी उनीहरूका नाममा नेपाली साहित्यको श्रीवृद्धिमा लाग्नेहरूलाई सम्मान गर्ने काम पनि भएको छ । यसो यतातिर हेर्दा पनि राज्य या राज्यका कोषबाट सञ्चालित प्रज्ञाप्रतिष्ठानहरूले गर्नुपर्ने काम नइले नै पूरा गरेको छ । इन्दिरा प्रसाईको अध्यक्षतामा सञ्चालित ‘त्रिमूर्ति निकेतन’का तीनवटा समितिमध्ये बालकृष्ण सम फाउन्डेसनको म एक जना पनि संयोजक छु भन्दा मलाई धेरै ठूलो गौरवको अनुभूति हुन्छ । त्रिमूर्ति निकेतन नइको निजी सम्पत्ति होइन तर यसका लागि उनीहरूको मरिमेटाइ अचम्मको छ । नेपाली साहित्यमा यसरी

मरिमेटेर काम गर्ने मैले अरू मान्छे देखेकै पनि छैन । त्रिमूर्ति निकेतन मात्र नभएर त्रिनारी रत्न (प्रेमराजेश्वरी, गोमा र पारिजात)का प्रतिमाहरू पनि नइकै अगुवाइमा तयार भइसकेका छन् तर स्थापना गर्नका लागि अहिलेसम्म ठाउँ मिलेको छैन । यसका लागि नइले धेरै प्रयास गरे र हारगुहार पनि भयो तर अहिलेसम्म यो योजना पूरा हुन सकेको छैन । यसका लागि जग्गाको धेरै खोजी गरी हारगुहार भइरहेको छ । अहिले त्रिनारी रत्नका तीनवटा मूर्तिहरू नइ प्रकाशनकै कार्यालय या नइगृहकै आँगनमा रहेका छन् । जो जसले पनि त्यहाँ गएर यी मूर्तिहरूको अवलोकन गर्न सक्नेछन् ।

नइ प्रकाशनले साहित्य मात्रको सेवा गरेको छैन; नृत्य, कला, सङ्गीत, गायन, नाटक यी सबै क्षेत्रमा काम गर्ने प्रतिभालाई प्रोत्साहन गर्ने गरेको छ । यसमा स्थापित मात्र नभई नवोदित गायक, नृत्यकार, नाटककारहरू हरेक वर्ष नगदसहित पुरस्कृत भएका छन् । यहाँबाट समर्पण गरिने पुरस्कार छनोटको तरिका हेर्दा मलाई गजब लाग्ने गर्छ । मान्छेले सम्झँदै नसम्झेका, नामै नसुनेका, देशका टाढाटाढा लुकेर बसेका समेत तथा विदेशमा रहेका व्यक्तिको जीवनीसहित कितापमा छापेर पुरस्कार पाउनाको कारण प्रमाणसहित दर्साएको हुन्छ । कोही, कसैले आफूलाई पुरस्कार दिनुपर्‍यो भनेर आफैँले आफैँलाई सिफारिस गरेर त्यहाँ कोही गयो भने त्यसले पुरस्कार पाउँदैन । बरु त्यस्ता मागी खानेलाई नइले कालो सूचीमा राखेको हुन्छ । म नइ प्रकाशनको कार्यसमितिमा भएका नाताले त्यस प्रकारको सूची र ती व्यक्ति कालो सूचीमा राखिनाको कारणसमेत मैले हेर्न पाएको हुन्छु ।

पुरस्कारकै सम्बन्धमा मसँग सम्बन्धित एउटा घटना पनि म यहाँ राख्न चाहन्छु । मलाई नइ प्रकाशनबाट एक पटक नगद एक लाख रुपियाँ राशिसहित पुरस्कार दिन खोजेको थियो । नइको विधानअनुसार नइको सदस्यलाई पुरस्कार दिन मिल्दैन । त्यसैले

'कार्यसमितिबाट यहाँले राजीनाम दिनुपर्‍यो र यो पुरस्कार यहाँजस्तो कलाकारले ग्रहण गरिदिनु पर्‍यो' भनेर कुरा उठ्यो। मैले त्यसै साधारणसभाको बैठकमा भनेँ– 'पुरस्कार त मैले त्यसै पनि पाएको छु। यत्रो गरिमामय संस्थाको म कार्यकारी सदस्य नै छु। स्थापनाकालदेखि अहिलेसम्म म सदस्यमै रहिरहनु नै मेरा लागि ठूलो पुरस्कार हो। यसलाई पुरस्कार र नगदमा दाँजिनु पनि हुँदैन। म नइ प्रकाशनको सदस्यता छोड्न सक्दिनँ। बरु 'काम गर्न तथा समय दिन नसेको कारणबाट अब हामीलाई तपाईं चाहिँदैन' भन्नुहुन्छ भने अब हुने पुनर्गठनमा 'तपाईं अब अटाउन सक्नुभएन' भनेर भनिदिनुस्। म त्यस कुरालाई खुसीसाथ ग्रहण गर्नेछु। हाल यही अवस्थामा मचाहिँ यो संस्था छाड्ने पक्षमा छैन।' मैले यति भनेपछि साधारणसभाका सबै सदस्यहरूले मुखामुख गरेको पनि म देखिरहेकै थिएँ। त्यतिखेर नइदम्पतीले नै पनि के सोचे कुन्नि ! मलाई थाहा भएन। तर पछि नइ जोडीले मसँगै उभिएर मलाई भनेका थिए– 'दाजु हजुरलाई हामीले मानेका छौँ, मान्छौँ र झन् साह्रो मान्छौँ। हजुरलाई हामीले चिन्न सकेका रहेनछौँ।' त्यसपछि नइले मेरो सम्मानका लागि एउटा पुस्तक प्रकाशन गर्ने योजना बनाए। नइकै सिफारिसमा यसको सम्पादनको जिम्मा ललिता दोषी र कृष्ण शाह 'यात्री'लाई दिइयो। 'नाटचभूषण मदनदास श्रेष्ठ' नाम रहेको उक्त पुस्तकमा नेपालका स्थापित साहित्यकारहरूसमेत चवालिस जनाले मेरो बारेमा लेखेका संस्मरणात्मक लेखहरू सङ्कलित छन्। यसरी मैले यस प्रकाशनलाई केही दिन सकेँ वा सकिनँ त्यो बेग्लै कुरा हो, तर नइले मेरा लागि ठूलो काम गरेको मैले महसुस गरेको छु।

यसै सन्दर्भमा नरेन्द्रराज प्रसाईंकी आमा भागीरथा प्रसाईंलाई पनि म सम्झन चाहन्छु। यस संस्थाले उहाँको ठूलो आशीर्वाद पाएको अनुभव मैले गरेको छु। उहाँले मलाई पनि छोराजत्तिकै माया गर्नुहुन्थ्यो। म नइगृह पुगेको अवस्थामा उहाँ आफू रहेको आफ्नो

ओछ्यानको छेउमा मलाई बसाउनुहुन्थ्यो । उहाँबाट मैले धेरै प्रेरणा, आशीर्वाद र माया प्राप्त गरेको छु । इन्दिरा प्रसाईले सासूआमाको राम्रो स्याहारसुसार गर्नुहुन्थ्यो । मलाई लाग्छ, त्यही स्याहारले नै आमाको आयु बढेको थियो । नइबाट आमालाई नियमित रूपमा विभिन्न ठाउँमा घुमाउन लैजाने तथा अन्य मनोरञ्जनका क्रियाकलाप गराउने काम हुन्थ्यो । एक दिन नरेन्द्रले आमालाई गाह्रो भयो भनेर अचानक मलाई फोन गरेर 'दाइ तुरुन्त घर आउनुहोस्' भन्नुभयो । म नइगृहमा पुगिसक्ता आमा दिवङ्गत भइसक्नुभएको थियो । अनि मैले नै उहाँका आफन्तहरूलाई एकएक गरी यसबारे खबर गरेँ । यसरी म पारिवारिक रूपमा नइसँग धेरै नजिक थिएँ र छु ।

पारिवारिक सम्बन्धको कुरा गर्दा मेरी छोरी मनिला श्रेष्ठको गुफाबाट निस्केपछिको सूर्य दर्शनको सगुन खान नीर शाह, नरेन्द्रराज प्रसाईलगायतलाई पनि मैले घरमा बोलाएको थिएँ तर उहाँहरूलाई भोज खानेबारेको कुरा बताएको थिइनँ । अनि नरेन्द्रराज प्रसाईले 'ए दाइ ! छोरीको सूर्य दर्शनको अवसरको उपहार पनि ल्याउन पाइएन, म पछि नानीलाई घडी किनिदिन्छु' भनेर वचन दिनुभएको थियो । केही वर्षपछि उहाँले सम्झेर छोरीलाई घडी ल्याइदिनुभयो र यसबाट मेरी छोरी निकै खुसी भई ।

म आवश्यक कुराहरू सोझै तथा स्पष्ट कुरा गर्छु तर नरेन्द्रराज प्रसाईचाहिँ कुनै कुरा बोल्दा लामो व्याख्या गर्नुहुन्थ्यो र धेरै भूमिका बाँध्नुहुन्थ्यो । अनि मैले 'पहिले भन्नुपर्ने कुरा भनिहालौँ न यति लामो भूमिका नबाँध्नुहोस्' भनेर रोक्थेँ । उहाँले 'मदन दाइले जहिले पनि गाली गर्नुहुन्छ' भन्नुहुन्थ्यो । यस्ता घटना हामीबीच कहिलेकाहीँ हुन्थे ।

इन्दिरा प्रसाईको त के कुरा गरौँ, उहाँको समेत लगनशीलताले नै नइ संस्था यति माथिसम्म उठेको छ । इन्दिरा नहुँदो हो त नरेन्द्र सायद यो ठाउँमा पुग्न सम्भव हुँदैनथ्यो र नरेन्द्र नहुँदो हो त इन्दिरा

पनि सायद यो ठाउँमा पुग्न सम्भव हुँदैनथ्यो । यति हुँदाहुँदै पनि नरेन्द्रको विचलित र चञ्चलतालाई इन्दिराले नियन्त्रण गर्नुहुन्थ्यो । अनि बल्ल नरेन्द्रको यात्रा सन्तुलित रूपमा अगाडि बढ्थ्यो ।

नइ प्रकाशन आफैँमा एउटा साहित्यको बगैँचाजस्तो लाग्छ । नइगृहमा प्रवेश गर्नेबित्तिकै साहित्यकारका तस्बिर र कितापहरूले मन नै आनन्दित बनाउन थाल्छ । सानो चिटिक्क परेको बैठक, सौन्दर्यले ढाकेको पुस्तकालय र पुस्तक राख्ने स्टोर हेरेर त्यहीँ मन बिसाउन मन लाग्छ ।

नइ प्रकाशनको आफ्नो घर छैन र यो संस्था भाडामा पनि बसेको छैन । यस हिसाबमा नइ एउटा भाग्यमानी संस्था पनि हो । पच्चिसौँ वर्षदेखि यस संस्थाले निःशुल्क रूपमा सिंहदरबारको पर्खालबाहिरको छेउछाउमा बस्न पाएको छ । अरूहरू संस्था भने संस्थापक, संरक्षक अथवा अध्यक्षको आफ्नै घरमा बसे तापनि त्यस्ता संस्थाले मनग्गे भाडा तिरेका हुन्छन् र पदाधिकारीले राम्रै मूल्यको पारिश्रमिक या भत्ता पनि लिएका हुन्छन् । तर नइ प्रकाशनका संस्थापक नइदम्पतीले आफ्नो घर पूरै एक तलामा संस्थाको कार्यालय राखे तापनि पाँच पैसा भाडा लिएका छैनन् । यस संस्थाको कार्यकारी सदस्य भएका नाताले लेखापरीक्षण या अडिट पास गर्नुपूर्व मैले पनि निर्णय पुस्तिकामा हस्ताक्षर गर्नुपर्ने हुन्छ । हरसाल अडिट रिपोर्ट हाम्रा हातमा आएपछि नइले न भाडा लिएको देखिन्छ, न त भत्ता या पारिश्रमिक नै लिएका हुन्छन्; यो तथ्य अडिट रिपोर्टले नै प्रमाणित गरिरहेकै हुन्छ । संस्था स्थापना गरेपछिका पछिल्ला दिनमा यस संस्थाको राम्रै आर्थिक स्रोत भएको अवस्थामा नइले भाडा लिन पनि सक्थे वा अरू कसैलाई घर भाडामा दिएको भए पनि नइदम्पतीलाई राम्रै रकम हात लाग्थ्यो । फेरि नइगृहको भुइँ तलाका कोठाले नपुगेर तलामाथिको एउटा कोठामा पनि नइ प्रकाशन र यसको सहोदरी त्रिमूर्ति निकेतनका कार्यालय सित्तैँमा रहेका छन् । तर यसमा नरेन्द्रराज

प्रसाई र इन्दिरा प्रसाईको लोभ जागेन । नइका हरेक गतिविधि हेर्दा मलाई के लाग्छ भने– 'कुनै पनि संस्था चलाउन लोभ होइन, त्याग चाहिन्छ ।'


नइ प्रकाशनका पुरस्कारहरू गरिमाले चुलिएका छन् । यसको प्रमुख कारण के हो भने योग्य प्रतिभा छनौट गर्ने कामबाट नइ विचलित भएको छैन । तर पनि केहीले नइबारे नकारात्मक स्वर निकाल्न छाडेका छैनन् । यसबारे उनीहरूले बाहिर भन्नु र छापामा लेख्न त कुनै तुकै देख्तैनन् । त्यसैले उनीहरूले यस विषयमा घुसघुस गरेको भने सुनिन्छ– 'नइले पुरस्कार त बाँड्छ तर खाममा पैसा हुँदैन र भयो भने पनि आधा मात्र हुन्छ । जति रकमको घोषणा गर्छ त्यति दिँदैन, पुरस्कार दिएबापतको आधा कमिसन नइले नै खान्छ ।' यसबारे म एउटा कुरा भन्न चाहन्छु, नरेन्द्रकी आमाले बराबर मलाई भन्नुहुन्थ्यो– 'मेरा छोरा नरेन्द्रले पैतृक सम्पत्ति लिएको छैन । उसैका हातले दाजुभाइलाई अंश बाँडिदियो । मेरो जिउनी पनि यसले लिएन, दिदीलाई नै दिनुपर्छ भन्यो र मेरी छोरीले पाई । बाबुको सम्पत्ति नलिए पनि यसैले मेरो सेवा गरिरहेको छ । अंश खाने छोराहरूले सम्पत्ति हात पारेपछि मलाई घरबाट निकालिहाले र अंश नखाने यही छोराले नै मेरो सेवा गरिरहेको छ ।' वास्तवमा नरेन्द्र र इन्दिरालाई चिन्दै नचिनी रिसइवीमा लागेकाले कमिसनको कुरा बक्तै हिँड्ने गरेको मलाई थाहा छ । बाबुको नै अंश नथाप्ने छोराले आफूले दिएको पुरस्कारबाट कमिसन खान्छ ? नइका हातबाट सयौँले पुरस्कार पाइसकेका छन्; एकै जनाले मात्र पनि मैले पुरस्कारको रकम पूरा पाइनँ भनेछन् भने नइ प्रकाशनलाई सक्तो रूपमा कार्यबाही गर्ने जिम्मा मेरो पनि हुनेछ । साथै नइदम्पतीलाई जनअदालत र न्यायको कठघरमा उभ्याउने जिम्मा पनि म नै लिन्छु । तर पचासौँ वर्षको सङ्गतले मलाई यति थाहा छ– 'नरेन्द्र भोकै बस्छ तर उसले लुटेर, ठगेर र मागेर खाँदैन ।'

नइगृहमा साहित्यकार, कलाकार जो उपस्थित भए पनि त्यतिकै सम्मान पाउँछन् । नइको जीवनयात्रामा जतिसुकै दुःख, कष्ट, अभाव झेले पनि नइ प्रकाशन र यी दुई जना डगमगाएनन् । आफ्ना पसिना बगाएर हरेक स्रोत परिचालन गरेर भए पनि सारा व्यवस्था मिलाएर आज नइ प्रकाशनको अन्तर्राष्ट्रिय क्षेत्रमा समेत खुबै नाम चलेको छ । नइ प्रकाशनलाई यो अवस्थासम्म ल्याइपुऱ्याउने दाताहरूको ठूलो योगदान रहेको छ र उहाँहरूकै मलजलले यो संस्था आज यसरी झाङ्गिएको छ । नेपाली भाषा र साहित्यको श्रीवृद्धिका लागि नइ प्रकाशनलाई अरू माथि उठाउनका लागि सबैको प्रेरक भूमिका रहेको भए तापनि नइदम्पतीको नै ठूलो भूमिका रहेको छ ।

# इमानको छाता

## मधुसूदनप्रसाद घिमिरे

म साहित्यमा रमाउन थालेको २०३२ सालदेखि नै हो । त्यति बेला 'नयाँ सन्देश'मा मेरो 'प्रतीक्षा' शीर्षकको गीत छापिएको थियो । त्यसपछि साहित्यिक यात्रामा खुबै हिँडियो । मलाई साहित्यमा अगाडि ल्याउने गुरु परशु प्रधान नै हुनुहुन्छ । उहाँकै अगुवाइमा म मेची, दार्जिलिङ, सिक्किम पनि पुगेको थिएँ । त्यसै बखत मैले इमानदार र क्रियाशील साहित्यिक संस्थाको आवश्यकताको बोध गरेको थिएँ । साहित्यसेवीका लागि साहित्यिक संस्था झरीको बेलाको छाता नै हो भन्ने मेरो ठम्याइ छ ।



समयसमयमा साहित्यिक संस्था उदाउँदै गए र अस्ताउँदै पनि गए । मैले थाहा पाएअनुसार नइ प्रकाशन उदाएपछि निष्क्रिय बनेको मलाई थाहा छैन । सधैँ सक्रिय भइरहने संस्थाले आजसम्म कैयौँलाई मनोबल, वातावरण, सम्मान, पुरस्कार आदि प्रदान गर्दै आएको छ ।

साहित्यकारहरूको विशेष चिनारी, विविध पुस्तकमाला र नेपाली साहित्यबारेको जानकारी नइले दिँदै आइरहेको छ । नरेन्द्रराज

र इन्दिरा दुई व्यक्ति कामको आधारमा नइ प्रकाशन मात्र हैन उहाँहरू नै एउटा संस्था भइसक्नुभएको छ ।

अब नइ प्रकाशनमा मात्र सीमित नभएर यो संस्था विश्व नेपाली साहित्यमा नइ खर्क नै बनिसकेको छ । नइ नेपालबाहेक समुद्रपारि पनि पुगिसकेको छ । संसारभरिका नेपाली स्रष्टाले नेपाली साहित्यको ठोस् र आधिकारिक जानकारी लिने ठाउँ नइ देखा परेको छ । नइले साहित्यकारहरूको मात्र विश्वास जितेको छैन, दानवीरहरूको पनि विश्वास प्राप्त गरेको छ, जो अरूहरू साहित्यिक संस्था या सङ्गठनले यसरी कसैको विश्वास पाएका कमै देखिएका छन् । त्यसैले आज नइ विश्व नेपाली साहित्यमा झाँगिएको छ ।

हुन त नेपालको कुनै एउटा पुरानो गुठी पनि सक्रिय छ । तर नइ सर्वव्यापक छ र यसले वर्षमा धेरैभन्दा धेरै साहित्यकारलाई निष्पक्ष भएर सम्मानपूर्वक सम्झँदै आएको कुरा कसैले बिर्सन चाहेर पनि बिर्सन सक्दैनन् । सरकारी पक्ष एकेडेमी पार्टीको भर्ना केन्द्र या जागिरे थलोजस्तै हुँदै गइरहेको बेला या एउटा कृति पनि प्रकाशित नभएकालाई प्राज्ञ बनाइएको सन्दर्भ पनि लाजमर्दो नै छ । तर यही परिप्रेक्ष्यमा एउटा नइ प्रकाशनले चुनौतीको रूपमा सर्वश्रेष्ठ काम गरिरहनु भनेको राष्ट्रका लागि गौरव नै हो भन्ने म ठान्छु ।

मैले सत्य कुरा भन्न छाडेको छैन । यदि नइ प्रकाशन नभए नेपाली साहित्यमा एउटा ठूलो देखिएको खाडल पुरिने सम्भावना थिएन । नइले धेरै रिक्त भएको ठाउँको टालटुल गर्नेसमेत काम गरिदिएको छ । हो, कसैकसैले नइलाई होच्याउने र गालीगलौच गरेको पनि म सुन्दछु, तर तिनीहरू रिस र ईर्ष्याले जलेका मात्र हुन् । नइलाई गाली गर्नेहरूबाट नेपाली साहित्यमा केही फलिफाप भएको पनि छैन र आफ्नोबाहेक तिनले परको कुरा पनि हेर्न जान्दैनन् । मेराअघि पनि नइप्रति कटु वचन बोल्न आउनेलाई म के भन्छु भने– 'नइ पाठशाला नपढी नइको विरोध गर्नु पाप हुन्छ । नइ

नेपाली भाषासाहित्यको पाठशाला, महाविद्यालय मात्र नभएर नइले विश्वविद्यालयकै काम गरिरहेको म देख्तछु । नइसँग म नजिक छैन तर परै बसेर पनि नइले गरेका काम म हेर्दै आएको छु ।' यसको काम हेरेर मैले भन्ने गरेको छु– 'नइ प्रकाशन नेपाली साहित्यवारिधि हो । नइले कसलाई उठाएन र, यदि ऊ योग्य छ भने ? नइ भनेको योग्यताको कदर गर्ने, राजनीतिक आँखाबाट कसैलाई नहेर्ने, प्रतिभालाई लाखापाखाको भेद नगर्ने संस्था होइन र ? माधव घिमिरे, सत्यमोहन जोशीजस्ता साहित्यिक हस्ती यदि नइ प्रकाशन नहुँदो हो त ती ओझेलमा पर्दैन थिए र ?'

नइले पहल गरेर स्रष्टाका लागि सरकार गुहार्ने काम गरेको सम्बन्धित सबैलाई थाह भएकै हुनुपर्दछ । माधव घिमिरे र सत्यमोहन जोशी जीवित हुँदा प्रकाशित सरकारी हुलाक टिकट पास गराउनेसम्मको कर्मका लागि नइ प्रकाशन अघि सरेको देखिएको छ भन्ने मेरो ठम्याइ छ । अर्को कुरो पनि छ मसित, राष्ट्रकवि र शताब्दी पुरुषले प्राप्त गर्नुभएको मानार्थ विद्यावारिधिलाई समेत नइले पहल गरेर टिकटमा डा.(डाक्टर) लेख्न सरकारलाई घचघच्यायो र लेखियो पनि । यसभन्दाअघि कुनै पनि मानार्थ पिएचडीलाई सरकारले आधिकारिक डाक्टर लेखेको मलाई थाहा छैन । तर नेपालमा नइ यति विश्वासिलो पात्र भएको छ कि उसले बोलेका कुरा सरकारी ठाउँहरूले समेत अवलम्बन गरेको देखिन आएको छ । अबका पिएचडीहरूलाई पनि डाक्टर लेख्ने नजिर नइले खोलिदिएको छ । त्यसैले नइलाई हामीले धन्यवाद दिन मिल्दैन र ? या त नइलाई जितेर कुनै व्यक्ति या संस्था अघि सरेर आउनु पर्‍यो । सरकारले नइको कामलाई कति विश्वास गरेको छ भने आदिकवि भानुभक्त आचार्यको दुई सय वर्षको महोत्सव मनाउन पनि नइबेगर भएन र सरकारले नइ प्रकाशनलाई यसको हर्ताकर्ता बनाएको हामीले देखेकै हो । त्यतिखेर सरकारले आदिकविको दुई सय वर्षको

महोत्सव मनाउन एक करोड रुपियाँ छुट्ट्याएको थियो । त्यस पैसामा ऱ्याल काढ्न धेरै संस्था र व्यक्ति अघि सरेका थिए भन्ने गाइँगुइँ सुनिन्थ्यो । तर अन्त्यमा नइका हातमा त्यो कार्यक्रम परेपछि एकएक पैसाको सदुपयोग भयो र आदिकविको महोत्सव पनि सरकारले चौधै अञ्चल र प्राय: विश्वभरि मनायो ।

जसरी दूध र पानी राजहाँसले छुट्ट्याएर पानी छाडेर दूध मात्र पिउँछ । त्यस्तै राम्रा स्थापित र पाका साहित्यकार, समाजसेवी, संस्कृतिविद् आदिआदिलाई खोजीखोजी पुरस्कार, सम्मान, तक्मा आदि दिँदै जाने एक महान् संस्थाका उदारमना नइ जोडी (नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाई)को जति प्रशंसा गरेर पनि पुग्दैन र नइको बारेमा लेख्ने कुनै शब्दै हुँदैनन् ।

नइ संस्थाका खम्बाहरू नइ जोडीको कामबाट ममात्र नभएर समस्त साहित्यकारहरू खुसी छौँ । सेतो कपडामा घुन हिँडेको देखिन्छ तर काला लुगा लगाएका कपडामा जतिसुकै अँगार घोटे पनि देखिँदैन । त्यसैले काला कपडावालाले जति डाहा गरे पनि नइले आफ्नो स्थान बलियो र सुरक्षित बनाइसकेको छ । भोलिका दिनमा यस संस्थाले हिजो र आजभन्दा बढी काम गर्दै जानेछ भन्ने मैले दृढ विश्वास लिएको छु–

**सधैँभरि इमानको छाता ओढ्न पाऊँ**
**घामपानी ओत्ने थलो नइ भयो नाउँ ।**

# स्तरीय, नियमित, सर्वमान्य

**मन गहिरे**

विश्वनारी नेपाली साहित्य सम्मेलनको समारोहमा जब म पुगेँ । मलाई लाग्यो– यो यति भव्य र सभ्य समारोह राज्यद्वारा परिचालित कार्यक्रम होला । तर बुझ्दै जाँदा त्यस्तो होइन रहेछ । नितान्त सेवामुखी संस्था नइ प्रकाशनको संयोजन र त्रिमूर्ति निकेतन आयोजक रहेछ । नइ प्रकाशन यस्तो संस्था हो, जसले हजारौँ सर्जक



र स्रष्टाहरू जन्माएको छ । नइले भाषा, कला, साहित्य र संस्कृति क्षेत्रको संरक्षण गर्दै आएको छ । मलाई लाग्यो, त्यो विशाल अभियान मुलुकभित्र र मुलुकबाहिर नेपाली स्रष्टाहरूको खोजी कुनै चानचुने कुरा थिएन । त्रिमूर्ति निकेतन, नइ प्रकाशन नहुँदो हो त यस्ता कार्यक्रम गर्न के सम्भव हुन्थ्यो । मैले नइको गुणगान गाउन खोजेको होइन । नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईको यो लगाव हुँदैनथ्यो त नइ प्रकाशन जन्मिँदैनथ्यो । यदि नइ प्रकाशन जन्मिँदैनथ्यो त नेपाली वाङ्मयको श्रीवृद्धिका लागि यसरी काम कसरी हुन्थ्यो ? नेपाली भाषा, कला, संस्कृतिका स्तरीय कृतिहरू प्रकाशित कसरी हुन्थ्यो ? राज्य र राज्यद्वारा स्थापित संस्थाले सम्झन नसकेको काम नइ प्रकाशनले गर्दै आएको देखेर बडो गज्जब लाग्यो ।

चाहे राष्ट्रकविको उपाधि होस् या चाहे विश्वनारी नेपाली साहित्यरत्नको उपाधि होस् या शताब्दी पुरुषको उपाधि अथवा महासमालोचकको उपाधिमा होस्, ती उपाधिको संरचना गर्दै ती महान् व्यक्तित्वको सम्मान नइकै पहलमा हुँदै गए ।

खास गरेर २०६९ सालदेखि २०७९ हालसम्ममा मलाई नइका गतिविधि नियाल्ने अवसर मिल्यो । मलाई गर्व लाग्यो नइको योगदान देखेर । नइ अहोरात्र भाषा, कला, साहित्य र संस्कृतिमै लागिरहेको देख्छु । स्रष्टाहरूको कदर गर्नु, स्रष्टाको जीवनी, स्रष्टाका कृति प्रकाशित गर्ने नइलाई साधुवाद छ । नइदम्पतीले नेपाली वाङ्मयको श्रविृद्धिका लागि नइ प्रकाशनको स्थापना गरेर धेरै जस पनि कमाए । यही नइले मलाई पनि यो बाटोमा सजिलो गरी हिँड्न सिकायो । वास्तवमा जीवनमा केही राम्रा काम गरेर छोड्नुपर्छ भन्ने भावना नइले मलाई जागृत गरायो । ममा साहित्य रचना गर्ने, सिर्जनाहरू जम्मा गरी राख्ने सौख त थियो तर म साहित्यको क्षेत्रमा लाग्छु र भाषा, कला, संस्कृतिको संरक्षण गर्ने कार्यमा समेत जोडिन्छु भन्ने मैले कहिल्यै सोचेकी थिइनँ । मैले कृति प्रकाशित पनि गरेकी थिइनँ ।

विश्वनारी नेपाली साहित्य सम्मेलनको आयोजना हुँदै छ भन्ने जानकारी सामाजिक सञ्जालबाट त्यति बेला पाइयो । साथै त्यस सम्मेलनमा कम्तीमा एउटा कृति प्रकाशित गरेका नारीले मात्र भाग लिन पाउनेछन् भनेर छ महिनाअगाडि सूचना प्रकाशित भएको थियो । त्यो सूचना देखेपछि मलाई लाग्यो– पाँचछ महिनाभित्र त मेरा पनि सङ्कलित रचनाहरूको पुस्तक छाप्न सके मैले पनि सम्मेलनमा सहभागी हुने अवसर पाउने थिएँ । अनि त्यस दिनदेखि मेरो कथासङ्ग्रह ‘मनका कथा’ निकाल्ने धुनमा म लागेँ । नभन्दै मेरो पुस्तक प्रकाशित भयो । म मात्र होइन त्यस सूचनाले मजस्ता धेरै नारीहरू पुस्तक प्रकाशित गर्न सफल भए । नइकै अवधारणा र

रातोदिनको खटाइका कारण 'न भूतो न भविष्यति' भन्ने खालको विश्वनारी नेपाली साहित्य सम्मेलन राजधानीमा भएको थियो । नइ नभए न त्यो कार्यक्रम नै हुन्थ्यो न देशविदेशका त्यतिका नारी स्रष्टासँग भेटघाट नै हुन्थ्यो । यदि नइ नभए मेरा पाण्डुलिपि पनि अझै आफ्नै झोलामै थन्किरहन्थे होला । म जस्तो मोफसलमा बसेको नारीलाई कृति प्रकाशनका लागि नइको प्रेरणादायी भूमिकाले गर्दा साहित्यमा मैले अरू केही पुस्तक प्रकाशित गर्न सकेँ । नइकै कारण आज म पनि लेखक भएकी छु भन्दा मलाई गर्व लाग्छ ।

अब मलाई लागेको छ– लेख्न त लेख्ने तर भाषा, कला, साहित्य, संस्कृतिको संरक्षणका लागि अनुसन्धानमूलक पुस्तक नेपाली साहित्यमा आउन जरुरी छ । त्यसैले म अहिले त्यही काममा लागिरहेकी छु । नइले मलाई विश्वनारी नेपाली साहित्य सम्मेलन, त्रिमूर्ति निकेतन र नइ प्रकाशनको लुम्बिनी प्रमुखको जिम्मेवारी प्रदान गरेपछि म नेपाली भाषा र साहित्यका लागि निकै खट्न थालेँ । वास्तवमा मलाई साहित्य क्षेत्रमा होमिन थप ऊर्जा दिने नइदम्पती र नइ प्रकाशन हो ।

साहित्यका क्षेत्रमा म यसरी लागिसकेपछि मैले धेरै कुराहरू थाहा पाएँ । यस क्षेत्रमा केही साहित्यका ठेकेदार पनि रहेछन् जसले साहित्यलाई कमाई खाने भाँडो बनाएको पनि देखियो । तर केही यस्ता विशुद्ध सेवामुखी भएर साहित्य, भाषा, कला, संस्कृतिका लागि आफ्नो जीवन समर्पित गर्ने व्यक्ति र संस्था पनि देखियो । साथै अरूको कपिराइटमा भएको पुस्तक आफ्ना नाममा प्रकाशित गर्ने साहित्यकार पनि देखियो । अनि पुस्तक निकाल्नेको नाममा ५०–६० पृष्ठको पुस्तक सङ्ख्यात्मक रूपमा बीसपच्चिसवटा चोरीचकारी गरेर लेख्ने स्रष्टा पनि देखिए । तर जेजे भए पनि मलाई लाग्छ साहित्य क्षेत्रभित्र भित्रिएका विकृति, विसङ्गति चटक्कै निर्मूल पार्न सकिएको अवस्था थिएन । नइदम्पती र नइ प्रकाशनजस्तो


स्वच्छ छविका साहित्यिक व्यक्ति र परोपकारी संस्थाहरूका अगाडि उभिन थालेपछि त्यस प्रकारका विकृतिहरू बिलाउँदै जान्छन कि भन्ने मैले आशाचाहिँ गरिरहेकी छु ।

इतिहासका साथै नइ वर्तमान, वर्तमानदेखि भावी पिँढीसम्मका लागि मार्गदर्शन, प्रेरणादायी बन्दै नेपाली भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्धनमा हिँडिरहेको देख्ता मलाई गौरव लाग्ने गर्छ । नेपाली भाषासाहित्यको यति लामो कालखण्डमा निजी क्षेत्रबाट यति लामो समयसम्म एकनासले सेवा गर्ने नइ प्रकाशन एउटा गर्व मान्नुपर्ने संस्था नै भएको छ । कुनै पनि संस्था जन्मेपछि उसले लामो इतिहास राखेर आफ्नो साइनबोर्ड झुन्डचाएर मात्र पनि हुँदैन; स्तरीय, नियमित, सर्वमान्य भएर र हाम्रालाई होइन राम्रालाई समेटेर नेपालमा कहिले हुन नसकेको र कसैले नसोचेको साहित्यिक कामहरू नइबाट भएको सत्यतथ्य सुन्दा र हेर्दा गौरव लागेर आउँछ ।

# गौरवमय उपलब्धि

**प्रा.डा.महादेव अवस्थी**

नेपालको संवत् १९४० यताको झन्डै डेढ शताब्दी लामो प्रकाशनयुगलाई नवीन प्रकाश दिई नेपाली वाङ्मयको सर्वाङ्गीण समृद्धिका निम्ति सुस्थापित र प्रतिष्ठित संस्था हो– नइ प्रकाशन । २०५२ साल माघ १५ गते राजधानी काठमाडौँमा स्थापित भई सञ्चालन भइआए यता नइ प्रकाशनगृहले नेपाली वाङ्मयका



प्रकाशनपरम्परामा आफ्नो पृथक् पहिचान झल्कने गरी अनेक थरी गौरवमय कार्यहरू गर्दै आएको छ र तिनलाई सार्वजनिक प्रकाशनमा ल्याई आफ्नो आभा फिजाउँदै छ । विगत तीन दशकका बीचमा आफ्ना नवीन सोचको कार्यान्वयन तथा उद्देश्यको प्राप्तिका निम्ति यसले जेजस्ता बहुआयामिक योजनाहरू कार्यान्वित गर्दै आएको छ त्यसले समकालिक नेपाली वाङ्मयका प्राज्ञिक तथा सृजनात्मक वातावरणका विकास, विस्तार र समृद्धिमा बहुमूल्य योगदान गरेको कुरो प्रस्ट रूपमा दृष्टिगत हुन्छ ।

नइ प्रकाशनले आफ्नो रजत महोत्सव भव्यतापूर्वक मनाइसकेको छ । रजत महोत्सव, स्वर्ण महोत्सव आदि मनाउनु भनेको केवल पच्चिसबर्से, पचासबर्से समयावधि व्यतीत गर्नु मात्र होइन; आफ्ना

सार्वजनिक महत्त्वका कार्यद्वारा त्यस समयावधिलाई उज्ज्वल र मूल्यवान् बनाउनु पनि हो । नइ प्रकाशनले विगत पच्चिसतीस वर्षको समयावधिमा नेपाली वाङ्मयका क्षेत्रमा जेजस्तो हलचल ल्यायो र जेजस्ता गतिविधि अगि बढायो ती सबैले पच्चिसबर्से रजत महोत्सव मनाउन आइपुग्दा यस संस्थालाई नेपाली वाङ्मयको सर्वतोमुखी समुन्नयनका निम्ति समर्पित र क्रियाशील अग्रणी संस्थाका रूपमा सुस्थापित एवं सुप्रसिद्ध बनाइदिएका छन् ।

नइ प्रकाशन नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईका कसिलो हातेमालोबाट हुर्केको संस्था हो । यी दुवै जना आआफ्ना सृजनात्मक कार्यकलापद्वारा नेपाली साहित्यका खासखास विधाक्षेत्रमा सशक्त हस्ताक्षरका रूपमा विख्यात भइसकेका स्रष्टा हुन् नै ! तर यिनले आफ्नो मात्र सृजनात्मक समुन्नतिमा सीमित रहनुभन्दा नेपाली वाङ्मयका बृहत् जगत्को युगानुकूल विकास, विस्तार र विविधीकरणमा पनि केन्द्रीय भूमिका खेल्नु आवश्यक ठाने र नइ प्रकाशनगृहको स्थापना गरे । यिनले केवल नेपाली वाङ्मयको सेवा गर्नुलाई आफ्नो परम ध्येय बनाए र त्यस पवित्र ध्येय प्राप्तिका निम्ति राष्ट्रकवि माधव घिमिरे, वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी, नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरी र महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीका शुभाशीर्वाद एवं शुभेच्छा पाउनुका साथै हजारौँ नेपाली वाङ्मयसेवीको साथ र सहयोग पाए । यस क्रममा नइले संस्थागत रूपमै जहाँ माधव घिमिरे, सत्यमोहन जोशी, डा.वानीरा गिरी र प्रा.डा.वासुदेव त्रिपाठीलाई क्रमशः राष्ट्रकवि, वाङ्मय शताब्दी पुरुष, नेपाली साहित्यका विश्वनारी रत्न र महासमालोचकका उपाधिद्वारा सम्मानित र अभिनन्दित गर्ने गौरवमय कार्य सर्वसम्मतिका साथ सम्पन्न गरे, त्यहीँ अनेकौँ पुरस्कार र पदकद्वारा नेपाली वाङ्मयजगत्मा क्रियाशील रहिआएका हजारौँ प्रतिभाहरूलाई सुशोभित तुल्याई प्रेरणादायी भूमिका पनि निर्वाह

गरे । नेपाली वाङ्मयजगत्का आफ्नो समयका र आफ्नो विधाक्षेत्रका विख्यात महारथीका साथै हजारौँ स्रष्टा र प्रतिभाहरूको साथ र सहयोग पाई यिनले नइ प्रकाशनलाई पच्चिस वर्षका कालखण्डमै जुन उचाइमा पुऱ्याए, त्यो हामी सबैका निम्ति विस्मयकारी गौरवमय उपलब्धि नै हो । यस्तो गौरव जुन कुनै संस्थालाई प्राप्त हुँदैन; यसका निम्ति नरेन्द्र इन्दिराका जस्तै आफ्नो महान् ध्येय प्राप्तिका बृहत् अभियानमा सबैलाई समेटेर लैजान सक्ने सुदृढ अठोट र कसिलो हातेमालो नै आवश्यक पर्छ ।

नइ प्रकाशनले कुनै पनि सरकारी वा असरकारी प्रज्ञाप्रतिष्ठान वा प्रकाशनगृहभन्दा फरक र फराक सोच र उद्देश्य लिई सोहीअनुरूप नेपाली वाङ्मयको विकासमा बलियो टेवा पुऱ्याउन मौलिक किसिमका गतिविधि सार्वजनिक रूपमा भव्यतापूर्वक सञ्चालनमा ल्याई निजी संस्थागत पृथक् पहिचानलाई प्रतिष्ठित तुल्याएको छ । यस अर्थमा यो कुनै अर्को प्रतिष्ठान वा प्रकाशनगृहजस्तो नभई आफ्नै मौलिकतासहित विविध र बृहत् सोच एवं ध्येयका साथ क्रियाशील रहिआएको गरिमाशाली संस्था हो भन्ने ठहर्छ । नाम यसको नइ प्रकाशन भनिए पनि यसका कामको दायरा निकै फराकिलो छ– यसले नेपाली वाङ्मयका विविध विधाबारे युगानुकूल रूपमा गहकिला अध्ययन, अनुसन्धान गराउँछ; तर तिनलाई त्यतिकै थन्क्याउँदैन, सार्वजनिक प्रकाशनमा ल्याइहाल्छ र अध्येता, अनुसन्धातालाई प्रोत्साहित तुल्याउँछ अनि भावकहरूलाई बौद्धिक पोषणयुक्त खुराक पस्किहाल्छ । यसले समयुगीन नेपाली साहित्यको वाटिकामा सौन्दर्य थप्ने पुराना, नयाँ प्रतिभाका खँदिला, रसिला, बास्नादार साहित्यिक कृतिहरू पनि खोजीखोजी र छानीछानी युगानुकूल मुद्रणप्रविधिको सुसंयोजनद्वारा सुसज्जित तुल्याई प्रकाशन गर्छ र सहृदयी भावकहरूका मनमा रसात्मक आनन्दको सञ्चार गराउँछ । नइ प्रकाशनले नेपाली वाङ्मयका क्षेत्रमा क्रियाशील रही यसको समुन्नतिमा महत्त्वपूर्ण

योगदान पुऱ्याउने देशदेशान्तरका नेपाली र विदेशी प्राज्ञस्रष्टाहरूको मूल्यबोध गरी तिनलाई पदक, सम्मान र पुरस्कारद्वारा सुशोभित तुल्याउँछ । नइ प्रकाशनको संयोजनबाट नेपाली वाङ्मयसेवी महान् स्रष्टाहरूका नाउँमा त्रिमूर्ति निकेतन र सङ्ग्रहालयको स्थापना र सुसञ्चालनमा जुन कर्मठता एवं कुशलता देखाइएको छ, त्यो अभूतपूर्व तथा अद्वितीय छ । यति मात्र होइन, यो प्रकाशनगृह पुस्तकालयको स्थापना गर्ने र सामयिक महत्त्वका पत्रपत्रिकाको प्रकाशन गर्ने अनि समयसमयमा भाषासाहित्यविषयक राष्ट्रिय र अन्तर्राष्ट्रिय बृहत् सभा, समारोह, गोष्ठी, सम्मेलन आदिको व्यवस्थित र भव्य आयोजना गर्ने सुरुचिसम्पन्न संस्थाका रूपमा पनि विख्यात छ । प्रतिभाशाली छात्रछात्रा र अनुसन्धातालाई छात्रवृत्ति तथा विद्वद्वृत्ति प्रदान गरी प्रोत्साहित गर्ने संस्थागत प्रबन्ध पनि यसले मिलाएको छ । नेपाली वाङ्मयका क्षेत्रमा यस्ता बहुआयामिक गतिविधिलाई कुशलतापूर्वक, तटस्थतापूर्वक, निष्पक्षताका साथ र केवल नेपाल र नेपालीको गौरववृद्धिका निम्ति विगत तीन दशकयता भव्यतापूर्वक कार्यान्वित गर्दै आएको एक मात्र संस्था नइ प्रकाशन हो र यो स्वयम् आफूजस्तै छ अरू कसैजस्तो छैन । नेपाली वाङ्मयका समृद्धिमा नइ प्रकाशनले एकपछि अर्को उचाइ थप्तै गइरहेको छ र यसले अझै उचाइ प्राप्त गरिरहने तथ्य यसका कामहरूले पुष्टि गरिरहेकै छन् । पुस्तौँपुस्तासम्मका नेपालीहरूलाई यसले नेपाली वाङ्मयका प्रज्ञा तथा सृजनाका ज्ञानपुष्पको पोषण र बास्नाद्वारा सुदृढ एवं आह्लादित बनाउन सक्छ भन्ने विश्वास मैले लिएको छु ।

नइ प्रकाशनको ध्येय नै फरक सोच र फराक उद्देश्यका कार्यान्वयनद्वारा नेपाली वाङ्मयजगत्लाई सबल बनाउनु रहेको छ । यो स्वयम्मा प्रकाशनगृह त हुँदै हो र यसले नेपाली वाङ्मयका विविध विधाका उत्कृष्ट ग्रन्थहरूको स्तरीय प्रकाशन त गर्छ नै; साथै यसले मौलिक सृजनात्मक लेखन र प्राज्ञिक अध्ययन, अनुसन्धान

एवं सङ्गीत अनि नृत्यकला र खेलकुदका, कलाकौशलका क्षेत्रमा क्रियाशील स्थापित तथा नवोदित प्रतिभाहरूलाई खोजीखोजी उचित मूल्याङ्कन गरी सम्मानित र पुरस्कृत पनि गर्छ । यसो गर्दा नइ प्रकाशन आफैँमा दुराग्रही र दम्भी तथा कुनै खास राजनीतिक विचार र दलप्रति रूढ प्रतिबद्ध अनि अरू विचारप्रति असहिष्णु लेखकहरूदेखि टाढै बस्छ; तर फराकिलो दृष्टिकोण र उदार विचारका अनि सहिष्णुता एवं मानवीय वैचारिक स्वतन्त्रता र सहअस्तित्वप्रति निष्ठावान् स्रष्टा प्रतिभाहरूलाई यसले समेट्छ र यथोचित समयमा सम्मानित पनि गर्छ । त्यसले गर्दा नइ प्रकाशनभित्र उस्तै रङ्गका र ढङ्गका प्राज्ञ र स्रष्टा तथा कलाकर्मी र खेलाडीभन्दा अनेक थरी वैचारिक रङ्गका उदार हृदयी वाङ्मयसेवीका साथै कलाकर्मी र खेलकर्मीहरूको भव्य जमघट भइरहन्छ । त्यो भव्यता यस प्रकाशनगृहले लिएको मौलिक सोच र फराकिलो उद्देश्यकै परिणति र प्राप्ति पनि हो । यस किसिमका खुला र उदार विचार तथा महान् उद्देश्य लिई समयुगीन नेपालमा वाङ्मयसेवामा स्वयम् जुट्नु र अरूलाई जुटाउन सक्नु कठिन कार्य हो; तर नइ प्रकाशनका संस्थापक अध्यक्ष इन्दिरा प्रसाई र सदस्यसचिव नरेन्द्रराज प्रसाईले आफ्ना बुद्धिबर्गत, प्रतिभा र कुशलताद्वारा यस कठिनतालाई सजिलैसँग पार लगाई नइ प्रकाशनको प्रतिष्ठालाई उचाइमा पुऱ्याएका छन् ।

# उँचो र उँचो शब्दशिखर

**महेश सुवेदी**

नेपाली भाषाको क्षेत्रमा कलम चलाउने स्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नामका अघिल्ला अक्षरांशको मेल गराई 'नइ'को अपूर्व मिलनबाटै 'नइ प्रकाशन'नामक साहित्यिक संस्थाले नेपाली भाषाको प्राज्ञिक कर्मका माध्यमबाट आफूलाई वैश्विक परिवेशमा उभ्याइसकेको छ । 'यत्र नार्यस्तु पूज्यन्ते तत्र रमन्ते देवता:'को भावनाको मर्मलाई यस 'नइ प्रकाशन'को नामाकरणमा पुरुष हैकमवादी चिन्तनको कोपभाजनमा परी सदा नारी ओझेलमा पर्दै आएको हाम्रो समाजकै परिवृत्तमा यस खालको समन्यायिक समाजचिन्तनको बीजाधान गर्न पुगेको छ । 'राधाकृष्ण', 'सीताराम', 'गौरीशङ्कर'कै परम्परामा वर्तमान समाजमा त्यसकै समकक्षमा आफूलाई जन्म मात्र गराएको छैन; त्यसको कार्यशैलीमा पनि मेरो अनुभवले सर्वोत्कृष्टता प्राप्त गरेको छ भन्दा गर्वले छाती फुलेको छ । किनभने यस संस्थाले आफ्ना हरेक काम 'न' र 'इ'कै विचारविमर्शको अक्षरश: पूर्ण परिपालना गरेको मैले अत्यन्त नजिकबाट काम गर्ने क्रममा पाएको छु । तसर्थ 'नइ प्रकाशन'को एक अभिन्न अङ्ग भई काम गर्दाका स्वर्णिम अनुभव मैले बिर्सन सकेको छैन ।



त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातकोत्तर तहको विद्यार्थीलाई डायस्पोराविषयक अध्ययन, अनुसन्धानको प्राज्ञिक कर्मका सिलसिलामै प्रा.डा.गोविन्दराज भट्टराईसँग मेरो सन्निकटता भएसँगै मैले पहिलो नेपाली भाषासम्पादनको प्रथम पाइला टेकेको थिएँ । बिस्तारै 'अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज'को भाषासम्पादन कार्यको अहम् जिम्मेवारी उहाँकै सहयोगबाट मैले प्राप्त गरिरहेकै थिएँ । एक दिन बानेश्वरस्थित एक कृति विमोचन कार्यक्रममा मैले नइसँग परिचित हुने मौका मात्रै पाइनँ; आफू नइसँग रहेर काम गर्न इच्छुक रहेको समेत बताएँ । उहाँहरूबाट सकारात्मक रूपमा आफूलाई यस संस्थाको अनुशासनको परिधिमा रहेर काम गर्न इच्छुक रहे आउन सकिने वचन मात्र नभई एक दिन नरेन्द्रराज प्रसाईले फोन पनि गर्नुभयो । मेरो बसाइ सिंहदरबारको पूर्वीदक्षिण कुनामा रहेको हनुमानस्थानकै आडमा थियो भने नइ प्रकाशन पूर्वीउत्तर कुनाको आडमै रहेको मलाई थाहै थियो । त्यहाँ पुगेर केही कुराकानीपश्चात् मलाई पहिलो भाषासम्पादनको जिम्मेवारी इन्दिरा प्रसाईद्वारा लिखित 'भागीरथा प्रसाईको निर्वाण' पुस्तक जिम्मा लगाई पठाउनुभयो, जुन २०६९ सालको कुरा हो । त्यति बेला नइ प्रकाशनका अन्य उपेन्द्र सुवेदी, कमलराज उपाध्यायहरू पनि त्यस खालको सम्पादन कार्यमा रहेको मैले पाएँ । केही दिनको कडा मिहेनतपश्चात् त्यस पहिलो काम लिएर म नइ प्रकाशन गएँ । मेरो काम हेरिसकेपछि मलाई नरेन्द्रराज प्रसाईले– 'हेर साना गुरु ! मैले तिमीले गरेको कामको वर्णविन्यासगत शुद्धाशुद्धि मात्र नभई भाषिक रूपमा गरिएको शुद्धीकरणलाई समेत स्वीकार गरेर जस्ताको तस्तै राखेको छु, अरू त्यसमा तिमीले निखारता ल्याउन कोसिस गरिरहनू' भन्नुभयो । जसले मलाई थप जिम्मेवार भई काम गर्न थप हौँस्यायो ।

नइ प्रकाशनबाट योगी नरहरिनाथद्वारा सम्पादित अत्यन्त महत्त्वपूर्ण धार्मिक ग्रन्थ 'हिमवत्खण्ड' वर्तमान भाषिक लेखनढाँचामा

भाषासम्पादन गर्ने मैले जिम्मेवारी प्राप्त गरेँ । जसले नेपाली भाषासाहित्यतर्फ आफूले पुऱ्याएको सेवाले थप विश्वास प्राप्त हुन गई गुरुतर भूमिका प्राप्त हुँदै गएको महसुस गर्न पुगेँ । आर्थिक रूपमा सामान्य जीवनको खर्च निर्वाह गर्न सक्ने अवस्थामा मैले 'नइ'सँग नाता गाँसेको थिएँ; तर त्योभन्दा बढी गाढा नइको विश्वासिलो र भरपर्दो अक्षरकर्मको म सेवक हुन सकेँ । बिहान कलेज पढाउन जानु, दिउँसो स्कुलबाट फर्किएपछि खाना खाएर नइ प्रकाशनको कार्यालयमा पुगेर नियमितजसो आफ्नो भाषासम्पादनको निष्ठापूर्वक काम गर्न पुग्थेँ । नइगृह सामान्य घर मात्र नभएर एउटा विशाल भाषासाहित्य र संस्कृतिको धरोहर रहेछ । साहित्यिक, प्राज्ञिक तथा अन्यान्य विशिष्ट व्यक्तित्वहरूको नइगृहमा आवतजावत र सम्पर्कको घना उपस्थितिसमेत म चाल पाउँदै जान थालेँ । रातको निद्रा बलपूर्वक थिचेर आफ्नो काममा एकटकले अक्षरसँगै दौड्दादौड्दै म आफूलाई रातको गहिरो निद्रामा समेत भाषासाहित्यको उन्नयन र विस्तारको पोखरीमा पौडिएको पाउँथेँ । साँच्ची, नइबिनाको मेरा दिन पानीबिनाका माछाको जस्तै भइसकेको थियो । त्रिमूर्ति निकेतन र नइ प्रकाशनलगायत शैक्षिक क्षेत्रको आफ्नो व्यस्त जीवनमा नइको ममाथिको 'घोडा कुदाइ' (नरेन्द्रराज प्रसाईकै भाषामा) निकै पेचिलो रह्यो; तर जीवनमा पीडाका बीच पनि आशा र भरोसाका किरणले मलाई पछ्याइरह्यो । अन्ततः नइबाट मैले सोचेभन्दा धेरै नै सहयोग, स्नेह, सद्भावना र इज्जत पाएँ । यो नै मेरो जीवनको अर्को एउटा ठूलो प्राप्ति पनि मानियो ।

नइ प्रकाशनका साथ काम गर्दा 'विश्वनारी नेपाली साहित्य सम्मेलन', भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह, सत्यमोहन जोशीलाई शताब्दी पुरुषको उपाधि प्रदान गर्दाको महत्त्वपूर्ण क्षण मभित्र अमिट छाप बनेर रहेका छन् । नेपाली भाषासाहित्यको विशिष्ट नारीस्रष्टा डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्वनारी रत्न'

(२०७१) को उपाधि प्रदान गरी रथारोहण गराउँदाको क्षण अत्यन्त सुखद रह्यो । पुरुष हैकमवादी सोचले ग्रस्त हाम्रो समाजमा सारा विश्वभर छरिएर रहेका तमाम नारी 'आमा जाति' एकै थलोमा स्वतन्त्रताको पङ्ख खोलेर गरिमामय सम्मेलनमा जुरमुराएको देख्ता नारी स्वयम्ले नै नेपाली साहित्यको प्राज्ञिक गरिमा प्रकट गर्न सक्षम छन् भन्ने सन्देश पाएको थिएँ । त्यसै गरी नेपाली साहित्य र संस्कृतिको क्षेत्रमा रहेर सत्यमोहन जोशीले पुऱ्याएको योगदानको उच्च सम्मान गर्दै शताब्दी पुरुषको उपाधि प्रदान गरेको क्षण पनि अभूतपूर्व रह्यो । ती सम्पूर्ण कार्यक्रम नइकै कार्यतत्परतामा नइ प्रकाशनसँग सम्बन्धित रही त कुनै त्रिमूर्ति निकेतनको सक्रियतामा सम्पन्न भएका थिए । अझ नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिको सौजन्यमा प्रकाशित हुने पुस्तकहरूको संशोधनको कार्यव्यस्तता सम्झँदा अहिले आङ जिरिङ्ग हुन्छ । न त दिन भनियो, न त रात नै ! भोकप्यास र निद्राविहीन भएर काम गर्दा म आँखाअगाडि भानु नै भानु देख्ने भइसकेको थिएँ । तर ती पुस्तकको सम्पादनका क्रममा नेपाली समालोचनाका क्षेत्रमा पूर्वीय तथा पाश्चात्य साहित्य समालोचनाको सैद्धान्तिक डोरेटो कोर्ने प्राज्ञिक व्यक्तित्व महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीसँगको प्राज्ञिक जीवनका अन्तरङ्ग पाटाहरूको सिंहावलोकन गर्ने अवसर मात्र मिलेन सम्पूर्ण अमर प्राज्ञको विश्वासिलो प्रियपात्र बनेर काम गर्न पाएँ, जुन नइको सानोठूलो, तेरोमेरो केही नभनी क्षमता र दक्षताको कदर गर्ने मूल्यगत समन्यायकर्ताको भूमिकाकै कारणले हो भन्दा न्यायोचित ठहर्ला । मोदनाथ प्रश्रित, वासुदेव त्रिपाठी, राजेन्द्र सुवेदी, गार्गी शर्मा, केशव सुवेदी, महादेव अवस्थी, उषा ठाकुर, लक्ष्मणप्रसाद गौतमजस्ता थुप्रै प्राज्ञको प्राज्ञिक विमर्शको थलोमा आफूलाई ताछेर तिखार्ने नइ र नइ प्रकाशन सिरुपाते खुकुरी हो ।

लाग्छ, भोग्दा कहिले तीतो, कहिले मीठो, कहिले साँघुरो त कहिले अन्तर्मनका उज्याला नइदम्पती आँटिला र उम्दा शिखर स्रष्टा हुन् । जस्तै दिनरातकै मिहेनत र निर्निमेष कर्ममा प्रवृत्त रहने सहयोगी मनकै एउटा सुसंयोजनको अर्को नाम नै नइ प्रकाशन हो भन्दा गौरवबोध हुन्छ ।

नेपालको प्राज्ञिक थलो आज राजनीतिक स्वार्थ र अकर्मण्यहरूको निर्बन्धताको कारण बन्धक हुन पुगेको छ । कारण भाषासाहित्य, संस्कृति, कलाका विविध विधामा कलम चलाई आदर्श स्रष्टाको साझा फूलबारी बन्नुपर्नेमा सरकारी प्राज्ञिक स्थलहरू त बरु पार्टीका भरिया प्रवृत्तिका असुर साम्राज्य पो बन्न पुगेको छ । राष्ट्रको प्रतिनिधित्व गर्ने नेपाल प्रज्ञाप्रतिष्ठान एउटा बूढो र मक्काइसकेको 'सिमलको रूख'मा सीमित बन्न पुगेको छ । सामान्य नागरिकका तहबाट जन्म भई उठेको 'नइ प्रकाशन समीवृक्ष' बन्न पुगेको छ । जसले विश्वव्यापी रूपमा आफ्ना जरा र हाँगा हालिसकेको छ । नइ प्रकाशन आफू आफैँमा समग्र नेपाली स्रष्टा र सर्जकको आशा र भरपर्दो आस्थाको केन्द्र बन्न पुगेको छ । चिचिला प्रतिभादेखि मलजल गरेर भाषासाहित्य र संस्कृतिका बलिया खम्बा निर्माण गर्ने राष्ट्रको गहना बनाउने कुशल शिल्पी नै नइ प्रकाशन भएको छ ।

नइको कहिल्यै म गुण तिरेर सक्तिनँ । विभिन्न अवसरमा नइकै पहलबाट आफूले प्राप्त गरेका सम्मानजनक पदक र प्रशस्तिपत्रको माध्यमबाट सम्मानित हुन पाउँदाका क्षण निकै प्रेरणादायी र उत्प्रेरक छन् । राष्ट्रले गर्न नसकेका कैययन् प्राज्ञिक कर्मको विश्वव्यापी रूपमा महत्त्व राख्ने सम्मेलनका माध्यमबाट नइले आफूलाई जहिल्यै उँचो र अनि उँचो शब्दशिखरको परिचय स्थापित गरिसकेको छ ।

नइ प्रकाशनकै काममा म २०७२ को वैशाख १२ गते शनिबारका दिन कोठामै थिएँ । एक्कासि भूकम्पले धर्ती हल्लाइदियो ।

त्यसपछि आफूलगायत परिवारका सबै सदस्य सिंहदरबारको पूर्वी खुल्ला बाटोमा शरणागत भयौँ । साँझको समयमा हामी बसेकै छेउमा धेरै प्राइभेट कारहरू आएर अडिएका थिए । यसो दुईचार पाइला हिँड्दा हाम्रो आँखा नइको गाडीमा पर्न गयो । त्यस घडी हाम्रा लागि अत्यन्त हर्षको क्षण रह्यो । हाम्रो काखमा सानी नानी थिइन् । खुल्ला चिसो सडकमा खानेकुराको समेत कुनै बन्दोबस्त नभइरहेको बेला हाम्रा अगिल्तिर नइको उपस्थिति सुखद रह्यो । हामी त्यही गाडीको बसाइमा अभ्यस्त हुन थाल्यौँ । भाग्यवश आफ्नो गाडीमा उहाँहरूले चिउरा, दालमोठ, चकलेट र पानीका केही बोतलको जोहो गरेको हुँदा हामीलाई भूकम्पको पराकम्पनबाट हुने सम्भावित त्रासबाहेक कसरी ज्यान बचाउने होला भन्ने बारेमा चिन्ता रहेन । म र मेरी जीवनसङ्गिनी सविता, सानी छोरी अपेक्षा र नइ तथा उहाँकी सहयोगी सुमी दिदीका साथ हामी त्यस गाडीलाई घर बनाएर बस्यौँ । बिहान उठेर एक दिन हामीले भूकम्पले गरेको सम्पूर्ण भौतिकलगायत मानवीय क्षतीको अवस्था केकस्तो रहेछ भनी बबरमहलदेखि बानेश्वर हुँदै भक्तपुर पुग्यौँ । हामी सरासर भक्तपुर नारायणमान बिजुक्छे 'रोहित'कहाँ पुग्यौँ । त्यहाँ पुगेर त्यस क्षेत्रमा भएको मानवीय तथा भौतिक क्षतिको वास्तविकताबारे 'नइ'बाट बिजुक्छेसामु सोधनी भयो । उहाँले पनि यथार्थ विवरण आउने क्रम रहेको तर धेरैजस्तो घरका पारिवारिक सदस्य मृत भएका कारण टोलटोलमा मानवीय सहयोग गर्ने व्यक्तिको समेत अभाव भएको र मृत लासको दाहसंस्कार समेत हुन नसकिरहेको कुरा सुनाउनुभयो । त्यति बेला नइबाट आफूहरू सहयोग जुटाउने कार्यमा व्यक्तिगत तथा संस्थागत रूपमा तयार रहेको मात्र कुरा व्यक्त गर्नुभएको, केही समयपछि आर्थिक सहयोग भएको व्यहोराको साक्ष्यसमेत भइयो । केही समय त्यहाँ बसेर हामी त्यहाँको बाटो जसै अगाडि बढ्यौँ, त्यहाँ कति मरेका लास बोकेर, कति भग्नावशेषबाट निकाल्न सफल भएका बाकस र अन्य सरसामान बोकेर, कति भित्र पीडाको


भक्कानो थामी आफू बाँच्न सफल भएकोमा ठूलै जित हासिल गरेको जस्तो भावमा छाती पिटेर हिँडेका व्यक्ति मात्र होइन, रातदिन भोकप्यास र भूकम्पको त्रास बोकेर मानवीय सहयोगमा जुटेका मलिन अनुहार हेर्दै जाँदा हामीले मृत लासको दुर्गन्धका कारण नाक थुन्नुपर्नेसम्मको अवस्था देख्यौँ । अत्यन्त कहालीलाग्दो त्यस अवस्थाले हाम्रो मन छियाछिया नभएको त कहाँ हो र ? तैपनि आपद्को घडी सानो नभई ठूलै विपद्का रूपमा मानवबस्तीमा आफ्नो ताण्डव मच्याउन आएको थियो । जसका अगाडि हामीले चुपचाप सहनुभन्दा अरू थोक केही देखिएन । हामी त्यहाँबाट अगाडि बढ्दै हायात होटेलको हातामा प्रवेश गरी एक क्षण त्यहीँ खुल्ला ठाउँमा सन्तोषको सास मात्र फेरेनौँ; बाँच्नलाई पाउरोटी, जाम, चकलेट र नमकिन, चिउराको गाँस पनि फेऱ्यौँ । ऐतिहासिक दुःखद क्षणमा पनि हामीले केही थान फोटा लियौँ । केही क्षणमा त्यहाँबाट सरासर नइनिवासमा पुगेर डरत्रासका बाबजुद पनि हामीले भात पकाएर खायौँ । यसरी हामीले भूकम्पको मनोवैज्ञानिक त्रासका बीच सामूहिक लडाइँ लडेका थियौँ । जसको मानवतावादी सोच र चिन्तनकै कारण पनि त्यस साँघुरो गाडीको बासमा ममतापूर्वक अभिभावकीय सुरक्षणको न्यानो कोखमा हामीले आफ्नो भविष्यलाई जोगाउने अवसर पायौँ ।

धन्य ! नइ, जसको गुण जन्मजन्म तिर्न खोज्दा पनि अपूरो नै हुनेछ । तर कहिल्यै मानवीय सेवाको त्यस खाले सहयोगी हातहरू अगाडि बढ्दा नइमा कहिल्यै निजी स्वार्थको लेससम्म मैले कतै पनि भएको पाइनँ । जसले राष्ट्रको गौरव बढाउने अत्यन्त गौरवशाली कृत्यका माध्यमबाट राष्ट्रको सेवामा आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेको उँचो र अनि उँचो शब्दशिखर चढ्न सफल नइदम्पतीको यस अनुकरणीय नइ प्रकाशनको पच्चिसबर्से यस ऐतिहासिक क्षणमा हामी सबै आज समाहित हुन पाएका छौँ ।

# जीवन्त उदाहरण

## डा.महेश्वर शर्मा

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि भनेर २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएछ । यसका संस्थापकद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई हुन् । नेपाली भाषासाहित्यको उत्थानका लागि जागरूक र समर्पित नइदम्पतीले यस संस्थालाई आफ्नो कार्यक्षमता र विश्वसनीयताको जीवन्त उदाहरणका रूपमा



उभ्याएका छन् । यो अभियान अरूका लागि पनि प्रेरणाको स्रोत बन्न सके हुन्थ्यो । नइ जोडीको कार्यप्रणाली पनि आफ्नै मौलिक शैलीमा देखिएको छ । 'नइ'लाई 'इन' बनाउँदा 'सूर्य' भन्ने अर्थ निस्कन्छ । नेपाली वाङ्मयको क्षेत्रमा 'नइ'ले सूर्यकै काम गरेको छ । संसारमा साधारण आँखाले नदेख्ने र शब्दले नभेट्ने कुरा पनि छन्, तैपनि नइ (इन)को प्रकाशले धेरै कुरा देखाएको छ ।

हो, नेपाली भाषा र साहित्यको उत्थानमा समर्पित नइदम्पतीको शोचले वाङ्मयप्रेमीका लागि नइ प्रकाशन भरोसालाग्दो चौतारी भएको छ । यो संस्थाले स्रष्टाहरूलाई अपूर्व रूपमा जागरूक गराएको छ । यो त्यसै होइन, नइदम्पती स्वयम् उत्कृष्ट लेखक, साहित्यसाधक हुनाको सुखद संयोगले पनि यो अवसर जुटेको हो ।

यहाँ एउटा रमाइलो प्रसङ्ग उल्लेख गरौँ । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्टलाई आफ्नो जीवनी लेख्नोस् भनेर बारम्बार भन्दा पनि उहाँले रुचि नदेखाएपछि एक दिन नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई कीर्तिनिधि विष्टको घरमै गएर 'अब म नै तपाईंको जीवनकथा लेख्छु' भन्ने नरेन्द्रको चोटिलो कुरा र इन्दिराको कवितात्मक बोली अर्थात् यी दम्पतीका जिद्दीका अगाडि कीर्तिबाबूलाई उम्कन गाह्रै भयो । 'नरेन्द्रले मेरो जीवनी लेखेर नइबाट प्रकाशित गरेकामा आफू कृतार्थ भएको कुरा' विष्टले आफ्नै जीवनीको भूमिकामा उल्लेख गरेका छन् ।

हुन त कीर्तिबाबूको जीवनी हो, तैपनि यो पच्चिस प्रकरणमा बाँधिएको कृति रोचक एवं मार्मिक राजनीतिक उपन्यासजस्तै छ । जीवनी लेख्नु सामान्य कुरा होइन, जीवनी लेख्ने बिरलै हुन्छन्, तर नरेन्द्रराज प्रसाईले यहाँ जीवनीलेखनमा आफ्नो उस्तादी विशेषता देखाएका छन् । यस कृतिभित्र राजसंस्था, राजनीति र विगतमा देखिएका अनर्थहरूको चिरफार गरेर देखाएका छन् नरेन्द्रराज प्रसाईले ।

सबैभन्दा ठूलो कुरा विश्वसनीयता रहेछ । नइदम्पतीको अथक् परिश्रम र विश्वसनीय क्रियाकलापबाट प्रभावित भएरै कीर्तिनिधि विष्टले मात्र होइन, अरू समाजसेवी दातासमेत नइ प्रकाशनका लागि अक्षयकोष स्थापना गर्न अग्रसर हुँदै आए । फलतः नइले राष्ट्रिय र अन्तर्राष्ट्रिय पुरस्कारहरू स्थापित गरेर देशमा मात्र होइन, विदेशमा रहेका समेत विविध साधक विद्वान्हरूलाई प्रतिवर्ष पुरस्कृत, सम्मानित र अभिनन्दित गर्दै आएको छ ।

त्यसै क्रममा नइ प्रकाशनबाट सयौँको सङ्ख्यामा महत्त्वपूर्ण कृति छापिएका छन् । यो संस्था वाङ्मयक्षेत्रमा मात्र सीमित नरहेर अन्य सामाजिक क्रियाकलापमा समेत सक्रिय रहेको छ । भूकम्पपीडितको उद्धारमा होस् या अन्य विपत्तिबाट पीडित जनताको

उद्धारका लागि सहयोग जुटाउने काममा समेत अग्रपङ्क्तिमै रहेको छ । मूलतः नेपाली वाङ्मयकै श्रीवृद्धिका लागि नइबाट 'त्रिमूर्ति निकेतन' स्थापना गरेर त्रिमूर्ति अर्थात् (लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा)का प्रतिमासमेत स्थापित छन् ।

त्यस्तै देवकोटा शताब्दी महोत्सव, अन्तर्राष्ट्रिय साहित्य सम्मेलन, विश्वनारी साहित्य सम्मेलन, सत्यमोहन जोशी शताब्दी महोत्सव इत्यादि कतिकति साहित्य, सङ्गीत, कला, संस्कृतिका साधकहरूलाई प्रोत्साहित गर्ने नइ प्रकाशनजस्तो गैरराजनीतिक संस्था नेपालको गौरव भएको छ । यसका संस्थापक दम्पतीको जति प्रशंसा गरे पनि कमै हुन्छ । यिनीहरूले नेपाली वाङ्मयजगत्मा गरेको कामले यिनीहरू सदा जीवित रहनेछन् ।

नइदम्पती वाङ्मयिक क्षेत्र मात्र होइन, प्रखर राजनीतिक चेतसमेत भएका हुनाले यिनीहरूको उत्साह व्यापक छ । जहाँसम्म साहित्यको प्रश्न छ, त्यहाँ राजनीतिलाई प्रवेश दिएका छैनन् । तैपनि प्रसङ्गवश चित्त नबुझेका राजनीतिक प्रश्नमा असिना बर्सेजस्तो गरेर झाँको झार्न पनि मौकाअनुसार पछि पर्दैनन् ।

एउटा उदाहरण नरेन्द्रराज प्रसाईको 'चिठी' निबन्धसङ्ग्रहबाट– 'वास्तवमा नेपालमा माननीयहरू व्यक्तिगत रूपमा आफूले चाहेर पनि केही गर्न सक्तैनन् । यहाँ यति बेला २६५ जना सांसद होइन, एउटा पृथ्वीनारायण शाह, एउटा महेन्द्र, एउटा जङ्गबहादुर, एउटा माओ त्सेतुङ, एउटा हिटलर अथवा एउटा सद्दाम हुसेनमध्ये कुनै एउटा राष्ट्रवादी नेताको अत्यन्तै खाँचो छ । मेरो यस जुनीमा यस देशमा त्यस खालको खाँचो पूर्ति हुन्छ भन्ने आसमा चाहिँ म पटक्कै छैन ।'

त्यस्तै व्याप्त भ्रष्टाचारका प्रसङ्गमा अर्को लेखमा नरेन्द्रराज प्रसाई लेख्छन्– 'भ्रष्ट मन्त्रीहरूलाई कारबाही गरेर झुन्ड्याउन

थाल्ने हो भने यहाँ कुनै सङ्कटकाल घोषणाको आवश्यकता नै पर्दैन ।' सम्भवत: त्यति बेला सङ्कटकाल लागेको थियो ।

• 'स्पेसटायम' (दैनिक) २०५८ पुस ५

त्यही निबन्धको अर्को दफामा– 'वास्तवमा आजका मन्त्रीहरूलाई डाक्टरकहाँ हाजिर गराएर उनीहरूको गुदद्वार निचोर्ने हो भने तिनीहरूका गुदद्वारबाट कोदो, फापर, च्याँख्ला र कनिका मात्र निस्कनेछ । कुनै बेला भुँडीभरि धानको भात खान नपाएका तिनै मन्त्रीहरू अब एसियाली मापदण्डभन्दा माथि युरोप, अमेरिकाका मापदण्डमा पुगिसकेका छन् । यी सबै विकृतिको निष्कर्षले नै आज मुलुक सङ्कटकालको स्थितिसम्म आइपुगेको हो ।'

यसबाट के बुझ्नुपर्छ भने साहित्यकार हुँदैमा राजनीतिक बेइमानीप्रति बेखबर हुनुपर्छ भन्ने हुँदैन । साहित्यकार त झनै चनाखो हुनुपर्छ । त्यसैले नरेन्द्र भन्छन्– 'भ्रष्टलाई फूलले हिर्काएर दुख्ने खालको समाज बनिसकेको छैन । अत: सभ्यताले सञ्चालित हुने अवस्था बन्न बाँकी नै छ ।' यो यथार्थ हो । यी भए राजनीतिक आवरणमा लुटेराबाट समाज आक्रान्त भएको आजको मिलेर खाऔँ स्थितिलाई उजागर गर्ने नरेन्द्रराज प्रसाईका अभिव्यक्ति ।

अब अर्को साहित्यकै पाटोमा जाऔँ । साहित्यिक क्षेत्र कठचाङ्ग्रिएका बेला नइ प्रकाशनलाई एउटा जबरजस्त वाङ्मयिक आन्दोलनका रूपमा उभ्याउने नरेन्द्र र इन्दिराको जति प्रशंसा गरे पनि थोरै हुन्छ । बीचमा माथि राजनीतिक प्रसङ्ग आउनुलाई अन्यथा सम्झन हुँदैन । आखिर राजनीतिक साहित्य लेख्ने पनि साहित्यकार नै हुनाले राजनीतिक बेथितिप्रति साहित्यकारले मौनधारण गरेर बस्न त सुहाउँदैन नि ! त्यसैले बीचबीचमा आएका राजनीतिक चर्चा त्यसैका झिल्का सम्झनुपर्ने हुन्छ ।

राजनीतिमा जस्तै साहित्यमा पनि ठूलठूला साहित्यकारलाई समेत भ्रष्टहरूका पुरस्कारले विचलित पारेका उदाहरण पनि पाइन्छन् ।

पुरस्कारका लागि चाकडी पुऱ्याउने, घरघर चहार्ने प्रवृत्तिले गर्दा वातावरण बिग्रेको बेला त्यसलाई चिर्न नइ प्रकाशनले इमानदार साहित्यकारहरूमा आज भरोसा जगाएको स्थिति छ । स्वान्त: सुखाय लेख्ने, पुरस्कारको दौडमा नलाग्ने, कुनाकाप्चामा रहे, बसेका अथवा विदेशमा भएका साहित्य, कला, संस्कृतिकर्मीलाई खोजीखोजी नइ प्रकाशनले प्रदान गर्ने गरेका पुरस्कार र सम्मानले वाङ्मयिक क्षेत्रमा आज उत्साहको वातावरण बनेको छ । चङ्खे, चतुरेहरूले प्रवेश गराएको चाकडी, चापलुसीको दुर्गन्ध हटाउन नइले थालेको अभियान स्तुत्य छ । त्यसैले हामीले नइ प्रकाशनलाई सम्मान गर्नुपर्छ ।

हुन त दुसाध र टपर्टुय्याँ जहाँ पनि पस्न सक्छन् । कोरोनाले रूप बदले जस्तै कीराफटेङ्ग्राको भर हुँदैन । तैपनि नइको सतर्कतामा निरपेक्ष वा निरभिलाषी साहित्यकारले भरोसा गर्ने एक मात्र केन्द्र बनेको छ नइ आज । यो भरोसामा विचलन आउन नदिन सचेत हुनु पनि उत्तिकै आवश्यक छ । 'संसारमा सबैले समान रूपबाट मन पराएको मान्छे पाइँदैन' भनिन्छ । यहाँ नइ पनि अपवाद नहोला । राम्रो गर्दागर्दै पनि यदाकदा स्खलन पनि हुन सक्छ । तथापि गुणैगुणका बीचमा एकाध अवगुणले प्रवेश पाए पनि त्यति बिग्रँदैन भनिन्छ ।

नइ प्रकाशनले जेजति काम नेपाली भाषा र साहित्यका क्षेत्रमा गरेको छ, त्यो व्यक्ति हेरेर नभई योग्यता र क्षमताको पारख गरेर नै गरेको छ । नइदम्पतीले आफ्नो जीवनै साहित्य, कला र संस्कृतिकै उत्थान र संरक्षणमा समर्पित गरेको यिनका कार्यशैलीबाटै बुझ्न सकिन्छ । यथार्थमा नइ प्रकाशन आजको परिप्रेक्ष्यमा हेर्दा यस प्रकारको साहसिक काम 'न भूतो न भविष्यति' भनेजस्तो छ । तैपनि यसलाई दरिलो बनाइराख्न नेपाली साहित्यजगत्को साथ, समर्थन भइरहनुपर्दछ । यसलाई हामी सबैले सेकताप गरेर नइलाई भरोसा दिन सक्नुपर्छ । हामीले नइलाई साझा सम्झनुपरेको छ ।

समाजमा गुणग्राही मात्रै हुँदैनन् । दोष देखाउनेहरूकै सङ्ख्या बरु बढी हुन सक्छ । राम्रो काम गरेर जस पाइने वातावरण बन्ने समय अझै आइनसके जस्तो छ । त्यसैले भनिन्छ– 'जीवन्तु मे शत्रुगणाः सदैव... । यदा यदा मे विकृत लभन्ते... मां प्रतिबोधयन्ति ॥ अब मेरा विरोधी बाँचिराखून्, किनकि म कतै चुकेँ भने तिनले मलाई ब्यूँझाउनेछन् भनेर ।' त्यस कारण दोष देखाइदिनेलाई पनि हामीले मार्गदर्शक नै मान्नुपर्छ । त्यसैले भनिन्छ– 'पण्डितोऽयि वरम् शत्रुर्न मूर्खो हितकारहः अर्थात् मूर्ख मित्रभन्दा बरु ज्ञानी पण्डित शत्रु जाती हुन्छ रे !'

मान्छे जन्मन्छ र सयपचास वर्ष बाँचेर यस धराधामबाट बिदा हुन्छ । यो शाश्वत सत्य हो । छाडेर जाने त राम्रो वा नराम्रो कामको सम्झना मात्रै हो । समाजमा आग्रहदुराग्रह सबै हुन्छन् । त्यसैले निष्पक्ष साथी भएर काम गर्न पनि त्यति सजिलो छैन । तैपनि गुणको बखान र सम्मान गर्नैपर्छ । तर हलुङ्गोलाई गरुङ्गो बनाएर होइन भन्ने कुरामा नइ सचेत छ, स्थिर छ र यसले आउँदो पुस्तालाई बाटो देखाइरहेको छ । नइले निरपेक्ष साहित्यकारहरूले भरोसा गर्ने ठाउँ बनाइदिएको छ । त्यसैले नै नइ प्रकाशनप्रति मेरो सम्मान छ ।

# सफलताको शिखर

## माधव वियोगी

नेपाल वाङ्मयकै निकै धनी छ । भनिन्छ; भाषासाहित्य, कला र संस्कृति कुनै पनि देशका गहना हुन् । नेपाली वाङ्मय विश्वले गर्व गर्नलायक छ । र पनि वाङ्मयका साधकलाई राज्यसत्ताले खासै केही गर्न सकेको छैन ।



नरेन्द्रराज प्रसाई नेपाली साहित्य जगत्का होनहार साधक हुन् । मौलिक सिर्जनाका अतिरिक्त जीवनी सङ्कलन र सम्पादनका क्षेत्रमा पनि उनको कुशलता दह्रो छ । धेरथोर आलोचना गर्ने भए पनि उनी व्यक्तिका कार्यका कदरकर्ता र प्रशंसक हुन् । उनी कर्म गर्नेलाई आँतैदेखि सम्मान पनि गर्छन् । असल कर्म गर्नेलाई चिन्न र प्रशंसा गर्न सकिएन भने समाजले ऊर्जा प्राप्त गर्न सक्तैन भन्ने उनको धारणा छ । उनी त्यसै कारणले गर्दा कसले, कहाँ, के काम गरेको छ तिनको खोजी गर्दै दनादन जीवनीका पुस्तक लेखिरहेका छन् ।

इन्दिरा प्रसाई नेपाली साहित्यमा अग्रणी नारी प्रतिभा हुन् । हुन त उनको नामअगाडि नारी शब्द राख्न उपयुक्त हुँदैन किनभने उनी लेखनमा कुनै पुरुषभन्दा कम छैनन् । मूलत: उनी समग्रमा

नेपालकी उत्कृष्ट स्रष्टा हुन् । मूलत: सशक्त आख्यानकारका रूपमा उनलाई बुझ्नुपर्ने हुन्छ । अन्य विधामा पनि उनको कलम दौडेकै छ अब के भन्न सकिन्छ भने नरेन्द्र र इन्दिरा सशक्त र अग्रगण्य साधक र स्रष्टा हुन् ।

नेपाली साहित्यका तिनै साधक नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई (नइ)ले स्थापना गरेको संस्था हो– नइ प्रकाशन । आफ्ना नामको अघिल्लो अक्षरको संयोजनबाट बनेको यो शब्द आफैँमा सुन्दर छ । नइ नयाँ शब्द हो । यसको अर्थ नयाँ भन्दा अनुपयुक्त हुँदैन । हिन्दीमा नइ भनेको नयाँ हो । नेपालीमा पनि उच्चारणका हिसाबले सोही सुनिने हुँदा नइ भनेको नयाँ हो भन्नु ठिकै हुन्छ । अर्को कुरा नइ खाने भन्दा पनि उच्चारण आवाज सोही आउँछ । नयाँ चामल खाने भन्ने अर्थमा त्यो बेठीक छैन । शब्दकोशमा नइ शब्द नभेटिए पनि भविष्यमा यसलाई नयाँको अर्थमा समावेश गर्न सकिन्छ । हामीले आगन्तुक शब्दका रूपमा विदेशी शब्दको व्यापक प्रयोग गरेकै छौँ । नइलाई नयाँ अर्थ दिने नयाँ निर्मित शब्दका रूपमा लिँदा राम्रै हुन्छ । हामीले नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईलाई मात्र त्यस शब्दमा खोज्न हुँदैन अब । नइ शब्द अब रूढ भइसकेको छ । आफूहरू साहित्यलेखनमा प्रतिबद्ध भएकाले र स्रष्टाहरूको समेत सेवा गर्ने पवित्र मनसायले नइ प्रकाशनको स्थापना गरेको कुरा धेरै व्याख्या गरिरहन पर्ला जस्तो लाग्दैन । नइद्वारा नेपाली वाङ्मयको श्रीवृद्धिका लागि गरिएको चिन्तनको प्रतिफलका रूपमा नइ प्रकाशन आएको हो । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाउँका अगाडिको अक्षर जोडेर नइ प्रकाशननामक सांस्कृतिक संस्थाको स्थापना गरिएको हो भन्ने कुरा पनि रूढ बनेको छ, जगजाहेरै छ । तर यहाँनेर बुझ्नुपर्ने कुरा के छ भने सांस्कृतिक संस्थाले सम्पूर्ण रूपमा प्रकाशनलाई जनाउँछ वा जनाउँदैन ? वास्तवमा यहाँनेर वाङ्मयिक उन्नयनका लागि प्रकाशन संस्था भनिनु सान्दर्भिक थियो । तर उहाँहरूले

सांस्कृतिक शब्दको प्रयोग गर्नुभयो, त्यो शब्द त्यस रूपमा आएको भए पनि संस्थाको मूल कर्म प्रकाशन नै रहेको पाइन्छ । आज कैयौँले प्रकाशनका माध्यमले यस संस्थाबाट लाभ ग्रहण गरिसकेको अवस्था छ । पुस्तक प्रकाशन गर्न नसकेर छटपटाएका सयौँ स्रष्टाप्रति नइ प्रकाशनले न्याय दिएको छ, सहयोग गरेको छ । हुन त निजी तवरबाट खोलिएको प्रकाशन संस्था भएकाले प्रतिस्पर्धाका आधारमा भन्दा चिनेजानेका, विश्वासलाग्दा र सहयोगको आवश्यकता परेका स्रष्टाहरू बढी लाभान्वित हुनु स्वाभाविकै हो । नइ प्रकाशनले प्राय: त्यसै गरेको छ जस्तो मलाई लाग्छ । यसबाट प्रतिभाको उठान राम्रैसित भएको छ भन्न सकिन्छ ।

नेपाली परिवेशमा अन्तर्हृदयबाट नेपाली भाषाको अर्चना गर्ने सम्पूर्ण भाषासेवीहरूलाई वन्दना गर्ने नइ प्रकाशनको अभीष्ट हो । संस्थाको नाम प्रकाशनसँग जोडिएकाले थप गौरवको कुरो हो भन्ने वाणी नइ प्रकाशनको नाराकै रूपमा व्यापक बनेको छ । प्रकाशनकै धेरै अर्थ लाग्छन् । कसैलाई कुनै सूचनाको जानकारी दिने, कसैलाई अँध्यारोबाट उज्यालोमा पुऱ्याउने र कसैलाई प्रकाशमा ल्याउने कुरा पनि प्रकाशन नै अन्तर्गत आउँछ । केवल पुस्तक प्रकाशन गर्नेलाई मात्र प्रकाशन नभने पनि हुन्छ भन्ने उदाहरणलाई नइ प्रकाशनले प्रमाणित नै गरिसकेको छ ।

नरेन्द्र र इन्दिरा भाषासाहित्यको मानकअनुरूप भाषासाहित्यको श्रीवृद्धिमा लागेका साधक हुन् । मानकको तात्पर्य परम्परागत व्याकरणगत नियम र लेखनशैलीलाई आधार बनाई समसामयिक सुधारका साथ भाषासाहित्यको क्रमिक विकास गर्नु हो । यो समयसापेक्ष हुन्छ । वर्तमानमा भाषा आन्दोलनका नाममा जेजति आन्दोलन या अभियान चलाइएका छन्, ती सबै एकअर्काका व्यक्तिगत ईर्ष्याका कारण चलाइएका जस्ता देखिन्छन् । नेपाली भाषा जति कमजोर हुन्छ त्यति नै साहित्यिक अराजकता उत्पन्न हुन्छ । मानकका

नाममा भाषाको अपमान स्वीकार्य छैन । अघिल्लो पुस्ताका भनिने भाषाज्ञहरूमा नै एकरूपता नहुनुले युवापुस्ता असरल्ल परेको अवस्था छ ।

नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले नेपाली भाषाको तस्बिर उतार्ने काममा अधिकांश समय खर्चेको म पाउँछु । यो जोडी प्रतिबद्ध र मिलेको जोडी पनि हो । श्रीमान् र श्रीमती दुवै साहित्यकार बनेका अरू धेरै जोडी छन् । तर यतिका धेरै कर्म गर्ने र विचार मिल्ने जोडी छैनन् भने पनि हुन्छ । यो जोडी आधुनिक पुस्ताको होइन, पुरानो पुस्ताकै हो । यो पुरानो पुस्ताको जोडी भए पनि नेपाली वाङ्मयका लागि अनुकरणीय जोडी हो, यति व्यावहारिक, कर्मठ वा साधनाशील र देशभक्त जोडी हुनु हामी सबैका लागि सुन्दर पक्ष अवश्य हो । त्यसैले त आज धेरैको आँखाको नानी बनेको छ नइ जोडी ।

सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुष र माधव घिमिरेलाई राष्ट्रकवि बनाउन सङ्घर्ष र लबिङ गर्ने र सो उपाधि राज्यबाटै दिलाई छाड्ने नइ नि:स्वार्थ भावनाबाट निर्देशित छ भन्दा अत्युक्ति हुँदैन । यी उपाधिसँग मेरा पनि सम्बन्धित केही कुरा छन् तर यहाँ त्यो उल्लेखको प्रसङ्ग उपयुक्त नहोला ।

नइ जोडीलाई राजसंस्थावादीको रूपमा हेर्ने गरिन्छ । उनीहरू राजतन्त्रको वकालत पनि निकै गर्छन् । कोही गणतन्त्रवादी हुन्छन् भने कोही राजावादी हुन्छन् । विचारको स्वतन्त्रता सबैमा हुन्छ । महत्त्वपूर्ण कुरा त के छ भने नरेन्द्र र इन्दिराले चाहे भने सरकारबाट जस्तोसुकै कार्य पनि गराउन सक्छन्, आर्थिक सहयोग लिन सक्छन् । बरु गणतन्त्रवादी हुँ भन्नेले सरकारबाट सहयोग लिन सक्तैनन् । यसको मूल कारण उनीहरूको कामप्रतिको सरकारको दह्रो विश्वास छ । शालीनता, भद्रता, स्वच्छता, इमानदारिताका कारण र रकमको सही सदुपयोग हुने नइले नेपाली समाजमा विश्वास रोपेको छ ।

उनीहरू आफैँमा आर्थिक रूपले पनि सम्पन्न छन् । उनीहरू भ्रष्टाचारमुक्त छन् । जुन कामका लागि रकम प्राप्त भएको हो सोही काममा मात्र सो रकम प्रयोग गर्छन् । नेपालका मै हुँ भन्ने कवि लेखक नरेन्द्र र इन्दिराको प्रशंसा गर्छन्, उनीहरूलाई सहयोग गर्न तम्सन्छन् । यसको मूल कारण पनि उनीहरूले असल कर्मद्वारा भाषासाहित्यको सेवा गर्नु र प्रतिभा उठाउन सहयोगी भूमिका खेल्नु हो ।

नेपाली भाषासाहित्यको विकासको तस्बिर उतार्नु कठिन कार्य हो । तस्बिर उतार्नुको तात्पर्य भाषासाहित्यको विश्लेषण गर्नु, इतिहासको खोजी गर्नु, तथ्यको उजागर गर्नु, त्यस्ता विषयलाई भावी पुस्ताका लागि प्रेरक बनाउनु, 'सत्यमेव जयते'को आदर्शलाई व्यापक बनाउनु, ज्ञानविज्ञानको परिधिलाई सर्वव्यापक बनाउनु अर्थात् ज्ञानविज्ञान भनेकै भाषासाहित्यको समग्र चिन्तनबाट निस्कने प्राप्ति हो भन्ने बनाउनु हो । आज नेपाली भाषासाहित्यले एकातर्फ विश्वमञ्चमा स्थापित हुने अवसर पाएको छ भने अर्कातर्फ देशभित्रै विवादित भई रुमल्लिनुपरेको अवस्था छ । हामी भाषासाहित्यका हिमायती भनिनेहरू नै त्यसका भक्षक बनेका छौँ । जो रक्षक हुनुपर्ने उही भक्षक बनेपछि संस्कृतिहरू बिस्तारै विकृति बन्नु स्वाभाविकै हो । आधुनिकताका नाममा परम्परागत असल पक्ष बिर्सँदै जाँदा आएको यो स्थिति वास्तवमा मौलाउन दिनै हुँदैन । समयसापेक्षित रूपमा भाषासाहित्यमा सुधार र परिमार्जनको अपेक्षा हुन्छ नै तर हूलै बाँधेर भाषासाहित्यलाई बिगार्न खोज्नु दु:खद पक्ष हो । गद्यलाई पनि कविता मान्ने र आफ्ना कृतिमा राख्नेहरू छन्दको मानक खोज्छन्, भाषामा मानक खोज्छन् । वास्तवमा आफ्नो कमजोरीलाई ढाकछोप गर्न तिनीहरू मानकको कुरा उठाउँछन् र विवेकको दुरुपयोग गर्छन् । एकअर्कामा प्रशंसा गर्न र भाषासाहित्यको इतिहास बङ्ग्याउन पनि लागिपर्छन् । योभन्दा ठूलो सामन्तवाद अरू के नै हुन सक्छ र । यति हुँदाहुँदै पनि नेपाली भाषासाहित्यको उन्नयनका लागि नइ प्रकाशनले आफ्नो धर्म छोडेको

छैन । भाषाको एकरूपता र संरक्षणका लागि आफ्नो बुताले भ्याइन्जेल नइ लागिपरेको छ ।

नइ प्रकाशनले सफलताको शिखर चुम्नुको कारण अर्को पनि छ । राजनीतिक साठगाँठबाट पर रहनु पनि नइ प्रकाशनको ठूलै उपलब्धि हो । राजसंस्थावादी हुनु नरेन्द्र र इन्दिराको व्यक्तिगत विचार होला तर राजावादीका नाममा गणतन्त्रवादीलाई होच्याउने वा कमजोर पार्न खोज्ने प्रवृत्ति नइ जोडीमा छैन । यो मैले किन भन्दै छु भने मैले त्यस्तै अनुभूत गरेको छु, त्यस्तै देखेको छु । बरु गणतन्त्रवादी भनिने साहित्यकारमध्ये केही नइ जोडीको विरोधमा लागेका पाइन्छन् । मलाई लाग्छ, तिनले आफ्नो साहित्यिक धर्म निर्वाह गरेका छैनन् । राम्रोलाई राम्रो भन्न नसक्ने व्यक्ति गणतन्त्रवादी हुनै सक्तैन मेरा विचारमा । आँखा फुटेको गोरुले साउनको हरियो देख्तैन भन्ने सत्यका बाहक हुन् ती । ती त आँखा देख्ने मान्छे हुन्, जताततै नराम्रो देख्छन् । यही नै विडम्बना हो । नइ जोडीको जुन व्यवहार छ त्यो अनुकरणीय छ, त्यसमा पनि सुख, शान्ति र सद्भाव वृद्धि गर्ने खालको छ । उनीहरूका व्यवहार बुझ्दा बडो आनन्द आउँछ, जन्मेपछि यस्तै भएर बाँच्नुपर्छ र राष्ट्र, समाजका लागि केही गर्नैपर्छ भन्ने भावको उदय हुन्छ । नेपालमा नइ जोडी जस्तै सुन्दर प्रेमिल जोडी धेरै होलान् तर ती प्रकाशमा देखिँदैनन् । यसको मूल कारण उनीहरूले समाजोपयोगी कर्म गरेका छैनन् ।

महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीको भनाइ छ– 'नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले नइ प्रकाशन र त्रिमूर्ति निकेतन स्थापना गरेर महत्त्वपूर्ण जस प्राप्त गरेका छन् ।' वाङ्मयजस्तो क्षेत्रमा केही गर्छौं भनेर लागेको नइले सरकारी नेपाल प्रज्ञाप्रतिष्ठान र अन्य गुठीहरूभन्दा पनि सम्मानपूर्णको ख्याति आर्जन गरिसकेको छ । नइ र त्रिमूर्ति निकेतनको एउटै विशेषता हो– निष्पक्षता । लुकेर रहेका प्रतिभाको खोजी र तिनलाई सार्वजनिकीकरण गर्नु नै नइ र त्रिमूर्ति

निकेतनले आफ्नो धर्म सम्झेका छन् । पुराना र नयाँ प्रतिभालाई समेट्नुका साथै वाङ्मयमा लागेका प्रतिभाहरूलाई प्रोत्साहन दिने कामबाट नइ र त्रिमूति सधैँ अगाडि छ । सरकारले चाहेको भए योभन्दा धेरै ठूलाठूला काम गर्न सक्ने थियो । तर साहित्य, कला, सङ्गीतलगायत जता पनि राजनीतिकरण गर्ने र आफ्ना मान्छेलाई घुसाएर ती ठाउँहरूलाई भर्तीकेन्द्र बनाउन चाहने सत्ताधारी नेताहरूका कारणले सरकारी धनमा चलेका वाङ्मयिक संस्थाहरू ठाडो ओरालो लागेका हुन् । यस्तो अवस्थाको नेपालमा नइदम्पतीले जेजति योगदान गरेका छन्, त्यो आश्चर्यजनक नै हो । वाङ्मयमा लागेका हरेक व्यक्तिका लागि नइ प्रकाशन र त्रिमूर्ति निकेतन पवित्र मन्दिर बनेका छन् ।

नइ प्रकाशनले नेपाली वाङ्मयका लागि धेरै गरेको छ, जुन काम अरू संस्थाहरूले चिताएका पनि थिएनन् र सक्तैनन् पनि । काम धेरै गरेकै कारण नइको उग्र विरोध पनि नभएको होइन । नइका बारेमा विरोधका जेजति स्वरहरू हिजो आए, आज ती लगभग निस्तेजी बनेका छन् । हामीले अब नइसँग एकताको भाव राख्नुपर्छ । एउटा संस्थामाथि हीनता पालेर संस्थालाई कमजोर पार्नतर्फ कोही लाग्नु हुँदैन । नइ प्रकाशनबाट फाइदा लिन प्रयत्न गर्नेसमेतलाई आफ्नो इज्जत जान्छझैँ गर्नेहरूले बढी विरोध गरेको पाइन्छ । हो, कतिपय सन्दर्भमा नइका कमजोरी नभएका होइनन् । काम गर्दै जाँदा कमजोरी हुनु स्वाभाविकै हो । कि त हामीले नइ जोडी वा नइ प्रकाशनले जस्तै काम गरेर वा त्योभन्दा अझ राम्रो गरेर त्यसलाई चल्नै नसक्ने बनाउनुपर्छ, यदि त्यसो गर्न सकिँदैन भने त्यसको प्रगतिका लागि मिष्ठ वाणीमा शुभकामना दिन सक्नुपर्छ । नइले धेरै पैसा सङ्कलन गरेकोमा हामी ईर्ष्या गर्छौं, विरोध गर्छौं तर नेताहरूले खरबौँको भ्रष्टाचार गर्दा तैँ चुप मैँ चुप हुन्छौँ, तेरो र मेरो नेताको नाममा हुतिहारा बन्छौँ । नइले चन्दा, सहयोग, अनुदान

आदि मागेर र आफ्नै बुताले आर्जेको धनका साहरामा यति धेरै पुस्तक छाप्न र पुरस्कार प्रदान गर्न सकेको यथार्थलाई हामी बुझ्दैनौँ । पुरस्कार पाउनेहरूलाई दास भनिदिन्छौँ, खिस्सी गर्छौं । नेपालका मात्र नभएर विदेशका महान् व्यक्तित्वले नइ पुरस्कार पाएका छन्, के ती सबै नइका दास हुन् त ? लाइन लागेर पुरस्कार, सम्मान र पदक दिने कुरा के आलोचनाको विषय हुन्छ ? आफूले पाए वाहवाह अरूले पाए विरोध गर्नु के त्यो असल कुरा हो ? प्रगतिशील काम नइले गरेको छ तर हामी प्रगतिशील भनिनेहरूले नै नइको विरोध गर्छौं । नइलाई वास्तवमा कम्युनिस्टहरूले धेरै सहयोग गरेका छन् र नइका धेरै तथा ठूला पुरस्कार कम्युनिस्टले नै पनि पाएका छन् भन्ने मलाई लाग्छ । केहीलाई टाउको दुख्नु भनेको उसैको हार हो । हामी नयाँ नेपाल खडा गर्ने भन्दै निकै कुर्लन्छौँ तर असल कर्मको विरोध गर्दै सांस्कृतिक पक्षको विपक्षमा उभिइरहेका पनि हुन्छौँ ।

नइ प्रकाशन र त्रिमूर्ति निकेतनबाट पाँच हजार रुपियाँदेखि पाँच लाख रुपियाँसम्मका पुरस्कार स्थापना गर्नु के चानचुने कार्य हो र ? सरकारले स्रष्टा र साधकको उचित कदर गर्न नसकेको अवस्थामा नइजस्ता सयवटा संस्था जन्मन आवश्यक छ भन्ने मलाई लाग्छ । रजत वर्ष पार गरेको अवसरमा नइ प्रकाशनलाई मङ्गलमय शुभकामना र हार्दिक बधाई ! नइको जय होस् ! विरोधका स्वरहरूबाट नइ प्रकाशनले प्रेरणा प्राप्त गर्दै जाओस् ।

# नेपाली साहित्यका पर्याय

## मायादेवी शर्मा

नेपाली साहित्यका क्षेत्रमा नइ प्रकाशनको योगदानले साहित्य नै हराभरा भएको मेरो ठम्याइ छ । संस्था स्थापना गर्ने र संस्थालाई खल्तीमा बोकेर ठालु पल्टिनेहरूका भीडमा नइ प्रकाशनले संस्था भनेको कस्तो हुनुपर्छ भनी संस्थाको सही परिचय दिएर धेरैको आँखा खोलिदिएको म देख्तछु । यति भनिसक्ता नइका पर्याय भनेर इन्दिरा



प्रसाई र नरेन्द्रराज प्रसाईको नाम लिन न्यायसङ्गत हुन आउँछ । नइ प्रकाशनका संस्थापक नै नइ जोडी हुन् र यस जोडीले नेपाली भाषासाहित्यमा गरेको योगदान देख्दा म त अचम्मै परेकी छु । साहित्य शब्द मनमा आयो कि मलाई नइदम्पती मेरा अगाडि उभिएझैँ लाग्छ । मान्छेले आफ्नो जीवन सफल बनाउनका लागि परिश्रम कति गर्न सक्छ त ? यसको उत्तरमा यस्ता सपूत जोडीलाई सम्झे पुग्छ भन्ने मलाई लाग्छ । नइ जोडीको जीवन मेरो त प्रेरणाको स्रोत नै हो जस्तै मलाई लाग्छ ।

पशुपतिनाथ मन्दिरको पूर्वपट्टि त्रिभुवन विमानस्थलको नजिकै रहेका साहित्यका त्रिमूर्ति (लेखनाथ पौडयाल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा)का सालिक देख्दा मेरो हृदयमा हाम्रा आदरणीय

नइ नै जोडीको स्मरण हुन्छ । यस जोडीलाई सम्झेपछि मलाई पनि साहित्यसाधकलाई सम्मान गर्ने भाव आउने गर्दछ । आफ्ना अग्रज स्रष्टाप्रति दिने आदर यहाँभन्दा बढी के हुन सक्छ र ? नइ जोडीसित जोडिएको नइ प्रकाशन, त्रिमूर्ति निकेतन, वानीरा फाउन्डेसन आदिले सरस्वतीका उपासकलाई चढाउने सम्मान र पुरस्कार त कति छन कति, मैले गनेर पनि भ्याउँदिनँ । नेपाली साहित्यप्रति नइको कत्रो तपस्या र लगनशीलता हो ? के यस्तो चमत्कार अन्यत्र देख्न पाइन्छ ? मेरा यस्तै प्रश्नहरू आकाशमा छरिइरहेका हुन्छन् ।

नइ जोडी आफैँ सशक्त साहित्यकार हुनुहुन्छ । लेखेरै पनि उहाँहरूले नेपाली साहित्यलाई समुन्नत बनाउनुभएको छ । कथा, उपन्यास, कविता, समालोचना एवं गीत, निबन्ध, जीवनी आदि लेखेर दुवैले साहित्यको श्रीवृद्धिका लागि गरेको योगदान नै उल्लेख्य छ । 'देवो भूत्वा देवं यजेतु' भन्ने सूक्ति सुनेकी छु । देवता भएर देवतालाई पूजा गर्नुपर्छ भन्ने अर्थ थाहा छ । आज साहित्यकार भएर देशदेशान्तरमा रहने साहित्यकारलाई नइले सम्मान गरेको देख्ता उक्त भनाइ सार्थक भएको मैले मानेकी छु । प्रेरणास्वरूप सम्मान र पुरस्कार दिएर वाग्देवीका सेवकहरूलाई साहित्यमा कलम चलाउने ऊर्जा थपिदिने नइजस्ता सर्जकलाई म अभिवादन गर्छु ।

म २०७३ मङ्सिर १ गतेतिर फर्कन्छु, त्यो दिन मेरा लागि ऐतिहासिक भएको थियो । उक्त दिन बालुवाटारनजिकै रहेको आम्रपालीमा थुप्रै साहित्यकारहरू पुरस्कृत र सम्मानित हुनुभएको थियो । मेरा पति मुकुन्द शर्मालाई पनि लेखनाथ पौड्याल काव्य पुरस्कार मिलेको थियो । त्यसैले म पनि त्यो कार्यक्रममा गएकी थिएँ । त्यहाँ सभाकक्षभरि साहित्यानुरागीहरू खचाखच थिए । कार्यक्रम सुरु भयो । देशविदेशमा रहनुभएका सम्मान, पुरस्कार पाउने व्यक्ति देखेरै म त आश्चर्यचकित भएकी थिएँ । कति हो सम्झेको ? कसरी हो त्यति धेरै कुराको चाँजोपाँजो मिलाएको ? हामीलाई त घरको

व्यवस्था गर्न पनि गाह्रो छ । मनमा लाग्यो– यो जोडीको ऊर्जा कति हो । कार्यक्रम अत्यन्त व्यवस्थित थियो । त्यति धेरै सम्मान र पुरस्कार वितरणमा पनि पटचारलाग्दो क्षण आएन । मैले छोरी रश्मिको कानजिकै आफ्नो मुख लगेर भनें– 'हेर त नानी ! कार्यक्रम चलाउने त यसरी पो रहेछ ।' मेरी छोरीले पनि 'अँ' भनी ।

नइ जोडीका दर्जनौँ कृति निस्किसकेका छन् । त्यति धेरै पुरस्कार र सम्मानको व्यवस्था र सबै खाले प्रतिभा आदिको खोजी गर्ने कार्य निश्चय नै उदाहरणीय काम हो । पुरस्कार पाउनका लागि योग्य व्यक्ति छनोट गर्नुपर्ने उनीहरूको काम कम चुनौतीपूर्ण छैन । नइ प्रकाशनको यस्तो विचित्रको कार्य र नइ जोडीको अकल्पनीय सक्रियता देख्दा म त छक्कै परेकी छु ।


माधवप्रसाद घिमिरेलाई राष्ट्रकवि उपाधि, सत्यमोहन जोशीलाई शताब्दी पुरुष उपाधि प्रा.डा.वासुदेव त्रिपाठीलाई महासमालोचकको उपाधि र डा.वानीरा गिरीलाई नेपाली साहित्यका विश्वनारी रत्न उपाधि प्रदान गरेर हाम्रा अग्रज स्रष्टाहरूको सम्मान गर्न अग्रपङ्क्तिमा उभिएका नरेन्द्र र इन्दिराको जोडी हाम्रा प्रेरणाका प्रतीक हुनुहुन्छ ।

म नइ प्रकाशनको कार्यक्रममा धेरै गएकी त छैन । जति गएकी छु, दङ्ग परेर आएकी हुन्छु । नेपाल राष्ट्रकै गौरवशाली संस्था नइ प्रकाशनका लोभलाग्दा समारोहहरूमा जाने मन त कति हो कति हुन्छ । नेपाली साहित्यका पर्याय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको अरूसित चर्चा गर्ने रहर कति हो कति मलाई मन लाग्छ र गरिरहेकै पनि हुन्छु । त्यसैले नइ प्रकाशनले आफ्नो गरिमा बढाएको र प्रतिष्ठा कमाएको देख्ता मलाई कति हो कति खुसी लाग्ने गरेको छ ।

# साहित्यको आराधना

## मोहन दुवाल

श्रीमान्, श्रीमती नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईको सङ्क्षिप्त भई जोडिएको नाम अर्थात् विशेषण हो 'नइ' । म यस अर्थमा राखेर नइलाई हेर्न रुचाउँछु । वाङ्मयजगत्मा आफ्नो नाम र धाम बनाउन सफल नइले नेपाली भाषा र साहित्यको उत्थानमा जनस्तरबाट अझ श्रीमान् तथा श्रीमतीको परिश्रमबाट भए, गरेका साहित्यिक गतिविधिहरू निकै उच्चस्तरका छन्; जुन मूल्याङ्कनयोग्य छन् । नरेन्द्रराज प्रसाई कस्ता छन् ? उनी के गर्छन् ? कस्तो विचार राख्छन् ? इन्दिरा प्रसाईबारे पनि यस्ता प्रश्नहरू निकै होलान् ! तर म भन्छु– 'वाङ्मय क्षेत्रमा यिनीहरूले पुऱ्याइरहेको योगदान उच्चस्तरका छन् । खरो भाषामा आफ्नो विचार राख्न नडराउने भाषा र साहित्यको क्षेत्रमा अनेकौँ प्रकारका सङ्घर्ष गर्नुपरे पनि गर्ने भएकैले यिनीहरू वाङ्मय क्षेत्रमा निकै सफल छन् । नइ जोडी मिलेका छन्; दुवै गतिशील भएकै कारणले यिनीहरूका काम र कुरो पनि साहित्यमा बिकेका छन् ।'



नरेन्द्रराज प्रसाईसँग मेरो चिनजान भएको धेरै वर्ष भइसकेको छ । उनी मेरो सम्मानमा बोल्न कन्जुस्याइँ गर्दैनन् । ठूलोठूलो स्वरमा

उनी सबैले सुन्ने गरी मेरोबारे ठाउँठाउँमा बोलेका छन्– 'मोहन दुवाल स्वाभिमानी छन्; उनी राष्ट्रवादी हुन् । यिनी खाँटी कम्युनिस्ट । मास्टर जागिर छोडेर कम्युनिस्ट भएर चुनाव लडेका मान्छे हुन् !'

नेपालमा धेरैजसो व्यक्तिहरू चाकडी बजाउँछन् । ती व्यक्तिहरू आफ्नो स्वार्थपूर्ति गर्न जे पनि गर्छन् । तिनैमध्ये अरूलाई तल खसालेर आफू माथि चढ्न खोज्नेहरू पनि थुप्रै छन् । लाज नमानीकन तिनीहरू नै सम्मान र पुरस्कार माग्छन् । मलाई घिन लाग्छ यस खालका प्रवृत्ति बोकेर आफू उठ्न खोज्नेहरूसँग । जीवनमा यस्ता खालका घिनलाग्दा प्रवृत्तिहरूलाई पनि नजिकबाट देखियो । मलाई लाग्छ नइका कतिपय मित्रहरू पनि यस खालका प्रवृत्तिहरूसँग कति नजिक छन्, अर्थात् कति टाढा छन् ।

'जनमत'को यात्रामा निमग्न भई लागेको कारणले 'जनमत' मन पराउनेहरू मेरा लागि सधैँ प्रिय मित्र भएका छन् । यिनै प्रिय मित्रहरूको सहयोगमा जनमतको यात्रा गर्न पाएर म दङ्ग परेको छु । कार्यक्रममा पनि जनमतकै हितैषीहरूको भीड लाग्ने कारणले 'औपचारिकता' गर्नै पनि जानिएन, कोही कसैसँग । मलाई के भन्दा हुन्; मलाई कस्तो खालको मान्छे सोच्दा हुन्, मलाई थाहा छैन । म मेरै यात्रामा लाग्न पाएको छु । नरेन्द्रराज प्रसाईले मलाई तानेर एकपल्ट उनैको घर लगेका छन्; मसँगै भारती र मेरी नातिनी इरा पनि उनकै मोटरमा नइगृह पुगेको केही वर्ष भयो ।

सन्दर्भ; नरेन्द्रराज प्रसाईले शनिबार फोन गरेर '३० गते आइतबार नइ प्रकाशनको कार्यक्रममा आउने हो कि दाजु' भनी सोधे । 'निम्तोपत्र यादव भट्टराईसँग हुन्छ' उनले भने र मैले 'हुन्छ म आउँछु' भनेँ । २०७५ वैशाख ३० गते तीन बजे हुने भनिएको कार्यक्रम हेर्न भाटभटेनीस्थित आम्रपालीमा एउटा मोटरमार्फत म पुगेँ । सभाकक्षमा तीन नबज्दै मान्छेहरूको भीड जुट्न थालिसकेको रहेछ । चिनेका मित्रहरूसँग हात मिलाइयो र नरेन्द्रराज प्रसाईलाई

मेरा जनमत प्रकाशनका पुस्तकहरू उपहारस्वरूप हातमा थमाइदिएँ । सधैँ ठीक समयमा नइका कार्यक्रम सुरु हुन्छन्, ठीक समयमा सकिन्छन्, भनिन्थ्यो । तर किन हो कुन्नि तीन बजेको कार्यक्रम त्यस दिन तीन तीसतिर मात्र सुरु भयो, हल भरियो । नरेन्द्रराज प्रसाई आफैँले कार्यक्रमको उद्घोषण गरे । करिब एक घण्टा आफूलाई मन लागेका कुराहरू, विभिन्न घटनाक्रममा आफूले साँचेका सन्दर्भहरू कसैको मुलाहिजा नराखीकन स्पष्ट भाषामा यिनले आफ्ना विचारहरू राखे । पछि औपचारिक कार्यक्रमको उद्घोषण गर्न थालिन् इन्दिरा प्रसाईले । नरेन्द्रकै ढङ्ग र पारामा यिनले पनि आफ्नो ढङ्गले कार्यक्रमको रूपरेखा प्रस्तुत गर्दै गइन् ।

यस्तै अर्को प्रसङ्ग पनि मलाई लेख्न मन लाग्यो– २०७५ साल भदौ ११ गते सोमबारमा पनि त्रिमूर्ति दिवस समारोहमा आम्रपाली ब्याङ्क्वेटमा नइकै फोनको निम्तोमा म पुगेँ । त्यस दिन पनि तीन नबज्दै हल भरिइसकेको छ । ठीक समयमा यादव भट्टराईले कार्यक्रम सुरु गरे । नरेन्द्रराज प्रसाईको स्वागत मन्तव्य सुनियो । साथै इन्दिरा प्रसाईको सभापतित्व मन्तव्यमा उनले निशङ्कोच फूर्तिले आफ्नो कुरा राख्दै भनेकी थिइन्– 'स्रष्टाहरू भनेको कुनै दलविशेषका कार्यकर्ता होइनन् । कसैको चाकडीमा रमाउँदैनन् । स्रष्टा भनेको नेता र राजनीतिज्ञहरूभन्दा महान् हुन्छन् । कसैको गुलामीमा नबाँच्ने मात्र स्रष्टा हुन् । अक्षरमार्गीहरू जो स्वाभिमान् छन् उनीहरू नै स्रष्टा हुन् ।' यसै खालका आशय पोखेर इन्दिराले आफ्नो स्रष्टा भाषण टुङ्ग्याइन् ।

दाङका चर्चित कवि गणेश विषमलाई 'लेखनाथ पौड्याल पुरस्कार' वितरण भएको उक्त त्रिमूर्ति दिवसमा नरेन्द्रराज प्रसाईद्वारा लिखित 'विद्रोही प्राज्ञ प्रेमा शाह' जीवनी पुस्तक र गायत्री घर्तीमगरको 'एक भूल' पुस्तकको प्रमुख अतिथि शताब्दी पुरुष डा.सत्यमोहन जोशीले लोकार्पण गरेका थिए । त्यो कार्यक्रम पनि मलाई रोचक र

ऐतिहासिक लाग्यो । सानो काम गरेर धेरै हल्ला गर्नेहरूको कार्यक्रमभन्दा नइको कार्यक्रम धेरै उच्च कोटिको लागेर मैले यो टिप्पणी गरेको हुँ ।

नइ प्रकाशनबाट थुप्रै खालका राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका पुरस्कारहरू प्रदान हुँदै आएका छन् । नइबाट विभिन्न विषयका पुस्तक प्रकाशनका साथै साहित्यिक गतिविधिहरू निरन्तर रूपमा भइरहेका छन् । नइबाट स्रष्टा छान्दा कुनै पक्षपात भएको मैले सुनेको छैन । दलगत भावनाबाट समेत नइ माथि उठेको छ । 'तँ मलाई दे अनि तँलाई पनि म दिन्छु' भन्ने हिजोआज हाम्रो समाजमा देखिएको सस्तो प्रचलन या लेनदेनका कामबाट नइ टाढा छ । त्यसैले नइको काम थप स्तुतियोग्य भएको हो । वास्तवमा भन्ने हो भने नइको नसानसामा वाङ्मयको छहरा दौडेको म महसुस गर्दछु । हरदम साहित्य र साहित्यकारको आराधनामा नइको सहभागिता भएको मैले देख्दै र सुन्दै आएको छु । नइ प्रकाशनले मलाई पनि २०७५ सालको 'नइ ईश्वरवल्लभ पुरस्कार'ले सम्मान गरेर मेरो साहित्यलेखन, सम्पादन र साहित्यिक अभियानको मूल्याङ्कन गरेको छ । देशविदेशका लेखक र प्रतिभाहरू पत्ता लगाएर जुन सम्मान नइबाट निरन्तर भइरहेको छ ती कार्यहरू उच्चकोटिका रहेका छन् । नेपाली वाङ्मयमा नइले गरेको काम स्मरणीय र अनुकरणीय मात्र नभएर ऐतिहासिकसमेत साबित भइसकेका छन् ।

# वाङ्मयमा अद्वितीय योगदान

## प्रा.डा.मोहन लोहनी

कीर्तिनिधि विष्ट प्रधानमन्त्री भएको समयमा उहाँसँग धेरै पटक चीन भ्रमणमा जाने सौभाग्य पाएको थिएँ । बोवाओ फोरम तथा एजुकेसन फर एसिया कार्यक्रमअन्तर्गत यो अवसर मलाई जुरेको थियो । यही सौभाग्यले मलाई कीर्तिबाबूको नजिक पुऱ्याएको थियो ।



कीर्तिबाबूले आफ्ना बुबा चन्द्रनिधि विष्ट र आमा धनकुमारी विष्टका नाममा पुरस्कार स्थापना गर्नुभएको थियो । सुरुका केही वर्ष नइको सहयोगमा उहाँ आफैँले कार्यक्रम आयोजना गरेर सो पुरस्कार प्रदान गर्नुहुन्थ्यो । हिन्दूधर्म र संस्कृतिका क्षेत्रमा लागेका स्रष्टा वा धर्मसंस्कृति प्रवर्धन गर्नेहेतुले लेखिएको कृतिलाई प्रदान गरिने 'चन्द्रधन पुरस्कार' वितरणमा कीर्तिबाबू आफैँले कार्यक्रम आयोजना गरेर वितरण गर्न असहज भएकाले विश्वासिलो र सबैभन्दा भरपर्दो संस्थाको खोजी भयो । यसै क्रममा नइ प्रकाशनलाई नै अब्बल ठानी कीर्तिबाबूले सो पुरस्कारको सम्पूर्ण हक नइलाई दिनुभयो । यही प्रसङ्गबाट म नइ प्रकाशनसँग जोडिन पुगेको हुँ ।

'नइ चन्द्रधन पुरस्कार' प्रदान गर्न थालेपछि कीर्तिबाबूले नइ प्रकाशनको कोषमा अरू रकम पनि थपिदिनुभएछ । त्यसपछि नइबाट 'नइ कीर्तिनिधि पुरस्कार'को पनि स्थापना भयो । यो पुरस्कार समाजको कुनै पनि क्षेत्रमा समर्पित भई रचनात्मक कार्य गर्ने देशभक्त व्यक्तिलाई प्रदान गर्ने गरिन्छ । त्यहींबाट म नइका हरेक कार्यक्रममा उपस्थित भइरहेको छु । यस्ता कार्यक्रममा उपस्थित हुन पाउँदा आफूलाई आनन्दको अनुभूति हुन्छ । कार्यक्रममा प्रदान गर्ने गरिएको अभिलेखमा नै नइ प्रकाशनको सम्पूर्ण कार्यको विवरण दिइएको हुन्छ र यसैबाट नइ प्रकाशनले गरेको योगदान स्पष्ट ज्ञात हुन्छ ।

नइदम्पती भनेका कीर्तिबाबूले माया र विश्वास गरेका व्यक्ति हुनुहुन्छ । कीर्तिबाबूले बारम्बार भन्नुहुन्थ्यो– 'नइको नेपाली वाङ्मयप्रतिको समर्पण उच्चकोटिको छ । उहाँहरू काम गरेर थाक्नु हुन्न । उहाँहरूले नेपाली वाङ्मयलाई अझ धेरै उचाइमा पुऱ्याउनुहुनेछ ।' सायद यही कारणले होला उहाँहरूले बोलेपछि ती कुरा कीर्तिबाबूले सदर गरिदिनुहुन्थ्यो । नइ जोडी कीर्तिबाबूका एक प्रकारका पारिवारिक सदस्यझैँ मानिएको मैले सुनेको थिएँ । नइका 'न'बाट कीर्तिबाबूको एउटा सिङ्गो जीवनीकृति पनि लेखिएको थियो । त्यो किताप पढेपछि कीर्तिबाबूलाई सम्पूर्ण रूपमा बुझिन्छ झैँ मलाई लागेको छ । नरेन्द्रराज प्रसाईको २०२८ सालदेखि कीर्तिबाबूसँगको सङ्गत रहेका कारणले पनि उहाँहरूको खुबै मिल्ती भएको मान्न सकिन्छ । वास्तवमा नइ प्रकाशनमाथि कीर्तिबाबूको धेरै नै प्रेम गाँसिएको थियो र नइका धेरै कार्यक्रमहरूमा पनि कीर्तिबाबू प्रमुख अतिथि हुनुभएको मैले देखेको थिएँ ।

एक दिन नरेन्द्रराज प्रसाई र उहाँका छोरा डा.कञ्चनजङ्घा प्रसाई मेरो घरमा आउनुभयो । उहाँका साथमा नइ प्रकाशनबाट प्रकाशित भएका पुस्तकहरू थिए । नरेन्द्रराज प्रसाईले 'मेरी आमा भागीरथा प्रसाई' लेख्नुभएको थियो । यसै कृतिलाई नरेन्द्रराज प्रसाईका

छोरा डा.कञ्चनजङ्घा प्रसाईबाट अङ्ग्रेजीमा रूपान्तरण भएको रहेछ । आफ्नो अध्ययन क्षेत्र फरक भए पनि आफ्नी हजुरआमाप्रतिको श्रद्धा र भाषासाहित्यको मोहका कारण कञ्चनजङ्घाबाट उक्त कृतिको भाषिक रूपान्तरण भएको रहेछ । म एक अङ्ग्रेजीको प्राध्यापक भएका कारणले मबाट उक्त पुस्तकको भूमिका लेखाउने उद्देश्यका साथ उहाँहरू मेरा घर आउनुभएको रहेछ । नरेन्द्रराज प्रसाईले भन्नुभयो– 'दाइले एक पटक पढेर एउटा सानो भूमिका लेखिदिनुहोला ।' मैले उहाँको आग्रहलाई स्वीकार गरेर बिदा गरेँ । मैले उक्त पुस्तक पढेपछि नरेन्द्रराज प्रसाईको आमाप्रति अत्यधिक माया रहेको पाएँ । त्यहाँका शब्दशब्दले यसको प्रस्फुटीकरण गरेका थिए । मलाई पनि आमाछोराबीचको माया प्रस्फुटन भएको पुस्तकको भूमिका लेख्न पाउँदा निकै खुसी लाग्यो । साथै डा.कञ्चनजङ्घा प्रसाईको अनुवाद पनि मलाई राम्रो लाग्यो र केही समयपछि सो काम मैले पूरा गरेको थिएँ ।

मैले नरेन्द्र भाइका अरू पुस्तकहरू पनि पढेँ । यसबाट उहाँको छुट्टै विशेषता रहेको पाएँ । व्यक्तिको जीवनको रेखाचित्र अलि भिन्न किसिमले प्रस्तुत गर्नु उहाँको लेखनको वैशिष्ट्य हो । यसमा उहाँलाई कसैले भेट्टाउन सक्दैन । उहाँले थुप्रै जीवनीमूलक कृतिहरू तयार गर्नुभएको छ । यसमा रहेको उहाँको लेखनशैली निकै रोचक लाग्छ । उहाँको लेखनमा अतिरञ्जनात्मकता हुँदैन । जे भन्नुपर्ने हो त्यसको अभिव्यति सुबोध भाषामा, स्पष्ट शैलीमा रोचक ढङ्गले प्रस्तुत गर्नुहुन्छ । जुनसुकै प्रकारको लेखन होस् उहाँको वर्णन गर्ने शैली अर्थात् कथनशैली निकै उच्चकोटिको छ । इन्दिरा प्रसाईले पनि धाराप्रवाह बोल्नुहुन्छ । उहाँको वक्तव्य पनि निकै सुन्नलायक छ । ओजपूर्ण अभिव्यक्तिले उहाँको व्यक्तित्व झल्काएको देखिन्छ । साथै उहाँका कृतिहरू पनि मैले उच्चस्तरीय देखेको छु । उहाँहरू दुवैले आआफ्ना नामको अघिल्लो अक्षर राखेर स्थापना गरेको नइ प्रकाशनले पनि विशिष्टता हासिल गरिसकेको छ ।

नेपाली वाङ्मयमा नइ प्रकाशनले जुन योगदान दिएको छ यो अतुलनीय छ । यसले एउटा इतिहास नै रचेको छ । नेपाली कला, संस्कृति र भाषासाहित्यको उत्थानका लागि राजा महेन्द्रले आफ्नै खर्चमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको स्थापना गरेका थिए । उनले जुन उद्देश्य लिएर प्रज्ञाप्रतिष्ठान स्थापना गरेका थिए र प्रज्ञाप्रतिष्ठानले जे गर्नुपर्ने थियो पछिल्लो समयमा आएर यसले सो काम गर्न सकेको छैन । यसको मुख्य कारण भनेको राजनीतिक सम्बन्धको आधारमा प्रज्ञाप्रतिष्ठानलाई अगाडि बढाउने पदाधिकारी छनोट गर्नु हो । राजनैतिक सम्बन्ध तथा व्यक्तिगत सम्पर्कका आधारमा नियुक्ति हुने हुनाले यसले सही ढङ्गले काम गर्न सकेन । बरु राजा महेन्द्रको नेपाली कला, संस्कृति र भाषासाहित्यको उत्थानको सपनालाई नइ प्रकाशनले पूरा गर्न खोजेको देखिन्छ । उति बेला नेपाली भाषासाहित्य तथा कलासेवी प्रवासी नेपालीलाई नेपालमै बोलाई नेपाली वाङ्मयको श्रीवृद्धि गराउने काम राजाबाट भएको थियो । अहिले नइले पनि संसारभरका नेपाली भाषासाहित्यसेवीलाई एकसूत्रमा बाँधी नेपाली वाङ्मयको उत्थानमा लाग्नका लागि प्रेरणा प्रदान गर्ने काम गरेको छ । कुनाकुनामा रहेका वाङ्मयसेवीलाई प्रकाशमा ल्याउने काम नइले नै गरेको छ । प्रज्ञाप्रतिष्ठानको तुलनामा नइ प्रकाशनले पच्चिस वर्षमा नै धेरै ठूलो काम गरेको छ ।

नइदम्पतीको नेपाली भाषासाहित्यप्रतिको सेवा निकै बेजोड छ । यसको मुख्य कारण भनेकै नरेन्द्र र इन्दिरा दुवैले नेपाली वाङ्मयलाई समर्पण भावले सेवा गर्नु हो । उमेरले उहाँहरू सानो भए पनि उहाँहरूले जुन छवि बनाउनुभएको छ, यसले उहाँहरूको स्तर धेरै माथि पुगेको छ । यसलाई कसैले नकार्न सक्दैन । यसैले म उहाँहरूलाई सम्मान गर्छु ।

सय वर्ष नपुग्दै सत्यमोहन जोशीलाई नइको जुन सङ्कल्पले शताब्दी पुरुष बनायो, यो नै पनि अर्को एउटा ठूलो कुरा हो र

सरकारलगायत सबैले पछि यसलाई स्वीकार गरे । शताब्दी पुरुष त नइ प्रकाशनको एउटा अङ्गजस्तै बन्नुभयो । उहाँ नआईकन नइको कार्यक्रम नै सुरु हुँदैनथ्यो फेरि सत्यमोहन जोशी पनि जुनसुकै कार्यक्रममा पनि समयमा नै पुग्नुहुन्थ्यो । जहिले नइको कार्यक्रममा जाँदा पनि शताब्दी पुरुषसँग भेट गर्न पाइने सौभाग्य मलाई जुऱ्यो । त्यसै कार्यक्रमको समयमा मैले उहाँलाई संस्कृतिसम्बन्धी प्रश्न गर्दा उहाँले सरकारले सांस्कृतिक नीति नै दिन नसकेको कुरा व्यक्त गर्नुहुन्थ्यो । पछिल्लो समयमा आएर 'नीति त केही मात्रामा बन्यो तर यसको कार्यान्वयन हेर्न बाँकी छ' भन्नुहुन्थ्यो । यस्ता संस्कृतिको धरोहरलाई नइले गुन लगाएको छ, शताब्दी पुरुष बनाएको छ र नइले नै माधव घिमिरेलाई पनि राष्ट्रकवि बनाएको हो । यसरी नइले गरेको यो योगदानको अवमूल्यन हुन सक्दैन ।

नइ प्रकाशनले प्रा.डा.वासुदेव त्रिपाठीलाई 'महासमालोचक' भनेर घोषणा गरेको थियो । मैले 'वरिष्ठ समालोचक भने पुग्छ' भन्ने विचार राख्दा उहाँ समालोचकहरूमा श्रेष्ठ भएकाले महासमालोचक भनिएको उत्तर पाएँ । यसरी नइले त्रिपाठीलाई ठूलो सम्मान गरेको छ । नेपाली साहित्यसाधक व्यक्तिको योगदानअनुरूप विभिन्न तरिकाले नइ प्रकाशनबाट सम्मान पाएका छन् । मोदनाथ प्रश्रित पनि आदर्श पुरुष हुनुहुन्छ । राजनैतिक व्यक्ति भए पनि अहिले उहाँले विशुद्ध साहित्यसेवामा नइको साथ दिनुभएको छ । उहाँ निकै विद्वान् हुनुहुन्छ । नइ प्रकाशनले पनि उहाँलाई राम्रै स्थान दिएको छ । कुनै पनि महत्त्वपूर्ण निर्णयमा नइले उहाँलाई छुटाउँदैन । नइले पुरस्कार प्रदान तथा सम्मान कार्यक्रममा कसैलाई विभेद गरेजस्तो मलाई लाग्दैन । प्रकाशन तथा पुरस्कार दिनका लागि सङ्ख्यात्मकता भन्दा गुणात्मकतामा जोड दिनुपर्छ । नइ प्रकाशनले पनि यसैलाई आधार बनाएको देखिन्छ । सबैप्रति समभाव राखेर नइले पुरस्कार तथा सम्मान प्रदान गरेको मैले पाएको छु ।

जर्मन नागरिक मानफ्रेद गेहार्द थ्रोईले नइबाट नै अन्तर्राष्ट्रिय पुरस्कार पाउनुभयो । उहाँ स्कुल अफ इन्टरन्यासनल ल्याङ्ग्वेजमा संलग्न हुनुहुन्छ । उहाँले उक्त पुरस्कार पाएपछि निकै खुसी भएर नइलाई आभार प्रकट गर्नुभएको थियो र कृतज्ञता ज्ञापनका लागि सानो कार्यक्रम पनि आयोजना गर्नुभएको थियो । यस पुरस्कारले उहाँलाई नेपाली भाषासाहित्यको सेवामा लाग्नका लागि थप प्रेरणा प्राप्त भएको उल्लेख गर्नुभएको थियो ।

नइदम्पतीले गरेका कार्यले नेपाली भाषासाहित्यको सेवा गर्नेहरू कृतज्ञ भएका छन् । बारम्बार रेडियो नेपालले परिसंवाद कार्यक्रमलगायत अरू रेडियो र अरू टेलिभिजनका विभिन्न कार्यक्रममा नइ जोडीलाई बोलाएर अन्तर्वार्ता पनि प्रसारण गरेको सुन्न पाइन्छ ।

मेरो चालिस वर्षको प्राध्यापन कालमा दुई पटक कुटनीतिक नियुक्ति पनि भयो । एक पटक संयुक्त राष्ट्रसङ्घमा चार वर्षका लागि म नायब स्थायी प्रतिनिधि भएको थिएँ । यस्तै बङ्गलादेशको राजदूत भएर चार वर्ष रहेँ । म त्रिभुवन विश्वविद्यालयमा विभागीय प्रमुख पनि भएँ । प्राध्यापन पेसाबाट निवृत्त भएपछि युगकवि सिद्धिचरण श्रेष्ठ प्रतिष्ठानमा उपाध्यक्ष भएर रहेको छु । यस्तै देवकोटा अध्ययन तथा अनुसन्धान केन्द्र २०६६ सालमा खुलेको थियो । यसमा पनि म सदस्य भएको छु । यसरी जीवनभर अङ्ग्रेजी भाषासाहित्यमा अध्ययनअध्यापन गरे पनि निवृत्त जीवनपछि नेपाली भाषासाहित्यको मैले सेवा गर्ने अवसर पाएको छु । यसमा पनि नइजस्तो संस्थामा जोडिन पुगेको र नइले बारम्बार सम्झने गरेबाट आफूलाई गौरवान्वित भएको महसुस गरेको छु ।

सबै व्यक्तिलाई खुसी पार्न सकिँदैन । कतिपयका व्यक्तिगत स्वार्थ पनि हुन्छन् र यी पूरा नहुँदा ऊ असन्तुष्ट पनि हुन सक्छ । यस कारण जे कुरामा पनि वस्तुवादी भएर वस्तुगत दृष्टिले हेर्नुपर्छ, व्यक्तिगत भएर हेर्नु हुँदैन । नइदम्पती रहेसम्म नइ प्रकाशनले अऊ

बढी योगदान गर्दै जानेछ । दुवै जनाको लगनशीलता तथा साहित्यिक क्षेत्रमा नइ जोडीको समर्पण भाव देखेर सबै जना छक्क पर्छन् । उहाँहरू राजसंस्थाको भक्त हुनुहुन्छ तर राजनीतिमा उहाँहरूमा कुनै सङ्कीर्णता छैन । जुनसुकै राजनैतिक दलमा लागेको व्यक्ति भए पनि सबैप्रति उहाँहरूको समभाव छ । जहिले र जहाँ पनि उहाँहरूको खोजी भनेको नेपाली वाङ्मयसेवीको रहेको हुन्छ । यसरी उहाँहरूको राजसंस्थाप्रतिको भक्तिलाई अर्को दृष्टिले हेर्नु हुँदैन र प्रतिक्रियावादी पुरातनवादी भन्नु मूर्खता हुन जान्छ ।

पच्चिस वर्षको अवधिमा नइ प्रकाशनले विविध तरिकाका धैरैधेरै काम गरिसकेको छ । नेपाली वाङ्मयलाई अगाडि बढाउन र यसको उत्तरोत्तर प्रगतिका लागि नइले विशिष्ट किसिमको योगदान गरेको छ । तुलनात्मक रूपमा हेर्दा यस संस्थाले नेपाली वाङ्मयमा अद्वितीय योगदान गरेको छ ।

# अपत्यारिलो सम्मेलन

## यमुना प्रधानाङ्ग 'मुना'

नइ प्रकाशनले नेपाली साहित्यको मन्दिरमा विभिन्न समयमा अनुपम भेटीहरू चढाउँदै आएको छ । नइका ती अविस्मरणीय भेटीहरू नेपाली साहित्यका भण्डारमा अजर सम्पत्तिका रूपमा रहनेछन् । नइ प्रकाशनको संयोजन र अग्रसरतामा नेपाली साहित्यमा विभूतिहरूका सम्मानमा त्रिमूर्ति निकेतन बन्यो । नइका अन्य



अनगिन्ति कामहरूको बयान गरेर साध्य नै छैन । बिनापक्षपात र नियमित रूपमा विवेकपूर्ण रूपले गरेका आफ्ना कामले नेपालभरि मात्र नभएर संसारभरिका नेपाली साहित्यकारसँग प्राय: परिचित भइसकेको छ नइ । नइदम्पतीको सक्रियतामा आयोजित विश्वस्तरका साहित्य सम्मेलनद्वारा नेपाल राष्ट्रकै नाक ठाडो पार्ने काम भएको छ भन्छु म । नइद्वारा संयोजन भएको एउटा सम्मेलनका विषयमा मलाई केही भन्नु छ र जहाँ मेरो समेत सहभागिता थियो । त्यस सम्मेलनको नाम हो– 'विश्वनारी नेपाली साहित्य सम्मेलन' र यो सम्मेलन आफैँमा झाङ्गिएको विशेष गौरवयोग्य थियो । धेरैले भनेझैँ म पनि भन्छु– सम्मेलनको समारोह अद्भुत नै थियो ।

आज हामी आफूले आफैँलाई चिन्न नसकेको अवस्था छ । हाम्रै घरसमाजमा परिचित हुन नसकेको अवस्थामा 'विश्वनारी नेपाली साहित्य सम्मेलन'मार्फत आफू संसारका धेरै ठाउँमा फैलिन पाउँदा मैले आफूलाई गौरवशाली ठानेकी छु । जसले यो अवसर दिलायो उहाँहरू हुनुहुन्छ– त्रिमूर्ति निकेतनका संस्थापक नइ जोडी । यो कार्यक्रममार्फत देश तथा विदेशका नेपाली नारी साहित्यकारहरूमाझ मैले पनि परिचत हुने मौका पाएकी थिएँ ।

मेरो घर वीरगञ्ज, पर्सा जिल्ला हो र म उहाँहरू दुवैसँग परिचित हुने मौका मलाई मेरै छिमेकी बहिनी ममता शर्माले जुराइदिनुभएको हो ।

नइका विषयमा केही कुरा थाहा पाइसकेपछि मलाई उहाँहरूसँग भेट्ने इच्छा पैदा भयो । साहित्यका बारेमा नइबाट धेरै कुरा जान्न र बुझ्न म लालायित भएँ । काठमाडौँ आएको बेला फोनमार्फत सम्पर्क राखी नइको कार्यालय घट्टेकुलोमा भेट्न म गएँ । उहाँहरूलाई मैले आफ्नो परिचय दिएँ । पहिलो भेटमा नै उहाँहरूद्वारा रचित धेरै किताप र गीतिएल्बम उपहारस्वरूप मलाई दिनुभयो । मैले सोचेभन्दा बढी नै नइदम्पतीबाट हौसला पाएँ । पछिसम्म पनि काठमाडौँ आएको बेला उहाँहरूले मलाई भेटघाटको अवसर दिइरहनुभयो ।

एक दिनको कुरा हो– म राष्ट्रिय स्तरको एउटा पत्रिका हेर्दै थिएँ, मेरो नजर एउटा समाचारमा परिहाल्यो । समाचारमा लेखिएको थियो– 'त्रिमूर्ति निकेतनमार्फत विश्वनारी नेपाली साहित्य सम्मेलन हुँदै छ' आदि, इत्यादि । त्यससम्बन्धमा विस्तृत जानकारी लिन मलाई उत्सुकता बढ्यो र फोनमार्फत नइसँग मैले सम्पर्क राखेँ र उहाँहरूले मलाई यसबारे धेरै जानकारी दिनुभयो । त्यति मात्र होइन 'काठमाडौँ आएको बेला भेट गर्नु है बहिनी'समेत भन्नुभयो ।

काठमाडौँ देशको राजधानी भएको कारणले कहिले कार्यालयको कामको सिलसिलामा त कहिले आफ्नै स्वास्थ्य उपचारको क्रममा काठमाडौँ एक्लै आउनु जानु मेरा लागि गाह्रो कुरा थिएन । काम विशेषले काठमाडौँ आउने क्रममा उहाँलाई भेट्न जानु पनि मेरो मुख्य काम रहेको थियो । विश्वनारीको कुरा लिएर म उहाँहरूका घरमा गएँ । उहाँहरूले विश्वनारी नेपाली साहित्य सम्मेलन हुन लागेको कुरा मलाई स्पष्ट पारिदिनुभयो । साथै मलाई पनि एउटा कामको जिम्मा दिनुभयो । त्यो काम पर्साबाट विश्वनारी नेपाली साहित्य सम्मेलनका लागि जिल्ला संयोजक चयन गर्ने थियो । अर्को कुरा सो कार्यक्रममा नारी स्रष्टाहरूको कृतिहरू पनि सार्वजनिक हुँदै छ भनी थाहा पाउदा खुसी लाग्यो । कारण मेरो पनि गीतिसङ्ग्रह तयारी अवस्थामा थियो । मात्र नामाकरण गरी छपाउन बाँकी थियो । सोही कार्यक्रममार्फत किन नगराउने भनी मैले आफूले आफैँलाई प्रश्न तेर्स्याएकी थिएँ । त्यसपछि श्रीमान् अच्यूत प्रधानाङ्गसमक्ष मेले कुरा राखेँ । साहित्यलाई माया गर्ने र लेख्ने भएकाले उहाँले पनि नकार्नुहुन्छ भन्ने त मेरो मनैमा थिएन । मेले उहाँलाई सोधेँ, उहाँले 'हुन्छ नि त गर छपाऊ । यस्तो राम्रो अवसर किन गुमाउँछचौ' भनेर मलाई हौसला दिनुभयो । पुस्तकको नामाकरण गरी छपाउनतिर म लागेँ । मेरो त्यस पुस्तकको नाम 'बुद्धको देश' हो ।

पर्सा जिल्लाका नारीस्रष्टाहरूबाट मलाई नै 'विश्वनारी नेपाली साहित्य सम्मेलन'का लागि पर्सा जिल्ला संयोजक चयन गरियो । दिन, महिना बित्दै कार्यक्रम नजिकिँदै जाँदा कार्यक्रममा भाग लिन जान निकै उत्साहित र उमङ्गित थिएँ म । त्यसैको सिलसिलामा नारायणी अञ्चल, चितवन जिल्ला, नारायणघाटमा पनि भव्यताका साथ अञ्चलस्तरीय कार्यक्रम सम्पन्न भएको थियो । त्यो कार्यक्रम नारायणी अञ्चलभित्रका नेपाली नारीस्रष्टाहरूको भेला थियो । सो कार्यक्रममा भाग लिन म र गजलकार बहिनी ममता अधिकारी

गएका थियौँ । काठमाडौँबाट नारी साहित्यकारहरू आउनुभएको थियो । विश्वनारी नेपाली साहित्य सम्मेलन नारायणी अञ्चल संयोजक साहित्यकार गायत्री श्रेष्ठको सभाध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

म निकै उत्साहका साथ प्रतीक्षारत थिएँ कार्यक्रममा भाग लिन जान । २०७१ साल जेठ १५, १६ र १७ गते कार्यक्रम हुने जानकारी पाउँदा ममा खुसीको सीमा नै थिएन र खुसी भएर म राजधानी पुगेकी थिएँ ।

विश्वनारी नेपाली साहित्य सम्मेलनको पहिलो दिन जेठ १५ गते काठमाडौँ एयरपोर्टनिर रहेको सञ्चारग्रामस्थित त्रिमूर्ति निकेतनमा देशविदेशबाट भेला भएका विश्वनारी नेपाली साहित्य सम्मेलनका सदस्यहरूको परिचयात्मक कार्यक्रम भएको थियो । भोलिपल्ट १६ र १७ गतेको कार्यक्रम भाटभटेनीनिर रहेको आम्रपाली ब्याङ्क्वेटमा भएको थियो । त्रिमूर्ति निकेतनबाट गठित विश्वनारी नेपाली साहित्य सम्मेलनको उद्घाटन प्रधानमन्त्री सुशील कोइरालाले गर्नुभएको थियो । उद्घाटन समारोहमा प्रधानमन्त्री कोइरालाले डा.वानीरा गिरीलाई पाँच लाख रुपियाँ राशिसहित 'विश्वनारी नेपाली साहित्य रत्न'को उपाधि प्रदान गर्नुभएको थियो ।

सोही समारोहमा विश्वनारी नेपाली साहित्य सम्मान, विश्वनारी नेपाली साहित्य पदक, पुरुष स्रष्टालाई त्रिमूर्ति पदक र त्रिमूर्ति सेवा पदक प्रदान गरिएको थियो । सम्मान पाउनेमध्येमा म पनि परेकी थिएँ । सोही समारोहमा नेपालका नारीस्रष्टाहरूको पुस्तकहरू सार्वजनिक गरिएको मध्ये मेरो 'बुद्धको देश' गीतिसङ्ग्रह पनि लोकार्पण भएको थियो । भव्य समारोहको बीच मेरो पुस्तक लोकार्पणका लागि अवसर प्रदान गर्नुहुने नइ जोडीप्रति मैले त्यहीँ समारोहमा आभार व्यक्त गरेकी थिएँ ।

त्यस्तो कार्यक्रम गर्नु चानचुने कुरा होइन । गरे के हुन्न र ? यस कुराका निम्ति नइदम्पती उदाहरणीय हुनुहुन्छ । कार्यक्रम भव्य मात्र होइन धेरैले भनेझैँ म पनि भन्छु– सम्मेलनको समारोह अद्‌भुत नै थियो । त्यस्तो कार्यक्रम गर्न सजिलो छैन । कार्यक्रम सञ्चालनका लागि रकम जुटाउन कति गाह्रो भयो होला ? अनुमान लगाउन सकिन्छ । घरको एउटा सानोतिनो कार्यक्रममा त हामी कति चिन्तामग्न हुन्छौँ र कति व्यस्त हुन्छौँ । सहभागीहरूलाई आतेजाते भाडा उपलब्ध गराउनुका साथै कार्यपत्र तयार गर्ने स्रष्टाहरूलाई यथोचित पारिश्रमिक पनि उपलब्ध गराइएको थियो । देशविदेशबाट आएका सबैलाई मानसम्मानदेखि खानपान पुरस्कार आदिको व्यवस्था गर्नु भनेको पहाडै उचाले बराबर हो । यस्तो काम जोकोहीका लागि पनि अनुकरणीय नै मानिन्छ । वास्तवमा नै विश्वनारी नेपाली साहित्य सम्मेलनलाई म जीवनमा कदापि बिर्सन सक्दिनँ । नइ प्रकाशनजस्तो गरिमाशाली संस्थाले जुनसुकै कार्यक्रममा पनि टेको भइदिँदा यस्ता विशाल सम्मेलनले पनि सजिलै सफलता पाउन सक्ता रहेछन् । नेपाली साहित्यका क्षेत्रमा नइ धेरै राष्ट्रमा छाइसकेको छ । भोलिका दिनमा नेपाली भाषा बोलिने संसारभरि नइको सुभासले विशिष्ट आयाम थप्छ भन्ने कुरामा मलाई पूर्ण विश्वास छ ।

# वाङ्मयको अर्को प्रज्ञाप्रतिष्ठान

## यादव भट्टराई

धेरैजसो मानिस दामका लागि काम गर्छन्, कोही नामका लागि काम गर्छन् त कोही कामका लागि काम गर्छन् । कामका लागि काम गर्नेमा पर्ने नाउँ हुन्– नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई । नेपाली साहित्यको प्रवर्धन गर्ने उद्देश्य राखेर स्थापना गरिएको नइ प्रकाशन थोरै समयभित्रै कामले नै स्थापित भयो । आजसम्म आइपुग्दा यस संस्थाबाट थुप्रै ओजिला ग्रन्थहरू प्रकाशन भएका छन् । संसारभरि नेपाली भाषासाहित्यको संरक्षण र संवर्धनमा योगदान गर्ने थुप्रै स्रष्टाहरू पुरस्कृत भइसकेका छन् । लुकेका प्रतिभाको कदर गर्नुका साथै नवप्रतिभासमेतले नइ प्रकाशनबाट थप प्रेरणा प्राप्त गरिरहेका छन् । दुईतीन वर्षका बालबलिकादेखि शताब्दी नाघेका प्रतिभाशाली सर्जक



कलाकारहरू नइबाट सम्मानित, पुरस्कृत गरिएका छन् । विगत झन्डै तीन दशकदेखि यो शृङ्खला अविच्छिन्न चलिरहेको छ । नइबाट पाँच हजारदेखि लाखौँको पुरस्कार प्रदान गरिँदै आएको छ । नइ प्रकाशन आफैँले स्थापना गरेका पुरस्कारका अतिरिक्त अन्य महानुभावहरूबाट स्थापना गरिएका पुरस्कारको सङ्ख्या पनि ठूलो

छ । झन्डै तीन दशकदेखि नइका यी क्रियाकलापहरूको प्रत्यक्षदर्शी हुन पाउनु मैले मेरा लागि अर्थपूर्ण मानेको छु ।

देशमा सयौँ साहित्यिक, सांस्कृतिक, सामाजिक सङ्घसंस्थाहरू स्थापना भएका छन् । यिनको सञ्चालन त्यति सहज छैन । संस्था स्थापना एउटा रहर हुन सक्छ, लहड हुन सक्छ कसैको तर त्यसलाई समाजको, राष्ट्रको र मानवसमुदायको हितअनुकूल बनाएर निरन्तर रूपमा क्रियाशील बनाइरहन जो कसैले चाहेर मात्रै सम्भव छैन । यसका निम्ति सबैभन्दा पहिलो कुरा इच्छा वा चाहना नै हो । दोस्रो कुरा योजना, तेस्रो कुरा आर्थिक र त्यसपछि कुशल व्यवस्थापनका साथै सक्षम जनशक्ति आवश्यक हुन्छ । हेर्दाहेर्दै कति संस्थाहरू स्थापना भएको केही समयपछि नै विविध कारणले बन्द हुन पुगेका छन् भने कैयौँ संस्थाहरू दुक्खले चलिरहेको देख्न पाइन्छ । नइ प्रकाशन भने यसबाट अपवाद रहेको छ । स्थापना भएपछि यो संस्थाले कहिल्यै पछाडि फर्किएर हेर्नुपरेको छैन । यसको एउटै मात्रै कारण साहित्य, संस्कृति, कला आदिका माध्यमबाट राष्ट्रको उन्नयन नइको एक मात्र ध्येय हो भन्ने मैले बुझेको छु ।

नइको स्थापना भएदेखि नै संस्थागत रूपमा यसका गतिविधिसँग मलाई परिचित हुने अवसर मिलेको हो । त्यसताका म 'छलफल' साप्ताहिकमा साहित्यिक स्तम्भ लेख्थेँ । यसै गरी अरू दुईतीन पत्रिका थिए मैले साप्ताहिक रूपमा स्तम्भलेखन गर्ने । नइ प्रकाशनका कतिपय पुस्तकहरू पढेर त्यसै बेला समीक्षा गरेको थिएँ मैले । नइ प्रकाशनका किताबहरू आकर्षक हुन्थे त्यस बेलादेखि नै । कितापमा प्रयोग गरिएको कागज, आवरण, छपाइ र पृष्ठको कलासंयोजन सबै उत्कृष्ट रहिआएको छ । आवरण हेर्दैमा पढूँपढूँ लाग्ने विशेषताले तानिन्थेँ म पनि । यसरी नइ प्रकाशनका केही कितापको समीक्षा गरेपछि मात्रै औपचारिक परिचय भएको हो

मेरो नइका संस्थापकद्वयसँग । त्यसयता म नइसँग निरन्तर सम्पर्कमा छु । नइ प्रकाशन र त्रिमूर्ति निकेतनका सबै कार्यक्रमहरूको म प्रत्यक्षदर्शी त हुँदै हो, कतिपय कार्यक्रमको म सहभागी र सञ्चालक रहेको छु भन्दा मलाई अत्यन्तै खुसी लाग्छ । किनभने नइ प्रकाशन र त्रिमूर्ति निकेतनका संस्थापकद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईकै प्रयासबाट नेपाली साहित्यका क्षेत्रमा नवीन र अविस्मरणीय कार्यहरू भएका छन् । कुनै पनि कुराको सफलताका निम्ति इच्छा गरेर मात्रै पुग्दैन । कार्यान्वयनको दृढ अठोट र निरन्तरको प्रयास, जाँगर र सङ्घर्षको आवश्यकता पर्दछ । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई यी विशेषताहरूले युक्त छन् ।

कसरी एक वा दुई व्यक्तिले यति धेरै काम गर्न सक्छन् भन्ने कुराको दृष्टान्त खोज्न अन्त कतै जानु पर्दैन, नइलाई हेरे पुग्छ । नइको संयोजन र त्रिमूर्ति निकेतनको आयोजनामा सम्पन्न महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकी कार्यक्रममा मैले प्रत्यक्ष सहभागी हुने अवसर पाएको थिएँ । आदरणीय गुरु प्राध्यापक राजेन्द्र सुवेदी पनि नइको काम र काम गर्ने शैलीबाट प्रभावित हुनुहुन्थ्यो । उहाँले पनि 'देवकोटाको नाउँमा राम्रो काम हुँदै छ, सकेको सहयोग गर्नू' भनेर मलाई प्रोत्साहन गर्नुभएको थियो । त्यस कारणले पनि म जोडिएको थिएँ त्यो साहित्यिक अनुष्ठानमा । यसै कार्यक्रमपछि पनि पुन: नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको काम गराइको प्रत्यक्षदर्शी बनेको थिएँ म । नइगृह देवकोटामय भएको थियो त्यस बेला । न भोक, न थकान, केही अनुभव गरिनँ नइमा । थियो त केवल काम सफलतापूर्वक सम्पन्न गर्ने हुटहुटी मात्रै र त्यसका निम्ति पर्याप्त ऊर्जा पनि । देवकोटाको शतवार्षिकीको समापन पाँच दिवसीय अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलनबाट भएको थियो । म पनि प्रतिवेदकका रूपमा त्यस कार्यक्रममा सहभागी भएको थिएँ । त्यो

कार्यक्रम विशाल साहित्यिक अनुष्ठानका रूपमा सम्पन्न भएको थियो । जनसहभागिता र जनसहयोगबाट सम्पन्न भएको त्यो कार्यक्रममा तेह्र राष्ट्रका स्वदेशी र विदेशी स्रष्टाहरूको उल्लेख्य उपस्थिति रहेको थियो । नेपाली भाषासाहित्यसम्बन्धी तेह्रैवटा कार्यपत्रहरू प्रस्तुत गरिएका थिए त्यस बेला । देवकोटाको शतवार्षिकी कार्यक्रमबारे धेरै कुरा अभिलिखित भइसकेका छन् ।

विश्वनारी नेपाली साहित्य सम्मेलन, राष्ट्रकविको उपाधि र वाङ्मय शताब्दी पुरुषको उपाधिको घोषणा तथा भानुभक्त द्विशतवार्षिकी कार्यक्रमलगायतका काममा नइकै संयोजन र सक्रियता रहेको सर्वविदितै छ । आफ्ना लागि भन्दा पनि समाजका लागि, देशका लागि काम गर्नेहरू समाजमा थोरै हुन्छन् । आफ्नै साहित्यसिर्जना र प्रकाशनमा पनि नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको उत्तिकै सक्रियता देखिन्छ भने संस्थागत साहित्यिक गतिविधिमा पनि निक्कै गम्भीर भएर नइको क्रियाशीलतालाई साहित्यमा लागेका र चासो राख्नेहरूले अनुभव गरेकै कुरा हो ।

न राजनीतिक पूर्वाग्रह, न भौगोलिक, न कुनै जातजाति र वर्गविशेषप्रतिको भेदभाव छ नइमा । बरु ओझेलमा परेका, किनारामा रहेका, बेवास्ता गरिएका लेखक स्रष्टाहरूलाई नेपाली साहित्यको मूल धारमा ल्याउने, उनीहरूलाई पुरस्कृत सम्मानित गर्ने, कृति प्रकाशन एवं मञ्च दिने कार्यमा नइ अग्रपङ्क्तिमा देखा पर्दै आएको छ । नेपाली भाषासाहित्य, संस्कृति, कला आदिको संवर्धन र संरक्षणका निम्ति स्थापित र यस क्षेत्रमा लागेकाहरूको आशाको केन्द्र बनेको नेपाल प्रज्ञाप्रतिष्ठान राजनीतिक भागबन्डाले थिलथिलो भएको छ । योगदान र विशेषज्ञताले भन्दा पनि राजनीतिक दलहरूसँगको निकटता, चाकडी र स्वार्थले गर्दा जागिरका निम्ति भर्तीकेन्द्र बनेको छ नेपाल प्रज्ञाप्रतिष्ठान । एउटा सरकारी संस्था र अर्को निजी पहलमा स्थापित गैरसरकारी साहित्यिक संस्था

अर्थात् नेपाल प्रज्ञाप्रतिष्ठान र नइ प्रकाशन । तर राज्यको लगानी रहेको संस्था र निजी स्रोत र साधनबाट सञ्चालित संस्थाहरूले गरेका कामको तुलना हुन सक्छ कि सक्दैन होला ? यो विज्ञहरूको समीक्षाको विषय हो जस्तो लाग्छ मलाई । राजनीतिक विचार र सिद्धान्तको दुहाई दिने दलसँग आबद्ध केहीले नइप्रति स्वार्थवश राजनीतिक पूर्वाग्रह राखेको थाहा छ मलाई । तर नइले त्यसो कहिल्यै गरेन बरु अन्य राजनीतिक विचार राख्नेहरू पनि नइका क्रियाकलापमा संलग्न भएको देखिँदै आएको छ । सुन्दा र पढ्दा तीतो लाग्न सक्छ तर यथार्थ कसैबाट पनि लुक्न सक्दैन । नइप्रति सकारात्मक धारणा राख्ने जुनसुकै राजनीतिक दल र आस्थाका महानुभावहरू यसका अपवाद हुन् । ती सबैप्रति मेरो पनि आदर र सद्भाव छ । भाषासाहित्य, संस्कृति र कलाका क्षेत्रमा लाग्नेहरूको सोचविचार र व्यवहार पनि उच्च, फराकिलो र सहिष्णु हुनुपर्छ भन्ने लाग्छ मलाई । तर त्यस्तो अनुभव गर्न बिरलै पाइन्छ । हाम्रो विडम्बना पनि यही हो । कर्म गर्नेहरूकै मात्र इतिहास लेखिन्छ । आजको समयको गतिविधिको मूल्याङ्कन पछि आउने समयले गर्ने नै छ । व्यक्तिगत स्वार्थलाई मात्रै बोकेर हिँड्नेहरू एक्लै हुँदा कति सन्तुष्ट हुन्छन् होला आफैँप्रति ? आफूलाई आफैँले ढाँट्न कसरी सकिन्छ होला ? बाहिर नइको विरोध गर्ने र भित्र पुरस्कार र सम्मानका निम्ति नइकै चाकडी गर्नेहरूको पनि कमी छैन । यो लेख तिनले पढे भने आफ्नो नक्कली अनुहार छर्लङ्ग देख्नेछन् ऐनामा जसरी । नइका साहित्यिक कर्मलाई नजिकबाट अनुभूत गर्नेहरूको सङ्ख्या देशभित्र मात्रै होइन देशबाहिर पनि उल्लेख्य भइसकेको छ । नइले नेपाली वाङ्मयको सेवामा चालेका कदमहरू सकारात्मक छन् र ती क्रमश: उचाइतर्फको यात्राउन्मुख छन् । नेपाली साहित्य, संस्कृति र कलालगायतका क्षेत्रमा जीवन नै अर्पण गरेका माधव घिमिरे, सत्यमोहन जोशी र अन्य लेखक, स्रष्टाहरूले बेलाबेलामा नइको कार्यप्रति व्यक्त गरेका प्रशंसायुक्त

विचार र धारणासमेत सार्वजनिक हुँदै आएको कुरा हो । असल काम गर्न कसले के भन्छन् भनेर चिन्ता गर्नु आवश्यक छैन पनि । नेपाली समाजमा भाषासाहित्यको उन्नयनका निम्ति स्थापित र क्रियाशील अन्य सङ्घसंस्था पनि नभएका होइनन् । वाङ्मयकै सेवामा लागेकाहरूले कसैले गरेको राम्रो कामको प्रशंसा गर्न किन सक्दैनन् वा चाहँदैनन् होला ? यसबारे मेरो मनमा एक प्रकारको जिज्ञासा उठिरहन्छ घरीघरी । नेपाली साहित्यको उत्थानमा सकारात्मक सोच र उदात्त विचारको खाँचो छ भन्ने लाग्छ मलाई । चिन्तनको सङ्कीर्ण घेराबाट कहिले माथि उठ्छौँ होला हामी ? आफूले गरेको सबै ठीक, अरूले गरेको सबै बेठीक मान्ने नितान्त आग्रही विचार कदापि ग्राह्य हुन सक्दैन । साहित्यमा आदर्शका कुरा छाँट्नेहरू आफूले नैतिकताको ख्याल गर्नुपर्छ कि पर्दैन होला ? मान्छे नश्वर प्राणी हो; बाँचिरहने त उसको कर्म, योगदान र व्यवहार नै हो ।

मौलिक र स्तरीय नेपाली साहित्यलेखन तथा प्रकाशनको अझै आवश्यकता छ एकातिर भने अर्कातिर विश्वसाहित्यको हाराहारीमा पुग्न त्यहीअनुरूपको अनुवाद र अन्य मुलुकहरूमा सहजै पहुँचको चुनौती हामीसँग छँदै छ । यस कार्यमा सबैको ध्यान जानु जरुरी छ । नइ प्रकाशनले जसरी वाङ्मयको सेवामा आफूलाई समर्पित गर्दै आएको छ, त्यो स्तुत्य छ । नइ प्रकाशनकै संयोजनमा नेपाली साहित्यका त्रिमूर्ति कविशिरोमणि लेखनाथ पौडयाल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको नाउँमा त्रिमूर्ति निकेतनको स्थापना भएको हो । निकेतनले सम्पन्न गर्दै आएका क्रियाकलाप भाषासाहित्यमा लाग्ने कसैबाट लुकेको छैन । नइ आफ्ना गतिविधिहरूमा सदैव अग्रसर छ । लेख्न खोज्नेहरूलाई हौसला, साथ, सहयोग आवश्यक र महत्त्वपूर्ण लाग्छ । त्यसतर्फ नइ सधैँ तत्पर छ । वाङ्मयसेवाका क्षेत्रमा नइ एउटा आशा हो, एउटा

विश्वास हो र हो एउटा चुनौती पनि । नइको कामप्रतिको विश्वासले नै नइ प्रकाशनमा रामबाबु प्रसाई र कीर्तिनिधि विष्टद्वारा लाखौँको अक्षयकोष स्थापना गरिएको छ । यसै गरी अन्य धेरैको विश्वास आर्जन गरेको छ नइले । यो सामान्य कुरा होइन भन्ने लाग्छ । जनस्तरबाट सञ्चालित नइले धेरैको यो विश्वासलाई कायम राख्न सकिरहेको छ । नवीन र उल्लेख्य कार्य यसका आगामी कार्ययोजनाभित्र पनि पर्दै जाऊन् । नइ प्रकाशन वाङ्मयसेवामा लाग्नेहरूका लागि अर्को प्रज्ञाप्रतिष्ठान भइरहेको पनि छँदै छ ।

# इतिहासले सदर गर्ला

## युवराज नयाँघरे

प्रकृतिमा कतिपय घटना, प्रसङ्ग वा अवस्थाको दुई अलग अस्तित्वको उचाइले विशिष्टतम रूप पाउँदापाउँदै तिनको संयुक्त मूल्य अनन्यतम बन्दो रहेछ । त्यसको बलशाली, गर्बिलो र मानक उदाहरण हो– नइ । अर्थात् नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको



कर्मठ योगदान आफैँमा महत्त्वपूर्ण बनेको छ नेपाली वाङ्मयका निम्ति ।

राजदरबारको दक्षिणी कुनामा रहेको समाज कल्याण परिषद्को भव्य कक्षमा मैले नरेन्द्रराज प्रसाईलाई भेटेको थिएँ करिब तीन दशकअघि । त्यो भेटदेखि आजपर्यन्त उनीबाट मैले उही एकैनासे व्यवहार, सद्भाव र आत्मीयता पाइआएको छु ।

पञ्चायतको निकै दबदबा छँदा पनि कवि, लेखक, साहित्यकार र गीत, सङ्गीतको फाँटलाई सधैँ स्नेह र आदर दिनमा जुटे नरेन्द्र । उनको खटाइसँगै रचनात्मक गति पनि थाकेन ।

विराटनगरको कुनै कार्यक्रममा इन्दिरा प्रसाईलाई भेटेको रिमरिमे सम्झना छ छातीमा । रचनाकारिताको निकै ऊर्जावान् र खँदिलो कर्ममा इन्दिरा प्रसाईको लगाव र प्राप्ति मैले देखेको छु ।

नइ प्रकाशनको संयोजन, गठन वा परिकल्पनासँगै नइ जोडीको दाँवलयात्रा निकै अर्थपूर्ण र विशेष बन्न पुगेको छ नेपाली साहित्यका लागि । बेलाबेला सम्झन्छु आफ्नो काम, रचना र गतिसँग जोडिन त समय कम हुने स्थितिमा यी दुवैको जाँगर, जोस र जरकमरक कति धेरै ? कति धेरै उत्साह र उमङ्ग यिनमा ? कति धेरै समर्पण, साधना ? कति धेरै चासो र चिन्तन ?

यस्ता कति खटपटका कुरा खेलाइरहँदा फेरि लगत्तै यिनले गर्ने गरेका कार्यक्रमको निम्तो टुप्लुकिइहाल्दा अर्कै झङ्कार कुद्छ हृदयमा । एउटै लय र धारसँगै नइ प्रकाशनले आफ्नो कर्मठ कला प्रस्तुत गरिआएको छ ।

खट्ने कुरामा नइ प्रकाशन अग्रणी देखिन्छ । कुनै सम्झौता नगरी यिनले धर्म, संस्कृति, इतिहास, साहित्य, कला वा समाजशास्त्रका चखिला र बलिया ग्रन्थ प्रकाशन गरेका छन् ।

नइ प्रकाशन एक स्थापित संस्था हुन पुगेको छ । यो प्रकाशनसँग नेपाली साहित्यको जुनै पक्ष पनि कुनै न कुनै रूपमा जोडिन र नजिकिन पुगेको भेटिन्छ । नइ प्रकाशनले थुप्रै स्मरणीय कार्यहरू गरेको छ । राष्ट्रकवि माधव घिमिरेको अभिनन्दन, अर्चना ग्रन्थ र वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको सम्मान र वन्दना ग्रन्थ आँखा परिहाल्ने र हृदयमा उज्यालो छर्ने कर्महरू हुन् ।

त्यसो त यीबाहेक अरू धेरै कार्यसँग नइ प्रकाशनको निष्ठा जोडिएको छ । उनीहरूको कार्यको सूची लामै बन्छ । यी सूचीमा कुनै पनि क्रियाकलाप लुरे, लुलो र लर्तरो भएको पाइन्न ।

मानिसलाई काम र सक्रियताले सधैँ स्वस्थ राख्छ । त्यो स्वस्थता नै रचनात्मक र एक खास ऊर्जा हो, उमङ्ग हो, उपलब्धि हो । मलाई लाग्छ, काम र गतिशिलताकै कारण नरेन्द्र र इन्दिरा पूर्णत: स्वस्थ छन् ।

कामसँग मानिसको आत्मस्थ पक्ष जोडियो भने त्यसले अरू कुरामा उत्तिको ध्यान वा चासो नदिने रहेछ । त्यसको उदाहरण नइ प्रकाशन नै एक हो ।

विश्वनारी नेपाली साहित्य सम्मेलन होस् कि त्रिमूर्ति स्थापना होस्, नइको पसिनाले यी कार्यहरू भए । वानीरा फाउन्डेसन होस् कि सम फाउन्डेसन होस्, यी कर्ममा पनि नइले आफ्नो लगाव पस्केकै छन् ।

भानुभक्तको योगदान शिथिल हुन खोजेकै बेला भानु शताब्दीको आयोजना निकै धूमधामले मनाइयो । त्यस्तै महाकवि देवकोटाको यश, कीर्ति र गाथालाई दीर्घायु तुल्याउन नइले लागिपरेरै रेडियो कान्तिपुरमा कार्यक्रम संयोजन गराए । रेडियो कान्तिपुरको बिहानी कार्यक्रममा हेम सुवेदीको आवाजमा देवकोटा, उनको रचनाकारिता र विश्वप्रवाहमा नेपाली वाङ्मयको अनुहार प्रसङ्ग निकै गजबले सुनेको अहिले जस्तो लाग्छ । यी राम्रा गतिविधिमा नरेन्द्र र इन्दिराको दाँवल गति गाँसिएकै थियो ।

'यिनले कहिले समय पाउँछन् ?'

कोइलीदेवी, तारादेवी, अरुणा लामाका ग्रन्थ नरेन्द्रले तयार गरिरहँदा म विचार गर्थें ।

'नारीचुली' अर्को विराट् कृति हो । नेपाली साहित्यका जोधाहा महिला साधकबारे नरेन्द्रले लागिपरेरै ग्रन्थ लेखे । यो धेरै परिश्रम, मरिमेटाइपछि टुप्लुकिने उपलब्धि हो । यसमा उनको साधना, जोडबल र निष्ठा निकै अर्थपूर्ण र गर्विलो छ ।

कामले अरू काम भित्र्याउँछ । कामले नै नकाम र बेकामेहरूलाई हैरान तुल्याउँछ । धेरैका निम्ति नइ त्यस्तै देखिँदा हुन् । आफू जड भइरहने र अरूको सक्रियता र गतिलाई तिनले फुटेको आँखाले नि हेर्न रुचाउँदैनन् । जतिसुकै धीतधरान छोडे पनि नइले आफ्नो निरन्तर कर्ममा पूर्ण विराम दिएकै छैनन् ।

प्रिय र उँचो कलाले भरिएका माधव घिमिरेका निम्ति नइले असिनपसिन भएर काम गरे । अन्ततः राष्ट्रकविको पगरी गुथेरै बिते माधव घिमिरे । इतिहासले त्यो कुराको अध्ययन गर्ला र साक्षीमा सदर गर्ला नै !

त्यसो त सत्यमोहन जोशीबारे वाङ्मय शताब्दी पुरुष घोषणा गराउन नरेन्द्र र इन्दिराले गरेको यत्न झन् अचाक्ली छ । सारा समाज उर्लेर लाग्यो । त्यो जगत् उर्लाउनका निम्ति यिनैको कम्मर कसाइ छ, यिनैको दगुरादगुर छ र यिनैको मरिमेटाइ छ ।

पाठकका आँसु उमार्न सक्ने खुबी हुनुपर्छ लेखकमा । तर लेखक आफैँका परेलीमा आँसु उम्रिए के गतिपति होला र ? यस्तै वेदना र चोटलाई ओखती गर्न कोइलीदेवी हुन् वा ईश्वरवल्लभ– यी प्रख्यात साधकको घरव्यवहार, मेसो मिलाउन पनि नइले गरेको जमर्को विशेष ठानेको छु मैले ।

मानिसहरूका आँखामा अगाडिको पाटो आउँछ । पछाडि भनेको खट्नु र जुट्नु हो । यो खटाइ र जुटाइका लागि आजका मितिसम्म नइको लागिपराइ खुबै चर्को छ वाङ्मयमा ।

पुरस्कार र सम्मानले अग्रजलाई उचालेकै छन् यिनले । नयाँ पुस्ता र भर्खरका कलिला प्रतिभालाई डोऱ्याएर हिँड्ने तौरतरिका पनि सिकाइरहेछन् नरेन्द्र र इन्दिराले । यो पच्चिस वर्ष यिनले कति हेलैसँग बिताएका होलान् बलियो क्रियाशीलता देखाएर ।

आज जतातत‍ै जातीय, क्षेत्रीय र वंश चरित्रले डम्फु बजाइरहेकै बेला फूलबारीका कोपिलालाई मल, पानी र स्याहार गर्ने स्वभाव नइको आफैँमा उल्लेख्य छ । यो कर्म साँच्चि नै राष्ट्रलाई कला, साहित्य र सङ्गीतका लागि दिलोज्यान दिएको प्रमाणका रूपमा समाजले बुझिआएको छ ।

खोलो बगिरहँदा सबै पातपतिङ्गर र कसरमसर बग्छन् । कामले सबै पक्ष थिग्रिँदै जान्छ । नइले गरिरहेका राम्रा, उज्याला र फराकिला कामकै प्रभावले समाजको धमिलो, मैलो र फोहोर पनि थान्को लाग्ने आशा गर्नु अनुपयुक्त होइन ।

त्यसो त जीवनीलेखनमा पारिजात, बाङ्देल, दौलतविक्रम विष्ट, भानुभक्त वा महाकवि देवकोटासँग हृदय जोडेर काम गरेका नरेन्द्र र कविता, कथा अनि उपन्यासका अनेक बान्कीमा मन होमेकी इन्दिराको पाइला सराइ लोभलाग्दो छ । तिनले अलगअलग वा फरकफरक गति लिएर आफ्नो कर्म गरिरहे पनि अब एकै रूप र अनुहारमा समाजले सहीछाप गरिसकेको छ ।

नइ प्रकाशन राज्यसँग तर्कवितर्क गर्ने स्थितिमा उभिएको संस्था हो । कर्म गर्नेसँगै तथ्य र तर्क हुन्छ । जोसँग आधार हुन्छ त्यसले अरूलाई औँलो ठडचाएर कुरा गर्न सक्छ । नेपाली वाङ्मयका निम्ति नइ प्रकाशनले त्यो हैसियत राखेको प्रमाण मैले मनग्गे भेटेको छु ।

नइका राम्रा कामको म साक्षी हुन रुचाउँछु सधैँसधैँ । तिनको रचनात्मक कार्यलाई समाजले सधैँ आदर, सम्मान र स्मरण गरिआएकै छ । म त्यही समाजको एक सदस्य हुँ नि !

म ढुक्क छु– नेपाली साहित्यजगत्ले नइको लेखाजोखामा मन सधैँ फुकाउनेछ । किञ्चित् खुम्च्याउने छैन हृदय ।

# पौरखले चुलियो

## रम्भा पौडेल

नइ प्रकाशनका संस्थापक जोडी नेपाली साहित्यको क्षेत्रमा स्थापित नाम हुन् । नइ अर्थात् नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई । यिनै जोडीका नामबाट नइ प्रकाशन नामको वाङ्मयिक संस्थाको स्थापना भएको हो । स्थापनाकालदेखि नै यो संस्था नेपाली भाषा र साहित्यको श्रीवृद्धिका लागि नेपाली आकाशमा निरन्तर कार्यरत छ ।



नेपाली सांस्कृतिक मूल्य र मान्यतालाई सदैव शिरोपर गर्दै नेपाली भाषासाहित्यको माध्यमबाट राष्ट्रको महत्त्वपूर्ण सेवा गर्ने पुनीत कार्यमा नइ प्रकाशन समर्पितै भएर लागेको पनि पच्चिस वर्ष बितिसकेको छ । नेपालमा स्थापना गरिएका प्राय: साहित्यिक संस्थाहरूले यस्तो सुखद अवसर बिरलैले पाए होलान् । त्यसैले पनि नइ प्रकाशन, जोडीलाई मात्र भाग्यमानी भनेर पुग्दैन; नेपाली भाषसाहित्यलाई समेत भाग्यमानी भन्नै पर्दछ ।

नइ जोडीसँग मेरो आत्मीय सम्बन्ध रहिआएको छ । यस जोडीलाई मैले नजिकबाट चिन्ने मौका आफ्नै परिवारभित्रबाट

पाएकी हुँ । हरेक शब्दहरूलाई अत्यन्त सुन्दर र मिठासपूर्ण तरिकाले भन्न सक्ने र हरेक मानिसलाई छिट्टै तरिकाले आफ्नै बनाउन सक्ने खुबी उहाँहरूमा छ । उहाँहरूकै स्वभावका कारण हाम्रो परिवारै पनि उहाँहरूसँग धेरै घनिष्ठ रहेको मैले पाएकी छु ।

नइ जोडीलाई मैले आफ्नो कामप्रति बफादार र अत्यन्त जिम्मेवार व्यक्तित्वको रूपमा पनि बुझेकी छु । सर्जकहरूले समाजका उकुसमुकुसलाई बाहिर ल्याउँछन् । साधकहरूका समस्या समाधानका बाटाहरू पनि देखाउनमा नइ जोडी आफ्नो खुबी राख्छन् । त्यसैले भनिन्छ, स्रस्टाहरूको चाहनामा नै राष्ट्रको ढुकढुकी चलेको हुन्छ । राष्ट्रको विकास र निकास स्रष्टाहरूको कलममा लुकेको हुन्छ । हतियारको मैदानमा नगईकनै शान्तिपूर्ण समाज निर्माण र परिवर्तनको भागिदार यिनै स्रष्टा नै हुन्छन् । सामाजिक मूल्य, मान्यता धर्म, संस्कृति, भाषासाहित्य, कला यी सबैको संरक्षणमा लेखक तथा साहित्यकारहरूको जीवन व्यतीत भएको हुन्छ । नइले बिताएका जीवनको मध्यखण्ड पनि यिनै पुनीत कार्यमा व्यतीत भएको छ ।

नइ प्रकाशनले गरेका पुनीत कार्यले नै यस संस्थाको जीवनलाई सार्थक त बनाएकै छ । त्यसभन्दा पनि नेपाली भाषासाहित्यको निरन्तर संरक्षण, अभ्यास र पुनर्जीवन दिनमा नइ प्रकाशनको ठूलो हात रहेको छ भन्ने मलाई लाग्छ । यो संस्था कसैको दया र मायाले फस्टाएको होइन, यो आफ्नै पौरखले चुलियो र चुलिएको छ । नइ प्रकाशन नेपाली भाषासाहित्य, कला, संस्कृति समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुद, सङ्गीत, नृत्यलगायतका समग्र देश चिनाउने विविध प्रतिभाको खोजी गरीगरी तिनीहरूको वन्दनामा अग्रसर भई आएको छ । विभिन्न सांस्कृतिक कार्यको अतिरिक्त विविध ग्रन्थमालाहरूको प्रकाशनसमेत नइले गर्दै आएको कुरा सर्वविदितै छ ।

नइ प्रकाशनको निम्तोमा यस संस्थाको स्रष्टा सम्मान तथा पुरस्कार प्रदान हुने कार्यक्रममा सहभागी हुने अवसर मैले घरीघरी

पाएकी थिएँ । विविध विधामा विभिन्न समूहका व्यक्तित्वहरूलाई पुरस्कार प्रदान गरेको देख्दा नै म निकै चकित र प्रभावित भएकी थिएँ । नइले आजका पुस्तालाई मात्र नभएर भोलिका पुस्ताका लागि पनि निरन्तरता दिन्छ भन्ने कुरा नइका विभिन्न स्रोतहरू अध्ययन गरेपछि स्वत: चाल पाइन्छ । नइले शिशु, बालक, किशोर र नवोदित साहित्यकारदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्सम्मका व्यक्तित्वहरूलाई विविध विधामा ससम्मान तरिकाले हरसाल पुरस्कार प्रदान गरिरहेकै छ । साथै विविध राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनहरू गर्न पनि नइले नै भ्याइरहेको देखिन्छ । नइका हरेक समारोह भव्य र सभ्य तरिकाले सम्पन्न हुने गरेको मैले सशरीर देख्तै आएकी छु । यसो हेर्दा नइ प्रकाशन नै नेपाल एकेडेमी हो कि भन्ने झल्कोको मैले अनुभूत गर्दै आएकी छु किनभने नइ प्रकाशनले नेपाली साहित्यमा चुलिएर आफ्नो धर्म निर्वाह गरिरहेको छ । आफ्नै गाँस खाएर रातोदिन यसैमा दगुरेका नइ जोडी नेपालमा एउटा नमुनाकै रूपमा हामी धेरैले देख्तै आएको कुरा सर्वविदितै छ । यसरी दिलोज्यान दिएर नेपाली भाषासाहित्यको सेवा गर्ने मान्छे मैले अरू देखेको छैन र नइ प्रकाशनजस्तो क्रियाशील अरू साहित्यिक संस्था पनि मेरा आँखामा परेको मलाई थाहा छैन ।

बहुप्रतिभाशाली बालक, किशोरदेखि वयस्क र पाका उमेरसम्मका व्यक्तित्वलाई एकै ठाउँ राखेर पुरस्कार प्रदान गरिएको देख्दा जोकोही पनि निकै प्रभावित र खुसी भएको हुनुपर्छ । देशदेशान्तरका प्रतिभाको सम्मान गरी नेपाली भाषासाहित्यको क्षेत्रमा नइ प्रकाशनले पुऱ्याएको योगदान अत्यन्तै ठूलो छ । आज नइबाट पुरस्कृत बालक तथा किशोरहरूले भोलिका गतिविधि हेर्दै जानेछन् र सत्मार्गमा लाग्न प्रेरित पनि हुनेछन् भन्ने मलाई लागेको छ । राष्ट्रिय विभूतिदेखि नयाँ प्रतिभाहरूसम्मको संरक्षण सानो दिमाग र योजनामा हुन सक्दैन । तर नेपाली धर्तीमा नइले यस्तै चमत्कारी

काम गर्दै आइरहेको छ । नइका काम मैले पनि झन्नै पच्चिसै वर्षअघिदेखि नै सुन्दै र हेर्दै आइरहेकी छु । आफ्नै आँखाअघि एउटा संस्था क्रमैसँगले यसरी झाँगिएको देख्ता गौरव पनि लाग्दो रहेछ । नइका ती कामहरू हेरेर, देखेर र सुनेर म पनि लेखक भएका कारणले नै पनि गौरव मनाइरहेकी छु ।

नइ प्रकाशन, नइ जोडी र उहाँहरूलाई साथ दिने सम्पूर्ण टिम नै आश्चर्य रूपमा खटेर आज हाम्रो देशमा एउटा इज्जतदार संस्था परिचालित छ । आफ्नो उद्देश्यप्रतिका धर्ममा रहेर नइले नेपालको साहित्यिक इतिहासमा अविस्मरणीय काम गरेको छ । जुन कामहरू भोलिका दिनमा पनि आश्चर्यका रूपमा नै हेरिनेछ भन्ने मलाई लागेको छ ।

# समाजको ज्वलन्त उदाहरण

## डा.राजकिशोर सिंह

मानवमानवबीचको मानवीय सम्बन्ध अति महत्त्वपूर्ण कुरा हो । विभिन्न जातजाति, समुदाय, क्षेत्र, भाषा, संस्कृति, जीवनशैलीका मानिसहरू एक ठाउँमा भेला भई बसाइ गर्छन् । बसाइसराइ गरी आएका सयौँ मानिसहरूले नयाँ समाज, नयाँ छिमेकको निर्माण गर्छन् । परिचयसमेत नभएका यी छिमेकीहरूबीच आत्मीयतासमेत हुन्छ । यिनीहरू एकअर्काका सहयोगी हुन्छन् । नयाँ ठाउँ नयाँ परिवेश, नयाँ बसाइ भए तापनि बिस्तारै सबै कुराहरू सहज भएर जान्छन् । भाषा तथा सांस्कृतिक विविधताले समेत मानव सम्बन्धलाई कुनै बाधा अड्चन गर्दैनन् । अपरिचित अनुहारहरू पनि मित्र बन्छन्; एकअर्काका लागि सहयोगी बन्छन्; एकअर्कालै न्यानोपन महसुस गर्छन् । छिमेकीहरूको माझमा एक्लोपन, बूढोपन, सामाजिक दबाबहरू महसुस हुँदैन । आज हाम्रो नइ प्रकाशन टोल यसैको एउटा ज्वलन्त उदाहरण भएको छ । यस टोलमा देशका चारैतिरबाट आएर हामीले एकआपसमा आआफ्नो प्रकारको सम्बन्ध गाँसेका छौँ ।



बसाइसराइको प्रसङ्गमा तराईबाट काठमाडौँ, डिल्लीबजार, घट्टेकुलोको बसाइको मेरो रमाइलो अनुभव छ । म समयलाई चिन्दथेँ ।

सम्भवत: मलाई लाग्दछ समयले मलाई पनि चिनेको हुनुपर्छ । समयसँगसँगै म पनि हिँडेको छु । मेरो अतीत, वर्तमान र भविष्य सपनासरह पूर्ण रूपमा सत्य रहेको छ । सपना पनि सत्य हुँदो रहेछ । काठमाडौँ आएर मेरो आफ्नो सपना सत्य भएको मलाई महसुस भएको छ ।

अध्ययन तथा अध्यापनसँगै लेखनकार्यले मेरो पेसालाई निखार्दै लग्यो । यसको परिणाम नै घडेरी र घर बनाउन म सफल भएँ । डिल्लीबजारको घट्टेकुलोमा बनाएको घरले मेरो आफ्नो जिन्दगीले सन्तोष प्राप्त गरेको मभित्र अनुभूति भएको छ । यस टोलका छरछिमेकका कारणले मभित्र झनै बढी सन्तोष दिएको छ ।

अनामनगर चोकबाट घट्टेकुलो धोबीखोलातिर जाने जनपथमार्ग हाम्रो बसाइस्थल हो । यसै टोलमा हामीले मेलमिलाप उपभोक्ता समिति गठन गरेका छौँ । यसै समितिले नामाकरण गरेको नइ प्रकाशन टोलले हाम्रो बसाइस्थलको पहिचान बनाएको छ । मैले धेरै साथी र आफन्तहरूलाई नइ प्रकाशनका नामबाट आफ्नो घरको ठेगाना बताउने गरेको छु ।

असल, राम्रा छिमेकीहरू पाउनु मान्छेको भाग्यको कुरा हो । नइ टोलवासीहरू हृदयले राम्रा छन् । यहाँका सबै प्राय: मन, बुद्धि तथा विवेकले राम्रा छन् । दु:खसुखमा हामी सँगै हुन्छौँ, एकअर्कालाई गुहार्छौं । मिलेर हामी समस्याको समाधान गर्छौं । अप्ठ्यारो पर्दा, कुनै आकस्मिक घटना भए वा आकस्मिक समस्याहरूका लागि यहाँ बिगुलसमेत जडान गरिएको छ । त्यो साइरन बजेपछि हामी एकै ठाउँमा भेला हुने गर्छौं । अनि बेला बखत हामी नइ प्रकाशनको कार्यालय पुग्छौँ । त्यहीँ हाम्रो टोलको बैठक बस्छ । चिया, बिस्कुट खाँदै टोलका लागि विभिन्न निर्णयहरू त्यसै बैठकबाट हुन्छन् । हामी सोही निर्णयहरू कार्यान्वयन गरी टोलछिमेकको विकास गर्छौं । यहाँ अव्यवस्थित बाटो, बत्ती, ढल आदि आवश्यकताहरूको हामी व्यवस्थापन गर्दछौँ ।

नइ प्रकाशनका संस्थापक नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईप्रति हामी नइ टोलवासी कृतज्ञ छौँ । नइगृहमा नै नइ प्रकाशन टोलको बैठक बस्छ र हरेक बैठकमा चिया, बिस्कुटबाट हामी सबैको स्वागत हुन्छ । हाम्रा बैठकहरूमा गफगाफ र हँस्सीमजाक पनि प्रशस्तै हुन्छ । हामीहामीमाझ राजनीतिक कुरा पनि चल्छ । राजतन्त्र र गणतन्त्रका राम्राराम्रा कुरा आउँछन् र त्यहीँ विसर्जित हुन्छन् । घरव्यवहारका कुरादेखि देशविदेशका राजनीतिका बहसको स्थान हो– नइ प्रकाशनको कार्यालय । मीठा बोलीवचन र मिलनसार व्यवहारले हामी छिमेकीलाई नइ जोडीले सदैव आकर्षित गरिरहेको पाउँछौँ । नइगृहमा आएका विभिन्न स्रष्टा र राजनेताहरूको स्वागत गर्न पनि हामी पुगिरहेकै हुन्छौँ । नइगृहमा जुनसुकै सिद्धान्तका नेताको पनि आगमन भइरहेको हुन्छ । साहित्यका साना ठूला प्रतिभाहरू पनि यहाँ आइरहेका देखिन्छन् । नइको सबैसँगको प्रायः उस्तै सम्बन्धको शैली देखेर हामीलाई अचम्म लाग्ने गर्छ । अनि नइको यस व्यवहारसँग हामी गौरव मान्छौँ । वास्तविक नेपाल र सबैप्रतिको समान व्यवहारको थलो म नइ प्रकाशन नै देख्ने गर्छु ।

नइ प्रकाशनका हरेक कार्यक्रममा हामीले निम्ता पाएका हुन्छौँ । निमन्त्रणापत्रसँगै मोबाइल कल पनि आएकै हुन्छ र जतिसुकै व्यस्तताको बावजुद पनि हामी नइका समारोहहरूमा पुग्छौँ र रमाइलो गर्छौं । साहित्यका लागि राम्रो नाम चलेको नइ प्रकाशनका नयाँनयाँ पुस्तकहरू नियमित पढ्न पाइन्छ । हाम्रा लागि साहित्यसम्बन्धी पुस्तकालय हाम्रो टोलछिमेक अथवा नइगृहमै रहेको छ ।

पुस्तकको कुरा गर्दा केही सान्दर्भिक चर्चित कुराहरूको सम्झना भएको छ । अमेरिकी कवि रोबर्ट फ्रस्ट (Robert Frost)ले आफ्नो कविता ‘Mending Wall’ मा भन्छन्– He only says, ‘Good fences make good neighbours.’

कवितामा रहेका दुई पात्रहरूमध्ये कविका छिमेकीले भनेको उपरोक्त पङ्क्तिले भन्दछ– 'राम्रा पर्खालले राम्रा छिमेकी बनाउँछन् ।' कवि अचम्मित छन् र भन्छन्– 'Why do they make good neighbours ?' छिमेकीको विचारमा राम्रा पर्खालले छिमेकीछिमेकीबीचको द्वन्द्व रोकिन्छ; कुनै विवादको सिर्जना गर्दैन । कविको विचारमा छिमेकीछिमेकीबीचमा आउने द्वन्द्वको कारण गाईबस्तु हुनुपर्छ । गाईबस्तुले रूखबिरुवाको फलफूल एकअर्काले खाइदिएको हुनुपर्दछ । तर यथार्थमा, मेरो विचारमा फ्रस्टको छिमेकीले भनेका कुरा सत्य हुनुपर्छ । पर्खालले नघेरिएको खुल्ला ठाउँ छिमेकीहरूका लागि विवादको विषयवस्तु हुने रहेछ । गाडी पार्किङका समस्याले समेत घरीघरी विवाद सिर्जना गरेको हुन्छ । गाईबस्तु नभई सवारीसाधनको पार्किङले छिमेकमा विवाद आउने गरे पनि हामी बैठक बसेर सौहार्दपूर्ण वातावरणमा नइ प्रकाशनले पस्केको चियाको स्वाद लिँदै विवादको समाधान गर्दछौँ । घरलाई घेरेका अग्लाअग्ला बलिया पर्खालहरूले समेत हाम्रा मन तथा विचारहरूलाई छेक्दैन ।

म र प्राध्यापक डा.डिल्लीराज शर्मा यो समाजमा बसाइ सरेर आउँदा यहाँ बाटो, बत्ती आदि त्यति व्यवस्थित थिएन । हाल रहेको चोकमा माटोको ढिस्को थियो । ढिस्कोसँगै जोडिएको छिमेकीसँग सोधपुछ गर्दा आफ्नो निजी जग्गा भएको दाबी गरे । खोजतलास गर्दै जाँदा जानकारी भयो– उनको बानी नै रहेछ खाली जग्गा देख्नै नहुने आफ्नो भनिहाल्ने । ई.एम.फोस्टरले लेखेको 'My Wood' निबन्धको सार प्रत्यक्ष यहीँ देखियो । फोस्टरले सानो जग्गा किने र त्यसको स्वामित्वको अनुभूतिले गर्दा आफ्नो बगैँचामा बसेको चरोसमेत आफ्नै सम्पत्ति भन्न थाले । त्यो चरो उडेर छिमेकीको बगैँचामा गयो । त्यस घटनाले उनलाई बेचैनी भयो । आफ्नो सम्पत्ति अन्यत्र गएको र त्यसलाई फर्काएर ल्याउन उनले प्रयास गरे । चरा फर्केर नआउँदा उनको मन विचलित हुन्थ्यो र उनी निराश हुन्थे ।

छिमेकीले उठाएको ढिस्का फोर्न हामीले पहल गऱ्यौँ। हामीहामीको सहयोगमा यो 'विशेष' छिमेकीलाई समेत तह लगाउँदै बाटोघाटो बनायौँ। व्यवस्थित ढल निर्माण गऱ्यौँ। बिजुलीबत्तीले टोलछिमेकलाई उज्यालो पाऱ्यौँ। यी सबै कार्यमा नइ जोडी र नइ प्रकाशनले धेरै गुण लगाएका छन्। हामी नराम्रो छिमेकमा राम्रो छिमेकी हुने प्रयास पनि गर्न सक्दैनौँ (It is discouraging to try to be a good neighbour in a bad neighbourhood– William Castle) तर राम्रो छिमेकमा राम्रो छिमेकी भई बस्न सहज हुन्छ। राम्रो छिमेकी पाउनु भनेकै ठूलो सम्पत्ति पाउनुसरह हो। (A good neighbour– a found treasure– Chinese Proverb)। राम्रो छिमेक पाउनु भनेको गौरवको विषय हो। राम्रो छिमेकबिना कसैले आफूलाई धनी भन्नु निरर्थक कुरा हो (No one is rich enough to do without a neighbour– Danish Proverb)। थोमस फुलरले सही कुरा भनेका हुन्– 'साथीबिना हामी बाँच्न सक्छौँ तर छिमेकीबिना त्यो सम्भव छैन (We can live without our friends, but not without our neighbours– Thomas Fuller)।' नइजोडी र नइ प्रकाशन हाम्रा राम्रा र असल छिमेकी हुन्।

# नेपाली स्वर्णमन्दिर

## राधिका दाहाल

नइ प्रकाशनको नेपाली वाङ्मयको क्षेत्रमा गौरवशाली महिमा रहेको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा यो संस्था आसलाग्दो र भरपर्दो रूपमा स्थापित हुनुको साथै त्यतिकै प्रतिष्ठित पनि मानिन्छ । यस संस्थाको समाजका हरेक क्षेत्रमा संलग्नता र सहभागिता रहेको छ । साहित्यमा मात्र केन्द्रित नभई बहुमुखी क्षेत्र अँगालेकाले



नइ प्रकाशन विशेष उदाहरणीय मानिन्छ । पच्चिस वर्षभित्रै नइ प्रकाशनले यति काम गऱ्यो कि कसैले औँला भाँचेरचाहिँ लेखाजोखा गर्न सक्तैन । अब त नइका कामहरू धेरैका गुरु भइसकेका छन् । नइले जे काम गर्छ अरूले त्यसको सिको पनि गर्न खोज्लान् तर पनि नइको कामको स्तरको छेउ समाउनसमेत कुनै संस्था पुगेको पाइँदैन ।

नइ आफ्नो यात्रामा सफल मात्र नभएर अरू स्रष्टाको समेत छहारी बनेको छ । नइ धेरै साहित्यकारको अविभावक हुनुको साथै कतिकतिको त संरक्षक पनि भएको छ । जसरी ताते गर्ने बच्चाहरूलाई आमाबुबाले हिँड्न र दौडाउन सिकाउँछन् त्यसरी नै नइले साहित्यनुरागीहरूलाई साहित्य सृजनामा दौडाउँदै आएका छन् ।

नइगृह मेरो मावल पनि हो; ताप्लेजुङको हाङपाङदेखिका प्यारा सम्झनाहरू मेरो हृदयमा तरेली परेर रहेका छन् । हाङपाङ मामाघरमा पनि पुस्तकालय थियो र हामी त्यहाँ उपयोगी पुस्तकहरू पढेर रमाउँथ्यौँ । राम्रा कथाका पुस्तक पढ्न म 'जिजु हाउस' गइरहन्थेँ । दसैँमा मामाघरको दक्षिणा र पत्रिका या पुस्तकसमेत पाउँदा म उत्तिकै रमाउँथेँ । जिजु हाउस भनेको नइ प्रकाशनका संस्थापक नरेन्द्रराज प्रसाईको जन्मघर हो । नरेन्द्रराज प्रसाईका बुबा अथवा मेरा हजुरबुबा जयप्रसाद प्रसाई ठूला विद्वान्, बाजेबराजुजतिकै जान्ने, सुन्ने र ज्ञानी भएकाले सबैले जिजु भन्ने गर्थे । हाङपाङको छेउमै भएको दार्जिलिङको अङ्ग्रेजी प्रभावका कारण हुन सक्छ जिजु घरलाई मैले थाहा पाएदेखि नै 'जिजु हाउस' भनिन्थ्यो ।

हामी मावल जाँदा जिजु हाउसमा धेरै बस्न पाउँदैन थियौँ । पढ्ने विद्यार्थी भएका कारण हामीले चुहानडाँडा फर्किहाल्नुपर्दथ्यो । त्यतिखेर मामाघर जाने क्रमले अहिलेसम्म पनि निरन्तरता पाइरहेको छ । पछिल्लो समयमा हाम्रा लागि जिजु हाउस भन्नु नै नइगृह भएको छ । म जब नइगृहमा पुग्दछु, मामामाइजूले मलाई त्यति नै माया गर्नुहुन्छ र नयाँ र उपयोगी पुस्तक उपहार दिनुहुन्छ । मेरी आमाकी अति श्रद्धेय माइजू भागीरथा प्रसाई र माइजूकी प्रिय भान्जी अथवा मेरी आमा मनमायाको प्रीति हाम्रा लागि कहिले नभुल्ने खालको थियो । मेरी आमाको नाम पम्फा भनेर हजुरआमा अथवा नरेन्द्र मामाकी आमाबाटै राखिएको हो रे ! त्यसैले मेरी आमालाई आफ्नी प्यारी माइजूलाई भेटाउन म नइगृह पुऱ्याउने गर्थें । नइ हाम्रो मावली घर मात्र नभएर मेरो साहित्यिक पाठशाला पनि हो । म प्राय: मेरो पाठशालामा गइरहेकी हुन्छु ।

साहित्यको मन्दिर नइगृहभित्रै छ र नइ प्रकाशन नेपाली साहित्यको स्वर्णमन्दिर हो । यस मन्दिरमा धेरै पुजारी छन् तथापि नइलाई नै प्रमुख पुजारीका रूपमा मानिन्छ । नइदम्पती अब्बल

दर्जाका पुजारी भएकै कारणले हुन सक्छ– 'नइ मन्दिरमा साहित्य नै बोलिन्छ, त्यहाँभित्र छिरेपछि साहित्यमै रमिन्छ र त्यस ठाउँमा साहित्यकै पूजा आराधना हुन्छ । त्यस ठाउँमा जुनसुकै धर्मका प्रतिभा पसे पनि त्यहाँ उसले साहित्य मात्र बोल्छ, जुनसुकै राजनीतिक विचारका स्रष्टा पसे पनि उसले त्यहाँ साहित्यबाहेक अरू थोक बोल्न आँट गर्दैन ।' हुन सक्छ, नइ प्रकाशनको मर्यादा धेरैले बुझेका छन् र त्यहाँभित्रैको वातावरणमा बाहिरबाट जाने जोकोही पनि तुरुन्तै घोलिन्छन् । सिर्जनाका रूपमा नइभित्र सोर्सफोर्स, आफन्त, पराइ, बलियो, निर्धो, जातभात, लिङ्ग र धर्मको हिसाब हुँदैन । त्यहाँभित्र छिरेपछि केवल सिर्जनात्मक बीउ, बिरुवा, प्रतिभा र योग्यताको मात्र पढाइ रटिन्छ । नइ त्यही सौन्दर्य हो, नइलाई जसले नजिकबाट जसरी देख्छ र सशरीर जुन रूपमा भेट्छ उसले मात्र नइ चाल पाउँछ । त्यसपछि पनि त्यहाँबाट निस्केकाहरू धेरैले नइ प्रकाशनकै गीत गाउन थाल्छन् ।

नइ प्रकाशन उत्कृष्ट प्रकाशन भएको हुनाले सबैले मुक्त कण्ठले नइको प्रशंसा गर्दछन् । मैले पनि मेरा पुस्तकहरू नइबाट प्रकाशित गरेँ । पाण्डुलिपिमा जबसम्म एउटा कमा पनि त्रुटिरहित रहन्छ तब मात्र नइले पुस्तक प्रकाशनका लागि अनुमति दिन्छ र पुस्तकमा उत्कृष्ट भाषासम्पादनका साथै आकर्षक साजसज्जा पनि नइ प्रकाशनको विशेषता हो । नइ प्रकाशनमा मेरा चारवटा कृति– 'आँगनदेखि' कवितासङ्ग्रह, 'हरिचरण सिटौलाको सुकीर्ति' मेरा बुबालाई चिन्ने र जान्नेहरूको संस्मरण, 'आज्ञा' बालकथासङ्ग्रह र मैले सम्पादन गरेको मेरी आमा मनमाया सिटौलाको आत्मकथा 'मैले बिताएको युग' प्रकाशित भएका छन् । मेरो 'आँगनदेखि'मा विदुषी इन्दिरा प्रसाईले सशक्त भूमिका लेखिदिएपछि मलाई पर्याप्त हौसला प्राप्त भएको छ । मेरा कृतिहरू मात्र नभएर नइले लोपोन्मुख पुस्तक प्रकाशन गरेर ती पुस्तकहरूलाई संरक्षण गरिरहेको छ । विशाल

पुस्तकालयसहित आकर्षक कार्यालय भएको नइ संस्था साक्षात् सरस्वतीको मन्दिरजस्तो छ ।

देशदेशान्तरका कुनाकाप्चामा रहेका योग्य साधकहरूलाई नइले सियो खोजेझैँ खोजेर उनीहरूको योग्यताको कदर गर्दछ । नइले पुरस्कृत गर्ने प्रत्येक व्यक्ति अब्बल दर्जा र क्षमताका हुन्छन् । नइले पुरस्कृत गरेका प्रतिभा अन्तबाट पनि धमाधम पुरस्कृत हुन थाल्छन् । उदाहरणका लागि माधव घिमिरे, सत्यमोहन जोशी, वानीरा गिरी र वासुदेव त्रिपाठीलाई नइले विभिन्न उपाधि दिएपछि अरूले तँछाड र मछाड गरेर उनीहरूको वन्दना गर्न थाले । अरू स्रष्टाहरूलाई पनि नइले पुरस्कृत गऱ्यो भने के बुझ्नु जरुरी छ भने उसलाई अरूतिरबाट पनि सम्मानित हुने बाटो खुल्न थाल्छ । नइ बाटो देखाउने गुरु भएको छ । नइले छानेका प्रतिभा नै सशक्त हुन्छन् भन्ने धेरैलाई छाप परेको छ । यस्तो विराट् क्षमता भएको नइ प्रकाशन माथिल्लो दर्जाको प्राज्ञिक संस्था हो ।

नइदम्पतीलाई राष्ट्र र साहित्यको सेवा र उत्थानमा अहोरात्र खटिरहने उच्चकोटिको साहित्यकार मानिन्छ । नइले दूधबाट नौनी निकालेझैँ चिन्तन, मनन र अनुसन्धान गरेर उत्कृष्ट साहित्य पस्किएर समाजलाई सुसूचित गराइरहेको देखिन्छ । नरेन्द्रराज प्रसाई उच्चकोटिको जीवनीकार भएको धेरैलाई थाहा छ । खरानीलाई सग्लो मानिस बनाउने क्षमताका धनीले लेखेका कृति पढेर म रोएकी छु । खास गरेर 'देवकोटाको जीवनशैली' पढेर म धरधरी रोएकी छु । इन्दिरा प्रसाईका उपन्यास, कथा, कविता, निबन्ध जे पढ्यो त्यही उत्कृष्ट लाग्ने गर्छन् । नइबाट अनगिन्ती पढ्नैपर्ने पुस्तकहरू लेखिएका र प्रकाशित भएका छन् ।

आतिथ्य सत्कारमा नइले देखाएको आत्मीयता र हार्दिकताको शब्दमा बयान गर्न सकिँदैन, जोसँग जे सम्बन्धित छ उसैसँग उसका राम्रा र नराम्रा कुरा ऐनाझैँ देखाइदिएर अगाडि बढ्न अभिप्रेरित

गरिरहने नइको आत्मिक व्यवहारको तारिफ नगर्ने कमै हुन्छन् । अतिथिलाई के, कस्तो मान दिनुपर्छ भन्ने पाठ पढ्न पनि एक चोटि नइगृहमा पुग्नै पर्छ । जातभात, उँचनीच, लिङ्ग, धर्म आदिलाई पर सारेर नइले केवल मानवता मात्र देख्छ ।

नइले ठूलाठूला भव्य समारोह र सम्मेलन आयोजना गर्दै सफलता हासिल गरेको छ । समय एक मिनेट पनि खेर जान नदिईकन कार्यक्रम सञ्चालन गर्ने नइको अद्वितीय कला र क्षमता छ । सिनेमाको टिकटझैँ नइको कार्यक्रममा छिर्न पास चाहिन्छ र त्यो पास पाउन मानिसहरू लालायित हुन्छन् । नइको सुकीर्तिका कारण त्यहाँबाट प्राप्त निम्तोपत्र नै पनि हाम्रा लागि सम्मानपत्रझैँ मर्यादित हुन्छ । त्यसैले नइको निम्तोपत्रको महत्त्व नै ठूलो हुन्छ ।


नइदम्पतीलगायत सम्पूर्ण सदस्य र स्वयम्सेवकहरूको अथाह शक्ति र सामर्थ्यका कारण नइ प्रकाशन उच्चकोटिको संस्थाको रूपमा उभिएको छ । त्यसरी नै त्रिमूर्ति निकेतन, वानीरा फाउन्डेसनको पनि संस्थापक रहेर नइले नेपाली भाषा र साहित्यमा स्तुत्य काम गरेको छ ।

मैले नइका प्रत्येक कार्यक्रममा सहभागिता जनाउन पाएकी छु, त्यसमा म आफूलाई साहित्यको एउटा भाग्यमानी स्रष्टा महसुस गर्दछु । साथै यी विभिन्न कार्यक्रममा मैले सेवा र सहयोग गर्ने अवसर पनि पाउनुको साथै नइ प्रकाशनबाट सम्मानित हुने सौभाग्य पनि पाएकी छु ।

# विविधता र गहनताले उच्च

## प्रा.रामकुमार पाँडे

नेपाली साहित्याकाशमा नइ प्रकाशनको स्थापना र महत्त्वको बेग्लै रूपरेखा कोरिएको छ । नइ प्रकाशनको स्थापनाभन्दा धेरै अघि मैले एउटा खरा र दह्रा युवाका रूपमा नरेन्द्रराज प्रसाईलाई चिनेको हो । त्यस बखत नै मेरो मनमा लागेको हो 'यिनले साहित्यमा नयाँ शिराले काम गर्छन् ।' सायद नरेन्द्रराज प्रसाईले युवावर्ष मोती पुरस्कार प्राप्त गरेको सन्दर्भ र कमलमणि दीक्षितका कुरामा उनका बारेमा मैले केही कुरा सुनेँ जस्तो लाग्छ । उनलाई र इन्दिरा प्रसाईलाई साहित्यिक कार्यक्रममा भेट हुँदा मित्रता नवीकरण हुनेबाहेक मैले उनीहरूसँग धीत पुराएर मनका कुरा कहिल्यै गरेको थिएन ।



२०७९ सालको फूलपातीमा मैले सोचेँ– 'नइले साहित्यको राम्रो पुस्तकालय बनाएको छ र सायद मेरो कुनै पनि पुस्तक त्यहाँ छैन होला । अनि फूलपाती भित्राएजस्तो हुन्छ' भनेर आफूले लेखेका किताप जेजति फेला परेको थियो त्यो लिएर म त्रिमूर्ति निकेतन पुगेँ । मलाई लागेथ्यो त्यहीँ नइको घर छ । तर त्यसो होइन रहेछ, म त्यहाँबाट फर्कें । किनभने नइनिवास त घट्टेकुलोमा रहेछ ।

पहिलोपल्ट फोन गरेर पुगें नइको निवास । त्यस दिन हामी एकअर्कामा कुरा धेरै भए । मैले नइको पुस्तकालय पनि हेरें । नइको पुस्तकालय देखेपछि मलाई कुनै समय मदन पुरस्कार पुस्तकालय पुगेझैँ महसुस भयो । व्यक्तिगत त्यो पनि नेपाली भाषासाहित्यको यो बिघ्न सङ्कलन नेपालमा अरू कसको होला ? कुनै समय मेरो पाँडे पुस्तकालयमा पुस्तक देखेर मान्छेहरू छक्क पर्दा मैले सुनेको थिएँ कमलप्रकाश मल्ल, तारानाथ शर्माको पनि ठूलै निजी पुस्तकालय छ । मेरो पुस्तकालयमा त अङ्ग्रेजीले गर्दा नेपाली पुस्तक कमै छन् । मान्छेहरू अचेल आफूले लेखेको किताप सय नाघ्यो भन्छन् । हो नाघेको पनि देखिन्छ तर बालकका लागि एउटा सानो प्रसङ्ग र एउटा कथा राखेर चित्र पुस्तक त्यो पनि साहित्यको निश्चित विधामा लेखेर किताप छाप्न हतार गरेको देखिन्छ । यसमा मेरो अलि फरक मत छ । भाषामा नेपाली र अङ्ग्रेजीमा आधाआधा प्रकाशित छन् भने साहित्यका अनेक विधा र उपविधादेखि बौद्धिकमा विभिन्न विषयको र पृष्ठ र आकारमा पनि पुस्तक र ग्रन्थ छन् भने त हुन्छ नत्र सङ्ख्या मात्रै त तुलनीय हुन सक्दैन । नरेन्द्रराज र इन्दिरा प्रसाईले पनि थुप्रै पुस्तक लेखेका छन् र ती पनि विषय विविधता र गहनताले उच्च रहेका छन् । नइले आफ्नो मात्र हैन अरूका पनि धेरै कृति सम्पादन गरेर गहकिला र गतिला, घतिला पुस्तक, ग्रन्थादी प्रकाशित गरेका छन् ।

नइदम्पतीले साहित्य र साहित्यकारको अध्ययन गरी प्रकाशन, मुद्रण र प्रचारप्रसार मात्र हैन; पुरस्कार जुटाएर हौसला पनि भरेका छन् । यी दुवै जना पूर्ण साहित्यमा समर्पित छन् । नइ प्रकाशनबाट नेपाली भाषासाहित्यको उन्नयनमा जुन काम भएको छ त्यो स्तुत्य छ । नेपाली साहित्यको विकास र विस्तारमा नइ प्रकाशनले जुन भूमिका खेलेको छ, त्यो कुनै पनि सरकारी साहित्य संस्थाभन्दा किमार्थ कम्ता छैन । नइ प्रकाशनका प्रकाशनहरू नै पनि धेरैजसो उल्लेख्य छन् र कतिपय त उच्चकोटिका उदाहरणीय र बेजोड नै

पनि देखा पर्छन् । यी प्रकाशनहरू नेपाली वाङ्मयलाई स्तरीयता प्रदान गर्न टड्कारो रूपमा देखा पर्दै छन् । नइ प्रकाशन स्थापना भए यताका कामहरू हेर्दा गहकिला पुरस्कार, विभिन्न उपाधि, पदक प्रदान गरिनाका साथै नइबाट प्रकाशित कृति हेर्दा नइ प्रकाशनले आफूलाई नेपाली साहित्य प्रज्ञाप्रतिष्ठानका रूपमा विकास गरेको पाइन्छ । वास्तवमा यो उपलब्धि स्वयम् नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई साहित्यकार र साहित्यका जानिफकार भएकैले मात्र सम्भव भएको हो । उनीहरू कुनै तलबभत्ताबेगर विशुद्ध साहित्यसेवामा निरन्तर खटेकै कारण यतिविघ्न उपलब्धि सम्भव भएको हो ।

नरेन्द्रराज प्रसाई प्रारम्भमा मैले चिन्दा खरा र दह्रा व्यक्ति र पछिल्लो समय कैय्यन् भोटो फटाएर गम्भीर र गहिरा व्यक्तित्व बोकेको महसुस भएको छ । उनको घरपरिवारसँग मेरो सामीप्यता छैन । मुस्किलले दुईचारपल्ट हामी देखादेख भयौँ होला । मोती पुरस्कारमा खटपट हुँदा जगदम्बा प्रेसअगाडि पाटनढोकामा नरेन्द्रराज प्रसाईलाई भेटेको म सम्झन्छु । बीचमा फाटफुट कुनै कार्यक्रममा पनि भेटेको बाहेक यस साल फूलपातीमा नइको घरमा र काग तिहारमा 'आलु पार्टी' हास्यदिवसमा मेरो दैलामा पहिलोपल्ट हाम्रो भेटघाट भएको अलि लामो समय थियो । नरेन्द्रराज प्रसाईले जति प्रिय रूपमा मलाई दाजु भन्छन् भेटमा, साँच्चै साहित्यिक रूपमा दाजुभाइ देखिए पनि म नइ जोडीको कामलाई आदर गर्न रुचाउँछु । मलाई लाग्छ यो जोडी साँच्चै संसार चिनेर अगाडि आएको हो ।

नरेन्द्रराज प्रसाई पारिवारिक रूपमा धनाढ्य नै भए पनि समय परिस्थितिले अनेकौँ मोडहरू लिएर एउटा अठोट र एउटा विशिष्टताका लागि सङ्घर्ष गरेका व्यक्ति हुन् । उनीसँग मेरो कृतिहरूको लेनदेन थिएन र आउनु जानु पनि थिएन । त्यही फूलपातीका दिन म पहिलोपल्ट नइनिवासमा पुगेको हुँ । मेरा केही कृति कोसेली लिएर म पुग्दा नइदम्पतीले मेरो खुबै सम्मान गरे । बाह्य साहित्यिक गतिविधिमा


मैले त्यति समय नदिए पनि म सामान्य जानकारीचाहिँ राख्थेँ र नइ प्रकाशनको कामप्रति मलाई श्रद्धा लाग्थ्यो । नइको निजी पुस्तकालय हेर्दा जोकोहीकहाँ नदेखिने दृश्य मैले देखेँ । पुस्तक मात्र हैन नेपाली साहित्यका लेखिका गोमा, प्रेमराजेश्वरी र पारिजातको प्रतिष्ठापन हुन बाँकी शरीराकृतिका पूर्ण कदमा उभिएका मूर्तिहरू देख्दा म अचम्भित भएँ । ठाउँ नपाएर ती सालिक स्थापना हुन नसकेको देख्ता र सुन्दा सरकारी तलबभत्ता खुवाउनका लागि प्राज्ञ बनाइएकालाई धिक्कार्न मलाई मन लाग्यो । हाम्रो नेपालमा काम गर्नेलाई वातावरण छैन र काम नगर्नेलाई माम पनि छ र दाम पनि छ ।

नइ मोबाइल फोन कोशको सातौँ संस्करणसम्म आफ्नो नाम अटुट रहेको देख्ता मलाई खुसी लागेको छ । यस संस्करणमा नेपालभरिका साहित्यकारका मोबाइल नम्बर मात्र राखिएका रहेछन् । आफ्नो सीमित स्रोत र साधन हुँदाहुँदै पनि स्रष्टाका प्राय: हरेक कुरामा नइले ध्यान दिनु मामुली कुरा हो जस्तो मलाई लाग्दैन । नइ प्रकाशनका कार्यक्रम पनि त्यस्तै विशिष्ट कोटिकै हुने गरेको मैले देखेको हुँ । कुनै पनि कार्यक्रममा मुस्किलले केहीमा म सहभागी भएँ हुँला । त्यस्तै नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले नाम फेरेर यो नेपाल प्रज्ञाप्रतिष्ठानको नाममा आइपुग्दा मुस्किलले फोन निम्ता दर्शक शोभामा ताली पिट्ने काममा फाट्टफुट्ट जानकारी गराए पनि म त्यहाँ गएको छैन । नेपालमा सोझै भन्दा जिउँदाले लात र मुर्दाले भात खाइरहेको समय काल म बाँचेको यो पछिल्लो भ्रष्टकाल हो । यो परिस्थितिमा नइ प्रकाशनले जुन नि:स्वार्थ कर्म गरेको छ त्यो समयले मूल्याङ्कन गर्नेछ । काम गर्नेले अवसर पाए कति काम हुँदो हो । यस्ता सत्कर्मीलाई म मनैदेखि नमन गर्दछु । साहित्यजस्तो पवित्र विषयमा दुर्गन्ध आउनु हुन्न भन्ने मान्यता राख्तै नइको कार्य म अनुकरणीय देख्दछु । यसै गरेर नइ प्रकाशनका हरकार्य निरन्तर र अविरल चलिरहोस् र नेपाली साहित्य फुलिरहोस्, फलिरहोस् भन्ने मेरो मनले शुभेच्छा प्रकट गरिरहेको हुन्छ ।

# राष्ट्रका लागि उदाहरण

**रामनारायण देव**

नइ प्रकाशन नेपालको एउटा गर्व गर्नलायकको गैरसरकारी साहित्यिक संस्था हो । निरन्तर र सशक्त रूपमा अघि बढिरहेको नइ प्रकाशनले एउटा विशेष किसिमको लोभलाग्दो उचाइ प्राप्त गरिसकेको छ । सरकारी क्षेत्रबाट करोडौँको बजेटमा सञ्चालित महेन्द्रकालीन नेपाल प्रज्ञाप्रतिष्ठानजस्ता साहित्यिक संस्था नभएको होइन तर पछिल्लो समयमा आएर तिनले दलीय स्वार्थबाहेक अन्यतिर दृष्टि लगाउन सकेको देखिएन । त्यसैले गैरसरकारी स्तरमा सर्वमान्य रूपमा क्रियाशील साहित्यिक संस्थाहरूको अग्र स्थान नइ प्रकाशनले ओगटेको देखियो ।



निजी संस्थाहरूले अनेक कठिनाइको सामना गर्न परिरहेको हुन्छ । साधनस्रोतको अभाव एकातिर छ भने पाठक, शुभेच्छुक सहयोगी र मनकारी व्यक्तिहरूको पनि कमी नै हुन्छ । समाज र साहित्यबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ तापनि साहित्यउपर लगानी कमैको हुन्छ । साहित्यले समाजलाई मार्गदर्शन गर्दछ भनेर जति जपे पनि व्यवहारमा यसलाई सरकारले समेत त्यति सहयोग गरेको देखिँदैन । साहित्यले समाजलाई डोऱ्याउँछ र समाजलाई सभ्य

र संस्कारित बनाउन साहित्यको निकै योगदान छ भनिन्छ, यो कुरा हो पनि । कुन समाज कति संस्कारित र सभ्य छ भन्ने कुरा साहित्यबाट मापन हुन्छ । यस्तो विषयमा सरकारको ध्यान जान अति जरुरी हुनुपर्ने हो ।

विद्वान्हरूले साहित्यलाई समाजको दर्पण भनेका छन् । समाजलाई योग्य, सक्षम र सामर्थ्य बनाउन साहित्यक्षेत्रबाट गरिएको योगदान अमूल्य हुन्छ । हाम्रो नेपाली समाजमा साहित्यप्रति अभिरुचि र आकर्षण जगाउन अझै मिहेनतको आवश्यकता छ । समाजको तल्लो तृणमूल क्षेत्रमा साहित्यको रस्वादनलाई पुऱ्याउनु सबै साहित्यकर्मीहरूको कर्तव्य हो । हाम्रो नेपाली समाजलाई राजनीतिक क्षेत्रले गाँजेको अवस्थाबाट साहित्यलाई उकास्नु अति नै आवश्यक छ । साहित्य सिर्जनामा राजनीतिले सघाउ पुऱ्याउनुपर्नेमा त्यो भइराखेको छैन । राजनीतिज्ञले साहित्यलाई अनुत्पादक ठान्दछ । जबसम्म राजनीतिज्ञले साहित्य प्रवर्धनमा सघाउँदैन तबसम्म साहित्यक्षेत्र उँभो लाग्दैन । तर यति भएर पनि नइ प्रकाशन भने नेपाली भूमिमा हिम्मतका साथ अग्रसर भएको छ र यो संस्था सफलताको शिखरतिर हिँडिरहेको छ ।

जस्तोसुकै समस्याग्रस्त वातावरणमा पनि नइ प्रकाशनले निरन्तर रूपमा साहित्यसेवामा लागिरहनु सामान्य कुरा होइन । नइ प्रकाशनमा प्रसाईदम्पतीले पुऱ्याएको अमूल्य योगदान अत्यन्तै प्रशंसनीय छ । दुवै जना साहित्यकर्मी स्रष्टा हुनुहुन्छ । यस्तो जोडा हाम्रो समाजमा कमै पाइन्छ अथवा श्रीमान् र श्रीमती एउटै विचार, अभिरुचि र सिद्धान्तका हुनु हामीकहाँ बिरलै पाइन्छ । प्रसाईदम्पती यस अर्थमा भाग्यशाली रहेका छन् । नइ प्रकाशनको नामाकरण पनि बडो सुन्दर देखिन्छ । नइ अर्थात् नरेन्द्र र इन्दिरा प्रकाशनले संयुक्त रूपमा साहित्यिक अभियानमा लागिरहेको देख्दा जजसलाई पनि खुसी लाग्नु स्वाभाविकै हो । भाग्यले यस्तो जोडी

बन्छ र यस जोडीलाई भगवान्ले पनि साहित्य सिर्जनामा बाँधिदिएका छन् ।

नइ प्रकाशनले लब्धप्रतिष्ठितदेखि नवसाहित्यकर्मीलाई समेत प्रोत्साहन गरेको देखिन्छ । यसले समाजका सबै वर्ग, लिङ्ग र क्षेत्रका साहित्यिक प्रतिभालाई समेटेको छ । तत्सम्बन्धी साहित्यसर्जकलाई नइले पुरस्कृत गरी प्रोत्साहित गरिआएको छ । त्यति मात्र होइन बालप्रतिभाहरूलाई साहित्यलेखनमा पुरस्कृत गरी प्रोत्साहन दिएको छ । शिशुदेखि पन्ध्र वर्षसम्मका विविध क्षेत्रका प्रतिभालाई बर्सेनि नइ पुरस्कार दिइन्छ; जसले गर्दा बालप्रतिभाको समग्र व्यक्तित्व विकासमा यसले ठूलो योगदान दिएको छ । यसले समावेशी सहभागितालाई मूर्त रूप दिएको छ । यसरी नइ प्रकाशनले गैरसरकारी क्षेत्रबाट ठूलो सेवा गर्दै आएको छ । जो कि हाम्रो जस्तो राष्ट्रका लागि उदाहरणीय बनेको छ ।

नइ प्रकाशनले साहित्यसिर्जनामा मात्र योगदान पुऱ्याएको छैन । अपितु ऐतिहासिक साहित्यिक प्रतिभालाई पनि सम्फेको छ । राज्य र सरकारले साहित्यकारहरूलाई सम्मान दिन नसकेको काम नइ प्रकाशनले गरेको छ । काठमाडौँको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मार्गमा प्रेस काउन्सिल भवनअगाडि तीन जना ऐतिहासिक साहित्यकारहरूको प्रतिमा एकै लहरमा स्थापित गरी नइबाट ठूलो सम्मान गरिएको छ । तीन जना लब्धप्रतिष्ठित साहित्यकारहरू क्रमश: लेखनाथ पौडयाल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण समको त्रिमूर्ति भनेर सालिक उच्च स्थानमा स्थापित गरी नइले अत्यन्त सराहनीय र प्रशंसनीय काम गरेको छ । यसले नेपाली समाजलाई ठूलो प्रेरणा दिएको छ । नइ प्रकाशनले अहिलेसम्म गरेका सबै काम उदाहरणीय बनेको छ । सरकारी स्तरबाट गठित साहित्यिक संस्थाहरूले गर्न नसकेका कामहरू नइले गरेको छ । नइ प्रकाशनले नेपाली साहित्यक्षेत्रमा पुऱ्याएको योगदान निश्चय

नै अतुलनीय छ । अहिलेसम्म यस संस्थाको टक्करमा पुग्ने यस्तै प्रकृतिको अर्को संस्था देखिएको छैन । तर यसले आफ्नो क्षेत्रलाई अझ विस्तार गरेमा सुनमा सुगन्ध हुने थियो । हुन त नइले नेपाली साहित्यका अतिरिक्त अन्य साहित्यक्षेत्रका प्रतिभाहरूलाई पनि समेटेको छ । थप यसले नेपालीपछि दोस्रो भाषामा बोलिने मैथिली भाषाका आदिपुरुषबारे पनि चिन्तन गरे नइले समग्र राष्ट्रका भाषाप्रति सम्मान गरेको गर्व समेट्न पाउने थियो भन्ने मेरो मान्यता हो ।

मैथिली साहित्यको लामो परम्परा छ । सातौँ शताब्दीदेखि मैथिली साहित्यिक सिर्जना भएको देखिन्छ । सिद्धसन्तहरूको फुटकर रचनाबाट सुरु भएको साहित्यले चौधौँ शताब्दीको महाकवि विद्यापतिको कालसम्म आउँदा ठूलो फड्को मारेको छ । विगत चौध सय वर्षदेखि साहित्य सिर्जना हुँदै आएको मैथिली साहित्य निकै धनी छ । नेपालको तराई क्षेत्रको मिथिलाञ्चलमा करिब पचास लाखको हाराहारीमा बोलिने मैथिली भाषामा धेरै साहित्यिक कृतिहरूको रचना भएका छन् । मैथिली भाषासाहित्य सम्पन्नताले भरिएका हुनाले नेपालको त्रिभुवन विश्वविद्यालय र भारतका दर्जनौँ विश्वविद्यालयहरूमा स्नातकोत्तरदेखि विद्यावारिधिसम्म मैथिली भाषाको पठनपाठन हुन्छ ।

नेपालको दोस्रो साहित्यिक भाषालाई नइ प्रकाशनले समेटेमा यसले लाखौँ साहित्यप्रेमीहरूको भावनालाई प्रतिनिधित्व गर्नेछ । हुन त भोजपुरी र अवधि भाषाका साहित्य पनि सम्पन्न छन् । यसलाई पनि समावेश गरिएमा अझ नइ प्रकाशनले महत्त्व पाउने थियो । नइले यी भाषाहरूको साहित्य सिर्जना गर्न ती भाषासाहित्यको एउटा विज्ञहरूको समिति बनाई कामको थालनी गर्न सक्दछन् । त्यसो गरिएमा नेपाली भाषाका साहित्यको अनुवाद ती साहित्यमा एवं ती भाषाका साहित्यहरूको अनुवाद नेपाली भाषामा गर्न सकिन्छ । यसले एकअर्काको साहित्य रस्वादन लिन सकिन्छ साथै नेपाली राष्ट्रियताको

क्षेत्रमा अझ समृद्धि ल्याउनेछ । साहित्यले राष्ट्रियता तथा राष्ट्रिय एकताको अभिवृद्धिमा महत्त्वपूर्ण योगदान दिन सक्दछ ।

नइ प्रकाशनले यसरी आफ्नो कार्यक्षेत्र विस्तार गरेमा साहित्यक्षेत्रको साथै आर्थिक क्षेत्रलाई पनि सुदृढ बनाउन मद्दत गर्नेछ । आर्थिक समुन्नतिबिना कुनै पनि संस्थाले स्थायित्व ग्रहण गर्न सक्दैन । आर्थिक आधार बलियो भए मात्र संस्थाले प्रगति गर्न सक्दछ । व्यापक साहित्यिक सहभागिताले संस्थाको श्रीवृद्धिमा ठूलो योगदान पुऱ्याउँनेछ । तसर्थ नइ प्रकाशनले यतातिर ध्यान पुऱ्याएमा यसको भविष्य उज्ज्वल रहनेछ । म नइ प्रकाशनको शुभचिन्तक भएको हुनाले यसमा मेरो सहयोग निरन्तर रहनेछ । आशा छ नइले नयाँ रूपमा आमपाठक, शुभचिन्तकहरूको भावनालाई प्रतिनिधित्व गर्नेछ ।

# अद्‌भुत संस्थासँगको नाता

## प्रा.डा.रामप्रसाद उप्रेती

मैले सानैदेखि जसको साथ पाएँ सो अहिलेसम्म पनि कायमै छ । हाम्रो बाल्यकाल पनि सँगै बित्यो । हामी एउटै खाटमा सुत्यौँ, खेल्यौँ र पढ्यौँ पनि । साथ मात्र होइन आफूसँग भएका थोत्रा कलमहरू प्रदान गरेर मेरो अध्ययनकार्यमा पनि सुरुबाटै उनैबाट उत्प्रेरणा पाइरहेँ । मैले पाएका ती थोत्रा कलमहरूलाई म कहिल्यै पनि बिर्सन सक्दिनँ ।



जीवनका हरेक मोडमा अर्थात् सुखदु:खमा सँगै रहने यस्ता व्यक्ति अरू कोही नभएर मेरी साहिँली फुपू भागीरथा प्रसाईका छोरा नरेन्द्रराज प्रसाई हुन् । उनैको साथले मैले जीवनलाई बुझ्ने र अक्षर खेलाउने प्रेरणा पाएको छु साथै नेपाली भाषासाहित्यलाई नजिकबाट बुझ्ने अवसर पाएको छु । बाल्यकालदेखि नै अत्यन्त चलाख, प्रतिभाशाली र प्रेरक भूमिकामा रहेका नरेन्द्र मेरा लागि पनि प्रेरक व्यक्ति हुन् । मेरा फुपूका छोरा भए पनि नरेन्द्र र मेराबीच सहोदर दाजुभाइको प्रगाढता छ । यही साथ नछुटाउनका लागि म नइ प्रकाशनमा जोडिएको छु ।

'नइ प्रकाशन' भन्नेबित्तिकै 'न' र 'इ' अर्थात् नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई यी दुई नाम आउँछन् । नरेन्द्रराज प्रसाईका

बारेमा त मैले अगाडि नै उल्लेख गरिसकेँ । इन्दिरा प्रसाईको बारेमा कुरा गर्दा मेरी साहिँली फुपूले भनेको एउटा भनाइ मलाई सधैँ याद आउँछ– 'हेर भाइ ! इन्दिरा भनेकी त मेरी बुहारी होइन, मेरी आमा पो रहिछे ।' एउटी सासूले बुहारीलाई देखावटी रूपमा नभई भित्री हृदयबाट नै आमा भनेबाट उनको महत्त्व यसै झल्किन्छ ।

नइ प्रकाशनको स्थापनाको कुरा गर्दा त्यस बेलामा हामीसँग त्यस्तो धेरै कुरा केही थिएन, खाली संस्था स्थापना गर्ने दह्रो सङ्कल्प मात्र थियो । सबैले जनही पाँच सय रुपियाँ जम्मा गरेर स्थापना गरेको नइ प्रकाशन अहिले विश्वको उत्कृष्ट साहित्यिक संस्थाका रूपमा विकसित भएको छ । यो सबै नइकै देन हो । हाम्रो त प्रत्यक्ष अप्रत्यक्ष सहयोगमा संलग्नता मात्र रहेको छ । नरेन्द्र त आधुनिक युगका मोतीराम नै हुँदै हुन् । मोतीराम भट्टले भानुभक्त आचार्यको रामायण खोजी गरी प्राचीन कालीन नेपाली साहित्यको इतिहासलाई जगाए भने नरेन्द्रले आधुनिक युगका भाषासाहित्य सेवकहरूको इतिहासलाई ज्वलन्त राख्ने काम गरे । नइदम्पती नै मिलेर प्रकाशन हुन नसकेका कृतिलाई प्रकाशनमा ल्याए साथै लुकेर रहेका प्रतिभालाई चर्चामा ल्याउने प्रयास गरे ।

नइ भनेका यी दुईमध्ये एउटाले जे बोल्छ अर्काले त्यसैमा बूढी औँलाको ल्याप्चे लगाइदिन्छ । किनभने उनीहरूमध्ये दुवैले हुने र गरिने काम र कुरा मात्र अघि सार्ने गर्छन् । नइ प्रकाशनलाई यहाँसम्म ल्याउन नरेन्द्र मात्र एक्लोको प्रयास पनि होइन र इन्दिरा मात्र एक्लैको प्रयास पनि होइन । यस संस्थालाई उठाउन र स्थापित गर्न दुवैको बराबरी र दरिलो साथ अनि भरथेक रहेको छ । नइजस्तो अद्वितीय जोडी फेरि पृथ्वीमा अर्को देख्न दुर्लभ होला जस्तो मलाई लाग्छ ।

बिस्तारैबिस्तारै नइ प्रकाशन अन्तर्राष्ट्रिय रूपमा विस्तारित भयो । नेपाली भाषासाहित्यको सेवा गर्ने विश्वभरिका जनमानसमा आफ्नो उपस्थिति जनाउन नइ सफल भयो । यति मात्र नभई नेपाली कलासाहित्यमा योगदान पु¥याउनेहरूलाई विभिन्न पुरस्कारका माध्यमबाट नइले सम्मान गर्ने गरेको छ । यो सम्मानले लुकेका प्रतिभाहरूलाई जनमानसमा ल्याउन धेरै नै सहयोग पुगेको छ । साथै नइले सबैलाई भाषासाहित्यको सेवामा लाग्न उत्प्रेरणा गरेको छ । नइबाट स्थापित पुरस्कारको गरिमा स्वदेशमा मात्र होइन, विदेशमा पनि त्यतिकै छ । विशुद्ध भाषासाहित्यको सेवा गरेर बस्ने तर पहुँच नभएकाहरूमा पनि नइ एउटा आशाको त्यान्द्रो सञ्चारित भएको छ । किनभने पुरस्कार प्रदान गर्नका लागि छनौट प्रक्रियामा पनि नइ प्रकाशनको एउटा छुट्टै नियम छ, जसले गर्दा नइमा भनसुन होइन योगदानको कदर हुन्छ । भनसुन गर्नेहरू यस संस्थाको कालो सूचीमा पर्दछन् । यस संस्थामा धेरै थरीका पुरस्कार स्थापित छन् । यसले गर्दा विभिन्न विधा, क्षेत्र, वर्ग, प्रकृतिका सबैलाई एउटै छाताभित्र समेट्न यो संस्था सफल भएको छ । मलाई लाग्छ, यति धेरै विधामा एउटै संस्थाबाट नियमित पुरस्कार प्रदान गर्ने विश्वमा नै कुनै पनि अर्को साहित्यिक संस्था छैन ।

मेरो साहित्यिक पाटोमा न र इ दुवै जनाको ठूलो योगदान छ । मलाई अलिअलि कथा, निबन्ध तथा कविता लेख्न आउँथ्यो र लेख्थेँ पनि । यसरी लेखेका लेखोटहरूलाई जतन गरेर राख्ने प्रकाशन गर्नेबारे मैले सोचेको थिइनँ । यी लेखोटहरू मबाट यत्तिकै मिल्किन्थे । मेरा सिर्जनाका यस्तो अवस्था देखेर नइले 'यसलाई कितापका रूपमा प्रकाशन गर र तिमी नरहँदा वा तिम्रो भौतिक शरीर नरहँदा पनि तिम्रा कृतिले तिमीलाई बचाइरहन्छ' भनेको म आज पनि सम्झिन्छु । साँच्चै हो पनि स्रष्टालाई बचाउने

कृति नै हो । रामायण प्रकाशन नभएको भए भानुभक्त आचार्यलाई आज कसैले चिन्न सक्दैनथ्यो । यो बेहोराले मेरो जीवनमा एउटा मोड ल्यायो र आफ्ना सिर्जनालाई प्रकाशन गर्ने इच्छा जाग्यो । लेखेर छाडेका सिर्जनालाई मैले सङ्कलन गर्न थालेँ । मनका अनुभूतिलाई अक्षरमा प्रस्तुत गर्ने प्रक्रियालाई मैले व्यवस्थित गरेँ । यसरी जोड बल गर्दागर्दै 'थोत्रा कलमहरू' शीर्षकको निबन्धसङ्ग्रहको पाण्डुलिपि तयार भयो । यसलाई प्रकाशन गरी जनमानसमा पुऱ्याउने काम पनि नइ प्रकाशनले नै गऱ्यो । यसरी साहित्यलेखनमा मैले पनि संलग्न हुने अवसर पाएँ । मेरो 'थोत्रा कलमहरू' (२०५५) निबन्धसङ्ग्रहले साहित्यिक जगत्मा राम्रै चर्चा पायो ।

अध्ययन, अध्यापन, धार्मिक उद्देश्यले देशविदेशका विभिन्न ठाउँहरू भ्रमण गर्ने अवसर मैले पाएको थिएँ । यी देशविदेश घुम्दाका रमाइला घटनाहरू बेलाबेलामा नइका जमघटमा म सुनाउने गर्थें । नइले नै यो यात्राविवरणलाई पनि पुस्तकाकार रूपमा अगाडि ल्याउन सुझाएपछि 'अन्तिम आकाश' (२०७०) नियात्रासङ्ग्रह तयार भयो । यस पुस्तकको नामाकरणको प्रसङ्ग पनि नइगृहसँगै जोडिएको छ । मेरी साहिँली फुपू भागीरथा प्रसाईले अन्तिम पटक आकाश देखेको घटनासँगै यसका नियात्राहरू वर्णित छन् । यसै क्रममा मेरो कवितात्मक अभिव्यक्तिको प्रस्तुति स्वरूप 'काबेली किनार' कवितासङ्ग्रह पनि प्रकाशन भयो । यसको प्रकाशनमा भने कवयित्री मोमिलाको पनि प्रोत्साहन थपिएको छ । यी सबैको उत्प्रेरणाको संयोजन नभएको भए मेरा यी कृतिहरू प्रकाशन हुने थिएनन् । अञ्च थोत्रा कलमको अर्को रूप 'नयाँ कलम' कृति प्रकाशन गर्नका लागि नइबाट प्रोत्साहन प्राप्त भएकै छ । यसरी नेपाली भाषासाहित्यको महासागरमा म पनि मसीका केही थोपाहरू चुहाउन सफल भएको छु । विज्ञानका क्षेत्रमा मानव

शरीरका विभिन्न अङ्गहरू सम्बन्धमा अध्ययन, अध्यापन गर्दै आएको मैले मानव संवेदनाको अनुभूति प्रस्तुति गर्न पाउँदा आफूमा अनौठो अनुभूति प्राप्त भएको छ । यो सबैको श्रेय मुख्यत: नइलाई नै जान्छ ।

नइसँग जोडिएका मसँग हजारौँ स्मरणहरू छन् । तीमध्ये नइ प्रकाशनका बैठकमा भएका ऐतिहासिक निर्णयका क्षणहरू मैले कहिल्यै बिर्सन सक्दिनँ । यी निर्णयहरूले नेपाली भाषासाहित्यको उत्थान तथा विकासमा छुट्टै मोड नै सिर्जना गर्न सफल भएको छ । त्रिमूर्ति निकेतन स्थापना, राष्ट्रकवि माधव घिमिरेलाई 'राष्ट्रकवि', वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्वनारी रत्न', सत्यमोहन जोशीलाई 'शताब्दी पुरुष' तथा वासुदेव त्रिपाठीलाई 'महासमालोचक' उपाधि प्रदान गर्ने सन्दर्भमा गरिएका निर्णयहरू विशेष उल्लेखनीय छन् । यस्ता उल्लेखनीय निर्णयहरूमा आफू पनि सहाभागी हुन पाउँदा निकै मीठो अनुभूति प्राप्त भएको छ ।

नइ प्रकाशनमा गाँसिएपछि विभिन्न लेखक कलाकारहरूसँगको भेट तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय सभा, सम्मेलनहरूमा सहभागी हुने अवसर पनि यही संस्थामार्फत मलाई जुरेको छ । नेपाली भाषासाहित्यको उत्थानका लागि यस संस्थाबाट जुन किसिमको सौभाग्य मैले पाएको छु; कला, साहित्यका सेवकहरूको साथ पाएको छु; यो अवर्णनीय छ । इतिहासको कालखण्ड रचना गर्ने व्यक्तित्वको परिचर्चा तथा वर्तमान समयमा क्रियाशील कलासाधकहरूको सम्मान तथा प्रवर्धनमा आफूलाई सहभागी गराउन पाएकोमा म आफ्नो अहोभाग्य ठान्दछु । यस्तो संस्थाको संस्थापक उपाध्यक्ष हुन पाएकोमा म आफूलाई गौरवान्वित ठान्दछु । नइ प्रकाशन मसँग यसरी जोडियो कि मेरो रगतको कणकणमा यही संस्था समाहित भएको छ ।

‘तँ चिता म पुऱ्याउँछु’ भन्ने उखानजस्तै नइ प्रकाशनलाई अगाडि बढाउन भगवान्ले रामबाबु प्रसाई, कीर्तिनिधि विष्टलगायतका व्यक्तित्वलाई खटाएजस्तो लाग्छ । ती सहयोगी मनहरूको उदार हृदयले गर्दा यस संस्थाको सङ्कल्पलाई पूरा गर्न निकै सघाउ पुऱ्यायो । त्यसपछि गरिमाशाली पुरस्कारको स्थापना कार्य सम्भव भयो । मैले पनि अन्य केही पुरस्कारहरू स्थापना गर्न सहयोग गरेको थिएँ । मलाई त्यतिले मात्र चित्त बुझेन अनि आफ्नो पनि नाम समावेश गरेर पुरस्कार स्थापना गर्ने मभित्र चाहना जाग्यो । मेरो यस इच्छालाई मेरी धर्मपत्नी लक्ष्मीबाट पनि समर्थन र सहयोग प्राप्त भएपछि मेरो र पत्नी दुवैको नामसमेत उल्लेख गरेर ‘नइ रामलक्ष्मी पुरस्कार’ स्थापना गरियो । पुरस्कार त स्थापना भयो तर यो पुरस्कार कस्ता व्यक्तिलाई प्रदान गर्ने भन्ने विषयमा तत्काल निर्णय गर्न सकिएन । मेरो सोचमा अलि फरक प्रकृतिको पुरस्कार बनाउने योजना आयो । यसै क्रममा फरक खालका, समाजमा बेग्लै पहिचान भएका तथा समाजबाट उपेक्षित वर्गलाई पुरस्कार दिन उपयुक्त हुने हाम्रो विचार विमर्श भयो । यसबारेमा नइ र हामीबीच निकै छलफल भयो । आखिरमा हामी समाजमा उल्लेखनीय काम गरेका तेस्रो लिङ्गीलाई यो पुरस्कार दिने निर्णयमा पुग्यौँ । यो पुरस्कार स्थापना गर्ने कुरा भएपछि धेरै ठाउँबाट विरोध पनि आयो । जो व्यक्तिहरू समाजबाट तिरस्कृत हुन्छन् त्यस्ता व्यक्तिलाई पुरस्कार दिनु हुँदैन भनेर धेरैले असहमति पनि जनाए । नइ प्रकाशनलाई झन्नै एक करोड दान दिने खनूप्रुदे रामबाबूसँग हामीले विमर्ष गऱ्यौँ । नब्बे वर्ष पुग्न लागेको रामबाबूले यस्तो पुरस्कार राखिनुपर्ने सल्लाह दिनुभयो । यो बेहोराले हामीले यस पुरस्कार समाजमा उल्लेखनीय काम गर्ने तेस्रो लिङ्गीलाई नै प्रदान गर्ने र यस्ता व्यक्तिलाई समाजमा सम्मानित भएर जीवन जिउन सहयोग गर्ने सोच दृढ भयो । जो समाजमा हेपिएर बसेका छन् र आफ्नो पहिचान लुकाएर बसेका छन् र समाजमा केही

गरेर देखाउन सक्षम छन्, त्यस्ता व्यक्तिका लागि यो पुरस्कार केही मात्रामा भए पनि सहारा बन्ने आशाले जेजस्तो विरोध भए पनि यो पुरस्कार स्थापित गराएरै छाडियो । यसरी सबै वर्गलाई समेट्ने अभियानमा एउटा थप सहयोग पुग्यो । अहिले भने सबैले 'नइ रामलक्ष्मी पुरस्कार'को प्रशंसा नै गरेका छन् र समाजमा यसले राम्रै प्रभाव पारेको छ ।

स्थापनाकालबाट नै म नइकै प्रस्तावमा नइ प्रकाशनको उपाध्यक्षमा रहिआएको छु । संस्थापक उपाध्यक्षमा बसेर एउटा इतिहास नै निर्माण गर्नुपर्छ भनेर म यस संस्थामा लागेँ । यसपछि जीवनका दौरानमा कैयौँ संस्थाहरूमा विभिन्न पदमा सम्मानार्थ वा क्रियाशील रूपमा कार्य गर्दै आएको छु । म जहाँ जुन संस्थासँग आबद्ध भए पनि यो मेरो प्यारो संस्था नइ प्रकाशनलाई म कहिल्यै बिर्सन सक्दिनँ र यदि अरू संस्थाको कार्यक्रमको समय जुध्यो भने पनि यसलाई नै मैले पहिलो प्राथमिकतामा राख्ने गरेको छु । विदेशमा तथा उपत्यकाबाहिर भएको समयमा बाहेक मैले यसका कुनै कार्यक्रम छुटाएको छैन । यसमा त म नङमासुजस्तै जोडिएको छु । अरू सबै संस्थामा रहन नपाए पनि मेरो कुनै गुनासो रहने छैन तर यस संस्थाको जुन पदमा कार्यरत छु, यो पद गुमाउन म तयार छैन । काल, स्थान तथा समयको पावन्दीले अरू संस्थामा क्रियाशील रहन नपाए पनि यसमा सधैँ क्रियाशील नै भएर रहने मेरो मन छ । यस संस्थाप्रति मेरो जन्मजात नै मोह रहेको छ ।

अद्भुत लाग्ने नइ प्रकाशनले अद्भुत नै काम गरेको छ । यो अद्भुत प्राज्ञिक संस्थासँग नाता जोड्न चाहने धेरै छन् तर सौभाग्यले पाएको संलग्नता म जीवनपर्यन्त छोड्ने छैन । मेरो सास छउन्जेल यस संस्थाबाट अलग नगराई यस्तै पुण्यका काम गर्ने अवसर बारम्बार प्रदान गर्नका लागि म भगवान्सँग निरन्तर प्रार्थना गरिरहेको छु ।

नइ प्रकाशनको उद्घाटन राष्ट्रकवि माधव घिमिरेले गरेका थिए । २०५२ सालदेखि पच्चिस वर्षसम्म अविरल गतिमा यस संस्थाले विविध चमत्कारी काम गर्दै आयो । त्यसपछि वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको संयोजकत्वमा नइ रजत महोत्सवको गठन भयो । रजत महोत्सवको गठन भएपछि पनि यस संस्थाले थप केही अकल्पनीय कार्यहरू गरिरह्यो । नइ रजत महोत्सवका कार्यहरू नसकिन्जेल शताब्दी पुरुषको नइ प्रकाशनमा भौतिक संलग्नता भइ नै रह्यो ।

# भाषासाहित्यको चौकीदार

## डा.रामप्रसाद दाहाल

पच्चिस वर्षको इतिहासमा सबै विषय त नहोला ! तर नइको पच्चिस वर्षको इतिहासभित्र भाषासाहित्य, ज्ञानविज्ञानका अनेक विषय भावी सन्ततिका लागि चाहिने अत्यावश्यक विषय बनेको जस्तो लाग्छ ! यदि सय वर्षलाई पूर्ण मानेर हेर्दा पच्चिस वर्ष एक खण्ड मात्र हो । यो एक खण्डले पनि इतिहासमा कतिपय व्यक्तिलाई



अथक साधक बनाउँछ अनि जीवन्त बाँच्न आफ्ना ठाउँमा विशिष्ट महत्त्व राख्ने प्रणाली बनिदिन्छ । अनि कठोर मिहेनतका साथ निरन्तरता प्रदान गर्न आफ्नो पक्षका लागि उच्चत्तम प्राप्ति पनि हुन सक्ला ! तर नइको पच्चिस वर्षलाई फर्केर हेर्दा जीवन्त बाँच्न सक्ने अविश्रान्त भाषासाहित्यसेवी बनाएको देखिन्छ । हुन त गर्नेहरूका लागि पच्चिस वर्ष प्रयासका रेखा कोर्ने समयावधि पनि लाग्न सक्छ– यो प्रयासमा केही पूर्ण केही अपूर्ण पनि देखिन सक्ला ? त्यो आफ्नो ठाउँमा रहिरहन्छ । जहाँसम्म नइको पच्चिस वर्ष सम्झँदा नेपाली वाङ्मयको चम्किलो नक्षत्र, साहित्यिक 'शारदा', सामाजिक रूपान्तरणमा साहित्यिक साधना बनेको अनुभूति हुन्छ अध्ययन गर्नेका लागि ।

पुस्तक प्रकाशन एक किसिमको बौद्धिक सेवा हो । जुन सेवाले समाजलाई सुसूचित र जागरूक बनाइरहेको हुन्छ । त्यसबाटै पाठकले चेतनाको स्तर उकासिरहेको हुन्छ । समाज र राष्ट्रलाई प्रेरणाको सन्देश फुकिरहेको हुन्छ । अनि भावी पुस्ताका लागि नासो छोडेर जाने सङ्कल्प निर्माण गरिदिएको हुन्छ । यही सङ्कल्पमा नै नइको काम गराइको यात्रा देखिन्छ ।

नइ प्रकाशनको काम गराइ हेर्दा कतिपय गीताका प्रसङ्गका गहन अभिव्यक्तिहरूलाई मेरा सम्झनाका क्षितिजमा डुबुल्की मार्छन् । निरन्तर कुनै विषयमा लागिरहन त्यस्ता व्यक्तिहरूले सक्छन्, जसले मनमा उत्पन्न भएका सम्पूर्ण कामनाहरूलाई बिर्सेर आत्माद्वारा आत्मा नै सन्तुष्टि राखी काम गर्दछ । त्यसबाट के प्राप्ति होला भनेर खोजी नगर्ला त्यो नै सही वा ज्ञानी व्यक्ति कहलाउँछ । दुःख आइलाग्दा पनि मन विचलित नहुने, सुखमा ज्यादा इच्छा र अनुराग नराख्नेहरू नै समाजमा सन्देशवाहक बन्ने कुरा निश्चित छ । प्रयत्न गर्नेहरू नै सम्पूर्ण इन्द्रियहरूलाई वशमा राखेर निर्मल चित्त बनाउँछन्, त्यस्ता पुरुषको बुद्धि दृढ रहन्छ । हो, यही दृढतामा गरिने कामकारवाहीले निरन्तरता प्रदान गर्दछ । त्यही निरन्तरताभित्र नइले पच्चिस वर्ष बिताएको देखिन्छ ।

नइले गरेको कार्य जो सबैका लागि सजिलो छैन । पठन संस्कृति हराइरहेको टापटिपे सूत्र संस्कृतिमा डुबुल्की मारिरहेको वर्तमान मौजुदा परिस्थितिमा नेपाली भाषासाहित्यको सेवा नइले गरिरहेको छ र त्यो अद्वितीय छ । अचम्म पनि लाग्दछ एउटा सबल र सक्षम प्रतिभा सबै खुसी र सुक्ख बिर्सिएर आफूलाई वाङ्मयको चौकीदारीमा दिनरात नभनी खटिरहेको देख्दा... ! अर्थात् हावाले बादललाई ढाकिदिएझैँ प्रकाशनको मानसम्मानको अनि लेखनको गर्विलो इतिहासले नइलाई ढाकिदिएको छ । नइले साहित्यको बगैँचामा उर्वर पन ल्याएको छ ।

साँच्चै प्रशंसाका पुल नबाँधी हेर्दा नइले गरेको कामको मूल्य हेर्दा यो संस्था वा जोडी अनासक्त योगीझैँ लाग्दछ । भाषासाहित्यमा योगदान दिनेहरूको खोजीखोजी कृति प्रकाशन गर्ने, मानसम्मान दिने अनि छातीमा तक्मा भिराइदिने, कुनाकाप्चा र विश्व रङ्गमञ्चमा हराइरहेका साहित्यिक मनहरूलाई सूत्रमा बाँध्नेजस्ता प्रशंसनीय कार्यहरू नइ प्रकाशनबाट भएको देखिन्छ, जो महनीय छ ।

उच्चतम सपनामा लागेर आफ्नो शारीरिक चोलालाई साहित्यको पोषणकर्ताको रूपमा आफूलाई समाहित गरी जुन काम नइबाट भएको छ, त्यसको प्रभाती किरणले दिनभरिको सङ्केत गरेझैँ भोलिका दिनमा अझ उज्यालो र निक्खरपन आउने कुरा निश्चित छ । हाल भएका कामहरू हेर्दा पनि वाङ्मयको क्षितिजमा विवेचनाको बान्कीले स्वादिलो चास्नी बनाएर राखेको छ । व्यक्तित्वसँगको संस्मरण, कृतित्वको झलक सिंहावलोकन र विवेचनाका पक्षहरूलाई स्वादिलो र चाखिलो बनाएर प्रकाशित भइरहेका छन् । जुन पच्चिस वर्षको उपलब्धिपूर्ण यात्रा मान्न सकिन्छ । यो पनि एक अलौकिक शक्ति हो । जुन शक्तिभित्र बौद्धिक तर सङ्घर्षपूर्ण जीवनगाथा चलायमान भएको देखिन्छ । यो चलायमान प्रवृत्तिलाई हेर्दा कठिन सङ्घर्ष र तपबाट प्राप्त हुने कार्य नइले गरिरहेको अनुभूति हुन्छ । यही कार्यले दिएको सुगन्ध र सौन्दर्यले सबैलाई लालायित गरिरहेको हुन्छ । जसले गर्दा अन्वेषक र आफैँलाई आफूले जितेर आत्मिक आनन्द र मानसिक शान्तिको श्रेय पान गरिरहेको देखिन्छ । त्यति मात्र होइन नेपाली ब्रह्माण्डका रहस्य र गुप्त ज्ञानलाई नइले उजागर गरिरहेको जस्तो लाग्दछ ।

समय र परिस्थिति बुझ्न सक्नु पनि एक किसिमको ज्ञान हो । यही बुझेर नइ जोडीले आफूलाई अक्षरको जोडमा केन्द्रिकृत गराएको पाइन्छ । आफूले लेखेर होस् वा अरूलाई लेखाएर होस् केही न केही त गरिरहेको छ । नइ चुपचाप बसेको छैन । कहिलेकाहीँ

भाषासाहित्यको अभिवृद्धिमा चोटिलो र कसिलो भइदिन्छन्, त्यही कसिलो र चोटिलोपनले कतिपयलाई साहित्य लेख्न बाध्य बनाएको देखिन्छ । नइले भनेर मैले लेखेँ, नत्र अब लेखेर दु:ख नगर्ने, कसका लागि लेख्ने ? रोगले समातिसक्यो अब आँखाले गति छाड्दै छ, हातले कलम च्याप्न गाह्रो जस्तो भएको छ । अब लेखनी बन्द गरेँ भन्नेहरू पनि केही लेख्दै छन्, यो के उपलब्धि होइन र ? यस अर्थमा प्रेरणाको स्रोत बनेको छ नइ ।

अर्को पाटो देखिन्छ– मानसम्मानको ! सिकारुदेखि सिद्धहस्तसम्मका वाङ्मय साधकहरूलाई खोजीखोजी सार्वजनिक गर्ने र व्यक्तिविशेषका नाममा स्थापित पुरस्कार प्रदान गर्ने अर्को नयाँ आयाम नइले थपेका छन् । जसको प्रेरणाले व्यक्ति साहित्य र प्रकृतिमा रमिरहेको हुन्छ । कतिपयले नइद्वारा प्रदान गरिएको तक्मा पाउनासाथ ‘मैले जिन्दगीमा साहित्य सेवा त गरिरहेको थिएँ तर यति उज्यालो विशिष्ट व्यक्तित्वको नाममा राखिएको यति उज्यालो तक्मा झुन्डयाउने अवसर भने आजै पहिलो चोटि पाएँ । प्रमाणपत्र, सम्मान त धेरै पाएको थिएँ तर तक्मा घाँटीमा हालेको थिइनँ । यो पहिलो अवसर हो’ भनेर मन्द मुस्कान छर्दै ती बूढा बाले कार्यक्रममै भनेको सुनी, जानी, देखी बुझेको छु । यस अर्थमा नइ सम्मान पुरस्कार प्रदानकर्ताको रूपमा पनि ख्याति आर्जन गर्न सफल छन् ।

नइको लेखनीमा प्रकृति बोल्छ; देवीदेउराली नाच्छन्, जरा, पातहरू गीत सृजना गर्छन् । चराचुरुङ्गीहरू त्यसैमा खेल्दै सङ्गीत भर्छन्; खोला, नाला, झर्ना सङ्गीतमा मुर्चुङ्गा थप्छन्; मादल ठोक्छन् । त्यही गानाबजानाभित्र कैयौँ लेखक, कवि जन्मिन्छन्; अनि शान्तिका ध्वनिमा आफूलाई प्रफुल्लित गराइरहेका हुन्छन् । अनि अन्तर्मनलाई शान्तिका ध्वनिमा आफूलाई प्रफुल्ल गराइरहेका हुन्छन् । यसरी प्रकृतिमा रमाउने नइको पच्चिस वसन्तभित्रको कलम जीवन्त छ । धेरैका लागि त्यो लेखनी जीवन्त बनिरहेको छ । अर्थात् लेखनी र

काम गर्ने तौरतरिका हेर्दा सूक्ष्म अध्ययन र विषयगत गहिरो प्रेम देखिन्छ । जुन कार्यले जिम्मेवारी बोध गरिरहेको हुन्छ । प्रकृतिलाई नै पद्धतिमा हालेर नइ अगाडि बढिरहेको हुन्छ । अर्थात् भावनात्मक तरङ्गहरूलाई अक्षरमा जोडेर पोखिइरहेका हुन्छन्– यो नै नइ जोडीको पच्चिस वर्षको छायाछवि मान्न सकिन्छ ।

नइका प्रकाशन त धेरै छन् तर उदाहरणका लागि मैले पढेको पुस्तकमध्येको 'विश्वनारी नेपाली साहित्यको समीक्षा' नइ प्रसाईको नामबाट प्रकाशित कृति हो । त्रिमूर्ति निकेतनका तीन साहित्यिक महामानवको तस्बिर राखेर एक पेज राखेर छाडिएको यो कृतिमा सबै नारीका गाथाकथा गाइएको छ । लेख्ने पनि नारी लेखिने पनि नारी विषय बनेको छ । प्रकाशकीय अध्यक्ष त्रिमूर्ति निकेतनका नामबाट आएको छ भने बाहिरी कभर महिलाहरूको तस्बिरले झल्किएको छ, अर्थात् महिलामय बनेको छ । नइको सम्पादकीय रहेको १४७ पेजको यो कृतिले साहित्यिक इतिहासमा नारी लेखिकाहरूको स्थिति र अवस्थालाई उजागर गरेको छ । यो सुन्दर पक्ष मान्न सकिन्छ । त्रिमूर्ति निकेतनको आयोजनामा २०७१ साल जेठ १५, १६ र १७ गते गरिएको विश्वनारी नेपाली साहित्य सम्मेलनको संस्मरण वाङ्मयका पाठकबीच ताजै छ । नेपालका चौध अञ्चल एकहत्तर जिल्लाका र बीस राष्ट्रबाट महिला लेखिकाको सहभागिता भएको जानकारी गराइएको थियो, जुन सम्मेलन वाङ्मयको उत्थान र श्रीवृद्धिका लागि गरिमामय कदम मान्न सकिन्छ । जसभित्र यो कृतिमा नेपालबाहेक अमेरिका, अफ्रिका, अस्ट्रेलिया, अस्ट्रिया, ओमान, इजरायल, दक्षिण कोरिया, जर्मनी, जापान, क्यानडा, नर्वे, पोर्चुगल, भियतनाम, फ्रान्स, बेलायत, स्विटजरल्यान्ड, म्यान्मा, चीन, भारतमा रहेर पनि नेपाली भाषासाहित्यको सेवा पुऱ्याइरहेका व्यक्तिहरूको बारेमा समेटिएको छ । अर्थात् विश्व रङ्गमञ्चमा महिलाको साहित्यिक भूमिकालाई जो नइको प्रयासमा त्रिमूर्ति निकेतनको

प्रकाशनले जुन कार्य भयो त्यो प्रशंसनीय छ । कृति पठनीय र 'नहुनुभन्दा कानो मामा हुनु' भन्ने अर्थमा पनि यो प्रयास स्तुत्य छ ।

नइ प्रकाशनका कार्यहरू समुद्रजतिकै अविरल बगिरहेको छ । त्यो बगिरहेको समुद्रमा जाने व्यक्तिले कुन साइजको भाँडो लिएर जाने हो, त्यति नै पानी लिएर आउने न हो भन्ने अर्थमा नइलाई बुझ्दा पनि हुन्छ । अर्थात् पानी जति भए पनि नइ प्रकाशनमा गिलास लैजानेले गिलासभरि नै पानी ल्याउँछ; गाग्री, टयाङ्की, घ्याम्पो लिएर जानेले सोहीअनुसार पानी ल्याएको हुन्छ ।

लामो फेहरिस्त यस लेखनीमा मैले लेखिनँ– यो इतिवृतात्मक शैलीमा नभएर सूत्रात्मक शैलीमा नइको पच्चिस वर्षलाई उजागर गर्न खोजेको हुँ । कथा र व्यथा लामो हुन सक्छ; छोटो, मीठो, सटिक कुरा गर्दा लेखेर नथाक्ने नइ मानसम्मान अरूलाई दिएर रमाउने नइ; खोजीखोजी, रोजीरोजी, सोधीसोधी लुकेका प्रतिभालाई राष्ट्रिय मूल धारमा जोड्ने कार्य नै विशेष रूपमा रहेको देखिन्छ ।

नइको लेखनीमा राष्ट्रप्रेम छ । देशप्रेम, भाषाप्रेम, प्रकृतिप्रेम, साहित्यिक रन्को र साहित्यको गहनतम श्रीवृद्धिमा यो जोडीको कलम दौडिरहेको छ । अनि आफ्नै परिपाटी छ, साधारण विषयलाई पनि घतलाग्दो पार्न सक्ने आलङ्कारिकता भर्न सक्ने, जीवन र जगत्का सत्यतथ्यलाई उद्घाटन गर्न सक्ने नेपालीलाई नेपालकै माटोमा उभिएर बाँच्न सक्ने सोच र खोजमा लागिरहेको अनुभूति हुन्छ । नइको योगदान र काम गराइ हेर्दा मलाई स्वामी आनन्द अरुणले लेख्नुभएको ओशो तपोवनबाट प्रकाशित 'सन्त दर्शन'का यी पङ्क्तिहरू पस्किन मन लाग्यो–

'जो वर्तमानको यस अमनको क्षणमा डुब्छन्, तिनीहरूलाई संसारले पागलै बुझ्छन् । त्यस कारण गहन सौन्दर्यबोधले भरिएका अधिकांश कवि, कलाकार र प्रेमी आफ्नो समयमा अव्यावहारिक,

पागल र अनैतिक ठानिन्छन् । भेनगग, विलियम रेक, गालिव, देवकोटा, बैजुबावरा, सिरीफराद, लैलामजनू; यी सबै आफ्नो समयका घोषित अनैतिक र पागलहरू हुन् । यिनीहरू सृजना र प्रेमका केही अमूल्य क्षणमा अमनी अवस्थामा पुग्थे तर सधैँ त्यहाँ रहन सक्दैनथे । सधैँ मनको पार नै रहने बुद्ध पुरुषहरू सुकरात, जिसस, कवीर, मीरा, मन्सुर, रामकृष्ण, ओशो र रजनीशलाई आफ्नो समयमा संसारले पागल र अनैतिक भनेकोमा के आश्चर्य ? मान्छेको विश्लेषण गर्ने सीमित मनले मनको पार अवस्थालाई कसरी बुझोस् ? त्यस कारण आफ्नो जीवनको लयमा हामी यिनीहरूलाई पागल, अनैतिक मात्र होइन अपराधीसम्म ठान्छौँ; मरेको केही वर्षपछि यिनलाई दार्शनिकसम्म मान्न तयार छौँ, समय बित्दै जाँदा बिस्तारै यिनीहरूलाई सन्त र महापुरुष मान्न कर लाग्छ । संसारका दुर्लभ सौभाग्यशाली केही व्यक्तिको यो निश्चित दुर्भाग्य नै हो । हुन त सबै मानिसभित्र सत्य, स्वतन्त्रता, प्रेम र समाधिको अज्ञात प्यास हुन्छ तर उसले यिनै चीजलाई गलत ठाउँमा खोजिरहेको हुन्छ । हरेक हृदय दिव्य पुरुषको प्रेमको प्रतीक्षामा हुन्छ तर जब यस्ता दिव्य पुरुष पृथ्वीमा आउँछन्, जनमानसले उनीहरूसँग दुर्व्यवहार नै गर्छ ।'

सारमा भन्दा नइ समाजमा बाँच्छ, त्यो समय पनि हो, मन पनि हो । मानिस भविष्यको योजनामा व्यस्त हुन्छ अनि सुख र दु:खको सञ्जालमा रुमलिरहन्छ । अनि कामको शिखरमा पुग्छ र उसले उचाइ प्राप्त गर्छ । यही प्राप्तिमा नइको यो यात्रा निरन्तर लागिरहोस्– आफूले अझै पूर्ण नभएको केही अपूर्ण नै लागिरहेको भए त्यो पूरा गर्ने प्रेरणा अझ प्राप्त भइरहोस्, नेपाल र नेपालीका मनमस्तिष्कमा युगौँसम्म बाँच्ने र बाँचिरहने कार्य भइरहोस् !

# एउटा ठूलो सुकर्म

## रूपा न्यौपाने

जीवनको पाँचौँ दशकको यात्रा पार गरिसक्दाको अनुभवले म यो निष्कर्षमा पुगेको छु कि समग्र जिन्दगी खिचडी रहेछ । जसरी खिचडीलाई थोरै घिउले स्वादिष्ठ बनाउँछ, त्यसरी नै हाम्रो जिन्दगीलाई पनि थोरै खुसी र जीवनमा भेटेका थोरै राम्रा मानिसका कारणले यो स्वादिष्ठ हुने रहेछ । सुखदु:खको लहर हो जिन्दगी । यात्रा गरिरहँदा बाटोमा तेर्सिएका काँडाहरूलाई उखेल्दै अगाडि बढ्नुको साहस हो जिन्दगी । यदि त्यो साहस बटुल्न सकिएन भने जिन्दगी धेरै पछाडि पर्ने रहेछ । ठूला महलको ऐस आराम, साना झुपडीको ममता अनि सानाठूला सबैको प्रेम सँगाल्दै, समेट्दै, भेट्दै चलिरहेछ जिन्दगी ।



जीवनका यात्राहरूमा भेटिएका धेरै व्यक्तिहरूमध्ये केहीको प्रेरणाले अगाडि बढ्न अझै सहज हुने रहेछ जिन्दगी । मलाई यस्तै सहज बनाइदिए मैले भेटेका धेरै व्यक्तित्वहरूले । तर नइ जसलाई म चिन्दिनँ थिएँ । मेरी छोरी रुमु अस्ट्रेलियामा थिई । रुमुलाई सानैदेखि साहित्यमा रुचि थियो । विदेशमा पुगेपछि ऊ जहिले पनि मलाई भन्ने गर्थी कि 'मेरो साहित्य सिर्जना विलीन हुने भयो ।' छोरीको यस बिलौनाले मलाई

पनि खिन्नता दिने गर्थ्यो । एक दिन अचानक अस्ट्रेलियाबाट फोन आयो र रुमुले मलाई भनी– 'मामु म त साहित्यिक दूत भएँ नि ।' मैले निकै कौतूहलताका साथ सोधेँ– 'कसरी ?' 'मलाई नइले बनाइदिनुभएको हो । हजुरले नइलाई चिनिसिन्छ ?' मलाई नइबारे खासै सम्झना नभएको उसलाई जबाफ दिएकी थिएँ । रुमुसँग कुरा गरेपछि मैले नइलाई सम्झने प्रत्यत्न गरेँ । वास्तवमा व्यक्तिगत रूपमा म नइलाई चिन्दिनथेँ । तर मलाई राम्ररी सम्झना छ कि २०५६ सालमा इन्दिरा श्रेष्ठ जो सङ्गीतसाधक हुनुहुन्थ्यो । उहाँकै नाममा पुल्चोकस्थित कलानिधि इन्दिरा सङ्गीत महाविद्यालयलाई उहाँले आफ्नो घर नै दिएर सङ्गीतपुञ्ज बनाउनुभएको छ । उक्त घरमा अहिले पनि अहोरात्र सङ्गीतको कक्षा चलिरहन्छ । त्यस महाविद्यालयको एउटा कार्यक्रममा इन्दिरा श्रेष्ठकै एउटा ठूलो पुस्तक लिएर नइ दुवै जना त्यहाँ आउनुभएको थियो । अनि त्यही कार्यक्रममा उक्त पुस्तक विमोचन पनि भएको थियो । त्यति नै बेलामा उक्त पुस्तक मेरो पनि हातमा परेको थियो । 'इन्दिरा यात्रा'नामक उहाँकै सुन्दर तस्बिरसहित गुलाफी रङ्गको कभर भएको पुस्तक मेरो हातमा पर्दा म गद्गद भएँ । आहा, यसै गरी कुनै दिन हामीले पनि सङ्घर्ष गरिरहे यस्ता पुस्तकहरू पनि लेखिन के बेर लाग्छन् र ? मनमनै मभित्र यस्तै सोच आयो । त्यति बेलाको जोस, जाँगर र आफूले गरिरहेको सङ्घर्ष र त्यसपछिको जीवन त यही हो भन्ने भ्रम पनि भएको हुन सक्छ ।

त्यति बेला इन्दिरा श्रेष्ठको किताप मैले नइबाट पाएकी थिएँ । मैले नइलाई पहिलो पटक त्यति बेला देखेकी थिएँ र नइले मलाई चिन्ने त कुरै भएन । त्यति ठूलो साहित्यकारसँग अगाडि गएर बोल्ने साहस पनि ममा भएन । म अगाडिको पङ्क्तिमा बसेर कार्यक्रम हेरिरहेकी थिएँ । पुस्तक पाएर झन् म पुलकित भएँ । पुस्तक लिएर घरमा आएर त्यसलाई पढेँ । मैले नइ प्रकाशनले प्रकाशित गरेको

पुस्तक पढेको त्यो नै पहिलो पटक थियो । उक्त पुस्तकमा इन्दिरा श्रेष्ठका बारेमा नइले राम्रोसँग लेखेको पनि पढेँ ।

मैले छोरीलाई नइबारेको आफ्नो परिचयको यति विवरण भनिसक्दा छोरीको जबाफ यस्तो आयो– 'हो र ! हजुरले राम्रोसँग चिनिबक्सेको छ जस्तो मलाई लागेन' भोलिपल्ट फेरि दोहोऱ्याएर छोरीको फोन आयो । उनले फोनमा सोधिन्– 'मामु हजुरसँग सुशीला आर्ट एकेडेमीमा (मनीषा कोइरालाको घरमा) नइसँग भेट भएको थियो रे ! तर हजुरले त वास्तै गरिबक्सेन रे !' छोरीका कुरा सुनेर म अचम्मित हुँदै भनेँ– 'आम्मै होइन नि नानू ! मैले वास्ता नगर्ने त कुरै भएन नि । सायद मैले चिनिनँ र हो कि ? त्यति बेला सुशीला आर्ट एकेडेमीले एउटा कार्यक्रम आयोजना गरेको थियो र सिद्धार्थ कोइराला मलाई निम्ता गर्न घरमै आउनुभएको थियो । त्यसपछि त्यहाँ गएर मैले सरोदवादन प्रस्तुत गरेकी थिएँ । सोही कार्यक्रम नरेन्द्रराज प्रसाईले पनि हेर्नुभएको रहेछ । मलाई पनि थाहा थिएन । उहाँले मलाई बोलाउनुभएको रहेछ, मैले थाहा पाइनँ । मैले सुनेको भए त म अवश्य बोल्थेँ । किनभने मलाई 'इन्दिरा यात्रा' कितापले नै प्रभाव पारिसकेको थियो । त्यसैले 'होइन नानू मैले थाहा नपाएर होला, मेरो तर्फबाट एकदम सरी भनिदेऊ, है', मैले छोरीलाई सम्झाएँ ।

त्यसपछि फेरि रुमुले नरेन्द्रराज प्रसाईसँग कुरा गरेपछि हाम्रो सम्बन्ध बिस्तारैबिस्तारै नजिकिँदै गयो । कुनै पनि अभिभावकलाई आफ्ना छोराछोरीलाई कसैले साथ दिएको र त्यस साथले आफ्ना छोराछोरी अगाडि बढेको देखेपछि ती व्यक्तिसँग नतमस्तक नहुने कुरै भएन । त्यसमा पनि मेरी छोरी रुमु न्यौपानेलाई नइले अस्ट्रेलियाका लागि नइ प्रकाशनको साहित्यिक दूत नै बनाएपछि त म झन् कति हर्षित भएँ, त्यसको सीमा नै रहेन । यसरी सुरु भयो मेरो नइसँगको सामीप्यता ।

एक दिन मलाई नइसँग भेट्न मन लाग्यो । छोरीसँग मैले नरेन्द्रराज प्रसाईको नम्बर मागेँ । मैले उहाँलाई फोन गरेँ र 'म रुमुको ममी' भनेँ । छोरी मेरो नामबाट चिनिएकी छ तर म नइसामु चिनिँदा चाहिँ म रुमुको ममी भनेर चिनिएँ । यो पनि एउटी आमाका लागि गर्विलो क्षण हो जस्तो मलाई लाग्यो । यसरी नै हाम्रो नजिकिने क्रम अगाडि बढ्यो । एक दिन उहाँहरूलाई भेट्न उहाँहरूको घरमा जानुअघि फेरि मैले फोन गरेँ । फोनमा पनि नरेन्द्रराज प्रसाईले अति विनम्र असाध्यै मृदु स्वरमा बोल्नुभयो । त्यसपछि नइगृहमा पुगेर नइलाई भेटेँ । उहाँहरू दुवै जनाको विनम्रता देखेर म निकै हर्षित भएँ । सुनेको थिएँ फलेको वृक्ष सधैँ झुक्छ । उहाँहरूबाट पनि मैले धेरै कुरा सिकेँ । म हरेक पल्ट जहाँ जान्छु, जोकोहीबाट नयाँ कुरा सिक्ने गर्छु ।

जिन्दगीको शिक्षा भनेको हरेक व्यक्तिसँग भेट्नु र त्यस व्यक्तिबाट केही राम्रा कुरा लिनु नै हो जस्तो मलाई लाग्छ । कुरा हुँदै जाँदा उहाँहरूले 'हामीले यसयस विधाका पुरस्कार राखेका छौँ' भन्नुभयो । त्यसपछि मलाई नइसमक्ष भन्न मन लाग्यो । मेरो आदरणीय गुरु मोहनसुन्दर श्रेष्ठ पनि दृष्टिविहीन हुनुहुन्थ्यो । नइ प्रकाशनमा अपाङ्ग प्रतिभाका लागिको पनि पुरस्कार रहेछ । म आफ्ना लागि त बोल्न सक्ने थिइनँ तर मेरा गुरुका लागि त बोल्न सक्थेँ । गुरुलाई म निकै आदर गर्थें र सरोदप्रतिको उहाँको त्यो लगाव, लगनशीलता देखेर म आफैँ पनि गुरुसँग प्रभावित भएकी थिएँ । त्यसैले मैले नहिचकिचाईकन नइसमक्ष प्रस्ताव राखेँ– 'हजुर, मेरा गुरु नेपालका वरिष्ठ सरोदवादक पनि दृष्टिविहीन हुनुहुन्छ । नइ प्रकाशनको मापदण्डभित्र सायद मेरा गुरु पर्न सक्नुहुन्छ जस्तो लाग्यो मलाई ।' मेरा कुरा सुनेपछि नरेन्द्रराज प्रसाईले आश्चर्य मान्दै भन्नुभयो– 'हो र ? ल गुरुको सबै बायोडाटा पठाइदिनू, हामी त्यस्तै ठूला प्रतिभाको खोजीमा थियौँ ।' त्यसपछि म गुरुको किलागलस्थित घरमा गएँ ।

त्यहाँ गएर गुरुआमासँग बायोडाटा लिएँ । त्यसपछि उक्त बाटोडाटा छाड्नका लागि नरेन्द्रराज प्रसाईलाई फोन गर्दा उहाँले 'किन यति भित्रसम्म आएर दु:ख गर्नुपर्‍यो, त्यहाँ अनामनगरको मूल सडकको चोक मै भएको डिआर फोटो स्टुडियोमा छाडिदिनू' भन्नुभयो । मलाई उहाँको त्यो कुराले झन् खुसी महसुस भयो । मानिसलाई दु:ख दिने मानिसहरूको प्रवृत्ति भोगिसकेकी मैले नइले 'तिमी किन दु:ख पाउँछौँ' भनेर बोल्नुभएको बाक्य नै मेरा लागि ठूलो कुरा थियो । यसले मलाई निकै सहज पनि भयो । मैले बायोडाटा उहाँले भन्नुभएकै डिआर फोटो स्टुडियोमा लगेर छाडिदिएँ । सोही वर्ष मेरा गुरु उक्त पुरस्कारका लागि छानिनुभयो ।

नइ प्रकाशनबाट मलाई पनि कार्यक्रमको निमन्त्रणा आयो । म गुरुलाई लिएर नेपाल प्रज्ञाप्रतिष्ठानमा पुगेँ । जब मेरा गुरुले पुरस्कार पाउनुभयो, त्यसपछि मलाई त्यो पुरस्कार मेरै हो भन्नेजस्तो खुसी लाग्यो । नइ प्रकाशनले मोहनसुन्दर श्रेष्ठलाई दिएको त्यो पुरस्कारले साहित्यले सङ्गीतलाई ठोऱ्याएको जस्तो लाग्यो । अनि क्रमश: नइका अन्य गतिविधिमा पनि भाग लिने अवसर मिल्यो । उहाँहरूका कार्यक्रमहरू हेर्दा सङ्गीत र साहित्यलाई उहाँहरूले समेटिरहनुभएको जस्तो देखिन्थ्यो । यसले झन् उहाँहरूप्रतिको आशा, श्रद्धा, कृतज्ञता अझै धेरै पलाउँदै आयो । क्रमश: म उहाँहरूका पुस्तकहरू खोजीखोजी पढ्न थालेँ । नरेन्द्रराज प्रसाईको 'नारीचुली', 'देवकोटाको जीवनशैली', इन्दिरा प्रसाईको 'मेरी सासू'जस्ता धेरै पुस्तक पढेँ । असाध्यै मन छोएका कितापचाहिँ मुखाग्रमै रहने रहेछन् । तिनका विषयवस्तु पनि लगभग कन्ठस्थ नै छ मलाई । यसरी सुरु भयो मेरो नइसँगको घनिष्ठता । यही घनिष्ठता दिनप्रतिदिन अझै बढ्दै गयो ।

एक दिन मलाई मणि चौलागाईंले फोन गरेर भन्नुभयो– 'दिदी एउटा साङ्गीतिक कार्यक्रम लमजुङ जाने बाटोको पाउदी भन्ने ठाउँमा छ । कृष्ण ओलीले आयोजना गर्नुभएको कार्यक्रममा सरोद र

सम्पूर्ण साङ्गीतिक कार्यक्रमको जिम्मा तपाईंलाई दिन खोज्नुभएको छ लिम्ची म्यामले ।'

लिम्ची म्याम भनेको लन्डनबाट आएकी एउटा विदेशी महिला हुनुहुन्थ्यो । उहाँले लामो समय नेपालमा बसेर काम गर्नुभयो । उहाँ नेपाली सङ्गीत र संस्कृतिलाई धेरै माया गर्नुहुन्थ्यो । उहाँले राख्नुभएको त्यो कार्यक्रममा म र मेरा अन्य धेरै साथीहरू गएका थियौँ । त्यति बेला मर्स्याङ्दी नदीको किनारमा बसेर मैले सरोद बजाएकी थिएँ । त्यति बेलाको एउटा सानो धुन र त्यहाँका केही तस्बिरहरू मैले फेसबुकमा अपलोड गरेकी थिएँ । त्यसपछिका दिनमा पनि म जहाँ जान्छु त्यहाँ सरोदलाई पनि क्रमश: अगाडि बढाइरहेकी छु । कोजाग्रत पूर्णिमाको दिन थियो । सुनेकी थिएँ, रातभरि जाग्राम बसेर साधना गर्‍यो भने त्यो साधना सिद्ध हुन्छ रे ! साधना सिद्ध गराउनलाई म देवघाट पुगेँ । देवघाटको त्रिवेणी वारि हैन, पारिको त्रिवेणी चोकमा राति ११ बजे सुरु गरेको साधना बिहान ४ बजेसम्म मैले बजाइरहेँ । त्यो साधना बजाइरहँदा मलाई मेरो परिवारबाट भएको सहयोग निकै महत्त्वपूर्ण थियो । त्यसमा मैले काली बाबाको पनि सहयोग लिएकी थिएँ । त्यति बेला सरोद बोकेका केही तस्बिरहरू पनि मैले सामाजिक सञ्जालमा पोस्ट गरेको थिएँ । ती पोस्टहरू सामाजिक सञ्जालबाट नइले चिहाइरहनुभएको रहेछ ।

धेरै लामो समयपछि मलाई नरेन्द्रराज प्रसाईको फोन आयो । 'रूपा बहिनी कसैको दबाबमा वा मागेको भरमा नइबाट पुरस्कार जाँदैन । हामी अध्ययन गरेर हेर्छौं र मात्रै पुरस्कार प्रदान गर्छौं । तिमीले सरोद भन्ने बाजालाई जतातत‍ै जाँदा पनि बोकेर हिँडेको पनि देखियो । तिम्रो सरोदप्रतिको लगाब देखेर हामी असाध्यै खुसी भयौँ । यस पटकको पुरस्कारचाहिँ हामीले प्रथम सरोदवादक नारीलाई दिने निर्णय गर्‍यौँ ।' उहाँले फोनमा यस्तो खुसीको कुरा सुनाउनुभयो । ती प्रशंसाका शब्दहरू सुनिरहँदा मलाई लाग्यो कि मैले चलाइरहेको

फलैँचा सङ्गीत अभियानका लागि उहाँले निमन्त्रणा गर्नुभएको हो कि जस्तो लागेको थियो । तर सङ्गीत सुन्न होइन रहेछ, सङ्गीतलाई अझै प्रेरणा दिनका लागी उहाँले मलाई पुरस्कृत गर्ने कुरा पो गर्नुभएको रहेछ । त्यसपछि मलाई के लाग्यो भने मैले गरिरहेको काम मेरा लागि मात्र होइन रहेछ ।

मैले २०७४ सालमा 'नइ देरुनीख गौरव पुरस्कार' पाएँ, त्यसपछि मेरो काँधमा अझै अर्को बोज थपिएको जस्तो लाग्यो । नइले पुरस्कार दिएपछि महसुस भयो कि खुसी आफ्नो ठाउँमा छ । तर खुसीको पछाडि अझै राम्रो बजाउनुपर्छ भन्ने एउटा प्रेरणा जाग्यो । मैले मेरो सरोदवादनलाई निरन्तरता दिँदै गएँ ।

नइको पुरस्कार समर्पणको समयमा मेरो हातमा प्लास्टर गरिएको थियो । त्यसको केही समयअघि किरातेश्वर सङ्गीत आश्रमको कार्यक्रममै लडेर मेरो हात भाँचिएको थियो । पुरस्कार लिएको बेलाका तस्बिरमा पनि मेरो फ्याक्चर भएका हात देख्न सकिन्छ । शताब्दी पुरुष सत्यमोहन जोशीले प्रदान गर्नुभएको सो पुरस्कार लिन जाँदा मेरो हातमा काम्रो बाधिएकाले मैले अलिक अप्ठेरो गरेर पुरस्कार थापेको थिएँ । पुरस्कार थाप्न जाँदाका क्षणहरूले लडेको र पीडादायी अवस्थालाई बिर्साइदिएको थियो । लडेर मरन्तु भएर हस्पिटलाइज भइरहँदाखेरि त्यो पुरस्कारको घोषणा मेरा कानमा पर्नु भनेको मेरा लागी जीवनको एउटा अर्को खुसीको क्षण थपिनु थियो । एकातर्फ लड्दाको पीडा अर्कातर्फ पुरस्कार पाउँदाको खुसी । मेरो जीवनमा यस्तैयस्तै भइरहन्छ । एकातिर खुसी हुन्छु त त्यो खुसीको अलिकति पनि महसुस हुन नपाउँदै दुःख पनि आइपर्छ अनि फेरि त्यो दुःखको दलदलमा फसिरहँदा, अर्कातिरबाट खुसी मिल्छ । जीवन दुःखसुखको सङ्गम नै रहेछ । यसरी नै मैले नइसँग निरन्तर जोडिने मौका पाइरहेँ ।

नइसँगको अर्को एउटा महत्त्वको प्रसङ्ग पनि छ मसँग । एक दिन म शान्ति दिदीका साथमा राष्ट्रकवि माधव घिमिरेको घर

गएकी थिएँ । राष्ट्रकविकी जेठी छोरी शान्ति अधिकारी स्वयम् आफैँ पनि शास्त्रीय सङ्गीतमा असाध्यै पोख्त हुनुहुन्छ । आफैँ पनि सङ्गीतसाधिका भएका कारणले त्यस दिन हामीबीच साङ्गीतिक कुराकानी भयो । उहाँले राष्ट्रकविरचित 'ऋतम्भरा' महाकाव्यमा सङ्गीत भरिरहनुभएको रहेछ ।

'ऋतम्भरा' महाकाव्य लेख्नका लागि बुबालाई नइले नै प्रेरित गरेका थिए' भनेर शान्ति दिदीले मलाई भन्नुभयो । अनि फेरि उहाँले थप्नुभयो– 'तर के गर्नु अहिले नइ हाम्रो घरमा आउँदैनन् । बुबाले पनि उनीहरूलाई त्यति चासो नै दिनुहुन्न ।' ती कुरा सुनेर मेरो मन कताकता खल्लो भयो । यता राष्ट्रकवि पनि आफैँमा राम्रो व्यक्ति हुनुहुन्छ र साहित्यसाधक हुनुहुन्छ । उता नइ पनि साहित्य, सङ्गीतलाई असाध्यै माया गर्ने मान्छे हुनुहुन्छ । उहाँहरूको यो चिसिएको सम्बन्धलाई केही न्यानो बनाउन सक्छु कि भनेर मैले साहस गर्दै शान्ति दिदीलाई आग्रह गरेँ– 'दिदी बुबाको यत्रो ठूलो कार्यक्रम हुँदै रहेछ, जाऊँ हामी नइकहाँ यो निमन्त्रणा लिएर । बुबालाई राष्ट्रकवि बनाउने नइसँग बुबाको सम्बन्ध पनि सुमधुर हुनुपर्छ । अनि यो हजुरले लेख्नुभएको नोटेसन र यसमा सङ्गीत भरिसकेपछि 'ऋतम्भरा'लाई उचाल्न र यसलाई अरू अगाडि बढाउन तथा 'ऋतम्भरा'को सङ्गीतले भरिएको शब्दलाई जनमानसमा पुऱ्याउन नइ नै योग्य छन् । नइको सामीप्यताबिना र सल्लाहसुझावबिना यो पनि अपूरो रहन्छ जस्तो लाग्यो । शान्ति दिदी हजुर पनि मेरो असाध्यै आदरणीय र प्रेरणादायी व्यक्तित्व हुनुहुन्छ ।' मेरो प्रस्ताव सुनेपछि दिदीले पनि 'हो र बहिनी जाऊँ न त' भन्नुभयो । त्यसपछि हामी दुवै निमन्त्रणा बोकेर नइगृहमा पुग्यौँ ।

नइकहाँ पुगेपछि शान्ति दिदी र नइ सबै जना खुसी भएको त्यो क्षण हरेक पल्ट मलाई याद आउँछ । कसैसँग सम्बन्ध चिसिन लाग्यो भने म त्यो पललाई सम्झन्छु । 'ओहो यसरी सम्बन्धलाई

चिस्याउनु हुँदैन है' भनेर बुझ्छु । सम्बन्धलाई जीवन्त राख्नुपर्छ । सम्बन्ध यस्तो कुरा हो जसलाई जोड्न असाध्यै सजिलो छ तर कायम राख्न असाध्यै गाह्रो छ । सम्बन्ध भनेको माटोको भाँडो बनाउनेलाई मात्र थाह हुन्छ । सम्बन्धको महत्त्व पनि जोड्ने र कायम राख्नेलाई मात्र थाह हुन्छ, अरूलाई हुँदैन । जसरी कुमालेलाई माटोको भाँडा बनाउँदा माटो मुछ्नेदेखि हरेक प्रक्रियाको मिहेनत थाह हुन्छ । सम्बन्ध पनि जीवन्त राख्नु र एकअर्कामा सामीप्यता कायम राख्नुको महत्त्व पनि बराबर हो जस्तो मलाई लाग्छ ।

हामी त्यस दिन नइगृह पुग्नासाथ नरेन्द्रराज प्रसाईले सोध्नै भन्नुभयो– 'गुरुको के छ खबर ? उहाँ कस्तो हुनुहुन्छ ?' त्यति बेला शान्ति दिदी र नरेन्द्रराज प्रसाईका आँखाबाट खुसीको आँसु निस्किएका थिए । उहाँहरूका लागि त्यो खुसीको क्षण थियो । सम्बन्ध चिसिए पनि एउटा प्रेमभाव भनेको मनको अन्तस्करणमा रहिरहन्छ । भोलिपल्टै एभिन्युज टेलिभिजनमा राष्ट्रकविको एउटा अन्तर्वार्ता आयो र त्यस अन्तर्वार्तामा नइको प्रसङ्ग पनि राम्ररी उठेको थियो । राष्ट्रकविको यस अन्तर्वार्तापछि नइ र राष्ट्रकविका बीचको सम्बन्धमा न्यानोपन आएको मैले महसुस गरेकी थिएँ ।


नइ प्रकाशनबाट 'राष्ट्रकविको सय वर्ष'नामक कृति प्रकाशित भयो । उक्त कृति बोकेर नइ जोडी राष्ट्रकवि माधवप्रसाद घिमिरेका घर पुग्नुभयो । त्यस दिन त्यहाँ म पनि पुगेकी थिएँ । त्यहाँ हामीले फोटो पनि खिचायौँ र नइको फेसबुकबाट ती फोटा बाहिरिएका थिए । नइसँग चिसिएको सम्बन्ध राष्ट्रकविको जीवनको उत्तरार्धमा पुग्दा फेरि मैले न्यानो पारेँ भन्ने मलाई लाग्यो । त्यति बेला नइ र राष्ट्रकवि एक भएकामा म असाध्यै खुसी भएँ । त्यो मेरो एउटा ठूलो सुकर्म हो भन्ने मलाई लाग्छ । यसरी नै नइसँगको मेरो सम्बन्ध अगाडि बढिरहेकोमा यो मेरा लागि ठूलो खुसी र भाग्य हो भन्ने पनि मलाई लाग्छ ।

# अविराम र गतिशील यात्रा

**प्रा.डा.लक्ष्मणप्रसाद गौतम**

## १. विषयारम्भ

साहित्यको समुन्नयनमा लागेका धेरै संस्था नेपालमा छन् र ती आफ्नै गति तथा लयमा आफ्नै किसिमले क्रियाशील छन्, मन्द गतिका छन् र गतिहीन पनि छन् । संस्था जन्माउन जति सजिलो हुन्छ; हुर्काउन, स्थापित गराउन र गतिशील तुल्याउन निकै कठिन



हुन्छ । त्यसभन्दा पनि बढी जटिल र चुनौतीपूर्ण हुन्छ संस्थालाई प्रतिष्ठित तुल्याएर चिनाउन । साहित्यिक संस्थाहरूको ठूलो भीडमा आफूलाई विशिष्ट र पृथक् रूपमा चिनाउने संस्था हो– नइ प्रकाशन । नवपुस्तालाई प्रोत्साहन, स्थापित पुस्तालाई सम्मान र विशिष्ट साधकहरूलाई उपाधि र अभिनन्दनद्वारा तिनका कृति र कीर्तिको कदर गर्ने नइ प्रकाशनले आफ्नो पच्चिस वर्षको यात्रामा धेरै विशिष्ट काम गरेको छ । मानवीय आयुका दृष्टिले यो उमेर लक्का जवान हुनाको लक्षण हो तर पच्चिस वर्षको नइ प्रकाशनले शताब्दीसम्मको काम गरेको छ । संस्थाको आद्य नामका पछाडि 'प्रकाशन' रहेकाले ऊट्ट सुन्दा यो प्रकाशनगृहजस्तो लागे पनि यो एउटा वाङ्मयिक प्रतिष्ठान हो भन्ने कुरा यसका कामहरूले

स्पष्ट पार्छन् । विशेषत: लुकेका प्रतिभालाई खोजीखोजी ल्याएर सार्वजनिक गर्ने र सम्मान गर्ने तथा सरकारले लाखौँ रकम खर्च गरेर पनि गर्न नसक्ने काम मितव्ययी तर भव्य किसिमले सम्पन्न गर्ने नइ प्रकाशन स्वयम्मा परिचय गराउन नपर्ने ख्यातनामा संस्था हो, जसको इतिहास स्वयम्मा अभिलिखित छ । तसर्थ आफ्नो इतिहास आफैँ बनाउने र बनाएको संस्थाका रूपमा मैले नइ प्रकाशनलाई चिनेको छु । एक जोडी दम्पतीको परिकल्पनाबाट जन्मेको यो संस्था रजत महोत्सवमा आइपुग्दा विराट् परिचयका साथ चिनिनु स्वयम्मा गौरव हो र नेपाली वाङ्मयकै सन्दर्भमा पनि गौरवपूर्ण कुरा हो ।

### २. मेरो परिचय : मेरो अनुभूति

नामले र कामले नइ प्रकाशनलाई स्थापनाकालदेखि नै चिनेको हुँ, संस्थाका अलि फरक ढङ्गका कामहरूसँग सुरुमा अलि टाढैबाट परिचित भएको हुँ । नेपथ्यमा नइले मलाई चिन्थ्यो वा चिन्दैनथ्यो थाहा छैन, म नइलाई चिन्थेँ, त्यत्ति हो । २०६१ सालको कुनै गर्मी महिनामा पर्यटन बोर्डमा एउटा कार्यक्रम थियो र म त्यहाँ पुगेको थिएँ । मूल द्वारमै भेट भयो नइसँग । त्यसभन्दापूर्व 'नइ'मध्येकी 'इ'सँग अर्थात् इन्दिरा प्रसाईसँग मेरो सामान्य चिनजान थियो तर 'न'सँग अर्थात् नरेन्द्रराज प्रसाईसँग मेरो चिनजान, देखादेख केही थिएन । त्यही मूल द्वारमा नै 'नइ'मध्येकी 'इ'ले मेरो परिचय 'न'सँग र 'न'को परिचय मसँग गराएपछि पहिलो भौतिक परिचय भएको हो । धेरै वर्ष यस परिचयले नवीकरण हुने मौका पाएन । २०६६ सालको मध्यतिर म त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागमा सरुवा भएर आएपछि त्यसै वर्षको देवकोटा शतवार्षिकी समारोहबाट नइसँग एक किसिमको मेरो निकटता भएको हो । देवकोटा शतवार्षिकी समारोह स्वयम्मा एउटा 'न भूतो न भविष्यति' प्रकृतिको अन्तर्राष्ट्रिय कार्यक्रम थियो । त्यसमा मेरो सामान्य सहभागिता भएपछि नइ प्रकाशनका बारेमा मैले सुनेका, मलाई सुनाइएका कतिपय भ्रमहरूबाट

म मुक्त भएको हुँ । आफ्नै आँखाले देखेपछि र आफैँले अनुभूत गरेपछि न हो भ्रमबाट मुक्त भइने ! त्यसपछिका दिनमा धेरै कुराहरूलाई समर्थन गर्दै केही कुरामा असहमति प्रकट गर्दै नइसँग मेरो समदूरीय हार्दिक सम्बन्ध निरन्तर छ, निरन्तर रहिरहनेछ । काम र विद्वताको कदर गर्न जानेको नइ प्रकाशनले मेरा कामको पनि निसर्त, नि:स्वार्थ मूल्याङ्कन गरेको छ । नइ प्रकाशनका ठूलाठूला सम्मेलन र कार्यक्रमहरूमा म प्रत्यक्ष द्रष्टा, भोक्ता र अनुभवकर्ता छु । मलाई अरूभन्दा केही फरक र सम्मानित दृष्टिले हेर्ने मेरा अग्रज द्वय 'न' 'इ'को एकात्मक भावबाट जन्मेको नइ प्रकाशन मेरा अनुभूतिमा एउटा गौरव गर्नलायक सम्मानित संस्था बनेको छ भन्नुमा कुनै अत्युक्ति हुँदैन भन्ने मेरो धारणा छ । कहिल्यै विचलन नआओस् मेरो धारणामा ।

**३. नइ प्रकाशन : प्रकाशन र अन्य सन्दर्भ**

नइ प्रकाशनले आफ्नो नामानुसार संस्थाका गतिविधिलाई प्रथमत: प्रकाशनबाट नै अगाडि बढाएको देखिन्छ । यसको नामानुरूप प्रकाशनहरू पनि शताधिक देखिन्छन् । नेपाली साहित्यका मात्र नभएर नेपाली वाङ्मयकै उच्च कृतिहरू नइ प्रकाशनले प्रकाशित गरेको छ । २०५२ सालमा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको सम्पादनमा प्रकाशित 'पौरखी पुरुष'बाट प्रकाशन आरम्भ गरेको यस संस्थाले हालसम्म विभिन्न विषय, विधा र क्षेत्रका उपयोगी कृतिहरू प्रकाशित गरेको देखिन्छ । यस्ता कृतिहरूमध्ये कतिपय स्रष्टाका वैयक्तिक सृजना छन् भने कतिपय सामूहिक सङ्कलन पनि देखिन्छन्; त्यस्तै कतिपय विभिन्न सन्दर्भ, समारोह र व्यक्तिबिम्बमा आधारित छन् । धेरैजसो कृतिहरू विभिन्न व्यक्तित्वहरूका जीवनीसँग सम्बद्ध छन् । २०५२ सालको 'पौरखी पुरुष'देखि 'मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म' (२०७९) सम्म आइपुग्दा नइ प्रकाशनले एक सय पैँसट्ठीभन्दा बढी कृति प्रकाशित गरेको छ भने विश्वनारी नेपाली

साहित्य सम्मेलन, देवकोटा शताब्दी महोत्सव, त्रिमूर्ति निकेतन आदि सन्दर्भ र संस्थाहरूका नाममा प्रकाशित कृतिहरूमा पनि नइजोडीकै परिकल्पना, सम्पादन र सक्रियता सर्वोच्च रहेको छ । प्रकाशनकै कुरा गर्दा यहाँ एउटा कुरा भन्न छुटाउनु हुँदैन– त्रिभुवन विश्वविद्यालय वा नेपाल प्रज्ञाप्रतिष्ठान वा निकै स्थापित मानिएका प्रकाशनगृहहरूका पुस्तकहरूमा पनि प्रशस्त भाषिक अशुद्धिहरू देखिन्छन् तर नइ प्रकाशनबाट प्रकाशित कृतिहरूमा भाषिक अशुद्धि कत्ति पनि पाइँदैन भन्ने कुरा ढुक्कले भन्न सकिन्छ, भाषाप्रतिको नइ प्रकाशनको यो सचेतता प्रशंसनीय छ ।

### ४. बृहत् राष्ट्रिय, अन्तर्राष्ट्रिय सम्मेलनहरूको परिकल्पनामा नइ

नइ प्रकाशनले प्राय: सानातिना वा झिनामसिना काम त्यति गर्दैन; जति गर्छ, गरेको छ, अरूले नगरेको र नयाँ काम गरेको छ । नइकै परिकल्पना र व्यवस्थापनमा त्रिमूर्ति निकेतनबाट मोदनाथ प्रश्रितको अध्यक्षतामा महाकवि लक्ष्मीप्रसाद देवकोटा जन्मशताब्दी समारोह समिति गठन भएको थियो । त्यस अवसरमा 'प्रथम अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन' (२०६६) भव्य रूपमा सम्पन्न भएको पाँच दिवसीय सो सम्मेलनमा देशविदेशका सयौँ विशिष्ट स्रष्टाहरूको सहभागिता रहेको थियो । सो समारोहमा महाकवि देवकोटामाथि विद्यावारिधि गर्ने एक दर्जनजति विद्वान्हरूलाई पुरस्कार, सम्मान पनि समर्पण गरिएको थियो भने सहभागीहरूलाई पनि महाकवि देवकोटा शताब्दी सम्मान समर्पण गरिएको थियो । धेरै देशका स्रष्टाहरू सहभागी भएको त्यस्तो समारोह नेपाली साहित्यको इतिहासमा पहिलो पटक थियो । वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको संयोजकत्वमा आयोजित उक्त बृहत् साहित्य सम्मेलनपश्चात् २०७० सालमा प्रा.डा.गार्गी शर्माको संयोजकत्वमा 'विश्वनारी नेपाली साहित्य सम्मेलन' सम्पन्न गरिएको थियो । संसारभरिका नेपाली नारी साहित्यकारहरूका लागि आयोजन गरिएको उक्त

त्रिदिवसीय समारोह पनि अन्तर्राष्ट्रिय स्तरको थियो । माथि उल्लेख गरिएका दुवै अन्तर्राष्ट्रिय साहित्य सम्मेलनहरूमा तेह्र र बाइस देशका र नेपालका समेत गरी सयौँ स्रष्टाहरूको सहभागिता रहेको थियो । त्रिमूर्ति निकेतन वा विश्वनारी साहित्य सम्मेलन आदि जे नाम दिए पनि तिनमा पर्दाअगाडि वा नेपथ्य जता रहेर भए पनि नइकै नेतृत्व, संयोजन, व्यवस्थापन र केन्द्रीय भूमिका रहेको थियो । नइकै प्रमुख भूमिका या संयोजनमा नेपाल सरकारले २०७१ सालमा 'आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह'को आयोजना गरेको थियो । २०७१ सालमा सत्यमोहन जोशीलाई पाँच लाख राशिसहित 'शताब्दी पुरुष घोषणा र भव्य अभिनन्दन समारोहको आयोजना तथा २०७४ सालमा नइकै पहलमा सत्यमोहन जोशीलाई नेपाल सरकारद्वारा 'वाङ्मय 'शताब्दी पुरुष'को उपाधि समर्पण, २०७१ सालमा नै वानीरा गिरीलाई पाँच लाख राशिसहित 'नेपाली साहित्यका विश्वनारी रत्न'को उपाधि र सम्मान समारोह आदि अन्तर्राष्ट्रिय स्तरका कार्यक्रमहरूमा नइको कुशल नेतृत्व उल्लेखनीय रहेको छ । २०७८ सालमा वासुदेव त्रिपाठीलाई महासमालोचक उपाधिसहित पाँच लाख राशिको पुरस्कार समर्पण समारोह आदिको आयोजन र संयोजनलगायतका बृहत् सम्मेलन तथा समारोह नइका ऐतिहासिक कार्यहरू हुन् । यस्ता राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन तथा समारोहहरू सम्पन्न गरेको नइ प्रकाशनले त्रिमूर्ति निकेतनका माध्यम 'नेपाल–भारत नेपाली विषय प्राध्यापक सम्मेलन' गर्ने नीति र योजनासमेत अगाडि बढाएको छ । नइले आयोजना गर्ने वा व्यवस्थापन गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका यस्ता समारोहहरूमा सम्बन्धित विधि र विषयक्षेत्रमा दर्जनौँ पुस्तकहरू स्तरीय साजसज्जा र आकारप्रकारमा प्रकाशित गरी कार्यक्रममा सहभागी सबैलाई नि:शुल्क समर्पण गर्नु महत्त्वपूर्ण कुरा हो; तर त्यसरी झोलामा राखेर दिइएका पुस्तकहरू झोला पनि नखोली त्यत्तिकै थन्क्याउनुचाहिँ विडम्बना हो । नइका मातहतमा भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय

स्तरका यस्ता कार्यक्रमहरूले नइ प्रकाशनलाई र नइलाई संसारभरिका नेपालीहरूका बीच चिनाएको छ ।

### ५. उपाधि, सम्मान र पुरस्कारहरूमा नइ

नेपाली साहित्य र वाङ्मय क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका वरिष्ठ साधकहरूलाई विभिन्न उपाधिद्वारा विभूषित गर्ने औपचारिक परम्पराको थालनी जनस्तरमा नइकै पहलमा भएको देखिछ । यद्यपि भानुभक्त आचार्यलाई आदिकवि, मोतीराम भट्टलाई युवाकवि, लेखनाथ पौडचाललाई कविशिरोमणि, लक्ष्मीप्रसाद देवकोटालाई महाकवि, सिद्धिचरण श्रेष्ठलाई युगकविजस्ता उपाधिहरू पहिले जनस्तरबाट नै प्राप्त भई अनुमोदित भएका हुन् । कतिपय कविहरूलाई प्रदान गरिएका यस्ता उपाधि पछि सरकारद्वारा पनि अनुमोदन भएको पाइन्छ । विशिष्ट स्रष्टाहरूलाई यस्तै उपाधि दिने र सरकारबाट पनि दिलाउने वा अनुमोदन गराउने कार्यमा नइको योगदान विशिष्ट रहेको छ । नइ प्रकाशनकै परिकल्पनामा, पहलमा, आयोजनामा र संयोजनमा समर्पण गरिएका केही उपाधि र सो प्राप्त गर्ने विशिष्ट स्रष्टाहरू यस प्रकार छन्–

(१) माधव घिमिरे– राष्ट्रकवि (२०६०)
(२) सत्यमोहन जोशी– शताब्दी पुरुष (२०७१)
(३) डा.वानीरा गिरि– नेपाली साहित्यका विश्वनारी रत्न (२०७१)
(४) सत्यमोहन जोशी– वाङ्मय शताब्दी पुरुष (२०७४)
(५) प्रा.डा.वासुदेव त्रिपाठी– महासमालोचक (२०७८)

यी उपाधिहरूका अतिरिक्त नइ प्रकाशनले हरेक वर्ष विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका विशिष्ट स्रष्टादेखि बालप्रतिभासम्म तीस जनासम्मलाई नगद राशिसहित विभिन्न पुरस्कारहरू समर्पण गर्ने गरेको छ । विभिन्न संस्थापक दाताहरूद्वारा स्थापित दुई करोड पचास लाख अक्षयकोषबाट प्रत्येक वर्ष पन्ध्रदेखि बीस लाख राशि पुरस्कार समारोहका लागि छुट्ट्याउनु ठूलो विशिष्टता हो । त्यसरी

नै आवधिक रूपमा भएका आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह, महाकवि लक्ष्मीप्रसाद देवकोटा शताब्दी समारोह, विश्वनारी नेपाली साहित्य सम्मेलन आदिका साथै अन्य विभिन्न समारोहहरूमा सयौँ स्रष्टाहरूलाई सम्मानपत्र, कदरपत्र, पदक समर्पण गरेर सम्मान गर्ने परम्परा पनि नइ प्रकाशनको रहेको छ । कतिपय नवस्रष्टाहरूले नइ प्रकाशनबाट आवधिक अवसरमा आयोजित समारोहहरूमा कदरपत्र र पदक प्राप्त गरेपछि लेखनमा निरन्तरता दिएका प्रसङ्गहरू पनि स्मरणीय छ । प्रत्येक वर्ष समर्पण गरिने करिब तीन दर्जन पुरस्कारहरू नेपाली साहित्यका विशिष्ट साधक र पुरस्कार संस्थापक वा संस्थापकले इच्छ्याइएका व्यक्तित्वका नाममा स्थापित छन् । त्यस्ता पुरस्कारका लागि लुकेर बसेका, उपत्यकाबाहिर रहेका पनि र प्रतिभाशाली वा आफ्ना क्षेत्रमा योगदान पुऱ्याएका राष्ट्रिय व्यक्तित्वहरू या नेपाल र नेपालीसँग प्रत्यक्ष सरोकारमा रहेका अन्तर्राष्ट्रिय विशिष्ट प्रतिभालाई छानीछानी चयन गर्ने नइ प्रकाशनको परिपाटी देखिन्छ । कसैले पुरस्कारका लागि आशय मात्र व्यक्त गऱ्यो भने वा प्रत्यक्ष या अप्रत्यक्ष रूपमा पुरस्कार माग्यो भने उसलाई 'कालो सूची'मा राख्ने र कहिल्यै पुरस्कार नदिने नइको दृढता प्रशंसनीय छ । प्रतिभा चयनमा नइ प्रकाशनका आफ्नै वैज्ञानिक र व्यावहारिक आधार पनि छन् । यस प्राज्ञिक संस्थाले पुरस्कारका लागि कुनै वैचारिक राजनीतिक दायरा पनि हेर्दैन । न र इ दुवै जना खाँटी राजावादी हुन् तर खाँटी काङ्ग्रेस र खाँटी कम्युनिस्टले पनि नइ प्रकाशनका पुरस्कार पाउँदै आएका छन् । बाहिर आलोचना गर्नेहरूले पनि भित्र पुरस्कार थापेका छन् । पुरस्कार सम्मान होस् वा कार्यक्रम 'चरैवेति चरैवेति' नइ प्रकाशनको विशेषता हो ।

### ६. अरूका दृष्टिमा नइ प्रकाशन

नइ अर्थात् नइ प्रकाशन धेरै विशिष्ट व्यक्तित्वहरूका दृष्टिमा कर्मशील, स्वाभिमानी, दृढनिश्चयी र सधैँ काम गरिरहने, खाली

नबस्ने व्यक्ति र संस्थाका रूपमा रहेको देखिन्छ । नइ प्रकाशनले गरेका कामको मूल्याङ्कन गरेर धेरै विद्वान् र विशिष्ट व्यक्तित्वहरूले नइको प्रशंसा पनि गरेका छन् । नइका साहित्यिक व्यक्तित्वका बारेमा धेरै पुस्तकहरू लेखिएका छन्, लेखहरू लेखिएका छन् र सामाजिक सञ्जालमा तिनका कर्मको प्रशंसा पनि भएका छन् । नइका शुभकर्मबारे प्रशंसा गरेर लेखिएका सामग्रीहरू मात्र जम्मा गर्ने हो भने मात्र पनि ठूलै कृति तयार हुन्छ । नइ र नइ प्रकाशनका बारेमा कसकसले कहाँ केके लेखेका छन् भन्ने विवरण, सूची वा तथ्याङ्क यहाँ आवश्यक छैन; तर सामाजिक सञ्जालमा मैले पढेको वरिष्ठ कवि, मुक्तककार, आख्यानकार उषा शेरचनले भनेको कुरा कतै उल्लेख भएको म सम्झन्छु । नइप्रति उहाँको आशय थियो– 'नेपाली साहित्यका लागि तिमीहरूले कति धेरै गर्‍यौ, ठूलो गुन लगायौ, अविश्रान्त काम गरिरह्यौ; अब त अलिकति विश्राम लिएर काम गर । काम धेरै गरेर तिमीहरूले शत्रु पनि धेरै कमायौ, अब बिस्तारै कामलाई घटाउँदै जाऊ । बरु देशविदेश घुमेर मनोरञ्जन गर ।' यसैमा कुरो मिलाउँदै मलाई पनि भन्न मन लाग्छ– 'नइ प्रकाशनले धेरै काम गरेको छ, गर्नेछ । नेपाली साहित्यमा अथक र अविश्रान्त यात्री बनेर नइ प्रकाशन 'चरैवेति चरैवेति'को यात्रामा निरन्तर गतिशील छ तर अब सङ्ख्यात्मक होइन, गुणात्मक कामतिर मात्र बढी ध्यान दिनुपर्छ, स्रष्टाहरूको ठूलो भीड मात्र जम्मा गर्ने होइन, विशिष्ट स्रष्टाहरूका बीच अरू धेरै गम्भीर प्राज्ञिक विमर्श गर्नु र गराउनुपर्छ र गुणात्मक तथा दुर्लभ र विशिष्ट कृतिहरू मात्र प्रकाशित गर्नुपर्छ ।' साँच्चै हो, परिमाणात्मक काम पुग्यो, कति गर्नु अब पनि ?

### ७. अभियान, अभियन्ता र परिपूरकता

नइ प्रकाशनलाई म एउटा संस्था मात्र मान्दिनँ । मलाई लाग्छ यो एउटा साहित्यिक अभियान पनि हो, यो अभियान कस्तो र

किनभने अरूले नगरेका, ठूला संस्थाले पनि गर्न आँट नगर्ने सम्मेलनहरू गर्ने, विशिष्ट स्रष्टा र साधकहरूका विशिष्टतालाई हेरेर उपाधि सृजना गरी प्रदान गर्ने, विभिन्न विधा, विषय र क्षेत्रमा योगदान पुऱ्याउने उमेर समूहगत प्रतिभाहरूलाई पुरस्कृत गर्ने, नवपुस्तालाई प्रोत्साहन दिने, स्थापित पुस्तालाई सम्मान गर्ने र विशिष्टता प्राप्त गरी साधना एवं समर्पणद्वारा प्रतिष्ठित भएका पुस्तालाई अभिनन्दन गर्ने र स्रष्टाका कृति तथा कीर्तिलाई सार्वजनिक गरेर पाठकसमक्ष पुऱ्याउने अभियान नै नइ प्रकाशन हो । यस्तो अभियान राष्ट्रिय र अन्तर्राष्ट्रिय साहित्य सम्मेलनहरूका प्रतिरूप बनेर पनि आएको देखिन्छ । कुनै पनि अभियान सञ्चालन गर्न अभियन्ताहरू चाहिन्छन् । नइ प्रकाशनका मुख्य अभियन्ता पनि नइ जोडी नै हुन् । यिनका पछाडि केही सहयोगी हातहरू भए पनि केन्द्रवर्ती भूमिका नइकै छ । उनीहरू विभिन्न विश्वासपात्रहरूबाट सरसल्लाह लिन्छन्, सुझाव माग्छन्, दिइएका सल्लाह र सुझाव आवश्यकताअनुसार अड्कलेर लिन्छन्; तर्क दिएर भन्ने हो भने हठ गर्दैनन्, खुरुक्क मान्छन् र जस पनि दिन्छन् । यो तिनको विशेषता हो । साहित्यिक समुन्नयनको लक्ष्यप्राप्तिको निरन्तर यात्रा र 'चरैवेति चरैवेति'को मूलमन्त्र अभियान हो । मैले नइ प्रकाशनमा यही देखेको छु ।

नइ प्रकाशनलाई यसका अभियन्ताहरूले एक्लो बनाएका छैनन्; यसको समानान्तर र परिपूरक संस्थाका रूपमा त्रिमूर्ति निकेतनको स्थापना गरेका छन् । त्रिभुवन विमानस्थलअगाडिको सञ्चारग्राममा २०६१ सालमा त्रिमूर्ति निकेतनको स्थापना भयो । नेपाली साहित्यका त्रिमूर्ति अर्थात् कविशिरोमणि लेखनाथ पौड्याल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको पूर्ण कदको सालिक स्थापना गरी यिनै त्रिमूर्तिका नामबाट त्रिमूर्ति निकेतन बनाएर धेरै विशिष्ट सम्मेलनहरू यसै संस्थाका माध्यमबाट सम्पन्न भएका छन् । बाहिर झट्ट हेर्दा नइ प्रकाशनको समानान्तर संस्थाजस्तो

देखिए पनि त्यो परिपूरक संस्था हो, एउटा संस्थाका लागि दुवै परिपूरक छन् । यी त्रिमूर्तिकै विधागत स्रष्टासँग सम्बद्ध लेखनाथ काव्यसभा, सम नाटयसभा र देवकोटा काव्यसभा छन् र तिनले आआफ्नै क्षेत्रमा रहेर काम गर्छन् । नइ प्रकाशनकै अर्को परिपूरक संस्था वानीरा फाउन्डेसन (२०७६) हो । यसले पनि आफ्नै गतिमा काम गरेको छ । अहिले नइ प्रकाशन, त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसन परस्परमा नै परिपूरक छन्, ओदानका तीन खुट्टाजस्तै रहेका छन् । यस अर्थमा नइ प्रकाशनको यो संस्थागत विकास, विस्तार र परिपूरकतालाई अभियान नाम दिनु धेरै दृष्टिकोणले युक्तिसङ्गत र उपयुक्त देखिन्छ ।

## ८. विचार, आलोचना र हल्ला

नइ प्रकाशनका अभियन्ता नइ अर्थात् नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई वैचारिक दृष्टिले राजावादी हुन्, गणतन्त्र उनीहरू रुचाउँदैनन् र आफ्नो विचारमा उनीहरू स्पष्ट र अडिग छन्, अर्थात् उनीहरू आफ्नो स्वार्थका लागि विचार बेच्दैनन्, दल फेर्दैनन् । प्राज्ञिक भनिएका र प्राध्यापकसमेत रहेका कतिपय व्यक्तिहरू राजनीतिक अवसर प्राप्त गर्न वा कुनै पद प्राप्त गर्न रङ बदलिरहन्छन्, यसरी स्वार्थका लागि रङ बदल्ने काङ्ग्रेस, कम्युनिस्टहरूभन्दा आफ्नै विचारमा दृढ रहने नइको विशेषता मलाई मन पर्छ । जुनसुकै दलसँग सम्बद्ध भए पनि स्वार्थका लागि रङ फेर्नु र विचार बेच्नु राजनीतिक वैचारिक वेश्यावृत्ति हो । राजावादी भएकाले नइ र नइ प्रकाशनलाई कतिपयले पर्दापछाडि आलोचना पनि गर्छन्; तिनले स्थापना गरेका पुरस्कारहरूको विरोध पनि गर्छन् र तिनै व्यक्तिहरू सुटुक्क पुरस्कार लिन पनि पछि पर्दैनन् । बाहिर जति नै आलोचना गरे पनि नइका अगाडि नै गएर आलोचना गरेको देखिएको छैन । 'नइले रित्तो खामको पुरस्कार दिन्छ' भनेर बजारमा हल्ला गर्नेहरू पनि थिए तर अहिले यो हल्ला छैन र त्यस्तै हल्ला गर्नेहरूले नै

खाममा पुरस्कार लिएका सन्दर्भ पनि सुनिन्छन् । मेरो दृष्टिमा नइलाई हल्ला, आलोचना, विरोध आदि कुनै कुराले छुँदैन, तर कतिपय मान्छेलाई झैँ कतिपय सन्दर्भमा उनीहरूलाई प्रशंसा पनि मन पर्छ होला नै ! कामका सन्दर्भमा उनीहरूको गति अरूसँग मिल्दा पनि मिल्दैन । विचारमा राजावादी भए पनि प्रजातन्त्र या लोकतन्त्रवादी, मार्क्सवादी, माओवादी आदिआदि सबैलाई साहित्यिक सन्दर्भमा, साहित्यको समुन्नयनमा आफ्नो अनुकूल बनाएर ढाल्न सक्नु नइको अर्थात् नइ प्रकाशनको ठूलै विशेषता हो ।

९. **विषयान्त**

नेपालमा साहित्यिक संस्थाहरू धेरै छन् तर ती अधिकांशत: भीडमा हराएका छन्; भीडमा हराएपछि चिन्न गाह्रो हुन्छ, चिनिनका लागि भीडबाट पृथक् हुनुपर्छ । नइ प्रकाशन भीडहरूबाट पृथक् छ भन्ने कुरा यस संस्थाका केही विशिष्ट काम र वाङ्मयिक ग्रन्थहरूको प्रकाशनले स्पष्ट पारेको छ । नइ प्रकाशनले साहित्यिक कृति मात्र छाप्दैन; नेपाली मौलिकता, आफ्नोपन, धर्म र संस्कृतिजस्ता विषयका 'राजधर्म', 'श्रीस्वस्थानी', 'हिमवत्खण्ड', 'कवचमन्त्र'जस्ता कृतिहरूसमेत प्रकाशित गरेको छ । नइ प्रकाशनका पुस्तकको साजसज्जा र कागज एवं छपाइ पनि निकै स्तरीय हुन्छन् भने यस प्रकाशनका प्राय: कतिपय पुस्तकमा मूल्य उल्लेख हुँदैन, मूल्य हुँदैन भनेको अर्थ ती बिक्रीका लागि हुँदैनन्; आफ्ना प्रकाशनका प्राय: सम्पूर्ण पुस्तक नि:शुल्क प्रदान गर्नु या उपहार गर्नु नइ प्रकाशनको विशेषता हो, जुन विशेषता अरू कुनै संस्थामा पाइँदैन । भाषिक शुद्धतामा पूर्णरूपेण सचेत नइ प्रकाशनका निमन्त्रणापत्रदेखि पुस्तकसम्ममा भाषिक त्रुटि नदेखिनु, आफ्नो मौलिक नेपालीपनप्रति सचेत रहनु, साहित्यको समुन्नयनमा अरूले बनाएको बाटो नहिँडी आफैँ बाटो बनाएर हिँड्नु र अरूलाई पनि हिँडाउनु आदि नइ प्रकाशनका आफ्नै विशिष्टता छन् । यस वाङ्मयिक प्रतिष्ठानका धेरै

कुरा मन पर्ने खालका छन् । भनाइ र गराइमा समानता, नियममा स्पष्टता, आवश्यक ठाउँमा कठोरता आदिआदि विशेषता पनि नइ प्रकाशनका कार्यशैलीमा देखिन्छ । हतपती कसैलाई विश्वास नगर्ने र विश्वास गरिसकेपछि धेरै आत्मीय ठान्ने हुनाले नइ प्रकाशनसँग निकट मान्छेहरू धेरै छन् तर अति निकट थोरै छन् । सम्मान, पुरस्कार, कृतिप्रकाशन, सम्मेलनहरूको आयोजना मात्र होइन; माधव घिमिरे, सत्यमोहन जोशी, वानीरा गिरी, वासुदेव त्रिपाठी, ईश्वरवल्लभ आदि व्यक्तित्वहरूमाथि विद्यावारिधि गर्नेहरूलाई एक लाख रुपियाँको पुरस्कार प्रदान गर्नेदेखि लिएर प्रत्येक वर्ष लाखौँका पुरस्कार दिनेसम्मका उत्प्रेरक कर्मको निरन्तर अभियानबाट यस संस्थाले पृथक् इतिहास निर्माण गरेको छ । 'जय नेपाली भाषासाहित्य' भन्नेहरूका लागि यसको अनन्त यात्रा अविराम र गतिशील बन्नुपर्छ ।

# सिङ्गै चौतारो

## ललिता 'दोषी'



**नइ हुन् फूलका माली**
**फुलाउँछन् अनेकौँ फूल**
**आफ्नै सिर्जनाले पनि**
**जितेका छन् सबैको दिल**

**भन्दैनन् दिनरात**
**खनिरहन्छन् गरा**
**उब्जाएका छन् बाली**
**निक्कैनिक्कै नै उर्वर**

**बलिरहून् दीपझैँ**
**नआओस् आँधी कतै**
**चुमिरहून् शिखर**
**नइले सधैँ सधैँ ।**

'नइ रजत महोत्सव' मनाइरहँदा नइसँग जोडिएका विगत आँखामा झलझली नाचिरहेको छ । बेलायती नागरिक प्रा.डा.माइकल हटले शिक्षा तथा साहित्यमा पुरस्कार पाउँदा म नइ प्रकाशनको कार्यक्रममा गएकी थिएँ । नेपालीले मात्र होइन विदेशीले पनि आफ्नो देशबाट पुरस्कार पाएको देख्दा मेरो छाती गर्वले फुलेको थियो । आहा ! नइ प्रकाशनले सिङ्गो देशलाई चिनाएको छ । सिङ्गो देशलाई चिनाउनुहुने नइलाई त्यस बेला नै मैले मनमनै प्रणाम

गरेकी थिएँ । भारतीय, बङ्गालीबाहेक यसरी विदेशीलाई पुरस्कार दिएको कार्यक्रममा अहिलेसम्म म उपस्थित भएकी थिइनँ ।

देशका कुनाकन्दरामा मात्र होइन । भारतीय, पाकिस्तानी, रूसी, बेलायती, फ्रान्सेली, जर्मन, अमेरिकनजस्ता व्यक्तिदेखि लिएर नेपालभित्रका अग्रजदेखि अनुजसम्म र तेस्रो लिङ्गीदेखि दृष्टिविहीनसम्म सबैलाई समान रूपले हेरेको छ नइ प्रकाशनले । न जातभात, न नातावाद, न कृपावाद, न सिद्धान्तवाद; सबैसबैमा एकैनासको व्यवहार गर्छ नइले । नइ प्रकाशन त्यस्तो चौतारी हो, जसका संस्थापक हुन् नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई जसको छहारीमुनि सजिलै विश्राम गर्न सकिन्छ ।

कसैले पनि कल्पनासम्म नगरेको महाकवि देवकोटा शताब्दी महोत्सव, अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन, विश्वनारी नेपाली साहित्य सम्मेलन, भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति, सत्यमोहन जोशी शताब्दी महोत्सव आदि जस्ता कर्म गर्ने युगपुरुष हुन्– नइदम्पती ।

नइलाई धेरैले आधुनिक युगको मोतीराम पनि भन्छन् । नइ मोतीराम नै हुन् । नइले प्रतिभावान् व्यक्तिलाई ल्याएर पुरस्कार दिँदै ऊर्जा थपिदिन्छन् । हिँड्नका लागि सहज बाटो बनाइदिन्छन्, यो सबैलाई थाहा भएकै कुरा हो । नइ प्रकाशन र त्रिमूति निकेतनबाट नेपालका प्राय: धेरै साहित्यकारहरू पुरस्कृत भएकै छन् ।

अरूले अलिकति माथि उक्ल्यो भने खुट्टा तान्ने समाजमा नइ हरपल अरूका लागि मरिमेटिरहेका छन् । माधव घिमिरेलाई ‘राष्ट्रकवि’को उपाधि दिन होस् कि, वानीरा गिरीलाई ‘नेपाली साहित्यका विश्वनारी रत्न’को उपाधि दिन होस् या सत्यमोहन जोशीलाई शताब्दी पुरुषको उपाधि दिन होस् । प्रा.डा.वासुदेव त्रिपाठीलाई ‘महासमालोचक’को उपाधि दिन होस् या माया ठकुरी,

भागीरथी श्रेष्ठ, पद्मावती सिंह र गीता केशरीलाई 'नेपाली साहित्यका नारीरत्न'को उपाधि दिन होस् । नइ प्रकाशन कहिल्यै पछि सरेको छैन ।

सामाजिक कार्यमा वानीरा फाउन्डेसन स्थापना गर्नदेखि लिएर गायिका कोइलीदेवी, तारादेवी, अरुणा लामा या साहित्यकार घनश्याम शर्मा, उज्ज्वल जीसीदेखि बीके पाल्पाली सम्मलाई सहयोग गर्न होस् अथवा कसैलाई केही पर्दा खुट्टा कमाउँदैनन् नइदम्पती । 'टेलिफोन कोश'देखि 'नारीस्रष्टा कोश' हुँदै सयौँको सङ्ख्यामा पुस्तक प्रकाशन गर्ने नइ प्रकाशनको जति नै प्रशंसा गरे पनि कम हुन्छ ।

अब इन्दिरा प्रसाईको बारेमा आफूले देखेका कुरा मलाई थोरै भन्न मन लागेको छ– प्रा.डा.रामप्रसाद उप्रेतीले २०६६ सालको नइ प्रकाशनको एउटा कार्यक्रममा नै भन्नुभएको थियो– 'भागीरथा प्रसाईले इन्दिरा प्रसाईलाई भन्नुभएको थियो, 'इन्दिराले मलाई अति धेरै रेखदेख र माया गर्छिन्, यिनी मेरी बुहारी होइनन् आमा हुन् ।'

इन्दिरा प्रसाईले सासूको बारेमा 'मेरी सासू'नामक सुन्दर पुस्तक पनि लेख्नुभएको छ । मैले आजसम्म कुनै पनि बुहारीले सासूको बारेमा किताप लेखेको पाएकी छैन ।

अहिले पनि इन्दिरा प्रसाई आफ्नी आमा दुर्गादेवी नेपालको आमाजस्तै बनेको मैले देखेकी छु । २०७९ भदौ १९ गते प्राज्ञ प्रा.डा.उषा ठाकुर, शर्मा ललिता, शान्ति पौडेल, रश्मि रिमाल, सन्देश पौडेलसहित हामी नइगृहमा गएका थियौँ । उषा ठाकुरले भन्नुभएको थियो– 'इन्दिरा बहिनी आमाको पीरले धेरै दुब्लाउनुभयो ।'

हुन पनि इन्दिरा प्रसाई दुब्लाएर माछाको सिद्राजस्तै हुनुभएको थियो । उहाँले कुराकै प्रसङ्गमा भन्नुभएको थियो– 'नइ रजत महोत्सवमा मैले कसरी कार्यक्रम चलाएँ होला, मलाई नै थाहा छैन । म आमालाई केही दिनअगाडि अस्पताल राख्दा पाँच दिन पाँच रात सुत्न पाइनँ ।'

आमा दुर्गादेवी नेपालसँग इन्दिरा प्रसाईले 'म छोरा भएको भए झन् कति स्याहार गर्थें होला हगि' भन्दा दुर्गादेवी नेपालले भन्नुभयो– 'तँ छोरी भएकै ठीक छ । तैँले छोरी भएरै मेरो यति राम्रोसँग स्याहार गरेकी छस् । तँ पनि छोरा भएको भए म अलपत्र पर्ने रहेछु ।'

हामी नइगृहमा पुग्दा इन्दिरा प्रसाईले एकदुई वर्षको बच्चालाई जस्तै गरी आफ्नी आमालाई खाना खुवाइरहनुभएको थियो । आमालाई खाना खुवाउने बेला इन्दिरा प्रसाई भन्नुहुन्थ्यो– 'कान्छी नानी ! ल खानेकुरा खानू है, नत्र म तिम्रो बिहे गरिदिन्छु ।' दुर्गादेवी नेपाल भन्नुहुन्थ्यो– 'नाइँ, नाइँ म बिहे गर्दिनँ !'

बडो भावविभोर दृश्य थियो त्यो । इन्दिरा प्रसाई छोराछोरीका लागि मात्र असल आमा नभएर आफ्नी सासू र आमाकै लागि पनि आमासरह बन्नुभएको छ ।

२०७९ कात्तिक ८ गते लक्ष्मीजयन्तीको दिन इन्दिरा प्रसाईले भन्नुभयो– 'नानी ! सासूससुरा, आमाबाबुको स्याहार गर्न पाउनु भनेको भाग्यमानीले मात्र पाउँछन् । म भाग्यमानी हुँ बुझ्यौ ?'

मैले उहाँको अनुहारमा एकोहोरो हेरिरहेँ । मेरो आँखामा थुप्रै आमाबाबुका दर्दनाक दृश्य आँखामा ओहोरदोहोर गरिरहे । मैले अति सम्पन्न छोराबुहारीले पनि बाबुआमालाई अति नै घृणा गरेको देखेकी छु । हामी सानो छँदा छिमेकीका छोराबुहारी विवाह भएको केही महिनामै भिन्न भएको देख्थ्यौँ । उनीहरू भिन्न भएको देखेर मेरो दिज्यू सुस्मिता शर्मा, म र मेरो भाइ डा.दिनेश गजुरेल क्षत्री बाबाआमासँग भिन्न भयौँ । बाबाआमाले पनि सबै खानेकुराहरू दिनुभयो । त्यति बेला मेरो उमेर ठ्याक्कै थाहा भएन, त्यस्तै सातआठ वर्षको थियो होला । चारपाँच दिन हामीले छुट्टै पकाएर खायौँ । त्यो बेला हामीलाई मान्छे किन भिन्न बस्छन् भन्ने ज्ञान थिएन । जब ज्ञान भयो मान्छेको स्वार्थ देखेर मुटु चहऱ्याउँछ ।

आमा दुर्गादेवी नेपालले गोधूलि साहित्य प्रतिष्ठानबाट पुरस्कार पाउँदा पनि इन्दिरा प्रसाई ज्यादै हर्षित हुनुहुन्थ्यो ।

मलाई यस्ती छोरी, बुहारी देख्दा सपनाजस्तै लाग्छ । जीवनको यो मोडसम्म आइपुग्दा मैले इन्दिरा प्रसाईजस्ती छोरी, बुहारी देखेकी छैन । इन्दिरा प्रसाईजस्ती छोरी जन्माउने आमा दुर्गादेवी नेपालको कोखलाई लाखलाख सलाम !

नरेन्द्रराज प्रसाईको कुरा गर्दा उहाँले आमालाई गरेको व्यवहार हामी सबैको सामु घामजस्तै छर्लङ्ग छ । उहाँले आमा र सासूमा पटक्कै पक्षपात गरेझैँ लाग्दैन मलाई । उहाँले २०७९ साल भदौ १९ गते भन्नुभएको थियो– 'सासू आमालाई हेर्न तलमाथि गर्दा मेरो पेट केही घटेको छ ।'

जब मैले दुर्गादेवी नेपालको 'बगेको खोला' पढेँ, त्यति सुन्दर पुस्तक ओझेल भएकोमा मलाई भित्रभित्र छटपट भयो । मैले केही आफ्नो मनले खाएका संस्थासँग 'बगेको खोला' पुस्तकको बारेमा कुरा पनि गरेँ । कसैले मेरो कुरा सुनेनन् । जब मैले गोधूलि साहित्य प्रतिष्ठानका पूर्वअध्यक्ष प्रकाश समीरसँग कुरा गरेँ । उहाँले एक वचनमा नै मेरो प्रस्ताव स्वीकार गर्नुभयो । पुरस्कार दिने भन्ने कुरा पहिले मैले नरेन्द्रराज प्रसाईलाई सुनाएँ । उहाँले भन्नुभयो– 'हामीले पुरस्कार त त्यति लिने गरेका थिएनौँ तर यो पुरस्कारको ऊर्जाले आमाको थोरै आयु बढ्छ । तिमीहरूले आमाको आयु बढाउने काम गर्‍यौ, धेरै धन्यवाद छ नानी ! पुरस्कारका कुरा सुनाउँदा आमा खुसी हुनुहुन्छ ।'

नरेन्द्रराज प्रसाईले दुर्गादेवी नेपालको पुरस्कार वितरणको दिन कात्तिक २१ गते पनि भन्नुभएको थियो– 'आमा यो घरमा बसेपछि हामीलाई राम्रो भएको छ । आमा त साक्षात् देवी नै हुनुहुन्छ । आमा मेरो साहित्यिक साथी पनि हुनुहुन्छ । आमाले

उपहारमा दिएको एउटा सट फाट्ला भनेर मैले जतनले राखेको छु । आमाले हामीलाई मोटर किन्न दिएको पैसाले हामीले 'गणेशदुर्गा'नामक पुरस्कार स्थापना गरिदियौँ । म आफ्नो पैत्रिक सम्पत्ति एक पैसा र एक चपरी जमिन पनि नलिने मान्छेले ससुरालीको पैसा पचाउन सक्छु र ?'

दुर्गादेवी नेपालको कृति 'बगेको खोला' नरेन्द्रराज प्रसाईको प्रेरणाले नै लेखिएको थियो । त्यो सुन्दर पुस्तकले २०७९ सालको 'गोधूलि पुरस्कार' प्राप्त गऱ्यो । संसारमा कति त्यस्ता ज्वाइँ होलान् जो नरेन्द्रराज प्रसाईजस्ता होलान् । आमाको बारेमा उहाँले 'मेरी आमा भागीरथा प्रसाई'नामक पुस्तक लेख्नुभएको छ । 'प्रिय इन्दिरा' पत्रसाहित्यमा चेन्नईमा छोरा कञ्चनजङ्घा प्रसाईलाई भेट्न जाँदा 'आफूलाई केही भयो भने देश, आमा, श्रीमती, छोराछोरीको के हालत होला' भनेर सोच्नुभएको छ । उहाँ आमा र सासूलाई मात्र होइन, हरेक आमालाई माया गर्नुहुन्छ । फोन गरेपिच्छे सोध्नुहुन्छ– 'नानी ! आमालाई कस्तो छ ? मेरो ढोग दण्डवत् सुनाइदिनू है ! तिमी सासूको राम्रो स्याहार गर्छ्यौ, त्यसैले मलाई तिम्रो माया लाग्छ ।'

२०७९ असोज २ गतेको कुरा हो । हामी मुमालाई लिएर अस्पताल जाँदै थियौँ । नरेन्द्रराज प्रसाईको फोन आयो । मैले श्रीमान् र म मुमालाई लिएर अस्पताल जाँदै गरेको कुरा गरेँ । कामधन्दाले 'नइ रजत महोत्सव'को बारेमा लेख्न नभ्याएको कुरा गरेँ । नरेन्द्रराज प्रसाईले भन्नुभयो– 'नानी ! अरूको रचनाहरू त आइसक्यो । तिमीले भने आमालाई राम्रो स्याहार गर्नु, नलेखे पनि हुन्छ र पछिपछि लेखे पनि हुन्छ नि ! अहिले लेखतिर मन नदेऊ आमाको सेवामा नै लाग, पुण्य हुन्छ ।' म अलि ढुक्क भएँ ।

नरेन्द्रराज प्रसाईले साहित्यकार सुश्री भद्रकुमारी घलेको प्रत्येक जन्मदिनमा आफ्नै हातले सुश्री घलेको खुट्टामा मोजा लगाइदिनुहुन्छ । खोला तरिसकेपछि लौरो बिर्सने समाजमा नरेन्द्रराज प्रसाईले विभिन्न

साहित्यिक कार्यक्रममा भनिरहनुहुन्छ– 'फलानोले नइगृह बनाउँदा सहयोग गर्नुभएको थियो । ढिस्कानोले त्रिमूति निकेतन बनाउँदा धेरै सहयोग गर्नुभयो आदि...आदि ।' उहाँ कसैको पनि गुन कहिल्यै भुल्नुहुन्न । कलियुगको श्रवणकुमार नै हुनुहुन्छ नरेन्द्रराज प्रसाई ।

अब म अलिकति व्यक्तिगत जीवनमा आउँछु । हुन त भागवत् गीतामा 'कर्म गर्नू, फलको आशा नगर्नू' भनिएको छ । तर मलाई लाग्छ ऊर्जाबिना जीवन निरस हुन्छ नै । थोरै कर्म गरेकाले भन्दा धेरै कर्म गरिरहेकाले केही प्रेरणा, केही प्रोत्साहन पाए भने ऊ केही गर्छ भन्ने मेरो धारणा हो । अरू मानसम्मानले जस्तै अहिलेको 'नइ रजत पदक'ले पनि धेरैलाई जस्तै मलाई पनि ऊर्जा दिएको छ । जीवनमा केही गर्नैपर्छ भन्ने लागेको छ । यो 'नइ रजत पदक' पाउन योग्य गराउने पनि नइ नै हुनुहुन्छ ।

२०५९ सालको कुरा हो । जब मैले पहिलो देशव्यापी कविता प्रतियोगितामा 'भानुमोती पुरस्कार' पाएँ । म यति खुसी भएँ कि जसको सीमा नै छैन । मलाई लाग्यो– 'यहाँ मजस्ता प्रतिभालाई चिन्ने नइजस्ता मान्छे पनि त रहेछन् । म लेख्छु, मैले लेख्नु नै पर्छ, मैले निर्णायक नइ, प्रा.केशव सुवेदी, सीताराम प्रज्ञाप्रतिष्ठानको नाम राख्नुपर्छ त्यसैले मैले अनवरत लेखिरहें । मैले कृष्णप्रसाद पराजुली, डा.ओमवीर सिंह बस्न्यातलगायत थुप्रै व्यक्ति संस्थाहरूको माया पाइरहेकी छु । त्यस्तै थुप्रै प्रिय पाठक, प्यारा विद्यार्थी भाइबहिनीहरूको पनि माया पाइरहेकी छु । यसको सम्पूर्ण श्रेय नइलाई जान्छ ।

साहित्यक्षेत्रमा मात्र होइन; मेरो व्यक्तिगत जीवनमा अगाडि बढ्न मेरो श्रीमान्, छोराहरू, आफन्तलगायत नइको ठूलो भूमिका छ । २०७२ सालको भूकम्पपछि म पूर्ण रूपमा क्षतविक्षत भएकी थिएँ । लगभग सात दिन म केएमसी हस्पिटल बसें । हस्पिटलमा होस् या घरमा आएपछि पनि मलाई अति नै पीडा भएको थियो । म जीवन भनेकै व्यर्थ हो भन्ने अवस्थामा पुगेकी थिएँ । नरेन्द्रराज

प्रसाईले 'तिमीले उडेर आकाश छुनुपर्छ' भन्ने सिम्बोलको परेवा पठाउनुभएको थियो । उहाँ भन्नुहुन्थ्यो– 'नानी संसारमा तिमीजस्ता राम्रा मान्छे धेरै छैनन् । तिमीले आफू कमजोर भएको कुरा कसैलाई नभन । तिमीले जे पनि गर्न सक्छचौ; नानी !'

फेसबुकको सुरुवात भएपछि पनि मैले धेरै पछिसम्म फेसबुक खोलेकी थिइनँ । नरेन्द्रराज प्रसाईले मलाई भन्नुभयो– 'नानी, समयअनुसार चल्नुपर्छ । तिमीले फेसबुक खोल नत्र तिमी पछि पछचौं ।'

मैले यही कुरा श्रीमान्लाई, छोरालाई भनें त्यसपछि छोरा क्षितिजले फेसबुक खोलिदियो । फेसबुकको सूचनाको आधारमा मैले धेरै पुरस्कारहरू जित्न सफल भएँ । म अलमलिएको ठाउँमा सधैँ बाटो देखाइरहनुहुन्छ नइ ।

२०७२ सालको लक्ष्मीजयन्तीको दिनसम्म पनि म ओछ्यानबाट उठ्न सकेकी थिइनँ । औषधिले होला हातखुट्टा थरथर काप्थ्यो । छोराहरू र श्रीमान्को करले श्रीमान्ले नै बलजफ्ती लगेर मलाई सञ्चारग्राम छोडिदिनुभयो । थरथराउँदै म त्रिमूर्ति निकेतन भएको ठाउँमा पुगें । मलाई कविता पाठ गर्ने आँट नै आएन । मैले इन्दिरा प्रसाईलाई भनें– 'दिज्यू, म कविता पाठ गर्न सक्दिनँ ।'

इन्दिरा प्रसाईले मलाई घिच्च्याउँदै अलि ठूलो स्वरमा भन्नुभयो– 'ल जाऊ, खुरुक्क कविता पाठ गर । तिमीले जे गर्न पनि सक्छचौ ।' मैले हिम्मत गरेर कविता पाठ गरें । सबैले राम्रो मान्नुभयो । मैले कविता वाचन गर्दा इन्दिरा प्रसाईको ओठमा मुस्कान थियो ।

घर आएपछि इन्दिरा प्रसाईले मलाई धेरै सम्झाउनुभयो– 'नानी ! तिमी कमजोर भयौ भने तिम्रो घर तहसनहस हुन्छ । यति राम्रो लोग्ने, छोराहरू, सासू हुनुहुन्छ । तिमीलाई के कमी छ भन त ? हेर जसरी लास भएपछि जुम्राले पनि छोड्छ भन्छन् । तिमी

कमजोर भयौ भने तिमीलाई पनि कसैले खोज्दैन । तिमी पहिलेकै ललिता बन्नुपर्छ । तिमीले आँट हिम्मत गरेर उठ्नु नै पर्छ । तिमी राम्रो भइनौ भने तिमीले मलाई दिदी भन्न पाउँदिनौ बुझ्यौ ?' साथै उहाँले मलाई कवचमन्त्र पनि दिनुभयो । जुन अनुकृतिका प्रसाईले सम्पादन गरेकी हुन् । श्रीमान् र मैले हनुमान्चालिसा पनि पाठ गर्‍यौँ । इन्दिरा प्रसाई, लक्ष्मी अप्सरा पाण्डे र म भगवान्मा विश्वास गर्ने हुनाले दिज्यूले भन्नुभयो– 'लक्ष्मी अप्सरा पाण्डेले राम्रो चिना हेराएर ग्रहदशा हेर्ने मान्छे चिनेकी छन् । म कुरा गरिदिन्छु ।'

जब म ओछ्यानमा सुत्थेँ । मेरो दिमागमा इन्दिरा प्रसाईले भनेको 'तिमी लास भयौ भने जुम्राले पनि छोड्छ' भनेको शब्द नै आउँथ्यो । म जुरुक्क उठ्थेँ र कलम समाउन पुग्थेँ । त्यही बेलादेखि हो म प्रत्येक बाबु खुवाउने र आमा खुवाउने औँसीमा आफ्ना दिज्यूदाजुहरूलाई फोन गरेपछि नइलाई पनि फोन गर्छु । उमेरले मेरा बाबूआमाभन्दा सानो उमेरको भए पनि मलाई आफ्ना बाबाआमाझैँ लाग्छ नइ ।

नइले मलाई नभनेको र मैले पनि थाहा नपाएझैँ गरेको कुरा आज भन्नु नै पर्छ । यो २०६४ सालतिरको कुरा हो । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे 'रोहित'ले गर्नुहुने 'नेपाल भाषा तमुन्ज्या साहित्य सम्मेलन' भक्तपुरमा प्रत्येक द्वादशी, त्रयोदशीमा कवि सम्मेलन हुन्छ । जहाँ द्विगज कविहरूको उपस्थित हुन्छ । सायद टीकाको दिन होला, राति कविता पाठ गर्नका लागि भनेर फोन आयो । म त साधारण कविगोष्ठी होला भनेर गएँ । त्यहाँ त बृहत् साहित्य सम्मेलन रहेछ । यत्रो सम्मेलनमा मेरो नाम कसले दियो । म छक्क पर्दै थिएँ । जब नइलाई देखेँ । मैले चाल पाइहालेँ । यो नइदम्पतीको नै काम हो भनेर तर उहाँहरूले केही भन्नु नै भएन । मान्छे एउटा सानो कुरा गरे भने आकाश पाताल छुवाउँछन् ।

नइ कहिल्यै पनि भन्नुहुन्न कि ललितालाई खुट्टा टेकाउने हामी हौँ भनेर । उहाँहरू जोसँग परिचय गराउँदा पनि भन्नुहुन्छ– 'ललिताले नइका लागि धेरै गरेकी छिन् ।'

२०७९ कात्तिक ८ गते पनि केशव सुवेदीसँग भन्दै हुन्नुहन्थ्यो– 'हेर्नुहोस् यिनी ज्यादै राम्रो लेख्छिन् । यिनले छत्तिसवटा किताप लेखेकी छिन् ।'

'विश्वनारी नेपाली नाटक' नाटचभूषण मदनदास श्रेष्ठ (सम्पादक), शताब्दी पुरुष गाथा (सम्पादक) जस्ता गहन जिम्मेवारी पनि मलाई दिनुभयो । विश्वनारी नेपाली नाटकका लागि नाटक लेख्दा नै मेरो 'ख्यालख्याल' पूर्णाङ्की नाटकको जन्म भयो ।

भानुमोती पुरस्कार पाउँदा पनि म पूर्ण अनभिज्ञ थिएँ । राम्रो परिचय पनि थिएन । 'गोरखापत्र'मा कार्यरत मेरी साथी अमिरमैयाँ रन्जितले खबर गरेपछि थाहा पाएकी हुँ । पुरस्कार पाएपछि नरेन्द्रराज प्रसाईले भन्नुभयो– 'तिम्रो थुप्रै पो फ्यान रहेछन् नि नानी ! कविता सुन्न आउँछु भनेका छन् ।' उहाँका ती शब्दहरू अहिले पनि कानमा गुन्जिरहेझैँ लाग्छ ।

यो घटना नइ बालप्रतिभालाई पुरस्कार दिँदाको कुरा हो । नइले फेसबुकमा राख्नुभएको थियो । राम्रो प्रतिभावान् कोही छ भने नाम दिनुहोला । मैले पनि सिफारिस गरेकी थिएँ । मैले सिफारिस गरेको नामभन्दा अर्को प्रतिभाको उमेर बढी रहेछ । नरेन्द्रराज प्रसाईले भन्नुभयो– 'नानी ! हेर, उनले अर्को वर्ष पनि पुरस्कार पाउँछिन् । यिनी धेरै राम्रो प्रतिभा भएकी छिन्, अर्को वर्ष उनको उमेर जान्छ । इन्दिरा प्रसाईले पनि होमा हो मिलाउनुभयो । उहाँहरूको महानता देखेर मेरा आँखा भरिएर आयो । उमेरको हिसाबले पाउने पुरस्कारमा मैले दर्ता गराएको नामभन्दा छ वर्ष कान्छीलाई पुरस्कार दिइएको थियो । अर्को वर्ष मैले नाम दर्ता गराउन पाइनँ ।

अब म विश्वनारी सम्मेलनमा भएको एउटा घटना पस्किन्छु । म र सुमन वर्षालाई नइले बाहिरबाट आएका साहित्यकारहरूलाई बाटोको आउजाउ खर्च दिन खटाएको थियो । तीन दिनसम्म हामीले लाखौँलाख पैसा बाडचौँ । अन्तिम दिन बाड्दाबाड्दै पैसा नै सकियो । हामी के गर्ने के नगर्ने दोधारमा पऱ्यौँ । मैले भनेँ– 'सुमन बहिनी, मसँग पच्चिस सय रुपियाँ छ । हजुरले मलाई दुई हजार दिनुहोस् । यति नै नपुगेको हो ।' उहाँले खुरुक्क मलाई पैसा दिनुभयो । भव्यताका साथ कार्यक्रम सकियो । हामीले नइलाई हिसाब बुझाएर घर आयौँ । पछि मैले सुमन वर्षाको पैसा एउटा कार्यक्रममा भेट हुँदा दिएँ । नइले मलाई यत्रो विशाल कार्यक्रममा मुख्य रोल दिएको छ । जाबो त्यति पैसा के माग्नु जस्तो लाग्यो । म चुपचाप लागेँ, मागिनँ । दिन, महिना गर्दै छ महिना बित्यो । एक दिन नइ प्रकाशनमा गएको बेला नरेन्द्रराज प्रसाईले मलाई सोध्नुभयो– 'नानी ! विश्वनारी नेपाली साहित्य सम्मेलनमा तिम्रो पैसा त परेन ? कति पऱ्यो नढाँटी भनन् ।' मैले आफ्नो चार हजार पाँच सय रुपियाँ परेको कुरा गरेँ । नरेन्द्रराज प्रसाईले रिसाउँदै मलाई भन्नुभयो– 'लाटी ! यस्तो कुरा पनि लुकाउने हो ? हेर मैले तिम्रो पैसा खाएको भए म पापकुण्डमा पर्थें । धन्न म पापबाट बचेँ ।' उहाँले मलाई कुरा लुकाएकोमा धेरै पल्ट गाली गर्दै तुरुन्तै चेक लेखेर दिनुभयो ।

मेरो आँखामा जनताको गीत गाउँदै हिँड्ने एउटा गायक नाचिरहनुभयो । कुरा आजभन्दा बीस वर्षअगाडिको हो । जनगायकको नाउँ नभनौँ । उहाँले मेरो गीत गाउँछु, सङ्गीतका लागि तीन हजार चाहिन्छ भन्नुभयो । मैले तीन हजार र गीत खुरुक्क दिएँ । पछि फेरि नौ हजार दिन भन्नुभयो । मैले भनेँ– 'गीत सङ्गीतकार, गायक सबैको हो । म मात्र पैसा दिएर गीत गाउन लाउँदिन, मेरो पैसा फिर्ता दिनुहोस् । उहाँले पैसा फिर्ता दिने कुरा त परै जावोस् । पछि फोन उठाउन पनि छोड्नुभयो । साहित्यकारलगायत अरू थुप्रैले

दु:खमा सहयोग गरेको पैसा फिर्ता दिएका छैनन् । अरू थुप्रैले पनि मसँग लगेका पैसा फिर्ता दिएका छैनन् । उनीहरूलाई पनि नरेन्द्रराज प्रसाईको जस्तै पाप र धर्मको ख्याल भएको भए । अहो ! यो राष्ट्र कति सुन्दर हुन्थ्यो होला । आफू घामपानी, असिना, वर्षा सहेर सबैलाई छहारी दिने नइलाई हिलो छ्याप्नेहरूले एकपल्ट आफ्नो अनुहार ऐनामा हेरे हुन्थ्यो ।


२०७९ साल कात्तिक ८ गते लक्ष्मीजयन्तीको दिन डा.तुलसी भट्टराईले पनि भन्दै हुनुहुन्थ्यो– 'लक्ष्मीप्रसादले 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक' भनेझैँ नइले पनि चन्द्र छुने काम गरिरहेका छन् ।'

हुन पनि हो सरकारको प्रज्ञाप्रतिष्ठानले गर्न नसकेको काम गर्ने नइ प्रकाशनलाई हामीले हातमा हात दिऊँ । साथमा साथ दिऊँ । डा.तुलसी भट्टराईले भनेझैँ नइलाई चन्द्र छुन दिऊँ ।

# अक्षरहरूसँग खेल्दा

**लवप्रसाद भण्डारी**

म पनि साहित्यकै विद्यार्थी भएका नाताले नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाम चिरपरिचित नाम थियो मेरा लागि । समयक्रममा नजिकिएर अझ गहन रूपमा परिचित हुन पाउँछु होला जस्तो लागेको थिएन । अक्षरहरूसँग खेल्ने मेरो कामले गर्दा नरेन्द्रराज प्रसाईले एक दिन मलाई खोज्दै मेरै कार्यरत संस्थामा आइपुगेपछि म झल्याँस्स हुन पुगेँ । नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) कृतिको मैले सामान्य रूपमा प्रुफसंशोधन कार्य गरेको थिएँ । मैले गरेको प्रुफसंशोधन कार्य चित्त बुझ्दो लागेर त्यसपछि मलाई नइ प्रकाशनबाट निस्कने कृतिहरूको भाषासम्पादन तथा प्रुफसंशोधन गर्ने कार्य गर्न आग्रह गर्दा म चकित भएको थिएँ । प्रुफसंशोधन भनेको अपजसिलो कार्य भएकाले प्रुफसंशोधन गर्दा मलाई मनभरि डर पैदा भइरहन्छ कतै रेफ (र्) नै छुट्छ कि, कतै उकार हट्छ कि, कतै ह्रस्व दीर्घ त हुँदैन । डर मनभरि डेरा जमाइरहँदा पनि अक्षरसँग खेलिरहनु मेरो बाध्यता थियो ।



नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको संयुक्त मेल नै नइ हो । नइकै परिकल्पना नै नइ प्रकाशन हो । नरेन्द्रराज प्रसाईको न र

इन्दिरा प्रसाईको इ को संयोजनमा नइ भयो, प्रकाशनको कार्य गर्ने भएकाले नइ प्रकाशन रहन गयो । कति सुन्दर नाम र नामअनुसारकै काम पनि यस प्रकाशनले गर्दै आइरहेको देख्दा हामीजस्ता साहित्यका विद्यार्थीका लागि नइ प्रकाशन एउटा पवित्र स्थल बन्न गएको छ । नइको नामाकरण अघि र पछि यस प्रकाशनमा धेरैको आबद्धता रहेको भए तापनि नइकै प्रमुख भूमिका रहेछ ।

नइ प्रकाशनमा भाषासम्पादन तथा प्रुफसंशोधन कार्यमा म आबद्ध हुन पुगें । नरेन्द्रराज प्रसाई कडा खालका मान्छे हुन् भन्ने मैले सुनेको थिएँ । त्यसैले सुरुमा डर लागीलागी मैले काम सुरु गरेँ । अक्षरहरू केलाउँदै जान थालेँ । नइ प्रकाशनको प्रुफसंशोधनमा केही आफ्नै नियमहरू पनि रहेछन् । त्यही नियमअनुसार भाषासँग खेल्न थाल्दा मलाई रमाइलो अनुभूति हुँदै गयो । काम पनि बिग्रन्थ्यो, छुट्थ्यो, गाली पनि खान्थेँ । नइका कृतिमा एउटा कमा पनि त्रुटि गर्न पाइँदैनथ्यो । त्यतिखेर अब नइको प्रुफसंशोधन कार्य गर्न म सक्दिनँ, अब गर्दिनँ भन्ने मलाई लाग्थ्यो । केही समयपछि नरेन्द्रराज प्रसाईको फोन आउँदा डर लागीलागी फोन उठाउँथेँ । सुरुमै 'भाइ नमस्कार'को नम्र आवाजले मेरो त्यो डर कहाँ हराउँथ्योहराउँथ्यो । आफूभन्दा सानालाई पनि पहिल्यै आफैँले नमस्कार गर्ने नरेन्द्रराज प्रसाईको सानाठूला सबैमा समान व्यवहारबाट मैले पनि केही सिक्ने मौका पाएँ । कामको प्रक्रिया जानकारी गराएपछि अर्को प्रुफसंशोधन गर्नुपर्ने भन्दा ममा नयाँ रक्तसञ्चार हुन्थ्यो । म सजिलै 'हुन्छ सर !' भन्न पुग्थेँ । काम गर्दै जाँदा नइबाट मैले धेरै कुरा सिक्ने मौका पाउँदै गएँ । कामसँगै बिस्तारै मैले सुनेको कडा मान्छेको व्यवहार बुझ्दै जान थालेँ । त्यति बेला मैले खाएको गाली मेरा लागि सिकाइको प्रसाद रहेछ । क्रमश: नइ प्रकाशनसँग मेरो आत्मीयता गाँसिँदै जान थाल्यो । नइबाट म हरतरिकाले प्रोत्साहित हुँदै जान थालेँ ।

नइ प्रकाशनको काममा पारिश्रमिकको कुनै चिन्ता थिएन मलाई । त्यसैले भाइ कति लिने भनेर केही पटक सोद्धा पनि 'सरले जति दिनुहुन्छ' भनेर पन्छिएँ । पारिश्रमिक कहिले, कसरी माग्ने कुनै चिन्ता रहेन । 'भाइ कति भयो, हिसाब गर्नू' भन्दा म अनकनाउँथेँ । सानोतिनो कामको तुरुन्तै पारिश्रमिक पाइहाले पनि ठूलो कामको पारिश्रमिक फाइनल हुँदासम्म दसबाह्र पटकसम्म प्रुफ हेर्नुपर्ने भएकाले फाइनल नभईकन पारिश्रमिक लिन मलाई डर लाग्थ्यो । त्यसैले मैले कहिल्यै पारिश्रमिक यति भयो भनेर भन्न सकिनँ । पारिश्रमिक कम दिने भन्ने हल्ला पनि सुनेको थिएँ तर त्यहाँ पुगेपछि थाहा भयो, त्यो कुरा त केवल हल्ला मात्र रहेछ । मलाई चित्तबुझ्दो पारिश्रमिक नै भनेपछि म ढुक्क भएँ ।

अब जाऊँ प्रुफसंशोधन कार्यतर्फ । नइ प्रकाशनबाट प्रकाशित हुने प्रत्येक कृतिका कम्प्युटर टाइप भइसकेपछि वर्डमा पहिलो पटक कम्प्युटरमा हेरेर पेजमेकिङका लागि जान्थ्यो । पेजमेकिङ भएर आइसकेपछि फेरि कम्प्युटरमै प्रुफसंशोधन कार्य गर्थें । कहिलेकाहीँ यो कार्य नै दोहरिनेतेहरिने पनि गर्दथ्यो । त्यसपछि कागजमा पहिलो प्रिन्ट निस्कन्थ्यो । प्रिन्टमा पनि तीनचार पटक हेर्नुपर्दथ्यो । कहिलेकाहीँ अल्छी पनि लाग्थ्यो तर हेर्दै जाँदा थपघट र सम्पादन भएको थाहा पाएपछि अलि सचेत हुन करै लाग्थ्यो र रमाइलो पनि लाग्थ्यो नयाँ सन्दर्भ आएपछि । यसरी प्रुफसंशोधन कार्य गर्दै जाँदा केहिलेकाहीँ दसबाह्र पटकसम्म पनि प्रुफ हेर्नुपर्ने हुन्थ्यो । कमा (,) छुटेमा, दीर्घ (ी) ह्रस्व(ि) भएमा मात्रै पनि पूरै किताप फेरि हेर्नुपर्दथ्यो । त्यतिखेर अल्छी लाग्ने होइन सचेत हुन बाध्य हुन्थेँ म । तर पनि कतै चिप्लिएँ कि भन्ने डर भइरहन्थ्यो मनभरि । प्रुफसंशोधन अपजसिलो कार्य भएकाले पनि म जति पटक भए पनि सचेत भएर हेरिरहन्थेँ । नइ प्रकाशनको प्रिन्ट निकाल्न जतिसुकै खर्च लागे पनि नइको वास्ता नगर्ने बानीले गर्दा

मलाई कताकता खर्चिलो बनाएँ कि भनेर चिन्ता लाग्थ्यो । तर कहिल्यै मैले हतोत्साही हुनु परेन ।

नरेन्द्रराज प्रसाईको जीवनीलेखनमा रहेका कृतिहरूको प्रुफसंशोधनमा अरू मलाई रमाइलो लाग्दै जान थाल्यो । सिक्ने मौका पनि पाउँदै गएँ । कुनै एउटा किताप दुई वर्ष र सत्र पटकसम्म हेर्नुपर्दा कस्तो भएँ होला तर त्यो कृतिको प्रुफ फाइनल नहुन्जेलसम्म चिन्ताले मेरो अघिपछि लागिरह्यो । कतै प्रुफ रिडिङमा म चिप्लिएको त छैन भनेर । सम्पादनका क्रममा केही थपघट हुँदा पनि पूरै पढ्न पर्दा अनौठो अनुभूति हुन्थ्यो ।

अब आउँछ पारिश्रमिकको कुरा– पारिश्रमिक माग्न म सधैँ डराउँथेँ । कृति फाइनल भएर ननिस्किएसम्म मलाई पारिश्रमिक भन्न डर लाग्थ्यो त्यसैले मेरो हिसाब विवरण बढ्दै गएको थियो । जब मलाई पैसाको आवश्यकता पऱ्यो 'पाउने हो कि होइन यति ठूलो रकम' भनेर मैले मुखै फोरेर यति पैसाको आवश्यकता भएको कुरा राख्दा 'हुन्छ, आएर चेक लिएर जानुस्' भन्दा मलाई ठूलो युद्ध जितेसरह लाग्थ्यो । कतै बोली खेर त जाँदैन भन्ने डरमा हुन्थेँ म ।

प्रुफसंशोधनकै क्रममा म नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईसँग नजिकिएकैँ काम पनि सिक्ने अवसर पाउँदै गएँ । त्यसैले यो अपजसिलो कार्य भाषासम्पादन तथा प्रुफसंशोधन कार्य जानीनजानी पनि अझै सिक्ने अवसर पाइरहेको छु ।

लागौँ नइ प्रकाशनको उद्देश्यतर्फ– भाषा, साहित्यको प्रकाशनमार्फत साहित्यको सेवामा समर्पित नइ प्रकाशनले विभिन्न विधाका, विभिन्न लेखकका धेरै कृतिहरू प्रकाशन गरिसकेको छ । कैयौँ कृतिहरू पुनप्रकाशन पनि भइसकेका छन् । प्रकाशनका कार्य मात्र नगरेर विभिन्न विधा र क्षेत्रमा पुरस्कार बाँड्ने नइ प्रकाशन सायद वाङ्मयिक प्रतिष्ठान पनि हो । नरेन्द्रराज प्रसाई र इन्दिरा


प्रसाईले भाषासाहित्यको क्षेत्रमा दिएको योगदान हेर्दा राष्ट्रले नइदम्पतीलाई भाषसाहित्यको सेवाका लागि नयाँनयाँ अवसर दिनुपर्ने हो तर नइदम्पती सरकारको आसमा नबसी अहोरात्र खटिएर भाषासाहित्यमा लागिरहेको मैले पाएँ । नइदम्पतीको यो महान् योगदानमा भाषासम्पादन र प्रुफसंशोधन कार्यमा जोडिएर नइ प्रकाशनलाई सहयोग गर्न पाउँदा मलाई औधी खुसी लागेको छ ।

अन्त्यमा भाषासाहित्यको क्षेत्रमा नइले दिएको योगदानका बारे वरिष्ठ साहित्यकारहरूले समेत गुणगान गाएको कुरा नइमा आबद्ध भएर प्रत्यक्ष भोग्दा मलाई आश्चर्यमिश्रित खुसी लागेको छ । प्रस्तुत यस कृतिको प्रुफसंशोधनको कार्यमा लाग्दा मलाई यसमा समाविष्ट नइबारेका सम्पूर्ण रचनाले अपार हर्ष दिएका छन् । नइबारेका कतिपय मैले थाहा नपाएका कुरासमेतको जानकारी मैले यसै कृतिबाट पाएको छु । यस्तो वाङ्मयिक संस्था नइ प्रकाशनसँग सम्बद्ध हुन पाउँदा मलाई गौरव लागेको छ । नइको कुनै पनि कार्यक्रममा एकै पटकमा दर्जनौँ कृतिहरू पनि निःशुल्क वितरण गरेको देखेपछि यो भन्न रहरै लागेको छ । नइदम्पती साहित्यका पुजारी हुन्, यी दम्पतीको नेपाली भाषासाहित्यप्रतिको अर्चना अनवरत रहिरहोस्, यही कामना गर्दछु ।

# प्रशंसायोग्य तत्परता

## वासुदेव अधिकारी

१. म लामो समयदेखि साहित्यिक क्षेत्रसँग सम्बन्धित रही आफू स्वयम् पनि साहित्य सन्ध्यालगायतका संस्थासँग सम्बद्ध रही आए पनि जागिरे जीवनलाई समानान्तर रूपमा लिएर हिँडेको कारण ठूलाठूला साहित्यिक महोत्सवमा जाने र लगातार सहभागी हुने मलाई मौका मिलेको थिएन । म प्रगतिशील लेखक सङ्घ, राष्ट्रिय जनसांस्कृतिक मञ्चलगायतका संस्थाको केन्द्रीय नेतृत्वमा पनि बसेँ, तिनका धेरैवटा राष्ट्रिय सम्मेलनहरूमा पनि सहभागी भएँ तर तिनको औपचारिकता बेग्लै थियो । त्यहाँ ठोस वैचारिक बहस, गहन प्राज्ञिक छलफल त्यति हुन पाउँदैनथ्यो । सम्मेलन साङ्गठनिक प्रतिवेदन, माथिल्ला नेतृत्वको इसारा वा आफैँले गरेका गृहकार्यमार्फत नेतृत्व चयनजस्ता प्राविधिक विषयलाई औपचारिकता दिई सकिन्थ्यो । केहीकेहीमा चाहिँ केही विषय उठान गर्ने गरिन्थ्यो । साझा मोर्चामा अनावश्यक विवाद हुने, गरिने तर एकल संस्थामा चाहिँ मनग्य छलफल नहुने चरित्र आमपरम्पराको रूपमा रहिआएको थियो । सम्मेलन वा भेलामा उठान गरिएका विषय बुझ्ने सहभागी नहुँदा



कतिपय गहन विषय पनि त्यसै खेर जान्थे । मोदनाथ प्रश्रितका कतिपय गहन खालका प्रवचन तथा विश्लेषण यसै गरी खेर जाने अमूल्य सामग्रीमा पर्थे । त्यस सवालमा म जहिले पनि चुकचुकाउँथें । तर अहिले फेरि म नइमार्फत प्रश्रित पढिरहेको छु ।

२. नेपाली वाङ्मयका विशिष्ट साधक महाकवि देवकोटा बाँचुन्जेल पनि र निधनपछि पनि पठनीय र चर्चित रहे । कृतिगत मूल्यको समानान्तरमा उनले आफ्नो जीवनमा गरे, भोगेका घटना किस्साको रूपमा प्रसारित भएको कारण उनी कहिल्यै बिरानो भएनन् । निधनको पचास वर्षमा देवकोटा झन्झन् पठनीय, महनीय एवं ग्रहणीय भएर आए । चिन्तनको क्रमिक विकासका कारण प्रगतिशील युवाहरूले समेत उनलाई निकै महत्त्वका साथ ग्रहण गर्दै गए । समय बित्दै गयो । २०६५ सालमा उनको जन्म शताब्दी आइपुग्यो । यसबारे सरकारले खासै तयारी गरेन । सधैँको राजनीतिक खिचातानीका कारण सरकार वा प्रज्ञाप्रतिष्ठानले यस विषयमा खासै ध्यान दिन पनि सकेन । सरकारले सायद २०६५–०६६ सालको एक वर्षको अवधिलाई देवकोटा शताब्दी वर्षको रूपमा मनाउने निर्णयचाहिँ गऱ्यो । त्यस क्रममा धेरै साहित्यिक पत्रिकाले देवकोटा जन्म शताब्दीको सन्दर्भमा विशेषाङ्क निकाले । म आफू संलग्न भएको साहित्यिक मासिक 'शब्दसंयोजन'ले पनि एक छरितो विशेषाङ्क प्रकाशित गऱ्यो । त्यस अङ्कमा देवकोटाका 'पहाडी पुकार' तथा 'तासकन्द भाषण'समेत सामेल भएको छ । त्यसअघि मैले नै 'लहर' साहित्यिक पत्रिकामा 'तासकन्द भाषण' प्रकाशन गरेको थिएँ । त्रिमूर्ति निकेतनमार्फत नइले भने मोदनाथ प्रश्रितको संयोजकत्वमा बृहत्तर आयोजक समिति बनाई भव्यतापूर्वक पाँचदिने अन्तर्राष्ट्रिय सम्मेलन नै आयोजना गऱ्यो । सो कार्यक्रममा बिदा नै लिएर म पनि सहभागी भएँ । कार्यक्रम निकै गुणस्तरीय रहेको थियो । कार्यक्रम समापनपश्चात् मैले सो कार्यक्रमसम्बन्धी

अनुभूति लगत्तै निस्कने 'बुधबार' साप्ताहिकमा प्रकाशित गरेँ । खासमा म नइको कार्यक्रमको प्राज्ञिक पक्षका साथै व्यवस्थापन तथा चाँजोपाँजोको पक्षसँग बढी प्रभावित भएको थिएँ । मैले सो कार्यक्रमको बारेमा २०६६ चैत २५ गतेको 'बुधबार' साप्ताहिकमा 'अन्तर्राष्ट्रिय साहित्य सम्मेलन : उज्यालो संवाहन' शीर्षक दिएर यसरी विषय उठान गरेको थिएँ–

'महाकवि लक्ष्मीप्रसाद देवकोटा जन्म शताब्दी समारोह वि.सं.२०६६ लक्ष्मीपूजामा सकिनुपर्ने; गर्नुपर्ने केही कार्य सम्पन्न हुनुपर्ने, केही अधूरा काम र पूरा गर्नैपर्ने एकाध सङ्कल्प शेष रहेको कारण त्यो लम्बिएर गयो । निकै पढिए देवकोटा यो वर्ष, निकै सोधीखोजी भयो उनको । हिजोका दिनमा देवकोटाको भोको पेटको कथावाचन हुन्थ्यो, आज मसिनोसँग पढ्दा युगद्रष्टा, स्वतन्त्रता सेनानी, परिवर्तनका वाहक, स्वच्छन्द मनोगायकलगायतका विशिष्टतासहित परिपूर्ण हुँदै गए उनी । एक वर्षमा साङ्गे गर्नुपर्ने उनको शताब्दी समारोह अरू छ महिना तन्कियो । शुभेच्छुकहरूले तुर्नै चाहेनन् । उनीप्रतिको माया, सम्मान अरू फिजिँदै गयो । फलतः साङ्गे भने अन्तर्राष्ट्रिय भाषासाहित्य सम्मेलनको रूपमा काठमाडौँमा सम्पन्न भयो । सम्मेलनको आंशिक सहभागी यस पङ्क्तिका लेखकले त्यस निहुँमा जम्मा भएको प्रज्ञा भेलालाई निकै मसिनोसँग अवलोकन गऱ्यो । नेपाल, भारत, पाकिस्तान, चीन, जर्मनी, अमेरिका, बेलायत, हङकङ, बेल्जियम, म्यान्मा, जापान, युएई र रूस गरी जम्मा तेह्र देशका प्राज्ञहरूले नेपाली भाषासाहित्यको विकास, विस्तार र प्रवर्धनका विविध पक्षहरूमा धेरै मननीय र पेचिला सवालहरूमा बौद्धिक तार्किक छाल प्रवाहित गरे । प्रज्ञाकुण्ड भयो सम्मेलन । एकपछि अर्का प्राज्ञका गहिरा, तिखा, मर्मान्तक र संवेदनशील भावाभिव्यक्तिको पारख गर्दै जाँदा नेपाली भाषाको सरलता, सरसता, जीवन्तता र जनग्राह्यता निकै बढेको आभास

भयो हामी सहभागीहरूलाई । त्रिमूर्ति निकेतनद्वारा स्थापित उक्त समारोह समितिका अध्यक्ष मोदनाथ प्रश्रितको अध्यक्षतामा सम्पन्न उक्त समापन समारोह आयोजना, व्यवस्थापन, सहभागिता र प्रतिफलको दृष्टिले साँच्चै स्मरणीय, सफल र ऐतिहासिक बनेको थियो ।

एउटा सानो आयामको लेखमा पाँचदिने कार्यक्रमको यावत् दृश्य, अनुभूति, प्रभाव र उपलब्धिको चर्चा गर्दा धेरै विषय छुट्छन् । सम्मेलनमा 'नेपाली भाषासाहित्य : हिजो, आज र भोलि' शीर्षकमै तेह्रवटा कार्यपत्र प्रस्तुत भए भने दुई दर्जनभन्दा बढी वक्ताहरूको पूरक मन्तव्यले अरू खँदिलो पाऱ्यो ती कार्यपत्रहरूलाई । लामो कार्यपत्रको सार प्रस्तुत गर्न छोटो समय दिइएको थियो प्रस्तोतालाई । आयोजक घडी हेर्दै घण्टी लिँदै बसे । अर्का सहयोगी मित्र प्रदान गरिएको समय मिच्ने वक्ताको माइकको स्विच अफ गरी तह लगाउन कस्सिए । छोटो समयमा सुन्दर अभिव्यक्तिहरू आए । भाषासाहित्य जगेर्ना गर्न भए गरेका र हुन सक्ने कुराहरू अनेक कोणबाट प्रकाशमा आए । वैदेशिक रोजगारीसमेतको कारण नेपालीहरूको छरिएको बसाइ र डायस्पोरिक भूभागमा अनेकानेक जटिलताको बीचमा भाषासाहित्य जोगाउन भइरहेका सत्कर्मको दियोले सहभागीहरूको हृदयको कुनाकुना उजेलियो । हामीलाई नेपाली भाषी प्राज्ञहरू त वाङ्मयको सेवामा तल्लीन भएको त थाहा थियो नै, नेपाली भाषा पछि सिकेर त्यही भाषामा मिठासपूर्ण अभिव्यक्ति गर्न पल्केका विदेशी सहभागीहरूले यसको सरसता, जनग्राह्यता र कवित्वपूर्ण मिठासको बारेमा आत्मसात् गरेको कुराले हामीलाई आफ्नो भाषाप्रति गर्व गर्न सिकायो । त्यसो त यसका विकृति, सङ्कट, विलुप्त हुँदै गएको आफ्नोपन, खिइँदै सकिँदै गएका शब्द, उखान, लोकगीत, गाथा, लेग्रो आदिको बारेमा पनि सम्मेलनमा मनग्गे चर्चा भयो । चर्चाको केन्द्रबिन्दु जनस्तरमा नेपालीहरूको

साझा, माध्यम, मातृभाषाको रूपमा नेपाली भाषा स्वीकार गरिएको, यो जातीय भाषाको तहबाट उठी अन्तर्राष्ट्रिय भाषा बनिसकेको, यसले दक्षिण एसियाली अस्तित्व कायम गरिसकेको र हङकङ, अमेरिका, खाडीलगायतका भूगोलमा समेत लाखौँलाखको सङ्ख्यामा बोलिने भएकाले पाठ्यक्रम, सञ्चार, साहित्य, राजकीय (स्थानीय) भाषाको रूपमा कसरी संरक्षण, संवर्धन र विकास गर्ने सबैको चिन्ता र चासो समान तहमा प्रकट भयो । सम्मेलनमा अधिकांश प्राज्ञहरू दाह्री, कपाल फुलेका र पचास नाघेका देखिए । यो उमेरको प्राज्ञले चिन्ता र चासो राख्छन् तर कामलाई हाँकपूर्वक अघि बढाउन हच्किन्छन् । पचास वर्षमुनिका मेधावी व्यक्तिहरूको उपस्थिति सम्मेलनमा सुधार गर्नुपर्ने मूल पक्ष थियो ।

सम्मेलनमा उपस्थित नेपालीभाषी भारतीयहरू निकै ख्यातिप्राप्त र स्वनामधन्य व्यक्तित्वहरू थिए । इन्द्रबहादुर राई, लीलबहादुर क्षत्री, शान्ति क्षत्री, विन्दचा सुब्बा, जीवन नामदुङ, सञ्जय राई, केबी नेपाली आदिआदि । अन्य देशबाट आउने पनि साहित्यिक सांस्कृतिक क्षेत्रमा लामो समयदेखि लागिपरेकाहरू थिए । कार्यक्रमको औपचारिक पक्षबाहेक भेटघाट, चिनाजानी र अनौपचारिक रूपमा आत्मीयता साटासाट सम्मेलनको भित्री सफलता थियो । कुनै प्रतिवेदनमा नलेखिने, कुनै दस्तावेजमा उल्लेख नहुने । रचना साटासाट, किताप साटासाट, ठेगाना लेनदेन, अन्तर्वार्ता लेनदेन घनीभूत रूपमा चल्यो शून्य समयमा । रुचिपूर्ण भयो कार्यक्रम अघिपछिका अनौपचारिक समय पनि । यस हिसाबले स्रष्टाहरूको कुनै पनि समय खेर गएन । मैले पनि मञ्जुलबाट सूचना प्राप्त गरी ‘शब्दसंयोजन’का लागि मोती महर्जनको भाषिक मध्यस्थतामा जापानी स्रष्टा दम्पतीमध्येका मिसिजु फुकुदाको अन्तर्वार्ता लिएँ । पहिलापहिला यसरी चिनजान हुँदा त्यसको नवीकरण हुलाक वा चिट्ठीमार्फत हुन्थ्यो ।

अहिले इमेलको जमाना आयो, फेसबुकको जमाना आयो । धेरैजसोले इमेलमै भेट्न अर्थ्याए आफ्ना शुभेच्छुकलाई । पुराना पुस्ताले भने त्यो गौँडो उक्लिन अलि धौधौ मानिरहेका देखिए । खासमा नयाँ पुस्ताले सघाउन पुगेको छैन पुरानो पुस्तालाई । झोलाभरि किताबको उपहार कमै समारोहमा पाइन्छ । त्यो पाए यस कार्यक्रमका सहभागीले । ब्रेकफास्ट तथा लन्चको कुपनगत व्यवस्था धन्यवाद दिन योग्य विषय थियो । चौध जना अतिथिले फूलका थुँगाहरूले पुरिएका एघारवटा किताप तथा तीनवटा सिडीलाई फूल उधिनीउधिनी फेला पारेका दृश्य, गुणस्तरीय छपाइका स्तरीय कृतिहरूका लोकार्पण, सहभागीहरूलाई लाइन लगाएर झोलाका झोला किताप उपहार आदि साँच्चै सुरम्य क्षण थिए कार्यक्रमका । कार्यक्रमको उद्घाटन समारोहमा त्रिनारीरत्न (प्रेमराजेश्वरीदेवी, गोमा र पारिजात)को पूर्ण कदको प्रतिमा निर्माणका लागि मनीषा कोइराला र भद्रकुमारी घलेबाट तीनतीन लाख, रामबाबु प्रसाई र गार्गीबाट दुईदुई लाख गरी जम्मा दस लाख रुपियाँ प्रदान भएको क्षण पनि मार्मिक थियो । यस दृष्टान्तले साहित्यिक सांस्कृतिक व्यक्तिको दाता छविलाई प्रकाशमा ल्यायो । कार्यक्रमको प्रारम्भ र अन्तमा अनेक महानुभावलाई देवकोटा शताब्दी सम्मान, कदरपत्र र उपहार प्रदान भयो भने देवकोटाका अनन्य सहयोगी पं. श्यामदास वैष्णवलाई पचास हजार रुपियाँसहितको देवकोटा शताब्दी पुरस्कार समर्पण भयो । दीर्घ साधकलाई प्रदान गरिएको त्यो सम्मान हरेक हिसाबले मूल्यवान् र सार्थक सम्मान थियो ।

देवकोटालाई हृदयत: सहयोग गरेको ठानी सहभागीहरूले भावविभोर भई ताली बजाइरहे श्यामदास वैष्णवलाई सम्मान गर्दा । कविगोष्ठीको दिन पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको शवयात्रा । बिहानै कार्यक्रम गर्ने कि नगर्नेमा गलफती भयो ।

बाहिरबाट पाहुनाहरू आएका सन्दर्भमा कार्यक्रम लम्ब्याउन नसकिने परिस्थितिलाई विचार गरी कार्यक्रम सञ्चालन भयो । आयोजकहरूले ताली नबजाउन अनुरोध गरे । मूलत: त्यसै गरी कार्यक्रम अघि बढ्यो । बीचबीचमा श्रोताहरूको मनोद्वेगले त्यस सीमालाई भत्कायो पनि । तीन दर्जन कविहरूले कविता सुनाए । तुलसी दिवस, मञ्जुल मन पराइए । भारतकी विन्द्या सुब्बाको प्रस्तुति प्रभावकारी लाग्यो मलाई । मैले पनि 'मौरी घार' सुनाएँ । प्रतिक्रिया राम्रै आयो । कवितामा देशीविदेशी कविका अनेक कोणका अनुभूति छरिए । कवि विमल निभा कार्यक्रमअघि नै शोकमा कविता नसुनाउने भनी घरतिर लागे ।

कवि गोष्ठी ठिकै जम्यो । जर्मन सहभागीले पनि असार पन्ध्रको कविता सुनाए । उद्घाटन र समापन समारोह साँच्चै र विशेष महत्त्वपूर्ण थियो । प्रधानमन्त्रीले उद्घाटन गर्नुपर्ने कार्यक्रम राजनीतिक असहजताको कारण प्रधान न्यायाधीशबाट सम्पन्न भयो । प्रधान न्यायाधीश अनूपराज शर्मा बडा व्यक्तित्वशाली र मेधावी लाग्यो मलाई । समापन पनि उनैबाट भयो । 'म प्रधानमन्त्रीको प्रोक्सी होइन तर पनि देवकोटाविषयक भव्य आयोजनालाई हार्न नसकेर उद्घाटन गर्न आएको छु' उनले भने । हास्यव्यङ्ग्यकार केशवराज पिँडालीपुत्र रहेछन् उनी । समारोहमै साहित्यसँग उनको नाता गाँसियो । उद्घाटन सत्रमा उनले नेपाली भाषाका स्थानीय भेद, विषयगत साहित्यको प्रसङ्ग, भाषामार्फत राष्ट्रिय एकता र भाषिक समृद्धिका निम्ति अरू भाषाका शब्दहरू पचाउन देखाउनुपर्ने लचकताको बारेमा सग्ला र पारदर्शी कुरा राखे । समापनमा पनि उनी नै प्रमुख अतिथि थिए । समापनमा उनले साहित्यको अजसरताप्रति गर्व गर्दै सिर्जनशील साधकप्रति आफ्नो सम्मानभाव प्रकट गरे । साहित्य सीमाहीन हुन्छ, भाषा अनेक जातीय । त्यसलाई बचाउनु र समृद्ध पार्नुचाहिँ साँच्चै चुनौतीपूर्ण छ ।

भाषासाहित्यमार्फत राष्ट्रिय एकताको भावनात्मक आधार तयार हुने कुरालाई मिठासपूर्वक बेलिबिस्तार लगाए उनले । अनूपराज शर्माको विद्वत्ता, विशिष्ट तथा खँदिलो अभिव्यक्ति निकै पौष्टिक खुराक हुन पुग्यो प्राज्ञहरूका लागि । धेरैजसो पाका पुस्ताका भतिज अनूपराजले मीठोसँग चिमोटे विद्वत्जनलाई । मैले मनमनै धन्यवाद दिएँ उनलाई । उद्घाटनमा माधव घिमिरे, सत्यमोहन जोशी र इन्द्रबहादुर राईबाट पनि मनग्ये नौनी निस्कियो । तीनै जनाबाट सुरुचिपूर्ण प्रस्तुति भयो । इन्द्रबहादुर राईको भाषिक वार्ता निकै मननीय लाग्यो मलाई । दुवै कार्यक्रमका सभाध्यक्ष तथा शताब्दी महोत्सवका अध्यक्ष मोदनाथ प्रश्रितबाट नेपालको सांस्कृतिक विशेषता, नेपालमा वैदिक मन्त्रहरूको रचना, जनक, याज्ञवल्क्यको विद्वत् परम्परा तथा शिव संस्कृतिको बारेमा विशद् चर्चा सुन्यो सभाले । प्राज्ञ मन अरू गम्भीर भयो । समापनमा पनि प्रश्रितका उक्तिहरू निकै खँदिला र मननीय थिए, देवकोटा पढौँ तर अरूलाई नबिर्सौं, विद्वत् सभाको महत्त्वलाई प्रेसले अवमूल्यन नगरोस् ।

कार्यक्रममा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको खटाइको सबैले प्रशंसा गरे । उनीहरू नै थिए स्वागत, धन्यवाद र सञ्चालनमा । विशाल वटवृक्ष असङ्ख्य चराचुरुङ्गीलाई बासको स्वागत गर्दछ । एक रूख एक चरा उसलाई मान्य हुँदैन । भाषाको कुरा पनि त्यही हो । एउटा भाषा एउटा जाति कबिला अवस्थाको कुरा मात्र हो । लोकप्रिय भाषा जातिको सीमा भत्काएर सबैको हुन खोज्छ । भाषा सर्दै जान्छ; हाँगिँदै, झाँगिँदै जान्छ । त्यो मानस तथा जिब्रोको फेदफेदमा उम्रिँदै जान्छ । नेपाली भाषा पनि त्यही चरणबाट गुज्रिएको छ । यद्यपि हिन्दी र अङ्ग्रेजीको झन् ठूलो सेपिलो हाँगो यो भएतिर आउँदै छ । व्यवसाय र बिकाउका निम्ति तथा भूमण्डलीय सांस्कृतिक प्रभावको फलस्वरूप मातृभाषाभन्दा झन् ठूलो वृक्षमा सोइसोला खेल्दै छन् नेपालीभाषीहरू । पठन सन्दर्भमा भने देवकोटा,

रिमाल, लेखनाथ, हृदयचन्द्र, गुरुप्रसाद, भूपी, युद्धप्रसाद, पारिजात, विकल, विजय मल्ल, गोठाले, भिक्षु, प्रेमबहादुर कङ्साकार, श्यामप्रसाद, कृष्णचन्द्र, प्रश्रित... धेरै दर्बिला नाम छन् नेपालको नेपाली साहित्यमा । भारत र अन्तको नाम जोड्दा सूची लामै हुन्छ । ऋन्ऋन् प्रखर र मेधावी स्रष्टाहरूले समयदान गरिरहेका छन् भाषासाहित्यमा ।

तिनले सिर्जना र विश्वासका रापिला लप्का प्रदान गरिरहेछन् । तिनै उज्यालो संवहन गर्दै र न्यानो आत्मसात् गर्दै अघि बढ्दै छ भाषिक साहित्यिक यात्रा । काठमाडौँमा सम्पन्न अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलनले केही ऊर्जा दियो वाङ्मयसेवीलाई । विश्वास र सद्भावनाका फूलबाट पत्रपत्र (पेटल) चुँडिइरहेको बेला सबै पुष्पपत्र एकीकृत गर्ने प्रयत्न गऱ्यो सम्मेलनले । यसले समेट्न नसकेको पक्ष व्यक्ति र समयधारा अर्को सम्मेलनले समेट्न हेक्का राख्नुको विकल्प छैन । मूर्धन्य स्रष्टाहरूको व्यापक उपस्थिति र सक्रिय सहभागिताले सम्मेलनको गरिमा बढ्यो । लाग्छ– 'असङ्ख्य सहभागीहरूले बिर्सिन सक्ने छैनन् काठमाडौँ सम्मेलनको प्रस्तुति, छलफल र वाचनमा देखे, भेटेका हीरामोतीहरूलाई ।'

३. देवकोटा खासमा सत्तामा पुगेर पनि जनताको मनमा विराजमान प्रतिभा थिए । उनको वैचारिक विकासको कारण नयाँ पुस्ताले उनलाई मन पराउँदै र पढ्दै गएका थिए । उनका फरकफरक चरणका कृति शास्त्रीयता तथा प्रगतिशीलता दुवै पक्षमा सशक्त भएका कारण जुन कोणबाट पनि कम आँक्न सकिँदैनथ्यो । त्यति बेला सरकार, प्रज्ञाप्रतिष्ठान वा स्थापित साहित्यिक सांस्कृतिक संस्थाबाट गर्नुपर्ने काम वा मनाउनुपर्ने जन्म शताब्दी कार्यक्रम किन नइले त्रिमूर्ति निकेतनबाट उत्साहपूर्वक ग्रहण गऱ्यो ? त्यो तथ्य मलाई थाहा छैन । त्यस बेलासम्म नइ प्रकाशन र त्रिमूर्ति निकेतन उदीयमान संस्था नै थियो । संस्थाको पदचाप भने निकै दरिलो

भइसकेको लाग्थ्यो । तथापि त्यसको दिगोपन, कार्यशैली आदिमा केही शङ्का, केही रहस्य कायम रहेजस्तो लाग्थ्यो । कुनै व्यक्ति वा संस्था केही कामका लागि किन मरिमेटेर लाग्छन् ? त्यसमा पनि शङ्का गरिन्थ्यो । यो हाम्रो चरित्र पनि हो । यसमा केही राजनीतिक उद्देश्य पो छ कि ? नरेन्द्रराज प्रसाई राजावादी लेखक भएको कारण ती काममा राजनीतिक स्वार्थ वा परोक्ष रूपमा राजदरबारको लगानी पो छ कि भनेर पनि शङ्का हुन्थ्यो । मलाई चाहिँ सो कार्यक्रममा सहभागी व्यक्तित्व र निर्णयमा तिनको प्रभाव देखेपछि त्यो द्विविधा हटेको थियो । प्रस्तुतिमा देखिने निजात्मकताबाहेक नरेन्द्रराज प्रसाईले विद्वत्जनलाई शिरोपर गरेर नै काम अघि बढाएका देखिन्थ्यो । मेरो नजरमा देवकोटा जन्म शताब्दीको कार्यक्रम अनेक कोणबाट सफल भएको थियो । बरु त्यो कार्यक्रमको जति चर्चा र अभिलेख हुनुपर्ने हो त्यो हुन सकेन । यसको कारण हो– दरबार र विद्वत्समुदायको बढ्दो दूरी, नरेन्द्रराज प्रसाई र राजदरबारको सम्भावित नजिकपन । नइको कार्यक्रम भव्य र स्तरीय भएर पनि नरेन्द्रलाई त्यसको जस नदिने मनोविज्ञानले त्यति भव्य कार्यक्रमको खासै चर्चा हुन सकेको थिएन ।

४. देवकोटा जन्म शताब्दी कार्यक्रम सम्पन्न भएको तेह्र वर्षमा नइ या नइ प्रकाशनले निरन्तर रूपमा त्यस्तै वा त्योभन्दा पनि भव्य र आकर्षक धेरै कार्यक्रम गरिसकेको छ, धेरै कृति प्रकाशन गरिसकेको छ । अनेक विचारधाराका शीर्ष प्रतिभाका कृतिलाई नइ प्रकाशनले स्वागत गरिसकेको सन्दर्भमा पुरानो आशङ्का मेटिँदै पनि गएको छ । केही निजी स्वभावबाहेक नरेन्द्रराज प्रसाईमा नइ प्रकाशनमार्फत गरिने काम तथा प्रकाशनको सन्दर्भमा कुनै विचारप्रति पूर्वाग्रह रहेको देखिँदैन । व्यक्तिगत रूपमा भने उनी अहिले पनि गणतन्त्रप्रति सहमत नरहेको कुरा सुनिन्छ । प्रजातान्त्रिक समाजमा व्यक्तिलाई त्यो अधिकार रहन्छ, रहनु


पर्छ । गणतन्त्रवादीलाई उनको विचारसँग असहमत हुने छुट छँदै छ । राजनीतिक विचारमा असहमत भएर पनि कुनै विशिष्ट प्रतिभाले राष्ट्र तथा साहित्यको सन्दर्भमा भए गरेको सेवाप्रति उनी कृतज्ञ रहेको साक्ष्य उनका कृति तथा सङ्गत हुन् । उनले मन पराएका नेपाली काङ्ग्रेस वा कम्युनिस्ट पार्टी निकटस्थ व्यक्तिको विचार प्रसारणका लागि उनले गरेको अहोरात्र खटन स्वागतयोग्य रहेको छ । म उनको त्यस फराकिलोपन र कर्मयोगको प्रशंसक हुँ । अन्त्यमा मलाई फेरि यति भन्न मन लागेको छ– कुरा के हो भने नइ प्रकाशनभित्र राजनीतिको खासै गन्ध भेटिँदैन र यसलाई सहज प्राज्ञिक थलो बनाइएको छ । यस संस्थामा जुनसुकै विचारधाराका व्यक्तिहरू पनि अटाउन सकेका छन् ।

# उत्कृष्ट प्राज्ञिक प्रवर्द्धक संस्था

**प्रा.डा.वासुदेव त्रिपाठी**

**(महासमालोचक)**

नेपालको जनस्तरीय एक प्रतिष्ठित तथा अग्रणी प्रज्ञासेवी संस्था नइ प्रकाशनको रजत महोत्सवका चिरस्मरणीय अवसरमा त्यस संस्थाद्वारा मलाई 'महासमालोचक'को गरिमामय सम्मानद्वारा सम्मानित तथा 'नइ रजत महोत्सव पुरस्कार'द्वारा पुरस्कृत गरिएको थियो । नेपाली भाषासाहित्य, कला, संस्कृति तथा विद्या एवं वाङ्मयका बहुप्रज्ञाक्षेत्रको प्रवर्धनका निम्ति ऐतिहासिक महिमायुक्त उच्च योगदान गर्दै आएको यस जीवन्त र जाग्रत् संस्था नइ प्रकाशनको स्थापनाको पच्चीस वर्ष पूरा भएको सन्दर्भले नेपाली साहित्य जगत्मा थप उत्साह र जागरण भएको अवसरमा त्यसरी पुरस्कृत या सम्मानित हुनु पाउँदा मैले विशेष गर्व र गौरवको अनुभूति गरेको थिएँ । मलाई लागेको थियो र अहिले पनि म ठान्दछु– त्यस उल्लासमय समयमा यति लामो अथक बृहत् योगदान दिन सुसफल भएको नइ प्रकाशन संस्थाको परिकल्पनाकार, संस्थापक तथा प्रभावशाली परिचालक द्वय नइ (नरेन्दराज प्रसाई तथा इन्दिरा प्रसाई) एवं नइ प्रकाशनको



सम्पूर्ण प्राज्ञिक परिवार हामी सबै स्रष्टाहरूका तर्फबाट उच्च धन्यवादका पात्र छँदै छन् ।

नेपाली भाषासाहित्य, साहित्येतर वाङ्मय एवं कला र संस्कृतिको बहुआयामिक प्रवर्धनका अनुष्ठानमा विगत पच्चीस वर्षबीच निष्ठापूर्वक क्रियाशील रही विशिष्ट कीर्तिमान कायम गर्दै आएको नइ प्रकाशनको रजतमहोत्सवका अवसरमा मलाई यति उच्च पुरस्कार तथा सम्मानद्वारा पुरस्कृत र सम्मानित गर्नुभयो; यो मेरा निम्ति सधैँ स्मरणीय विशेष उत्प्रेरक क्षणका रूपमा रहनेछ । नइद्वारा मलाई पाँच लाख रुपियाँ राशिको 'नइ प्रकाशन रजत महोत्सव पुरस्कार' (२०७७) एवं नेपाली साहित्यको महासमालोचकको गुरुतर उच्च सम्मान प्रदान गर्ने यति भव्य उपक्रम गरिएकोमा म कृतज्ञ छु । यस परिसन्दर्भमा म यहाँ त्यस गौरवी संस्थाका बारेमा आफूलाई लागेका केही कुरा सहज उद्‌गारका रूपमा प्रस्तुत गर्दै छु–

प्रसङ्गवश अब म यहाँ नइका (नरेन्द्र इन्दिराका) अग्रसरतामा संस्थापित जोर संस्थामध्ये प्रथमतः नइ प्रकाशन (२०५२) का सम्बन्धमा र त्यसपछि यसैको सहोदर संस्थातुल्य त्रिमूर्ति निकेतन (२०५९) का बारेमा केही सान्दर्भिक चर्चा गर्दै प्रस्तुत लेखनलाई अगि बढाउने उपक्रम गर्दै छु । नेपाली समाज र संस्कृतिमा पुण्यमय दानशीलता प्राचीन कालदेखि वर्तमान कालसम्मकै एक सम्मानित सांस्कृतिक सत्प्रवृत्तिका रूपमा रहँदै आएको छ र सार्वजनिक वृत्तका सत्कार्यका निम्ति सत्पात्रमा दान दिनु उत्तम दान हुँदै हो भनी भनिँदै आएको छ अनि हिन्दू र बौद्ध संस्कृतिमा दानपतिका दानगाथा चर्चित नै रहेका छन् ।

वि.सं.२०५० का दशकमा नेपाली मध्यमवर्गी परिवारका युवा शिक्षित पुस्ताका प्रतिभासम्पन्न तथा केही गरेर देखाऊँ भन्ने आँट, अठोट र ऊर्जाका धनी साहित्यकार नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई परिस्थितिवश जुटे; जो नेपाली भाषा, साहित्य, संस्कृति आदि

क्षेत्रको प्रवर्धनका निम्ति केही गर्ने उम्मेद राख्दथे । यिनले सीताराम प्रज्ञाप्रतिष्ठान (२०४९) र भूपालमानसिंह कार्की प्रज्ञापरिषद् (२०५२) को विशेष आश्रय र माध्यम पाउँदा धेरैको सद्भाव र सहयोग परिचालन गरी निकै ठूलठूला साहित्यिक सम्मानका कामसमेत गरेर देखाए । आफ्ना र अरू पनि यी विभिन्न अनुभववृत्तबाट उत्प्रेरित रही यिनले आफ्ना विशेष क्रियाशीलतामा नेपाली भाषा, साहित्य, वाङ्मय, संस्कृति आदिको समुन्नयनका निम्ति सोधखोज र पुस्तक प्रकाशन गर्ने अनि स्रष्टा र विद्वज्जनका सम्मानका निम्ति पुरस्कारको व्यवस्था गर्नेलगायतका पुनीत भाव र ध्येयबाट उत्प्रेरित रही स्वयम् आफ्नातर्फका र अनेकौँ उदारहृदयी तथा दानशील महानुभावहरूका पुण्यमय दानको सञ्चयनसमेत गरी २०५२ साल माघ १५ गते स्थापित गरेको नइ प्रकाशनको अद्यावधिक अक्षयकोष मूलधन कुल रु. २ करोड ५० लाखभन्दा बढी पुगेको जानकारी प्राप्त छ ।

नइको परिकल्पना र सक्रिय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रबन्धनसमेतको विशेष सहयोग लिई बृहत् स्तरमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट २०७० सालदेखि २०७२ सालसम्म भानुभक्त द्विशतवार्षिकी समारोहको मूल परिचालन गरिएको थियो । नेपाल राष्ट्रका तात्कालिक चौध अञ्चल र विश्वका पच्चिस राष्ट्रमा समेत सम्बन्धित समारोह समितिको गठन गरेर मनाइएको यस भानु द्विशतवार्षिकीका कार्यक्रम नेपाली साहित्यका सन्दर्भमा अहिलेसम्मको सबैभन्दा ठूलो संस्थागत सञ्जाल परिचालित भएको कार्यक्रम रहेको देखिन्छ । वास्तवमा यस्तो कार्यक्रमको प्रयास नेपाली जाति र भाषाका पूज्य आदिकवि भानुभक्तको जन्म (वि.सं.१८७१)को द्विशताब्दीको गरिमा र आजको नव नेपाल र विश्वव्यापी रूपमा नेपाली समुदायको तथा नेपाली भाषासाहित्यको विस्तार एवं विश्वसञ्चारका अन्तरसञ्जालसम्मको पहुँचका

सुरुवातका सन्दर्भमा समपेक्षित नै थियो; जे होस्, आदिकवि भानुभक्त आचार्यका जन्मका द्विशतवार्षिकीका गौरवमय समारोहमा प्रत्यक्ष रूपमा नेपाल सरकार सक्रिय हुनु र यस क्रममा नेपाली भाषासाहित्यसेवी राष्ट्रिय तथा क्षेत्रीय एवं अन्तर्राष्ट्रिय जगत्का विविध अरू संस्थालाई पनि संस्थागत सहयोग गर्नु र विश्वसञ्चार अन्तरसञ्जालसमेत सहपरिचालित हुन पुग्नु भने नइद्वयको अथक लगन धुन र विशिष्ट सहयोगसमेतबाट प्रतिफलित विशेष महत्त्वपूर्ण घटनासन्दर्भ हुँदै हो ।

२०५२ सालमा नइ प्रकाशनको र २०५९ सालमा त्रिमूर्ति निकेतनको संस्थापन भई तिनमा नइद्वय संस्थापक र मूल प्रेरक ऊर्जा रही विभिन्न प्रतिष्ठित नेपाली विद्वान् र स्रष्टा तथा वाङ्मयसेवीहरूको विशिष्ट सहभागितासमेत जुटी क्रमश: नेपाली भाषासाहित्य, कला, वाङ्मय, धर्म, संस्कृति आदिका क्षेत्रको प्राज्ञिक प्रवर्धन र यिनका स्रष्टा, साधकसाधिका र विद्वद्वर्गको सम्मान र प्रतिष्ठाका प्रवर्धनका जेजस्ता विभिन्न पूर्वोक्त उत्प्रेरक सत्कार्यको सिलसिला अद्यावधि विस्तारित हुँदै छ त्यो हाम्रा समयुगीन वाङ्मयिक स्मृतिपटलमा ताजै छ भने यी युगल जनसंस्थाले अब क्रमश: अढाई दशक (एक चौथाइ शताब्दी) र दुई दशक पुगनपुगको विशेष क्रियाशील र गौरवपूर्ण समयसेरोफेरोबीच यात्रा गर्दै नेपाली भाषा, साहित्य, वाङ्मयभण्डार, कला, संस्कृति आदि विभिन्न प्राज्ञिक क्षेत्रको र तिनका स्रष्टा तथा साधकसाधिकाहरूको सम्मानको अऊ थप प्रवर्धन र समुन्नयनमा नियमित रूपमा उल्लेख्य योगदान दिनाका साथै बेलाबखत कतिपय मानक चिरस्मरणीय ऐतिहासिक महत्त्वका सुकर्महरू पनि सम्पन्न गरी आफ्नो युगीन सार्थकता सिद्ध गरिसकेका छन् । यी जोडी संस्थाले नेपाली भाषासाहित्य, कला, वाङ्मय, संस्कृति आदि प्रज्ञाक्षेत्रका संवर्धन र तिनका समर्पित साधकसाधिकाका सार्थक सम्मान र अर्चनाका क्रममा प्रादेशिक,

राष्ट्रिय र अन्तर्राष्ट्रिय आयामसमेतलाई दृष्टिगत गर्दै नेपालभित्रको र नेपालबाहिरको समुच्चा नेपाली जगत्लाई जसरी समेट्ने प्रचेष्टा गर्दै आएको पाइन्छ त्यो विशेष उल्लेख्य छँदै छ । यी दुई जनस्तरीय जोर प्रज्ञासंस्थाले बडो मिहेनतपूर्वक विशेषत: जनस्तरबाट र केही मात्रामा सरकारी स्तरबाट पनि साधनस्रोत जुटाई निरन्तर खटी अनेक रचनात्मक नयाँ कार्यक्रमका माध्यमबाट अधिकाधिक सहभागी र सहयोगीहरूको विश्वास तथा सद्भावसमेत आर्जन गरी क्रमश: आफ्नो संस्थागत भौतिक पूर्वाधारको उल्लेख्य सुदृढीकरणसँगै प्राज्ञिक पर्याधार र परम्पराको थप समुन्नयन र प्रतिष्ठापन तथा विस्तारका कार्यका दृष्टिले पनि उल्लेख्य ऐतिहासिक योगदान गरेका छन् । नेपाली प्रज्ञाजगत्का प्रवर्धनका समयुगीन मानचित्रमा यिनको प्रतिष्ठित उपस्थिति तथा अवस्थिति समयसमयमा प्रमाणित भइसकेको छ ।

नइ प्रकाशन (२०५२) र त्रिमूर्ति निकेतन (२०५९) का जोर जनस्तरीय उत्कृष्ट प्रज्ञासंस्थाको संयुक्त भावमूर्ति समयक्रमिक नव दीप जोडी प्रतीत हुन्छ । तर यी जोर संस्था आफ्नै ढङ्गले सङ्गठित र पर्याप्त पृथक् ढाँचामै आफ्नै अनुभवले र ऊर्जाले हुर्केको समयुगीन महत्त्वको परवर्ती जनस्तरीय नेपाली प्राज्ञिक समवेत संरचनाका रूपमा खडा हुन आएका हुँदै हुन् । यिनको दिगो अस्तित्व र निरन्तरित सेवाप्रवाहको सुव्यवस्था अब साझा नेपाली सरोकारको विषयसमेत हुनुपर्छ भन्ने मलाई लाग्छ । यहाँ मेरो एक विशेष कामना पनि छ– त्रिमूर्ति पुस्तकालय र नइ पुस्तकालय पनि फस्टाउँदै जाऊन् ।

नरेन्द्रराज प्रसाई नेपाली भाषा र साहित्यका समयुगीन संवर्धक र आफ्नै ढपढङ्गका नयाँ मोतीराम; सामाजिक विप्लवी तर नेपाली भाषासाहित्यका परम सेवक । नइ जोडी अथवा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईबाट निर्मित यी जोर संस्थाबाट विगत अढाई दशकबीच सयौँ साहित्यिक सभाअनुष्ठान सम्पन्न भइसकेका छन् र दुई सयभन्दा

बढी विशिष्ट नेपाली ग्रन्थ प्रकाशित छन् अनि नेपाली सभ्यता र संस्कृतिका संवाहक र परम सेवी एवं नेपाली वाङ्मयिक मनीषी र कृतिकारहरू हजार जनाभन्दा बढी २०७६ सालसम्मकै समयसन्दर्भमा पनि विविध ढङ्गले सम्मानित भइसकेको देखिन्छ जुन जनस्तरीय प्रतिमानमा निकै ठूलो वाङ्मयिक सेवा र योगदान हुँदै हो ।

नेपाली साहित्यजगत्को सुप्रतिष्ठित संस्था नइ प्रकाशन ऐतिहासिक रजत महोत्सवको पूर्व सम्पन्नताको क्षणसम्म आइपुग्दा यसले गरेका कामको लेखाजोखा उल्लेख्य छँदै छ । यस संस्थाले मलाई प्रदान गरेको 'महासमालोचक'को उपाधिका कारणले म थप प्रेरित छु र नेपाली भाषा र साहित्यका नीलकण्ठ साधनामा निरन्तर लागी साहित्यामृतका सिर्जनामा र समालोचना विधालाई साहित्यिक कृतिपरक शोधपरक र वस्तुनिष्ठ, निर्विष एवम् आत्मानुशासित तथा गुणग्राही, पारखपूर्ण र गहिराइपूर्ण शालीन प्राज्ञिक अध्ययनका रूपमा सुविकसित गर्न पनि आजीवन नै म सक्दो लागिरहनेछु ।

नइ प्रकाशन नेपाली भाषा र साहित्यका साथै साहित्येतर वाङ्मयका प्रवर्धनमा अविच्छिन्न साधनारत एक अग्रणी प्राज्ञिक संस्था हो । यसको योगदान समकालिक नेपाली वाङ्मयको श्रीवृद्धिमा विशेष व्यापक र बहुआयामिक पनि छ । नइ प्रकाशनलाई नेपाली जीवन र जगत्को आँखाको नानीजस्तो प्रिय तुल्याई ठेट नेपाली ढङ्गले नेपालको गौरववृद्धिका अनुष्ठानको अभिन्न अङ्गका स्वरूपमा हुर्काउन आफ्ना गाँससमेत काटी दृढ रूपमा साधनारत 'नइ'द्वयको र उनका उदार हृदयी संरक्षकहरूको म दिल खोलेर मुक्तकण्ठ रूपमा विशेष सराहनी गर्दछु ।

- **'नइ रजत महोत्सव र मेरो नेपाली साहित्यसमालोचना साधना'**(२०७८)**बाट लेखकद्वारा नै सम्पादित सारसङ्क्षेप ।**

# अमृतवृक्ष

## विजयरत्न तुलाधर

नेपालको वाङ्मयजगत्को अमृतवृक्ष नइ प्रकाशन हो भने अद्वितीय जोडी 'नइ' हुन् । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको पर्याय भएर वाङ्मय संसारमा नइ प्रकाशनको स्थापना भएको हो । नइका 'न' अर्थात् नरेन्द्रराज प्रसाईसँग कहिले, कुन बेला र कसरी परिचय गाँसियो भन्ने कुरा त्यति महत्त्वपूर्ण नहोला, जति उहाँसितको



सम्बन्धले लिएको आत्मीयताको कुरा छ । समयको दूरीले मापण गर्ने हो भने करिब चालिस वर्ष त भयो उहाँसितको मेरो सम्बन्ध । यो चार दशकको सम्बन्धमा हामीबीच आत्मीयताको डोरी यति कस्सियो कि त्यो अवर्णनीय छ ।

नरेन्द्रराज प्रसाई विभिन्न पत्रपत्रिकामा साहित्यिक र राजनैतिक लेख लेखिरहनुहुन्थ्यो र विशेष गरी उहाँको लेखनको म नियमित पाठक थिएँ । भन्नुको तात्पर्य त्यति बेला म उहाँलाई नियमित रूपमा पढथेँ । उहाँले 'अन्नपूर्ण पोस्ट', 'कान्तिपुर', 'राजधानी', 'नेपाल समाचारपत्र', 'गोरखापत्र' र खास गरेर 'स्पेसटाइम' दैनिकमा लेख्ने गर्नुभएका कालजयी साहित्यिकारहरूबारेका धारावाहिक लेखहरू सङग्रहणीय मानिन्छन् । उहाँका केही महत्त्वपूर्ण लेखहरू

मसँग सुरक्षित थिए र धेरै कृतिहरू पनि सङ्गृहीत थिए । तर २०७२ सालको निष्ठुरी भुइँचालोले मेरो बासस्थान भत्काएपछि मैले जीवनभरि भेला पारेका अन्य कतिपय पुस्तकहरू र लेख अभिलेखहरूसँगसँगै नरेन्द्रराज प्रसाईले लेख्नुभएका लेख र कृतिहरू पनि भत्केको घरसँगै पुरिन पुगे । नरेन्द्रराज प्रसाईका ती लेखहरूमध्ये मलाई अत्यन्तै प्रिय लाग्ने अन्नपूर्णमा महाकवि लक्ष्मीप्रसाद देवकोटाबारे लेखिएका धारावाहिक लेखहरू थिए । जुन अद्यापि मेरो आँखामा नाचिरहन्छ, तर दुर्भाग्यवश त्यसको भौतिक प्रति मसँग अहिले छैनन् ।

गीत, सङ्गीत र कलाक्षेत्रमा मेरो कलमयात्रा चालिस वर्षदेखि नै जारी राखेको छु । नेपालभाषामा पनि म अनवरत कलम चलाइरहेको छु । मेरो लेखनयात्रामा नरेन्द्रराज प्रसाईसँग बेला मौका ठोक्कि नै रह्यो । नइ प्रकाशनले हालसम्ममा नेपाली वाङ्मयका उत्कृष्ट कृति प्रकाशन गरिसकेको कुरा डा.कञ्चनजङ्घा प्रसाईको सम्पादनमा प्रकाशित नइ अभिलेखबाट प्रस्ट हुन्छ । नेपालको वाङ्मय क्षेत्रमा नइ प्रकाशन एक अद्वितीय संस्थाको रूपमा उभिन सफल भएको छ । यस प्रकाशनबाट पनि मेरो कुनै एउटा कृति प्रकाशित भइदिए हुन्थ्यो भन्ने अभिलाषा त मलाई छँदै छ । हुन त नइ प्रकाशनबाटै प्रकाशित कृति मैले अक्षरको बीजारोपण त गरिसकेकै छु । नइ प्रकाशनबाट प्रकाशित 'नाटचभूषण मदनदास श्रेष्ठ' शीर्षकको कृतिमा आदरणीय कलाकर्मी मदनदास श्रेष्ठबारेका मेरा अनुभूतिहरू मैले पनि समावेश गर्ने अवसर पाएको थिएँ । नइ प्रकाशनका कृतिमालासँग गाँसिएको त्यो मेरो जीवनको पहिलो लेख थियो ।

नइ प्रकाशन भनेको शुद्ध भावना बोकेको नेपाली वाङ्मयिक संस्था हो । नेपाली साहित्यमा नइले काम गरेको भन्दा मयार्दित र नियमित भएर काम गर्ने संस्था मैले अर्को भेटेको छैन । निजी क्षेत्रको भए पनि नइ प्रकाशन नेपाल राष्ट्रको एउटा गौरवशाली प्रज्ञाप्रतिष्ठान

हो भन्ने लाग्छ मलाई । यस संस्थाबारेमा घोत्लिँदा मेरा पूर्वअनुभूतिहरू मलाई झलझल्ती स्मरणमा आइरहन्छन् । तीमध्ये मेरो मनलाई छुने अनुभूति भनेको वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीले नइबारे सुनाउने गर्नुभएका कुराहरू नै प्रमुख हुन् ।

आफ्नो जीवनकालमा कहिले पनि थकानको अनुभव नगर्ने शताब्दी पुरुष सत्यमोहन जोशी जे बोल्नुहुन्थ्यो, हृदयबाटै बोल्नुहुन्थ्यो । पन्चान्नब्बे वर्ष टेक्दै गरेको बेला उहाँलाई नइले शताब्दी पुरुष घोषणा गरेको थियो । यसरी सय वर्ष पुग्नुभन्दा पाँच वर्षअगावै शताब्दी पुरुषका रूपमा घोषणा गरिदिँदा आफूलाई सङ्कोच लागेको स्थितिमा पुऱ्याएको उहाँ भन्ने गर्नुहुन्थ्यो– 'अहिले म पन्चान्नब्बे वर्षको मात्र भएँ । मलाई नइ र विशेष गरी नरेन्द्रराज प्रसाईले पाँच नम्बर ग्रेस दिएर जबरजस्ती शताब्दी पुरुषको उपाधि दिए । नइको इज्जतका लागि मैले जेजसरी भए पनि सय वर्ष बाँच्न करै लागेको छ ।' एक सय तीन वर्ष जीवन बाँचेर अन्तिम प्रहरसम्म उहाँले नइको गुणगान गर्न छाड्नु भएन । सत्यमोहन जोशीले आफ्नो जीवनको उत्तरार्धमा भन्नुभएको थियो– 'नइले मलाई बचायो, म बाँचें । म वाङ्मय शताब्दी पुरुष भएँ । संसारैभरि यस किसिमको यो उपाधि कसैले पाएको मलाई थाहा छैन । अब मलाई कुनै मान र प्रतिष्ठा चाहिँदैन, पुग्यो ।'

सय वर्ष वा सय वर्षको निकट जीवित रहनुभएका अरू पनि स्रष्टा सर्जक नभएका हैनन् होला तर सत्यमोहन जोशीले जीवनमा संस्कृति र वाङ्मय क्षेत्रमा गर्नुभएको योगदान र समर्पण भावले उहाँलाई शताब्दी पुरुषको रूपमा स्थापित गरेको हो जस्तो लाग्छ मलाई । यसमा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नै भूमिका रहेको छ । शताब्दी पुरुष जोशीले नै आफ्नो जीवनकालमा यो कुरा धेरै पटक धेरैलाई सुनाउनुभएको थियो ।

शताब्दी पुरुष सत्यमोहन जोशीको शताब्दी वर्षलाई भव्य बनाउन नइ प्रकाशनले विभिन्न सभा र समारोहको पनि आयोजना

गरे । तर दुर्भाग्यवश त्यसैताका विश्वलाई कोरोनारूपी महामारीले छोपिदिँदा कतिपय घोषित र निर्धारित कार्यक्रमहरू हुन पाएनन् । भएका कार्यक्रमहरूमा पनि शताब्दी पुरुष जोशी सशरीर उपस्थित हुन पाउनु भएन । त्यस्तो एक उल्लेखनीय कार्यक्रम भनेको शताब्दी पुरुष एक सय तीन वर्ष प्रवेश गर्ने शुभ दिन त कोरोनाका कारण आयोजना हुनै पाएन भने पछि सो समारोह हुँदा पनि उहाँ आफ्नो प्रतिकूल स्वास्थ्यस्थितिको कारण त्यसमा सरिक हुन सक्नु भएन । त्यसभन्दाअघि दुई पटक अर्पण गरिएको सत्यमोहन जोशी शताब्दी पदक अर्पण समारोहमा शताब्दी पुरुष आफू सरिक हुनुभएको थियो । उहाँकै हातबाट यो कलमजीवीलाई पनि सत्यमोहन जोशी शताब्दी महोत्सव पदक ग्रहण गर्ने सुअवसर जुटेको थियो । जुन मेरा लागि अत्यन्तै गौरवशाली क्षणको रूपमा रह्यो । यस्तो सुअवसर जुटाइदिने नइ प्रकाशन र त्रिमूर्ति निकेतनप्रति आभारी छु ।

# मन्दिरजस्तो संस्था

**विजय हितान**

नइले गरेका साहित्यिक गतिविधिमा प्रत्यक्ष त्यति सहभागिता त छैन मेरो; नेपालमा मेरो स्थायी बसोबास नरहेर पनि होला। तथापि नइ प्रकाशनको पहल र सक्रियतामा अन्तर्राष्ट्रिय स्तरको भानुभक्त आचार्य दुई शतवार्षिकी समारोह लन्डनमा भएको कार्यक्रममा म उपस्थित भएको थिएँ। अनि नइ प्रकाशनको रजत महोत्सवको



पदक प्रदान गरिने समारोहमा पनि म सरिक भएँ। यी दुवै कार्यक्रम नेपाली साहित्य विकाष परिषद् बेलायतले संयोजन गरिदिएको थियो। नइ रजत महोत्सवको अवसरमा मलाई 'नइ रजत महोत्सव पदक' प्राप्त भएको छ। यो सम्मान नइप्रति मेरो सानो ठूलो लगाव र पर्यावरण साहित्यमा मैले दिएको योगदानको कदरसमेत गर्दै मलाई प्राप्त भएको हो भन्ने मैले ठानेको छु। यस अवसरमा मैले पर्या साहित्यको अभियानमा जोडिएर मलाई साथ र सहयोग दिनुहुने साहित्यकार साथै नइ प्रकाशनलाई कृतज्ञता ज्ञापन गर्दै सम्झिरहेको पनि छु।

नइसँग मेरो चिनजान त्यति लामो पनि होइन। त्यसो त साहित्यको पुजारी बनेको म वल्ल एक दशक त नाघेको छ। एक

दिन विश्वासदीप तिगेलाले आसफोर्डबाट मलाई फोन गर्नुभयो । 'दाइ म नइलाई घुमाउन फोक्सटन ल्याउँछु । तपाईंको घरमा पनि पसाउँछु । उहाँहरू दुवै साहित्यकार हुनुहुन्छ ।' म त अलिकति छक्क परेँ । नाम छ एक जना जस्तो लाग्ने 'नइ' र न महिलाको न पुरुषको जस्तो लाग्ने नाम । कौतूहलताले छायो र तिगेलालाई मैले सोधिहालेँ– 'नाम गज्जबको लाग्यो, को हुनुहुन्छ र उहाँ ? हुन्छ नि पहिला सीधै मेरो घरमा ल्याउनुहोस् न ।' नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईदम्पतीको पहिलो अक्षरहरूबाट 'नइ' राखिएको भनेर तिगेलाले भनेपछि बल्ल मैले बुझेँ ।

कस्तो नौलो नाम रखाइ 'नइ'! उहाँहरूलाई भेट्ने हुटहुटी झन् तीव्र भएर आयो । नइ मेरो घर आउनुभयो त्यो दिन । नेपाली साहित्यमा भरखरै लागेको अनुज थिएँ म । उहाँहरूको प्रवेशले मेरो घर धपक्कै बलेको अनुभूति भयो । त्यो दिन कुशेऔँसी परेछ । दुवैले व्रत लिनुभएको रहेछ । तरुल र फलफूल खुवाएर मेरो कथासङ्ग्रह 'थकित पृथ्वी' नइलाई उपहार दिएँ । अनि फोक्सटनवरिपरि घुमाइदिएको थिएँ । पानी सिमसिम परेर मौसम जाडोजाडो थियो । यो संस्मरण लेख्न बस्दा त्यो दिन कहिले रहेछ भनी डायरीको पाना पल्टाएको त २७ अगस्ट सन् २०१४ रहेछ ।

त्यो छोटो भलाकुसारीमा उहाँहरूलाई यति आत्मीय लाग्यो कि मैले त्यसै दिन दाइ भाउजू भनेर सम्बोधन गरेँ । अहिले आएर हाम्रो दाइभाउजू र भाइ, देवरको सम्बन्धले कति छिट्टै आठ वर्ष टेकेछ । त्यसबीचमा नइबारे म अध्ययन गरिरहेकै थिएँ । नेपालमा एउटा ठूलो प्राज्ञिक संस्था रहेछ निजी स्तरको तर सामाजिक रूपमा नै भव्यताका साथ चलेको रहेछ ।

म राजनिति र धर्ममा विश्वास राख्दछु । तर तिनको पुजारी होइन । प्रवासी नेपालीहरू नेपाल भ्रमणमा गएको बखत कति नेताको घर, कति मन्त्री क्वाटर धाउँदा हुन् । कति मठमन्दिर

धाउँदा हुन् । तर म पुस्तकालय, प्रज्ञाप्रतिष्ठान, साहित्य गोष्ठी र साहित्यकारका घर धाउँछु । यसै सिलसिलामा म तीनपल्ट नइ प्रकाशन पुगेको छु ।

नइगृह प्रवेश गर्दा मन्दिरमा पुगेसरह लाग्छ मलाई । तल भुइँतलादेखि नै अनि सिँढीभरि कितापैकितापका थुप्रालाई पन्छाउँदै माथिल्लो तल्ला उक्लिएको सम्झना छ मलाई । भित्तामा टाँसिएका अग्रज साहित्यकारका फोटा भगवान्का जस्ता लागे मलाई । भित्तामा झुन्डयाइएका सम्मानपत्र भजनका श्लोकजस्ता लागे मलाई । पुस्तकालयमा राखिएका कितापका ठेलीहरू वेदपुराणजस्तै लागेका छन् मलाई । नइ प्रकाशनका घरमा सबै हेर्दै जाँदा त नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई त साक्षात् देवताका अवतारजस्तो लाग्छन् मलाई । नेपाली साहित्य कर्म र ज्ञानको हिसाबले त उहाँहरू मेरा लागि प्रेरणाको स्रोत हुनुहुन्छ, गुरु र गरुआमा हुनुहुन्छ ।

पहिलोपल्ट इन्दिरा प्रसाईले पकाएको स्वादिलो खाना खाँदै नइसँग साहित्यिक गफ गरेको सम्झन्छु म । त्यति बेला मैले नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान वललाई नइगृहमा नै भेटेको थिएँ । अर्को पल्ट नइगृहमा पुगेर हामी तीनै जना नइको कौसीमा घाम ताप्दै, चियाको चुस्कीसँगै साहित्यिक भलाकुसारी गरेका थियौँ । त्यसै दिन शताब्दी पुरुष सत्यमोहन जोशीका जेठा छोरा अणुराज जोशीसँग परिचय गरेको सम्झना छ मलाई । छोराको मार्फत शताब्दी पुरुषलाई भेट्ने योजना पनि थियो मेरो, तर साह्रै व्यस्त भइएछ र भेटन सकिनँ । शताब्दी पुरुष एक सय तीन वर्षको उमेरमा परलोक भएको समाचार हेर्दै मैले त्यस बेलाका कुरा गमिरहेँ । शताब्दी पुरुषको दर्शन गर्न नपाएकोमा म पछुताएको छु अहिले । तथापि नरेन्द्रराज प्रसाईले लेखेको 'शताब्दी पुरुष : सत्यमोहन जोशी' मैले उपहारस्वरूप प्राप्त गरेको थिएँ, त्यही किताप दोहऱ्याएर पढ्दै शताब्दी पुरुषलाई बुझ्ने प्रयास गर्दै छु ।

नइ प्रकाशनले नेपाली वाङ्मयमा अनेक योगदान गरेको छ । नइको योगदानले प्रभावित नहुने मान्छे पनि होलान् । नेपाली भूमिमा अनेक साधनस्रोतको कमी हुँदा पनि नइ प्रकाशनले आफूलाई माथिल्लो ठाउँमा पुऱ्याइसकेको छ । काम गर्नेलाई जाँगर भए पुग्दो रहेछ भन्ने ज्ञान मैले पनि नइबाट ग्रहण गरेको छु । नरेन्द्रराज प्रसाईलाई गीतकार, निबन्धकार र विशेषत: सिद्धहस्त जीवनीकारका रूपमा चिनिए तापनि र इन्दिरा प्रसाईलाई उपन्यासकार तथा कथाकारको साथै नइ प्रकाशनको अध्यक्षजस्तो पदभार सम्हालेको एक नारी हस्ताक्षरको रूपमा चिनिए तापनि उहाँहरूमा घमन्डको एक रत्ति लेस देखिँदैन । नेपाली साहित्यिमा उहाँहरूले केचाहिँ गर्न बाँकी छ अब भन्ने लाग्छ मलाई, धेरै गरिसक्नुभएको रहेछ । नइ प्रकाशन नेपालको एउटा पवित्र साहित्यिक मन्दिर स्थापित भएर पनि साहित्यको बलियो खम्बाका रूपमा उभिएको देख्न पाउँदा म पछाडि फर्केर नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईलाई मेरा घरमा कन्दमूल खुवाएको सम्झन्छु । वास्तवमा त्यस दिन नइदम्पतीसँग भेट्न नजुरेको भए मलाई त जीवनभरि पछुतो पर्ने रहेछ । मलाई मन परेका जोडीले स्थापना गरेको संस्थाको म सधैँ भलो कामना गरिरहन्छु– 'नेपाली साहित्यजगत्मा नइ प्रकाशन अझै चम्किलो ताराको रूपमा अमर होस् ।

नेपालभित्रको एउटा स्वतन्त्र र न्यायिक नेपाली साहित्यिक प्रतिष्ठान नै नइ प्रकाशन हो रहेछ । संस्थाको उद्देश्यमुताबिक खुरुखुरु काम गरेर यो संस्थाले नाम कमायो र यसले अहिले विश्वभरि पखेटा नै फिजाइसकेको छ । स्रष्टाका नामबाट स्रष्टाकै हितका लागि र स्रष्टाबाट नै स्थापित नइ प्रकाशन गौरवशाली र सम्मानित संस्थाका रूपमा अग्र स्थानमा रहिसकेको छ ।

# स्वच्छ र निष्पक्ष

## प्रा.डा.विजया पन्त

साहित्यसाधनामा दशकौंदेखि अनवरत अहोरात्र समर्पित नइ जोडी एउटा संस्था मात्र नभई ठूलो प्रेरणाको स्रोत पनि हुन् । उनीहरूले साहित्यसँगै साहित्यकारको पनि गोडमेल र मलजल गरी कति नव साहित्यकार जन्माए र हुर्काए यो व्यहोरा नेपाली साहित्यको इतिहासमा स्वर्णिम अक्षरले लेखिनेछ । नेपालको सर्वाधिक प्रसिद्ध साहित्यिक संस्था हो– नइ प्रकाशन; जसको ढोका विभेदरहित भएर हरेक साहित्यकार र साहित्यप्रेमीका लागि सधैँ खुला रहन्छ । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको मन जुनसुकै खेमाका पनि साहित्यप्रेमीका लागि सधैँ खुलेको हुन्छ । त्यसैको प्रतिबिम्ब हो– नइ प्रकाशन ।



नइको जस्तो मन हुनु र त्यो मनलाई दुवै जनाले त्यतिकै शालीनताका साथ बचाई अहोरात्र साधना गरिरहनु साहित्यका लागि असाधारण समर्पण हो र यो राष्ट्रका लागि ठूलो उपहार हो ।

दम्पती भएर घरव्यवहार र साहित्य सँगै सफलतापूर्वक चलाउनु निकै नै कठिन दायित्व हो । दम्पतीमाञ्ञ एकअर्काप्रति

निष्ठा, विश्वास र समर्पण भए ती दम्पतीले एउटा ठूलो संस्थाले गर्ने काम सम्पन्न गर्न सक्छन् र निरन्तरता दिन सक्छन् भन्ने ठूलो उदाहरण नेपाली समाजमा नइले प्रस्तुत गरेको छ ।

नइमा जुन ऊर्जा छ त्यो असाधारण छ, साहित्यप्रेमी र साहित्यकारहरूलाई त्यही ऊर्जा दिएर थप ऊर्जावान् बनाउने क्षमता नइले राखेको हुन्छ । मेरो कार्यक्षेत्र विज्ञान हो तापनि मलाई मेरो साहित्यप्रतिको लगावलाई नइ प्रकाशनले नै अनुभूत गरिदियो । त्यसैले 'वरदानको अनुभूति'नामक कवितासङ्ग्रहमार्फत नेपाली भाषासाहित्यमा म प्रत्यक्ष गाँसिन पुगेँ । त्यसपछि साहित्यलेखनमा म अभिप्रेरित मात्र भइनँ, त्यस कृतिको प्रकाशनले मलाई ऊर्जावान् बनाइदियो ।

लुकेर बसेका स्रष्टा, प्रस्फुटित हुन अनकनाइरहेका प्रतिभा र स्थान नपाएका र पछाडि परेका थुप्रै प्रतिभाहरूलाई खोजीखोजी नइ प्रकाशनले प्रस्तुत गर्ने गरेको हामीले हेर्दै आएका छौँ । नइले गरेको यी काम साहित्यप्रतिको सम्मान मात्र नभई राष्ट्रका लागि ठूलो समाजसेवा पनि हो र यस्तै सेवामा नइ प्रकाशन अघि बढिरहेको छ । मेरा श्रीमान् डा.वसन्त पन्तले भन्नुहुन्छ– 'अशक्तलाई पनि दौडाउने नेपालमा कुनै संस्था छ भने त्यो नइ प्रकाशन हो ।' डा.पन्तले भन्नुहुन्छ– 'नइको सङ्क्षिप्त परिभाषा नै त्यही हो र त्यहीँभित्र नै नइका कामहरू देखा परिरहेका हुन्छन् । यति हो नइ आफ्नो बढाइँ गरेर हिँड्दैन र अरूलाई प्रेरित गर्ने कामहरू छन् भने तिनलाई लुकाएर पनि बस्तैन ।'

मोतीराम भट्टले भानुभक्त आचार्यलाई प्रकाशमा ल्याई उठाएजस्तै नइले यस्ता अनेकौँ भानुभक्तहरूलाई प्रकाशमा ल्याइदिएको छ, नेपाली समाजमा उठाएको छ । आत्मप्रशंसाको भोको दुनियाँमा नइ भने अरूलाई प्रकाशित गर्न र अरूकै प्रशंसामा नै भोकाएको हुन्छ । नइ देशका कुनाकन्दरामा लुकेका, छिपेका अनेक प्रतिभालाई

नइसँग जोड्छ र उजिल्याउँछ र चम्काइदिन्छ । नइलाई अनेक विधाका प्रतिभालाई खोज्न कुनै भौगोलिक सिमानाले छेक्दैन, बडेमानका समुद्रले समेत पनि रोक्दैन । सात समुद्र तरेर पनि त्यस्ता प्रतिभालाई नइले आफूसँग ल्याएर जोडिदिन्छ र आदरपूर्वक सार्वजनिक रूपमा सम्मानित गरिदिन्छ । यसरी सम्मानित गर्न नइलाई न जातले छेक्छ, न धर्मले रोक्छ, न आस्था र राष्ट्रियताले नै रोक्छ । यसै कारणले नइ प्रकाशन सबै विधाका प्रतिभाहरूको साझा चौतारी र साझा छहारी भएको छ ।

नइको ठूलो शक्ति भनेको नै नैतिक शक्ति हो । नइको यही शक्तिको कारणले नै नइमाथि धेरै दानवीरहरूले आफ्नो विश्वास खन्याउन सकेका छन् । नइले आफ्नो दानको पूर्ण रूपमा सदुपयोग गर्छ भन्ने विश्वासमा दाताहरू नइलाई नै खोज्दै आफ्नो या आफन्तको नाममा पुरस्कार राख्न आउँछन् । नइले आर्जन गरेको यो आफैँमा विश्वासको सम्पत्ति र शक्ति हो । विगत पच्चिस वर्षमा नइले नेपाली साहित्यमा के विश्वास दिन सफल भयो भने 'नइ स्वच्छ छ र नइ निष्पक्ष छ ।' यही स्वच्छता र निष्पक्षताले नइमाथि कसैले पनि औँला ठडयाउनै पाएनन् । यो आफैँमा नइको उच्च मूल्याङ्कनको पाटो र बाटो हो ।

भाषा, कला, साहित्य, प्रतिभा आदि जेजति क्षेत्रमा नइ प्रकाशनले काम गरेको छ यसका लागि नइको जति प्रशंसा गरे पनि थोरै हुन्छ । यो आफैँमा विकासको कार्य हो, राष्ट्रसेवाको कार्य हो । यस्तो स्तुत्य कार्यलाई कुनै पनि सरकारले नदेख्नु वा नहेर्नु आफैँमा अनौठो हो । सरकारले नइजस्ता साझा र निष्पक्ष संस्थाका कार्यलाई अरू व्यापक बनाउन नियमित विकास अनुदानमा रकम छुट्टयाउनुपर्दछ । अनावश्यक अनेक शीर्षकमा देशको सम्पत्ति खर्च गर्ने सरकारले देशका सान र मान बढाउने यस्ता रचनात्मक सिर्जनात्मक कामलाई सेवा र टेवा दिए कति राम्रो हुन्थ्यो ।

तीनतीनवटा नेपाल प्रज्ञाप्रतिष्ठानहरूलाई त्यति ठूलो बजेट छुट्ट्याउने सरकारले निजी क्षेत्रले स्थापना गरेको त्यस्तै कामलाई प्रोत्साहन किन नगर्ने ?

नइ अर्थात् नरेन्द्र, इन्दिराले लेखिरहून्, साहित्य सिर्जना गरिरहून्, त्यस्तै नरेन्द्र, इन्दिरा (नइ)ले स्थापना र विकास गरेको पवित्र संस्था नइ प्रकाशनले आफ्ना घोषित उद्देश्यमा सफलता हासिल गरिरहोस् । सिर्जनाको साझा चौतारी नइबाट निस्केको सुवास देशविदेशमा फैलिरहोस् ।

# नेपाली साहित्यको संसार

## विमल गिरी

नइ प्रकाशन सम्पूर्ण नेपाली भाषासेवीहरूलाई समान रूपमा माया गर्ने साझा मन्दिर हो । नेपाली वाङ्मयको श्रीवृद्धिका लागि स्थापना भएको नइ प्रकाशनको कामलाई पछ्याएर विश्व नेपाली साहित्य सञ्जालभित्र नेपाली भाषाको बलियो पकड भएको छ । नइले जहिलेसुकै नयाँ आयाम दिन्छ, नयाँ कुरा सिकाउँछ । अरूले



साहस गर्न नसकेको काम नै नइ प्रकाशनले गरी देखाउँछ । उदाहरणका लागि नइ प्रकाशनको संयोजनमा देशमा पहिलोपल्ट तीन जना अमर साहित्यकारको एकै ठाउँमा सालिक निर्माणको ऐतिहासिक काम गरेर विश्वभरि नइले आफ्नो सुकर्मको प्रदर्शन गरिदियो । राजधानीको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलकै अगाडि चक्रपथमा स्थापित त्रिमूर्ति निकेतलाई 'साहित्यको स्वर्ग'सरह भनेर राष्ट्रकवि माधव घिमिरेको महान् वाणी भएको शिलालेख त्रिमूर्ति मन्दिर पस्ने ढोकैबाट सीधै माथि देखिने गरी छतैमा राखिएको छ ।

त्रिमूर्ति निकेतन र नइ प्रकाशनले नेपाली साहित्यमा जेजति काम गरेको छ, अरू संस्थाले यस्तै काम गरेका भए नेपाली भाषाको

कत्रो ठूलो उपलब्धि हुने रहेछ भन्ने लाग्छ मलाई । नइदम्पतीको दिनरातको मिहेनतको फल विश्व साहित्य मञ्चमा नइ प्रकाशनको भूमिका उपलब्धिमूलक देखिएको हो । नइको कार्यले धेरै जना नतमस्तक बनेका छन् । नइको सिफारिस नै सरकारका लागि पनि मान्य हुँदो रहेछ र माधव घिमिरेले प्राप्त गर्नुभएको राष्ट्रकविको उपाधि र सत्यमोहन जोशीले प्राप्त गर्नुभएको वाङ्मय शताब्दी पुरुषको उपाधिले यस कुराको पुष्टि गरेको हो । नइका मनमा फुरेका यी उपाधिहरू नेपाली वाङ्मयमा स्वर्णाङ्कित हुनेछन् । यसरी नेपाली साहित्यमा सबैको विश्वास र मन जितेर नइले नेपाली साहित्यमा अतुलनीय काम गरेको हामी विदेशमा बसेर पनि देखिरहेका छौँ । साथै विश्वास र योगदान दुवैको हकदार भएपछि नइका हातमा वानीरा फाउन्डेसन पनि परेको हो । फाउन्डेसनलाई अझ जीवन्त बनाउन नइ खटिरहेको छ । यस अर्थमा नइ प्रकाशन नेपाली वाङ्मयप्रेमीका लागि गर्व गर्नलायकको अभिभावक हुन गएको छ ।

विश्वसाहित्यको तुलनामा नेपाली साहित्य निकै पछि परेको कुरा यदाकदा सुन्न परेको अवस्था छ । आजको 'मै खाऊँ, मै लाऊँ' भन्ने व्यक्तिवादी सोच पलाएको अवस्थामा अविरल र गतिशील भएर नेपाली भाषा र साहित्यलाई विश्वव्यापक बनाउन नइ युद्धस्तरमा अघि सरेको छ । नेपाली साहित्यकारहरूको मर्मसमेतलाई बुझेर नइले आफ्नो गतिलाई चमत्कारी ढङ्गबाट बढाइरहेको देखिन्छ । दुई जना सिद्धहस्त साहित्यकारहरू नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले स्थापना गरेको नइ प्रकाशनको नेपाली भूमिमा विशेष स्थान रहेको छ तर विदेशी भूमिमा पनि यसको महत्त्व कम छैन । साहित्यकारहरूको जीवनी लेखेर होस्, पुरस्कार प्रदान गरेर होस्, सम्मान र उपाधि दिएर होस् अथवा आर्थिक सहयोग गरेर नै किन नहोस् नइले नेपाली साहित्यको संसार ढाकेको छ । नइको कर्म देखेर नइको गुन गाएर कहिले सकिँदैन । नइ भएर आआफ्ना क्षेत्रमा आफैँ

शक्तिशाली र कालजयी रचना सिर्जना गरेर जीवनी, निबन्ध, कथा, उपन्यास, कविता, समालोचना, नियात्रा, लेखिरहनाले पनि नइ प्रकाशनसँग स्रष्टाहरू झुम्मिएका हुन् । यस संस्थाको अर्को महत्त्वपूर्ण पाटो भनेको थुप्रै पुस्तकहरू प्रकाशन गर्नु पनि हो ।

आजकल ज्ञानको क्षेत्र व्यापक बनेको अवस्थामा र पठन संस्कृति हराएको चर्चा भइरहेको बेलामा पनि अनेकन् पुस्तक प्रकाशन गरी जनमानसमा पुऱ्याएर नेपाली भाषाको प्रवर्धन गर्ने एक सशक्त सस्था नइ प्रकाशन भएको छ ।

उच्च मनोबलका साथै संस्थागत र व्यक्तिगत रूपमा उच्चस्तरीय रचनाहरूको छनोट गरी भाषिक सामर्थ्य, सार्वभौमिकता र सिर्जनशील भएर योगदान गर्ने नइ प्रकाशन नेपाली आकाशको एक चम्किलो नक्षत्र हो । भाषा मानिसको विचार विनिमय गर्ने सशक्त माध्यम हो । भाषाका कारण नै मानिस आफ्ना कुरा अरूलाई बुझाउन र अरूका कुरा आफूले बुझ्न सक्छ । मानव समाजको विकाससँगै भाषाको पनि विकास भएको हुनाले समाज र भाषाको सम्बन्ध निकट रहेको देखिन्छ । नइले हाम्रो भाषाको रक्षा गर्ने काम गरेको छ । एक पटक नेपाल प्रज्ञाप्रतिष्ठानले नेपाली भाषा बिगारेको सन्दर्भ धेरै चर्चित भयो । तर नइले त्यो बिग्रेको भाषा छुँदै छोएन र पछि प्रतिष्ठान आफैँ पुरानै बाटोमा फिरेको पनि उदाहरण छ । नइले सुमार्गमा लाग्न यसरी विविध तरिका अपनाएको पनि छ ।

नेपाली भाषासाहित्यका अग्रज नइलाई भेट्न भनेर म नइनिवासमा २०७५ सालतिर गएको थिएँ । त्यो समयमा मजस्तो हल्लाभन्दा पर परदेशमा बसेर चुपचाप लेखन गर्ने मान्छेलाई मायाले छपक्क भिजाउँदै नइले भन्नुभयो– 'विदेशमा बसेर नेपाली साहित्यको उन्नयनका लागि भाइ लागिरहेको हामी देखिरहेका छौँ, लेख्न नछोड्नु है भाइ ! लेखक भएकै नाताले त हाम्रो भेट भयो । यो

साह्रै ठूलो कुरो हो भाइ' भन्नुहुँदा म हर्षले गद्गद भएको थिएँ। साहित्यलाई माया गरेर यसरी मरिमेट्ने हाम्रो देशमा कति मान्छे होलान् भनेर मैले मनमनै गमैं पनि, नइको आत्मीयताबाट अचम्म लाग्यो। नेपाल सरकारको सातु खाएर साहित्यसेवा गर्नेहरूले पनि नेपाली भाषासाहित्यका लागि यतिको सद्भाव राख्न सकेका छैनन्।

नेपाली भाषासाहित्यको विकासको आफ्नै परम्परा, इतिहास, स्वरूप, ढाँचा र मौलिकता छ। नइले सम्पूर्ण नेपालीहरूलाई एक ढिका बनाई भाषासाहित्य सेवामा संलग्न गराउँदै विभिन्न पुरस्कार र पदकले सम्मान गरेर धर्म, सम्प्रदाय, राजनीतिवाद, पक्षविपक्ष सबैलाई समान रूपमा जोडेको छ। नेपालमा रहेका सबै जातजातिलाई एक ढिको बनाएर नइले नेपाली भाषासाहित्यको समान रूपमा सेवा र योगदान गर्दै आएको कुरा घामजस्तै छर्लङ्ग छ। त्यसैले नइ प्रकाशन एउटा आदर्श र सम्मानित संस्था भएको हो।

नइले लेखेका र नइ प्रकाशनले छापेका कैयौँ जीवनीहरू, धेरै पुस्तकहरू शक्तिशाली छन् र ती ग्रन्थहरू चर्चामा पनि छन्। केही ऐतिहासिक ग्रन्थलगायत सयौँ पुस्तकहरू प्रकाशन गरेर नेपाली साहित्यलाई धनी बनाउने काम नइ प्रकाशनबाट भएको छ।

नेपाली भाषा विश्वका आधुनिक भाषाहरूसरहकै मौलिक विशेषताले युक्त भाषा हो। देशका धेरै व्यक्तिहरूको मातृभाषा र दोस्रो भाषाका साथै एक प्रमुख राष्ट्रभाषाका रूपमा रहेको नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हो। यति मात्र नभएर नेपाली भाषा सम्पूर्ण अरू भाषाभाषीहरूका माझमा काम गर्ने भाषा पनि हो। अहिले विश्वभरि फैलिएका सबै जात र भाषाका नेपालीहरूलाई एक सूत्रमा बाँध्ने नेपाली भाषा नै भएको छ। यही नेपाली भाषासाहित्यको विस्तारमा लागेकाले नै नइ प्रकाशनको गौरव पनि विश्वव्यापी भएको छ।

नइ प्रकाशन आफैँ राम्रा लेखक या प्रतिभाका पछिपछि दौडिन्छ र यस संस्थाको मूल विशेषता यो पनि हो । सुयोग्य प्रतिभालाई पुरस्कार दिनुपरे नइ आफैँ अघि सर्छ तर जतिसुकै योग्य प्रतिभा किन नहोस् पुरस्कार माग्नेलाई नइले कालो सूचीमा राख्छ भन्ने मैले 'मधुपर्क'मा पढेको थिएँ । यो नै नइ प्रकाशनको एउटा दह्रो पन हो । नत्र यो संस्था पनि सरकारबाट सञ्चालित प्राज्ञिक संस्थाजस्तै तोक, आदेश, भनसुन र चाकरी गर्नेहरूकै सेरोफेरोमा बिलाउन सक्ने थियो ।

नइ प्रकाशन नेपाली भाषासाहित्यलाई उमार्ने, फलाउने, फुलाउने बिहानी हो । मगमगाउँदो, जगमगाउँदो हराभरा उर्वर बाग हो । अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पहुँच पुऱ्याएर नइ प्रकाशनले नेपाल राष्ट्रकै प्रतिष्ठा बढाउनसमेत महत्त्वपूर्ण भूमिका खेलेको कुरा जगजाहेर छ । नइ प्रकाशनको भूमिका नेपाल राष्ट्रमा सरकारी भत्ता र सत्ताद्वारा सञ्चालित प्रज्ञाप्रतिष्ठानहरूको भन्दा सानोतिनो छैन । अझ साहित्यसिर्जनामा प्रेरणा दिने अग्रजहरूलाई सम्झनुपर्दा सधैँ नइलाई नै सम्झनुपर्ने हुन्छ ।

# उच्च र सम्मानित संस्था

**विश्वासदीप तिगेला**

नइ प्रकाशनले गरेका काम हेरेर निक्कै पटक मेरो मथिङ्गल खलबलिएको छ । नेपालको संविधान २०७२ को निर्माण हुँदै गरेको बखत सरकार अनिर्णित थियो साथै नेपाल प्रज्ञाप्रतिष्ठानलगायतका अन्य ठूलठूला सङ्घसंस्थाहरू प्राय: अनिर्णित र त्रसित देखिन्थे । त्यस्तो अवस्थाको बखत नेपाल प्रज्ञाप्रतिष्ठानभन्दा मलाई नइ प्रकाशन ठूलो, आधिकारिक र सम्मानित संस्था लाग्दथ्यो । नेपाली साहित्यको श्रीवृद्धिका निमित्त गरिने विभिन्न सभासम्मेलन, पुस्तक प्रकाशनदेखि सम्मान, पुरस्कार वितरणमा पनि अगाडि पाउँदा नइ सबैभन्दा ठूलो प्राज्ञिक संस्था हो भन्ने मेरो मनले प्रमाणित गरिदिएको थियो । सरकारी निकायबाट चलेर अस्तित्वमा सम्म रहेका संस्था या काम गरेर संसारभरि फैलिएको



गैरसरकारी संस्थाबीच कुन ठूलो हो भन्ने मापन त हुँदैन होला । तर पनि अहिलेको सङ्कीर्ण दलीय अवस्थामा जनस्तरबाट चलेका गैरसरकारी संस्थाको काम नै शुद्ध र पवित्र हुन्छ भन्ने नइले प्रस्टचाइरहेको छ । यस्तो कुरा न कसैले छोपेर छोपिने रहेछ, न लुकाएर लुक्न सक्छ ।

नइले त्रिमूर्ति निकेतनको स्थापना गरेको थाहा पाउँदा मलाई फेरि अर्को अचम्म लागेको छ । नइको लगनशीलता र योगदान देखेर म त नतमस्तक भएकै छु; जान्ने, सुन्नेहरूका मुखबाट पनि मैले यस्तै आवाज सुन्ने गरेको छु । नइको कार्य गराई सरकारको आँखाबाट समेत छिपेको रहेनछ भन्ने कुरा नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको बजेटमा नइले भानुभक्त द्विशतवार्षिकी समारोह मनाएको थियो । त्यस पर्वलाई देशविदेशमा नइले भव्यतापूर्वक सफल बनाएको कुरालाई मैले पटकपटक सिंहावलोकन र समीक्षा गरेको छु । भानुभक्त द्विशतवार्षिकी समारोह चानचुने परियोजना थिएन, जोजसले धान्न नसक्ने काम नइ जोडीबाट फत्ते भएको थियो । नइ प्रकाशनको सो कार्यबाट म अति प्रभावित बनेको थिएँ ।

नइको अर्को फेरि अचम्मै लाग्ने कामचाहिँ जिउँदो रहँदै सत्यमोहन जोशीलाई उहाँको उमेर पन्चान्नब्बे वर्ष पुगेको वर्ष पाँच वर्ष ग्रेस थपेर सय वर्ष पुऱ्याएको थियो । नइले वाङ्मय शताब्दी पुरुष घोषणा गरी लाइफ अचिभमेन्ट प्रदान गर्दा म अचम्मित भएको थिएँ । पहिलो त जिउँदो व्यक्तिलाई उहाँकै जीवनकालमा त्यत्रो सम्मान दिनु त्यसपछि चारैतिरबाट गतिलो पहल जुटाएर सरकारबाट हुलाक टिकट प्रकाशन गराइनु र नेपाल राष्ट्र बैङ्कबाट सिक्का प्रकाशनमा ल्याउने वातावरण तयार गरिनु मलाई गजबको कुरा लाग्यो । नेपालमा जिउँदो मान्छेको टिकट र पैसा प्रकाशनमा आएको मैले त सुनेको पनि थिएन । अहिले पनि जोशीको आत्माले सम्भवत नइलाई सबैभन्दा उच्चकोटिमा राखेर सम्मान गर्दो हो । त्यस आत्माले सबैभन्दा धेरै आशीर्वाद नइलाई नै दिँदो हो सायद भन्ने मलाई लाग्छ । किनभने कुनै पनि संस्थाले त्यसरी जिउँदै र सही व्यक्तिलाई नि:स्वार्थ उच्च सम्मान दिएको त्यो घटना नौलो मात्र होइन आश्चर्यजनक नै थियो । माधव घिमिरेलाई राष्ट्रकविको सम्मान

पनि नइले नै दिएको जान्न पाउँदा त्यति बेला मलाई खुसी लागेको थियो । नइले जसलाई जे सम्मान दिन्छ अनि सिङ्गो राष्ट्रले त्यसको हुबहु अनुमोदन गर्नु सामान्य कुरा होइन ।

मलाई धेरै समयसम्म नइ शब्दको अर्थ थाह थिएन पनि । नइ जोडीको तारतम्य र गठबन्धन सुनेर रमाइलो लागेको थियो तर नरेन्द्रराज प्रसाईको नाम र कामचाहिँ मलाई थाहा थियो । उहाँ राजावादी रे ! भन्ने पनि मैले सुनेको थिएँ । तर मलाई साहित्यकर्ममा जोकसैको राजनैतिक आस्थाले फरक पार्दैन र पार्दैन थियो पनि । उहाँले श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाहलाई साहित्यकार चाँदनी शाह भनेर चिनाएको घटना अर्को अचम्मलाग्दो भयो । जनताको छोराले राजारानीलाई चिनाइरहनुपर्ने मामुली कुरा त होइन नि ! पछिपछि मलाई यो पनि थाहा भयो– रानी ऐश्वर्यका धेरै वरका व्यक्ति भएर नरेन्द्रराज प्रसाईले निक्कै काम गर्नुभएको रहेछ । सो कुरा जान्न पाउँदा उहाँप्रति झनै श्रद्धा र सम्मान बढेर गएको थियो । पछि नइदम्पती बेलायत आएको बखत म तीन घण्टाको बाटो मोटर ड्राइभ गरेर लिन गएँ र मेरै निवासमा केही दिन उहाँहरू बस्नुभयो । उहाँहरूलाई केही ठाउँ डुलाएँ र उहाँहरू बसेको ठाउँमा पुऱ्याएँ । उहाँहरूसँग बिताएको त्यो समय मेरा लागि गर्व गर्नलायकको भएको छ ।

नइ भनेका साहित्यिक रथका दुई पाङ्ग्रा भनिरहनु पर्दैन कि यो कुरो विश्वका धेरै नेपालीलाई थाहै छ । नइको त्यही प्रेमिल मिलन रहेछ र नै नइ उभिएको नेपाली साहित्यले संसार ढाक्ने काम गऱ्यो । निरन्तर रूपमा दशकौँ साहित्यकर्मको रथलाई नि:स्वार्थ अगाडि बढाउनु चानचुने कुरा होइन । एक नेपाली नागरिक भएर यो नेपाली (खस–जुम्ली) भाषासाहित्यको उन्नयनका लागि धेरैले योगदान गरेका छन् तर नइले जति अरू कुनै पनि नेपाली नागरिकले साहित्यका सम्बन्धमा काम गरेको छ जस्तो मलाई त लाग्दैन । हामी

विदेशमा बसेर पनि कसले के काम गरेको छ भनेर जान्न चनाखो छौँ । अहिले नइ सर्वमान्य किसिमको साहित्यिक संस्था हो भन्ने हामीले थाहा पाइसकेका छौँ ।

नइ प्रकाशन जनस्तरको संस्था भएर पनि त्यसलाई सामुदायिक हिसाबले परिचालन गर्नु लर्तरो सोच र जाँगरले हुने कुरो होइन । त्यतिका दर्जनौँ पुरस्कार तथा सम्मान प्रदान गर्नु आफैँमा अनुकरणीय विषय हो । उसो त नइ नामै मात्र पनि सबैले विश्वास गर्ने, दाताहरूले पत्याउने खालको भएकाले हो । सामाजिक या सांस्कृतिक काम गर्न कसैलाई दुईचार महिना, दुईचार वर्ष रहर जाग्नु सामान्य कुरा हो तर वर्षौंवर्षसम्म निरन्तर र नि:स्वार्थ भावनाले अरूको मन बुझेर अरूकै लागि काममा लाग्ने नइलाई म त नेपाली साहित्यको शङ्कराचार्य भनिदिन्छु । बेथितिमा डुब्न लागेको नेपाली साहित्यलाई नइ प्रकाशनले जोगाउनु जोगाएको छ । 'अनिकालमा बीउ जोगाउनु र हूलमूलमा जिउ जोगाउनु' भनेझैँ प्रज्ञाप्रतिष्ठान, विश्वविद्यालय या साझा प्रकाशन दलदलको भासमा भास्सिएर अलमलिइरहेको बखत प्रतिष्ठान भने पनि, विश्वविद्यालय भने पनि या जे भने पनि नइ नै एउटा आशा र भरोसालाग्दो ठाउँ भएको छ ।

म स्वयम् आफैँले पनि २०६२ सालदेखि निरन्तर अनलाइन 'नेपाली साहित्य मञ्च'मार्फत 'नेपाली लिटरेचर डटकम' सञ्चालन तथा साहित्यिक कार्यक्रम गर्दै आउनुको अनुभवले पनि भन्न सक्छु– 'नइको योगदान अरू कुनै संस्थासँग तुलना हुन सक्दै सक्दैन । नेपाली साहित्यको उनन्यनका लागि जन्मेको नइलाई भगवान्ले सधैँ रक्षा गरून् । साथै नइ जोडी पनि नेपाली साहित्यको कर्ममा कहिल्यै नथाकून् भन्ने मेरो प्रार्थना रहिआएको छ ।

# संस्कृति बचाउने स्थान

**प्रा.डा.वीणा पौडयाल**

आजभन्दा सत्ताइस वर्षपहिले स्थापना भएको नइ प्रकाशन गैरराजनीतिक संस्था हो । नेपालको साहित्य, संस्कृतिको क्षेत्रमा देश विदेशमा बसेर निरन्तर लागिरहने नेपाली र नेपाल र नेपालीका लागि केही न केही गर्ने गैरनेपालीलाई समेत यस संस्थाले हौसला, प्रेरणा र सम्मान दिएको छ । नइ संस्थाको शब्द र अर्थ दुवैद्वारा प्रतिभा र स्रष्टालाई सम्मान गरेर उनीहरूलाई सबैसामु उजागर गर्दै आइरहेको छ ।



खास गरेर नेपाली भाषासाहित्यको श्रीवृद्धिमा समर्पित नइ प्रकाशनले नेपाली भाषाका अतिरिक्त अङ्ग्रेजी भाषामा पनि कृतिहरू प्रकाशन गर्दै आइरहेको छ । अनुसन्धानमूलक लेखाइ र स्तरीय छपाइले नइ प्रकाशनबाट प्रकाशित कृतिहरूले विशिष्ट अर्थ राखेको हुन्छ र ती कृतिको महत्त्व पनि बेग्लै हुन्छ । त्यसैले पाठकहरूले पनि खोजीखोजी नइका पुस्तक पढ्छन् र सङ्ग्रह गरेर राख्छन् ।

नइ प्रकाशनबाट प्रकाशित 'श्रीस्वस्थानी व्रतकथा'मा दुईचार शब्द कोर्ने अवसर यस ग्रन्थका सम्पादक डा.कञ्चनजङ्घा प्रसाईबाट

मैले पाएकी थिएँ र ती शब्द लेख्न पाउनुलाई मैले स्वस्थानी माताको कृपा ठानेकी छु । सचित्र ‘श्रीस्वस्थानी व्रतकथा’ २०५५ सालमा राजदरबारबाट प्रकाशित भएको थियो । त्यसैलाई आधार मानेर, सकेसम्म शुद्ध एवं परिमार्जन गरेर नइ प्रकाशनले स्तरीय छपाइसहित धार्मिक पुस्तक प्रकाशित गरेको थियो ।

नइ प्रकाशनले नेपाली संस्कृति बचाउने र यसको गोडमेल गर्ने अरू पनि विशेष काम गरेको छ । यसको अको उदाहरण हो– रानी ललितत्रिपुरसुन्दरीबाट लेखिएको ‘राजधर्म’ । यो ‘राजधर्म’ कहाँ, कसरी, किन र त्यसरी लुकेर बसेको थियो त्यो अन्वेषणकै विषय हुँदै हो । किनभने ‘राजधर्म’ छापिएर पनि त्यस ग्रन्थमा लेखकको नाउँ देखिने गरेर लेखिएको थिएन अथवा लेखकलाई राम्ररी उजागर गरिएको थिएन । जगदम्बा प्रकाशनका तर्फबाट आएको उद्गारअनुसार– ‘२०१९ सालमा प्रकाशित गर्दा ‘राजधर्म’को लेखक (अनुवादक) यही हो भन्ने हिम्मत जगदम्बा प्रकाशनले गर्न सकेको थिएन’ भनी नरेन्द्रराज प्रसाईको अन्वेषणलाई नै जगदम्बा प्रकाशनबाट स्विकारिएको विषय मदन पुरस्कार गुठीबाट प्रकाशित ‘नेपाली’ पूर्णाङ्क १८९ (२०६३) मा लेखिएको छ । संस्कृति र इतिहासका लागि नइले कस्तो किसिमको काम गर्दो रहेछ भन्ने यो पनि एउटा सानो उदाहरण हुँदै हो । साथै नइका हातमा ‘राजधर्म’ परेपछि ललितत्रिपुरसुन्दरीको तस्बिरसमेत देख्न पाइयो । यो तथ्य पनि नेपाली वाङ्मयका लागि अर्को गौरवको विषय बनेको छ ।

‘राजधर्म’ आकर्षक रूपमा प्रकाशित हुनुका साथै त्यस ग्रन्थकी स्रष्टाको तस्बिर र नामले इज्जत पाएको देखियो । यस्तो किसिमले खोज र अन्वेषण गरेर कोइलाखानीभित्र लुकेर बसेको हीरालाई बाहिर ल्याउन नइ प्रकाशन सफल भयो । त्यति मात्र नभएर राजा रणबहादुर शाहकी पाँचौँ रानी ललितत्रिपुरसुन्दरीबारे नयाँनयाँ तथ्यहरू खोजी अनुसन्धानमूलक ‘प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी’

जीवनी पुस्तक प्रकाशित गरेर नेपाली इतिहास तथा संस्कृतिका क्षेत्रमा नरेन्द्रराज प्रसाईले ठूलो गुन लगाएका छन् । नइ प्रकाशनले यस्ता अरू पनि ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्त्वका कृतिहरू पनि प्रकाशित गरेकै छ ।

नइ प्रकाशनको काम पुस्तक छाप्ने मात्र होइन । यस संस्थाले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न प्रतिभाहरूलाई यथोचित पुरस्कारहरू पनि प्रदान गर्दै आएको छ । एउटा संस्थाले राष्ट्रिय स्तरमा गरिनुपर्ने कार्य गर्दै आएकोमा सबैले अचम्म मानेका छन् । यी विविध पुरस्कारमध्ये 'नइ चन्द्रधन पुरस्कार' पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्टका बुबा चन्द्रनिधि शर्मा र आमा धनकुमारी विष्टको नाममा स्थापना गरिएको पुरस्कार हो । म पनि यस पुरस्कारबाट पुरस्कृत भइसकेकी छु ।

नेपाली वाङ्मयका फाँटमा नइका कामहरू सङ्ख्यात्मक त छँदै छन् र गुणात्मक रूपमा पनि यसले जोरजुलुमका साथ काम गरिरहेको छ । जोकोहीले चिताउन असम्भव कामहरू नइले सहज तरिकाले गर्दै आएको छ । एकातिर गुणात्मक सीपका प्रतिभा खोजी तथा अर्कातिर नेपाली वाङ्मयमा दुर्लभ र आवश्यकीय कृतिको प्रकाशन गर्नु नइको क्षमता हो । नइले साहित्य र भाषाका मात्र कृतिलाई फोकस गरेको छैन, यसले आवश्यक र उपयोगी धार्मिक पुस्तक पनि प्रकाशित गरेर नेपाली समाजमा चलेको विश्वास र मान्यतालाई सम्मान गरेको छ ।

नइका विषयमा राम्रानराम्रा टिप्पणी नआउने पनि होइनन् । जुन बखत नइ नयाँ थियो र काम गर्न भनेर अघि सर्दै थियो, त्यस समय नइदम्पतीका विषयमा धेरै नकारात्मक टिप्पणी आएका थिए । काम गर्ने मान्छेलाई नकारात्मक टीकाटिप्पणीको हौवा चलाउने परिपाटी हाम्रो समाजमा नौलो मानिँदैन तर त्यस प्रकारका उडन्ते र तथ्यहीन कुरालाई नइले आफ्नो कामले असत्य हो भनेर प्रमाणितै

गरिसकेको छ । नइका बारे शताब्दी पुरुष सत्यमोहन जोशीले लेखेको पुस्तक ‘नइ र मेरो शताब्दी’ले नइको कार्यक्षमता र विविध स्वरूपबारे अरूलाई थाहै नभएको कुरा पनि लेखिएको पाइन्छ । जोशीबाट लेखिएको त्यो अन्तिम कृति हो र यसलाई बहुमूल्य कृतिसमेत मान्न सकिन्छ । नेपालका धेरै स्वनामधन्य र सर्वमान्य साधकहरूले नइका प्रसङ्गमा अनगिन्ती बयान गरिसकेको सत्यतथ्य विभिन्न पत्रपत्रिका र पुस्तकहरूमा पढ्न पाइन्छ ।

नेपाली साहित्य, संस्कृतिसँगै इतिहास बचाउन नइले विभिन्न कार्य गरेको हामी सबैले देख्दै आएका छौँ । नइ भनेको बत्तीमुनिको अँध्यारो मात्र होइन र दूरदृष्टि राखेर पनि आफ्नो वरिपरिको समेत सम्पूर्ण तथ्यहरू चाल्नोले केलाएर राम्रो जिनिस यसले सङ्गृहीत गरिरहेको हुन्छ । त्यसैले नइ आज धेरैको नजिक र धेरैको उद्धारक बनेको छ । नेपालका कुनै पनि संस्थाको टक्करमा नइ छैन तर नइ जसरी काम गरेर कुनै वाङ्मयका संस्था त्यस उचाइमा पुगेको पनि देखिएन । नइको सङ्क्षिप्त परिचय भनेकै काम, काम र काम हो । साथै ती कामहरूमा पनि कसैले खोट लगाउन नसक्ने खाले नौलानौला भएर पनि दिगो हुने र अरूका समझमा नआउने काम नइले गर्दै आएको छ ।

नइ जोडी नै साहित्यकारका साथै निडर र निर्भीक भएकाले सही ढङ्गले नइ प्रकाशनको कार्य सञ्चालन हुने गर्छ । नइका हरेक पुरस्कार ठीक समय र ठीक पात्रका हातमा परेको महसुस हुन्छ । नइ प्रकाशनको अक्षयकोष स्थापनामा समाजसेवी, दानवीर रामबाबू प्रसाई (खनूप्रुदे), पूर्वप्रधानमन्त्री, कीर्तिनिधि विष्टलगायतले समेत बलियो राशि राखिदिएका छन् । खास गरेर एउटा दम्पतीको दिनरातको परिश्रमले एउटा साहित्यिक, सांस्कृतिक र समाजसेवी संस्थाले हजारौँ साहित्यकार, धर्म र संस्कृतिका अध्येता र कलिला बालबालिकालाई हौसला प्रदान गर्दै अघि बढ्न प्रेरणा प्रदान गरेको छ । त्यसैले नइ प्रकाशनअघि उभिएर मलाई पनि जय संस्कृति र जय साहित्य भन्न मन लाग्छ ।

# अक्षुण्ण इतिहास

## डा.वीणा हाङ्गखिम

भारत तथा नेपालमा सङ्घसंस्थाहरूको इतिहास केलाउन परे यिनको दीर्घकालीन परम्परा र वर्चस्वप्रति पूरै ध्यान दिनुपर्ने हुन्छ । यसै प्रसङ्गमा यस्ता संस्थाहरूद्वारा वितरित पुरस्कारहरूको शृङ्खलालाई पनि सम्झनामा राख्नुपर्ने हुन्छ । पुरस्कार वितरणको दीर्घ परम्परालाई अनदेखा गर्नु सभ्यताको इतिहासलाई विस्मरण गरेर कृतघ्न बन्न गएको समान हुन सक्छ ।



नेपालका यस्ता वरिष्ठ संस्थाहरूमध्ये नइ प्रकाशनको नाम पनि अग्रपङ्क्तिमा आउँछ, जसले नेपाली वाङ्मयको उत्थानका निम्ति सराहनीय कार्य गर्दै आइरहेको छ । यस संस्था नेपाली साहित्यको सेवामा आजपर्यन्त समर्पित रहेको सत्य कुरालाई ओझेलमा कदापि राख्न सकिन्न । यसका संस्थापक नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई हुन् तथापि उनीहरूद्वारा यस संस्थालाई आफ्नो स्वार्थका निम्ति मात्र प्रयोग नगरिएर विशुद्ध साहित्यिक संस्थाका रूपमा तटस्थ राखेर नेपाली वाङ्मयको श्रीवृद्धिमाथि ध्यान पुऱ्याउँदै बर्सेनि नेपालका मात्र नभई नेपालबाहिर बसेर भाषा र साहित्यको सेवा गर्ने सर्जकहरूलाई समेत पुरस्कार तथा सम्मान प्रदान गर्दै आइरहेको छ ।

साहित्यानुरागीहरूको साहित्यप्रतिको तृष्णालाई तृप्ति प्रदान गर्नुका अतिरिक्त गैरराजनैतिक संस्थाका रूपमा आफ्नो चोखो छविलाई दुरुस्त राखेर नइले आफ्नो कीर्तिमान कायम राखेको छ । यसले विशुद्ध सामाजिक मूल्य र मान्यताको कदर गर्दै आफ्नो लक्ष्य साधेर अघि बढ्नमै गर्वबोध गर्दछ । परिष्कृत वाणी र सकारात्मक विचार तथा धारणा वहन गर्दै समाज तथा साहित्यको सेवा गर्नमा यस संस्थाले आत्मसन्तुष्टिको अनुभूति प्राप्त गर्ने गरेको छ ।

नइ प्रकाशनले जीवित स्रष्टाका अतिरिक्त दिवङ्गत स्रष्टाहरूसमेतलाई पनि उनीहरूका सुकर्मको कदर गर्दै तिनका नाममा त्रिमूर्ति निकेतनजस्तो अनुकरणीय कार्य गरी ती महान् व्यक्तित्वहरूलाई अमरत्व प्रदान गर्नेजस्ता कार्यहरू सम्पन्न गर्दै आइरहेको छ ।

नइ प्रकाशनको अर्को उज्यालो पक्ष खोज्ने हो भने यसले भाषासाहित्यका अतिरिक्त समाजका विभिन्न पाटोका प्रतिभाशाली व्यक्तित्वहरूका विभिन्न क्षेत्रप्रतिको योगदानलगायत तिनका बहुमुखी प्रतिभाको खोजी गरी उनीहरूलाई प्रकाशमा ल्याई पुरस्कृत गर्दै न्याय पुऱ्याउनेजस्तो कार्य गर्नमा सदा अग्रगामी छ । विशुद्ध नेपाली हृदयवाहक यस संस्थाका नि:स्वार्थ सेवकद्वयले निष्कपटपूर्ण ढङ्गले केवल साहित्यसाधनाकै लक्ष्य राखी वाङ्मयसेवालाई नै राष्ट्रसेवाका रूपमा अङ्गीकार गर्दै आफ्नो जीवनको लक्ष्य नै यिनै कुरालाई मान्नमा गौरवी रहेको महसुस गर्दछन् । 'मनसा वाचा कर्मणा' नइदम्पती अहोरात्र साहित्यसेवामा लागिपरेका छन् ।

सामाजिक तथा विवेकशील प्राणीका रूपमा जन्म लिएर यस धर्तीमा अवतरण भएपछि दुई दिनको रनभुल्लमा ऐसआरामको खोक्रो चाहना नपालेर सम्पूर्ण जीवनलाई नै वाङ्मयसेवाका रूपमा खर्चनु कुनै लर्तरो कुरो होइन । यस्तो सेवाका निमित्त चाहिने त्याग र तपस्याका निम्ति यस संस्थाले कुनै कसर बाँकी नराखी आजपर्यन्त

अतुलनीय कार्य र साधना गर्दै आइरहेको देखिन्छ । निष्काम कर्म र नि:स्वार्थ सेवाको उच्च आकाङ्क्षा पालेर यसकै खातिर एकनिष्ठ रही अघि बढिरहेको यस संस्था प्रशंसाको भागीदार छ ।

कुनै पनि संस्था सञ्चालन गर्नमा सर्वप्रथमत: संस्था अधिकारी र सहयोगीहरूका बीच आपसी मैत्री भावना र सहयोगको नितान्त आवश्यकता पर्दछ । यसका साथै अर्थव्यवस्थालाई पनि अर्को महत्त्वपूर्ण कडीका रूपमा लिन सकिन्छ । नइ संस्थाका उपर्युक्त उल्लिखित उद्देश्यहरूका परिचालनमा यस्ता धेरै उदार हृदयी दाताहरूका दानशीलता र सहयोगका भावनाहरूको समुचित कदर गरिनु अत्यावश्यक ठहरिन आउँछ । यी दाताहरूद्वारा प्रदत्त सहयोग राशिबाट विभिन्न विधाका निम्ति अलगअलग अक्षयकोषको स्थापना गर्नेजस्ता महत्त्वपूर्ण कार्य यस संस्थाद्वारा सम्पन्न भएको छ । बैङ्कमा अक्षयकोषका रूपमा सङ्गृहीत रकमलाई झिक्ने, घटाउने र दुरुपयोग गर्नेजस्ता कार्यलाई यस संस्थाद्वारा वर्जित ठानिएको हुनाले नै यी विभिन्न अक्षयकोषहरू स्थायी छन् । यस किसिमको प्रतिबद्धताले नै यस संस्थाले आफ्नो अस्तित्व जोगाउँदै यसको ऐतिहासिक गरिमालाई अक्षुण्ण राख्ने कार्यलाई नैरन्तर्य प्रदान गरेको छ ।

नेपाली भाषासाहित्यको उन्नयन र संवर्धनका निम्ति नइ प्रकाशनले पुऱ्याउँदै आइरहेको अमूल्य योगदानको उल्लेख गरेर साध्य नै छैन । यस संस्थामा संलग्न रहेर नइदम्पतीले आफ्नो स्वार्थलाई तिलाञ्जलि दिएर आजपर्यन्त भाषासाहित्य र समाजको हितार्थ गरेका सुकर्महरू यति धेरै छन्, जसको बखान गर्नु एउटा द्रष्टाको वशदेखि बाहिरको कुरो हो ।

नइ प्रकाशनको सबैभन्दा लोभलाग्दो र सराहनीय पहल भनेको देश र विदेशमा रहेका (ओझेल परेका समेत) खाँटी सर्जकहरूलाई खोजीखोजी निकालेर उनीहरूको नाम, कर्म र व्यक्तित्वलाई जलप लगाउनु हो । नइले मनमा लेस मात्र पनि स्वार्थ

र खोट नराखी खुल्ला हृदयले साहित्यसेवा गर्दै आइरहेको सत्यलाई कसैले पनि नकार्नै सक्तैन । नेपाली भाषा र साहित्यको प्रवर्धनका साथै साहित्येत्तर अन्य विधामा समेत आफ्नो महत् योगदान पुऱ्याउँदै आइरहेको नइ प्रकाशनको कार्यप्रणाली र दूरदर्शिताको मुक्तकण्ठले प्रशंसा गरिनु अनिवार्य छ ।

स्पष्टवादिता नइको अर्को उदाहरणीय गुण हो । कसैको गल्तीलाई ढाकछोप गर्नेजस्तो कर्म नइ संस्थाले गर्नै सक्तैन । यसो हुँदा कतिपय अबुझहरू उनीहरूको बैरी हुन जाने सम्भावनालाई समेत अनदेखा गरेर नइले यस्ता गल्तीहरू र दोषीहरूको सोझै विरोध गर्ने हिम्मत राख्दछ अनि आफूले गल्ती गरेको भए सोसमेत सहर्ष स्वीकार गर्दछ । यसो गर्नु भलाद्मीपनको द्योतक हो अनि यस किसिमको हिम्मत नइ प्रकाशनका संस्थापकद्वय नइदम्पतीमा विद्यमान छ ।

भाषासाहित्यको सेवामा नइ यति गहिराइमा डुबेको देखिन्छ कि बाहिरका द्रष्टाहरूका राम्रा र नराम्रा टिप्पणीहरूले सहजै असर पार्न गाह्रै पर्छ । प्रशंसामा नफुर्किने, लाञ्छनाहरूले पनि असर नपर्ने, नआत्तिने यी दम्पती भाषासाहित्यका साँच्चैका साधक हुन् । यी दुवैमा अन्तर्निहित त्याग, सेवा र वाङ्मयप्रेमको परिणाम हो नइ प्रकाशन । उदार दृष्टिकोण र आफ्नो सिद्धान्तमा अडिग रहन सक्ने गुणकै कारण यस संस्थाको स्थान उच्चकोटिको छ । यस संस्थाले नेपाली राष्ट्र मात्र नभई तमाम विश्वभरि छरिएर बसेका नेपाली जातिका निम्ति समेत गर्वबोध गर्न योग्य कार्यहरू सुसम्पन्न गरेबापत सम्पूर्ण जातिप्रेमी तथा भाषासाहित्यप्रेमीहरूका शिर सदा गर्वले उँचो रहनेछ ।

एउटा असल र सशक्त समाज निर्माणहेतु भाषासाहित्य, कला, सङ्गीत, ज्ञानविज्ञान, धर्मसंस्कृति, समाजसेवा, खेलकुदलगायत अन्य विभिन्न क्षेत्रको उपस्थिति र योगदानले पनि महत्त्वपूर्ण भूमिका वहन गरेको हुन्छ । नइ प्रकाशनद्वारा नेपाली वाङ्मयमा समर्पित


भएर राष्ट्रहितार्थ महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेका ज्येष्ठ नागरिकलाई सम्मान जनाउने तथा अभिनन्दन गर्नेजस्ता उच्चकोटिको कार्य गरिनाका साथै अल्पवयस्क नवोदित प्रतिभाहरूलाई खोजी, निकाली पुरस्कृत गर्नेजस्तो प्रशंसनीय कार्य बर्सेनि सम्पन्न हुँदै आइरहेको छ । यसबाहेक नेपाल राष्ट्रबाहिर रहेका नेपाली मूलका विदेशी नागरिकका साथै विदेशी मूलका विदेशी नागरिकहरूलाई पनि सम्मानित गर्ने महत् कार्य यस संस्थाले गर्दै आइरहेको देखिन्छ ।

राजनीतिदेखि फुक्का रहेर नइ प्रकाशनले विभिन्न प्रतिभा र अनुकरणीय व्यक्तित्वहरूको सम्मान गर्नु वास्तवमा वाङ्मय, व्यक्तित्व, सभ्यता र संस्कृतिको समेत कदर गरेको भनेर बुझ्नुपर्ने ठहरिन आउँछ । पुस्तक प्रकाशन यस संस्थाको अर्को महत्त्वपूर्ण पाटो हो । अर्को विशिष्ट र उल्लेख्य कुरो के छ भने यस संस्थाले निरपेक्ष रही, पूर्वाग्रहविहीन रहेर पुरस्कार तथा सम्मान वितरणमा विशिष्ट व्यक्तिहरूका नाम चयन गर्दै आइरहेको छ । नेपाली वाङ्मयको उत्कर्षका खातिर यस संस्थाले आजसम्म पुऱ्याउँदै आइरहेको सेवा र योगदानको जति नै प्रशंसा गरे पनि थोरै हुन जान्छ । वाङ्मय सेवाको परिप्रेक्ष्यमा यस संस्थाले पुऱ्याएको सेवा, त्याग र योगदानको इतिहास स्वर्णाक्षरमा अङ्कित हुने नै छ ।

# बलियो र भरपर्दो प्राज्ञिक संस्था

**वैरागी काइँला**

नेपाली वाङ्मयको विविध क्षेत्रमा क्रियाशील भई उच्च योगदान गर्ने नइ प्रकाशनले गौरवशाली महिमा र इतिहास बोकेको छ । स्थापनाकालदेखि नै यो प्राज्ञिक संस्था वाङ्मयका प्राय: हरेक फाँटमा समर्पित भएर निष्पक्ष र जागरूक रूपमा अग्रसर भएको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पहुँच पुऱ्याएर नइ प्रकाशनले नेपाल राष्ट्रकै प्रतिष्ठा बढाउनसमेत महत्त्वपूर्ण भूमिका खेलेको छ ।



नइ प्रकाशनले नेपाली धरामा आफ्नो गतिलो पहिचान निर्माण गरिसकेको छ । सत्य बाटोमा हिँडेर दिगो इतिहास बनाउन सक्नु चानचुने कामले हुँदैन । भाषासाहित्य, कला, शिक्षा, संस्कृति, सङ्गीत तथा सामाजिक क्षेत्रमा नइदम्पतीको निरन्तरको क्रियाशीलताले नइ प्रकाशनले नेपाली समाजमा राम्रो छाप बसाएको हो । नइ प्रकाशनको नियमित कार्य सञ्चालन, विवादरहित निर्णयहरूका साथै संस्थापकद्वय नइको इमानपूर्ण शैलीका कारणले चाँडोभन्दा चाँडो यो संस्था नेपाली साहित्य लेखिने र बोलिने अन्तर्राष्ट्रिय क्षेत्रमा पनि लोकप्रिय भएको हो । यो कुरा हामी नेपालवासीले गौरव मान्नुपर्ने पक्ष नै हो ।

नइ प्रकाशनका एउटा हस्ती नरेन्द्रराज प्रसाईसँग मेरो गाउँले साइनो पनि छ । मलाई थाहा छ– नरेन्द्र भाइ झापाविद्रोहको सुरुकै योद्धा पनि हुन् । त्यस बखतदेखि नै उनलाई म चिन्थेँ र सानैदेखि उनी लडाकु स्वभावका थिए । उनी कसैसँग डराएको मलाई थाहा छैन र उनी जिब्रो चपाएर बोल्न पनि जान्दैनन् । जे देखिन्छ र सुनिन्छ त्यही कुरा फ्याट्ट भनिदिने उनको जन्मजात स्वभाव हो भन्ने मलाई लाग्दछ । खुकुरीको धारभन्दा उनको बोली र लेखाइ त्यति कमजोर पनि देखिँदैन । त्यसैले उनका वचनैबाट कति जना घाइते पनि भएका होलान् । तर चिनेपछि ती घाइतेले पनि नरेन्द्र भाइसँग सम्बन्ध बढाउन चाहन्छन् । नरेन्द्र भाइसँग जति नजिक पुग्यो, उनी त्यति नै नरम र मिलनसार रहेको पाइन्छ, अलिक पर बसेर हेर्दा र सुन्दा भने नरेन्द्र भाइ डरलाग्दै देखिन्छन् । उनी धेरै प्रस्ट बोल्ने स्रष्टामा नामाङ्कित छन् र एउटा योद्धा अथवा लडाकुले यसरी प्रस्ट बोल्नु र सत्य निष्ठालाई अँगाल्नु भनेको राम्रो कुरा पनि हो । उनको धर्म र निष्ठा साहित्यमा गाँसियो र हातहतियार चलाउनुभन्दा उनले कलम चलाउन मन पराए । त्यसैले नेपाली साहित्यमा उनको सहभागिता हाम्रा लागि अझ खुसीको कुरा हो भन्नुपर्छ । कुनै बेलाको झापाविद्रोहको सुरुको एउटा झिल्को पछिल्लो चरणमा नेपाली साहित्यकै स्थापित लेखक हुन पुग्नु हाम्रा लागि कम उपलब्धिको कुरा होइन । नेपाली साहित्यका विविध पक्षमा निरन्तर साधना गर्ने र खास गरेर खोज या अनुसन्धानमा बेसी लागिपर्ने भएका कारणले नरेन्द्र भाइप्रति मेरो विशेष स्नेह र सद्भावना बढेको हो ।

नेपाली वाङ्मयमा समर्पित नरेन्द्रराज प्रसाई र घामपानी नभनी त्यही मार्गमा अहोरात्र लागिपरेकी प्रवीण साहित्यकार इन्दिरा प्रसाईबीचको मिलनबाट नै नइ प्रकाशनले आफ्नो सग्लो अस्तित्व स्थापित गरेको हो । लेखनमा पनि यी जोडी कम छैनन् र काम

गराइमा पनि दुवै उस्तै दह्रा र खरा छन् । यिनकै शक्तिका कारण नइ प्रकाशन नेपाली साहित्यमा एउटा शक्तिशाली प्राज्ञिक संस्थाका रूपमा उभिएको हो । नरेन्द्र र इन्दिरा काम गरेर थाकेका देखिँदैनन् भने कसैले कल्पना नगरेको कुरा पनि अघि नै उनीहरूले कार्यसम्पादन गरिसकेका हुन्छन् । यिनीहरूकै जाँगर र इमानदारीले नइ प्रकाशन, त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसनको जग बलियो भएको हो ।

नइले त्रिमूर्ति निकेतनबाट नेपाली साहित्यमा ठूलठूला सम्मेलन गरेको तथ्यको म पनि एक जना साक्षी हुँ । नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय विस्तारका लागि नइले गरेको प्रयास स्तुत्य छ । नइकै पहल र इमानका कारण त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसनसमेतको निर्माण भएको कुरालाई मामुली ठान्नु हुँदैन । डा.वानीरा गिरीको स्मृतिमा उनका पति इन्जिनियर शङ्कर गिरीले संस्था मात्र स्थापना गरेनन्, नइलाई पनि अगाडि राखेर वानीरा फाउन्डेसनको भवन नै उठाइदिए । नेपाल प्रज्ञाप्रतिष्ठान पछाडि कुनै गरिमाशाली संस्थाको आफ्नै घरजग्गा छ भने त्यो वानीरा फाउन्डेसन पनि हो भन्न पाइएको छ । नइले साहित्यजगत्मा कमाएको विश्वासले गर्दा वानीरा गिरीलाई पनि अमर राख्ने काम भएको हो । वानीरा गिरी स्वयम् अन्तर्राष्ट्रिय रूपमा नै स्थापित साहित्यकारको नाम हुँदै हो । आफ्नै कला र शैलीले उनी स्वयम् नै एउटा उच्चस्तरीय संस्था मानिन्थिन् । उनलाई म 'बघेनी' पनि भनिदिन्थेँ । वानीरा बहिनी पनि नरेन्द्र भाइजस्तै कडा थिइन् । बहिनी कहिले कसैसँग लत्रेको मैले थाहा पाइनँ । नइ र त्रिमूर्तिजस्तै वानीरा फाउन्डेसन पनि कतै नलत्री आफ्नो अभियानमा सुचारु रूपमा अघि बढ्छ भन्ने मैले विश्वास लिएको छु किनभने यस संस्थाको पनि नइले नै बागडोर समाएका छन् ।

कहिले कतै नढाँट्ने र कर्ममा विश्वास राख्ने झापा जिल्लाकै धनाढ्य खनूप्रुदे 'रामबाबू' प्रसाईजस्ता केन्द्रीय स्तरका राजनीतिज्ञ

र धेरै पटक प्रधानमन्त्री भएर पनि स्वच्छ छविमा नाम कमाएका कीर्तिनिधि विष्टसमेतको विश्वास पाएर नइ प्रकाशनको अक्षयकोषमा चमत्कारिक वृद्धि भएको हो । त्यो कुरा पनि नइप्रतिको उच्च मूल्याङ्कन हो भन्ने मलाई लाग्दछ ।

सीताराम साहित्यिक प्रतिष्ठान र भूपालमानसिंह कार्की प्रज्ञापरिषद्जस्ता संस्था स्थापित गरेर साहित्यकार, कलाकारहरूको योगदानको उच्च मूल्याङ्कन गरी पुरस्कृत गर्दै लाने ऐतिहासिक कार्य नइ जोडीबाट नै भइआएको थियो । यी संस्थाको निरन्तरता किन कायम भएन त्यो मलाई थाहा नभएको प्रसङ्ग हो र त्यसलाई खोतलखातल पार्ने मेरो काम पनि होइन । तर नइ जोडीले ती संस्था चलाएर थप अनुभव ग्रहण गरेको चाहिँ पक्कै हो भन्न सकिन्छ । उनीहरूले यति विधि कार्य गरेर नै नेपाली समाजमा आफूहरूलाई चिनाउँदै आएका छन् । नइ प्रकाशनमा राम्रो अक्षयकोष हुनु र दुवै जनालगायत संस्था परिचालन गर्न घरपरिवारै लागेका कारण नइ प्रकाशनको निरन्तरतामा कुनै अवरोध आएको छैन र नै अविरल ढङ्गबाट सुमार्गमा यो संस्था हिँडिरहेको छ । नइ प्रकाशनको उद्देश्यअनुरूपको गठन र नइ तथा तिनका सहयोगीहरूको सकारात्मक दृष्टिकोणबाट नइ प्रकाशन बलियो र भरपर्दो प्राज्ञिक संस्था बनेको हो ।

भाषासाहित्य, कला र सङ्गीत तथा समाजको विविध क्षेत्रमा बहुआयामिक प्रवर्धनको आवश्यकता हुन्छ नै । स्रष्टा, साधक र अनुसन्धानकर्ताहरूलाई पुरस्कार र सम्मान गर्दैमा मात्र सबै सेवा नपुग्न सक्छ । नइ प्रकाशनले स्रष्टा, साधक र अनुसन्धानकर्ताका कृतिहरूको प्रकाशन पनि गरिरहेकै छ । त्यसरी नै भाषासाहित्य, कला र सङ्गीत तथा शिक्षा र समाजसेवाका क्षेत्रमा अनुसन्धान गराउने, विद्वद्वृत्ति प्रदान गर्नेजस्ता अनुकरणीय कार्यहरूसमेत नइबाट भइरहेकै देखिन्छ ।

हुन पनि नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई दुवै जना स्रष्टा पनि हुन् र द्रष्टा पनि हुन् । उनीहरू नेपाली माटाका अर्गानिक (मौलिक) उब्जनी हुन् । उनीहरूको दृष्टिकोण पनि उदार र फराकिलो छ । नइ जोडी जुन सिद्धान्तका भए तापनि नइ प्रकाशनभित्र उनीहरूले राजनीतिको राप त के छाया पनि छिर्न दिएका छैनन् र नै यो विशुद्ध प्राज्ञिक संस्था भएको हो । त्यसैले अरूहरूले भनेकैमा सार मिलाउँदै म पनि भन्छु– 'नइको कुशल नेतृत्वमा सञ्चालित नइ प्रकाशन र यसका क्रियाकलाप नेपाली वाङ्मयको इतिहासमा कोसे ढुङ्गा मानिन्छन् ।'

# अपूर्व र अद्भुत
## शर्मिला खड्का दाहाल

हिमालको धर्म हो– अग्लनु । नदीको धर्म हो– बग्नु । फूलको धर्म हो– फुल्नु । जस्तोसुकै आँधीबेहरीमा पनि फूलले आफ्नो सौन्दर्य छर्ने धर्म भुल्दैन । जतिसुकै अवरोध आए पनि नदी आफ्नो बग्ने धर्म छोड्न सक्दैन । सुनको धर्म हो गहना भई अरूको सौन्दर्य बढाउनु । सुनारले हजारौँ चोटि हाने पनि ऊ आफ्नो गहना बन्ने धर्म त्याग्न सक्दैन । कसैले मलाई तपाईं किन लेख्नुहुन्छ ? भनेर सोध्यो भने सायद म यही जबाफ दिन्छु ।



मलाई थाहा छैन म किन लेख्छु ? लेख्छु मात्र होइन जीवन नै यसैमा समर्पित गरिरहेकी छु तन, मन, धन लगाएर । यो कार्य म मात्र होइन मजस्ता धेरै लेखकहरू गर्नुहुन्छ, जो आफ्नो धर्म ठान्नुहुन्छ । कुन नशा छ ? हामी भोकप्यास नभनी, परिवारको सुख नभनी, लाखौँ गुमाएर लागिरहेका छौँ । त्यो कुन शक्ति छ जसमा हामी यसरी तानिइरहेका छौँ । यसको जबाफ साँच्चै मजस्ता धेरै लेखकले दिन सक्दैन् होला । रातदिन पैसा र प्रतिष्ठाको मात्र सपना देख्ने समाजमा हामी भने सपना मात्र होइन बिपनामा पनि आफ्नो धर्म मात्र सम्झिरहेका हुन्छौँ । त्यो

धर्मका लागि धेरै कुरा गुमाइरहेका छौँ । जस्तोसुकै अभावमा पनि हाँसीहाँसी शहीद हुन तयार छौँ । यस चराचर जगत्मा हामी यस्तै आआफ्नो धर्म निभाइरहेका छौँ ।

धर्म आखिर धर्म नै हो । यो उसको जन्म, कर्म र प्रकृतिले निर्क्योल गर्छ । उसलाई समयले जुन पाठ पढाउँछ, उसले त्यो पढ्नै पर्छ । समयले जुन आँधीबेहरीमा लगेर धकेल्छ, उसले बाँच्नलाई सङ्घर्ष गर्नै पर्छ अरू कुनै विकल्प नै छैन । जसरी सुनलाई सुनारले पिटेकोपिटै गरेर गहना बनाउँछ त्यसरी नै जब पीडाको हजारौँ घनले मानिसलाई पिट्तै जान्छ त्यसपछि ऊ चम्किलो बन्दै जान्छ । ऊ जस्तोसुकै आँधीबेहरी, तनाव र प्रतिकूल परिस्थितिमा पनि आफ्नो धर्म निर्वाह गर्दै जान्छ । उसले धेरै त्याग गर्नुपर्छ । धेरै तपस्या गर्नुपर्छ । धेरै कठिन परिस्थितिसँग जुध्न तयार हुनुपर्छ । हिँड्ने मात्र होइन दौड्ने मान्छे लड्छ, लड्छ । त्यसैले हरेस नखाई मान्छेले अघि बढिरहनुपर्छ । ऊ अरूका लागि प्रेरणाको स्रोत बन्छ, सौन्दर्य बन्छ र गौरव बन्छ । यो मलाई मेरै जीवनले पढाएको पाठ हो । मलाई मार्गनिर्देशन गर्ने गुरुहरूले यो कुरालाई पोलिस गर्दै लैजानुभयो र आज म यति कुरा महसुस गर्न सक्ने भएकी छु । त्यस महसुसलाई शब्दमा व्यक्त गर्न सक्ने भएकी छु । त्यो महसुसको क्यानभासमा म आज मैले धेरै समयअघिदेखि सुन्दै र बुझ्दै आएकी एक संस्थालाई उतार्न खोजिरहेकी छु । त्यो चम्किलो साहित्यिक क्षेत्रको उज्ज्वल नक्षत्र हो– नइ प्रकाशन, जो मजस्ता धेरै लेखकको प्रेरणाको पुञ्ज बनेको छ ।

सुरुमा म सोच्थेँ, यो नइको अर्थ के होला ? जुन बेला म भर्खर साहित्यमा लागेर आधा समय साहित्यमा समर्पण गरिरहेकी थिएँ । त्यो बेला यो शब्दको मलाई पूर्ण अर्थ थाहा थिएन । मेरो भोक, प्यास, निद्रा रुचि, सौख नै साहित्य भएको थियो त्यो बेला । त्यो बेला म साहित्यिक पत्रपत्रिकाबाट मेरो खुराक पूरा गर्दथेँ । यसरी पढ्ने

क्रममा मेरो चाख गद्यविधामा हुन गयो । यसरी गद्यविधामा पनि विशेष कथासाहित्य मेरो ढुकढुकी हुन पुग्यो । पत्रपत्रिकामा कथा विशेष पढ्ने क्रममा म कथाकार इन्दिरा प्रसाईको कथाबाट निकै प्रभावित हुन पुगेँ । उहाँको कथाको विषयवस्तु आकर्षक हुने गर्दथ्यो । उहाँको कथाको विषयवस्तु नवीन र कथाको प्रभाव बेजोड हुने गर्दथ्यो । यसै कारण साहित्यिक पत्रिका हात पर्नेबित्तिकै आँखाले उहाँको कथा भेट्नेबित्तिकै पढिहाल्थ्यो । त्यस्तै साहित्यकार नरेन्द्रराज प्रसाईको लेख र रचनाहरू भेटेँ भने त्यसलाई म खुराक बनाइहाल्थेँ । उहाँहरूको साहित्यिक कार्यहरूको चर्चा साहित्यिक पत्रिकाहरूमा आइरहन्थे । जब म मोफसलबाट काठमाडौँ आएँ अनि थाहा भयो उहाँहरू एकअर्काको जीवन सहचारी हुनुहुँदो रहेछ । त्यो पनि समाजका लागि उदाहरणीय जोडी र बल्ल मैले बुझेँ– नइ प्रकाशन ।

दुई जनाको नामको पहिलो अक्षरबाट बनेको नइ शब्द एउटै विचार, भावना, उद्देश्य र साधनाको पर्याय रहेछ । जसरी मानिसको जीवनमा नभई नहुने पानी हाइड्रोजन टु र अक्सिजन केमिकलको सम्मिश्रणबाट बन्छ त्यस्तै यी दुई व्यक्तित्त्व पनि दुई तत्त्वबाट मिलेर बनेको एउटै केमिकलको मिश्रण रहेछ । जुन मिश्रण साहित्यिक क्षेत्रका लागि अपूर्व र अद्भुत मिश्रण बनेको रहेछ, सञ्जीवनी बनेको रहेछ र साहित्यिक क्षेत्रका लागि अलौकिक केमेस्ट्री मिलेको ऊर्जा रहेछ । यस्तो केमेस्ट्री मिलेको साहित्यिक संस्था सायद नेपालमा मैले अरू देखेकी छैन । यो ठूलो संयोग हो र यो ठूलो दैवकै उपहार पनि हो । अरु भन्नुपर्दा नेपाली साहित्यिक क्षेत्रका लागि भगवान्ले बनाइदिएको एउटा ठूलो सृष्टि हो । आज साहित्यिक क्षेत्रमा लाग्ने सर्जक वा साधकहरू धेरै कम हुनुपर्छ जसले नइको नाम नसुनेको होस् । देशविदेश सबैतिरका साहित्यमा लाग्ने सर्जकहरू नइको प्रेरणा, हौसला पाइरहेका छन् । विभिन्न कारणले आफ्नो देश छोडेर

परदेसिनुपरेको सर्जकहरूका लागि नइ प्रेरणाको पुञ्ज बनेको छ । त्यस्तै स्वदेशमा बसेर साधना गर्नेहरूका लागि पनि नइ एउटा उज्यालो बिम्ब बनेको छ । साहित्य मात्र नभई गीत, सङ्गीत, कलाकारिता र शिक्षामा लाग्नेहरूका लागि पनि नइ विशेष बनेको छ ।

आज प्रत्येक पल मानिसहरू डेबिट र क्रेडिटमा आफ्नो समय बिताइरहेका छन् । यो उपभोक्तावादी संस्कारले मानिसहरू आफू र आफ्नो परिवारभन्दा बाहिरको कुरा सोच्नै नसक्ने भएका छन् । त्यसमा पनि भाषासाहित्यको सेवा, समाजसेवा र राष्ट्रसेवा त धेरै परको कुरा भएको छ । मासिनहरू बोल्दा पनि आफ्नो स्वार्थ पूरा हुन्छ कि हुँदैन भनेर तौलीतौली बोल्ने गर्दछन् । हिजो सयभन्दा हजार ठूलो थियो, आज हजार, लाख, करोडको कुरा होइन अरब र खरबको कुरा हुन थालेका छन् । यस्तो समयमा मानिसहरूको सोचाइ व्यापारिक हुनु स्वाभाविक पनि हो । अहिले पैसामा जे पनि किन्न सकिन्छ । पैसाले प्रेम, पद, प्रतिष्ठा, प्रतिभा जे पनि किन्न सकिन्छ भन्ने मानसिकतामा मान्छे पुगिसकेको छ । त्यही भएर मानिसहरू भ्रष्टाचारी, स्वार्थी, दलाली हुँदै गएका हुन् । समाजको संस्कारमा नै धमिरा लागेपछि त्यो समाजको अस्तित्व कतिन्जेल रहला भन्ने प्रश्न उठ्नु स्वाभाविक पनि हो । त्यसमा पनि हाम्रो भाषासाहित्यलाई निमिटयान्न पार्न खोज्ने तत्त्वहरू धेरै छन् । सरकारका प्रज्ञाप्रतिष्ठानहरू नै नेपाली भाषाप्रति उदासीन रहेका देखिन्छन् । समाज त त्यसै पनि अङ्ग्रेजी भाषाको प्रभावले प्रभावित छँदै छ । पदमा बस्नेमध्ये धेरै जनाले त अङ्ग्रेजी भाषालाई काँधमा बोकेर हिँडेका छन् अनि लाखौँ युवालाई बिदेसिन बाध्य बनाइएको छ । ब्रिटिसहरूले भारतलाई स्वतन्त्र बनाउँदा ताका नै अङ्ग्रेजी भाषाको पकड बलियो बनाएर जान सफल भएका थिए । आज त्यसकै प्रभाव हाम्रो समाजमा पनि परिरहेको छ । बाल्यकालदेखि नै

बालबालिकालाई अङ्ग्रेजी माध्यममा पढाइनु, विद्यालयमा नेपाली भाषा बोलेमा सजाय दिइनु, ठूलाबडाहरूले अङ्ग्रेजी भाषाको रवाफ दिनु आदि नै नेपाली भाषालाई सखाप पार्ने तत्त्वहरू हुन् । यस्तो अवस्थामा नेपाली भाषासाहित्यलाई माया गरी यसलाई हुर्काउन, जोगाउन र मलजल गरी फस्टाउन मद्दत गर्ने सञ्जीवनी प्रदान गर्ने संस्था एक मात्र नइ प्रकाशन भएको छ ।

आफ्नो निजी प्रयासमा करौडौँ रुपियाँ लगानीमा नइ प्रकाशनले साहित्यमा अविराम सेवा गरिरहेको छ । मलाई सोध्न मन लाग्छ त्यस्तो कुन नशाले ग्रस्त छ नइ र रातदिन एक गरेर नेपाली भाषासाहित्यको उन्नयनका लागि यसरी मरिमेटेर लागिरहेको छ ? सायद नइसँग पनि यसको जबाफ छैन । त्यसैले त भन्न मन लाग्छ, नइ आफ्नो धर्म निभाइरहेको छ । मैले अघि नै भनिसकेँ, आखिरमा धर्म भनेको धर्मै हो । त्यसबाट के फाइदा हुन्छ ? के प्राप्त हुन्छ ? के सुविधा पाइन्छ ? कस्तो सम्मान पाइन्छ ? ती कुनै कुरा उसले सोच्दै सोचेको छैन । कृष्ण भगवान्ले गीतामा भन्नुभएझैँ ‘तिमी कर्म गर, फलको आशा नगर’ भनेझैँ नइ पनि कुनै फलको आशा नगरी अविराम अटुट सेवा गरिरहेको छ । जुन हामीजस्ता भुराभुरी लेखकका लागि प्रेरणाको स्रोत भएको छ, आदरको मियो बनेको छ र सम्मानको सगरमाथा भएको छ ।

नेपाली वाङ्मय विकासका लागि भनेर नइ प्रकाशनको स्थापना भएको रहेछ । नइ प्रकाशनको अर्को महत्त्वपूर्ण कार्य भनेको त्रिमूर्ति निकेतनको स्थापना पनि हो । वाङ्मय श्रीवृद्धिका लागि यसले स्थापनाकालदेखि नै धेरै प्रशंसनीय कार्यहरू गर्दै आइरहेको छ । यसले भाषासाहित्यका लागि गरेको त्याग र तपस्या त यति थोरै शब्दमा अटाउन कहाँ सक्ला र ? फेरि मजस्तो कनिष्ठ लेखकको त्यो तागत त कहाँ पुग्ला र ? तर पनि मैले आफ्नो बलबुताले भ्याएसम्मको लेख्ने प्रयास यहाँ गरेकी छु । यसका कार्यहरू यसको

आफ्नै वेभसाइटमा केही मात्रामा राखिएको हुनाले त्यहाँ नइ र त्रिमूर्तिबारे जान्न चाहनेको लागि पर्याप्त सामग्री पाइन्छ । विभिन्न विधामा धेरै नै साहित्यकारहरूलाई पुरस्कृत गर्ने यसको कार्य त छँदै छ, त्यसमा पनि साहित्यमा दिलोज्यान दिएर लाग्ने दिग्गज साहित्यकारहरूलाई दिइने उपाधिले पनि साहित्यकारहरूलाई ठूलो हौसला र प्रेरणा प्राप्त भएको छ ।

नइको अर्को महत्त्वपूर्ण कार्य भनेको 'नारीचुली' ग्रन्थको प्रकाशन हो । नेपाली भाषासाहित्यमा साधना गर्ने दर्जनौँ विशिष्ठ नारीहरूको जीवनी नै 'नारीचुली' हो । यो पनि नइको एउटा उदाहरणीय कार्य भएको छ । त्यस्तै नइले साहित्यकारहरूको सम्पर्क नम्बर भएको नइ मोबाइल फोन कोश पुस्तक प्रकाशन गरी नि:शुल्क बाँड्दै आएको छ । जसमा झन्नै एक हजार जना साहित्यकारहरूको मोबाइल नम्बर पाउन सकिन्छ । नइ प्रकाशनले भाषासाहित्यलाई दिएको योगदान धेरै नै छ यहाँ छोटकरीमा मात्र मैले चर्चा गरेकी छु ।

राम्रो कामको जहिले पनि खुलेर प्रशंसा गर्नुपर्छ भन्ने मेरो मान्यता छ । आफ्नो निजी जीवन, आम्दानी, प्रतिभा त्यागेर नइले भाषासाहित्यको श्रीवृद्धिका लागि जुन तपस्या गरिरहेको छ त्यसको जति नै व्याख्या गरे पनि कम हुन्छ किनकि मैले अघि नै भनिसकेकी छु नि ! यो पैसामुखी समाजमा एक रुपियाँ दान गर्न पनि मरेतुल्य मानसिकता बनाउने हूलमा यसरी लाखौँ रुपियाँ सेवामा लगाउनु ठूलो त्याग नै हो । यो सानोतिनो हृदय, भावना र त्यागले हुने कुरा नै होइन । यसका लागि समुद्रजस्तो विशाल छाती चाहिन्छ । ब्रह्माण्डजस्तो भावना चाहिन्छ जहाँ धेरै कुरा अटाउन सक्दछ । यो अद्भुत कार्य नै हो । यसको हामी सबैले प्रशंसा गर्नैपर्छ । मलाई लाग्छ राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा नै यस कार्यको चर्चा हुनुपर्छ किनभने नेपाली भाषासाहित्य अब नेपालमा मात्र सीमित छैन । यो

विश्वभर फैलँदै गएको छ । यो अद्भुत कार्यका लागि नइलाई मेरो धेरैधेरै शुभकामना छ । नइको विशाल भावनालाई थोरै शब्दमा र सीमित भावमा भन्नुपर्दा म यसो भन्न चाहन्छु–

**नइ नै हो भाषासाहित्यमा सुनाम कीर्ति राख्ने**
**नइ नै हो ज्ञान र विवेकको उज्यालो बिम्ब छर्ने**
**नइ नै हो सहृदयको भावमा अलङ्कार र प्रतीक भर्ने**
**नइ नै हो सबै स्रष्टालाई एउटै मालामा उन्ने ।**

**कनिष्ठदेखि वरिष्ठसम्म सबैको नइ चौतारी बन्ने**
**लक्ष्य छ समाजसेवा र परोपकारमा नयाँ नाम थप्ने**
**समाजसेवा र साहित्यसेवा मूल मन्त्र सधैँ जप्ने**
**लिएको छ लक्ष्य सानो गोरेटोलाई मूल सडक बनाउने ।**

**यसलाई पछ्याउँदै लिएका छौँ हामीले अविराम हिँड्ने**
**गर्नु छ सङ्कल्प आँधीबेहरीमा पनि डटेर अघि बढ्ने**
**नइको आँगनले भन्दै छ भाषाप्रेमी सबैको स्वागत गर्ने**
**यो पक्का छ कि नइको आँगन प्राज्ञिक थलो बन्ने ।**

**मान, सम्मान र पुरस्कारले अरूलाई सुशोभित गर्ने**
**खुला हृदय र खुला सोचाइले सबैलाई सम्मान गर्ने**
**हामी सबैको साझा चौतारी नइ नै हो आखिर एक**
**यो पक्का छ कि नइको नाम इतिहासमा अमर बन्ने ।**

# त्यो धर्के बुट्टे झोला

## शशिकला मानन्धर

नइ यानि नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाई ! दुवैको नाम मिलाएर नइ प्रकाशन २०५२ सालमा स्थापना भयो अनि नइ प्रकाशनको संयोजनमा घटराज भट्टराई, नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको परिकल्पना, सक्रियता र समर्पणमा त्रिमूर्ति निकेतनको स्थापना र निर्माण सम्पन्न भयो ।



नइ प्रकाशन र त्रिमूर्ति निकेतन, मेरा लागि एउटै संस्था हो; जुन संस्था शक्तिवान्, समृद्ध र कार्यकुशलमा अब्बल मान्छु म । किनकि त्यस संस्थाले वर्षवर्षमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका विभिन्न विधाका स्रष्टाहरूलाई पुरस्कृत र सम्मान गर्छ । देशका चौध अञ्चलमा छरिएका मात्र होइन विश्वभरि नै छरिएका त्यति मात्र होइन अऊ कुनाकाप्चामा टाँसिएका, खाल्डाखुल्डीमा पुरिएका र भुइँमुनि मात्र फुलेर बसेका सबै स्रष्टाहरूलाई उत्खनन गरेर बाहिर नइले नै निकाल्न सक्छ । साथै विभिन्न विधाका थुप्रै पुस्तक प्रकाशित गरेर सित्तैमा उपहार पनि दिन नइले नै सक्छ । बडो गजबको शक्ति छ त्यो नइ संस्थामा ।

अब नइसँग मेरो सामीप्यताबारे मनको कुरा भन्छु । २०६३ सालको मसान्तभित्र नेपाली भाषामा जुनसुकै विधाका कम्तीमा एउटा पुस्तक प्रकाशित हुने नारीस्रष्टाहरूको स्रष्टा कोश प्रकाशित गर्ने सूचना नरेन्द्रराज प्रसाईबाट पाएँ । म प्राय: नेपालभाषामा लेख्छु, नेपाली भाषामा पनि लेख्छु र दुवै भाषामा अनुवाद पनि गर्छु । भाग्यवश त्यही सालमा साझा प्रकाशनबाट मेरो नेपालभाषामा प्रकाशित उपन्यास 'लयँलूम्ह'को मैले नै अनुवाद गरेको 'बाटोमा भेटेको मान्छे' प्रकाशन गर्न छनौट गरियो । नरेन्द्रराज प्रसाईले भन्नुभयो कि पुस्तक २०६३ सालको मसान्तभित्र प्रकाशन भएको हुनुपर्छ र मेरो हातमा पुऱ्याइदिनुपर्छ । तर विडम्बना ! मेरो उपन्यास २०६३ सालको चैत मसान्तसम्म प्रेसबाट तयार भएर निस्केन, प्रेसमा नै अल्झ्यो । २०६४ साल वैशाखको मसान्ततिर मात्र उपन्यास तयार भएर प्रेसबाट निस्क्यो । उक्त उपन्यास मैले नरेन्द्रराज प्रसाईको हातमा बुझाएँ । उपन्यासमा प्रकाशन मिति २०६३ साल नै लेखिए तापनि प्रेसबाट निस्केको समय ढिला भएको कारणले मेरो परिचय प्रकाशित हुन लागेको नारीस्रष्टा कोशमा समावेश नहुने भएछ, कुरा सुन्दा नियास्रो लाग्यो एकछिन त । नरेन्द्रराज प्रसाई आफ्नो नियममा कडा हुनुहुँदो रहेछ । उहाँले 'अब पछि प्रकाशित गर्ने कोशमा समावेश गर्छु' भनेर भन्नुभयो । मैले चित्त बुझाएँ किनकि उपन्यासमा उल्लेख मिति र प्रेसबाट तयार भएर निस्केको समय मिलेन । पुस्तक तयार हुन ढिला भइदियो । के गर्ने ?

नरेन्द्रराज प्रसाई मात्र होइन इन्दिरा प्रसाई पनि नियममा कडा हुनुहुन्छ, त्यसको अनुभव सुनाउँछु ।

नइको कार्यक्रममा वक्ताहरूलाई बोल्ने समयअवधि तोकेर दिने, बढी बोलेमा घन्टी बजाएर सतर्क गर्ने, फेरि पनि बोल्ने क्रम

जारी गरेमा माइकको तार छुटाइदिने । इन्दिरा प्रसाईको यस्तो कुरा सर्वप्रथम सुन्दा त्यस्तो कडा शब्द नभन्नुभए हुने जस्तो लागेको थियो । तर पछि वक्ताहरूले छोटो, मीठो बोलेर कार्यक्रम समयअवधिभित्रै सकियो । कार्यक्रम लामो भएपछि धैर्य गरेर बसिरहन निकै गाह्रो हुन्छ, हाईहाई आउँछ, निद्रा पनि आउन सक्छ, कोही उठेर बाहिर जान्छन् । जे होस् कार्यक्रम लामो भएपछि रमाइलो लाग्दै लाग्दैन; कार्यक्रम छोटो, मीठो भयो भने मात्र रमाइलो लाग्छ, यो सत्य कुरा हो । नइको कार्यक्रममा वक्ताहरूलाई दिइने इन्दिरा प्रसाईको कडा शब्दको नियमले कार्यक्रम रमाइलो र सफल भएको म देख्छु । म पनि विभिन्न कार्यक्रममा उद्घोषण गर्ने गर्छु । कार्यक्रममा वक्ताहरूले लामोलामो भाषण गरेर हैरान पार्थे । दिएको समयलाई वास्ता नगरेको देख्दा चिट दिनुपर्ने अवस्था आउँथ्यो । कार्यक्रम लामो भएर आमन्त्रित महानुभावहरू हलबाट बाहिर गएको, कोही खाजा नखाईकन छिटो फर्केको आदि तीतो अनुभव गरेकी छु । कार्यक्रममा उद्घोषकले वक्ताहरूलाई कन्ट्रोल गर्न सक्नुपर्छ भनेर मैले इन्दिरा प्रसाईको कडा शब्दको नियमबाट प्रेरणा पाएकी छु ।

एक चोटि म नइको घर पुग्दा देखें, भुइँतल्लाको चारवटा कोठा बहालमा नदिईकन पुस्तकले मात्र सजाएर पुस्तकालय बनाउनुभएको रहेछ । हुन त म पनि पुस्तकप्रेमी हुँ र एउटा कोठामा सानो पुस्तकालय बनाएकी छु । नइको पुस्तक प्रेम र भव्य पुस्तकालय देखेर मलाई थप ऊर्जा मिलेको छ, पुस्तकलाई प्रेम गर्नेमा र पुस्तकको व्यवस्थापन गर्नेमा ।

नइ प्रकाशनबाट मैले प्राय: वर्षको दुई चोटि कार्यक्रमको निम्तो पाउने गर्छु र म पनि खुसी हुँदै नखत्या (नेवार समुदायमा ठूलो चाडबाडपछि माइत, आफन्त वा मामाघरमा बोलाउने

भोज) सम्झेर जाने गर्छु । ती कार्यक्रमहरूमा विभिन्न विधाका बच्चादेखि युवा, अधबैँसे, तेस्रो लिङ्गी तथा बूढाबूढी उमेरसम्मका देशभित्र र बाहिरका प्रतिभा तथा स्रष्टाहरूलाई पुरस्कृत र सम्मान गर्ने परम्परा हालसम्म कायमै छ । अँ, तेस्रो लिङ्गी समुदायभित्रको प्रतिभालाई पनि पुरस्कृत र सम्मान गर्दाको एउटा प्रसङ्ग मलाई याद आएको छ । २०६९ सालको कुरा हो– तेस्रो लिङ्गी भूमिका श्रेष्ठलाई समेत 'नइ रामलक्ष्मी पुरस्कार'ले सम्मान गरेको कार्यक्रम थियो । त्यो कार्यक्रममा तेस्रो लिङ्गी भूमिका श्रेष्ठलाई देखेपछि र उनको मन्तव्य सुनेपछि मेरा आँखा रसाएका थिए । उनको त्यही भाषण सुनेर एउटा कथाको प्लट सर्रर मेरो दिमागमा फुरेको थियो । पछि मैले तेस्रो लिङ्गीलाई पात्र बनाएर तेस्रो लिङ्गी विषयमा पहिलो कथा लेखेँ र शीर्षक राखेँ, 'थर्ड सेक्स' ।

हालसम्म मैले नइबाट तीनवटा पदकसहितको सम्मान पाइसकेकी छु, जस्तै विश्वनारी नेपाली साहित्य पदक, सत्यमोहन जोशी शताब्दी पदक तथा हालै मात्र नइ रजत महोत्सव पदक ।

२०७१ सालमा त्रिमूर्ति निकेतनद्वारा आयोजित विश्वनारी नेपाली साहित्य सम्मेलनको कुरा गरौँ । पाँच महादेश, बीस राष्ट्र र नेपालका चौध अञ्चलका नेपाली नारीस्रष्टाहरूको प्रत्यक्ष सहभागितामा उक्त सम्मेलन सम्पन्न भएको थियो । उक्त सम्मेलनमा बागमती अञ्चलको सदस्य र काठमाडौँ क्षेत्रको अध्यक्ष बनाउनुभएको थियो मलाई नइले । सकेजति सहयोग र कार्य गरेबापत मैले विश्वनारी नेपाली साहित्य पदक पाएकी हुँ । उक्त भव्य कार्यक्रमको एउटा मीठो सम्झना अझै ताजा छ । त्यो कार्यक्रमपछि जलपान गरेँ । त्यसपछि पुस्तक उपहार लिने कुपन हातमा लिएर लाइनमा उभिएँ, बल्ल अगाडि पुगेँ । कवयित्री

लक्ष्मी अप्सरा पाण्डे र रश्मि रिमाल पुस्तक उपहार दिने काममा व्यस्त हुनुहुन्थ्यो । उहाँले मेरो हातमा भएको कुपन सट्ट लिनुभयो र उत्तिखेरै भरि पुस्तक भएको धर्केबुट्टे कपडाको एउटा झोला मेरो हातमा टक्क थमाइदिनुभयो । झोला बोकेर म अलि पर गएर फर्केर हेरेँ । नाम अप्सराजस्तै रूप पनि अप्सराजस्तै देखिने कवयित्री लक्ष्मी अप्सरा पाण्डे र रश्मि रिमाललाई एकछिन हेरिरहेँ । अलिकति पनि झिजो नमानीकन उहाँले अगाडि पुग्ने स्रष्टाको हातबाट सट्ट कुपन लिने र भरि पुस्तक भएको एउटा धर्केबुट्टे झोला कुपन लिएको हातमा टक्क थमाइदिने काम छिटोछिटो गर्नुभएको रमाइलो मानेर हेरेँ । उहाँको हँसिलो राम्रो अनुहार र काममा छिटो, छरितोपन दुवै मन पऱ्यो मलाई । त्यो धर्केबुट्टे कपडाको झोला सबैलाई एकै रङ्ग र एकै आकारको दिएको देखेँ ।

पुस्तकले भरिएको त्यो झोला हातले बोक्न नसकेर पँधेरोमा पानी भरेपछि गाग्रो बोकेजस्तै कम्मरमा बोकेर घर फर्कें । नइबाट पछि फेरि जीवनीसम्बन्धी पुस्तक पनि उपहारमा पाएकी छु । सबै पुस्तकलाई ऱ्याकमा लहरै मिलाएर राखेकी छु । समय मिलाएर पालैपालो एकएकवटा गरी पुस्तक पढ्छु, पढेर आनन्द लिन्छु ।

अन्तमा भन्छु, नइले उपहारमा दिएका ती सबैखाले पुस्तक मलाई प्रिय लाग्छ । पुस्तक मात्र होइन, २०७१ साल जेठमा आयोजना गरिएको विश्वनारी नेपाली साहित्य सम्मेलनमा भरि पुस्तक राखेर उपहार दिएको त्यो धर्केबुट्टे कपडाको झोला पनि मलाई प्रिय लाग्छ । त्यो झोला धेरै चोटि बोकिसकेँ, मैलो भएर दुई चोटि धोइ पनि सकेँ । धोएर होला, झोलाको रङ्ग अलि खुइलिइसकेको छ र भित्री कपडा च्यातिइसकेको छ ।

सिलाइको काम पनि जान्दछु, मैले झोलाको भित्री अर्को कपडाको राखिसकेँ । जे होस्, पुरानो भए पनि, रङ्ग खुइलिए पनि म त्यो झोला फाल्दिनँ । त्यो झोलासित मेरो आत्मीयता गाँसिएको छ । नइले दिएको पदक, सम्मान, ऊर्जा, प्रेरणा, पुस्तक पढेर प्राप्त गर्ने आनन्द र मीठो सम्झना सबैसबै त्यही झोलाभित्र सुरक्षित राख्नेछु । साथै नइको कार्यव्यवस्थापन र जाँगरप्रति म हार्दिक नमन गर्दछु ।

# चमत्कारी कार्य

## शान्ति अधिकारी

नइ प्रकाशनको उद्घाटन मेरा बुबा राष्ट्रकवि माधव घिमिरेबाट भएको थियो । नइ प्रकाशनको उद्घाटनका क्रममै बुबाले नइलाई आशीर्वचन दिनुभएको पलका कारण नइ संस्थाले धेरै काम पूरा गरी रजत महोत्सवसमेत मनाइसकेको छ । यस संस्थाका बारेमा मेरा बुबाले भन्नुभएको थियो– 'नइ प्रकाशन नेपाली आकाशको एक आलोक हो । त्यो आलोक निरन्तर फैलिरहेको छ र त्यसले अनन्त फैलिरहनुपर्छ । नइबाट नेपाली भाषासाहित्यका निम्ति चमत्कारी कार्य हुँदै आइरहेको छ र यो चमत्कार नित्य उज्ज्वल भइरहनुपर्छ ।'



मेरा बुबाका कुरा सत्य साबित भइरहेका छन् । हुन पनि हो, शिशु प्रतिभादेखि उच्चस्तरीय स्रष्टाहरूलाई सम्मान र पुरस्कृत गर्ने, उनीहरूको चमक प्रस्टयाउने, प्राज्ञिक व्यक्तिहरूलाई राज्यसत्ताबाट समेत मान र उपाधि दिलाउने कार्यमा नइको उल्लेख्य चर्चा र प्रशंसा मैले सुन्दै र हेर्दै पनि छु । त्यसैले म भन्छु– 'नइदम्पतीको स्रष्टा साहित्यकारहरूको सेवाकार्य त्याग हो,

समर्पण हो, उत्साह र शक्ति हो, बलियोसँग बाटिएको सङ्कल्पको डोरी हो ।'

वास्तवमा भन्नुपर्दा मलाई साहित्यतर्फ खासै केही थाहा छैन, किनभने बुबाले मलाई सङ्गीततर्फ डोऱ्याइदिनुभयो । तर बाल्यकालको समय बुबासँगै रहेर मैले धेरै साहित्यकारसँगको सामीप्य पाएँ । लेखनाथ पौड्यालका दाह्रीसँग खेल्ने, लक्ष्मीप्रसाद देवकोटाले खाँदाखाँदैको चुरोट फालिदिनेजस्ता धेरै घटनाको मलाई सम्झना छ । त्यसपछिका साहित्यकारहरूबारे पनि बुबा र बाहिरबाटै पनि थाहा पाउँदै आएको छु, तर धेरै पछि मात्र नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाम मैले बुबाबाटै थाहा पाएको हुँ, दुवै बुबाका विशेष प्रिय पात्र रहेछन् ।

शताब्दी पुरुष बन्न नपुग्दै बुबा निकै बिरामी पर्नुभयो । बुबालाई भेट्न, स्वास्थ्य लाभको शुभकामना दिन आउनेहरूको लर्को घरमा लाग्थ्यो, अस्पतालमा पनि त्यस्तै हुन्थ्यो । साहित्य, सङ्गीत र कलाक्षेत्रका व्यक्तित्वहरूको लर्कोमा कतिपय दोहोऱ्याउने तेहऱ्याउने पनि हुन्थे । श्रद्धापूर्वक स्वास्थ्य कामना गर्न नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई कुनै दिन आएको थाहा भएन । केही समयपछि बुबा ठीक हुनुभयो । अब सय वर्ष पुगेर शताब्दी खुसीयालीको उत्सव मनाउने पारिवारिक सल्लाह भयो । निमन्त्रणा पत्र बाँड्दा बुबाका विशेष घनिष्ठ साहित्यस्रष्टाहरू कोही नछुटून भन्ने सबैको चाहना थियो, सतर्कता अपनाइयो । नरेन्द्र र इन्दिरा बुबा बिरामी हुदा नदेखिए पनि निमन्त्रणा पठाउने सल्लाहमा म आफैँ निमन्त्रणापत्र लिएर नइगृह जाने भएँ तर चिने, देखेको भने थिइनँ । मैले पहिलो नेपाली महिला सरोदवादिका श्रीमती रूपा न्यौपानेलाई साथ लिई निमन्त्रणापत्र र बुबाकै 'गौरी' शोककाव्य लिएर म नइ प्रकाशनमा पुगेँ ।

नइ प्रकाशनभित्र पुगेपछि नरेन्द्रराज प्रसाईसँग रूपा न्यौपानेले मेरो परिचय गराइदिइन् र मैले निमन्त्रणापत्र र 'गौरी' नरेन्द्रको हातमा राख्तै बुबाको शताब्दी उत्सव कार्यक्रममा सामेल हुन आग्रह गरें । निमन्त्रणापत्र लिएपछि नरेन्द्रबाट अलि आक्रोशपूर्ण चेहरामा बुबाप्रति आक्रामक बोलीका असन्तुष्टि प्रस्तुत हुन थाले र अचम्मित हुँदै मौन, चुपचाप उनका कुरा मैले सुनिरहें । उनीभित्र उर्लेका आक्रोशका, असन्तुष्टिका आवाजमा 'गुरु' शब्द पनि बीचबीचमा सुन्दा बुबाप्रति सम्मानको भाव पनि झल्केको लाग्यो । त्यस क्षण हामी दुवैका आँखामा आँसु टलपल भए । त्यस्तैमा इन्दिरा पनि नजिकै आइन् । मैले केही बेर थामिएर 'मेरी आमा 'गौरी' लिएर भाइलाई भेट्न आएकी छु, बुबाप्रति चित्त नदुखाऊँ, मेरा बुबाको उत्सवमा दुवै आउनुपर्छ । आजदेखि आफ्ना गुरुसँग एक रत्ति मन नदुखाउनु, मेरा बुबा तिम्रै गुरु हुन्' यस्तै भन्न पुगें । मैले बोल्दै गर्दा इन्दिराका आँखा पनि रसाएको देखें । हामीबीच केही समय तीतामीठा कुरा भए । हाम्रो सम्बन्ध दिदीभाइ र बहिनीको रूपमा राख्ने अठोटमा हामी पुग्यौं ।

नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई बुबाको शताब्दी उत्सवमा सामेल हुनेमा सहमत भए । त्यति बेला मलाई लाग्यो नइदम्पती नै बुबामा अत्यन्त श्रद्धा राख्ने रहेछन् । नइ प्रकाशनबाट फर्कंदै गर्दा बाटोमा रूपा न्यौपानेले 'नइदम्पती सधैँ सत्य बाटोमा हिँड्ने गर्छन्' भनेर मलाई सुनाइन् । प्रतिबद्धताअनुसार नइदम्पती हाम्रो उत्सवमा खुसी भएर सामेल भए, त्यस दिन मलाई विशेष सन्तोष लाग्यो ।

बुबाको घरको तल्लो कोठाहरू बुबालाई सम्मानस्वरूप प्रदान गरिएका देशविदेशका विभिन्न सङ्घसंस्थाहरूका ताम्रपत्र, सम्मान, प्रशंसापत्रहरू सजिएर रहेका छन् । ती सम्मानपत्र हेरेर म त के जोकोही पनि छक्क पर्छन् । कति ताम्रपत्रमा बुबालाई कविवर भन्दा

'राष्ट्रकवि' भनेर सम्बोधन गरिएको देखिन्छन् । राजा ज्ञानेन्द्रबाट राष्ट्रकविको सम्मान दिनुअघि नै बुबालाई इन्दिरा प्रसाई संस्थापक तथा संयोजक भएको 'सिलसिला' संस्थाले २०५१ सालमा सम्मान गर्दै प्रदान गरेको ताम्रपत्रमा 'राष्ट्रकवि' उल्लेख गरेको देख्दा म ताजुब भएँ । त्यस्तै नरेन्द्रराज प्रसाई संस्थापक तथा सदस्यसचिव भएको 'भूपाल प्रज्ञापरिषद्ले' पाँच लाख रुपियाँ राशिसहितको पुरस्कारको ताम्रपत्रमा पनि बुबालाई 'राष्ट्रकवि' भनी सम्बोधन गरेको देख्दा मन नै गर्वले फुलेको थियो ।

बुबाको शताब्दी उत्सव मनाएको केही पछि नै हामी दम्पती संयुक्त राज्य अमेरिकातर्फ लाग्यौँ । बुबाको उमेर अवस्था हेरी हामी चाँडै नै नेपाल फर्कनेमा थियौँ तर विश्वव्यापी फैलिएको कोरोना महामारीकै कारण फर्कन सम्भव भएन । म परबाट विज्ञान प्रविधिको भर्चुअल माध्यमबाटै बुबाको दर्शन बीचबीचमा गर्ने गर्थें, आशिष् थाप्थेँ, रुन्थेँ । यस्ता दिन त समाप्त भए, बुबा यो संसारबाट दिव्यधाम प्रस्थान हुनुभयो ।

बुबाको स्वर्गारोहण भएको भोलिपल्ट बुबालाई आर्यघाट पुऱ्याइयो । आइप्याडबाटै म मुटु थामेर बुबाको पार्थिव शरीर हेर्दै थिएँ । आर्यघाटमा आमा, भाइ र बहिनीको उपस्थिति र ठूलो जनसमूहलाई देख्दा म मात्र छुटेँजस्तो मलाई लाग्यो, अनि रुन पनि गाह्रो भयो, रोएँ । मैले सारा आफन्त र प्रियजन सबैलाई हेरिरहेँ । बुबाको मुहारको दृश्य कमै हुँदै गएको अनि अग्निको ज्वाला मुखमै धुवाउँदै र उडाउँदै आकासिँदै गरेको लाग्थ्यो । बाग्मती नदी पनि उर्लेर भेलबाट बुबाको भस्मलाई अनन्त यात्रा सागरमा सौगात पुऱ्याउन मडारिरहेको देखिन्थ्यो । बिस्तारै सबै दृश्य ओझेलमा परिसके पनि चिताको अग्नि आफैँ भस्ममा परिणत हुँदै थियो । त्यसै बखत बाग्मती नदीपारि नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईलाई कुनै टेलिभिजनमा अन्तर्वार्ता दिइरहेको मैले देखेँ । मेरा लागि नइ जोडी

भाइबहिनी थिए, उनीहरूको मेरा बुबाप्रतिको मोह र श्रद्धा नै विचित्र लागिरह्‍यो । नइलाई घाटमा अन्तिम समयसम्म नै देख्दा मेरो हृदय भरिएर आयो र मनमनै धन्यवाद दिएँ । अर्को दिन नइसँग सम्पर्क फोनमा हामी दम्पतीले धन्यवाद दिँदै नेपाल फर्केपछि भेट्ने पनि वचन दियौँ ।

कोरोना महामारीसँगै विविध परिस्थितिले झन्डै साढे तीन वर्षपछि मात्र हामी नेपाल फर्कन सक्यौँ । बुबाले धेरै पहिलेबाट लेख्न थाल्नुभएको महाकाव्य 'ऋतम्भरा'लाई प्रकाशन गर्नु थियो । 'ऋतम्भरा'का सम्बन्धमा बुबासँग बसेर मैले धेरै कुरा बुझ्न पाएकी र त्यसै महाकाव्यका केही सर्गहरूमा मैले सङ्गीतमा काम गरिसकेकी थिएँ । हामी सन्ततिहरू मिलेर 'ऋतम्भरा'लाई प्रकाशनमा पुऱ्यायौँ, अनि बुबाको चाहनामा साझा प्रकाशनबाट छपाइ र विशेष कार्यक्रम गरी विमोचनसमेत गराइयो । तर के कस्तो संयोग पऱ्यो या निम्ता दिन छुटेको हो– विमोचन समारोहमा साहित्यकार दम्पती नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई देखिएनन् ।

बुबालाई अत्यन्त सम्मान र श्रद्धा गर्ने नइदम्पतीलाई भेट्ने हाम्रो इच्छा छँदै थियो । 'राष्ट्रकवि'को सम्मानका साथै बुबाको ख्याति फैलाउन योगदान गर्ने बुबाप्रति समर्पित नरेन्द्र र इन्दिराप्रति आफ्नो तर्फबाट धन्यवाद नै भन्न एक दिन हामी दम्पती नै नइ प्रकाशन पुग्यौँ । साथमा नव प्रकाशित 'ऋतम्भरा' महाकाव्य अनि मेरा ससुरा पण्डित तोयनाथ अधिकारी र प्रसिद्ध 'हलोक्रान्ति'सम्बन्धी पुस्तकसमेत नरेन्द्रराज प्रसाईको हातमा थमायौँ । नइगृहमा स्रष्टा इन्दिरा दीक्षितसँग पनि हाम्रो भेट भयो र परिचय पाइयो ।

'ऋतम्भरा' महाकाव्यसहितको भेटले नइदम्पती अत्यन्त हर्षित भएका देखिए, आपसी भलाकुसारीसँगै बुबाबारे धेरै चर्चा भए, मोबाइल फोटोहरू पनि खिचिए । त्यसै बेला हामीले नइको पुस्तकालय

कक्ष हेर्ने अवसर पायौँ । नइ प्रकाशनका दर्जनौँ पुस्तकहरू हेर्दा दङ्ग पनि पऱ्यौँ । फर्कँदै गर्दा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईबाट नइ प्रकाशनका कृतिहरूको कोसेलीले बिदाइ गरियो ।

घर पुगेर कोसेली फुकाउँदा बुबाको नाममै 'राष्ट्रकविको सय वर्ष' २०७६ सालमै मोटो पुस्तक नै प्रकाशित गरिसकेको देख्दा नइ प्रकाशन र नरेन्द्रराज प्रसाई एवं इन्दिरा प्रसाईप्रति मुरीमुरी धन्यवाद दिएर पनि नपुग्ने गुन लगाएको मैले पाएँ । नइदम्पतीलाई कुन शब्दले धन्यवाद भनौँ ?

# आफ्नो कामको वर्चस्व

**शान्तिकुमारी राई**

मेरो जन्मथलो उदयपुर र स्थायी ठेगाना खोटाङ जिल्ला हो । म २०३० सालमा काठमाडौँ उपत्यका छिरेँ । २०४८ सालदेखि म काठमाडौँ महानगरपालिका– २९, घट्टेकुलो, जनपथमार्ग, नइ प्रकाशन टोलको घर नम्बर १५ मा बस्तै आएकी छु । मेरो छिमेकमा दुई जना साहित्यिक हस्ती नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाई बस्नुहुन्छ– नेपाली (खस) भाषाका खाँटी साहित्यकार ।



नइदम्पतीले २०५२ सालमा नइ प्रकाशन र २०६१ सालमा त्रिमूर्ति निकेतन स्थापना गर्नुभयो । यी दुवै संस्थाहरूमार्फत नइ जोडी विशुद्ध नेपाली (खस) भाषाको संवर्धन तथा विकासमा दिलोज्यानले लागिपरेको व्यहोरा यहाँ उजागर गरिरहन परेन । नइले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली भाषासाहित्यमा योगदान पुर्‍याउने र योगदान पुर्‍याउन चाहना राख्ने सबै स्रष्टासर्जकहरूलाई विभिन्न तरिकाले कदर, मानसम्मान, सेवा, सहयोग गरेको मेरो बुझाइ छ ।

नइ प्रकाशनले ओझेलमा परेका प्रतिभाहरूलाई प्रकाशमा ल्याउने, साहित्य सिर्जनामा प्रोत्साहन गर्ने, बालप्रतिभाहरूलाई समेत

उत्प्रेरित गर्दै उनीहरूभित्र लुकेर बसेको प्रतिभाहरूलाई उजागर गर्ने, नेपाली भाषासाहित्यमार्फत देशविकासमा टेवा पुऱ्याउनेलाई पुरस्कृत, सम्मानित तथा कदरपत्र प्रदान गरेर हौसला दिएको सर्वविदितै छ ।

नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाई अर्थात् नइ प्रकाशन एक निष्पक्ष, नि:स्वार्थ अर्को शब्दमा उहाँहरू पक्षपातरहित, व्यक्तिगत स्वार्थरहित, नेपाली (खस) भाषासाहित्यमा लागिरहने अथक योद्धाहरू हुनुहुन्छ् । उहाँहरूको सबैभन्दा ठूलो विशेषता भनेको जातीय विभेद, लैङ्गिक विभेद, वर्ग विभेद नगर्ने अब्बल व्यक्तित्व हुनुहुन्छ । जुनसुकै जाति होस्, पुरुष वा स्त्री जोसुकै होऊन्, गरिब वा धनी जुनसुकै वर्गका होऊन् उहाँहरूले प्रतिभाशाली, साहित्यमा प्राय: योगदान गर्ने सबैलाई नै उचित कदर गरेको मैले देखेको छु । यो नै नइको महानता हो ।

'विश्वनारीका तीन दिन' (२०७२) नामक ग्रन्थमा मैले लेखेकी थिएँ– 'देशविदेशमा रहेर नेपाली भाषासाहित्यको सेवा गर्ने प्रकाशमा आएका र ओझेलमा परेका नारीस्रष्टाहरूलाई भेला पारी काठमाडौँमा एक भव्य र ऐतिहासिक विश्वनारी नेपाली साहित्य सम्मेलन त्रिमूर्ति निकेतनले सम्पन्न गऱ्यो । यति मात्र होइन, तीनदिने सम्मेलनको समापनका दिनमा प्रत्येक स्रष्टालाई विभिन्न सम्मान, पुरस्कार र पदक प्रदान गरिएको थियो । वास्तवमा नढाँटी भन्ने हो भने यस खाले सम्मेलन राज्यकोषबाट सञ्चालित संस्था वा स्वयम् सरकारबाट हुनुपर्ने थियो । तर विडम्बना यो कार्य एक गैरसरकारी संस्थाबाट सम्पन्न हुनु संस्थाका लागि त अत्युत्तम हो नै तर सरकार 'रोबट' नभई 'मानव' हो भने सरकारका लागि योभन्दा लज्जाजनक कुरा अरू के होला ?' यो सम्मेलन नै नइको परिकल्पना र अग्रसरतामा भएको थियो । नारीस्रष्टाहरूका लागि यस्तो सम्मेलन न पहिला भएको थियो न फेरि हुन्छ भन्न सकिन्छ । त्यस समारोहलाई

सम्बोधन गर्ने क्रममा शताब्दी पुरुष सत्यमोहन जोशीले भन्नुभएको थियो– 'सरकार र नेपाल प्रज्ञाप्रतिष्ठानले गर्ने काम नइदम्पतीले नै गरिरहेका छन् ।'

नेपाल प्रज्ञाप्रतिष्ठानले सोच्तै नसोचेको र गर्दै नगरेको काम नइले गरेर देखाइसकेको छ । एउटा प्रज्ञाप्रतिष्ठानमा सरकारबाट हरेक वर्ष दसपन्ध्र करोडजति रुपियाँ जान्छ । त्यहाँ सयडेढ सय जनाभन्दा धेरै कर्मचारी छन् । त्यस्ता प्रज्ञाप्रतिष्ठान त सरकारले तीनवटा खोलेको छ । हरेक साल करोडौँ रुपियाँ खर्चेर काम गराएको प्रज्ञाप्रतिष्ठानहरूको हविगत हेरौँ त ? लाज मर्दो छैन र ? नइ प्रकाशन आफ्नै स्रोतबाट परिचालित छ र यस संस्थामा एक जना पनि कर्मचारी छैनन् । तर यस संस्थाले नेपाली वाङ्मयमा कसैले नचिताएकै काम गरिरहेको छ । सत्य हो, सत्यमोहन जोशीले भन्नुभएअनुसार– 'सरकार र नेपाल प्रज्ञाप्रतिष्ठानले गर्ने काम नइदम्पतीबाट नै भइरहेको छ ।'

नइ प्रकाशनको स्थापनाकालदेखि मैले यस संस्थाका हरेक कार्यक्रमहरूमा भाग लिँदै आइरहेकी छु । यस संस्थाले गरेका हरेक कामहरू मेरा आँखाअघि नै देखिँदै आए । साहित्य फुलाउन र फलाउनका निम्ति नइ जोडीको सधैँभरिको कुदाकुद पनि मैले हेरिरहेकै छु । नइदम्पती कहिले थाकेको मैले आभास पाइनँ । हामी एउटै टोलभित्र बसेर पनि कतिकति दिनसम्म हाम्रो देखाभेट हुँदैनथ्यो । हामी आआफ्नै काममा व्यस्त हुन्थ्यौँ । तर जब नइसँग मेरो भेट हुन्थ्यो अथवा म नइगृह पुग्थेँ, हामीमाझ साहित्यका मात्र कुरा हुन्थे । एउटै टोलभित्र बस्नुको उपलब्धि मेरा लागि नइ साहित्यिक कृति पढ्नु रह्यो ।

प्रधानमन्त्रीको कार्यालय या केन्द्रीय सचिवालय रहेको सिंहदरबारको उत्तरपूर्वी पर्खालसँग जोडिएको अनामनगरदेखि भित्र पस्ने मुखैमा रहेको घट्टेकुलोको यो टोल हाम्रो गौरव मान्ने ठाउँ

भएको छ । यस टोलमा जातजातिको मिश्रित घर रहेका छन् । यस ठाउँमा सामाजिक प्रतिष्ठाको हिसाबले सबैखाले हैसियत भएका व्यक्तित्वहरूको बसोबास रहेको छ । यस ठाउँमा सबैभन्दा पहिला बनेको घर नै नइगृह हो र यो घर २०४० सालमा बनेको थियो । यसै घरमा नइ प्रकाशनको कार्यालय रहेको छ । यस बस्तीलाई व्यवस्थित गर्न 'मेलमिलाप समिति' २०५१ सालतिर नै गठन भएको थियो । यस समितिमा म अध्यक्षको हैसियत निर्वाह गर्दै आएकी छु । यही टोलमा नइ प्रकाशनको कार्यालय रहेको हुँदा समितिको निर्णयले जनपथमार्गभित्रको यस टोललाई 'नइ प्रकाशन टोल' नामाकरण गरिएको छ ।

भाषा जातीय पहिचान हो, यो नेपाली (खस) भाषा नेपाली जाति र जनताको पहिचान हो । भाषाको संरक्षण, संवर्धन र विकास गर्नु राज्य सरकारको दायित्व हो । यसैका लागि नेपाल प्रज्ञाप्रतिष्ठानको व्यवस्था गरिएको हो । नेपाल प्रज्ञाप्रतिष्ठानले नेपालमा बोलिने सबै भाषाको संरक्षण, संवर्धन र विकास गर्नुपर्ने हो । प्रज्ञाप्रतिष्ठानले नेपाली (खस) भाषाको त विकासमा त्यति चासो देखाएको जस्तो लाग्दैन भने अन्य भाषाको त कुरा टाढै रह्यो । म किरात राईमध्ये चाम्लिङ राई हुँ । मेरो आफ्नो भाषा (मातृभाषा) चाम्लिङ हो । यस भाषाको बारेमा नेपाल प्रज्ञाप्रतिष्ठान सायद अनभिज्ञ नै होला । तर यस भाषामा पनि नइले चासो राखेको मैले अनुभूत गरेकी छु ।

छोटोमा भन्ने हो भने नेपाली (खस) भाषाको विकासमा नेपाल प्रज्ञाप्रतिष्ठानले गर्नुपर्ने काम नइ प्रकाशनले गरिरहेको म देख्छु र सुन्छु । नइ प्रकाशनले विभेदरहित तरिकाले लैङ्गिक विभेदबिना, बिनाराजनीतिक आग्रह र पूर्वाग्रह नेपाली (खस) भाषासाहित्यमा लाग्ने स्रष्टा या साहित्यकारलाई उचित स्थान दिएको देखिन्छ । तर नेपाल प्रज्ञाप्रतिष्ठानले सत्तापक्षीय र आफ्नो पक्षीयलाई मात्र काखी च्यापेको हो कि या मेरो आँखा नै अन्धो भएको हो ?

म जहिले पनि सत्य र सहीको पक्षमा उभिँदै आएकी छु । जसले सही काम गर्छ, जुनचाहिँ सत्य हुन्छ, उसकै पक्षमा म आफ्नो मत जाहेर गर्दछु । भाषासाहित्य सबैको साझा हुन्छ । यसमा आग्रह र पूर्वाग्रह हुनु राम्रो होइन । यसैले पुन: म दोहोऱ्याउँछु कि भाषासाहित्यको सम्बन्धमा सिङ्गो राज्यले गर्नुपर्ने काम नइ प्रकाशनले गर्दै आएको छ । खास गरेर नइमार्फत राज्यले कविवर माधव घिमिरेलाई राष्ट्रकविको उपाधि प्रदान गरेपछि नेपाली साहित्यमा नइ प्रकाशनका विषयमा चर्चाले ठाउँ ओगट्न थालेको साँचो हो । यो संस्था चर्चित मात्र भएन यसले आफ्नो कामको वर्चस्व देखाउन थालेको पनि पक्का हो ।

नइ प्रकाशनले नेपाली भाषासाहित्यका लागि के गरेन ? यसको सूक्ष्म उदाहरण मैले मेरै बारेमा अवगत गराउन चाहेँ– मुलुकमा सशस्त्र दसबर्से जनयुद्ध तथा उन्नाइसदिने सशक्त जनआन्दोलनको राप र तापले देशमा राजनीतिक व्यवस्था परिवर्तन भयो र नेपाल अधिराज्यको संविधान, २०४७ निष्क्रिय भयो । अब अन्तरिम कालका लागि एउटा संविधान निर्माण गर्नुपर्ने अवस्था आयो र विभिन्न दलबाट प्रतिनिधित्व हुने गरी 'अन्तरिम संविधान मस्यौदा समिति' गठन गरियो । यस समितिमा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का तर्फबाट मलाई सदस्यमा समावेश गराइयो । विभिन्न पार्टीबाट प्रतिनिधित्व हुने गरी सोह्र जना वकिल तथा पूर्वन्यायाधीशको टिमले 'नेपालको अन्तरिम संविधान, २०६३' मस्यौदा गऱ्यो र सम्बन्धित ठाउँमा बुझायो । राष्ट्रकै लागि पनि यो एक ऐतिहासिक कार्य हो ।

नेपालको अन्तरिम संविधान, २०६३ सालको एक मस्यौदाकारको जिम्मेवारी निर्वाह गरेको बारे नइले 'नारीचुली' (२०६३) नामक ग्रन्थमा बकाइदासाथ मेरो सङ्क्षिप्त जीवनी प्रकाशन गरेको छ । म एक आदिवासी जनजाति समुदायको राईकी छोरी हुँ । मूल धारभन्दा फरक जातिको व्यक्ति, संविधान मस्यौदाकार भएको नारीको साहित्यिक पाटो समाएर मेराबारे अरू कसले लेख्थ्यो र ? तर

'नारीचुली'जस्तो गहन ग्रन्थको ५१४ पृष्ठमा म समाविष्ट भएँ। विश्वनारी नेपाली साहित्य सम्मेलनमा पनि म प्रत्यक्ष र सक्रिय सहभागी भएँ। शान्तिकुमारी राईलाई 'नारीचुली'मा स्थान दिनु जातीय विभेदरहित कार्य र आफ्नो घरमा राखिएको एक गरिब महिलालाई पदकबाट सम्मान गर्नु भनेको वर्गविभेद्रहित व्यवहार हो भन्ने मेरो ठम्याइ रहेको छ। नइ प्रकाशनमा परिचारिका पदमा कार्यरत एक थारू जातिकी महिला सुमी चौधरीलाई त्यत्रो विशाल समारोहमा प्रधानमन्त्रीका हातबाट नगद पुरस्कारसहित पदक दिएर सम्मान व्यक्त गरियो। यस्ता सकारात्मक तथा प्रशंसायोग्य काम त नइले कति गरे, गरे।

नइले नेपाली भूगोलमा धेरै काम गरेको छ। यसको अर्को उदाहरण पनि छ। अर्थात् राज्य नै तर्सिने र थर्किने एउटा अविस्मरणीय तथा ऐतिहासिक घटना हो– 'नइका पहलमा डा.सत्यमोहन जोशीलाई राज्यबाटै 'वाङ्मय शताब्दी पुरुष' उपाधिबाट विभूषित गरिनु एउटा ओजस्वीपूर्ण महान् कार्य हो। डा.जोशीले यो उपाधि प्राप्त गर्नु एक सौभाग्य हो भने नइ प्रकाशनको उचाइ यसले निकै बढाएको छ। किनभने नइमार्फत त्रिमूर्ति निकेतनजस्तो एक गैरसरकारी संस्थाको तर्फबाट उक्त उपाधि दिएपछि मात्र सरकारको तर्फबाट डा.सत्यमोहन जोशीलाई 'वाङ्मय शताब्दी पुरुष'बाट विभूषित गरियो। नइले सिफारिस नगरेको भए डा.सत्यमोहन जोशीलाई सरकारले 'वाङ्मय शताब्दी पुरुष'को उपाधि दिँदैनथ्यो। एक जना संस्कृतिविद् एउटा नेवारको छोराले 'वाङ्मय शताब्दी पुरुष' उपाधि पाएकै कारण सरकारले उहाँको मुहारअङ्कित हुलाक टिकट र विभिन्न मूल्यका मुद्राहरू प्रकाशनमा ल्यायो। साथै उहाँको स्वर्गारोहणमा सरकारले राष्ट्रभरि र विदेशमा रहेका नेपाली दूतावासहरूमा एक दिन बिदा दिएर शोक मनायो। यी सबै कुराको जरा नइ प्रकाशन हो र यसको सम्पूर्ण श्रेय नइदम्पतीलाई नै दिनुपर्छ।

# अनुपम कर्मले उठेको संस्था

**शान्ति शर्मा**

'नइ' नाम नै दिव्य र अनुपम छ । जसको नाम मात्रै लिँदा पनि गर्वले छाती ढक्क फुल्छ, शिर सगरमाथाजत्तिकै उच्च हुन्छ अनि मन मयूरले पङ्ख फुकाएर नाचेझैँ नाच्न थाल्छ । नेपाली वाङ्मयको श्रीवृद्धिमा अहोरात्र खटिएको एक सर्वाधिक लोकप्रिय साहित्यिक



संस्था नै 'नइ प्रकाशन' हो । नइ नै एउटा अविश्रान्त काम हो र अहोरात्रको पौरखले बनेको नाम नै नइ हो । सुतेकालाई उठाउने, उठेकालाई हिँड्न लगाउने र हिँडेकालाई दौड्न लगाउने नइ हो । नइ प्रकाशन नेपाली भाषासाहित्यको उत्थान गराउने ध्येयले स्थापित भयो र यस संस्थाले अनेक शिल्प र शैली कुँदेर आफ्नो साहित्यिक कर्म पूरा गर्दै आएको छ ।

भाषासाहित्यको समुन्नतिका लागि आवश्यक सबै कर्महरू पुस्तक प्रकाशन र अन्य साहित्यिक कार्यक्रम, सभा, पुरस्कार प्रदानजस्ता विविध क्रियाकलापमा संवेदनशील भइ लागेको नेपालको एक मात्र संस्था हो– नइ प्रकाशन । नइका हरेक क्रियाकलाप उत्तिकै सभ्य, भव्य र बेजोड प्रस्तुति लाग्दछ मलाई । पुरस्कार प्रदान गर्ने कार्यमा स्वदेश तथा विदेशमा रही नेपाली भाषासाहित्य तथा

अन्य विविध विधामा समेत लागेर समाज र राष्ट्रको उत्थानमा योगदान पुऱ्याउने विशिष्ट प्रतिभाहरूमाथि अर्जुनदृष्टि राखेर काम गर्दछ नइले । नइका आँखामा सबै प्रतिभा समान देखिन्छन् । कुनै जातभात, वर्ग, लिङ्ग, वाद, भूगोल, दल आदि कुनै विषयले छुँदैन यसलाई । सत्य अर्थमा नइ वसुधैव कुटुम्बकम् हो । नइको मान्छेप्रतिको धारणा नै अचम्मको छ । त्यसैले पनि नइले मानवताको समेत अर्थ बोकेको छ । नइले कसैलाई काखा, कसैलाई पाखा गरेको कहिल्यै देखिएन । स्वदेशका कुनाकाप्चा, कन्दरा आदिबाट र विदेशका प्रतिभा छानेर राष्ट्रिय पहिचान दिनेजस्ता उल्लेखनीय कार्य नइ प्रकाशनले गरिरहेको छ ।

२०७१ सालमा त्रिमूर्ति निकेतनले आयोजना गरेको 'विश्वनारी नेपाली साहित्य सम्मेलन'देखि म नइसँग नजिकिएकी हुँ । त्यसपछि नइ प्रकाशनले गरेका हरेक क्रियाकलापलाई मैले अझ नजिकबाट नियाल्दै आएकी छु । नइ जोडी नै अत्यन्तै आत्मीय र बेजोड लाग्छन् मलाई । बालक, युवा, वृद्धा सबै उमेर र समूहका प्रतिभालाई आफ्नो आँगनमा उभ्याएर उनीहरूको प्रतिभालाई प्रस्फुटन गराउने काम नइबाट भएको देखिन्छ । त्यति मात्र नभई नेपाली भाषासाहित्यको एउटा युग हाँक्ने युगपुरुषहरूलाई विभिन्न मान, पदवीद्वारा सम्मानित गराउने काममा समेत नइको विशेष पहल देखिन्छ ।

नइ प्रकाशनले चितवन साहित्य परिषद्का पूर्वअध्यक्ष प्रेमविनोद नन्दन तथा गायत्री श्रेष्ठ, सल्लाहकार सरस्वती रिजाल र गोविन्दराज विनोदीलाई विभिन्न समयमा पुरस्कृत गरेको तथ्य हाम्रा लागि प्रेरक रहेको छ । राजधानीका पुरस्कार जिल्लामा छिर्दैनन् भन्ने हल्लालाई नइ प्रकाशनले निमिटचान्न पारिदिएको छ । मैले माथि नाम लिएका व्यक्तित्वहरू सबै स्वाभिमानी हुनुहुन्छ । उहाँहरू कताबाट पुरस्कार पाइएला भनेर गन्ध सुँगेर पनि हिँड्नु हुन्न । नइबाट पुरस्कृत भएको जानकारी पाउँदा उहाँहरू नै आश्चर्यचकित हुनुभएको थियो । नइ

प्रकाशनमा लबिङ, लेनदेन, खुसामद र भनसुनको अर्थ छैन भन्ने कुरा अब त धेरैले बुझिसकेका पनि होलान् । योग्य प्रतिभा खोज्दै नइ गाउँघर चहारिरहेको हुन्छ । देशभित्र मात्र नभएर विदेशमा बस्ने नेपाली प्रतिभा पनि हरसाल नइ प्रकाशनबाट पुरस्कृत भइरहेका छन् र विदेशीहरू पनि नइ पुरस्कार लिन नेपाल आउने गरेका छन् । नइ प्रकाशनको परिचय यही नै हो ।

नइबाट प्रकाशित अमूल्य कृतिहरू 'नारीचुली' (नरेन्द्रराज प्रसाई), 'बगेको खोला' (दुर्गादेवी नेपाल), 'मेरी सासू' (इन्दिरा प्रसाई) जस्ता कृतिहरूको अध्ययन गर्दा गर्वले छाती ढक्क फुल्छ । यस्ता अन्य महत्त्वपूर्ण नइका कृतिहरूको सूची नै दर्जनौँ पुग्छन् । विविध किसिमका अमूल्य कृतिहरू प्रकाशन गरेर नइ प्रकाशनले मूल्य नलिई हाम्रा हातमा सधैँ पुऱ्याइरहेको हुन्छ । 'राजधर्म' र 'हिमवत्खण्ड'जस्ता प्रति गोटा एक हजार या दुई हजार रुपियाँ पर्ने ग्रन्थहरू पनि नइ प्रकाशनले लोकार्पण समारोहमा उपस्थित हुने पाँच सय जनाजतिलाई उपहार गरेको तथ्य देख्ने मेरा आँखा पनि यिनै हुन् । अरू कृतिहरू पनि झोलामा राखेर नइले सबै निम्तारुहरूलाई सधैँ बाँडिरहेकै हुन्छ । यसबारेको खुबै चर्चा हुने पनि गर्छ तर लेखेर भने कसैले यसबारे उल्लेख गरेको मैले पढ्न पाएकी छैन । मैले नै पनि यसअघि यस्तो प्रसङ्ग उठाउने सन्दर्भ पाएकी थिइनँ ।

नइ प्रकाशन संस्था राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा ख्यातिप्राप्त हुनु स्वाभाविकै हो । संस्था जन्माउनु र त्यसको गरिमा बढाउनु दुई अलग कुरा हुन् । जन्मिएका सबै संस्था लोकप्रिय हुन सक्तैनन् र भएका पनि छैनन् । लोकप्रियता भन्ने कुरा संस्था हाँक्ने व्यक्तिको मन, बुद्धि, तरिका र दक्षतामा भर पर्छ । दीर्घकालीन एवं एउटै सोच बनाएर दक्ष पाङ्ग्रा बनी साहित्यिक रथ हाँक्न सक्ने मान्छे भगवान्ले कमै पठाएका हुन्छन् । तिनै थोरै मान्छेमध्ये नइदम्पतीलाई पनि स्विकार्नुपर्छ । यस जोडीको जति बयान गरे पनि


पाप लाग्दैन किनभने राज्यले गर्न नसकेका काम नइबाट पूरा हुँदै आएका छन् । यसका लागि जतिसुकै बधाई र शुभकामना पनि नइका लागि कमै हुन्छ भन्ने मलाई लाग्छ ।

नइ प्रकाशन एउटा छहारी संस्था हो । यस संस्थाबाट हामी धेरै रङ्गिएका छौँ । यस्तो विराट् संस्था हाँक्ने नइ (नरेन्द्र र इन्दिरा) दुवै मेरा आदरणीय व्यक्ति हुनुहुन्छ । उहाँहरूसमक्ष मैले यो ओठे भक्ति जनाएको होइन र उहाँहरूलाई अनावश्यक प्रशंसा गर्न खोजेको पनि होइन । मेरो अन्तस्करणले जे मान्यो त्यसैलाई लिपिबद्ध गर्ने मैले मनैबाट धृष्टता मात्र गरेकी हुँ । साँच्चै भन्ने हो भने हृदयले बनाएको सम्बन्ध पनि रगतको भन्दा कम हुँदो रहेनछ भन्ने कुराको ज्ञात मैले उहाँहरूबाटै पाएकी हुँ । मलाई मात्र होइन सबै प्रतिभाहरूलाई उहाँहरू यही दिव्य दृष्टिले हेर्नुहुन्छ । सायद सबैमा यस्तो भाव पाउन सकिँदैन । सबैलाई नि:स्वार्थ रूपले उत्तिकै चासो र महत्त्वका दृष्टिले हेर्नु एउटा अनुपम शक्ति हो । यसर्थ पनि नइ एक आदर्श जोडी र नइ प्रकाशन एउटा अनुपम संस्था हो ।

# सत्य चरितार्थ

## प्रा.शिवगोपाल रिसाल

नेपाली भाषासाहित्य, संस्कृति, कला आदि विभिन्न क्षेत्रमा विशिष्ट, उल्लेखनीय योगदान पुऱ्याउने प्रशंसनीय प्रतिभाहरूलाई ससम्मान प्रदान गरिने विविध प्रकृति र प्रकारका सम्मान र पुरस्कारहरूको संस्थापन र व्यवस्थापन गरेर असाधारण सेवा पुऱ्याउँदै आएको नइ प्रकाशनले नेपाली समाजमा र वाङ्मय जगत्मा नै



अविस्मरणीय कीर्तिमान कायम गरेको छ । यस्तो निष्कामनापूर्वकको नि:स्वार्थ सेवालाई मनुष्य, देवता एवं पितृले पनि आशीर्वाद दिन्छन् र दिइरहेका पनि छन् ।

नेपाली मात्र होइन नइ पुरस्कार र सम्मानबाट विदेशीहरूसमेत सम्मानित एवं पुरस्कृत भएका छन् र त नइ राष्ट्रियका साथै अन्तर्राष्ट्रिय जगत्मा प्रसिद्धि कमाउन सफल भएको छ । सम्माननीय प्रतिभा र व्यक्तित्वको सम्मान र पुरस्कार प्रदान गर्दागर्दै नइ संस्था र संस्थापकद्वय स्वयम् नै सम्मानित एवं पुरस्कृत भएका छन् ।

नइ व्यक्ति मात्र होइन, संस्था पनि हो अनि संस्था मात्र होइन व्यक्ति पनि हो । संस्था त जड हो, त्यसलाई प्राण भर्ने काम

चेतन तत्त्वले गरेको हुन्छ । त्यसैले व्यक्तिद्वय र संस्थाको अन्योन्याश्रित सम्बन्ध छ । नइ जोडी, नइदम्पती धन्य हुन् ! नइको सेवा अति प्रशंसनीय, अनुकरणीय र युगान्तकारी छ । नइ अविश्रान्त पथिक हुन् । गन्तव्य भेटिसकेका छन् । यिनको चौथाइ शताब्दी पनि पार गरिसकेको संस्था अझै गतिशील छ । यी नइदम्पती र नइ (संस्था) कहिल्यै थाक्तैनन्, आराम लिँदैनन् । 'सेवा नै धर्म हो' भन्ने नइको दर्शन अनुकरणीय छ । नइले आफ्नो जीवनभरको कमाइ धन (बौद्धिक र आर्थिक)लाई सदुपयोग गरे । यिनकै प्रेरणाले अन्य दानदाता, दानवीर, साहित्यसेवी, धर्मप्राण, देशभक्त, संस्कृतिका उपासक, कलाप्रेमीहरूले आफ्नो धनको सदुपयोग गरेका छन्; अऋ गर्दै छन् । नइले बाल, युवा, वृद्ध सबै वर्ण, आश्रम, धर्म, सम्प्रदाय, जातजाति, लिङ्ग आदिको सम्मान र पुरस्कृत गरेर आफ्नो सेवाले आफैँ आलोकित भएको तथ्य घामजत्तिकै छर्लङ्ग भइसकेको छ ।

नइ जोडीमा दुवै वक्ता, अनुसन्धाता, साहित्यकार, पत्रकार, लेखक, कवि, समालोचक, चिन्तक, साहित्यसेवी एवं समाजसेवी हुन् ।

नइले कतिलाई धन दिएर धनी बनाए, पुरस्कारद्वारा पुरस्कृत बनाए, सम्मान गरेर सम्मानित बनाए, मान गरेर माननीय बनाए । भनिन्छ– नइकै बुद्धिमत्तापूर्व अग्रसरतामा राष्ट्रकवि, शताब्दीपुरुष, महासमालोचक, नेपाली साहित्यका विश्वनारी रत्नजस्ता असाधारण उपाधिहरू, सम्मानहरू समर्पण गरियो राष्ट्रबाटै, विद्वत् समाजबाटै । यिनले विद्वान्विदुषीहरूलाई खोजीखोजी आफ्नै परिवारभित्र भित्र्याए, एकत्रित गरे, सङ्गठित बनाए । यो सानोतिनो शक्ति र प्रतिभा एवं क्षमताले भ्याउने कुरो होइन ।

अरूको सम्मान गर्न जान्ने र सक्ने महान् व्यक्ति हुन् । त्यस्ता व्यक्ति र संस्था आफू पनि सम्मानित एवं पुरस्कृत

हुन्छन्– यो सत्य चरितार्थ भएको छ नइमा । आजसम्म नइ संस्थामार्फत जति पुरस्कार र सम्मान प्रदान, समर्पण गरिएका छन्; ती सबैका अगाडि 'नइ' जोडिएका छन् । यो नइको नइप्रतिको स्नेह, सद्भाव र नइको गौरवबोध त हो नै । साथै अलिकति, कताकता मोह पनि हो कि ! कुन्नि के हो ! यसलाई अस्वाभाविक पनि मान्न सकिँदैन । कारण के हो त भने यो त आत्मकेन्द्रित मनोविज्ञान पनि हो ।

नइ योजक हो, व्यवस्थापक हो, प्रेरक हो, प्रोत्साहनकर्ता हो, दिने र दिलाउने हो, मिल्ने र मिलाउने हो, खोज्ने र खोज्न लगाउने हो– यो त यस कालखण्डको एक अभियन्ता हो । सङ्क्षेपमा भन्नुपर्दा यो सेवा नै सरस्वतीको पूजा हो ।

नइमा इच्छाशक्ति छ, आत्मबल छ, आत्मविश्वास छ । सत्य सङ्कल्प गरेपछि त्यसले पूर्णता प्राप्त गर्दो रहेछ । ईश्वरले भन्छन् रे– 'तँ चिता म पुऱ्याउँछु ।' नइले चिताए ईश्वरले पुऱ्याए । यहाँ 'नइ' दुई अक्षरको एक शब्दको अर्थ हो– नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई साथै नइ प्रकाशन । नइ समूह, नइ संस्थासँग जोडिएका सबै प्रतिष्ठान, त्रिमूर्ति निकेतनलगायतका सम्पूर्ण आबद्ध, सम्बद्ध व्यक्ति वा संस्था ।

नइले आफ्नो इतिहासको आरम्भदेखि आज चौथाइ शताब्दी पार गरिसक्ताको समयावधिमा जेजति प्रतिभाहरूको सम्मान गरेको, प्रतिभाहरूलाई पुरस्कृत गरेको छ त्यो अत्यन्त प्रशंसनीय छ । यसमा सन्देह छैन ।

अब नइको दृष्टि त्यति नपुगेको एउटा अत्यन्त महत्त्वपूर्ण पक्ष हो– अध्यात्म । अध्यात्म दर्शन पक्षका अरू पनि प्रतिभा र संस्थाको पनि सम्मान गर्न पाए सुनमा सुगन्ध हुने थियो । यस क्षेत्रका साधक, तपस्वी, विद्वान्‌विदुषी, अध्यात्मसेवी, एकान्तप्रेमी, आत्माका अनुसन्धाता


आदिको थप खोजी गरी अरू सम्मान गर्न पाए असाध्य राम्रो हुने थियो । अनि त नेपाल आमा पनि झन् साह्रो प्रसन्न हुने थिइन् । नइको थप दृष्टि यतातिर पनि जाओस् ! यो मेरो सल्लाह र अनुरोध हो ।

अन्त्यमा, श्रीपरब्रह्म परमात्मा परमेश्वर पशुपतिनाथले नइ संस्था, छुट्टाछुट्टै व्यक्ति र दम्पती सबैलाई स्वस्थ, पवित्र, सेवापरायण, साधनामय एवं भगवन्मय सुदीर्घ असल जीवन प्रदान गरून् ! यही प्रार्थना छ । शुभकामना छ ! शुभाशीर्वाद छ !

# दीर्घकालीन छाप

## डा.शैलेन्दुप्रकाश नेपाल

नेपाली वाङ्मय जगत्मा नइ प्रकाशनको योगदान बहुपक्षीय र अविस्मरणीय रहिआएको छ । आफ्नो स्थापनाकालदेखि नै अन्य धेरै सरकारी तथा गैरसरकारी सामाजिक, सांस्कृतिक सङ्घसंस्थाहरूभन्दा नितान्त फरक पहिचान र प्रभावसहित उपस्थित भएको नइ प्रकाशन आफ्नो गन्तव्यतर्फ युद्धस्तरमा सक्रिय रहिआयो ।



फलस्वरूप बर्सेनि आयोजना गरिने वाङ्मयिक गतिविधिलाई प्रभावशाली बनाउँदै यो संस्था अग्रसर बनिरह्यो । यद्यपि यो निजी स्तरको प्राज्ञिक संस्था हो तथापि यसले सम्पादन गर्ने र गरिआएका कार्यहरूको प्रभाव राष्ट्र, अन्तर्राष्ट्रव्यापी एवं सार्वकालिक बन्दै आइरहेको छ । नइ प्रकाशनको भूमिका नेपाल राष्ट्रमा एउटा महत्त्वपूर्ण प्रज्ञाप्रतिष्ठानभन्दा कम छैन । यसर्थ यसका शुभचिन्तकहरूको सङ्ख्या व्यापक रहेको सङ्केत गर्दा अन्यथा ठान्नुपर्ने अवस्था छैन ।

नइ प्रकाशन बहुआयामिक संस्था हो । यसअन्तर्गत धेरै अन्य सङ्घसंस्था स्वचालित र संयोजित रहेका छन् । पुस्तक प्रकाशनका अतिरिक्त यसले विभिन्न प्रकृतिका साहित्यिक समारोहहरू आयोजना

गर्दछ र स्वनामधन्य व्यक्तित्वहरूलाई पुरस्कृत र सम्मानित गर्दै आएको छ । राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका उल्लेखनीय पुरस्कारहरू स्थापना गरी बर्सेनि समर्पण गर्दै आएको अवस्था छ ।

नेपाली साहित्यवृत्तमा महान् त्रिमूर्ति स्थापना गरेर त्रिमूर्ति निकेतनलाई उल्लेखनीय उचाइमा प्रतिष्ठापित गराउने सुकार्यमा नइको अहम् भूमिका रहेको जगजाहेर छ । त्यस्तै नइकै संयोजनमा नेपाली साहित्यका त्रिनारी रत्न गोमा, पारिजात र प्रेमराजेश्वरी थापाको पूर्ण कदको ढलोटको प्रतिमा निर्माण भएर उपयुक्त स्थानको खोजीमा रहेको अवस्था छ । समको शतवार्षिकीपछि महाकवि देवकोटाको शतवार्षिकी भव्य रूपमा मनाउने कार्यमा नइ प्रकाशनको भूमिका अग्रजण्य रह्यो । उक्त सम्मेलनमा विश्वभर छरिएर रहेका नेपाली साहित्यकार तथा नेपाली भाषासाहित्यप्रेमी विदेशी विद्वान्विदुषीको उपस्थिति सराहनीय रहन पुग्यो । शताब्दी महोत्सवको लगत्तै सोही उपलक्ष्यमा प्रथम अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन आयोजना गरियो । यो नइकै सक्रियतामा संयोजित कार्यक्रम थियो । यस समयमा अनेक महत्त्वपूर्ण ग्रन्थहरू प्रकाशन गरिए । तीमध्ये मेरो सम्पादनमा 'मुनामदन समालोचना' पनि प्रकाशनमा आयो ।

त्रिमूर्ति निकेतन अन्वेषक घटराज भट्टराई, नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईको परिकल्पनामा संस्थापित राष्ट्रिय स्तरको महत्त्वपूर्ण साहित्यिक संस्था हो । यसको गर्भमा नइ प्रकाशनकै मुख्य योजना र कार्यान्वयनका सन्दर्भहरू रहने गरेका छन् । त्रिमूर्तिको जन्मउत्सव मनाउनु, पदक पुरस्कार सम्मान समर्पण गर्नु तथा अनेक उपलब्धिमूलक ग्रन्थ प्रकाशनमा ल्याउनु यस निकेतनका मूलभूत कार्यहरू हुन् ।

प्रथम अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलनपश्चात् विश्वनारी नेपाली साहित्य सम्मेलन पनि यस निकेतनले आयोजना गऱ्यो । त्यस अवसरमा डा.वानीरा गिरीलाई नेपाली साहित्यका 'विश्वनारी रत्न' उपाधि प्रदान गरियो । नेपाली साहित्यमा सर्वप्रथम

विद्यावारिधि गर्ने नारी प्रतिभा डा.वानीरा गिरीलाई उक्त अवसरमा पाँच लाख रुपियाँ राशिसमेत समर्पण गरिएको थियो । अन्य तीन सयभन्दा बढी नारी प्रतिभाहरूलाई विश्वनारी नेपाली साहित्य सम्मान तथा पदक प्रदान गरिएको थियो । त्यसपछि 'नेपाली साहित्य नारी रत्न' पुरस्कार पनि केही नारीस्रष्टाहरूलाई प्रदान गरियो ।

नइ प्रकाशनकै संयोजन र सक्रियतामा नेपाली साहित्यका अति आदरणीय प्रतिभाद्वय कविवर माधवप्रसाद घिमिरे तथा संस्कृतिविद् सत्यमोहन जोशीलाई राज्यपक्षबाट 'राष्ट्रकवि' तथा 'वाङ्मय शताब्दी पुरुष'को उपाधि प्रदान गरिएको थियो । साथै दुवै स्रष्टाको जीवनकालमै हुलाक टिकट प्रकाशनमा ल्याउने स्तुत्य कार्यसमेतमा नइ प्रकाशनको अग्रसरता रहेको स्वतः सिद्ध छ । नइकै सोचको परिणामस्वरूप नेपाली जगत्का अविस्मरणीय गायिका त्रय अरुणा लामा, तारादेवी तथा कोइलीदेवी र नेपाली आधुनिक सङ्गीतका शिखर नातिकाजीका जीवनगाथाहरू प्रकाशनमा आए । सुन्दर र आकर्षक साजसज्जामा बहुमूल्य ग्रन्थ सम्पादन तथा प्रकाशनमा नइ प्रकाशनले कीर्तिमान कायम गरेको छ । अनि लोकार्पण समारोह आयोजना गरेर तमाम सहभागीहरूलाई झोलाभरि पुस्तक उपहार प्रदान गर्न नइ प्रकाशनलाई कसैले उछिन्न सकेको पाइँदैन । नइका समारोहको व्यवस्थापन र भव्यताबारेमा सहभागीहरू सदैव प्रफुल्ल हुने गरेको पाइन्छ ।

नइ प्रकाशनले २०५६ सालमा मेरो दोस्रो महाकाव्य 'अनामिका' प्रकाशनमा ल्यायो । यस महाकाव्यले चितवनबाट 'कृष्णकुमारी गुरुङ स्मृति पुरस्कार' तथा विराटनगरबाट 'गेरुअम्बिका कोइराला स्मृति सम्मान' प्राप्त गऱ्यो । यसमार्फत मेरो कवित्वको उचाइ बढेको अनुभूति सँगाल्न म सक्षम बनेँ र यसको श्रेय नइ प्रकाशनलाई जान्छ । यस अतिरिक्त नइकै माध्यमबाट लेखनाथ पौड्याल पुरस्कार, देवकोटा शताब्दी स्वर्णपदक, सत्यमोहन जोशी शताब्दी पदक तथा नइ रजत पदक पनि मलाई प्राप्त भएका छन् । प्रखर राष्ट्रवादी चिन्तक तथा

साहित्यकार डा.मोदनाथ प्रश्रित लिखित एवं नइ प्रकाशनद्वारा संयोजित 'नेपालको एकीकरण र पृथ्वीनारायण शाह' तथा 'गणेशदुर्गा'जस्ता महत्त्वपूर्ण ग्रन्थको सम्पादन पनि मैले गरेको छु । यसरी विविध सन्दर्भमा नइ प्रकाशनसँग नजिकिने अवसर प्राप्त गरेर यसका उपयोगी गतिविधिहरूबारे सुपरिचित हुने मौका मलाई मिल्ने गरेको छ ।

नइ प्रकाशन एउटा गैरसरकारी संस्था हो । परन्तु यसका परिकल्पनाकार तथा संस्थापक दम्पती नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईको नेपाली वाङ्मय फाँटमा रहेको लामो समयको विशिष्ट योगदान सबैका लागि प्रेरणादायी रहँदै आएको वस्तुतथ्यलाई कसैले नकार्न सक्तैन । काम गर्ने सिलसिलामा आइपरेका अनेक गतिरोध र कठिनाइलाई सहजतापूर्वक पन्छाउँदै नइ प्रकाशन आफ्नो गन्तव्य यात्रामा अथक यात्रीका रूपमा कटिबद्ध रहिआएको देख्न पाइन्छ । महाभूकम्प, कोरोनाकहरजस्ता अप्रत्याशित प्रतिकूलताका सन्दर्भ तथा अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन समारोहको पूर्व सन्ध्यामा तत्कालीन प्रधानमन्त्रीले दिएको धोकाजस्ता कटु सत्यलाई नइ प्रकाशनले वरण गर्नुपरेकै हो । तर नेपाली भाषासाहित्यको समग्र उत्थान अर्थात् लेखन, प्रकाशन तथा संस्थागत गतिविधि गर्नमा नइ प्रकाशनको योगदान र प्रभाव सर्वोपरि रहिआएको छ भन्दा फरक पर्दैन । नइ प्रकाशनअन्तर्गत नै असङ्ख्य पुरस्कार तथा सम्मान संस्थापित रहेका छन् ।

नइ प्रकाशनजस्तो अत्यन्त महत्त्वपूर्ण संस्था स्थापना तथा सञ्चालन गर्ने आदर्श दम्पती नइ प्रसाईका बारेमा सङ्क्षिप्त परिचयात्मक सन्दर्भ उल्लेख गर्नु समीचीन छ । यो जोडीको चिन्तन, चेतना र सक्रियता नेपाली वाङ्मयका लागि वरदान साबित भएको छ । त्रिमूर्ति निकेतनलगायतका संस्थाका अध्यक्षका रूपमा इन्दिरा प्रसाई तथा सदस्यसचिवका रूपमा नरेन्द्रराज प्रसाईको भूमिका सदैव अग्रगण्य र प्रभावशाली रहने गरेको छ । मूलतः जीवनीलेखन तथा कविता, गीत, समालोचना, निबन्ध सृजनामा आफ्नो मौलिक पहिचान

कायम गर्न सफल साहित्यकार नरेन्द्रराज प्रसाईका साढे सात दर्जन अधिक कृतिहरू प्रकाशनमा आएका छन् । सृजना र सम्पादन (ग्रन्थ तथा पत्रिका)मा उत्तिकै सक्रिय रहने प्रसाईको साहित्यिक साङ्गठनिक गतिविधि तीव्र रूपमा अघि बढेको पाइन्छ । आफ्नो विचारगत सृजनयात्रालाई निरन्तरता दिँदै अन्य साहित्यकार, कलाकार, पत्रकारहरूका समयसापेक्ष योगदानको मूल्याङ्कन र कदर गरी पुस्तक लेखन र प्रकाशन गर्दै समाजमा दीर्घकालीन छाप छोड्न सक्षम साहित्यकार नरेन्द्रराज प्रसाई निरन्तर आफ्नो विचार र व्यवहारमा प्रतिबद्ध रहने अत्यन्त क्रियाशील स्रष्टाको छवि निर्माणमा सफल बनेको पाइन्छ ।

नेपाली कथा, उपन्यास, कविताकाव्य, जीवनीमूलक निबन्ध एवं संस्मरणलेखनमा सक्रिय रही सशक्त नारी हस्ताक्षरका रूपमा सुपरिचित स्रष्टा इन्दिरा प्रसाई प्राध्यापन र साहित्य सृजनामा उत्तिकै सक्रिय बनेको पाइन्छ । विविध विधाका आधा सय अधिक कृतिहरू प्रकाशनमा ल्याएर आफ्नो लेखकीय व्यक्तित्वलाई सृजना र सम्पादनका माध्यमबाट नेपाली साहित्यवृत्तमा स्थापित गराउने प्रसाईको लेखनमा समकालीनताको प्रस्ट छाप भेटिन्छ । साहित्यिक सङ्गठनमा विराटनगरमा रहँदैदेखि क्रियाशील रहेर काठमाडौँ आएपछिका तत्सम्बन्धी सृजनात्मक एवं सङ्गठनात्मक गतिविधिलाई तीव्रता दिनमा स्रष्टा इन्दिरा प्रसाईको भूमिका वर्णनातीत रहिआएको छ ।

निजी स्तरमा संस्थापित नइ प्रकाशन मुनाफारहित सेवामूलक जीवन्त संस्थाका रूपमा सुपरिचित रहिआएको छ । यसले आफ्ना बहुपक्षीय गतिविधिहरूलाई अनवरत रूपमा सञ्चालन गर्दै आएको छ । एक चौथाइ शताब्दी अत्यन्त फलदायी बनाएर अघि बढेको नइ प्रकाशन अब आफ्नो स्वर्णजयन्ती महोत्सव यात्रामा सकुशल र उपलब्धिमूलक बनेर तन्मय रहोस् । नइले आफ्ना परम लक्ष्यहरूलाई निर्बाध रूपमा सफल र सार्थक बनाउन सकोस् ।

# दरिलो र बलियो लौरो

## शोभा काफ्ले खतिवडा

नेपाली वाङ्मय क्षेत्रका स्रष्टा भनेपछि तिनको पछि लाग्नु नइ प्रकाशनले आफ्नो कर्म ठानेको छ । त्यस्तै विविध र विशेष प्रतिभाशाली गैरस्रष्टालाई समेत समेटेर तिनको उच्च मूल्याङ्कन गर्न नइ प्रकाशन चुकेको देखिएन । प्रतिभाशाली व्यक्तिको क्षमतालाई फुलाउने, फलाउने र फैलाउने काम गर्ने संस्थाको नाम नइ प्रकाशन भएको छ । नइ स्वयम् पनि नेपाली भाषासाहित्यको उन्नयनको पाटो समातेर लेख्तै हिँडेका व्यक्तित्व हुन् । साहित्यिक योगदान गर्नका निम्ति नइ कम्मर कसेरै लागेको देखिन्छ ।



ज्ञान र क्षमता भएर पनि शब्दद्वारा पोखिन डराएका र मनका भाव अभिव्यक्त गर्न धरमराएकाहरूलाई हौसला, प्रेरणा र स्नेह दिएर नइले बाटो बनाइदिन्छ । यसै कारण आज बाटो खोजेका हातहरूलाई दर्बिलो तवरले हौसला र ऊर्जा दिएर उभ्याउने संस्था नै भएको छ– नइ । मान्छेलाई साहित्यिक यात्रामा अजर र अमर बनाउनका लागि एउटा दरिलो र बलियो आडरूपी लौरो पनि नइ नै भएको छ । विविध तरिकाले कठिन अवस्थामा परेका स्रष्टा या प्रतिभाका लागि जन्तरको काम गर्ने नइसँग म पनि साँगी लागेर हिँडिरहेकी छु र

जानी नजानी केही लेखिरहेकी पनि छु । अढाई दशकअघिदेखि नै मैले नइका सर्वत्र कार्य देख्दै आएकी छु र नै म हृदयबाटै भन्न सक्छु– 'नइ यो देशको पुँजी हो ।'

नेपालभर छरिएर रहेका हरेक व्यक्ति या लेखकलाई सकेसम्म सहभागी गराई नेपाली वाङ्मयको इतिहासमा उचित र समान अवसर दिलाउन हरदम प्रयत्न गरिरहने नइको अग्राक्षरबाट निर्मित एउटा सुन्दर पहिचान नइ प्रकाशन भएको छ । नइ भनेको नइ प्रकाशन मात्र नभएर त्रिमूर्ति निकेतन र राष्ट्रकविका व्यक्तित्व प्रकाशित गर्दै, वाङ्मय शताब्दी पुरुषको जीवनलाई देशकै उच्च सम्मान दिलाउँदै र नेपाली साहित्यका विश्वनारी रत्नको नाममा स्थापित वानीरा फाउन्डेसनलाई जीवन्त बनाउन रातदिन खटिरहने चमत्कारी तत्त्वको नाम भएको छ ।

राष्ट्रकविको नइसितको आस्था र विश्वास प्रशस्तै थियो । म धेरै पटक राष्ट्रकविका घर गएकी थिएँ । स्कुलको कामले पनि म पटकपटक उहाँलाई भेट्न जाने गर्थें । शैक्षिक सामग्रीको रूपमा समेत व्यावहारिक ज्ञान प्रयोगका लागि पनि म उहाँका घरमा विद्यार्थी लिएर पुगेकी थिएँ । उहाँद्वारा लिखित कक्षा दसको पाठ्यक्रममा रहेको 'वैशाख' कविता पढेपछि विद्यार्थीहरूले पनि भेट्न जान मन गरेका थिए । त्यसैले एक सय बीस जना विद्यार्थी लिएर मेरी सखी सुमन शर्मासहित हामी राष्ट्रकविका घर पुगेका थियौँ ।

राष्ट्रकविसमक्ष 'कक्षा दसका भाइबहिनीहरूलाई हजुरबाट लेखिएको 'वैशाख' कविता मैले पढाइसकेँ र यस पाठको अभ्यास पनि सकिएपछि शिक्षण सामग्रीको रूपमा भेट गराउन यहाँ ल्याएकी हुँ' भनेँ । मेरा कुरा सुनेपछि उहाँ झनै खुसी हुनुभयो । त्यस दिन उहाँले मलाई 'वैशाख' कविता तीन पटक वाचन गर्न लगाउनुभयो । मैले वाचन गरिसकेपछि उहाँले भन्नुभयो– 'कति राम्रोसित वाचन

गऱ्यौ, म पनि साथै गर्छु' भनेर वाचन गर्नुभयो । हाम्रो वाचनको कार्यक्रम सकिएपछि विद्यार्थीहरूलाई सुनाउँदै उहाँले 'यति असल गुरुआमा भेटाउने तिमीहरू साह्रै भाग्यमानी रहेछौ' भनेर मेरो बयान गर्नुभयो ।

विद्यार्थीसित राष्ट्रकविले भेट मात्र गर्नु भएन, उहाँले सबैलाई केही सोध्ने र आफूले केही भन्ने काम पनि गर्नुभयो । अन्तिममा सबैसँग पालैपालो गरेर तस्बिर पनि खिचाउनुभयो । त्यस दिन हामीसित उहाँ करिब तीन घण्टा गफिनुभयो । अनि विद्यार्थीहरूलाई हामीले स्कुल पठायौँ र हामी दुवै अझै उहाँकै अनुरोधमा गफ सुन्न बसेका थियौँ । त्यस दिन उहाँलाई नेपाली सेनाले कर्नेलको पदले सम्मानित गर्ने दिन पनि रहेछ ।

राष्ट्रकविले सुमन शर्मा र मलाई उहाँले पाउनुभएको पुरस्कार र सम्मान राखिएको कोठाहरूमा लानुभएको थियो । उहाँले आफ्ना सम्मान र पुरस्कारका ताम्रपत्र देखाउँदादेखाउँदै सुमन शर्माले भने मेरो आइप्याडमा भिडियो खिच्दै हुनुहुन्थ्यो । त्यतिखेर राष्ट्रकविले सबै सम्मान र उपहार देखाउँदै भन्नुभयो– 'के गर्नु र ! म मरेपछि मेरा यी सामानको जतन कसले गरिदेला ?' त्यसपछि उहाँलाई मैले भनेकी थिएँ– 'नइदम्पती छँदै छन् नि !' मेरा कुरा सुनेर राष्ट्रकवि धेरै भावुक हुनुभयो र भन्नुभयो– 'नइलाई मैले चित्त दुखाएँ, नत्र उनीहरूले जत्तिको जतन र सम्मान मेरा सामानको राज्यले पनि गरिदिँदैन ।' त्यस समय एकछिन हामी मौन नै बसेका थियौँ । त्यसै प्रसङ्गमा मैले कुरा झिकेँ– 'हजुरले के कुरामा चित्त दुखाइस्यो ?' मैले यसो भन्दा उहाँले भन्नुभयो– 'छ नानी धेरै कुरा ! जुन मैले मानिस नचिनेर उः बेलामा गरेको गल्ती हो; पछि मलाई पछुतो भयो ।' उहाँका कुरा सुनेपछि मैले पनि 'नइको हृदय समुद्रजस्तो छ, म हजुरका कुरा सुनाउँछु' भनेँ । साथै सुमन शर्माले पनि भन्नुभयो– 'शोभा म्यामले सबै सुनाइसिन्छ बुबा !' राष्ट्रकविले लामो सास

तानेर बोल्नुभयो– 'खै ! गर्लान् त मेरा सामानको जतन र सम्मान ? उनीहरूबाटै म राष्ट्रकवि भएथेँ । धेरैले उनीहरूको विरोध गरे, म पनि नइबाट टाढा हुन थालेँ तर उनीहरू नै ठीक रहेछन् । अरू मुखका थिए, नइ कामका हुँदै हुन् । पहिलापहिला त म पनि नइगृह जान्थेँ र उनीहरू पनि बराबर यता आउँथे । तर धेरै भयो, यतिका वर्षसम्म नइसँग मेरो भेटघाटै छैन ।'

राष्ट्रकविमा नइप्रतिको कत्रो आशा, भरोसा र विश्वास रहेछ । यो थाहा पाएर सुमन शर्मा र म छक्क परेका थियौँ । मैले उहाँलाई भनेकी थिएँ– 'बुबा ! नरेन्द्रराज प्रसाईलाई म भिनाजु भन्छु नि ! भिनाजुलाई हजुरका कुरा म आजै जस्ताको तस्तै सुनाउँछु ।' अनि घर पुग्नेबित्तिकै नरेन्द्रराज प्रसाईलाई मैले सबै कुरा सुनाएँ पनि । तर मेरा कुरा सुन्नेबित्तिकै उहाँले अलि रिसाएर भन्नुभयो– 'काठाले यसो पो भने । काठाको म नोकर हुँ ?' नरेन्द्रराज प्रसाईलाई मैले भनेकी थिएँ– 'हजुरले चित्त नदुखाइस्योस्, उहाँको शताब्दी मनाउने सिलसिलाको कुरा गर्न पनि उहाँलाई छिट्टै भेट्न पनि गैस्योस् ।' तर नरेन्द्रराज प्रसाईले मलाई भन्नुभयो– 'काठाको कुरा नगर साली !'

अन्तत: राष्ट्रकविको सय वर्ष मनाउन नइ नगई के हुन्थ्यो र ? राष्ट्रकविकी जेठी छोरी शान्ति अधिकारी नइगृहमा पुगेपछि नइसँग केके सर्तनाम भयो कुन्नि ! त्यसको पर्सिपल्टै 'नइले मलाई राष्ट्रकवि बनायो; नइ नभए राज्यबाट म कसरी राष्ट्रकवि हुन्थेँ ?' भनेर 'गोरखापत्र'लगायत अरू पत्रपत्रिका र एभिन्युज टेलिभिजनमा उहाँले अन्तर्वार्ता दिनुभएको थियो । त्यसपछि नइको पनि मन माझिएको कुरा बुझियो । राष्ट्रकविको सय वर्षको शुभकामना प्रदान गर्ने कार्यक्रममा शुभेच्छा चढाउन र भोज खान नइदम्पती लैनचौरको एउटा भोजनालयमा गएको पनि देखियो । त्यसपछि नइकै सम्पादनमा 'राष्ट्रकविको सय वर्ष'नामक भव्य ग्रन्थ नइ प्रकाशनले छापेको पनि देखियो ।

# पाँच वर्ष ग्रेस पाएर म शताब्दी पुरुष भएँ

**डा.सत्यमोहन जोशी**

**(वाङ्मय शताब्दी पुरुष)**

म नब्बे वर्ष लागेको बेला नरेन्द्रराज प्रसाईले मेरो जीवनी लेख्न थालेका थिए । केही वर्षपछि 'शताब्दी पुरुष सत्यमोहन जोशी'नामक जीवनीकृतिमा भूमिका लेख्नका निम्ति उनले पाण्डुलिपि ल्याएर मलाई दिएका थिए । 'शताब्दी पुरुष' देखेपछि मैले भूमिका लेख्नका निम्ति आँट गरिनँ र 'यस्तो शब्द प्रयोग गर्न हुँदैन' भनेर आपत्ति जनाएको थिएँ– 'तपाईं मलाई शताब्दी पुरुष भनेर लेख्नुहुन्छ; तपाईं र मलाई अरूले गिल्ला गर्छन् । भो, यस्तो उपाधि मलाई नदिनुस् ।' नरेन्द्रराज प्रसाईले तत्कालै जबाफ फर्काएर भनेका थिए– 'तपाईंको उमेरलाई मात्र मैले शताब्दी पुरुष भनेको होइन, यस शताब्दीकै पूर्ण वाङ्मयिक जीवित व्यक्तित्वको पनि यसले अर्थ राख्दछ । मैले तपाईंलाई शताब्दी पुरुष लेखि नै सकें । अब तपाईंले नाइँनास्ति गर्न मिल्दैन । उमेरकै हिसाबमा पनि पाँचै वर्षमा त तपाईंले शताब्दी वय पनि टेकिहाल्नुहुन्छ नि !' प्रसाईले शताब्दी पुरुष जबरजस्ती थमाइदिएपछि मनमनै मलाई हाँसो पनि उठेको थियो । त्यतिखेर उनको स्वभाव मलाई केटाकेटीको



जस्तै हठी मिजासको लाग्यो । उनकी दुलही इन्दिरा प्रसाई पनि यसबारे ढिपीवाल नै रहिछिन् । दुवैले दुईतिरबाट 'तपाईं हाम्रो शताब्दी पुरुष हो' भनेर चेपेपछि मैले बोल्ने ठाउँ पनि रहेन, मैले मौन बस्न नै निको ठानेँ । जुनसुकै समारोहहरूमा पनि उनीहरू दुवै जनाले मलाई 'शताब्दी पुरुष' भन्न छाडेनन् र मैले उनीहरूको त्यस कुराको खण्डन गर्न पनि बिस्तारै छोडिदिएँ । 'राम्रो विद्यार्थीलाई पाँच नम्बर ग्रेस दिएर पास गराएझैँ मैले पाँच नम्बर ग्रेस पाएँ' भन्ने ठानेँ र स्विकारेँ ।

नरेन्द्रराज प्रसाईले मलाई दिएको पाण्डुलिपि पढ्दै जाँदा त्यो कृति त मेरो जीवनको साङ्गोपाङ्गो 'एक्सरेजस्तै' लाग्यो । 'म यो नै हुँ' भन्ने यस कृतिले मलाई प्रस्ट रूपमा देखाएको रहेछ र यस व्यहोराले मलाई खुसीको सीमा रहेन । एक वर्षसम्म घरमै ओर्काईफर्काई गरेर त्यो पाण्डुलिपि राखेपछि मैले भूमिका लेखेर नरेन्द्रराज प्रसाईलाई दिएको थिएँ ।

नइ जोडीले मलाई शताब्दी पुरुष बनाए । नइबाटै स्थापित त्रिमूर्ति निकेतनबाट प्रा.डा.उषा ठाकुरको संयोजकत्वमा 'सत्यमोहन जोशी शताब्दी महोत्सव' भनेर समितिसमेत खडा गरिएको थियो । त्यहाँबाट मैले २०७१ साल मङ्सिर १५ गते पन्चान्नब्बे वर्षको उमेरमा नै 'शताब्दी पुरुष'को उपाधिसँगसँगै पाँच लाख रुपियाँ राशिको दाम पनि पाएँ । नइमार्फत पच्चिसवटा राष्ट्रमा समेत 'सत्यमोहन जोशी शताब्दी महोत्सव' गठन भएको थियो । यसको प्रधान सचिवालय त्रिमूर्ति निकेतनको आयोजनामा देशविदेशमा रहेका दुई सय पचासी जना विविध क्षेत्रका महानुभावहरूलाई मेरा हातबाट मैले 'सत्यमोहन जोशी शताब्दी पदक' र मेरै हस्ताक्षर रहेको प्रमाणपत्र प्रदान गर्न पाएको थिएँ ।

नइकै पहलमा नेपाल सरकारले मलाई 'वाङ्मय शताब्दी पुरुष' घोषणा गऱ्यो । सबैप्रति म कृतकृत्य भएँ, सबैप्रति मैले आभार

प्रकट गरें । मेरो जीवनको उत्तरार्धमा यसरी सम्मानित हुन पाउनु मेरो ठूलो भाग्य हो भन्ने मैले ठानें ।

म 'वाङ्मय शताब्दी पुरुष' भएँ, नइ र त्रिमूर्ति निकेतनले गरेको यो कदर मेरो मात्र कदर होइन, यो त नेपाली भाषा र साहित्यको पनि कदर र सम्मान हो । साँचो अर्थमा हाम्रो नेपाल सानो मुलुक होइन । सगरमाथाले सुशोभित यो देशमा त साहित्य क्षेत्रमा पनि चमत्कार हुँदो रहेछ भन्ने देखियो । विश्वमा कतै 'वाङ्मय शताब्दी पुरुष' पाइँदैन तर यो देशले 'वाङ्मय शताब्दी पुरुष' पायो । 'शताब्दी पुरुष' कुनै देशको भाषा र साहित्यमा पाइँदैन, यो नेपालमा मात्र पाइन्छ । नेपाली शब्दकोशमै 'वाङ्मय शताब्दी पुरुष' भनेर एउटा नयाँ शब्दावली आयो ।

•

मैले शताब्दी पुरुषको सम्मान थापेको एक हप्तापछि अथवा २०७१ साल मङ्सिर २२ गते मेरो फोक्सोमा पानी जमेर मलाई धेरै कष्ट हुन थालेको थियो । त्यसपछि म वयोधा अस्पतालमा भर्ना भएँ र मृत्युशय्यामा नै पुगेको थिएँ । अब मेरो दिन पुग्यो भन्ने मलाई लागिरहेको थियो । म बिरामी भएको थाहा पाई नइदम्पती राति नै अस्पताल आइपुगे । मेरै अगाडि उभिएर नरेन्द्रराज प्रसाईले उपप्रधानमन्त्री वामदेव गौतमलाई फोन गरेर 'उहाँलाई जसरी भए पनि बचाउनुपर्छ' भनेको आधा घण्टामा उपप्रधानमन्त्री वामदेव गौतम अस्पताल आइपुगे । तुरुन्तै मलाई जनरल वार्डबाट स्पेसल क्याबिनमा सार्न उनले व्यवस्थापनलाई अह्राए । त्यसपछि मेरो उपचारका लागि मैले सोचेको भन्दा राम्रो व्यवस्था भएको थियो । त्यस बेला म सैँतिस दिन त्यस अस्पतालमा बसेको थिएँ ।

मेरो उपचारका लागि सम्पूर्ण खर्च सरकारले बेहोरिदियो र मैले पुनर्जन्म पाएँ । त्यसैले मैले नइ र त्रिमूर्ति निकेतनलाई जति धन्यवाद दिए पनि पुग्दैन । यी दुवै संस्था मेरो जीवनका लागि

वरदानसिद्ध भए । मैले 'शताब्दी पुरुषको उपाधि नपाएको भए म मरिसक्थेँ होला । यो उपाधि मेरै जीवन बचाइराख्नका लागि सिर्जना भएको हो कि जस्तो लागिरहेछ ।

नइको सारा कामको म के बयान गरौँ ? नइले कति काम गरेको छ भनेर भनिसाध्य छैन । जनस्तरको संस्था भएर पनि नइ प्रकाशन नेपाली साहित्यकारहरूको मेरुदण्ड साबित भइसकेको छ । नइ प्रकाशनको प्रगति अभिलेख हेर्‍यो भने 'यस पच्चिस वर्षमा नइ प्रकाशनले के गरेन ?' भन्नुपर्ने हुन्छ । नइ प्रकाशनको रजत महोत्सवको संयोजक मलाई मनोनीत गरियो । नेपाली भाषासाहित्यका लागि मरिमेट्ने वाङ्मयिक संस्थाको रजत महोत्सवको संयोजक हुन पाउँदा मलाई गौरव लागेको छ ।

त्रिमूर्ति निकेतन नइले बनायो, नइ नभए त्रिमूर्ति निकेतन बन्ने थिएन । नइले सोचेपछि जेजस्तो काम पनि हुँदो रहेछ । कसैले नसोचेको, कसैले आँट नगरेको त्रिमूर्ति निकेतनको स्थापना भयो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको छेउमा रहेको त्यस्तो ओहोरदोहोर हुने प्रचलित ठाउँमा त्रिमूर्तिलाई ठिङ्ग उभ्याइराख्न सक्ने नइलाई के भन्ने ? नइ जोडी यस युगकै चमत्कारी दम्पती हुन् ।

नइ प्रकाशन र त्रिमूर्ति निकेतन चम्किने कारण अर्को पनि छ– नइका सबै परिवार नै यी संस्थामा लागेका छन् । देखावटी मात्र लागेका होइनन्, लगनशील भएर राम्ररी भिजेका छन् । यसरी सारा जीवन अर्पित गरेर साहित्यमा लाग्ने नेपालमा अरू कोही छन् र ? नइजस्तो खटेर अहोरात्र काम गर्ने मान्छे मैले कोही देखेको छैन ।

त्रिमूर्ति निकेतन तथा नइ प्रकाशनबाट उच्चस्तरीय कृति प्रकाशित हुनु, यति बिघ्न सांस्कृतिक प्रवर्धन र प्राज्ञिक कार्य हुनु आश्चर्यको कुरा हो । यस क्षेत्रमा नइले नियमित रूपमा व्यवस्थित ढङ्गले काम गरेको छ । नइ र त्रिमूर्ति निकेतनबाट राष्ट्रकै इज्जत बढाउने काम भइरहेको छ ।

नेपाल सरकारले नइ प्रकाशन र त्रिमूर्ति निकेतनकै सहकार्यमा आदिकवि भानुभक्त आचार्यको दुई सय वर्षको महोत्सव भव्य रूपमा मनाएको सर्वविदितै छ । नेपाली साहित्यकार र कलाकारहरू संसारभरि को, कहाँ, कसो गरी बसेका छन् भन्ने तथ्याङ्क अरू कसैसित छैन र नेपालका कुनै प्रज्ञाप्रतिष्ठानहरूमा पनि छैन । नइ र त्रिमूर्ति निकेतनले कोको प्रतिभा संसारभरि कहाँकहाँ छन् भनेर अभिलेख राखेको छ । यस्तो तथ्य केवल नइ प्रकाशन र त्रिमूर्ति निकेतनमा मात्र पाइन्छ । नइ अब साहित्य क्षेत्रको एक प्रकारको अभिलेखालयजस्तै भइसकेको छ ।

झन्नै दुई सय वर्षजतिअघिको ललितत्रिपुरसुन्दरीको 'राजधर्म' लेखकको नाम किटान गरेर तस्बिरसमेत राखी नइ प्रकाशनले नै प्रकाशनमा ल्यायो । त्यस विशाल ग्रन्थको मैले लोकार्पण गर्ने सौभाग्य पाएको थिएँ । नइ प्रकाशनको अर्को धार्मिक ग्रन्थ 'श्रीस्वस्थानी व्रतकथा' मैले मेरै घरपरिसरमा आयोजित समारोहमा लोकार्पण गर्ने अवसर पाएँ । मेरा पिता शङ्करराज जोशीले १९९५ सालमा आफ्नो मातृभाषा र आफ्नै स्वहस्ताक्षरमा स्वस्थानी ग्रन्थ उतार्नुभएको थियो । त्यस दिनको समारोहमा स्वहस्ताक्षरको उक्त स्वस्थानी ग्रन्थ सबैका सामु मैले देखाउने मौका पाएको थिएँ, त्यति बेला म साह्रै गौरवान्वित भएको थिएँ । प्रत्येक वर्ष एक महिना पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म हामी त्यही स्वस्थानी नै पाठ गर्दै आइरहेकै छौँ ।

साढे चार सय वर्षअघि नेपाली भाषामा आएपछि स्वस्थानी लोकप्रिय हुन थाल्यो र छाप्दै, बेच्दै जान थालेपछि यसमा अशुद्धिको मात्रा बढ्दै गयो । डा.कञ्चनजङ्घा प्रसाईको सम्पादनमा 'श्रीस्वस्थानी व्रतकथा' आउनुअघि श्रद्धालुले प्राय: अशुद्ध स्वस्थानी नै पढ्दै आएको देखिन्छ ।

नइ प्रकाशन भन्नेबित्तिकै अरूहरूले पत्रपत्रिका र कितापहरू मात्र निकाल्ने संस्था भनेर सोचेका होलान् । तर नइ प्रकाशनको

कुराचाहिँ अर्कै छ । देशभित्रका विद्वान्विदुषी अगाडि ल्याउने कामका अतिरिक्त, कसैले थाहा नपाएका या ओझेलमा परेका प्रतिभालाई खोज्ने काम नइले अनेक तरहले गर्दै आएको छ । नइले हराएका र हराउन आँटेका प्रतिभालाई टपक्कै टिपेर ल्याउने काम गरेको छ । नइले शिशुदेखि एक सय दुई वर्षको म बूढोलाई समेत एकै थलोमा राख्ने काम गरेको छ । विविध क्षेत्रका प्रतिभा खोजीखोजी ल्याउने, देखाउने, सम्मान गर्ने काम नइ प्रकाशनभन्दा अर्को कुन संस्थाले गर्दै आएको छ र ? नइले गरेको कामले गर्दा नै 'नइ' भन्ने शब्द अब जनस्तरमा लोकप्रिय भइसकेको छ ।

नइ प्रकाशनले सारा नेपालीहरूको सांस्कृतिक विविधतालाई राष्ट्रिय एकतामा बाँध्ने कामसमेत गरेको छ र त्यसले गर्दा हाम्रो राष्ट्रिय उपलब्धि भएको छ । यदि नइले उत्खनन नगरेको भए ललितत्रिपुरसुन्दरी, सेतुरामलगायत यस किसिमका विभूति अरू पनि कता पुग्थे भनिसाध्य छैन । यो कुरा सरकारमा बस्ने सम्बन्धितहरूले र प्रज्ञाप्रतिष्ठानहरूले सोचेका होलान् र ? सोचेका भएदेखि विभूतिहरूको मानक जीवनी र तस्बिर नइले नै मात्रै निकालिरहनुपर्ने थिएन । सम्बन्धित प्रज्ञाप्रतिष्ठान या एकेडेमीहरूले खोजीनिती गर्नुपर्ने इत्यादि काम नइ प्रकाशनले गर्दै आएको छ । अरूहरूले पनि यसरी काम गरे हुन्थ्यो नि !

अहिलेसम्म नइको जोडा कतै देखिएका छैनन् । यसको बेग्लै अस्तित्व कायम भइसकेको छ र इतिहासमा यसले आफ्नो अस्तित्व राखेको छ । नइले सीमित स्रोतमा आफ्नै नयाँ बाटो खोल्यो र अलग धारमा काम गऱ्यो । नइदम्पतीको उद्देश्य, दृष्टिकोण या सम्यक् दृष्टि अथवा मिसनका कारण नइले आज अन्तर्राष्ट्रिय प्रतिष्ठा कमाएको छ । नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाई साहित्यकार मात्र होइनन् उनीहरू साहित्यका विशेष अभियन्ता हुन् । साथै उनीहरू साहित्यिक अभियन्ता मात्र नभएर नेपाली साहित्यजगत्का दूत पनि हुन् ।

नेपाली भाषासाहित्यको विकासमा टेवा पुऱ्याउने क्रममा केवल देशभित्रका नेपालीहरूलाई मात्र होइन देशबाहिर गएर पनि नइले प्रतिभाको उत्तिकै सम्मान गरिरहेको छ । नइले प्रदान गर्ने गरेको पुरस्कार र राशिको मात्र हिसाब नगरौँ, यो मिसन नै अति ठूलो कुरा हो । उदाहरणका लागि विदेशबाट नइ पुरस्कार लिन विद्वान्विदुषीहरू नेपाल आउँछन् र नेपालको सम्मान बोकेर जान्छन् । नइ प्रकाशनको कत्रो ठूलो दृष्टिकोण छ भन्ने कुरा यसले नेपालप्रति र नेपाली साहित्यप्रति समर्पित विदेशी प्राज्ञहरूलाई छानीछानी ल्याएर पुरस्कृत गर्छ ।

नइ प्रकाशन नभएको भए मजस्तो मान्छे यसरी बाँचेर हिँड्न सक्तैनथेँ । नइ प्रकाशनले मलाई शताब्दी पुरुष बनाएको हुँदा उनीहरूको इज्जत राख्नै पनि मैले एक सय वर्ष त बाँच्नुपर्छ भन्ने लाग्थ्यो । योग अभ्यास गरेर होस् या मन्त्र जपेर होस् या दवाईपानी गरेर होस्, जुनसुकै तरिकाले भए पनि नइदम्पतीको प्रेरणाले अहिले मैले एक सय तीन वर्ष छोइसकेको पनि छु । पन्चान्नब्बे वर्षैदेखि म एक सय वर्ष कसरी बाँचूँ, सय वर्ष कसरी कटाऊँ, मेरो स्वास्थ्यले साथ दिन्छ कि दिँदैन भन्ने मलाई त्राहिमाम् थियो । तर नइका लागि मैले नबाँची हुँदैन भनेर इच्छाशक्ति बढाउँदै गएँ र यहाँसम्म म आइपुगेको पनि छु ।

नइ प्रकाशनले नेपाली वाङ्मयका क्षेत्रमा पच्चिस वर्ष उल्लेखनीय काम गरिसकेको छ र त्यसको फलस्वरूप 'रजत महोत्सव' धूमधामले मनायो । यो नइको मात्र विजय होइन हामी भाषासेवीको पनि जित हो । नेपाली भाषाको विकासक्रममा नइ प्रकाशनले ज्यादै ठूलो महत्त्व राख्यो जुन तथ्य खोजेर पनि अन्त पाइँदैन । सबैले एउटाएउटा त काम गरेका होलान् तर यसरी विविध क्षेत्रमा र बृहत् रूपमा नेपाली वाङ्मयको काम गर्ने एउटा मात्र संस्था नइ प्रकाशन नै हो । सरकारका पनि प्रज्ञाप्रतिष्ठान त छन् तर यसरी अभूतपूर्व रूपमा काम नै गर्नेचाहिँ नइ प्रकाशन र त्रिमूर्ति निकेतन मात्र

देखिएका छन् । नइले नयाँ पद्धति, नयाँ संस्कृति, नयाँ शैली र नयाँ मार्गको चित्र कोर्ने काम गरिरहेको छ । हाम्रा पुर्खाहरूलाई कसरी श्रद्धा गर्नुपर्छ भन्ने ज्ञानसमेत नइले अपनाएको छ । नइले आफ्नो कर्मभूमि, आफ्नो मातृभूमि, आफ्नो पितृभूमिका लागि जेजति गर्नुपर्छ त्यो सबै यो पच्चिस वर्षमा गरेर देखाइसकेको छ र अझै गर्दै अगाडि बढ्नेछ ।

नइ प्रकाशनले सम्मान, पुरस्कारको कार्यक्रम नियमित रूपमा गर्दै आइरहेको छ । यस संस्थाले पुरस्कार दिन कुनै साल बिराएको छैन । त्रिमूर्ति निकेतन र नइ प्रकाशन नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले सञ्चालन गरेको हुँदा दुवै संस्था एकभन्दा अर्का बलिया भएका छन् । साथै वानीरा फाउन्डेसन पनि नइकै जिम्मामा आइसकेको छ । यस संस्थाले पनि नेपाली साहित्यमा कीर्तिमान राख्छ भन्ने मैले आशा राखेको छु । वानीरा गिरीको जीवनकालमा म उनको घर गएको छु । वानीरा फाउन्डेसनका दाता र संस्थापक शङ्कर गिरीका कामसँग म धेरै प्रभावित छु, उनी ठूलो मन भएका व्यक्ति रहेछन् । श्रीमतीका लागि यसरी एकचित्त भएर लागिपर्ने मान्छे प्राय: हाम्रो समाजमा भेटिँदैनन् । धन भएर मात्र हुँदैन, शङ्कर गिरीको त मन पनि विशाल रहेछ ।

•

मितव्ययिता कसरी गर्नुपर्छ, कार्यक्रम कसरी सञ्चालन गर्नुपर्छ, साहित्यको विकास कसरी गर्नुपर्छ भन्ने कुरा नइ जोडीबाट सिक्नुपर्छ । नइले थोरै खर्चमा धेरै ठूलठूला कार्यक्रमहरू गरेका उदाहरणहरू छन् । नइकै योजनामा त्रिमूर्ति निकेतनले २०६६ सालमा ‘प्रथम अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन’ आयोजना गरेको थियो, जसको संयोजकको भूमिका मैले निर्वाह गरेको थिएँ । त्यस्तो भव्य कार्यक्रम नेपाली साहित्यजगत्मा न पहिला कहिल्यै भएको थियो न निकट भविष्यमा फेरि होला जस्तो छ । पाँच दिनसम्म निरन्तर

सञ्चालित त्यस सम्मेलनमा तेह्र राष्ट्रका प्राज्ञहरूको उपस्थिति थियो । बिहान आठ बजेदेखि बेलुका छ बजेसम्म त्यति ठूलो कार्यक्रमस्थल पनि खचाखच हुन्थ्यो । खाने, बस्ने सारा व्यवस्था थियो । २०७१ सालमा नइदम्पतीले आयोजना गरेको 'विश्वनारी नेपाली साहित्य सम्मेलन' पनि त्यस्तै भव्य किसिमको थियो । त्यस्ता कार्यक्रम फेरि होला या नहोला म भन्न सक्तिनँ । यस्ता कार्यक्रम गरेर नइले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको प्रतिष्ठा र महिमा बढाउने महत्त्वपूर्ण काम गरेको छ । २०६५–०६६ सालमा मोदनाथ प्रश्रितको संयोजकत्वमा 'महाकवि लक्ष्मीप्रसाद देवकोटा शताब्दी महोत्सव' मनाउने पनि नइ नै हुन् । त्यसै अवसरमा लक्ष्मीप्रसाद देवकोटाबारे एक दर्जन कृति प्रकाशनमा आए । लक्ष्मीप्रसाद देवकोटाको मानक जीवनी लेखेर नरेन्द्रराज प्रसाईले नेपाली साहित्यमा निकै ठूलो गुन लगाए ।

•

अरनिकोबारे नेपालमा एउटा सालिक भए पनि हुने भन्ने मेरो मनसाय थियो । नइको सक्रियतामा कलाकार मनुजबाबु मिश्रका घरपरिसर हर्मिताज, बौद्धमा अरनिकोको सालिक बन्यो र त्यसको उद्घाटन मैले गर्ने मौका पाएको थिएँ । मैले अरनिकोका बारेमा गरेका कामहरू पनि त्यही समारोहमा प्रदर्शन गरिएको थियो । नइले कतिकति नदेखिने अरू पनि काम गरेको छ होला । हामी हाम्रा सामुन्ने भएका कामहरू मात्र हेर्ने गर्छौं । तर अहिलेसम्म नइले जति काम गरेको छ ती कामहरू करोडौँ रुपियाँ खर्चेर पनि हुने काम भने होइनन् ।

२०७८ असोज २३ गते नइ प्रकाशनको रजत महोत्सवको पर्व थियो । म बिरामी भएर सुतेको थिएँ; पाँचछ दिनदेखि उठ्न सकेको पनि थिइनँ । अघिल्लो दिनदेखि मलाई १०३ डिग्री ज्वरो आएकाले समारोहमा जान सक्ने मेरो अवस्था थिएन । मैले बिहानै उठेर तीनवटा सिटामोल खाएँ र त्यस समारोहमा भाग लिन जाने

निधो गरेँ । म नै संयोजक भएको नइ रजत महोत्सवको समापन समारोहमा मैले जानु नै पर्ने थियो । मेरो ज्यान बचाउने संस्थामा म नगई छाडिनँ, गएँ । नेपाली साहित्यको औपचारिक तथा कुनै अरू समारोहमा त्यसपछि मैले भाग लिन भने सकिरहेको छैन ।

मेरो संयोजकत्वमा नइ रजत महोत्सव गठन हुनु, मेरै अध्यक्षतामा बसेको बैठकले महासमालोचकको उपाधिले विभूषित गरिने निर्णय हुनु र मेरै हातबाट महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीलाई यो उपाधि अर्पण गर्न पाउनु मेरा लागि गर्वकै विषय थियो । नइ रजत महोत्सवका अवसरमा डा.वासुदेव त्रिपाठीजस्ता मूर्धन्य साहित्यकारलाई पाँच लाख रुपियाँ राशिसहित 'महासमालोचक'को उपाधि प्रदान गर्न पाउँदा मलाई औधी खुसी लागेको थियो । साथै त्यसै भव्य समारोहमा स्वदेश तथा विदेशका चार सय दस जना विभिन्न क्षेत्रका महानुभावहरूलाई 'नइ रजत महोत्सव पदक' प्रदान गर्न पाएको खुसीयाली त हुने नै भयो । विगतदेखि नै नइका नियमित पुरस्कार मैले प्रमुख अतिथि भएर प्रदान गर्दै आएको थिएँ । म दोहोऱ्याएर यति भन्छु– 'नइले जैँ अरू कुनै साहित्यिक संस्थाले यति व्यापक र निष्पक्ष रूपमा काम गरेको कसैले देखाउन सक्तैन ।'

नेपाली भाषासाहित्यको राष्ट्रिय र अन्तर्राष्ट्रिय विस्तारको विकासक्रममा नइ प्रकाशनको भूमिका विशिष्ट कोटिको रहिआएको छ । नेपाली साहित्यिक सङ्घसंस्थाले गर्नुपर्ने र अरूको सोचमा नआएका धेरै नै कामहरू नइ प्रकाशनले गर्दै आएको छ । सरकारले बनाएका प्रज्ञाप्रतिष्ठानलाई समेत उछिनेर नइले नै सांस्कृतिक र साहित्यिक काम गरिरहेको छ ।

•

२०११ सालमा लेखनाथ पौड्यालको रथ तान्ने कुरो निधो भयो । म पाटनको नेवार भन्ने सबैलाई थाहा थियो । पाटनमा राम्रो

रथ बनाइन्छ भन्ने धेरैले सुनेका थिए र रथ बनाउने जिम्मा मलाई दिइएको थियो । प्रधानमन्त्री मातृकाप्रसाद कोइरालालगायत सारा नेपालका स्रष्टाको सहभागितामा रथ तानियो । रथले नगर परिक्रमा गरेपछि टुँडिखेलको खरीको बोटमा लेखनाथ पौडयाललाई सम्मान गरियो । कलकत्ताको ज्यादै लोकप्रिय पत्रिका 'स्टेटस्म्यान'मा रथ तानेको बेहोरालाई हाइलाइट गरेर सम्पादकीयसमेत लेखियो– 'दुनियाँमा कहीँ नभएको घटना घटेको छ, नेपालमा लेखकलाई रथमा राखेर नगर परिक्रमा गराई सम्मान गरियो ।' तर त्यस्तो ठूलो कुरा नेपालका पत्रपत्रिकामा भने लेखिएन । त्यति बेला सरकारका तर्फबाट लेखनाथ पौडयाललाई पाँच हजार रुपियाँ इनाम दिइएको थियो । त्यतिखेर नोटको चलन थिएन, थैलो ल्याएर लेखनाथ पौडयाललाई भेटी चढाइएको थियो । त्यस बेला लेखनाथ पौडयालले भाषणमा भनेका थिए– 'मलाई नेपाली साहित्य मन्दिर बनाउने ज्यादै ठूलो इच्छा छ । यो पैसा मैले त्यहीँ समर्पण गरेँ ।' त्यो बीजक रकम थियो र सोह्रखुट्टेमा रहेको लेखनाथ साहित्य सदन सोही रकमबाट बनेको हो । शताब्दी पुरुष भएपछि मलाई पनि रथ चढाएको सन्दर्भले मेरो भावना फेरि उही खरीकै बोटमा पुगेको मैले महसुस गरेँ ।

•

नइले मेरो व्यक्तिगत जीवनका लागि थप अरू पनि काम गरेको छ । मेरो शरीरको अङ्ग अरूलाई काम लाग्न सक्छ र मेरो दीर्घ जीवनका बारे विद्यार्थीहरूले अध्ययन गरून् भन्ने लागेर मैले मेरो भौतिक चोला दान दिने मनसाय राखेको थिएँ । मेरो र मेरी पत्नीको चोला सकिएपछि किस्ट मेडिकल कलेजलाई शरीर दानको घोषणा गर्न नइ प्रकाशनले एउटा समारोहको आयोजना गरिदियो । मेरो शरीर जलाएर, डढाएर या माटो बनाएर फाल्नुभन्दा स्वास्थ्य विज्ञानप्रविधिका क्षेत्रमा मेरो र मेरी पत्नीको शरीर अध्ययनका लागि काम लागोस् भन्ने मनसायले नइलाई अगाडि राखेर मैले किस्ट

मेडिकल कलेजलाई शरीर दानको औपचारिक घोषणा गरिदिएको छु । चिकित्साशास्त्रमा यो मेरो शरीर काम लाग्छ भन्ने मैले आशा राखेको छु ।

•

म शताब्दी पुरुष भएपछि मैले सोच्तै नसोचेका कुरा चारैतिरबाट मेरो उपर बर्सिन थाले । त्यसैअनुरूप राज्यबाट मेरा नाउँमा हुलाक टिकट र विभिन्न खाले मुद्राहरू प्रकाशनमा आए । यी सबै घटना नइले मलाई शताब्दी पुरुष बनाएपछिका मेरो जीवनको उत्तरार्धमा प्राप्त भएका सुनौला उपलब्धिहरू हुन्, जसले मेरो जीवन सार्थक भएको मैले महसुस गर्न पाएको छु ।

मेरो जीवनलाई ऊर्जा दिने काम नइ प्रकाशनले गरेको छ । म शताब्दी पुरुष भएँ, राष्ट्रले समेत मलाई वाङ्मय शताब्दी पुरुषको उपाधि सदर गरेर दिइसक्यो । अब मलाई अरू कुनै मान, सम्मान, विभूषण, पुरस्कार, धनदौलत केही चाहिँदैन । मलाई पुग्यो, म वाङ्मय शताब्दी पुरुष भएँ ।

नइ प्रकाशनले पच्चिस वर्षसम्म नेपाली वाङ्मयको निरन्तर सेवा गरेर आफ्नो नाउँ नेपाली भाषा बोलिने संसारभरि प्रख्यात तुल्याएको छ । वाङ्मयको सेवामा एक चौथाइ शताब्दीसम्म अविचलित, अविच्छिन्न र विविध एवम् विशिष्ट किसिमले अद्वितीय काम गर्ने नइबाहेक मैले अरू साहित्यिक संस्था देखेको छैन । नइ प्रकाशनले विश्वमा नभएका र अरू कसैले नगरेका यस्तैयस्तै नयाँनयाँ चमत्कारपूर्ण कार्यहरू फेरिफेरि गर्दै जानेछ भन्ने मैले विश्वास लिएको छु ।

• **नइ र मेरो शताब्दी** (२०७९)

# ज्वलन्त उदाहरण

## सन्तु श्रेष्ठ

नइ प्रकाशन नेपाली वाङ्मयको एउटा पवित्र संस्था हो । नेपाली वाङ्मयको उन्नति र प्रगतिका निम्ति यसले विभिन्न कवि, लेखकहरूको सम्मान, पुरस्कार, अभिनन्दन, अभिषेक आदि र विभिन्न सृजनात्मक कार्य गरेर साहित्यमा टेवा पुऱ्याएको कसैबाट छिपेको छैन । साहित्यको मात्र नभएर विविध ज्ञानविज्ञान र खेलकुदका प्रतिभाहरूलाई पनि यसबाट सम्मान गर्ने, पुरस्कार प्रदान गर्ने कार्य हुँदै आएको छ ।



नइ प्रकाशनले राष्ट्रिय स्तरमा मात्र नभएर अन्तर्राष्ट्रिय क्षेत्रमा समेत ख्याति कमाइसकेको छ । खास गरेर नेपाली भाषासाहित्य, कला र संस्कृतिको मूल्य र मान्यतालाई पवित्र र विशुद्ध धारणाले अङ्गीकार गराउनेहेतु अविश्रान्त रूपमा लागेका जोडी नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको अतुलनीय सेवा, साधना र योगदानले नै नइ प्रकाशन आजको अवस्थामा स्थापित हुन सकेको हो । नइ प्रकाशनले राष्ट्रले गर्न नसकेको काम गरेर देखाउन सकेको छ । यो साहित्यकारहरूका निम्ति ठूलो गौरव र प्रेरणाको विषय हो ।

सुरुसुरुमा नइ प्रकाशनले अनेक दु:ख, कष्ट, व्यवधान र अप्ठ्यारा समस्याहरूको सामना गर्नुपरेको होला । संस्था दिगो रूपमा परिचालन गर्नका लागि सबभन्दा ठूलो समस्या भनेको नै आर्थिक कुरा हो । नइ प्रकाशनको संस्थागत विकास गर्नका लागि एकसेएक दानवीरहरूले आफ्नो क्षमताअनुसार लाखौँलाख आर्थिक सहयोग प्रदान गरेका छन् । हुन त आर्थिक सहयोग प्राप्त भएर मात्र कुनै संस्था दिगो हुने भन्ने हुँदैन । कोहीकोही पैसाको लालचमा परेर संस्था डुबाउने पनि हुन्छन् । संस्थालाई संस्थागत रूपमा परिचालन गर्न नि:स्वार्थ रूपमा निष्कलङ्कित भएर परिचालन गर्न पनि भावनात्मक खुबी, त्याग र क्षमताको आवश्यकता हुनुपर्दछ । साहित्यमा जीवन समर्पित लेखकद्वय नरेन्द्र र इन्दिराजस्तो अद्भुत क्षमता भएको स्रष्टा भएर नै नइ प्रकाशन संस्थागत रूपमा प्रखर र निरन्तर रूपमा सञ्चालन हुन सकेको हो । साहित्यको संस्था निर्माण र विकास तथा सिर्जनामा समेत यसरी खटेर सक्रिय रूपमा अग्रसर हुन सक्ने मान्छे बिरलै पाइन्छन् । तर नइ प्रकाशन र नइदम्पती राष्ट्रको अगाडि एक ज्वलन्त उदाहरणको रूपमा देखा परेका छन् ।

नइ प्रकाशनको अग्रसरतामा त्रिमूर्ति निकेतनको संस्थागत प्रारम्भ भएको सर्वविदितै छ । नइ प्रकाशन र त्रिमूर्ति निकेतनका निर्माता भन्नु नरेन्द्र र इन्दिरा नै हुन् । नइले यी दुवै संस्थाका उद्देश्यअनुरूप विभिन्न कार्यक्रम पनि नियमित रूपमा नै गर्दै आइरहेको इतिहास साक्षी छ । यसैअनुरूप नइकै प्रयासमा महाकवि देवकोटा शताब्दी महोत्सव विशेष कार्यक्रम सम्पन्न भएको थियो । यस्तै गरी नेपाल सरकारले नइकै पहलमा आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी देश, देशान्तरमा भव्य रूपमा मनाएको तथ्य पनि इतिहासमा सुरक्षित नै छ ।

नइको सक्रियतामा प्रा.डा.गार्गी शर्माको अध्यक्षतामा विश्वनारी नेपाली साहित्य सम्मेलन भएको थियो । धौलागिरी अञ्चलको संयोजकका

नाताले मैले पनि उक्त सम्मेलनमा सहभागिता जनाउन पाएकी थिएँ । त्यो सम्मेलन नेपालमा पहिलो अन्तर्राष्ट्रिय नारी साहित्य सम्मेलन थियो । यसअघि कुनै पनि सङ्घ, संस्था, नेपाल प्रज्ञाप्रतिष्ठानले अथवा राष्ट्रले पनि यस किसिमको सम्मेलन गर्न सकेको थिएन । यो सम्मेलन नइ प्रकाशनको ठूलो प्रयास र देन हो र हामी नारी साहित्यकारहरूका लागि गौरवको विषय हो ।

त्रिमूर्ति निकेतन र नइ प्रकाशन भनेका एक सिक्काका दुई पाटा हुन् । यी दुवै संस्थामार्फत नइले नेपाली भाषासाहित्यको सेवा मात्र गरेन मूर्धन्य स्रष्टाका लागि आफ्नो सम्पूर्ण भावना जोडेर काम पनि गरेको छ । यसको ज्वलन्त उदाहरण 'सत्यमोहन जोशी शताब्दी महोत्सव' पनि एक हो र यो अनौठो घटना पनि हो । जोशीका नै हातबाट नेपालभित्र र बाहिरका करिब पच्चिस देशका दुई सय पचासी जना प्रतिभालाई 'सत्यमोहन जोशी शताब्दी पदक' र प्रशस्तिपत्र प्रदान गरिएको अर्को ऐतिहासिक घटना थियो । त्यो घटना पनि नेपाली साहित्यको इतिहासमा महत्त्वपूर्ण रूपले अङ्कित भएको छ । त्यस्तै नइ प्रकाशनको पहलमा नै राज्यले कविवर माधव घिमिरेलाई 'राष्ट्रकवि'को उपाधि प्रदान गरेको थियो । नइकै अगुवाइमा डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्वनारी रत्न'को उपाधि प्रधानमन्त्री सुशील कोइराला र उपप्रधानमन्त्री वामदेव गौतमद्वारा प्रदान गरिएको थियो । साथै प्रा.डा.वासुदेव त्रिपाठीलाई पनि 'महासमालोचक'को उपाधि दिने संस्था पनि नइ प्रकाशन नै हो । घिमिरे, गिरी र त्रिपाठी दुवै जनालाई पाँचपाँच लाख रुपियाँ राशिका साथै उहाँहरूको आआफ्नो शारीरिक उचाइकै सप्तनागजडित काठको प्रेममा ताम्रपत्र प्रदान गरिएको थियो ।

नइ प्रकाशनका साहित्यकारद्वय नरेन्द्र र इन्दिराको ओजस्वी इच्छाशक्ति, अठोट, प्रयास, अटुट साधना, अद्भुत प्रज्ञाशक्ति, सृजनात्मक भावना र अविश्रान्त साहित्यप्रतिको लगाव भएर नै नइ प्रकाशन

राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा गौरवमय रूपमा प्रतिष्ठापित संस्था भएको छ । यो संस्था निरन्तर क्रियाशील भएको इतिहास साक्षी छ र यो अवस्था नै नेपाली साहित्यकारहरूका लागि गौरवको विषय हो । नइले नेपाली वाङ्मयका लागि जेजति क्रियाकलापहरू गरेको छ, ती सबै अविस्मरणीय, गरिमामय र स्तुत्य छन् ।

साहित्य एउटा यस्तो पवित्र क्षेत्र हो; जहाँ, जहिल्यै पनि, जो पनि, जसका लागि पनि खुला दिलले आफ्नो सृजनात्मक भावना व्यक्त गर्न सक्छन् । साहित्य एउटा मानवसमाजको सभ्यताको चिह्न हो । साहित्यबिना मानवसमाज सभ्य र सुसंस्कृत हुन सक्दैन । यही पवित्र सिद्धान्तलाई नइले व्यवहारमा उतारिदिएको छ ।

# असली सुन

## समिना खनाल पृथा

आदरणीय दुई व्यक्तित्वका नामबाट नामाकरण गरिएको नइ प्रकाशनको मूल ध्येय नेपाली भाषाको श्रीवृद्धि नै हो । यो संस्था एउटा वाङ्मयको चौतारी हो र यसमा राजनीतिको छोइछिटो लागेको देखिँदैन । सबैलाई एउटै दृष्टिले हेर्ने भएकाले नै नइ प्रकाशनले आफ्नो स्लोगानलाई वसुधैव कुटुम्बकम् बनाएको छ । साथै अहिलेसम्म यही सिद्धान्तमा नइ अडिएको छ र यही अडानका कारण यस संस्थाले धेरैको विश्वास पनि जितिरहेको छ । व्यक्ति या संस्था जसको मौलिक सिद्धान्त हुन्छ उससँग उपलब्धि पनि सँगसँगै आबद्ध भएकै हुन्छ ।



नेपालका अधिकांश संस्थाहरूले स्वतन्त्रता र निष्पक्षताको परिचय गुमाउँदै गएको सन्दर्भमा नइ प्रकाशनले भने आफूलाई नातागोता, लेनदेन, भनसुन, तजबिज, मनमौजी, अहङ्कारबाट अलग्गै राख्न सकेको छ । त्यसैले गर्दा यस संस्थाले नेपाली वाङ्मयको विरासत बोकेको अनुभव गर्न सकिन्छ ।

देशलाई माया गर्ने व्यक्ति या संस्थाले नै देशका विभिन्न क्षेत्रमा योगदान गरेका व्यक्तिहरूको व्यक्तित्वलाई पर्दाअगाडि

ल्याएर राख्ने गर्छ । यसरी आफ्नो बल र सामर्थ्यबाट राष्ट्रका निधिहरूलाई अघि सार्ने कामबाट नइ प्रकाशन चुकेको छैन र यसरी नै नइले आफ्नो पहिचानको विकास गरिरहेको छ । नेपालजस्तो ठाउँ त्यसमाथि अहिलेको किरिङमिरिङ होहल्ला, डामाडोल भएको अवस्थामा आफ्नो डेग नछोडी नइले अरूले नठम्याएको र गर्न नसकिने कामहरूलाई सार्थक रूप दिँदै आएको हामी देखिरहेका छौँ । नइ प्रकाशन एउटा ठूलो र भिन्नै प्रयासमा जुटेर पनि हालसम्मको एकल पवित्र संस्थाको रूपमा उभिएको छ । विद्वान् र विज्ञहरूले पनि नइका विविध आयम र परिवेशको विश्लेषण गर्छन् । प्रा.डा.दयाराम श्रेष्ठले नइका बारेमा प्रश्न उठाउनुभएको मलाई घत लागेको छ– '...राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्सम्म आफ्नो पूर्वाग्रहरहित पहुँच पुऱ्याउन सकेको सफल नइ प्रकाशनभन्दा प्राज्ञिक दृष्टिले धनी वा सम्पन्न अर्को संस्था कुनै छ ? त्यसैले यो संस्था पुरस्कार र प्राज्ञिक सेवा कार्यको सर्वोच्च हिमचुली सगरमाथा होइन ? नेपाली वाङ्मयको समग्र समुन्नतिका लागि समर्पित प्राज्ञिक सांस्कृतिक संस्था अर्को कुनै छ र ?' साच्चै नइ प्रकाशनसँग तुलनायोग्य संस्था नेपालमा अर्को कुनै जन्मिएको छैन र जन्माउने आँट गर्ने पनि कोही छन् जस्तो मलाई लाग्दैन । विविध सभासमारोह र विशालविशाल अन्तर्राष्ट्रिय सम्मेलन, देशदेशान्तरका यतिका प्रतिभाको खोज र सम्मान एवं ओजपूर्णका पुस्तकहरू प्रकाशन गर्नु लर्तरो कुरै होइन । सरकारले यसै विषयमा मात्र एउटा कार्यालय स्थापना गरेर आवश्यक बजेट, जनशक्ति राखेर काम गर्दा पनि नइ प्रकाशनले गरिआएको कामको छेउसम्म समाउन सक्छ कि सक्तैन, थाहा छैन ।

समय निरन्तर अघि बढ्ने क्रममा छ । समयले धेरै कुरा सिकाएको मात्रै छैन, प्रमाणित पनि गरेकै छ । नइ प्रकाशन वाङ्मयको साझा, नाफाविहीन र गैरराजनीतिक सामाजिक संस्था हो भनेर

जनतादेखि सरकार कोही पनि अनविज्ञ छँदै छैनन् । तर पनि नइ सहज र आफ्नै पारामा समाजको नैतिक जिम्मा बोकेर एक सुरमा हिँडिरहेको छ । त्यस संस्थाभित्र न कुनै तडकभडक देखिन्छ, न कुनै औकात खस्केको देखिन्छ ।

आफ्नो स्तरमा रहेर नइले सञ्चालन गर्ने हरेक कुरालाई निरन्तरता दिइरहेको छ । साथै नइले आफ्नो काँधले बोक्न सक्ने भारीलाई मात्रै स्वीकार गरेको छ र नै यो अविरल छ, यसले रोकिन जानेको छैन, यो संस्था चलायमान छ र त यो जीवन्त पनि छ । समयसापेक्ष सही मूल्याङ्कन कसरी गरिन्छ भन्ने कुराको प्रमाण बोकेर यो संस्था अकण्टक रूपमा उभिएको छ । कुनै क्षेत्रमा लागेका कसैलाई पनि खच्किन दिनु हुँदैन भनेर यसले सधैँ पहल गरेको हुन्छ ।

नइ प्रकाशनको आफ्नो छुट्टै पुस्तकालय छ र यो आफ्नै संरक्षणमा रहेको छ । पुस्तकालयमा धेरै स्रष्टाहरूको सिर्जनालाई यथोचित किसिमले व्यवस्थापन गरेर राखेको छ ता कि भावी पुस्ताले धेरै कुरा यहाँबाट सिक्ने मौका पाउँछन् । विभिन्न क्षेत्रका इतिहासलाई खोतल्दै प्रकाशनको जिम्मेवारी स्वयम् आफैँले लिएर कसैप्रति आशामुखी नबनी अविच्छिन्न नइ हिँडिरहेछ । 'अठोट भए पुग्छ अघि बढ्न' भन्ने कुराको पूर्ण उदाहरण हो जस्तो लाग्छ मलाई नइ । बहुआयामिक कार्यको पर्याय बनेर उभिएको छ नइ । स्रष्टाहरूको टेलिफोन डायरीदेखि लिएर नारी स्रष्टाहरूको परिचय खुल्ने नारीचुलीसम्मको प्रकाशनमा अविरल लागिपरेको नइले सक्रियताको प्रमाण आफैँ बोकेको छ । यसको शिखर चढाइ आफ्नै किसिमको छ । यसलाई कसैले उचाल्न र बोक्न परेको छैन ।

नइलाई मनभित्र स्मरण मात्रै गर्दा पनि बुझिन्छ कि यो आफैँ सम्पूर्ण परिचय लिएर उभिएको छ । यही माटोलाई आफ्नो भनेर

यसले जानेको छ र यसैको सुगन्धले सिञ्चित नइलाई कसैले कुनै जलप लगाउनै पर्दैन । 'असली सुनलाई कसी लगाउनु पर्दैन' भनेझैँ नइले पनि कहिल्यै नखिइने, नखुइलिने र आफ्नो महत्त्व कहिल्यै ओझेल नपार्ने गरी सङ्घसंस्थाहरूको भीडहरूमा एउटा छुट्टै पहिचान बनाउन सफल भएको छ । यसको स्थायित्व र जीवन्त अस्तित्वका निम्ति म एउटी स्रष्टाका नाताले पनि प्रार्थना गरिरहेकी हुन्छु । हो, साँच्चै हो, नइले नयाँ इन्द्रेणीको प्रतिनिधित्व गरिरहन्छ जस्तो लाग्छ मलाई ।

# मनदेखि मनसम्मको साइनो

**सरस्वती श्रेष्ठ 'सरु'**

यो कलमको साइनो पनि अद्‌भुत हुने रहेछ । कैयौँ खहरेहरू मिसिएर विशाल नारायणी बनेझैँ, कैयौँ नदीहरू मिसिएर विराट् सागर बनेझैँ मन बगेर मनसम्म पुगी विशाल साहित्य सागर बनेको छ । मन बगेर मनसम्म पुग्न पनि एउटा न एउटा संयोग चाहिने रहेछ । अनि यो मनदेखि मनसम्मको साइनो पनि अत्यन्त प्रगाढ हुने रहेछ । साधुवाद छ कलम र मनलाई । यही कलमकै माध्यमबाट मैले पनि नइ प्रकाशनका संस्थापक जोडी नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईसँग जोडिने अवसर पाएँ । उहाँहरूको विविध सांस्कृतिक गतिविधि नजिकबाट नियाल्ने अवसर पाएँ र उहाँहरूबाट प्रेरणा र हौसला पाएँ ।



२०७१ सालमा सम्पन्न भएको विश्वनारी नेपाली साहित्य सम्मेलनमा गण्डकी अञ्चलको लमजुङ जिल्ला, प्रतिनिधि भएर कार्यक्रममा सहभागी हुने अवसर मलाई प्राप्त भएको थियो । तीन दिनसम्म भएको बृहत् साहित्य सम्मेलनको गतिविधिमा त्रिमूर्ति निकेतन विभिन्न पुस्तकहरूको प्रकाशनदेखि लिएर विभिन्न स्रष्टाहरूलाई विभिन्न पुरस्कार पनि प्रदान गर्न सफल भएको थियो । त्यसै बखत

डा.वानीरा गिरीलाई नेपाली साहित्यका विश्वनारी रत्नको उपाधिसहित रथारोहण गराइएको थियो । त्यसै समारोहमा मलगायत देशविदेशका धेरै नारीस्रष्टाहरू 'विश्वनारी नेपाली साहित्य पदक'बाट सम्मानित भएका थियौँ । तीन दिनसम्म भएको साहित्यिक कुम्भ मेलामा देशविदेशका थुप्रै नारी साहित्यकारहरूको उपस्थिति रहेको थियो । विराट् साहित्य सम्मेलनमा म एउटी साहित्यानुरागी सहभागी भएर भरपूर आनन्द लिने सुअवसर पाएकी थिएँ । वास्तवमा मैले नइ के हो, नइ कसको हो र नइ स्कुल कस्तो रहेछ भनेर त्यसै बेला जानेकी र प्रत्यक्ष देखेकी थिएँ । त्यसपछि नइसँग मेरो बिस्तारै गाढा सम्बन्ध रहँदै गयो ।

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि स्थापित नइ प्रकाशनले बर्सेनि विभिन्न गतिविधि गर्दै रजत महोत्सव मनाउन सफल भइसकेको छ । एउटा संस्था स्थापना गरेर त्यसलाई निरन्तरता दिइरहनु चानचुने कुरा कहाँ हो र ? नेपालका सन्दर्भमा कतिपय संस्थाहरू जन्मिएर बीचैमा रोकिएका प्रशस्त उदाहरण छन् । आफ्नो कार्यप्रति विश्वास, समर्पण, त्याग र तपस्याबिना मानिसले सफलता हासिल गर्न खोज्नु मूर्खता मात्रै हो । समयको व्यवस्थापन, अर्थिक गतिविधिलगायत व्यक्ति स्वयम्भित्रको तत्परता, क्षमता, गतिशीलता, धीरता आदिको तादात्म्यताले नै मानिसलाई सफलताको शिखर पुऱ्याउँछ । नदीहरू निरन्तर बगेर नै समुद्रमा पुग्न सफल हुन्छन् । 'तँ आँट्, म पुऱ्याउँछु' भन्ने उक्तिका साथ नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई लाग्नुभएकै कारण आज नइ प्रकाशनले आफ्नो हैसियतलाई देशविदेशसम्म पुऱ्याइसकेको छ । नइले जहाँजहाँ आफ्नो कार्य पुऱ्याएको छ अत्यन्तै गौरवमय ढङ्गबाट पुऱ्याएको छ । नइको गतिविधि नियाल्दा म मेरा नजरले भ्याउन नसकिएला जस्तो देख्छु । वास्तवमा मजस्तो भुइँमान्छेले नइको वर्णन गर्न के सकुँला । लाग्छ, नइ जोडी यही अक्षरको खेती र साहित्यसेवाकै निम्ति जन्मिनुभएको हो ।

नेपाली सांस्कृतिक मूल्य र मान्यतालाई शिरोपर गरेर नै नेपाल राष्ट्र र विदेशमा समेत नइ प्रकाशनका काम अत्यन्तै सफल भएको देखिन्छ । साथसाथै अन्य विविध क्षेत्रका लुकेका प्रतिभाको खोजी गरी उनीहरूको प्रतिभालाई उजागर गर्ने दायित्व नइले बोकेको छ । नइले जुन काम गरे तापनि यही काममा सफल भएको छ । पक्षपातबाट बिलकुल टाढा रहेर आफ्ना कार्यहरू अघि बढाइरहेको मैले नै पनि देखेकी छु । विविध क्षेत्रका बालप्रतिभाहरूको खोजी गरी उनीहरूको सम्मान र प्रतिभालाई उजागर गर्न भरमग्दुर प्रयासमा नइ प्रकाशन लागिरहेको छ । सोही क्रममा २०७४ सालमा हाम्रो छोरा सौजन्य श्रेष्ठले पनि 'नइ देरुनीखपू बालचित्रकला पुरस्कार' प्राप्त गर्न सफल भइसकेको छ । यसरी नै शिशु, बाल, युवा तथा प्रौढ व्यक्तिहरू विविध विधामा नइ प्रकाशनका विविध पुरस्कारबाट पुरस्कृत र सम्मानित हुँदै आइरहेका छन् । यी सबै नइका योगदान अतुलनीय छन् । मन, वचन र कर्मलाई आत्मसात् गर्दै सत्मार्गमा लागेपछि के हुँदैन र... ? भन्ने उदाहरण नइ प्रकाशन बन्न पुगेको छ । राष्ट्रमा हुन नसकेका तर हुनैपर्ने कार्यहरू पनि सम्पन्न गरेर नइ प्रकाशन राष्ट्रका लागि उल्लेखनीय, उदाहरणीय र प्रेरणादायी बन्न पुगेको छ । उदाहरणका लागि नइको परिकल्पनामा माधव घिमिरेलाई राष्ट्रकविको उपाधि र डा.सत्यमोहन जोशीलाई 'वाङ्मय शताब्दी पुरुष'को उपाधि प्रदान गरिएको थियो । यसरी उहाँहरूद्वारा आफ्ना उमेरका कैयौँ नदीहरूमा भावनाका डुङ्गा चलाई अक्षरका मालीहरूलाई किनारासम्म पुऱ्याउन सफल हुनुभएको छ ।

यही वर्ष नइ प्रकाशनले रजत महोत्सवको अवसरमा देशभित्र र देशबाहिर रहेका थुप्रै स्रष्टाहरूलाई 'नइ रजत महोत्सव पदक' अर्पण गर्ने कार्य पनि सम्पन्न गऱ्यो । जसअन्तर्गत म पनि 'नइ रजत महोत्सव पदक' प्राप्त गर्न सफल भएँ । यसका निम्ति नइ प्रकाशन तथा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईप्रति हार्दिक आभार प्रकट

गर्दछु । नइ रजत महोत्सव पदक ग्रहण गर्ने क्रममा उहाँहरूद्वारा उहाँहरूकै निवासमा स्थापित पुस्तकालय अवलोकन गर्ने अवसर पनि प्राप्त भयो । जहाँ बसेर पुस्तक अध्ययन गर्ने रहर भने पूरा हुन सकेको छैन । आशा छ, त्यो समय पनि समयले नै मिलाउनेछ कुनै समय । समयले कहिले कठिन त कहिले सरल खुड्किलाहरू चढाउँदै नइ प्रकाशनलाई यहाँसम्म आइपुग्न सफल बनायो, आगामी दिनहरूमा पनि अविच्छिन्न रूपमा चाहेका कार्यहरू सफलतापूर्वक सम्पन्न हुँदै जाऊन्, सतत शुभकामना !

# हाम्रो राष्ट्रको सान

## सविता श्रेष्ठ 'बेहासी'

आजभन्दा धेरै वर्षअगाडि मैले इन्दिरा प्रसाईसँग विराटनगरमा भेट्ने मौका पाएकी थिएँ । मेरो बुबाले उहाँको माइतमा जग्गा किनबेचका लागि मलाई लिएर जानुभएको थियो । उहाँको बुबा र मेरो बुबाको राम्ररी चिनजान थियो । त्यस दिनदेखिको हामी दिदीबहिनीको सम्बन्ध आजसम्म प्रगाढ रूपमा रहेको छ । एउटा बुबादेखिको सम्बन्ध र अर्को साहित्यको सम्बन्धले हामी दिदीबहिनीको नाता झन् बलियो हुँदै आएको मैले महसुस गरेकी छु ।



म काठमाडौँ आएपश्चात् २०६३ सालदेखि नइ प्रकाशनसँग पुन: मेरो नाता जोडियो । मैले नरेन्द्रराज प्रसाईको नाम गीतकारको रूपमा सुन्दै आएकी थिएँ । संयोगवश त्यति बेला प्रत्यक्ष रूपमा इन्दिरा प्रसाईमार्फत नरेन्द्रराज प्रसाईसँग पनि मैले भेट्ने मौका पाएकी थिएँ । मेरा निम्ती त्यो खुसी र गर्वको क्षण थियो ।

नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाम जोडेर नइ प्रकाशनको जन्म भएकोमा मलाई गर्व लाग्छ । हेर्दाहेर्दै नइ प्रकाशन पनि पच्चिस वर्षको लक्का जवान भएछ । साँच्चै नै नइ तिमी सानो हुँदा

ताते‌ताते हिँड्दा पनि, कतै लड्न खोजे पनि आफैँ सम्हालिन्थ्यौ तर तिमीले रोएर कहिले, कसैलाई पनि देखाएनौ । तिमीलाई माया गरी हात समाएर हिँडाउने शुभचिन्तकहरू सानैदेखि धेरै भए । तिमी कहिल्यै पुलपुलिएनौ, तिमी सानैदेखि आँटिलो र जोसिलो बन्दै गयौ । सबैका लागि नइ आँखाको नानी बन्दै गयौ । अनि सबैको प्यारो हुँदै आयौ । हाँसेर, हँसाएर हेर्दाहेर्दै पच्चिस वर्षको सुन्दर ठिटो भएछौ । पच्चिस वर्षको अवधिमा कहिलेकाहीँ आएको उतारचढावलाई सामना गर्दै दु:खमा नआत्तीकन, सुखमा नमात्तीकन अगाडि बढ्दै गयौ । तिमीले घरदेखि लिएर समाज, राष्ट्र र अन्तर्राष्ट्रलाई आफ्नो उज्यालो छविले मोहित बनायौ । भन्नै पर्दा तिमीले धेरैलाई हाँस्न सिकायौ, धेरैलाई बाँच्न सिकायौ, धेरैलाई खुसी दियौ, प्रेरणा दियौ, नाम दियौ र प्रोत्साहन पनि दियौ । फलस्वरूप तिमी सबैको प्रेरणाको स्रोत नइ भएर सबैको मनमुटुमा रही सर्वत्र फैलियौ ।

नइले पच्चिस वर्षको अवधिमा अतुलनीय, अविस्मरणीय र ऐतिहासिक कार्य गर्दै आइरहेको छ । त्यो सबैले देखेका छन्, सुनेका छन् र महसुस गरेका छन् । हरेक विषयलाई कार्यान्वयनमा उतार्नु नइ प्रकाशनको बलियो पक्ष हो । वास्तवमा राष्ट्रले गर्न नसकेको काम नइ प्रकाशनले गरेर देखाएको छ र नै नइ प्रकाशन राष्ट्रको सान र राष्ट्रको गौरव हो भन्न म चाहन्छु ।

नइ प्रकाशनले हरेक विधामा सफलतापूर्वक कार्य गरेको सर्वविदितै छ । नइका धेरैजसो कार्यक्रमहरूमा म आफूलाई पनि संलग्न गर्दै आएको छु । ती कार्यक्रमहरूबाट मैले धेरै पाठ सिक्दै आएकी छु । नइको हरेक कार्यक्रमहरू प्रशंसनीय, भव्य, सभ्य हुँदै आएको मैले देखेकी छु । त्यसैले नइ प्रकाशनको कार्यक्रमलाई म उच्चतम मूल्याङ्कन गर्दछु । साहित्य विधामा आफू लागेको नाताले नइ प्रकाशनसँग आबद्ध हुन पाउनु मेरा निम्ति खुसी मात्र नभईकन नइ प्रेरणाको स्रोत बनेको छ । नामसँगसँगै राम्रो उद्देश्य बोकेको

संस्थाको जहिले पनि प्रशंसा गर्नै पर्छ । नइ प्रकाशनले यी राम्रो उद्देश्य लिएर आएको र कार्यान्वयन पनि गर्दै आएकाले मलाई गर्व लाग्छ ।

नेपाली साहित्य आकाशमा उल्लेखनीय रूपमा राम्राराम्रा उद्देश्य र योजनाहरू लिएर समाज, राष्ट्र र विश्वतिर फर्किएर अगाडि बढ्दै गरेको नइ प्रकाशनले कहिले पछाडि फर्कनु परेन । यति ठूलो संस्था नइ प्रकाशनले आफ्नो उद्देश्य सफल र सार्थक पार्न नइ प्रकाशनमा आबद्ध दाताहरूको ठूलो योगदान र महत्त्व रहेको सर्वविदितै छ । नइ प्रकाशनको आह्वानलाई मध्यनजर गर्दै दाताहरूले गरेको ठूलो योगदानलाई नइ प्रकाशनले अक्षयकोषको स्थापना गर्ने ठूलो मौका प्राप्त गरेको छ ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यक्तित्वहरू नइ प्रकाशनको विभिन्न विधाबाट सम्मानित र पुरस्कृत हुँदै आइसकेका छन् । नइ प्रकाशनअन्तर्गत रहेर काम गरेबापत पनि नइले कार्यकर्ताको मर्यादा गरिरहेकै हुन्छ । उदाहरणका लागि म आफू पनि नइ प्रकाशनबाट सफलतापूर्वक सम्पन्न भएको कार्यक्रममा सहभागीको भूमिकामा रहेकाले 'विश्वनारी नेपाली साहित्य पदक' 'सत्यमोहन जोशी शताब्दी महोत्सव पदक', 'नइ रजत महोत्सव पदक' र 'प्रशस्तिपत्रहरू'बाट सम्मानित हुने मौका पाएकोमा गर्वको अनुभूति गरेकी छु । यसरी नइ प्रकाशन मेरा लागि साहित्य क्षेत्रमा अऊ अगाडि बढ्ने प्रेरणाको स्रोत बनेको छ ।

नेपाली वाङमयका विभिन्न क्षेत्रमा समर्पित नइ प्रकाशनले विभिन्न क्षेत्रहरूलाई अगाडि बढाउन प्रशंसनीय कार्य गर्दै आएको कुरा हामीमाऽ छर्लङ्ग भइसकेको छ ।

नइ प्रकाशनले नेपाली भूमिमा उत्कृष्ट काम गरेर नै आफ्नो रजत महोत्सव मनाइसकेको छ । नइले अविच्छिन्न वाङ्मयको सेवा गरेर नै सबैतिरबाट जस कमाइरहेको छ । धेरै संस्थाहरू खुल्दै, बन्द हुँदै अथवा निष्क्रिय हुँदै गरेको हामीले देखेका छौँ तर नइ प्रकाशन स्थापना भएपछि एकपछि अर्को राम्राराम्रा काम गर्दै आज नेपाल राष्ट्रको वाङ्मयी संस्थाको चुलीमा उभिएको छ ।

# घामजस्तै छर्लङ्ग

## डा.साधना प्रतीक्षा

'नेपाली हामी रहौँला कहाँ नेपालै नरहे !' राष्ट्रकवि माधव घिमिरेका शाश्वत भावहरूलाई आत्मसात् गरिरहेकी छु म यति बेला । किनकि, केही समययता हामी नेपालीहरूलाई धेरैधेरै थोक हुने महत्त्वाकाङ्क्षाले सताएको देखिएको छ । भाषाभाषी, वर्गसमुदाय, जातजाति, धर्मसंस्कृति, महिलापुरुष, भौगोलिक पार्थक्यका पहिचान



आदि विविध पहिचानको खोजी गर्दै गर्दा आज हामीले आफ्नो मूल पहिचान नै बिर्सन थाल्दै छौँ । हो, हामी सबैको साझा पहिचान 'नेपाली' ! सबैभन्दा पहिला त हामी नेपाली हौँ ! हाम्रो भाषा नेपाली हो ! हाम्रो साहित्य नेपाली हो ! सबैभन्दा पहिला आफू नेपाली हुनाको गौरवबोध गर्दै नेपाली भाषासाहित्यलाई आफ्नो पहिलो पहिचानबोधको माध्यम बनाउन सकेमा मात्र नेपाल र नेपालीको अस्तित्व अनन्तकालसम्म अटल हिमालजस्तै रहिरहनेछ । सांस्कृतिक विविधतायुक्त यस मुलुकमा सबैका आआफ्नै मौलिक पहिचान त स्वत: समाहित छन् नै ! आधुनिकता र उत्तरआधुनिकताका नाममा त्यसबाट अलग्गिने प्रवृत्ति मात्र त्यसको समस्या हो । नेपाली भाषासाहित्यलाई बचाउन

सकेमा मात्र नेपालीको अस्तित्व बाँच्छ भन्ने भावनाका साथ लामो समयदेखि अनवरत लागिरहेको संस्था नइ प्रकाशनलाई यसर्थ सम्झँदै छु कि आज, यसले सरकारले गर्नुपर्ने काम निजी स्तरबाट गरिरहेको छ ।

नइ जोडीलाई मैले प्रत्यक्ष रूपमा भेटेकी छैन । सायद, अपत्यारिलो लाग्ला, अझ भनौँ, प्रत्यक्ष परिचयसम्म छैन । इन्दिरा प्रसाईलाई विद्यार्थी बेलामा नै पढेकी थिएँ । त्यो बेला उनको 'दोस्रो सत्ता' कथाकृति प्रकाशित भएको थियो, जसले स्थापित साहित्यिक मूल्यमा उथलपुथल ल्याएको थियो । त्यसपछि उनका अन्य कृतिहरूमा उनलाई मैले राम्ररी चिनेँ । पछिल्लो समय नारीआख्यानमा पहिचान र विद्रोहसम्बन्धी अनुसन्धानका क्रममा उनको कृति 'उसको लोग्ने र बिरालो'को खोजी गर्दा परोक्ष रूपमा नरेन्द्रराज प्रसाईसँग पनि सम्पर्क भयो । यति मात्र होइन, नारीलिखित निबन्धको शिल्पगत अध्ययनका क्रममा 'प्रिय नरेन्द्र'को खोजीले सम्पर्कलाई निरन्तरता बनायो । मेरो अनुभवमा नेपाली साहित्यका अनुसन्धातालाई पर्ने सबैभन्दा ठूलो समस्या सामग्रीको अनुपलब्धता हो । म पनि यस्तै समस्यामा जुध्दै गरेका बखत दुर्लभ सामग्री उपलब्ध गराएर नइले मलाई ठूलो गुन लाएका थिए । हुन त नेपाली साहित्यलाई नै यति ठूलो गुन लगाइरहेको संस्थाले एउटा व्यक्तिलाई गुन लगाउनु कुन ठूलो कुरा हो र ? प्रश्न उठाउन सकिन्छ । आखिर ठूलो होस् कि सानो, गुन त गुनै हो नि ! खोलामा डुब्दै गरेको कमिलाका लागि चराले खसालेको पातजस्तै जीवनदायिनी !

विगतको एउटा पल सम्झँदै छु, केही विद्वान्हरू नइको नाम सुन्नै नचाहने तर उनीहरूको टीकाटिप्पणी गरेर पनि नथाक्ने ! मलाई महाआश्चर्य हुन्थ्यो, किन होला भन्ने प्रश्न मनमा सलबलाउँदा । कोही वैचारिकताका कुरा गर्थे त कोही उनीहरूका

साहित्यिक गतिविधिमाथि अनेक आशङ्का र आक्षेपको आगो ओकल्थे । म त नेपालीमा स्नातकोत्तर गर्न मोफसलबाट काठमाडौँ अर्थात् त्रिभुवन विश्वविद्यालय कीर्तिपुर छिरेकी थिएँ । यहाँको साहित्यिक माहौलबारे अनभिज्ञ म लाटाले पापा हेरेझैँ हुन्थेँ । त्यसपछि यहाँको वातावरणमा भिज्दै गएँ, धेरैथोरै सिक्दै गएँ । साँच्ची भनुँ भने म नेपाली साहित्यको राम्रै विद्यार्थी बन्दै गएँ । अब भने मभित्रको राजहंस दूध र पानी छुट्टयाउन सक्ने भइसकेको थियो । त्यसपछि त मलाई लाग्यो नइप्रतिको टीकाटिप्पणी त लाटाहरूले बोलक्कडको रिस गरेझैँ पो रहेछ ! किनकि सबैभन्दा सजिलो काम भनेको नै अरूको कुरा काट्नु हो, जुन हामी नेपालीहरूको एउटा मौलिक विशेषता नै बनिसकेको छ । माथि नै भनिसकेकी छु, इमानदारिताका साथ कि मैले नइलाई प्रत्यक्ष चिनेकी छैन । नइगृह कहाँ छ मलाई थाहा छैन; न त नइका कुनै पनि कार्यक्रममा म सहभागी नै भएकी छु । तर पनि एउटा सच्चा साहित्यसाधकका नाताले म सम्मान गर्छु नइलाई ! नमन गर्छु उनीहरूका साहित्यिक गतिविधिलाई ! यद्यपि, नइले नेपाली साहित्यमा पुऱ्याएको योगदानको फेहरिस्त यहाँ मैले फुकाउनु पर्दैन, त्यो त घामजस्तै छर्लङ्ग छ नि !

वैचारिकताका आधारमा बौद्धिक एवं प्राज्ञिक वर्ग पनि नइका आलोचक बनेको देख्दा मलाई घोर आश्चर्य लाग्छ । विचार मानिसले बोक्ने हो तर विचारले मानिस बोक्न थालेपछि वैचारिक दुर्घटना हुन्छ । हामीकहाँ अहिले यस्तै भएको छ । हरेकको आआफ्नै विचार हुन्छ र त्यो विचार मानिसको अधीनमा हुनुपर्दछ तर मानिस विचारको दास हुनु हुँदैन । फरक विचारलाई सम्मान गर्न सक्नु नै सही अर्थमा प्राज्ञिक हुनु हो । त्यसैले म चाहन्छु आफ्नो विचारलाई विश्वविद्यालयपरिसरभन्दा बाहिरै राखेर मात्र प्राध्यापक त्यहाँभित्र प्रवेश गर्नुपर्दछ । वैचारिक आस्थाका सङ्कीर्णताहरू मूल सडकमा

नै छाडेर मात्र प्रज्ञाप्रतिष्ठानमा प्रवेश गर्न सक्ने प्राज्ञ मात्र सही अर्थको प्राज्ञ हो । विचारका साँघुरा घेराका चस्मा फुकालेर समग्र साहित्यलाई हेर्न सक्ने साधक नै सच्चा साहित्यसाधक हो । तर आफैँलाई लाग्न थाल्यो, मेरो यो धारणा फगत कुहिरोको काग हो । त्यसैले म भीडभाडभन्दा पृथक् आफ्नै एकान्त साहित्यसाधनामा हुन्छु । स्वअस्तित्वको एक प्रकारको अहम्ले मलाई प्रेरित गरिरहेको हुन्छ, सम्झौताविहीन जीवन जिउन । जब कसैसँगबाट केही आशा गरिँदैन जीवनमा निराशा कहिल्यै हुँदैन । यति मात्र होइन, ऋणमुक्त जीवनमा कहिल्यै कसैसामु शिर झुकाउनु पनि नपर्ने ! यही हो मेरो जीवनसम्बन्धी सिद्धान्त । सायद, त्यसैले मैले अहङ्कारीको संज्ञा पनि पाएकी छु । तर मीठो लाग्छ मलाई यो संज्ञा किनकि, यही अहम्ले नै त म बेदाग उभिएकी छु आफ्नो परिवेशमा । यही नै हो मेरो जीवनको सर्वाधिक उपलब्धि । मलाई बुझ्ने र सम्मान गर्नेहरू सायद औँलामा गन्न पनि पाइँदैन तर पनि त्यही सङ्ख्यामध्येका हुन्– नइ ।

त्यसैले त मैले हेर्न सक्दिनँ नइलाई वैचारिक सङ्कीर्णताको चस्माले । म त उनीहरूलाई नेपाली साहित्यका सच्चा साधकका रूपमा मात्र देख्छु । नइ दुवै स्रष्टा हुन्, द्रष्टा हुन् यति मात्र नभएर सिङ्गो साहित्यिक संस्था हुन् । नेपाली साहित्यका अनगिन्ती ऐतिहासिक कृतिहरू नइबाट प्रकाशित भएका छन् । यस अर्थमा नेपाली साहित्यको इतिहास जोगाउने दायित्व पनि उनीहरूले नै लिएका छन् । राज्यले बिर्सिएका स्रष्टाहरूको योगदानको मूल्याङ्कन गर्ने जिम्मा पनि नइकै ! राज्यले अब पृथ्वीनारायण शाहलाई सम्मान त के सम्झना गर्न पनि चाहन्न । भानुभक्तलाई समेत बिर्सन थालेको छ । नेपाल राज्य र नेपाली भाषाका सन्दर्भमा यी दुई अमूल्य निधि हुन् । नइले भानुभक्तलाई यथेष्ट सम्मान गर्दै उनका बारेमा अनुसन्धान र प्रकाशन गराएको छ । यसै गरी

त्रिमूर्ति निकेतनका माध्यमबाट नेपाली साहित्याकाशका तीन चम्किला नक्षत्रहरूलाई सदाका लागि जाज्वल्यमान बनाइरहेको छ । प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीका बारेमा प्रकाशित खोजमूलक कृति होस् वा 'नारीचुली'जस्तो नेपाली नारीस्रष्टाको इतिहास होस् नइकै योगदान हो । देवकोटा, बालकृष्ण समदेखि राष्ट्रकवि माधव घिमिरे, सत्यमोहन जोशीलगायत असङ्ख्य स्रष्टाहरूका बारेमा ऐतिहासिक कृति प्रकाशित गरेको नइले नेपाली साहित्यमा महत्त्वपूण योगदान गरेका कुनै पनि स्रष्टालाई सम्मान गर्न र उनीहरूलाई उजिल्याउन पछि परेको छैन । नेपाली भाषासाहित्य तथा संस्कृतिसँग सम्बन्धित असङ्ख्य व्यक्तित्वका बारेमा नइबाट प्रकाशित कृतिहरूले यसको साक्ष्य प्रस्तुत गरिरहेका छन् ।

माथि पनि भनिसकें, सरकारले अब स्रष्टालाई सम्झँदैन ! सम्झनै भ्याउँदैन, बिचरा सरकार ! सरकार बन्नकै लागि दौडधुप तथा अनेक तिकडम गर्नमै व्यस्त हुने अनि सरकार बनिसकेपछि पनि भागबण्डा तथा अनेक दृश्यअदृश्य सम्झौतामा अल्झिँदाअल्झिँदै सत्ताबाट बाहिरिनुपर्ने बबुरो सरकारबाट मुलुकको भाषासाहित्यले के नै आशा गर्ने ? फेरि संस्कृति मन्त्रालयको नेतृत्व भाषासाहित्य, कलासंस्कृतिसँग सम्बन्धित विज्ञले कहाँ पाउँछन् र ? त्यसैले त संस्कृति मन्त्रालयले प्रदान गर्ने साहित्यिक प्रतिभा पुरस्कार एउटा पनि सिर्जना नगरेको तर पार्टीको झोला बोकेको कथित स्रष्टाले पाएको उदाहरण ताजै छ । प्रतिभाको चयन त उसले गरेको योगदानका आधारमा हुनुपर्ने हो तर यहाँ त आवेदन दिएर पुरस्कार माग्दै 'प्रतिभा' बन्ने प्रवृत्ति विकसित भइसकेको छ । योभन्दा ठूलो दुर्भाग्य नेपाली साहित्यमा अरू के होला र ? यस्तो विडम्बनाबीच पनि नइले स्रष्टा चिनेर उनीहरूलाई चिनाइरहेको छ । धेरै प्रतिभाहरू आबद्ध देखिएका छन् नइसँग । असङ्ख्य कृतिहरू प्रकाशित भइरहेका

छन् नइबाट । अझै महत्त्वपूर्ण कुरा त यसले स्रष्टाहरूको यथोचित मूल्याङ्कन गरेर उनीहरूलाई सम्मानित गर्दै आएको छ । समयसमयमा बृहत् रूपमा विभिन्न साहित्यिक कार्यक्रम गरेर नइले नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गरिरहेको छ । केही वर्षअघिको 'विश्वनारी नेपाली साहित्य सम्मेलन' यसको ताजा उदाहरण हो । नेपाली साहित्यका लागि निजी क्षेत्रले गर्न सक्ने योगदानमा कतै चुकेको छैन नइ । यसर्थ म प्रभावित छु र प्रशंसक पनि हुँ नइको ।

मानिसले प्रतिस्पर्धा गर्नुपर्दछ त आफैँसँग । आफ्नै विगतलाई जितेर वर्तमान बनाउने अनि वर्तमानभन्दा उत्कृष्ट भविष्य बनाउन सके पो जीवन सार्थक हुन्छ भन्ने मान्यता बोकेकी मलाई दु:ख यसर्थ लाग्छ, आजको मान्छे अरूसँग प्रतिस्पर्धा गर्छ त्यो पनि कामले होइन कुराले ! आफू सिन्को नभाँच्ने तर अरूले गरेका एकएक गतिविधिको आलोचना गर्ने रोगले ग्रसित मानसिकतालाई भन्नु केही छैन ! किनकि, भन्नुको कुनै औचित्य नै छैन । यही मानसिकताका कारण नै नइका बारेमा टीकाटिप्पणी हुने गर्दछन् । यस्तो टीकाटिप्पणी गर्नेहरूले नइले जस्तै सकिन्छ भने अरू राम्रो योगदान नेपाली साहित्यका लागि गर्न सक्ने भए आहा ! कति राम्रो हुँदो हो ! त्यसैले म भन्छु, सक्छौ काम गरेर देखाऊ, सक्दैनौ मौनता धारण गरेर बस तर अरूले गरेको कामको कमजोरी खोजेरै जीवन व्यर्थै खेर नफाल !

कुनै पनि राष्ट्रलाई कमजोर बनाउनु छ र त्यसको शक्तिलाई छिन्नभिन्न पार्नु छ भने सबैभन्दा पहिले त्यहाँको भाषासाहित्य, कला, संस्कृति आदिमा प्रहार गर्नुपर्दछ भन्ने नीतिअनुरूप विगत केही समयदेखि कुनै अदृश्य एवं अमुक शक्ति हाम्रो भाषासाहित्य र कलासंस्कृतिमाथि प्रहार गर्न निरन्तर लागिरहेको छ । केही सचेत वर्ग यसका विरुद्ध जुरमुराए पनि सरकार भने कानमा तेल

हालेर बस्ने गर्दछ, चाहे त्यो जुनसुकै सरकार होस् ! यस्तै अवस्था रहिरहने हो भने भविष्यमा हामीले धेरै थोक गुमाउनेछौँ जसलाई चाहेर पनि फेरि प्राप्त गर्न सक्ने छैनौँ । त्यसैले समयमा नै सचेत हुनु आवश्यक छ । यही सचेततालाई आत्मसात् गर्दै जसरी नइ नेपाली भाषासाहित्य, कला र संस्कृतिको जगेर्नामा लागिरहेको छ त्यो प्रशंसा मात्र होइन गर्वको विषय हो किनकि, जब राष्ट्र रहन्छ तब मात्र राष्ट्रियता रहन्छ । जबसम्म नेपाल रहन्छ तबसम्म नेपाली रहन्छौँ । यसर्थमा, विगत पच्चिस वर्षदेखि नेपाली साहित्यको सेवामा अनवरत क्रियाशील नइलाई पुन: नमन तथा हार्दिक शुभकामना !

# नचिताएको प्राप्ति

## सामु उप्रेती

मलाई केही लेख्न मन लागेको हुन्थ्यो र म लेख्थें तर म लेखनमा भरखरै जन्मिएकी थिएँ । त्यसैले मेरा लेखहरूमाथि म नै विश्वास गर्न सक्तिनँ थिएँ । त्यति बेला नै मैले महसुस गरेकी थिएँ– 'भरखर लेख्न सुरु गर्नेका लागि बाहिर निस्कनु सजिलो हुँदो रहेनछ ।' यदि लेख्तालेख्तै सामाजिक सञ्जालसम्म आइपुगे तापनि त्यहाँ देखा पर्ने स्थापित लेखकको आड पाउने कुरा नचिताए पनि हुने रहेछ । यो सत्य कुरा मेरा जीवनमा घटेको हो । मलाई सुरुमा कुनै साहित्यिक व्यक्तिको सल्लाह पाउनु त परै जाओस, साहित्यको मञ्चमा टेक्न पाउनु या कुनै साहित्यिक संस्थामा स्थान पाउन एकदमै गाह्रो भएको थियो । त्यति बेला मलाई के लागेको थियो भने– 'नयाँनयाँ लेखहरू बाहिर निस्किन नपाउँदै भित्रभित्रै मर्ने रहेछन् ।' मैले नै पनि कति लेखें, लेखेर कति च्यातिदिएँ । मेरा लेख, रचनाहरू कति गतिला थिए र कति निर्गतिला थिए, त्यतिखेर मसँग ठम्याउने शक्ति थिएन । मैले कति कथा लेखें र एउटादुइटा उपन्यास पनि लेखिसकेर च्यातिदिएकी थिएँ । नइ भेट्नुअघि मेरो लेखनको स्थिति यस्तै अन्धकारको थियो । तर नइ भेटेकै कारण



आज म उज्यालो ठाउँमा उभिन सकेकी छु । मेरो लेखकीय जीवनका लागि नइ भावी भएको छ र नै नइलाई मैले मेरो आदर्श मान्ने गरेकी हुँ ।

मसँग साहित्य लेख्ने परिचित स्रष्टा नभएका पनि होइनन् तर उनीहरूले मेरा लेख, रचनातिर कहिले दृष्टि दिन सकेनन् । केहीसँग त हारगुहार पनि माग्नु पर्‍यो भन्ने मलाई लागेको थियो तर मेरो मनले त्यसो गर्न पनि चाहेन र मेरो स्वभावका कारण म कसैसित लत्रिन सकिनँ पनि । म लेख्तै गइरहेँ र लेख्ने कामबाट भागिनँ बरु लेख्तै ती रचना राख्न थाल्ने अवस्थामा म आइपुगिसकेकी थिएँ । पछि जब मैले सामाजिक सञ्जालमार्फत नइ प्रकाशनसँग जोडिने मौका पाएँ त्यसपछि मेरो लेखनीका जराहरूले माटो भेटेको मलाई थाहा हुन थाल्यो । नइले दिएका हरेक प्रतिक्रियाहरू मेरा लागि एकदमै सकरात्मक हुन थाले र मैले तिनलाई मेरो लेखनीको मार्गदर्शनका रूपमा ग्रहण गरेकी थिएँ ।

नइ प्रकाशन मेरो लेखनीको भावी बनेर मेरा सामु उभिनु नै म औपचारिक रूपमा साहित्यिक भएकी हुँ भन्नेमा मेरो ठम्याइ हुन थाल्यो । नइसँग म जति भिज्दै गएँ नइ प्रकाशनबाट मैले नचिताएको फल प्राप्ति गर्दै छु भन्ने मलाई लाग्दै जान थाल्यो । नइमा छिरेपछि मैले लेखेको उपन्यास 'तिम्रो म' नइ प्रकाशनबाट २०७७ सालमा प्रकाशनमा आयो । मेरो उपन्यास प्रकाशित भएर पुस्तकका रूपमा मेरो हात परेपछि खुसीयालीमा मेरा आँखा रसाएनन् कि या मेरो मन रसाएन । त्यति बेला मेरो लेखकीय मन पूर्ण रूपमा पग्लिएको थियो ।

नइ प्रकाशनकै कारणले आज मैले एक साहित्यकारको नाम पाएकी छु । मेरो उपन्यास प्रकाशनमा आएपछि लेखन र प्रकाशनका दृष्टिले मेरा धेरै बाटाहरू खुलेका छन् र त्यसपछि विभिन्न पत्रपत्रिकाका सम्पादकहरूले समेत मेरा लेख, रचना माग्न थालेका छन् । विशेष गरेर त्यसपछि नै पत्रिकाहरूमा मेरा लेखहरू प्रकाशित

हुँदै आइरहेका छन् अनि पाठकहरूले पनि मेरा लेख, रचना मन पराइदिएका छन् भन्ने मैले महसुस गर्न थालेकी छु, जसले मलाई अरु लेखिरहन प्रोत्साहन मिलिरहेको छ ।

नइ प्रकाशनले मलाई दिएको उत्साह र ऊर्जाले मेरा लागि एउटा सुनौलो बाटो खनेको छ र नै यसबाट मभित्र नयाँ दृष्टिकोण पलाएको छ । नइ मेरा लागि लेखनको मूल ढोका बनेर मेरा पाइलामा साथ बनेको छ । नइप्रति म मनभित्रैबाट आभार व्यक्त गरिरहेकी हुन्छु तर नइप्रतिको त्यो मेरो उमङ्ग देखाउन भने मैले पाएकी छैन । मेरो दिलमा गडेर बसेको नइ मेरो आदर्श बनेको छ र म त्यही आदर्श बोकेर नेपाली अक्षर केलाएर हिँडिरहेकी छु ।

अर्काको संवेदनामा खेलबाड गर्ने त धेरै हुन्छन् र नयाँ, काँचाकचिलाहरू त्यस्ता खेलबाडका सिकार भइरहेकै पनि हुन्छन् । तर नइको जस्तो सकरात्मक सोच भएको मानवीय गुणले युक्त संस्था र संस्थाप्रमुख पाउनु मेरो लेखनीको पनि भाग्य हो भन्ने मैले ठानेकी छु । नयाँ प्रतिभालाई उत्तिकै स्थान दिने नइ प्रकाशनको शैलीबाट म धेरै प्रभावित भएरै आफ्नो मन खोलेकी हुँ । स्रष्टाको सृष्टिलाई सधैँ बचाउन खोज्ने नइ प्रकाशनप्रति मेरो बेग्लै र उच्च सम्मान छ । नइको यस्तै साथ र सहयोगले नै अरू धेरै साहित्यकार उदाइरहेका पनि म बुझिरहेकी छु । सही ठाउँ नपाई झोक्राएर बसेका कैयौँ प्रतिभाहरूले नइबाट उदाउने मौका पाउनेछन् भन्ने मलाई लागेको छ । नइ प्रकाशनबाट कोही सम्मान बोकेर उदाउनेछन्, कोही कृति बोकेर उदाउनेछन् र कोही हौसला बोकेर उदाउनेछन् । नइ जस्तो छ, त्यस नइलाई पनि त्यसरी नै सधैँ मेरो सफा मनले सहयोग गर्न पुगिरहोस् भन्ने मैले कामना गर्न छाडेकी छैन ।

मेरो नजरमा नइ प्रकाशनका सञ्चालक नइ जोडी एक रथका दुई पाङ्ग्रा हुनुहुन्छ । यो एक उदाहरणीय जोडी एक रथ बनेर साहित्यमा बाटो खोज्नेहरूको बाटो बनिरहनुभएको म देखिरहेकी

छु । जसको मनमा ईर्ष्या, रिस र डाहा छ ऊ नइसँग हुँदैन किनभने नइ स्वार्थ र सर्तबाट धेरै टाढा छ र नइबाट अरूको भलाइ मात्र भइरहेको हुन्छ । त्यसैले मलाई थप अर्को कुरा पनि भन्न मन लागेको छ– 'संसारका थोरै मात्रै मानिसहरूमध्येका एक रथ हुन् नइ, जसले अरूको चाहनालाई बुझिदिन्छ र सकेको ती चाहनालाई अघि बढाइदिने काम गरिदिन्छ ।'

नइ जोडी आफैँ पनि लेखनका सगरमाथा हुनुहुन्छ । तर अरूलाई यसरी लगातार माया, सहयोग र प्रेरणा दिएको देख्दा यति सकारात्मक सोच भएका मानिसहरू यो कलियुगमा पनि हुँदा रहेछन् जैँ जस्तो लाग्छ ।

सांस्कृतिक सेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण अङ्ग हो भन्ने कुरामा विश्वास राख्ने नइले विशेष गरेर अरूलाई पनि प्रोत्साहन दिएको देखिन्छ । त्यसैले नइसँगै डुबेर मलाई फेरि अर्को एउटा उपन्यास पनि लेख्न मन लागेको छ; तर हेरौँ !

# गर्बिलो पदचाप

**प्रा.डा.सावित्री कक्षपती**

स्रष्टाको अनुभूतिमा शाश्वत र निष्कलङ्क रूपमा बगिरहने भावले शाश्वत अभिव्यञ्जनालाई पर्खिरहेको हुन्छ । त्यो शाश्वत प्रवाहमा बगिरहँदा लेखक महिला वा पुरुष हुँदैन । मन सुपरकन्सस् पराअहम् तहमा पुगेको अवस्थामा ऊ नितान्त मानव हुन्छ । त्यो अवस्थामा लेखिने गरिएका साहित्य शाश्वत हुन्छन्, जसले समग्र मानवीयतालाई केन्द्रमा राखेको हुन्छ । त्यस्तो साहित्य विश्वजनीन स्वरूपमा स्थापित हुन पुग्दछ । यही मर्मलाई बुझेको नइ प्रकाशन अहिले नेपाली साहित्य प्रकाशनको परिदृश्यमा निरन्तर यात्रा गरिरहेको अथक यात्री बन्न पुगेको छ ।



नरेन्द्र र इन्दिराको संयोजनमा अनेक मनकारी दाता खोजेर तिनलाई आफ्नो उद्देश्य बताएर दाताका रकमलाई अक्षयकोषमा राखी व्यवस्थित किसिमले संस्थालाई हिँडाइरहेको देखिन्छ । दाताको विश्वास जित्दै शङ्खको लोगो या प्रतिक चिह्न बोकेर नइले साहित्यको अग्रगमन, सकारात्मक र बहुआयामिक विकासका लागि शङ्खघोष गरिरहेको छ । 'नइ' शब्दकोषमा नभएको वा नभेटिने नाम ! तर नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईदम्पतीको

नामको अघिल्लो शब्द नरेन्द्र + इन्दिरा = नइ समस्त शब्दको निर्माण भएको छ । नेपाली साहित्यजगत्मा भएको यो शब्द निर्मिति अनि त्यसले गरिरहेको कामतिर विचरण गर्दा यसले नेपाली साहित्यको प्रकाशनको इतिहासमा नवीनतम र दरिलो उपस्थिति दिएर गर्बिलो प्राज्ञिक संस्था बन्न सफल देखिएको छ । अबदेखि साहित्यिक इतिहासको आलेखमा यसलाई स्थान नदिई नहुने अवस्थाको सिर्जना यसले गरिरहेको कामबाट स्पष्ट देखिएको छ । कला, साहित्य र वाङ्मयको चर्चा हुने ठाउँमा नइको चर्चा र विश्लेषण नगरिने हो भने त्यहाँ ठूलो खाडल रहने जोखिम रहन्छ । त्यो हैसियत नइले प्राप्त गरिसकेको छ ।

नइले धेरै थरीका काम गरिरहेको छ । मैले झट्टै सम्झनुपर्दा केही त्यस्ता कार्य दृश्यमा नाचिहाल्ने गरेको छ । नेपाली साहित्यका धरोहर शास्त्रीयतावादी लेखनाथ पौडचाल, स्वच्छन्दतावादी लक्ष्मीप्रसाद देवकोटा र शास्त्रीयतावाद र स्वच्छन्दतावादको सन्तुलनमा रहेका बालकृष्ण सम तीन जना अमर साहित्यकारको नाममा न र इ भएरै त्रिमूर्ति निकेतन स्थापना भएको छ । ती तीन जना त्रिमूर्तिका पूर्ण कदका सालिक काठमाडौंको सञ्चारग्राममा स्थापना भएको छ । गौशालाबाट एअरपोर्ट जाँदा बाटैबाट देखिने त्यो सालिकले मलाई जहिले पनि स्पर्श गरिरहेजस्तो अनुभूत हुने गर्दछ ।

नइका थुप्रै कामहरूको शृङ्खलामा मेरो मानसपटलमा झाँकिरहने अर्को घटना र कार्य पनि रहेको छ । 'सत्यम्, शिवम्, सुन्दरम्'को रोडम्याप बनाएर आफ्नो यात्रालाई अगाडि बढाउँदै गर्दा नइले युवावस्थाको यात्रा तय गरिरहेको छ । यही यात्रा गर्दै जाँदा नइले शाश्वत लेखनको मापदण्डले निर्माण गरेको हाम्रा अमर साहित्यकार माधव घिमिरेलाई 'राष्ट्रकवि' र सत्यमोहन जोशीलाई 'वाङ्मय शताब्दी पुरुष'को परिकल्पना मात्र गरेन राज्यस्तरबाट

राष्ट्रिय उपाधि दिलाउनका लागि पहल गरेर त्यसलाई निकास दिने कामसमेत गरेको छ । आफूले सोचेको ब्रेनचाइल्ड वा चिन्तन 'राष्ट्रकवि' र 'वाङ्मय शताब्दी पुरुष' उपाधिलाई आफू मात्र नभएर समाजका विशिष्ट व्यक्तित्वलाई आफूसँगसँगै सहयात्रा गराएर यसलाई सेफ ल्यान्ड गरिएको छ । त्यस्तै 'नेपाली साहित्यका विश्वनारी रत्न'को उपाधिले डा.वानीरा गिरीलाई र प्रा.डा.वासुदेव त्रिपाठीलाई 'महासमालोचक'को उपाधिले विभूषित गर्नु नइका अरू अविस्मरणीय कार्य भएका छन् ।

झन्डै तीन दशकको यात्रामा नेपाली कला, भाषा, वाङ्मय र साहित्यसेवामा विहङ्गम दृष्टि पुऱ्याएर समर्पित संस्था हो– नइ प्रकाशन । निजी क्षेत्रबाट देशभित्र र बाहिरका साहित्य र कलाप्रेमी व्यक्तित्वलाई परिचालन गरी नइले सार्थकता प्राप्त गरिसकेको छ । नइप्रति मान्छेको विश्वास नै कति बेजोड छ भन्ने तथ्य वानीरा फाउन्डेसनको स्थापनाले पनि प्रस्टयाएको छ । नइमा त्यसको कार्य सञ्चालन गर्ने जिम्मेवारी अर्को शृङ्खला बनेर आएको देखिन्छ । नितान्त आफ्नो मौलिक सांस्कृतिक मूल्य र मान्यताको धरातलमा टेकेर विशेष गरी ओझेलमा परेका र उल्लेखनीय योगदान गरेका नेपाली प्रतिभालाई खोजीखोजी राष्ट्रिय स्तर या केन्द्रमा ल्याएर देखाउनु नइको अर्गानिक उद्यम बनेको छ । लुकेका प्रतिभालाई आफ्नो नेटवर्क बनाएर खोजी गरी तिनलाई अगाडि ल्याउनु, पुराना र नयाँ पुस्ताका लेखकलाई समेट्दै तिनलाई जोड्ने महत्त्वपूर्ण काम नइबाट नै भएका छन् । यसबाट वाङ्मय र साहित्यमा लागेका नयाँ प्रतिभालाई मनग्ये प्रोत्साहन मिलेको छ ।

नेपाली वाङ्मय र साहित्य प्रकाशनको धारमा आफ्नो नौलो परिचयसहितको नयाँ पाइलाका रूपमा नइ प्रकाशन प्राज्ञिक संस्थाका रूपमा अगाडि बढिरहेको छ । आफ्नै आवास नइगृहमा संस्थाको

कार्यालय बनाउनुका साथै नइ पुस्तकालयको पनि स्थापना गरेको देख्ता नइलाई वाग्देवीको अर्को आशीर्वाद रहेको मैले मानेकी छु । व्यक्तिगत रूपमा खटेर वाङ्मय र साहित्यको सेवामा लाग्ने लत लागेका नइ जोडीको वाङ्मय र साहित्यमा बहुपक्षीय अविस्मरणीय योगदान रहेको छ । अन्य साहित्यिक संस्थाभन्दा फरक पहिचान लिएर उभिएको नइ प्रकाशन आफ्नो गन्तव्यतर्फ अविचल हिँडिरहेको छ । कुनै पनि लोभलालचभन्दा माथि उठेर संस्थापकको त्यागले सिञ्चित भएको भाग्यमानी संस्था हो– नइ प्रकाशन । आफ्नो उद्देश्यअनुसारको बहुआयामिक योजना निर्माण र कार्यान्वयन गर्दै नयाँ प्रतिभाका लागि अभिभावक र छहारी बनेको छ– नइ प्रकाशन । अलिअलि लेख्न थालेकालाई समेत लेख्नका लागि उत्प्रेरणा दिइरहने अविचल यात्री नै हो– नइ ।

यस्तै उद्यमको अर्को महत्त्वपूर्ण शृङ्खला हो नइको आयोजनामा भएको 'विश्वनारी नेपाली साहित्य सम्मेलन ।' यो त्यस्तो आयोजना हो, जसले ल्याएको साहित्यिक तरङ्ग महिला साहित्यकारको इतिहासमा विशेष घटना बनेको छ । नेपाली साहित्य थोरै महिला सर्जकबाट सिञ्चित भएको अवस्था त छँदै थियो । केही महिला साहित्यकारका नामहरू र तिनका योगदानलाई साहित्यको इतिहासमा थोरै मात्र स्थान दिएको अवस्था पनि थियो । नेपाली साहित्यको इतिहासले लामै छलाङ लगाएपछि र विशेष गरी २०४६ सालको राजनीतिक परिवर्तनपछि महिला लेखनको बारेमा चर्चापरिचर्चा प्रारम्भ भएको हो । साठीको दशकपछि यसले घनीभूत रूप लिँदै गएको देखिन्छ । साहित्यको इतिहास केन्द्रमुखी बनिरहेको अवस्थामा र पठनपाठनमा तिनैलाई आधार मानेर विद्यार्थीलाई सूचना प्रवाह गरिरहेको परिवेशमा मोफसलका महिला साहित्यकारले हीनताबोधको बोझिलो पीडा महसुस गरिरहनुपरेको थियो । साहित्यमा आफूलाई सम्बोधन नगरिएको अवस्थाले दिएको

असहजतालाई बोकेर बस्नुपर्दाको अवस्थामा पनि नारी लेखकहरूले आफ्नो लेखनलाई निरन्तरता दिइरहेकै थिए ।

२०७१ साल जेठ १५ देखि १७ गतेसम्म त्रिमूर्ति निकेतनले 'विश्वनारी नेपाली साहित्य सम्मेलन'को आयोजना गरेको थियो । उक्त सम्मेलनले केन्द्रदेखि मोफसलका महिला स्रष्टालाई काठमाडौँमा उतारेर तिनीहरूको सिर्जनशील क्षमता प्रदर्शन गर्ने अनुकूल वातावरण नइले नै बनाइदिएको थियो । उक्त सम्मेलन नेपाली महिला साहित्यकारका लागि महत्त्वपूर्ण कोसे ढुङ्गा बन्न पुग्यो, जहाँ नेपालको चौधवटै अञ्चल र विश्वका बीस देशका नेपाली महिला साहित्यकारहरूको जमघट विशाल रूपमा एकै ठाउँमा गराइएको थियो । उक्त संस्थाबाट विभिन्न विधामा लेखिएका महिला सर्जकका रचना प्रकाशन गरेर युगौँयुगसम्म रहने अर्को महत्त्वपूर्ण कार्य भएको छ । यो कार्य नेपाली महिला साहित्यकारको त्यस्तो दस्तावेज बन्न पुगेको छ, जसले महिला सर्जकको सिर्जनशीलता र क्षमतालाई अद्यावधिक बनाइदिएको छ । यो कार्यले काठमाडौँमा केन्द्रित भएर काठमाडौँकै महिला साहित्यकारहरूले प्रतिनिधित्व गर्दै गरेको महिला साहित्यकारको सम्बोधनलाई अब परिवर्तन गरिनुपर्छ भन्ने खाका कोरिदिएको छ । त्यसको सकारात्मक प्रभाव अहिले देखिँदै आएको छ । पछिल्लो समयमा देशविदेशमा आयोजना भइरहेका विभिन्न विधाका साहित्यिक कार्यक्रममा काठमाडौँको मात्र होइन, मोफसलका महिला साहित्यकारको घनीभूत उपस्थितिले त्यसलाई प्रमाणित गरेको छ । उनीहरू सांस्कृतिक रूपान्तरणका यात्रामा निर्बाध रूपमा अगाडि बढिरहेका त्यस्ता अभियन्ता हुन्, जसले आवाजविहीनहरूको आवाजलाई निडरताका साथ उठाउने र तिनको प्रतिनिधित्व गर्ने एउटा स्पष्ट वक्ता सिपाहीको भूमिका खेलिरहेका छन् । त्यो हुनुमा उक्त सम्मेलनको अहम् भूमिका देखिन्छ ।

कोभिडपूर्व अन्तर्राष्ट्रिय स्तरमा हुने गरेको साहित्यिक कार्यक्रममा महिला स्रष्टाको भौतिक उपस्थिति हुन नसकेको अवस्थामा कोभिडको कारणले बृहत् रूपमा भइरहेको भर्च्युअल साहित्यिक कार्यक्रममा देखिएको महिला साहित्यकारको सहभागिताले पनि 'विश्वनारी नेपाली साहित्य सम्मेलन'लाई नै पुष्टि गरेको देखिन्छ । तिनका रचना र विचार विमर्श कुनै पुरुष साहित्यकारको भन्दा कम देखिँदैन । पुरुष साहित्यकारकै हाराहारीमा, अऋ कति बेला त पुरुषका भन्दा पनि उच्चतम अभिव्यञ्जनामा तिनले आफ्ना अनुभूतिलाई सार्वजनीन प्रवाह गरिरहेका देखिन्छन् । यसबाट नेपाली साहित्यमा महिला साहित्यकारको उपस्थितिले विशेष आकार प्राप्त गरेको छ । अब निस्सङ्कोच भन्न सकिन्छ, जिल्लाजिल्लामा महिलाले अगुवाइ गरेका साहित्यिक संस्थाहरू धमाधम खुल्नुमा त्यही विशाल सम्मेलनको पृष्ठपोषण रहेको छ ।

सधैँ पितृसत्तात्मक सोचको परिभाषामा र त्यही सोचले चिनाएको भरमा समाजमा आफ्नो उपस्थिति जनाइरहेका महिला साहित्यकार अब त्यो विगतको परिभाषाबाट फुत्किएर आफूले आफैँलाई सगर्व परिभाषित गर्नतिर उन्मुख भएको देखिएको छ । आफ्नै अग्रसरतामा 'हामी यस्ता छौँ' भनेर परिचय दिँदै स्थापित हुने क्रम जारी रहेको छ । राम्रो लेख्ने महिला साहित्यकारहरू ऊर्जाशील लेखनसहित केन्द्रमा आइरहेका छन् । भर्खरका सिकारु स्रष्टालाई पनि अग्रजले बडो प्रेमले स्थान दिँदै तिनीहरूसँग हातेमालो गरेर अगाडि बढ्दै जिम्मेवारी निर्वाह गरिरहेको देखिएका छन् । आफूलाई स्रष्टाको रूपमा उपस्थित गराउनका लागि मौका खोजिरहेका काठमाडौँ र मोफसलका महिला हस्ताक्षरको लेखन, साधना र त्यसको निरन्तरताले 'अब हामी यस्ता छौँ' भनेर आफ्नै हैसियतमा आफूलाई परिभाषित गर्दै आफ्नो परिचय दिइरहेका छन् । यो यात्रालाई प्रभावकारी रूपमा जीवन्त र गतिशील बनाउने

दायित्व महिला लेखकले आफ्नै काँधमा लिएका छन् । यो जिम्मेवारी पूरा गर्न सक्ने क्षमतावान् महिला स्रष्टाको उपस्थिति बिस्तारै घनीभूत हुँदै गएको देखिएको छ । महिला लेखनको यो परिदृश्यमा नइले नै आयोजना गरेको विश्वनारी साहित्य सम्मेलनको निर्णायक भूमिका रहेको छ । यस्तो दीर्घकालीन स्वरूपको साहित्यिक आयोजना गरेर नइले नेपाली वाङ्मय र साहित्यलाई निकै ठूलो गुन लगाएको छ । त्यस्तो सुन्दर कार्य र त्यसले देखाएको परिणामलाई विचार गरी सरकारी बजेटमा चलेका संस्थाले आफूले गरेको कार्यलाई एक पटक फर्केर हेरी स्वमूल्याङ्कन गर्न प्रेरित गरिरहेको देखिन्छ ।

# साधना र पौरख

## प्रा.डा.सावित्री श्रेष्ठ

नइको जन्म साहित्यिक यात्राका लागि भएको हो । एउटा कठिन यात्रा जहाँबाट जीवनको जीवनजस्तो घाम झुल्कन्छ, विचारका किरणहरू छताछुल्ल हुन्छन् र त्यो पनि अति कठिन यात्रा काँडाघारीको बाटो हिँडेर । यस्तो यात्राका पथिक र पथप्रदर्शक दुवै नइ नै हुन् भनेर मलाई भन्न मन लाग्छ । तर नइ यात्रीको गन्तव्य आफ्नो



उन्नति होइन, अरूहरूको सेवा गर्ने हो, जय मनाउने हो । हो, उनीहरूको आफ्नो सपना छ र यस सपनामा म यो पाऊँ र खाऊँ; यो ठाउँमा पुगौँ र त्यो ठाउँको भाग खाऊँ भन्ने होइन, अरू नै अघि बढून् जो साधनालिप्त छन् भन्ने नइले सपना बोकेको छ । त्यसैले यिनको साधनाको गन्तव्य चुलीले पायो 'राष्ट्रकवि माधव घिमिरे', 'वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी' आदिआदि । यी दुवै व्यक्तिको सरकारी उपाधि नइका साधनाबाट पहिऱ्याइएको हो ।

म, म, म र मेरो, मेरा, मेरो भन्ने धराको श्रापित युगमा अहिले हामी बाँचिरहेका छौँ । मिहेनत गरीगरी मिहेनत के भनौँ; तपस्या गरीगरी साहित्यसाधक, समाजसाधकहरूलाई धन, मान, प्रतिष्ठा

जेजे छ त्यहीत्यहीले पहिऱ्याएर तिनको जय मनाउन सानो मन, विचार र कर्म भएका व्यक्तिले कसै गरी गर्न सक्तैनन् । तर नइमा सत्य र त्यागमा आधारित विशिष्ट गुण भएकाले नै यी सबै काम भइरहेको हामीले हेरिरहेका छौँ । कसैले नसोचेको र सोचे पनि गर्नै नसक्ने कामहरू नइबाट भइरहेका छन् । मैले त्यतिकै नइलाई खुसी पार्न यो कुरा भनेको पक्कै होइन । मलाई पनि थाहा छ, म आफू पनि साहित्य साधनाको बाटोतिर लाग्दै गर्दा यो बाटोमा कति काँडाहरू ठाडा परेर उभिएका छन्, मैले महसुस गरेकी छु ।

सिद्धिश्वरमान श्रेष्ठले २०३८ सालदेखि साहित्यिक पत्रिका 'अक्षलोक' चलाउन थाल्नुभयो र त्यतिखेर उहाँ किशोर वयमा हुनुहुन्थ्यो । जीवनको अन्तिम क्षणसम्म उहाँ यसैमा समर्पित रहनुभयो । जीवन सोचेजस्तो नहुने रहेछ, सलल निर्मल बहाउसँगै बगिरहेको जीवन बगिरहँदो रहेछ । नदीमा सोच्नै नसक्ने गरी बाढी आउन सक्दो रहेछ र कहिलेकाहीँ सदाबहार नदी बगरमा परिणत हुँदो रहेछ । नदी या पानी हो परिस्थिति सबै सपना हो कि बिपना हो भनेजस्तो हुँदै जाँदो रहेछ । स्वस्थ भएर निरन्तर क्रियाशील जीवनमा रमाइरहनुभएका सिद्धिश्वरमान श्रेष्ठ कोभिड १९ विशेष 'अक्षलोक' अङ्क निकाल्ने तयारीमा हुनुहुन्थ्यो । काम गरिरहेकै अवस्थामा उहाँ कोभिडकै सिकार हुनुभयो । आकार, प्रकार, गन्ध, केही पनि नभएको भाइरसले गर्नु गऱ्यो र हाम्रो आनन्दको संसारमा त्यसले हठात् हुरी ल्याइदियो । त्यस पापी कोभिडले मेरो र हाम्रो सन्तानको मुस्कान आँसुमा रूपान्तरित गरिदियो । उहाँजस्तो साहित्यसाधक, हल्ला नगरी काम गर्ने व्यक्ति मात्र नभएर 'अक्षलोक' नै शून्य भएको महसुस भयो हामीलाई । त्यसैले सदाकाल उहाँको उपस्थिति जनाउन हामीले 'सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र'को रूपान्तरण गरिदियौँ । यसको सञ्चालनमा म समर्पित भएर लागिपरेकी छु । काम गर्न कति कठिन हुन्छ भन्ने कुरा यतिखेर मलाई थाहा हुँदै जाँदै

छ । काम गर्दा चारैतिरबाट कस्ताकस्ता बाधा र अप्ठ्याराहरू आउँदा रहेछन् तर ती अप्ठ्याराहरू खेप्ने क्रममा म नइलाई सम्झन पुग्छु । सङ्घर्ष नगरी कुनै चीज पनि फस्टाउन सक्तैन रहेछ ।

'सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र'को स्थापना भएको केही समयमा नै यस संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न व्यक्तिहरूलाई पुरस्कार तथा सम्मान अर्पित गरिसकेको छ । यसले केही भव्य कार्यक्रमहरू पनि गरिसकेको छ । हुन त काम आफ्नो, सोच आफ्नो, मिहेनत पनि आफ्नो तर कार्यक्रमको प्रेरणा र परिकल्पना नइका क्रियाकलापहरूबाटै मैले पाएकी हुँ । मौन रहेरै पनि, एक शब्द नबोलेरै पनि प्रेरित त पार्न सकिँदो रहेछ नि ! त्यसरी नै मानौँ, जसरी गुलाफ चुपचाप फुल्छ काँढाहरूबीच र सुवास चारैतिर फैलाउँछ, गुलाफको सौन्दर्य र सुवासबाट को कति लाभान्वित हुन्छ त्यो व्यक्तिविशेषमा भर पर्ने कुरा हो । नइ मेरो मनभित्रकै या भनौँ, मौन प्रेरणाको स्रोत बन्न सकेकोमा मलाई गर्व लागेको छ ।

अहिलेको दूषित वातावरणमा नइ प्रकाशनबाट सम्पन्न यस हदसम्मको प्रभावशाली काम जोकसैले गर्न सक्दै सक्दैनन् । तर नइभित्र एउटा चमत्कारी शक्ति रहेछ, जुन शक्तिका अगाडि जस्तोसुकै हुन्डरीको पनि केही लाग्दैन र नइले जित हात पारिरहेकै हुन्छ । कसैको दयामायाले होइन, नइ प्रकाशनले आफ्नै साधना र पौरखबाट कीर्तिमान कायम गरेको छ । अरूले भोलितिर सिक्ने वा अनुकरण गर्ने काम नइले हिजै सम्पादन गरिसकेको हुन्छ । यो कस्तो चमत्कार हो ?

नइको कुरा गर्नासाथै नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाम आइहाल्छ । नइमध्ये एक जना वा एक्लैएक्लै भएर स्थापना गरेको भए कुनै पनि संस्था यति व्यापक हुन सम्भव थिएन । त्यसैले मलाई लाग्छ, उहाँहरूको दाम्पत्य जीवन साहित्यिक उत्थानकै लागि भएको हो । उहाँहरूको सारा गुण र कार्यहरू ओझेल पार्दै उहाँहरूको

विवाहमै टीकाटिप्पणी गर्ने एउटा मसिनो जमात पनि देखिन्छ । नइका विषयमा व्यर्थको अनावश्यक र निरर्थक टीकाटिप्पणी भएको सुन्दा यस सहरमा ईर्ष्या गर्ने र डाहा गर्ने मान्छेको पनि कमी छैन भन्ने मलाई लाग्छ । यहाँ केही मान्छे अर्काको खोइरो खन्ने, बेइज्जत गर्ने किसिमका छन् तर तिनीहरूले समाजका लागि केही गर्न नसकेपछि काम गर्नेलाई सहन नसकेको हो भन्ने मलाई लाग्छ । हुन त तिनीहरू एकछिन मच्चिने मात्र हुन्, त्यस्ताबाट कुनै माखो मर्दैन र ती आफैँ थच्चिएका पनि देखिन्छन् ।

इन्दिरा प्रसाईले नरेन्द्रराज प्रसाईसँगको जीवन नरोज्नुभएको भए र उहाँ नक्कली सामाजिक आदर्शमा रहनुभएको भए उहाँले बढीमा आफ्नो लेखनकार्य जारी राख्नुहुन्थ्यो । मन र विचार नमिल्ने मान्छेसँग अभिशप्त जीवन बाँच्नुहुन्थ्यो तर नइको जन्म हुने थिएन । नरेन्द्रराज प्रसाईको सन्दर्भमा पनि यही कुरा लागू होला । आज उहाँले इन्दिरारूपी बलियो आधारस्तम्भ, सहकर्मी, सहधर्मिणी र साहित्यिक योद्धाको भरपर्दो र निरन्तर साथ पाउनुभएको छ र नै नइले विश्वव्यापक ढङ्गबाट आफ्नो काम गरिरहेको छ ।

दुइटा मान्छे एउटा भएर जन्माइएको संस्था हो नइ; जसले अनेकौँ विज्ञहरूका जीवनमा उत्साह र अर्थपूर्णको कर्म गरेको छ । अरूको सुकर्मको सम्मान गरेर आफ्नो सम्मानमा श्रीवृद्धि गर्ने नइलाई मैले मात्र होइन संसारभरि रहेका नेपाली स्रष्टाहरूले शुभकामना दिइरहेका वर्तमान समयमा मैले अध्ययन गरेको विषय हो ।

# सोचाइमा नै परिवर्तन

## सीमा रोशी

मेरो साहित्यिक यात्राले नइ प्रकाशनमा पुग्न धेरै कसरत गरेको थियो । हुन त मैले लेख्न थालेको बाह्रचौध वर्षको उमेरदेखि नै हो । त्यति बेला हाम्रो पालामा स्कुलमा कविता, कथा लेख्नु भनेको आफैँभित्रै समाहित हुनुजैँ थियो । सायद गाउँका स्कुल भएर होला, त्यति बेला स्कुलमा कविता लेख्नु र सुनाउनु हाम्रो पालामा आइसकेको थिएन । स्कुलमा हामी निबन्ध, हाजिरजबाफ, कहिलेकाहीँ बहसमा संलग्न हुन्थ्यौँ र जित्थ्यौँ । म र मेरो भाइ सदाबहार प्रथम र द्वितीय हुन्थ्यौँ । तर मेरा कविताहरूले स्थान त्यति बेला पायो जब म बाग्लुङ क्याम्पसमा कक्षा ११ मा भर्ना भएँ र बाग्लुङका साहित्याकाशमा धेरै आदरणीय अग्रज साहित्यकारसँग जोडिने मौका पाएँ । २०५३–५५ सालतिरको कुरा हो त्यति बेला पोखरा, कुश्मा, बाग्लुङका केही पत्रिकाहरूमा मेरा पनि केही कविता, लघु नाटक र कथाहरू छापिने गर्थे । त्यसपछि मेरा दुई पुस्तक २०६० सालमा निस्किएका थिए । काजी रोशनले मेरो कविता र एक कथासङ्ग्रहमा भूमिका लेखिदिनुभएको थियो । त्यति बेला म



अहिलेकी सीमा रोशी नै बाग्लुङको साहित्याकाशमा सीमा आँसुका नामले चर्चित थिएँ ।

मलाई मेरा सृजनाहरू राम्रा छन् र राम्रा हुनेछन् जस्ता कहिल्यै लागेनन् । त्यही भएर मैले कतिकति कविता र कथाहरू लेख्तै च्यातेर नै फालिदिएकी थिएँ । साथै मैले २०५३ सालअघि एउटा उपन्यास पनि लेखेकी थिएँ । तर त्यो पूरा त भएको थिएन र त्यो पनि फालिदिएँ । मैले कहिल्यै लेख्छु भनेर कविता लेखिनँ, कथा लेखिनँ र उपन्यास पनि लेखिनँ । मैले भावसागरमा आएर लेखेँ, बहकमा आएर कोरेँ । साहित्यमा मेरो एक अन्तहीन लगाव थियो, प्रेम थियो । म जे देख्थेँ उसैमाथि कविता लेखिदिन्थे, म पढ्नै छोडेर पनि लेख्ने गर्थें । यो देखेर कहिलेकाहीँ कतिले मलाई भन्ने गर्थे 'आशुकवि !' त्यति बेला अर्को नाम पनि जोडिएको थियो कथातिर नारीका हक र अधिकारप्रति आशालाग्दो सशक्त लेखन ।

पक्कै राम्रो सृजनामा प्रतियोगिताको लागि पनि कोरूँ भनेको भए मेरा कलमहरू त्यतातिर पनि जान सक्थे होलान् । तर त्यसताका मैले कविता देश र जनताका लागि पनि लेखेँ । म कुनै राजनीति पार्टीसँग सम्बन्धित थिइनँ र हुन पनि सक्दिनथेँ । मलाई राजनीतिप्रति अचम्मको वितृष्णा नै थियो । त्यति बेला सरकार र माओवादीको युद्धकालीन समय थियो । देशको अन्तहीन अस्थिर राजनीति र सुरुमा माओवादीले लिएका देशभक्ति र राष्ट्रका लागि सपथ र नाराहरूले हाम्रो कलिलो दिमागमा पनि गतिलैसँग प्रभाव पारेका थिए र हामी पनि कतै न कतै यस विषयलाई कलममा पोत्थ्यौँ, गोष्ठीमा वाचन गर्दथ्यौँ । त्यति बेलाका मेरा कविताहरूले पनि प्रगतिशील तथा क्रान्तिकारी भनेर नाम पाएका थिए ।

साँच्चिकै हिंसा र अशान्तिका लागि त म सरकार र माओवादको विरोधी थिएँ तापनि मैले कथा, कविताहरूमा त्यस बेलाका साहित्यिक या सामाजिक जमातमा परिवर्तन पनि लेखेँ । यही औँल्याउँदै एक

दिन एक जना सेनाले र एक जना माओवादी छापामारले मेरा कविता पढेर भनेका थिए– 'तपाईं किन दुई ढुङ्गाको तरुल बनेर बस्नुहुन्छ ? किन कतैतिर लाग्नु हुन्न ?' यसैका डरले पनि सङ्कटकालमा मैले धेरै मेरा कविताहरू जमिनमुनि लगेर गाडेकी थिएँ ।

२०५२–२०६० सम्म आइपुग्दा मलाई आफूले देश र समाजका लागि केही गर्छु, केही लेख्छु भने पनि ती कुरा बाहिर आउन र गतिलै पत्रिकामा छापिनलाई कि त ठूलो राजनैतिक संस्थामा संग्लग्न हुनुपर्दथ्यो, कि त ठूला पद र प्रतिष्ठा सम्पन्नतासँग सम्बन्धित परिवार हुनुपर्दथ्यो, कि त शक्तिशाली व्यक्तिसँग चाकरी र चाप्लुसी गर्नुपर्दथ्यो । तर मलाई न कहिल्यै राजनीतिमा गएर साहित्यको नै अनादर गर्न मन लाग्यो न त चाकरी र चाप्लुसीमा लागेर आफैँको अनादर गर्न मन लाग्यो ।

हामी अघि बढ्नलाई कहीँ न कहीँ त जोडिनैपर्ने रहेछ भन्ने साक्षी म र मेरो समय थियो । मलाई म पनि केही गर्न सक्छु, मसँग पनि केही कला छ भनेर यस समाज र देशका लागि बाहिर जोडिन पक्कै समय लाग्यो, गाह्रो भयो । एकान्त शैली बेग्लै मजाको विषय हो तर धेरै ज्ञानगुन र अनुभव बटुल्न एकान्तको जीवन काम लाग्दो हुँदैन भन्ने पनि ममा व्यावहारिक भावनाको विकास हुन थाल्यो । म कोही न कोही असल र राम्रा मान्छेको खोजीमा थिएँ, जसले मलाई पनि केही न केही सिकाउन सकोस् । साथै मैले नयाँ बाटो समाएँ भने मेरा पूर्व कार्यहरू मथिङ्गलबाट बडारिन थाल्थे ।

पोखराको अध्ययनपछि म वैवाहिक जीवनमा बाँधिएँ । भनौँ, २०६० सालदेखि मैले साहित्यजगत्का क्रियाकलापमा संग्लग्न हुन पाएकी थिइनँ । बच्चा, घरपरिवारमा नै मेरो पूरै समय व्यतीत हुन थाल्यो र मैले पालन गर्नुपर्ने समय नै अर्को हुन थाल्यो । तर मेरो लेखनकार्य भने रोकिएको थिएन । यसै चारपाँच वर्षको बीचमा मैले थप तीनवटा कृति लेखिसकेकी थिएँ, जुन अझैसम्म पनि प्रकाशित

छैनन् । त्यसपछि सन् २००९–१४ सम्म अस्ट्रेलियाको साहित्य जमातमा पनि सक्रिय भएर मैले काम गरिनँ । कारण उही बच्चा, घर र अरू मेरो स्वास्थ्य पनि जोडियो । यति हुँदाहुँदै पनि मेरो अर्को कवितासङ्ग्रह 'मङ्गल ग्रहको यात्रा' (२०७९) प्रकाशित भएको छ ।

सन् २०१३ मा म अस्ट्रेलियाको नेपाली कला, संस्कृतिमा जोडिएकी थिएँ । यो संस्था नइसँग जोडिएको थियो । नइ प्रकाशनले कम्तीमा एउटा किताप लेखेका स्रष्टालाई मात्र आफ्नो अभिलेखमा राख्ने गरेको रहेछ र अस्ट्रेलियाका नारीहरूमा किताप लेख्ने पहिलो म नै एउटी थिएँ । त्यसैले म नइसँग जोडिन पुगेँ । फलस्वरूप २०१६ मा नइ प्रकाशनले मलाई अस्ट्रेलियाका लागि नेपाली साहित्यिक दूत मनोनीत गरेको थियो । मेरो मनोनयनप्रति खुसी मनाएर 'कला संस्कृति'का अध्यक्ष सुजाता बस्नेत केसीले सर्वप्रथम मलाई बधाई दिनुभएको थियो । मैले नइ प्रकाशनको नीति र निर्देशनमा काम गर्दै गएँ । मेरा कामबाट नइ प्रकाशनको मैले विश्वास जितिसकेकै थिएँ । अन्ततः हामी साथीहरू मिलेर 'नइ एकेडेमी अस्ट्रेलिया'को स्थापना गऱ्यौँ । अहिले यही संस्थामा म क्रियाशील छु ।

'नइ एकेडेमी अस्ट्रेलिया'को स्थापनाको पनि सानो भूमिका यस्तो छ– मैले नइप्रति खास काम देखाउन पाइरहेकी थिइनँ । मलाई जहिले पनि लाग्छ कुनै कामको जिम्मेवारी लिएपछि त्यो पूरा पनि गर्नुपर्छ । भइपरि आउँदा गर्न नसक्नु अर्कै कुरा हो । त्यति बेलै मैले सोचेको थिएँ, पद लिएपछि काम पनि गरेर देखाउन सक्नुपर्छ । म नइको साहित्यिक दूतका नाममा बसेर मात्र हुँदैन, मैले केही गर्न सक्नुपर्छ भन्ने मलाई लागिरहेकै थियो । भविष्यमा केही गर्न सकूँला भन्नेमा नै म थिएँ । तर घर, काम, स्वास्थ्य, कला, संस्कृतिमा लाग्दालाग्दै र समय दिँदादिँदै मैले नइका लागि भनेजस्तो काम गर्न सकिनँ । मैले कुनै ठूलो काम त गर्न सकेको छैन तापनि म पहिले काम र त्यसपछि नाम भन्न रुचाउने व्यक्ति भएकी हुँदा नइप्रति

केही गरूँ भन्ने मेरा मनमा थियो । अस्ट्रेलियामा नइ एकेडेमी स्थापनाको मेरो उद्देश्य यसैको निष्कर्ष हो । यसलाई नइले सहर्ष स्विकारेर मलाई ठूलो गुण लगाएको छ । यस कार्यका लागि मलाई नइले मार्गदर्शन र प्रेरणा जगाएको छ । हामीलाई भविष्यमा धेरै अरू राम्रा काम जोडेर गर्ने बाटो यस संस्थाले खोलिदिएको छ ।

नइ प्रकाशनसँग जोडिएर काम गर्न पाएकी छु । नइले सबैलाई समान रूपमा अँगालेर हिँडेको कुरामा मलाई धेरै खुसी लागेको छ । आत्मसात् गरेर सबैलाई अघि बढाउन नइले जति काम गरेको छ यस्ता कामको म हृदयदेखि सराहना गर्दछु । नइको स्तरको कर्म गर्न विशाल हृदय चाहिन्छ, महान् मस्तिष्क चाहिन्छ । नइको कामलाई म मेरो मन र मस्तिष्कदेखि मेरा आदर्श नइलाई सलाम गर्न चाहन्छु ।

# परदेशीलाई सम्झिने संस्था

## सुनिता राई कन्दङ्वा

मध्यपूर्वको इजरायल टापुमा कर्म गर्दै नेपाली साहित्यलाई माया गर्ने एक सानो स्रष्टा मात्र हुँ म । दशकभन्दा बढी भयो यस भूमिमा रही आफ्नो कर्मसँगसँगै निरन्तर नेपाली साहित्यको उन्नयनमा आफ्नो ठाउँबाट मैले सकेको गतिविधिहरू गर्दै आएकी छु । तर म र मजस्तै साहित्यमा निरन्तर कलम चलाउनुहुने स्रष्टाहरूले यसरी कतैबाट मूल्याङ्कन हुन्छ भन्ने सोचेका थिएनौँ । अत: यो हामी सबैका लागि खुसीको कुरा हो– नइबाट गरिएको मूल्याङ्कन र सम्मान । नेपाल सरकारद्वारा मलाई सन् २०१५ मा राष्ट्रिय विभूतिका नामबाट 'भानुभक्त स्वर्णपदक' तथा प्रशस्तिपत्रद्वारा सम्मानित हुने अवसर प्राप्त भएको थियो र यसको बीज तत्त्व भने नइ प्रकाशन थियो । नइकै संयोजनमा सरकारले



आदिकवि भानुभक्त आचार्यको दुई सय वर्षको महोत्सव संसारभरि मनाएको थियो । विभिन्न देशहरूमा आदिकवि भानुभक्त आचार्य द्विशताब्दी महोत्सव मनाउने क्रममा नेपाल सरकारले इजरायलको संयोजकमा भगवती बस्नेतलाई मनोनीत गरेको थियो र सदस्यसचिवमा म परेकी थिएँ । हामीले इजरायलमा भानु दुई सय वर्षको कार्यक्रम

धूमधामसँग सम्पन्न गरेर सफलता हासिल गरेका थियौँ । नइको नाम राख्नका लागि पनि हामी झन् सक्रिय भएर त्यसमा लागिपरेका थियौँ । नेपाली साहित्यमा सरकार अघि सरेर देशविदेशमा साहित्यसम्बन्धी त्यस्तो व्यापक काम गरेको पनि त्यो नै पहिलो पटक थियो ।

नइको पच्चिसौँ वार्षिकोत्सव सफल भयो । कुनै पनि संस्था जन्मेर सक्रियतापूर्वक पच्चिस वर्ष धानेका निजी स्तरका संस्था हत्तपत्त भेटिँदैनन् । त्यसमाथि पनि साहित्यमा त छैनन् भने पनि हुन्छ । नइ प्रकाशन एउटै संस्था हो जसले निरन्तर साहित्यको सेवा गरेर देशविदेशमा सग्लो स्वरूप देखाएको छ । त्यही संस्थाले विश्वमा रहेका नइका साहित्यिक दूतहरूलाई समेत नइ रजत महोत्सव पदक प्रदान गरेर अर्को उल्लेखनीय काम गरेको छ । त्यही कोटिमा म पनि नइ रजत महोत्सव पदक र प्रशस्तिपत्रको भागिदार हुन सकेँ । नइको यति विशाल पर्वका अवसरमा मैले पदक पाउँदा मलाई अत्यन्तै गौरव महसुस भएको छ । चुपचाप कर्म गर्दै गए कसै न कसैले नियालिरहेको हुँदो रहेछ र अचानक यस्तो खुसी मिल्दो रहेछ । यसले खुसी, ऊर्जा, प्रोत्साहन अऊ केही गर्नु छ भन्ने भावना अनुभूत गराउँदो रहेछ । हामी परदेसिएकाहरूलाई यसरी खुसी बाँड्ने नेपालमा एउटै मात्र संस्था भएको मैले ठहर गरेकी छु र त्यो संस्थाको नाम नइ प्रकाशन हो ।

नइसँग जम्मा दुई पटक मात्र मेरो छोटोछोटो भौतिक भेट भएको थियो । त्यसअघि र त्यसपछि फाट्टफुट्ट म्यासेज बक्समा भेट हुने गर्छ । तर जहाँ रहे पनि सामाजिक सञ्जालका माध्यमले कर्मका गतिविधिहरू हामी एकआपसमा नियालिरहेका हुन्छौँ । यही सामाजिक सञ्जालका कारण नै नइका नरेन्द्रराज प्रसाईसँग पहिलो भेटमा नै कस्तो अपनत्व र म वर्षौंदेखि उहाँको समीप छु जस्तो लाग्यो । सन् २०१४ मा सर्वप्रथम नइगृहमा म पुगेकी थिएँ । पहिलो भेटमा केही समय कुरा गरेर मात्र म नइसँग छुटेकी थिएँ । तर त्यो

छोटो समयमा पनि त्यस्तो न्यानो स्वागत र आतिथ्य म भुल्न सक्दिनँ । साथै नइसँगको मेरो दोस्रो भेट पनि अत्यन्त छोटो भयो, सन् २०१८ मा छुट्टीमा नेपाल आउँदा । त्यस बेला भने नरेन्द्रराज प्रसाईसँग मात्रै भेट गर्ने मलाई अवसर मिलेको थियो । त्यस भेटमा मेरो कवितासङ्ग्रह 'एक जुवा घाम' हस्तान्तरण गरीवरी फेरि पछि भेट्ने बाचा गर्दै मेरो श्रीमान् सुवास कन्दङ्वा र म नइगृहबाट हिडचौँ । आफूभन्दा ठूलालाई सम्मान र सानालाई माया, हौसला, प्रेरणा दिने नइको व्यवहार औधी न्यानो पारिवारिक हुँदो रहेछ भनेर दुई भेटले मलाई जनाइसकेको छ । नरेन्द्रराज प्रसाईसँगको भेटमा कहीँ यस्तो लाग्दैन कि त्यहाँ सीमा, बन्धन, असहजता छ भनेर । वास्तवमै सहज अनुकूल स्नेही वातावरण नै नरेन्द्रराज प्रसाईसँग बिदा भएपछि सम्झनका लागि मलाई काफी भयो ।

मैले धेरैबाट सुनेकी थिएँ नइको नसानसामा साहित्य बग्छ भनेर । जिन्दगी खर्चेर उठाएको 'नइ' छानोले अहिले थुप्रै साहित्यानुरागीहरूलाई प्रेरणाको छाया दिइरहेको छ । स्वदेश होस् या विदेश नेपाली साहित्य साधना गर्ने, नेपाली साहित्यको उन्नयन, श्रीवृद्धिमा नि:स्वार्थ कार्य गर्ने, लागिपर्नेहरूलाई मूल्याङ्कन गरी अझ ऊर्जा बढाउने काम नइ प्रकाशनले गर्दै आएको छ । वास्तवमा नइले गर्नेजस्तो कार्य जनताको अभिभावक सरकारबाट स्थापना र संरक्षण भएका सम्बन्धित निकायले गर्नुपर्ने हो । तर दुर्भाग्य नै भन्नु पर्‍यो, हाम्रो आशाचाहिँ 'आकाशको फल आँखा तरी मर' हुन गएको छ ।

देशमा जति साहित्यसाधना हुन्छ त्योभन्दा कम विदेशमा भएको छैन । बरु हामी विदेशमा बस्नेका लागि अझ बढी माटो, मातृभूमि र साहित्य, संस्कृतिप्रति प्रेम हुन्छ । तर स्वदेशबाट हेर्ने र सोच्ने दृष्टिकोण फरक भइदिँदा, फरक विचार आइदिँदा हामी परदेसिएकालाई अलि खल्लो बनाइदिन्छ । यसरी देखिन खोजेको खाल्डोलाई नइका हरकार्यले सम्याइदिएको छ र जोडेको छ समान रूपमा ।

परदेसिनु कसैको रहरभित्र पर्दैन र मेरो पनि थिएन । म त अझ सानैदेखि बिदेसिनेहरूको विरुद्धमा उभिने अचम्मकी थिएँ । समाजसेवा गर्न औधी रुचाउने मान्छे थिएँ म । 'बिदेसिनु हुन्न आफ्नै माटोमा, देशमा केही गर्नुपर्छ' भन्ने सोच थियो मेरो मनमा पनि । तर मनमा आएका कुराहरू यथार्थ व्यावहारिक धरातलमा उम्रिँदो रहेनछ । मैले नचाहेरै पनि त्यही कित्तामा टेकेर परदेसिनुपरेको थियो । बिदेसिए पनि मैले आफ्नो लेखनधर्म छाडेकी छैन । यो इजरायल भूमिलाई कर्मक्षेत्र बनाउँदै मैले लेखेका कुराहरूलाई एकट्ठा गरी सन् २०१८ मा कविताकृति 'एक जुवा घाम' प्रकाशित गरेँ र अहिले सन् २०२२ मा कथासङ्ग्रह 'तिउरी' । म आभारी छु कर्मभूमिप्रति । म विश्व नेपाली साहित्य महासङ्घ इजरायल शाखामा केही वर्ष कार्य गरेपछि केन्द्रमा पुगेँ, केन्द्रीय सदस्य हुँदै अहिले दोस्रो कार्यकालमा पनि महासचिवको जिम्मेवारीमा निरन्तर समर्पित छु । साथै मैले नइ प्रकाशनको पनि विश्वास पाएकी छु र नइले दिएका कामहरू पनि सम्पादन गरिरहेकी छु ।

साहित्यको गोरेटो पछ्याउँदै हिँडिरहनेलाई प्रोत्साहन मात्रै गरेका छैनन् नइले आफैँ पनि निरन्तर साहित्यमा नै लागिपरेका छन् । विभिन्न विधामा कलमले उत्खनन गर्दै अहिलेसम्म नलेखिएका, नदेखिएका थुप्रै विषयहरूलाई प्रस्तुत गरी नेपाली साहित्यलाई नइ प्रकाशनले धेरै नै गुण लगाएको छ ।

# लोभलाग्दो योगदान

## सुभद्रा भट्टराई

नेपाली साहित्यमा नइ प्रकाशनको बेग्लै आयाम स्थापित छ । यस संस्थाका संस्थापक नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नइ प्रकाशन र त्रिमूर्ति निकेतन स्थापनाका लागि अतुलनीय योगदान रहेको छ । साथै वानीरा फाउन्डेसन नइको अर्को विशिष्ट योगदान मानिन्छ । सधैँ साहित्य, कला र संस्कृतिका लागि यी दुईले चौबिसै घण्टा खटेका कारण यी संस्थाहरू सधैँ जीवन्त भई आएका छन । नइदम्पतीले न घाम, न पानी, न जाडो, न गर्मी अथवा न हिउँद, न वर्षा भएर साहित्यको एकनासले सेवा गरिरहेका हुन्छन् ।



नइ अर्थात् नरेन्द्र र इन्दिरा आफैँमा दुई हात, दुई गोडा, दुई आँखा र दुई मुटुका कम्पनले एक स्वरूप प्राप्त गरेको एक विशिष्टतम साहित्यिक शारीरिक अवस्था हो । यो जोडीको शरीर अलग भए पनि हृदय, चेतना, भावना र दृष्टि एउटै देखिन्छ । नइ जोडी एउटै उद्देश्य र एउटै विचार भएर काम गर्ने भएकाले नइ प्रकाशन आज नेपाली साहित्यका लागि एक अनुकरणीय परिचय बन्न पुगेको छ ।

नइ प्रकाशनले असाध्यै धेरै काम गरेको इतिहास नेपाली समाजले देखी, बुझी र सुनी आएको तथ्य हो । विश्वनारी नेपाली साहित्य सम्मेलनमा संसारभरि छरिएर रहेका नारी प्रतिभाहरूलाई एकै ठाउँमा उभ्याएर जेजस्तो महानतम कर्म नइले गरेर देखाएका छन् अरु आदिकवि भानुभक्त आचार्य द्विशताब्दी महोत्सव, महाकवि लक्ष्मीप्रसाद देवकोटा शतक महोत्सव, अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन, सत्यमोहन जोशी शताब्दी महोत्सव आदि कम उपलब्धिका थिएनन् । अरूले गर्न त के सोच्नै नसकेका कामहरू नै नइले गर्दै आएको छ । आदिगायक सेतुराम, नातिकाजी, तारादेवी, अरुणा लामा, कोइलीदेवीलगायतका विशिष्ट सङ्गीतसाधकहरूको समेत जीवनी र संस्मरणको कृति लेखेर र सम्पादन गरेर नइले प्रकाशन गरेको छ । नइले नेपाली साहित्यका अनेकौं लोभलाग्दा कृतिहरूको प्रकाशन र सम्पादनसँगै लोकमा सार्वजनिक गर्ने एक विशिष्टतम छवि र चरित्र बनाइसकेको छ ।

नइले जति गरेको छ, ती सबै योगदान माथिल्लो कोटिका रहेका छन् । नइ प्रकाशनले विभिन्न उकालीओरालीहरूका यात्रा पार गरेर नेपाली समाज र अन्तर्राष्ट्रिय स्तरमा नै यस पच्चिस वर्ष समय अवधिभित्र अनेकौँ अनौठा र विशिष्ट कार्य सम्पादन गरिसकेको छ ।

मानिसहरू नइ प्रकाशनको बारेमा अनेकौँ कुरा गर्ने गर्छन् । तर कुराभन्दा पनि कामलाई महत्त्व दिएर सधैँ अगाडि बढ्नमा नइ सक्षम भएको मैले ठानेकी छु । 'न'सँग लेखन र साङ्गठनिक चरित्रको बाहुल्य छ भने 'इ'सँग लेखकीय र व्यक्तिगत सिर्जनात्मक कलाको एउटा विशेष गुण तथा साङ्गठनिक शैली छ । यी दुवैको व्यवहार र कला, कौशलले नै आज नेपाली साहित्यमा अनेकौँ गहकिला र स्मरणीय कामहरू भएको हामी भेट्न सक्छौँ ।

म सुदूर पूर्वकी चेलीलाई नरेन्द्रराज प्रसाईले सधैँ नै उत्साह र प्रेरणा दिइरहनुभयो । लेखन, सिर्जना, कला र पठनपाठनको

प्राज्ञिक संस्कारका लागि उहाँले दिनुभएको सुझाव र प्रेमलाई म सधैँ आदर र सम्मान व्यक्त गर्दछु । यसै गरी इन्दिरा प्रसाई जो आफैँ पनि बलियो साधक हुनुहुन्छ, जसले मलाई लेखनको गति परिष्कार गर्नमा आत्मबल दिइरहनुहुन्छ । मलाई मात्र नभएर जोकोही नइका अगाडि पुग्छन्, तिनीहरूले पनि नइको मार्गनिर्देशन पाइरहेका हुन्छन् ।

नइ प्रकाशन मजस्तै धेरै साधक र साधिकाहरूलाई सधैँ नै उत्साहसँगै कर्तव्यशील बनिरहन प्रेरणा दिने एउटा पाठशालाको रूपमा स्थापित भएको तथ्य भन्न पाउँदा मलाई गर्वको अनुभव हुन्छ । विशेष गरी नयाँ पुस्ताका प्रतिभा र सिर्जनकर्मीलाई नइले जेजसरी हातेमालो गर्ने, खुसीयालीको वातावरण तयार गरिदिने र उत्साहका लागि ढाडस दिने जुन परम्परा छ त्यो अग्रजले अनुजलाई गर्ने माया र प्रोत्साहन हो भन्ने मैले ठानेकी छु । सबै लेखकसँग त्यो गुण हुँदैन । सबै स्रष्टाहरूसँग त्यो हार्दिक भावना पनि हुँदैन । तर यो गुण र विशेष विशेषता नइ प्रकाशनका नेतृत्वकर्ताहरूमा रहिआएको छ ।

नरेन्द्रराज प्रसाई जीवनीलेखनमा अत्यन्तै सम्मानित नाम हो । त्यसै गरी कविता, कथा र उपन्यासलेखनमा इन्दिरा प्रसाईको समर्पण अतुलनीय छ । यी दुवैको उज्यालो सोच, गहकिलो योजना र व्यावहारिक कर्मकै कारण नइ प्रकाशनले आज विश्वमै आफ्नो बलियो छाप छोड्न सकेको छ ।

'पुरस्कार माग्न आउनेलाई हामी सधैँ कालो सूचीमा राख्ने गर्छौं ।' इन्दिरा प्रसाईले यसो भनेर नेपाली साहित्यभित्रको पुरस्कार र सम्मानको चरित्रलाई असाध्यै वैज्ञानिक, सुकिलो र स्पष्ट बनाउनुभएको मैले ठानेकी छु । त्यसो त मैले नइ प्रकाशनका कृतिहरू, यो संस्थाका सम्मानित व्यक्तित्वहरू र यो संस्थाले दिएका पुरस्कारहरूबारे निकै नै धेरै सुनेकी छु ।


नेपाली साहित्यका कतिपय पुरस्कारहरू विवादित, आशङ्कित र ग्रसित भएको पाइन्छ तर नइ प्रकाशनले पुरस्कार दिँदा वा सम्मान गर्दा जसरी पारदर्शी ढङ्गले आफ्नो चरित्र स्थापित गरेको छ । यो आज नेपाली साहित्यका सबै सङ्घ, सङ्गठन र साधकहरूले मनन गर्नुपर्ने खास पक्ष हो । नइ प्रकाशनको यो निरन्तरताले गर्दा भविष्यमा यस संस्थाले अझै उपलब्धिका कामहरू देखाउँदै जानेछ भन्ने मलाई लागेको छ । नेपाली लेखकहरूमाऽ नइ जोडीको प्रेम र सम्मानद्वारा अझै धेरै योगदान हुँदै जानेछ भन्ने मलाई लागेको छ । साहित्यकारहरूले नइबाट अझै अभिभावकत्व पाउनेछन् भन्ने मलाई विश्वास छ ।

नेपाली साहित्यमा नइ प्रकाशनको उपस्थिति केहीका लागि ईर्ष्यालाग्दो र आरिसलाग्दो बनेको छ र धेरैका लागि प्रेरक रहेको छ । खास गरेर नेपाली वाङ्मयका लागि यो नितान्त उपलब्धिको संस्था बनेको छ । यसका काम लोभलाग्दो भएर नै यो धेरैतिरको चर्चाको पात्र बन्न सकेको हो । यो चर्चा नइ प्रकाशनले आफैँले आर्जन गरेको एउटा विशेष उपलब्धि हो । नइलाई प्राप्त सामाजिक स्वीकृति पनि अधिकतम नै देखिन्छ । नेपाली समाजले नइलाई प्रदान गरेको मायारूपी यो स्वीकृतिलाई बिर्सेर पनि मामुली आँक्नु हुँदैन । यो स्वीकृति नइको बौद्धिक पसिनाको कमाइको शुद्ध कदर हो जसको मूल्य नै हुँदैन ।

# राष्ट्रिय गौरव मानौँ

**प्रा.डा.सुमन ढकाल**

नेपाली भाषासाहित्य, कला, संस्कृति आदिको सुन्दर बगैँचा (फूलबारी)लाई यथाशक्य गोडमेल गरी त्यसलाई मलजलका साथ ऊर्जा प्रदान गर्दै बृहत्तर राष्ट्रिय र अन्तर्राष्ट्रिय पहिचानतर्फ डोऱ्याएर आकर्षित रूप दिन नइदम्पती मालीका रूपमा देखा परेका हुन् । वाङ्मयिक फूलबारीका यी माली (बगैँचे) नेपालका राष्ट्रिय गौरवका कतिपय क्षेत्रमा दिनरात खटिएर यिनको उत्थानमा सशक्त रूपमा लागिपरेका छन् । स्थापनाकालदेखि आजसम्म यो संस्थाले गरेका कामहरू एकपछि अर्को झन्झन् गौरव मान्ने खालका देखिँदै आएका छन् । यस संस्थाको समूल साक्षी म पनि एक हुँ ।



भाषासाहित्य, कला र संस्कृतिको क्षेत्रमा मात्र होइन; सामाजिक क्षेत्र र कार्यका विविध पाटामा समेत योगदान पुऱ्याउने अनेकन् प्रतिभाहरूलाई पुरस्कार, पदक, उपाधि र अभिनन्दनद्वारा सम्मान र कदर गर्ने नइ प्रकाशनका जन्मदाता अर्थात् नरेन्द्र र इन्दिरा अलगअलग रूपमा आफैँमा पनि नेपाली साहित्यको फाँटमा स्थापित र प्रतिभाशाली स्रष्टाका रूपमा चिनिन्छन् । नेपाली वाङ्मयमा

यिनीहरूको लेखनी अथक र निरन्तर छ । यिनका सिर्जना बहुआयामिक र बहुसङ्ख्यक त छँदै छन् साथै ती त्यतिकै स्तरीय पनि छन् ।

हुन त धेरै समयअघिदेखि नै नेपालका लब्धप्रतिष्ठित वाङ्मयप्रेमी दाताहरूलाई स्रष्टाको सम्मान गर्न र साहित्यिकलगायत अन्य पुरस्कारसमेत स्थापना गर्नतर्फ प्रोत्साहित गर्दै, ती दाताकै नाममा पुरस्कार स्थापना गरेर त्यसको उत्तरदायित्वपूर्ण व्यवस्थापनको जिम्मेवारीसमेत नइले आफैँ लिए । नेपाली भाषासाहित्यका साथै अन्य विविध क्षेत्रका स्वनामधन्य सर्जकहरूलाई नइले विभिन्न पुरस्कारहरूद्वारा सम्मान र कदर गर्दै आएका थिए । तापनि यसलाई संस्थागत रूपमा एकै ठाउँमा आबद्ध गरेर अरू सशक्त, दिगोपना र स्थायित्व प्रदान गर्न नइ प्रकाशनको नामले साहित्यिक, सांस्कृतिक तथा सामाजिक व्यापक क्षेत्रलाई समेटेर काम गर्ने गरी एउटा विशिष्ट संस्था नै स्थापना हुनु पनि हाम्रो देशकै उपलब्धि मान्नुपर्दछ ।

उद्देश्यभित्र लक्षित विविध क्षेत्रका प्रतिष्ठित साधकहरूलाई पुरस्कृत र अभिनन्दन गर्ने काम त छँदै छ, नवप्रतिभाहरूसमेतलाई खोजीखोजी पुरस्कारद्वारा प्रोत्साहित गर्ने अनुकरणीय कार्य पनि नइ प्रकाशनले नै गर्दै आएको छ ।

नेपालको कुनाकाप्चादेखि लिएर अन्तर्राष्ट्रिय जगत्सम्म जहाँजहाँ नेपाली, नेपाली भाषा र नेपालप्रति माया देखाउने (चाहे ऊ गैरनेपाली नै किन नहोस्), सम्पूर्ण सिर्जनशील र कर्मशील हातहरू भेटिन्छन्; तिनलाई खोजीखोजी पुरस्कृत गर्दै अरू राष्ट्रका विविध क्षेत्रमा केही गरिरहन प्रोत्साहित गरिरहेको छ नइ प्रकाशनले ।

सम्पूर्ण विविध गतिविधिका साथसाथै कृति प्रकाशन नइको अर्को महत्त्वपूर्ण पाटो हो भन्ने कुरा त नइ प्रकाशनको नामले नै

जनाउँछ । दर्जनौँ पुस्तक प्रकाशित गरिसकेको नइले व्यापारिक ढङ्गको काम गरेको देखिएन किनभने नइ नाफारहित संस्था हो । नइ प्रकाशन परोपकारी संस्था भएकाले अत्यन्त उत्कृष्ट, स्तरीय सामाग्री र छपाइ प्रयोग गरेर आफ्ना प्रकाशनहरूलाई नइले भव्य, आकर्षक, पठनीय र सङ्ग्रहणीय बनाएको छ । नइ प्रकाशनले यो सत्ताइस वर्षसम्म नेपाली साहित्यको अविच्छिन्न सेवा मात्र गऱ्यो, यो संस्था व्यापारतिर पटक्कै लागेन ।

नेपाली साहित्यका प्रख्यात नारी हस्ताक्षरहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा साहित्यिक धरोहरको रूपमा परिचित गराउँदै एक ठाउँमा सङ्गृहीत गराउन नारी साहित्यकारहरूलाई समेटेर 'नारीचुली'नामक एउटा आकर्षक ग्रन्थ २०६३ सालमा प्रकाशित गरेको छ नइले । त्यस्तै ऐतिहासिक धरोहरका रूपमा रहेको योगी नरहरिनाथको प्रमुख सम्पादकत्वमा २०१३ सालमा प्रकाशित अमूल्य ग्रन्थ 'हिमवत्खण्ड'को दोश्रो संस्करण २०७१ सालमा भव्य र आकर्षक साजसज्जाका साथ प्रकाशित गरेको छ नइले । हालको अवस्थामा अत्यन्त पठनीय र सङ्ग्रहयोग्य यो अप्राप्य ग्रन्थको अत्यावश्यकता सबैले महसुस गरेका थिए । तसर्थ यो अर्को एकदमै महत्त्वपूर्ण पुस्तक प्रकाशित भएको छ नइद्वारा । सम्पर्कमा आएका र भेटेजतिका झन्डै नौ सयभन्दा माथिको सङ्ख्यामा साहित्यकारहरूको फोन नम्बर सङ्कलन गरी 'नइ टेलिफोन कोश' त धेरै अघिदेखि प्रकाशन गर्दै आएको थियो, हाल आएर सातौँ संस्करणमा 'नइ मोबाइल फोन कोश' प्रकाशन गर्ने अर्को कार्य पनि गरेको छ नइ प्रकाशनले ।

नेपाली भाषासाहित्य र संस्कृतिप्रतिको नरेन्द्र र इन्दिराको साधनाको चर्चा गर्दा यो जोडीको सक्रियतामा स्थापना भएको अर्को एउटा चर्चित र विशिष्ट प्राज्ञिक संस्थाको चर्चा गरिएन भने त्यो

सरासर अन्याय हुन जान्छ । उक्त संस्थाको नाम हो– त्रिमूर्ति निकेतन । नइ प्रकाशन र त्रिमूर्ति निकेतन एकअर्काका पर्यायजस्तै भइसकेका छन् । दुवै संस्थाको यथाशक्य संरक्षण र संवर्धनमा यिनै जोडी अत्यधिक रूपमा लागिपरेका छन् ।

त्रिमूर्ति निकेतनमा शताब्दी पुरुष डा.सत्यमोहन जोशीजस्ता अति श्रद्धेय व्यक्ति पनि पदाधिकारी थिए । यो पङ्क्तिको लेखक पनि यस गरिमाशाली प्राज्ञिक संस्थाको एउटा सदस्यको रूपमा सम्मिलित छ भन्दा पनि खुसी लाग्छ मलाई । यस संस्थाबाट प्राज्ञिक कामका अतिरिक्त बहुमूल्य पुस्तकहरू पनि प्रकाशित भएका छन् । यस संस्थाबाट व्यापार गर्ने कुनै उद्देश्यले किताप छापिएका छैनन् ।

आफ्नो स्थापनाकालपश्चात् त्रिमूर्ति निकेतनले पनि नेपाली भाषासाहित्य, संस्कृतिलगायत कला र सामाजिक क्षेत्रका थुप्रै महत्त्वपूर्ण विधाहरूमा उल्लेखनीय कार्य गरेको छ । बालकृष्ण सम शताब्दी महोत्सव, महाकवि देवकोटा शताब्दी महोत्सव, सत्यमोहन जोशी शताब्दी महोत्सव इत्यादि त्रिमूर्ति निकेतनद्वारा सम्पन्न भएका प्रशंसनीय कार्य हुन् भने पाँचदिने अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन र तीनदिने विश्वनारी नेपाली साहित्य सम्मेलनजस्ता अनुपम उदाहरणीय इतिहास निर्माण गर्ने खालका क्रियाकलापहरू सम्पन्न गरेको छ । नइले गरेका जुनसुकै ठूलाठूला सभासम्मेलन र कार्यहरू साह्रै लोभलाग्दा नै पनि हुने गरेका छन् । नइले गरेका सानातिना कामको लेखाजोखा गरेर त साध्य पनि छैन ।

नरेन्द्र र इन्दिराको पालनपोषण र लगनशीलतामा परिपक्व हुन पुगेका नइ प्रकाशन र त्रिमूर्ति निकेतन दुई प्राज्ञिक संस्थामध्ये नइ प्रकाशनले आफ्नो उमेरको पच्चिस वर्ष पूरा गरी रजत

जयन्ती मनाएको छ । यसले पच्चिस वर्षको हिँउद मात्र खाएको छैन, नेपालभित्र र विश्वका कुनाकुनामा रहेका नेपाली साहित्यकारको पनि मन जितेको छ । विश्वका अन्तरकुन्तरमा रहेका नेपाली भाषामा लेख्ने स्रष्टा खोज्ने काम पनि नइले आफ्नो दायित्वभित्रै राखेको देखिन्छ । साथै नइले विश्वका विभिन्न देशका प्राज्ञहरूलाई नेपालमा ल्याएर उनीहरूलाई चिनाउनुका साथै सम्मानसमेत गर्ने गरेको छ, जुन कार्य नेपाल सरकारले गठन गरेका संस्थाहरूले गर्नुपर्थ्यो तर ती कामहरू नइले नै गरेर देखाइरहेको छ ।

# एउटा नयाँ क्षितिज

## सुरेन उप्रेती

भौगोलिक रूपमा टाढै भए तापनि नइ प्रकाशनसँग म धेरै अघिदेखि परिचित छु । मैले नइका कार्यक्रमबारे धेरै सुनेको छु र त्यहाँबाट प्रकाशित केही कृतिहरूको अध्ययन गरेको छु । नइका कार्य नेपाली साहित्य संसारका लागि अनुपम देन हुन् भन्ने लाग्छ मलाई । नेपाल प्रज्ञाप्रतिष्ठानले थाहा नपाएका र गर्न नसकेका थुप्रै



कार्यहरूसमेत नइले गरिसकेको छ । त्यसैले नइ त्यसै या कसैको भरथेक या भनसुनमा संसारभरि प्रख्यात भएको छैन, काम गरेर नै नइ प्रतिष्ठित भएको छ । नइको विविध क्षेत्रमा योगदान देखेर म नइ प्रकाशनको मुक्तकण्ठले वकालत गर्दै आइरहेको छु । नेपाली वाङ्मयको सेवामा समर्पित भएर नइले यस दिशामा एउटा नयाँ क्षितिज उघारिसकेको छ ।

नइ प्रकाशनले नेपाली साहित्यको श्रीवृद्धिका लागि अतुलनीय र अकल्पनीय योगदान पुऱ्याउँदै आएको छ । नेपालमा मात्र होइन सायद ब्रह्माण्डमा नै साहित्यसेवामा समर्पित जोडीको यस्तो योगदान पाइँदैन होला । सर्वप्रथम त नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईका नामका प्रथम अक्षरबाट बनाइएको 'नइ' नाम नै नौलो

भएर पनि प्रिय छ । स्थापनाताका धेरै मानिसहरूलाई सायदै यो नामको परिकल्पनाका बारेमा हेक्का रह्यो होला । तर कालान्तरमा नइले गरेका अद्वितीय कार्यले गर्दा नइको परिचय कतै गराइरहनु परेन ।

नइ प्रकाशनले दिवङ्गत मान्छे बचाउने यथेष्ट काम गरेको छ । उदाहरणका लागि नरेन्द्रराज प्रसाई नेपाली साहित्यको जीवनीलेखनमा उच्च नाम हो । सायदै अन्य साहित्यकारले जीवनीलेखनमा यसरी कलम चलाएको होला । नरेन्द्रराज प्रसाई सरल शब्दचयन गरी छोटाछोटा वाक्यहरूको प्रयोग र जनताले बुझ्ने भाषामा लेख्दछन् । उनले कतै पक्षपात गरेर लेख्तैनन् र लेखिनुपर्ने साधकका बारे मात्र लेख्छन् । यसरी लेखेरै उनले नइ प्रकाशनमार्फत धेरै प्रतिभालाई बचाएका छन् । प्रतिभा देखाउन र बचाउने नइ संस्थाझैँ नेपालमा यसको जोडा संस्था देखिएनन् । यस संस्थाले बाँचेका स्रष्टाका लागि जति योगदान दिएको छ, दिवङ्गत प्रतिभाको पनि त्यति नै महिमा राखेको छ । संसारमा नइदम्पती र नइ प्रकाशनले गरेको जस्तो नेपाली वाङ्मयसेवा अन्य कुनै व्यक्ति या संस्थाले गरेको मलाई थाहा छैन ।

इन्दिरा प्रसाईजस्ती प्रखर र मानवतावादी स्रष्टाका सिर्जना नेपाली साहित्यमा स्वर्णाङ्कित छन् । उनैका कारणबाट नइ संस्था जन्मियो । उनी नइकी आधा अक्षर पनि बनिन् । नइ प्रकाशन जन्मेपछि नेपाली साहित्यको सिर्जना र सङ्गठनमा तुफान नै आयो । नेपालमा मात्र नभएर संसारमा नै यसले जागरण ल्याइदियो । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका केन्द्रीय अध्यक्ष भइसकेका प्रा.मोहन सिटौलाको वाणी सापटी लिएर म उनैको शब्द यहाँ राख्न अनुमति माग्दछु– '...लामो ऐतिहासिक सिलसिला पार गर्दै आएर अहिलेको अवस्थामा नेपालभरि कार्यरत र विश्व नेपाली डायस्पोरामा व्यापक स्तरमा सुपरिचत यो संस्था 'नइ' ती सबैका बीचमा आफ्नो

छुट्टै र धेरै अर्थमा नितान्त मौलिक पहिचान लिएर सक्रिय रूपमा चम्किरहेको प्रस्ट देखिन्छ । ...मौलिक र छुट्टै भन्नाले ताजा बुनियादी स्तरमा रहेका धेरैधेरै सहयोगी, समाजसेवी र कल्याणकारी शिव भावका उदारमना दाताहरू र तिनका परिवारहरूको सेवाभावको भावनात्मक र अगाध मानसिक शान्ति र तुष्टिको एक कल्याणपुञ्ज हो– नइ अनि कल्याणकुञ्ज हो– त्रिमूर्ति निकेतन । नइद्वारा निर्मित यी दुवै संस्थाले 'सहितस्य भाव: साहित्यम्' र 'सत्यम्, शिवम्, सुन्दरम्'को शिव भावले साथ, सहयोग र मलजल गरिरहेका छन्– भाषासाहित्य, संस्कृति र अन्य चिन्तनशील योगदानका फाँटमा । ...नइको प्रभावकारी कारणले पनि सारा देशभरि साहित्यिक, सांस्कृतिक र अन्य प्राविधिक माहोल बढेर आउनुका साथै मानवीय मूल्यवत्ताले जहाँ पनि काम गरोस् अनि देशमा शान्ति र सिर्जनामा वेद र बुद्धका आदर्शका लामालामा शृङ्खला अनुप्राणित भएर हाम्रो सर्वतोमुखी सभ्यता गतिशील भएर मुखरित भइरहोस् भन्ने स्वत: घोषित आदर्श नइ र त्रिमूर्ति यी दुवै संस्थामा स्पन्दित छ र त्यसैको प्रतिध्वनि डायस्पोराका व्यापकतामा पनि गुञ्जायमान भइरहेको छ ।'

नइ नेपाली साहित्यको एउटा बेग्लै अस्तित्वको मानक साबित भइसकेको छ । नइदम्पतीको त्याग र आराधनाले नेपाली भाषासाहित्यलाई माया गर्ने सारा विश्व नै लाभान्वित भएको छ । स्थापनाकालदेखि यस संस्थामा कहिले विचलन आएन र कहिले उदासीनताले छाएन । दिनप्रतिदिन संस्था मौलाउनुको कारण नै नइ जोडीको तन र मन मिलेको तथ्यलाई पनि उत्तिकै मान्यता दिनुपर्छ । यो मैले मात्र भनेको कुरा होइन, नइलाई चिन्ने जान्ने सबैले यस्तै कुरा भनेको मैले सुनेको छु ।

नेपालमा नइले यस्तोसम्म काम गरेर देखाइसकेको छ जसले गरेको कतिपय कार्यहरू करिब सत्तरी वर्षअगाडि बनेको नेपाल प्रज्ञाप्रतिष्ठानले पनि गर्न सकेको छैन । नइले विभिन्न क्षेत्रमा

उल्लेखनीय योगदान गर्ने स्रस्टाहरूको पहिचान गर्ने र सम्मान गर्ने कार्य मात्रै गर्दै आएको छैन; नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा या खेलकुदका प्रतिभाको सम्मानका लागि यथेष्ट र सारगर्भित काम गरेर यस संस्थाले नाम कमाएको छ ।

नइ प्रकाशनले जति पुरस्कारको स्थापना गरेको छ, यति विस्तृत क्षेत्रका पुरस्कार स्थापना गरेर हरसाल कार्यान्वयन गर्न त परै जाओस्, जोकोहीलाई सोच्न पनि गाह्रै पर्छ । यथोचित प्रतिभालाई त्यही आकारको पुरस्कार प्रदान गर्ने कार्य र विभिन्न पुस्तकहरू प्रकाशन गरेर नइ प्रकाशनले आफ्नो दह्रो अस्तित्व स्थापित गरिसकेको छ । दलबलमा फसेका अन्य सरकारी संस्था या संस्थामा जागिर खाएर समय गुजार्नेहरूलाई नइले लिलिपुट बनाइदिएको छ ।


नेपाली साहित्यमा पूर्णकालीन भएर लागिपर्ने एक मात्र जोडी नइ नै हो । यसै जोडीले सम्पूर्ण समय नेपाली साहित्यको श्रीवृद्धिका लागि सुम्पेको छ । नेपाली भाषाको सेरोफेरोमा रहेर समर्पित नइ जोडी र नइ प्रकाशन संस्था पाउनु हामी नेपाली भाषाका भक्तहरूका लागि ठूलो उपलब्धि हो ।

# विश्वव्यापक संस्था

## प्रा.डा.सुरेन्द्र केसी

**नइ स्थापनाको प्रसङ्ग**

सायद यो २०५२ सालको प्रसङ्ग होला । त्यति बेला देशमा प्रजातन्त्र पुनर्स्थापना भएको पाँचछ वर्ष मात्र भएको थियो । यसको रापताप पनि तात्तातो थियो । त्यस समय दलमा आबद्ध नभएका व्यक्तिलाई सहरमा हिँडडुल गर्नसम्म हम्मेहम्मे पर्दथ्यो । दल



बाहिरकाले बोल्न, चिया खान र हिँडडुल गर्नसम्म पाइँदैनथ्यो । भेला, भेटघाट वा कार्यक्रमहरू पनि आफ्नै दल, विचार वा समूहसमूहकालाई मात्र सहभागी गराउने गरिन्थ्यो । त्यस परिवेशमा गैरदलीय वा विचार समूहबाहिरका मान्छेलाई त सास फेर्नै हम्मेहम्मे पर्ने गर्दथ्यो । त्यसै परिवेशमा एउटा मात्र संस्था सायद त्यस्तो थियो जो त्यस प्रकारका सम्पूर्ण भेदभाव र छेकबारका आधारमा नभई केवल मानवीय आधारमा आफ्नो भेटघाट वा कार्यक्रमहरूमा आमन्त्रणा गरी सहभागी गराउने गर्दथ्यो । ठ्याक्कै त्यस संस्थाको नाम थियो– नइ प्रकाशन । यो नाम अर्थात् नइ प्रकाशन नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईका बीचको वैवाहिक सम्बन्धपूर्व नै नामाङ्कित भएको हो ।

**नइको आजको सन्दर्भ र विगत**

अहिलेको सन्दर्भचाहिँ के हो भने नइ प्रकाशनको रजत महोत्सवका अवसरमा बितेका पच्चिस वर्षमा भोगेका र देखेका कुराहरूको म दसी साक्षी रहेको छु । अत: यसै सन्दर्भमा संस्थाले सत्ताइस वर्ष लामो अवधि पूरा गरी आफ्नो रजत महोत्सवलाई जीवन्त तुल्याएको छ । खास गरेर यस अवधिमा नइले साहित्यिक यात्रालाई अविस्मरणीय तुल्याएको छ । यस कार्यका लागि मैले पनि नइ प्रकाशनलाई हार्दिक अभिनन्दन व्यक्त गर्नै पर्दछ ।

इतिहासतिर जाँदा नइ प्रकाशनको स्थापनाकालसम्म फर्किनुपर्ने हुन्छ । किनभने त्यस प्रसङ्गमा मेरो नाम पनि गहिरो गरी जोडिएको छ । २०५२ सालमा स्थापना भएको नइ प्रकाशनका संस्थापकहरूमध्ये म पनि एक हुँ । सुरुमा नै पन्ध्र सदस्यीय साधारणसभामा मलाई समेत समाविष्ट गरेर समिति बनाइएको थियो र त्यस समितिका हर्ताकर्ता नइ जोडी नै थिए ।

**नइ प्रकाशन र साहित्यसेवा**

नइ प्रकाशन नरेन्द्रदम्पतीको पारिवारिक साहित्यसाधना रहेको वास्तविकतामा सायद दुईमत रहने छैन । यसको खास वैशिष्ट्य बरु केमा देखिन्छ भने संस्था आफ्नो घोषित उद्देश्यप्रति समर्पित मात्र रहेन सँगसँगै यसले आफ्नो यात्रालाई पनि अटुट राख्नमा सफल रह्यो । वास्तवमा हाम्रो जस्तो चरम राजनीतिक वैयक्तिक एवं स्वार्थान्ध समाजमा ती दुष्प्रवृत्तिबाट निरपेक्ष रहेको कुनै संस्था यति लामो समय टिक्नु वा आफ्नो अस्तित्व जगेर्ना गरिरहन सक्नु पनि स्वयम्मा कम उल्लेखनीय परिघटना होइन नै । त्यसमा पनि विभिन्न कार्य एवं गतिविधिसहित आफ्नो यात्रामा जीवन्त रहनु त आफैँमा आश्चर्यजनित घटना नै मान्नुपर्ने हुन्छ । यस्तोमा नइले आफ्नो यात्रालाई सत्ताइस वर्षसम्म जीवन्त राख्नु स्वयम्मा उपलब्धिपूर्ण परिघटना नै मानिनेछ ।

नइ प्रकाशन अहिले नेपालको निजी क्षेत्रमा सबैभन्दा सर्वोच्च संस्थामा दरिएको छ । नइले ठूलो धनराशिको पुरस्कारका अतिरिक्त, सम्मान र पदकलगायत सयौँ प्रकाशनका माध्यमबाट नेपाली भाषा, वाङ्मय, साहित्य एवं संस्कृतिको प्रवर्धनमा यथोचित योगदान गरिआएको समेत सबैमा सर्वविदितै छ । यसबाट वाङ्मयको श्रीवृद्धि मात्र भइरहेको छैन सँगसँगै स्रष्टाहरूको सृजनालाई संस्थागत भरथेग भएबाट तिनको हिम्मत, सृजना एवं सक्रियतामा समेत वान्छित ऊर्जा प्रवाहित गर्न सक्नु निश्चय पनि सकारात्मक एवं प्रशंसनीय कार्य मानिनेछ ।

**मेरो दृष्टिमा नरेन्द्रराज प्रसाई**

नइ प्रकाशनको म संस्थापक भए पनि नरेन्द्रराज प्रसाईले मलाई कहिल्यै कुनै निर्णय वा बैठकमा औपचारिक रूपमा त्यतिसारो संलग्न गराएको मलाई सम्झना छैन । सायद म साधारणसभाको सदस्य मात्र भएका कारणले पनि मलाई समयसमयमा संस्थाबारे बोध नगराइएको पनि हुन सक्छ, त्यो त आफ्नै ठाउँमा छँदै छ । त्यसको अतिरिक्त संस्थाले ठूलठूला निर्णयहरू आफ्नै ढङ्गबाटै गर्ने हो कि भन्ने मलाई भान पर्दै गएको थियो । त्यसै सन्दर्भमा २०६० सालतिर कहिले हो कुन्नि नरेन्द्रले मलाई ‘संस्थाको पुनर्गठन गर्नुपर्ने भयो । अबका सदस्यहरूमा पनि तपाईंको समेत नाम दोहोरिनेमा परेको छ’ भनेका थिए । तर मैले दोहोऱ्याएर म नइ संस्थामा रहन असमर्थ भएको स्पष्ट पारेँ । त्यसपछि पनि एकाध पटक उनले मलाई सोबारे भन्दै नै रहे तर मैले त्यस कुरालाई अस्वीकार नै गरेँ । मैले यसो गर्नुको एउटै कारण के थियो भने मेरो नरेन्द्रसँगको शैलीगत असहमति नै हो । त्यो शैली उनको निजी भए पनि संस्था भनेको संस्था नै हुन्छ र त्यसले सोही हैसियतमा काम गर्नु नै उसको धर्म पनि हुन जान्छ, तर नरेन्द्रमा त्यस्तो संस्कार नभएर सर्वथा मनमोजी एवं व्यक्तिगत शैलीले संस्था चलाउन खोजेको मलाई मन परेन र

नइ संस्थाबाट म अलग भएँ । यस स्थितिमा नेपालीहरू संस्था र नेतृत्वको अन्टसन्ट विरोध, भत्सर्ना एवं भण्डाफोर इत्यादि गर्दै अन्ततः विभाजित वा विनष्टीकरण इत्यादि भएमा असुरप्रवृत्ति देखाउने गर्दछन्; तर व्यक्तिगत रूपमा म सर्वथा यस दुष्प्रवृत्तिको विरुद्ध रहने गर्दछु । त्यसैले मैले शिष्ट ढङ्गबाट नइ प्रकाशनको पुनर्गठनताका पुनः समितिमा बस्ने प्रस्तावलाई अस्वीकार गरिदिए पनि त्यसबारे अन्टसन्ट इत्यादिको बाटो भने मैले अपनाइनँ । किनभने संस्थागत रूपमा नइले जो जे गरेको थियो त्यो आफैँमा जीवन्त रहोस् भन्ने नै मेरो सदिच्छा थियो र नइलाई मैले भाँजो हाल्ने र पखाल्ने काम गर्न उचितै थिएन । त्यसैले मैले बाहिर बसेर नै भए पनि नइलाई बरु सहगोग नै गरेँ ।

**नइको संस्था चलाउने शैली**

नेपालमा संस्था खोल्न ठूलो कुरा छैन, जसले जतिखेर मन लाग्छ आआफ्नो तरिकाका संस्था खोलिरहेकै देखिन्छन् । तर स्थापना भएका संस्थाले केकति काम गर्छ र काम गर्दै जाँदा दिगो पनि रहन्छ कि रहँदैन भन्ने कुराचाहिँ महत्त्वपूर्ण हुन आउँछ । वास्तवमा कुनै या जुनै संस्था राम्रो गरेर चलाउनु भनेकै कठिन व्रत हो । नेपालका सन्दर्भमा हूल या समूहले संस्था चलाएर त्यसलाई दिगो पारेको इतिहास धेरै पाइँदैन । हूलले चलाएका संस्था सुरुसुरुमा हाईहाई भएको देखिए पनि ती बिस्तारै खतमै भएर गएका पनि देखिन्छन् । संस्था कसले कुन अवधारणाले स्थापना गरेको छ भन्ने कुरा संस्थामा बस्नेहरूलाई त्यति चासो पनि रहँदैन र केवल केही खाने बेला उनीहरूले आफ्नो भाग खोजेको मात्रै देखिन्छ । त्यो कुरा चाहे सामाजिक, चाहे सांस्कृतिक, चाहे राजनीतिक या चाहे साहित्यिक नै किन नहोस् । जसरी इज्जतका साथ संस्था खोलिएका हुन्छन् र चलिरहेकै संस्था पनि पछिल्लो समयमा लाजमर्दो ढङ्गबाट कि त संस्था टुक्रिएका छन्, कि त बिलाएका छन्, कि त पैसा हिनामिना

गरेर हराएका छन्, कि त बीचमा अरू पसेर बाघपञ्जा गाडेर संस्था नै आफ्ना कब्जामा राखेका छन् । नइ प्रकाशनका सन्दर्भमा नइ जोडीले नै रात र दिन नभनी काम गरिरहेको देखिन्छ । संस्थाको पैसाको हिसाब पनि संस्थाको मुखपत्र र विविध सञ्जालमार्फत नइले देखाइरहेको छ । नइको पारदर्शी तरिका संस्था चलाउन चाहने अरूले पनि ग्रहण गर्न उपयुक्त देखिन्छ । मैले नइको विधान पनि हेरेको छु, त्यस विधानको संशोधनका महलमा लेखिएको छ– 'नइ प्रकाशनको अक्षयकोष दुरुपयोग गर्ने, घटाउने या झिक्नेबारे कुनै शब्द उल्लेख गर्न पाइँदैन ।' यस्तो कडा विधान भएपछि नइका उत्तराधिकारीले या कुनै पनि पदाधिकारी या अन्य तरिकाले नइको गैरउपस्थितिमा पनि त्यहाँको मूल धन हिनामिना हुने कुरा आएन । त्यसैले नइ प्रकाशनको भविष्यलाई पनि सुरक्षित मान्नुपर्दछ ।

**आजको नइ**

नभन्दै आज जसरी नइ प्रकाशनले सत्ताइस वर्ष पूरा गर्दै पूर्वतिर फर्केर रजत महोत्सवको स्मारिका नै तयार गरिरहेको छ । त्यो आफैँमा उसको कार्यकुशलता र कार्यक्षमताकै प्रमाण हुन पुगेकै छ । अन्यथा व्यक्तिगत रूपमा साहित्य र प्रकाशनजस्ता रूखो जङ्गललाई व्यक्तिको निजी बुताबाट यति लामो यात्रा गर्न सक्नु आफैँमा पनि कम चुनौतीपूर्ण विषय होइन । आज नइ जहाँ आइपुगेको छ, यसलाई आश्चर्य पनि मान्नुपर्ने हुन्छ । किनभने एउटा दम्पतीबाट निरन्तर सेवा गरेपछि नइ प्रकाशन आज विश्वव्यापक बनेको मेरै आँखाले यस सत्ताइस वर्षभरि हेरिरहेको छ । नइको आजको कार्यशैलीबाट म ज्यादै दङ्ग परेको छु किनभने नइले जैँ आफैँ घुँडो र मुन्टो दोबारेर साहित्यको काम गर्ने मान्छे मैले देखेको छैन ।

**नइलाई मेरो भन्नु**


इमानदारीपूर्वक भन्नुपर्दा म आफू साहित्यको विद्यार्थी परिनँ पनि । त्यस विपरीत म इतिहासको सपाट अन्वेषक मात्र हुन सकेँ ।

त्यस्तो जिज्ञासुले निश्चय नै साहित्यजस्तो विराट्क्षेत्रमा हात हाल्दा त्यो अरिङ्गालको गोलामा हात हालेसरह हुने स्पष्टै छ । तैपनि नेपाली साहित्यको इतिहास पढ्दा साहित्यलेखनमा वीर धारादेखि शृङ्गार धारा हुँदै भक्ति धारासम्मका जेजति प्रवृत्तिहरू घटित भए तीमध्ये मुख्यत: जुन धाराले स्रष्टा सृजनामा सृजनशीलता वा मानवीय गरिमा र संवेदनशीलतालाई बढाइदिएर लेखिए ती सृजनाहरू नै प्रकाशनान्तरमा कालजयी बनेर निस्किए । पछिल्लो पटक या २०७९ साल असोजमा नयाँ बानेश्वरको थाहा पुस्तकालयमा सम्पन्न एउटा समारोहमा प्रमुख अतिथिको आसनबाट लोक संस्कृतिविद् तथा कवि तुलसी दिवस साहित्यिक प्रवचन दिँदै के भन्दै थिए भने– 'स्रष्टाको सृजनामा नवीनता, मौलिकता र सृजनशीलता हुनुपर्दछ ।' यस कोणबाट हेरिँदा नइ अभियानले थप अरू अझै गर्न बाँकी छ कि जस्तो मलाई लागेको छ । तर मलाई साहित्यको त्यति मर्म र वास्तविकता थाहा छैन । मैले जाने बुझेको नइको प्रयास आफैँमा अतुलनीय र स्तुत्य छ तर यात्रा जोसुकैको पनि त्यत्तिकै चुनौतीपूर्ण भने रहेकै हुन्छ ।

# चेतनाको सुन्दर फूलबारी

## सुरेशजङ्ग शाह

अगस्टको महिना थियो, बिहानको समय, छुट्टीको दिन पनि, बैठक कोठाको झ्यालनिर बसेर आइप्याडमा म फेसबुक चलाउँदै थिएँ । नइ प्रकाशनको सूचनापत्र फेसबुकमा पोस्ट भएको रहेछ । सूचनापत्रमा नइको रजत वर्षको अवसरमा प्रकाशन हुन लागेको 'नइ प्रकाशनका पच्चिस वर्ष'नामक पुस्तकका लागि नइ



प्रकाशनसम्बन्धी लेख, रचना या कविता आदि साहित्य सामाग्री पठाउन आह्वान गरिएको थियो । नइ प्रकाशनका सदस्यसचिव नरेन्द्रराज प्रसाईको हस्ताक्षरित सूचनापत्रमा 'नइ प्रकाशनका पच्चिस वर्ष'नामक कृतिका लागि सम्पादनको जिम्मेवारी पाएकी प्रखर कवयित्री एवं साहित्य सञ्चारिका चिरपरिचित सहहृदयी मित्र भगवती बस्नेतद्वारा फेसबुक वालमा पोस्ट भएको रहेछ । सूचना हेरेर मलाई खुसी लाग्यो । त्यस सूचनाले मेरो मन ढक्क फुरेर आयो । केही त लेख्नै पर्‍यो भनेर मैले कागज र कलम समाएँ तर मलाई के लेखौँ, के लेखौँ भयो । कविता लेखौँ कि लेख लेखौँ, कताबाट सुरु गरौँ भन्ने म दुविधामा परेँ । मेरो मन फुरे पनि दिमाग फुरेन कि जस्तो मलाई

लाग्यो, आफैँ सोचमा परेँ । एकछिन नजरहरू झ्यालबाट बाहिर सडकतिर फ्यालेँ । चकमन्न घाम सडकमा पसारिएको थियो । यसै पनि बेलायतमा रेकर्ड ब्रेकिङ धूप पुगेको वर्ष । जुलाई १९ मा ४० डिग्री सेन्टिग्रेट पुगेको राप, अगस्टको मध्यतिर पनि रन्केकै थियो । त्यतिखेर सडक तातेर हप्प धूप उडेको थियो । बेलाबेलामा गाडीहरू सडकमा हुर्रहुर्र हुइँकिरहेका थिए ।

सडकमा गाडी एक रफ्तारले हुइँकिएझैँ साहित्यरूपी रथ नइ प्रकाशनले निरन्तर हुइँकाइरहेको समयले पनि पच्चिस वसन्त पार गरिसकेछ । नइको विगत सम्झेर एकछिन मेरो मन टोलाउन पुग्यो । गफगाफ, चिन्तनमनन, सोचविचार, हाँसोठट्टा, उठबस, हिँडडुल, खानपिन, सरसङ्गत, चिनाजान, भलाकुसारी, लेखापढी, बैठक मञ्च, सभासमारोह आदि दैनिकी सम्पूर्ण आफ्नो जीवनशैली सुम्पेर यसरी रातदिन निरन्तर रूपले नेपाली भाषासाहित्यको श्रीवृद्धिमा नै जीवनको सम्पूर्ण ऊर्जा समर्पण गर्ने राष्ट्रका निधि नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईप्रति झुकेर नमन गर्न मन लाग्यो र सौगातमा मुस्कुराउन मन लाग्यो ।

नेपाली साहित्यआकाशका चम्किला ताराहरू कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, नाटचसम्राट् बालकृण समका सालिकहरू स्थापना गरेर संस्थागत रूपले ती महान् कवि साहित्यकारहरूको इतिहास र सुकीर्तिलाई पुस्तापुस्तासम्म फैलाउने र नयाँ पुस्तालाई नेपाली भाषासाहित्यप्रति प्रेरणा जगाउने, आकर्षित गर्ने र ऊर्जा थप्ने राष्ट्रिय जिम्मेवारीको काम अर्थात् राष्ट्रले गर्ने काम नइ प्रकाशनले गर्दै आएको छ । सरकारले नइ प्रकाशनलाई राष्ट्रिय गौरवी संस्थाका रूपमा मान्यता दिएमा नइले नेपाली साहित्यको माध्यमबाट राष्ट्रियता, राष्ट्रिय एकता, राष्ट्रिय पहिचान र परिचयको संरक्षण संवर्धनमा पुऱ्याएको अतुलनीय योगदानको कदर भएको ठहरिन्थ्यो । नेपाल सरकारले यस्तो कार्य गरिदिएर संसारभरि रहेका

नेपाली साहित्यकारको शिर ठाडो हुने बेहोरा 'नेपाली साहित्य विकास परिषद् युके'ले समेत महसुस गरेको छ । सन् १९९५ मा स्थापित 'नेपाली साहित्य विकास परिषद् युके'को संस्थापक तथा निवर्तमान अध्यक्षका नाताले पनि म नइ प्रकाशनको कामसँग धेरै प्रभावित छु र पछिल्ला दिनहरूमा हामी नइ प्रकाशनका कामप्रति घनिष्ठसमेत भइसकेका थियौँ ।

कुनै पनि राष्ट्रको अस्तित्व अटल तबसम्म रहन्छ जबसम्म त्यस राष्ट्रले आफ्नो भाषा, भेषभूषा, धर्मसंस्कृति, रीतिरिवाज, परम्परा, संस्कार र संस्कृतिजस्ता मौलिक सभ्यतालाई जोगाएर राख्न सक्छ र पहिचान र परिचयलाई एकीकृत गरेर राख्न सक्छ । जुन देशले आफ्नोपन र एकीकृत मनलाई समृद्ध पार्दै लान्छ अनि मात्र त्यस देशको राष्ट्रिय एकता अक्षुण्ण रहन सक्छ र राष्ट्र झनै बलियो हुँदै जान्छ । त्यसो भएमा नै राष्ट्रिय चेतना र देशभक्ति समृद्ध हुँदै जान्छ, शान्ति अमनचयन स्थापित हुँदै जान्छ, समाजले आफ्नो जिम्मेदारी वहन र कर्तव्यको पालना गर्न थाल्छ । साथै विकासले समेत आफ्नो रफ्तार समाउने गर्छ । यस्तो चेतना जगाउने कार्य राष्ट्रको दायित्व हो, सरकार यसमा लागिपर्नुपर्ने हो । तर यो काम सरकारले नगरेर निजी क्षेत्रको नइ प्रकाशनले गरेको छ । त्यसैले यसका लागि नइलाई सरकारले उच्चस्तरीय मूल्याङ्कन गर्नै पर्दछ । आजसम्म नइ प्रकाशनले गरेका कामका लागि नइलाई जति स्याबासी दिए पनि थोरै नै हुन्छ र जति प्रशंसा गरे पनि शब्दहरू कमी नै हुनेछन् । नेपालको भौगोलिक एकीकरण पृथ्वीनारायण शाहले गरे । सामाजिक एकीकरण आदिकवि भानुभक्त आचार्यले गरे । यसैको निरन्तरता आजको समयमा नइले गरिरहेको छ । किनभने आज आदिकवि भानुभक्त आचार्यबाट आरम्भ भएको नेपालको भाषिक एकीकरण बङ्ग्याउन देशविदेशका मान्छे अग्रसर देखिन्छन् तर नइ यसलाई बिगार्न नदिन चट्टान भएर उभिएको हामीले देखिरहेका छौँ ।

नइ प्रकाशन संस्था एउटा राष्ट्रिय सम्पदा बनिसकेको हामीले महसुस गरिसकेका छौँ । नइ आज विश्वव्यापी चासोको सङ्गठन बनिसकेको छ । यसभित्र प्रशस्तै आस्थाहरू समेटिएका छन्, प्रशस्तै भावनाहरू समेटिएका छन्, प्रशस्तै मनहरू फुलेका छन् र ती फूलहरू मुस्कुराएका छन् । सरकारबाट स्थापना भएका प्रज्ञाप्रतिष्ठानहरूले गर्ने धेरैजसो काम नइ प्रकाशनले गरिदिएको छ । ती प्रज्ञाप्रतिष्ठानहरूमा सालिन्दा करोडौँ रुपियाँ सरकारले लगाएको छ तर ती प्रज्ञाप्रतिष्ठानबाट हात लाग्यो शून्य नै देखिन्छ । साथै ती ठाउँहरूलाई पार्टी कार्यालयजस्तै बनाउने प्रयास गरिएको छ । किनभने पार्टीका अधिकांश मान्छे प्राज्ञ हुने वातावरण बनाइएको छ र पार्टीबाहिरका केहीकेही (नगण्य) मान्छे मात्र आआफ्नो पहुँचका आधारमा प्राज्ञ बनेका हुन्छन् । अनि योग्यताको नाप लिन कसले कता जाने ? यस्तै दिउँसै रात पारिँदै नेपाली वाङ्मयका सरकारी संरक्षणका संस्थाहरू परिचालित छन् । तर नइ प्रकाशन निजी कोषबाट सञ्चालित सामाजिक संस्था भएर पनि यहाँभित्र राजनीतिकै गन्ध त के कुरा र गन्धको छाया पनि भेटिँदैन ।

सिर्जना र कृति, सिर्जनात्मक कार्य र सेवा, मेधावी र विलक्षण प्रतिभा, परोपकारिता र सेवा समर्पण, साहित्यसेवा र संस्थागत निरन्तरता, बाल प्रतिभा र विशिष्ट अवस्थाका प्रतिभा, खोज अनुसन्धान र विशिष्ट ज्ञान, सामाजिक योगदान र राष्ट्रिय चिन्तन आदिको पहिचान र सम्मानलगायत जीवनी, स्मृति, स्मारिका, गीत, गजल, कथा, कविता, निबन्ध, लेख, रचना, कला, चित्रकला आदि पुस्तकहरूको प्रकाशन र लोकार्पणदेखि त्रिमूर्ति निकेतन स्थापना, अन्तर्राष्ट्रिय साहित्य सम्मेलन, विश्वनारी नेपाली साहित्य सम्मेलन, आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी महोत्सव, महाकवि देवकोटाको शताब्दी महोत्सव, शताब्दी पुरुष सत्यमोहन जोशी शताब्दी महोत्सव, राष्ट्रकविको परिकल्पना, घोषणा र सारा व्यवस्थापन

कसले गऱ्यो ? 'यदि नइ नभए म राष्ट्रकवि हुने थिइनँ', 'यदि नइ नभए म शताब्दी पुरुष हुने थिइनँ' भनी बराबर भनेको हामीले सुन्दै आएको प्रसङ्ग होइन र ?

सर्जक र प्रतिभाहरूको खोजी र प्रोत्साहन, पुरस्कार, कोष स्थापना र सञ्चालन, मूल्याङ्कन र सम्मान, पुरस्कार र पदक प्रदान, साहित्यिक कार्यक्रमहरूको आयोजना र सहभागिता आदि यी विभिन्न क्षेत्रमा नइको नजर पुगेको छ । नइ प्रकाशनले आफ्नो पहुँच पुऱ्याएको छ र निरन्तर प्रतिभाको उच्चतम मूल्याङ्कन गर्दै आएको छ । नइले देशविदेशका खास गरेर साहित्यकारमाथि प्रोत्साहन र प्रेरणा प्रशस्तै जगाएको छ । विश्वनारी रत्न, नेपाल नारीरत्न, महासमालोचक, नाटचभूषण, साहित्यदूत आदि उपाधि र सम्मानहरूद्वारा सम्मान गरेर होस् वा विविध पदक, पुरस्कार, सम्मान र उपाधिले वन्दना र अर्चना गरेर नइ प्रकाशनले आफ्नो कुशलता देखाइरहेकै छ । नइ प्रकाशनले नेपाली भाषासाहित्यको समृद्धि मात्र नभई सम्पूर्ण समाजलाई नै समृद्ध बनाउने र उच्च मनोबल र उत्साहका साथ माथि उठाउने कार्य विगत पच्चिस वर्षदेखि निरन्तर गर्दै आएको छ । देशभक्तिको भावनालाई बलियो बनाउने र राष्ट्रको अस्तित्वलाई सङ्कटमुक्त पार्ने चेतनाको एकीकरण गर्ने संवेदनशील अभियानमा समेत नइ जुटेको छ । नइले गरेका यी कामहरू र पोखेका श्रमहरू देशदेखि विदेशसम्म छचल्किएका छन् । काम गर्दै जाँदा आज नइको सीमा विश्वव्यापी रूपमा फैलन पुगेको छ, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपले साहित्य सर्जकहरूका लागि नइ आस्थाको केन्द्र बन्न पुगेको छ । यसै अवधिमा नइ एउटा पवित्र साहित्यिक धाम, प्रेरणाको स्रोत र चेतनाको फूलबारी बनेको छ । त्यसैले आज हामी जहाँकहींबाट पनि नेपाल आएको बेला एक चोटि नइगृहमा पुग्छौँ र नइ प्रकाशनबाट प्रकाशित भएका पुस्तकहरू र गरिएका साहित्यिक गतिविधिहरूबारे प्रशस्तै जानकारीहरू लिन्छौँ ।

नइसँग हामी भलाकुसारी गर्छौं, मित्रताको न्यानो अनुभूतिको नवीकरण गर्छौं र ऊर्जाशील भएर कर्मभूमि फर्कन्छौँ ।

नेपाली भाषासाहित्यको संरक्षण, संवर्धन र समृद्धिमा भनौँ वा नेपाली सभ्यता र पहिचानको संरक्षणमा भनौँ, नेपाली साहित्य विकास परिषद् युकेले विगत साढे दुई दशकभन्दा बढी समयदेखि भनौँ वा परिषद्को स्थापनाकालदेखि नै बेलायतमा निरन्तर रूपले गर्दै आएका गतिविधिहरूको उच्चतम लेखाजोखा र मूल्याङ्कन नइ प्रकाशनबाट निरन्तर हुँदै आएको छ । परिषद्मा संलग्न हामी थुप्रै सर्जकहरू नइ प्रकाशनको उच्चतम मूल्याङ्कन र अवलोकनमा परेका छौँ र बेलाबेलामा हामी नइद्वारा पुरस्कृत पनि भएका छौँ र मानसम्मानले सम्मानित पनि हुँदै आएका छौँ । हामीलाई नइबाटै थप ऊर्जा र प्रेरणा थपिएको अनुभूति पनि हामीले प्रशस्तै गरेका छौँ । आजका मितिले दुई वर्षअघि 'नेपाली साहित्य विकास परिषद् युके'ले लन्डनमा परिषद्को पच्चिस वर्ष पुगेको रजत उत्सव बढो उत्साह र ऊर्जाका साथ मनाएको थियो । त्यस बेला पनि नइ प्रकाशनसँग हाम्रो संस्थाको खुसी साटासाट भएको थियो । नइको रजत महोत्सवमा पनि त्यस्तै गौरवपूर्णको खुसी साटासाट गरेर हामी एकअर्काले एकअर्काबाट ऊर्जा प्राप्त गरेको अनुभूत गरेका पनि छौँ ।

# ठूलालाई सम्मान, सानालाई माया

**सुशीला तामाङ**

नेपालमा कला सिर्जना गर्ने सर्जकको स्थान जहाँ र जस्तो छ, त्योभन्दा निकै गुणा तल्लो दर्जामा कला पत्रकारिता गर्ने पत्रकारको स्थान छ भन्न सायद कुनै गलत नहोला । हुन त पत्रकारितामा मेरो लामो समयको अनुभव छैन । मेरो अनुभव र लेखाइ यसै क्षेत्रमा लामो समयदेखि लेखिरहनुभएका पाका अग्रज पत्रकारहरूसँग मेल



नखान पनि सक्छ । तर पनि मेरो अनुभवले के भन्छ भने– 'कला पत्रकारिता गर्नेहरूले स्रष्टा र सर्जककै सिको गर्दै कुनै सिर्जनामा आफूलाई ढाल्न सके मात्र यस क्षेत्रमा लामो आयु कायम राख्न सकिन्छ ।' विगतमा कला पत्रकारिता गर्दागर्दै फिल्म, नाटक, पुस्तकलेखन, सम्पादन, निर्देशनजस्ता कार्यमा अहिले आफूलाई स्थापित गर्नुभएका कला पत्रकारहरूको नामावली लामै छ । जो अहिले सक्रिय हुनुहुन्छ, उहाँहरू पनि यही लहरमा आउने तरखरमा हुनुहुन्छ । खै म यता भने आफ्नो थोरै अनुभवलाई नै जोड्न प्रयास गर्दै छु ।

कला पत्रकारिताकै सिलसिलामा एक दिन फेसबुकमा जोडिएका एक जना मित्रले मलाई सोधेका थिए– 'तपाईं के गर्नुहुन्छ ?' मैले

आफू संलग्न रहेको मिडियाको नाम भन्दै 'कला, संस्कृति स्तम्भमा समाचार लेख्ने काम गर्छु' भनेकी थिएँ । तुरुन्तै उनको प्रश्न मेरा सामुन्ने आएको थियो– 'अनि तपाईं पत्रकार हो र ?' 'लेख्नचाहिँ समाचार नै लेख्छु । पत्रकार हो कि होइन म कसरी भनूँ' मैले उत्तर दिएकी थिएँ । उनको प्रश्न र जिज्ञासाअनुसार कला पत्रकारिता गर्नेलाई पत्रकार नै भनेर मान्न आमजमातलाई अलि गाह्रै छ । पत्रिकाको अन्तिमअन्तिम पृष्ठतिर त्यो पनि समाचार आउँदा रङ्गीचङ्गी तस्बिर र विज्ञापनले भरिने ठाउँमा लेख्नेलाई कसले पत्रकार मानोस् ।

कला पत्रकारका स्रोत भनेकै स्रष्टा र सर्जक हुन् । केही कला पत्रकारलाई छोड्ने हो भने उनीहरूसँग कुनै दल, कार्यकर्ता, उद्योगपति, व्यापारी कुनै पक्ष आबद्ध हुँदैनन् । सिर्जना र स्रष्टाका कुरा, अनुभव र जीवनलाई जीवन्त बनाउने ध्याउन्नमा कला पत्रकार हुन्छन् । पुरस्कार एक जनाले पाउँछन्, हामी त्यस व्यहोरालाई खुसी मानेर लेखिदिन्छौँ । नाटक, फिल्म अरूकै चल्छ, त्यसैमा पनि हामी खुसी भएरै समीक्षा गरिदिन्छौँ । सङ्गीतको धुनमा रम्दै स्रष्टा र सर्जकका सिर्जना मात्र होइन सम्पूर्ण वातावरणलाई हामी सकारात्मक ढङ्गबाट अक्षरमा उतारिदिन्छौँ । यसरी हामी सर्जकहरूसँग नजिकिन्छौँ र कलाजगत्मा आफैँलाई समर्पित गरिदिन्छौँ । नसक्नेहरू विधा नै छोडेर अलग हुन्छन् र यही नै कला पत्रकारितामा चलेको अभ्यास पनि हो ।

मेरो अनुभवमा धेरैजसो सर्जक र कला पत्रकारको सम्बन्ध केवल तत्समयमा प्रकाशित हुने समाचारको एक वा दुईदिने आयुसँग मात्र सम्बन्धित भए । पत्रिकामा समाचार आएको दिन 'धन्यवाद'सँगै धेरैसँगको सम्बन्ध सकिन्छ । फेरि उही सर्जकको अर्को सिर्जनामा उही समाचारकै लागि स्मरण हुन्छ । कला पत्रकार र सर्जकहरूको सम्बन्धको क्रम नै सायद यही नै होला भन्ने मैले

बुझेकी थिएँ । जब नइका 'न' अर्थात् नरेन्द्रराज प्रसाईसँग मेरो चिनजान भयो, मेरो यस्तो दृष्टिकोणमा नै परिवर्तन आयो । कोरोना महामारीकै समयमा नेपाली सङ्गीतका थुप्रै सर्जकहरू सदाका लागि अस्ताउनुभयो । लोकसङ्गीतका सर्जक रत्न बानियाँको निधनको एक हप्ता नबित्दै अर्का सर्जक गायक ध्रुव केसीको पनि २०७७ माघ ९ गते निधन भयो । केसीको मृत्युबारे समाचार लेख्ने क्रममा नै उहाँको साङ्गीतिक यात्रा र सङ्घर्षबारे बुझ्न नरेन्द्रराज प्रसाईलाई केसीकै भान्जा प्रवीण निरौलाबाट नम्बर लिएर छोटो कुराकानी गरेँ । समाचार भोलिपल्ट प्रकाशित भयो । त्यो समाचारका लागि प्रसाईले फोन गरेरै प्रशंसा गर्दै धन्यवाद ज्ञापन गर्नुभयो र निकै खुसी हुनुभयो । त्यसरी प्रशंसा र खुसी साट्नुभएको सर्जक अर्थात् मेरो समाचारको स्रोत मैले पहिलो चोटि भेट्टाएँ । त्यसपछि उहाँबारे मैले अझै धेरै खोजेर पढ्न थालेँ । नइ प्रकाशन, त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसनका संस्थापक अर्थात् नइबाट वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी, राष्ट्रकवि माधव घिमिरेजस्ता सर्जकलाई समेत विविध तरिकाले जीवन्त राख्ने काम भएको मैले थाहा पाएँ । मैले थप नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईबारे जानकारी लिन थालेँ र उहाँहरूका कामबाट म छक्क पर्दै गएँ ।

मजस्तो भर्खरै पत्रकारिता सिक्दै गरेको, त्यो पनि अझ कला पत्रकारलाई नरेन्द्रराज प्रसाईले नइ प्रकाशनमा आमन्त्रण गरेर दिनुभएको माया र सद्भाव मेरा लागि ठूलो सम्मान थियो । त्यसपछिका दिनमा हाम्रो सम्बन्ध पत्रकार र सर्जकका रूपमा मात्र भएनन् । मेरो लेखाइलाई निरन्तर हेर्ने अझै राम्रो गर्न प्रोत्साहन दिने उहाँ मेरो गुरु नै हुनुभयो । गुरुकै रूपमा उहाँ मलाई बेलाबेलामा भन्नुहुन्छ– 'चेली ! तिमीले पत्रकारिताको लेखनमा निकै राम्रो गरेकी छौ ँ र अझै राम्रो गर्नुपर्छ ।' त्यति मात्र होइन, साहित्यिक भेटघाट, जमघट

जुनसुकै समारोहमा मलाई गर्वका साथ उहाँले अरूहरूसँग चिनाउनुहुन्छ ।

त्रिमूर्ति निकेतनको सोह्रौँ स्थापना दिवसका अवसरमा कला र साहित्यजगत्का मूर्धन्य स्रष्टाहरू मिथिला शर्मा, गोविन्दराज विनोदी, शैलेन्द्र साकारलगायतका व्यक्तित्वहरू सम्मानित हुँदै गर्दा मोदनाथ प्रश्रित, अशेष मल्ल, प्रमोद प्रधानजस्ता विभिन्न अग्रज स्रष्टासँगै उभिएर मैले वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीकै हस्ताक्षरमा प्रशस्तिपत्रसहित 'सत्यमोहन जोशी शताब्दी पदक' ग्रहण गरेको त्यो क्षण मेरा लागि अविस्मरणीय रह्यो र सधैँ रहनेछ । त्यसपछि मोदनाथ प्रश्रित, माया ठकुरी, भागीरथी श्रेष्ठ, पद्मावती सिंह, नीर शाह, गेहेन्द्रमान अमात्य, प्रा.डा.अरुण सायमि आदि जस्ता अग्रज स्रष्टाकै लहरमा उभिएर 'नइ रजत महोत्सव पदक' ग्रहण गर्दा सबैतिरबाट आएको बधाई तथा शुभकामनाले मलाई ती पदक निकै ओजनदार लागे ।

नइ र त्रिमूर्तिका लागि मैले त्यतिसारो त केही गर्न सकेको थिइनँ जस्तो मलाई लाग्छ । मेरो पत्रकारिता र लेखनयात्रा तथा नइको उचाइ अभिवृद्धिका लागि समेत मेरो शुभेच्छा नइ प्रकाशनले ग्रहण गरिदिएकोमा म धन्य भएँ । नइले मलाई अभिभावक भएर प्रोत्साहन गरिरहनुभएको छ । स्रष्टा र सिर्जना फाँटमा उहाँहरूले पुऱ्याउनुभएको योगदानका सामुन्ने म सागरमा मिसिएको एक थोपा पानी पनि होइन भन्ने ठान्छु ।

मलाई कहिलेकाहीँ नइको माया र सम्मानले केही अप्ठ्यारो लाग्छ । फेरि उहाँहरूले दिनुभएको माया र सद्भावले भने अझै केही गर्ने मभित्र उत्साह बढेर आउँछ । अग्रजलाई सम्मान र अनुजलाई माया गर्ने उहाँहरूको सोच र शैली देखेर मलाई पनि जीवनमा केही गर्ने आशा पलाएर आउँछ ।

कलाक्षेत्रमा कलम चलाएर कला पत्रकारहरूले पाउने भनेकै सर्जकहरूको माया र सद्भाव हो । यही हाम्रा लागि ठूलो उपहार हुन्छ । समाचारसँगै स्रष्टासँगको सम्बन्ध र उनीहरूको कलाप्रति हाम्रो निकै प्रेम हुन्छ । पत्रकारिताकै सुरुवातमै कलाक्षेत्रमै कलम चल्न सुरु भयो । त्यसपछि चित्र, नाटक, फिल्म, सङ्गीत, गीत, कविता मलाई औधी प्यारो लाग्न थाल्यो । सबै त नभनूँ सिर्जनामा जो अब्बल हुनुहुन्छ, जो भर्खरै उदाउँदै छन्, उहाँहरूलाई म नजिकबाट नियालिरहेको हुन्छु । देखेजति, भेटेजति स्रष्टाहरूलाई हात जोडेर म सद्भाव राख्छु । जजसको बारे लेखेकी छु र पनि धेरैजसो उनीहरू नजिक हुन चाहनु हुन्न । तर म चित्त दुखाउँदिनँ किनकि उनीहरूका लागि पत्रकारसँगको सम्बन्ध केवल समाचारका लागि मात्र हुन्छ भन्ने मलाई लाग्छ । कोहीकोही सर्जकहरू नजिक नभएरै पनि प्यारो लाग्छ । म उनीहरूको सिर्जनालाई प्रेम गर्छु । केहीले भने भेटमा माया र प्रेम दर्साउँछन् । यद्यपि नइले गर्नुभएको प्रेम नै मलाई प्रिय र आत्मीय लाग्छ । जुन प्रेमले मलाई मेरो कर्मप्रति गर्व गर्न र निरन्तरता दिन प्रोत्साहन दिइरहेको हुन्छ ।

मेरो छोटो समयको अनुभवमा राज्य र राज्यका अधिकार सम्पन्न निकायहरूले कला, साहित्यमाथि नगरेका र हेय दृष्टिले हेरेका सम्पूर्ण पक्षहरूलाई नइले सम्हालेको पाएँ । साहित्य, सङ्गीत, ललितकला, नाटच, पत्रकारिता, खेल हरेक विधा तथा फाँटका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा नाम कहलिएका, भर्खरै यात्राको थालनी गरेका व्यक्तित्वहरू ससाना बाल प्रतिभाहरूलाई एउटै मञ्चमा ल्याउनु त्यति सहज कार्य पक्कै होइन । यद्यपि ती सबैलाई नइको प्रयासले एकै ठाउँमा ल्याउन सम्भव गराएको मैले देखेँ । साहित्य र सिर्जनामा भइरहेका विसङ्गति र विकृतिलाई ठाडो प्रश्न गरी औँला उठाउने नइको हिम्मतप्रति गर्व लाग्छ ।

नइकै पथमा सिर्जनाका स्रष्टा, संस्था र समूह लाग्ने हो भने हामीले हाम्रो संस्कृति, कला र सभ्यतालाई निकै उचाइमा पुऱ्याउन सक्छौँ । अरु स्रष्टा, सिर्जना र कला पत्रकारिता एकै गतिमा दौड्नुपर्छ भन्ने नइको मान्यतालाई मेरो सलाम र हृदयदेखि नमन छ । सिर्जना र सर्जकको यात्रामा कला पत्रकारिताको सम्बन्ध सुमधुर रूपमा अगाडि बढिरहोस् । नइले सयौँ, हजारौँ मात्र होइन लाखौँ सिर्जना र सर्जकलाई जीवन्त बनाइराखोस् । पच्चिस वर्ष मात्र होइन युगौँयुग नइ बाँचिरहनुपर्छ । नइ साहित्य र कला फाँटमा सगरमाथा भई उभिरहनेछ भन्ने विश्वासका साथ हृदयदेखि बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

# हीरा खोज्ने जोडी

## डा.हरिप्रसाद पोखरेल 'मानसाग्नि'

नइका बारे लेख्न मैले धेरै पटक कलम र कागज अगाडि सारेँ तर एक शब्द नलेखी नि:शब्द हेरिरहेँ । सायद मेरो देखनी र लेखनीलाई शब्दकोशका शब्दहरूले प्रस्टचाउन कठिन मानिरहेका थिए । शब्दकोशलाई अवमूल्यन गर्ने अधिकार पनि त मलाई छैन । नइ प्रकाशन सम्झेपछि नि:शब्दको सहचर बनेर मेरो महिनौँ बित्यो ।



प्रेम र प्रसादको पवित्र मन्दिरको बारेमा नि:शब्द आँखा चिम्लनुलाई ध्यानसमाधि भनिन्न भन्ने मसँग हेक्का पनि त छ ।

नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईका बारे छुट्टाछुट्टै लेख्न सहज हुन्थ्यो होला, तर दुई मिलनबाट बनेको तेस्रो तत्त्वका बारे देख्न तृतीय नेत्रकै जरुरत देखिन्छ । नरनारी नारिएर विवाह, यौन र सन्तानको त्रिवेणीमा नुहाएर पवित्रताको कथा वाचन गर्न त सकिएला तर अर्धनारीश्वर बन्नु आफैँमा सौन्दर्यको उद्यान हो । त्यसैले स्त्री तत्त्व र पुरुष तत्त्व एकअर्कामा छुट्टचाउनै नमिल्ने गरी घुलेको महाघोल हो नइ । यसैले नइ नयाँ छ र पनि सनातन सन्देश बोकेर सगरमाथामा गुराँस चढाइरहेछ । भत्काएर नारी र पुरुषको सहअस्तित्व मानिसको जीवन्त जलवायु परिवर्तन गरी

समाजको तापक्रम बढाएर डँडेलो लाउनेहरूका बीच नइ सहजीवनको समन्वय र सामर्थ्यको प्रस्थान र गन्तव्य देखिन्छ ।

आजको नेपालमा नइको सर्वाङ्गीण अध्ययन जरुरी देखिन्छ, सायद त्यसमा कलमी मस्तिष्क मनोरम हुन सकेनन् कि ? या तिनका आँखा नपरेका हुन् कि ? या यसबारे कुनै प्राविधिक कारण परेकै हो कि ? तर जसले लेखे पनि र नलेखे पनि नइ प्रकाशनको एउटा विशिष्ट सत्ता कायम भइसकेको छ । नइ राष्ट्रिय ख्याति कमाएको अन्तर्राष्ट्रिय संस्था भइसकेको छ ।

नइलाई म पुरस्कारको 'पुर' र साहित्यको 'सुर' मात्र देख्दिनँ । चिन्तनको चुली हो नइ, सूचना होइन सोच हो नइ र विकल्प होइन सङ्कल्प हो नइ । त्यसैले नइले छोटो समयमै आफ्नै कर्मले आफूलाई माथि पुऱ्याएको हो ।

स्त्री तत्त्व र पुरुष तत्त्वको योगबाट महातत्त्वको जन्म हुन्छ र यही सम्पूर्ण सृष्टिको बीज बन्दछ । त्यसैले होला वानीराहरू भन्दछन्– 'नइले छोएपछि फलाम सुन र सुन पारस बन्दो रहेछ ।' सत्यमोहनहरू भन्छन्– 'सरकारले बनाएका प्रज्ञाप्रतिष्ठानलाई समेत उछिनेर नइले सांस्कृतिक र साहित्यिक काम गरिरहेछ ।' नइभित्रै चमत्कार देख्दछन् माधव घिमिरेहरू । इन्द्रबहादुरहरू नइलाई मामुली देख्दैनन, इतिहासमा यो संस्था उँभो देख्छन् । कैययन्ले देशभित्र र बाहिर नइले नेपाली साहित्य, कला र संस्कृतिको बलियो जग बनाएको जगजाहेर गर्दछन् ।

देशदेशान्तरमा खानीभित्र लुकेका हीरालाई खोजेर चम्काउने जौहरी रहेछ– नइ । विश्व क्षितिजमा 'वसुधैव कुटुम्बकम्'को ऋषिपथमा हिँडेको नइभित्र सुकोमल राष्ट्रप्रेम र जन्मभूमिको पूजाअर्चना लोभलाग्दो देखिन्छ । देख्ने र भोग्नेले भन्छन्– 'कठोर ढुङ्गाको चेपबाट निस्केको शीतल जल हो– नइ । हाडेओखर हो– नइ, जो बाहिरी कडा

बोक्राबाट भित्र पस्न सक्यो उसले भित्री गुदीको स्वाद, सन्तुष्टि र शक्ति प्राप्त गर्न सक्दछन् ।' सायद ऐना हो– नइ, मान्छेको जस्तो अनुहार छ नइले त्यस्तै देखाइदिन्छ । आफ्नो कालो अनुहार सफा र चम्किलो बनाउन छाडेर ऐना फोर्नेहरूको हूलले नइको हृदय पनि पटकपटक फोरेकै छन् र पनि ऐनाको हरेक टुक्राले आफ्नो मूल धर्म बोकेझैँ नइले जसअपजसमा समत्व बोधका साथ अगि बढिरहनु आफैँमा चमत्कार हो । आफूलाई दुःख दिएको दुष्ट मानिसले पनि नेपाली भाषासाहित्य र देशलाई राम्रो गरेको छ भने जयजयकार गर्ने र नइकै गुणगानमा गीत गाउनेले पनि सत्कार्य गरेको छैन भने कठोर बन्न सक्ने सामर्थ्य नइमै देखिन्छ । वास्तवमा मैले जानेको, बुझेको र सुनेको त्यही नै हो– नइ ।

योगीहरू भन्दछन्– 'सज्जनहरू नरिवलका फलजस्ता अर्थात् बाहिर कठोर र भित्र नरम हुन्छन्, दुर्जनहरू वयरका फलजस्ता बाहिर नरम र भित्र कठोर हुन्छन् ।' नइ नरिवल हुन् । नइको स्वाद लिन अग्लो बोटमा चढ्नुपर्दछ, जटाजुट फलका जटा फालेर मात्र पुग्दैन, कठोर तह पार गरेपछि मात्र फल र जल दुवैको आनन्द लिन सकिन्छ । नइसँग मैले शिष्टाचार राखेको पनि पच्चिस वर्षभन्दा धेरै भएको छ ।

नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको पहिलो भेट कहाँ र कहिले भयो त्यो त मलाई थाहा छैन तर त्यो क्षण अमृतक्षण थियो भन्ने देखिन्छ । त्यो क्षण नेपाल र नेपाली साहित्यका लागि अमर कल्प थियो र सङ्कल्प थियो । नरेन्द्र इन्दिरा महाकल्पमा विलय भई लय नभएको भए नइ जन्मने नै थिएन । नइलाई एक्लाएक्लै दुवै अपूर्ण देख्छन् मेरा नाभीका नयनहरूले । नरेन्द्र स्वयम् ज्योतिष विद्याका अब्बल अम्मली हुन् । यिनले हजारौँ हातका रेखा पढेका छन् र ती हातहरूका फोटो खिचेर सन्दुस भरेका छन् । सायद उनलाई थाहा थियो, आफ्नो र इन्दिराको हस्तमिलनले विराट् रेखा

कोर्नेछन्, जो अमररेखा बन्नेछ । त्यसैले नइ अमर भयो र नइ प्रकाशन अजर भयो ।

नाता भन्ने कुरा रगतको नातालाई उछिनेर महानाता बन्दछ र नै त्यसले प्रेम, प्रसाद र प्रशान्तिको शिखर चुम्दछ । प्रेम निसर्त बन्यो भने त्यो प्रसाद बन्दछ या प्रसादजस्तै पवित्र बन्दछ । निसर्त प्रेममा विचारका हतकडीहरू हुँदैनन् । निर्विचारको अनन्त उडान हुन्छ र थकानमुक्त उत्सवमय हुन्छ । यसैले त नइनिवासमा सुवास भेट्छु म । त्यहाँ पुगेपछि आफ्नो परिवारसँगको सहजीवनको सौभाग्य देख्दछु म । काठमाडौँका धेरै गल्लीहरूको लम्बाइ, चौडाइ नापेका मेरा पैतालाहरू नइगल्लीमा पुग्दा फराकिलो महसुस गर्दछन् । नइनिवासमा पुग्दा वर्षौंपछि घर फर्केको परदेशीजस्तै आनन्दित हुन्छु म । त्यो कुन नाता हो प्रस्टचाउने शब्द छैन मसँग र सायद शब्दकोशसँग पनि छैन ।

नइरूपी राजहंसका नइ प्रकाशन र त्रिमूर्ति निकेतन दुई पखेटा हुन् । नइको परिकल्पना र सङ्कल्पले खानीका हीराहरू कोहिनूर बनेका छन् । मान्छे चिन्न कति सिपालु छन् नइ । डा.सत्यमोहन जोशीलाई ‘शताब्दी पुरुष’को उपाधिले विभूषित गर्नुका साथै नेपाल सरकारसँग सो उपाधिलाई राष्ट्रिय मान्यता दिलाउन माग, पहल र अथक् मिहेनत नइले गरेको सम्यक साक्षी हुँ म । यही मागलाई सम्मान गर्दै नेपाल सरकारले ‘वाङ्मय शताब्दी पुरुष’ भनेर घोषणा गऱ्यो । लोकभाषामा भन्दा यस घोषणाले नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको भुइँमा खुट्टा थिएनन्, यस घोषणासँगै उनीहरू खूब नाचे । यिनीहरू अरूको भलाइमा आफ्नो खुसी पाउँछन् । त्यस घोषणामा जोशीकै मुहारमा पनि अलौकिक आभा झल्किएको थियो । सत्यमोहन जोशी शताब्दी महोत्सव र सत्यमोहन जोशी शताब्दी पदकद्वारा सुनमा सुगन्ध भर्ने काम नइकै परिकल्पना र कर्ममा सम्पन्न भएको थियो । विभिन्न भेटका अवसरमा डा.सत्यमोहन

जोशीले मलाई भन्नुभएको थियो– 'हिजोसम्म मैले पाएका सम्पूर्ण मानसम्मान र पुरस्कार एकातर्फ र नइका माध्यमबाट प्राप्त गरेका उपाधि, पुरस्कार र सम्मान अर्कातिर राख्ने हो भने मेरा लागि नइको पल्ला भारी हुन्छ । खास गरी त्यति बेला आजको जस्तो धेरै मान्छे पनि थिएनन्, औँला मात्र भाँचे मान्छे गन्न सकिन्थ्यो । त्यति बेलाका ती पुरस्कार पनि ठूलै हुन्, त्यस बखत पुरस्कारको ठूलो इज्जत थियो । तर मेरो मूल्याङ्कन पछिल्ला वर्षमा सबैभन्दा बढी भएको छ । राज्यबाटै मैले 'वाङ्मय शताब्दी पुरुष'को उपाधि पाएँ र त्यसमा मेरो जीवन साधना र नइको योगदान छ ।'

नइकै परिकल्पना, पहल र निरन्तरताले कविवर माधवप्रसाद घिमिरेलाई 'राष्ट्रकवि'को राष्ट्रसम्मान एवं उपाधि नेपाल सरकारले प्रदान गरेको यथार्थ घामजस्तै छर्लङ्ग छ । विश्वनारी नेपाली साहित्य सम्मेलनबाट डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्वनारी रत्न' उपाधि होस् या प्रा.डा.वासुदेव त्रिपाठीलाई 'महासमालोचक' उपाधि होस् नइकै पवित्र परिकल्पना र सङ्कल्पबाट सम्भव भएको हो ।

नेपाली राजनीतिका शिखर गणेशमान सिंहलाई 'लौहपुरुष' लेख्ने सम्भवत पहिलो मानिस नै नरेन्द्रराज प्रसाई हुन् । २०४२ सालमा प्रकाशित 'केही चर्चित अनुहारहरू'नामक जीवनीशृङ्खलामा 'लौहपुरुष' लेखिएपछि गणेशमान सिंहको सामाजिक र लोकसम्मान बन्यो– लौहपुरुष । पञ्चायतको त्यस्तो तातो रापमा पञ्चायतकै कट्टर हिमायतीले 'लौहपुरुष' लेखिनु ठट्टाको विषय थिएन ।

बालकृष्ण सम शताब्दी महोत्सव होस् या देवकोटा शताब्दी महोत्सव, अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन होस् या विश्वनारी नेपाली साहित्य सम्मेलन होस् अथवा नेपाल सरकारबाट गठित भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह नै किन नहोस्, यी सबै नइकै परिकल्पना र प्रबन्धनमा गौरवमय ढङ्गबाट सञ्चालन

भएका थिए । नइले नेपाली साहित्यका क्षेत्रमा र सम्यक समाजलाई केचाहिँ गरेन भन्ने लाग्छ मलाई । नइद्वारा परिकल्पना गरिएर निर्माण गरिएका त्रिनारी रत्नका लाखौँ मूल्य पर्ने ढलौटका सालिक दसौँ वर्षदेखि नइकै आँगनमा उभिएका छन् । ती महान् नारीको सालिक राख्ने ठाउँको खोजी भइरहेको छ । तर ती नारीहरूले आफू अट्ने ठाउँ अझै भेटिरहेका छैनन् ।

जीवनीलेखनका शिखरपुरुष नरेन्द्रराज प्रसाई र नेपाली साहित्यकी सारथी इन्दिरा प्रसाईका कृति नेपाली वाङ्मयका लागि ठूलो उपहार हुन् । सत्य र तथ्य खोज्ने क्रममा निष्पक्ष र निष्कलङ्क नरेन्द्रराज प्रसाईले आफू कट्टर राजावादी भएर पनि गणतन्त्रका निष्कलङ्क सारथीहरू र राष्ट्रप्रेमका पुजारीहरूको जयगानमा लेख्ने र सम्मान गर्ने गरेको तथ्यले उहाँको निर्मल भावनाको परिचय दिइरहेको हुन्छ ।

नइ प्रकाशन र त्रिमूर्ति निकेतनका पुरस्कार, सम्मान र पदकबाट आजसम्म देशविदेशका विविध क्षेत्रका अनगिन्ती व्यक्तित्वहरू पुरस्कृत भए । यस्ता अपत्यारिला र चमत्कारपूर्ण कार्यका परिकल्पनाकार र सारथी नइ अर्थात् नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई नै हुन् । उनीहरूको विशाल रथमा बसेर सयौँ नेपाली भाषासाहित्यका साधकले यी कालजयी कार्यको शुभारम्भ र समापन गरेको देखिन्छ । नेपाली दन्त्यकथामा चौबिसै घण्टा काम गर्न सक्ने र नथाक्नेलाई भूत भनेको पाइन्छ । यसैलाई सापट लिएर होला साहित्यकार डा.मोदनाथ प्रश्रितले ‘नइ त भूत हुन् भूत, नइले गर्ने जस्तो काम मानिसले गर्नै सक्दैन’ भन्नुहुन्छ । मलाई लाग्दछ– नइ भूत होइनन् अद्भुत शक्ति हुन् । नइ प्रकाशन नेपाली साहित्यको पूजा र प्रार्थना हो । यसैले नइ व्यक्तिभित्र अटेको विराट् संस्था र विराट् संस्थाभित्रको दिव्य व्यक्ति हुन् । नेपालभित्र र बाहिरका कुनाकुना र गाउँगाउँबाट जाति, धर्म, राजनीति र साहित्यिक गुट र

लिङ्गभेदबाट माथि उठेर नेपाली साहित्यकार र साहित्यको पूजामा जीवन होमेका यी दम्पतीलाई नेपाल र नेपालीले अगरबत्ती बाल्न पनि कन्जुस्याइँ गरेको देख्दा लाग्दछ निष्काम र निसर्त सेवा अब पूजा आराधना रहेन ।

कोइलीदेवी, नातिकाजी, तारादेवी, अरुणा लामाजस्ता नेपालका तारालाई देशदेशान्तरको आकाशमा चम्काउन पुस्तक लेख्नेदेखि पुरस्कार स्थापना गर्नेसम्म नइका कार्य हेर्दा कसले भन्दैन– 'नइदम्पती राष्ट्रका सम्पत्ति हुन् ।' यी सबैले सजिलो अप्ठेरोमा आफ्नै परिवारको सदस्य सम्झेर नइसँग मन खोलेको देखिन्छ ।

नेपालमा धेरै पुरस्कार स्थापना गर्ने र सत्यतथ्यका आधारमा पुरस्कार एवं सम्मान दिने संस्थामा नइ नामुद छ । मान्छेहरू नइ प्रकाशनमा पुरस्कार माग्न आएको पनि मैले देखेको छु । यस्ता मगन्तेलाई नइले कालो सूचीमा सूचीकृत गरेको पनि मैले थाहा पाएको छु । साहित्यको सेवाबिना सम्मानको दोसल्ला खोज्नेहरू, गुणगानको रानीहार पहिऱ्याएर आउने र पुरस्कार, सम्मान नपाएपछि खुला ठाउँमा बसेर आलोचना गर्ने गरेको पनि मैले देखेको छु । नइको निष्काम कर्मयोगबाट डराउनेहरूको पनि लामै लाइन छ । जीवनीका अब्बल लेखक नरेन्द्रराज प्रसाई बाहिर सुकिलामुकिला र भित्र मैला मलिन मानिसलाई जस्ताको तस्तै लेख्ने र प्रस्ट बोल्ने प्रवृत्तिले पनि कैययन्लाई मन नपरेको देखिन्छ । सबै जाति, धर्म, राजनीतिका मानिसलाई उनीहरूको सङ्कल्प र सृजना, निष्ठा र नेतृत्वलाई मुक्तकण्ठले प्रशंसा, पुरस्कार र प्रशस्ति गान गर्ने नरेन्द्रराज प्रसाईको सुकोमल राजतन्त्र प्रेम आफैँमा लोभलाग्दो देखिन्छ । 'जता काफल पाक्यो, उतै चरी नाच्यो'को नेपाली राजनीतिमा वर्षौंदेखि काफल नफलेको राजा र राजतन्त्रमा पनि निष्ठाको दियो बालिरहने उनी नेपाली राजनीतिका लागि पनि एक आदर्श हुन् । आफ्नो राजनैतिक आस्था जे भए पनि विपरीत

आस्थाका निर्मल व्यक्तिहरूको पनि जयजयकार गर्ने नरेन्द्रराज प्रसाई आफैँमा एउटा अनौठो अवतार हुन् ।

इन्दिरा प्रसाईबिना नरेन्द्रराज प्रसाई र नरेन्द्रराज प्रसाईबिना इन्दिरा प्रसाईको कल्पना पनि गर्न सकिँदैन । नइ प्रकाशन र त्रिमूर्ति निकेतन दुवै संस्थामा अध्यक्ष इन्दिरा प्रसाई र सदस्यसचिव नरेन्द्रराज प्रसाई हुनुले मातृशक्तिको जयगान भएको देखिन्छ । नरेन्द्रराज प्रसाई स्वयम् भन्छन्– 'इन्दिरा मेरी गुरुदेवी हुन् ।' साँच्चै नै त्यो बोध हामीलाई पनि हुन्छ र नइ प्रकाशनकै गुरुदेवी इन्दिरा प्रसाई नै हुन् । इन्दिरा प्रसाईभित्र रहेको दैवी सम्पदाको बोध गर्न सकिन्छ । सायद यी दुईको मिलन नभएको भए नेपाली भाषासाहित्य र कला संस्कृतिलाई अपूरणीय क्षति हुने थियो । त्यसैले लाग्दछ यो मिलन भोगविलासका लागि नभएर सत्कर्मका लागि थियो ।


नइगृहको मूल ढोकामा मन्दिरकै जस्तो घन्ट राखिएको छ । नइगृहमा गएर ढोकाको घन्ट बजाउँदा मलाई देवालय पुगेजस्तै लाग्दछ । यसो भन्दा नइलाई चिल्लो घसेजस्तो लाग्ला । म त एक साधक हुँ र मैले नइको शरीर, मन र चेतनाको विलयमा जन्मिएको लयलोक देखेको छु । बेलको भित्री गुदीको स्वाद, सौन्दर्य र अमृतौषधिको भेउ नपाएको कौवालाई 'बेल पाक्दा हर्क न वैराग' हुने नै भयो ।

नइको यात्रा अब शब्दमा तुलना हुन सकिँदैन, अतुलनीय शिखर बनेको छ– नइ । त्यसैले शब्दसँग लुकामारी खेलिरहनुभन्दा मौनमा मुस्कुराउन म श्रेष्ठकर सम्झिन्छु ।

# हाम्रो साझा चौतारी

## हरिप्रसाद बराल

नइ प्रकाशनले रचना गरेको सत्ताइस वर्षको लामो इतिहासको ढोका खोलेर हेर्दा जेले ममा प्रसन्नताको बाढी ल्यायो, शब्दहरू मेरो भाव बोक्न सहज मान्छन्; किनभने पुस्तकको संसारमा थाहा पाउँदै प्रवेश गरेका मान्छेलाई यो ज्ञानको विश्वविद्यालय हो भन्दा फरक पर्दैन क्यार ! नइसँग त्यसभन्दा अगाडिदेखि परिचयमा आइसकेको



मान्छेका लागि यो प्रेरणाको इतिहास हो, ज्ञानको इतिहास हो, चेतनाको इतिहास हो, संस्कार र संस्कृतिको इतिहास हो अनि सभ्यताको पनि इतिहास हो ।

नइको प्रारम्भिक चरणदेखि आजसम्म गङ्गारूपी इतिहासमा ग्रन्थ प्रकाशन गरेर अघि बढेका तमाम सरस्वतीका वरद पुत्रहरू सम्झन्छु, शारदेय माताको आशीर्वाद पाएर नेपाली साहित्यलाई उज्यालो भविष्यतिर उन्मुख गराउनेहरूलाई सम्झन्छु, ती कृतिहरू जन्माउन पृष्ठभूमिको रथ हाँक्ने नइलाई सम्झन्छु, यी सम्झनाले मेरो हृदयमा लुकेको बुद्धलाई जगाउँछ, ब्यूँझाउँछ, गतिशील बनाउँछ ।

मेरा जेठा हजुरबुबा रमाकान्त बराल (१९१५–१९८९) ले १९४९ सालमा बनारसबाट ‘अद्‌भूत रामायण’ भन्ने महाकाव्य

छपाउनुभयो । पाठकका हातमा उक्त कृति पुग्यो, उहाँ मात्रै आलोकित हुनु भएन, कुललाई नै उहाँले उज्यालोमा हिँडाउनुभयो, जसको उज्यालो पाएर म आफैँ पनि नेपाली साहित्यको बाटो हिँड्न सक्ने भएँ । पिताजीले संस्कृत भाषामा महाकाव्य नै लेखिदिनुभयो, 'मागध विजयं' नाम राखेर । एउटा पुस्तकको कतिसम्म तागत हुन्छ भन्ने कुराको यो मीठो र सुन्दर प्रमाण हो । एउटा पुस्तकमा त यति धेरै शक्ति हुन्छ भने यति धेरै सङ्ख्यामा पुस्तक छापेर स्रष्टालाई उज्यालो बाटोमा हिँडाउनु नइ प्रकाशनको शक्ति हो, सामर्थ्य हो । एक किसिमले भन्ने हो भने नइ प्रकाशन दसौँ हजार मान्छे बोकेर हिँड्ने पानीजहाज हो, रेल हो । आज जो यो बाटोमा हिँड्छन्, इतिहासको बिरुवा रोप्छन्, त्यो फस्टाउँछ, जाग्छ । भोलि त्यस्तै प्रतिभाशाली व्यक्तिले त्यहीँबाट यात्रा सुरु गर्छ, यस अर्थमा भन्नुपर्दा नइ प्रकाशन मानवीय जीवनको जीवन्त सभ्यता हो, इतिहास हो ।

एक चोटि एउटा सन्दर्भमा स्रष्टा देवी पन्थीले भनेको सम्झन्छु– 'नइ प्रकाशन साहित्यकारहरूको मन्दिर हो, यसलाई आजको अवस्थामा ल्याउने नइदम्पती यसका पुजारी हुन् ।' अहिले आएर म सोच्छु– 'मान्छे किन पछि पऱ्यो ? पढ्न मन नगरेर । पढ्नेले लेखनधर्मिता अँगालेर लेख्नेले साहित्य नलेखेर । साहित्य लेख्नेले त्यसमा शिल्प भर्न नजानेर । शिल्प भरेर लेख्ने किन पछि परे ? किनकि पैसा नभएर ।' त्यसरी पछि पर्ने पात्रहरूमध्ये म पनि एउटा हुँ । यदि मैले आजभन्दा पच्चिसतीस वर्षअगाडि प्रकाशनको ढोका खोल्न सकेको भए सायद यति पछि परिँदैनथ्यो कि जस्तो पनि लाग्छ । स्रष्टाहरूका राम्रा रचना छपाएर नेपाली साहित्यको इतिहासमा जोड्ने कुरामा नइले खेलेको भूमिका देखेपछि यस्ता संस्था आफ्ना अगाडि छँदाछँदै लेखकले तड्पिनुपर्छ जस्तो मलाई लाग्दैन । अब आयो कुरा सित्तैमा छाप्ने त ? होइन सित्तैमा पनि छाप्नुपर्छ तर कलाकृतिको गुणस्तरीयता हेरेर, व्यक्तिको आर्थिक सामर्थ्य हेरेर

छाप्नुपर्छ । सामान्यतया कृति तयार भएको अवस्थामा छाप्ने वातावरण मिलाउनु पनि ठूलो कुरा हो । जे होस्, नइ प्रकाशन साहित्यकारहरूको सिर्जनात्मक यात्राको पानीजहाज भन्ने कुरा यसले निकालेको नइका कोश आदिबाट पुष्टि गर्न सकिन्छ । यसका साथै त्रिमूर्ति निकेतनको स्थापना, कविवर माधव घिमिरेलाई राष्ट्रकवि र संस्कृतिविद् सत्यमोहन जोशीलाई शताब्दी पुरुष घोषणा गर्ने कार्यमा नइले खेलेको भूमिकालाई कम आँक्न सकिँदैन । ग्रन्थको सजावट गर्ने कुरामा पनि यसको मौलिकता छ, कागजलगायत अन्य व्यवस्थापनमा पनि यसको भूमिका छ ।

म वेन्जामिन फ्याक्लिनको एउटा भनाइबाट सधैँ प्रभावित भएँ । उनले भनेका छन्– 'एउटा पुस्तक किनेर ल्याउँदा पनि घरमा चाड आएझैँ लाग्थ्यो । एउटाले पढ्ने र अरूले सुन्ने संस्कारबाट नै म लेखकीय दुनियाँमा आएँ ।' हो म पनि गर्वका साथ भन्छु– 'यिनै पुस्तकको उज्यालो बालेर म पनि साहित्यको फूलबारीमा खेल्दै छु ।' म नइगृहमा पसेको छैन र मैले नइगृह देखेको पनि छैन । कुनै दिन पक्कै पसिएला तर त्यसले पुर्‍याएको योगदान मेरा आँखाअगाडि आएको छ, हृदयमा चेतना बोकेर पुगेको छ । नइ प्रकाशनका केही पुस्तकहरू मेरो पुस्तकालयमा छन्, तिनले मेरो गौरवको इतिहास बनाउन मद्दत गरेका छन् । दुर्गादिवी नेपालले लेखेको 'बगेको खोला' आत्मकथा पनि म सम्झन्छु । उहाँसित मेरो परिचय करिब २०४१ सालतिर भएको थियो । कितापले मलाई सोच्न बाध्य पारेको छ किनकि उहाँ जन्मेको भूगोल पाँचथरको लिम्बा र म जन्मेको भूगोल धनकुटाको कुरुले तेनुपाबीचको भौगोलिक दूरी हिँड्दा करिब चार घण्टाको अन्तरालमा छ । त्यो कृति पढेपछि त्यो बेलाका महिलाको अवस्था, तत्कालीन समाज, शिक्षाको अवस्था आदि सबै बुझिन्छ । त्यसमा पनि नावा खोला र कम्पु खोला, पारिपट्टिको हाङगुम, मास्तिरको बुधबारे, थामडाँडो, मिक्लाजुङ आदि सबै पाठकका अगाडि

मानवीय रूप धारण गरेर बोलेझैँ लाग्छ । उहाँको जन्मभूमि पाँचथरको लिम्बा र कर्मभूमि धनकुटाको चुङमाङ प्रकृति भएर एकै ठाउँ रहेर आत्मीय भावमा बोलिरहेझैँ लाग्छ । पुस्तकले प्रशस्त मात्रामा लेखिकाको आत्माले बोकेको कुरा कृति पढेपछि थाहा पाइन्छ ।

नेपाली साहित्यको प्रकाशनतर्फको इतिहास हेर्ने हो भने नइ प्रकाशनले नेपाली साहित्यलाई राम्राराम्रा कृतिहरू दिएको छ । पूर्व र पश्चिम दुवैतिरबाट बराबर उज्यालो भएर देखिने काठमाडौँमा रहेको नइ संस्था टाढैबाट टाढाकाले पनि देख्न सक्ने गरी अग्लिएको छ । यस्ता संस्था आँखासामु भएपछि स्रष्टा चुप लागेर बस्न सक्दो रहेनछ, धेरैको हृदयमा डेरा जमाएर बस्न ऊ सत्कृतिको बाटो हिँड्न हतारिँदो रहेछ । यति गहकिलो साहित्यिक संस्था आफ्नाअगाडि देखेपछि कलमको पछाडि चौबिसै घण्टा दगुर्दा पनि थकाइ लाग्दो रहेनछ र अदृश्य ढङ्गले मनमा एक किसिमको शक्ति भरिएर आउँछ ।

आज प्रविधिको युगले सबै कुरालाई सहज बनाउनुका साथै केही जटिल पक्ष पनि ल्याएको छ । आज युटुब हेरेर एक महिनामा पढिने कृतिलाई एक घण्टामा सुन्न सकिने, पढ्न सकिने बनाइएको छ तर यो कस्तो हुँदो रहेछ भने खान बसेको मान्छे नअघाई उठेझैँ, दुई गिलास पानी पिउनुपर्नेमा आधा गिलास पानी पिएर चित्त बुझाएझैँ भएको छ । जब हामी पुस्तक पढ्छौँ, वाक्यवाक्यमा खेल्न मन लाग्छ । कल्पनाको विमान उडाउन मन लाग्छ, सिर्जनामा बग्न मन लाग्छ तर युटुबको ज्ञानको मात्रै भर पर्दा भुँडी नभरिएर निद्रा नलाग्ने प्रतीत हुन्छ मजस्तो अल्प ज्ञानले लखेटेको मान्छेलाई ।

मानसम्मानको कुरा छ, पुरस्कारको कुरा छ, त्यसले त झन् स्रष्टालाई यति राम्ररी जगाउँछ, जसका विषयमा जति लेखे पनि त्यो थोरै हुन्छ, यसको कुशल व्यवस्थापन गर्ने नइ प्रकाशनले अन्य नवोदित संस्थाहरूलाई उत्प्रेरणा दिएको छ, दिँदै जानेछ । यदि कुनै

योग्य स्रष्टाले पाएको पुरस्कार हो भने त्यसले, त्यसको प्रभावले प्रशस्त मात्रामा योग्य स्रष्टाहरू जन्माउँदै जानेछ । उक्त स्रष्टालाई एकातिर समाजले हेर्ने दृष्टिकोणमा सकारात्मकता बढ्दै जान्छ भने अर्कातिर ऊ शक्तिशाली हुँदै जान्छ ।

जुन संस्थाले साहित्यिक कृति छापेर स्रष्टालाई अगाडि ल्यायो, त्यसको व्यवस्थापन गऱ्यो, जसले मानसम्मान र पुरस्कार आदि, इत्यादि कुरालाई स्रष्टासित जोडेर उसको ऐतिहासिक मूल्यलाई संवृद्ध पाऱ्यो, जसले धेरै साहित्यकारहरूलाई एउटै चौतारीमा राखेर भावनात्मक अन्तर्सम्बन्धलाई व्यापक पार्दै लग्यो, जसले अग्रजहरूलाई मानसम्मान दिएर तिनीहरूबाट नयाँलाई सिक्ने वातावरण सिर्जना गऱ्यो, यस्तै महत्त्वपूर्ण नइ संस्थाकै पेरिफेरिमा रहेर यति कुरा इतिहासमा राख्ने सौभाग्य पाएँ, म आभारी छु, म कृतकृत्य छु ।

# उत्साहको लहर

**हरिसिंह थापा**

नेपाली भाषासाहित्यको राष्ट्रिय धरोहरका रूपमा नइ प्रकाशन रहेको देखिन्छ । यस संस्थाको नेतृत्व गर्नुहुने साहित्यकारद्वय अध्यक्ष इन्दिरा प्रसाई र सदस्यसचिव नरेन्द्रराज प्रसाईलगायत सम्पूर्ण कार्यकारिणीहरूको कार्यकुशलता हेरेर मलाई गर्व लाग्ने गर्छ । खास गरेर भन्ने हो भने देशभित्र र देशबाहिर रहेका साहित्य सर्जकहरूका लागि नइ एउटा आस्था र श्रद्धाको साहित्यिक धामको रूपमा रहेको छ । हामी विदेशमा बस्नेहरूका लागि नइ सम्पर्क र सहकार्यको केन्द्र रहेको छ । त्यसैले हामी विदेशमा बस्नेहरू नेपाल आएको बेला नइगृहमा नगई मनले मान्दैन र हामी नइगृहमा गएर साहित्यका चर्चा र विमर्श गर्ने गर्दछौँ । नइगृहमा पुगेपछि हामीले त्यहीँबाट नेपाल र विश्वभरिकै साहित्यिक गतिविधिहरूको जानकारी लिने गर्दछौँ । नइसँग भेटवार्ता गरेपछि हामी एक प्रकारले उत्साहित नै हुन्छौँ । यसर्थ पनि नइ प्रकाशनको पच्चिस वर्ष या रजत महोत्सवको रौनक राष्ट्रिय अन्तर्राष्ट्रिय रूपले नेपाली सर्जकहरूमाऊ निकै चर्चामा रह्यो । त्यो विषय हाम्रा लागि प्रेरणा र ऊर्जाको विषय बन्यो । थुप्रै उत्साहित मनहरूले शुभकामना



र सद्भावका सिर्जनाहरू उमारे र हामी नइ रजत महोत्सवको फूलबारीमा सहभागी हुन पुग्यौँ ।

नइ प्रकाशनसित मेरो पहिलोपल्ट २०६६ सालमा सम्पर्क भएको हो । मेरो पुस्तक विमोचनका क्रममा मैले बेलायतबाट नेपाल जाने निधो गरेँ । त्यसपछि 'नइगृहमा गएर नइ प्रकाशनका अध्यक्ष र सदस्यसचिवलाई अवश्य भेट गर्नु र साहित्यिक चर्चा गर्नु, ज्ञानबोध हुन्छ' भनेर नेपाली साहित्य विकास परिषद् युकेका संस्थापक अध्यक्ष सुरेशजङ्ग शाहले मलाई सुझाउनुभएको थियो । त्यतिखेर शाहले नइबाट भए गरेका साहित्यिक गतिविधिहरूको मसित वर्णन गर्नुभएको थियो र नइको सम्पर्क नम्बर पनि टिपाउनुभएको थियो ।

लन्डनको हिथ्रो एअरपोर्टबाट उड्दाखेरि नै नइसँग भेट्ने इच्छा बोकेर म नेपाल आएको थिएँ । नेपाल आएको केही दिनपछि नै एक दिन समय मिलाएर मैले फोन गरेँ । आफ्नो परिचय दिएर 'दुई मिनेट भेट गर्न मिल्छ कि' भनेर मैले समय मागेँ । 'मिल्छ नि, किन नमिल्नु र आउनुहोस् बरु कहिले आउनुहुन्छ' भन्ने मैले प्रतिउत्तर पाएँ । त्यसपछि म नइगृहमा भोलिपल्ट पुगिहालेँ ।

त्यही समयमा प्रकाशन भएको मेरो ताजा कृति 'मधुरस' कवितासङ्ग्रह लिएर म नइगृहमा प्रवेश गरेँ । त्यहाँ पुगेपछि मैले पुस्तकैपुस्तकहरूको भण्डार देखेँ । त्यतिखेर मलाई म ज्ञान मन्दिरभित्र प्रवेश गरेको जस्तो अनुभूति भयो । मेरो नवीन कृति 'मधुरस' नइलाई मैले उपहार दिएँ । नइ प्रकाशनबाट प्रकाशन भएका प्रशस्तै पुस्तकहरू यत्रतत्रै देखिएका थिए । त्यहाँबाट केही पुस्तक उपहार मैले पनि पाएँ । नइ अत्यन्त सरल स्वभाव र बौद्धिकताले भरिएको मैले त्यसै दिनको संवादबाट अनुभूत गरेँ । नइका सदस्यसचिव र अध्यक्षसँग त्यो मेरो पहिलो भेटवार्ता मेरा लागि अत्यन्त ज्ञानवर्धक रह्यो । नेपाली भाषासाहित्यको फाँटमा उहाँहरूबाट भएको अथक

श्रम र लगनशीलता देखेर म थप प्रेरित भएँ । उहाँहरूसँग कुरा भएपछि मभित्र हौसला र जाँगर थपिएर आयो । त्यसपछि हाम्रो सम्बन्ध बाक्लो नै रहँदै जान थाल्यो; व्यक्तिगत रूपले पनि र संस्थागत रूपले पनि ।

परोपकारी कार्य, सिर्जनात्मक कार्य, मेधावी प्रतिभा, सामाजिक योगदान, साहित्यसेवा, सिर्जना, कृति र सहकार्य आदिमा योगदान पुऱ्याउँदै आएका देशभित्र र देशबाहिर रहेका सर्जक र योगदानी व्यक्तित्वहरूको खोजी गर्ने र तिनको समूचित मूल्याङ्कन गर्ने नइको विशिष्ट कार्यले नेपाली भाषासाहित्यको श्रीवृद्धिमा ठूलो योगदान पुऱ्याएको छ । नेपाली साहित्यको सीमालाई नइ प्रकाशन र त्रिमूर्ति निकेतनले अन्तर्राष्ट्रिय रूपले फराकिलो बनाएको छ । यी दुवै संस्था एकअर्कामा भाइचारा र दुवै संस्थाका संस्थापक र पदाधिकारी नइ नै भएकाले यी दुवै संस्थाले नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रिय विस्तारका लागि महत्त्वपूर्ण कार्य गर्दै आएका छन् ।

नइ प्रकाशनको सीमा फैलने क्रममा नै बेलायतबाट हामी जोडिन पुग्यौँ । सन् १९९५ मा स्थापना भएको बेलायतस्थित नेपालीहरूको जेठो साहित्यिक संस्था नेपाली साहित्य विकास परिषद् युके पनि जोडिन पुग्यो र यस्तै गरी अरूअरू संस्था र व्यक्तिहरू पनि नइ र त्रिमूर्ति निकेतनसँग जोडिन पुगे । म पनि नेपाली साहित्य विकास परिषद् युकेको अध्यक्ष भइसकेका नाताले पनि अर्को संस्थासँग थप आकर्षित हुनु स्वाभाविकै थियो । हाम्रो संस्था र नइबीच अरू राम्रो र गाढा सम्बन्ध रहोस् भन्ने मेरो मनैदेखिको कामना थियो । मेरो मनले सोचेजस्तै नइ प्रकाशन र त्रिमूर्ति निकेतनसँग र नेपाली साहित्य विकास परिषद् युकेको घनिष्ठ सम्बन्ध रहेको अहिले मेरो बुझाइ रहेको छ ।


नइको सम्पर्क र समन्वय विश्वभरि नै फैलन पुगेको छ । नेपाली साहित्यको सीमालाई पनि नइले विश्वव्यापी रूपले फराकिलो

र चम्किलो बनाउन सफल भएको छ । यो हामीले मात्र नभई नेपाल राष्ट्रले नै गर्व गर्ने कुरा हो । भाषासाहित्यको माध्यमबाट नेपाली परिचय र पहिचानको संरक्षण, नेपाली संस्कार सभ्यताको संवर्धन र प्रचारप्रसार, नयाँ प्रतिभाहरूको खोजी र प्रोत्साहन, कृति र कृतत्वको पहिचान र मूल्याङ्कन गरेर नेपाली भाषा लेखपढ गर्नेहरूको नइ प्यारो भइसकेको छ । त्यति मात्र भनेर पुग्दैन यी सबै कुरा संस्थागत र सङ्गठित कार्यले नेपाली एकतालाई बलियो बनाउन र नेपाली समाजलाई सिर्जनशील बनाउन नइ प्रकाशनले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यस्ता गौरवपूर्णका कार्यहरूले दिनप्रतिदिन नइ प्रकाशनको उचाइ बढ्दै गएको छ र यो उचाइ अझै चुलिँदै जाओस् ।

# ढुङ्गालाई शालिग्राम बनाउने ठाउँ

## हरिहर विरही

नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईलाई प्रत्यक्ष भेट्नुभन्दा पहिले नै म उनीहरूको लेखनीसँग परिचित भइसकेको थिएँ । त्यस बेला कम्प्युटरप्रविधि प्रयोगमा आइसकेको थिएन– कागजमा कलमले लेख्नुपर्दथ्यो । यति सुन्दर अक्षर, मीठो र सरल भाषा, सलल बग्ने शैली, सकारात्मक सोच ! देख्नेबित्तिकै छापिहाल्न मन लाग्दथ्यो । कति छापियो, कति कुनै कारणले प्रकाशित भएन पनि होला । त्यति बेला उनीहरूमध्ये एक जना काठमाडौँ, अर्को जना विराटनगर बस्दथे । उनीहरू आआफ्नै ठाउँमा बसेर छुट्टाछुट्टै लेख्दथे । तर यो जोडी जमेपछि 'नइ'ले कमाल नै गरिआएका छन् ।



मलाई लाग्दछ– कहिल्यै नथाक्ने, कहिल्यै हार नमान्ने, प्रतिकूल परिवेशलाई पनि सहज रूपमा ग्रहण गर्ने र आँटेको काम फत्ते गरेरै छोड्ने एउटा अनौठो खालको मान्छेको नाम हो– नरेन्द्रराज प्रसाई । उनले अहिलेसम्म कति कृतिहरूको लेखन, सम्पादन, सङ्कलन र प्रकाशन गरे; मलाई थाहा छैन (एक सयभन्दा त पक्कै कम नहोला) । तर म यतिचाहिँ ढुक्कसँग भन्न सक्छु, साधारण मानिसले गर्न असम्भव मानिने असाधारण काम 'नइ'ले गरेको छ, गरिरहेको छ ।

नइको सोच्ने, बोल्ने, खाने, बस्ने, सुत्ने, ओढ्ने, ओछ्याउने सबै कुरा भाषासाहित्य, संस्कृति र अनुसन्धान हो जस्तो लाग्छ मलाई । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई दुवैको ध्यान र ध्येय यही देखिन्छ । यही साधना, तपस्या र समर्पणको परिणामस्वरूप 'नइ'ले यस क्षेत्रमा आफ्नो विशिष्ट स्थान निर्माण र सुरक्षित गरेको छ । लेखन, सम्पादन, सङ्कलन, अनुसन्धान र प्रकाशनका अतिरिक्त विभिन्न पुरस्कार, सम्मान र वृत्तिहरू स्थापना तथा सञ्चालन गरेर नइले नेपाली भाषासाहित्य र सांस्कृतिक क्षेत्रलाई समृद्ध पार्न एवं नयाँ लेखक तथा साहित्यकर्मीहरूलाई प्रोत्साहन गर्न अनुपम योगदान दिई आएको छ ।

नरेन्द्रको लेखनको एउटा विशेषता हो– जीवनीलेखनमा अभिरुचि । नरेन्द्रराज प्रसाईको कलममा सडकको ढुङ्गालाई मन्दिरको शालिग्राम बनाउने शक्ति छ । साहित्य र संस्कृति क्षेत्रका सारथी हुन् वा सङ्गीत र कलाका अभियन्ता हुन्, राष्ट्र निर्माणका विशिष्ट योगदान गरेका महारथी हुन् वा सामाजिक अभियन्ता हुन्– तिनलाई उजिल्याउन र उजागर गर्न नरेन्द्रराज प्रसाई अघि सरिहाल्छन् । कि आफैँ लेख्छन, कि लेख्न लगाउँछन् र प्रकाशित गर्छन् । उनले आदिकवि, कविशिरोमणि, महाकवि, राष्ट्रकवि, नाटचसम्राट्, वाङ्मय शताब्दी पुरुषजस्ता प्रतिष्ठित व्यक्तित्वहरूका सामान्य जीवनी हैन त्यसअघि अज्ञात रहेका उनीहरूका कैयौँ विशेषता, कमजोरी उत्प्रेरक पक्ष र जीवनशैली समेटिएका महत्त्वपूर्ण कृतिहरू प्रस्तुत गरेका छन् । प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीदेखि आदिगायक सेतुराम, लैनसिंह बाङ्देल, नातिकाजी, नारायणगोपाल, तारादेवी, कोइलीदेवी, पारिजात, ईश्वरवल्लभ, कमल दीक्षित, योगी नरहरिनाथ, प्रेमा शाह आदि साहित्यक्षेत्रका चर्चित व्यक्तित्वका विविध पक्षका जानकारीमूलक कृति उनले प्रकाशित गरेका छन् । समाजका विविध पक्षसित सम्बद्ध पुराना र नयाँ विदुषी नारीस्रष्टाहरूलाई उनले अत्यन्त सम्मानपूर्ण स्थान दिएका छन् भने

कुनाकाप्चामा लुकेका, ओझेलमा परेका तथा विदेशमा छरिएका साहित्यकर्मी एवं नयाँ प्रतिभाहरूलाई खोजीखोजी सबैसामु उभ्याई उनले अक्षरको रङ्गमञ्चमा प्रस्तुत गरेका छन् । कसरी आएको होला यस्तो जाँगर नइलाई ?

नरेन्द्रराज प्रसाईमा पत्थरलाई पनि पगाल्ने कला छ । यो मेरो अनुमान हैन, अनुभव हो । सायद उनको यही कलाको परिणाम हो– उनका कतिपय विचार र मान्यतासँग असहमत व्यक्ति पनि उनलाई माया गर्छन्, सहयोग गर्छन् र उनका योजनालाई सफल पार्न अघि सर्छन् । उनको राजनीतिक पृष्ठभूमि र वैचारिक मान्यता जे भए पनि नइको सत्कार्यमा त्यसले अवरोध गरेको देखिन्न । राजतन्त्रवादी हुन् वा गणतन्त्रवादी, समाजवादी हुन् वा अधिनायकवादी; सबैको सहयोग र स्नेह प्राप्त गर्न सक्नु नइको अर्को खुबी हो । सानासाना कुरामा पनि राजनीतिक आस्था र विचारको आँखाले हेरेर दृष्टिकोण र व्यवहार निर्धारण गर्ने आजको वातावरणमा हरेक विचारका मानिस नइ प्रकाशनको अनुष्ठानमा पुष्पाञ्जलि अर्पण गर्न उभिएको मैले देखेको छु । आफ्नो काममा आफ्ना निजी राजनीतिक धारणाको छायासम्म पर्न नदिएर व्यक्तिगत स्वार्थ नराखी राष्ट्र र समाजको हितमा समर्पित हुने हो भने एकदुई जनाको प्रयत्नले पनि धेरै काम हुन सक्ने रहेछ भन्ने उदाहरण भएको छ– नइ प्रकाशन ।

एक दिन नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई सिनामङ्गलस्थित प्रेस काउन्सिलमा आए । त्यस बेला काउन्सिल अध्यक्ष म थिएँ । उनीहरूले आफूहरूले विभिन्न शुभेच्छुहरूको सहयोग लिएर कविशिरोमणि लेखनाथ पौडयाल, नाटचसम्राट् बालकृष्ण सम तथा महाकवि लक्ष्मीप्रसाद देवकोटाको पूर्ण कदको सालिक निर्माण गरेको, नेपाल प्रज्ञाप्रतिष्ठानले पनि ती सालिक राख्ने ठाउँको वातावरणका लागि सहयोग तथा सद्भावना नदेखाएकाले अलपत्र परेको, त्यति दुःख गरेर बनाएको सालिक राख्न ठाउँका अभावको अवस्थामा

पुगेको अत्यन्त मार्मिक ढङ्गले कथाव्यथा सुनाए । उनीहरूले यो काममा सफलता पाइयो भने अर्को चरणमा बीपी कोइराला, पारिजात, सिद्धिचरण श्रेष्ठलगायत विभिन्न साहित्यिक विभूतिहरूको सालिक निर्माण गर्न अरूलाई पनि प्रोत्साहन र वातावरण मिल्न सक्छ । त्यसैले यी तीनवटा सालिकका लागि ठाउँ उपलब्ध गराइदिन विनम्र अनुरोध गरे । मैले उनीहरूको सत्कार्यको प्रशंसा गर्दै काउन्सिलको हातामा यसका लागि ठाउँ पर्याप्त नरहेको बताएँ । तर उनीहरूले पहिले नै ठाउँ हेरिसकेका रहेछन् । नइले भने– 'हामीलाई अगाडि खाली रहेको त्यति ठाउँ भए पुग्छ ।' उनीहरूले यस कार्यका लागि आफूहरूले गरेको दु:ख, पीडा, परिश्रम र भोग्नुपरेको अपमानको वर्णन गर्दै तर अब स्मारक बनाउने खर्च पनि जुटिसकेको र दाताहरूले हुटहुटी गरिरहेको बताउँदै अनुमति पाउनासाथ काम थालिहाल्ने जानकारी दिए । उनीहरूले केही समयमै मेरो मन जितिसकेका थिए । मैले आफूले सक्दो सहयोग गर्ने वचन दिएर उनीहरूलाई पठाएँ । तर त्यो स्थान प्रेस काउन्सिलको मात्र नभएर काउन्सिल, सूचना विभाग र पत्रकार महासङ्घ सम्मिलित सञ्चारग्रामको स्वामित्वमा थियो । भोलिपल्ट महासङ्घका अध्यक्ष र सूचना विभागका महानिर्देशकसँग कुरा गरेर मैले सञ्चारग्रामको बैठक राखेँ । उक्त बैठकले यी साहित्यिक महारथीहरूको सालिक र स्मारक राख्न अनुमति दिने निर्णय गऱ्यो । अनुमति दिए पनि ठाउँ साँगुरो भएको र सम्भवत: आर्थिक कारणले पनि परिकल्पनाअनुरूपको निर्माणका लागि उनीहरूले बनाउन सक्दैनन् होला भन्ने मेरो अनुमान थियो । तर नरेन्द्रराज प्रसाई अर्को हप्ता नै 'त्रिमूर्ति निकेतन'को नक्सा, डिजाइन र सम्पूर्ण रूपरेखा लिएर आइपुगे । उनीहरूले रातारात युद्धस्तरमा काम गरेर छोटो समयमै त्यहाँ त्रिमूर्ति उभ्याए, जसले त्यस क्षेत्रको सौन्दर्य र गरिमा बढाउनुका साथै राष्ट्र र जनतालाई देश, सत्य, न्याय, प्रेम र कर्तव्यको पथमा सदैव अग्रसर रहन प्रेरणा प्रदान गरिरहेको छ ।

नरेन्द्रराज प्रसाईको प्रसङ्ग आउनासाथ २०४८ सालको एउटा रमाइलो घटना मेरो आँखासामु उभिन्छ । २०४६ सालको जनआन्दोलनको परिणामस्वरूप निर्दलीय पञ्चायती व्यवस्थाको पतन भएको, निरङ्कुश राजतन्त्रका पक्षधरहरू पराजित भएको तथा लोकतन्त्रवादीहरू अति उत्साही भएको अवस्था थियो त्यो । त्यस बेला युवा पञ्चहरूको प्रभावमा रहेको राष्ट्रिय युवा कोशले पहिलेदेखि नै युवा साहित्यकारहरूलाई प्रदान गर्दै आएको मोतीराम भट्टको नाममा स्थापित 'मोती पुरस्कार' नरेन्द्रराज प्रसाई र किशोर पहाडीलाई संयुक्त रूपमा दिने निर्णय गऱ्यो । दुवै जना युवा साहित्यकारको रूपमा स्थापित भइसकेका थिए तर राजनीतिक दृष्टिकोणमा नरेन्द्रराज प्रसाई कट्टर राजभक्त थिए भने किशोर पहाडी साहित्यको माध्यमबाट लोकतान्त्रिक आन्दोलनको पक्षमा जनमत सृजना गर्न सक्रिय भएर लागेका थिए । उनी कवि र कथाकार मात्र थिएनन्; सर्वनाम, अशेष मल्ल, भवानी घिमिरेहरूको अगुवाइमा सञ्चालित 'सडक कविता क्रान्ति' अभियानका अग्रणी नायकमध्ये थिए । त्यसैले उनले प्रसाईसँग जोडेर दिएको पुरस्कार आफूले बहिष्कार गर्ने घोषणा गरे भने दुई दर्जन जनाजति लोकतन्त्रवादी र वामपन्थी साहित्यकर्मीहरूले पहाडीको निर्णयको स्वागत गर्दै पुरस्कार निर्णायकहरूको भत्सर्ना गरेर वक्तव्य दिए । त्यसै बेला नरेन्द्रराज प्रसाई एउटा रचना लिएर 'साप्ताहिक विमर्श'को कार्यालय बाटुलेघर, डिल्लीबजार आएका थिए । त्यति बेला म विमर्शको सम्पादक तथा प्रकाशक थिएँ । एकैछिनपछि पुराना मित्र जन्मजात लोकतन्त्रवादी अर्का युवाकवि कोषराज न्यौपाने त्यहीँ आइपुगे । नरेन्द्रराज प्रसाईले पाएको पुरस्कारको निर्णयविरुद्ध वक्तव्य दिनेहरूमा उनी पनि थिए । कोषराज न्यौपानेलाई देख्नासाथ प्रसाईले उनीतिर औँला देखाउँदै भने– 'उ: मलाई पुरस्कार दिएकामा विरोध गर्नेहरूमध्ये उहाँ पनि एक जना हो । हो कि हैन ? के म त्यो पुरस्कारका लागि अयोग्य हो ?' सधैँ उज्यालो र फक्रेको मुद्रामा रहने कोषराज न्यौपानेको

मुहार नरेन्द्रको संवादपछि मलिन हुँदै गयो । अचानक भेल्नुपरेको शब्दबाणले उनी हतप्रभजस्तै भए तर खरो र इमानदार मानिने उनले प्रस्ट भने– 'तपाईं राजावादी हो, पञ्च हो, हामीलाई 'अराष्ट्रिय तत्त्व' भन्ने हो । मण्डलेसँग जोडेर पुरस्कार दिनु हाम्रो अपमान हो, हामी लिँदैनौँ । तीस वर्षसम्म तपाईंहरूले देश लुट्ने, प्रजातन्त्र आएपछि पनि तपाईंहरू नै पुरस्कृत हुने ? हामीलाई यो स्वीकार्य छैन ।'

'हो, म राजावादी हुँ तर के प्रजातन्त्रमा राजावादी हुन पाइँदैन ? मलाई राजावादी भनेर हैन साहित्यकार भनेर पुरस्कार दिएको हो । जसरी तपाईंहरू बीपी कोइराला र गणेशमानलाई भगवान् ठान्नुहुन्छ, त्यसै गरी म राजालाई मान्छु । बीपी र गणेशमानभन्दा राजालाई म ठूलो ठान्छु । राजावादीलाई पुरस्कार दिनु हुँदैन भन्ने नियम छ ? कहाँ लेखेको छ ? के म साहित्यकार हैन ? ल, म चुनौती दिन्छु– मभन्दा राम्रो लेखेर देखाऊ !' नरेन्द्रले पनि आफ्नो कुरा खुलस्त राखे । नेपाली काङ्ग्रेसका लागि कुनै पनि मूल्य चुकाउन तत्पर रहेका कोषराजले आफ्ना नेताहरूको अपमान सहन सकेनन् र अझ चर्को स्वरमा आक्रोश पोखे– 'तिमी साहित्यकार हैन, दरबारका भाट हौ, दलाल हौ । दरबारद्वारा पालित पोषित सिआइडी हौ ।' प्रसाईले पनि थपे– 'म राजाको सिआइडी भए तिमी गणेशमानको सिआइडी हो । तपाईं काङ्ग्रेसको गोठालो हो ।' दुवै जनाबीच विवाद चर्किँदै गयो । दुई जना 'तपाईं'बाट 'तिमी' र 'तँ'मा झरे । एकछिन त हामीलाई रमाइलै लागेको थियो । वरिष्ठ साहित्यकार केशवराज पिँडाली र म जिल्ल परेर यो वाक्युद्ध हेरिरहेका थियौँ । दुवै जना मत्थर हुने सट्टा झन्झन् उत्तेजित हुँदै गएका थिए । सायद कहिल्यै यस्तो विवादमा नफसेका कोषराजले आफूले अवाञ्छित ठानेको व्यक्तिले आफ्नै अगाडि आफ्नो आदर्श, अस्मिता र स्वाभिमानमाथि प्रहार गरेको सहन सकेनन् । उनी सोफाबाट जुरुक्क उठे र महाभारतमा भीमले शत्रुलाई हान्न गदा खोजेझैँ चारैतिर हेरे ।

उनको मुखमुद्रा क्रोधले र्‍याप्प भएको थियो । गोरो अनुहार रातो भएको थियो र उनी गहिरो र लामो श्वास फालिरहेका थिए । अर्कातिर नरेन्द्र पनि कोषराजलाई आँखा तर्दै उभिए । म दुवैलाई छुट्टयाउन उठ्दै थिएँ, त्यसै बेला कोषराजले नरेन्द्रमाथि कठोर मुड्की प्रहार गरिहाले । नरेन्द्र प्रत्युत्तर फर्काउन खोज्दै थिए, कोषराजले नजिकै रहेको आफ्नो हेल्मेट टिपेर नरेन्द्रको पिठ्युँमा बजारिहाले । कोषराज हट्टाकट्टा र बलिया थिए भने नरेन्द्र दुब्ला, पातला थिए । नरेन्द्रले लामो समयसम्म तर्क, बहस वाक्कलाद्वारा जित्ने कोसिस गरे तर अर्कातिरबाट बल प्रयोग भएपछि उनी पनि पछि हटेनन् । त्यस बेला उनमा कहाँबाट त्यो बल आयो कुन्नि, र्‍याप्प कोषराजको कठालो समातेर उनले लगाएको लुगा ध्यारध्यार पारिदिए । केशवराज पिँडाली ठूलै अनिष्टको खतरा देखेर काम्दै बाहिर निस्किनुभयो । मैले बुरुक्क उफ्रेर दुवै जनाको बीचमा गएर बलपूर्वक छुट्टयाएँ । दुवैको बीचमा म पर्खाल बनेर उभिएँ । कोलाहल सुनेर कार्यालयका स्टाफहरू ढोकामै आइपुगे तर युद्ध रोकियो । दुवै योद्धा स्तब्ध भए । धेरै बेरसम्म एकअर्कालाई आँखा तरेर उभिइरहे । अनि उनीहरूलाई पूर्ववत आसनमा राखेँ । लामो मौनतापश्चात् नरेन्द्रले मतिर फर्केर भने– 'हजुर नै भन्नुस् त दाजु ! मेरो के दोष छ ? के पहिले मैले हात छाडेको हो ?' कोषराजको पनि प्रश्न थियो– 'के विवादको सुरुआत मैले गरेको हो ?'

कुनै समय यस्तो पनि थियो । यद्यपि यी दुवै जना आज पनि आआफ्नो आदर्श र मान्यतामा अडिग छन् तर व्यक्तिगत सम्बन्ध अब त्यस्तो नहोला । यस्तो द्वन्द्व र विवादको आगो धेरै दिनसम्म रहँदैन । समयक्रम, अभ्यास र अनुभवले धेरैको सोच, शैली र सम्बन्धमा परिवर्तन ल्याउँछ, ल्याएको छ । वैचारिक मतान्तरले निजी सम्बन्धलाई प्रभावित गर्ने जमाना सकिएको छ । हामी देखिरहेका छौँ– लोकतन्त्रवादी र कम्युनिस्टहरूबीच सत्कार्य हुन सक्ने रहेछ,

काङ्ग्रेस र माओवादीबीच गठबन्धन बन्न सक्दो रहेछ; एमाले आफैँले जातिवाद, विखण्डनवादी र प्रतिगामी भनेकाहरूसँग अङ्कमाल गर्दो रहेछ; राजावादीहरू माओवादीजस्तो कट्टर गणतन्त्रवादीलाई सत्ताको शिखरमा पुऱ्याउन काँध थाप्दा रहेछन् एवं गणतन्त्रवादीहरू आफ्नो स्वार्थका लागि प्रतिगामी र राजावादीसँग पनि सहयोगको याचना गर्दा रहेछन् । दलहरूले सिद्धान्त र नैतिक मूल्यमान्यतालाई क्षतविक्षत पारेका छन् । वैचारिक पहिचान र विभाजन मेटिँदै गएको छ । यद्यपि जनआकाङ्क्षा नै सर्वोपरि हो र जनताभन्दा माथि कोही छैन भन्ने मान्यता सगरमाथाभन्दा अग्लो बनेको छ ।

यस परिवेशमा राष्ट्र र समाजको सत्ता र शक्तिकेन्द्रमा रहेका व्यक्ति, संस्था तथा शासकीय अङ्गहरूले साहित्यिक, सांस्कृतिक र सामाजिक क्षेत्रको उत्थान र विकासमा समर्पित संस्था र प्रतिष्ठानलाई साँगुरो घेरा एवं पुरानो सङ्कीर्ण सोच र संस्कारबाट मुक्त भएर उचित संरक्षण र प्रोत्साहन दिनु आवश्यक छ । राज्यको यो दायित्व नै हो । नइ प्रकाशन यस्तो संरक्षणको बलियो हकदार बनेको छ । सानो टेवा, अवसर र ऊर्जा पाएमा नइ पखेटा फिजाएर नीलो आकाशमा उड्दै टाढाटाढासम्म पुग्न सक्छ । किनभने एउटा नयाँ क्षितिज निर्माण गर्ने सामर्थ्य नइमा छ ।

# साहित्यको ज्योति

## हिरण्यकुमारी पाठक

साहित्य नै जीवन हो भन्ने मूल मन्त्रलाई अँगाली विश्वभरिका प्राय: नेपाली साहित्यिक स्रष्टाहरूलाई अँगाल्न सफल भएको साहित्यिक संस्थाको नाम हो– 'नइ प्रकाशन' । नेपालमा मात्रै होइन विश्वमा जहाँजहाँ नेपाली साहित्यकार छन् त्यहीत्यहीँसम्म नइले आफ्नो साहित्यिक पहुँच स्थापित गरिसकेको छ । विश्वका कुनाकुनाका साहित्यिक स्रष्टाको खोजखबर राखी उनीहरूको साहित्यप्रतिको योगदान अवलोकन गरी पुरस्कृत गर्नु नइ प्रकाशनको मुख्य उद्देश्य भएको छ । विश्वका धेरै ठाउँमा नइका प्रतिनिधिहरूबाट साहित्यिक जगत्लाई उर्वरा बनाउने काम भइरहेको देखिन्छ । जुन काम अहिलेसम्म कहीँ र कसैबाट भएकै पनि थिएन ।



नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, खेलकुदलगायत क्षेत्रमा नइ प्रकाशनले बडो लगनशीलताका साथ आफ्नो क्रियाकलाप जनसमक्ष प्रस्तुत गर्न सफल भएको छ । समाजमा विद्यमान प्रत्येक क्षेत्रलाई अँगाली, छानविन गरी, आआफ्नो क्षेत्रमा उल्लेखनीय कार्य गर्ने संस्था होस् वा व्यक्ति वा ससाना बालबालिका

हुन् वा सय वर्ष हाराहारीकै किन नहुन्; तिनीहरूलाई नइले चिनेर, जानेर मूल्याङ्कन र सम्मान गर्ने गरेको हाम्रा आँखाबाट छिपेको छैन । नइको विचार र विवेक उच्चस्तरीय भएकै कारण नेपाली साहित्यको संसारमा नइ प्रकाशन लोकप्रिय भएको हो । आफू भुटिभाङ काम नगर्ने वर्ग, ईर्ष्या गर्नेहरू र पुरस्कार नपाउनेहरूमध्ये नइका विरोधी हुन सक्लान तर साहित्यसँग जीवन गाँसिएका स्रष्टा र नेपाली भाषाका भक्तहरूले नइ प्रकाशनलाई स्नेह र श्रद्धा गर्ने मैले पाएकी छु ।

वाङ्मयका क्षेत्रमा नइ त्यो हो जसले साहित्यमा विशिष्ट योगदान दिने स्रष्टाको पहिचान गर्न सक्छ । साहित्यजगत्मा पूजनीय सदैव स्मरणीय व्यक्तिहरू जस्तै– राष्ट्रकवि माधवप्रसाद घिमिरे, वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशी, जनराष्ट्रकवि ईश्वरवल्लभ, महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी तथा नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरीजस्ताको सही मूल्याङ्कन गर्ने शक्तिको नाम पनि नइ हो । यी उल्लिखित स्रष्टाको कृतित्व व्यक्तित्व साथै साहित्यिक योगदानबारे विद्यावारिधि गर्ने शोधार्थीलाई 'नइ रजत वर्ष शोध पुरस्कार'को पनि नइ प्रकाशनबाट स्थापना भइसकेको छ । यो एउटा चिरस्मरणीय र चिरकालसम्म स्रष्टा जीवित रहने देन हो नइको । यसरी नइले 'रजत वर्ष शोध पुरस्कार'को स्थापना गरेकोमा राष्ट्रकै गौरव बढेको मैले महसुस गरेकी छु । यी सबै कुरालाई हृदयगम गर्दा नइ प्रकाशन भन्नु नेपाली भाषासाहित्यको रौनकदार ज्योति भएको मैले महसुस गरेकी छु ।

नइकै अथक परिश्रममा तीन विभूतिको सालिक राखेर 'त्रिमूर्ति निकेतन'को नामाकरण गरी त्रिमूर्तिको स्थापना गराएको छ । जसको भव्यता व्यापक छ । हरेक वर्ष हामी जम्मा भएर ती विभूति स्रष्टाहरूमा माल्यार्पण गरी त्रिमूर्ति दिवस मनाउँदै आएका छौँ । त्रिमूर्ति स्थापना गरिएको ठाउँ जहाँ रातदिन मानिसहरू बाहिर जाने,

आवतजावत गर्ने स्थान भएकाले सम्पूर्ण जनसमूहले प्रत्यक्ष रूपमा त्रिमूर्तिको दर्शन गर्दछन् । आफ्नो देशको स्रष्टाहरूको बारेमा थाहा नपाएकाले यही त्रिमूर्तिलाई देखेर सोधपुछ गरेर पहिचान गर्छन् । नइको यो एउटा चिरस्मरणीय काम हो । जुन काम अरूबाट हुनै सक्तैन ।

नइले साहित्यकारहरूको मनोबल बढाउन अनेक कार्यहरू गर्दै आएको छ । विभिन्न प्रतिभाहरूको क्षमता, खेलाडीहरूको योगदानका साथ विविध व्यक्तिहरूलाई समेत अँगाली निष्पक्ष र पारदर्शी रूपमा पुरस्कारहरू प्रदान गर्ने गरेको छ । स्वच्छ र भरपर्दो रूपमा काम गरेको हुँदा नइले जुगजुगसम्म आफ्नो दरिलो पहिचान बनाइसकेको छ ।

नइ प्रकाशनका कार्यक्रमहरू हुँदा हामीलाई साहित्यजगत्को राष्ट्रिय पर्व भएसरहको आनन्द आउँछ । नइको कार्यक्रमहरूमा निम्तारु टनाटन हुनु, ठीक समयमा कार्यक्रम सुरु हुनु र ठीक समयमा कार्यक्रम समाप्त हुनु एउटा विशेषता नै मान्नुपर्दछ । साथै कार्यक्रममा निम्ता पाएका निम्तारु सूचनाबिनै लगातार तीन पटक आएनन् भने तिनले फेरि दोहोऱ्याएर निम्ता पाउँदैनन् र निम्ताबिनाका मान्छे पनि समारोह स्थलमा पस्न पाउँदैनन् । यदि फाल्तु मान्छे पसिहाले पनि खोजीखोजी तिनीहरूलाई बाहिर पठाउने गरिन्छ; जसले गर्दा नइको समारोहहरूमा प्राज्ञिकहरूको बाहुल्य देखिन्छ । नइको हरेक कार्यक्रमको निम्तापत्रमा यति बजे सुरु हुने, यति बजे समाप्त हुने, योयो विषयको पुरस्कार फलानाफलानालाई प्रदान हुने र यीयी व्यक्तिहरूले बोल्ने भनेर लेखिएकै हुन्छ र लेखेअनुसारकै कार्यक्रम अघि बढ्न थाल्छ । वक्ताहरूलाई यति मिनेट बोल्ने भनेर समयको उद्घोष गरिन्छ र समय सकिएपछि घन्टी बज्छ । देवीदेउताका मन्दिरमा बज्ने जस्तो सानो हाते घन्टसहित उपेन्द्र सुवेदी दर्शकदीर्घाको अगाडितिर सबैले देख्ने ठाउँमा बसेका हुन्छन् ।

घन्टी बजेको एक मिनेटमा वक्ताले माइक छोडेनन् भने माइकको लाइन काटिने गर्छ । कार्यक्रम सकिएपछि भव्य जलपान या भोज हुन्छ र हिँड्ने बेलामा सबैका हातहातमा कितापले भरिभराउ झोला हुन्छ । नइ प्रकाशनका सबै कार्यक्रमहरू उत्सव या पर्वजस्ता मात्र नभएर खँदिला र स्वादिला हुन्छन् र नै ती कार्यक्रम सबैले मन पराउने गर्छन् ।

नइ संस्थाप्रति विश्वास हुनु र विश्वास हुन सक्ने क्रियाकलाप भएकै कारण दाताहरू नइप्रति विश्वस्त देखिन्छन् । नइ जोडीको इमानदारी, सद्भावपूर्ण व्यवहारको ज्वलन्त उदाहरणका कारण नइ प्रकाशन छिट्टै मौलाएको हो पनि भन्न सकिन्छ । आफ्ना क्रियाकलापहरूबारे जनमानसमा पूर्ण रूपले जानकारी होस् भन्ने उद्देश्यले प्रस्ट रूपमा नइले सम्पूर्ण विवरण 'नइ अभिलेख' भन्ने पुस्तक प्रकाशित गरी हरेक वर्षका कार्यक्रममा उपस्थित सबैमा वितरण गर्ने गरेको छ । साथै नइको वेभसाइट nai.com.npमा पनि सम्पूर्ण गतिविधिहरू हुबहु राखिएका हुन्छन् । यसरी पारदर्शी हिसाबले नइले काम गर्दै आएको छ । नइ जोडीले संस्थालाई यसरी सुबाटोमा लगाएको हुँदा यो संस्था युगयुगसम्म जीवित रहने वातावरण भएको छ भन्ने मलाई लागेको छ ।

इन्दिरा प्रसाई र नरेन्द्रराज प्रसाईको बारेमा मलाई केही भन्नु र जानकारी गराउनु छैन । किनभने आफ्नै साहित्यिक क्रियाकलापबाट नइ जोडी विश्वभरिका नेपाली साहित्यकारहरूको हृदयमा बसिसक्नुभएको छ ।



## भगवती बस्नेत

बुबा : रामबहादुर बस्नेत

आमा : रुक्मकुमारी बस्नेत

जन्म : २०२९ साल माघ १७ गते (चितवन)

शिक्षा : एमए (त्रिभुवन विश्वविद्यालय)

### संलग्नता

- कार्यक्रम संयोजक– नइ प्रकाशन, त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसन
- कार्यक्रम प्रस्तोता– एभिन्युज टेलिभिजन
- सचिव– गैरआवासीय नेपाली सङ्घ (भाषासाहित्य विभाग)
- ग्लोबल उपाध्यक्ष– अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज

### कृति

- रहर भो जिन्दगी (गजलसङ्ग्रह : २०६८)
- प्रेमदह (मुक्तकसङ्ग्रह : २०७१)
- मर्दको माया (कथासङ्ग्रह : २०७२)
- मृत सागरमा म (कवितासङ्ग्रह : २०७३)
- विश्वम्भरा (कवितासङ्ग्रह : २०७९)
- नइ प्रकाशन : कीर्ति र आकृति (निबन्धसङ्ग्रह, सम्पादन : २०८०)
- नइ कीर्ति लय (कवितासङ्ग्रह, सम्पादन : २०८०)

### पुरस्कार

- पत्थर गजल साधना पुरस्कार (२०६८)
- विश्वनारी नेपाली साहित्य स्वर्णपदक (२०७१)
- भानुभक्त काव्य पुरस्कार (नेपाल सरकार : २०७२)
- भानुभक्त स्वर्णपदक (नेपाल सरकार : २०७२)
- अनेसास भानुवर्ष उत्कृष्ट लेखक (२०७२)
- नइ गणेशदुर्गा अन्तर्राष्ट्रिय पुरस्कार (२०७४)
- भद्र घले पुरस्कार (२०७७)
- सत्यमोहन जोशी शताब्दी पदक (२०७७)
- नइ रजत महोत्सव पदक (२०७८)
- नइ कीर्ति रत्न (२०८०)

### भ्रमण

भारत, पाकिस्तान, इजरायल, साइप्रस, कतार, थाइल्याण्ड ।

9 789937 786058

nai.com.np@gmail.com
nai.com.np